CC-0. In Public Domain. Digitization by eGangotri

श्री १००८ ब्रह्मवित् परमहंस योगी सच्चिदानन्द
सरस्वती (खप्तडस्वामी)-द्वारा प्रणीत

धर्म-विज्ञान
सार संक्षेप

प्रकाशिका
श्रीमती जया राज्यलक्ष्मी शाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरि खराल
वामी ६ गुल्मी

श्री अनन्यमित्र श्री माधव
लामिछाने जीलाई सादर उपहार।

हरिप्रसाद. खराल
०६३।४।२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री १००८ ब्रह्मवित् परमहंस योगी
सच्चिदानन्द सरस्वती
(खप्तडस्वामी) द्वारा
प्रणीत

धर्म-विज्ञान

सार संक्षेप

सम्पादक
श्री चूडानाथ भट्टराय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशिका:-
श्रीमती जया राज्यलक्ष्मी शाह
थापाथली, काठमाडौं ।

प्रथम संस्करण २०५१

मूल्य:- रू. २००।-

मुद्रक :- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"धर्मले दुष्कर्मबाट सुकर्मतिर, अन्धकारबाट उज्यालोतिर र असत्य मिथ्याबाट शाश्वत् सत्यतिर अघि बढ्न मानिसलाई सधैं घच्घच्याएको हुन्छ ।"

– श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संवत् २०३३ चैत्र १७

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री खप्तड स्वामीका साथमा स्व. क्याप्टेन बबिविक्रम शाह

पत्नीको सर्वस्व नै पति हो भन्ने हाम्रो शास्त्रको मान्यता छ। देहको संबन्ध छुट्दैमा अमर आत्मा सँग प्रेम छुट्दैन, नारीको यही संबन्ध भनेर "धर्म विज्ञान" ले प्रतिपादन गरेको छ। त्यसको प्रणेता ब्रह्मवित् स्वामी श्री खप्तड बाबा हुनुहुन्छ। उहाँको परम भक्त मेरा पूज्य पति पनि यसै छाया चित्रमा साथ होइबक्सन्छ। श्रीबाबाको निगाहबाट दुवैलाई मेरो सद्भक्तिको पुष्पाञ्जली चढाउँछु। यो प्रकाशन गर्न अनुमति पाएर म श्री पूज्य स्वामीबाट उपकृत भएकी छु। मेरा सर्वस्वलाई उहाँकै आर्जनको भेटी चढाएर म कृतकृत्य छु।

जया राज्यलक्ष्मी शाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्त संस्करणको भूमिका

केही वर्षअघि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले धर्म-विज्ञान ग्रन्थ चार खण्डमा प्रकाशित गरेको थियो । यसमा विचारको सरलताको लागि धर्मलाई सामान्य धर्म, विशेष धर्म (प्रथम खण्ड) र परम धर्म गरी तीन भागमा विभाजित गरिएको छ । परमधर्म पनि भक्तियोग र अष्टाङ्ग योगमा विभाजन गरी क्रमशः द्वितीय र तृतीय खण्डमा वर्णित छ । परम धर्मको दोश्रो भाग (ज्ञानयोग) को विस्तृत विवेचना चतुर्थ खण्डमा गरिएको छ ।

यो ग्रन्थ प्रकाशनमा आएदेखि नै पुस्तक ज्यादै विस्तृत हुनुको साथै कठिन समेत भयो भन्ने गुनासो पाठकहरूबाट सुनिएकोले यो संक्षिप्त संस्करण प्रकाशित गर्नु परेको हो ।

यस संस्करणमा पनि मूल ग्रन्थमा वर्णित सबै विषय-वस्तुहरूको स्वरूपलाई यथावत् कायम राखी पुस्तकको मौलिकतामा कुनै व्यवधान नहोस् भन्ने यथाशक्य प्रयास गरिएको छ । पाठकहरूको जिज्ञासालाई ध्यानमा राखी प्रत्येक खण्डको विषय-वस्तु यथासंभव सुनियोजित तवरले समावेश गर्ने प्रयत्न गरिएको छ । ग्रन्थको सरलीकरणको लागि प्रयास गर्दा-गर्दै पनि विषयको गहनता र पारिभाषिक शब्दहरूको प्रयोगको अनिवार्यताले गर्दा अझै पाठकहरूले खोजे जति सरल हुन सकेको छैन । यसको लागि यो ग्रन्थ गुरुमुखबाट सुन्नु अथवा सत्सङ्ग गर्नु लाभदायक हुनेछ । हुन पनि हाम्रो शास्त्रमा अध्यात्म-विद्यालाई गुप्त-विद्या, गुरुसंग पढ्नुपर्ने विद्या भनिएको छ - **तद्विज्ञानार्थं स गुरुमेवाऽभिगच्छेत् ।**

यो कार्यमा ज्यादै दत्तचित भई श्रद्धाका साथ प्रयास गर्ने प्याकुर्‍यालदम्पती शंभुनाथ र अम्बिकालाई चित-शुद्धिदेखि साक्षात्कारसम्मको आशीर्वाद दिन्छु ।

-खप्तडबाबा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए गरेका कुरा

यदि प्रबुद्ध वर्गले सुतेकोलाई नबिउँझाइदिने हो भने निन्द्रितले स्वयं ब्युँझन धरै काल पर्खनुपर्छ। ऋषिमुनि, साधु, सन्त-महापुरुषहरूकै करुणाले मनुष्यलाई ज्ञान, विज्ञान, कला, संस्कृति, भाषा, साहित्य, धर्मकर्मको दिशा बोध हुन गएको पाइन्छ। विश्वमा यही परस्परा हिजो, आज र भोलि पनि रहने छ। यस परिप्रेक्ष्यमा हामी नेपालीले यो बिसौँ शताब्दीमा एक परमकारुणिक ब्रह्मवित् महायोगी परिव्राट् पायौँ। जसले समाजमा बाबु-छोरा र आमा-छोरी बीचको कालका प्रभावले परेको असरद्वारा ठूलो खाइलाई पटाउन जुन अथक परिश्रम गरेर धर्मको मर्म सम्झाउन धर्मविज्ञान नामक ग्रन्थ चौध, पन्ध्र वर्षको परिश्रमबाट तैयार गर्नुभयो, उहाँ हुनुहुन्छ श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती, जसलाई नेपालीहरू खप्तड बाबा भनेर पुकार्छन्। ११ हजार फिटमाथि बझाङ नेर खप्तडको लेक छ। वहाँको तपोभूमि त्यही हो।

सन्न्यास लिँदा आफ्नो नामसम्मको परित्याग गरेर नाम रूपबाटै हटेका माहात्मालाई वहाँको नाउँ, गाउँ, खोजी, खवरी गर्नु त्यो आफैँमा अमिल्दो कुरा हुन्छ। वहाँ जहाँ जन्मनु भएपनि वहाँको नाम जनताले आफैँ राख्दछन्। तदनुरूप खप्तड स्वामी भनेर वहाँलाई जनताले नाम दिएका हुन्। वहाँको धर्म विज्ञानमा शास्त्रको मूल तत्त्वलाई कतैबाट आँच आउन नदिई त्यसलाई अनेक दृष्टान्त, अनेक तर्क विज्ञानद्वारा प्रतिपादित गर्ने एउटा नयाँ प्रकरणको प्रारम्भ भएको पाइन्छ। यसरी चार खण्डमा यो ग्रन्थ नेपाली भाषामा प्रकाशित भएको छ। यहाँ अर्को आश्चर्यको कुरा के छ भने स्वामीजीले यसलाई हिन्दीमा लेख्नुभएको छ र सो मूल प्रकाशित नभई नेपालीमा अनुवाद भई प्रकाशित हुन पुगेको छ। हिन्दीमा प्रकाशित गर्न खोज्ने भक्तहरूलाई वहाँले नेपालीमा प्रकाशित भैसक्यो अब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दीमा प्रकाशित गर्न आवश्यक छैन भनी नेपाली वाङ्मयमा ठूलो ज्ञान दिने आचार्य पाएर नेपालीको इतिहास गौरवमय बन्न पुगेको छ ।

यस ग्रन्थको महत्त्वको बारेमा स्वयं बाबाले आफ्नो परमभक्त स्व० कुमारी-मुक्ति राजेश्वरी भट्टरायलाई लेख्नुभएको आशिर्वादरूपी पत्रमा यसो भनिएको छ– "· · · · · पाँच भौतिक शरीर मात्र गुरु होइन, गुरुको उपदेश नै मुख्य हो । पाँच भौतिक शरीर जहाँ भए पनि गुरुको उपदेश सबै पुस्तक मै छ । त्यसकै मनन गरे वेश हुनेछ । गुरुको उपदेश हृदयमा राख्नु नै गुरुको सान्निध्य हो । बाबालाई हृदय मै खोज्ने, खप्तडमा खोज्ने बस्ने आवश्यक छैन । हृदय मै प्रश्न सोध्ने, हृदय मै उत्तर दिउँला . . . . ." खप्तड स्वामी । यो भन्दा बढ्ता मैले भन्ने कुरा हैन' पाठकले स्वयं बुझ्नुपर्छ । गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई माध्यम बनाई मानव समाजलाई भनेको हो । त्यस्तै यहाँ सुश्री मुक्ति निमित्त बन्न पुगिन् । यो सबै मानव मात्रलाई दिएको करुणापूर्ण उपदेश ठान्नुपर्छ ।

धर्मविज्ञानलाई आद्योपान्त पढेपछि धर्मका बारेमा कसैलाई पनि कुनै शंका रहँदैन । धर्म भनेको अंग्रेजीको रिलिजन होइन, किनभने धर्मको पर्याय अरू भाषामा पाइन्न । यहाँ पिताको पुत्रप्रति, पुत्रको पिताप्रति हुनुपर्ने धर्म छ । पतिको पत्नीप्रति पत्नीको पतिप्रति गरिने पनि धर्म छ । राजाको पनि धर्म छ, प्रजाको पनि धर्म छ । अर्थोपार्जनमा पनि धर्म छ । कामको उपभोगमा पनि गरिने धर्म छ । यसरी हाम्रो धर्मको रूप विराट् छ । त्यसको व्याख्या छ, धर्मविज्ञानमा । धर्मको मर्मलाई कुनै आँच नपुऱ्याई वैज्ञानिक युगमा शास्त्र सम्मत व्याख्या छ । नेपाली वाङ्मय यस्तो कृति पाएर अत्यन्त गौरवशाली बनेको छ । पत्यार पर्दैन भने तपाईं पाठकले स्वयं पढेर अनुभव गर्नु पऱ्यो । अब धर्मविज्ञानबारे भए गरेका कुरा मैले के भने यसको इतिहासलाई पनि यहाँ जोगाउनु परेकोले पनि म भन्न बाध्य भएको छु । खप्तड बाबाका बारेमा मैले भाइ स्व. आदित्यनाथ भट्टराई, अच्युतनाथ भट्टराईका मुखबाट धेरै नै बयान सुनेपछि मेरो मनमा वहाँको दर्शन गर्ने उत्कट इच्छा जाग्यो । मैले निमित्त बनेर श्री ५ महाराजाधिराज स्व. महेन्द्रको हुकुमबाट एक सदस्य मात्र भई नेपाली सेनाका धेरै अंग्रेजी शब्दहरूलाई हटाएर राष्ट्रभाषामा परिणत गर्ने राजाको सदिच्छामा सहभागी हुने सौभाग्य पाएँ । त्यस बेला उपरथी भरत केशर सिंह पनि शाही जङ्गी अड्डामा भएकाले वहाँलाई यो कुरा थाहा थियो, तर वहाँले पूज्यपाद बाबालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"यो धर्मविज्ञान नेपालीमा अनुवाद गर्नुपर्‍यो बाबा" भनी बिन्ती गर्दा भक्तवत्सल बाबाले हुन्छ गर्नोस् भन्नु भएछ। अब वहाँलाई यो कसलाई अनुवाद गराउने भन्ने अन्योल हुँदा यो कुरा श्रीमती इन्दिरामल्ल रानी साहेबलाई कुराका प्रसङ्गमा गर्दा रानी साहेवले चूडानाथ गुरुलाई गराउनुपर्छ कि भन्दा जर्नेल भरत केशर झल्याँस्स व्युझे झैं भएर होतनि त्यन्नो सेनाको शब्द पनि त वहाँले नै उल्था गर्नुभएको। मैले कसरी बिर्सेछु भन्ने लागेछ। मलाई भेट्न वहाँले खोज्दै हिँड्दा म जनरल अर्जुन शमशेर ज. ब.रा. को शुद्धशान्तिमा भेटिन पुगें, वहाँले सैनिक आवाजले बोलाएर सारा कुरा भन्नु भयो, मैले भने "म त के गर्न सकुँला र बाबाको कृपा पाए निमित्तसम्म हुन सक्छु" भनी स्वीकृति प्रदान गरें।

मलाई बाबाको दर्शन गर्ने इच्छा अति प्रबल भएर अकस्मात् जागृत भयो र मैले सुत्नु अघि छोरी मुक्तिलाई भनेः– मलाई त खप्तड बाबालाई भेट्ने प्रबल इच्छा भयो, के गर्ने ? फेरि मेरो भाग्य भए भेट होला भनेर चित्त बुझाएँ। भोलिपल्ट बिहान प्रा. विदुर पौडेलले फोन गरेर भन्नुभयो "गुरु खप्तड बाबा आउनु भएछ, तपाईंलाई भेट्ने इच्छा थियो, पशुपतिमा बस्नु भएको छ, जहाँ शिवपुरी बाबा बस्नु हुन्थ्यो" भन्दा म आश्चर्य चकित भएँ। हर्षको पारावार भएन, हामी बाबु, छोरी बाबाको दर्शन गर्न आश्रममा पुग्यौं।। बाबाले डा. रामचन्द्र भट्टसँग मेरो बारेमा सोध्दै हुँनुहुदो रहेछ। म पाउ पर्दा रामचन्द्रले भने, "गुरु चूडानाथ भट्टराय वहाँनै हुनुहुन्छ।" बाबाले आज्ञा भयो तपाईं मेरो पुस्तक अनुवाद गर्नुहुन्छ ? मैले शिर झुकाएर बिन्ती गरे, मैले सक्ने हैन बाबा, कृपा भए हजूरले निमित्त बनाए मात्र सकिने हो। वहाँले हाँसेर भन्नुभयो– यहाँ बसनोस् म जाँच गर्छु। म अन्यौलमा परें, सबै कुरा भुसुक्क बिर्सें। म खाली भएँ। मेरो मन-मस्तिष्क खाली हुन पुग्यो। म यति वेला यति अन्जान भएँ, म ठान्छु म शून्यमा नै बिलाएँ जस्तो थिएँ। बाबाले आज्ञा भो "मैले जाँचें। तपाईं सक्नुहुन्छ।" तपाईंलाई अनुवाद गर्ने मैले अनुमति दिएँ, मेरो त्यसवेला मोतिबिन्दुको अप्रेशन भएको थियो। निगाह भए छोरीलाई पनि साथ लिन पाऊँ। बाबाले हाँसेर भन्नुभयो हुन्छ, प्रो. रामबहादुर रावललाई पनि साथ लिनु होला। तपाईंले पत्याएका मानिसलाई दिएर अनुवाद गराए हुन्छ। तर सबै तपाईंले सुन्नै पर्छ। कानले त सुन्न सक्छ नि हैनत ? हाँसेर आज्ञा भो, फोटो कापी तयार भएपछि म दिन्छु, निर्मल भट्टराईसँग मूलकापी हुन्छ, २(दुई) प्रति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंलाई दिनु र त्यो बुझाए पछि फेरि २ (दुई) प्रति दिनु भनेर म भनिदिनेछु। सबै तपाईंलाई कापी दिएमा कसैले मागे भने नदिन तपाईंलाई अप्ठ्यारो पर्नेछ। त्यत्रो काम पाएर खुसी हुँदै हामी बाबुछोरी फर्क्यौं।

मे. ज. भरतकेशर सिंहले फोटोकापी तयार गरी ल्याउनु भयो, बाबाले त्यसलाई बासामा बाँधी मलाई बक्स्यो। मैले साम्राज्य पाएको भन्दा पनि बढ्ता हर्षको अनुभव गरें। त्यो ठेली बोकेर बाहिर निस्केको थिएँ। प्रा. रेणुलालले भन्नु भो– साँच्चैकै भाग्यमानी रहेछौ तिमी, कतिले मागे बाबाले बक्सेन, यसमा स्वार्थ राख्यो भने बाबाले फिर्ता पनि लिन पछि पर्नेछैनन्। यसरी यो पुस्तक अनुवाद गर्ने काम मैले पाएँ, बाबाको कृपाबाट। व्यवस्था गर्ने अनुमति पनि निगाह भो। बाबालाई मैले भने–अनुवाद सिद्धिएपछि के गर्ने भनेर। रिसानी भो, थालेकै छैन सकिएपछि म भनुला, यसो गर्ने भनेर। यो कुरा चाहिँ शाहमहलमा बाबाको दर्शन पाउँदा भएको हो। बाबा खप्तड सबारी भो। म चाहिँ अनुवाद गर्ने धुनमै थिएँ। अकस्मात् राती निर्मल भट्टराईलाई लिएर प्रमुख सचिव रञ्जनराज खनाल मेरो घरमा आउनुभयो र वहाँले पनि २ कापी अनुवाद गर्न पाउँ भनी एकचाहिँ आफ्ना मित्र नरकान्तको लागि माग्नु भएको रहेछ। वहाँ जानु भो। त्यसपछि निर्मल भट्टराईले सबै कुरा भन्दा म निर्मल भट्टराईसँगै ज्यादै प्रभावित भएँ। यो कापी बाबाले च्यातिदिए भने तपाईं च्यात्नु हुन्छ? भनी प्रमुख सचिवले आफूलाई नदिएको झोकमा भन्नु हुँदा बाबालाई सोध्छु, कति टुक्रा पारेर च्यातु भनेर त्यसपछि त्यति टुक्रा पारेर च्यात्छु, त्यसपछि पो वहाँ यहाँ आउनु भएको रहेछ। पुस्तक बाँडियो लैजाने मानिसले भर्पाई गरेर लगे। अनुवाद भई पुस्तकहरू आइपुगे, अनुवादकहरूको नाउँ अकारादिक्रमले पुस्तकको अग्रपृष्ठमा छापिएकै छ। सबै पुस्तक अनुवाद भएका मे. ज. भरतकेशर सिंहको साथमा खप्तड पठाए, बाबाकहाँ। बाबाले एउटा कापी झर्रो अनुवाद भएको काष्टमयोहस्तीलाई दाउराको हात्ती भनी अनुवादकले लेख्नुभएकोमा त्यो चाहिं खण्ड फेरि दोहोऱ्याउनु भन्नुभयो। पुस्तक म के गरूँ उनैले छाप्ने व्यवस्था गर्नु भनी पठाई दिनु भएछ अब म के गरू बडो शोकमग्न थिएँ।

हाम्रा प्राज्ञ परिषद्का सदस्यहरूले सबै आफ्नो मात्रै पारिश्रमिक बढाएछन्। आजीवन सदस्यहरूको चाहिँ कुरै उठाएनछन्। मलाई ती बूढा आजीवन सदस्यहरूले उचालेर हाम्रो पनि विन्ती चढाउनुपर्छ भने, तर अघि भने कोही नसर्ने भए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोलिपल्ट प्राज्ञसभा थियो। श्री ५ महाराजाधिराज सरकारका जुनाफमा यो कुरा भन्छु भन्ने अठोट गरेर सुतें । ठीक १२ बजे राती कोठै घन्काउने गरेर आवाज आयो "पुस्तक छाप्ने कुरा गर तलब बढाउने कुरा हैन" यो आवाज सुनेर म पसिनै पसिनाले निथ्रुक्क भएँ । बत्ती बालेर हेरें कोही छैन, आफूले सुनेको कुरा हैन भन्न पनि सकिन। एक किसिमको त्रासले मनमा भयभीत भयो, अर्को पलङ्मा सुतेकी धर्म पत्नीलाई उठाउन पनि सकिन, निद्रा पनि आएन, विहान उठें । स्नान गरेर आएँ, अनि सबै कुरा छोरी र सुवासिनीलाई भने, पुस्तक छाप्ने कुरा गर्ने भन्ने निर्णयमा पुग्यौ । दिउँसो प्राज्ञ सभामा पुस्तक छाप्ने कुरा श्री ५ महाराजाधिराज सरकारका जुनाफमा जाहेर गरें । बाबा के भन्नुहुन्छ भन्ने हुकुम भो । बाबाले भनेर नै बिन्ती चढाएको भनें । श्री पशुपति महर्जन निजी सचिवालयबाट सभाको टिपोट गर्न आउनु भएको थियो, तर मैले राति आकाशवाणी भएको चाहिँ कुरा जाहेर गरिन । दरबारबाट पुस्तक मागियो । अनुवाद र फोटोकापी सबै उपसचिव पशुपति महर्जनलाई जिम्मा लाएर फर्कें, धेरै दिन बिते कुनै जवाफ आएन । त्यो जाँच्न एकेडेमीमा पठाइएछ र एकेडेमीले आफ्नै खालको जवाफ दिएछ । नकारात्मक प्रत्युत्तर गएको भन्ने कुरा बुझेर मैले स्वयं फोन निजी सचिवालयमा गरें । पशुपति महर्जनले उठाउनुभयो । आवेशमा तीतो टर्रो कुरा भन्न पुगेछु र पुस्तक फिर्ता गर्ने माग गरें । त्यसपछि यस विषयमा धेरै चर्चा भए । यो पुस्तक छापिनै पर्छ भन्ने मेरो हठलाई भगवान्ले साथ दिए। हिन्दू सम्राट् श्री ५ महाराजाधिराज सरकारबाट यो पुस्तक चूडानाथले भने मुताबिक छपाउनु र उनको प्रमुख सम्पादकत्वमा यसको सम्पादन गराउनु भनी प्रमुख सचिव-बाट हुकुमको प्रमाङ्गी ने.रा.प्र.प्र. मा आयो र यो पुस्तक छापिने तर्खर भयो ।

पुस्तकको पाण्डुलिपिलाई हेर्दा १० टाउके अनुहारको बेग्लाबेग्लै शैलीमा उभिएको त्यसमा एकरूपता छँदै थिएन । अब यसलाई एकरूपतामा ल्याउन नयाँ प्रयास शुरू भयो। त्यसमा परेका विघ्नबाधा तथा पाउनु पर्ने सहयोगको विपरीतमा पनि चारैखण्ड पुस्तक ज्यादै ढिलो भएर पनि जनसमक्ष आयो । प्रकाशकले लेखकको कुरा छाँटकाट गरी त्यसमा सहयोग दिनेलाई दिएका धन्यवादहरू पनि हटाइए । तर यसमा श्री पशुपति महर्जनको साह्रै नै संलग्नताले गर्दा प्रेसले यसलाई प्राथमिकता दिएकोमा तात्कालिक डाइरेक्टरलाई पनि धन्यवाद दिनु मेरो कर्तव्य हुन्छ। सहयोगी कुमारधर शर्मा ज्ञानी र बद्रीचन्द्र खनाललाई पनि सस्नेह धन्यवाद दिन्छु। सबभन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो बिर्सनै नसक्ने गुण मलाई उपरथी भरतकेशर सिंहको छ, वहाँकै सत्प्रयासमा यो नेपालीमा अनुवाद भएको हो । श्री खप्तड बाबाबाट मलाई व्यक्तिगत काम गरे बापत पुरस्कार स्वरूप २५ हजार निगाह भो, यति मात्र कहाँ हो र मुक्तिको अप्रेशनमा लागेको ऋण तिर्न पनि वहाँकै कृपाबाट म समर्थ भएँ, हामी बाबु-छोरीप्रति भक्तवत्सल बाबाको स्नेह-दया-मायाको म कुन शब्दमा अनुग्रह व्यक्त गरौँ ।

आजको यो व्यस्त जीवनमा मानिसलाई समयको साह्रै अभाव छ । त्यो ज्ञान-राशि आद्योपान्त पढ्ने फुर्सदै पनि कहाँ छ र ? बाबाको श्रद्धाले पुस्तक किनेर लगे पनि आद्योपान्त पढ्ने प्रायः कम भए। बाबाको दर्शन गर्न आउनेहरू पुस्तकको विशाल कायलाई संक्षेप गर्नुपर्छ भनेर निवेदन गर्न थाले । भक्तहरूको यस्तो आग्रह हृदयङ्गम गरी यसलाई संक्षेपीकरण गर्न बाबाले खोज्नुभयो, तर सबै कुरा मात्र गर्ने भए । चारै खण्डलाई पढेर छोट्याउन कसैलाई फुर्सद पनि भएन, साहस पनि आएन । यस परिप्रेक्ष्यमा मैले बाबालाई बिन्ती गरें ". . . . . बाबा । मुक्तिले संसार छाडी हालिन्, मेरो आँखा धेरै लेखपढ गर्न नसक्ने भै गयो । तैपनि यो अन्जान बालक बाबाको इच्छा पुरा गर्नेछ, खप्तडबाट काठमाण्डौँ फर्कँदा संक्षेपीकरण म गरेर चढाउनेछु" यो मेरो हृदयको आवाज थियो । मलाई पुस्तक पढेर सार दिने मानिसको आवश्यकता थियो । मैले धेरैसँग यो कुरा गरें । तर भाइ अच्युतनाथ भट्टराईले मासिक तलब दिए एउटा मान्छे छन्, उनी गर्न चाहन्छन् भने उनलाई लिएर भाइका छोरा अम्बरिस मकहाँ आए । यो काम गर्न आउने मानिस थिए अनिल अधिकारी ।

अनिललाई साहित्यमा साह्रै सोख रहेछ । मेरो नाम पनि राखिदिनुपर्छ, म अनुवाद गर्दछु भनी कुराकानी भयो। वहाँले १ घण्टा जति आएर काम गर्ने र ३००।– लिने भन्नुभयो । पछि फेरि ५००।– माग्नुभयो । आज्ञाकारी सुशील व्यक्तित्व पाएर अनिलप्रति म प्रसन्न छु । पछि परीक्षाको नतिजा निस्केपछि वहाँले आफ्नो साथी डोलबहादुर सारूलाई ल्याइदिनुभयो । चतुर्थ खण्ड उनैबाट तैयार गरें । ठूलो कापीमा दुबैपट्टि लेख्दा चौधकापी भए । पुस्तकका वाक्य सार्दा पनि नेपालीमा धेरै नै अशुद्ध थिए। तर त्यो अक्षम्य भने थिएन । यसको पहिलो र दोस्रो खण्ड जु. डा. श्री शम्भुनाथ प्याकुरेललाई पढ्न दिएँ । वहाँले मेरो परिश्रमको बखानै गर्नुभयो । त्यसपछि पूज्यपाद बाबा प्रा. बदरीनाथ भट्टराईलाई पढ्न दिएँ, तेस्रो खण्ड योगसँग सम्बद्ध हुँदा दुबैबाट पढिएन । यसमा एक अक्षर पनि थपघट गर्न कसैलाई दिइन । स्वयं बाबा कै करकमलमा बाचा गरे अनुरूप खप्तडबाट फर्केपछि चारै खण्डको संक्षेपीकरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएका कापीहरू (२४ वटा) चढाएँ। यहाँ जे जति शब्द छन् मूल पुस्तक बाहेक मेरो एक शब्द पनि परेका छैनन्। नाटकीय रूपमा यो पुस्तकलाई विशालकायबाट संक्षेपीकरण गर्न बडो सावधान हुँदा हुँदै पनि यसमा क्रम र विषय छुट भएका कुरा पछि श्री पूज्यपाद स्वामीजीबाटै ग्रन्थानुरूप परिष्कार भएका हुन्। यो ग्रन्थ भक्तवत्सल स्वामीजीबाट आद्योपान्त मूल कापीसँग मिलाएर तैयार गरी आफ्ना पाठकलाई दिनु भएको छ। यसो हुँदा यसको संक्षेपीकरण गर्ने श्रेय उही परमपूज्य गुरुदेव मैं जान्छ। म खालि निमित्त मात्र हुँ।

प्रतिदिन बूढानीलकण्ठ गई मूल पुस्तकसँग लेखेको कापीलाई दाँजेर बाबाको आज्ञानुरूप थप्ने कार्य गर्ने डा० शम्भुनाथ प्याकुरेलका दम्पतिको परिश्रम अतिनै प्रशंसनीय छ। जसलाई प्रसन्न भएर बाबाबाट स्वयं आशीर्वाद दिनु भएको कुरा यही छापिएकै छ। अब प्रेस कापी तैयार गर्न डा० शम्भुनाथ प्याकुरेलले फेरि साफी गरेर जुन अथक परिश्रम गर्नुभयो म हृदयदेखिनै धन्यवाद टक्र्याउँछु। यसलाई बाचने काम बाबाकहाँ गएको बखत भाइ अच्युतनाथले पनि गरे। बाबा श्री वदरीनाथज्यूले पनि गर्नुभयो। यो मैले आफैँले देखेको हुँदा वहाँहरूको नाम छुटाउन मिल्दैन। साफी गरेर १४ कापी बुझाउन बहिनी अम्बिका र ज्वाइँ डा० शम्भुनाथ मेरै घर आउनुभयो। मैले प्रेसमा दिनु अघि ती कापीहरू फोटो कापी गरी राखेको छु। कृति प्रकाशित भएपछि वहाँहरूलाई ती कापी दिने इच्छा छ। मैले लेखेकोमा कहाँ कहाँ थपघट भए त्यो जान्ने इच्छाले साफी गर्न लग्नेसँग माग्दा त्यो प्राप्त भएन र त्यसलाई अग्निसाथ गरेको छ भन्ने जवाफ पाएँ। बेसै भो भन्ने लाग्यो। अब त्यो सदाको लागि धमिरोले धुल्याउन पाएनन् भनेर।

यो पुस्तक संक्षेपीकरण गर्नभन्दा महत्त्वपूर्ण काम त प्रकाशन गरेर जनसमक्ष लैजानु थियो। यसलाई प्रकाशन गर्ने कुरा गर्दा धेरैबाट प्रकाशन गर्ने सदिच्छा पाएँ। श्रीमती इन्दिरा राज्यलक्ष्मी मल्ल रानीसाहेबले केही खर्च दिने आश्वासन पाएको हुँ। त्यसपछि श्री महारथी स्व० अर्जुन शमशेर ज.व.रा को पवित्र स्मृतिमा प्रकाशित गर्न रानी साहेब श्री विन्दु देवी राणाबाट पनि सदिच्छा व्यक्त गरिबक्स्यो। त्यस्तै बाबुसाहेब झरेन्द्र शमशेर ज.व.रा.बाट पनि आर्थिक सहयोग दिने वचन पाएको हुँ। समग्र रूपमा आफ्नो पूज्यपति क्याप्टेन बबिबिक्रम शाहको पुण्यस्मृतिमा छाप्न बाबाको प्रिय व्यक्तित्वको रूपमा रहनु भएका वहाँको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झनालाई अविस्मरणीय गर्ने इच्छा श्रीमती जया राज्यलक्ष्मी शाह रानी साहेबको भएकोले मैले वहाँलाई नै प्राथमिकता दिएको हुँ। बाबाको परमभक्त भाइ उपरथी स्व. आदित्य शमशेर ज.व.रा.को स्मृतिमा म यो पुस्तक एक्लै छपाउँछु भनी वहाँको दाजु सांसद श्री जगदीश शमशेर राणाको पनि भ्रातृ प्रेमको ज्वलन्त उदाहरण पाएको हुँ। तर मैले श्री मैया साहेब जया राज्यलक्ष्मीशाह कै इच्छा-लाई प्रथम स्थान दिएकोमा वा. सा. श्री जगदीश शमशेर पनि खुशी भएर बैनी कै पहिलो हक हो, ठीक गर्नुभयो भनी आफू स्वयं गएर श्री ५ को सरकारको मुद्रण विभागमा गएर पाण्डुलिपि बुझाई यसको छपाइको खर्च समेत घटाई दिएकोमा म वहाँप्रति हार्दिक धन्यवाद चढाउँछु।

आफ्नो पूज्यपतिको संस्मरणमा यो पुस्तक एकलौटी खर्चमा छपाउने श्री जया राज्यलक्ष्मी शाह रानी साहेबलाई सारा पाठकले अवश्य नै कृतज्ञता ज्ञापन गर्नेछन्। ठूलो मौका हात लगाएर यत्रो पुण्य कर्ममा खर्च गरेको धनले वहाँको कृति र पतिप्रेम-लाई सदा अमर राख्नेछ। वहाँको स्तुत्य सहयोगको नेपाली समाज नै सदा ऋणी रहनेछ भन्ने मलाई लाग्दछ।

यी सबै कुरा श्री खप्तड बाबामा विन्ती चढाउँदा "म र बबि बसेको फोटो रानीसाहेवसँग छ, त्यही छाप्नु र छापेका पुस्तक सबै रानीसाहेबलाई नै जिम्मा लगाइदिनु" आज्ञाभयो। तपाईँको लागि केही मागी दिनुपर्छ कि भन्दा हात जोडेर मैले 'केही चाहिँदैन' प्रभु भनें। मूल कापी श्री ५ महाराजाधिराज सरकारबाट नयाँ बजेट निकासा बक्सी छापिएकोले नै यो संक्षेपीकरण भएकोले यस पुस्तकमा पनि राजाको तस्वीर राखिदिनुहोला भन्ने बाबाको आज्ञा छ। क्याप्टेन बबिका छोराछोरीको पनि यहाँ उल्लेख गर्नु भन्नुभएकोले वहाँका सुपुत्र राजीव शाह, सुश्री प्रीति शाहलाई पनि आफ्ना पिताको पुण्यस्मृतिमा प्रकाशनको लागि आर्थिक सहयोग प्रदान गरेकोमा हार्दिक बधाई चढाउँछु।

यति लामो कुरा लेखेर मैले यसबारेको इतिहासलाई नै लोप गर्न नचाही भए गरेका सबै स्पष्ट पार्दा कुरा लम्बिन गएकोमा पाठकहरूसँग क्षमा याचना गर्दछु। यसरी चार खण्ड पछि संक्षेपीकरणमा पनि पूज्यपाद खप्तड बाबाको अनुग्रहबाट निमित्त हुन पुगेकोमा आफूलाई अहो भाग्यमानी सम्झन्छु, मूलप्रतिको प्रकाशनको व्ययभार फेरि नदोहोरियोस् भनेर बाबाको सदिच्छा मुताबिक पुस्तक बिक्रीबाट आउने रकम छुट्टै खातामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्ने व्यवस्था पनि गरिएको छ। त्यसमा मलाई बाबाले खटाइबक्सेको हुँदा मैले यस अघि त्यस बेलाका प्राज्ञजनमा अनुनय विनय गर्दा पनि पुस्तक समाप्त भएको प्रथमखण्ड पुनः प्रकाशनका लागि प्रेसमा पठाएर पनि फेरि रोक्का गरियो। यसरी मूल धर्मविज्ञानका पुस्तक सिद्धिएपछि स्वतः बिक्रीका रकमबाटै छापिनुपर्नेमा विलम्ब भए तापनि सो कार्य सुचारु रूपले चल्ने कुरामा म आशावादी छु। यसैले गर्दा यी पुस्तक आफ्ना श्रद्धाले प्रकाशन गराउने व्यक्तिमा नै सर्वात्मना बाबाले सुम्पिबक्सेको हो। यो कुरा पनि यहाँ उल्लेख नगरी नहुने ठानेर स्पष्टीकरण गर्दछु।

यस प्रकाशनमा पर्न गएका त्रुटि सबै मेरा हुन्। सहृदय पाठकहरूबाट पर्न गएका उचनीच माफ पाउने आशामा छु।

२०५१।७।१०
च १ – ६६१
ममतावनी महादेवचौर
बालुवाटार, काठमाण्डौं।

विनीत
चूडानाथ भट्टराय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

यस पुस्तकको संकलन-सम्पादनको प्रेरणा कहिले, किन र कसरी ?

पाश्चात्य शिक्षा-दीक्षाको फलस्वरूप जति विजातीय चीजहरू हाम्रो देशभित्र पसेका छन्, तीमध्ये नास्तिकता पनि एक हो । अचेलका शिक्षित मानिने व्यक्तिहरूमा हामी यसको बढी प्रभाव परेको पाउँदछौं । ज्यादाजसो मानिसहरू यसै भ्रममा परेर ईश्वर, आत्मा, धर्म, कर्मवाद, पुनर्जन्म, देवी-देवता, स्वर्ग-नरकादिका कुराहरूलाई केवल ढोंग र भ्रमोत्पादक ठान्दछन् । यस प्रकारको धार्मिक उपेक्षाको छाप यति बढ्दै गइरहेको छ कि धेरैजसो मानिसहरू प्राचीन धर्मग्रन्थहरूको पाठ गर्नु, विद्वान्‌हरूका कुराहरू सुन्नु अथवा उनीहरूसँग यस विषयमा केही सोध्नु त परै जाओस् आफैं पनि यी कुराहरूबारे विचारसम्म पनि गर्न चाहँदैनन् । उनीहरू आफ्नो स्थूल दृष्टिले संसारको जुन स्थूल रूप देख्दछन्, केवल त्यसलाई सत्य मानेर आफ्नो दृढ सिद्धान्त बनाउँदछन् । अझ यसभन्दा पनि डरलाग्दो कुरा त यो छ—उनीहरू येन-केन प्रकारेण आफ्ना धर्मविरोधी अधुरा सिद्धान्तहरूको प्रचार-प्रसारसमेत गर्ने कुचेष्टा गर्दछन्, फलस्वरूप आज यस प्रकारका अनेकौं लेख तथा पुस्तकहरू पाइन्छन्, जसद्वारा साधारण जन-समुदायमा पर्याप्त भ्रम फैलिरहेको छ । मानिसहरू आफ्नो धार्मिक विश्वास गुमाएर दिन-प्रतिदिन बढी अशान्त भइरहेका छन् । यही हो आजको तथाकथित वैचारिक स्वतन्त्रताको स्वरूप तथा परिणाम । यी व्यक्तिहरूलाई ऋषि-मुनिहरूको अनुभव तथा शास्त्र-वचनहरूमाथि विश्वास छैन; त्यसैकारण यस सङ्कलनात्मक ग्रन्थमा शास्त्रीय प्रमाणहरू ज्यादा नदिइकन केवल पदार्थ-विज्ञान तथा मनोविज्ञान शास्त्रसम्मत बुद्धिगम्य युक्तिहरू र ऐतिहासिक प्रमाणहरू तथा जन-साधारणका अनुभवहरूको आधारको नै विचार-प्रणाली अँगालिएको छ । म जन-साधारणसँग यही प्रार्थना गर्दछु— उनीहरू पक्षपात तथा दुराग्रह छाडेर सारतत्त्वको विचार गरून् र सत्यलाई ग्रहण गरून् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान युवावर्गमध्ये अधिकांश युवक-युवतीहरूका आचरण एवं कर्महरू देखेर दुःखी भएका कैयौं सज्जनहरू आफ्ना शिक्षित सन्तानहरूको जीवन आलस्यपूर्ण, खर्चिलो, अकर्मण्य तथा धर्मशून्य देखेर मर्माहत भई अनेक प्रश्नहरू गर्दछन् । आजभन्दा करीब १८ वर्षअघि हरिद्वारको कुम्भमेलामा मेरा एक निकटतम भक्त-परिवारका सदस्यहरूले आफ्ना उच्च-शिक्षारत पुत्र-पुत्रीको सम्बन्धमा बडो दुःखी मनले कैयौं कुराहरू भनेका थिए । त्यसै समयदेखि मेरो मनमा प्रस्तुत सङ्कलनात्मक ग्रन्थ लेख्ने इच्छा बारम्बार जाग्रत् हुन लाग्यो । मैले उक्त भक्त-परिवारका सन्तानहरूसँग प्रेमपूर्वक प्रश्न गर्दा उनीहरूले आत्मग्लानिको अनुभव गर्दै मसँग भने— 'महाराज! तपाईं नै भन्नुहोस्, हामी के गरौं ? आफ्ना माता-पिताप्रति हाम्रो यथेष्ट श्रद्धा एवं भक्ति हुँदा-हुँदै पनि उहाँहरू हामीसँग असन्तुष्ट झैं हुनुहुन्छ । हामीले आफ्नो अध्ययनको शुरुआतदेखि नै यस शिक्षाको अध्ययन गर्‍यौं । हाम्रो मन एवं बुद्धिको स्वरूप त्यसै शिक्षाअनुरूप बन्यो । धार्मिक शिक्षाको विषयमा हामीलाई आफ्ना शिक्षालयहरूमा न केही पढाइयो, न त हामीले नै केही पढ्न सक्यौं । हाम्रा माता-पिता हामीबाट हामीले नपढेको, नसिकेको ज्ञानको अपेक्षा गर्दछन्, जसले गर्दा हामी भित्र-भित्रै बडो असामञ्जस्यमा पर्दछौं । हामीले अध्ययन गरेको विषयमा कसैले हामीसँग कुनै पनि प्रश्न गर्दछ भने हामी चित्तबुझ्दो गरी त्यस प्रश्नको उत्तर दिन सक्षम छौं, यस कुरामा हामीलाई पूर्ण आत्मविश्वास छ। वास्तवमा हामी धर्मको विषयमा जान्न चाहन्छौं र हामीले केही प्रयत्न पनि गर्‍यौं, तर धर्मका सबै मौलिक ग्रन्थहरू संस्कृतमा छन्, जुन हामीलाई पढाइएन । तपाईं हाम्रा पूज्य माता-पिताको लागि परम श्रद्धेय भएको नाताले हाम्रो लागि पनि श्रद्धेय हुनुहुन्छ । अब तपाईं नै हामीलाई उचित उपदेश दिनुहोस्—हामी के गरौं ! जीवनमा आज पहिलोपल्ट हामीले आफ्नो हृदय तपाईंसमक्ष उदाङ्गो पारेका छौं । अस्तु, त्यसै समयदेखि मेरो मनमा एउटा यस्तो सङ्कलनको लागि प्रेरणा उत्पन्न भयो, जसले संस्कृतका अनभिज्ञ तर धर्मप्रति श्रद्धा एवं जिज्ञासा राख्ने युवावर्गलाई केही प्रकाश मिल्न सकोस् ।

वर्तमान शिक्षासम्बन्धी रोग त हाल यति व्यापक भइसकेको छ कि त्यो निको हुनु असम्भव जस्तै देखिन्छ । हुनत गुण र दोष सबै कुरामा हुन्छन्, यस दृष्टिकोणले वर्तमान शिक्षामा केही गुणहरू पनि छन् र तिनबाट लाभ पनि भइरहेको छ, तर सूक्ष्म दृष्टिले विचार गर्ने हो भने लाभभन्दा हानिकै मात्रा बढी देखिन्छ । शुरू-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुरूमा त मोहवश, मिथ्या सम्मानले गर्दा सोचिएन, परिणामबारे विचार गरिएन र अहिले जब चारैतर्फ यसै शिक्षाद्वारा उत्पादित जनहरूको संख्या बढिसक्यो र शिक्षाको प्रगतिको नाममा यसलाई विस्तार गर्ने विद्यालय-महाविद्यालयहरू पनि बढिसके, दृष्टिकोणको परिवर्तनले लाखौं युवक-युवतीहरू यसै शिक्षालाई परम् लाभकारी मानेर सम्मानको दृष्टिले हेर्न लागिसके, अब अहिले आएर ध्यान दिनाले र विचार गर्नाले केही विशेष लाभ होला भन्ने आशा गर्न सकिंदैन। अब त यस रोगका जराहरू ज्यादै भित्रसम्म पुगिसकेका छन् र जबसम्म यसका विषमय कुफलहरूद्वारा हाम्रो समाज जर्जरित भएर निरुपाय भई ईश्वरको शरणमा जाँदैन, तबसम्म यसबाट मुक्त हुनु ज्यादै गाऱ्हो छ। विश्व-विद्यालयहरूका दीक्षान्त-भाषणहरूमा यस वर्तमान शिक्षा-पद्धतिलाई बेकारी बढाउने, ईश्वर र धर्ममाथि अविश्वास जगाउने, आमाबाबु तथा गुरुजनप्रति अश्रद्धा उब्जाउने, प्राचीनताप्रति द्वेष बढाउने तथा घरेलु कलाकौशलका कार्यहरू गर्नमा लज्जा एवं सरलताको अभाव इत्यादि दोषहरू उत्पन्न गर्ने भनेर भन्न त सकिन्छ, तर लाभ केही पनि हुँदैन। यसको कारण पनि प्रत्यक्ष छ– परिणामअनुसार उनीहरू यसका दोषहरूको बयान त गर्दछन्, तथापि दृष्टिकोण अपरिवर्तित रहेको हुनाले जति विचार गरे पनि तिनलाई यसमा लाभ नै देखापर्दछ तथा अनेकौं कारणहरूले गर्दा यसको आवश्यकताको अनुभव पनि हुन्छ, अतः कुनै क्रियात्मक सुधार हुन पाउँदैन। जसले आफ्नो दृष्टिकोणमा यस अवस्थालाई परम् लाभकारी मान्दछ, उसलाई पनि दोष दिन सकिन्न, किनकि उसको दृष्टिले त्यस्तै देख्दछ।

जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरूपी शरीरको मेरुदण्ड सम्झेका थियौं, आज त्यसै धर्मको आवश्यकता एवं ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायसामु स्वीकार गर्नमा हाम्रा शिक्षित युवावर्गलाई सङ्कोच एवं लाजको अनुभव हुन्छ, मानौं उनी कुनै मूर्खतापूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्वत्ता माथि कलङ्क लगाइरहेका छन् अथवा कुनै जघन्य अपराध गरिरहेका छन्। कामोपभोग नै आज हाम्रो जीवनको चरम लक्ष्य बनेको छ। कामपरायण भएर आज हामी अदूरदर्शी शिक्षाभिमानी भई आपातरमणीय इन्द्रियसुखलाई नै परम् सुख मानेर अग्निशिखामा भस्म हुनको लागि अनजान भएर उड्न लागेका छौं। यसमा समयको प्रभाव त निश्चय नै एक कारण हो, तर यसको जगमा रहेको एउटा ठूलो अभिशाप हो–हाम्रो यो धर्महीन वर्तमान शिक्षापद्धति। यस शिक्षालाई एक यस्तो संस्कृतिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेरणा प्राप्त छ जसले हाम्रो आँखालाई तिरमिराइदिएको छ, त्यसैले हामी यस माया-मरीचिकामा फँसेर त्यसलाई अँगाल्नको लागि जोडले दौडिरहेका छौं तथा यसैबाट आज हामी आफ्ना सरल-हृदय बाल-बालिकाहरूको हृदयमा कामोपभोगमय सभ्यताको भीषण विषपान गराएर तिनलाई ध्वंसको मार्गतर्फ धकेलिरहेका छौं र यसैमा तिनको र आफ्नो कल्याण मानिरहेका छौं। जुन देशहरूको यो सभ्यता छ, उनीहरू आज वाक्क भएर यसबाट मुक्त हुने बाटो खोजिरहेका छन् तथा हाम्रो संस्कृतितर्फ आशामय दृष्टिले हेरिरहेका छन्; तर हामी अभागीहरू त्यसैलाई अँगाल्नको लागि आँखा चिम्लेर दौडिरहेका छौं। ईश्वरले हाम्रो बुद्धिमाथि रहेको विभ्रमको यो पर्दा कहिले न्छाउलान् ?

यस लेखमा मेरो अभिप्राय यो कदापि होइन कि म पाश्चात्य शिक्षाप्राप्त पुरुष तथा स्त्रीलाई मात्र उपर्युक्त दोषले युक्त ठान्दछु। मलाई यस्ता कैयौं पुरुषरत्न एवं सम्माननीय नर-नारीहरूसँग परिचय गर्ने सौभाग्य मिलेको छ जो यस शिक्षामा धेरै माथि पुगेका भए तापनि सबै दृष्टिकोणले आदर्श छन् र महत्त्वपूर्ण जिम्मेदारीहरू पूरा गर्दै तपस्वी जीवन बिताइरहेका छन्। यस्ता कैयौं आमा तथा दिदी-बहिनीहरूलाई म चिन्दछु, जो पाश्चात्य शिक्षा प्राप्त गरेर पनि परम सती-साध्वी छन् र ईश्वर, धर्म तथा सदाचारप्रति परम् श्रद्धा राख्दछन्। परिचय त वास्तवमा थोरैसँग मात्र हुन्छ, मैले नचिनेका पाश्चात्य शिक्षाप्राप्त पुरुषहरूमध्ये अनेकौं यस्ता शुद्ध संस्कारी महानुभावहरू तथा अनेकौं पवित्रहृदया दिदी-बहिनीहरू होलान्, जसको समुचित आदर मैले गर्नुपर्दछ; तर मेरो विचारमा तीमध्ये अधिकांश उनै छन्, जो ज्यादा उमेर पुगेका छन् अथवा जो सौभाग्यवस घरको वा सत्सङ्गको शुद्ध वातावरणमा रहन्छन् र आफ्ना माता-पिताको शुद्ध आदर्शलाई केटाकेटीदेखि नै देख्दै आएका छन्। तरुण एवं वयस्क आजका छात्र-छात्राहरूमा त यस्ता पुरुष तथा नारीको संख्या क्रमशः घट्दै नै गइरहेको छ। यो कुरा त सबैले स्वीकार गर्नै पर्दछ तथा प्रत्यक्ष प्रमाणहरूले पनि यही कुरा देखाइरहेका छन्।

धार्मिक भावको उपेक्षा नै हाम्रो अनुशासनहीनता तथा नैतिक स्तरको ह्रासको प्रमुख कारण हो। आज चाहे जे-जस्तो अवस्था होओस्, तर अनादिकालदेखि नै हिन्दूराष्ट्र सधैं धर्ममूलक राज्य रही आएको छ। आज समयको प्रभावले गर्दा वा पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरू चाहे धर्मलाई केवल व्यक्तिगत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार सम्झनू अथवा केवल मन्दिर, मस्जिद र गिर्जाघरको सीमित क्षेत्रको कुरा सम्झनू, तर हाम्रो राष्ट्रमा त अति प्राचीनकालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा यति व्यापक रूपमा फैलिएर रहेको छ जसरी शरीरमा रगत। जसरी रक्तहीन शरीरको कल्पना पनि गर्न सकिन्न, त्यसरी नै धर्मनिरपेक्ष राष्ट्रको पनि कल्पना गर्न सकिंदैन। अनुवादको अधुरो प्रणालीले गर्दा आज यस शब्दले आफ्नो विष बडो भद्दा किसिमले फिजाइदिएको छ, जसले अनुशासनहीनता तथा अनैतिकतालाई प्रोत्साहन दियो र दिइरहेको छ। अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरूका भावलाई पूर्ण रूपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीं त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जुन अनर्थको कारण बन्न सक्तछ। धर्म-निरपेक्ष यस्तै एक शब्द हो। यसको वास्तविक अर्थ हो– 'सबै धर्महरूलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवं अगाध श्रद्धा' जसको भ्रामक अर्थ लगाइएको छ– 'कुनै पनि धर्मलाई नमान्नु।' दुर्भाग्यवस आजको युवापींढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ, फलस्वरूप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ।

प्राचीनकालमा जीवनका सम्पूर्ण क्षेत्रहरू, सामाजिक होऊन्, राजनीतिक, वैयक्तिक होऊन् वा सामूहिक र अक्षुण्ण होऊन् भन्ने धर्मभावनाले ओतप्रोत हुने गर्दथे। एक सामान्य नागरिकदेखि सम्राट्सम्मको सम्पूर्ण कार्य तथा क्रियाकलापमा धर्मको नियन्त्रण थियो र उनीहरूले जेसुकै गरे पनि त्यसको गणना पाप र पुण्य यिनै दुई क्षेणीमा गरिन्थ्यो। वास्तविक कुरा त यो हो– हिन्दूधर्मको प्राचीन इतिहासमा हामी सम्पूर्ण कुराहरूको केवल एकमात्र क्षेत्र पाउँदछौं, त्यो हो धर्मको क्षेत्र। राजनीति, समाजवाद, व्यापार-व्यवसाय, युद्धविद्या, सङ्गीत, नृत्य, चित्रकलादि, शिक्षा, सदाचार, परम्परा आदि सम्पूर्ण विधाहरू तथा मानवोचित गुण त्यसै धर्मलाई पुष्ट पार्ने उद्देश्यले नै विकसित भएका थिए। एक साधारण कुरा नै लिऊँ– राष्ट्रको योग्य नागरिक बन्नको लागि जे-जे गुणहरूको आवश्यकता हुन्छ, वेदादि शास्त्रहरूमा ती सबै धर्मका अनिवार्य अङ्ग घोषित गरिएका छन्– सत्यभाषण, आवश्यकतानुसार अरूलाई मद्दत गर्नु, मातृभूमिप्रति प्रेम, सद्व्यवहार, सदाचार-पालन आदि सबै गुणहरू, जसको आज कानूनी व्यवस्था गर्नु परिरहेको छ– कुनै बेला धर्मका अङ्ग थिए र मानिसहरू तिनलाई यसै विश्वाससाथ पालन गर्दथे कि उनीहरू धर्मार्जनद्वारा पुण्यभागी बनिरहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज धार्मिकभावको उपेक्षा हुनाले? धर्ममा आधृत जनताको नैतिक स्तर मात्र तल झरेको छैन अपितु शासनतन्त्रको लागि समेत राजनीतिक शिरोवेदना (Poltical Headache) उत्पन्न भएको छ। जनतामा धर्मनिरपेक्षप्रति रुचिको वृद्धिले धर्म-अधर्म, पाप-पुण्यप्रति विकृत एवं ढोंगी विचार उत्पन्न भएको हुनाले चोरी, ठगी, व्यभिचार, हत्या आदि अपराधहरूमा अवाञ्छित रूपमा वृद्धि भइरहेको छ। बितेका केही वर्षको तथ्याङ्क-बाट यही परिणाम स्पष्टसँग देखिन्छ– अनेकौं प्रकारका वादका चक्करमा फँसेर हामीले (संसारले) केही पनि ठोस उपलब्धि हासिल गर्न सकेनौं, बरु धेरै कुराहरू भने निश्चय नै गुमायौं। अघि-अघि कुनै पनि काम गर्दा मानिसको हृदयमा यो भावना उब्जन्थ्यो– 'ओहो ! यो त पाप हो।' तर आज यो भावना सर्वथा लुप्त हुँदै गइरहेको छ। धर्म अधर्मलाई त देखावटी बनाइदिए, ढोंग बनाइदिए, अब मनुष्यलाई खराबीबाट जोगाउने को ? कानून ? त्यही लचकदार कानून, जो वकील महानुभावहरूको वाक्पटुतामा फँसेर केही समयसम्म छट्पटाएर शान्त हुन्छ ? के कानून भन्ने कुरा हरबखत अपराधी सँगसँगै हिंड्छ ?आज प्रायः जहाँतहीं बजारमा मिसावटयुक्त खाद्य सामग्री-हरूको बिक्री भइरहेको छ। प्रत्येक वस्तु, खाद्य सामग्री मात्र हैन औषधिहरूसम्म पनि मिसावटयुक्त नै पाइन्छन्। किन यो कानून ती नरपिशाचहरूको हात समातेर भन्न सक्तैन– 'खबरदार ! तिमी यो अशुद्ध र सत्त्वहीन वस्तुहरू खुवाइ-खुवाइ हाम्रा नागरिकहरूको आयु र स्वास्थ्य बरबाद पारिरहेका छौं।' तर केवल कानून मात्रमा यो शक्ति छैन। आजको यस कानूनको त विचित्र चाला छ, जो सोझा-साझा र निमुखा मानिस त्यसको हातमा पर्दछन्, ती त अकालैमा मर्दछन्, तर जो चलाख हुन्छ, समर्थ र सम्पन्न हुन्छ तथा कानूनरूपी अस्त्रलाई चाँदीको झन् चम्किलो अस्त्रले परास्त गर्न क्षमता राख्दछ ,उसलाई कानूनसँग केको डर र केको त्रास !

यी दुष्प्रवृत्तिहरूलाई रोक्न सक्ने शक्ति धर्ममा नै छ, जसमा आज हामी निरपेक्ष हुँदै गइरहेका छौं। त्यस धर्ममा नै एकान्त तथा शून्यमा सबैको आँखा छलेर कुभलो गर्न खोज्ने मानिसको हात समातेर यो भन्न सक्ने शक्ति थियो– 'ए मूर्ख !' किन यसरी लुकेर पापी प्रवृत्तिमा लाग्दैछस् ? यो कुरा नबिर्सी कि धर्मराजको दरबार-मा एकदिन तैंले यस कुराको उत्तर दिनुपर्नेछ। यो नसोच् कि तँलाई कसैले देखेको छैन। सदा स्मरण राख् –

द्यौर्भुमिरापो हृदयं चन्द्रार्काग्निर्यमानिलाः ।
रात्रिः सन्ध्ये च धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् द्युलोक, पृथ्वी, जल, अग्नि, हृदयमा बसिरहेको भगवान्का प्रतिनिधि आत्मा, सूर्य, चन्द्र, यम, वायु, रात्रि तथा दुवै सन्ध्याहरूका दैवी शक्तिहरू पनि मानिसहरूले लुकी-लुकी गरेका सम्पूर्ण कार्यहरू अवश्य देख्दछन् । यस प्रकारको भावनाको उदयबाट मानिस ज्यादाजसो पापमार्गबाट पर हुन्थ्यो । प्रत्येक धर्ममा यस्ता अनेकौं घटनाहरूको उल्लेख भएको पाइन्छ कि यस भावनाले मानिसहरूलाई सत्मार्गमा लगायो । कानून यस भावनाको एक उत्तम साधन अवश्य हुन सक्तछ आफ्नो छल, बल एवं कौशलले यहाँको अदालतलाई छलेर उम्के पनि सर्वव्यापी ईश्वरको त्यस बृहत् अदालतबाट कसरी उम्कलान् र ? यही अटल एवं मानिसको हृदयमा बलियो जरा गाडेको धारणाले नै आजसम्म मनुष्यलाई कुपथमा लाग्नबाट जोगाई आएको छ ।

हिन्दू राजाहरूमध्ये सूर्यवंशी तथा चन्द्रवंशी राजाहरू ज्यादै प्रसिद्ध भएका छन् । आज संसारका सबै राष्ट्रहरूमा चोरी, झूठ, व्यभिचार, हत्या, छलकपट आदिको बोलबाला छ, र सरकार जति-जति नयाँ कानूनहरू बनाएर यी खराबीहरूमाथि रोक लगाउन खोज्दछ यी खराबीहरू त्यति-त्यति नै बढ्दै गइरहेका छन् । संसारको इतिहासमा यस्ता शासकहरूको उदाहरण विरलै पाइन्छ, जसले यी लोकविघातक दुष्प्रवृत्तिहरूलाई जरैदेखि उखेलेर फ्याँकेका छन् । महाराज अश्वपति यस्तै विरल राजाहरूमध्ये एक थिए । **छान्दोग्योपनिषत्**मा ती न्याय-परायण तथा प्रजापालक राजाको यों सात्त्विक गर्वोक्ति पाइन्छ –

न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः ।
नाऽनाहिताग्निर्नाऽविद्वान् न स्वैरी स्वैरिणी कुतः ।।

अर्थात् मेरो राज्यमा न कोही चोर छ, न जुवाडी, जँड्याहा आदि छन् । यस्तो कुनै व्यक्ति छैन जो प्रातः-साँझ यज्ञ गर्दैन । कोही अशिक्षित छैन; तथा जब कुनै पुरुष पनि व्यभिचारी छैन भने व्यभिचारीणी नारी कहाँ हुनु ! विश्वकै इतिहासमा यति खोजमूलक र विश्वासपूर्ण व्यापक कुरा भन्न सक्ने राजा हिन्दूदेशको अतिरिक्त अन्त कहीं पाउने छैनौं । के तिमीलाई आफ्नो पुर्खाको उज्ज्वल कीर्तिमा गर्व लाग्दैन ? यदि लाग्छ भने अर्काको अन्धाधुन्ध अनुकरण गर्ने यो बानी किन ? आफै विचार गर ।

अब प्रश्न उठ्छ– धर्म र ईश्वरलाई किन मान्नुपर्दछ ? भोजन किन गर्नुपर्दछ ? पानी किन खानुपर्दछ ? सास फेर्नु किन आवश्यक छ ? किन सुत्नुपर्दछ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी प्रश्नहरूका उत्तर यिनै हुनेछन्– भोकको कष्टले भोजन गर्न विवश पार्दछ,प्यासले पानी पिउन विवश बनाउँदछ,जिउनुले सास फेर्न विवश गर्दछ, थकाइले सुत्नु आवश्यक बनाउँदछ । त्यस्तै संसारमा कष्ट र दु:खको अनुभवले कष्ट र दु:खको उपस्थिति ईश्वर तथा धर्म-(व्यवस्था)-लाई स्वीकार गर्न र अङ्गीकार गर्न आवश्यक बनाउँदछ । यदि संसारमा दु:ख नभएको भए अथवा संसारमा दु:खको निराकरण भएको भए यसको उपेक्षा निश्चय नै गरिन्थ्यो होला, तर आज कुनै दार्शनिक महात्मा वा वैज्ञानिकले हामीलाई यो बताउन सकेको छैन– संसारबाट कष्ट दूर गर्ने स्थायी उपाय के हो ?

यस कुरामा शङ्का छैन– विज्ञानले दु:ख-कष्ट कम गर्ने धेरै उपायहरू बतायो, त्यसको साथसाथै शुद्ध भावले निकै हदसम्म यस दु:खको निदान गर्ने प्रयत्न गऱ्यो, जसको लागि हाम्रो हृदयमा असीम कृतज्ञता छ; तर अपशोच ! यति गरेर पनि संसारबाट दु:ख घटेन । वाह्य उन्नतिबाट हार्दिक उन्नति हुन सकेन । विज्ञानले सुखका अनेकौं साधनहरू बनायो, जसबाट मनुष्यलाई धेरै आराम मिल्यो, बाहिरी दु:ख निश्चय नै कम भयो, तर यी कुराहरूबाट हार्दिक शान्ति किन प्राप्त हुन सकेन ? सकल-सुखसाधन-सम्पन्न व्यक्तिहरू पनि दु:खी नै छन् र उनीहरू प्रश्न गर्दछन्–शान्ति कहाँ छ ?

आफ्ना समयका नास्तिकताका प्रबल समर्थक श्री डेविड ह्यूम- (David Hume ले- आफ्नो सुप्रसिद्ध पुस्तक Treatier on Human Nature मा राम्रोसित स्वीकार गरेका छन्–

The intense view of these manifold contradictions and imperfection in human reason has so wrought upon me and heated my brain that I am ready to reject all belief and reasoning, and can look upan no opinion as more probable or likely than another. Where am I or what ? From what causes do I derive my existence and to what conditions shall I return ? Whose favour shall I covert? And whose anger must I dread ? What beigns surround me ? And on whom have I any influence or who has any influence on me ? I am confounded with all these questions, and begin to fancy myself in the must deplorable condition imaginable environed with the deepest darkness, and utterly deprived of the use of every member and facutly.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् मनुष्यका युक्तिहरूको अपूर्णता तथा तिनमा विद्यमान अनेकौं विरोधी जटिलताहरू देखेर म यति प्रभावित भएको छु तथा मेरो मस्तिष्क यसले यति अस्त-व्यस्त गरिदिएको छ कि सबै प्रकारका विश्वास एवं युक्तिहरूलाई स्वीकार नगर्न म तयार छु र कुनै पनि विचारलाई अर्कोभन्दा ज्यादा सम्भव एवं समर्थनयोग्य मान्न सक्तिनँ। 'म कहाँ छु र के हुँ ? मेरो जीवन कुन स्रोतद्वारा प्रभावित हुन्छ र यो कहाँ जान्छ ? म कसको कृपाप्रति लालायित छु र कसको रिससँग डराउँछु ? मेरो चारैतर्फ यो के छ ? मैले कसलाई प्रभावित पारेको छु र म केद्वारा प्रभावित छु'– मेरा चारैतर्फ यी प्रश्नहरू खडा हुन्छन् र म ज्यादै नैराश्यपूर्ण अवस्थामा (विचारमा) पर्दछु। मेरो चारैतर्फ घोर अन्धकार व्याप्त छ, तथा मेरा मानसिक शक्ति एवं सम्पूर्ण अङ्ग अकर्मण्य हुन्छन्।

नास्तिकतामा निराशा एवम् अन्धकारबाहेक अरू मिल्दछ पनि के र ? तब के तिमी यस नैराश्यपूर्ण अन्धकारमा प्रसन्न रहन सक्तछौं ? अहँ, के तिमी सुखको खोज र इच्छाहरूलाई छाड्न सक्तछौ ? अहँ, अब संसारमा सुख छैन र सुखको खोजी छाड्न सकिन्न भने के गर्ने ? यसको उत्तर यही नै हुन आउँदछ– या त त्यो मृग जस्तो हुनुपर्‍यो, जो प्यासले व्याकुल भई मरुभूमिमा माया-मरीचिकाको पछि-पछि दौडन्छ, तर उसले त्यहाँ कहीं पानी पाउँदैन र छट्पटाएर प्राणत्याग गर्दछ, अथवा कसैसँग सोधेर जलको खोजी गर्नुपर्‍यो, जलाशयको पत्ता लगाउनुपर्‍यो। त्यसैले 'सुख कसरी पाइन्छ' को उत्तर यही नै हुन आउँदछ– ईश्वरलाई चिन, ईश्वर नै हाम्रो त्यस आवश्यकताका पूर्ति हुन्।

वस्तुतः ईश्वरको सत्ताले युक्तिहरूको अपेक्षा राख्दैन, अपितु युक्तिहरू नै आफ्नो अस्तित्वको लागि ईश्वरको अपेक्षा राख्दछन्। युक्तिहरू मानव-मस्तिष्कका उपज हुन्। मस्तिष्कको सम्बन्ध शरीरसँग छ। शरीर संसारसँग र संसार ईश्वरसँग सम्बद्ध छ। ईश्वर नभएको भए संसार पनि हुने थिएन, शरीर पनि हुने थिएन, न त मस्तिष्क नै हुने थियो र मस्तिष्क नभई युक्तिको सृजना कहाँबाट हुने ? अतः ईश्वरको सत्ता युक्तिहरूको अधीनमा छैन, अपितु यी सब कुराहरू उसको सत्ताको अधीनमा छन्। उनी संसारका प्रत्येक परमाणुमा बसेर 'म छु, म छु' भनिरहेका छन्, तर हामी 'नामरूप' हेर्दै उनलाई बिर्सन्छौं। यदि तिमी सिनेमाघरको पर्दामा चित्रहरू आऊन् भन्न चाहन्छौ भने सबै झ्याल-ढोकाहरू बन्द गर। जब बाहिरी प्रकाश रोकिन्छ, तब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र प्रष्ट देखिन्छ । त्यसै प्रकार जब इन्द्रियहरू बाहिरी प्रकाश अर्थात् इच्छाहरूलाई मनमा उतार्न छाड्छन्, तब ईश्वरको सत्ताको प्रमाण पाइन्छ । त्यसलाई प्राप्त गर्ने प्रबल इच्छा हुनुपर्छ ।

सर्वप्रथम हृदयलाई पवित्र गर । हृदयको पवित्रता के कुरा हो ? नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण । यी कुराहरूलाई प्रथम-नियमरूप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक नै किन नहोओस्, हृदय शुद्ध हुन थाल्छ । यसपछि त्यो सत्ता स्वयं नै आफ्नो प्रभाव एवं आफूप्रतिको विश्वास बढाउन थाल्दछ–

अस्तीत्येवोपलब्धस्य तत्त्वभावः प्रसीदति । 'उनी छन्' –यसमा दृढ विश्वास राख ।

सम्पूर्ण देश तथा समयका मनुष्यहरूले परमात्माको सत्तालाई स्वीकार गरेका छन् । ऋषि-मुनि/ एवं साधु-महात्माहरूले माथि-तल, बाहिर-भित्र सर्वत्र उनको सत्ताको दर्शन गरेका छन् मानवबुद्धिको यथासम्भव उपयोग गर्ने दार्शनिक, तार्किक तथा वेदान्तज्ञाताहरूले उनको अस्तित्व प्रमाणित गरेका छन् । योगीहरूले त्यस अन्तर्ज्योतिको अनुभव गरेका छन् । जसको प्रकाशमा उनै प्रिय ईश्वरको अजर सौन्दर्य प्रकट हुन्छ । कविहरूले त्यस सौन्दर्यलाई राम्रा-राम्रा छन्दहरू एवं सुन्दर गद्य-पद्यहरूमा वर्णन गरेका छन् । अज्ञेयवाद तथा नास्तिकहरूको व्यर्थका तर्क-वितर्कभन्दा यी घटना-हरूको प्रमाण निकै बलवर्धक छन्; तर यी सब कुराहरू बाहेक हाम्रो आफ्नै अन्तस्तल-भागको जुन पुकार छ, ईश्वरको अस्तित्वको लागि त्यसभन्दा बलियो अरू के प्रमाण हुन सक्तछ ? हाम्रो बुद्धि- विवेकले नै हामीलाई यो कुरा भन्दछ– नियमबद्ध रूपले यस संसारलाई चलाउने नियमहरूको निर्माता कोही-कोही अवश्य छ; कुनै यस्तो चेतन-शील समष्टि मन छ जो मानिसहरूको पाप तथा पुण्यका सबै काम-कारवाईहरूलाई प्रष्ट जान्दछ तथा कर्मअनुसारको फल प्रत्येकलाई समय-समयमा प्रदान गर्दछ । प्रकृति जड र मनुष्य स्वार्थी छ; अतः यी दुवैभन्दा माथि कुनै प्रभु छन्, जो न जड छ, न स्वार्थी अपितु उनी अनन्त शक्ति-ज्ञानका स्रोत र प्रेमका स्वरूप छन् । हाम्रो हृदय हामीलाई तर्कशास्त्रको कुनै युक्तिको बलले नभ्याउने जोडले, हाम्रो मन्दबुद्धि तथा शङ्कालु विवेक पछाडि नै छाड्ने वेगले तथा गणितका विकट समस्याका समाधानहरू तथा बाटैमा अलमलिइरहने हाम्रा बुद्धिका उपायहरू जहाँको त्यहीं नै रहने गरी प्रत्यक्ष रूपले यही नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध गर्दछ– यही तिम्रो कोई प्रियतम नभएको भए र यदि उसले तिमीलाई बोलाई नरहेको भए तिम्रो मनमा प्रेमको प्रकाश कहिल्यै प्रज्ज्वलित हुनसक्ने थिएन । यस्तै प्रेमको भाव उत्पन्न भएपछि कवि टेनिसन Tennyson ले आफ्नो Two Voices नामक कवितामा प्रश्न गरेका छन्–

Who forget that other influence,
The heat of inward evidence,
By which he doubts against the sense ?

अर्थात्–यो दोस्रो प्रभाव कसले उत्पन्न गऱ्यो ? अन्तःसाक्षीको यो ताप कहाँबाट आयो यसले गर्दा इन्द्रियहरूको साक्षीमाथि पनि विश्वास बाँकी रहेन ?

प्रत्येक मानिसभित्र एक सहज ज्ञानस्फूर्तिको शक्ति हुन्छ, जो अकस्मात् सूर्यको प्रकाशले जस्तै हाम्रो हृदयाकाशलाई प्रकाशित पार्दछ तथा भगवान्‌को मुख-मण्डलको सौन्दर्य र उनको प्रेममधुर मुस्कानको मोहक छवि देखाउँदछ । आत्मज्ञानको कुराको लागि प्रमाणको के आवश्यकता छ ? यसको लागि प्रमाण हुनै के सक्तछ र ? चिनीको स्वाद जिब्रोमात्रले अनुभव गर्न सक्तछ, के यसको कारण बताउनको लागि पनि कुनै वैज्ञानिकको आवश्यकता पर्दछ ? अनि, वैज्ञानिक के वास्तविक कारण भन्न सक्तछ ? ऊ एक वैज्ञानिकको हैसियतले त केवल यो भन्न सक्तछ– चिनीमा गुलियोपनको कुनै तत्त्व छ र कुनै ज्ञानेन्द्रियको अग्र भागमा त्यसलाई ग्रहण गर्ने क्षमता छ, तर यति भन्नु केवल शुष्क पाण्डित्य तथा घमण्डी ज्ञान दर्शाउनु मात्र हो। जुन व्यक्तिलाई ईश्वरको सत्ताप्रति विश्वास छैन, त्यही नै संसारको सबैभन्दा ठूलो अभागी हो; किनभने जीवनको जुन वास्तविक प्रयोजन उपभोग र महत्त्व छ उसले त्यसलाई नै गुमाएको छ । पशुहरूमा बुद्धि तथा सहज ज्ञानस्फूर्ति हुँदैन, त्यसैले ऊ ईश्वरलाई चिन्न सक्तैन, तर बुद्धि तथा सहज ज्ञान-स्फूर्ति हुँदाहुँदै पनि जो मनुष्य ईश्वरीय विश्वासदेखि पर रहन्छ, ऊ वास्तवमा आफ्नो ठूलो हानि गर्दछ । श्रुतिमा भनिएको छ–

इह चेदवेदीदथ सत्यमस्ति
न चेदिहाऽवेदीन्महतो विनष्टिः।
भूतेषु भूतेषु विचित्य धीराः
प्रेत्याऽस्माल्लोकादमृता भवन्ति ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्– यसै जन्ममा ब्रह्मलाई चिन्न सकिए त ठीक छ, तर उसलाई यस जन्ममा चिन्न सकिएन भने ठूलो हानि छ । बुद्धिमान् मानिसहरू यसलाई समस्त प्राणिमात्रमा उपलब्ध गरी यस लोकबाट गएर अमर हुन्छन् ।

विज्ञानले यस विश्वको अद्भूत रचनाक्रमको विवेचना गरेर वास्तवमा धर्मको ठूलो सेवा गऱ्यो । विज्ञानले यो कुरा सिद्ध गरेको छ – विश्व परमाणुहरूद्वारा बनेको छ, प्रत्येक परमाणु (Atom), धनात्मक (Positive) र ऋणात्मक (Negative) विद्युत्शक्तिको मिश्रण हो र यो एक-एक सौर मण्डलको समान छ, जसमा अतिसूक्ष्म विद्युतपरमाणु (Electrons) आफ्नो अत्यन्त सूक्ष्म अन्तरङ्ग परमाणुहरू (Protons) को चारैतिर अति वेगले घुमिरहेको छ । यसप्रकार यो जड संसार गतिमय छ र यो गति विद्युतीकरण (Radiation) हो । बस, विज्ञानको विश्लेषण यहींसम्म पुगेर रोकिन्छ तथा विज्ञान यो बताउन असमर्थ छ– यो विद्युतीकरण के हो ? गतिको यो गतिशीलता कहाँबाट आयो ? र संसारको जुन नियमबद्धता देखिन्छ, त्यो कहाँबाट आयो ? यो विश्वका सबै अंशहरूको आश्रय कसरी सिद्ध भयो । सर्वत्र सौन्दर्यको यो आश्चर्यजनक परिदर्शक कसरी भइरहेको छ ? तथा, यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुरा, यो जीवन कसरी सुघटित भएको छ ? विज्ञान यी प्रश्नहरूको सामु मौन छ । यो विश्वको रहस्य त्यति नै आश्चर्यजनक छ, जति यसको सौन्दर्य छ । जीवनभन्दा पनि ज्यादा रहस्यमय एवं आश्चर्यमय मन छ । यदि यस जड विश्वमित्र मन नभएको भए यसले आफूलाई कसरी व्यक्त गर्ने थियो ?

वाल्मीकि, व्यास तथा कालिदास वा शेक्सपियर, मिल्टन र गेटे, केवल विद्युत्शक्ति वा केवल प्राणतत्त्वबाट नै कसरी उत्पन्न हुन सक्ने थिए । मनभन्दा पनि आश्चर्यजनक वस्तु हो– प्रेम । यो प्रेम कहाँबाट उर्लन्छ, जो प्रेमास्पदलाई सुखी, सुरक्षित एवं निर्मुक्त गर्नको लागि आत्मत्सर्ग गर्नमा दिव्य आनन्दको अनुभव गर्दछ । यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुनै आदर्शको लागि प्रेमावेश हो, हृदयको त्यो उफ्राइ हो, जो रत्नजडित राजमुकुटभन्दा काँडाको आसनलाई बढी मूल्यवान् ठान्दछन् र सबैभन्दा आश्चर्यजनक छ– सनातन सौन्दर्य तथा प्रेममाथि प्रेमयोगीको आत्मोत्सर्ग । यो संसार यिनको दृष्टिमा प्रेममय, प्रेमी र प्रेमास्पद छ । के यी सबै कुराहरूबाट यो स्पष्ट हुँदैन कि अनन्त-असीम नै यस शान्त–ससीममा मिलेको छ । यद्यपि हामी त्यसलाई तबसम्म देख्न सक्तैनौं, जबसम्म हामी यस जन्म-मरणको चक्रमा बाँधिएका हुन्छौं । हाम्रो चारै-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिरका सङ्गीत गुन्जायमान भइरहेको छ। यसलाई रेडियोले नै उत्पन्न गरेको होइन । हो, यो सुन्न र बुझ्नको लागि आवश्यकता छ सूक्ष्म चेतनाको, तर यो चेतना पनि उनको कृपाले प्राप्त हुन्छ। भगवान्‌ले पनि श्रीमद्भागवद्गीतामा भन्नुभएको छ– **दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम्**

मेरो यो विश्वास छ– जसरी भगवान् बुद्धि एवं वाणीभन्दा पर रहेर पनि विशद्ध बुद्धि एवं वाणीमा आउन सक्तछन्, त्यसै गरी उनी चक्षु, श्रवण तथा स्पर्शको क्षेत्रमा पनि आउन सक्तछन् । उनी सबैमा सबै थोक हुन्, त्यसैले हामी न केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं, अपितु उनलाई देख्न पनि सक्तछौं र उनको वाणी सुन्न समेत सक्तछौं । उनको रूप अनेक र स्वर अनन्त छ । उनको कुनै एक रूप वा वाणीलाई सर्वोत्तम मान्नु मनुष्यको मिथ्याभिमान हो । तैपनि यो कुरा सत्य हो–संसारका दिव्य अपौरुषेय ग्रन्थहरू नै उनको वाणीका पहिचान हुन् । यदि यस्तो नभएको भए जोसुकै धोकेबाज एवं पाखण्डी व्यक्ति आफूलाई सिद्ध बताउँदै अज्ञान तथा अन्धविश्वास फैलाउन सक्तथ्यो । हाम्रो कर्तव्य त यति मात्र हो– आफ्नो शरीर, मन तथा इन्द्रिय-हरूलाई शुद्ध पारौं, किनभने यी भगवान्‌का मन्दिरका द्वार एवं प्राङ्गण हुन् । अनि हृदयको गर्भस्थित मन्दिरमा भगवान् प्रकट हुनु उनको आफ्नै इच्छामा निर्भर छ– **यमवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनुं स्वाम्** **(कठोपनिषत्)** । चित्त-शुद्धीको लागि हामीले ईश्वरसँग प्रार्थना गर्नुपर्दछ– जीवनको ऐहिक सुखको लागि होइन अपितु मनको अचञ्चलता, प्रसन्नता एवं दृढताको प्राप्तिको लागि भगवान्‌को पवित्र नामको हामीले निरन्तर जप गर्नुपर्दछ तथा भगवान्‌को लक्षण, गुण एवं उनका करुणामय लीलाकर्महरूको चिन्तन गर्नुपर्दछ– **जपेनैव तु संसिद्धयेद् ब्रह्मणोनाऽत्र संशयः ।**

हामीले अपौरुषेय ग्रन्थहरू तथा धर्मशास्त्रको अध्ययन गर्नुपर्दछ । **स्वाध्याय योगसम्पत्त्या परमात्मा प्रकाशते** । अस्तु ।

व्यक्तिगत अनुभवका विषय यति गुह्य एवं गोपनीय हुन्छन् कि तिनको सम्बन्धमा सामान्यतया कसैसँग आलोचना गर्ने प्रवृत्ति नै हुँदैन । मेरो व्यक्तिगत प्रकृति एकातिर जसरी विश्वासशील छ, अर्कोतिर त्यसै गरी सशंयप्रवण छ । अतएव मैले आफ्नो जीवनमा जे-जति उपलब्ध गरेको छु र गरिरहेको छु तिनलाई ज्यादै कठोरताका साथ सबै प्रकारका प्रमाणका कसीहरूमा नजाँचीकन मैले स्वयं कहिल्यै पनि सत्य रूपमा ग्रहण गरेको छैन वा गर्दिनँ । मेरो विचारमा जे सत्य छ त्यो सदैव सत्य नै रहन्छ । अतः परीक्षा गर्नाले त्यसको चमक बढ्ने नै छ, घट्ने छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युक्ति तथा विचारको प्रमुख काम हो– असम्भावनालाई पर सार्नु । अर्थात् हृदय प्रिय वचन सुनेर स्वभावतः जुन विषयमा श्रद्धाशील हुन्छ, त्यो अयौक्तिक होइन अपितु सम्भावनीय हो, यति कुरा देखाउँदैमा युक्तिविचारको कार्य समाप्त हुन्छ । यसपछि साधन-प्रणालीद्वारा त्यसै श्रद्धालाई विषयीभूत, महापुरुषहरूका उपदेशहरू एवं युक्तिद्वारा समर्थित सत्यको रूपमा प्रत्यक्ष पार्नु आवश्यक छ । यस साधन-प्रणालीमा मूलतः योग नै सर्वप्रधान छ । कर्म, ज्ञान, भक्ति आदि यसकै सहायक साधनहरू हुन् । योगको अवलम्बनद्वारा जब साध्य तत्त्वलाई सम्पूर्ण रूपले प्रत्यक्ष गरिन्छ, तब सबै शंकाहरू स्वतः दूर हुन्छन् । ज्ञाता र ज्ञेयबीचको भ्रामक भेद हटेपछि विशुद्ध ज्ञानको आकाशमा विशुद्ध चैतन्य ज्योति स्वयंमेव प्रतिष्ठित भएर अखण्ड स्वप्रकाश सत्ताको रूपमा स्थित हुन्छ । यसैले तर्क-वितर्क तथा शङ्का-उपशङ्काको जालबाट मुक्त भएर चाँडै नै कुनै एक साधनामा लीन भइहाल । यसैमा कल्याण छ । इति ।

मेरा परिचित धेरैजसो भावुक युवक भक्तजन यस्ता छन्, जसले हिन्दू-धर्मको मौलिक संस्कृत ग्रन्थहरूसंग अनभिज्ञ हुँदा-हुँदै पनि आधुनिक भौतिक एवं व्यावहारिक विद्याहरूमा उच्च शिक्षा प्राप्त गरेका छन्, र संस्कृतका मौलिक धार्मिक साहित्यहरूको अध्ययन-अध्यापनको व्यवस्था स्कूल-कलेजहरूमा नभएको हुनाले गर्न पाएनन् । अब उनीहरू व्यवहार तथा गृहस्थी जीवनको जिम्मेवारीमा व्यस्त भएको हुँदा मौलिक ग्रन्थहरूको अध्ययन गर्ने समय निकाल्न असमर्थ छन् । यति हुँदा हुँदै पनि धर्मको स्वरूप तथा आध्यात्मिकसाधनाको लागि हृदयदेखि नै लालायित रहन्छन्, त्यस्तै जिज्ञासु पाठकहरूको लागि नै **धर्मविज्ञान** नामक ग्रन्थको सङ्कलन गरिएको छ । यसमा अत्यधिक अंश कल्याण, सत्मार्ग, अध्यात्मकल्पहरू आदि मासिक पत्रिकाहरूका तथा अन्यान्य भूतकालका विद्वान्हरू र महात्माहरूका उपदेशहरू एवं लेखहरूको सङ्कलन गरिएको छ । दुःखको कुरा छ– ती महापुरुषहरूमध्ये धेरैजसो आज यस संसारमा छैनन् । म ती सबैप्रति अत्यन्त आभारी छु तथा तिनको दिवंगत आत्माको अनन्त शान्तिको लागि कृतज्ञतापूर्वक भगवान्सँग प्रार्थना गर्दछु ।

यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदार नीति अँगालिएको छ । समयको माग एवं उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो विचारमा वाञ्छनीय हुँदैन । बीचको बाटो नै ठीक हुन्छ । यति सङ्कीर्ण नबन कि अरू मानिस तिम्रो नजीक नै नआऊन् नै यति उदार पनि नबन कि अरूले तिम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यधिक उदारताको अनुचित लाभ उठाएर तिम्रै लागि अनेक समस्या उत्पन्न गरिदिऊन् । सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु– यही नै मध्यम मार्ग हो ।

संस्कृतका प्रौढ विद्वान्हरूको लागि सम्भवतः यो ग्रन्थ ज्यादा आकर्षण-विन्दु नबन्ला, किनकि उनीहरूले मौलिक ग्रन्थहरूको अध्ययन-मनन गरिसकेका हुन्छन् । यस ग्रन्थको ज्यादाजसो उपयोग भौतिक तथा व्यावहारिक शिक्षा पाएका ती विद्वत्वर्गको लागि हुनेछ, जो वास्तवमा आफ्नो धर्म एवं संस्कृतिबारे आधुनिक भाषामै जानकारी चाहन्छन् । यस प्रकारका पाठकहरूको ऋषि-मुनिहरू तथा शास्त्रवचनहरू-माथि विश्वास हुँदैन, त्यसैले यस ग्रन्थमा यस्ता प्रमाणहरू ज्यादा नदिएर केवल पदार्थ-विज्ञान तथा मानस-विज्ञानशास्त्रद्वारा सम्मत बुद्धिगम्य युक्तिहरू तथा जनसाधारणका अनुभवको आधारमा नै धर्म एवम् ईश्वरको विषयमा विचार गरिएको छ । मेरो विनम्र प्रार्थना यही छ– भौतिकवादको पक्षपात र दुराग्रहलाई छाडेर सार एवं असारको विचार गरी सत्यलाई ग्रहण गरून् । केवल वैज्ञानिक र युक्तिप्रधान दृष्टिकोण अँगालिएकोमा संस्कृतका आदरणीय विद्वान्हरूले क्षमा गर्नेछन् ।

भाषाको कठोरताको आभास ठाउँ-ठाउँमा हुनु सम्भव छ । यसका मुख्य-तथा दुई कारणहरू हुन सक्तछन् । पहिलो त मेरो आफ्नै कमजोरी र दोस्रो विवशता । मेरो गृहत्यागपछिको जीवनको तीन चौथाइ भाग हिमालयका हिमाच्छादित क्षेत्रहरू तथा पवित्र नदीका तटवर्ती जङ्गल तथा एकान्त स्थानहरूमा नै बिते र बितिरहेका छन् । मेरो बोली-चाली, खान-पान आदि धेरै मात्रामा ग्रामवासी व्यक्तिहरूबाट प्रभावित भएको छ । तिनीहरू शुद्ध भाषा त बोल्न सक्तैनन्, तर तिनको हृदय अन्य सभ्य मानिसहरूको भन्दा ज्यादा शुद्ध हुन्छ । ममा पनि भाषाको त्यही कमजोरी छ, त्यसको लागि म क्षमाप्रार्थी छु । दोस्रो कारण विवशताको विषयमा यही भन्नु छ– सबै धर्महरूको उपदेश प्रायः अनुशासनपूर्वक प्रबोधनात्मक शैलीमा दिइएको छ, विशेषतः हाम्रो धर्मको त यस्तै शैली छ, जस्तै– उठ्नुहोस्, जाग्नुहोस् नभनेर उत्तिष्ठत, जाग्रत अर्थात् उठ, जाग भनिएको छ । दुर्भाग्यवश यो बनावटी कुराहरू युगले उपदेश एवं ज्ञानका यस्ता शब्दहरूलाई रूखो एवं कठोर भाषाको श्रेणीमा राखेको छ । म यस कमजोरी तथा विवशताको लागि समालोचक, आलोचक र विशेषतः घोचकहरूसँग क्षमाप्रार्थी छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म आशा गर्दछु–यस सङ्कलित ग्रन्थद्वारा आधुनिक समाजका धर्म तथा ईश्वरसित सम्बद्ध धेरैजसो सन्देहहरूको निराकरण हुनेछ अनीश्वरवादको घोर अन्धकारतर्फ गइरहेका जनतालाई प्रकाश मिल्नेछ ।

यस पुस्तकद्वारा धर्मजिज्ञासु एवं मुमुक्षु व्यक्तिहरूलाई धर्म तथा साधना पथमा अग्रसर हुनमा सहायता मिलोस् भगवान्सँग मेरो यही हार्दिक प्रार्थना छ । अब अन्तमा–

'मेरा गुरुदेव,! अब म आफ्नो अन्तिम अभिलाषाको साथै चुप लाग्न चाहन्छु । गुरुदेव ! तपाईंले त सदादेखि सदासम्म चुप रहन नै मन पराउनुभयो । शब्द र संकेत गर्दा तपाईंलाई मनै पर्दैनन्, आजसम्म मैले तपाईंसँग जे-जति भनें, त्यो मेरो धृष्टता थियो । मैले अनेकौं पटक बितेका अनन्त जन्महरूमा तपाईंको यस आनादि अनन्त मौन मुद्रालाई खलबल्याउने असफल चेष्टाहरू गरें, तर सबै व्यर्थ भए । अब त मेरो मन तपाईंसँग केही पनि भन्न चाहँदैन । त्यसको आवश्यकता पनि त छैन, किनकि बोल्नुको मतलब तपाईंलाई बिर्सनु नै त हो । हे सच्चिदानन्दमय ! तपाईंलाई बिर्सेर जीवनको आनन्द कहाँ पाइन्छ ? अनि हे देव ! तपाईंलाई नबिर्सीकन बोल्नु पनि कसरी? **देवो भूत्वा एवं यजेत्**–देवपूजनको लागि पहिले आफै देव बन, तब मात्र उसको पूजा हुन सक्तछ । त्यसैले अब म पनि तपाईंजस्तै चूप लागेर पूर्ण मौन भएर, आफ्नो मनलाई पनि 'भयो, चूप लाग' भनेर तपाईंको यस जगदपवादाभिधष्ठानरूप शुद्ध स्वरूपमा आफ्नो यस मौनावेष्टित मनलाई– तपाईंदेखि मलाई अलग्याउने मनलाई– आफ्नो साथ-साथै एक बरफको टुक्रासम्म तपाईंको अनन्त समुद्रमा विलीन गरिदिन्छु । यही एक अन्तिम अभिलाषाको साथै यो सम्पूर्ण क्रियाकलाप तपाईं शुद्धस्वरूपलाई अर्पण गर्दछु । अब मेरो लेख्ने-लेखाउने, गर्ने-गराउने, हराउने-पाउने काम सदाको लागि समाप्त हुनेछ। साथै पाठकहरूका लागि पनि श्रुति भन्दछ –

उत्तिष्ठत, जाग्रत, प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत् कवयो वदन्ति ॥

ॐ शान्तिः शान्तिः शान्तिः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय–सूची

विषय	पृष्ठ संख्या
(क) प्रथम खण्ड	(१–९६)
१) ग्रन्थको प्रारम्भ – –	१
२) धर्मको उद्देश्य – –	२
३) प्राणीको विकास – –	३
४) स्वरूप – –	४
५) धर्मको परिभाषा – –	६
६) विज्ञानको अद्भुतता – –	७
७) हाम्रो अन्तिम लक्ष्य – –	७
८) जीवनको चिन्ह – –	८
९) उन्नतिको सच्चा अर्थ – –	८
१०) लक्ष्य र साधनक्रम – –	८
११) वास्तविक लक्ष्य – –	८
१२) साधनको विचारमा भेद – –	८
१३) लक्ष्यको एकता र लक्षण – –	८
१४) प्रवृत्तिको परिणाम निवृत्ति – –	१२
१५) ईश्वर – –	१४
१६) भगवान् को हुन् – –	१७
१७) निराकार-साकारको एकता – –	१८
१८) आधुनिकतम विज्ञान र शक्ति – –	१९
१९) अहिंसा धर्ममा आदर्श महापुरुषहरू – –	३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०)	सत्यको निरूपण	३३
२१)	सद्व्यवहार	३८
२२)	राजा हरिश्चन्द्र	४१
२३)	ब्रह्मचर्यको महिमा	४३
२४)	ब्रह्मचर्य धर्मको उदारहण	४५
२५)	अपरिग्रह तथा सन्तोष धर्मका आदर्श	४५
२६)	तपोधर्मका आदर्श	४६
२७)	क्षमा धर्मका आदर्श	४६
२८)	धी धर्म	४७
२९)	विद्या धर्म	४८
३०)	अक्रोध धर्मका आदर्श सन्त र एकनाथ	४८
३१)	आदर्श धर्मपालन	४९
३२)	कलियुगको प्रमुख - धर्म - दान	५०
३३)	दया धर्म	५१
३४)	परोपकार धर्म	५२
३५)	सामान्य धर्म र विशेष धर्म	५३
३६)	कार्यका लागि कार्य	५५
३७)	विशेष धर्म	६१
३८)	प्राचीन सभ्यताहरू	६५
३९)	वर्णव्यवस्थाको वैज्ञानिकता	६८
४०)	वर्णाश्रमको स्वरूप	७०
४१)	ब्राह्मण धर्म	७१
४२)	क्षत्रिय धर्म	७१
४३)	वैश्य धर्म	७२
४४)	शूद्र धर्म	७२
४५)	आश्रम धर्म	७३
४६)	हाम्रो वर्तमान शिक्षा	७४
४७)	समानाधिकार	७८
४८)	सिनेमा	७९
४९)	गृहस्थाश्रम	८०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०) वानप्रस्थाश्रम — — ८१
५१) सन्न्यासाश्रम; — — — ८१
५२) आदर्श व्यक्ति धर्म — ८२
५३) गुरु धर्म र त्यसको आदर्श — — ८३
५४) शिष्य धर्मका आदर्श आरूणि — — ८३
५५) राज धर्मको आदर्श — — ८४
५६) नारी धर्म र त्यसको आदर्श — — ८५
५७) नारी धर्म — — ८५
५८) पुत्र धर्म र त्यसको आदर्श — — ९१
५९) मातृ भक्तिका आदर्श बालक रामसिंह — ९१
६०) भ्रातृ धर्मको आदर्श त्यागमूर्ति श्री भरत — ९२
६१) पुरोहित धर्मका आदर्श — — ९२
६२) कवि लेखक धर्म — — ९३
६३) विशेष धर्म अन्तर्गत व्यक्ति — — ९३

(ख) द्वितीय खण्ड — — (९७–१९८)
१) परम धर्म–उपासना र ज्ञान — — ९९
२) भक्ति — — १००
३) प्रेम — — १०१
४) भक्तिको प्रयोजन — — १०४
५) श्रद्धा — — १०५
६) गुरुको आवश्यकता — — १०८
७) भक्ति र वर्णाश्रम — — ११३
८) पुराणमा अवतारवाद — — ११३
९) प्रतिमाको पूजा र मूर्तिपूजा — — ११८
१०) उपास्य देव — — ११९
११) विष्णुको मूर्तिमा कारण–ब्रह्मरूप निर्गुणभाव — ११९
१२) शिवमूर्तिमा कारण–ब्रह्मरूप निर्गुणभाव — ११९
१३) सूर्यमूर्तिमा कारण–ब्रह्मरूप निर्गुणभाव — ११९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४) गणेशमूर्तिमा कारण–ब्रह्मरूप निर्गुणभाव — १२०
१५) शक्तिमूर्तिमा कारण–ब्रह्मरूप निर्गुणभाव — १२०
१६) पराभक्ति र अद्वैत ज्ञान — — १२०
१७) पूजाको रहस्य — — १२१
१८) उपासनाको छैठौं श्रेणी–मानसिक पूजा — १२१
१९) भक्ति संजीवनी — — १२२
२०) कर्मयोग — — १२२
२१) ज्ञानयोग — — १२३
२२) भक्ति र भक्तिका प्रकार भेद — — १२४
२३) ज्ञानीभक्त माधवदास — — १२४
२४) अनन्य भक्त उपमन्यु — — १२५
२५) आत्म समर्पण — — १२७
२६) प्रतीकको उपासना वा प्रतिमापूजा — १२७
२७) मूर्तिपूजा र मूर्तिविज्ञान — — १२८
२८) चित्र र मूर्तिको दर्शनको गुप्त मनोवैज्ञानिक प्रक्रिया १२९
२९) चित्र र मूर्तिको भाषा — — १२९
३०) उत्तेजक र अश्लील चित्रको प्रभाव — १२९
३१) शास्त्रमा कर्म, ज्ञान र उपासना — १३३
३२) बाल भक्त ध्रुव — — १३६
३३) सन्ध्या गायत्री — — १३६
३४) महाभारत शान्ति पर्व — — १३८
३५) भक्ति मनोविज्ञान — — १४०
३६) प्रभु प्रार्थनाको मनोवैज्ञानिक स्वरूप र रहस्य — १४१
३७) वैराग्यजनक प्रार्थना — — १४७
३८) आसक्ति हरण प्रार्थना — — १४८
३९) निष्काम प्रार्थना — — १४८
४०) विक्षेप हरण प्रार्थना — — १४८
४१) क्रोध दमन प्रार्थना — — १४९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४२) सर्वत्याग प्रार्थना — — १४९

४३) अहंकार दमन प्रार्थना — — १४९

४४) मनोबलवर्धक प्रार्थना — — १५०

४५) बौद्ध धर्ममा भक्ति — — १५१

४६) इसाई धर्ममा भक्ति — — १५५

४७) भक्त प्रताप राय — — १५७

४८) प्रेमिणी हसिना र हमीदा — — १५९

४९) सत्यमूर्ति सुकरात — — १६०

५०) अवतारवाद — — १६२

५१) महात्मा लाओत्से — — १६२

५२) उपसंहार — — १६४

(ग) तृतीय खण्ड — — (१६९–३०३)

१) योग — — १७१

२) गुणहरूको स्वरूप — — १७२

३) गुणहरूको सामर्थ्य — — १७२

४) गुणहरूको नाम — — १७२

५) गुणहरूको धर्म — — १७३

६) गुणहरूका परिणाम — — १७३

७) सृष्टि उत्पत्ति — — १७३

८) पुरुषबन्ध र मोक्ष — — १७४

९) योगका तीन विभाग उपासना, कर्म र ज्ञान — १७४

१०) योगदर्शनका चार पाद — — १७५

११) समाधिपाद — — १७५

१२) साधनपाद — — १७६

१३) वितर्कानुगत समाधि — — १८२

१४) विचारानुगत समाधि — — १८३

१५) आनन्दानुगत समाधि — — १८३

१६) अस्मितानुगत सम्प्रज्ञात समाधि — — १८४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७)	विवेक ख्याति	—	—	१८४
१८)	असम्प्रज्ञात समाधि अथवा निर्वीज समाधि		—	१८४
१९)	जीवनको चिन्ह	—	—	१८५
२०)	उन्नतिको सच्चा अर्थ	—	—	१८५
२१)	लक्ष्य र साधनक्रम	—	—	१८५
२२)	साधनको विचारमा भेद	—	—	१८६
२३)	लक्ष्यको एकता र लक्षण	—	—	१८६
२४)	आहार-विहार	—	—	१९१
२५)	ब्रम्हचर्य	—	—	१९१
२६)	वायुको कुरा	—	—	१९५
२७)	अजपा जप	—	—	१९५
२८)	प्रथम मूलधारा चक्र	—	—	१९६
२९)	दोश्रो स्वाधिष्ठान चक्र	—	—	१९६
३०)	तेश्रो मणिपुर चक्र	—	—	१९६
३१)	चौथो अनाहत चक्र	—	—	१९७
३२)	पाचौँ विशुद्ध चक्र	—	—	१९७
३३)	छैटौँ आज्ञा-चक्र	—	—	१९७
३४)	सहस्रार चक्र	—	—	१९७
३५)	योग केलाई भन्दछन्	—	—	१९८
३६)	मांसाहार	—	—	२०१
३७)	लागू पहार्थहरू	—	—	२०२
३८)	उपवास	—	—	२०२
३९)	स्त्रीहरू एवम् व्यायाम	—	—	२०२
४०)	शीर्षासन तथा सर्वाङ्गासन	—	—	२०२
४१)	प्राणायाम	—	—	२०३
४२)	मुद्राहरू	—	—	२१०
४३)	कुण्डलिनी जाग्रत् गर्ने उपाय	—	—	११२
४४)	आहार	—	—	२१३
४५)	अन्तराय अथवा विघ्न	—	—	२१३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४६)	प्रत्याहार	–	–	२१४
४७)	धारणा	–	–	२१४
४८)	समाधि	–	–	२१५
४९)	ध्यान	–	–	२१७
५०)	साधनविधि	–	–	२२४
५१)	अत्यन्त आवश्यक साधनको संकेत		–	१२९
५२)	गन्धतन्मात्राको अभ्यास	–	–	२३२
५३)	कार्य तथा कारण	–	–	२३४
५४)	रसतन्मात्राको अभ्यास	–	–	२३५
५५)	रूपन्तन्मात्राको अभ्यास	–	–	२३७
५६)	स्पर्शतन्मात्राको अभ्यास	–	–	२३७
५७)	शब्दतन्मात्राको अभ्यास	–	–	२३८
५८)	अहङ्कार आदिको अभ्यासको विधि		–	२३८
५९)	ग्रहणमार्ग	–	–	२४०
६०)	सुषुम्णाको अभ्यास	–	–	२४०
६१)	ज्ञानेन्द्रियहरूको अभ्यास	–	–	२४१
६२)	मनको अभ्यास	–	–	२४२
६३)	बुद्धिको अभ्यास	–	–	२४३
६४)	चित्तको अभ्यास	–	–	२४३
६५)	अहङ्कारको अभ्यास	–	–	२४३
६६)	ग्रहीतृमार्ग	–	–	२४४
६७)	सुषुप्तियोग	–	–	२४८
६८)	स्वप्नयोग	–	–	२४९
६९)	बुद्धियोग	–	–	२५०
७०)	चित्तयोग	–	–	२५१
७१)	इच्छायोग	–	–	२५२
७२)	मानसयोग	–	–	२५२
७३)	अहङ्कारयोग	–	–	२५२
७४)	प्रसन्नताको साधन	–	–	२५३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७५) पुराणहरूमा ध्यानयोग — — २५९
७६) बैराग्य — २६०
७७) रमणीयताको बोध — — २६०
७८) विषयहरूमा सुखको बोध — — २६०
७९) विषयहरूमा प्रेमको बोध — — २६१
८०) विषयहरूको सत्ताको बोध — — २६१
८१) स्वास्थ्यको अभाव — — २६२
८२) खानपानमा असंयम — — २६२
८३) संदेह — — २६३
८४) सद्गुरुको अभाव = — २६३
८५) नियमानुवर्तिताको अभाव — — २६३
८६) प्रसिद्धि — — २६३
८७) कुतर्क — — २६४
८८) स्त्यान — — २६४
८९) अल्पमा सन्तोष — — २६४
९०) ब्रह्मचर्यको अभाव — — २६४
९१) कुसङ्गति — — २६४
९२) परदोष दर्शन — — २६५
९३) साम्प्रदायिकता — — २६५
९४) साधनाका सहायक नियमहरू — — २६५
९५) एकान्तवास — — २६५
९६) साधु व्यवहार — — २६६
९७) पापहरूबाट सावधानी — — २६६
९८) ध्यानका केही क्रियात्मक विधि— — २६७
९९) उपनिषद्हरूमा ध्यानयोग — — २६९
१००) ब्रह्मोपासना — — २७०
१०१) लयचिन्तन — — २७३
१०२) गायत्रीको उपासना — — २७४
१०३) ॐकारोपसाना — — २७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१०४) प्रणव-ध्यान विधि – – २८३
१०५) समाधिको प्रारम्भ अवस्था – – २८५
१०६) समाधिको प्रयोजन – – २८५
१०७) सम्प्रज्ञात समाधि–विज्ञान तथा संशयहीन ज्ञानको आविर्भाव – – २८६
१०८) श्रद्धा – – २८६
१०९) सवितर्क, सविचार, सानन्द र सास्मिता चतुर्विध-सम्प्रज्ञात समाधि – – २८७
११०) जप–मनन-ध्यान – – २८७
१११) ध्यान र ध्यानार्थ कल्पना – २८८
११२) भ्रूमध्यस्थित आज्ञा चक्रमा धारणा, सुषुम्णा प्रवेश – – २८८
११३) हठयोग-समाधि-संकेत – – २८९
११४) राज योग-समाधि-संकेत – – २८९
११५) खेचरी-मुद्रा-सङ्केत – – २८९
११६) ज्योतिर्ध्यान-सङ्केत – – २८९
११७) नादानुसन्धान समाधि सङ्केत – – २८९
११८) वेदान्तमतबाट समाधि – – २९१
११९) आचार्य-प्रवर श्री गौडपादाचार्यको मतानुसार समाधि-संकेत – – २९२
१२०) सुषुप्ति र समाधिमा के भेद छ – – २९२
१२१) उत्तम अधिकारी बिना अस्पर्शयोगको दुर्गमता– २९२
१२२) वेदान्त-मतानुसार व्यतिरेक र अन्वय योग – २९३
१२३) योग र अप्रमत्त स्थिति – – २९५
१२४) बौद्ध-दर्शनमा योग समाधि – – २९५
(घ) **चतुर्थ खण्ड** – – (३०५–५०४)
१) परम-धर्म अद्वैत हिन्दूदर्शन अथवा ज्ञानयोग – ३०७
२) प्राचीन हिन्दूशास्त्र – – ३०७
३) ब्राह्मी स्थिति – – ३१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४) सृष्टिको विषयमा मतमतान्तर – – ३१४
५) मानव व्यक्तित्व – – ३१७
६) सुखको खोज – – ३१८
७) मानव के हो – – ३१९
८) धर्म के हो – – ३२०
९) धर्म निरपेक्षता के हो – – ३२१
१०) राजनीतिको लागि धर्म-निरपेक्षता कुन हदसम्म आवश्यक छ – – ३२१
११) परम धर्म, मानव धर्म वा मानवतावाद – ३२२
१२) के नास्तिक बन्न सकिन्छ – – ३२३
१३) विश्वको वर्तमान स्थिति – – ३२३
१४) सुखको खोजमा रहेको ठूलो दोष – – ३२४
१५) शान्तिविना आत्मानन्द वा सुख संभव छैन – ३२७
१६) नामरूप कल्पित र आरोपित, आत्मा मात्र सत्य – ३३०
१७) ब्रह्म नै परम शान्ति तथा आनन्दको स्रोत – ३३१
१८) मनोनियन्त्रणबिना परमानन्द प्राप्ति असम्भव – ३३२
१९) आत्मबाद – – ३३३
२०) ब्रह्मत्व प्राप्तिको क्रममा हुने अनुभूति – ३३३
२१) नैतिक तथा आध्यात्मिक उन्नति यथार्थ उन्नति – ३३४
२२) हिन्दू दर्शन – – ३३४
२३) विविध दर्शन – ३३६
२४) वेदान्त र उपनिषद् – – ३३८
२५) प्रस्थानत्रयी – – ३३९
२६) वैदिक तथा औपनिषद् – – ३३९
२७) वैदिक दर्शनका मुख्य चार विषय – – ३४२
२८) वेदान्त – – ३४४
२९) कर्म तथा तिनका भेद – – ३४५
३०) साधनाका साधन – – ३४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१) शम, दम, उपरति, तितिक्षा समाधान तथा श्रद्धा – ३४६
३२) दीक्षा, श्रवण, मनन, र निदिध्यासन– – ३४६
३३) समाधिका दुइ भेद – – ३४७
३४) वेदान्तका संप्रदाय – – ३४७
३५) विशिष्टाद्वैतवाद – – ३४८
४६) द्वैतवाद – – ३४८
३७) द्वैताद्वैतवाद – – ३४८
३८) शुद्धाद्वैतवाद – – ३४९
३९) अद्वैववाद – – ३४९
४०) रागद्वेस – – ३५०
४१) गुणवृत्तिनिरोधजन्य दुःख – – ३५१
४२) अविद्या र माया – – ३५१
४३) अध्यास – – ३५१
४४) परमात्यैक्य ज्ञान नै मोक्षप्राप्तिको एक मात्र साधन – – ३५२
४५) सत् असत् वा प्रपञ्च – – ३५३
४६) नश्वरता तथा मिथ्यात्व – – ३५३
४७) पदार्थमात्रको मायिकत्व सिद्धान्त – ३५६
४८) कारणसंग कार्यको अनन्यत्व-सिद्धान्त – ३५७
४९) यद्यपि अविद्या र माया – – ३५८
५०) अविद्याको स्वरूप – – ३५९
५१) विद्याको स्वरूप – – ३५९
५२) त्रिविध दुःख तथा तिनको निवृत्ति– – ३५९
५३) ब्रह्म-जिज्ञासाको अधिकारी – – ३६१
५४) नित्यानित्यवस्तु विवेक – – ३६१
५५) ब्रह्मजिज्ञासामा हुनुपर्ने पाँच गुण– – ३६२
५६) ब्रह्मजिज्ञास के हो – – ३६३
५७) ब्रह्मको स्वरूप – – ३६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५८) ब्रह्म निर्विरोध छ – – ३६३
५९) ब्रह्म निर्विशेष छ – – ३६४
६०) जीव र ब्रह्मको सम्बन्ध र सृष्टि – – ३६५
६१) अवच्छेदवाद र प्रतिविम्ववाद – – ३६६
६२) जीव र ब्रह्मको भेद उपाधिगत – – ३६७
६३) अविच्छन्नवाद र प्रतिविम्ववाद वा अद्वैतवाद
र अद्वैतवादमा रहेको जीवात्माको
परिणामसम्बन्धी मतभेद – ३६९
६४) आत्माका लिंग – – ३६९
६५) जीव र कूटस्थ परमात्मा एवं कार्य तथा
कारण ब्रह्म बीच उपाधिगत भेद – – ३६९
६६) सर्वकर्म समर्पण मुक्तिलाभको उपाय – ३७०
६७) श्रवण, मनन र निदिध्यासनविना
ब्रह्मसाक्षात्कार असंभव – – ३७०
६८) चतुःसूत्री – – ३७२
६९) अशरीरत्व नै धर्मको कार्य हो – – ३७५
७०) आत्माले गरेको कार्यलाई नै शरीरत्वको
निमित्त किन नमान्ने – ३७७
७१) वेदान्तबारे आधुनिक विद्वानहरूको अनुसन्धान – ३७८
७२) बौद्धमत – – ३७९
७३) संक्षिप्त इतिहास – – ३८०
७४) ब्रह्मतत्त्व – – ३८४
७५) अविद्याको स्वरूप – – ३८५
७६) माया र अविद्यामा भेद – – ३८५
७७) अध्यासको स्वरूप र ख्याति पञ्चक – – ३८६
७८) जीवतत्व – – ३८७
७९) ईश्वरतत्व – – ३८८
८०) कर्महरूको उपयोग – – ३८९
८१) कर्मका भेद – – ३९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८२)	मुक्ति	–	–	३९०
८३)	साधन–चतुष्टयादि	–	–	३९१
८४)	मर्यादा	–	–	३९१
८५)	वेदान्त विचारका अधिकारी	–	–	३९२
८६)	आहारशुद्धिबाट अन्तःकरणको शुद्धि		–	३९४
८७)	चित्तदूषक विष, तिनको निवृत्ति र इष्टानिष्ट		–	३९५
८८)	सुख प्राप्ति कसरी	–	–	४००
८९)	अन्तःकरण शुद्धिका चार भूमिका–		–	४०४
९०)	गुरुपसदन	–	–	४०६
९१)	पदार्थद्वय विवेक	–	–	४०७
९२)	तत्त्वमसि	–	–	४०७
९३)	परिणामबाद	–	–	४१०
९४)	ऐक्य र ऐक्यबाद	–	–	४१०
९५)	विरोध परिहार	–	–	४१२
९६)	साधन र फल	–	–	४१३
९७)	मनको स्वरूप	–	–	४१७
९८)	परिणाम दुःखता	–	–	४२०
९९)	ताप दुःखता	–	–	४२१
१००)	संस्कार दुःखता	–	–	४२१
१०१)	गुणवृत्तिहरूको विरोधबाट हुने दुःख		–	४२१
१०२)	वासना निवृत्ति	–	–	४२३
१०३)	उपरति र तितिक्षा	–	–	४२३
१०४)	श्रद्धा र समाधान	–	–	४२४
१०५)	मुमुक्षा	–	–	४२५
१०६)	श्रवणको लक्षण	–	–	४२६
१०७)	मननको लक्षण	–	–	४२६
१०८)	निदिध्यासनको लक्षण	–	–	४२७
१०९)	श्रवण आदिको प्रयोजन		–	४२७
११०)	अपरोक्ष ज्ञानको साक्षात साधन		–	४२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१११) गुरुको लक्षण	–	–	४२८
११२) भेद नै भयको हेतु हो	–	–	४२८
११३) शिष्यको लक्षण	–	–	४२९
११४) गुरु भक्ति	–	–	४२९
११५) गुरुसेवा	–	–	४२९
११६) सेवाको क्रम	–	–	४२९
११७) संकल्पो विविध कर्ता	–	–	४३३
११८) आनन्द	–	–	४३६
११९) आत्मा र प्रपञ्च	–	–	४३७
१२०) दुःखका पाँच कारण	–	–	४३८
१२१) दुःखको सृष्टि	–	–	४३९
१२२) सृष्टि के बाट	–	–	४३९
१२३) कारण	–	–	४४०
१२४) ब्रह्म, अविद्या र ब्रह्मविद्या	–	–	४४०
१२५) वेदान्तका श्रोता	–	–	४४२
१२६) अहम् बुद्धि	–	–	४४९
१२७) विश्व, तैजस, विराट्, हिरण्यगर्भ र प्राज्ञ		–	४४९
१२८) विकार, संस्कार, आकार र प्रकार		–	४५१
१२९) ज्ञान र अज्ञान	–	–	४५२
१३०) ऋत र सत्य	–	–	४५५
१३१) म र ईश्वर	–	–	४५६
१३२) अरण्य के हो	–	–	४५९
१३३) श्रुति पुरुष	–	–	४६०
१३४) ईश्वर, जीव र चैतन्य	–	–	४६०
१३५) अज्ञान-द्वैतभाव नै दुःखको कारण तथा महापाप		–	४६३
१३६) एकत्वदर्शीलाई मोह तथा शोक हुँदैन		–	४६४
१३७) तिमी को हौ आफूलाई चिन	–	–	४६५
१३८) कूटस्थ आत्मा	–	–	४६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३९)	आत्मा भेद एवं सम्बन्ध	— —	४६६
१४०)	जगत्को कारण	— —	४६७
१४१)	जगदुत्पत्तिका तीन बाद	— —	४६८
१४२)	अन्तःकरणको उत्पत्ति	— —	४६९
१४३)	पञ्च भेदसहित प्राणोत्पत्ति	— —	४६९
१४४)	ज्ञानेन्द्रीयहरू र कर्मेन्द्रियहरूको उत्पत्ति	—	४६९
१४५)	स्थूल सृष्टि-पञ्चीकरण	— —	४७०
१४६)	स्थूल ब्रह्माण्डको उत्पत्ति	— —	४७०
१४७)	मोक्षको कारण के हो	— —	४७०
१४८)	पाँच कोश विवेक प्रकार	— —	६७१
१४९)	स्थूल शरीर	— —	४७१
१५०)	सूक्ष्म शरीर	— —	४७१
१५१)	कारण शरीर	— —	४७१
१५२)	ईश्वरको शरीर तथा कोशहरूको वर्णन	—	४७२
१५३)	पञ्च कोश	— —	४७२
१५४)	पञ्च कोश-विवेक-प्रकार	— —	४७२
१५५)	स्थूल शरीरको विवेचन	— —	४७२
१५६)	सूक्ष्म शरीरको विवेचन	— —	४७२
१५७)	कारण शरीरको विवेचन	— —	४७२
१५८)	जाग्रत अवस्थाको विवेचन	— —	४७३
१५९)	स्वप्नावस्थाको विवेचन	= —	४७३
१६०)	सुसुप्ति अवस्थाको विवेचन	— —	४७३
१६१)	तीन सत्ता	— —	४७४
१६२)	ज्ञान, उपासना र कर्म	— —	४७५
१६३)	जाग्रत अवस्थाका बयालीस तत्त्व	—	४७६
१६४)	दुइ किसिमका वाक्य	— —	४७७
१६५)	लय चिन्तन-क्रम	— —	४७७
१६६)	तीन प्रतिबन्ध तथा चार दुराग्रह	— —	४७८
१६७)	अहङग्रह-ध्यान	— —	४७८
१६८)	प्रणवोपासन-निरूपण	— —	४७८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६९) प्रणवमा अहङ्ग्रह-ध्यान — — ४७८
१७०) निर्गुण तथा सगुणको उपासनाको फल — ४७९
१७१) निर्गुण प्रणवको उपासनाको क्रम — ४७९
१७२) ॐ कारको ब्रह्मसित अभेद-चिन्तन — ४७९
१७३) आत्मारूप ब्रह्मका पाद-चतुष्ट्यको निरूपण — ४७९
१७४) लय चिन्तन — — ४७९
१७५) ब्रह्मलोकको बाटो — — ४८०
१७६) चार प्रकारको मुक्ति — — ४८०
१७७) वेदान्दको मूल सिद्धान्त — — ४८०
१७८) तीन प्रकार जीवन — — ४८३
१७९) नाम र नामीमा अभेद — — ४८४
१८०) सार्वभौम धर्म — — ४८४
१८१) प्रणवभावना र भगवद् भावना — — ४८४
(ङ) परिशिष्ट — (५०५–५२०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

ग्रन्थको प्रारम्भ

ॐ श्रीगुरुपरमात्मने नमः । श्रीगणेशाय नमः

जाग्रदादित्रयोन्मुक्तं जाग्रदादिमयं तथा ।
ॐ कारैकसुसंवेद्यं यत्पदं तन्नमाम्यहम् ॥

आज चारैतिर अनेक राजनीतिक तथा आर्थिकवादको यस्तो भयङ्कर जाल फैलिएको छ जसले गर्दा आध्यात्मिक उत्कृष्टतातर्फ चर्चा नै बन्द हुन गएको छ । यसले गर्दा हिंसा-प्रतिहिंसा एवं सामाजिक दुर्दशा हाम्रो सामु प्रत्यक्ष भइरहेछ । विज्ञानबाट मात्र मनुष्यलाई शान्ति कहिल्यै मिल्न सक्दैन । आत्मस्वरूपको ज्ञानद्वारा नै मनुष्य शान्ति प्राप्त गर्दछ । शान्तिलाई प्राप्त गर्ने महापुरुषका पवित्र जीवन यसका प्रमाण हुन् । मनुष्य जन्म पाएर जुन पर भूतत्त्व जान्न सकिन्छ त्यसमा जो चेष्टा गर्दैन त्यो अत्यन्त हतभाग्य हो । जो यस्तो सुयोग्य रहँदारहँदै पनि प्रयत्न गर्दैन त्यो आत्मघाती हो । उसले तत्त्वज्ञान पाउन सकेन भने मानव देहको सर्वश्रेष्ठता व्यर्थ हुन्छ । धर्म तत्त्वज्ञानकै दोस्रो नाम हो । एकमात्र धर्मको बलले मनुष्यको मनुष्यत्व विकसित हुन्छ ।

पहिले ब्रह्माको आविर्भाव भयो तथा चारैतिर अनन्त जलराशिबाट "तप-तप" शब्द सुनिन थाल्यो । ब्रह्माले अठोट गरे—तपस्या नै एकमात्र कर्तव्य हो । तपकै बलबाट ब्रह्माजी विश्व-ब्रह्माण्डको सृष्टि गर्न समर्थ भए ।

धर्म—साधनको एकमात्र अन्तिम फल तत्त्वज्ञान हो । त्यसैबाट सबै दुःख निवृत्ति हुन्छ । यसैले तत्त्वज्ञान नै जीवनको एकमात्र परम पवित्र लक्ष्य हो । मानिस तत्त्वज्ञान प्राप्त गर्न समर्थ छ, अरू प्राणीमा यो सामर्थ्य छैन, यही पशु श्रौ मनुष्यमा अन्तर हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यमात्र यो कुरा जान्न सक्छ कि दुःख☐ निवृत्ति औ परम सुख प्राप्ति नै जीवनको एकमात्र ध्येय हो। दुःख निवृत्ति गर्ने उपाय के हो ? यसै प्रश्नलाई लिएर हाम्रो दर्शनशास्त्रको प्रवृत्ति भएको हो । उनीहरूले हेय (दुःख), हेय हेतु (दुःखको कारण), हान (दुःख निवृत्ति) तथा हानोपाय (दुःख नाशको उपाय) यिनमा विस्तारपूर्वक विचार गरेका छन् ।

धर्मको उद्देश्य

सूक्ष्ममा प्रवेश गर्नु चेतन आत्माको स्वरूपलाई साक्षात् गर्नु नै धर्मको उद्देश्य हो। जड देहमा आत्माको भ्रान्ति हुँदा पर्ने दुःख हटाउनु नै धर्मको रहस्य हो। यही आत्म-दर्शनको स्वरूप हो। आत्मदर्शनबाटै ब्रह्मदर्शन हुन्छ। त्यसो भए जीव ब्रह्मरूप हुन जान्छ ।

पुराना ग्रन्थहरूबाट के कुरा थाहा हुन्छ भने मनुष्यहरू भोग-सुखलाई छाडेर परमात्म-सुखको लागि लालायित थिए । वर्णाश्रम-धर्म यही ध्येयको प्राप्तिको लागि नै बनाइएको थियो र शिक्षाको उद्देश्य नै मनुष्यको पूर्ण सुखको साधन बताउनु थियो ।

समयले पल्टा खायो, मनुष्यको दृष्टि तल गिऱ्यो स्वयं मर्ने मनुष्यहरु पनि अरूलाई लुटर, मारेर स्वयं सुख शान्तिले बाँच्न चाहन्छन् । परन्तु के गर्ने ? सबै ठाउँमा यही शिक्षा मिलिरहेको छ । धनी बन, अधिकार प्राप्त गर, बस । यस लोकमा सुख नै सुख छ, यहाँको अधिकार नै जीवनको लक्ष्य हो, मासुको टुक्राको लागि चील र कागको झैं लडाइँ हुन लाग्यो ।

आज भोग प्राप्तिको लागि तप हुन्छ । उहिले देहात्मबोध छाडेर ब्रह्मात्म-बोध गराइन्थ्यो । आज भोग प्राप्तिको लागि सबैजसो जीवन तथा धर्मको बाजी लगाएर बसेका छन् र यसको परिणाम मनुष्यमा राक्षसी मायाको उदय द्वेष, हिंसा-प्रतिहिंसाको

☐टिप्पणी–दुःख तीन प्रकारका छन्–
आध्यात्मिक, आधिभौतिक, आधिदैविक ।
आध्यात्मिक दुःख भनेको देह र मनमा रोग र चिन्ताले हुने दुःख हो । आधिभौतिक दुःख भनेको पञ्चमहाभूतबाट हुने दुःख हुन् । आधिदैविक दुःख भनेको दैवीप्रकोपबाट हुने दुःख हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राबल्य, घोर अशान्ति र सुखको नाममा दुःखपूर्ण जीवनयापन गर्न मनुष्य बाध्य भएको छ ।

यसको प्रत्यक्ष प्रमाण त भौतिक सत्ता-सामर्थ्यले सम्पन्न देशहरूको भित्री दशा हो । यस दशालाई ऋषिनेत्रले हेर्नुपर्छ । आज हामीले यो नेत्र हराएका छौं । हाम्रो नेत्रमा भौतिक भोगवादको जालो लागेको छ, यसले गर्दा नै हामी विपरीतदर्शी भएका छौं। यसकै परिणामस्वरूप आज हामी त्यहाँको अनाचारमा सदाचार, पापमा पुण्य, स्वार्थान्धतामा देशभक्ति, ,अवनतिमा उन्नति, अधर्ममा धर्म औ पतनमा उत्थानको विपरीत दृश्य देखिरहेछौं र सबैतिरबाट यसैको पविर्तनको अन्धचेष्टामा नै तत्पर छौं ।

आज जे कुरा भइरहेको छ, त्यसको अधिकांशमा न ज्ञान छ, न निष्काम कर्म छ, न भक्ति नै । सच्चा ज्ञानी, सच्चा निष्काम कर्मी र सच्चा भक्त कहिले पनि छल, कपट, दम्भ, असत्य, अन्याय औ हिंसा आदिको अवलम्बन लिंदैनन् । देहात्मबुद्धि छुटेर गएपछि पाप कर्म हुन सक्दैन ।

अज्ञानजनित भोगको लोभले हाम्रो ज्ञानलाई ढाकेको छ । यसै अन्धकारको घनतालाई नै ज्ञानको प्रकाश मान्न थालिएको छ । मनुष्यको बुद्धि आज लाटोकोसेरोको दृष्टि जस्तो रातमा प्रकाश देख्ने भएको छ । भोगको लागि अर्थोपार्जन गर्न लागि-रहेछन् । मोहले हामीलाई घेरेको छ, अभिमानले अन्धो बनाएको छ, लोभले वृत्तिलाई बिगारिदिएको छ, र मदले उन्मत्त बनाइदिएको छ । यो आसुरी भावको परिणाम अनन्त दुःख र अशान्ति सिवाय अरू के हुन सक्तछ ?

परन्तु ए लाटो मान्छे ! केही विचार त गर, के पेटभर खानाको लागि नै प्रभुले तिमीलाई यो शरीर दिएको हो ? सम्पूर्ण संसारको सम्पत्ति एकत्रित गरेर पनि कुनै एक मनुष्यको तृष्णाको शान्ति हुन सम्भव छ ? तिमी बाहेक अरू कुनै प्राणिजन्म लिनेबित्तिकै रोएको देखिएको छैन । रुनु सधैं कुनै न कुनै अभावको वेदनाले गर्दा नै हुन्छ । यही यस्तो मानव छ जो सब प्रकारको अभावको भाव गरेर प्रतिष्ठित हुन सक्दछ ।

प्राणीको विकास

उद्भिज्ज, स्वेदज, अण्डज, र जरायुज चार प्रकारका प्राणी छन् । यिनीहरू-मध्ये उद्भिज्ज प्राणीहरूमा अन्नमयको अतिरिक्त खालि प्राणमय कोशको अभिव्यक्ति भएको छ । स्वेदज प्राणीहरूमा मनोमय कोशको पनि विकास भएको हुन्छ । अण्डज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र जरायुजमा पूर्वोक्त तीन कोशको अतिरिक्त विज्ञानमय कोशको पनि विकास भएको हुन्छ। अतः उनीहरूमा शत्रु-मित्र तथा आफ्नो पराइको पनि भेद रहन्छ। सबै प्राणीको भन्दा मनुष्यको स्वभाव केही अर्कै प्रकारको हुन्छ। उ त खालि दुःख निवृत्तिको लागि होइन, उत्तरोत्तर अधिकाधिक सुख पाउनको लागि पनि प्रयत्न गर्नमा व्यस्त छ, यसले गर्दा उ भोग-सामग्री निरन्तर बढाउनमा नै लागिरहन्छ। अरू प्राणी लाखौंवर्ष पहिले जसरी रहन्थे त्यस्तै प्रकारले आज पनि रहेका छन्। मान्छेको अतिरिक्त कुनै प्राणी कहिल्यै हाँसेको देखिएको छैन, त्यसैले आनन्द या अमरत्व नै तिम्रो एकमात्र अधिकार हो।

आफ्नो यो जन्मसिद्ध अधिकारको प्राप्तिविना तिमीलाई कहिल्यै शान्ति मिल्न सक्नैन। अरूलाई भयभीत राख्नको लागि ठूला-ठूला संहारकारी शक्तिहरूको शरण लिन्छौ। तिमीले आज जसलाई सुखको साधन सम्झेर अपनाएका छौ, त्यही वास्तवमा असाधन हो। यदि तिमीलाई आफ्नो वास्तविक साध्य पाउनु छ भने यी सबै साधनहरूलाई छोडेर त्यसै साध्यको शरणमा जाऊ। उसले स्वयं नै आफ्नो परिचय दिएर तिमीलाई आफूबाट अभिन्न गरेर लिन्छ।

केही विचार गर, तिम्रो वास्तविक अधिकार तिमीसँग छ र यो यत्रो महान् छ कि यसभन्दा ठूलो कुरा त सोच्नै सक्तैनौं। तिमी आफ्नो सहज स्वरूपलाई बिर्सेर आफूलाई देह ठानेर बसेका छौ। अतः यो शरीर त यस संसार सागरको एउटा तुच्छ तरङ्ग हो। जुन प्रकारले यो संसार जड पर-प्रकाश्य र परिणामी छ उस्तै प्रकार यो शरीर पनि छ। तिमी चेतन स्वयंप्रकाश र एकरस हौ। यो शरीर पनि तिम्रो कदापि हुन सक्तैन। यस शरीरसँग तादात्म्य गरेर नै तिमीले आफ्नो यस्तो दुर्दशा गऱ्यौ।

स्वरूप

दृढ निश्चय गर कि यी नाम, रूप मभमा आरोपित मात्र हुन्। शरीरको नाशले मेरो केही बिग्रँदैन। म अमर छु कहिले घट्ने, बढ्ने होइन। शरीरको उत्पत्तिले मेरो उत्पत्ति हुने होइन, शरीरको नाशले म नष्ट हुने होइन जे-जति परिवर्तन हुन्छ नामरूपमै हुन्छ। नामरूपबाट आत्मा पृथक् छ। आमाको गर्भमा जीवको कुनै नाम थिएन। जन्मेपछि नाम राखियो। ठूलो भएपछि त्यो नाम साटिन्छ।

नाम, रूप दुवै कल्पित र आरोपित हुन्। परन्तु जीव यसलाई आफ्नो स्वरूप सम्झेर यसको हानि-लाभमा आफ्नो लाभ-हानि सम्झन्छ र रातदिन यसकै सेवामा लागिरहन्छ। जुन दिन, जुन क्षण आफूलाई त्यसबाट अलग्ग सम्झन्छौं त्यही क्षण प्रकृतिजन्य सुख-दुःखबाट छुट्टिन्छौं। आत्मा तिम्रो वास्तविक स्वरूप हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार गर— जबसम्म तिमी प्रकृतिमा स्थित छौ तबसम्म प्रकृतिको सारा विकार तिमीलाई आफ्नो मित्र भान हुन्छ । तिमी प्रकृतिको रोगले भरिएका छौ । त्यसैले तिमी महान् रोगी छौ । नामको नामले बन्धन अझ दृढ हुन्छ, तिमी आत्मामा स्थित भएर स्वस्थ हुने अवस्थाबाट अझ बढी पछि हटेर जान्छौं ।

नाम-रूपको मोह छाड, शरीरको आराम र नामको चिन्ता छाडेर आफ्नो स्वरूपलाई सम्हाल । तिमी सदा मुक्त छौ । तिमी आनन्दस्वरूप हौ । तिमी पूर्ण हौ ।

वास्तवमा देहसंग तादात्म्य गर्नाले नै तिमीलाई वस्तु, व्यक्ति औ परिस्थितिको अनुकूलता या प्रतिकूलताको भास हुन्छ । प्रतिकूलताले (दु:खले) जीवन निक्खर (शुद्ध) हुन्छ । महापुरुषहरूलाई महान् बनाउने गौरव त प्रतिकूलतालाई नै छ । अत: अनुकूलताको प्रलोभन र प्रतिकूलताको भयलाई छाड । तिमी सत्यको संकेत अनुसरण गर ।

यस सत्यको संकेत पाउनको लागि तिमीलाई कहीं अन्यत्र जानु पर्दैन । विवेक भगवान् कहिले पनि दूषित हुनुहुन्न । यदि तिमी उहाँको संकेतको अनुसरण गर्दछौ भने निश्चय नै एक दिन आफ्नो चरम लक्ष्य र वास्तविक अधिकार प्राप्त गर्दछौं ।

विवेकको आदर गर्नको लागि पहिलो शर्त यो छ— तिमीले अरूको होइन आफ्नो आचरणमा दृष्टि राख्नुपर्दछ । अरूको दोष नदेखेर आफ्नो आचरणमा दृष्टि राख । अनि तिमी विवेक भगवान्‌को संकेतलाई देख्न र त्यसको अनुसरण गर्नमा समर्थ हुन्छौ ।

आज तिमी अरूको कर्तव्यमा दृष्टि राख्छौं र त्यसद्वारा आफ्नो अधिकारलाई सुरक्षित देख्न चाहन्छौ । अरूमाथि शासन नगरेर आफूमाथि नै शासन गर ।

यस प्रकार निर्दोष भएर नै तिमी निष्काम हुन सक्तछौ । जुन चित्त विचार-प्रधान हुन्छ, त्यो जब विषयदेखि विमुख हुन्छ, तब उसलाई यो दृश्य जगत् र जगत्‌कर्ताको विषयमा अनेक प्रकारको सन्देह हुन लाग्दछ । यही हो आत्मकृपा । शास्त्र कुनै ग्रन्थ विशेषको नाम होइन । गुरुदेव जुन उपदेश या अनुशासन बताउनु हुन्छ, त्यो पनि शास्त्र हो । परमार्थ सत्य त्यही परम पद हो । अरू कुनै पनि जान्नुपर्ने या पाउनुपर्ने कुरा बाँकी रहँदैन ।

यो त भयो विचारप्रधान चित्तको कुरा, तर कुनै चित्त भाव-प्रधान हुन्छ । त्यसलाई आफ्नो साध्यको विषयमा कुनै सन्देह हुँदैन । । उ सबै आश्रयलाई छाडेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवदाश्रित हुन्छ। यो आश्रय अनेक प्रकारको भावमा परिणत भएर प्रेमको रूप धारण गर्छ। मोक्षको सुख पनि त्यसको अगाडि नगण्य हुन्छ। त्यो प्रभु प्रेमीको सृष्टि अलग हुन्छ। देहदृष्टिले यो प्राकृत प्रपञ्चमा देखिए तापनि उ चिन्मय भाव-जगतमै घुमि-रहन्छ। जिज्ञासुलाई आफ्नो परम लक्ष्य प्राप्त हुँदा जुन चिन्मय तत्त्वको उपलब्धि हुन्छ। त्यही आफ्नो प्रेमी भक्तलाई दिव्य चिन्मय प्रेमरसको आस्वादन गराउनको लागि रस-रूपले अभिव्यक्त हुन्छ। ज्ञानीलाई उपलब्ध हुने परब्रम्ह र प्रेमीलाई प्राप्त हुने रसरूप भगवत्‌तत्त्वमा पनि केही भेद छैन।

अहंता पग्लेर गएपछि यो चिन्मय अमर पदको अनुभूति हुन्छ। तत्त्वज्ञानीहरूको परब्रम्ह नै भक्तहरूको भगवान् हो। जुन व्यक्ति सूर्यबाट विमुख भएर छायाँलाई पक्रनको लागि दौडन्छ, उ त्यसलाई पक्रन सक्तैन। सूर्यपट्टि बढ्न लाग्दा छायाँ उसको पछाडि लागदछ यही दशा मायाको विलासको छ। मोह–ममता छाडेर तिमी आफ्नो यो निज घामको लागि हिंड।

आफ्नो यो वास्तविक अधिकारलाई पाउनमा तिमीलाई कुनै प्रकारको पराधीनता पनि छैन। भ्रान्तिको निवृत्ति नै त्यसको प्राप्तिको साधन हो। भ्रान्तिको सत्ता नै छैन र जसको सत्ता नै छैन त्यसको निवृत्तिमा परिश्रम पनि के हुन सक्तछ? यो पाउनको लागि नै तिमीलाई शरीर मिलेको छ। अस्तु।

धर्मको परिभाषा

धर्म त्यो निष्ठा विचार तथा क्रिया पद्धतिको नाम हो, जो सबैलाई धारण गर्छ, जसबाट मनुष्यको सात्त्विक उत्थान हुन्छ। जो प्राणिमात्रको वास्तविक हित तथा, सुखको साधन हो तथा अन्तमा निःश्रेयस या मोक्षको प्राप्ति गर्नेवाला हो, त्यही धर्म हो।

भोगवादी मानवलाई जीवनमा चिन्ता, अशान्ति मिल्दछ। कर्तव्य तथा त्याग भए उचित अधिकार र अर्थ-भोग स्वतः आउँछ। राम र भरतको इतिहास यसको साक्षी हो। अमृत तत्त्वको प्राप्ति त्यागबाट नै हुन्छ। ती ईश्वरलाई साथ राखर त्यागपूर्वक भोग गरिराख, कसैको पनि धनको इच्छा नगर।

आज हाम्रा ठूला-ठूला अध्यात्मवादी विद्वान् पनि पाश्चात्य भोगवादी विद्वान्‌ले कहीं खराब नभनिदिऊन् भनी आफ्नो संस्कृतिको परम्परागत सिद्धान्तलाई यथार्थरूपमा प्रकाश गर्न हिच्किचाउँछन् र उनीहरूकै मतानुकूल व्याख्या गर्ने प्रयत्न गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवश्य नै हिन्दू-संस्कृतिमा भोग वहिष्कार पनि छैन–अर्थ र कामको तिरस्कार पनि छैन । भोग रहोस् तर धर्मको नियन्त्रणमा । यस युगमा जड विज्ञानले पर्याप्त उन्नति गरेको छ । भौतिक सुखको प्राप्तिको उद्देश्यले वैज्ञानिक यन्त्रहरूको प्रचुर व्यवहार भइरहेछ । फलतः समाजमा अपूर्व परिवर्तन भइसकेको छ ।

विज्ञानको अद्भुतता

विज्ञानद्वारा आविष्कार गरिएका तथ्यहरू जीवनमा अनेक क्षेत्रमा प्रयोग भइरहेछन् । त्यसमा पनि यातायात (Transportation) तथा संचार (Communication) आदिमा चमत्कारिक परिवर्तन भएको छ । विज्ञानको प्रसादले टाढाका मानिस नजिक भएका छन् । पृथ्वी आयतनमा छोटो भएको छ । यो आश्चर्यजनक देन हो । यो सबै सत्य हो ।

परन्तु यो महान् परिवर्तनको साथ-साथ विज्ञानले एउटा अद्भुत समस्याको सृष्टि पनि गरेको छ । यसै विज्ञानले हाम्रो निकटतमलाई ज्यादै टाढा गरिदिएको छ । अकपट भावको आदान–प्रदान एक अतीत कालको कहानी बनिसक्यो । यन्त्रको मध्यस्थताले मनुष्य यन्त्र रूपमा परिणत भइसकेको छ ।

यन्त्र-सभ्यताले जन-संघर्ष बढाएको छ । चारैतिर जनसमूह फैलिएको छ । जुन विज्ञानले दूरलाई निकट ल्याइदियो, उसले आफ्नालाई पराइ बनाइदियो, कस्तो दुःखको कुरा । जनसम्पर्क त बढ्को छ किन्तु लोक संग्रहको कार्य मानौं एकै पटक सधैंको लागि बिदा भयो ।

यस युगमा मनुष्यको दैहिक क्षुधा बढेको छ, परन्तु आत्मिक क्षुधा मर्‍यो । देहसँग समीप छ र प्राणदेखि टाढा छ । यसले मनुष्य-समाजमा अशान्ति उत्पन्न भएको छ । यसको समाधान कसरी हुन्छ ? यही यस युगको मौलिक जिज्ञासा हो । परन्तु मूल प्रश्नको उत्तर मिलेकै छैन ।

वैज्ञानिक यन्त्रहरूको उत्पादनको दक्षता असीम हुँदा पनि अध्यात्म-ज्ञान तथा प्रेम-प्रीति-विहीन मानव-संस्कृति मरुभूमिको तातो बालुवाको एक मुठी मात्र हो । अब हामीले आफ्नो मौलिक विषय–यस युगको मौलिक जिज्ञासा तथा हाम्रो अन्तिम लक्ष्य आदिका सम्बन्धमा विचार गर्नुछ ।

हाम्रो अन्तिम लक्ष्य

मोक्षको इच्छाले प्रेरित भएर मोक्षको मार्ग औ साधनको खोजीमा निस्केको प्रत्येक विचारवान् पुरुषको अनुभव छ–अनन्त कोटि जीवहरूमा बुद्धि, विद्या,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अभ्यासको अंशमा अनन्त भेद रहेको हुँदा कल्याण या मोक्षको साधनबारे अनन्त मतभद रहेका छन् । तर सबैलाई सबै समयमा सबै प्रकारबाट सुख र शान्ति नै चाहिएको छ ।

जीवनको चिन्ह

उन्नतिको इच्छा स्वाभाविक मात्र नभई अत्यन्त आवश्यक पनि छ । किनकि उन्नतिको इच्छा र त्यसलाई प्राप्त गर्ने साधन गर्नु हरेक जीवनको मुख्य सिद्धान्त हो ।

उन्नतिको सच्चा अर्थ

उन्नति चाहँदा-चाहँदै पनि हामी राम्ररी कुनै पनि तत्त्वको विचार गर्दैनौं र उन्नतिको यथार्थ लक्षण थाहा नपाएर भ्रममा पर्दछौं । आफ्नो वास्तविक लक्ष्य पत्ता-लगाएर साधन या मार्गको विचारमा प्रवृत्त हुनु अत्यन्त आवश्यक छ ।

लक्ष्य र साधनक्रम

साधारण भन्दा साधारण काममा त हामी पहिले नै आफ्नो लक्ष्य (Goal (Destiornation) को सङ्कल्प या निश्चय गर्दछौं । जीवन-यात्राको आरम्भ भइसकेको हुन्छ औ हामी आफ्नो लक्ष्यलाई किञ्चित् पनि नजानेर धेरै टाढा पुगिसके-पछि पनि आफ्नो लक्ष्यबारे विचार गर्दैनौं र मार्गमा जानेहरूसँग सोधिरहन्छौं– हामीलाई कुन मार्गबाट हिडनु छ ? परिणामस्वरूप जसलाई हामी सोद्धछौं उ हाम्रो अन्तर्लक्ष्यलाई नबुझेर उसलाई जुन मार्ग ठीक लाग्छ त्यही बताइदिन्छ । फलस्वरूप त्यो हाम्रो अनुकूल हुन सक्तैन ।

वास्तविक लक्ष्य (गन्तव्य-स्थान) एक नै छ

जब हामी स्थूल विचारलाई छाडेर सूक्ष्म र गहिरो विचारमा जान्छौं तब यो स्पष्ट नै प्रतीत हुन्छ कि सबैको लक्ष्य एकै हुन्छ ।

साधनको विचारमा भेद

यदि कसैलाई सोध्यौं–"आनन्द किन चाहन्छौं ?" आनन्द स्वाभाविक हो–केवल यही उत्तर हुन सक्तछ ।

लक्ष्यको एकता र लक्षण

परिणाम यो निक्ल्यो कि सबैको सांसारिक व्यापारको केवल एक नै लक्ष्य छ र त्यो हो आनन्दलाई प्राप्त गर्नु । त्यस लक्ष्यको के के लक्षण छ त्यो जान्नको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्र र महापुरुषहरूको वचन नै प्रमाण हो। हाम्रो चित्तको सही उत्तर नै हाम्रो लक्ष्यको लक्षण हुन सक्छ–

(१) सत् स्वरूप– चित्तबाट ज्ञात हुन्छ 'म सदैव बाँचिरहूँ।' स्वभावलाई लिएर के भन्ने प्रश्न नै उठ्दैन। सधैं बाँचिरहनु नै हाम्रो लक्ष्यको सबभन्दा पहिलो लक्षण हो र शास्त्रमा यसलाई सत्य-पदार्थ भनिन्छ।

(२) चित् पदार्थः– हामी जडभएर हैन चित् (चैतन्य) भएर बाँच्न चाहन्छौं। यही हाम्रो लक्ष्यको दोस्रो लक्षण हो। फेरि यो प्रश्न गरियोस्–अरू केही चाहन्छौं या चाहँदैनौं ?

(३) आनन्द पदार्थ– त मनको उत्तर यही हुनेछ–चित् भएर पनि हामी सुख र आनन्द चाहन्छौं। यो हाम्रो लक्ष्यको तेस्रो लक्षण हो। हामी परिच्छिन्न होइन, अखण्ड तथा परिपूर्ण आनन्द नै चाहन्छौं।

(४) मोक्ष स्वरूप– हामी यतिले नै सन्तुष्ट हुन्छौं या अरू पनि केही चाहन्छौं? उत्तर मिल्दछ – हामी सधैं स्वतन्त्र भएर जीवन, ज्ञान र आनन्द भोग्न चाहन्छौं। शास्त्रहरूका अनुसार सबै बन्धनबाट निवृत्ति नै मोक्षको स्वरूप हो, बन्धन नै दुःखको स्वरूप हो, अवाञ्छनीय हो।

(५) ईश स्वरूप– महान् आश्चर्यको कुरा यो हो कि एकातिर हामीसमेत सबै जीव स्वतन्त्रता चाहन्छन् अर्कोतिर हामी यो चाहन्छौं–अरू सबै हाम्रो वशमा रहून् र हाम्रो इच्छा अनुसार चलून्। कस्तो परस्पर विरोधी कुरा ! हामी खालि स्वतन्त्र रहन मात्र होइन अरूलाई आफ्नो अधीनमा राख्न पनि चाहन्छौं र यही नै शास्त्रहरूअनुसार ईशान या ईश्वरस्वरूप हो।

यी उपर्युक्त पाँच लक्षणहरू सत्, चित् र आनन्द, स्वतन्त्रता र ईशको एउटै नाउँ (नाम) ईश्वर हो। जुन नास्तिक ईश्वरलाई नमान्ने अभिमानमा छ, उ पनि आफूमा यी पाँच लक्षणहरूलाई मानेर ईश्वरलाई साक्षात् आफूमा देख्न चाहन्छ। अन्यथा उसले यसको विपरीत मान्नुपर्छ। यसले यो सिद्ध भयो, हामी नर हुँदाहुँदै पनि नारायण बन्ने फिक्रीमा आफ्नो विचारअनुसार प्रयत्न गरिरहन्छौं। अरू धर्म यो अद्वैत भावलाई यथार्थ रूपमा नसम्झनाले यससँग डराऊन्, र नमानून् परन्तु सनातन धर्म यसलाई अवश्य नै मान्दछ र यसमा अटल छ। अस्तु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि यो हेर्नु छ कि हाम्रो लक्ष्य एक छ तर साधनमा मतभेद देखिन्छ। मनुष्य सात्त्विक, राजस, र तामस प्रकृतिको हुनाले कुनै एक साधन सबैको अनुकूल हुँदैन।

सुख शून्य भोग्य विषयमा सुख-बुद्धि यही एकमात्र जीवका दुःखहरूको मूल हुन्छ। यो विषयजन्य सुखलाई जस-जसले आफ्नो जीवनको लक्ष्य बनाए, उनीहरूले तीनै लोकको दुःखलाई अपनाए। यसैले शास्त्रहरूले अस्ति-भाति-प्रिय रूप अथवा सत्-चित् आनन्दरूप एकमात्र भगवान्को स्वरूप नै माने!

यदि कुनै विषय सुखस्वरूप हुँदो हो त यसले त्यस समयमा पनि हामीलाई सुखी बनाउन पर्दथ्यो, जब हामीलाई यिनीहरूको इच्छा हुँदैन। ब्रह्मादेखि लिएर कमिला-सम्म सबै प्राणीहरूको चेष्टा आफ्नो विचारअनुसार यद्यपि भिन्ना-भिन्नै छन् तथापि सबैको अभीष्ट सुख नै हो। यदि विषयमा नै सुख प्राप्त भएको भए सुषुप्तिमा त सबै विषयहरूको अभाव हुन्छ; त्यहाँ कसैलाई पनि सुख नमिल्नुपर्ने, परन्तु त्यहाँ सबैलाई निर्वि-षयक सुखको प्राप्ति नै हुन्छ। संसारमा यावत् दुःखहरूको मूल एकमात्र कारण रजोगुणी इच्छा नै हो; जुन अज्ञान जन्य कार्य हो र यो जीवको हृदयमा रहन्छ। यस्तै प्रकारले सर्वव्यापी हुनाले हाम्रो हृदयमा पनि परमानन्द भरपूर छ। इच्छारूपी वायु नचल्नाले स्थिर अन्तःकरणमा त्यसको अभिव्यक्ति स्वीच थिच्दा वल्बमा विजुलीको अभिव्यक्ति भएजस्तै गरी हुन्छ। यहाँनिर बुझिने कुरा के हो भने यो प्रकाश वल्बको होइन, किन्तु बिजुलीको हो। त्यसरी नै सुख विषयरूप वल्बको होइन परमानन्दको अभिव्यक्ति नै हो। परन्तु अज्ञानले प्रभावित भएर विषयी जीव मृग समान यो मृगतृष्णारूपी विषय-हरूको पछाडि दौडी-दौडीकन लखतरान हुन्छ र यस संसारबाट खाली हात जान्छ।

परमानन्दको प्राप्तिको साधन केवल ज्ञान नै हो। त्यो परमानन्द हाम्रो हृदयमा भरिपूर्ण छ र नित्य प्राप्त छ परन्तु जीवको हृदय अज्ञानरूपी अन्धकारले भरि-पूर्ण रहनाले त्यसलाई त्यहाँ देख्न सक्दैन र यसै अज्ञानले गर्दा कस्तुरी मृग झैं बाह्य विषयमा त्यसको खोजी गरेर हिंड्छ, परन्तु भित्र हराएको वस्तु बाहिर मिल्छ कसरी? हृदयमा रहेको अन्धकार हटेपछि उसले त्यहाँ परमानन्द प्राप्त गर्न सक्दछ।

परमानन्दको प्राप्तिको एकमात्र मार्ग नै ज्ञान हो। यसका अरू साधनहरू सिंडी मात्र हुन सक्दछन्। परन्तु स्वतन्त्र मार्ग कदापि हुन सक्तैनन् किनकि– बन्धनको मूल त एक आवरण दोष नै हो। आवरणले विक्षेप र विक्षेपले मल दोष उब्जिन्छ। प्रथम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल दोषको निवृत्तिको लागि निष्काम-कर्म,तदनन्तर विक्षेप दोषको निवृत्तिको लागि उपासना, त्यसपछि आवरण दोषको निवृत्तिको लागि परमानन्द स्वरूपको ज्ञानको आवश्यकता हुन्छ । त्रिकाण्ड (कर्म, उपासना र ज्ञान) नै वेद हो ।

पानीमा आफ्नो मुख देख्नको लागि हामीले पहिले निर्मल जल, हावा नलाग्ने ठाउँ र सूर्यको प्रकाश–आदि विचार गरेर नै चल्नु पर्दछ । आफ्नो परमानन्द स्वरूपको साक्षात्कार गर्नको लागि पनि हामीले प्रथम निष्काम कर्मद्वारा बुद्धिलाई दुर्वासनाहरूबाट निर्मल गर्नुपर्दछ । त्यसपछि उपासनाद्वारा चञ्चलतारूपी विक्षेपलाई टाढा हटाउनुपर्छ र ज्ञानरूपी सूर्योदयले अज्ञानरूपी आवरणलाई भगाउनुपर्दछ । तब त्यो परमात्मा अत्यन्त निर्मल अन्तःकरणमा नै प्रकट हुन सक्तछ ।

(१) निष्काम कर्म– निष्काम कर्मको आचरणले अन्तःकरणमा स्थित मलदोष निवृत्त हुन्छ र यस जीवलाई व्यवसायात्मिका बुद्धि (निश्चयात्मिका बुद्धि) प्राप्त हुन्छ, जसले गर्दा मानव-जीवनको लक्ष्य संसार नभएर भगवत् प्राप्ति हुन जान्छ।

(२) उपासना– हृदय रागशून्य रहन सक्तैन । यसैको चञ्चलताले गर्दा हृदयमा न त गुरु-शास्त्रका वचन नै रहन सक्छन् न नित्यानित्य विवेक नै उठ्न सक्तछ ।

उपासनाले ज्ञानमा रहेको जुन प्रतिबन्धक विक्षेप छ त्यसलाई हटाउँछ र विवेकलाई पनि जगाउँ छ भन्ने सिद्ध हुन्छ ।

(३) विवेक– संसारको नश्वरता तथा भगवान्को अचलताको चित्रले हृदयमा घर जमाउनुको नाम हो विवेक । यस प्रकार विवेकले अविवेकमूलक सांसारिक रागलाई निवृत्त गरेर ज्ञानको सहायक वैराग्यलाई उद्‌बुद्ध गर्छ ।

(४) वैराग्य, मुमुक्षुता र शमादि षट् सम्पत्ति– संसारी इच्छा निक्लेर गएपछि हृदयमा स्वभावतः परमानन्द प्राप्तिको इच्छा भरिन पुग्छ । यसैको नाम मुमुक्षुता हो । मुमुक्षुताद्वारा शम, दमको पालन एवम् मनलाई चञ्चल गर्ने बहिर्मुखी प्रवृत्तिहरूको त्याग आदिको उपार्जन स्वाभाविक रूपले नै हुँदै जान्छ ।

(५) वेदान्त-श्रवण– जब मुमुक्षुको हृदयरूपी क्षेत्र सर्वथा कोमल हुन्छ तथा परमार्थरूपी बीज रोप्न योग्य बन्छ तब त्यो मुमुक्षु श्रद्धाभावले सद्‌गुरु एवम् सच्चाशास्त्रको शरणमा पुग्छ । श्रवणले प्रमाणगत संशय निवृत्त गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) मनन– गुरु अथवा शास्त्रबाट सुनेको कुरालाई आफ्नै स्वतन्त्र बुद्धिले युक्तिपूर्वक विचारहरूको प्रवाह चलाउनु र आफ्नो बुद्धिरूपी तराजुमा त्यसलाई ठीकसंग तौलनुलाई मनन भनिन्छ । मनन ज्ञानमा प्रतिबन्धक प्रमयगत संशयको निवृत्तिद्वारा निदिध्यासनमा उपयोगी सिद्ध हुन्छ ।

(७) निदिध्यासन–झूटो, विपरीत भावनाको निवृत्तिको लागि मननको प्रभावबाट हृदयमा ब्रम्हाकार वृत्तिहरूको वेग ल्याउनु निदिध्यासन हो । किनकि सत्य त सत्य नै हो । यस प्रकार निदिध्यासन ज्ञानमा प्रतिबन्धक विपरीत भावनालाई (देहात्मबुद्धिलाई) हटाउन समर्थ हुन्छ । जुन जिज्ञासुको हृदयबाट मल-विक्षेपादि दोष हट्छन् उसलाई 'तत्त्वमसि' यो महावाक्यको श्रवणमात्रले पनि अहं ब्रम्हास्मिको रूपमा ब्रम्हाकार वृत्ति उत्पन्न हुन्छ । परमानन्दको प्राप्तिको लागि यो एकमात्र बाटो हो । मोक्षको लागि ज्ञानदेखि बाहेक अरू कुनै मार्ग छैन ।

यो पनि सम्झिरहनुपर्छ– अपरोक्ष ज्ञानको सिद्धि भइसकेपछि ज्ञान कुनै हालतमा पनि कर्मको निरोधक हुँदैन किन्तु ज्ञान त एकमात्र कर्तृत्वाहङ्कारको%नै अवरोधक हो, जो कर्मफलको मूल हो । ज्ञानद्वारा यो अहंकार दग्ध भएपछि ज्ञानीको देहेन्द्रियादिद्वारा स्वाभाविक क्रियाहरू हुन्छन् तापनि त्यसको कुनै प्रतिक्रिया हुँदैन । यही ज्ञानको आश्चर्यरूपको महत्त्व हो ।

प्रवृत्तिको परिणाम निवृत्ति

शास्त्रहरूमा प्रवृत्तिमार्ग र निवृत्ति मार्गको नामले दुइ मार्ग जतातते बताइएका छन् । वास्तवमा प्रवृत्तिमार्ग चित्तशुद्धिद्वारा निवृत्तिमार्गमा उपयोगी सिद्ध हुन सक्तछ । ग्रहणरूप गति वा चेष्टाहरूको नाम प्रवृत्ति र त्यागरूप गति वा चेष्टाहरूको नाम निवृत्ति हो । रजोगुणको परिणाम प्रवृत्ति र सत्त्वगुणको परिणाम निवृत्ति हुन्छ । तमोगुण जडतारूप हो र त्यसमा प्रवृत्तिको लोप हुन्छ । रजोगुण चञ्चलता रूप हो उसमा प्रवृत्ति हुन्छ तथा सत्त्वगुण प्रकाशरूप हो यसबाट प्रवृत्तिको शमन हुन्छ र शान्ति मिल्छ ।

मोक्ष प्राप्तिको एकमात्र मार्ग ज्ञान हो । मार्ग त एक निवृत्ति नै हुन सक्तछ र पूर्ण निवृत्तिको (सर्व त्यागको) नाम नै ज्ञान हो ।

जसरी शरीरमा आएको खटिरा पहिले पाक्दछ, पीप भरिन्छ र फुटेर पीप निक्लेपछि मात्र शान्त हुन्छ, त्यसरी नै हृदयमा तमोगुण परिपक्व भएपछि रजोगुणी

% म कर्ता हुँ भन्ने अहंकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पीप भरिनु र रजोगुणी पीप निक्लेपछि सत्वगुणी शक्तिको उद्‌बोध हुनु निश्चित छ।

पदार्थहरूद्वारा वर्तमानमा उसको इच्छाको क्षणिक निवृत्ति भइरहछ। यदि उसलाई त्यसको इच्छा छैन र त्यसद्वारा उसको इच्छा निवृत्ति हुँदैन भने मौलिक पदार्थ उसको लागि कदापि सुख-साधन हुन सक्दैन। फेरि पारलौकिक सकाम स्वर्गादिको प्राप्तिमा पनि एकमात्र निवृत्तिरूप यज्ञ, दान, तप आदिको नै राज्य हुन सक्दछ खालि प्रवृत्तिरूप कृपा, चेष्टामात्र सफल हुन सक्तैनन्। अर्थात् यज्ञ-दान-तप आदिद्वारा जब हामी आफ्नो तन-मन-धन समर्पण गर्छौं तबमात्र फलको प्राप्ति हुन्छ नत्र प्राप्ति हुँदैन।

जति-जति ग्रहणरूप प्रवृत्तिको आश्रय लिइन्छ, उति-उति पाप एवम् दुःख र जति-जति त्याग रूप निवृत्तिको आश्रय लिइन्छ, उति-उति पुण्य एवम् सुखको अधिकार प्राप्त गर्न सकिन्छ। तथैव जुन क्षणमा त्यो जीव सर्वत्यागरूप निवृत्तिको छत्रछायामा आउँछ त्यस क्षणमा यो जीव शिवरूप भएर तत्काल संसार बन्धनबाट मुक्त हुन्छ।

सूक्ष्मताले विचार गरेमा प्राकृतिक दैवी विधानको स्वाभाविक स्रोत त त्यसै पनि प्रवृत्तिबाट निवृत्तितिर नै गइरहछ। वृक्षलाई काट्नको लागि पनि पहिले स्वार्थरूपी पात काट्नुपर्छ त्यसपछि ममतारूपी हाँगा-विगा र त्यसपछि अहन्तारूपी मूल निर्मूल गर्न सकिन्छ। स्वार्थ काट्नाले ममता खुकुलो हुन्छ र त्यसपछि उसमा ज्ञानरूपी बञ्चरो चलाउन सकिन्छ। जब स्वार्थमयी कामनाहरूले थाकेर त्यसको त्यागले ममता कम हुन्छ, तब सकाम प्रवृत्ति निष्काम कर्म एवम् उपासनाको रूपमा बदलिनु स्वाभाविक हुन्छ। निर्मल अन्तःकरणमा विवेक वैराग्यको उद्‌बोध हुन्छ त अहन्ता शिथिल हुन्छ अनि तत्त्व जिज्ञासा प्रज्ज्वलित हुन्छ। तत्त्व जिज्ञासाको उद्‌बोध हुनाले जब यो जिज्ञासु सद्‌गुरु र सच्चा शास्त्रको शरणमा प्राप्त भएर श्रवण–मनन– निदिध्यासनपरायण हुन्छः तब असम्भावना विपरीत भावना दोषको निवृत्तिद्वारा देहाभिमानबाट निक्लेर आफ्नो अखण्ड परमानन्द स्वरूप स्थिति प्राप्त गर्दछ। यही निवृत्ति प्राप्त गर्नको लागि सम्पूर्ण वेदशास्त्रहरूको प्रवृत्ति भएको हो।

सारांश यो भयो– मोक्ष प्राप्तिको एकमात्र मार्ग निवृत्ति नै हुन सक्तछ। प्रवृत्ति उसको विकासको साधन बनाउन सकिन्छ। केही ज्ञातव्य अरू पनि छन् जसको जानकारी यस विषयलाई सम्झनको लागि अत्यावश्यक हुन्छ। यिनै विषयहरूको अन्तर्गत धर्म, उसको साधारण र विशेष स्वरूप, कर्तव्य ईश्वर कर्म, भक्ति ज्ञान, व्यवहार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःकरण शुद्धि, गुरु, शिष्य साधन आदि अनेक विषयहरू छन् । अब त्यसमा छोटकरीमा केही विचार गरिन्छ ।

ईश्वर

पाश्चात्य शिक्षा-दीक्षामा लागेका मानिसहरू प्रायः प्रश्न गर्छन्— ईश्वरलाई हामीले किन मान्ने ? भोजन हामीले किन गर्नुपर्छ ? यस कारणले कि क्षुधाको कष्ट विवश गर्छ खाना खानको लागि । यस प्रकार कष्ट र दुःखको संसारमा, अनुभव र दुःखको संसारमा रहनु विवश गर्छ— ईश्वरलाई मान्न या जान्न । आजसम्म कुनै वैज्ञानिकले हामीलाई यो बताएनन्— संसारमा कष्ट दूर गर्ने अमोघ उपाय के छ ? विज्ञानले दुःख कम गर्ने धेरै तरिका संझायो अपितु शुद्ध भावले धेरै सीमासम्म यो दुःख हटाउने यत्न पनि गऱ्यो, जसको लागि हाम्रो हृदयमा पर्याप्त कृतज्ञता पनि छ । परन्तु अफशोच ! यसो गर्नाले संसारको दुःख कम भएन । सबै सुख साधन सम्पन्न व्यक्ति हैरान छन् र सोध्छन्— शान्ति कहाँ छ ?

यो मानवोन्नति मान्छे कै हत्याको लागि भयो । परिणाममा एक अर्कासंग हार्दिक वैर भयो । वैज्ञानिक उन्नतिले हामीलाई त्यो शिक्षा दियो जसको प्राप्ति अन्य कुनै प्रकारको पनि कठिन थियो । यसको भनाइ छ— तिमीहरू जुन पदार्थमा आराम चाहन्छौ त्यो यसमा छैन । त के तिमी त्यो सुखको इच्छालाई छाड्न सक्छौ ? सक्तैनौ । त्यसो भए सुख कसरी मिल्छ ? उत्तर यही छ — ईश्वरलाई जान । ईश्वर हाम्रो त्यो आवश्यकताको पूर्ति हो, जुन संसारबाट पूरा हुन सक्दैन । ईश्वर सच्चिदानन्द स्वरूप, सर्वशक्तिमान्, सर्वव्यापक, दयालु र मोक्ष दिने हुन् । अतः ईश्वर प्राप्तिले हामीलाई त्यो आनन्द मिल्दछ जसको हामीलाई खोजी छ, र त्यस सर्वशक्तिमान्सित सम्बन्ध जोड्नाले हाम्रा निर्बलताहरू दूर हुन्छन् र सर्वव्यापक सम्झनाले पाप कम हुन्छ, चित्त प्रसन्न रहन्छ ।

अब यदि कसैले हामीसँग ईश्वरको अस्तित्वको प्रमाण के हो ? भन्ने प्रश्न गरे त्यसको उत्तर यही हुन्छ—ईश्वरको सत्ताको मुख्य प्रमाण त हाम्रो आवश्यकता तथा हाम्रो इच्छा हो जुन हामीलाई संसारबाट मिल्दैन । जीवको स्वाभाविक परमानन्दको इच्छा नै ईश्वरको अस्तित्वको मुख्य प्रमाण हो । किनकि संसारको कुनै पनि वस्तुले पूर्ण आनन्द दिन सक्तैन । संसारको दृश्य र उसको नियम ईश्वरको सत्ताको प्रमाण बन्छ । बताऊ त्यो कुन शक्ति हो जसले शिशुको लागि आमाको स्तनमा दूध उत्पन्न गऱ्यो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो शक्ति जड छ या चेतन ? यदि जड छ त उसले यस्तो किन सम्झ्यो ? र यदि चेतन हो त यो अल्पशक्ति हो या सर्वशक्ति ? यदि अल्पशक्ति छ त उसले यी सब कुरा कसरी बनायो ? यदि सर्व शक्तिमान् छ त फेरि उही ईश्वर हो। कुनै अन्धो सूर्यलाई उसको प्रकाशले देख्न सक्तैन त मैन बत्तीले कसरी देखिन्छ ?

बिन्दु समुद्रको प्राकृत प्रमाण हो व्यष्टि समष्टिको प्रमाण हो। अतः हाम्रो जीवत्व नै ईश्वरत्वको प्रमाण हो। शुद्ध तथा तीव्र इच्छा भएपछि ती आफैं मिल्दछन् र उनको पहिचान खालि यही हो—सम्मुख आउँदा हृदय उनलाई मान्दछ।

जड प्रकृतिबाट कदापि ज्ञान उत्पन्न हुँदैन। मूल कारणमा जुन गुण हुँदैन त्यो कदापि उसको कार्यमा उत्पन्न हुन सक्तैन। चैतन्य सर्वव्यापक हुनाको कारण प्रकृतिको परमाणु—परमाणुमा चैतन्य ओतप्रोत हुन्छ। आजसम्म कुनै पदार्थ-विज्ञानवेत्तालाई प्रकृतिको एक पनि अणु यस्तो प्राप्त भएन जुन चैतन्य शक्तिबाट अलग्ग छ।

ज्ञान अनादि स्वतः सिद्ध स्वप्रकाश छ र यो अरूबाट भासित हुँदैन। त्रैकालिक विकार—समूहको साक्षीरूप चैतन्य-स्वप्रकाश ज्ञानस्वरूप नहुँदो हो त यस सृष्टिमा काल र तत्कृत विकारादिको ज्ञानको प्रतीति नै हुने थिएन। चैतन्यले नै संसारका सब विषयहरूको सिद्धि हुन्छ यही हाम्रो ईश्वर हो।

बहिर्मुख काम-भोग-परायण पुरुषहरूका लागि चैतन्यको प्रकाश कतै पनि देखिदैन, जसरी अबोध बालकहरू दूधमा घिउ, दाउरोमा आगो, पानीमा बिजुली आदि कुरालाई कपोलकल्पित र गफ सम्झन्छन्।

सबैको प्रीतिको मुख्य विषय आनन्दरूप चैतन्य नै हो। आनन्द र ज्ञान चैतन्यरूप हुनाले अनादि हो। केवल वृत्तिको उत्पत्ति र लयले अविवेकीलाई भ्रान्ति भइरहन्छ। ज्ञान र आनन्द कदापि प्रकृतिको स्वभावले उत्पन्न हुन सक्तैन।

कुनै -कुनै मान्छे यो शङ्का उठाउँछन्, घटको कर्ता कुमाले हो र कुमाले आफ्नो आमाबाबुबाट जन्मेको हो। यस्तै जब जगत्को कर्ता ईश्वर हुन्न् त यस्ता ईश्वर कसबाट उत्पन्न भए ? उसको कर्ता कसलाई मान्ने ? यसको समाधान यो हो—ईश्वर अनादि सिद्ध हुन्। जुन बस्तु अनादि हुन्छ, त्यो कार्य भनिदैन जुन कार्य हुन्छ, त्यसको उत्पत्ति हुन्छ र जसको उत्पत्ति हुन्छ त्यसको लागि कर्ताको आवश्यकता हुन्छ किन्तु, जुन कार्य होइन त्यसलाई उत्पन्न हुने भन्न सकिन्न। अतः उसको कर्ता पनि हुन सक्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर एक देशमा स्थित छैनन्; परन्तु सर्वव्यापक छन् । सर्वव्यापकको कर्ता कोही हुन सक्तैन । आस्तिक यस संसारलाई अनादि मान्दछन् । अनादिको अर्थ आदि अर्थात् उत्पत्तिरहित हो । कुनै पनि कार्यलाई हामी अनादि भन्न सक्तैनौं । जीवात्मा जुन पर-ब्रह्मको अंश हो । अनादि हो र कारणरूप प्रकृति पनि अनादि हो परन्तु दुवैमा अन्तर यो छ जीवात्मा अपरिणामी नित्य हो र प्रकृति परिणामी नित्य हो । प्रकृतिमा कुनै पनि सृष्टि पहिलोचोटि भएको होइन ।

जीवहरूको पूर्वजन्ममा आर्जेको संस्कारअनुसार उनीहरूलाई मनुष्य योनि या इतर योनि, सुखदुःख र ज्ञानको न्यूनाधिकता प्राप्त भइरहन्छ ।

प्राणीमात्र कर्म गर्न स्वतन्त्र छ, परन्तु फल भोग्न परतन्त्र छ । गरेको कर्महरूको फल नभोगी नष्ट हुन सक्तैन, यसकारण कर्महरूका अनुसार न्यूनाधिक सुख-दुःख प्राप्त हुन्छ । जसरी अग्निलाई अन्यायी वा पक्षपाती भन्न सकिंदैन, त्यसरी परमात्मालाई खुसामद मन पराउने भन्न सकिंदैन ।

प्रकृति परिणामी हो , उसमा सधैं रूपान्तर भइरहन्छ । आधारविना स्वयं प्रकृतिको परिमाण या परिवर्तन हुन सक्तैन । पाश्चात्य तत्त्ववत्ताहरूले पहिले सृष्टिको मूल उपादान कारण सत्तरी-बहत्तर एलिमेन्ट (तत्त्व, पदार्थ) लाई मानेका थिए; परन्तु अब तिनीहरू पनि एकै तत्त्वलाई मान्दछन् । त्यस तत्त्वको नाम उनीहरूले 'प्रोटाइल' राखेका छन् । अहिले हामीले प्रकृति र प्रोटाइल-एकै चिज मान्न सक्तछौं ।

सृष्टिकार्य नास्तिकहरूको दृष्टिले प्रकृतिको स्वाभाविक परिणाम हो र आस्तिक यसलाई ईश्वररचित भन्दछन् । वास्तवमा सृष्टि प्रकृतिको नै रचना हो; परन्तु चेतनको आधारमा बनेको छ । ईश्वरमा विश्वास नगर्ने विषयमा डार्विन र हक्सले आदिको जडाद्वैतअनुसार विकासवादलाई मान्दछन् । यदि प्रकृतिको यस्तै स्वभाव हुँदो हो त जाति-परिवर्तन निरन्तर भइरहनु पर्दथ्यो ।

भगवान् आपत्तिको समयमा संसारमा असाधारण व्यक्तिलाई पठाएर संसारको मर्यादाको रक्षा गर्छन् तथा मनुष्य समाजलाई उन्नत पार्दछन् ।

यसैले, ईश्वरमा विश्वास नराख्ने नास्तिक साथी ! आप्त वाक्यहरू र शास्त्रहरूमा विश्वास र श्रद्धा गर । मनुष्यमा ईश्वरको कल्पना अज्ञानवश पछि घुसेको होइन, तर त्यो मनुष्यमात्रमा जन्मसिद्ध छ । अलि गम्भीरतासाथ विचार गर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याको जुन संस्कारको संग्रह पन्ध्र वर्षमा हुन्छः त्यो दुइचार दिनमा कहिल्यै हुन सक्तैन । सृष्टिको नियम-विरुद्ध केही पनि हुन सक्तैन । सर्वशक्तिमान्को अर्थ नियम-विरुद्ध कार्य गर्ने, होइन । यसै रीतले अनुकूल युक्ति र तर्कद्वारा विचार गर्नाले ईश्वरको सिद्धि हुन्छ ।

भगवान् को हुन् ?

भगवान् को हुन् ? यो मेरो निश्चयको कुरा हो । अरूको निश्चयलाई गलत साबित गर्ने मलाई कुनै अधिकार छैन । बुद्धि जसलाई आलिङ्गन गर्न एवं ज्ञान जसको स्वरूप निर्णय गर्नको लागि गएर यसै फर्कियो, भाव जसलाई धारणा गर्नको लागि एवं कल्पना जसको परिमाण जान्नको लागि गएर पार पाउन सकेन, मन जसलाई देख्नको लागि गएर एवम् आत्मा जसको नगीच गएर फेरि फर्केन, जान्दछौ उनी को हुन् ? आनन्दस्वरूप उनी को हुन् ? विश्वशोभामा जसको दर्शन गर्नको लागि सबैलाई आह्वान गरिरहिछन् : जान्दछौ उनी को हुन् ? तपस्वीहरूको हृदयमा आविर्भूत (प्रकट) भएर उनका दुवै आँखा बन्द गरिरहेछ, जो बाह्य ज्ञानशून्य पुरुषहरूको हृदयरूपी गुफामा प्रकाशित भएर कहिले उसलाई हँसाइरहेछ, कहिले आँसुले उसको वक्षस्थल-लाई निथ्रुक्क भिजाइरहेछ, कहिले उसलाई मौनी बनाएर स्थिर आसनमा बसालिन-रहेछ, प्रेमको आवास उनी को हुन् ? जो दीन-दुःखी मानिसहरूको भयभीत हृदयको रोदन सुनेर आफ्नो हातले उनीहरूको आँसुलाई पुछिरहेछन्, उनी को हुन् ?

वेदवेदाङ्ग, दर्शनशास्त्र आदि जसको वर्णन गर्न असमर्थ भएर बोल्छन्– उनी को हुन् ? यदि कसैलाई थाहा छ भने हामीलाई बताइदिऊन्– उनी को हुन् ? त्यसलाई छिटो जान्ने कोसिस गर– उनी को हुन् ? यो जगत् जसको आँखामा छ, जो जगत्का आँखाहरूमा छन् आँखाविना नै जो सबैलाई देख्दछन् । उनै देव पूजनीय छन् ।

जसलाई जानेर फेरि केही जान्न बाँकी रहँदैन, अर्थात् सबै कुरा जानिसकेको हुन्छ; उही देव पूजनीय हो ।

म, तँ र उ भन्ने नाम जसमा छैन; देश, काल र वस्तुको जसमा काम छैन; ज्ञाता, ज्ञान र ज्ञेयदेखि जो टाढा छ, जो सबै ज्योतिहरूको ज्योति हो, जसलाई कठिनाइसाथ बुझिन्छ, परन्तु कठिनाइ त यो हो जसलाई जान्न सजिलो छैन तापनि उसलाई जान्न कठिन छैन । जुन देव ग्राह्य पनि होइन, उपादेय पनि होइन उसलाई कोही कसरी जान्नून् ? जो आफ्नो आफू हो उनै देव पूजनीय हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन देव समान कुनै अर्को देव धनी र निस्पृह छैन, जुन देवलाई हामी मानौं या नमानौं यसको स्पृहा गर्दैनन् किन्तु जो हामीहरूले नमाने पनि सिद्ध हुन्छ। जुन देव सबै धर्मवालालाई मान्य छन् जसको धर्म छैन तैपनि जसका सबै धर्म छन्, जसलाई नजान्नाले सबै धर्ममा भेद देखिन्छ, जसलाई जान्नाले धर्महरूको, देशको कालको, मेरो, तेरो इत्यादिको सबै भेद मेटिन्छ, न आफ्नो धर्ममा राग रहन्छ, न अर्काको धर्ममा द्वेष हुन्छ, किन्तु सर्वत्र सधैं सबै धर्महरूको अधिष्ठाता एकै सनातन देव सबैमा दृष्टिगोचर हुन्छ, दृश्य शान्त रहन्छ। यस्ता समदर्शी न कसैसँग राग गर्दछन् न द्वेष गर्दछन्, न कसैलाई आफ्नो भन्दछन्, न कसैलाई पराई ठान्दछन्, आनन्दले जगत्को सैर गर्दछन्। जो देव आफ्नो आफू हुनाले विवेकीहरूलाई परमप्रत्यक्ष छन् र अविवेकीहरूलाई करोडौं उपाय गर्दा पनि दर्शन दिंदैनन्, उनी पूजनीय छन्।

जस्तो तिम्रो देव सम छन्, त्यस्तै तिमी पनि सम रहू, सपनामा पनि विषम नहोऊ, जगत्को सारा गुण-अवगुण सत्व, रज र तमले बन्दछ। सत्व, रज र तम यी तीनै गुण मायाको अन्तर्गत छः यसैले उनको नाम त्रिगुणमयी माया हो। यसमा सत्व उत्तम हो, रज मध्यम र तम अधम हो। परमात्मा यो मायादेखि अत्यन्त विलक्षण, सर्वथा अतीत र गुणरहित छन्। यसैले उनको नाम शुद्ध हो। अतएव उनी गुणातीत छन्।

माया विशिष्ट सगुण भगवान् मायालाई साथ लिएर समय-समयमा अवतार लिन्छन्। उनी सर्वगुण सम्पन्न छन्। यस्तै प्रकार दयानिधि, न्यायकारी भगवान्को दण्ड-विधान पनि दयाले नै युक्त हुन्छ।

निराकार-साकारको एकता

शरीरका तीन भेद छन्– स्थूल, सूक्ष्म र कारण जुन देखिन्छ त्यो स्थूल हो, जुन मर्दा सँगै जान्छ त्यो सूक्ष्म हो र महाप्रलयको बखत जुन मायामा लय हुन्छ त्यो कारण हो। शरीरका यी तीन भेद सधैं नै देखिन्छन्। जाग्रतमा स्थूल शरीर काम गर्छ, सपनामा सूक्ष्म र सुषुप्तिमा कारण देह रहन्छ।

परमात्मा सूक्ष्म रूपले सबै ठाउँमा रहन्छन्। उनी भक्तको भावनाअनुसार नै भगवान् बन्दछन्। यो सारा ब्रह्माण्ड परमात्माको शरीर हो, यसैभित्र हाम्रो शरीर छ, यस विचारले हामी सबै परमात्माको पेटमा नै छौं। अज्ञान नै अधपतनको कारण हो, र ज्ञान नै उत्थानको कारण हो। जीवात्मा एकचोटि बाँकी सीमासम्म उठेपछि फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गिर्दैन । उसको ज्ञान र सबै कुरा परमेश्वर नै हुन्छ; वास्तवमा तत्त्वबाट त सबै एकै हो । परमाणु, बाफ, बादल, थोपा असिना सबै पानी नै त हुन् ।

गुण तीन छन्: यसमा तमोगुण सबैभन्दा गऱ्हौं हुन्छ, यसैले तमोगुणी, पुरुष तल खस्तछ । रजोगुण सामान्य हो, यसैले रजोगुणी बीचमा मनुष्य आदिमा रहन्छन् । सत्व गुण हलुका हुन्छ, यसैले सत्वगुणी परमात्मातर्फ माथि उठ्छन् ।

सपनामा आँखा, कान, नाक आदि नहुँदा पनि अन्तःकरणले सबै क्रियाहरू आफैं गर्छ र आफैं देख्छ, सुन्छ, द्रष्टा, दर्शन र दृश्य सबै बन्दछ । यस्तै प्रकारले ईश्वरीय शक्ति पनि बडो विलक्षण छ, उ सबै ठाउँमा सबै कुरा गर्नमा सर्वथा समर्थ छ । यही त उसको ईश्वरत्व हो र विराट्स्वरूप हो । जबसम्म यो कुरा बुझिँदैन तबसम्म उपाय गर्नुपर्छ । उपायलाई यथामति बताउनु नै यस पुस्तकको प्रकृत विषय हो । जब क्रियाद्वारा नै शक्तिको अनुमान हुन्छ: तब विभिन्न क्रियाहरूको पार्थक्यले शक्तिको पार्थक्यलाई पनि स्वीकार गर्नुपर्दछ, किन्तु जुन मानिसले जड-विज्ञानको दृष्टिले शक्ति-तत्त्वको आलोचना गरेको छ; उ जान्दछ-एक जातीय शक्तिबाट अन्य जातीय शक्तिको आविर्भाव हुन्छ । **एकैव सा महाशक्तिस्तया सर्वमिदं ततम्** ★ चण्डीको यो महावचन बीसौं शताब्दीको विज्ञानले पनि शिर झुकाएर स्वीकार गर्नुपर्छ ।

आधुनिकतम विज्ञान र शक्ति

शक्तिविना न त कुनै जीवन सम्भव हुन्छ न सृष्टिको अस्तित्व नै । जुन विद्युत्-शक्तिले गर्दा वर्तमान युगका तमाम चमत्कार हामी देखिरहन्छौं, जुन ताप शक्तिले सृष्टिको पालन भइरहेछ र जुन प्रकाश शक्तिले हामी जीवन धारण गरिरहेछौं ती शक्तिहरूलाई कसैले कहिल्यै आँखाले देखेको छ ? छैन । शक्ति अदृश्य छ । समस्त संसार शक्तिको नै रूप हो । वर्तमान युगका महान् विज्ञानवेत्ता आइन्स्टाइनले गणितीय विधिहरूले यो सिद्ध गरेका छन्—पदार्थ केही होइन ऊर्जा या शक्ति हो र ऊर्जा केही होइन पदार्थ नै हो ।

शक्तिलाई पदार्थहरूमा बदल्ने यो सिद्धान्त अत्यन्त महत्त्वपूर्ण छ । भार तुलनात्मक नै हुन्छ, यसैले त्यसको एक एकाइ पनि हुन्छ, जेसित अरूको तुलना हुन्छ, त्यो

★एकै मौलिक शक्तिबाट भिन्न–भिन्न देश महाविद्यारूपिणी शक्तिहरू प्रकट भए तथा भौतिक रूपले एक सौर्य शक्तिबाट नै ताप गति र अनाज आदि वनस्पतिहरूलाई पाक्ने-पकाउने कार्य भइरहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकाइ सबैभन्दा सूक्ष्मबाट आरम्भ हुन्छ जस्तो भौतिकशास्त्रमा—हाइड्रोजनबाट हाइड्रोजन नै भारको एकाइ हो । तर सबै शक्तिको भार आजसम्म जान्न सकिएन किनकि यो सूक्ष्मतम छ त्यसैले अब शक्तिलाई सबैको मूल, सबैको एकाइ मान्नु पर्छ । आइन्स्टाइनको सिद्धान्तअनुसार द्रव्यको कहिले पनि नाश हुँदैन, त्यसको रूपान्तर मात्र हुन्छ । रसायनशास्त्र (Chemistry) को आधार यही सिद्धान्त हो, द्रव्य अविनाशी छ ।

Thermo Chemistry मा शक्तिको अविनाशिताको विधि (Law of Consevartion of Energy) आउँछ । शक्तिलाई नत शून्यबाट उत्पन्न गर्न सकिन्छ, न शून्यमा त्यसको लय नै हुन सक्तछ ।

'थ्री डायमन्शन' चित्रहरूमा यो अनुभूति विशेष रूपले हुन्छ हामी सत्य दृश्य नै हेरिरहेछौं, किनकि जुन तीन परिमाणहरू—लम्बाइ, चौडाइ र उचाइले यो जगत्को रचना भएको छ; यी तीनै कुरालाई यी चित्रहरूमा स्थान दिएको छ । (एक चौथो आयाम कालको पनि हो, तर एक रूसी वैज्ञानिकले यो सिद्ध गरेका छन्—कालदिक् देशभन्दा अलग्ग छैन र दिक् समाप्त भएपछि काल पनि स्वयं समाप्त हुन्छ)—सिनेमामा सबै चित्र रिलमा अलग-अलग हुन्छ र त्यसमा यस सिद्धान्तले काम गर्छ – कुनै पनि दृश्यको प्रभाव हाम्रो आँखामा १।१० सकेण्डसम्म रहन्छ र यदि १।१० सकेण्डभित्र कुनै दोस्रो दृश्य आए त हामी वास्तविक निर्णय गर्न सक्तैनौं, कुनै पनि दृश्यलाई हामी एकै समयमा देख्न सक्तैनौं तर एक लाख छयासी हजारौं सकेण्डको अन्तरबाट देख्दछौं; किनकि प्रकाशको गति यही हो । यो हाम्रो दृष्टि भ्रम नै हो जुन यो बेग्ला-बेग्लै चित्रहरूको छाया धाराप्रवाह रूपमा देखिन्छन् । विज्ञानका विद्यार्थी जान्दछन्—ग्यासको अवस्था त्यो हुन्छ, जेमा तत्त्व या यौगिकको परमाणु या अणु टाढा-टाढा छिटो घुम्दछ ।

हामी जे कुरा जुन रूपमा देख्दछौं त्यही अन्तिम सत्य होइन । एक पदार्थलाई अर्को पदार्थमा पनि अर्थात् फलामलाई सुनमा पनि बदल्न सकिन्छ वैज्ञानिक दृष्टिले । तब हामीले तत्त्वहरूको परमाणु—रचनामा ध्यान दिनुपर्छ । एक तत्त्वको परमाणुको इलेक्ट्रोनको संख्या अर्को तत्त्वको परमाणुको इलेक्ट्रोनको संख्या बराबर गर्न सके त एक तत्त्वलाई अर्को तत्त्वमा बदल्न सकिन्छ । यो सबैको अर्थ यो हो—सारा पदार्थ, सारा शक्तिहरू बेग्ला-बेग्लै प्रतीत भए तापनि एक नै हो, जेलाई हामीले पहिले नै एकाइको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा मान्यौं, जुन अविनाशी छ र जसबाट सबैको उत्पत्ति र जेमा सबैको लय हुन्छ, शक्तिबाहेक अरू केही छैन । सारा सृष्टि शक्तिको नै रूप हो । उनै आदि शक्ति, दुर्गा, सरस्वती, लक्ष्मी, जगज्जननी र महाकाली हुन् ।

पदार्थ र काल दुवै नै अनन्त शून्यको सङ्घात हो । एक प्रतीति मात्र हो अरू केही होइन ।

यो अनन्तता विशुद्ध गति हो र शून्यता विशुद्ध स्थिति । विज्ञानमा यो (Contineum & Quantum) हो । तन्त्र-शास्त्रमा यही नाद र बिन्दु हो । यस सृष्टिमा जे -जति देखिन्छ त्यो नाद र बिन्दुको नै उन्मिषित रूप हो ।

नाद या शब्द के हो ? विज्ञानमा (Vibration) र उपनिषद्हरूमा 'एजन' हो । वस्तु भएर पनि नदेखिनु या नभएर पनि देखिनु माया हो । प्रति सेकेण्ड बीसदेखि चालीस हजारचोटिको कम्पन (Frequency Per Second) द्वारा उत्पन्न ध्वनिलाई हामी सुन्न सक्तछौं । यसभन्दा माथि या परवर्ती नादलाई होइन । यो परवर्ती नाद 'अनहद नाद' हो । यही नाद आफ्नो चरम सीमामा ॐकार रूपमा नाद–ब्रह्म हो ।

'इलेक्ट्रोन थ्योरी'–का अनुसार परमाणु सौरमण्डलसँग मिल्दो-जुल्दो एउटा लघु (सानो) ब्रह्माण्ड हो । यसको केन्द्रमा धनात्मक विद्युतावेशयुक्त (Positive Charge) प्रोटोन छ तथा यसको चारैतिर वृत्ताकार रूपमा तीव्र गतिले घुम्ने इलेक्ट्रोनहरू छन्, जुन ऋणात्मक विद्युतावेशयुक्त (Nagative Charge) हुन्छ र विभिन्न कक्षहरूमा स्थित छन् । यी दुवै आवेश मिलेर परमाणुलाई सन्तुलित राख्दछन् । यस्तै नै सारा विश्वमा भइरहेछ । जुन पिण्डमा हुन्छ त्यही ब्रह्माण्डमा हुन्छ

शक्ति–तन्त्रमा शिव र शक्तिको सम्मिलित स्वरूपलाई चणक (चना) नामले अभिहित गरेको छ । एक चणक (चना) मा दुई दल हुन्छन्, तर एक अर्कोमा यति टाँसिएर रहन्छन् एकै नै भन्ने भान पर्छ । यो एकै नै बोक्राले बेरिएको छ । यी दुवै दल शिव र शक्ति हुन् र जुन बोक्रा छ त्यो माया हो । यस संकेतलाई वैज्ञानिक भाषामा यस प्रकार प्रकट गर्न सकिन्छ शिव घनात्मक आवेश हो र शक्ति ऋणात्मक । यी आवेशहरूले उत्पन्न बल क्षेत्र (Orbit) नै मायाको स्वरूप हो । सबैको मूलमा खालि ऋण–धन विद्युत्को आवेश नै छ । विज्ञानको भाषामा त्यही शक्ति हो, त्यही शिव हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञान यो महासत्य स्वीकार्न हिचकिचाउँछ । तर आखिर यो हिचकिचाहट कतिसम्म रहन्छ ? यसैले ए साथी विज्ञान ! आफ्नो जेठो दाजु धर्मको साथै मिलेर एकै होऊ । यसमा तिम्रो ठूलो श्रेय हुन्छ । होइन भने त कहीं यस्तो नहोस्– कुनै पौराणिक तिमीलाई कुनै भयानक राक्षसको नाम रूप दिएर दैत्य कुलको वंशावलीमा सामेल नगरिदओस् ।

मध्याकर्षण शक्ति वैद्युतिक शक्ति, आणविक, आकर्षण र विकर्षण शक्तिको यी समस्त शक्तिहरू विशुद्ध र संयत इच्छाद्वारा अधीन हुन सक्तछन् । जड-शक्तिको नै अर्को नाम अदृष्ट हो एवं इच्छाशक्तिको अर्को नाम पुरुषार्थ हो, वस्तुतः यी दुवै शक्तिहरूमा कुनै भेद छैन ।

संसारको मूल कारण अझसम्म वैज्ञानिकहरूको दृष्टिपथमा यथार्थ रूपले आएन । आएको भए त यो कारणरूप शक्तिलाई इच्छाको रूपमा जान्न सक्तथे, एवं आफ्नो इच्छाको साथ त्यसको घनिष्ठ सम्बन्ध आविष्कार गरेर चिन्मय धाम अथवा बोधराज्यमा जाने यथार्थ मार्ग प्राप्त गर्थे । चैतन्यमय प्रकाश नित्यसिद्धसत्ता अथवा पराशक्तिको रूपमा जाग्रत छ । जुन चैतन्यरूप अखण्ड सत्ताबाट वायु विक्षुब्ध समुद्रको वक्षस्थलमा तरङ्ग उर्लेझैं स्वभावको प्रेरणाले इच्छामयी शक्तिको आविर्भाव हुन्छ तथा इच्छाद्वारा क्रम सृष्टिको नियमानुसार क्रियाको विकास हुन्छ, त्यही 'ईश्वर' पदवाच्य वस्तु हो । अप्रतिहत इच्छा अथवा शक्तिको चैतन्यमय आधार नै हाम्रा ईश्वर हुन् ।

आवरण शून्य र बाह्य सत्ताको सम्बन्धले शून्य विशुद्ध उपादानमा जुन ज्ञान-शक्ति र क्रिया-शक्तिको प्रकाश हुन्छ, त्यो अपरिच्छिन्न अप्रतिहत र अनन्त हुन्छ । वस्तुतः यो ईश्वरको नै नामान्तर हो ।

यथार्थतः जसको सत्ता नै छैन, व्यावहारिक भावले मात्र होइन प्रतिमास-रूपमा पनि जो छैन, उ वर्तमान ज्ञानमा कसरी आउन सक्तछ ? यो जान्नु अत्यन्त कठिन छ । अतीत ज्ञानको सम्बन्धमा व्यक्तिगत भावले यो कुरा यति जटिल छैन । भविष्यत् दृश्य अथवा घटना विषयक प्रत्यक्षबाट ईश्वरको अस्तित्व स्वभावतः प्रमाणित हुन्छ । अनागतबाट वर्तमानतर्फ जुन शक्तिको प्रवाह छ यो नै कारणको कार्यावस्था प्रतिको उन्मुखता हो । महर्षि पतन्जलि भन्दछन्– अनागत पनि वस्तुतः वर्तमानदेखि भिन्न छैन । हाम्रो लागि जुन अनागत हो; व्यापक ज्ञान विशिष्ट पुरुषको लागि त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनागत नभएर वर्तमान नै हुन सक्तछ । जुन भूमिमा अतीत र अनागत नित्य वर्तमान रूपमा प्रकाशित हुन्छन्; त्यही पूर्ण ज्ञानभूमि हो । त्यहाँ कालको भेद हुँदैन । ईश्वरीय सत्ता र जीवसत्ताको अभिन्नता सिद्ध हुँदैन, सिद्ध हुँदा जीवलाई भविष्य-दर्शन हुनु कत्ति पनि आश्चर्यको कुरा होइन ।

कुनै कार्यको उत्पत्तिमा प्रधानतया उपादान र निमित्त यिनै दुई प्रकारका सामर्थ्य देखिन्छन् । जुन उपादानद्वारा जगत् निर्मित हुन्छ, त्यसलाई परमाणु त्रिगुण, माया वा कला जेसुकै भनियोस् त्यसलाई जड नै मान्नु पर्ने हुन्छ । किन्तु चेतनको सन्निधान विना केवल जड उपादान स्वतः कार्य रूपमा परिणत हुन सक्तैन ।

अनुसन्धान नगरीकन स्वभावको शरण लिनु विचारशास्त्रको नीतिको विरुद्ध छ ।

अपरिवर्तनीय द्रष्टाको अगाडि परिवर्तनको सार्थकता हुन्छ । जगद्व्यापी यो शाश्वत परिणामको कुनै नित्य द्रष्टा अवश्य हुन्छ । ती नै चिन्मय ईश्वर हुन् । यो साधन-प्रणालीमा मूलतः योग नै सर्वप्रधान हो । कर्म, उपासना, ज्ञान आदि यसका नै एक-एक पर्व मात्र हुन् । योगको अवलम्बनले जब साध्य तत्त्वलाई सम्पूर्ण रूपले प्रत्यक्षको विषयीभूत गरिन्छ तब सबै संशय स्वतः टाढा हुन्छ । जो साधनपथको बटुवा छन् उनी-हरूको अगाडि ईश्वरको अस्तित्व शुष्क युक्तिद्वारा प्रकाशित हुँदैन । यो भगवत् साक्षा-त्कार रूपी परम सुखको प्राप्तिको साधन के हो ? साधन हो–धर्म । मान्छेसँग कर्मको अविच्छेद सम्बन्ध छ, यसैले मानवताको चरम लक्ष्य धर्मपालन नै हुनुपर्दछ । धर्मले मान्छेको जीवनभर साथ दिन्छ र मरणोपरान्त पनि त्यो साथ रहन्छ । त्यसैले बुद्धिमान् मानिसले धर्मको परित्याग गर्नु हुँदैन । उदाहरणको लागि काशीवासी धर्मपालको आख्यान हेर्नुहोस् जुन मूलग्रन्थ (प्रथम खण्ड)को ५६ पृष्ठमा पाइन्छ ।

अब धर्म शब्दको केही व्युत्पत्ति हेरौं । अन्तिम अर्थ त सबैको एकै हो । (१) धिन्वनाद् धर्मः । धिन्वन्को अर्थ हो धारणा या आश्वासन दिनु, दुःखबाट पीडित समाज-लाई धैर्य दिएर सुखको मार्ग देखाउनु । यस्तो प्रकारको आचारको नाम धर्म हो । (२) धारणाद् धर्मः । धारणा गर्नु दुःखबाट बच्नु । श्रीकृष्ण भगवान्ले जसरी गोवर्धनलाई धारण गरेर व्रजलाई बचाएका थिए उस्तै प्रकारले जसको आचरणबाट समाज अधोगति-तिर नजाओस् र आफ्नो उच्च आसनमा स्थिर रहन सकोस् यसैको नाम धर्म हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनु भगवान्ले धर्मको दश लक्षण बताएका छन् । त्यसमा धर्म-पालन गर्ने सारा स्वरूप आउँछ । पुराणहरूमा त्यसको विस्तार गरेर तीस लक्षण बताइएको छ । धर्मको एकाध अङ्गकै मात्र समझदारीका साथ पालन भए पनि अर्का अङ्गहरूको पालन आफैं हुन्छ । जसरी खाटको एक खुट्टालाई तान्नाले बाँकी तीन खुट्टाहरू उसको साथै तानिन्छन् । वास्तवमा धर्मको ज्ञान खालि चर्चाद्वारा वा यस विषयका ग्रन्थहरूको अवलोकनद्वारा ठीक तरीकाले हुँदैन । यो त आचरणमा ल्याउने वस्तु हो । चर्चा आदि गर्नाले त खालि बोक्रे ज्ञान हुन्छ, जसलाई जानकारी मात्र भन्न सकिन्छ । धर्मको व्याख्या यस प्रकार छ– "**यतोऽभ्युदयनिः श्रेयससिद्धिः स धर्मः**" जुन आचरणबाट अभ्युदय तथा निः श्रेयसको प्राप्ति हुन्छ, त्यसैको नाम धर्म हो । अतएव धर्मको एक लक्षण यो भयो–जे को आचरणबाट मोक्षको प्राप्ति होओस् ।

अभ्युदय र निःश्रेयसको अर्थ बुझ्नुपर्छ । श्रेयसको अर्थ हो कल्याण, जुन कल्याण भन्दा अर्को कुनै ठूलो या अधिक महत्त्वको कल्याण हुँदैन, त्यो सर्वश्रेष्ठ या सर्वोपरि कल्याणलाई निःश्रेयस भनिन्छ, सर्वश्रेष्ठ कल्याणलाई मोक्ष भनिन्छ । अभ्युदयको अर्थ खालि यही हो–शरीर निर्वाहको साधन सजिलैसँग प्राप्त होओस् । मनु महाराजले अत्यन्त संक्षेपमा बताएका छन्, धर्मको आचरण कसरी गर्नुपर्दछ–

अहिंसा सत्यमस्तेयः शौचमिन्द्रिय निग्रहः ।
एतद् धर्मं समासेन चातुर्वर्ण्येऽब्रवीन्मनुः ॥

पहलो हो अहिंसा । हिंसाको स्थूल अर्थ हो– मनसा, वाचा, कर्मणा कसैलाई कष्ट दिनु, यस्तो कुनै पनि हिंसाबाट टाढा रहनु अहिंसाको पालन हो । दोस्रो तत्त्व हो– सत्य । यस्तो कुन सम्प्रदाय छ, जुन सत्यको आवश्यकतालाई स्वीकार गर्दैन । तेस्रो छ– अस्तेय । अस्तेयको अर्थ हो चोरी नगर्नु, जुन मान्छे आफ्नो व्यवहारमा पूरा इमान्दार रहदैनन् ती सबै चोरी गर्ने हुन् । चौथो हो– शौच । शौचको अर्थ हो पवित्रता । तन-मनको पवित्रताको लागि नै सम्पूर्ण कर्मकाण्डको सृजना भएको छ । पाचौं छ– इन्द्रिय निग्रह । वास्तविक स्वतन्त्र मनुष्य को हो ? जसको आफ्ना इन्द्रियहरू माथि पूरा नियन्त्रण हुन्छ । यसप्रकार इन्द्रिय निग्रह पनि प्रत्येक सम्प्रदायमा कुनै नै कुनै रूपमा मान्य हुनुपर्दछ ।

यस प्रकारले यो स्पष्ट प्रतीत हुन्छ– कुनै पनि राज्यमा संस्था, अथवा समाज या व्यक्ति धर्मविना रहनै सक्तैन । कुनै राज्य असाम्प्रदायिक हुनसक्छ तर त्यो धर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरपेक्ष या धर्मविहीन हुन नै सक्तैन । राज्यको लागि पनि उसको धर्म छ जहाँसम्म त्यसको पालन हुन्छ तबसम्म त्यसलाई "सुराज्य" मानिन्छ । राज्य धर्मको बारेमा रामायण तथा महाभारतमा विस्तारपूर्वक वर्णन गरिएको छ ।

एकातिर न्याय, स्वतन्त्रता, समता र बन्धुत्वका नारा छन्, अर्कोतिर यिनै गुणहरूको विनाश-साधनको तयारी छ । वर्ग भावना अझै विभाजित हुन्छः एक खण्ड-लाई संकुचित गरिदिन्छ । गुलामीको विरुद्ध आवाज उठाउने राष्ट्रहरूको बीच अस्पष्टता, सन्देह, अविश्वास, प्रतियोगिता र धम्कीको बोलबाला छ । मानवजीवनको मूल्य घटेको छ । सामूहिक जीवन पाखण्डले भरिएको छ । अधिकार धेरै र जिम्मेवारी-हरू कम चाहन्छन् : हाम्रो आगाडि यो कस्तो परस्पर विरोधी दृश्य छ । मानव जीवनको एक पक्ष स्वस्थ, सुखद, सज्जनता एवं सहानुभूतिले भरिएको छ र अर्को पक्ष भद्दा, घृणापूर्ण, दुःखद तथा अन्धकारले आच्छन्न छ । यस वैषम्यबाट मानवता आज किंकर्तव्यविमूढ भएको छ ।

यो इन्द्रिय प्रमत्ततालाई नै आज "युग धर्म"को नाम दिइएको छ । शिक्षा एवं संस्कृतिको नाममा यसरी जैव-धर्मको उपासना भइरहेछ । एकान्त भौतिकमुखी एवं भोग लोलुप जीवनले मनुष्यको मनोराज्यलाई यस प्रकार विक्षिप्त, विच्छिन्न एवं विशृंखलित बनाएको छ कि त्यो आपनो मानसिक सन्तुलन हराएर बसेको छ । वर्तमान युगमा ज्ञान-विज्ञानको चरम उन्नति भयो । मानवताको कल्याणको लागि विज्ञानको जुन चमत्कार-पूर्ण आविष्कार भएको छ र भइरहेछ त्यही आज मनुष्यका लागि भय एवं विपत्को कारण बनेको छ । नैतिक दृष्टिबाट उसको टाट उल्टयो र आध्यात्मिक दृष्टिबाट उ कङ्गाल बन्यो । माथि जे-जति लेखिएको छ त्यसको अर्थ यो होइन कि ज्ञान-विज्ञानको क्षेत्रमा जुन उन्नति भएको छ, त्यो उपेक्षणीय छ, त्यसबाट फाइदा नउठाएर हामी त्यसबाट विमुख नै होऔं भन्ने होइन । मेरो अभिप्राय भावना शुद्धिसंग छ । कुनै पनि वस्तुको उपयोग जुन भावनाबाट गरिन्छ यसरी नै त्यसको सिद्धि हुन्छ । यस जगत्को इतिहास भावना सिद्धिको विविधताको इतिहास हो ।

कसैलाई लाग्दैन कि आजको झम्टा-झम्टी, नेताहरूको भाषणको मारा-मारी र बान्हमासे चुनावहरूको दाँजोमा पहिलेको धार्मिक क्षत्रीय राजाहरूद्वारा गरिने राज्य-सञ्चालन सुख-शान्ति बढी राम्रो थियो ? ईश्वरीय राज्य भावनाको विशुद्धि चाहन्छ र त्यतापट्टि सबैको दृष्टि गइरहेको छैन; सोझो मान्छे ! स्वय विचार गर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी अपेक्षित भावना शुद्धिको एकमात्र साधन हो धर्मपथ यसैले धर्मको आवश्यकता छ।

सूर्यको धर्म हो तातो र प्रकाश दिनु; यस धर्मको यदि लोप भयो भने त "सूर्य" कहलाउन लायक रहँदैन त्यसलाई पत्थरको गोलो मात्र भन्न सकिन्छ। **वस्तुस्वभाव धर्म** ।

जहाँसम्म मनुष्य नियमहरूलाई धारण गरिरहन्छ त्यहाँसम्म उसलाई मनुष्य भनिन्छ ।"धर्म" शब्दको व्युत्पत्ति पनि यस्तै हो । धर्मको रक्षामा नै मनुष्यत्वको रक्षा हुन्छ ।

अब हेरौं धर्म र सम्प्रदायमा के अन्तर छ ? धर्म अनादि छ र सम्प्रदायहरूको स्थापना अवतारी पुरुषहरूद्वारा गरिएको हुन्छ । अतएव त्यसमा देश, काल र समाजअनुसार कर्मकाण्डको विशेषता रहन्छ । सम्प्रदायको अर्थ–सोझो रायमा धर्मको पथ विशेष हो। सम्प्रदाय शब्द वास्तवमा न त सङ्कीर्णतायुक्त छ, न हेय नै। मिथ्या भ्रमले गर्दा सम्प्रदायको अर्थ सङ्कीर्ण मनोवृत्तिको व्यक्ति मानिन लाग्यो ।

यो अर्कै कुरा हो तिम्रो बाटो त्यहाँबाट प्रारम्भ हुन्छ, जहाँ तिमी उभिएका छौ। सम्प्रदायविना त साधन नै छैन। बाटोविना त लक्ष्यसम्म गति नै हुँदैन। जब अरूलाई आफ्नो सम्प्रदायमा ल्याउने दुराग्रह या हठग्रह गरिन्छ तब संघर्ष नभई रहँदैन। युरोपको क्रुसेडस् (Crusades) यसको प्रत्यक्ष प्रमाण हो ।

एक हिन्दू धर्ममा नै अनेक सम्प्रदाय छन्, परन्तु विरोध छैन। प्रायः भनिन्छ– धर्मको नाममा ज्यादै रक्तपात भएको छ, यसबाट धर्म शब्द नै अनर्थकारी भएको छ। परन्तु यो भन्नु गलत हो। उदाहरणार्थ इसाई धर्मको नाममा क्रुसेड भयो र ज्यादै रक्तपात भयो तर युरोपका कुनै पनि प्रजा धर्मको नामबाट भड्कदैनन् उनीहरूले आफ्ना गिर्जाघरहरूलाई भत्काएका छैनन् । तर हामी अभागी मात्र छौं, जो अलिकति अंग्रेजी पढ्दैमा धर्मदेखि चिढिन्छौं र धर्मको नाम पनि लिन चाहँदैनौं ।

रक्तपातको कारण धर्म होइन, बरु एक सम्प्रदायको कर्मकाण्डको दोस्रो सम्प्रदायको कर्मकाण्डको साथ विरोध नै यसको मुख्य कारण हो। मिशनरीवालाहरू धनको लोभ देखाएर विद्यालयहरू, अस्पतालहरू र सेवाको लोभ दिएर तथा सुन्दरी केटीहरूको मोह दिएर मानिसहरूलाई इसाई बनाउँदछन्, निश्चय नै यो प्रभु इसाका सिद्धान्तहरूको सर्वथा विरुद्ध छ। यी संख्या बढाउने लोभी पन्थहरूको यही ठूलो दोष हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूहरूमा धर्मको असहिष्णुता प्रायः कहिल्यै रहेन। बौद्ध धर्म कुनै वैदिक आर्य धर्मबाट पृथक् धर्म होइन। त्यो त वैदिक धर्म अन्तर्गत नै सुधारको एक प्रक्रिया हो। बौद्ध भिक्षुहरू चीन जापान जहाँ पनि गए, प्राचीन मान्यताहरूको कहिल्यै खण्डन गरेनन्। त्यसपछि इसाईहरूको प्रभुत्व भयो र पोप धर्म गुरु मात्र नरहेर शासक पनि मानिन लाग्यो, तब उनीहरूले पनि आफ्नो सम्प्रदायलाई बढाउने लोभको संवरण गर्न सकेनन्। उनको साथ दुइ वस्तुहरू रहन्थे—एक तोप, दोस्रो पोपको व्यवस्था। मुसलमानहरूले त धर्मान्धिताको हद नै गरिदिए। जो मुसलमान होइन उसलाई लुट, या त बलपूर्वक उसलाई मुसलमान बनाऊ, या मार—यही खालिफाहरूको नीति रह्यो। जब पापको बोझ धेरै बढ्छ तब समाज ध्वस्त हुन्छ। सुमेर, मिश्र, बेबिलोनिया, असिरिया, ग्रीस, रोम आदिका प्राचीन सभ्यताहरू यसैकारण ध्वस्त भएका थिए। अरू देशवासीहरूको अपेक्षा हिन्दूहरू मनुष्यत्वको विषयमा धेरै उन्नत थिए।

कर्नेल टाडले राजस्थानको इतिहासमा लेखेका छन्। – ––––। "औरङ्गजेवलाई दुर्गादासले भने—हाम्रो कुनै धर्मसँग द्वेष छैन। आफ्नो मालिकको रक्षाको लागि, हामी तलवार उठाउँदछौं र दिल्लीका अन्यायी वादशाहसँग हाम्रो दुश्मनी छ, कुनै धर्मसँग वा तपाईंका बच्चाहरूसँग होइन।"

बादशाहले भने—"दुर्गादास ! तिमी देवता हौ। उनले राठौर शूरमालाई सम्मानपूर्वक बसाले। अजीत सिंहलाई जोधपुर महाराज मान्ने स्वीकृति लेखिदिए।"

जर्मन दार्शनिक स्प्याङ्गलर (Spangler)ले आफ्नो पुस्तक (Decline of the weak) मा सप्रमाण प्रतिपादन गरे—'मिश्र, ग्रीस, रोम आदि देशहरूको प्राचीन सभ्यता जुन प्रकार विनष्ट भयो पाश्चात्य सभ्यता पनि उस्तै प्रकार विनाशोन्मुख छ'। रोमन रोलाण्ड (Roman Roland) ले पनि भनेका छन्—"पाश्चात्य सभ्यता यो बेला ज्वालामुखीको मुखमा अवस्थित छ"

विवेकी पुरुष धर्मको संग्रह गरेर जीवनलाई सफल बनाओस्, यही परम शान्तिको उपाय हो। धर्म शब्दको कुनै पनि भाषामा समानार्थक शब्द छैन। धर्म शब्द ज्यादै व्यापक अर्थ राख्दछ, जसरी वर्णाश्रम-धर्म ब्राह्मण-धर्म आदि।

धर्मको सम्बन्ध अभ्यन्तरसित (मन-बुद्धिसित) पनि छ र बाह्यसित पनि तथा आजीविकासित पनि छ। बौद्ध धर्मभन्दा अघि यहाँ व्यक्तिहरूको नामले धर्म चलाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथा थिएन । धर्म सबैको लागि हो त्यो मानव मात्रको लागि सनातन, शाश्वत छ। यो होइन कि हिन्दूहरूको लागि धर्म अर्को छ, अंग्रेजहरूको लागि कुनै तेस्रो छ र अरबीहरूको लागि चौथो छ। दैत्यको कुलमा जन्मिएका प्रह्लाद आर्यहरूको सदृश नै मानिन्छन्। पुलस्त्य कूलमा रावण आचरणले राक्षसै बन्यो ।

धर्ममा दुइ कुरा मुख्य छन्– एक आफ्नो आचरणलाई शुद्ध राख, दोस्रो आफ्नो वंश-परम्परागत आजीविकाद्वारा निर्वाह गर । महापुरुषहरू, महात्माहरू एवं सद्ग्रन्थहरूको त्यो निर्देशन नै धर्म हो । त्यही हाम्रो संस्कृतिको प्राण हो ।

अहिलेसम्म जति प्रमाण उद्धृत गरिएका छन्, ती प्रमाणहरूबाट 'धर्म' गुण वा क्रिया नै सिद्ध हुन्छ, जो आत्म द्रव्यमा समवाय-सम्बन्धले% रहन्छ। पौराणिकहरूले धर्मलाई द्रव्य मानेका छन् । ऋषि-मुनिहरूले लोककल्याणको लागि तपश्चर्या, योगसाधना तथा अत्यन्त उग्र आराधना गरेर वेदको गुह्य-ज्ञान श्रवण-तथा स्मरणद्वारा प्राप्त गरे। धर्म र संस्कृति जीवित राखेर जीवहरूको उद्धार गरे र अहिले पनि गरिरहेछन् । यसैले मनुजी भन्नुहुन्छ–

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।

अर्थात् "भारतवर्षमा उत्पन्न भएका अग्रज ब्राह्मणहरूबाट सबै देशका सबै मनुष्य आ-आफ्नो शीलसदाचार र चरित्रको शिक्षा ग्रहण गरून् ।" तर हामी अभागी आज पनि पाश्चात्य देशहरूको संस्कृति र सभ्यताको अन्धानुकरण गरिनै रहेछौं !!! हाम्रो दुर्बुद्धि !!!

प्रत्येक युगको विशेष धर्म हुन्छ । प्रत्येक वर्ण एवं आश्रमको बेग्ला-बेग्लै धर्म छ। प्रत्येक व्यक्तिको अधिकार बेग्ला-बेग्लै धर्म छ। त्यसैको लागि धर्मका कर्तव्य कर्महरूका जुन मुख्य-मुख्य भेद छन्, तिनको नै विचार यहाँ गरिएको छ। नित्यकर्मयो धर्मकृत्यको सबैभन्दा मुख्य अङ्ग हो भनिएको छ– नित्यकर्म गर्नाले पुण्य हुँदैन, नगर्नाले पाप हुन्छ, जस्तो नुहाउनु ।

नैमित्तिक कर्म– नैमित्तिक कर्मको विधान प्रतिकूल निमित्तको बाधाबाट रक्षा पाउन तथा अनुकूल निमित्तको शक्तिबाट ज्यादाभन्दा ज्यादा फाइदा उठाउनको लागि निश्चित भएको छ।

%अभेद्य-संबन्ध, अथवा नित्य-सम्बन्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य कर्म– श्रीमद्भागवतमा प्रह्लादजीलाई देवर्षि नारदले धर्मोपदेश गर्दै तीस लक्षण युक्त सार्वभौम मानवधर्म बताउनु भएको छ। यो नै सामान्य कर्म हो। यसको पालनाबाट सर्वात्मा भगवान् सन्तुष्ट हुनुहुन्छ।

विशेषधर्म–मनुष्यको जुन समाज, परिवार, राष्ट्रमा विशेष-विशेष स्थिति हुन्छ यसले गर्दा उसको विशेष-विशेष धर्म बन्दछ। सैनिकको धर्म अर्कै र प्रशासकको अर्कै। न्यायाधीशको धर्म बेग्लै र वकीलको बेग्लै। त्यस्तै वर्ण र आश्रम धर्महरू पनि बेग्ला-बेग्लै छन्। काम्यकर्म या धर्म–जबसम्म हामी केही चाहँदैनौं जीवन सामान्य गतिले चलिरहन्छ। तर जब हामी कुनै पदार्थ विशेष या परिस्थिति विशेष प्राप्त गर्न चाहन्छौं हामीले विशेष उद्योग गर्नुपर्छ। काम्य कर्ममा श्रद्धा तथा विधिको सम्यक् पालन आवश्यक हुन्छ।

आपद्धर्म– मनुष्य सधैं सामान्य परिस्थितिमा रहँदैन रोग, शोक, विपत्ति आदि आइ नै रहन्छन्। अतः शास्त्रले यस्तो परिस्थितिमा निर्वाहको विधान बनाएको छ।

हिन्दू-धर्म, सनातन धर्म प्रारब्धलाई र पुनर्जन्मलाई मान्दछ। पुनर्जन्मलाई मान्नुको अर्थ नै प्रकृतिको एक तथ्य स्वीकार गर्नु दिनु र त्यो तथ्य हो बीज-वृक्षन्याय□। प्रारब्ध र पुनर्जन्मको मान्यताले गर्दा हिन्दूको सम्पूर्ण जीवन धर्मशासित छ।

समस्त पवित्रताहरूमा धनको पवित्रता नै सर्वोपरि मानिएको छ। पामर, विषयी ,साधक र सिद्ध यी चार कक्षाहरू मनुष्यका हुन्छन्। जो इन्द्रियहरूको भोग तथा त्यो भोगप्राप्तिको साधन धन उचित-अनुचित कुनै प्रकारले जुटाउनमा लाग्दछ यो पामर हो। जो धर्मपूर्वक धनोपार्जन गर्छ र त्यो धर्मोपार्जित धनले आफ्नो वर्णाश्रम-धर्मको लागि विहित जुन सुख उपभोग हुन्छन्, ती मात्र भोग्दछन्, ती विषयी हुन्। धर्मपूर्वक उपार्जित धनलाई धर्मकार्य सेवाकार्यमा लगाउने तथा मन एवं इन्द्रियहरूलाई संयम गर्ने साधक हुन्। साधनको परिपक्व अभ्यासबाट परमात्मतत्त्वको साक्षात्कार गर्ने महापुरुष सिद्ध भनिन्छ।

पूरा दिनचर्यामा यस्तो कुनै कुरा छैन, जुन धर्म शास्त्रको मर्यादामा बाँधिएको नहोस्। अन्न-पानी–यसले त शरीर बन्दछ। यो त जीवन निर्माणको मूल धातु हो। अतः धर्म-शास्त्र यसको सम्बन्धमा धेरै अनुशासन चाहन्छ।

□पहिले वृक्ष हो कि बीउ हो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको पूर्णता यसमा नै छ –त्यसले सम्पूर्ण जीवनको धारण एवं शासन गर्दछ। हामी आफ्नो मौलिक विषयबाट धेरै टाढा आयौं यसैले एकचोटि त्यसलाई फेरि सम्झनुपर्छ "मनुष्यमात्रको अन्तिम लक्ष्य परमानन्दको प्राप्ति र सबै दुःखको निवृत्ति हो। त्यो आफ्नो स्वरूपभूत परमानन्दको प्राप्तिको साधन खालि ज्ञान नै हो। ज्ञानको प्रतिबन्धक दोष मल, विक्षेप र आवरण हुन्। त्यसको निवृत्ति निष्काम कर्म, उपासना र ज्ञानका आन्तरङ्ग साधन–श्रवण, मनन, निदिध्यासन आदिद्वारा हुन्छ, जे द्वारा अन्तःकरणको शुद्धि भएर मनुष्यलाई ज्ञानद्वारा मोक्षको प्राप्ति हुन्छ, त्यही कर्तव्यकर्म तथा उपासना आदिलाई 'धर्म' शब्दले शास्त्रमा सर्वत्र वर्णन गरेको छ।"

धर्मको विरोधी मानव दानव बन्देछ। जगद्विजयी सिकन्दरलाई जन्म दिने युनान् आज शक्तिको दृष्टिबाट जर्जर छ। धर्मको एकाङ्की रूपलाई अपनाउँदा यही परिणाम हुन्छ। रोम या इटलीको अवस्था पनि यस्तै छ।

धर्मको मूलमा श्रद्धा निहित रहन्छ। श्रद्धाको अभावमा ज्ञान एवं आचरण दुवै नै मृतप्रायः हुन्छन्। यसैले गीतामा श्रद्धाको लागि आहार-निर्मित सत्त्वमा बल दिइएको छ। युरोपमा जातिहरू सत्त्वबाट विरहित भएर आज फेरि यही रजोगुणको चक्रमा लीन छन्।

हिन्दू-धर्म तथा संस्कृति आफ्नो अध्यात्मको लागि प्रख्यात रहेको छ। महम्मद गजनवी, चङ्गेजखाँ र तैमूरको हत्याकाण्डले पनि यो श्रद्धा र विश्वासलाई विचलित गर्न सक्तैन। अङ्ग्रेजहरूको कूटनीतिले हामीमा अकथनीय प्रभाव पाऱ्यो र हाम्रा श्रद्धाका केही अंशहरूलाई आफ्नो चकाचौंधले प्रभावित मात्र पारेन परिवर्तन पनि गरेर गयो।'

धर्मलाई हामीहरू कर्तव्य-वाचक र भाववाचक रूपले पनि मान्दछौं। विचारको सुविधाको लागि हामी धर्मलाई तीन भागमा विभाजित गर्न सक्तछौं– पहिलो सामान्य धर्म, दोस्रो विशेष धर्म र तेस्रो परम धर्म।

१. सामान्य धर्म या सार्ववर्णिक धर्म– सामान्य धर्म भनेको धृति (धैर्य) क्षमा, दम अस्तेय (नचोर्नु) शौच, इन्द्रिय निग्रह, धी (आत्म विषयिणी बुद्धि) विद्या (आत्मज्ञान) सत्य र अक्रोध हुन्।

जैमिनिकृत मीमांसा– दर्शनमा प्रथम सूत्र छ– **अथाऽतो धर्मजिज्ञासा**! क्रियामा प्रवर्तित गर्ने शास्त्र वचनको नाम चोदना हो अर्थात् आचार्यबाट प्रेरित भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन याग आदि गरिन्छ त्यसैको नाम धर्म हो। यो धर्मको लक्षण जैमिनिको हो। शास्त्रले जुन कर्तव्य कर्महरूको विधानबनाएको छ र जुन श्रेयस्कर छ त्यसैको नाम धर्म हो।

प्रवृत्ति र निवृत्ति यी दुई प्रकारका वैदिक कर्महरू ब्रह्माले सृष्टिको आदिमा निर्देश गरेका थिए। प्रवृत्ति-लक्षण जुन कर्म छ त्यो धर्म हो। भगवान् व्यासले भन्नु भएको छ– **'नहि मनुष्यात् परतरं हि किञ्चित्'** मनुष्य भन्दा श्रेष्ठ कोही छैन। धर्मले गर्दा मनुष्य श्रेष्ठ छ धर्माधर्म, कर्तव्याकर्तव्यको विचार मृत्युपश्चात् पनि जीवको सत्ताको मान्यता तथा ईश्वरानुभूतिको क्षमता खालि मनुष्यमा हुन्छ। यसैले मनुष्य श्रेष्ठ छ।

अधर्म त मनुष्यको विकृति हो। धर्म मनुष्यको सहज स्वभाव हो। सत्य बोल्नको लागि कुनै योजना गर्नु पर्दैन। यथार्थको पालना गर्नुपर्दछ। धर्मको दासता-बाट मुक्तिको कुरा आजको प्रगतिशील मान्छे बडो गर्वसाथ गर्दछ; तर यसको अर्थ के हो ? कहिल्यै विचार गरेका छौ ? यसको अर्थ हो– मन इन्द्रियहरूको दासताको स्वीकृति ! यो स्वीकृतिले विनाशतिर लाग्दछ। संयमको दासताबाट मुक्ति लिएर मनपरी आहार-विहार गर्नेहरू रोगहरू तथा मृत्युको शिकार बन्दछन्।

रिलिजन (Religion) धर्मको पर्यायवाची शब्द होइन। मानस-निरोध सर्ववृत्ति शून्यता नै सर्वोपरि धर्म एवं तपस्या हो। मनुष्यमात्रको लागि अहिंसा, सत्य आदिलाई धर्मको साधनरूप बताइएको छ।

धर्म अहिंसाको स्वरूप– अहिंसा भनेको प्रेम। हिंसाका हामी स्थूल र सूक्ष्म दुई भेद गर्न सक्तछौं।

स्थूल हिंसा– कसैलाई मार्नु, घायल गर्नु, पिट्नु र कसैबाट उसको इच्छा विरुद्ध काम गराउनु स्थूल हिंसा हो।

सूक्ष्म हिंसा– मनमा कसैप्रति दुर्भाव राख्नु वैर साध्ने मौकाको खोजी गर्नु सूक्ष्म हिंसा हो। हिंसामा एक नै भाव भरिएको हुन्छ– म र मेरो मर्जी। म जे चाहन्छु त्यही हुनुपर्छ। मेरो मर्जी नै कानून हो। मेरो नै कुरा हुनुपर्दछ। यो 'म' हरेक ठाउँमा ठक्कर खान्छ। एक 'म' अर्को 'म' संग जुध्न थाल्छ। यस्तो स्थितिमा परित्राण पाउने एक मात्र उपाय हो -- अहिंसा।

इसाई धर्ममा पनि अहिंसालाई स्वीकार गरिएको छ। इसामसीह भन्दछन्– "Thou shall not kill and ye shall be holy man unto me neither shall ye

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

eat any flesh that is torn at least in the field"
अर्थात् तँ कसैलाई नमार ! तँ मसंग पवित्र मानिस भएर रह, जङ्गलका प्राणीहरूको वध गरर उनीहरूको मासु न खा"

बौद्ध धर्म पनि अहिंसालाई आफ्नो सर्वोत्तम धर्म स्वीकार गर्दछ । जैन धर्म त अहिंसाप्रधान धर्म नै हो । सबै प्राणीहरूमा एकै चैतन्य परमात्माको अनुभव गरेर सबैलाई समान भावले हर्नु धर्म हो । श्री व्यासजीले अहिंसाको व्याख्या यस प्रकार गर्नु भएको छ– "सबै कालमा सबै प्रकारले, सबै प्राणीहरूको चित्तले पनि द्रोह नगर्नु अहिंसा हो ।"

हिंसा तीन प्रकारको हुन्छ– (१) शारीरिक– कुनै प्राणीको प्राण हर्नु अथवा अन्य प्रकारले शारीरिक कष्ट पुऱ्याउनु, (२) मानसिक– मनलाई मैलो पार्नु या मनले कसैको खराबी सोच्नु, (३) आध्यात्मिक– अन्तःकरणलाई मलिन पार्नु ।

आफ्नो अगाडि आफ्ना परिवार, देश–समाज अथवा धर्मलाई दुर्जनहरूद्वारा अपमानित भएको हेर्नु, अहिंसा होइन बरु हिंसाको पोषक कायरतारूपी महापाप हो ।

अहिंसा धर्ममा आदर्श महापुरुषहरु:–

महर्षि वशिष्ठ– एक दिन राजा विश्वामित्र फौज लिएर शिकार खेल्न निक्लेका थिए । उनी महर्षि वशिष्ठको आश्रममा पुगे । वशिष्ठले पनि आफ्नो नन्दि-नीको प्रभावले सेनाहरू सहित राजालाई भोजनार्थ राजोचित सामग्री जुटाएर अतिथि सत्कार गरे । यो दखेर राजालाई आश्चर्य लाग्यो ।

त्यसपछि विश्वामित्रले त्यो गाई मागे तर वशिष्ठले दिन अस्वीकार गरे । उग्रस्वभाव भएका विश्वामित्रले बलपूर्वक गाई हरर लग्ने प्रयास गरे तर वशिष्ठको तपोबलको अगाडि उनी परास्त भए ।

यो देखेर विश्वामित्रले ब्राह्मणत्व प्राप्त गर्ने अठोट गरेर तपस्या गर्न हिंडे । सयकडौं वर्षको तपस्यापछि ब्रह्माजी प्रसन्न भएर उनलाई वरदान दिए– "वशिष्ठले स्वीकार गर्ने बित्तिकै तिमी ब्राह्मण हुनेछौ ।" उता वशिष्ठ भने उनलाई 'राजर्षि' शब्दले मात्र संबोधन गर्थे । अतः विश्वामित्र वशिष्ठको घोर शत्रु बने । उनले नाना प्रकारबाट वशिष्ठको अपमान गरे । एक राक्षसलाई प्रेरित गराएर उनका सय छोराहरू मार्न लगाए । विश्वामित्रको हृदय वैर तथा हिंसाले पूर्ण थियो । एकदिन राति उनी आफैं वशिष्ठलाई मार्न हातमा हतियार लिएर गए । उनले महर्षि वशिष्ठ आफ्नी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्नीसँग कुरा गरेको सुने–अरुन्धतीले-भनिन्– "कस्तो निर्मल ज्योत्स्ना छ।" वशिष्ठले उत्तर दिए– "यस्तै निर्मल प्रकाश आजभोलि विश्वामित्रको तपस्याको छ।" यो सुनेर लुकेर बसेका विश्वामित्रको हृदयले आफैलाई धिक्कार्न थाल्यो र उनी तुरून्त हतियार फ्याँकेर वशिष्ठको पाउमा परे। विश्वामित्रको ब्राह्मण हुनमा उनको जो द्वेष, दर्प, असहिष्णुता आदि बाधक थियो त्यो आज हट्यो। महर्षि वशिष्ठले उनलाई उठाउँदै भने–"उठ्नुहोस् ब्रह्मर्षि।"

यस्तै अहिंसा–धर्मका आदर्श सेठ सुदर्शन, प्रह्लाद, आदिको प्रसंङ्ग प्रथम-खण्ड (मूल ग्रन्थ) को पृष्ठ ६०, ६१ मा हेर्न सकिन्छ।

सत्यको निरूपण

अभ्युदय र निःश्रेयसको साधन धर्म चार पुरुषार्थमध्ये मुख्य मानिएको छ। मोक्षको प्रमुख साधन धर्म हो। सत्य यस धर्मको प्रमुख साधन अथवा अङ्ग हो र यति महत्त्वपूर्ण छ कि कहीं-कहीं त यो धर्मभन्दा व्यापक अथवा धर्मको पर्यायको रूपमा देखापर्छ। प्राचीन समयमा गुरुकुलमा शास्त्रपारङ्गत आचार्यहरूले आचारको शिक्षा दिंदा सत्यं वद, धर्मं चर भनी धर्मभन्दा पहिले सत्यको पालनामा दृष्टि राख्नुपर्थ्यो। सत्य ब्रह्मस्थानीय पनि हो। ब्रह्म सत्यं, जगन्मिथ्यामा एउटा दार्शनिक परिभाषा छ, त्यहीं सत्य र मिथ्याको वास्तविक रूपको पनि वर्णन भएको छ। महर्षि वाल्मीकिले रामायणमा सत्यको महत्त्व यसप्रकार बताउनु भएको छ–।

सत्यमेकपदं ब्रह्म सत्ये धर्मः प्रतिष्ठितः।
सत्यमेवाऽक्षया वेदाः सत्येनाऽवाप्यंते परम्॥

वा.रा. अयोध्या १४।७

वास्तवमा प्रणव, वेद अथवा सत्यबाट चित्त-शुद्धि हुन्छ। चित्त शुद्ध भएपछि सत्यब्रह्म परमात्माको प्राप्ति सरल हुन्छ। सत्यलाई श्रीरामले राज्य र जीवनको मुख्य आधार मानेर भनेका थिए –राजाहरूले विशेषतः सत्यको पालना गर्नुपर्छ, किनकि राजाको जस्तो आचार हुन्छ त्यस्तै आचरण प्रजाको पनि हुन्छ। **यद्वृत्ताः सन्ति राजानस्तद्वृत्ताः सन्ति हि प्रजाः।** यथार्थ कथनलाई सत्य भन्छन्। त्यसैले सबै लोकहरूमा सुख प्रदान गर्छ। असत्यबाट सर्वत्र दुःख हुन्छ। त्यसैले सबै प्राणीहरूको लागि कल्याणप्रद हुने सत्य बोली बोल्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यको प्रतिष्ठा भएपछि कर्मको फल वचनमा आश्रित भएर रहन्छ । 'अस्' धातुबाट सत्य शब्द बन्दछ। 'हुनु' त्यसको अर्थ हो। सत्तावान् नै सत्य हो। मानवताको मेरुदण्ड नै सत्य हो। मानवजीवनमा बाहिरी र भित्री सत्य अपेक्षित छ। **सत्यपूतं वदेद् वाक्यं**, तर **सत्यं ब्रूयात्**को पाठ त्यत्तिकै आवश्यक छ जत्ति **प्रियं ब्रूयात्**को, अन्धालाई अन्धा नभनी सूरदास र कानालाई काना नभनी समदर्शी भन्नु शिष्टता हो। शिष्टताबाट विनय र नम्रताको भावना उदाउँछ। 'सत्य नै ब्रह्म हो' भनी सत्यको विषयमा श्रुति भन्दछ– 'पराविद्याद्वारा जानिने अक्षर नै पारमार्थिक सत्य हो।' सत्यको नै जय हुन्छ। सत्यविना धर्म हुन्न। संयम र तपको दुश्मन असत्यबाट बुद्धिमान् मानिसहरू टाढा रहन्छन्। सत्य भाषणको पुण्य, हजारौं अश्वमेघहरूको पुण्यभन्दा बढी हुन्छ। यो भनाइ कति महत्त्वपूर्ण छ–

गोभिर्विप्रैश्च वेदैश्च सतीभिः सत्यवादिभिः।
अलुब्धैर्दानशीलैश्च सप्तभिर्धार्यते मही ॥

गाई, विप्र, वेद, सती, सत्यवादी, निर्लोभ तथा दानी यी सात पृथिवीका आधार हुन्। यिनीहरूले नै पृथिवीलाई धानिराखेका छन्। (यसको विस्तृत वर्णन मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ ९९,१०० मा गरिएको छ)। यी सातको अभावमा पृथिवीको अस्तित्व सम्भव छैन।

संसारका समस्त ज्ञान, वैभव, कला, पुस्तक, विज्ञान मृत्यु आदिको अगाडि फिक्का देखिन्छ। जबसम्म मृत्युको समस्याको समाधान गरिँदैन या यसो भनौं कि जीवनको गुजुल्टो फुकाइँदैन तबसम्म यी सबै चीजको वस्तुतः कुनै प्रयोजन छैन। के विज्ञानले यो समस्या सुल्झायो त ? मेरा वैज्ञानिक मित्र ! समय छँदै केही विचार गर, नभए अनुसन्धानको पेटारो कहीं जस्ताको तस्तै पडेको पडचै नरहोस्।

सत्तत्त्वको अनुभव गराउन सक्ने सामर्थ्य आध्यात्मिक अन्तर्दृष्टिमा मात्र छ। आध्यात्मिक शास्त्रले केवल बौद्धिक जिज्ञासाको मात्र समाधान गर्दैन, त्यसको अतिरिक्त दिव्य जीवनको अनुभव पनि गराउँछ। जुनसुकै धर्म, जात वा राष्ट्रको मानिस भए पनि पूर्णजीवनको प्रश्न पूर्णलाभ उपलब्ध गर्ने मनोरथ मनुष्यमात्रमा हुन्छ, तर आवश्यकता पर्छ–श्रद्धा र विश्वासको।

सत्यरूपी पूर्ण-जीवनको प्राप्तिको लालसा, प्रेरणा श्रद्धा-विश्वासपूर्वक जुन महानुभावहरूमा उत्पन्न भएको थियो तिनका आदर्श थिए–श्रीशङ्कराचार्य,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजकुमार सिद्धार्थ, महावीर, राजरानी मीरा, राजा हरिश्चन्द्र, शुकरात मंसूर, इशा, चैतन्य महाप्रभू, लिओ टल्स्टाय र महात्मा गान्धी आदिका उल्लेखनीय प्रसंगहरू मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ १०३ देखि १०५ सम्म हेर्नुहोस् ।

सत्यको प्रेरणामा चल्नु बढ्ता कष्टदायक छ । त्यसमा त्याग र तपस्या गर्नुपर्छ । असत्य सधैंको लागि अड्न सक्तैन । उसको लागि आफूलाई गिराउनु ठीक हुँदैन ।

वास्तवमा यथार्थ ज्ञान नै सत्य हो । जो जुन समय जसको लागि जस्तो यथार्थ रूपमा गर्नु वाञ्छनीय हुन्छ त्यही सत्य हो, अर्थात् कर्तव्य नै सत्य हो । अहिंसा तीनै कालमा सत्य हुन्छ । त्यसैले यथार्थ रूपमा र यथार्थ ज्ञानले अहिंसाको लागि जे-जति गर्न सकिन्छ त्यो सत्य हो ।

भगवान् श्रीकृष्णले महाभारत कर्णपर्वको ६९ औं अध्यायमा अर्जुनलाई यसप्रकार सम्झाउनु भएको छ–

हे पार्थ ! जो मानिस गर्न नहुने कामहरू गर्छ तथा गर्नुपर्ने कामहरू गर्दैन, त्यो अधम हो । कर्तव्य र अकर्तव्यको निश्चयले रहित मूर्ख मानिस तिमीजस्तै भूल गर्छ । कर्तव्य र अकर्तव्य कुनै हालतमा पनि सुखपूर्वक जान्न सकिंदैन, त्यो सबका-सब वेद र शास्त्रको श्रवणबाट मात्र जानिन्छ । प्राणीहरूलाई नमार्नु सबभन्दा वेश हो । झूट बोल्नुपरे पनि हिंसा कदापि नगर्नू । सत्य बोल्ने साधु हो र सत्यभन्दा उत्तम अरू केही छैन । तर कतै सत्य कुरा नभन्नु नै राम्रो हुने भए, त्यहाँ गरिएको सत्य बताउनु हुँदैन । यस किसिमले सत्यका तत्त्वहरू बुझी मानिस धर्मज्ञ बन्न सक्छ । (यसबारे विस्तृत जानकारीको लागि मूलग्रन्थ, प्रथम खण्डको पृष्ठ १०९–११३ सम्म हेर्नुहोस्)

भगवान् श्रीकृष्ण अर्जुनलाई सम्झाउनुहुन्छ– सत्य बोल्नु ,असल हो तर यस्तो बोल्नु सत्य भन्दा पनि बढी असल हो, जसबाट सब प्राणीहरूको हित होओस्, किनकि जसबाट सबै प्राणीहरूको अत्यन्त कल्याण हुन्छ, त्यो मेरो विचारमा सत्य हो–

सत्यस्य वचनं श्रेयः सत्यादपि हितं वदेत् ।
यद्भूतहितमत्यन्तमेतत् सत्यं मतं मम ।।

–महाभारत शान्तिपर्व

भीष्म पितामहले शरशैय्यामा सुतेपछि युधिष्ठिरलाई भन्नुभएको छ–युधिष्ठिर! धर्मको ठीक-ठीक तत्त्व श्रीकृष्णबाहेक त्रिलोकमा कोही जाँन्दैन । धर्मको तत्त्व साह्रै गूढ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य, अहिंसा , अस्तेय, अपरिग्रह आदि धर्म हुन् , झूट, मारकाट, चोरी आदि पाप हुन्। ठीक-ठीक धर्मको निर्णय आफ्नो बुद्धिले गर्न नसके धर्मात्मा पुरुषहरूको सम्मति लिनुपर्छ । धर्म-निष्ठा र कर्तव्यपरायणताका राम्रा, शिक्षाप्रद घटनाहरूलाई आफ्नो जीवनको पथप्रदर्शक बनाउनुपर्छ । यही वैधानिक बाटो हो र निषेधात्मक बाटो हिंड्नु हुँदैन । त्यस्ता आदर्श घटनाहरू यसप्रकार छन्–

यक्षरूपी धर्मराजले जब युधिष्टिरलाई सोधेका थिए–"तिमी आफ्ना चार भाइहरूमध्ये कुनचाहिंको जीवन माग्छौ ?" तब युधिष्ठिरले अर्जुन अथवा भीमसेन जस्तो वीर भाइहरूको जीवन नमागेर नकुल अथवा सहदेवको जीवन मागेका थिए। त्यस्तै आफ्नो जीवनको अन्तिम यात्रामा संगै पछि लागेको कुकुरलाई छाडेर आफू स्वर्ग नजाने निर्णय उनले इन्द्रलाई सुनाएका थिए । यसरी युधिष्ठिरले आफ्नो धर्मनिष्ठाको परिचय दिएका थिए ।

श्रीकृष्णले कर्णलाई "हेर तिमी त कौन्तेय हौ, राधेय होइनौ, त्यसैले युधिष्ठिरको तर्फबाट युद्ध गर, पछि तिमी राजा हुनेछौ" भन्दा पनि कर्णले कुनै हालतमा पनि दुर्योधनको पक्ष नछाड्ने दृढता व्यक्त गरेर आफ्नो धर्म-निष्ठा तथा कर्तव्यपरायणताको परिचय दिएका थिए ।

सम्राट् अशोकले पनि कलिंगको युद्धमा धेरै ज्यू-ज्यानको नोक्सानी भएको देखेर सदाको लागि हिंसाको परित्याग गरेका थिए । त्यस्तै त्यागको लागि सम्राट् हर्षवर्धनको दृष्टान्त पढ्न योग्य छ जसले प्रयागको कुंभमा आफ्नो सर्वस्व दान गरेका थिए ।

यी महापुरुषहरूको बारेमा विशेष जानकारीको लागि मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ ११७–११९ सम्म हेर्नुहोस् ।

यहाँ यो कुरा राम्ररी बुझ्नुपर्छ–अहिंसा आफ्नो वास्तविक रूपमा तीनै कालमा सत्य छ, सत्यको परिपूरक छ । आपत्तिको समयमा असत्य भाषण गर्नुपर्छ भन्ने भूल या बठ्याइँ कदापि गर्नु हुन्न । सदाचार तथा सद्व्यवहारको महत्त्व जति धार्मिक दृष्टिबाट छ, आयुर्वेद या स्वास्थ्यशास्त्रको दृष्टिबाट पनि त्यत्ति नै छ । वास्तवमा सांसारिक सुखहरूमध्ये आरोग्य सबैभन्दा ठूलो छ । रोग नै दुःख हो । रोगलाई हटाउने या लाग्न नदिने तरीका बताउनु आयुर्वेद या धर्मशास्त्र दुवैको समान उद्देश्य रहेको छ । **शरीरमाद्यं खलु धर्मसाधनम् ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि चरक भन्नुहुन्छ कि शरीर र मन यी दुवैलाई रोगहरूको आश्रय मान्नु पर्छ र सुख-(आरोग्य)-को आश्रय पनि यिनैलाई। अविकृत वात, पित्त तथा कफ शरीर-लाई धान्दछन्। जुन बखत यी मिथ्या आहार-विहारबाट विकृत हुन्छन्, त्यस समय रोग या दुःखका कारण हुन गई शरीरलाई नाश गर्छन्। त्यस्तै रजोगुण र तमोगुण मनका दोष हुन्। जब यी विकृत हुन्छन् त्यस बखत यिनले मनलाई रोगी बनाउँछन्। मन रोगी र शरीर निरोगी या शरीर स्वस्थ र मन अस्वस्थ कहिल्यै एक साथ रहँदैन दुवै एक अर्कामाथि निर्भर हुन्छन्। सुख धर्मको पालनविना मिल्दैन, अतः सुख चाहनेले धर्मपरायण हुनुपर्छ। वायु आदि सबै एकैसाथ दुषित हुनाको मूल कारण हो अधर्म। अधर्म र असत्कर्मको मूल जरो प्रज्ञापराध (बुद्धिको दोष) नै हो। बिग्रेको हावा इत्यादिको स्पर्श तथा अशुद्ध खाद्यान्नको आहारले देशका देश महामारी फैलिएर सखाप हुन्छन्।

युद्धजन्य नरसंहारको कारण पनि अधर्म नै हो। जब मानिसहरूमा मर्यादा उछिन्ने खालको अत्यधिक लोभ, रिस, मोह र अभिमान बढ्छ तब प्रबल शक्तिशाली-हरू शक्ति र धनको बलले निर्धा र गरीबहरूको बेवास्ता गर्छन् र आफ्ना-पराया सबैको नाश गर्न शस्त्रास्त्रहरूबाट आक्रमण गर्छन्। यसप्रकार युद्धबाट वस्तीहरूको हुने विध्वंशको मूल कारण पनि अधर्म नै हो।

मानिसको आयु साधारणतया सय वर्ष मानिएको छ। आयु सकिएमा मर्नु निश्चित छ, यसभन्दा पहिले मर्नु जीवका आफ्ना अपराधहरूको परिणाम हो। आयुर्वेदको सिद्धान्तअनुसार मृत्यु एक सय एक छ, जुनमध्ये मनुष्यको एक मृत्यु त निश्चित नै छ, जो कुनै उपायबाट पनि टाल्न सकिंदैन, बाँकी सय मृत्यु त अकाल मृत्यु कहलाउँछन्। ती आयुर्वेद र धर्मशास्त्रमा उल्लिखित सद्वृत्तिको अनुष्ठानद्वारा टर्दछन्। बाँकी चरकसूत्रको आठौं अध्यायमा हेर्नुहोस्।

सारांशमा, आयुर्वेदले जुन आहार- विहार र आचारहरूलाई रोगोत्पादक मानेको छ, तिनलाई धर्मशास्त्रमा पापजनक ठह्र्याएको छ। त्यसैले स्वास्थ्यको दृष्टिले पनि सदाचार अवश्य पालनीय छ। यहाँ एकपटक फेरि आफ्नो मौलिक विषयको स्मरण गराउन चाहन्छु। मनुष्यमात्रको आखिरी लक्ष्य परमानन्दको प्राप्ति र संपूर्ण दुःखहरूबाट छुट्कारा पाउनु हो। सांसारिक विषय कदापि सुखको स्वरूप होइन। सुखस्वरूप त केवल परमानन्द नै हो र त्यो आफ्नो स्वरूप हो, जो अज्ञानले ढाकिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । त्यस आफ्नो स्वरूपभूत परमानन्दको प्राप्तिको साधन केवल ज्ञान नै हो । दूषित मल, विक्षेप र आवरण त्यस्तो ज्ञानको लागि रोकावट हुन् । तिनीहरूको निवृत्ति निष्काम कर्म, उपासना र ज्ञानका अन्तरंग साधनहरू– (जस्तै– श्रवण, मनन, निदिध्यासन आदि) बाट हुन्छ । यिनै साधनहरूमा परंपरागत अथवा प्रत्यक्ष रूपमा जुन सहायक कर्तव्य छन् तिनीहरूको पालनाबाट अन्तःकरण शुद्ध भएर मानिसलाई ज्ञानद्वारा मोक्ष मिल्छ । ती कर्तव्य कर्महरू निष्काम बुद्धिले गर्दा अन्तःकरणको मलरूपी पहिलो दोष हट्छ र अन्तःकरण उपासना गर्न योग्य हुन्छ, अन्यथा हुँदैन । त्यसैले व्यवहारको शुद्धता अनिवार्य छ । यसको अभावमा चित्तलाई उपासनाको अधिकार हुँदैन ।

सद्व्यवहार– मनमा यस कुराको निश्चय गर कि शरीरको नाशबाट तिम्रो मृत्यु हुँदैन, तिमी शरीर होइनौ । यस शरीरभन्दा पहिले पनि तिमी थियौ र पछि पनि रहने छौ । तिमी आत्मा हौ । तिम्रो स्वरूप नित्य छ । जुन वस्तु नित्य हुन्छ त्यही सर्वव्यापी, अचल, स्थिर र सनातन हुन्छ । यस नित्य, सनातन र सर्वगत स्वरूपमा जन्म-मरण, राग-द्वेष आदि कुनै विकार छैन । त्यो सत् हो, त्यो चेतन हो र आनन्दमय हो । यही आनन्दमय सत्-चेतनस्वरूप आत्मा सर्वगत छ । संसारमा भएका सबैमा यही निर्दोष र सम आत्मा स्थित छ । त्यसैले जसको दृष्टि यस आत्मातिर लागेको हुन्छ, त्यसले न कसैसँग द्वेष गर्छ, न कसैलाई घृणा । उसले सबैमा समान भावले आफ्नो आत्मस्वरूप देखी सबैप्रति आत्मतुल्य व्यवहार गर्छ ।

न त सर्वगत, एकरस, निर्दोष र सम आत्मामा भेदको कल्पना गर, न बाहिरी व्यवहारमा भिन्नता देखेर त्यसलाई समाप्त गर्ने व्यर्थको प्रयास गर । विभिन्नतामा नै फल छ र यसैमा सौन्दर्य छ । व्यावहारिक अनित्य भेदमा नै परमार्थिक अविनाशी अभेदको दर्शन गर ।

अर्काको कर्म झुक्किएर पनि गर्नु हुन्न । यही नै वर्णाश्रमको रहस्य हो । सबै ठूला हुन् । छोटो संझी अर्को कुनैलाई घृणा नगर । एउटै नित्य अविनाशी सत्-चेतन-आनन्दमय आत्मामा यी प्रकृतिका अनेकौं खेल भइरहेका छन् । यही संझेर र यसैतिर दृष्टि राखेर सधैं आत्माको ध्यान गर्दै शरीरले यथायोग्य व्यवहार चलाऊ ।

यो आत्मा, परमात्माको नै सनातन अभिन्न अंग हो, परमात्माको नै स्वरूप हो । यस समग्र परमात्माका मुख्यतः एउटा व्यक्त र अर्को अव्यक्त दुई नित्य स्वरूप छन् । त्यही परमात्मा नित्य दिव्य र विग्रह रूपमा प्रकट छ । यसैका राम, कृष्ण आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवतार र विष्णु, शिव, देवी आदि स्वरूप हुन्छन् । यो निश्चित मान कि सर्व शक्तिमान् सर्वाधार, सर्वव्यापी तथा सर्वरूप भगवान्को कुनै पनि व्यक्त साकार रूपको एकमात्र महेश्वर बुद्धिले परम श्रद्धायुक्त भई अनन्य उपासना गर्ने भक्त र नित्य निर्गुण विज्ञानानन्दघन परमात्माको अभेद उपासना गर्ने ज्ञानी अन्तमा एउटै भगवत्तत्त्वमा प्राप्त हुन्छन् ।

आफ्ना इष्टदेवको अनन्य भक्ति गर । बाँकी सबै स्वरूपलाई छुन सके आफ्ना इष्टदेवमा विलीन गरेर सर्वत्र तथा सर्वथा उसै एकलाई मात्र देख । विवादलाई छाडी तथा कुतर्कलाई तिलाञ्जलि दिएर केवल प्रेमपूर्वक भजन गर्दैरहुँ । सेवा गर्नु परम धर्म संझी यथाशक्ति तन,मन, धनले सबैको सेवा गर । कर्म या त्यसको फलमा आसक्त नहोऊ । ममता पनि नगर र असफलतामा अफसोच नगर । ईश्वरलाई दयालु र सर्वशक्तिमान् मान र उसको अस्तित्वमा कहिल्यै सन्देह नगर । जगत्को अस्तित्वले नै उसको अस्तित्वलाई सिद्ध गर्छ ।

संसारको सुधार र उद्धारको चिन्ता छाडी पहिले आफ्नो सुधार र उद्धार गर, तिम्रो चरित्र कलुषित या दूषित भएमा तिमी लोकसेवा गर्न सक्तैनौ । सुधारको ठेक्का नलेऊ, सच्चा सुधारक त भगवान् हुन्, जो प्रकृतिद्वारा नाश र निर्वाणको रूपमा सुधार गरिरहन्छन् । मोहवश इच्छा नगरे पनि बाध्य भएर त्यसलाई सबैले स्वीकार पनि गर्नैपर्छ । भगवान्ले दिएको मृत्युमा अमरत्व प्राप्त गर ।

अर्काको अवनति गरेर या अर्काको खराबी गरेर तिमी आफ्नो उन्नति वा भलाइ कहिल्यै गर्न सक्तैनौं । तिम्रो मंगल उसै काममा होला जसमा अर्काको मंगल भरिएको होओस् । यो विश्वास गर– अर्काको कल्याण गर्ने व्यक्तिको परिणाममा कहिल्यै अकल्याण हुनै सक्तैन । डराउ-पापसँग, अभिमानसँग, सम्मानसँग, प्रतिष्ठासँग, परनिन्दासँग, पराइ-धनसँग, परस्त्रीसँग, यिनीहरूबाट यथासंभव बचेर बस ।

सबैको सम्मान गर, सबैको हितको इच्छा गर, तथा सबैसँग प्रेम गर । तर यसको यो अर्थ होइन कि व्यवहारको आवश्यक भेदलाई पनि मेटाइ दऊ । मूर्खलाई विद्वान् संझेर उसको कुरा खायौ भने तल खसौला र विद्वान्लाई मूर्ख ठानी उसको कुरा मानेनौ भने ज्ञानबाट वञ्चित रहौला । विश्वको रूपमा साक्षात् भगवान् नै प्रकट भइरहनु भएको छ । जीवको रूपमा शिव नै अनेकौं लीला गरिरहनु भएको छ । त्यसैले तिमी कसैलाई घृणा नगर, कसैको कहिल्यै अनादर नगर । नियत खराब नराख । आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समझले राम्रो काम गर, राम्रो नियत राख, फल त विधाताको हातमा छ । यही निष्काम कर्म हो । यही चित्त-शुद्धिको कारण हो ।

जुन मानिस जे काम गर्छ र जे उसको स्वाभाविक कर्म हो त्यही काम गरोस् । न सबका कर्म एकनास हुन्छन्, न त एकनास बनाउने चेष्टा गर्नु नै जरूरी छ। नाटकमा सबै पात्रले एउटै पात्रलाई सुम्पेको काम मात्र गर्न खोज्छन् भने खेल नै खराब होला । आफ्नो-आफ्नो ठाउँमा सबैको महत्त्व छ । राजा र मजदूर दुवैको नै आवश्यकता छ तथा दुवै आ-आफ्नो महत्त्व राख्छन् ।

त्यसैले दंभ, दर्प, अभिमान, काम, क्रोध, लोभ, असत्य, अहिंसा आदि दोष र दुर्गुणहरूलाई मनबाट निकालेर केवल भगवान्‌को प्रीतिको लागि, भगवान्‌को आज्ञा संझ र भगवान्‌को सेवाको भावले आ-आफ्ना कामहरू गर ।

यदि तिमी हाकिम रहेछौ भने आफ्नो अभिनयअनुसार दयापूर्वक न्याय गर।

यदि तिमी डाक्टर या वैद्य हौ भने विरामीलाई भगवान्‌को स्वरूप संझी उसको लागि सेवाभावले नै उचित पारिश्रमिक लिएर औषधिको व्यवस्था गर ।

तिमी प्रहरी अधिकृत हौ भने आफूलाई जनतारूप भगवान्‌को सेवक ठान ।

यदि तिमी नेता हौ भने साँचो र अनुभवसिद्ध बाटोमा मानिसहरूलाई लगाऊ, संप्रदाय नबनाऊ ।

तिमी मालिक हौ भने नोकरहरूलाई दुःख नदेऊ, र आफूलाई धेरै ठूलो नठान ।

यसप्रकार सब मानिसहरूले आ-आफ्ना कर्महरूद्वारा भगवान्‌को निष्काम पूजा गर्नुपर्छ। यसै कुरालाई भगवत्‌गीतामा यसप्रकार भनिएको छ–

स्वे स्वे कर्मण्यभिरत : संसिद्धि लभते नरः ।
स्वकर्मनिरतः सिध्दि यथा विन्दति तच्छृणु ॥(१८।४५)
यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥(१८।४६)

मनुष्य आफ्नो कर्मद्वारा भगवान्‌को पूजा गरेर परम सिद्धिरूप भगवान्‌लाई सहजै प्राप्त गर्न सक्छ । जो जुन कर्म गर्छ, उसको जुन स्वाभाविक कर्म हो त्यही नै गरोस्, सबै कर्म एकजस्तो हुन सक्तैन र एकैजस्तो बनाउने चेष्टा पनि गर्नु हुन्न । स्वकर्म या स्वधर्म विगुणै भए पनि त्यसैमा रहेर मानिसले चित्त शुद्ध पारी आफ्नो विकास गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्काको धर्म (कर्म) राम्रो लागे लागोस्, तर त्यसलाई तिमीले ग्रहण गर्दा तिम्रो कल्याण हुँदैन सूर्यको प्रकाश हामीहरूलाई प्यारो छ, तर त्यसै कारण पृथिवी-मा रहन छाडी उसको नजीकै जान चाहेमा हामीहरू डढेर भस्म हुनेछौं । माछाहरू-हरूलाई यदि कसैले भनोस्—पानीभन्दा दूध महँगो हुन्छ, तिमीहरू दूधमा वस्न हिंड, के तिनीहरू त्यो मान्लान् । माछाहरू त पानीमा नै वस्न सक्छन्, र दूधमा त मरिहाल्छन् । सत्य त यो हो कि हाम्रो जन्मको साथसाथै हाम्रो स्वधर्म पनि जन्मन्छ । स्वधर्म हामीलाई यति सजिलोसंग मिलेको छ कि हामीबाट आफ-से-आफ त्यसको अवश्य पालना हुनुपर्ने हो । तर अनेकौं प्रकारका बौद्धिक अपराधहरूले गर्दा स्वधर्मको पालन गर्नमा मानिस आफूलाई असमर्थ मान्न लाग्यो । कहिले जमानालाई दोष दिन्छ भने, कहिले कलियुग-लाई गाली गर्छ । दोष छ भने रहन देऊ । त्यस दोषबाट पिण्ड छुटाउन खोज्यो भने नाक काटेर राम्रो बनाउने कोसिस गरेजस्तै झन् डरलाग्दो र नराम्रो हुन जाला । त्यो जस्तो छ त्यस्तै नै राम्रो हो । सात्त्विक कर्म सदोष भए पनि स्वाभाविक रूपमा प्राप्त हुने कारणले गर्दा छाड्नु हुन्न । त्यो गर्नै पर्छ, तर फलको आशा त्यागेर ।

हामीले सत्य व्रतधारी आदर्श महापुरुषको जीवनलाई आफ्नो पथ-प्रदर्शक बनाउनुपर्छ ।

राजा हरिश्चन्द्र—"आज त्रिभुवनमा हरिश्चन्द्रसमान धर्मात्मा अर्को छैन" भन्ने कुरा सुनेर इन्द्रलाई असह्य भयो र उनले महर्षि विश्वामित्रलाई उनको परीक्षा लिन पठाए ।

विश्वामित्रले पनि नाना किसिमबाट हरिश्चन्द्रलाई कष्ट दिए । दानमा उनको राज्य हरेर लिए, उनलाई भिखारी बनाए । उनकी रानी बिकिन् र अर्काकी दासी बनिन्, आफू चाण्डालको दास बने । सर्पले डसेर छोराले प्राण छाड्यो । एक्ली रानी छोराको लास बोकेर मसानमा गइन् तर हरिश्चन्द्रले उनलाई चिनेर पनि मसानको कर नतिरीकन लास जलाउन दिएनन् । आखिर केही नलागेर रानीले छोराको लास छोपेको कात्रो आधा च्यातेर करको रूपमा दिइन् । त्यसपछि इन्द्र, धर्मराज तथा विश्वामित्र राजा हरिचन्द्रको सामु खडा भएर उनको सत्य-निष्ठाको प्रशंसा गर्न थाले । यो संपूर्ण घटना त उनको धर्म-निष्ठाको परीक्षा मात्र थियो । उनको छोरा पनि जीवित भयो र उनले अयोध्याको राज्य पनि फिर्ता पाए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरू सत्यधर्य–निष्ठा महापुरुषहरू जस्तै महाराज दशरथ, एक आदर्श विद्यार्थी, महात्मा सुकरात, सत्यवादी घाटम भक्त, सत्यप्रिय रघुपति सिंह, सत्य धर्म-निष्ठा नन्दा गाई र एउटा बालचरको रोचक प्रसङ्गहरू धर्म-विज्ञान, प्रथम खण्ड, मूल ग्रन्थको पृष्ठ १३५ देखि १३९ मा वर्णित छन् ।

अस्तेय धर्म अथवा परस्वापहरण–त्याग

> यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम् ।
> अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति" ॥
>
> –श्रीमद्भागवत् ७।१४।८

मानिसहरूको अधिकार या हक त्यति नै धनमा हुन्छ जति बाट उसको पेट पाल्न पुगोस् । यसभन्दा बढीलाई जो आफ्नो ठान्छ, त्यो चोर हो र त्यसलाई दण्ड दिनुपर्छ । यो अस्तेय व्रतको मात्र लक्षण होइन । यो त्यो सिद्धान्त हो जसको पालना गर्नाले सारा संसारको आर्थिक असमानताको नाश हुन जान्छ र विभिन्न वादहरू, जो अर्थव्यवस्थालाई लिएर परस्पर झगडा गरिरहेका छन्, तिनका सबै समस्याहरूको समाधान हुन जान्छ । अर्काको धन आदिको उपयोग उसको अनुमतिविना गर्नु स्तेय या चोरी हो । यसको विपरीत कार्यलाई अस्तेय भन्छन् । अर्काको जड, चेतन, प्राणी, पदार्थ या स्वात्त्वाधिकार आदि जुनसुकै वस्तुको हरण गर्नु स्तेय (चोरी) हो । चोरी नगर्नुको नाम अस्तेय हो ।

अस्तेय धर्मका आदर्श ऋषि लिखित–एक दिन ऋषि लिखित आफ्ना सहोदर दाजु ऋषि शङ्खलाई भेट्न उनको आश्रममा गए । त्यसबेला आश्रममा शङ्ख अथवा उनकी पत्नी दुवै थिएनन् । लिखितलाई भोक लाग्यो र उनले दाजुको बगैंचाको फल टिपेर खान लाग्दा शङ्ख आइपुगे र भन्न लागे –"भाइ तिमी त धर्मको तत्त्व जान्दछौ, कसैको अनुपस्थितिमा उसको कुनै वस्तु लिनु चोरी हो, त्यसैले तिमीले यसको दण्ड भोग्नुपर्छ। "

ऋषि लिखित पनि आफ्नो अपराध स्वीकार गर्दै दण्डको लागि राजासमक्ष गए । त्यसताकको दण्ड-विधान-अनुसार राजाले उनका दुवै हात काट्न लगाए । त्यसपछि लिखित प्रसन्न भई दाजुकहाँ आए र दुवै भाइ स्नान गर्न भनी नदीमा गए । स्नानबाट निवृत्त भएर तर्पण गर्न लाग्दा त लिखितका दुवै हात सद्दे भएका थिए । यो देखेर उनले दाजुलाई भने– दाइ ! यही गर्नु थियो त मलाई राजधानीसम्म किन दौडाउनु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्खले उत्तर दिए– भाइ ! अपराधको दण्ड शासकले नै दिन सक्छ, तर ब्राह्मणलाई कृपा गर्ने अधिकार छ ।

अस्तेय धर्मका अझ रोचक प्रसङ्ग, जस्तै एक आदर्श ब्राह्मण, गरीब, बालक, आदिको लागि धर्म विज्ञान (प्रथम खण्डको पृष्ठ १४०–१४२) हेर्नुहोस् ।

ब्रह्मचर्यको महिमा– ब्रह्मचर्यको विषयमा श्रुति, स्मृति इतिहास, पुराणादिमा धेरै लामा-लामा प्रकरणहरू छन् । मुण्डकोपनिषद्मा ब्रह्मचर्यबाट भगवत्प्राप्ति परमात्मसाक्षात्कार हुन्छ भनिएको छ । हरिवंशपुराणको ४५ औं अध्यायमा ब्रह्मचर्यको ठूलो महिमा छ। उर्व मुनि ऋषिहरूलाई भन्नुहुन्छ– राम्रोसंग पालना गरिएको ब्रह्मचर्यले ब्रह्मालाई पनि हल्लाउन सक्छ, ब्रह्मचर्यमा नै धर्म र तप आधृत छन्, योगविना सिद्धि हुँदैन, सिद्धिविना यश हुन्न, तर ब्रह्मचर्यविना त योग, तप, यश कुनै पनि हुन्न ।

भारतीय आयुर्वेद र अरू-अरू चिकित्सा पद्धतिहरूमा पनि ब्रह्मचर्य सर्वस्व मानिएको छ । भाव प्रकाशमा "वीर्यको नाश प्राणको नाश तुल्य हो" भनी लेखिएको छ । पहिले पाश्चात्य देशहरूमा पनि ब्रह्मचर्यको ठूलो महत्त्व थियो । रोमन चर्चहरूमा माथिबाट तलसम्मका सबै पुजारीहरूले ब्रह्मचर्य धारणाको धर्म भाक्नुपर्छ । ग्रीसको स्पार्टा देश यसमा अग्रणी थियो । त्यहाँका केवल तीन सय ब्रह्मचारीहरूले इरानी वादशाह खुसरोका तीन लाख सैनिकहरूको सामना गरेर उनीहरूलाई अगाडि बढ्न दिएनन् । एथिक्सका विभिन्न ग्रन्थहरू र इन्साइक्लोपीडियाको 'सेलिवेसी' शब्दमा यसका उदाहरणहरू हेर्नु वाञ्छनीय छ ।

पुरुषहरूले आठ प्रकारको मैथुन– अर्थात् कुभावनाले कुनै आइमाईलाई हेर्नु, त्यससँग बातचित गर्नु, त्यसको अंग छुनु, त्यसको स्मरण गर्नु, त्यसको कुरा सुन्नु, त्यससँग एकान्तमा बस्नु, त्यससंग ख्यालठट्टा गर्नु तथा त्यससंग सँगसँगै बस्नुबाट अलग रहनुलाई 'ब्रह्मचर्य' भनिन्छ। यस्तै किसिमले नारीको लागि पुरुषको विषयमा सम्झनु पर्छ। ब्रह्मचर्यको आत्मिक उन्नति तथा ज्ञानसँग गहिरो सम्बन्ध छ र यो शारीरिक, मानसिक र सदाचारविषयक तीनवटै उन्नतिहरूको कारण हो । अतः ब्रह्मचर्यव्रतको पालन शक्ति संचयको लागि धेरै जरुरी छ ।

स्थूल अर्थमा ब्रह्मचर्यको मतलव "वीर्यनिरोध या काम दमन" नै हो । ब्रह्मचर्यको पूरा अर्थ ईश्वरपरायणता अथवा ब्रह्मरूप वेदहरूको अध्ययन सेवन तथा सच्चिदानन्दघन ब्रह्ममा एकात्म्य हो । वीर्यपातबाट मृत्यु र वीर्य धारणबाट जीवन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । त्यसैले प्रयत्नपूर्वक वीर्यधारण गर्नुपर्छ । ब्रह्मचर्यका उर्ध्वरेता पहिले, योगी दोस्रो तथा ब्रह्मचारी तेस्रो, तीन श्रेणीहरू मानिएका छन् ।

पाश्चात्य सभ्यताको प्रभावबाट आज प्रायः ब्रह्मचर्यधर्म नष्टभष्ट हुन लागेको छ । ब्रह्मचर्य धर्मबाट खसाल्ने केही कारणहरू हुन्– कुविचार, श्रृङ्गार, कुसंग, सिनेमा, अनियमितता, आत्मबोध, घरको वातावरण, असंयम, क्लब, जुवा, अभक्ष्य भोजन, अपवित्रता आदि ।

आज परिवार नियोजनको जुन गलत ढङ्गबाट प्रचार भइरहेको छ त्यसबाट पनि असंयमको वृद्धि भइरहेको छ । आदर्श परम्पराअनुसार यदि स्त्री-पुरुषहरूले ब्रह्मचर्यपूर्वक संयमी जीवनमा रहन खोजेको भए आज यो स्थिति आउने थिएन ।

अरू पनि धेरै अवाञ्छनीय कुराहरू हामीले पाश्चात्य सभ्यताबाट सिकेका छौं । शायद यहाँहरू नराम्रो मान्नु होला । आफ्ना गल्ती र दोषहरू सुनेर तिनलाई सुधार्ने कोसिसमा लागौं, जसले गर्दा हामीहरूबाट मानवता कलंकित हुन नपाओस् । अँ, हामीले अरू सिक्यौं यस सभ्यताबाट मद्यपान । 'शराब शैतानको रगत हो ।' यो पाश्चात्य उखान हो । यो सर्वथा सत्य हो कि रक्सी खाएर मानिस मानिस रहँदैन र शैतान बन्दछ । बुद्धिलाई भ्रष्ट पार्ने पदार्थहरूमा सर्वोपरि छ रक्सी र आजको सभ्यताको शराबविना गुजारा नै छैन । मदिराविना कुनै साधारण योजना पनि पूरा हुन सक्तैन ।

हाम्रो मन र बुद्धिको बनावट आहारबाटै हुन्छ । जब मानिसको मन-बुद्धि तामसिक आहार-विहारबाट तामसी बन्न जान्छ तब उ अधर्ममा धर्म देख्ने बुद्धि भएको बन्दछ र सबै कुराहरू उल्टो बुद्धिबाट संझन लाग्छ ।

यी सबै कुराहरूमा विचार पुऱ्याई प्रत्येक स्त्री-पुरुषले ब्रह्मचर्य धर्मको रक्षा गर्नुपर्छ । ब्रह्मचर्यबाट शारीरिक शक्ति, ज्ञानशक्ति, उत्साह शक्ति, स्मरण शक्ति, ईश्वरीय शक्ति आदिको प्राप्ति र वृद्धि हुन्छ ।

ब्रह्मचर्यको रक्षाको लागि केही सहायक नियमहरू हुन्– पवित्र उच्च ध्येयलाई निरन्तर जीवनको अगाडि राख्नु, भगवान्को कृपामा विश्वास र भरोसा राख्नु, दूध, फल, अन्न आदि सात्त्विक भोजन गर्नु, महाभारत, गीता, पुराण आदि शास्त्रको अध्ययन गर्नु, भगवान्को नाम अथवा मन्त्रहरूको जप गर्नु, समयलाई सधैं सदाचारमा लगाउनु, मितव्ययी हुनु इत्यादि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य धर्मको उदाहरण

श्री हनुमानजी– सीताजीको खोजमा राति लंकामा पसेका हनुमानजी राक्षसका अन्तपुरमा प्रवेश गर्न पुगे। त्यहाँ उनले उन्मत्त लहडवाजी सकेर नांगै मस्तसंग सुतेका तरुनीहरू देखे। परस्त्रीलाई यस्तो अवस्थामा देख्नु भलादमी मानिसको लागि पनि ठूलो दोष मानिन्छ भने हनुमानजी त ब्रह्मचारी थिए।

कुनै अनर्थ आइलाग्नु अगावै हनुमानजीको हृदयमा प्रकाश उदायो। भित्र बसेका भगवान्ले सदा भक्तहरूको रक्षा गर्नुहुन्छ। उनले विचार गरे– 'म त जानकी-लाई खोजिरहेको थिएँ। यी आइमाईहरू त मेरो दृष्टिमा लास सरह हुन्।' व्रतको मूल मन हो, शरीर होइन, हनुमानजीको व्रतमा कुनै त्रुटि थिएन। उनले मनमा लागेका पछुतो ब्रह्मचर्यप्रतिको उनको प्रबल निष्ठा र नित्य सावधानीको सूचक थियो।

ब्रह्मचर्य-धर्मका आदर्श श्री शुकदेवजी, भीष्म पितामहका प्रसंगहरू धर्म-विज्ञान (प्रथम खण्ड) मूल ग्रन्थको पृष्ठ १५२ मा हेर्नुहोस्।

अपरिग्रह तथा सन्तोष–धर्मका आदर्श

महर्षि लोमश– एक पटक देवराज इन्द्रले आफ्ना कालिगढ विश्वकर्मालाई त्रिभुवनमा कसैले कल्पना पनि नगरेको कला चित्रणको नमूनारूप विशाल र भव्य भवन बनाउन लगाए। विश्वकर्मा वर्षौंसम्म त्यो काममा लागे तर भवन सकिएन। उनले ज्यादै खिन्न भएर एक दिन नारदजीलाई यस विपत्तिबाट उम्काउन अनुरोध गरे।

एक दिन नारदजी स्वर्गमा आउँदा इन्द्रले उनलाई त्यो भवन देखाउँदै प्रश्न गरे– "के तपाईंले यस्तो कलापूर्ण भवन कतै देख्नु भएको छ?" नारदजीले उत्तर दिए– "मैले त देखेको छैन, सायद महर्षि लोमशले देख्नु भएको होला।" संझने बित्तिकै लोमश पनि आइपुगे। लगौंटी मात्र लगाएका लोमशसंग संपत्तिको नाममा एक कमण्डलु र गुन्द्री मात्र थियो। नारदजीले उनीसंग सोधे– "महर्षि गुन्द्री किन बोक्नु भयो?" लोमशले उत्तर दिए– "आयु छोटो छ, यसको लागि जम्मा गर्ने, कुटी बनाउने झन्झट कसले गरोस्, यो गुन्द्री नै मेरो लागि प्रशस्त छ।"

त्यसपछि इन्द्रले उनको आयु सोद्धा उनले उत्तर दिए– "मेरो छातीका यति रौं झरिसके, जुन दिन सबै रौं झर्छन्, त्यो दिन म मर्नेछु।" एक ब्रह्मा मर्दा मेरो एक रौं झर्छ।" यो सुनेर देवराजले झसंग भएर भवन बनाउने काम बन्द गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपोधर्मका आदर्श

काशीका दुइ सन्त– काशीमा दुइ सन्त रहन्थे । एक सन्त विश्वनाथजीको मन्दिर जाने चौतारामा चौध वर्षसम्म हलचल नगरी दाहिने हातको सिरान गरेर पल्टे । चौध वर्षसम्म उनले खाना खाएको, पानी पिएको अथवा सुचि गरेको सम्म कसैले देखेन । त्यहीं उनको देहावसान भयो ।

अर्का सन्त दशाश्वमेध घाटमा रहन्थे । कसैले केही खानेकुरा ल्याइदिए पहिले उनी आफ्नो अगाडि बाँधिएको साँढेलाई दिन्थे र त्यसले खाएर बाँकी रहेको आफू खान्थे । शरीर छाड्नु भन्दा तीनदिन अघि उनले साँढेलाई फुकाइदिए । तीन दिनमा उनले कतिचोटि भनेको सुनियो– "यो घर भत्कनेछ। आफै पनि मर्नेछौ र मलाई पनि मार्नेछौ ।' यो सुनेर घरपतिहरू घर छोडेर हिंडे, उनी भने त्यही घरले पुरिएर मरे ।

तपोधर्मका आदर्श पुरुषहरू असुर गुडाकेश, असुर गय र सन्त तुकारामको वृत्तान्त धर्म-विज्ञान मूल ग्रन्थ- (प्रथम खण्ड) को पृष्ठ १५५–१५७ मा हेर्नुहोस् ।

क्षमा धर्मका आदर्श

विष्णु भगवान् तथा भृगु ऋषि– समर्थ भएर पनि आफ्नो इष्टमा अहित गर्ने माथि रिस नउठ्नु अबोध भनिन्छ । यसमा बदला लिने भावना मनमा रहन सक्छ, तर क्षमामा प्रतिशोधको भावना रहन सक्तैन ।

स्वयं भगवान् विष्णु क्षमाको खानी हुनुहुन्छ । एकपटक महर्षि भृगु शिव, ब्रह्मा आदि ठूला-ठूला देवताहरूको क्रोधको जाँच गर्दै विष्णुलोक आइपुगे र लक्ष्मीको काखमा पल्टिनु भएका विष्णुको छातीमा लात हाने । उता विष्णुले भने रिसाउनुको सट्टा भृगुको पाउ मुसार्दै क्षमा माग्नु भयो– "ओहो ! मेरो कडा छातीमा लागेर यहाँको पाउमा चोट लाग्यो होला !" यो सुनेर भृगुजीले लज्जित भएर भगवान्सँग क्षमा मागे ।

यस्ता प्रह्लाद, द्रौपदी, जयदेव, समर्थ रामदास, ब्राह्मण गुरु र अब्राहम लिंकन आदि क्षमा धर्मका आदर्श व्यक्तिहरूका प्रसंगहरू मूल ग्रन्थ (प्रथम खण्ड)को पृष्ठ १५८–१६२ मा वर्णित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोनिग्रह अर्थात् शमका आदर्श अर्जुन – पन्ध्र – पन्ध्र दिन प्रत्येक भाइले द्रौपदीसंग रहने नियम पाण्डवहरूले बाँधेका थिए। एक भाइ द्रौपदीसंग एकान्तमा बसेको बेलामा अर्को भाइ जान नहुने र यस बन्देजको उल्लङ्घन गरेमा बाह्रवर्ष घरबाट निकाला हुनुपर्ने व्यवस्था थियो।

एक दिन युधिष्ठिर द्रौपदीसंग एकान्तमा बसेको बेलामा अर्जुन आफ्नो गाण्डिव धनु लिन भनी त्यस कोठाभित्र पसे। युधिष्ठिरले रोक्दा-रोक्दै पनि स्वेच्छा-पूर्वक निर्वासन स्वीकार गरी बाह्र वर्ष वनतिर लागे।

यसभन्दा अघि अर्जुनको पराक्रमदेखि प्रसन्न भएर इन्द्रले उनलाई स्वर्गमा बोलाए। स्वर्गकी अप्सरा उर्वशी एक दिन राति एक्लै अर्जुनको निवासमा पुगिन्। उर्वशीलाई देखेर अर्जुनले "आमा !" भनी प्रणाम गरे। उता अर्जुनको रूप देखेर लट्ठु भएकी उर्वशीले कैयौं प्रयत्न गर्दा पनि अर्जुनको मन आकृष्ट गर्न सकिनन् र रिसाएर उनलाई "तिमी एक वर्षसम्म नपुंसक भए" भनी सराप दिइन्, जुन अर्जुनलाई गुप्त-वासको बेला अज्ञात रहन काम लाग्यो।

यस्तै अरू आदर्श पुरुषहरूका प्रसंगहरू जस्तै भिक्षु उपगुप्त, एक ब्राह्मण, सेठ सुदर्शन, महाराज छत्रसाल र हरिदासजी आदि मूल ग्रन्थ– (प्रथम खण्ड) को पृष्ठ १६४–१६७ मा पढ्न सक्नु हुनेछ।

धी–धर्म

सम्यक् ज्ञान तथा प्रतिपक्षीका संशयहरूको निराकरण नै धी कहलाइन्छ अथवा शास्त्रादिको तत्त्वज्ञानको नाम धी हो।

धी-धर्मको आदर्श– त्यस दिन जिन्दगीमा पहिलो पटक काश्मीरका महापण्डित प्रलयंकर काशीबाट शास्त्रार्थमा पराजित भई दुइ शिष्यहरूका साथ फर्कंदै थिए। उनी यस हारबाट दिक्क भएनन् बरु उनले यसलाई विश्वनाथजीको कृपा नै संझे किनकि यस हारले उनको दम्भ नष्ट भएको थियो। त्यसपछि उनले काशीवासी हुनको लागि राजासंग बिदा मागे। उनको ठाउँमा उनकै छोरा रहून् भन्ने राजाको प्रस्ताव पनि उनले मानेनन्। उनले छोरालाई आदेश दिए– "बाबुको अधुरो काम जसले पूरा गरेर देखाउँछ त्यसैले छोरा भएको सार्थक हुन्छ। शास्त्रार्थमा विजयी हुने मेरो पिताको आकांक्षालाई मैले पूरा गर्न सकिन। ब्राह्मणको सर्वस्व नै विशुद्ध र निर्मल धी हो, त्यसैले तिमी त्यही प्राप्त गर।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबुको आज्ञा शिरोपर गरी छोरा पनि धीको खोजीका लागि हिंडे। बाटामा चन्द्रनाथ भेटिए। उनको कुरालाई वास्ता गरेनन्। कुलशेखरको तान्त्रिक साधनापट्टि पनि उनी लागेनन्। उनले मगध आएर आचार्य चाणक्यसंग आफ्नो जिज्ञासा राखे। आचार्यले भने– "म अर्थशास्त्रको ज्ञाता हुँ, अध्यात्मवाद मलाई थाहा छैन, तर पख, अलि दिन यहीं बस, तिमी जस्ता मेधावीलाई स्वयं यो खुल्नेछ।" एक दिन संध्या वन्दन गर्दा उनलाई सधैं जप्ने मन्त्र गायत्रीबाट धीको देवता सविता हो भन्ने अकस्मात् उद्बोध भयो। उनी झस्के र सूर्यपट्टि हेरे, सूर्यमण्डलमा साक्षात् भगवान् विष्णुको दर्शन पाए, सत्त्वमूर्ति धर्मका परम प्राप्य श्रीहरि हुन् भन्ने कुरा उनले बुझे। उनका कमल चरणको पवित्र संसर्ग भेट्टाएर मेधाधी पवित्र हुन्छ भन्ने कुरा उनलाई थाहा भयो। उनको सबै शंका हट्यो। त्यसपछि उनी आचार्यसित बिदा भएर हिंडे।

विद्या–धर्म

धर्मका दश लक्षणहरूमध्ये विद्या आठौं हो। विद्या आत्मज्ञान हो। कर्म ज्ञानको नाम 'धी' हो र आत्माज्ञानको नाम विद्या हो। 'म देह हुँ' भन्ने यस्तो बुद्धिको नाम अविद्या हो तथा 'म देह होइन चिदात्मा हुँ' भन्ने बुद्धिको नाम विद्या हो।

अक्रोध-धर्मका आदर्श सन्त एकनाथ–

महाराष्ट्रमा एकनाथ महाराजको पैठण गाउँ र गोदावरीको बीचमा रहेको धर्मशालामा एउटा यवन रहन्थ्यो। उ सधैं नुहाएर आएका हिन्दूहरूको जिउमा थुकिदिन्थ्यो जसले गर्दा मानिसहरूलाई बारम्बार नुहाउनुपर्थ्यो।

उसले धेरैपटक एकनाथलाई पनि थुक्यो तर उनी खुसीसाथ गङ्गामा गई पटक-पटक स्नान गर्थे। उनी त्यस यवनसंग भने कहिले पनि रिसाउँदैन थिए। एक दिन त त्यस यवनले एकनाथजीलाई एकसय आठ पटकसम्म थुक्यो र उनी पटकैपिच्छे स्नान गर्दै रहे। आखिर यवन थाक्यो र लाज मानेर एकनाथजीसंग क्षमा माग्यो। एकनाथले भने–"भाइ! तिमी आफ्नो स्वभावले बाध्य थियौ, तर तिमीले गर्दा मलाई बारम्बार गोदावरी स्नानको पुण्य मिलेको थियो।"

अक्रोध–धर्मका निपुण वासुदेव, अक्रोधी सुकरातको प्रसङ्ग मूल ग्रन्थ–(प्रथम खण्ड) को– पृष्ठ १७३, १७४ मा हेर्नुहोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श धर्मपालन

महाराज दिवोदास– काशीका महाराज दिवोदास धर्मका साक्षात् मूर्ति थिए। उनको शासनकालमा सबका सब प्रजाधर्मको कडाइका साथ पालना गर्थे । त्यसैले उनीहरूले भगवान् विश्वनाथ र अन्नपूर्णको पनि आफूलाई आवश्यकता छ भन्ने कुरा बिर्सिकेका थिए ।

उता भगवान् विश्वनाथ वाराणसीमा बस्न आकुल थिए तर आफ्नै पुरीमा आफूलाई कसैले नटेरेकोले उनलाई त्यहाँ बस्न मन लागेन । दिवोदास काशीबाट हटे त म त्यहाँ बस्थे भन्ने उनलाई लाग्यो, तर दिवोदास हट्ने कसरी ? धर्म-निष्ठाले गर्दा दिवोदास र उनका प्रजालाई कसैले पनि हल्लाउन सक्तैन थियो ।

भगवान् शिवले दिवोदासलाई काशीबाट हटाउन सूर्य, चन्द्र, भैरव यहाँसम्म कि अम्बिकालाई पनि पठाए, तर त्यस धर्मपुरीको आकर्षणले लठ्ठिएर सबै त्यही बसे, फर्केरसम्म पनि आएनन् । त्यसपछि भगवान् शिवको प्रेरणाले विष्णु कथा-वाचक ब्राह्मणको भेषमा त्यहाँ गए । कथाको एउटै विषय थियो–वैकुण्ठको वैभव र उत्कृष्टताको वर्णन । धेरै पटक यो कुरा सुनेपछि महाराज दिवोदासलाई पनि वैकुण्ठ जाने इच्छा भयो र विष्णुजीले पनि सारा प्रजासहित दिवोदासलाई वैकुण्ठ पठाइदिए । त्यसपछि भगवान् शङ्कर काशीमा फर्कनु भयो ।

शास्त्र-श्रद्धाका आदर्श श्री कुमारिल भट्ट–कुमारिल भट्टलाई बौद्ध मतको खण्डन गरेर सनातन धर्मको स्थापना गर्नुथियो । त्यसैले उनी बौद्ध भेष लिएर बौद्ध गुरुसँग यस धर्मबारे अध्ययन गर्न गए । अध्ययन समाप्त भएपछि उनले उनले बौद्ध मतको खण्डन पनि गरे, तर पछि उनलाई गुरु-द्रोह भयो भन्ने लाग्यो र उनी प्रयागमा गएर यसको प्रायश्चितको लागि भुसको आगोमा पिल्सिएर मरे । धन्य छ, त्यो धर्म–निष्ठा ।

व्रत-निष्ठाका आदर्श राजा रुक्मांश्र, धर्मज्ञ सुगा, शरणागत–रक्षण धर्मका आदर्श महाराज शिवि, आश्रितरक्षा-धर्मका आदर्श युधिष्ठिर, शरणागत-धर्मका आदर्श सुभद्रा र राणा हमीर आदिका कथाहरू मूल ग्रन्थ-(प्रथम खण्ड)- को पृष्ठ १७६ देखि १८१ मा हेर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलियुगको प्रमुख धर्म–दान

शास्त्रहरूका अनुसार दानभन्दा ठूलो कुनै पनि धर्म छैन । **दानधर्मात् परो धर्मो भूतानं नेह विद्यते** । श्रद्धा र भक्ति दानका दुइटा हेतु हुन् । धर्म, अर्थ, काम, लाज, भय र हर्ष दानका अधिष्ठान हुन् र दाता, ग्रहणकर्ता, दिइने वस्तु, देश, काल र श्रद्धालाई ६ अङ्ग बताइएका छन् । दुष्फल, निष्फल, हीन, तुल्य, विपुल र अक्षय–यी दानका ६ परिणामहरू हुन् । अन्न, दही, मह, गाई, जग्गा, सुन, घोडा, हात्ती र अभयको दान उत्तम हो । आफ्नो मुखले बयान गर्ने पश्चाताप आदि जस्ता कारणहरूबाट दानको फल नष्ट हुन्छ । प्रिय वचन र श्रद्धासहित दिइएको दान दुर्लभ मानिन्छ ।

दान-धर्मका आदर्श दैत्यराज विरोचन– दैत्यराज विरोचनको धर्मप्रति श्रद्धा थियो । उनी देवताहरूसंग रीसराग गर्दैन थिए । परन्तु देवराज इन्द्र भने सधैं उनीसँग सशंकित हुन्थे । कदाचित् असुरहरूले स्वर्गमाथि हमला गरे भने परम धर्मात्मा विरोचनसँग सामना गर्नु देवताहरूको सामर्थ्यको बाहिर हुनेछ भन्ने उनी ठान्दथे । कदाचित् कुनै युक्तिद्वारा विरोचनलाई मारिहाले पनि शुक्राचार्य आफ्नो संजीवनी विद्याको प्रभावले उनलाई जीवित गराइदिन्थे । त्यसैले विरोचनलाई छल गर्नको लागि गुरु बृहस्पतिको सल्लाहले इन्द्र ब्राह्मणको रूप लिएर उनीकहाँ गए र दानमा उनको आयु मागे ।

विरोचनले पनि आफ्नै हातले आफ्नो टाउको काटेर इन्द्रलाई दिए । इन्द्र पनि त्यो टाउको लिएर स्वर्ग फर्के । उता भगवान्ले पनि विरोचनलाई आफ्नो पार्षद बनाउनुभयो ।

अरू दान-धर्मका आदर्श दैत्यराज बलि, कर्ण, राजा हर्षवर्धन र विद्यासागरको प्रसङ्ग मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ १८३–१८७ मा पाइन्छ ।

आतिथ्य–धर्मका आदर्श महर्षि मुद्‌गल– हिन्दूधर्ममा अतिथि सत्कार प्रमुख कर्तव्यको रूपमा मानिएको छ ।

महर्षि मुद्‌गल शिलोंछवृत्तिद्वारा जीविका चलाउँथे । उनी १५ दिनमा एक पटक भोजन गर्थे । एउटा औंसीको दिन महर्षि दुर्वासा उनको पाहुना भई आए । मुद्‌गलले पनि दुर्वासालाई आफ्नो भाग सातु अगाडि राखिदिएर अतिथि सत्कार गरे । त्यो सातु मीठो लागेर दुर्वासा पनि प्रत्येक औंसीमा उनको पाहुना भई आउन थाले । यस प्रकार ६ वर्षसम्म प्रत्येक औंसी र पूर्णिमाका दिन दुर्वासा उनको पाहुना हुन आए । पूरै तीन महिनासम्म मुद्‌गल परिवार निराहार रहनु पऱ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन देवदूतहरू विमान लिएर उनलाई स्वर्ग लान भनी आए, तर मुद्गलले स्वर्गको उपेक्षा गरिदिए, किनकि त्यहाँ पनि अतृप्ति, असन्तोष. इर्ष्याको वास थियो ।

यस्तै आतिथ्य–धर्मका अरू आदर्श, महाराज मयूरध्वज, श्रीकृष्ण, महाराणा प्रताप र उनकी कन्याको प्रसङ्ग मूल ग्रन्थ, (प्रथम खण्ड)– को पृष्ठ १८८ देखि १९२ सम्म हेर्नुहोस् ।

दया–धर्म

पराइ, बन्धु–बान्धव, मित्र, आफूसँग द्वेष गर्ने मानिस र शत्रु नै पनि विपत्ति-ग्रस्त भएमा उसको रक्षा गर्नु दया कहिन्छ ।

महाभारत अनुशासन पर्वमा भनिएको छ–

न हि प्राणौः प्रियतमं लोके किञ्चन विद्यते ।
तस्मात् प्राणिदया कार्या यथाऽऽत्मनि तथा परे ॥

अर्थात् संसारमा प्राणभन्दा प्यारो कुनै कुरा छैन । त्यसकारण सबै प्राणी-हरूमा दया गर्नुपर्छ । आफूले अरूबाट दया चाहेजस्तै अरूले पनि आफूबाट दया चाहेको कुरा मनन गर्नुपर्छ ।

संसारमा ती नै पुण्यात्मा पुरुष हुन् जो परहितका लागि पीडित रहन्छन् । ती सन्त हुन् जो अरूको पीडा पन्छाउँछन् र दुःखीहरूको दुःख हटाउन आफ्नो प्राणको पनि वास्ता राख्दैनन् ।

दयाजस्तो धर्म कुनै छैन । दयासमान कुनै तपस्या छैन, दया बराबर कुनै दान छैन र दयातुल्य कुनै मित्र छैन ।

दया–धर्मका आदर्श अब्राहम लिंकन – राष्ट्रपति अब्राहम लिङ्कन राज्य सभामा जान लाग्दा बाटोमा सुँगुर हिलोमा गाडिएको देखेर मोटर रोकी ओर्लेर त्यस सुँगुरलाई हिलोबाट बाहिर निकाली सभास्थलमा पुग्दा उनको हिलास्य लुगा देखी सबैले सोधपुछ गरी वास्तविक कुरा थाहा पाए र सबैजना उनको तारिफ गर्न थाले । यो तारिफ सुनेर राष्ट्रपतिले भने– "यसमा प्रशंसाको के कुरा छ र ? हिलोमा फँसेको त्यस प्राणीलाई देखेर म दुःखी भएको थिएँ र आफ्नै दुःख हटाउन मैले त्यो काम गरें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुतः मैले आफ्नै कल्याण गरेको छु । किनकि उसलाई हिलोबाट झिक्नासाथ मेरो दुःखको निवारण भएको छ ।"

दया-धर्मका आदर्श एउटा परोपकारी राजाको कथा मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ १९३ मा हेर्नुहोस् ।

परोपकार-धर्म

परोपकार व्यापक शब्द हो । सेवा, त्याग, प्रेम, सहृदयता, कष्टसहिष्णुता आदि यसका अङ्ग मानिएका छन् । शुद्ध रूपमा ईश्वर-प्रेमको अभिव्यक्ति पनि परोपकारद्वारा नै हुन्छ । तुलसीदासजी भन्छन्–

परहित सरिस धरम नहीं भाई ।
परपीडा सम नहीं अधमाई ।

अर्थात् परोपकार समान कुनै धर्म छैन र परपीडा जस्तो कुनै पाप छैन ।

परोपकार धर्मका आदर्श महर्षि दधीचि– महर्षि दधीचिका हाडहरूबाट बनाएको वज्रले वृत्रासुरको वध हुन्छ भन्ने कुरा नारायणबाट सुनेपछि देवताहरूले दधीचिसमक्ष गएर उनको शरीरका हाडहरूको लागि याचना गरे ।

यो कुरा सुनेर महर्षिको हृदयले भन्यो –"सृष्टिमा सात्त्विकताको नै सदा वर्चस्व (दिव्य प्रभाव) रहनुपर्छ र संसारमा प्राणीहरूले असुरहरूको उत्पीडनबाट सुरक्षा पाउनुपर्छ । यस्तो विचार गरेर उनले समाधि लगाएर शरीर छाडे र उनका हाडहरूबाट निर्मित वज्रद्वारा वृत्तासुर मारियो ।

परोपकार-धर्मका अरू आदर्श–गृध्रराज जटायु, देवी कुन्ती, कोशल राज, महाराज मेघवाहन, शिवाजी र ब्राह्मण, मांग, म्याडम ब्ल्याबट्स्की आदिको प्रसङ्ग मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ १९६ देखि २०१ सम्म हेर्नुहोस् ।

निर्लोभता-धर्मका आदर्श तुलाधर–तुलाधर जातिका शूद्र थिए । उनी आफ्नी पत्नीका साथ एक गाउँमा रहन्थे । उनी गरीब भए पनि भगवद्भक्त, सत्यवादी, वैरागी तथा लोभ नभएका थिए । बाली काटिसकेपछि खेतमा झरेको अन्न टिपेर उनी निर्वाह गर्थे । लुगाको नाममा उनीसँग एउटा फाटेको धोती र एक सानो टुक्रो कपडा मात्र थियो ।

एक दिन उनी नुहाउन गएको ठाउँमा नयाँ कपडा देखे, तर उनले त्यसमा लोभ गरेनन्, अर्को दिन त्यसै ठाउँमा सुनका डल्लाहरू देखे तर उनले ती पनि छोएनन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो त उनको परीक्षा थियो । परीक्षा लिने भगवान्‌लाई उनले उत्तर दिए– "वास्तवमा धन दुर्गतिको कारण हो, मेरो लागि परस्त्री आमाजस्तै हुन् भने परद्रव्य विषजस्तै हो । मलाई धन चाहिंदैन ।"

यो सुनेर भगवान्‌ले उनलाई दर्शन दिएर कृतार्थ गराउनु भयो ।

भक्त राँका र बाँका–राँका र उनकी पत्नी बाँका भगवद्‌भक्त, एवं अपरिग्रही थिए । उनीहरू वनबाट दाउरा बटुलेर ल्याएर बेच्थे र त्यसैबाट आफ्नो जीविका चलाउँथे । एक दिन उनीहरूले जङ्गलमा असर्फीको थैलो भेट्टाए तर त्यसमा लोभ गरेनन् । राँकाले त्यो थैलोलाई धुलोले पुर्न खोजे भने बाँकाले धुलो र सुनमा कुनै भेद देखिनन् ।

अलोभ–धर्मका अरू उदाहरण जस्तै– भक्त नामदेव, श्रीसनातन गोस्वामी, सन्त तुकाराम, श्रावस्ती, नरेस र ब्राह्मण कुमारका प्रसङ्गहरू मूल ग्रन्थ (प्रथम खण्ड) को पृष्ठ १०३ देखि २०५ सम्म हेर्नुहोस् ।

गो-सेवक महाराज विक्रमादित्य– विक्रमादित्य परोपकारी एवं उदार व्यक्ति थिए । प्रजाको कष्ट थाहा पाउन उनी प्रायः घुमिरहन्थे । यसै क्रममा एक दिन उनले एउटी गाई धापमा फँसेको देखे । उनले गाईलाई धापबाट निकाल्न अनेक प्रयत्न गरे, तर सकेनन् ।

यो देखेर नजीकै रूखमा बसेको एउटा सुगाले भन्यो– "राजन् ! यस गाईको निम्ति आफ्नो ज्यान नगुमाउनुहोस्, बरु कुनै सुरक्षित स्थानमा गएर आफ्नो ज्यान बचाउनुहोस्, परन्तु राजाले गाईको रक्षा गर्नु आफ्नो धर्म हो भन्ने सम्झेर रातभरि त्यसैमा जुटिरहे । सूर्योदय भएपछि देवराज इन्द्र, धर्म र पृथिवीले उनलाई दर्शन दिए । यो त उनको परीक्षा मात्र थियो ।

सामान्य धर्म र विशेष धर्म

मनुस्मृतिमा सामान्य र विशेषका रूपमा धर्मका मुख्य दुइ भेद बताइएका छन् । धृति क्षमा आदि जस्तै मानवमात्रद्वारा पालन गरिनयोग्य धर्महरूलाई सामान्य धर्मको रूपमा चिनाइएको छ । सामान्य धर्महरू सर्वलोकोपकारी, शास्त्रसम्मत सबैको लागि यथायोग्य अधिकारअनुसार आचरणीय र सर्वथा वैध हुन्छ । सामान्य धर्म सनातन हुनुका साथै सार्वभौम पनि हुन्छ । यसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमबाट कुनै पनि मानिस अलगिगन सक्तैन। यस सत्यलाई मानेमा हाम्रो नै शुभ र कल्याण हुन्छ, नमानेमा उत्तिकै अशुभ र अमंगल हुन्छ ।

विशेष धर्म अन्तर्गत वर्णधर्म, आश्रमधर्म र व्यक्तिधर्म अर्थात् पिता-माता, पति-पत्नी, पुत्र-सखा, गुरु-शिष्य, राजा-प्रजा आदिको आदर्शलाई लिइएको छ ।

विभिन्न जातिहरूमा, विभिन्न देशहरूमा कर्तव्यका सम्बन्धमा विभिन्न धारणाहरू हुन्छन् । मुसलमान कुरानशरीफमा लेखिएको कुरालाई आफ्नो कर्तव्य ठान्दछ भने हिन्दू वेदविहित कर्तव्यलाई कर्तव्य संझन्छ । यस्तै इसाईको दृष्टिमा वाइबलमा जे लेखिएको छ त्यो कर्तव्य हुन आउँछ ।

सबै देश र सबै समाजमा एउटै किसिमका आदर्श र कर्तव्य प्रचलित हुँदैनन्। यस किसिमको अज्ञान नै एक जातिद्वारा अर्को जातिलाई गरिने घृणाको कारण बन्न आउँछ । कर्तव्य-पालनको क्रममा पहिले हामीले जन्मप्राप्त कर्तव्यलाई स्थान दिनुपर्छ र त्यसपछि सामाजिक जीवनमा हाम्रो पदअनुसार जे कर्तव्य हुन आउँछ त्यसलाई संपन्न गर्नु पर्छ । जो मानिस जुन कार्यलाई उपयुक्त हुँदैन, त्यो मानिस दीर्घकालसम्म त्यस पदमा रहेर सबैलाई सन्तोष दिन सक्तैन। बाह्य भागबाट मात्र उच्चता अथवा नीचताको निर्णय गर्नु राम्रो हुँदैन, कर्तव्यपालन कुन रूपमा भएको छ उक्त कुरा निर्णायक हुन सक्छ । त्यो मात्र सर्वश्रेष्ठ कर्तव्य हो जुन सम्पन्न गर्दा कर्तामा कुनै किसिमको स्वार्थको लेशसम्म पनि हुँदैन । व्यक्तिको कर्तव्यको स्वरूप हेरेर मात्र उसले वैयक्तिक उच्चता र नीचताको मूल्य आँक्नु युक्तिसंगत कुरा हुँदैन, त्यस व्यक्तिको कार्य-सम्पादनको शैली, कार्यसामर्थ्य र शक्तिको परीक्षा लिएर मात्र उसको श्रेणी निर्धारण हुनुपर्छ। यो कुरा एउटा तपस्वी, एउटी आइमाई र व्याधाको उपाख्यानबाट स्पष्ट हुन्छ। (मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ २१०, २११ हेर्नुहोस्)

'उक्त दृष्टान्तको तात्पर्य हो साधकले आफ्नो साधनावस्थामा नै तन, मन, प्राण अर्पेर कार्य गर्नुपर्छ। किनकि साधनावस्थाको चरम अवस्थाको नाम सिद्धि हो। जब तिमी कुनै कार्य गर्छौ त्यसबेला अरू विषयको विचार बिलकुल नगर। त्यस कार्यलाई सर्वोत्तम उपासना बराबर सम्झेर सफल पार । त्यसलाई सम्पन्न गर्ने प्रक्रियामा आफ्नो समस्त शक्तिका साथ तन-मन अर्पित गरिदिनुपर्छ भन्ने कुरा माथिको प्रसंगले स्पष्ट गराउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान भन्ने कुरा बाहिरबाट हृदयमा आउने तत्त्व होइन, यो त मनुष्यमा नै अन्तर्निहित हुन्छ । संसारले आजसम्म जे जति ज्ञानको लाभ गरेको छ, त्यो सम्पूर्ण मनबाट नै निस्केको हो । मानिसको जुन शक्तिहरूसित सम्बन्ध हुन्छ । ती मध्ये कर्म-हरूको शक्ति प्रबल हुन्छ किनकि कर्मशक्तिको मानवीय चरित्र गठनमा ठूलो प्रभाव पर्छ। मानिस एक प्रकारको केन्द्र हो, जो संसारका समस्त शक्तिहरूलाई आफूतिर तान्दछ । अनेक प्रकारका यन्त्र, जलीय साधनहरू र वायुयान आदि सबै मनुष्यका इच्छाशक्तिका विलास मात्र हुन् । संसारमा प्रबल इच्छाशक्ति भएका जति पनि महापुरुष भए ती धुरन्धर कर्मठ थिए ।

आनुवंशिक शक्तिसंचारको सिद्धान्तबाट स्पष्टीकरण दिन सकिंदैन– बुद्ध र इसाले यस विश्वमा जुन महाशक्तिको संचार गरेर गए त्यो महाशक्ति उनीहरूमा कहाँबाट आयो यस महाशक्तिको उत्पत्तिको केन्द्रभूमि के हो ? अवश्य नै युग-युगान्तरदेखि त्यो शक्ति त्यहाँ हुँदो हो र क्रमशः बलवती हुँदै गएर अन्तमा बुद्ध र इसाको रूपमा समाजमा प्रकट भयो र जो आजसम्म बाँचिरहेकै छ । सम्पूर्ण संसार कर्मद्वारा नै नियमित छ। यो सनानत नियम हो– कुनै पनि मानिसले आफ्नो कर्मद्वारा उपार्जन नगरेको कुरा पाउँदैन । हाम्रो वर्तमान अवस्था हाम्रो पूर्व कर्मको फल हो भन्ने निश्चित छ– हामी भविष्यमा जे बन्न चाहन्छौं त्यो हाम्रो वर्तमान कर्मद्वारा मात्र निर्धारित हुन्छ ।

मानिस अनेक कारणहरूबाट कर्ममा प्रवृत्त हुन्छ। केही मानिसहरू कीर्ति चाहन्छन् र कीर्तिको लागि कर्म गर्छन्, कोही धनको लागि कर्म गर्छन् र कोही स्वर्ग प्राप्तिको लागि कर्म गर्छन्। धेरैजसो मानिसहरूले उपर्युक्त उद्देश्यहरूमध्ये कुनै एकलाई अपनाएका हुन्छन्। कोही मानिसहरू प्रायश्चित्तको लागि पनि कर्म गर्ने गर्छन् । यस किसिमबाट मानिसहरूलाई कर्ममा प्रेरित गर्ने अनेक उद्‌देश्यहरू हुन्छन् ।

कार्यका लागि कार्य

प्रत्येक देशमा केही यस्ता नर-रत्न हुन्छन् जो केवल कामका लागि नै काम गर्छन् । उनीहरू कार्य यस कारण गर्दछन्– त्यसबाट अरूको भलो हुन्छ। यदि कुनै मानिस निःस्वार्थतालाई अँगालेर कर्तव्य गर्छ भने के त्यो फल पाउँछ? जरूर पाउँछ। साँच्चै भन्ने हो भने निःस्वार्थ कर्म जतिको अधिक फलदायी अरू कुनै कर्म हुँदैन । व्यावहारिक दृष्टिबाट पनि निःस्वार्थता धेरै लाभदायक छ । प्रेम, सत्य, निःस्वार्थता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अरू कुराहरू नीतिसम्बन्धी आलंकारिक वर्णन मात्र नभएर हाम्रा सर्वोच्च आदर्श हुन्, किनकि यी कुराहरू शक्तिका महान् अभिव्यक्ति हुन् ।

कोही मानिस पाँच दिन हैन पाँच मिनेट मात्र भविष्यको कुनै चिन्तन नगरी स्वर्ग, नरक या अन्य कुनै कुराको विचार नगरेर निःस्वार्थताका साथ काम गर्न सक्छ भने त्यो महापुरुष बन्न सक्छ। यो शक्तिको महत्तम अभिव्यक्ति हो र यसको लागि प्रबल संयम चाहिन्छ। अरू सबै बहिर्मुखी कर्महरूको अपेक्षा आत्मसंयममा शक्तिको धेरै प्रकाश हुन्छ। आत्मसंयमबाट एक महान् इच्छाशक्तिको प्रादुर्भाव हुन्छ। इच्छाशक्तिको अभ्युदयपछि यस्तो चरित्र निर्माण हुन्छ जसले संसारलाई इशारामा नचाउन सक्छ। अत्यन्त सामान्य कर्महरूलाई पनि घृणाको दृष्टिले हेर्नु हुँदैन । हामीलाई कर्म गर्ने अधिकार छ, तर कर्मफलमा हाम्रो कुनै अधिकार छैन ।

वास्तवमा विचार गरी हेर्दा हामीले थाहा पाउँछौं कि आसक्ति नै समस्त दुःखहरूको प्रमुख कारण हो र अनासक्ति नै सर्व-दुःखनिवृत्तिको परम औषधि हो ।

हाम्रो वायुमण्डल राम्रा र नराम्रा दुवै विचारका तरंगले व्याप्त छ। प्रत्येक मस्तिष्कमा निस्केका प्रत्येक विचार तबसम्म यसरी नै भ्रमण गरिरहन्छन् जबसम्म त्यसलाई योग्य आधार प्राप्त हुँदैन । जसको मन यसप्रकारका विचार ग्रहण गर्न आफूलाई उन्मुक्त बनाएर रहेको हुन्छ त्यसले तुरुन्तै त्यस आधारलाई अँगाल्छ। अतएव जब कुनै मनुष्यले पुण्यकर्म गरिरहेको हुन्छ, त्यसबेला उसले आफ्नो मनलाई विशिष्ट लय (सुर) मा पुऱ्याउँछ र त्यस किसिमका जति पनि विचारतरंग पहिलेदेखि नै वायुमंडलमा अवस्थित हुन्छन् । दुष्कर्म गर्दा हामी आफ्नो मात्र होइन अरूको पनि अहित गर्छौं र सत्कर्मद्वारा आफ्नो मात्र होइन अरूको पनि हित संपादनगर्छौं । मनुष्यंका अरू अभ्यान्तरिक शक्तिहरू जस्तै यस किसिमका शुभ र अशुभ शक्तिहरू पनि बाहिरबाट बल संचित गर्छन् ।

कर्मयोगअनुसार कुनै पनि कर्म फलको उत्पादन नगरी नष्ट हुँदैन । कारणबाट कार्य जन्मने प्रक्रियालाई कोही पल्टाउन सक्तैन । अर्को विचारणीय कुरा यो छ– कर्मको उद्देश्य के हो ? हामी अनुभव गर्दछौं– प्रत्येक देशका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकांश व्यक्तिहरूको यो धारणा छ कि एक समय यस्तो पनि आउनेछ जहिले यो संसार पूर्णतामा पुग्नेछ। साँच्चै भन्ने हो भने पूर्ण-जीवन शब्द नै स्वविरोधात्मक छ। हामी र हाम्रा बाह्य वस्तुहरूको बीचमा हुने एक प्रकारको द्वन्द्वको नाम नै जीवन हो। जीवन सजिलैसित चल्ने सरल वस्तु हैन, यो त एक प्रकारको सम्मिश्रित व्यापार हो।

संस्कृत भाषामा दुइटा शब्द छन्–प्रवृत्ति र निवृत्ति। प्रवृत्तिको अर्थ हो–कुनै वस्तुतर्फ लाग्नु। निवृत्तिको अर्थ हुन्छ– कुनै वस्तुबाट फर्कनु अथवा टाढा जानु । कुनै वस्तुबाट निवर्तन या निवृत्तिको अर्थ हुन्छ–हाम्रो यो संसार, यो 'म' र 'मेरो'–बाटटाढा पन्छेर आत्मोत्सर्गको माध्यमबाट आत्मालाई दीप्त बनाउनु। प्रवृत्तिको अर्थ हुन्छ– हाम्रो यो संसार, यो 'म' र मेरोपनलाई धन, संपत्ति, प्रभुत्व, नाम र यशद्वारा बढाउँदै लैजाने प्रयत्न गर्नु, जे-जे हात लाग्छ त्यसलाई समाइराख्नु र सारा संभव वस्तु-हरूलाई यस मरूपी केन्द्रमा संग्रहित गर्नु। उक्त प्रक्रियाको नाम हो प्रवृत्ति । प्रवृत्ति र निवृत्ति दुवै कर्मका स्वरूप हुन् । एउटा असत् कर्म हो भने, अर्को सत्कर्म। निवृत्ति नै सारा नीति र धर्मको आधार हो। यसको पूर्णता नै सम्पूर्ण आत्मत्याग हो। विभिन्न दर्शनहरू र विभिन्न धर्महरूमा आपसमा जतिसुकै मतभेद किन नहोस् जो मानिस आफ्नो जीवन अरूको लागि समर्पण गर्न तत्पर हुन्छ त्यसको सामु सबै मानिस सादर शीघ्रतापूर्वक उठेर भक्तिपूर्वक नतमस्तक हुन्छन् । वास्तवमा आफ्नो मत अथवा धर्मको मदले अन्धो मानिस जाँदैन– उसको आफ्नो लक्ष्य र जसलाई विरोधीको रूपमा हेर्छ उसको लक्ष्य एउटै हो। एउटा उपासक आफ्नो हृदयमा निरन्तर ईश्वरभाव र साधुभाव राख्दै अन्तमा त्यसै स्थानमा पुग्छ र भन्छ– 'प्रभो! तपाईंको जस्तो इच्छा'। यसैलाई भन्छन् आत्मत्याग। ज्ञानी आफ्नो ज्ञानद्वारा अनुभव गर्छ– 'यो तथाकथित भासमान अहं (म) केवल नाम हो' र त्यसपछि त्यस अहंलाई त्याग गर्छ। अतएव हामी देख्दैछौं– कर्म, भक्ति र ज्ञान एउटै ठाउँमा आएर एकाकार हुन्छन्।

अब प्रश्न उठ्छ– शुभतामा अशुभता र अशुभतामा शुभता रहेको जान्दा-जान्दै हामीले कर्म कसरी गर्ने? पहिले तिमीले यो कुरा अनुभव गर्नुपर्छ– म संसारमा रहेर पनि संसारबाट अत्यन्त पृथक् छु, र जहाँ जे गर्दछौ त्यो कर्म तिमीले आफ्नो लागि नगरेर अरूका लागि गरेको हुनुपर्छ। यसकारण सुन्दर शैलीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यसंपादन गर्न हामीले आसक्ति भावको परित्याग गर्नु आवश्यक छ। दोस्रो कुरा यो हो– कर्म गर्दा हामीहरू कसैसँग एकाकार नबनौं। साक्षीजस्तो बनेर आफ्नो कर्म गरिराखौं। वास्तवमा यो संसार हाम्रो लागि रचिएको होइन। लाखौं मानिस प्रतिवर्ष संसारमा आउँछन् जान्छन्, संसारलाई त्यसबारे कुनै चासो छैन।

कुनै प्राणीलाई पनि हाम्रो दयाको आवश्यकता छैन, संसारको कुनै पनि जीव हाम्रो सहायताको भोको छैन। प्रकृति नै सबको सहायता गर्छ। यस संसारलाई तिम्रो सहायता चाहिएको छैन। जुन मानिस आफैंमाथि अधिकार प्राप्त गर्छ, त्यस-माथि संसारको कुनै पनि वस्तुले आफ्नो प्रभाव पार्न सक्तैन। मानिसहरूको संसारको संबन्धमा दुइ प्रकारका धारणाहरू हुन्छन्। कोही मानिसहरू निरासावादी हुन्छन् र भन्छन्– संसार कस्तो डरलाग्दो र दुष्ट छ। अर्काथरी आशावादी हुन्छन् र भन्छन् यो संसार कति सुन्दर र आश्चर्यमय छ। जुनबेला हामीहरूको कल्पित 'अहं' को नाश हुनेछ, त्यसबेला पहिले अमंगलरूपमा देखिने संसार हाम्रो सामु स्वर्गरूप र परमानन्दमय भएर आउनेछ।

के तिमी निःस्वार्थी छौ ? यदि छौ भने तिमीले कुनै धार्मिक ग्रन्थको अध्ययन नगरेको भए पनि, तिमी कुनै मन्दिर, मस्जिद या गिर्जाघरमा नगएका भए पनि पूर्णतामा प्राप्त हुनेछौ। जसलाई सबैजना कर्तव्य भन्ने गर्छन् त्यो हो केवल आसक्ति, शरीरको दासता।

सर्वश्रेष्ठ महापुरुषहरू आफ्नो ज्ञानबाट कुनै कीर्ति पाउने आशा राख्दैनन्। उनीहरू शान्त, नीरव र अपरिचित हुन्छन्। विचारको प्रचण्ड शक्तिसित उनीहरू राम्ररी परिचित हुन्छन्। उनीहरूमा यो दृढ विश्वास हुन्छ– कुनै पर्वतको गुफामा गई त्यसको ढोका थुनेर चार, पाँच विचारहरूको मनन गरेर मात्र संसारबाट बिदा भए पनि ती चार पाँच विचारहरू अनन्त कालसम्म विश्वमा व्याप्त रहनेछन्। वास्तवमा यस्ता विचारहरू पर्वतलाई पनि चिरेर बाहिर निस्कन सक्छन्, समुद्रलाई पनि पार गर्छन् र संसारभर व्याप्त रहन्छन्। ती सद्विचारहरू मनुष्यका हृदय र मस्तिष्कमा यति गहिरोसित घुम्दछन् जसको फलस्वरूप मनुष्यहरूबाट नै नयाँ व्यक्तिहरू उक्त विचारलाई कार्यरूपमा परिणत गर्न पैदा हुन्छन्।

यस विश्वमा हामी-तिमीजस्ता लाखौं मानिस मनमनै सोच्दछौं– हामी महान् व्यक्ति हौं। परन्तु एक दिन जब हाम्रो सामु मृत्यु हुन्छ, तब पाँच मिनेटपछि नै संसार हामीलाई भुल्दछ, तर ईश्वरको जीवन अनन्त छ। उ नै सतत कर्मठ विधाता हो। समस्त शक्ति उसैको हो र उसैको आज्ञावर्तिनी छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँसम्म सामान्य धर्म अर्थात् नैतिकता कर्तव्य बुद्धिले कर्म संपादनको विषयमा विचार गरियो। उक्त सामान्य धर्म सार्वभौम छ, प्राणीमात्रद्वारा अनिवार्य रूपमा पालनीय छ। सामान्य धर्मको परिपालनको सन्दर्भमा देश, जाति अथवा राष्ट्रविशेषको कुनै भेद गरिंदैन वा गर्नु हुँदैन। सामान्य शब्दको अर्थ हुन्छ बहुदेश-कालव्यापी, यसपछि विशेष धर्मको विचार गर्नुभन्दा पहिले फेरि एकपटक मौलिक विषयको स्मरण गर्नु कल्याणप्रद हुनेछ। हाम्रो अगाडि सबभन्दा महत्त्वपूर्ण प्रश्न यो छ– मौलिकता र अध्यात्मिकतामध्ये कुनलाई संवरण गर्ने ? जीवनको लागि यी दुइमध्ये कुनचाहिं हितकर छ ? हाम्रो जीवनमा वैषम्य वस्तुत: कसरी आयो ? यी सबै कुराहरूको विचार गर्ने सन्दर्भमा हामीले स्मरण गर्नुपर्छ– यस्तो समय या परिस्थितिको लागि कुनै व्यक्तिविशेषलाई दोष दिनु सरासर त्रुटि हुनेछ । सामूहिक अनीश्वरवादी उच्छृंखलता र भोगवृत्तिहरूले गर्दा यस्ता समय आउने गर्छन् ।

यस परिस्थितिलाई राम्ररी बुझ्न गत तीन-चार सय वर्षको इतिहासको समालोचना अत्यन्त आवश्यक हुन आउँछ। पहिले त धर्मयुद्धको नाममा क्रूसेड्स (Crusedes) सयौं वर्षसम्म चलिरह्यो। यसका साथसाथै भारतको अपूर्व व्यापार-लाई हत्याउने लालसा पनि पाश्चात्य देशहरूको थियो। पहिले पुर्तगाल, स्पेन र हल्याण्डले पनि यस होडमा भाग लिएर कालान्तरमा अंग्रेज व्यापारीहरूले अरू देशलाई जिते। वाष्प र विद्युत्को आविष्कारले यातायातमा महत्त्वपूर्ण उन्नति गरिदियो। अब विजित देशमा बिक्री गर्नलाई मालसामान मेशिनद्वारा ठूलो राशिमा तयार गर्ने आवश्यकता प्रतीत भयो। यी मेशिनको आविष्कारले गर्दा मनुष्य–जीवनमा ठूलो परिवर्तन आयो। यस परिवर्तनले गर्दा मानिस शान्त ग्राम्य-जीवन छाडी शहरमा बस्न लागे। यस विषयको एक सुन्दर वर्णन गोल्डस्मिथकृत Deserted village मा पाइन्छ। इष्ट इण्डिया कम्पनीको मुख्य ध्येय थियो– नयाँ नयाँ वस्तुहरूको निर्माण गर्नु र जितेका देशहरूमा उनै वस्तुहरूको नयाँ (Demand) पैदा गराउनु। यो नयाँ सभ्यता उच्छृंखल अनीश्वरवादका आधारमा निर्मित भयो। यसमा भोगलाई मुख्य स्थान दिइयो र कर्तव्यलाई गौण। धनको लालसाले जेलिएका ती पाश्चात्यहरूले उचित र अनुचितको कुनै विचार गरेनन्। जसरी हुन्छ धन संग्रह गर्नु नै तिनीहरूको प्रमुख मन्तव्य थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो ध्रुवसत्य हो– भौतिक जीवनमा कहिले पनि पूर्ण परितृप्तिको उपलब्धि हुन सक्तैन । यस कुराको ज्वलन्त प्रभाव यो छ– संसारका अत्यन्त धनी, ऐश्वर्यशाली र ठूला ओहदामा बसेका व्यक्तिहरू पनि सन्तुष्ट छैनन् । आज स्थिति यो छ– विज्ञानले आफ्नै प्रगतिबाट भयभीत र सन्तप्त हुनुपरेको छ । विज्ञानका ध्वंसात्मक उपकरणहरूले संसारमा तनावको वातावरण उत्पन्न गरेका छन् । आजकालका शिखर-सम्मेलन र शान्तिको लागि वा शस्त्रनिर्माणमा रोक लगाउन गरिने निःशस्त्रीकरण-सम्मेलनहरू वास्तवमा विज्ञानको वैभवको लागि पश्चात्ताप नै हुन्, अरू केही होइनन् ।

विज्ञानको प्रगतिको पुकार आज मानवताको चित्कारमा परिणत भएको छ । ठूलाभन्दा ठूला पञ्चवार्षिक र सप्तवार्षिक योजनाहरू पनि जीवनमा शान्ति र सच्चा सुखको संचार गराउने सन्दर्भमा विफल भएका छन् । प्रश्न छ– यसको लागि उत्तरदायी कसलाई ठहऱ्याउने ? उत्तर स्पष्ट छ– स्वयं आजको मोहग्रस्त हामी आफैं आफ्नो जीवनलाई विषाक्त तुल्याइरहेछौं । अब दोस्रो प्रश्न छ–यस्तो वातावरणबाट कसरी मुक्ति पाउने ? यसको उपाय हो – स्वधर्मको पालन । यहाँ धर्म शब्दबाट सामान्य धर्म या व्यापक सार्वभौम धर्म भन्ने बुझ्नुपर्छ । धर्म मानव-जीवनको अनिवार्य आवश्यकता हो । मानवको अध्यात्म–निष्ठा नै धर्मको आधार हो ।

धर्मको बाह्य रूप जे भए पनि त्यसको मूलभूत विशेषता आस्था – (विश्वास) –मा नै हुन्छ । एउटा अज्ञात सत्ता र शक्तिको प्रभुत्वलाई सर्वोपरि मानेर उक्त सत्तालाई विश्वव्यापी मान्नु धर्मको व्यापक कल्पना हो । धर्म संस्थापनको लागि युग-युगमा त्यस अनन्त सत्ताको अनेकानेक रूपमा आविर्भाव (अवतार) पनि भएको छ । विश्व-सभ्यताको विकासको इतिहासमा मानव-मूल्यको विघटन जुन रूपले अहिले भएको छ त्यस्तो कहिल्यै भएको थिएन । धर्म-पालनको अभिप्राय, कुनै संप्रदाय–विशेषको सदस्य बन्नु या सिद्धान्त–पद्धतिको अनुपालनसंग संबद्ध छैन । धर्म-पालनको उद्देश्य त मानवको नाताले सद्विवेकको आधारमा कर्तव्य-परायण बन्नु र मानवीय उत्तरदायित्वको निर्वाह गर्नु हो । यही कुरा सामान्य धर्मको नाममा शास्त्रहरूमा विस्तृत रूपमा निरूपित छ । यसै सामान्य धर्मको पालन गर्दै सर्वोपरि सत्तामा विश्वास गर्नु नै आध्यात्मिकता हो । कठोपनिषद्मा यस कुरालाई अत्यन्त सुन्दर शैलीमा प्रस्तुत गरिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ सम्परीत्या विविनक्ति धीरः ।
श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद् वृणीते ॥
२–२–२

अर्थात् श्रेय र प्रेय मानिस सामु उपस्थित हुन्छन् । बुद्धिमान् मानिस यी दुवैको राम्ररी परीक्षण गर्छ । विवेकी पुरुष प्रेयलाई पन्छाएर श्रेयको वरण गर्छ । तर मूढ मानिस योगक्षेमको लागि प्रेयको वरण गर्छ । जो प्रेय विचारलाई अंगीकार गर्छ उसको जीवन सुखी र शान्त बन्छ, जो प्रेय अँगाल्छ त्यो पुरुषार्थबाट पतित हुन्छ ।

विशेष धर्म

विशेष धर्मभित्र वर्ण धर्म, आश्रम धर्म र व्यक्ति धर्महरू पर्छन् । व्यक्ति धर्मभित्र माता-पिता, पति-पत्नी, गुरु-शिष्य, पुत्र-मित्र र राजा-प्रजा आदिको विभिन्न आदर्श धर्मको वर्णन गरिएको छ।

हिन्दू धर्मको एउटा विशेषता यो छ कि यसको व्यक्तिगत नाम छैन । हिन्दू शब्द सिन्धु शब्दको विकृत रूप हो । सिन्धु नदीको पारी बसोवास गरेका हुँदा ती देशका मानिसहरूलाई पश्चिमका मानिसहरूले 'स' लाई ह-कारको रूपमा उच्चारण गरेर हिन्दू भनेर पुकारे र उनीहरूको धर्मलाई हिन्दू धर्म भनियो । प्राचीन शास्त्रहरूमा यस धर्मको उल्लेख केवल धर्मको रूपमा गरिएको छ । यसबाट थाहा हुन्छ प्राचीन युगमा दुनियाँमा हिन्दू धर्मबाहेक अर्को धर्म थिएन । कुनै-कुनै शास्त्रमा यस धर्मलाई सनातन धर्म पनि भनिएको छ । सनातनको अर्थ हो नित्य स्थायी अर्थात् जसको कुनै व्यक्ति या समूहद्वारा उत्पत्ति भएको हुँदैन । कुनै समयमा कुनै व्यक्ति विशेषद्वारा यो धर्म प्रचलित भएको थिएन । श्रीराम, श्रीकृष्ण, व्यास र वाल्मीकि यीमध्ये कुनै पनि यस धर्मका संस्थापक होइनन् । उनीहरूभन्दा पहिले पनि यो धर्म थियो । उनीहरूले पनि यस धर्मलाई अनादि र सनातन मानेका छन् ।

बौद्ध धर्म आजभन्दा लगभग २५०० वर्ष पहिले गौतम बुद्धबाट प्रचलित भयो । इसाई धर्मको प्रचार इसाद्वारा १९९४ वर्ष पहिले भयो । इस्लाम धर्मको प्रचार १५१६ वर्ष पहिले मोहम्मद साहेबद्वारा भयो । पारसी धर्म पनि जरथुस्त्र-द्वारा धेरैपछि प्रचलित गरिएको हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बृहदारण्यक उपनिषद्को १।४, ११, १२, १३ मा भनिएको छ –'पहिले केवल ब्राह्मण थियो । त्यहाँ उसले एक्लै उन्नति गर्न नसक्दा क्षत्रियको सृष्टि गऱ्यो । त्यसबाट पनि उन्नति भएन अनि शूद्रको सृष्टि भयो ।' वैदिक युगमा जन्मानुसार नै जातिको निर्देश गरिएको थियो, गुण र कर्म अनुसार जातिनिर्देशको कुनै व्यवस्था थिएन ।

श्री मद्भगवद्गीतामा भगवान् भन्नुहुन्छ –**चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः** अर्थात् गुण र कर्महरूको विभागद्वारा मैले चार वर्णको सृष्टि गरेको छु। उक्त वचनबाट कतिपय व्यक्तिहरूलाई भ्रान्त धारणाले जेलेको छ । उनीहरू भन्छन्-गीताको उद्देश्य जन्मानुसार जाति विभाग गर्नु नभएर गुण र कर्मअनुसार जाति विभाग गर्नु हो, तर गीताको उक्त वचनको यसरी व्याख्या गर्नु सरासर भूल नै हुनेछ। यौटा मानिसको गुण ब्राह्मणको जस्तो र कर्म क्षत्रियको जस्तो भएमा त्यस मानिसलाई ब्राह्मण भन्ने कि क्षत्रिय ? यस कुराको निर्णय गर्नु निकै कठिन हुन जानेछ। अर्को कुरा उक्त मानिसमा गुण परिवर्तन पनि त हुन संभव छ । एउटा असल मानिस केही समयपछि खराब हुन सक्छ र खराब मानिस असल हुन सक्छ । गुण-जस्तै कर्ममा पनि परिवर्तन हुनसक्छ । एउटा त्यो मानिस जो योद्धा क्षत्रियको रूपमा छ , त्यसले आफ्नो कर्म त्यागेर कृषि र व्यापार पनि गर्न सक्छ । यी सब कारणहरूले गर्दा गुण र कर्मअनुसार जाति निर्णय गर्ने प्रक्रिया ज्यादै जटिल हुन आउँछ । अतएव स्पष्ट छ – जन्मअनुसार नै जाति – व्यवस्थाको निर्णय गर्नु शास्त्रहरूको उद्देश्य हो ।

गीतामा शब्दको व्यवहार यसरी गरिएको छ – त्यसमा कर्म शब्दको अर्थ कर्तव्य कर्म हो । गुण शब्दको अर्थ सत्त्व, रज र तमोगुण हो । जन्मने बेलामा जसमा जति परिणाममा सत्त्व , रज र तमको स्थिति हुन्छ तदनुसार कर्तव्य कर्मको विभाग गरेर परमेश्वरले चारवर्णहरूको सृष्टि गरेका छन् ।

वस्तुतः हिन्दू जातिको राजनीतिक इतिहास अरू जातिको राजनीतिक इतिहासभन्दा अधिक गौरवशाली छ । वैदिक युगदेखि ११९४ इ. सम्म यस जातिले आफ्नो स्वतन्त्रताको पूर्ण रक्षा गरेको थियो। सम्पूर्ण पृथिवीमा यस जातिकै आधिपत्य थियो। १२०० वर्षसम्मको मुगल आदि विदेशी शासनपछि हिन्दू जाति पुनः प्रबल शक्तिले सम्पन्न बन्यो। मराठा र सिखहरूले मुगल-साम्राज्यलाई चूर्ण पारे । त्यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काल-चक्रको विधानअनुसार २०० वर्षसम्म हिन्दू जातिलाई अंग्रेजको अधीनमा हुनुपर्‍यो। तर तिनीहरूले पनि आखिर परास्त भएर भारत छाडेर जानुपर्‍यो।

वास्तवमा कुनै पनि व्यक्तिको वृत्तिविशेषको उपयुक्तता प्रधानतया दुइ कुरामा भर पर्छ– पहिलो 'जन्मगत संस्कार' र दोस्रो 'पारिपार्श्विक अवस्था (वरिपरिको वातावरण)'। जन्मगत वृत्तिको फलस्वरूप नै हिन्दू समाजमा प्राचीन कालमा नाना प्रकारका कला र शिल्पको उन्नति भएको थियो, यस कुरामा सन्देह छैन। हिन्दू समाजले बनाएजस्ता अत्यन्त मिहिन सूती वस्त्र संसारमा कहीं बन्दैनथे।

कुनै कुनै संकीर्ण मनोवृत्तिका पाश्चात्य विद्वान्हरूले हिन्दूहरूको जातिभेद अथवा वर्णाश्रम धर्मको निन्दा पनि गरेका छन् तर धेरैजसो पाश्चात्य विद्वान्हरूले उक्त व्यवस्थाको प्रचुर प्रसंशा पनि गरेका छन्।

हिन्दू-धर्मका सच्चा हितैषी सर हेनरी कटन (Sir Henry Cotton) ले लेखेका छन्– "The caste system of India, far from being the source of all troubles of which can be traced in Hindu Society, has rendered the most important service in the past and still continues to sustain order and solidarity."

यसै प्रकार अरु पाश्चात्य विद्वान्हरू जस्तै श्री सिड्नी लो (Sydney Low); श्रीमती एनी बेसेन्ट (Dr. Annie Besant); श्री अबे डुब्वाज (Abbe Dubois), श्री मेरिडिथ टाउनसेन्ड (Meredith Townsend), सर जोन उडरोफ (Sir John Woodroffe), सर जर्ज वर्डउड (Sir George Wordwood) आदिका कथनहरू मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ २३६, २३७ मा हेर्नुहोस्।

यद्यपि पाश्चात्य विद्वान्हरूको अनुमति वस्तुतः हाम्रो धर्मको विषयमा खास महत्त्व राख्दैन तापनि हाम्रा युवकवर्गको झुकाव धेरैजसो पाश्चात्य सभ्यतातर्फ भएकोले विदेशी विद्वान्को सम्मति उद्धृत गरिएको हो। पर-संस्कृति र परसभ्यताप्रति झुकाव हुनुको कारण आफ्नो संस्कृति र सभ्यताको अनभिज्ञता नै हो।

प्राचीन समयमा जब वर्णाश्रम-व्यवस्था सुप्रतिष्ठित थियो, त्यसबेला देशमा सुख, शान्ति र समृद्धि विद्यमान थियो। रामायण, महाभारतबाट र मेगास्थनीज, फाहियान र हुएनसांग जस्ता विदेशी पर्यटकहरूको लिखित वृत्तान्तबाट यो कुरा स्पष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा मानिसले यदि अर्को मानिसको स्पर्शलाई निषेध गर्छ भने त्यसको अर्थ यो होइन कि उ उसलाई घृणा गर्छ। रजस्वला आमालाई उनकै छोराले स्पर्श गर्दैन। यसको अभिप्राय यो हैन कि उ आफ्नी आमालाई घृणा गर्छ। कोही यो युक्ति दिन्छन्– सँगै खानाले वा अन्तर्जातीय विवाह गर्नाले प्रेमभाव बढ्छ, तर यो कुरा प्रायः देखिएको छैन। अंग्रेज र जर्मन जातिका अन्तर्विवाह र सहभोज स्वतन्त्रतापूर्वक प्रचलित थियो, तथापि विश्वयुद्धहरूको समयमा उनीहरूमा तीव्र विद्वेष भएको थियो। किन ?

वर्णाश्रम धर्मको सम्बन्धमा सबभन्दा ठूलो आरोप अस्पष्टतालाई लिएर गरिन्छ। वर्णाश्रम धर्ममा घृणाको कुनै ठाउँ छैन। रजस्वला भएकी आमा पनि अस्पृश्या हुन्छिन् भने प्रेतकृत्य सम्पन्न गर्न 'किरिया' बसेका बाबु पनि अस्पृश्य नै हुन्छन्।

सदा सबैद्वारा स्मरणीय एउटा महत्त्वपूर्ण कुरा हो– सांस्कृतिक स्वाधीनता नै यथार्थ स्वाधीनता हो। स्वाधीनताको अर्थ केवल राजनीतिक स्वतन्त्रता होइन। हिन्दू सामाजले दीर्घकालसम्म सांस्कृतिक र धार्मिक स्वतन्त्रता अँगालेको हुँदा यथार्थ रूपमा उक्त स्वाधीनतालाई कहिले पनि छोडेन। राजनीतिक स्वाधीनतालाई एक पटक गुमेपछि पुनः कुनै पनि समयमा फर्काउन सकिन्छ, तर धर्म र संस्कृतिलाई गुमाएपछि कुनै पनि जातिको जीवनमा फर्काउने कुरा प्रायः असम्भव हुन्छ।

कुनै पनि जातिले निरवच्छिन्न रूपमा स्वाधीनता या सुख-समृद्धिको उपभोग गर्न पाएको छैन। जस्तै ब्रिटेनमा पहिले रोमनहरूको आधिपत्य थियो। त्यसपछि ब्रिटेन क्रमशः केल्ट, यूट, आँगल, स्याक्सन र डेन आदि वैदेशिक जातिद्वारा पराजित पराधीन भएको थियो। प्राचीन ग्रीक सभ्यताको आयु प्रायः ६ सय वर्ष अथवा हजार वर्षभन्दा धेरै कदापि थिएन। वास्तवमा सिकन्दर ग्रीक थिएन। उसको बाबुको नाम फिलिप थियो, जो मेकडोनियन थियो। चंगेज खाँ र उसका वंशजहरूले (१२२८–६० इ,) चीनदेखि यूरोप-रूस पर्यन्त माथि विजय प्राप्त गरे। स्पेन र पुर्तगाल पनि प्रायः ७०० वर्षसम्म मुसलमानहरूको (मूरहरूको) अधीनमा रहे।

इसाई धर्म-ग्रन्थ **Old Testament** मा वर्णित सृष्टि-रचनाका कुराहरूलाई अब पाश्चात्य लेखकहरूले पनि सन्देहको दृष्टिले हेर्न थालेका छन्। आधुनिक पाश्चात्य मतअनुसार पनि पृथिवीका समग्र सभ्यताहरूमा वैदिक वर्णाश्रमी सभ्यताले असाधारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र सर्वप्रथम स्थान ओगटेको छ । इस्लामी, इसाई, यूरोपीय, अमेरिकी आदि आधुनिक सभ्यता कति अल्प अवधिका हुन्, यो कुरा जान्नको लागि Oxford Junior Encyclopedia Vol. I (Ancient Civilization P. 22) हेर्नुपर्छ । आज भारतीय, हिब्रू र चीनको सभ्यताबाहेक अरू सबै सभ्यताहरू प्रायः लुप्त भइसकेका छन् ।

प्राचीन सभ्यताहरू

(१) सुमेरियन, (२) वर्णाश्रमी भारती, (३) मिश्री सभ्यता, (४) बेबिलोनियम र कासाइत, (५) हिन्डायत, सभ्यता (६) मितन्नी सभ्यता (७) चीनी सभ्यता, (८) हिब्रू सभ्यता, (९) अष्ट्रीरियन सभ्यता, (१०) इरानी मिड सभ्यता, (११) ग्रीक सभ्यता (१२) रोमन सभ्यता, (१३) मेक्सिकन सभ्यता यी सबैको विवरण प्रथम खण्ड, मूल ग्रन्थको पृष्ठ २४२, २४३ हेर्नुहोस् ।

अरू जातिहरूको भूतकालीन इतिहास लेख्नुको उद्देश्य हो– हाम्रा पाश्चात्य शिक्षाप्राप्त भाइहरूले यो बुझ्नु पर्‍यो–वर्णाश्रम व्यवस्था हिन्दूहरूको पराजयको लागि उत्तरदायी छैन, परन्तु वर्णाश्रमको व्यवहारले गर्दा नै हिन्दू जाति संसारको इतिहासमा एउटा अमर संस्कृति लिएर आज पनि गौरवसाथ उभिएको छ। वर्णाश्रमी हिन्दू-संस्कृतिको अमरताको रहस्य के हो ?– हिन्दू संस्कृतिको जीवनीशक्तिको अक्षय स्रोत ब्रम्हचर्य । हिन्दू संस्कृतिका विशेषताहरूमध्ये गुरुसेवाले पनि महत्त्वपूर्ण स्थान ओगटेको छ। हिन्दू-संस्कृतिको महान् गौरव मोक्षसाधन हो र अर्को हिन्दू-संस्कृति पुनर्जन्म र कर्मफलवादको सिद्धान्तमा अवलम्बित छ। जीवहरूको जड देह पाञ्चभौतिक र विनाशी छ । शरीर आत्मा होइन र आत्मा अविनाशी छ– यो हिन्दू-संस्कृतिको मुख्य सिद्धान्त हो, जुन सिद्धान्तअनुसार एक परमात्माले नै अनेक रूप धारणा गरेको छ । वर्णाश्रम धर्मको चरम लक्ष्य हो शिवत्वको प्राप्ति ।

संचित कर्म– अदृष्टद्वारा जीवले इहजन्मको प्रारब्धको भोग गर्छ । यसै जन्ममा शास्त्रानुसार आचरण गर्दै आ-आफ्नो अधिकारअनुसार निष्काम कर्म गरिरहेकाको अन्तःकरण शुद्ध हुन्छ र ज्ञानद्वारा मोक्षको प्राप्ति हुन्छ। संचित कर्मको राशि भगवान्को उपासनाद्वारा पनि क्षीण हुन्छ। भगवान्को स्थूल रूप र सूक्ष्म रूपको पूजाको क्रमले क्रमशः पराभक्तिको उदय हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्ति– 'तिमी मेरा हौ, म तिम्रो हुँ' यो द्वैतसिद्धान्त हो। 'जे तिमी हौ, त्यही म हुँ' यस कुराको उपलब्धि अद्वैतवादमा अभ्यस्त भएपछि स्वतः हुन्छ। द्वैत र अद्वैत भन्दा पर पुगेपछि मुक्तिको अवस्था आउँछ। जन्म–जन्मान्तरका चक्रदेखि मुक्ति पाउनु मानव जीवनको चरम लक्ष्य हो।

पुनर्जन्म– हिन्दू धर्मको सर्वोत्तम विशेषता पुनर्जन्मको सिद्धान्त हो। केही मानिसहरू आफू बाँदरको वंशज भएको नाता देखाएर पुनर्जन्मलाई मान्दैनन्। बाँदर समाजमा संयुक्त परिवारको भावना हुँदैन, त्यसैले उसका वंशजहरूले पनि यही सिके। हाम्रो जीवनको उद्देश्य नरबाट नारायण बन्नु हो, बाँदरको वंशज बन्ने होइन।

मानिस यस लोकमा जुन कर्म गर्छ त्यसको फल भोग्न त्यो अर्को लोकमा पुग्छ। उक्त लोकको भोग सकिएपछि मनुष्य यस लोकमा पुनः जन्मधारणा गर्छ, त्यसपछि कर्म गर्दछ। यसप्रकार जसरी बीजबाट वृक्ष, वृक्षबाट बीज उत्पन्न हुन्छ, त्यसरी नै मानिसले कर्म गर्छ र कर्मफल भोग्नका लागि पुनर्जन्म प्राप्त गर्छ। यस प्रकार जन्म-मरण चक्र घुमिरहन्छ। योगवाशिष्ठमा परलोक र पुनर्जन्मका अनेकौं दृष्टान्तहरू पाइन्छन्। तीमध्ये पुण्य र पावनको दृष्टान्त निकै बोधप्रद छ (यसको लागि मूल ग्रन्थ प्रथम खण्ड-को पृष्ठ २४८ हेर्नुहोस्) त्यस्तै श्रीमद्भागवतमा एउटैले अनेक जन्म धारणा गरेका तथ्यसँग संबद्ध चित्रकेतुको इतिहास प्रसिद्ध नै छ।

पुनर्जन्म निश्चित छ। यसबारे शंका गर्नु ठीक छैन। जो पुनर्जन्म मान्दैनन्, ती वास्तवमा कति सुखी छन् त? कर्मफल अर्को जन्ममा भोग्नुपर्ने मान्यता नभएकोले धेरैजसो मानिसहरू दुःख निवृत्तिको लागि आत्महत्याको आश्रय लिन्छन्। यसबाहेक आत्महत्याका केही अन्य कारणहरू पनि छन् –

(१) आफ्नो अस्तित्वमा अविश्वास (२) उत्साहभंग
(३) घरायसी झमेला (४) आर्थिक कठिनाइहरू
(५) मानसिक तनाव (६) मदिरा, मादक ओखती आदिको सेवन गर्ने व्यसन
(७) ईश्वर र परलोकमा अविश्वास।

अनिवार्य परिणाम– तर हिन्दू -संस्कृति बारम्बार स्पष्ट शब्दमा प्रेरणा दिन्छ (त्यस प्रेरणालाई हामी टेरौं तब न!) –तिमी शक्तिकेन्द्र हौ। त्यसैले उपयुक्त कुनै पनि निराशाजनक कारणहरू तिम्रो मनमा उत्पन्न भएमा तुरुन्त सावधान हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रात:कालमा शान्तिपूर्वक बसेर निम्नलिखित विचारलाई बारम्बार चिन्तन गर्दै यसलाई आफ्नो गुप्त मनमा (Sub concious mind) स्थापना गर–'म शक्तिको केन्द्र हुँ'। जीवनमा कहीं पनि मेरो पराजय हुन सक्तैन । म सानातिना चिन्ताबाट कहिल्यै डराउने वा मार्गच्युत हुने मानिस होइन । म विकट प्रसंगको बेलामा कहिल्यै पराजित हुन्न । विपत्तिहरू आँधीबेरी झैं आउँछन्, जान्छन्, म अविचलित रहने अडिग चट्टान हुँ । विकट प्रसंग या विपत्तिबाट मेरो केही बिग्रने होइन ।

'मेरो आत्मविश्वास महान् छ। त्यो कहिल्यै साधारण अभाव र सानातिना विपत्तिबाट अस्तव्यस्त हुँदैन। प्रभुको शक्ति सदा मेरो साथ छ । वीरात्माझैं म समस्त विपत्तिहरूको सामना गर्नेछु । यसप्रकार आत्मविश्वासको संवर्धन सधैँ गरिराख । तिम्रो आत्मविश्वासले तिमीलाई समस्त विपत्ति, भय र शोकबाट जोगाइराख्नेछ ।

जीवनमा कष्ट कसैलाई छैन ? रोग, शोक र मृत्युले कसलाई छुँदैन ? विचार गर्ने हो भने यस्ता झमेलाहरू हरेकलाई छन् । तिमी मात्र किन आत्तिन्छौ ? जीवन बहुमूल्य छ, संघर्ष र निरन्तर उन्नतिको लागि यसको रचना भएको हो । सदा उन्नतिको विचार गर । अवनतिका विचारहरूलाई बिर्सेर पनि मनमा आउन नदेऊ । यस संसार-सागरमा उद्योगी पुरुषहरू पार पुग्छन् । यी कुराहरू तिमीलाई सिकाउन केवल हिन्दू-संस्कृति समर्थ छ । सुख-शान्तिमय जीवन बिताउने हो भने ईश्वरमा विश्वास हुनुपर्छ । आजको संसारमा प्रतिपल बढिरहेको अपराधलाई रोक्नुछ भने जीवनलाई त्यागप्रधान बनाउनुपर्छ ।

'शरीर नाश भएपछिको ऋण वा कुकर्मको चिन्ता किन ? शरीर नष्ट भएपछि के हुन्छ भन्ने कुरा कसलाई थाहा छ र ? यसकारण खाऊ, पिऊ र मोज गर। यही सिद्धान्त अधिकांश आफूलाई शिक्षित ठान्ने र आधुनिक मान्ने हाम्रो समाज निकै शानसित भनिरहेको छ ।

ईश्वरले मानवको संरचना नै यसरी गरेका छन् कि त्यसमाथि संगतको प्रभाव छिटो पर्छ । त्यसमा पनि सत्संगको प्रभाव विलम्बले पर्छ भने कुसंगको प्रभाव निकै छिटो पर्छ, किनकि प्रकृतिको स्वभाव नै अधोगामी छ । त्यसकारण पाश्चात्य सभ्यताका अनुयायीहरूको संगतको प्रभाव हाम्रा समाजमा निकै पर्दैछ। यसैले इन्द्रियहरूलाई तृप्त पार्न र शरीरलाई आराम पुऱ्याउन भक्ष्याभक्ष्यको विचार पनि छाड्दै गइरहेको छ। पाश्चात्य सभ्यताको अन्धानुकरणले गर्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामूहिक प्रीतिभोज, शुद्धाशुद्ध र भक्ष्याभक्ष्यको विषयमा अविवेक, उच्छृंखलता सगोत्र-विवाह, अन्तर्जातीय विवाह, रजस्वला-धर्मको उल्लंघन, भ्रूणहत्या आदि अनेक नराम्रा संस्कार हाम्रो शिक्षित समाजले अँगाल्न थालेको छ ।

अतएव यदि सुख र शान्तिको इच्छा छ भने अन्धानुकरण गर्न छाडिदेऊ। जबसम्म धर्म र ईश्वरमा विश्वास हुँदैन, परलोक र पुनर्जन्मलाई स्वीकार गरिंदैन र कर्मफल भोग्नका लागि अनेक जन्म लिनुपर्छ भन्ने सिद्धान्त मानिंदैन, तबसम्म सुख र शान्तिको आशा गर्नु मृगमरीचिकाबाट प्यास मेटाउने कुरा जस्तै हुँन जानेछ।

जो कर्तव्याकर्तव्यको निर्णय गर्दा शास्त्रको आज्ञालाई पालन गर्छन्, ती नै वास्तविक अर्थमा मनुष्य हुन्, अरूचाहिं डार्विन साहवका क्रमविकासवादी हुन् ।

वर्णव्यवस्थाको वैज्ञानिकता

हिन्दू-धर्मको वर्णाश्रम-व्यवस्था पनि वैज्ञानिक विशेषता हो । वर्णाश्रम व्यवस्थामा वंशगत (Heridity) प्रभाव र पारिपार्श्विकता (Environment) को अपूर्व समन्वय छ । विभिन्न वर्णका कर्महरूको बाँडफाँट भएको छ । उनीहरूमा कुनै किसिमको प्रतियोगिता छैन ।

चातुर्वर्ण्य– व्यवस्था वैदिक हो । विवाह-विच्छेद र पत्यन्तर ग्रहणको एउटा उदाहरण पनि वर्णाश्रमको इतिहास वा साहित्यमा पाइँदैन । सती नारी वर्णाश्रम समाजको एक प्रमुख विशेषता हो । यसरी वर्णाश्रमका नैतिक विशेषताहरू संसारमा सर्वश्रेष्ठ छन्

हामीहरू हिन्दू–संस्कृतिका विशेषताको विषयमा चिन्तन गर्दै थियौं । दुःखको विषय हो– आज संसारमा धर्म र संस्कृतिका नयाँ-नयाँ परिभाषाहरू बनाइँदै छन्। कहीं–कहीं त ती परिभाषाहरूले धर्म र संस्कृतिका मौलिक रूपलाई ढाक्न शुरु गरेका छन्, तर सत्यलाई ढाक-छोप गर्न गाह्रै पर्छ । संस्कृति शब्दको वास्तविक परिभाषाको विषयमा विचार गर्ने हो भने जुनसुकै देशको भाषा, वेश, खान-पान र चरित्रबाट पनि त्यसको संस्कृतिको ज्ञान हुन्छ। अर्थात् उक्त कुराहरूबाट मानिसको हृदयमा जे संस्कार बस्छ त्यो संस्कार नै त्यसका संस्कृति हुन् । अतः यी चारवटाको समूहलाई नै संस्कृति भन्छन् । यीनै कुराहरूमा हामीले विचार गर्नुपर्छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. भाषा र व्याकरण– हिन्दू संस्कृति अनुसार सृष्टिको आदिमा ब्रह्माजीको उत्पत्ति भयो र ब्रम्हाजीबाट वेदहरू प्रकट भए। वेदको भाषा संस्कृत हो। संस्कृत भाषाका अनेक विशेषताहरू छन्। संस्कृतमा साधारणतया धातुका १८० रूप बन्दछन्। संस्कृत वर्णमालामा स्वर र व्यंजन मिलाएर ५० अक्षर छन्। प्रत्येक ध्वनिको उच्चारण केवल यसै भाषामा संभव छ। जस्तो लेखिन्छ त्यस्तै उच्चारण गरिन्छ। पाणिनीय व्याकरण संसारमा सर्वोत्कृष्ट व्याकरण हो।

२. हिन्दू-साहित्य – ब्रह्मचर्य र मेधाको बलले ब्राह्मणहरूले आजसम्म चारै वेदलाई कण्ठस्थ गरिराखेका छन्। एक लाख श्लोकहरूको पुंज महाभारत संसारमा सर्वोत्कृष्ट र बृहत्तम धर्मग्रन्थ हो। संस्कृत भाषामा रचित प्रायः १,००० महाकाव्यहरूका नाम आज पनि सुनिन्छन्। अंग्रेजी भाषामा केवल एउटा मिल्टन निर्मित 'पाराडाजलस्ट' (Paradise Lost) महाकाव्य छ। त्यो पनि केवल तीन सय वर्ष पहिले लेखिएको हो। प्लेटो र अरस्तुको समयमा पनि ग्रीक व्याकरणमा विशेष्य र क्रियापद मात्र थिए। सर्वनाम र कारकको विशेषतालाई ग्रीकहरूले धेरै पछि मात्र थाहा पाए।

३. आहार– मुक्त पदार्थबाट शरीर, मन र बुद्धिको संरचना हुने हुनाले शास्त्रले जो पायो उही मानिसको हातबाट बनेको भोजनलाई निषेध गरेको छ। शास्त्रको आदेश छ– आहार सात्त्विक, शुद्ध र मेध्य हुनुपर्छ। हिन्दू जातिको आहार प्रणाली संसारमा श्रेष्ठ छ।

शौचाचार– स्वच्छताको विषयमा पनि वर्णाश्रमी जाति सर्वाग्रगण्य छ। ब्राह्मणादिको त्रैकालिक स्नान, सन्ध्या आदि नियमहरू आज पनि धेरै मानिसहरू पालन गर्छन्।

धर्म र संस्कृतिमा सुधार गर्ने उद्देश्यले तिमीले भेदभावको हाउदेखि डराएर वर्णाश्रम–व्यवस्था र पुनर्जन्मजस्ता वैज्ञानिक सत्यको परित्याग गर्‍यौ भने पनि यो भेदभावरूपी पिशाचले तिम्रो पिछा छाड्ने छैन। किनकि सृष्टिको प्रारंभदेखि चलिआएको हो।

जुन भेदभावको डरले तिमी वर्णाश्रम–व्यवस्था र धर्म आदिलाई छाड्न खोजिरहेका छौ, त्यो भेदभाव केमा छ, तिमी नै भन! रगतमा भेदभावरूपी तिम्रो शत्रु छ कि छैन?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारमा मनुष्यहरूको रगतलाई श्रेणीबद्ध गर्दा चार प्रकारका भेदहरू पाइएका छन् , ती रगतहरूको ओ, ए, बी र ए, बी, हुन् । 'ओ' जातिको रगतलाई ओ, (O), ए, (A) बी, (B) र ए बी (A B) जातिका मनुष्यहरू ग्रहण गर्न सक्छन् अर्थात् यो रगत सबैको लागि दाता (Donor) हो। ए जातिका मानिसहरू 'ए' 'जातिका मानिसलाई र ए बी जातिका मानिसलाई रगत दिन सक्छन्। 'बी' जातिका मानिसले 'बी जातिलाई र ए बी जातिका मानिसलाई रगत दिन सक्छन् । 'ए बी' जातिका मनुष्य 'ए बी' जातिका मानिसलाई मात्र रगत दिन सक्छन् । उपर्युक्त नियमविरुद्ध 'ए' समूहको रगत 'बी' समूहमा भरिदिने हो भने मनुष्यको रगतको राता कणहरू जमेर चोक्टा-चोक्टा बन्नेछन्, रक्त संचार बन्द हुनेछ, फलस्वरूप मानिस मर्नेछ। ए. बी, ए अथवा 'बी' जातिका रगत ओ जातिमा भर्दा पनि यस्तै परिणाम-हरू निस्केका छन्। सुनिन्छ—इङ्गल्याण्डमा सम्पूर्ण मानिसहरूको जाति विभाजन भइ-सकेको छ। फलस्वरूप त्यहाँ 'ओ' जातिका मानिस सर्वाधिक ४५.८ प्रतिशत पाइएका छन्, त्यो भन्दा कम 'बी' जातिका मानिस ४२.३ प्रतिशत छन्। त्यसो भन्दा पनि कम 'बी' जातिका मानिस ८.७ प्रतिशत छन् र सबभन्दा कम ए. बी श्रेणीका मानिस ३.२४ प्रतिशत पाइएका छन् । महत्त्वपूर्ण कुरा यो हो– प्रत्येक श्रेणीका सन्तानहरूमा आफ्ना पैतृक गुण पाइन्छन् । यस्ता पैतृक गुणहरू क्रोमोजोम (Chromozomes) मा निहित हुन्छन् । ती क्रोमोजोम (Chromozomes) आफ्नो मौलिक रूपमा चार प्रकारका मात्र किन छन् ? धेरै या थोरै किन छैनन् । के यसबाट चातुर्वर्ण्यको मौलिकताको स्पष्ट आभास पाइँदैन ? मेरो विचारमा त स्पष्ट आभास पाइन्छ ।

वर्णाश्रमको स्वरूप

सनातन धर्मको वर्ण विभाग–व्यवस्था समाज, शरीरको स्वस्थता र सर्वाङ्गीण उन्नतिका लागि अत्यन्त उपयोगी र परम आवश्यक छ। यो व्यवस्था मानवरचित हुँदै होइन । वर्णधर्मको रचना भगवान्‌द्वारा नै भएको छ। स्वयं भगवान् भन्नुहुन्छ–

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।

(गीता ४।१४)

अर्थात् गुण र कर्मको विभागद्वारा चार वर्ण– ब्राहण, क्षत्रिय, वैश्य र शूद्र मद्वारा नै सृष्टि गरिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राम्हण धर्म

ब्राह्मण समाज–धर्मको निर्माता हो र उसले बनाएको विधिलाई सबै मान्दछन् । उ सबैको गुरु र मार्गदर्शक हो । पढ्नु, पढाउनु, यज्ञ गराउनु, दान दिनु र लिनु यी ६ कर्म ब्राम्हणका लागि रचिएका हुन् ।

हे ब्राम्हण वर्ग ! धेरै के भनूँ । तिमी यति वीर्यशाली थियौ कि लक्ष्मीका पति शंख, चक्र, गदा र पद्म धारणा गर्ने भगवान् नारायण पनि आजसम्म तिम्रा चरणचिह्नलाई आफ्नो परम पवित्र वक्षस्थलमा धारण गरेर तिम्रो नै गौरवलाई प्रकट गरिरहनु भएको छ । तर खेद छ, तिमी आफ्नो अत्यन्त मूल्यवान् दैवी संपत्ति गुमाएर अन्तर्मुखी वृत्तिको परित्याग गरी तपोहीन भई तुच्छ कामिनी र कन्चनको भुमरीमा फँसेर क्षत्रिय, वैश्य र शूद्रका ढोका–ढोकामा माग्दै घुमिरहेका छौ ।

ब्राह्मणको जीवन अत्यन्त पवित्र हुनुपर्छ र पूर्व समयमा यस्तै थियो, जुन कुरा आदर्श ब्राह्मण महापंडित कैयट र रामनाथ तर्कसिद्धान्तको जीवनीबाट ज्ञात हुन्छ–

(मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ २६६, ३६७ हेर्नुहोस् ।)

क्षत्रिय धर्म

मनुस्मृतिमा बताइएको छ– प्रजाको रक्षा, दान, यज्ञ, अध्ययन र विषयहरूमा अनाशक्ति- यो संक्षेपमा क्षत्रियका धर्म हुन् । त्यस्तै भगवद्गीतामा पनि भनिएको छ-

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावकम् ॥

अर्थात् शूरवीरता, तेज, धैर्य, चतुरता र युद्धबाट नभाग्नु तथा दान दिनु र स्वामिभाव यी क्षत्रियहरूका स्वाभाविक कर्म हुन् । महाप्राण क्षात्रधर्मावलम्वी गणहरू आफ्नो प्राणको बाजी लगाएर समराङ्गणमा मृत्युलाई आलिङ्गन गरी 'मृत्युंजय' बन्न पुग्छन् । वीर क्षत्रियको लागि धर्मको स्वार्थ, मातृभूमिको स्वार्थ, राष्ट्रको स्वार्थ र जातिको स्वार्थको सामु आफ्नो शरीर अत्यन्त तुच्छ हुन पुग्छ ।

महाभारतको युद्धमा कौरवसेनाका प्रथम सेनापति भीष्म पितामह (देवव्रत) ले कसरी आदर्श क्षात्रधर्म पालन गरेका थिए, यसको विस्तृत जानकारीको लागि मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ २६८–२६९ हेर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैश्य धर्म

मनु भन्नुहुन्छ– पशुहरूको रक्षा, दान दिनु, यज्ञ गर्नु, अध्ययन, व्यापार, व्याजमा धन दिने काम र खेती– यी कर्महरू वैश्यका लागि हुन् । गीतामा भनिएको छ–

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।

अर्थात् खेती, गोपालन, क्रय–विक्रयरूप सत्य व्यवहारहरू वैश्यका स्वाभाविक कर्म हुन् । वैश्य तेस्रो वर्ण हो । यो वर्ण समाज-संस्थाको अर्थविभागको अध्यक्ष हो । वैश्य वर्ण नै समाजको प्राण हो । क्रियादक्षता, व्यापार–कुशलता, इमानदारी र सत्यको पालन उसको व्यवहारको मुख्य स्वरूप हो ।

व्यापारमा लक्ष्मीको बास हुन्छ । पाश्चात्य वाणिज्यशास्त्र अनुसार व्यापारीमा आठ गुणहरू हुनु आवश्यक छ । ती हुन्– कार्यक्षमता, मितव्ययिता, व्यापारिक एकता, ढंग, सहानुभूति, सहनशीलता, विश्वासपात्रता, निष्पक्षता र आत्म-विश्वास ।

प्राचीनकालमा व्यापारीहरू सत्य खाता राखेर सत्यतापूर्ण आफ्नो लाभको दश प्रतिशत राज्यले नमागे पनि गएर राजस्व-कोषमा जम्मा गर्दथे । यसैले हाम्रो व्यापार इमान र जमानमा आधारित थियो ।

विदेशी विद्वान् इमर्सनको भनाइ छ– 'यथार्थ र इमान्दारी' दुवै सहोदर दिदी-बहिनी हुन् ।

सत्यको पालना गर्नाले चित्तका वृत्तिहरूका कलुषित भावनाहरूको परिहार हुन्छ र असत् विचारहरूको निरोध हुन्छ । हाम्रो संस्कृतिको महामन्त्र छ– **सत्यमेव जयते** यसमा एक दृष्टान्त छ– एउटा राजाले सत्यको रक्षाको लागि आफ्नी लक्ष्मी, र धर्मको समेत परित्याग गरेका थिए । (मूल ग्रन्थ, प्रथम खण्डको २७१ हेर्नुहोस् ।) त्यस्तै तुलाधर वैश्यले आफ्नो वर्ण र आश्रम धर्मको पालना गरेर नै ज्ञानी र तपस्वी भएका थिए । यसको विस्तृत वर्णन मूल ग्रन्थ, प्रथम खण्डको पृष्ठ २७२ मा पाइन्छ ।

शुद्र धर्म

ईर्ष्यारहित भएर सेवा गर्नु नै शूद्रको धर्म हो । आपत्ति कालमा उसले शिल्प वृत्तिबाट निर्वाह गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अचेल 'शूद्र' भन्नासाथ नै यो निकृष्ट जाति हो भन्ने भ्रान्त धारणा लिने गर्छन्। तर वास्तवमा यो मानिसहरूको ठूलो भूल हो। मानिसहरू शूद्रजनलाई घृणा गर्छन्, यसो गर्नु सर्वथा त्याज्य छ।

हाम्रा शास्त्रहरूमा शूद्रहरूको कर्म एक उत्तम धर्म मानिएको छ। सेवा कार्य नै परमेश्वरलाई प्रसन्न गराउने सर्वोत्तम साधन हो। सेवाद्वारा प्रत्येक प्राणी यस संसारको बन्धनबाट मुक्त हुन सक्तछ।

सेवा गर्ने शिष्य नै एक दिन गुरु पदमा पुग्दछ। ब्राह्मणहरू सदैव शूद्रहरूलाई खसाल्ने षड्यन्त्रमा संलग्न भए, जसले गर्दा तिनीहरूले आफ्नो उन्नति गर्न सकेनन्– यस्तो सम्झनु ठूलो त्रुटि हो।

मुनिहरूले चारै युगहरूमध्ये कलियुगलाई सर्वोत्तम मानेका छन्। यस युगमा भगवन्-नामकीर्तन मात्रले संसार सागरबाट मुक्ति पाइन्छ।

व्यासजी भन्नुहुन्छ– कलियुग श्रेष्ठ छ। शूद्र ! तिमी श्रेष्ठ छौ, तिमी नै धन्य हौ र नारीहरू साधु हुन्। किनकि जुन धर्म सत्य, त्रेता र द्वापरमा दीर्घकालको तप, ध्यान र पूजनबाट उपलब्ध हुन्थ्यो, त्यो कलिमा भगवान्को नामकीतर्न मात्र गर्नाले थोरै प्रयत्नबाट नै प्राप्त हुन्छ। ब्राह्मण, क्षत्रिय र वैश्यलाई ठूलो संयममा रहेर साधना गर्दा जुन पुण्यलोकहरूको प्राप्ति हुन्छ, त्यो सद्गति शूद्रहरूलाई केवल तन, मन र वचनले पति सेवा गर्नाले उत्तम गतिमा प्राप्त हुन्छन्।

यसै कलियुगमा शूद्रकुलमा पनि अनेक सन्त भए, जो सर्व सम्माननीय छन्, जस्तै– हरिदास अरू देशहरू जस्तै युरोप आदिमा पनि यो वर्ण-धर्म प्रकारान्तरले प्रचलित छ। फरक यत्ति नै छ यहाँ जन्म र कर्मबाट वर्ण मानिन्छ र वहाँ चाहिं केवल कर्मको मात्र प्रधानता छ।

आश्रम – धर्म

आयुको समय विभाजन प्रकृतिको अनिवार्य नियम हो जुन नियम मनुष्यले मात्र होइन प्राणी मात्रले नै पालन गर्नुपर्दछ। प्रत्येक वस्तुको आयुको प्रथम भाग विकासको नै हुन्छ। दोस्रो आयु विभाग उपभोग गर्न वा फल्न र फुल्न हो र तेस्रो आयु विभाग अवकाश प्राप्त जीवनको हो। यो नै प्रकृति आश्रम-धर्म हुन्। हिन्दू-शास्त्रमा मानव-समाजको आयुको प्राथमिक भाग (२५ वर्ष) लाई ब्रह्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्याश्रमको नामले वर्णन गरिएको छ। तिनैलाई नै ब्रह्मचर्याश्रमका नियम वा कर्तव्यको नाम दिई उल्लेख गरिन्छ ।

जुन बाबु-आमा आफ्ना बालकलाई पढाउँदैनन्, ती पुत्रका लागि वस्तुतः शत्रु बराबर नै हुन्छन् ।

मनुस्मृतिमा भनिएको छ– शास्त्रोक्त विधिपूर्वक यथाधिकार यज्ञोपवित संस्कार सम्पन्न भएपछि बालकले गुरुसँग वेदाध्ययन गर्दै विद्याको अभ्यास गरोस्। शास्त्र, लिपि र अनेक प्रकारका भाषाहरूको ज्ञान प्राप्त गरोस् । भिक्षा मागेर गुरुलाई गुरुबाट प्राप्त भोजन आफूले गर्ने बानी बसालोस् ।

गुरु सेवा गर्नु र गुरुको आज्ञा पालन गर्नु ब्रह्मचारीको उत्तम धर्म हो। यसैले ब्रह्मचर्यपूर्वक शिक्षा र विद्या प्राप्त गर्न बालकले विशेष प्रयत्न गर्नुपर्छ, मानिस आमाको भक्तिद्वारा पृथ्वी लोकको, पिताको भक्तिद्वारा मध्यलोकको र गुरुको भक्तिद्वारा ब्रह्मलोकको उपभोग गर्छ ।

हाम्रो वर्तमान शिक्षा

अत्यन्त दुःखसित भन्नुपरेको छ– आज हामी साक्षरतालाई नै विद्या अथवा शिक्षाको पर्याय मानिरहेका छौं । वस्तुतः हाम्रो संस्कृतिले हामीलाई सिकाउँछ- 'जसले प्रेयबाट श्रेयतर्फ लैजान्छ त्यो विद्या हो, त्यस शक्तिको आर्जन गर्ने साधना नै शिक्षा हो ।'

कपडाहरूको कारखाना जस्तै शिक्षाका पनि फ्याक्ट्रीहरू खुलेका छन्। कति कपडा र फलामको उत्पादन त्यो वर्ष भयो भनेझैं कति स्नातकहरू यस वर्ष कुन विश्वविद्यालयबाट निक्ले, यसैमा प्रायः शिक्षण-संस्थाहरूको अङ्कगणित चल्छ ।

विद्यार्थीहरूलाई नै हेरौं– उच्छृङ्खल सिनेमालाई तीर्थ मान्ने, चलचित्रका अभिनेत्रीलाई आदर्श मान्ने, अनुशासनहीन र जीवनसँग भकुण्डो झैं खेलवाड गर्ने विद्यार्थीको जमात हाम्रो सामु छ। आज विद्या र ज्ञानको मापदण्ड चरित्र र जीवन होइन, प्रत्युत कागतका छापिएका उपाधि-पत्र हुन् ।

कुनै युग यस्तो थियो जब अमुक शिष्य अमुक आचार्यको शिष्य हुनुमा गौरवान्वित हुन्थ्यो । गुरु आफ्नो जीवन नै शिष्यलाई दिन्थे । यस प्रसङ्गमा एउटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथा छ –आचार्य दिव्याङ्गका शिष्य चन्द्रधरले आफ्नो अध्ययन समाप्त भएपछि– 'गुरुदेव ! दक्षिणा माग्नु होस्', भनी बिन्ती गरे । गुरु दिव्याङ्गले 'अध्यापक भइदेऊ' भनी गुरु दक्षिण मागे । तदनुरूप चन्द्रधर नर्मदाको तटमा आश्रम खोली बसे । उनका शिष्य श्वेतकेतु (श्वेतकेतु) डाँका बनेको थाहा पाई उनी त्यहाँ अज्ञात रूपमा पुगे । डाँका श्वेतकेतुले चन्द्रधरलाई पिट्यो । उनी रगतपच्छे भएपछि गुरु भन्ने चिनी पाउ परे । यो मार्मिक कथा पृष्ठ २७८ देखि २८० पृष्ठ सम्म मूलग्रन्थ (प्रथम खण्ड) मा हेर्नुहोस् ।

यसरी गुरुले आफ्नो छात्रका जीवनभरका प्रत्येक कार्यको लागि उत्तर-दायी हुनुपर्थ्यो । गुरुशिष्यको प्रत्येक भूल आफ्नै मान्दथे र त्यसको लागि प्रायश्चित गर्दथे ।

आजको युगमा गुरुमा श्रद्धा गर्नु मूर्खता मानिन्छ । गुरुको आज्ञा पालन गर्नु र सेवा गर्नु प्रतिगामिता र दब्बुपनका परिचायक हुन पुगेका छन् ।

गुरुकुल - प्रणालीअनुसार बाल्यावस्थामा बालकलाई अक्षरारम्भ, भाषा-बोध, साहित्य दिग्दर्शन मात्र नगराई सदाचार, सच्चरित्रता, अतिथि –सेवा, पर-दुःख-कातरता र परोपकारता जस्ता महत्त्वपूर्ण विषय पनि सिकाउँथे ।

हिजो-आज अध्यापकले पढाएन वा आफैँले पढेन भने पनि विद्यार्थीलाई कुनै चिन्ता छैन किनकि उत्तीर्ण हुनको लागि अनेक सर्ट नोट्स (Short Notes) ले बजार भरिएको छ । अध्यापक अध्यापनमा योग्य-छैन भने पनि उसको नियुक्ति भएको छ भने ज्ञान प्राप्तिका लागि उसकहाँ जानै पर्‍यो, विद्यार्थी ज्ञान प्राप्तिको लागि अधिकारी छैन भने पनि उसले प्रवेश पाएको छ भने ज्ञान दिनै पर्‍यो ।

आज शिक्षाको उद्देश्य नै एक मात्र धन र धन प्राप्ति बन्न पुगेको छ । यसैले अध्ययन पनि अरू पेशा जस्तै बन्न पुगेको छ ।

जिज्ञासाको मूलमा तीन तत्त्वहरू छन् (१) यो के हो ? (२) यो किन भयो (३) यो कसरी भयो ?

जिज्ञासा नै ज्ञानको बीज हो । जिज्ञासा-वृत्तिलाई विकसित गर्नु र त्यसमा उत्तम संस्कारको स्थापना गर्नुमा नै शिक्षाको उपयोगिता रहेको हुन्छ । यसैकारणले जुन शिक्षाले मानवमा सद्वृत्तिहरू जागृत गर्दैन, जसले मानवलाई प्रेय-(भोग)- बाट श्रेयः– (मोक्ष)-तर्फ लग्दैन, मानवको हृदयमा पसेर मानवलाई एक श्रेष्ठ जीवन-स्वप्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भरिदिंदैन, त्यो शिक्षा होइन, साक्षरता मात्र हो। आज यस किसिमको साक्षरता नै संसारका अनेक जटिल समस्याहरूको कारण बन्न पुगेको छ। यसकारण शिक्षा हाम्रो धर्म र संस्कृतिको अनुकूल हुनै पर्दछ र शिक्षा दिने अध्यापकहरू चरित्रवान् र योग्य हुनुपर्छ।

जबसम्म यो आश्रम सम्मत शिक्षा-पद्धति प्रचलित थियो तबसम्म आर्य संस्कृति सुरक्षित थियो। आजको बीसौं शताब्दीमा त हाम्रो संस्कृतिको सुदृढ नाउँलाई हाम्रै हातबाट तहस-नहस पार्ने प्रयत्न भइरहेका छन्। जुन शिखा (टुपी) र सूत्र (जनै) लाई यवनहरूको तरवारले काट्न सकेनन् त्यसैले आज हामी शिक्षोभिमानी हिन्दूहरू स्वयं उन्नतिको नाममा कटाइरहेका छौं। त्यस सती-धर्मलाई उखेलेर फाल्नको लागि चारैतिर सुसङ्गठित रूपमा कम्मर कसिंदैछ।

यसमा युगको प्रभाव त प्रधान कारण हुँदै हो, तर त्यसको सिद्धिमा एक ठूलो कारक छ—त्यो हो हाम्रो धर्महीन शिक्षा-पद्धति। यस शिक्षाको पछाडि एक विदेशी संस्कृतिको प्रेरणा छ, जसले हाम्रा आँखा तिरमिर पारिदिएको छ। जुन देशहरूको यो सभ्यता हो, ती देशहरू हैरान भएर यसबाट मुक्त हुने बाटो खोजिरहेका छन् भने हामी भाग्यहीन र अन्धा मानिसहरू त्यसैलाई अँगाल्न आँखा चिम्लेर दौडिरहेका छौं।

आजकालका विद्यार्थीहरूमा न्यूनाधिक रूपमा निम्नलिखित कुराहरू प्रायः भेटिन्छन्—

उनीहरूमा प्रायः ईश्वर र धर्ममा विश्वासको अभाव छ।

खानपानमा त आज कुनै विचारै छैन, कसैको जुठो होस्। जुन रिकापीमा खाँनसाहेवको लागि गोमांस आयो, त्यसैमा केही बेरपछि हाम्रो बाबुसाहेवको लागि पकौडी ल्याइयो।

कहीं कुनै कुरामा पनि आत्मसंयम छँदैछैन। छात्र-छात्राहरूमा ब्रह्मचर्यको अभावले गर्दा ज्यादै अधिक संख्यामा उनीहरू धातुसम्बन्धी रोगले ग्रस्त छन्।

माता-पिता आदि गुरुजनलाई मूर्खको रूपमा हेर्नु उनका कार्यहरूको दोष देख्नु आजकलका शिक्षित मानिसहरूको स्वभाव बन्न पुगेको छ।

मलाई संझना छ—एक पटक एउटा पढेलेखेको युवकले भनेको थियो-यिनीहरूको छोरा या नाति नभएर म कुनै स्वतन्त्र विचार भएको देशमा जन्मन पाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए आज म कति सौभाग्यशाली हुने थिएँ। यसबाट थाहा हुन्छ उनीहरूको माता-पितामा श्रद्धा छैन।

मेरो सामु एकपटक एउटा पिताले रूँदै रूँदै आफ्नो दुःख पोखे, त्यसबेला मेरा आँखा पनि सहसा आँसुले भरिए। यस्ता अनेकौं दुःखद उदाहरणहरू छन्। एउटा नवयुवकले भनेका थिए– वेद, पुराण, कुरान र बाइबल कुनै पनि हामी मान्दैनौं। यही नै पाश्चात्य शिक्षाको फल हो।

सुनार, कुमाले, सार्की या कामीका छोराहरू आफ्ना परंपरागत शिल्प चलाउँदा आफ्नो मान हानि सम्झन्छन्। अड्डाको नोकरीबाहेक अरू कुनै पनि काममा ती प्रायः असमर्थ हुन्छन्। साँच्चै भन्ने हो भने यसैले आज चारैतिर बेकारी बढिरहेको छ। आज सबैलाई नोकरी चाहिएको हो। झुट्टा ज्ञान र शौकको (सोखको) लागि खर्च बढिरहेको छ। परिणाममा कहीँ कहीँ त आत्महत्याको स्थितिसम्म पनि आइपर्छ।

कपटपूर्ण मैत्री र वचनहरूमा लुकेको कठोरता सभ्यताको एक अङ्ग बनिसकेको छ। आज सरलता भन्नु मूर्खता भएको छ र कुटिलता भन्नु बुद्धिमत्ता।

स्त्रीहरू पनि ईश्वर र धर्मको विरोधमा बोल्न सिक्न थालेका छन्।

सरलता, कोमलता, सङ्कोच, प्रेम आदि स्वाभाविक गुणहरूले गर्दा ईश्वर र धर्मको खुला विरोध गर्ने स्त्रीहरू अहिलेसम्म पैदा भएका छैनन् तर सूत्रपात भएको छ। यसैले आजका शिक्षित स्त्रीहरूमा असंयमको मात्रा बढिरहेको छ। पर–पुरुषहरूसँग नाच्न-गाउनमा पनि सङ्कोच हट्दै गइरहेको छ। ब्रह्मचर्यको अभाव त भीषण रूपमा बढ्दै गइरहेको छ। पढेलेखेका वयस्क र पढ्ने छात्राहरूमा स्त्री-रोग अधिक संख्यामा पाउन थालिएको छ, मानसिक अशान्ति प्रायः बढिरहेको छ।

आजका युवा र युवतीहरू भन्न सक्दछन् या भनि पनि रहेका छन्–विवाह कन्याको हुन्छ, आमा बाबुको हुने होइन। कन्या स्वेच्छापूर्वक आफ्नो पति छान्दछिन् भने बाबु-आमालाई बोल्न के चासो ?

महाविद्यालयहरूमा पढ्ने लडकीहरूको हालत यो छ कि तिनीहरू बौलाएर आधुनिक फेसनको पछि लागिरहेका छन्। गृहकार्यहरू उनीहरूको लागि अपमानका कारण बन्न पुगेका छन्। यो ज्यादै ठूलो सामाजिक पाप हो। भनाइको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मतलव यो होइन कि स्त्रीहरू सरसफाइमा ध्यान नदिऊन् या स्त्रीसुलभ उचित शृंगार नगरून्, यी सब काम त विलासिताको भावनाबेगर पनि हुन सक्दछन्। तर यो कुरा याद राख्नुपर्छ–सौन्दर्य फेसनमा होइन हृदयका आदर्श गुणहरूमा बस्छ। जसको हृदय मधुर र सुन्दर छ त्यो मानिस नै सबभन्दा बढी सुन्दर हुन्छ। शारीरिक सौन्दर्यको लागि उचित पदार्थहरू यथासाध्य उपयोग गर्नुमा कुनै खराबी छैन। खराबी त फेसनको दासी हुनुमा छ। जहाँ फेसनको दासता हुन्छ। त्यहाँ त्यसको पूर्तिको लागि धनको विशेष आवश्यकता हुन्छ। त्यसै धनको आवश्यकताले आज हाम्रा स्त्रीहरूको स्वाभाविक गुणस्तर घटेको छ। जसमध्ये सबभन्दा प्रधान चाहिं विवाह-विच्छेद र आत्म-संयमलाई पन्छाएर कृत्रिम उपायहरूद्वारा सन्ततिनिरोधको भावना सर्वत्र समानाधिकारको अव्यावहारिक इच्छा र सिनेमामा नाच्ने सोखलाई लिन सकिन्छ। सतीत्व एक कुसंस्कार हो, यो पुरुषहरूको दासता हो, भन्ने नारा फलाक्न पनि उनीहरू-लाई लाज लाग्दैन।

धेरै दिन अघिको एउटा सत्य घटना हो बंगालको एउटा गाउँका जमिन्दार योगेन्द्र नारायणको अल्पायुमै मृत्यु भएपछि उसकी सोन्ह वर्षकी रानी खौरिएको मस्तक, खस्रा कपडा र भूइँमा कम्बलमा बसेर तपस्विनीको जिन्दगी बिताउन लागिन्। एकपटक अंग्रेज कलेक्टरकी पत्नी श्रीमती वालेस उनलाई भेट्न आइन् र रानीलाई भनिन्– 'रानी ! तपाईं विवाह किन गर्नुहुन्न ?' रानीले कुनै उत्तर दिइनन् तर उनलाई लाग्यो हिन्दू विधवा स्त्रीलाई पुनर्विवाहको कुरा सुन्नुभन्दा ठूलो पाप के हुन सक्छ ? त्यसैले उनले निर्जल उपवास गरिन्। यस्तो थियो सतित्वको महिमा।

समानाधिकार

आजकल स्वास्नीमानिसलाई सबै कुरामा समानता चाहिन्छ। उनीहरूलाई पुरुषप्रति विद्वेषको भावना उत्पन्न गराएर उक्साइन्छ। कति शिक्षित महिलाहरू त उक्सन्छन् पनि– पाश्चात्य शिक्षा वारुणीको नशा यस्तै छ। यसले वास्तविक कुरा बुझ्न दिंदैन। समान अधिकारको कुरा त त्यसवेला निक्लन्छ जब दुइटा कुरा वस्तुतः भिन्न-भिन्न हुन्छन्। हाम्रो संस्कृतिमा त दम्पती लोग्ने स्वास्नीको संमिलित नाउँ हो। स्त्री स्नेहको मूर्ति, प्रेमको अवतार र वात्सल्यको प्रतिमा हो। विद्या, पद, गौरव, मान-सम्मान आदिले विभूषित पुरुष पनि साँझमा घर आएर स्त्रीको आश्रय लिन्छन्। स्त्री आफ्नो यस्तो अनुपम हृदय-संपत्तिको वेवास्ता गरेर शारीरिक संपत्तिको पछि लागेर पुरुषको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिद्वन्दितामा लागी भने उ आफ्नो विजय पदबाट च्यूत हुन्छे र निश्चय हुन पुग्छे। वर्तमान शिक्षा सभ्यताले स्त्रीहरूलाई विपथ गामिनी बनाइदिएको छ। लोग्नेमानिस-सँगको प्रतिद्वन्द्विताले गर्दा घरको रानीपद छाडेर बजारमा उत्रेका छन्। स्वास्नी-मानिसहरूलाई स्वतन्त्र नराखिएको परतन्त्र बनाएर गुलाफ बनाउन खोजिएको होइन। स्वास्नी मानिसको खास क्षेत्र मातृत्व हो। घरको स्वतन्त्रतामा जुन आनन्द छ, त्यो आनन्द अड्डाको बहिदारीमा कहाँ ? स्वास्नी मानिसको खास क्षेत्र मातृत्व हो। उनका सारा अंग यसै मातृत्वको लागि सचेष्ट छन्। जुन शिक्षा र सभ्यता मातृत्वमा व्यवधान ल्याउँछ, जुन शिक्षा स्त्रीको पवित्र मातृत्वको आधारका स्वरूप सतीत्वमा कुठाराघात गर्छ, त्यो शिक्षा होइन कुशिक्षा हो।

सिनेमा

सिनेमा पनि आजकलको सभ्यताको एक अंग भएको छ। सिनेमा एक कला हो र संयमी तथा सदाचारी व्यक्तिले यसको प्रयोग गरेमा यसबाट उपकार हुन सक्छ, तर कोमल मति भएका तथा प्रबल इन्द्रियको वेग सहन नसक्ने, अनुभव नभएका भर्खरका युवा-युवतीहरूको हृदयमा जुन साहित्यले कलाको नामले कुप्रवृत्ति-को आगो सल्काएर बराबर दाउरा थपेर भड्काइराखेको छ, यस्तो साहित्य कहिले पनि हितकर हुन सक्तैन। साहित्यकारहरू नवयुवक युवतीहरूको सामु पवित्र वस्तुहरू राखून्। उनीहरूको हृदयमा वीरता, धीरता, संयम र सदाचारको वृद्धि होस्, यस्तो साहित्यामृत दिलाऊन्, आजकलको चित्रपट र सिनेमा त मलाई मधुर विष जस्तो लाग्दछ।

आज जाति-भेद निर्मूल गर्ने कुरा त भइराखेको छ, तर प्रत्येक जाति उप-जातिको भेद दृढतासाथ कायम राख्नको लागि प्रतिद्वन्द्विताको भावले पूर्ण जातीय सम्मेलन भने चलिराखेका छन्। आजकालको यस पाश्चात्य शिक्षाप्रणाली स्त्री–पुरुषमा समेत बेग्ला-बेग्लै स्वार्थको भावना जगाइदिएर यिनीहरूलाई लडाइँको मैदानमा उभ्याइदिएका छन्।

यस विषयमा अझै गम्भीरतासाथ विचार गर्नु र शिक्षा प्रणालीमा धेरै सुधार ल्याउनु आवश्यक छ ताकि शिक्षाको वास्तविक उद्देश्य पूरा हुन सकोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१) यसै शिक्षाको प्रभावले आज हाम्रो संस्कृति र आफ्ना महापुरुषप्रति, अनि आफ्नो प्राचीन साहित्यमाथि हाम्रो श्रद्धा रहेन । तसर्थ पाठ्यपुस्तकहरूमा हाम्रा प्राचीन संस्कृत ग्रन्थका, उपयोगी अंशको समावेश गर्नुपर्छ ।

२) गीताजस्ता सर्वमान्य ग्रन्थ उच्च शिक्षाको पाठ्यक्रममा राखिने व्यवस्था हुनुपर्दछ ।

३) कुनै पनि अर्को धर्म वा धर्माचार्यलाई हेलाको दृष्टिले नहेर्नु, जीविका चलाउने काममा छलकपट नगर्नु, शारीरिक परिश्रमलाई खुशीसाथ अँगाल्नु, सबैलाई प्रेम गर्नु आदि गुणमा विशेष जोड दिइयोस् ।

४) साम्प्रदायिक विद्वेष बढाउने कुरा कुनै पनि पाठ्यपुस्तकमा समाविष्ट हुनु हुँदैन।

५) सबै शिक्षालयहरूमा हातले गरिने कारीगरीको काम सिकाउनु पर्छ ।

यसैकारण हरेक स्कूल र कलेजमा प्राविधिक शिक्षकहरूद्वारा यी संस्थाहरू सानो-तिनो फ्याक्टरीहरू जस्तै पुनरुत्पादक (Reproductive) को रूपमा आफ्नो आर्थिक भार कुनै न कुनै अंशमा स्वयं वहन गरून् । यही यथार्थ स्वावलम्बन–शिक्षा हो ।

६. कन्या पाठशालाहरूको पढाइमा लडकीहरू ठूला भएपछि तिनीहरूको सतीत्व मातृत्व र सद्गृहिणीपनको नाश नहोस् र पूर्ण विकसित होओस् भन्ने कुरामा मुख्य ध्यान दिनुपर्छ ।

७. प्राथमिक विद्यालयका विद्यार्थी र अध्यापकबारे युक्ति - बुद्धिरूप सतर्कता कति आवश्यक छ, यो शिक्षाशास्त्रीले अझै बुझ्न सकेका छैनन् । प्राथमिक विद्यालयको लागि अध्यापक रोज्ने काम कलेज र विश्वविद्यालयको लागि प्राध्यापक रोज्ने काम भन्दा अत्यधिक महत्त्वपूर्ण छ ।

पाश्चात्य शिक्षा पाएका पुरुष र स्त्रीहरू सबै उपर्युक्त दोष भएका हुन्छन् भन्ने मेरो अभिप्राय कदापि हैन । यस्ता आमा, बहिनी र बालिकाहरूलाई पनि म, जान्दछु, जो पाश्चात्य शिक्षा पाएर पनि परम श्रद्धा राख्दछन् ।

भन्न सजिलो छ, तर परिस्थितिको सामना गर्न धेरै गाह्रो पर्दछ । तथापि शिक्षामा पहिलेकोभन्दा काफी सुधार भएको छ ।

गृहस्थाश्रम

स्त्री–पुरुषको जुन वैवाहिक बन्धन छ, त्यही गृहस्थाश्रम भनिन्छ । गृहस्थ पुरुषले कसरी जीवन-यापन गर्नुपर्छ यस विषयमा मनुले भन्नुभएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्ममुहूर्तमा बिउँझेर धर्म तथा तिनको उपार्जनको कारणभूत शारीरिक क्लेश र वेदको तत्त्वार्थरूप परब्रह्म परमात्माको बारंबार चिन्तन गर्नुपर्छ। महर्षिहरूले गृहस्थको निमित्त नित्य पंचमहायज्ञ गर्ने विधान गरेका छन् ती हुन्–वेद पढ्नु र पढाउनु ब्रह्मयज्ञ हो, श्राद्ध–तर्पण पितृयज्ञ हो, हवन गर्नु देव यज्ञ हो, बलिवैश्वदेव गर्नु भूतयज्ञ हो, अतिथिको पूजा– सत्कार गर्नु मनुष्य यज्ञ हो।

गृहस्थले सत्य र न्यायपूर्वक धर्मोपार्जन गरी आत्मकल्याणको निमित्त देवता, पितृ र प्राण सबैको निष्काम भावले सेवा गर्नुपर्छ।

अन्य तीन आश्रमवासीको पालन-पोषण गर्नेभार गृहस्थको काँधमा नै हुन्छ। गृहस्थाश्रम चलाउनको लागि स्त्री-पुरुषले आफ्नो मन खूब बलियो र संयत गर्नु आवश्यक छ। स्त्रीलाई पुरुष बराबर बनाउन प्रयत्न गर्नु उसको अपमान गर्नु हो। उसलाई कैयौं गुना तल ओऱ्हाल्नु हो। विवाह गरी परिवारको पालन गर्ने उदात्त कर्तव्यलाई झंझट संझने प्रवृत्ति जडवादी उच्छृङ्खलपन्थीहरूको प्रेरणा हो।

ईश्वरको पूजा, अतिथिको सेवा-पूजा आदिको उदार आदर्श केवल हिन्दू-संस्कृतिमा मात्र छ। हिन्दू- गृहस्थाश्रममा १३ वस्तुको प्रधानता र आवश्यकता मानिएको छ। (१) मानवता, (२) श्रेष्ठ वंशमा जन्म, (३) विभव, (४) दीर्घायु, (५) आरोग्य (६) सच्चा मित्र, (७) सुन्दर पुत्र, (८) साध्वी स्त्री, (९) ईश्वरमा अगाध भक्ति, (१०) विद्वत्ता, (११) सुजनता, (१२) इन्द्रियमाथि नियन्त्रण, (१३) सत्पात्रलाई दान। यी १३ वस्तु हुने गृहस्थ सफल गृहस्थ हो।

वानप्रस्थाश्रम

जब गृहस्थ पुरुषको आयु पचास पूरा हुन्छ, तब आफ्नी पत्नी र गृहस्थीका सम्पूर्ण भार छोराहरूमाथि सुम्पेर उ वानप्रस्थाश्रममा जान सक्तछ यदि स्त्रीलाई पनि साथ जाने इच्छा भएमा उनी पनि जान सक्छिन्। तर त्यहाँ स्त्री-पुरुष दुवैले ब्रह्मचर्यमा बस्नुपर्छ। वानप्रस्थले वनमा रहेर ती पूर्वोक्त तथा वानप्रस्थाश्रमका अन्य नियमहरूको पालना गरी आत्मज्ञानको सिद्धिको लागि उपनिषद्का श्रुतिहरूको अभ्यास गरी योगसाधनामा लागिरहनुपर्छ।

सन्न्यासाश्रम

आयुको तेस्रो भाग वनमा व्यतीत गरी चौथो भागमा सन्न्यास आश्रम ग्रहण गर्नुपर्छ अर्थात् अग्निहोत्र आदि सम्पूर्ण कर्म, धर्म-पत्नी र शिखा–सूत्र त्याग गरी प्राणीमात्रलाई अभयदान दिएर सन्न्यास लिनुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै सांसारिक विषयवस्तु प्रतिको आसक्तिको परित्याग गर्नु सन्न्यासीको लक्षण हो ।

सन्न्यासी क्रमशः सम्पूर्ण आसक्तिको त्याग गरेर मान-अपमान, राग–द्वेष, सर्दी-गर्मी, सुख-दुःख आदि सबै द्वन्द्वबाट मुक्त भई परब्रह्म परमात्मामा राम्ररी रहेको हुन्छ । वर्णाश्रम धर्मको लक्षण शास्त्रकारहरूले यसप्रकार गरेका छन्। वर्णधर्मले प्रवृत्तिलाई अघि बढ्नुबाट रोक्छ, अर्थात् विषय प्रवृत्तिलाई एक सीमामा राख्तछ र आश्रमधर्मले निवृत्तिलाई पोषण गरेर त्यसलाई अघि बढाउँछ। केवल प्रवृत्ति आफ्नो स्वरूपले कहिले पनि पुण्यरूप हुन सक्तैन। त्याग नै एक यस्तो चीज हो जसले प्रवृत्ति-लाई पुण्यरूप वा सुखरूप बनाउँछ। अतः शास्त्रमा संन्यासको विधान गरिएको छ।

केवल आत्मा र ब्रह्मको एकत्वज्ञानद्वारा मोक्षको सिद्धि हुन्छ। अब आदर्श-व्यक्ति-धर्मको विषयमा विचार गरिन्छ।

आदर्श व्यक्ति-धर्म

सेवकधर्मका आदर्श भक्त हनुमान्–

हनुमान्जीको श्रीरामको सेवाप्रतिको तत्परताले गर्दा भरत आदि अरू भाइहरूलाई प्रभुको कुनै पनि सेवा गर्ने मौका मिल्दैन थियो । एकदिन तिनीहरू सबै मिलेर प्रभुको सेवा कार्यका विभाजन गरे, जसमा हनुमान्लाई कुनै सेवा कार्य दिएको थिएन।

हनुमान्ले पनि रामजीसँग स्वीकृति लिएर "प्रभुलाई हाई आउँदा चुट्की बजाउने सेवा मेरो' भने । अनि त के चाहियो हनुमान् जुन बेला पनि चुट्की बजाउन थाले । रामजी अन्तःपुरमा गएको बेलामा पनि उनी राजदरबारको बुर्जामा बसेर चुट्की बजाईरहन्थे ।

यो देखेर एक दिन वशिष्ठले हनुमान्लाई भने "हेर तिमीले चुट्की बजाइरहे भगवान्लाई यो सेवा स्वीकार गर्न सधैं हाई गरिरहनुपर्छ त्यसैले अब यो काम बन्द गर" यो सुनेर हनुमान्जीले पनि सदा प्रभुको सामुन्ने बसिरहन पाऊँ भनी बिन्ती गरे। त्यसपछि हनुमान्लाई पनि पहिलेजस्तै गरी सेवा गर्ने आज्ञा दिइयो ।

सेवाको आदर्श सुप्रिया, महात्मा सेरापियो, सन्त फ्रान्सिस, राठौरशूट दुर्गादास, संयम राय, स्वामी रामदास (सेवक कर्मको एक अर्को आदर्श), पन्ना धाई र एक अर्को कर्तव्यनिष्ठसेवकको प्रसंग मूल ग्रन्थ (प्रथम खण्ड)को पृष्ठ ३०५ देखि ३०९ सम्म हेर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुधर्म र त्यसको आदर्श

कुनै समयमा गुरुहरू गौरवशाली विद्वान् तथा समाजका सञ्चालक थिए। गुरुहरूको आश्रम जंगलमा हुन्थ्यो । जीवनमा कोही आफ्नो पराजय चाहँदैनन्, गुरु नै एक यस्ता व्यक्ति छन् जो शिष्यबाट आफ्नो पराजय चाहन्छन् । गुरुको स्थान मनुष्यमा मात्र होइन देवताहरूमा पनि विशिष्ट छ । प्राचीन कालमा गुरु धनका होइन सम्मानका इच्छुक थिए । वास्तवमा समाजलाई कुन साँचोमा ढाल्ने, अबोध बालकको निरीह जीवनलाई कुन ढङ्गले रंगाउने यो कुरा शिक्षकमाथि नै निर्भर गर्छ । आजको शिक्षक यदि आफ्नो धर्म र आदर्शलाई बिर्सेर स्वेच्छाचारिताको दास बन्छ, विलासिताको धापमा फँस्छ, आचरणलाई भन्दा अर्थलाई मुख्य सम्झन्छ भने भोलिको संसार र समाजको कुन रूप हुने हो उनी स्वयं अनुमान गर्न सक्छन् ।

गुरु धर्मका आदर्श महर्षि भृगु

महर्षि भृगु आत्मज्ञानी थिए। एक दिन उनले पुलस्त्यका छोरा निदाध- लाई उपदेश दिए– मनुष्य जीवनको परम लाभ आत्मज्ञान नै हो। निदाघ विद्वान् विरक्त एवं शुद्ध-चित्त पुरुष थिए। उनी तुरुन्तै भृगुको शरण परे। भृगुले पनि उन- लाई केही काल आफूसंगै राखेर तत्त्वज्ञानको उपदेश दिएपछि उनलाई विवाह गर्ने आज्ञा दिए।

शिष्यलाई सन्मार्गमा लगाउनु गुरुको कर्तव्य भएको हुनाले एकदिन भृगु फेरि घुम्दै-घुम्दै निदाघको घर गएर उनलाई तत्त्वज्ञानको उपदेश दिए । अन्त्यमा भृगुले भने "भोगको अवस्था तिमीले पार गरिसक्यौ, तत्त्वज्ञानलाई जीवनमा व्यक्त हुन देऊ। मायाको यस व्यवहार क्षेत्रबाट उपरति नै ब्राम्हणको धर्म हो।" निदाघले घर त्यागेर सन्यास ग्रहण गरे ।

शिष्यधर्मका आदर्श आरुणि

आरुणि महर्षि धौम्यका शिष्य थिए। एकदिन गुरुले आरुणिलाई भने "तिमी खेत हेर, पानी खेतको आलीबाट बाहिर जान नपाओस् ।" आरुणि खेतमा पुगे। उनले हेर्दै जाँदा एक ठाउँमा आली भत्केको देखे । उनले त्यस ठाउँलाई माटो हालेर बन्द गर्न धेरै प्रयास गरे, तर सफल हुन सकेनन्। आखिर केही नलागेर उनी स्वयं त्यहाँ सुते । पानीको प्रवाह त त्यहाँ बन्द भयो तर वर्षाको ऋतु भएकोले उनको शरीर पानीमा डुब्यो तर उनी त्यहाँबाट डेक चलेनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ध्याको समयमा आश्रममा आरुणिको खोजी भयो बिहानीपख गुरु धौम्य आरुणिको खोजीमा गए। आरुणिलाई त्यस्तो स्थितिमा पाउँदा महर्षिले ज्यादै प्रसन्न भएर आशीर्वाद दिए– "आजदेखि तिमी उद्दालक भयौ, सम्पूर्ण श्रुति तिमीमा स्वतः प्रकाशित होस्"। गुरुसेवा र दृढ तितिक्षाले आरुणिलाई त्यसै दिन ऋषि उद्दालक बनायो।

आदर्श गुरु तथा शिष्यका यस्तै मार्मिक प्रसंगहरू जस्तै आदर्श शिष्य कौत्स र आदर्श दाता रघु, गुरुभक्त उपमन्यु, गुरुभक्त एकलव्य गुरुभक्त कृष्ण-सुदामा, क्षत्रपति शिवाजी, आम्बादास कल्याण, जावाल सत्यकाम आदिको लागि मूल-ग्रन्थ (प्रथम खण्ड) को पृष्ठ ३११-३१८ सम्म हेर्नुहोस्।

राजधर्मको आदर्श

महाराज अश्वपति, संम्राट्, अशोक राजकुमार मूलराज धर्मका आदर्श महाराज चन्द्रापीड यी सबको कथा मूलग्रन्थ (प्रथम खण्ड) को पृष्ठ ३१८ देखि ३२० सम्म हेर्नुहोला।

आदर्श राजा देपाल दे– सौराष्ट्रको एक गाउँमा एक चारणभाट (किसान) आफ्नी पत्नीका साथ बस्दथ्यो। गरीब किसानसंग भएको खेती गर्न लायक दुइ गोरू मध्ये एक गोरू मर्‍यो। अन्त्यमा उसले एउटा गोरूको काम आफ्नै स्त्रीबाट गराउन थाल्यो। उसको यो कार्य देखी भेष बद्लिएर आएका राजाले उनलाई आफूले एउटा गोरू दिने वचन दिई जुवाबाट उसकी स्त्रीलाई निकाल्न लगाए तर चारणले गोरू नल्याइन्जेलसम्म राजालाई नै जुवामा राखेर खेत जोत्न थाल्यो। गोरू पाएपछि राजालाई उसले मुक्त गर्‍यो।

धेरै समयपछि आफ्नो खेतको सबै ठाउँमा अन्न फलेको र राजालाई जोताएको ठाउँमा मात्र अन्न नफलेको देखी आश्चर्य भएर खन्न थाल्यो। खन्दा त्यहाँबाट मोति निस्कयो। अन्त्यमा क्षमा याचना गर्दै उक्त किसान राजासँग माफ माग्न भनी खेतबाट प्राप्त भएको सम्पूर्ण मोती लिएर दरबारमा गयो। राजाले मोती लिन मानेनन् र यो उसकै अधिकार हो भने। राजाको व्यवहार देखी उक्त किसान लाजले शिर निहुराउन बाध्य भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारीधर्म र त्यसको आदर्श

सृष्टिका आदि–स्रोत हुन् नारी। नारी सृष्टि–सिर्जनामा पुरुषका पूरक हुन्। यिनबाट सृष्टिको आरम्भ भयो। सिर्जना र वृद्धि नारीका प्रभूत गुण हुन् सम्भवतः यसै गुणबाट नारी जननी कहलिएर विश्ववन्द्य भइन्। हिन्दू संस्कृतिका पृष्ठ नारी–महिमाको स्वर्णिम प्रशस्तिले भरपूर छन्।

श्रुति, स्मृति, पुराण तथा गृह्यसूत्रमा सर्वत्र हामी उनीप्रति विशेष स्नेह तथा आदरको व्यवहार गर्ने उपदेश पाउँछौं। नारी-जीवनलाई प्रधानतः तीन भागमा विभाजित गर्न सकिन्छ, जस्तो कन्या, गृहिणी, र विधवा।

(१) **कन्या**–अत्यन्त यत्नपूर्वक कन्याको पालना तथा शिक्षण हुनुपर्दछ, किन्तु उनको शिक्षा उनलाई पुरुष बनाउने हुनु हुँदैन, किनभने जसभित्र जुन मौलिक सत्ता छ त्यसैलाई प्रकट गर्नु र पुष्ट गर्नु शिक्षाको लक्ष्य हो। स्त्रीजातिको मौलिक सत्ता तीन छन्-- उनी असल माता, सद्गृहिणी तथा आदर्श सती हुन्।

मध्य युगमा धेरै समयसम्म कन्या समाजमा उपेक्षित भइरहे। जहाँ उनलाई पराइ चीजको रूपमा ग्रहण गरिन्थ्यो। आज बाह्य दृष्टिबाट उपेक्षा छैन, तिनलाई सामाजिक प्रतिष्ठा प्राप्त भएको छ। समाजले जहाँ नारीलाई ऐहिक सुख-सुविधाको शक्ति प्रदान गरेको छ र बाह्यतः त्यसपछि विकसित गरेको छ, त्यहाँ भित्रबाट तिनलाई संकुचित गरिदिएको छ।

हामीले बाल-बालिकाको शिक्षामा एकरूपताको स्थापना गरी गर्व अनुभव गर्थ्यौं। किन्तु निसर्गजात (स्वाभाविक) सत्यलाई बिर्स्यौं। पुरुष सभ्यता हो भने नारी संस्कृति हो; पुरुष मस्तिष्क हो त नारी हृदय हो; पुरुष ज्ञान हो भने स्त्री भक्ति-निष्ठा हो।

संस्कृत- शिक्षा, मातृ भाषा- शिक्षा साहित्य- शिक्षा, गीता आदि धर्म ग्रन्थहरूको शिक्षा तिनलाई अवश्य दिनुपर्छ। साधारणतया चिकित्सा तथा पदार्थ विद्याको शिक्षा दिनुपर्छ जसबाट बाल-बच्चाको सामान्य बिमारीमा डाक्टर बोलाउनु नपरोस्। कन्याहरूलाई शिल्प शिक्षा तथा भोजन बनाउने शिक्षा विशेषरूपले दिनुपर्दछ।

नारी धर्म

सुश्रुतको सिद्धान्त अनुसार १६ वर्षकी कन्या र २५ वर्षको वर हुनुपर्दछ। प्रेम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र विवाह– यी दुइ यस्ता वस्तुहरू हुन् जो आफूमाथि आफैँले स्वेच्छापूर्वक कठोर शासन र सब प्रकारको स्वार्थको स्वयं नै बिलकुल त्याग चाहन्छन् । जति राम्रो प्रेम-विवाहका गाथा छन् त्यति राम्रो प्रेमविवाह हुँदैन । बरु त्यसको विपरीत यस्तो उत्ताउलो सम्बन्धले अल्लारे युवक-युवतीहरूलाई थोरै समयमा नै एक निराशापूर्ण दुःखदायी जीवनमा ल्याएर छाडिदिन्छ । यस्तै एक सत्य घटना राम विनोद र चम्पाको जीवनमा आधारित प्रेमविवाहको कथा मूलको (प्रथम खण्ड) पृष्ठ ३२५ देखि ३२७ सम्म वर्णन गरिएको छ ।

"संसार कस्तो हुनुपर्छ" भन्ने कुराको चिन्ता प्रायशः बूढापाकामाथि छाडेर युवा युवतीहरूले संसार के हो ? बुझ्नु पर्छ ।

स्त्री र पुरुष एक यस्ता द्वन्द्व हुन्, दुवै एकसाथ रहेमा नै दुवैमा शोभा छ । उभय शक्तिको समानता भएमा सृष्टि चल्न सक्दैन; किनभने विषमता नै सृष्टिको कारण हो र समता लयको कारण हो । सती धर्मको यस रहस्यलाई संसारका सबै जातिले पूर्णरूपले सम्झे, बुझेका छैनन् जुन जातिको आध्यात्मिक स्थितिको उत्थान जति अधिक हुन सकेको छ, त्यस जातिले यस रहस्यलाई त्यति नै अधिक बुझ्न सक्तछ ।

(२) **गृहिणी**–नारीको दोस्रो रूप गृहिणी हो । गृहकार्यलाई चतुरतापूर्वक सञ्चालन गर्नु नै गृहिणीको धर्म हो ।

जननको महती क्रियाले गर्दा नै उनी जननी कहलाउँछिन् । ममता यसको प्राण हो । सृजनको यो शक्ति, मातृ, माता या आमा नामले सम्बोधित छ । नारीमा ग्रहण छ, मातामा त्याग छ । मातृत्व एक अवस्था मात्र होइन, प्रत्युतः नारी-जीवनको एक महत्त्वपूर्ण भाव हो ।

हिन्दू शास्त्र पातिव्रत्यको पुनीत धर्मध्वजा धारणा गर्ने नारीहरूको पवित्र गाथाहरूले परिपूर्ण छ । सीता, अनसूया एवं सावित्री प्रथम कोटिका पतिव्रता हुन् ।

सासू-ससुराप्रति बुहारीको आदर भाव हुनुपर्दछ । आजभोलि सासू-बुहारीको मनोमालिन्य नै धेरैजसो गृहकलहको कारण हुन्छ । आज पश्चिमी सभ्यताले हिन्दू नारी धर्ममाथि कम आघात पारेको छैन तर हिन्दूनारीका धर्म परम्पराहरू यति गहन र महान् छन् कि यिनका जग कुनै हालतमा पनि हल्लँदैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीले पतिको आज्ञा पालन गर्नुपर्छ, किन्तु जुन आज्ञा पालन गर्नाले पति नरकको भागी बन्छ, त्यस्तो आज्ञा पालन गर्नु हुँदैन। स्त्रीहरूले बिहान उठेर ईश्वरको स्मरण गर्नुपर्छ। मनमनै भगवान्को स्तुति गरेर उनको साक्षात् दर्शन होस् भनी उनीसित प्रार्थना गर्नुपर्छ। घरको काम गर्दाखेरि भगवान्को नाम जप र उनको स्वरूपको चिन्तन निरन्तर गर्ने चेष्टा गर्नु नै ईश्वरभक्ति हो।

श्रीमद्भागवतमा प्रह्लादले आफ्ना पिताप्रति नवधा (नौ प्रकारको) भक्ति लक्षण भनेका छन्–

श्रवणं कीर्तनम् विष्णोःस्मरणं पादसेवनम्।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥

(भागवत ७।५।२३)

अर्थात् भगवान्को नाम, रुप, गुण र लीलालाई प्रभावसहित प्रेमपूर्वक राजा परीक्षितले जस्तै सुन्नुको नाम श्रवण–भक्ति र शुकदेव, नारदादिले जस्तै वाणीद्वारा उच्चारण गर्ने वा अर्कोलाई सुनाउनुको नाम कीर्तन-भक्ति, ध्रुवप्रल्हादादि जस्तै मनले चिन्तन गर्नुको नाम स्मरण भक्ति हो ॥

यी प्रभुको चरणको सेवा भरत र लक्ष्मीले जस्तै गर्नुको नाम पाद-सेवन-भक्ति हो र उनको स्वरूपको मानसिक वा पार्थिव धातु आदिको मूर्तिलाई गुण र प्रभावसहित राजा पृथु र अम्बरीषले जस्तै पूजा गर्नु अर्चन-भक्ति हो।

अक्रूर र भीष्म आदिले जस्तै नमस्कार र प्रणाम गर्नु वन्दन-भक्ति हो। लक्ष्मण र हनुमान्ले जस्तै दास-भावले आज्ञा पालन गर्नु दास्य-भक्ति हो। अर्जुन र उद्धवले जस्तै सख्य भावले उनको अनुकूल चल्नु सख्य-भक्ति हो। राजा बलिले जस्तै सर्वस्व अर्पण गर्नु आत्म-निवेदन- भक्ति हो।

साध्वी स्त्रीहरूले जहाँसम्म हुन सक्तछ घरको काम- काज जति सबै आफैंले गर्नुपर्छ। अकर्मण्यताले प्रायः आलस्य र प्रमाद बढ्छ।

तमाखु चुरोट आदि मादक प्रदार्थको सेवन, दुर्जनको संगत, पतिदेखि अलग बस्नु यताउति घुम्नु, अर्काको घरमा रहनु, कुवेलामा सुत्नु –यी ६ कुरा स्त्रीहरूको लागि महान् दोष बताइएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) **विधवाको कर्तव्य**– नारी जीवनको तेस्रो अवस्था वैधव्य हो । पतिको मृत्यु पश्चात्, उ जीवित छँदा जसरी उसको मनको अनुकूल आचरण गर्ने गरेको थियो त्यसरी नै उसको मृत्यु भएपछि गर्नु विधवा स्त्रीको कर्तव्य हो । उसले पवित्रत धर्मका साथ जीवन बिताउनु पर्दछ ।

जुन स्त्री ईश्वरको रहस्य जान्दछे, उ पतिको मृत्युमा पनि दुःखित हुन्न किनभने ईश्वर जे गर्दछन् त्यो भलाइको लागि नै गर्दछन् भन्ने उ सम्झन्छे ।

माथि बताइएको प्रकारले जीवन बिताउने विधवा स्त्री देवताद्वारा पनि पूजनीय हुन्छे। यस प्रकारका पवित्र स्त्रीको सेवा गर्ने पुरुष पनि पवित्र हुन्छ। विधवाको कृत्य ब्रह्मचारी र सन्न्यासीको तुल्य हुन्छ । अतःपवित्र विधवा स्त्री पनि गृहस्थको लागि पूज्य नै हुनुपर्छ । यदि प्रवृत्तिभन्दा निवृत्ति श्रेष्ठ छ र भोगी गृहस्थभन्दा त्यागी सन्न्यासीको गौरव अधिक छ भने सधवाभन्दा विधवाको गौरव निवृत्तिको दृष्टिले अवश्य अधिक हुनुपर्दछ ।

विधवा स्त्रीहरूसंग त पुरुषहरूको व्यवहार प्रायः निन्दनीय नै हुन्छ । त्यसको सुधार हुनु अत्यन्त आवश्यक छ । जसको पति मर्दछ त्यो विचरी असहाय र अनाथ हुनेछ । उसलाई मानिस कहीं आदर गर्दैनन् न माइतमा न घरमा ।
अब आर्दश नारी धर्मको केही उदारहणहरू लेख्दछौं । आर्दश माता पतिव्रता मदालसा–

गन्धर्व कन्या मदालसाको विवाह राजा शत्रुजितका पुत्र ऋतुध्वजसित भएको थियो । राजा ऋतुध्वजको मदालसाबाट विक्रान्त, सुबाहु, शत्रु दमन र अलर्क नाम गरेका चार पुत्रहरू पैदा भए । रानी मदालसा आफ्नो छोरालाई यस्तो लोरी गाएर सुनाउँथिन् –

शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि
संसारमाया – परिवर्जितोऽसि
संसार– स्वप्नं त्यज मोह–निद्रां
मदालसा वाक्यमुवाच पुत्रम् ॥

अर्थात् हे पुत्र ! तिमी शुद्ध छौं, ज्ञानस्वरूप छौ, निर्मल छौ, संसारको मायाले सर्वदा रहित छौ, संसार स्वप्नवत् छ, अतः मोहनिद्रा त्यागी देऊ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनका तीन पुत्रहरूले बचपनदेखि नै ब्रह्मज्ञानको उपदेश पाएकाले वीतराग भएर गृह-त्याग गरे। त्यसैले चौथो पुत्र युवा भएपछि यिनलाई रानीले धर्म, अर्थ कामको शिक्षा दिएर राजगद्दीमा राखेर राजदम्पती तपस्या गर्न गए। जाने वेलामा रानीले छोरालाई यौटा औंठी दिँदै भनिन्-- "यसभित्र उपदेश-पत्र छ, विपत्ति पर्दा यो खोल्नू।"

केही समय बित्यो अलर्कका दाजुहरूले उनलाई संसारको आसक्तिमा फँसेको देखेर सन्मार्गमा ल्याउने विचारले काशीराजको सहायता लिएर उनी माथि आक्रमण गरे र उनको राज्यलाई चारैतिरबाट घेरे। यस संकटको घडीमा अलर्कले माताले दिएको उपदेश-पत्र खोलेर हेरे। यसमा लेखिएको थियो –'आसक्ति-त्याग नै पुरुषको धर्म हो, कामनाहरू नरकका द्वार हुन्। वीर त्यो हो जो कामनालाई जित्दछ। आफ्नो आत्मस्वरूप चिन्ने चाहना गर। पुरुषको जीवनको यही साफल्य हो"।

यो देखेपछि अलर्कले दाजुलाई भने—"हजूर राज्य लिनुहोस्, मलाई अब यसको आवश्यकता छैन"।

त्यसपछि दाजुको आज्ञा अनुसार अलर्क आफ्नो पुत्रलाई राज्य सुम्पिएर दत्तात्रेय मुनिको शरण लिन पुगे। यस प्रकार मदालसाले आफ्ना सबै छोराहरूलाई परमार्थको प्राप्ति गराइन्।

यस्तै सती नारीहरू महारानी अर्चि, सीता, सपत्नी धर्ममाता कौशल्या र माता सुमित्राको महत्ता, भगवती उमा अनसूया, सावित्री, जानकी, सती दमयन्ती भामती देवीसती कुमारी सूर्य र परमाल, पद्मिनी, तारा, महारानी लक्ष्मीवाई, चन्चल कुमारी, लाजवन्ती मयणल्ल देवी, कान्तिमती अद्भुत सतीत्व, पतिप्राणविप्र पत्नी, पतिव्रता रानी पिंगला र सिरिमा आदिको प्रसंग मूल ग्रन्थ (प्रथम खण्ड) को पृष्ठ ३३७ देखि ३६५ मा हेर्नुहोस्।

यहाँ नारी-धर्मको विषय समाप्त हुन्छ। नारी एक पहेलिका हुन् र धर्म एकदम व्यापक छ। साथै युग-युगको विचारधारा नाना प्रकारका र असम्बद्ध छन्। आफ्नो पुरुषत्वको अभिमानमा नअकडिएर प्राचीन र नवीन संस्कारको समुचित सम्मिश्रणबाट युग धर्मानुसार आफ्नो कर्तव्यको निर्णय गर्नुपर्दछ।

आदर्श मित्र धर्मको निरूपण–दुइ हृदयको दूध र पानी जस्तै मिलेर एक हुनु नै सच्चा मित्रता हो। मित्रको व्युत्पत्तिजन्य अर्थ हो दुःखबाट बचाउने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैत्रीमा प्रेम नहुने हो भने त त्यसलाई जड मैत्री भनिन्छ । मित्रको परीक्षा विपत्तिको समयमा हुन्छ ।

हाम्रा धर्मग्रन्थहरू अनेकानेक सच्चामित्रको दृष्टान्तले भरिपूर्ण छन् । भगवान् श्रीकृष्णको अर्जुनप्रतिको मित्रता आदर्श मानिन्छ । श्रीकृष्ण र सुदामाको मित्रतादेखि को पो परिचित नहोला ? आजको युगमा वास्तविक मित्र पाउनु सजिलो कुरा छैन ।

मित्र-धर्मका विलक्षण आदेश भगवान् श्रीकृष्ण–श्रीकृष्ण र अर्जुनको मित्रता ज्यादै प्रसिद्ध छ । मित्र अर्जुनको लागि कुनै पनि काम गर्न उनले कहिल्यै इन्कार गरेनन् ।

महाभारतको युद्धमा दुर्योधनलाई यादव सेना दिएर आफू चाहिं अर्जुनको रथ हाँक्ने सारथी बनेर कृष्णले उनलाई विपत्तिबाट रक्षा गरे । युद्धमा इन्द्रले कर्णलाई दिएको शक्तिको प्रयोग घटोत्कचमाथि गराएर अर्जुनलाई बचाए । घटोत्कचको वधपछि कृष्णले सात्यकिसँग भनेका छन्– "आफ्ना मातापिता, तिमीहरू, भाइहरूको र आफ्नो प्राणको रक्षा गर्न पनि म त्यति आवश्यक ठान्दिन जति आवश्यक रणमा अर्जुनको रक्षा गर्न ठान्दछु । मेरो लागि अर्जुन तीन लोकको राज्य भन्दा पनि दुर्लभ छन् । अर्जुन मृत्युको मुखबाट फुत्किएकोमा म आज साह्रै प्रसन्न छु ।"

मित्र-धर्मका आदेश महारथी कर्ण-- श्रीकृष्णले कर्णलाई दुर्योधनको तर्फबाट युद्ध नगर्न सम्झाउने कोसिस गर्दा कर्णले भने--"म दुर्योधनप्रति कृतज्ञ छु । अन्ततः युद्ध उनको पक्षमा गर्नेछु । तथापि न्यायको विजय होस् भन्ने चाहन्छु" ।

भीष्मले कर्णलाई सम्झाउँदा उनले विनम्रतापूर्वक जवाफ दिंदै भने--पितामह ! जुन कर्तव्यले विवश भएर हजूरलाई दुर्योधनको तर्फबाट युद्ध गर्नुपऱ्यो, त्यसै कर्तव्यले मलाई पनि विवश तुल्याइरहेछ । दुर्योधन मेरा मित्र हुन् । उनले मसँग जहिले पनि सम्मानको व्यवहार गरेका छन् । आज उनी युद्धमा फसेका छन् । आफूलाई उपकार गर्ने मित्रलाई यस्तो समयमा कुनै पनि कारणले कसरी छाड्न सक्छु र ! कौरवको पक्षमा युद्ध गर्दागर्दै म वीरगतिमा पुगूँ भन्ने आशीर्वाद हजूर मलाई दिनुहोस्" ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मित्र-धर्मका यस्तै अरू प्रसंग– राजधर्मको विलक्षण मित्र-धर्म, हंसश्रेष्ठ सुमुख, डंमन र पिथियस, रोजर र एन्टोनियो आदिको कथा मूल-ग्रन्थ (प्रथम खण्डको पृष्ठ २६९-२७३ मा हेर्नुहोस् ।

पुत्र-धर्म र त्यसको आदर्श

'पुत्र' शब्द संसारी जीवको लागि कति मधुर छ, यसलाई-माता- पिताले नै अनुभव गर्छन् । हाम्रो संस्कृति र सभ्यतामा 'पुत्र' नरकबाट बचाउने मानिएको छ। पुत्रमाथि मातृऋण, पितृऋण, गुरुऋण र ऋषिऋण पनि रहन्छ । यिनै ऋणबाट उद्धार पाउन पुत्रले कर्मयोगी बन्नुपर्छ। पुत्रधर्म पूरा गर्न कठिन छ र सरल पनि छ।

पुत्र-धर्मका आदर्श विष्णु शर्मा– शिव शर्माले आफ्नो पुत्र विष्णु शर्मालाई– "मलाई समस्त रोग तथा मृत्युको नाश गर्ने अमृत ल्याइदेऊ" उनी पिताको आज्ञा शिरोपर गरी स्वर्गतिर लागे ।"

विष्णु शर्मा आफ्नो तपोबलद्वारा सशरीर स्वर्ग आउन लागेको देखेर इन्द्रले उनलाई रोक्न मेनका नाम गरेकी अप्सरालाई पठाए । अरू अनेक किसिमको बाधा खडा गर्न खोजे तर उनको तपोबलको अगाडि इन्द्रको केही लागेन। आखिर उनले विष्णु शर्मालाई अमृतको घडा दिएर पठाए । अमृत लिएर आएका पुत्रलाई शिव शर्माले भगवत्धाम प्राप्त गर्ने आशीर्वाद दिए ।

यस्तै पितृभक्त सोम शर्मा, सुकर्मा, पुण्डरीक, श्रवणकुमार, देवव्रत भीष्म र सनातन आदिको प्रसंग मूलग्रन्थ (प्रथम खण्ड)को पृष्ठ ३७५-३७९ मा हेर्नुहोस् ।

मातृभक्तिका आदर्श बालक रामसिंह

शाहजाहाँको शासनकालको कुरा हो। शाहजाहाँले छल गरेर अमरसिंहलाई मार्न लगाए, र उनको लासलाई बुर्जामा राख्न लगाए जहाँ चील, कौवा आदि आएर उनको लासलाई ठुङ्दथे। अमरसिंहकी रानीले आफ्नो पतिको लास ल्याउन अनेक प्रयन्त गरिन्। शाही फौजसँग लड्न सैनिकहरू पठाइन् तर उनका सबै सैनिकहरू मारिए। आखिर उनी आफैँ तरबार भिरेर जान तयार भइन् । यो देखेर उनको भतिजा रामसिंह जो त्यस बखत १५ वर्षका मात्र थिए, एक्लै घोडा चढेर शाही महलभित्र प्रवेश गरेर युद्ध गर्दै आफ्नो काका अमरसिंहको लास लिएर दुर्गबाट बाहिर निस्के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र आफ्नो महलमा आए। त्यहाँ चिता पहिलेदेखि नै तयार थियो। रानीले रामसिंहलाई आशीर्वाद दिइन्-"भगवान्ले तेरो रक्षा-नित्य निरन्तर गरून्"। अनि आफू पतिको शवको साथ चितामा प्रवेश गरिन्। त्यस समय रामसिंहको आँखमा आँसु भरियो र उनी चूपचाप हेरेर बसे।

भ्रातृ-धर्मको आदर्श त्यागमूर्ति श्रीभरत–राम १४ वर्षको लागि वनवास गएपछि राजा दशरथले देह त्याग गरे। त्यस बखत अयोध्याको सिंहासनमा भरत शिवाय अर्को उत्तराधिकारी थिएन, मन्त्रीहरू, प्रजागण, गुरु वशिष्ठ र माता कौशल्याले पनि भरतलाई सिंहासन स्वीकार गर्न आग्रह गरिरहेका थिए। तर भरतले कसैको कुरा पनि सुनेनन् र राम गएकै बाटो नंगा पयर पैदल वन गए।

उनको उद्देश्य त रामलाई फर्काएर अयोध्या ल्याउनु थियो तर रामले उनलाई नै सन्तुष्ट पारेर फर्काए।

भरत श्रीरामको पादुका लिएर फर्के र नन्दिग्राममा कुटी बनाएर रहन लागे। राम कन्दमूल– फलको आहार गर्दथे होलान् तर भरतले त चौध वर्ष गोमूत्र-यावक व्रत लिए। अर्थात् जौ गाईलाई खुवाएर गोवरमा निस्केपछि त्यसलाई धोएर सफा गरेर गोमूत्रमा पकाएर दिन-रातमा केवल एकपटक त्यसको आहार गरे। दाजुप्रति उनको यस्तो भक्ति थियो, धन्य हुन् भरत!

यस्तै धर्मराज युधिष्ठिरको भातृ धर्मको प्रसङ्ग मूलग्रन्थ (प्रथम खण्ड)को पृष्ठ ३८२ मा हेर्नुहोस्।

पुरोहित धर्मका आदर्श – महाराणा प्रताप आफ्ना कान्छा भाइका साथ विजया दशमीको दिन राज पुरोहितलाई समेत लिएर जंगलमा शिकार खेल्न गए। एउटा मृगमाथि दुवैले बाण प्रहार गरे। मृग त मऱ्यो तर कसको बाणले मऱ्यो भन्ने कुरामा विवाद खडा हुँदा दुवै भाइले एक अर्काको बध गर्न तरबार उठाए, आखिर क्षत्रिय नै ठहरिए। यो देखेर राजपुरोहितले मातृभूमिको रक्षा गर्नको लागि आफ्नै हातले छातीमा कटार घोपेर आफ्नो बलिदान दिए। उनको शरीर जमीनमा ढल्यो। त्यसपछि दुवै भाइले मस्तक झुकाए। उनीहरूको क्रोध विषादयुक्त पश्चात्तापमा परिणत भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कवि-लेखक-धर्म–व्यक्ति-धर्मको अन्तर्गत अन्तमा अब लेखक-धर्मको विषयमा केही लेखेर विशेष धर्मको अन्तर्गत व्यक्ति-धर्म समाप्त गरिन्छ । लेखकको अन्तर्गत कवि पनि आउँछन्– प्राचीन आर्यहरूको सभ्यता र संस्कृतका प्रचारक कवि नै थिए । समाजमा जुन तप, त्याग, अहिंसा,दया दाक्षिण्य (दक्षता),धर्म, नीति एवं, बलिदानको भावना छ, त्यसको जग कवि र लेखकहरूले नै बसालेका हुन् । यहाँ परमेश्वरको लागि पनि 'कवि' शब्दको प्रयोग भएको पाइन्छ । विश्वको समस्त हलाहल पिएर पनि जो आफ्नो काव्यामृतले समाजलाई अमरत्व प्रदान गर्दछ, त्यही वास्तविक कवि हो । वाल्मीकि र व्यासजस्ता कविहरूले नै हामीलाई उच्च आदर्श प्रदान गरेका छन् ।

आज यसै संस्कृतिका कवि र लेखक विदेशी सभ्यता र संस्कृतिमा मुग्ध भएर आफ्नो प्रतिभाको सार्थकता सम्झन लागेका छन् ।

यस्तो साहित्यले देश र समाजलाई पतनतिर लैजान्छ । अतएव साहित्यमा धर्मको नियन्त्रण रहनु अनिवार्य छ । शील र सौन्दर्यले सुसज्जित काव्यनै सत्काव्य हो। कृतयुग (सत्ययुग) र कलियुग ती नै कलमका परिणाम हुन् ।

दुःखसाथ भन्नुपर्छ– आज हाम्रो साहित्यमा विदेशी प्रभाव बढ्दै गइरहेछ । हाम्रा युवक विदेशी आचारविचार र सभ्यता-संस्कृतिमा लट्ठ परेर आफ्नो प्राचीन संस्कृति र साहित्यलाई हेय दृष्टिले हेर्न लागिरहेछन् र भावी कर्णधार विदेशी ढङ्गले बोल्न, विदेशी ढङ्गले उठ-बस गर्न र विदेशी ढङ्गले सोचबिचार गर्न नै गौरव अनुभव गर्न लागिरहेछन् ।

विशेष-धर्म अन्तर्गत व्यक्ति– धर्मको विचार यहाँ समाप्त हुन्छ। अब 'परम-धर्म' माथि विचार गर्नुभन्दा पहिले हामीले आफ्नो पूर्व प्रतिपादित मौलिक विषयको एकफेर फेरि स्मरण गर्नु आवश्यक छ । मनुष्य मात्रको अन्तिम लक्ष्य परमानन्दको प्राप्ति र सर्व दुःख निवृत्ति हो । त्यस ज्ञानका प्रतिबन्धक दोष– मल, विक्षेप र आवरण हुन् । तिनको निवृत्ति निष्काम कर्म, उपासना र ज्ञानका अन्तरङ्ग साधन– श्रवण, मनन र निदिध्यासन आदिद्वारा हुन्छ । तिनै कर्तव्य-कर्म अथवा उपासना आदिलाई 'धर्म' शब्दले शास्त्रहरूमा वर्णन गरिएको छ ।

केवल आध्यात्मिक ज्ञान नै यस्तो छ,जो हाम्रो दुःख सदाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि नष्ट गरिदिन सक्तछ, अन्य कुनै प्रकारको ज्ञानबाट त हाम्रो आवश्यकताको पूर्ति केवल अल्प समयको लागि मात्र हुन्छ । जो मानिस पारमार्थिक ज्ञान दिन सक्तछ, त्यही मानव-समाजको सबभन्दा ठूलो हितैषी हो ।

अज्ञान नै मृत्यु हो र ज्ञान नै जीवन । जबसम्म मनुष्यको चरित्र परिवर्तित हुँदैन, तबसम्म दुःख क्लेश भइ नै रहन्छ । सत् कर्मको फल सत् नै हुन्छ र असत् कर्मको फल असत् नै । परन्तु सत् र असत् दुवै आत्माको निम्ति बन्धनस्वरूप हुन् ।

सत्कार्य र सच्चिन्तन गर्ने मनुष्यमा इच्छा नहुँदा पनि सत्कार्य गर्ने एक अनिवार्य प्रवृत्ति उत्पन्न हुन्छ । जो मानिस आफ्नो मन र इन्द्रियहरूलाई आफ्नो वशमा राख्तछ त्यसको चरित्र पनि सधैँ स्थिर रहेको हुन्छ । यदि हाम्रो औंलामा एउटा काँढा बिझ्यो भने त्यसलाई झिक्नको लागि हामी एउटा अर्को काँढा काममा ल्याउँछौं, परन्तु काँढा झिकेपछि हामी दुइटै काँढालाई फ्याँकिदिन्छौं । हामीलाई फेरि अर्को काँढा राख्नु पर्ने कुनै आवश्यकता हुँदैन किनभने, दुइटै आखिरमा काँढा त हुन् । यसैप्रकार खराब विचारलाई असल विचारद्वारा हटाउनुपर्छ । त्यसपछि असल विचारमाथि पनि विजय पाउनु आवश्यक छ ।

संसार हाम्रो निवासस्थान हैन, यो त ती सिँढीमध्ये हामी उक्लँदै जाने एक सिँढी हो ।

प्रकृतिको अस्तित्वको प्रयोजन नै आत्माको शिक्षाको निमित्त हो, यो बाहेक यसको अर्को कुनै अर्थ छैन । प्रकृति हाम्रो निमित्त एउटा पुस्तक जस्तै हो, जसको हामीले अध्ययन गर्नु छ भन्ने ज्ञान हामीलाई हुनेछ । यसबाट चाहिएको ज्ञान प्राप्त गरेपछि फेरि यो पुस्तकको प्रयोजन हुँदैन ।

हामीले एक मालिकले जस्तै काम गर्नु पर्दछ, दासले जस्तो हैन । विना स्वाधीनता प्रेम हुन सक्तैन ।

यसै प्रकारको अनासक्ति प्राप्त गर्न करीब-करीब सारा जीवन नै पनि लाग्दछ । मानव चरित्रलाई, नियमबद्ध गर्ने दुइ चीज छन्— एक हो बल प्रयोग र अर्को दया ।

कर्मयोगको एक अर्को रूप पनि छ, जसलाई उपासना भनिन्छ । प्रत्येक धर्मका तीन विभाग हुन्छन्— दार्शनिक, पौराणिक र कर्मकाण्ड । दार्शनिक भाग वास्तवमा प्रत्येक धर्मको सार हो । पौराणिक भाग दार्शनिक भागको व्याख्यास्वरूप हो र कर्मकाण्ड यस दर्शनकै अधिकतर स्थूलरूप हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको प्रतीकको उत्पत्ति स्वाभाविकरूपले हुन्छ, हैन भने सबै मानिसको मनमा केही विशेष प्रतीक केही विशिष्ट भावसित किन यसरी सम्बद्ध रहन्छ ? केही प्रतीक त सर्वत्र नै दृष्टिमा आउँछ । क्रस चिन्ह सर्वप्रथम इसाई धर्मको साथ प्रचलित भएको हो भन्ने इसाईहरूको धारणा छ, तर यो वास्तवमा इसाई धर्मको धेरै पहिले देखि मूसाको जन्म हुनुभन्दा पनि पहिले वेदको पनि आविर्भाव हुनुभन्दा पहिले, यहाँसम्म कि मानवीय कार्यकलापको कुनै प्रकारको इतिहास लिपिबद्ध हुनुभन्दा पनि पहिलेदेखि विद्यमान छ । एक्रेटिक्स र फिनिशिन्स जातिहरूमा पनि यो विद्यमान थियो भन्ने प्रमाण पाइन्छ र यसप्रकार प्रायः प्रत्येक जातिमा यसको अस्तित्व थियो । संसारमा सबभन्दा बढी प्रचलित भएको प्रतीक स्वस्तिक (卐) थियो । क्रस (+) यसैको अपभ्रंश हो । बौद्धहरूले यसलाई आफ्नो साथसाथै संसार भर फैलाएका हुन् भन्ने धारणा कुनै समयमा थियो । तर बौद्धधर्मको शताब्दियौं पहिले कैयौं जातिहरूमा यसको प्रचार थियो भन्ने कुरा पत्ता लाग्छ । प्राचीन बेबिलोन र मिश्रदेशमा पनि यो पाइन्थ्यो । यी सब प्रतीक कल्पना वा स्वेच्छाबाट भएका होइनन्, यसको कुनै न कुनै विशेष कारण अवश्य पनि हुनुपर्छ । यसप्रकार भाषा पनि कुनै कृत्रिम वस्तु होइन । कुनै पनि भाव आफ्नो आनुषंगिक शब्दविना रहन सक्तैन, न कुनै शब्द नै आफ्नो आनुषंगिक भावविना रहन सक्छ । शब्द र भाव स्वाभाविक तथा अविच्छेद्य छन् । भाव प्रकट गर्नको लागि शब्दप्रतीक अथवा वर्णप्रतीक जुनसुकैको प्रयोग गर्न सकिन्छ । मनमा उठ्ने प्रत्येक विचारको एक अर्को अंश पनि हुन्छ र त्यो हो आकृति । यसलाई दर्शन-शास्त्रमा 'नाम-रूप' भनिन्छ । जसरी कृत्रिम उपायद्वारा कुनै भाषा उत्पन्न गर्न सकिंदैन, त्यसरी नै कृत्रिम उपायद्वारा प्रतीकको निर्माण पनि गर्न सकिंदैन । संसारमा कर्मकाण्डका सहकारी जुन-जुन प्रतीक छन्, ती मानवजातिको धार्मिक विचारका एक-एक बाह्य रूप हुन् । अनुष्ठान, मन्दिर र अरू बाह्य आडम्बरको कुनै आवश्यकता छैन भन्न अति सजिलो छ, तर वास्तव कुरा यो हो कि–विभिन्न धर्मको साथ जुन विशिष्ट मन्दिर, अनुष्ठान र अन्य स्थूल कार्यकलापको विधान छ, त्यसले ती-ती धर्मावलम्बीहरूको मनमा मन्दिर र अनुष्ठान आदि प्रतीक-स्वरूप हुन् भन्ने भाव जागृत गराउँछ । यी सब विषयको अध्ययन र अभ्यास गर्नु स्वाभाविकतया कर्मयोगकै एक अंग हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस कर्मयोगका अरू पनि कैयौं पक्ष छन् । यिनमा एक कुरो भाव र शब्दको सम्बन्ध छ भन्ने कुरो जानेर शब्दशक्तिबाट के-के हुन सक्छ भन्ने कुरो जान्नु पनि हो । प्रत्येक धर्म शब्द-(मन्त्र)-को शक्तिलाई मान्दछ, यसमा पनि विशेष गरी हिन्दू- धर्मको त धारणा नै पनि यहाँसम्म छ कि सृष्टि नै शब्दबाट भएको हो ।

जति-जति हामी बूढा हुँदै गएर संसारमा ठक्कर खाँदै जान्छौं, त्यति-त्यति हामीमा बढी-से-बढी जडता आउँछ र फलस्वरूप हाम्रो चारैतिर निरन्तर ध्यान आकर्षण गर्ने जे जति घटना घट्छन्, दिनप्रति हामी उदासीन रहेर तिनबाट कुनै शिक्षा ग्रहण गर्न पनि सक्तैनौं । परन्तु कहिले-कहिले यस्तो पनि अवश्य हुन्छ- हाम्रो स्वाभाविक भाव प्रबल भएर आउँछ त्यतिखेर हामी त्यो साधारण सांसारिक घटनावलीको रहस्य बुझ्ने कोसिसमा लाग्छौं अनि त्यसमा आश्चर्य मान्छौं । यसरी आश्चर्य मान्नु नै ज्ञान प्राप्तिको पहिलो खुड्किलो हो ।

शब्दको उच्च दार्शनिक एवं धार्मिक महत्त्वको अतिरिक्त पनि हाम्रो यो जीवन-नाट्यमा शब्द-प्रतीकको विशेष स्थान रहेको हामी देख्छौं । एक मानिसले अर्कोलाई वेकूफ भन्यो भने अर्को मानिस उठेर उसको नाकमा कसेर घुस्सा हान्छ हेर शब्दमा कति शक्ति रहेछ त ? उच्च दर्शनमा जुन प्रकार शब्द शक्तिको परिचय पाइन्छ त्यसै प्रकार साधारण जीवनमा पनि पाइन्छ । यस शक्तिको स्वरूपलाई जान्नु र यसको उपयोग उत्तम रूपले गर्नु पनि कर्मयोगकै एक अंग हो र यही उपासना पनि भनिन्छ। कर्मयोगको विचार र विशेष धर्मको विषयमा गरिएको विचार अब यही समाप्त हुन्छ। अब धर्मको तेस्रो विभागको विचार 'परम धर्म' मा गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम धर्म–उपासना र ज्ञान

सामान्य र विशेषधर्मको यस विचारपछि अब परम धर्मको विषयमा विचार गर्छु। सामान्य र विशेषधर्मको राम्ररी पालन गर्नाले चित्तको विकार हटेर जिज्ञासुमा स्थिर अथवा एकाग्र हुने योग्यता आएपछि मात्र उसलाई उपासनायोग अथवा ज्ञानमा अधिकार हुन्छ, त्यसभन्दा पहिले होइन। निष्काम भाव अथवा अनासक्ति नै वास्तविक परमार्थ-रूप वृक्षको सुदृढ मूल हो, जसबाट नित्य आनन्दमय फलको आशा गर्न सकिन्छ। अन्तःकरणमा तीन दोष रहने गर्छन्–(१) मलदोषदुष्ट– वासना मनमा उत्पन्न हुनु; (२) विक्षेपदोष-मन चंचल हुनु; (३) आवरण-दोष-आत्मस्वरूपको अज्ञान। निष्काम कर्मद्वारा मल-दोष हटेर चित्त सर्वथा दोषरहित हुन्छ। अझै रजोगुण बाँकी रहने हुनाले विक्षेप-दोषले कर्ममा प्रवृत्त गरिरहेको हुन्छ। यो रजोगुण पनि उपासनाको प्रभावबाट हट्दैजान्छ र सत्त्वगुण भरिंदैआउँछ र विचार पनि सूक्ष्म हुँदै गएर मानिसमा ईश्वर, मोक्ष र साधना आदिको विषयमा विचार स्वतः नै आउन थाल्छ।

सबैले चाहेको एक मात्र वस्तु हो आनन्द। आनन्द किन चाहियो ? फेरि यो प्रश्न उठ्छ। यसको उत्तर हो– आनन्दबाट नै यी सब प्राणी उत्पन्न हुन्छन्, आनन्द-मा नै जीवित रहन्छन् र अन्तमा प्रयाण गरेर पनि आनन्दमा नै लीन हुन्छन्। जानी-जानीकन होस् वा नजानीकन, सबै मानिस त्यही गुमेको आनन्दको खोजी गरिरहेछन्। त्यसै विषयको विचार परम-धर्म नामक खण्डमा गरिंदैछ। परम-धर्म अन्तर्गत उपासना र ज्ञानको विषयमा विचार गरिनेछ। अब सर्वप्रथम उपासनाको विषयमा विचार गरौं

उपासना– शब्दको व्युत्पत्ति उप+आसन = उपासनबाट भएको हो। उपको अर्थ समीप र आसनको अर्थ बस्नु हो, अर्थात् आफ्नो इष्टदेवको समीपमा मनलाई बसाल्नु उपासना शब्दको अर्थ हो। उपासना पनि भक्ति र योगद्वारा दुइ प्रकारले गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति– ईश्वरसम्बन्धी पवित्र प्रेमको नाम भक्ति हो । भक्ति शब्दको वास्तविक अर्थ सेवा हो । यो सेवा अनेक प्रकारले सम्पन्न हुन्छ । भक्ति र भक्तका अनेक भेद-उपभेद शास्त्रमा बताइएका छन् । अद्वैतसिद्धिका रचयिता श्री मधुसूदन सरस्वतीले भक्तिको लक्षण यस प्रकार व्यक्त गरेका छन् –

द्रवीभावपूर्विका मनसो भगवदाकारतारूपा सविकल्पवृत्तिर्भक्ति : अर्थात् भगवद्भावले द्रवीभूत भएर भगवान्‌सित चित्तको सविकल्प तदाकारभाव हुनुलाई भक्ति भन्छन् ।

देवर्षि नारदले भक्तिको लक्षण यस प्रकार बताएका छन्–परमेश्वरप्रति हुने परम प्रेमलाई नै भक्ति भन्छन् ।

महर्षि शाण्डिल्यले भक्तिको लक्षण यस प्रकार बताएका छन्– ईश्वरप्रति परमानुराग हुनुलाई नै भक्ति भन्छन् ।

वेदान्तीहरू भने आफ्नो स्वरूपको अनुसन्धानलाई नै भक्ति भन्छन् **"स्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते"** ।

संबन्ध भेदले प्रेमका भिन्न-भिन्न नाम हुन्छन्, जस्तो आफूभन्दा कनिष्ठ पुत्रादिमा जुन प्रेम हुन्छ त्यसलाई स्नेह अथवा वात्सल्य भन्छन्, आफ्ना समान उमेरसितको प्रेमलाई प्रेम अथवा मित्रता भन्छन् । आफ्ना पूज्यजनमा भएको प्रेम श्रद्धा हो, स्वार्थ बुद्धिले सांसारिक पदार्थमा गरिने प्रेम राग र ईश्वरमा पवित्र निष्काम भावले गरिने प्रेम भक्ति हो ।

श्रीमद्भागवतमा भनिएको छ– परब्रह्म परमात्माको अनुराग र श्रद्धापूर्वक पूजन मोक्ष काम, सकाम वा निष्काम सबैले गर्न योग्य छ । जन्म-मरणको पाशाबाट छुट्नु परब्रह्म परमात्माको अनुग्रहविना बिलकुल असंभव छ । उनैको अनुग्रह-संपादन गर्न भक्तिमार्गको अवलम्बन गर्नु आवश्यक छ ।

आत्मनस्तु कामाय सर्वं प्रियं भवति ।

यस श्रुतिअनुसार आत्मा नै परम प्रेमास्पद हुनाले त्यसको अन्वेषण गर्नु नै पराभक्ति हो । यसकारण परा र अपराको भेदले भक्ति दुइ प्रकारका बताइएका छन्– परा भक्ति स्वरूपको अनुसन्धान हो र अपरा भक्ति देवादि–विषयक हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्षको निम्ति सबभन्दा ठूलो कुरा भक्ति नै मानिएको छ। त्यो भक्ति कुन हो ? यसको उत्तर हो – आफ्नो स्वरूपको अनुसन्धान अर्थात् खोज गर्नु नै भक्ति हो। यसैलाई भक्तजनहरू परा भक्ति भन्छन् ।

भक्ति जुनसुकै प्रकारको होस्, त्यसको लागि दुइ अनिवार्य आधारको आवश्यकता छ । यी विना भक्ति - साधनमा सफलता प्राप्त गर्नु सम्भव छैन । यी दुइ आधार हुन्– प्रेम र श्रद्धा ।

प्रेम – प्राय: हामी प्रेमको नाममा कामको उपासना गर्छौं । हामीलाई मलिन कामले नचाउँछ र हामी भ्रमवश प्रेमको निर्मल वेदी मा आत्मोत्सर्ग गर्‍यौं भनी फुल्छौं । अत: शुरूमा नै हामीले सावधान भई अगि बढ्नुपर्छ । हामी आत्मनिरीक्षण गर्दै–रहौं हामी कामनाको चङ्गुलमा छौं वा प्रेमको निर्मल आकर्षणले हामीलाई आकर्षित गरिरहेछ ।

बिलकुल बैध तरीकाले कहीं केही मर्यादाको उल्लंघन नहुने गरी स्थापित गरिएको संम्बन्धमा पनि प्रेमको भ्रम काम गरिएको हुन्छ। ऋषि–महर्षि- हरूलाई यो कुरा पूरा थाहा थियो। उनीहरूले यसको विश्लेषण गरी भनेका छन्–पतिको प्रयोजनको निमित्त पति प्रिय हुँदैन, आफ्नै प्रयोजनको निमित्त पति प्रिय हुन्छ। स्त्रीको प्रयोजनको निमित्त स्त्री प्रिय हुन्न आफ्नै प्रयोजनको निमित्त स्त्री प्रिय हुन्छे इत्यादि (बृहदारण्यकोपनिषत् २।४।५)

यो कुरा पढ्दा-सुन्दा त यस्तो कसरी हुन सक्छ भन्ने पनि लाग्छ, तर आज- भोलिका नर-नारीको जीवनलाई लिएर सूक्ष्म विचार गरेपछि भने हामीलाई सन्देह रहने छैन । यसै निमित्त ऋषिहरूले राम्रो मर्यादा कायम गरेर यी सब काममूलक सम्बन्धलाई भगवत्प्रेममा परिणत गर्ने सरल एवं सुन्दर व्यवस्था गरिदिएका थिए– सबैले एक-अर्कोलाई भगवान्‌को स्वरूप संझेर प्रेम गर्नुपर्छ । यस मर्यादाको अनुसरण गरेको खण्डमा यी काममूलक सम्बन्धको दोष हामीलाई लाग्न सक्दैन, बरु हामी नै आफ्नो जीवनको चरम लक्ष्यमा पुग्नेछौं। विषलाई शोधन गरेर हामी अमृत बनाउनेछौं, हाम्रो यो काम सम्बन्धको पर्यवसान भगवत्प्रेममा नै हुनेछ। पाश्चात्य देशतिर अलि दृष्टि दिइ हेरौं। हाम्रो संस्कृतिमा पनि यो उन्मादको छाया पर्न थालेको छ। यसका केही-केही उदाहरण हामी आफ्ना स्कूल-कलेजका छात्र-छात्राहरू र कुनै कुनै उच्छृंखल युवक-युवतीमा पनि देख्छौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ स्वयं सुख पाउने इच्छा छ, त्यहाँ प्रेम होइन काम हुन्छ । किन्तु यस सम्बन्धमा हामी धेरैपटक धोका खान्छौं । अहंकार हाम्रो चरित्रको हरेक छिद्र र धाँजाबाट कीटाणु झैं पस्न नसकिने ठाउँमा चूपचाप भित्र पसी शिर निकालेर कसरी हेर्छन् त्यसलाई हामीले सधैं विचार गर्नुपर्छ । यसलाई त ज्ञानरूप शोधक र निर्विष गर्ने औषधिले नष्ट नै गर्नुपर्छ ।

जहाँ गए पनि मन त साथैमा रहनेछ । मनमा भरिएको छ संसार, भरिएको छ स्वार्थ–वासना र काम-वासनाले । आवश्यकता त यस कुराको छ कि सच्चा नियतले आत्म परीक्षण गरी कामरूप विषलाई शोधन गरौं । फेरि यो अमृत हुनेछ र अनन्त शाश्वत सुख-शान्तिको द्वार खोलिदिनेछन् ।

एकजना वीतराग महात्माको भाषामा प्रेमको महिमा सुन्नुहोस्– वास्तवमा प्रेमजस्तो कुनै रसिलो पदार्थ संसारमा न भयो न त हुनेछ । सारा संसार ब्रह्मादेखि लिएर कमिलासम्म प्रेममा नै लग्गू देखिन्छन् ।

हाँसेकालाई रुवाउनु, रोएकालाई हँसाउनु तेरो खेल हो । ओ प्यारा प्रेम ! तँ बडो रसिलो छस् । तेरो रस-रूपको अलिकति पनि चसको जसले पायो त्यो अमृत बनिहाल्यो ।

कसैले ठीक नै भनेका छन्– "प्रेममा नियम छैन ।" संपूर्ण ब्रह्माण्डमा तैंले चटकीले बाँदरलाई जस्तै नचाएको कुनचाहिं प्राणी छ ? अब तँ नै भन्– तँ को होस् ? तेरो स्वरूप के हो ? न तँ कहाँ रहन्छस् ? र तेरो के प्रयोजन छ? यसको उसले जुन उत्तर दियो, त्यसले हृदयलाई शान्त गर्नमा बिजुलीको काम गर्‍यो । उत्तर यो थियो– म त सब प्राणीको हृदयमा बसेको छु । तर कृपण चित्त भएकाहरू मलाई त्यहाँ नपाएर बाह्य पदार्थमा पाउने भ्रममा मेरो खोजी गर्दै भट्कँदै हिँडिरहेका छन् । अन्तःस्थित वस्तु बाहिर कसरी प्राप्त हुन सक्छ ? मानिसहरू बाहिर भड्किलो र चहकिलो पदार्थमा मेरो खोजीको लागि धूलो केलाउँदै बरालिंदै हिंड्छन् । जसरी बाफलाई दबाउन सकिन्न त्यसरी नै मेरो वेग दब्न सक्तैन ।

प्रेमी हो ! विचार गर । कस्तो आश्चर्य तिमी आफैं आफ्नो आन्तरिक बेगले बेचैन भई आफ्नो प्रेमपूर्ण दृष्टिद्वारा बाह्य पदार्थलाई सुन्दर रूप दिएर आफैं त्यसको पछि-पछि दगुर्छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुतः सौंन्दर्य पदार्थगत होइन, अपितु तिमी नै आफ्नो मनोहर दृष्टिले वस्तु-हरूलाई मनोहर बनाउँछौं। वास्तवमा संम्पूर्ण सौन्दर्यको स्रोत प्राणीहरूको आ-आफ्नो हृदयबाट नै निस्कन्छ। जस्तो सूर्यको प्रकाश पर्वत, पृथ्वी,वृक्ष आदि सम्पूर्ण जड पदार्थमा परेर तिनलाई प्रकाशवान् बनाउँछन्, तर वास्तवमा पर्वत आदि स्वरूपद्वारा प्रकाशवान् छैनन्, स्वरूपतः प्रकाशवान् त सूर्य नै हुन्छन्, त्यसैगरी प्रत्येक प्राणी आफ्नो अन्तःस्थ प्रेमस्वरूको ज्योतिद्वारा नै आफ्नो प्रिय पदार्थलाई प्रेममय बनाउँछन्, तर वास्तवमा प्रेमस्वरूप त आ-आफ्नो आत्मा नै हुन्छन् ।

प्रिय प्रेमी हो ! तिमी पनि बाहिर नाना भाँतिका भौतिक भोग्य-पदार्थरूपी ऐनामा आन्तरिक प्रेमस्वरूप आत्माको प्रतिविम्बलाई नै सत्य ठानेर पुतलीले जस्तै त्यसलाई समात्न दौडेर आफूले आफैंलाई भस्म गरिरहेछौं। हो, यिनलाई प्रतिविम्बरूप जान, यदि विम्बतिर फर्केर त्यसलाई आलिङ्गन गर्छौ भने अवश्य छाती ठन्डा हुनेछ। विचार गर– प्रेम सधैं अनुकूल पदार्थसित हुने गर्छ, प्रतिकूल पदार्थमा त प्रेम हुन्छनै कसरी ? अनुकूल आत्मरूप भएपछि मात्र हुन्छ। जुन पदार्थ आफ्नो प्रियरूप आत्माको प्रेममय किरणद्वारा सुशोभित हुन्छ, त्यही अनुकूल विषय हुन्छ।

विचारशील प्रेमी हो ! तिमी आफ्नो अन्तःस्थित परम प्रेममाथि अधिकार प्राप्त गरेर संसारका सम्पूर्ण पदार्थबाट प्रेम पाउन सक्छौ । यो आत्मप्रेम स्वार्थमूलक छैन, किन्तु स्वार्थत्यागको अवधि हो । यो आत्मप्रेमको अर्थ इन्द्रिय र शरीरादि अथवा शारीरिक स्वार्थी तत्त्वहरूसित प्रेम गर्नु होइन, किन्तु मन, इन्द्रिय र शरीर आदिको सार तथा आधारभूत परम ज्योति, जो मन आदिको विकारबाट सर्वथा निर्विकार छ, त्यही नै परम प्रेमको विषय हो। शरीर आदि विकारी वस्तु त प्रेम गर्न योग्य हुनै सक्तैन, जुन वस्तु हरक्षण बदलिरहेको हुन्छ त्यससंगको प्रेम सुखको साधन हुनै सक्तैन। जोसंग प्रेम गर्नु धोखाको कुरो छ, त्यससित प्रेम गर्नाले उल्टो कलेजा छिया-छिया नभई छाड्दैन। प्रेम गर्न योग्य त त्यही नित्य निर्विकार परम सत्य नै छ, त्यो नित्य एकरस रहेर सम्पूर्ण पदार्थमा परिपूर्ण भइरहेछ। जो एक मेरो व्यष्टि शरीरमा व्याप्त छ, त्यही परम ज्योति समष्टि शरीरमा तृण, मृत्तिका, पाषाण, नदी, पर्वत, पशु, पक्षी र चारै खानी, (उद्भिज, स्वेदज, अण्डज, जरायुज) र चारै वाणीमा (परा, पश्यन्ति, मध्यमा वैखरी) व्याप्त रहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समतापूर्ण प्रेमको स्थिति प्राप्त गर्नको लागि अपवित्र र फोहर बन्धनलाई तोड्नुपर्छ। जसरी तलाउको पानी रोकिन जानाले फोहर भई लेदो जमेर सुक्छ, किन्तु नदी-नालाको पानी बगिरहेको हुनाले सधैं निर्मल भैरहन्छ, त्यसैगरी हृदयगत प्रेम पनि तुच्छ स्वार्थको सीमाभित्र आबद्ध रहनाले स्वार्थमूलक रागको रूपमा खडा भएर द्वेषरूपी दुर्गन्ध निकालेर सुक्छ! यस कारण स्रोत चलोस् र निर्मल होस् भन्नाको लागि यी बन्धनलाई तोड्नु अति आवश्यक छ। यसको मुख्य साधन यही हुन सक्छ, के भने निष्कामनाबाट यस प्रेमको नाता ईश्वरसंग जोड्नुपर्छ, किनभने जबसम्म यस प्रेमको सम्बन्ध ईश्वरसंग छोडिंदैन, तबसम्म यहाँबाट अलग्गिनु सम्भव छैन।

भक्तिको प्रयोजन– मनमा जुन रजोगुण, चंचलता अर्थात् विक्षेप रहन्छ त्यसलाई निवृत्त गर्नु नै भक्तिको उद्देश्य हो। रजोगुणको वेगलाई दबाउने नगरेर त्यसलाई ईश्वरको भक्तिद्वारा निकाल्नु आवश्यक छ। जुन प्रकार फलामले फलाम काटिन्छ, किन्तु तताएको फलामले फलामलाई काट्न सक्तैन, बरु चिसो फलामले तातो फलामलाई काट्न सक्छ, त्यसै प्रकार भक्ति-प्रधान सत्त्वगुण मिश्रित रजोगुण-बाट नै रजोगुण निवृत्त गर्न सकिन्छ।

मानिस जुन भुइँमा लडेको हुन्छ त्यसै भुइँको सहारा लिएर उठ्न सक्छ. त्यसको सहाराविना उठ्नु असंभव छ। यो दृष्टान्त र सिद्धान्तअनुसार मन नामरूपी भुइँमा लडेको छ। यसकारण ईश्वरसम्बन्धी नामरूप सहारा लिएर नै यी सांसारिक नाम-रूपबाट यो माथि उठ्न सक्छ।

शब्दको स्वभाव के छ भने त्यसले कुनै न कुनै विशेषणलाई लिएर परिच्छिन्न वस्तुको ज्ञान गराउँछ, अपरिच्छिन्न वस्तुको ज्ञान गराउनमा शब्द कुनै पनि प्रकारले समर्थ छैन। मतलब के भने निर्गुण परमात्मामा मन र वाणीको गति छैन। यसकारण वाणी र मनद्वारा जुन कथन र चिन्तन हुन्छ त्यो सगुणको अन्तर्गत नै हुन्छ। जहाँ सगुणसित विद्वेष छ त्यहाँ निर्गुण भक्तिसितको सम्बन्ध नै के ? निर्गुण भक्ति त तब उत्पन्न हुन्छ जब संपूर्ण रागद्वेषदेखि हृदय निर्मल भएको हुन्छ। जसको देहमा अहम्-अभिमान छ ती निर्गुण भक्तिका अधिकारी हुन सक्तैनन्। सगुण भक्तिद्वारा नै त्यो अधिकारी आफ्नो सुन्दर भावको उद्‌गार प्रकट गर्न सक्छ र पवित्र भावोद्‌गारद्वारा नै सत्त्वगुण हृदयमा भरपूर भएर रजोगुणलाई बाहिर फ्याँक्छ। वास्तवमा मनको जडतालाई पगाल्ने साधन साँच्चै भनौं भने सगुण भक्ति नै हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धा– प्रेमको साथसाथै अर्को वस्तु श्रद्धा हो, श्रद्धाविना कुन पनि साधन सफल हुन सक्तैन । श्रद्धाको साधारण अर्थ विश्वास हो र गुरु र शास्त्रको वचनमा विश्वास हुनु श्रद्धाको मुख्य अर्थ हो । जस्तो-जस्तो यो जीवको विश्वास हुन्छ, त्यस्तै-त्यस्तै यसको भावना हुन्छ र त्यस्तै-त्यस्तै यसको गति र चेष्टा हुन्छ, अनि त्यस्तै नै यसको स्वरूप हुन्छ। पुनर्जन्मको मूलको यही रहस्य छ र जस्तो-जस्तो यस जीवनको श्रद्धा हुन्छ, त्यस्तै-त्यस्तै यसको भावना हुन्छ, त्यस भावनाअनुसार नै यसको कर्म हुन्छ र फेरि ती कर्मअनुसार नै यस जीवलाई त्यस्तै योनि प्राप्त हुन्छ ।

संसारमा जुनसुकै पुरुषलाई पनि संसारिक विद्या वा व्यवसाय प्राप्त भएको छ, त्यो सब त्यसको श्रद्धाकै फल हो । श्रद्धाविना तुच्छ सांसारिक कलाकौशल आदिको प्राप्ति हुनु नै असंभव छ भने त्यो अगम्य वस्तुको प्राप्ति श्रद्धाविना कसरी हुन सक्ला ?

जति-जति पदार्थमा आसक्ति हुन्छ, त्यति-त्यति नै हृदय पनि कठोर हुन्छ र कठोरताको भक्तिसित विद्वेष छ । भक्तिको निमित्त त कोमलताको आवश्यकता छ, हृदय कोमल छ भने त्यसबाट गंगाको प्रवाह झैं प्रेमको प्रवाह चल्छ ।

शास्त्रले आज्ञा दिएको छ– माता, पिता, तथा आचार्यलाई देवरूपले ग्रहण गर । यस प्रकार जब यी शरीरमा भक्तिभाव उत्पन्न भई आफूभन्दा वयोवृद्ध, वर्णवृद्ध, आश्रमवृद्ध तथा ज्ञानवृद्ध शरीरमा प्रणाम, वन्दना र उत्थान आदिद्वारा श्रद्धाभाव प्रकट हुन्छ, तब मात्र त्यो अधिकारी ईश्वरभक्तिको पात्र हुन सक्छ । चित्तको कोमलताद्वारा सोपानक्रमले अहंभावलाई गलाई सर्वत्र ईश्वर-दर्शन गर्नु नै उपासनाको मुख्य उद्देश्य हो । वृद्धजनको सेवा आदिद्वारा हृदय कोमल भएर सत्त्वगुणको वृद्धि हुन्छ र यसले गर्दा आयु, विद्या, यशको वृद्धि हुन्छ र सत्त्वगुणद्वारा नै मनोबलको वृद्धि हुन्छ ।

आज हामीलाई सबभन्दा ठूलो आवश्यकता कुन कुराको छ भने हामी आस्तिक बनौं, प्रभुको सत्तामा हाम्रो विश्वास होओस् र यो विश्वास निरन्तर बढी नै रहोस्ः किनभने यसै विश्वासको गारोमा नै समस्त शुभको अटाली खडा भई उठ्छ । भन्न त हामीमध्ये धेरैजसो आफूलाई आस्तिक मान्दछौं तर यो आस्तिकता आफैंलाई धोका दिने कुरो हो। यस्तो आस्तिकताले हामीतिर आइरहेको अशुभको प्रवाहलाई कदापि रोक्न सक्तैन।

आस्तिकताको बीउ रोप्नुको अर्थ के हो भने हामीमा भगवान्प्रति जुन असली नक्कली धेर-थोर विश्वास छ त्यसलाई हामी क्रियात्मक रूपमा प्रयोग गरौं । यदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामी कुनै पनि अंशमा आस्तिक छौं भने कम-से-कम चार कुरामा त हामीमा केही न केही विश्वास हुनैपर्छ ।

(१) भगवान् सर्वत्र हुनुहुन्छ ।
(२) उहाँ सर्व-शक्तिमान् हुनुहुन्छ ।
(३) उहाँ सर्वज्ञ हुनुहुन्छ ।
(४) यस्तो महामहिम भइकन पनि उहाँ हाम्रो सुहृत हुनुहुन्छ ।

हाम्रो मात्र होइन, समस्त भूतप्राणीका सुहृदय हुनुहुन्छ । उपर्युक्त चार कुरामा हाम्रो जे-जस्तो विश्वास छ, त्यसलाई हामी आफ्नो जीवनको दैनिक कर्ममा समावेश गर्न प्रारम्भ गरौं । प्रभुको सर्वव्यापकता, सर्वज्ञता, सर्वशक्तिमत्ता र सौहार्दमा हाम्रो विश्वास टुटे-फुटेकै भए पनि त्यसलाई हामी कर्मको साथ जोड्ने काममा लागौं।

यो नियम बनाऔं– चौबीसै घण्टामा दश-बीस-पचास-सयचोटि जति बेरसम्म बिलकुल सजिलैसँग सम्भव हुन्छ, त्यति नै चोटि, त्यति नै बेरसम्म प्रभु सर्वत्र हुनुहुन्छ भन्ने भावना गरौं । यो भावना गरिरहँदा हाम्रो एक शिष्य, नोकर वा अफिसको चपरासी गिलासमा पानी लिएर हामीलाई दिन आयो । अब त्यति बेला हामीले प्रभु जब सर्वत्र हुनुहुन्छ, यो नोकरमा पनि अवश्य नै उहाँ नै हुनुहुन्छ भन्ने अनुभव गर्ने प्रयास गर्नुपर्छ ।

शक्तिको केन्द्रबिन्दु प्रभु नै हुनुहुन्छ –यो ध्रुव सत्य हो । आज हामीबाट जुन काम भइरहेछ, त्यो प्रभुको सामर्थ्यबाट नै भइरहेछ तर हाम्रो अभिमानले गर्दा त्यो सत्य हाम्रो सामु व्यक्त हुन पाउँदैन, साथै अभिमानले गर्दा नै प्रभुको शक्तिलाई पूर्ण रूपले सञ्चालित हुने मार्ग पनि प्राप्त हुँदैन ।

भगवान्‌को सर्वज्ञताको विश्वासलाई क्रियात्मक रूप दिने आवश्यकता विशेष गरी जुन ठाउँमा हामी अशुभ प्रवृत्तिद्वारा परिचालित हुन्छौं, त्यस ठाउँमा छ। भगवान्‌को सर्वज्ञतामा श्रद्धा गरी यो बीज रोप्न शुरू गरेर अशुभ प्रवृत्तिदेखि विस्तार-विस्तार संकोच मान्दै गर्‍यौं भने यसबाट दुइ कुराको लाभ हुन्छ– एक श्रद्धा बढ्न थाल्छ र अर्को अशुभबाट पनि हामीलाई क्रमशः छुट्कारा मिल्छ ।

अन्तमा भगवान्‌प्रति सौहार्द-श्रद्धा बढाएर जीवनसँग त्यसको सम्बन्ध जोड्ने कुरो छ । त्यसैले हामीले के गरौं भने कुतर्क गर्न छाडेर भगवान्‌को स्नेहमय दानलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिक्षण पाइला-पाइलामा अघिदेखि हाम्रो सुख-सुविधाको लागि उहाँद्वारा गरिएको व्यवस्थाको महत्त्व गन्न थालौं ।

भगवान्को श्रद्धारूपी खेतबाट हाम्रा सम्पूर्ण कामना सधैंको लागि पूर्ण हुनेछन् । श्रद्धाको खेती लहलहाएपछि खेतीका स्वामी भगवान् पनि त्यस शोभाको आनन्द लि ेको लागि त्यसै खेतमा आएर विराजमान हुनुहुन्छ । उहाँ आउनु भएपछि अहंकार रहँदैन । अहंकार गयो कि विकारजति सब विलीन हुन्छन् ।

सारांशमा भन्ने हो भने प्रेम र श्रद्धाविना भक्तिमार्गमा सफलता प्राप्त गर्नु असंभव छ । अब भक्तिको विषयमा स्वामी विवेकानन्दको विचार उहाँकै भाषामा दिइन्छ । उहाँ भन्नुहुन्छ- ज्ञान र भक्तिबीच मानिसहरूले अनुमान गरेजति ठूलो अन्तर छैन, किन्तु यी दुवै हामीलाई एउटै लक्ष्यमा पुऱ्याउने मार्ग हुन् ।

भक्तियोगको एक ठूलो लाभ के छ भने त्यो हाम्रो चरम लक्ष्य (ईश्वर) मा पुग्ने सबभन्दा सरल र स्वाभाविक मार्ग हो । तर यसबाट एक विशेष भयको आशंका के छ भने त्यसैले आफ्नो निम्न वा गौण अवस्थामा मनुष्यलाई बहुधा भयानक मतान्ध र कट्टर बनाउँछ । प्रत्येक धर्म र देशमा जति पनि दुर्बल र अविकसित वृद्धि भएका मानिस छन्, तिनीहरू आफ्नो आदर्शलाई प्रेम गर्ने एउटै उपाय जान्दछन्, त्यो हो- अरू आदर्श र धर्मलाई घृणाको दृष्टिले हेर्नु । जो व्यक्ति आफ्नो संप्रदाय, आफ्नो मत लिएका मानिसप्रति दयालु छ, त्यही व्यक्ति आफ्नो संप्रदायदेखि बाहिरका मानिस-प्रति जुनसुकै खराब काम गर्न पनि चुक्तैन । तर यो आशंका भक्तिको निम्नस्तरीय अवस्थामा मात्र रहन्छ । परन्तु जब भक्ति परिपक्व भएर त्यस अवस्था- (जसलाई हामी परा भक्ति भन्छौ) – मा पुग्छौं, तब यस प्रकारको भयानक मतान्धता र कट्टरताको फेरि आशंका नै रहँदैन ।

जुन चरित्रमा ज्ञान, भक्ति र योग- यी तिनको राम्रो सम्मिश्रण छ त्यही सर्वोच्च कोटिको हो भन्ने हामी बुझ्छौं । पक्षीलाई उड्न तीन अंगको आवश्यकता पर्छ- दुइ पखेटा र पतवारको रूपमा एक पुच्छर । ज्ञान र भक्ति मानौं दुइ पखेटा छन् र योगचाहीं पुच्छर हो, जसले सामञ्जस्य राख्ने काम गर्छ । ज्ञानीको दृष्टिमा भक्ति मुक्तिको एक साधन मात्र हो, तर भक्तको दृष्टिमा त्यो साधन पनि हो र साध्य पनि हो । तर यो मतभेद वास्तवमा नाम मात्रको हो । किनभने भक्तिलाई एक साधनको रूपमा लिएपछि त्यसको अर्थ केवल निम्न स्तरको उपासना हुन्छ र यो निम्नस्तरको उपासना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै अगाडि बढेपछि परा भक्तिमा परिणत हुन्छ। **ईश्वरप्रणिधानाद्वा–** यस सूत्रको व्याख्यामा भगवान् व्यास भन्नुहुन्छ– प्रणिधान त्यो भक्ति हो जसद्वारा त्यस योगीमा परमेश्वरको अनुग्रह भई त्यसको संपूर्ण आकांक्षा पूरा हुन्छ ।

गुरुको आवश्यकता– प्रत्येक जीवात्माले पूर्णत्व प्राप्त गर्नु अत्यन्त निश्चित छ र अन्तमा सबैले पूर्ण अवस्था प्राप्त गर्ने नै छन् । हामी स्वयं नै आफ्नो भाग्य निर्माण गरिरहेछौं; किन्तु यसो भन्नाको अर्थ हामीलाई बाहिरको सहायताको आवश्यकता छैन भन्ने सम्झनु हुन्न । धेरैजसो ठाउँमा यस प्रकारको सहायताको आवश्यकता हुन्छ । जब यस्तो सहायता प्राप्त हुन्छ, अनि आत्माका उच्चतर शक्ति-हरू र आपाततः अव्यक्त प्रतीत हुने भाव विकसित हुन थाल्छन् । यो संजीवनी शक्ति पुस्तकबाट प्राप्त हुन सक्तैन । यस शक्तिको प्राप्ति त एक पवित्र आत्माले अर्को पवित्र आत्माबाट नै गर्न सक्छ । पुस्तकको अध्ययन मात्र हाम्रो आध्यात्मिक विकासको लागि पर्याप्त छैन । बुद्धिमा जीवात्माको शक्तिलाई जागृत गर्नको लागि कुनै अर्को पवित्र आत्माबाट नै शक्तिको संचार हुनुपर्छ । जुन व्यक्तिको आत्माबाट अर्को आत्मामा शक्तिको संचार हुन्छ त्यही गुरु कहलाउँछ; जसको आत्मामा त्यो शक्ति संचारित हुन्छ । त्यही शिष्य कहलाउँछ ।

यथार्थ धर्मगुरुमा अपूर्व योग्यता हुनुपर्छ र शिष्य पनि कुशल हुनुपर्छ– **आश्चर्यो वक्ता, कुशलोऽस्य लब्धा** (कठोपनिषत्) । दुवै अद्भुत र असाधारण हुँदा अद्भुत आध्यात्मिक जागरण हुन्छ, अन्यथा हुन सक्तैन ।

कति मानिस त यस्ता पनि छन् जो स्वयं अज्ञानी भईकन पनि आफूलाई सर्वज्ञ ठान्छन् । त्यति मात्र होइन अरूलाई पनि आफ्नो काँधमा बोकेर लैजान तयार हुन्छन् । यस प्रकार अन्धो अन्धाको अगुवा बन्दा दुवै भड्खारोमा पर्छन् । भनिएको पनि छ– "अज्ञानले ढाकिएको, अत्यन्त निर्बुद्धि भईकन पनि आफूलाई महापंडित ठान्ने मूढ व्यक्ति अन्धाको नेतृत्वमा हिंड्ने अन्धोजस्तै चारै दिशामा ठक्कर खाँदै व्यर्थमा यता र उता घुम्छ । संसार त यस्तै-यस्तै मानिसहरूले भरिएको छ । हरेक मानिस गुरु हुन खोज्छ ।

हाम्रो सहायताको लागि गुरुको आगमन हुँदा हाम्रो अन्तरात्माले आफूमा सत्य-सूर्यको किरण परेको आफैं जान्दछ । सत्य स्वयं नै प्रमाण छ, त्यसलाई प्रमाणित गर्नको लागि कुनै अर्को साक्षीको आवश्यकता छैन– त्यो स्वयं प्रकाश छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन आचार्यको हृदयमा सत्य र ज्ञान सूर्यसमान देदीप्यमान हुन्छ, त्यही संसारमा सर्वोच्च महापुरुष हो र अधिकांश मानवजातिद्वारा त्यसको उपासना ईश्वरको रूपमा हुने गर्छ ।

श्रीरामकृष्ण परमहंस एउटा कहानी भन्ने गर्नुहुन्थ्यो– दुइजना मानिस आँपको बगैंचामा घुम्न गए । एउटा चाहिं रूख र पातहरू गन्न थाल्यो र अर्को चाहिं आँप खान थाल्यो । यी दुइमा कुन बुद्धिमान्, तिमी आफैं विचार गर । आँप, खायो भने पेट भरिन्छ, केवल पात गनेर हिसाब लगाउनाले हुने के ? पात गन्ने र अर्कोलाई बेलिविस्तार गर्ने भाव बिलकुल छाडा । धर्म र भक्तिको लागि यसरी पात गनेर श्रम गर्ने आवश्यकता छैन ।

गुरुको लागि अर्को आवश्यक कुरो हो– निष्पापता । अतएव गुरुको सम्बन्धमा हामीले पहिले उनको चरित्र के-कस्तो छ यो थाहा पाएको हुनुपर्छ र अनि उनी के भन्छन् यो पनि विचार गरेको हुनुपर्छ । उनी पूर्णरूपेण शुद्धचित्त हुनुपर्छ, अनि मात्र उनको शब्दको प्रभाव पर्छ र उनी सच्चा संचारिक हुन सक्छन् । यदि आफैंमा आध्यात्मिक शक्ति छैन भने उनी शक्तिसंचार कसरी गर्लान् ?

गुरुको लागि तेस्रो आवश्यक कुरो हो– उद्देश्य । उनको कार्य त सारा मानव जातिप्रति विशुद्ध प्रेमद्वारा प्रेरित हुनुपर्छ । जो शास्त्रज्ञ, निष्पाप, काम-गन्धहीन, श्रेष्ठ ब्रह्मवित्तम छ, त्यही सच्चा गुरु हो ।

गुरु नै धर्म पिपासाका आँखा खोल्ने हुन्छन् । गुरुप्रति विश्वास, नम्रता, विनय र श्रद्धाविना हामीमा धर्मभाव मौलाउन सक्तैन । धर्म नै सर्वोच्च ज्ञान हो, यही सर्वोच्च विद्या हो भन्ने कुरा हमेसा सम्झनुपर्छ । तिमी चाहे संसारको कुना कुनामा खोजीपस, हिमालयको शिखरमा पुग, तिब्बत र गोबी मरुभूमिको धूलो छान, तर जबसम्म तिम्रो हृदय धर्मलाई ग्रहण गर्न तिमीले चाहेको संसारको कुना-कुनामा खोजी पस, हिमालयको शिखरमा तयार हुँदैन तबसंम तिमी धर्मलाई खोजेर कहीं पाउन सक्तैनौ ।

यो जीवन हामीले सांसारिक भोग भोग्नको लागि पाएका होइनौं । विषयमा सुखको प्रतीति मात्र हुन्छ, वास्तवमा त्यसमा कुनै सुख छैन । विषयबाट सुख पाउने आशा गर्नु त छायाको मणि पाउन प्रयास गर्नु जस्तै हो । संसारमा आज यही भइरहेछ । यसकारण हामीहरू वास्तविक सुख पाउनबाट वञ्चित भई दुःख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र पाइरहेका छौं। यही त हो मोहको मदिरा। हामी पनि मोहरूपी मदिरा पिएर विवेक शून्य भएर विषयको पछि पागल जस्तै भएर यता र उति व्यर्थको चक्कर लगाइरहे-छौ। यदि त्यो नित्य हुँदो हो त विषयसुख प्रचुर मात्रामा पुगेका मानिसहरू कहिल्यै दुःखी नभएर सधैं सुखी नै हुन्थे। परन्तु त्यस्तो देखिदैन। संसारको प्रत्येक पदार्थ नश्वर छ, विनाशतिर गइरहेछ। जस्तो बत्तीको शिखा अथवा भनौं नदीको प्रवाह एकै किसिमको देखिए तापनि प्रतिक्षण बदलिइरहेको हुन्छ, त्यस्तै संसारको प्रत्येक पदार्थको प्रतिक्षण रूपान्तर भइरहेको हुन्छ। कुनैको रूपान्तर चाँडो हुन्छ भने कुनैको ढिलो गरी हुन्छ। यस्तो क्षणभंगुर पदार्थमा हामी नित्य सुखको आशा नै कसरी गर्न सक्छौं?

यस शरीरसित हाम्रो संबन्ध कतिन्जेल रहने हो, त्यो केही थाहा छैन। मरेपछि शरीरको साथै हामीले आफ्नो भन्ठानेका ती सम्पूर्ण पदार्थबाट पनि हाम्रो संबन्ध आफैंआफ छुट्छ। त्यसको अतिरिक्त जति पनि विषयसुख छन् ती सब क्षणिक हुनुको साथै विषयुक्त महजस्तै दुःखले भरिएका छन्। अतः विषय सुखलाई त्यागेर वा मर्यादित गरेर जुन वास्तविक एवं स्थायी सुख छ, तथा कहिल्यै नाश हुँदैन र मरेपछि पनि रहिरहन्छ, त्यो सुख प्राप्त गर्न नै हामीले प्राणप्रणले चेष्टा गर्नुपर्छ। यही हाम्रो जीवनको लक्ष्य एवं उद्देश्य हुनुपर्छ। यही परम पुरुषार्थ हो, यसैलाई परमात्मा अथवा परमपदको प्राप्ति भन्छन्। यसैको लागि हामीले देवताहरूको लागि पनि दुर्लभ यो मानवजन्म पाएका छौं।

भोगसुख त हामीलाई देव, तिर्यक् आदि अरू योनिमा पनि प्राप्त हुन सक्छ। परन्तु यो सुखको प्राप्ति अरू कुनै योनिमा होइन, मनुष्य-योनिमा नै संभव छ, किनभने अरू योनि त सबै भोगयोनि हुन्। यसै निमित्त मनुष्यदेह क्षणभंगुर हुँदाहुँदै पनि देवदुर्लभ भएको छ।

अब हामीले दुःखको आत्यन्तिक निवृत्ति र अविनाशी सुख प्राप्त गर्ने उपाय के हो यसमाथि विचार गर्नु छ। सबै प्राणी सुख चाहन्छन्, दुःख कोही पनि चाहँदैनन् तर सबै मानिस दुःख र अशान्तिको ज्वालाले पिलिसिइरहेछन्। यसैले गर्दा भगवान्ले जगत्लाई दुःखालय (दुःखको घर) भन्नुभएको छ। मानिसलाई चिन्ता, शोक, भय, दुःख आदि त प्रारब्धअनुसार नै हुन्छ। तर यसबाट सुखी-दुःखी हुनु हाम्रो आफ्नै ज्ञान अथवा अज्ञानको अनुपात अनुसार नै हुन्छ। अज्ञानको नाश भएपछि राग, द्वेष, चिन्ता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोक, भय आदिको पनि नाश हुन्छ र अज्ञानको नाश परमात्माको यथार्थ ज्ञानबाट हुन्छ। अतः दुःख एवं शोकबाट मुक्त हुनको लागि मानिसले आफ्नो सारा समय परमात्माको तत्त्वज्ञान प्राप्त गर्ने साधनमा लगाई त्यसलाई प्राप्त गरेर नै विश्राम लिनुपर्छ। त्यो यथार्थ ज्ञान, विवेक र वैराग्यपूर्वक सद्गुरु र सदाचारको सेवन गर्नाले प्राप्त हुन्छ र दैवी संपत्ति प्राप्त गर्न भगवान्‌को भक्तिद्वारा सजिलो हुन्छ। यसप्रकार भगवान्‌को भक्ति नै उनको तत्त्वज्ञान गराउने सर्वोपरि साधन हो। अतः मानिसले श्रद्धा र प्रेमपूर्वक भगवन् भक्तिको नै अभ्यास गर्नुपर्छ।

भगवान्‌को भक्ति गर्न मनुष्यमात्रलाई समान अधिकार छ; कुनै पनि वर्णाश्रमको, कुनै पनि जातिको, कुनै पनि समाज र कुनै पनि अवस्थाको व्यक्ति किन नहोस् भगवान्‌को भक्ति गर्नुमा कसैको लागि रोकावट छैन। भक्ति गर्न न विद्याको न त बुद्धिको आवश्यकता पर्छ। मूर्खमा महामूर्ख र पापीमा महापापी पनि र भगवान्‌को भक्ति गरेर परम पवित्र भई उनको कृपा प्राप्त गर्न सक्छ। यस कृपाको बलले उसलाई अत्यन्त चाँडो परमात्माको प्राप्ति हुन्छ।

मानिसले आफ्नो जीवन कालमा जुन कुराको निरन्तर अभ्यास गर्छ, त्यसको अन्तकालमा पनि स्मृति हुन्छ भन्ने कुरा एक मनोवैज्ञानिक सिद्धान्त हो। अन्तकालमा पुरुषलाई जुन वस्तुको स्मृति हुन्छ, मृत्युपछि उसको त्यही स्वरूप हुन्छ। भगवान् भन्नुहुन्छ– जुन पुरुष अन्तःकालमा मलाई संझँदै शरीर त्याग गर्छ त्यसले साक्षात् मेरो स्वरूप प्राप्त गर्छ भन्ने कुरामा कुनै सन्देह छैन–

अन्तकाले च मामेव स्मरन् मुक्त्वा कलेवरम्।
यः प्रयाति स मद्भावं याति नाऽस्त्यत्र संशयः॥

(श्रीमद्भगवत् गीता ८।५)

जतिसुकै पापी वा मूर्ख किन नहोस् भगवान्‌को स्मरण गर्छ भने त्यसको पनि निःसन्देह उद्धार हुन्छ।

हिन्दू-साहित्यलाई प्रायः तीन भागमा विभक्त गर्न सकिन्छ– कर्मप्रधान वैदिक युग, ज्ञानप्रधान औपनिषद् युग र भक्तिप्रधान पौराणिक युग। वैदिक साहित्य चार भागमा विभक्त छ– संहिता, ब्राह्मण आरण्यक र उपनिषद्। संहिता, ब्राह्मण र आरण्यकमा कर्मकाण्ड र उपनिषद्‌मा ज्ञानमार्गको विवेचना गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमेश्वर एक र अद्वितीय छ। त्यही एकमात्र अद्वितीय सत्तालाई वेदमा ठाउँ ठाउँमा हिरण्यगर्भ, प्रजापति, विश्वकर्मा, पुरुष इत्यादि नामले आव्हान गरिएको छ। यस प्रसंगमा ऋग्वेदको हिरण्यगर्भ–सूक्त (१०।१२१ र पुरुषसूक्त (१०।३०) आदि हेर्न योग्य छन्। अभीष्ट देवताको उद्देश्यले यज्ञादि कर्म, श्रद्धापूर्वक गरिन्थे र यिनमा अर्चना–वन्दना, नमस्कार आदि भक्तिका अंग थिए।

वेदको संहितायुगमा देवविषयक भक्तिमूलक जुन सहजसरल धर्म देखिन्थ्यो त्यही वेदको ब्राह्मण युगमा जटिल क्रियाविशेष बहुल यज्ञानुष्ठानमा पर्यवसित हुन्छ। यद्यपि यज्ञको अनुष्ठान आदि देवताहरूको उद्देश्यले गरिन्छ, तथापि मुख्यतः यज्ञको छ। उपनिषद्युगमा साधकको दृष्टि बहिर्जगत्बाट हटेर अन्तर्जगत्मा केन्द्रीभूत हुन्छ। परम तत्त्वको स्वरूप यो नामरूपात्मक दृश्यप्रपंचको अन्तरालमा एक नित्य शाश्वत सत् पदार्थ छ। ज्ञानयोगद्वारा त्यो जान्नुपर्छ। त्यही ब्रह्म हो।

सगुण ब्रह्मविना भक्तिमूलक उपासना संभव छैन र उपनिषद्मा ब्रह्मको सगुण-निर्गुण, सविशेष-निर्विशेष दुवै प्रकारका भावको विवरण दृष्टिगोचर हुन्छ। त्यसै प्रसंगमा भक्ति शब्दको उल्लेख पनि श्वेताश्वतरोपनिषद्मा गरेको देखिन्छ-

यस्य देवे परा भक्ति: यथा देवे तथा गुरौं।

भक्तिसाधनका आश्रय हुनुहुन्छ -- प्रेमस्वरूप, करूणामय भगवान्। अतएव भक्ति साधनको जुन बीज वेदको संहिताभागमा निहित छ, त्यही क्रमविकासको बाटो भई उपनिषत्मा आएर अंकुरित र पल्लवित भएको देखिन्छ। पुराणमा त्यो कसरी शाखा प्रशाखा भएको, फल-फूलले समृद्ध महान् वृक्षको रूपमा परिणत हुन्छ? यस विषयको आलोचना पछि गरिन्छ।

पुराण पञ्चम वेद नामले शास्त्रमा वर्णित छ। पुराणमा भक्ति महिमाको वर्णन विस्तृत रूपमा गरिएको छ। मोक्षप्राप्तिको निमित्त कर्मयोग, ज्ञानयोग र भक्तियोग–यी तीनै मार्ग प्रसिद्ध छन्। यी तीन प्रकारका योगमा भक्तियोग नै अनायास प्राप्त हुन्छ; किनभने यो योग काय, चित्त आदिलाई पीडा नदिईकन केवल मनोवृत्तिद्वारा संपादित हुन सक्छ। यसकारण यो योग नै सुलभ हो भन्ने संझनुपर्छ।

पुराणले भक्तिमार्गको द्वार सबै वर्ण र सबै आश्रमका लागि खोलिदिएको छ। श्रीमद्भागवत उच्च स्वरमा भन्छ--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहो वत श्वचोऽतो गरीयान् यज्जिह्वाग्रे वर्तते नाम तुभ्यम् ।
तेपुस्तपस्ते जुहुवु; सस्नुरार्यः ब्रह्मानूचुर्नाम गृणन्ति ये ते ।

३।१३।७

अर्थात् जसको जिब्रोको टुप्पोमा तिम्रो नाम छ, चाण्डाल भईकन पनि श्रेष्ठ हुन्छ। जसले तिम्रो नाम लिन्छ, त्यसले यथार्थ तपस्या गऱ्यो, अग्निमा यथार्थ हवन गऱ्यो, त्यसैले तीर्थमा स्नान गऱ्यो, त्यही आर्य हो, त्यसैले यथार्थमा वेदाध्ययन गऱ्यो ।

भक्ति र वर्णाश्रम– वर्णाश्रम-धर्ममा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र– यी चार वर्ण तथा ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र संन्यास यी चार आश्रम छन् । वर्णाश्रममा उँच-नीचपन घृणाको दृष्टिले रहेको होइन । पूरा वर्णाश्रमको व्यवस्था शरीरको जस्तै छ। शरीरमा मुख, हात, खुट्टा, शिश्न, गुदा आदि सबै अंग हुन्छन् । सबै अंग शरीरकै त हुन्, किन्तु केही मुखमा हालिन्छन्, कुनै जमीनमा हिंड्छन्, कुनैलाई स्पर्श गरेपछि माटो लगाएर पानीले हात धुनुपर्छ । चार वर्णबाहेक एक अर्को पञ्चमवर्ण पनि हुन्थ्यो । त्यसमा दुइ प्रकारका मानिस हुन्थे। एक त ती शूद्र हुन् जो सेवा गर्न छाडेर चोरी गर्न थालेका थिए। अर्को पंचम वर्णमा ती हुन्थे, जो वनमा रहन्थे, जसका वर्णोचित संस्कार हुँदैन थियो ।

भक्तिमार्ग वर्णाश्रम-धर्मको खण्डन गर्दैन, बरु समर्थन नै गर्छ । किन्तु परम पदको अधिकारी केवल ब्राम्हण र क्षत्रिय नै हुन सक्छन् भन्ने कुरो यसले मान्दैन। यदि भक्ति छैन भने तिमी चाहे ब्राम्हण होऊ, देवता होऊ, ऋपि होऊ, विद्वान् वा बहुज होऊ भगवान् तिमीसित प्रसन्न हुँदैनन् । यसको विपरीत भक्ति छ भने तिमी चाहे जोसुकै (ब्राम्हण, क्षत्रिय, वैश्य, शूद्र) होऊ, निर्मल भक्तिको प्रभावले तिमी परम पदको अधिकारी हुन सक्छौ। भक्तिमार्गमा प्रपन्नता (शरणागति) माथि सबभन्दा बढी जोड दिइएको छ।

अरू युगमा वर्णाश्रम-धर्मको प्रधानता रहे तापनि यस कलियुगमा त भक्ति नै सर्वश्रष्ठ मानिएको छ। भक्तिमा पनि भगवान्को नामकीर्तनको प्रधानता छ । परन्तु कलियुगका मानिसहरूको दुर्भाग्य सर्वोत्तम गति प्राप्त गर्ने यस्तो सरल साधन पाएर पनि उनीहरू भगवन्नामको उच्चारण गरेर भगवान्को भक्ति गर्दैनन् ।

पुराणमा अवतारवाद-- अवतारवाद पुराण आदि हिन्दूशास्त्रको प्रधान अंग हो। यस अवतारलाई केन्द्र बनाएर भक्तिसाधना र भक्तिधर्मले विशेष परिपुष्टि पाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। पुराणले विश्वातीत ब्रह्मलाई मर्त्यलोकको भूमिकामा ल्याएको छ र सच्चिदानन्दमय भगवान्लाई मनुष्यको बीच पुत्र, भ्राता, सखा, प्रभू र गुरुरूपमा अवतीर्ण गरी भगवान् र मनुष्यको दुर्लंघ्य व्यवधानलाई अद्‌भुत कुशलताका साथ हटाइदिएको छ।

अवतारवादको सूचना वैदिक ग्रन्थमै देखिन्छ। पुराणमा विष्णुको वामन-अवतारको वर्णन छ। ऋग्वेदमा पनि विष्णुले तीन पद प्रक्षेप गरी पृथ्वी, अन्तरिक्ष र द्युलोकलाई परिव्याप्त गरे भन्ने कुरो देखिन्छ। यो बाहेक शतपथब्राह्मण (१-२-५-१-७) मा वामन अवतारको शतपथब्राह्मण (१-८-१।२-०७) मा मत्स्यावतारको, तैत्तिरीयारण्यक (१-२३-१) र शतपथब्राह्मण (७-४-३-५) मा कूर्मावतारको प्रसंग र तैत्तिरीय संहिता (७-१-५-१), तैत्तिरीयब्राह्मण (१-१-३) र शतपथब्राह्मण (१-४-१-२-०-११) मा बराहावतारको उल्लेख गरिएको छ।

उनै भगवान् हामीसँग खेल खेल्नको लागि हामी जस्तै भएर हाम्रो यस भू-मण्डलमा आउनु यो भन्दा बढी जीवको उपर भगवान्को अरू कुन कृपा होला? उनी त कृपाका खानी नै हुन्।

भगवान्को अवतार न त कर्मद्वारा प्रेरित भएर हुन्छ, न उनको शरीर नै पाँचभौतिक वा मायिक नै हुन्छ। उनको जन्म र उनको कर्म दुवै दिव्य अर्थात् अलौकिक हुन्छ। उनी त स्वेच्छाले भक्तिमाथि अनुग्रह गर्नको लागि शरीरधारण गर्ने गर्छन्। भगवान् प्रकृतिलाई वशमा राखेर आफ्नो स्वतन्त्र इच्छाले जन्म लिन्छन् र लीलाकार्य समाप्त भएपछि विनारोकतोक आफ्नो धाममा फर्केर जान्छन्।

प्रकट हुनु र अन्तर्धान हुनु भगवान्को स्वतन्त्र लीला हो, त्यो हाम्रो उत्पत्ति र विनाश जस्तो होइन। एक सिद्ध योगी पनि आफ्नो योगबलले अन्तर्धान हुन्छ र फेरि त्यसै रूपमा प्रकट हुन्छ, किन्तु उसको अन्तर्धानको अवस्थामा उसलाई कसैले मरेको भन्ने सम्झँदैन। महर्षि पतंजलि आदि योगका ज्ञाता एक योगीको त यतिसम्म शक्ति भएको कुरो बताउँछन् भने परमात्मा ईश्वरको लागि अन्तर्धान हुनु र प्रकट हुनु कुन ठूलो कुरो हो र?

मनुष्य-शरीरको विनाश भए झैं भगवान्को दिव्य शरीरको पनि विनाश हुन्छ भन्ने ठान्नु हुँदैन। जुन शरीरको विनाश हुन्छ त्यो यहीं नै रहिरहन्छ, किन्तु देवकीको सम्मुख प्रकट भएको चतुर्भुजरूप र अर्जुनको सम्मुख प्रकट भएको विश्वरूप तथा चतुर्भुजरूप अदृश्य भएपछि तिनलाई त्यहाँ खोजेर पाइँदैन। त्यति मात्र होइन, भगवान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकृष्णले जुन शरीर लिएर लोकहितका लागि यहाँ विभिन्न लीला गरेका थिए त्यो शरीर पनि अन्तमा फेला परेन। जब-जब भक्तहरूले उनको इच्छा गरे तब-तब त्यही श्यामसुन्दर विग्रहद्वारा पुनः प्रकट भई तिनीहरूलाई दर्शन दिएर कृतार्थ गरे।

भगवान्‌को शरीर मायिक हुँदैन। अवतारको जन्म-कर्म अलौकिक (दिव्य) हुन्छ। भगवान्‌को साकार विग्रहको कुरो केवल पुराणादि ग्रन्थमा नै आएको छ भन्ने होइन, ब्रह्म साकार रूपमा प्रकट हुने कुरा उपनिषद्‌मा पनि आउँछ – उदाहरणको लागि ब्रह्म यक्षको रूपमा प्रकट भएर देवताहरूको परीक्षा लिएको प्रसंग केनोपनिषद्‌मा पाइन्छ। भगवान् मनुष्ययोनिमा मात्र होइन अरू योनिमा पनि अवतार लिन्छन्। भगवान्‌का मत्स्य, कूर्म, बराह, नरसिंह आदि अवतार यसै प्रकारका थिए, जसको पुराणमा विस्तृत वर्णन पाइन्छ।

पूजाको निमित्त धातु, ढुङ्गा, माटो, आदिबाट भगवान्‌को जुन प्रतिमा बनाइन्छ तिनलाई भगवान्‌को अर्चावतार भन्छन्। यस अर्चाविग्रहमा भगवान्‌को शक्तिको अवतरण हुने हुनाले यसलाई अर्चावतार भन्छन्। कुनै पनि अवतारको आश्रय लिई भगवान्‌को भक्ति गर्‍यो भने उनको कृपा सहजै प्राप्त गरी त्यसबाट कृतकृत्य हुन सकिन्छ।

पुराणमा एकेश्वरवाद– एक अद्वितीय ब्रह्मतत्त्व नै गुण र क्रियाको भेदले अनन्त नाम र अनन्त रूपमा विभक्त भइरहेछ। विभिन्न पुराणमा ब्रह्मा, विष्णु र शिवको महिमाको वर्णन गरिएको छ, किन्तु एउटै परम तत्त्वको त्रिविध प्रकाश छ र ती स्वरूपतः अभिन्न छन् भन्ने कुरो पनि पुराणशास्त्रमा बारंबार घोषित गरिएको छ। सत्त्व, रज र तम यी तीन गुणलाई नै शरीरको रूपमा धारण गर्ने पुरुषलाई कोही ब्रह्मा, कोही विष्णु र कोही शंकर नामले निर्देश गर्छन्। फलतः एउटै सर्वव्यापी पुरुष त्रिविध रूपमा सृष्टि, स्थिति र संहार गर्छन्। यसकारण ज्ञानी पुरुष उपर्युक्त देवत्रयमा भेदबुद्धि गर्दैन।

सम्प्रदाय-भेद– ज्ञानमार्गको साधनमा एक अद्वितीय ब्रह्मको मात्र मनन निदिध्यासन आदि गर्ने विधान छ, तर भक्तिमार्गमा विष्णु, शिव, शक्ति, सूर्य र गणेशलाई केन्द्र गरी क्रमशः वैष्णव, शैव, शाक्त, सौर र गाणपत्य यी पाँच उपासक संप्रदाय प्रचलित छन् र तिनका मतको परिपोषण गर्ने विभिन्न पुराण, उपपुराण आदिको रचना भएको छ। यी पाँच उपासक संप्रदायमा वैष्णव, शैव र शाक्त– यी तीन संप्र-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दायले विशेष प्राधान्य प्राप्त गरे र प्रत्येकले भक्तिमार्गको साधनामा जोड दिएर आ-आफ्नो सम्प्रदाय अनुसार भक्तिमार्गको साधनाको विशेष-विशेष प्रणाली र पद्धति बनाए।

प्रथम श्रेणी– नैतिकता, सदाचार र शिष्टाचार-सगुण उपसनाको प्रथम श्रेणीमा नैतिकता, सदाचार र शिष्टाचारको मुख्य स्थान छ। जुन पुरुषको आहार-व्यवहार नियमित छैन, त्यो भक्तिमार्गमा कहिल्यै अग्रसर हुन सक्तैन। यसकारण आहार-व्यवहारलाई नियमित गरी दिनचर्यालाई शुद्ध गर्नु अत्यावश्यक छ।

द्वितीय श्रेणी-श्रवण भक्ति– भगवद्गुणानुवाद वा भगवद्भक्तहरूको चरित्रको निरूपण भएको सद्ग्रन्थहरूको अभ्यास गर्नु र स्वानुभवबाटै अधिकारीको अधिकार अनुसार भक्तितत्त्वको निरूपण गर्न सक्ने सत्पुरुषहरूको संगत गर्नु–यही उपासनाको श्रवणरूप द्वितीय श्रेणी हो।

तृतीय श्रेणी-कीर्तन भक्ति–उपासनाको तृतीय श्रेणी हो कीर्तनभक्ति। भगवान् वा भगवद्भक्तहरूको गुणानुवादको गायन गर्नुलाई कीर्तनभक्ति भन्दछन्। श्रद्धा वा भावनायुक्त भक्तको चित्तलाई कीर्तनले स्तब्ध गरिदिन्छ।

चतुर्थ श्रेणी-स्मरण भक्ति अथवा नाममहिमा– भगवान्को नामलाई बारम्बार प्रेमपूर्वक व्यवधानरहित उच्चारण गर्नुलाई जप भन्छन्। सब शास्त्र, मत र पन्थामा मुक्तकण्ठले नामको महिमा गाइएको छ।

संसारमा नाम र रूप अर्थात् शब्द र अर्थ दुवै वस्तु छन्। समस्त प्रपंचरूप संसार नाम र रूपको अन्तर्गत रहेको छ। नाम-रूपको बाहिर त केही पनि छैन। विचार गरी हेरेमा रूपको भन्दा नामको महिमा बढी छ।

नामको उच्चारणबाट संस्कारको उद्वोधन हुन्छ। संस्कारको उद्वोधनबाट पदार्थको स्मृति हुन्छ, स्मृतिबाट रूप, गुण आदिको दृश्य अगाडि आउँछ र दृश्य अगाडि आएपछि भावको उद्गार हुन्छ। यी सबको मूलमा एकमात्र नाम नै रहेको छ। यसकारण विचार गरी हेरेमा नाम र रूप दुवै त्यही अनिर्वचनीय तथा अनादि ईश्वरका उपाधि हुन्। त्यसैले अनिर्वचनीय ईश्वर नाम र रूपद्वारा नै शुद्ध बुद्धिले जानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार निर्गुण र सगुण दुवै रूपबाट नाम ठूलो छ र वर दिनेलाई पनि वरदायक छ ।

नाम-जप तीन प्रकारको हुन्छ – पहिलो त्यो हो, जुन उच्च वाणीले गरिन्छ। दोस्रो त्यो हो, जुन अरूले नसुन्ने गरी ओठ र जिब्रो चलाएर गरिन्छ र तेस्रो त्यो हो जुन मनमनै गरिन्छ। पहिलो प्रकारको जप कनिष्ठ हो, दोस्रो मध्यम हो र तेस्रो उत्तम हो, कीर्तनद्वारा श्रवणजनित संस्कारमा जुन मल-जल हालिएको थियो, जपद्वारा त्यसलाई हृदयमा दृढमूल गरी उपास्य देवप्रति भक्तिको सूल फुटाउनु जपको उद्देश्य हो ।

संपूर्ण जीवले समष्टि रूपमा चाहेको एकमात्र वस्तु हो आनन्द। तर आनन्द चाहियो नै किन? किनभने आनन्दबाट नै यी भूतहरू उत्पन्न हुन्छन्, आनन्दमा जीवित रहन्छन् र अन्तमा प्रयाण (शरीर त्याग) गरेर आनन्दमा नै लीन हुन्छन् । जबसम्म परमानन्द प्राप्त हुँदैन, तबसम्म सबैजना त्यही गुम भएको आनन्द नै खोजिरहन्छन् ।

सत्य युगमा ध्यानद्वारा, त्रेता युगमा यज्ञद्वारा र द्वापर युगमा पूजा-अर्चनाद्वारा जुन फल प्राप्त हुन्छ, त्यही फल कलियुगमा केवल हरिकीर्तनद्वारा प्राप्त हुन्छ। त्यो फल सबैले खोजेको आनन्द हो। केवल नाम-संकीर्तनद्वारा नै मनुष्य कृतार्थ हुन्छ।

शब्द-(शब्दब्रह्म) बाट जगत्को सृष्टि हुन्छ भन्ने कुरो शास्त्रद्वारा प्रतिपादन गरिएको सिद्धान्त हो। सबथोक शब्दबाटै उत्पन्न हुन्छ। त्यही शब्द ब्रह्म मानव-शरीरको अन्तर्गत मूलाधारमा परा, नाभिमा पश्यन्ती, हृदयमा मध्यमा र मुखमा वैखरी रूपले क्रीडा गर्छ ।

भक्तिको पंचम श्रेणी– प्रतिमा पूजा (प्रतीकको उपासना)– यसको आशय हो दासभावले इष्टदेवताको मूर्तिलाई इष्टदेवताको रूपमा पूजा गर्नु, शास्त्रको विधि, गुरुवचन र आपनो हृदयको आस्तिकतापूर्ण श्रद्धायुक्त भावनाद्वारा मूर्तिमा ईश्वरको अस्तित्व निश्चय गर्नु नै यसको प्रमाण गर्ने तरीका हो। ध्यानमा विधि, विश्वास र इच्छा तीन चीज मुख्य हुन्छन् र प्रतिमाको पूजा ध्यानरूप नै हुन्छ। गुरु र शास्त्रको आज्ञारूप र कर्तव्यसूचक वचनलाई विधि भन्छन्, आफ्नो आस्तिकता र श्रद्धापूर्ण भावको नाम विश्वास हो र अन्तःकरणको कामनारूप रजोगुणको वृत्तिलाई इच्छा भन्छन् । ध्यानमा यी तीनै चीज हुनु आव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्वक छ, यी तीनमा एउटा मात्र छैन भने पनि ध्यानको सिद्धि हुन सक्तैन। प्रतिमा मन अड्याउने एक यस्तो अवलम्बन वा साधन हो जुनद्वारा मनोवृत्तिलाई सबैतिर-बाट खिंचेर इष्टदेवताको रूपसित जोडिन्छ। प्रतिमाको पूजा ध्यानरूप हो र ध्यान निर्गुण र सगुणको भेदले दुइ प्रकारको हुन्छ।

प्रतिमाको पूजा वा मूर्तिपूजा– प्रकृतिको राज्यमा ईश्वरको सृष्टिमा प्रति-माको पूजा हुनु अनिवार्य छ। मुसलमान, सिक्ख, इसाई, आर्यसमाज आदि संप्रदाय प्रतिमा पूजाको खण्डन गरून्, व्यंग्य शब्दद्वारा अपमान गरून्, परन्तु मानव मानसिक प्रकृतिको अनुकूल भएकोले मूर्ति पूजाको लोप हुन सक्तैन। प्रेमको विषयमा भिन्न-भिन्न होला, त्यो कुरो अर्कै हो। कसैको इसामा प्रेम छ भने कसैको मूसा (मोसिस Moses) मा हुन सक्छ। प्रकृति अनुसार रुचि भिन्न-भिन्न हुनु स्वाभाविक नै छ।

देव बुद्धिले कुनै रूपमा मन लगाउनुको प्रयोजन सांसारिक जंजालबाट मन फुत्कोस् भन्ने हो, हाम्रो उद्देश्य झगडा गर्नुमा होइन। आफ्नो उद्देश्य छाडेर त्यसको विपरीत मानिसहरू आपसमा झगडा गरिरहेछन्। शैव वैष्णवसित लड्छन् भने शिया सुन्नी-सित, सनातनी आर्यसमाजसित, इसाई ज्यूसित, कहीं रोमन क्याथलिक र प्रोटेस्टेन्ट-को झगडा भइरहेछ भने कहीं जैन र बौद्धको। वास्तवमा सबै धर्मको मूलमा द्वेष होइन प्रेम रहेको छ। तर पनि हामी, आफ्नो अज्ञानले गर्दा परस्पर झगडा नै गरिरहन्छौं।

वास्तवमा सत्य नै हाम्रो धर्म हो र सत्य नै इमान, जे जति पनि भनौंला सत्य नै भनौंला, कोही असल ठानून् वा खराब। जो यस मूर्तिपूजाको खण्डन गर्छ, त्यसले कुनै न कुनै प्रकारले आफ्नो मन मारेर लुकी-छिपी यही मूर्तिपूजा गर्ने गर्छ। कोही चौकी वा पुस्तकलाई नमस्कार गर्छन् भने कोही शूलीलाई, कोही पत्थरको कावालाई चुम्बन गर्छन् भने कोही कागतको ॐलाई तर मूर्तिपूजा नगरी कोही रहेको हुँदैन। कोही लाखौं प्रयत्न गरोस् यो प्रतिमापूजाको भाव जान्न सक्तैन, जाने पनि स्वभावसिद्ध वस्तुको लोप कसरी हुन सक्छ ? जसरी अन्नको सहारा नलिई शरीरको स्थिति यथावत् रहन सक्तैन, त्यसैगरी मन पनि कुनै न कुनै भावमय मूर्तिको सहारा नलिई त्यसै रहन सक्तैन।

जब तिमी भगवान्लाई सर्वव्यापी मान्दछौं भने तब के मूर्तिदेशमा उनको अभाव हुन सक्छ ? यदि मूर्तिमा उनको अभाव हुने हो भने उनको सर्वव्यापकता भंग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेछ। भगवान् मूर्तिमा पनि छन्। नामदेव, मीरावाई आदि भक्तहरूले आफ्नो विशुद्ध भावले मूर्तिमा नै भगवान्लाई प्रत्यक्ष गरेको कुरो यसको ज्वलन्त दृष्टान्त हो।

उपास्य देव (पंचदेव)– प्रकृतिको तत्त्वमाथि विशेष ध्यान दिएर प्रकृतिजन्य पंचतत्त्व, पृथिवी, जल, तेज, वायु र आकाशको संचालन गर्ने पंचदेव विष्णु, शक्ति, सूर्य, गणेश र शिवको रूपमा पंच अधिदैव शक्तिको उपासनाको विशेष गरेर वर्णन गरिएको छ। यी पंचदेवमा पनि कुन उपास्य हो भन्ने विषयमा उपासकको चित्त जुन देवमा स्वाभाविक रूपले स्थिर रहन्छ उसको निमित्त त्यही उपास्य छ भनी निर्णय गरिएको छ। वास्तवमा ती पाँचलाई लक्ष्य गरी तत्-तदनुगत एक सर्वाधिष्ठान सर्वाधार, सर्वसाक्षी, निरञ्जनदेव नै उपास्य छन्, त्यही देव भावुकको रुचिअनुसार भिन्न-भिन्न रूपमा दर्शन दिने गर्छन् भन्ने प्रतिपादन गरिएको मात्र हो। स्वरूपले यी पाँचमा भेद गर्नुको कुनै तात्पर्य छैन।

विष्णुको मूर्तिमा कारण-ब्रह्मरूप निर्गुण भाव–विष्णु भगवान् अनन्तनागको शैयामाथि क्षीर-समुद्रमा सुत्नु भएको छ। विष्णु त्यो एउटै चेतनतत्त्वलाई सिद्ध गर्ने व्यापकको नाम हो। अनन्तनागको भाव अनन्त आकाश हो। प्रत्येक जीवको कर्म संस्कार यति अनन्त छ भने अनन्त जीवको अनन्त जन्मको अनन्त संस्कार समुद्रजस्तै अपारावार हुनुमा आश्चर्य छैन। जसरी दूधको प्रत्येक अंशमा नदेखिने गरी रहेको नौनी दूधबाट निस्कन्छ, त्यसैगरी प्रत्येक संस्कार सुख-दुःखरूप फलको कारणबाट हुने गर्छ। यसप्रकार त्यही समष्टिगत संस्कारलाई क्षीर-समुद्रको रूपमा वर्णन गरिएको छ।

शिवमूर्तिमा कारण-ब्रम्हरूप निर्गुणभाव– त्यो शिवस्वरूप कल्याणमूर्ति हो र सच्चिदानन्दघनरूप हो। आत्मयोग नै शिवतत्त्व ज्ञानको मूल हो। शिवभक्तिको आत्मयोगको मूल हो भक्तिको मूल प्रेम हो. प्रेमको मूल शिव-महिमा श्रवण हो, श्रवणको मूल सत्संग हो र सत्संगको मूल हो सद्गुरु। कूर्मपुराण अन्तर्गत ईश्वर गीतामा ज्ञानी भक्तलाई सवोत्तम भनिएको छ। यही शिवमूर्तिमा कारणब्रह्मरूप अध्यात्मभावको उपासना हो।

सूर्यमूर्तिमा कारण-ब्रह्मरूप निर्गुणभाव–सूर्य प्रत्यक्ष प्रकाशमान तेजस्वरूप देव हुन् र सबै आधिभौतिक तेजको उद्गमस्थान हो। स्थूल दृष्टिले यो संपूर्ण स्थूल पदार्थको कारण हो। दिन-रात, घडी-प्रहर ऋतु परिवर्तन पनि सूर्यको अधीनमा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध हुन्छ । सारांश के भने जायते (उत्पन्न हुन्छ), अस्ति (विद्यमान् छ), वर्धते (बढ्छ), विपरिणमते (विकारमा परिणत हुन्छ), अपक्षीयते (क्षय हुन्छ), विनश्यति (नाश हुन्छ)–यी छ विकार भएको नै संपूर्ण प्रपंच हो र यो सब उत्पत्ति, स्थिति र लय हुने कुरा कालकै अधीन छ, जसको कारण सूर्य नै हो ।

गणेशमूर्तिमा कारण-ब्रह्मरूप निर्गुण भाव–गणेश शब्दको अर्थ हो गणपति, गणहरूका ईश्वर वा स्वामी । समष्टि अध्यात्म अधिदेव र अधिभूत गणका स्वामी नै गणेश शब्दको अर्थ हो । जहाँ सत्त्वगुण छ, त्यही मंगल छ । यी मूर्तिमान् सत्त्वगुण-रूप गणेशको कृपाले नै ज्ञान, कर्म, व्यवहार तथा परमार्थको सब सिद्धि प्राप्त हुन्छन् ।

शक्तिमूर्तिमा कारण-ब्रह्मरूप निर्गुण भाव–जसको विद्यमानताले गर्दा पदार्थको अस्तित्व छ र जसको अविद्यमानताले गर्दा पदार्थको अस्तित्व नै लुप्त हुन्छ त्यही त्यस पदार्थको शक्ति हो । जस्तो जलमा रस, अग्निमा तेज पृथिवीमा गन्ध । सब पदार्थमा शक्ति रूपले ती परमदेव विराजमान हुनुहुन्छ, उपाधिभेदले त्यसै शक्तिका विभिन्न नाम हुन आएका छन् । यही शक्ति सबैमा उपास्य छ ।

सारांशमा शक्ति र शक्तिमान् दुवै पदार्थ छन् र ती दुवैलाई परस्पर एक अर्काको अपेक्षा छ । शक्तिदेखि भिन्न शक्तिमान्को कुनै स्वरूप रहँदैन, जस्तो रसविना पानीको कुनै स्वरूप हुँदैन ।

सत्त्व, रज र तमको भेदले त्यस शक्तिका तीन भेद हुन सक्छन् । विश्वको संहार गर्ने तमोगुण भएको शक्तिको रूप कालीको रूपमा वर्णन गरिएको छ । विश्वको सृष्टि गर्ने रजोगुण भएको शक्तिलाई लक्ष्मी आदि रूपमा निरूपण गरिएको छ । विश्वको स्थिति बसाल्ने सत्त्वगुण भएको शक्तिलाई गौरी, पार्वती आदि रूपमा सौम्यभावले निरूपण गरिएको छ ।

शक्ति उपासनाको विषयमा जान्नुपर्ने के छ भने त्यस परम तत्त्वलाई मातृ रूपमा उपासना गर्ने पद्धति वैदिक युगमा नै बीज रूपमा प्रचलित थियो ।

गुणभेदले भक्ति तामसी, राजसी र सात्विकी-तीन प्रकारका छन् । तामसी भक्तिद्वारा राजसी भक्तिको र राजसी भक्तिद्वारा सात्विकी भक्तिको प्रादुर्भाव क्रमशः हुन्छ । अन्तमा सात्विकी भक्ति परा भक्तिमा परिणत हुन्छ ।

परा भक्ति र अद्वैत ज्ञान-भक्तिका भूमिकामा द्वैत रूपमा उपास्य-उपासकभाव विद्यमान रहन्छ, त्यसैले अद्वैत ज्ञान उत्पन्न हुन सक्तैन, परन्तु यो परा भक्ति अद्वैत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानकी जननी हो। परा भक्तिको परिणतिमा उपास्य-उपासकभाव दूर हुन्छ, सर्वत्र अद्वैतानुभूति हुन्छ। देवी-भागवतमा भनिएको छ–ज्ञानको उदय भएपछि भक्ति र वैराग्यको संपूर्णता सिद्ध हुने हुनाले पंडितहरू भक्ति र वैराग्यको चरम सीमालाई ज्ञान भन्छन्। जसलाई परा भक्ति प्राप्त भएको छ, त्यो तत्काल चिन्मात्र रूपमा विलीन हुन्छ। जसलाई मुक्ति प्राप्त भएको छ, त्यसको लागि ब्रह्म हुनु र ब्रह्मको स्वाद लिनु एउटै कुरो हो। परन्तु भेद अलिकति मात्र रहन गयो भने पूरा स्वाद लिने भन्ने कुरो संभव छैन। वेदान्तमा जुन अपरोक्षानुभूतिको नामले निरूपित भएको छ, त्यही प्रेमलक्षण– भक्ति वा परा भक्तिको परिणति हो।

पूजाको रहस्य– वास्तवमा यो सारा ब्रह्माण्ड नै भगवान्‌को मन्दिर हो र संपूर्ण चराचर भूतजात ती एउटै परमात्माका विभिन्न विभूतिका रूपमा चिन्तन गर्न योग्य छन्। वस्तुत: सबै वस्तु ती एउटै साक्षी चेतनका विभिन्न उपाधि हुन्। ती सब उपाधिको मूलमा भेदरहित त्यो एउटै साक्षीचेतन विद्यमान छ र सकामीहरूका भिन्न-भिन्न भावअनुसार फल पनि त्यो एक निरुपाधिक साक्षीचेतनबाटै प्राप्त हुने गर्छ। परन्तु जडमति आफ्नो जडताले गर्दा मनोरथ–सिद्धि ती जड उपाधिद्वारा नै भएको हो भन्ने संझेर आफूलाई ती उपाधिहरूको पूजा गर्ने संझन्छन्। यथार्थमा निष्काम भावुकको लागि उपर्युक्त पूजा अधिक नजिक, अधिक टाढा भिन्न-भिन्न विभूतिमा भगवान्‌को रूप हेरी-हेरी प्रेममा मग्न हुनको लागि नै थियो।

भावराज्यको विलक्षण महत्त्व के भने यस प्रकार शुद्ध भावअनुसार गरिएको मूर्तिपूजाले मूर्तिलाई स्पर्श नगरी मूर्तिमान्‌लाई र विभूतिपूजाले विभूतिलाई स्पर्श नगरी विभूतिमान्‌लाई स्पर्श गर्छ। जो यसलाई जडपूजा भन्छ, त्यसको बुद्धि नै जड हो र त्यसले प्रकृतिको रहस्यलाई जानेको हुँदैन। आफूमा शुद्ध भाव छ भने त्यसको प्रभावले ढुंगा-माटो आदि पनि देवमय रूपमा ग्रहण हुन सक्छ।

उपासनाको छैठौं श्रेणी-मानसिक पूजा– जुन देवताको प्रतिमा पूजाको आलम्बनद्वारा ध्यान आदि गर्न गरिएको छ त्यस देवताको स्वरूप हृदयमा स्थिर भएपछि प्रतिमाको आलम्बनविना मनले नै मानसिक सामग्रीद्वारा हृदयमा त्यस देवताको पूजा गर्नुपर्छ। बाह्य स्थूल सामग्रीद्वारा गरिएको बाह्य देवताको अपेक्षा आन्तरमानसिक सामग्रीद्वारा गरिएको आन्तर देवपूजा सूक्ष्म हुने भई मननरूप हुनाले अधिक प्रभावशाली छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति-संजीवनी– भगवान्सँगको योग वा मिलन नै जीवनको सर्वोत्तम लक्ष्य हो। यो लक्ष्य प्राप्त गर्ने अनेक साधन छन्। यिनमा भक्ति नै वर्तमान युगको मुख्य साधन हो। साधारणतया भगवान्सँग मिलन चार साधनको उल्लेख शास्त्रमा छ– ती हुन्– कर्मयोग, भक्तियोग, ज्ञानयोग र प्रपत्तियोग। वेदको पूर्व भागलाई कर्मकाण्ड र उत्तरभागलाई ज्ञानकाण्ड भन्छन्। भक्तिले कर्मकाण्ड र ज्ञानकाण्ड दुवैको समन्वय गर्छ, कर्म र ज्ञान परस्पर भिन्न भए पनि एक अर्काको अङ्ग बन्छ। कर्म र ज्ञानको मिलन जहाँ हुन्छ, त्यहाँ भक्ति उद्बुद्ध हुन्छ। तब ज्ञान, कर्म र भक्तिको एउटै लक्ष्य मुक्ति हुन जान्छ। भक्त कर्मकाण्डी हुँदैन, कर्मयोगी हुन्छ, कर्मकाण्डका सम्पूर्ण कर्म सकाम हुन्छन् र कर्मयोगका सम्पूर्ण कर्म निष्काम हुन्छन्। जुन कर्ममा कामना, आसक्ति र कर्तृत्वाभिमान रहन्छ त्यो कर्म मोक्षको साधक नभएर बाधक नै हुन्छ।

कर्मयोग– प्रारब्ध, संचित र क्रियमाणका भेदले कर्म तीन प्रकारका हुन्छन्। प्रारब्ध कर्मको योग अवश्यंभावी छ। प्रारब्ध कर्मले भोगको समयमा वासनाको स्तर बढाइदिन्छ। वासनाबाट प्रवृत्ति र प्रवृत्तिबाट वासना त्यो चक्र दिनरात चलि नै रहन्छ। प्रवृत्ति नै क्रियमाण कर्मको पथप्रदर्शक हुन्छ। स्थूल शरीरको नाश भइसके-पछि पनि स्थूल शरीरद्वारा गरिएको क्रियमाण कर्म नाश हुँदैन, किनभने कर्म गर्दा मानसिक जगत्मा उसको एक प्रतिक्रिया परेको हुन्छ र उसबाट अन्तःकरणमा सुख वा दुःखको लहर उत्पन्न हुन्छ। सूक्ष्म शरीरमा उसको एक छाप पर्छ। त्यसै छापका साथ सूक्ष्म शरीर भोगको लागि एक अर्को स्थूल शरीरमा प्रवेश गर्छ र कर्ममा प्रवृत्त हुन्छ। सत्कर्मको फल स्वर्ग र असत्कर्मको फल नरक प्राप्त हुन्छ। स्वर्ग नरक दुवै बन्धनरूप हुन्छ। परन्तु कर्मयोग यस बन्धनबाट छुट्कारा दिलाउन हामीलाई एक उपाय बताउँछ। यदि हामी अहंकार रहित, अनासक्त र निर्लिप्त भएर कर्म गर्छौं, मनलाई निर्लिप्त राख्छौं, त्यस्तै अन्तःकरणमा कुनै लहर उत्पन्न गर्दैनौं भने त्यो क्रियमाण कर्मबाट न प्रारब्धको निर्माण हुन्छ, न त सूक्ष्म शरीरको नै विकास हुन्छ। त्यो कर्म जीवात्माको बन्धनको कारण हुँदैन। यसप्रकार निष्काम कर्म सूक्ष्म शरीर तथा प्राणमय एवं मनोमय कोशमा अंकुरित हुँदैन।

यो सत्य हो– अनासक्त भएर कर्म गर्नाले त्यस कर्मले आत्मालाई स्पर्श गर्दैन, तर अनासक्त हुनु नै जीवनमा सबभन्दा ठूलो समस्या हो। एक्लो कर्मयोग जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समस्याको समाधान गर्न सक्तैनथ्यो, भक्ति आएर उसलाई सुगम बनाइदिन्छ। भक्ति बताउँछ– जीवनका सम्पूर्ण कर्म गर, तर भगवान्‌कै निमित्त, भगवान्‌कै आज्ञा संझेर। हामीले भोगवासनाद्वारा प्रेरित भएर होइन कर्तव्यद्वारा प्रेरित भई भगवान्‌को आज्ञा संझेर कर्म गर्नुपर्छ। भगवान्‌को ध्यान, चिन्तन र स्मरणबाट हृदयका सारा विकार आफैं-आफ नष्ट हुन्छन्। बाटो बिराएको मानवलाई भक्तिले असत्यबाट सत्य-तर्फ, अन्धकारबाट प्रकाशतर्फ र मृत्युबाट अमरत्वतर्फ लैजान्छ।

ज्ञानयोग– ज्ञानयोगको सफलता पनि भक्तियोगमा नै निर्भर छ। ज्ञान-योगको सफलताको लागि वासनाको क्षय गर्नु जरूरी छ। तर अनन्त जन्मको वासना अन्तःकरणमा रहेर जबसम्म कर्मको रसपान गरिरहन्छ तबसम्म यसलाई शान्त गर्नु एक प्रकारले असम्भव नै छ। सम्पूर्ण कामनाहरूलाई शान्त गरेर साधक जब आत्मामा नै सन्तुष्ट हुन्छ, त्यसबेला उ स्थितप्रज्ञ बन्छ। श्रीमद्‌भगवद्‌गीतामा भगवान् भन्नुहुन्छ– मनोनाश, वासनाक्षय र तत्त्वज्ञान– यी तीनको जब एकसाथ अभ्यास गरिन्छ, तब ज्ञानयोग प्राप्त हुन्छ। परमात्माको साक्षात्कारद्वारा मायाको बन्धन छिन्न हुन्छ, मन शान्त हुन्छ र कर्मबन्धन शिथिल हुन्छ।

ज्ञान भक्तिको पूरक र प्रकाशक हो। ज्ञानहीन भक्ति अन्धविश्वासकी जननी हुन्छे। यो कुरा ध्रुवसत्य हो– ज्ञानविना मुक्ति हुँदैन। उपासनात्मक ज्ञान-लाई नै मुक्तिको कारण मान्नुपर्छ। निष्काम कर्मद्वारा चित्त शुद्ध भएपछि ज्ञानद्वारा मुक्ति हुन सक्छ। उपासनात्मक ज्ञान र भक्तियोगमा कुनै अन्तर छैन। सधैं भगवान्-को चिन्तन, ध्यान, स्मरण, भगवान्‌मा अनन्य विश्वास र तत्परायण भजनको नाम उपासना हो। उपासनाको लागि भगवान्‌प्रति असीम प्रेम हुनु आवश्यक छ। भगवान्‌को पाउमा अन्तःकरण लगाइदिनुको नाम योग हो।

अन्तःकरणको सबभन्दा बढी आकर्षणको नाम नै प्रेम हो। यस प्रेमलाई सांसारिक वस्तुहरूबाट उठाएर परमात्मामा लगाउनाले त्यो यसमा लाग्न सक्छ। विषय- लोलुप चंचल मनलाई भगवान्‌मा लगाउन दुइ साधना आवश्यक छन्। ती हुन्– अभ्यास र वैराग्य। भगवान्‌प्रति अविचल प्रेम हुनुको नाम नै परा भक्ति हो। भक्तिको दोस्रो रूप हो सेवा। शारीरिक र मानसिक भेदबाट सेवा दुइ प्रकारका हुन्छन्। भगवान्‌का पाँच रूप शास्त्रमा प्रसिद्ध छन्–पर, व्यूह, विभव, अन्तर्यामी र अर्चावतार। शरीरद्वारा केवल अर्चावतारको सेवा हुनसक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्चावतारबाहेक जो अन्य चार रूप छन्– तिनीहरूको सेवा शरीर वा वाणीद्वारा हुन सक्तैन ।

भक्ति र भक्तिका प्रकारभेद – सर्वसुहृद्, सर्वज्ञ, सर्वशक्तिमान् भगवान्मा निर्भर रहेर जो भक्ति गर्छन् तिनीहरू नै भक्त हुन् । ज्ञानयोगको अधिकारीलाई पहिले साधन-चतुष्टय– (विवेक, वैराग्य, षट्सम्पत्ति र मुमुक्षुता)– ले युक्त हुनु जरूरी छ। विनाविरक्ति ज्ञानयोगको अधिकारी कोही पनि हुन सक्तैन र अनधिकारी प्रयत्न गरेर पनि ज्ञानको मुख्य फल पाउँन सक्तैन, तर भक्तिको अधिकारी सबै हुन सक्छन्।

श्रीमद्भगवद्गीतामा भगवान् भन्नुहुन्छ– हे अर्जुन । आर्त, जिज्ञासु ,अर्थार्थी र ज्ञानी– यी चार प्रकारका भक्त मेरो भजन गर्छन् । उपर्युक्त चार प्रकारका भक्तहरू-मा पहिले तीन प्रकारका भक्तहरू सकाम हुन्छन् । अन्तिम ज्ञानी भक्त चाहिं निष्काम हुन्छन् । आर्तभक्तको दृष्टान्त द्रौपदी, जिज्ञासु भक्तको दृष्टान्त उद्धव र अर्थार्थी भक्तको दृष्टान्तमा ध्रुव अगाडि आउँछन् । यी सबै कथा इतिहास, पुराणमा प्रसिद्ध छन् ।उपमन्यु अनन्य भक्त हुन् ।

भगवान् भन्नुहुन्छ– म सधैं भक्तको अधीनमा छु। ममा अलिकति पनि स्वतन्त्रता छैन। भगवान् जसका पछि-पछि घुम्छन् उसलाई कुन कुराको चिन्ता ! ज्ञानी भक्तको योगक्षेम भगवान् स्वयं वहन गर्नुहुन्छ, यसको एक दृष्टान्त प्रस्तुत गरिन्छ–

ज्ञानी भक्त माधवदास– माधवदास कान्यकुब्जी ब्राह्मण थिए। पत्नीको मृत्यु-पछि उनी जगन्नाथपुरीमा गएर बसे । ध्यानमग्न माधवदासको कैयौं दिन अन्नजल विना बितेको देखेर दयालु भगवान्ले सुभद्राजीलाई सुनको थालमा अन्न-व्यंजन उनी-कहाँ लगिदिन आदेश दिनुभयो ।

ध्यान भंग भएपछि माधवदास भोजन गरेर फेरि ध्यानमग्न भए । प्रातःकाल मन्दिरको ढोका खुलेपछि ब्राह्मणहरूले भित्रको एउटा सुनको थाल चोरिएको थाहा पाएर खोज्दैजाँदा, माधवदासको अगाडि उस्तै थाल पडिरहेको देखेर उसलाई नै चोर ठानी पुलिसलाई बुझाइदिए। पुलिसले पनि उसलाई बेतको लट्ठीले पिट्न थाल्यो, तर के आश्चर्य बेतको मार त स्वयं भगवान् जगन्नाथ सहिरहनु भएको थियो । भगवान्ले सपनामा पुजारीलाई दर्शन दिएर भन्नुभयो– "मेरो भक्त माधवदासउपर जति मार परेको छ त्यो सबै मैले आफूमाथि नै थापें। म तिमीहरूको सर्वनाश गर्ने छु। बच्न चाहन्छौ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने भक्तसँग क्षमा माग" । पुजारीहरूले पनि ब्यूँझनासाथ माधवदासकहाँ पुगेर क्षमा-याचना गरे ।

एकपल्ट माधवदासलाई अतिसार रोग लागेर उनी ज्यादै दुर्बल भए । त्यस बखत पनि स्वयं जगन्नाथले उनको सेवा शुश्रूषा गर्नु भयो ।

अनन्य भक्त उपमन्यु– भक्त उपमन्युको उग्र तपस्याको खबर पाएर भगवान् शंकरले उनको अनन्यभावको परीक्षा लिन इन्द्रको रूप धारणा गरेर उनको सामु उपस्थित भएर भन्नुभयो– "म तिम्रो तपस्याबाट प्रसन्न भएको छु, तिमी मसँग चाहेको वर माग, म दिन तयार छु" ।

यो सुनेर उपमन्युले उत्तर दिए– देवराज ! म त भगवान् शंकरको दासानुदास हुन चाहन्छु, जबसम्म उहाँ मलाई दर्शन दिनुहुन्न, तबसम्म म तपस्या नै गरिरहन्छु । यो कुरा सुनेर इन्द्ररूपधारी शंकरले अनेक प्रकारले शिवको निन्दा गर्न थाल्नुभयो। उपमन्यु यस्तो शिवनिन्दा सुनेर इन्द्रलाई मार्न तत्पर भए । उपमन्युको अनन्य भक्ति देखेर शंकर उनीसंग प्रसन्न भएर भगवान्ले उपमन्युलाई उनकै इच्छा अनुसार 'प्रभुको चरणमा अविचल भक्ति सदा रहोस् भन्ने'वरदान दिनुभयो र उनलाई देवीको हातमा सुम्पनु भयो। देवी पनि उपमन्युलाई कुमारपद प्रदान गरेर अन्तर्धान हुनुभयो । यिनै उपमन्युले श्रीकृष्णलाई शिवमन्त्रको दीक्षा दिएका थिए ।

गुण भेदबाट भक्त तीन प्रकारका छन् । सत्त्वगुणी भक्त देवताको पूजा गर्छ, रजोगुणी भक्त यक्ष-राक्षसादीको र तमोगुणी भक्त भूत–प्रेतादिको पूजा गर्छ । श्री मद्भागवतको सातौं स्कन्धमा नवधा भक्तिको वर्णन छ–

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ।

अर्थात् भगवान्को कथा सुन्नु, नामकीर्तन गर्नु,संझनु, पाउको सेवा गर्नु, पूजा गर्नु, प्रणाम गर्नु, दासभावले सेवा गर्नु, मित्रभाव राख्नु र आत्मसमर्पण गर्नु–यी नौ प्रकारका भक्ति हुन्। गरुड-पुराणमा आठ प्रकारको भक्ति उल्लेख छ। रामचरित-मानसमा नवधा भक्ति र नारदीय भक्तिसूत्रमा भक्तिका ११ भेद बताइएका छन् । सामान्य भक्ति, साधनभक्ति, गौणीभक्ति, वैधीभक्ति, प्रेमाभक्ति, पराभक्ति, रागात्मिका– भक्ति, रागानुगा– भक्ति, मिश्रा भक्ति, विहिता भक्ति, अविहिता भक्ति, उत्तमा भक्ति,इत्यादि भक्तिका अनेक प्रकारको उल्लेख शास्त्रहरूमा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भागवतमा नवधा भक्तिको वर्णन यसप्रकार गरिएको छ–

(१) **श्रवणभक्ति**– हरिकथा,पुराण अथवा अध्यात्म-निरुपणको श्रवण श्रवणभक्ति हो। श्रवणभक्तिमा राजा परीक्षित, पृथु,उद्धव, जनमेजय आदि उदाहरण छन् ।

(२) **कीर्तनभक्ति**– सगुण हरिकथा आफैं भन्नु, भगवान्का कीर्तनहरूको प्रचार गर्नु र वाणीद्वारा श्रीहरिका नाम र गुणको कीर्तन गर्नु 'कीर्तनभक्ति' हो। कीर्तनमा नारद, सरस्वती, शंकर, शेष आदि आदर्श छन् ।

(३) **स्मरणभक्ति**– भगवान्को अखण्ड नाम स्मरण र समाधान पाउनु स्मरण भक्ति हो । नामस्मरणमा ध्रुव, प्रल्हाद, विदुर आदि उल्लेखनीय छन् ।

(४) **पादसेवन-भक्ति**– मोक्षप्राप्तिको लागि शरीर, वाणी र मनद्वारा सद्गुरुचरणको सेवा गर्नु पादसेवन-भक्ति हो । हनुमान् र लक्ष्मणको पादसेवा त जगत्प्रसिद्ध नै छ ।

(५) **अर्चन-भक्ति**– शरीर र वाणी, मन र चित्त एवं वित्त र जीवन यी सबैको आसक्तिलाई त्यागेर सद्भावनापूर्वक भगवान्को पूजा गर्नु अर्चन-भक्ति हो । मनबाट नै पूजासामग्रीको कल्पना गरेर शुद्धभावबाट गरिएको मानस-पूजा पनि अर्चन-भक्तिको अन्तर्गत छ ।

(६) **वन्दनभक्ति**– देवताको प्रतिमा, साधु, महात्मा र सद्गुरुलाई साष्टांग वा विधिपूर्वक नमस्कार वन्दन-भक्ति हो। यसबाट चित्तको दोष हट्छ र चित्त समाधान हुन्छ ।

(७) **दास्यभक्ति**– देवद्वारमा सधैं सेवाका लागि तत्पर रहनु, प्रत्येक देव-कार्य उत्साहपूर्वक गर्नु, भगवान्का चरणमा सदा दृष्टि राखेर जप-ध्यान आदि गर्नु, भगवान्का अगाडि करुणास्तोत्र पढेर सबैलाई आन्तरिक सन्तोष दिनु दास्यभक्ति हो । देवताको जस्तै सद्गुरुमा पनि दास्यभक्ति गर्नुपर्छ। दास्यभक्तिमा हनुमान्, विदुर र भरत प्रसिद्ध छन् ।

(८) **सख्यभक्ति**– देवताका साथ परम सख्यको संपादन गर्नु, उहाँलाई प्रेमसूत्रमा बाँध्नु र जो-जो उहाँलाई प्रिय छन् त्यही गर्नु सख्यभक्ति हो । शास्त्रको वचन छ गुरुमा पनि सख्यभक्ति राख्नुपर्छ। सख्यभावमा अर्जुन, उद्धव, सुग्रीव, निषादराज आदि उल्लेखनीय छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(६) **आत्मनिवेदन-भक्ति**– भगवान्का चरणमा आफूले आफैंलाई समर्पित गर्नु आत्मनिवेदन-भक्ति हो। यसका उदारहणमा गोपिनी, बालगोपालहरू छन्।

उपर्युक्त नौ प्रकारका भक्तिलाई तीन भागमा विभक्त गर्न सकिन्छ।

(१) श्रवण, कीर्तन र स्मरण (नाममहिमा)
(२) पादसेवन अर्चन र वन्दन (मूर्तिको उपासना)
(३) दास्य, साख्य र आत्मनिवेदन (श्रद्धा विशेष)।

प्रपत्ति –भगवान्लाई प्राप्त गर्ने एक सजिलो उपाय प्रपत्ति हो। भगवान्संग मिल्ने प्रबल व्यग्रतालाई नै प्रपत्ति भन्छन्। प्रपन्नको लागि नै भगवान् हुनुहुन्छ। प्रपत्तिका दुइ भेद छन्– (१) शरणागति र (२) आत्मसमर्पण।

शरणागति–विवाहिता पत्नीको समान प्रपन्नको एउटै कर्तव्य छ– **अनुकूलस्य संकल्पः प्रतिकूलस्य वर्जनम्** पतिको अनुकूल चल्ने संकल्प र प्रतिकूलको त्याग स्वामीको लागि अनुकूल कार्य गर्ने दृढ संकल्प तथा प्रतिकूल कार्य त्याग्ने दृढ संकल्प शरणागतिको पहिलो सोपान हो। जुन कर्म पतिलाई अप्रिय हुन्छ सो कर्म पत्नीले गर्नहुँदैन। जुन कर्म गर्दा भगवान् अप्रसन्न हुनुहुन्छ त्यो कर्म भक्तले गर्नु हुँदैन। शास्त्र नै भगवान्को आज्ञा हो। शास्त्रमा कर्म गर्न आदेश दिइएको छ, त्यो कर्म भगवान्लाई प्रिय हुन्छ, यस कारण जुन कर्म गर्न निषेध गरिएको छ त्यस्तो कर्म त्यागिदिनुपर्छ।

आत्मसमर्पण– प्रपत्तिको दोस्रो अंग हो आत्मसमर्पण। आफ्नो शरीर, मन, वाणी आदि सबै परमात्मामा सुम्पिनु नै आत्मसमर्पण हो। प्रपन्न एक क्षण पनि व्यर्थ बिताउँदैन। भक्त हरिदासजी एक प्रपन्न भक्त थिए। चैतन्य महाप्रभुले भन्नु-भएको छ– जो आफूलाई तृणभन्दा पनि अधिक नीच मान्दछ, जो वृक्षसमान सहनशील छ, अनि अमानी भएर सबैलाई मान दिन्छ, उसलाई भगवान्को नाम-कीर्तन गर्ने अधिकार छ। प्रपन्न भक्तमा नाम-कीर्तनमा रुचि र समय व्यर्थ नष्ट हुन नदिनु, यी दुइ गुण हुनु आवश्यक छ।

प्रतीकको उपासना वा प्रतिमापूजा– प्रभुलाई वश गर्नको निमित्त भक्तिभन्दा ठूलो अर्को उपाय छैन। सरल बुद्धि भएका भक्तहरू साकार वस्तुहरू देखनमा मात्र अभ्यस्त थिए। त्यसकारण उनीहरूलाई निराकार ईश्वरमा आस्था राखन कठिन थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्म बुद्धि भएका महर्षिहरूमा पूर्ण विश्वास थियो, ब्रह्म निराकार भएर पनि विश्वका कण-कणमा व्याप्त छन्। ब्रह्मलाई विश्वको कुनै पनि वस्तुमा आस्था राखेर खोज्ने हो भने पाउन सकिन्छ। यो निश्चय गरेर महर्षिहरूले स्थूल बुद्धि हुने भक्तहरूलाई मूर्तिमा ईश्वरको आस्था भरिदिएका थिए।

मूर्तिपूजामा एक वैज्ञानिक परम रहस्य निहित छ। मूर्तिहरूकै अर्को नाम अर्चावतार हो। अर्चाको अर्थ हो पूजा–उपासना, उसैको लागि हुने अवतार अर्चावतार हो। गण्डकी नदीमा भगवान् शालीग्रामका रूपमा प्रकट हुनुहुन्छ। कैयौं दिव्य धामका अर्चावतारको दिव्य झाँकी स्पष्ट देख्न सकिन्छ।

शिलामयी, दारूमयी, लौही,लेख्या, सैकती, मनोमयी र मणिमयी गरेर आठ प्रकारका मूर्ति हुन्छन्। यी आठ प्रकारका मूर्तिहरूलाई पनि चला र अचला गरेर विभाजन गर्न सकिन्छ। चला मूर्तिहरू ती हुन् जो वट्टा आदिमा राखेर सधैं आफ्नै साथ लिएर हिँडिन्छ, त्यस्ता मूर्तिहरूको आवाहन र विसर्जनसहित वा आवाहन र विसर्जनविना पनि पूजा गर्न सकिन्छ। अचला मूर्ति ती हुन् – जसमा इष्टदेवको आवाहन र प्राणप्रतिष्ठा गरेर कुनै मन्दिरमा स्थापना गरिन्छ। उनीहरूको पूजामा आवाहन वा विसर्जनको आवश्यकता रहँदैन।

मूर्तिपूजा र मूर्तिविज्ञान – मूर्तिपूजा र मूर्ति-विज्ञानमा अत्यन्त गम्भीर मनोवैज्ञानिक रहस्य छ। मानवहरूको प्रस्तुत मनमा कसरी रहस्यमय ढंगबाट मूर्ति-हरूको प्रभाव पर्छ-- यो एक विचारणीय विषय हो। यसबारे एक रोचक प्रसंग छ– श्री रोनाल्ड निक्सनलाई प्रथम जर्मन युद्धपछि बढी अशान्ति भयो। संयोगको कुरा एकपटक उनले आफ्नो ध्यान केम्ब्रिज विश्वविद्यालयमा राखिएको एक बुद्ध भगवान्को शान्त मूर्तिमा लगाए। यसबाट उनलाई अकथनीय शान्तिको अनुभव भयो। त्यसै बेलादेखि निक्सन पूर्वीय साधनाका अनुगामी बने र आफ्नो बाँकी समय यसैमा बिताए। यसै प्रकार एक अनुभवी अमेरिकन लेखक श्रीडेल कार्नेजी लेख्छन्– जब कहिलेकाहीं मलाई कुनै सांसारिक चिन्ता वा कठिनाइको अनुभव हुन्छ, म चिन्तातुर हुन्छु, अनि म वाशिंगटनको राजप्रासादमा टाँगिएको राष्ट्रपति लिंकनको शान्त चित्रमा आफ्नो ध्यान लगाउँछु, त्यसबाट मेरो मनमा शान्त भाव, साहस र नयाँ प्रेरणा आउँछ,अनि म ताजा बनेर आफ्नो कर्तव्यमा फेरि जुट्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र र मूर्तिको दर्शनको गुप्त मनोवैज्ञानिक प्रक्रिया – घरमा राखिएको प्रत्येक मूर्ति वा चित्र एक वातावरण तयार गरिदिन्छ । जसरी टेपमा शब्दहरू अङ्कित हुन्छन् त्यसैगरी चित्रमा अङ्कित हावभाव, मुख मुद्रा, आकृति, शुद्ध वा अशुद्ध विचार, उनमा व्याप्त भावना र आदर्श पनि हाम्रो गुप्त मनमा अङ्कित हुँदै जान्छन् । हाम्रा नजीक वा आगाडि जो चित्र अनेक पटक आउँछन् ती हाम्रो अन्तःकरणमा चूपचाप राम्रो वा नराम्रो भावना भर्दै जान्छन् । तिनमा अंकित व्यक्ति, नेता देव-देवी, धर्म-प्रचारक महात्माका गुणहरू हामी आफ्नो चरित्रमा धारण गर्दछौं र अज्ञात रूपबाट क्रमशः उनीहरूजस्तै बन्न थाल्छौं । उपास्यको गुण उपासकमा आउँदछ–यही वैज्ञानिक रहस्य हो ।

चित्र र मूर्तिको भाषा– चित्र र मूर्तिको पनि एक भाषा छ । जसरी लेखक शब्दहरूको माध्यमबाट आफ्ना विचारहरू प्रकट गर्छ र गायक स्वरको माध्यमद्वारा आफ्नो सन्देश दिन्छ, त्यसरी नै चित्रकार जुन भाषामा आफ्नो विचार प्रकट गर्छ त्यही उसको चित्र हो । यस प्रकार चित्र र मूर्तिले हाम्रो संस्कारलाई बदलेर नयाँ, शुद्ध, सात्त्विक र पवित्र संस्कारको निर्माण गर्छन् ।

उत्तेजक र अश्लील चित्रको प्रभाव – अश्लील एवं उत्तेजक चित्रहरू हेर्नु पापभन्दा कम होइन । अश्लील सिनेमाले मानसिक पापको सृष्टि गर्छन् । किनभने यिनैबाट मानिसको नैतिक पतन हुन्छ । एकपटक मनमा कुवासना उब्जेर पापमय वृत्तिहरू उम्लन थालेपछि ठूलो अनर्थ हुन्छ । यसकारण हे मानिस ! आफ्ना गुप्त मनका सब दुर्भावना, मनोविकार र दुर्वासनाहरूलाई बाहिर निकालिदेऊ । तिम्रा बाहिरी शत्रुहरू त्यति हानि गर्न सक्तैनन् जति हानि आन्तरिक शत्रुद्वारा हुन्छ । यसकारण अश्लील र फोहरी वासना भड्काउने खालका चित्ररूपी शत्रुहरूलाई घर, परिवार, पसल संस्थानहरूबाट निकालिदेऊ, किनभने यस्तै चित्र नैतिक पतनका मूल हुन् । त्यसैले यस्तो चित्र छान जसबाट मनमा शुभ विचार उत्पन्न होऊन्, मनमा उत्साह, साहस र असल-असल नयाँ प्रेरणा प्राप्त होऊन् ।

वेद, पुराण, गीता, रामायण, महाभारत इत्यादि पवित्र ग्रन्थसंग सम्बद्ध असंख्य चित्र तिमीलाई प्राप्त हुन सक्छन् । देवी-देवता, श्रीकृष्ण, शिव, आदर्श धर्मगुरुहरू नेता आदिका चित्र हामीलाई सत्यपथतिर डोऱ्याउँछन् । मर्यादापुरुषोत्तम श्रीराम, महाराणा प्रताप, गुरु गोविन्द सिंह, श्री ५ पृथ्वीनारायण शाह, महात्मा गान्धी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा सिद्ध महात्माहरूको चित्र घरमा राख्नु अनिवार्य छ। घरमा पवित्र आत्माहरूको स्थायी र प्रेरक बसोबास यसो गर्नाले हुन्छ र घरको वातावरण पनि शुद्ध हुन्छ।

हिन्दूहरूले सन् ७११ देखि सन् १८५७ सम्म अर्थात् ११६४ वर्षसम्म लगातार आफ्ना यी मन्दिर, आश्रम र धार्मिक केन्द्रहरूको रक्षाका निमित्त अनवरत संघर्ष गरे। ११६४ वर्षको संघर्षमा जुन ध्वंस भएको थिएन सन् १८५८ देखि १९०० सम्म अर्थात् ४२ वर्षमा त्यसभन्दा बढी ध्वंस पार्ने काम भयो र त्यही मन्द विष (Slow poison) आज पनि हाम्रो नशामा तीव्र गतिले चक्कर लगाइरहे छ। विदेशी सभ्यताको प्रचार-प्रसारको प्रभावले आज हामी स्वयं नै आफ्नो संस्कृति, सभ्यता र धर्मबाट विमुख भएर आधुनिकताको अभिमानले गर्दा आफूले आफूलाई नै धन्य संझी छोइनसक्ना भएका छौं।

यहाँ मूर्तिपूजा वा उपासनाको विषयमा स्वामी विवेकानन्दको विचार उनकै शब्दमा लेख्छौं--

'प्रतीकको अर्थ हो--धेरै वा थोरै अंशमा ब्रह्म र ईश्वरको स्थानमा उपास्य रूपले लिन सकिने वस्तु'।

प्रतीकद्वारा ईश्वरोपासनाको के अर्थ हो? यस संबन्धमा वैष्णवाचार्य रामानुज भन्नुहुन्छ–जो वस्तु ब्रह्म होइन, उसमा ब्रह्मबुद्धि गरेर ब्रह्मको अनुसन्धान गर्नु प्रतीकोपासना हो। भगवान् शंकराचार्य भन्नुहुन्छ–मनलाई ब्रह्मरूपले उपासना गर–यो आध्यात्मिक उपासना हो। आकाश ब्रह्म हो–यो आधिदैविक–मन आभ्यन्तरिक प्रतीक हो र आकाश बाह्य। यिनै दुइको उपासना ब्रह्मको रूपमा गर्नुपर्छ। प्रतीक शब्दको अर्थ हो बाहिरतर्फ जानु र प्रतीकोपासनाको अर्थ हो ब्रह्मको स्थानमा यस्तो कुनै वस्तुको उपासना गर्नु, जो केही वा अधिक अंशमा ब्रह्मसदृश होओस् तर स्वयं ब्रह्म नै नहोओस्। प्रतीकको संबन्धमा जे जति भनिएको छ, सब प्रतिमाको संबन्धमा लागू हुन्छ।

संसारका मुख्य धर्ममध्ये वेदान्त, बौद्ध धर्म र इसाई धर्मका केही सम्प्रदाय कुनै आपत्ति नगरीकनै प्रतिमाहरूको उपयोग गर्छन्। केवल इस्लाम र प्रोटेस्टेन्ट यी दुइ नै यस्ता धर्म हुन् जो यी मूर्ति वा प्रतीकको सहयोग आवश्यक मान्दैनन्। तर मुसलमान प्रतिमाको स्थानमा आफ्ना वीर र शहीदहरूका चिहानलाई पुज्छन्। प्रोटस्टेन्टहरू धर्ममा सबै प्रकारको बाह्य सहायतालाई त्यागेर विस्तारै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षौंपिच्छे आध्यात्मिकताबाट टाढा हुँदैछन् । यहाँसम्म कि आजकल अग्रगण्य प्रोटेस्टेन्ट र केवल नीतिवादी अगस्काम्टेका शिष्य तथा अज्ञेयवादीहरूमा कुनै भेद देखिँदैन ।

पहिले ईश्वरको अवतार र गुरुका विषयमा लेख्यौं । यो सत्य हो– संसारमा यस्ता धर्मगुरुको संख्या निकै कम छ, तर संसार कहिल्यै यस्ता महापुरुषहरूले शून्य होला भन्ने पनि होइन । यो संसार यस्ता आचार्यहरूले रहित हुनासाथ भयंकर नरककुण्ड बन्न पुग्छ । यस्ता गुरुहरू यस संसारका ईश्वरावतार हुन्, उनीहरू केवल स्पर्शबाट अरू इच्छा मात्रले पनि आध्यात्मिकता प्रदान गर्न सक्छन् । यी नरदेहधारी ईश्वरावतारहरूको माध्यमविना मानिस ईश्वरको दर्शन गर्न सक्तैन ।

हामी आफ्नो वर्तमान प्रकृतिले गर्दा सीमित रहेर ईश्वरलाई मनुष्यरूपमा मात्र दख्छौं । दुइ प्रकारका मनुष्य ईश्वरलाई मनुष्यरूपमा उपासना गर्दैनन् । एउटा नरपशु जसलाई धर्मको कुनै ज्ञान छैन, अनि अर्को परमहंस जो मानवजातिका संपूर्ण दुर्बलताभन्दा माथि उठेको छ, र आफ्नो मानवी प्रकृतिको सीमाबाट पनि पारी पुगिसकेको छ । यी दुइ थरीको बीचमा रहने कुनै मानिस यदि आएर 'म भगवान्-लाई मानिसका रूपमा भज्दिनँ' भन्यो भने उसमा विश्वास गर्नु हुँदैन । भगवान् मानिसका कमजोरीहरू बुझ्नु हुन्छ र मानवताको कल्याणको लागि मानिसको रूप धारण गर्नु हुन्छ । यी अवतारी महापुरुषहरूको पछि सिद्ध गुरुहरूको स्तर रहन्छ, जो मन्त्र शिक्षाद्वारा शिष्यमा आध्यात्मिक ज्ञानको बीजारोपण गर्छन् । यस्ता मन्त्र के हुन्– हिन्दू दर्शनअनुसार नाम र रूप नै यस जगत्को अभिव्यक्तिको कारण हो । यदि यो सत्य हो भने फेरि नामरूपात्मकतालाई समस्त ब्रह्माण्डको नियम कहनु पर्ला– "जस्तै माटाको एक पिण्डलाई जानेपछि सम्पूर्ण माटाका चीजहरूको ज्ञान भइहाल्छ", त्यस्तै प्रकारले यो देहपिण्ड जानेपछि संपूर्ण विश्व–ब्रह्माण्डको ज्ञान हुन्छ ।

वृहत् ब्रह्माण्डमा पनि ब्रह्मा, हिरण्यगर्भ वा समष्टि-महत्ले पहिले आफ्नै नामको र फेरि पछि रूपको आकारमा अर्थात् यो परिदृश्यमान जगत्को आकारमा अभिव्यक्त गर्‍यो । स्फोटको अर्थ हो– समस्त जगत्को अभिव्यक्तिको कारण शब्दब्रह्म । समस्त नामहरू अर्थात् भावहरू नित्य समवाची उपादानस्वरूप यो नित्य स्फोट नै त्यो शक्ति हो, जसबाट भगवान् यस विश्वको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टि गर्नुहुन्छ । यस स्फोटको एक मात्र वाचक शब्द ॐ हो। यसकारण समस्त विश्वको उत्पत्ति सबै नाम-रूपको जननीस्वरूप यस ॐकाररूप पवित्रतम शब्दद्वारा नै मान्न सकिन्छ। जो वाचक शब्द उसलाई सबभन्दा कम विशेष भावापन्न गर्छ र साथै स्वरूपलाई यथासम्भव पूरा तवरले प्रकाशित गर्छ, त्यही उसको सबभन्दा बढी सच्चा वाचक हुनेछ, र यो वाचक शब्द हो–एकमात्र ॐ किनभने यी तीन अक्षर अ,उ र म जसको एकैचोटी उच्चारण गर्दा ॐ हुन्छ, समस्त शब्दहरूको साधारण वाचककै किसिमले लिन सकिन्छ। स्फोट रूपबाट उच्चारित जति पनि शब्द छन् उनीहरूको उच्चारण-क्रिया मुखमा जिब्रोको मूलबाट उच्चारण शुरू भएर ओठमा आएर टुंगिन्छ। 'अ' जिव्हामूल अर्थात् कण्ठबाट उच्चारित हुन्छ। 'म्' ओठबाट उच्चारित हुने अन्तिम शब्द हो, र 'उ' त्यस शक्तिको सूचक हो जो जिब्रोको मूलबाट प्रारंभ भएर मुखबाट गुड्दै आएर ओठमा टुंगिन्छ। यो ॐ नै स्फोटको सबभन्दा उपयुक्त वाचक शब्द हो र यही स्फोट नै ॐ को वास्तविक वाच्य हो र वाचक वाच्यबाट कहिल्यै अलग हुन सक्तैन। यसकारण ॐ र स्फोट अभिन्न हुन्।

वास्तवमा मन्त्रविज्ञान एक महान् रहस्य हो। शब्द नै ब्रह्म हो। जब सृष्टि आरंभ भयो, तब केही पनि थिएन, पहिले गुण र शक्तिको विकास भयो। गुण र शक्तिलाई लिएर नै सप्तलोकको सृजन, पालन र लय हुन्छ। ब्रह्मा सृष्टिकर्ता र सरस्वती उनको सृष्टिशक्ति हुन्। सरस्वती नादरूपिणी शब्द ब्रह्म हुन्। सरस्वती उही शब्दब्रह्मको चिदंश बीज हुन्। सबै बीजमन्त्र शक्तिका व्यक्त सूक्ष्म बीज हुन्। जस्तै– क्लीं कृष्णको सूक्ष्म व्यक्त बीज हो। यसप्रकार देव-देवीको बीजमन्त्रमा उनीहरूको सूक्ष्म शक्ति रहन्छ, त्यो मन्त्र सुन्दा त सामान्य वर्णमात्र छ, तर क्रियाद्वारा त्यसको शक्ति चैतन्य गराउन जुन देवताको जुन बीज छ, त्यसले त्यस दैवी शक्तिको काम गर्नेछ। वास्तवमा मन्त्रको प्राण मणिपुरमा अवस्थित छ। तर मन्त्रको प्राण मणिपुरमा कसरी रहेको छ यो त अनुभवी गुरुहरू नै जान्दछन्, व्यवसायी गुरु जान्दैनन्।

जस्तै अ, उ, म– यी तीन अक्षरलाई लिएर ॐ शब्द बनेको छ। ब्रह्मा विष्णु र शिवात्मक– यी तीन अक्षर सत्त्व, रज र तम– यी तीन गुणका व्यक्त बीज हुन्। सांसारिक काम गर्दा-गर्दै पनि प्रणवको ध्यान र ज्ञानमा मग्न हुन सकिन्छ। सधैं प्रणवका अर्थको ध्यान र प्रणवको जप गर्नाले साधकको चित्त निर्मल बन्न सक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस बेला प्रत्येक–चेतन, अर्थात् व्यष्टिशरीरको भित्र रहने आत्माको सम्बन्धमा यथार्थ ज्ञान उत्पन्न हुन्छ।

शास्त्रमा कर्म, ज्ञान र उपासना – यी तीनकै विवेचना छ। वास्तवमा यी तीनको समान अवस्था छैन। कर्म र उपासना एक कक्षाका हुन् र ज्ञान विशेष कक्षाको हो। कर्म र उपासना दुवै कर्मस्वरूप हुन्। कर्म र उपासनामा क्रियाको आवश्यकता हुन्छ। ज्ञानमा क्रियाको आवश्यकता हुँदैन। उपासनालाई ध्यान पनि भन्छन्। ध्यान भनेको ज्ञान होइन। यी दुइमा ठूलो अन्तर छ। ध्यान शास्त्रविधि र पुरुषको इच्छाको अधीनमा छ र ज्ञान प्रमाण र प्रमेयको अधीनमा छ। ध्यान अप्रत्यक्ष र ज्ञान प्रत्यक्ष छ र ध्यान गर्ने व्यक्तिको बुद्धिअनुसार हुन्छ।

सामान्य रूपबाट ध्यान तीन प्रकारका छन्–निर्गुण, सगुण र साकार। माया र मायाका गुणले रहित ब्रह्मको ध्यान निर्गुण ध्यान हो। मायाका गुणले युक्त ईश्वरको ध्यान सगुण ध्यान हो र उही ईश्वरमा, आफ्नो इष्टको ध्यान, जुन आकृति र गुणसहित हुन्छ– त्यो साकार ध्यान हो। कसै-कसैलाई उपनिषत् आदि सुनेर पनि बुद्धिको मन्दता अथवा अरू कुनै प्रतिबन्धले गर्दा महावाक्यको अर्थबाट पनि अपरोक्ष ज्ञान हुँदैन। यस्ता मन्द अधिकारीहरूको निम्ति उपासना ध्यान गर्न योग्य छ।

कपिलतन्त्रमा लेखिएको छ– आकाशतत्त्वका साथ विष्णुको, अग्नि अर्थात् तेजस्तत्त्वका साथ महाशक्ति- (देवी) को वायुतत्त्वका साथ सूर्यको, पृथ्वीतत्त्वका साथ शिवको र जलतत्त्वका साथ गणेशको संबन्ध छ यसकारण जसको रुचि जुन देवतामा हुन्छ, त्यही उसको इष्टदेवता हो। उसले त्यसैको उपासना गर्नुपर्छ। यसकारण एकै ईश्वरको पाँचरूपबाट उपासना गर्नाको कारण प्रकृतिभेद नै हो। यो रहस्य जान्ने पुरुष 'शिव-भन्दा विष्णु ठूला, विष्णुभन्दा शिव' भन्ने मूर्खतापूर्ण विवादमा फँस्दैन र साम्प्रदायिक भ्रान्तिमूलक पारस्परिक रागद्वेषमा अउँदैन।

मूर्तिको बारेमा कति मान्छे सोच्छन्–प्राणप्रतिष्ठाद्वारा यदि मूर्तिमा प्राण अथवा चैतन्य प्राप्त हुन्छ भने मृत शरीरमा प्राण किन आउँदैन? अर्को शंका यो उब्जन्छ–कुनै मूर्ति आफ्नो रक्षा आफै किन गर्न सक्तैन? पहिलो शंकाको उत्तर छ–पूर्वार्जित कर्मद्वारा जुन शरीरमा जति दिन सम्म रहनुपर्छ त्यसभन्दा बढी सयय प्राण त्यस शरीरमा रहन सक्तैन। आयु सकिएपछि मृत शरीर जीवित बन्न सक्तैन। दोस्रो शंकाको समाधान यो छ–मूर्तिमा जो शक्ति प्राणप्रतिष्ठाद्वारा स्थापित गरिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो शक्ति आफूउपर अत्याचार गर्नेलाई दमन गर्नको निम्ति होइन । त्यो शक्ति प्रसुप्त (Passive) छ, सक्रिय (active) होइन । अर्थात् केवल साधकको भाव अनुसार नै यो शक्ति मूर्तिमा एकत्रित छ । यसमा आफैं काम गर्ने प्रारब्धको कुनै संस्कार हुँदैन । यो शक्ति केवल भक्तको प्रार्थना अनुसार नै फल दिन सक्ने हुन्छ, आफैं केही दिन वा गर्न समर्थ हुँदैन । यो प्रसुप्त (passive) शक्ति हो । जस्तो आगोमा भोजन तयार पार्ने शक्ति छ, तर स्वयम् अग्नि भोजन तयार पार्न सक्तैन । भोजन तयार पार्नको लागि त सबै सामान तयार पारेर अग्निलाई त्यसमा प्रयोग गर्नाले भोजन बन्न सक्छ, यस्तै मूर्तिमा जो प्रसुप्त (Passive) शक्ति रहन्छ, त्यो भक्तको भावना अनुसार नै फल दिन सक्छ ।

अब ध्यान कसरी गर्ने ? यसबारे विचार गरौं । यदि कसैलाई सर्वप्रथम नै मानसिक ध्यान गर्ने योग्यता छ भने गर्न सक्छ, परन्तु शुरूमा स्थूल मूर्ति वा चित्रको ध्यान केही महिनासम्म गरेपछि मात्र मानसिक ध्यान गर्ने योग्यता हुन्छ, पहिले नै होइन । ध्यान गर्ने साधकले लौकिक धर्म वा देखावटी धर्मको संबन्धमा विशेष प्रवृत्ति र प्रेम नराखोस् । आफ्नो कल्याणको निम्ति मोक्षधर्ममा प्रीति राखोस् । शुद्ध र नियमित भोजन गर्ने होओस् । जहाँ कुनै प्रकारको हो-हल्ला हुँदैन त्यहाँ ध्यान गरोस् । साँचो बोलोस्, हिंसा नगरोस्, धार्मिक शास्त्रहरूको अध्ययन गरोस् र भगवान्मा भक्ति भएको होओस् ध्यानको लागि भगवान् विष्णुको एक सुन्दर फोटो ल्याओस् । त्यसलाई आफ्नो ध्यान गर्ने स्थानमा ठीक आँखाको अगाडि अर्थात् समानान्तर राखोस्, जसले गर्दा ध्यान गर्ने बेलामा गर्दन झुकाएर वा उठाएर हेर्नु नपरोस् । त्यस मूर्तिबाट लगभग दुई हात टाढा कम्बल आदिको नरम आसन बिछ्याएर त्यसमाथि सरल भावले शरीरलाई सिधा राख्दै स्वस्तिकासनमा बसेर सर्वप्रथम आफ्ना गुरुको स्तुति र ध्यान पाँच मिनेटसम्म गरोस्, यसपछि गुरुदेव इष्टदेवकै मूर्तिमा विलीन हुनुभएको छ भन्ने भावना गरोस् र फेरि भगवान्को कृपा र शरणागतिको लागि प्रार्थना गरोस् । यसपछि खुलेका आँखाले भगवान्को मूर्तिलाई ध्यानपूर्वक हेर्दै गुरुबाट प्राप्त मन्त्र जप्दै ध्यान-पूर्वक मूर्तिलाई हेरि नै रहोस् । सर्वप्रथम चरणलाई ध्यानपूर्वक हेरोस्, त्यसपछि दुइ घुँडाहरूको ध्यान गरोस्, तदनन्तर दुइ जाँघहरूको ध्यान गरोस् र त्यसपछि भगवान्को नितम्बको ध्यान गरोस् । त्यस्तै क्रमैसंग भगवान्को नाभि स्तन, वक्षस्थल, कण्ठ, दुइ भुजाहरू, सुदर्शन चक्र र शंख, गदा, पद्म, वनमालाको ध्यान गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मतत्त्वमय कौस्तुभमणिको ध्यान गरोस् । यति गरिसकेपछि भगवान्को मुहार कमलजस्ता आँखा र आखिभौंको ध्यान गरेर भगवान्को मुस्कान, भूमण्डल र हास्यको ध्यान गरोस् । त्यस्तै शोभायमान दाँतका पंक्तिहरूको र मुकुटसहित शिरको ध्यान गरोस् । यस प्रकार तलदेखि माथिसम्मका सबै अङ्गहरूको ध्यान गरिसकेपछि भगवान्को संपूर्ण स्वरूप हेरेर फेरि माथिदेखि तलसम्म सबै अङ्गको क्रमैसंग ध्यान गरोस् । यस्तो गर्दा पट्टाइ लाग्न थालेछ भने फेरि भगवान्को मुखमण्डलको ध्यान गरोस् र मन्त्र जपिरहोस् । ध्यान छाड्नुपर्दा भगवान्को संपूर्ण स्वरूपको ध्यान गरेर विस्तारै चित्तलाई हटाई ध्यानबाट मुक्त हुनुपर्छ । प्रतिदिन यस्तै प्रकारले ध्यान गरोस् । (जसरी विष्णु भगवान्को ध्यान माथि बताइयो त्यसरी नै अरू देवताहरूको पनि ध्यान गरोस्) । यस प्रकार ५–६ महिनासम्म ध्यान गरेपछि जब अभ्यास बढ्छ अनि खुला आँखाले भगवान्को मूर्तिको ध्यान गर्दा बीच-बीचमा आँखा बन्द गरेर त्यस मूर्तिलाई जस्ताको तस्तै आफ्नो हृदयमा देख्ने चेष्टा गरोस् । शुरु-शुरुमा मूर्ति एकैछिन मात्र देखिएर लुप्त हुनेछ । आफूभित्र मूर्ति नदेखे आँखा खोलेर बाहिरको मूर्ति एकाग्रतापूर्वक हेरोस् । २–४ मिनेट हेरेपछि फेरि आँखा बन्द गरेर त्यस मूर्तिलाई आफ्नै हृदयमा देख्ने चेष्टा गरोस् । यसप्रकार सधैं मूर्ति बाहिर देखेर आँखा बन्द गरी आफैंभित्र देख्ने अभ्यास बढाउँदै लैजावस् । जब-जब भित्र मूर्ति देखिंदैन तब-तब आँखा खोलेर बाहिरको मूर्ति हेरोस् । जब उपासक बाहिरको मूर्ति नदेखेर आफ्नै हृदयमा नै बाहिरको जस्तै मूर्ति देख्न सक्छ, तब उसलाई मानसिक पूजा वा ध्यानको अधिकार प्राप्त हुन्छ । यसप्रकार सधैं ध्यानको अभ्यास गर्दै रहनाले जब चित्त राम्रोसंग एकाग्र हुनथाल्छ तब उपासकको सामुन्ने चित्तको एकाग्रताको प्रकाश हुन्छ । त्यस प्रकाशमा चित्त लगाउनाले उपास्य मूर्तिको प्रतीति हुँदैन, उसले कहिले तारा, कहिले बिजुली चम्केको, कहिले सूर्य-चन्द्रको प्रकाश देख्छ र एक क्षणमा हट्छ पनि । उपासकले यी दृश्यहरूलाई आसक्तिपूर्वक नहेरेर आफ्नो लक्ष्यमा नै मानसिक दृष्टि लगाइरहनुपर्छ । अथवा कहिलेकाहीं हल्का स्वप्नावस्था (योग-निद्रा) भएर त्यसमा सुन्दर-सुन्दर मन्दिर, बाग-बगैंचा र महात्माहरूको दर्शन हुन्छ । यस्ता चमत्कारबाट चित्तलाई हटाउँदै गर्नुपर्छ, किनकि यी साधनका विघ्नरूप हुन् र तिनलाई चित्तबाट हटाउनैपर्छ । यसप्रकार क्रमशः ध्यानको अभ्यास बढ्दै-बढ्दै एक यस्तो दिन आउनेछ, ध्यानमा सहसा मनोवृत्ति लीन हुन्छ र एक दिव्य, निर्मल, नीलवर्ण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापक आकाश देखिनेछ र त्यसमा इष्टदेवको मूर्ति सिनेमाको पर्दामा देखिए जस्तै प्रकाशमय रूप देखा पर्नेछ ।

यस दर्शनबाट चित्त अत्यन्त प्रसन्न हुनेछ तर उक्त प्रसन्नता सधैं रहँदैन । किनभने यो भगवान्को छाया दर्शन मात्र हो वास्तव होइन, तर यसबाट ध्यानमा श्रद्धा र विश्वासको वृद्धिभने अवश्य हुन्छ। त्यसपछि यस छाया दर्शनलाई ध्यानद्वारा स्थायी बनाइराख्ने प्रयत्न गर। तिम्रो प्रयत्न यति नै हो । शेष भगवान्को काम हो । आफ्नो काम उहाँ स्वयं गर्नहुन्छ । यस प्रकार त्यस भगवच्छाया-दर्शनको अभ्यास गर्दा-गर्दै अन्तमा उपासकलाई भगवान्को वास्तविक स्वरूपको दर्शन हुन्छ र त्यो भक्तराज ध्रुव झैं सदाको लागि कृतार्थ हुन्छ ।

बाल भक्त ध्रुव– उत्तानपाद राजाका सुनीति र सुरुचि दुइ रानी थिए। सुनीताका छोरा ध्रुव एकदिन बाबुको काखमा बस्न जाँदा उनलाई सौतिनी आमा सुरुचिले भनिन्– "ए ध्रुव ! तँ राजपुत्र अवश्य होस्, तर राजाको काख र राज्यासनमा बस्ने अधिकारी तँ छैनस्। तँलाई राजाको काखमा नै बस्ने इच्छा छ भने ईश्वरको आराधना गर्, ईश्वरको कृपाले फेरि मेरो कोखबाट जन्मने काम गर्" । विमाताको वाक्वाणले घायल भएका ध्रुव पनि ईश्वरको आराधना गर्ने अठोट गरेर जंगलतर्फ लागे ।

मधुवनमा पुगेर ध्रुव बाहिरका पदार्थहरूबाट सबै इन्द्रिय र मनलाई खिंचेर भगवान्को ध्यान गर्न थाले। ध्रुवको तपस्याबाट भगवान् प्रसन्न हुनुभयो र उनलाई यस लोकको राज्य र ध्रुवलोकसमेत प्रदान गरेर अन्तर्धान हुनुभयो । यस्तो छ भगवान्को कृपा ।

सन्ध्या-गायत्री– सन्ध्योपासन र गायत्रीजपको हाम्रो शास्त्रमा निकै ठूलो महत्त्व बताइएको छ। द्विजातिमात्रको लागि यी दुइ कर्म गर्नैपर्ने कर्तव्यको रूपमा रहेका छन्। शास्त्रमा तीन प्रकारका कर्मको उल्लेख गरिएको छ– नित्य, नैमित्तिक र काम्य । नित्य कर्मको अर्थ नित्य नियमपूर्वक नटुकाईकन कर्तव्यबुद्धिले र कुनै फलको इच्छा नराखीकन गरिने कर्म हो। नैमित्तिक कर्म त्यो हो जो कुनै विशेष निमित्तलाई लिएर खास-खास अवसरमा गरिन्छ। नैमित्तिक कर्म दिनहुँ गर्नुपर्दैन । तेस्रो कर्म हो काम्य, जो कुनै कामना राखेर गरिन्छ । नित्यकर्म चाहिं प्रतिदिन गर्नुपर्छ, यसमा एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिनको छुट पनि क्षम्य हुँदैन । नित्यकर्म हुन्– सन्ध्या, तर्पण, बलिवैश्वदेव, ध्यान, होम, जप आदि ।

हिजो-आज कतिपय मानिस भन्छन्– संध्याको अर्थ हो- ईश्वरोपासना । वैदिक धर्मावलम्बीहरूका लागि बडो महत्त्वको विषय छ वेद । वेद नै ईश्वरीय ज्ञानको आदिस्रोत हो । वेदबाट नै संपूर्ण ज्ञान निस्केको हो । धर्मको आधार पनि वेद नै हो । हाम्रो कर्तव्य-अकर्तव्यको निर्णायक पनि वेद नै हो । संपूर्ण शास्त्र वेदलाई आधार मानेर चल्दछन् । स्मृति, आगम पुराणादि शास्त्रको प्रमाण वेदमूलक छ, जहाँ श्रुति नै बलवान् भनिन्छ । वेद नै हाम्रो संस्कृतिको आधारस्तम्भ हो । जुन वेदलाई हाम्रो शास्त्रमा यति महत्त्व दिइएको छ, त्यस वेदका अंगभूत मन्त्रहरूको तुलना भाषा वा वाक्यरचनासँग हुन सक्तैन । ती मन्त्रहरूमा विशेष शक्ति निहित छ, जो तिनको शुद्ध उच्चारणले मात्र प्रकट हुन पुग्छ ।

वेदमन्त्रको एकै शब्दको पनि ठीक प्रयोग भएन र तिनको स्वर, मात्रा वा अक्षरको उच्चारणमा त्रुटि हुन गयो भने त्यसबाट अभीष्ट अर्थको प्रतिपादन हुन सक्तैन । यसैकारण लाखौं-करोडौं वर्षदेखि वैदिकहरूले परंपरागत रूपमा पद, क्रम, घन र जटाले सहित वैदिक मन्त्रहरू सस्वर कण्ठस्थ गर्दै आएका छन् र यस प्रकार उनीहरूले वैदिक परंपरा र वैदिक साहित्यलाई जीवित राखेका छन् । द्विजातिहरूले उपनयन संस्कारपछि संध्याको अर्थसहित मन्त्रहरू सिक्नुपर्छ र फेरि कम-सेकम सायंकाल र प्रातःकाल दुवै सन्धिको समयमा श्रद्धा, प्रेम र विधिको साथ अनुष्ठान गर्नुपर्छ । महर्षि याज्ञवल्क्य भन्छन्– "दिन वा रात्रीमा अनजानमा जो पाप गरिन्छ, ती सबै पाप त्रिकालसन्ध्या गर्नाले नाश हुन्छन् । जो प्रतिदिन स्नान गर्छ तथा कहिल्यै सन्ध्याकर्म बिर्सदैन, गरूडसमक्ष सर्पहरूजस्तै कुनै पनि दोष उसको अगाडि आउन सक्तैन ।

भगवान् सूर्य परमात्मा नारायणका साक्षात् प्रतीक हुनुहुन्छ । उहाँ प्रत्यक्ष देखिने सम्पूर्ण देवताहरूमा श्रेष्ठ हुनुहुन्छ । सूर्यनारायण प्रतिदिन प्रातःकालमा हाम्रो भूमण्डलमा एक महापुरुष नैं पाल्नुहुन्छ । उहाँको स्तुति गर्नु, जप गर्नु, भगवान् सूर्यलाई तीन बार गायत्रीमन्त्र जप्दै अर्घ्य प्रदान गर्नु, गायत्रीमन्त्र जप्नु, खडा भएर उहाँको उपस्थान गर्नु, स्तुति गर्नु यिनै सन्ध्योपासनका मुख्य अङ्ग हुन् । सायं–प्रातः, संध्या प्रेम र आदरपूर्वक ठीक समयमा अवश्य गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतको आदिपर्वमा जरत्कारू ऋषिको कथा आउँछ । उनी बडा तपस्वी र मनस्वी थिए । एक पटक उनी आफ्नी पत्नीको काखमा शिर राखेर सुतेका थिए । संध्याकाल भइसक्ता पनि पति नउठेको देखी ऋषिपत्नीले उनलाई जगाइन्। ऋषि आफ्नो इच्छाविरुद्ध जगाएकोले रिसाएर पत्नीलाई छाड्न तत्पर भए । पत्नी-बाट जगाउनाको कारण जानेपछि ऋषिले भने –"हे सुन्दरी ! सूर्यमा यति शक्ति छैन, कि म सुतिरहुँ र उनीचाहिं निश्चित समयमा मेरो अर्घ्य नलिईकनै अस्ताऊन् । मेरो हृदयमा यस्तो दृढ विश्वास छ" । जुन भक्तको उपासनामा यस्तो दृढ निष्ठा हुन्छ, सूर्य भगवान् उसको इच्छा विरुद्ध कुनै कार्य गर्नुहुन्न ।

संध्याको प्रधान अङ्ग गायत्री जप हो । गायत्रीलाई हाम्रो शास्त्रमा वेद-माता भन्छन् । मनुले भनेका छन् – जो पुरुष प्रतिदिन आलस्य त्यागेर तीन वर्षसम्म गायत्रीको जप गर्छ, त्यो मृत्युपछि वायुरूप हुन्छ र त्यसपछि आकाश झैं व्यापक भएर परब्रह्ममा प्राप्त हुन्छ ।

महाभारत शान्ति पर्व– (मोक्षधर्म)– को १९९ देखि २०० अध्यायमा गायत्रीको महिमाको एक सुन्दर उपाख्यान पाइन्छ । कौशिक गोत्रमा उत्पन्न भएका पिप्पलादका छोरा एक तपस्वी ब्राह्मण थिए । उनी सधैं गायत्रीजप गर्थे । लामो समय-सम्म लगातार जप गरेपछि सावित्रीदेवीले उनलाई साक्षात् दर्शन दिएर भनिन्– "म तिमीदेखि प्रसन्न छु ।" तर ती ब्राह्मणले कुनै उत्तर नदिई जप गरिरहे । जपको संख्या पूरा भएपछि ती ब्राह्मणले देवीको पाउमा परेर प्रार्थना गरेर "मेरो मन निरन्तर जपमा लागिरहोस्" भन्ने वर मागे । ब्राह्मणको यस्तो निष्काम जपनिष्ठा देखेर भग-वती अत्यन्त प्रसन्न हुनुभयो र तथाऽस्तु भनी अन्तर्धान हुनुभयो ।

ब्राह्मण फेरि जप गर्न थाले । धेरै काल जप गरिसकेपछि पुरश्चरण समाप्त भयो र साक्षात् धर्म, काल, मृत्यु र यम पनि तपस्याको प्रभावले त्यहाँ उपस्थित भए । त्यसै बखत राजा इक्ष्वाकु पनि त्यस ठाउँमा आइपुगेर उनले ब्राह्मणलाई धेरै धन दिन चाहे । परन्तु ब्राह्मणले त्यो धन लिन अस्वीकार गर्दै राजालाई भने- तपाई केही मसँग माग्नु होस् ।" राजाले उनको जपको फल मागे तर पछि (राजाले) यो लिन चाहेनन् ।

अन्त्यमा यी दुइमा सम्झौता भयो– ब्राह्मणको जपको फल राजाले स्वीकार गर्ने र त्यसको सट्टामा राजाको पुण्यफल ब्राह्मणले स्वीकार गर्ने । यी सुनेर विष्णु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि देवताहरूले दुवैको प्रशंसा गरे । अन्तमा ब्राम्हण र राजा दुवै समाधि लगाएर ब्रह्मलोक गए ।

जप तीन प्रकारका छन्– वाचक, उपांशु र मानसिक । पहिलोभन्दा दोस्रो र दोस्रोभन्दा तेस्रो अझ अधिक लाभदायक मानिएको छ ।

गायत्रीको वर्णस्वरूप तीनपाद स्थूल छन्– भूःभुवः स्वः सूक्ष्म छन् र ॐकार कारणरूप छ । अकार उकार मकार र चतुर्थ अमात्र सहित ॐकार कारण हो । ॐकार परब्रह्म हो । भूः भुवः र स्वः ऋक्, यजु र सामवेद हुन् र गायत्री वेदहरूको विस्ताररूप ब्रह्माण्ड हो । तीनै वेदहरूका बीजरूप भूः भुवः र स्वः हुन्, ॐकार तीनै व्याहृति र गायत्रीका तीनै पाउलाई मिलाएर गायत्रीलाई वेदको मुख जान्नुपर्छ । गायत्री मन्त्रको शाब्दिक अर्थ यसरी वर्णन गरिएको छ ।

ॐ भूः भवः स्वः ।
ॐ तत्सवितुर्वरेण्यम्
भर्गोदेवस्य धीमहि
धियो यो नः प्रचोदयात् ।

अर्थात् –'जो ब्रह्म हो सर्वाधार , दुःखहरूको निवृत्ति गर्न समर्थ छ, व्यापक छ, सब जगत्को स्रष्टा छ र ऐश्वर्यको दाता छ –यस्तो स्वीकार गर्न योग्य, अतिश्रेष्ठ सुख दिनेलाई हामी धारण गर्छौं, जो ब्रह्मचैतन्य परमतेज अन्तर्यामी रूपले हाम्रा बुद्धि-वृत्तिहरूलाई शुद्ध बनाउने प्रेरणा गरून् ।

उपासनामा ध्यानको नै मुख्य स्थान हुन्छ । ध्यान अनेक प्रकारका छन् । ध्यान गर्दा निर्गुण निराकार र सगुण साकार भगवान् वास्तवमा एकै हुन् भन्ने संझनु पर्छ । अनेक प्रकारका गुणहरूसहित ईश्वरको आराधना गर्नुको नाम सगुण उपासना हो । मायोपहित समष्टि चेतन ईश्वर हो । यस ईश्वरको अथवा उसको अवस्थाविशेषको उपासना सगुण उपासना हो । ईश्वर माया र त्यसका गुणहरूको दबावले रहित छन् । जीवको अपेक्षा ईश्वर सर्वज्ञ छन् । यसकारण जीवभाव भएकाको लागि ईश्वर उपास्य छन् । ईश्वरको जाग्रत् अवस्था जो विराट् नामले चिनिन्छ, त्यसको अभिमान गर्ने ईश्वर वैश्वानर हुन् । जब जीव आफूलाई वैश्वानरबाट भिन्न नराखीकन अभेद उपासना गर्छ, तब त्यो सगुण अभेद उपासना भनिन्छ र जब उपासक भिन्न रहेर उपासना गर्छ तब त्यो सगुण भेद उपासना भनिन्छ । भेद उपासनाबाट उपासकलाई ऐश्वर्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्ति हुन्छ र अभेद उपासकलाई उपासना अनुसार वैश्वानर, हिरण्यगर्भ अथवा ईश्वरको प्राप्तिरूप फल प्राप्त हुन्छ। अभेद उपासनालाई शास्त्रमा अहंग्रह उपासना पनि भन्छन्।

माथि उल्लेख गरिएका सबै सगुण उपासनाहरू कार्यब्रह्मको उपासनारूप हो। निर्गुण उपासना कारण ब्रह्मको उपासना हो। सगुण उपासकलाई यथार्थ उपासनाद्वारा ब्रह्मलोक प्राप्त हुन्छ। निर्गुण वा कारण ब्रह्मको उपासकलाई सद्योमुक्ति प्राप्त हुन्छ अर्थात् ज्ञानको फलरूप जो मोक्ष हो त्यो प्राप्त हुन्छ । श्रवण मननपछि जो निदिध्यासन हुन्छ, त्यही कारणब्रह्मको उपासना हो।

सगुण ध्यानविधिको संक्षिप्त वर्णनपछि अब भक्तिको विषयमा मनोवैज्ञानिक दृष्टिले केही विचार गर्छौं ।

भक्ति-मनोविज्ञान – हिन्दू संस्कृतिमा भक्तिको महत्त्वपूर्ण स्थान छ। हाम्रो साहित्य, संगीत एवं विविध कलामा पनि भक्तिरसको अमिट छाप छ। हाम्रो मातृभूमिका मनोहर मन्दिर, मेला चाड–पर्वहरूका यात्रा र जागरण तथा विशाल स्तूप, स्तम्भहरू भक्तिको भव्यताका साकार रूप हुन् । श्रीमद्भागवतमा स्वयं भगवान्लाई भक्तभक्तिमान् र भक्तपराधीनको रूपमा उल्लेख गरिएको छ । मनोविज्ञान पनि भक्तिलाई रसराशि सिद्ध गर्छ । भक्ति मनको एक वृत्ति वा भाव हो। मनोविज्ञानमा मनका मुख्य वृत्तिहरू तीन मानिन्छन्– ज्ञान, भावना र क्रिया ।

समष्टि रूपमा तीनै वृत्तिको समाहार प्रत्येक मानसिक व्यापारमा रहन्छ र व्यष्टि रूपमा कुनै एक वृत्ति प्रमुख हुन्छ । (मनोविज्ञानका यी तीन वृत्तिहरूका मूल कारणमा शास्त्रकारले सत्त्व, रज र तम यी परस्पर मिथुनधर्मी तीन गुणको नाम दिएका छन्)। भक्तितत्त्वलाई राम्रोसंग बुझ्नु जान्नु आवश्यक छ– भावना अन्तर्गत कुन र कस्ता वृत्तिहरू शाखाहरूको रूपमा रहन्छन् ? छोटकरीमा यी वृत्तिहरूलाई यसरी विभक्त गर्न सकिन्छ–

(१) देहात्मक, यथा – सर्दी, गर्मी, भोक, प्यास आदि ।
(२) आवेशात्मक, यथा – भय, क्रोध आदि ।
(३) रसात्मक, यथा – प्रेम, श्रद्धा आदि ।

आसुरी भावनाले गर्दा नै संसारमा अनेक युद्ध भएका छन् र अगाडि पनि हुँदै जानेछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभु प्रार्थनाको मनोवैज्ञानिक स्वरूप र रहस्य– प्रार्थना अनेक प्रकारका हुन्छन्, तथापि त्यसका प्रमुख दुइ प्रकार छन्– एक– व्यक्तिगत प्रार्थना र दोस्रो-- सामूहिक प्रार्थना; अथवा एक-- भगवान्संग कुनै याचना गर्ने वा माग्ने प्रार्थना र दोस्रो-- भगवान्संग केवल भगवान्कै लागि, भगवत्प्रेमकै लागि गरिने प्रार्थना । यस अन्तिम श्रेणीको प्रार्थनामा न कुनै माग छ, न कुनै याचना छ, बरु अनेक भावहरूद्वारा प्रभुलाई अंगीकार गर्नु, प्रभुकै पुनीत चरणमा आफ्नो शरीर, मन र आत्माहरूलाई समर्पित गर्नु छ। यसलाई आराधना पनि भन्छन् र यसको अर्को नाम हो उपासना ।

व्यक्तिगत प्रार्थनामा हामी केवल आफ्नो श्रद्धा, प्रेम भक्ति र प्रपत्तिको बलमा भगवान्को अनुसन्धान गर्छौं । सामूहिक प्रार्थनामा चाहिं एकको अतिरिक्त अनेकको बल र अनुभव हामीलाई प्राप्त हुन्छ । व्यक्तिगत प्रार्थना निर्जन एकान्त स्थानमा गएर गरिन्छ । प्रभुमा दिल लगाउन र आफ्नो हृदयको भाव उनमा प्रकट गर्नको लागि पनि निरन्तर एकान्त स्थान अति आवश्यक छ । एक्लै हुँदा लाज संकोच हुँदैन, दिल खोलेर प्रियतमसंग कुरा गर्न सकिन्छ । दुइ-चार भक्त वा जन-समूह कुनै देवमन्दिर, प्रार्थना- भवन वा कुनै निर्दिष्ट स्थानमा भेला भएर भक्ति-भावद्वारा प्रभुको नाम संकीर्तन वा यशोगान गर्नुलाई सामूहिक प्रार्थना भन्छन् । यस्तो सामूहिक प्रार्थनामा विलक्षण शक्ति हुन्छ । यसबाट एकलाई अर्कोले मद्दत गर्ने बल प्राप्त हुन्छ ।

कुनै देशलाई समुन्नत, सुसम्पन्न, शक्तिशाली बनाउनु आवश्यक छ भने त्यस देशका जनताको नैतिक स्तर निकै उच्च हुनुपर्छ । जहाँ धर्मनिरपेक्षता र धर्मो-दासीनता हुन्छ। त्यहाँका जनता, नेता, कर्मचारी र शासक विदेशी शिक्षा र सभ्यताको प्रभावद्वारा ईश्वर र धर्मलाई उन्नतिको बाधक संझन्छन्, तर कुनै त अज्ञानवश मूर्खता र पाखण्डसम्म पनि भनिदिन्छन् । यस दूषित वातावरणको प्रभावद्वारा धर्मको ह्रास हुने हुनाले असत्य, अन्याय, पक्षपात आदिको बोलबाला हुन थाल्छ ।

अन्य युगमा जुन फल घोर तपस्या र योगसमाधि आदिद्वारा प्राप्त हुन्थ्यो, त्यो कलियुगमा केवल हरिकीर्तनद्वारा प्राप्त हुन्छ । आजकल प्रार्थनालाई धेरै मानिस गलत संझन्छन्। कोही ठान्छन्– प्रार्थना गरेर बालकको मीठो बोलीले झैं ईश्वरलाई फकाउन चाहन्छौं, यो कुरो ठीक होइन । साँचो कुरा त यो हो–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थना मनको मोदक होइन । सच्चा आन्तरिक प्रार्थना श्रद्धा, विश्वास, शरणागति तथा आत्मसमर्पणको रूपान्तर हो ।

कवि टेनिसले पनि भनेका छन्-- विना प्रार्थना मानिसको जीवन पशु-पक्षीहरूको जस्तै निर्बोध हुन्छ। प्रार्थना त परमेश्वरसंग वार्तालाप गर्ने एक आध्यात्मिक प्रणाली हो। एक तत्त्वदर्शीको कथन छ-- प्रार्थना मानिसको मनको समस्त विश्रृंखलित एवम् अनेक दिशाहरूमा भड्किएका वृत्तिहरूलाई एक केन्द्रमा एकाग्र पार्ने मानसिक व्यायामको नाम हो । मनोवैज्ञानिकहरूको भनाइ छ-- प्रार्थना अव्यक्त मनद्वारा उठेको एक चेतन हो। मानिसको चेतन मनभन्दा पर त्यसको गुह्य अथवा अचेतन मन पनि छ। यो अज्ञात चेतना परम लीलामयी छ। त्यसमा एक-से-एक आश्चर्यजनक सामर्थ्यहरूको भण्डार छ ।

प्रार्थनाको मनोवैज्ञानिक आधार गुप्त मन नै हो । मनोविज्ञानको दृष्टिले प्रार्थना एक प्रकारको आत्मसंकेत अथवा आत्मसूचना (Auto-suggestion) हुन्छ । जुन विचारको प्रभाव जति शीघ्र गुप्त मनमा पुऱ्याउन सकिन्छ त्यति नै शीघ्र प्रार्थना फलवती हुन्छ। जतिपटक हामी सबै विरोधी विचारहरू हटाएर प्रार्थनामा चित्त एकाग्र गर्नेछौं त्यति नै पटक परमात्माको परम-पावन संस्पर्शद्वारा रौं-रौंमा पवित्रताको संचार हुनेछ। यस्तै ढंगले रोगी स्वास्थ्यको प्रार्थना गरेर रोगमुक्त तथा स्वस्थ हुन सक्छ ।

शब्दहरूलाई रटेर सुगाले झैं दोहोऱ्याउनु प्रार्थना होइन । यो त एक प्रकारको अभिनय हो। भित्रबाट प्रेरित सच्चा प्रार्थना स्वसंकेत (Auto Suggestion) को एक यस्तो पद्धति हो जसद्वारा हामी स्वयम् आफ्नो गुह्य मनले आफ्नै शक्तिको महासागर खोलिदिन्छौं ।

हाम्रो प्रार्थना जति सुन्दर श्रद्धा तथा विश्वासले युक्त हुनेछ त्यति नै सृजनात्मक कार्य गर्नमा समर्थ हुनेछ । यसै मनोवैज्ञानिक आधारमा गायत्री मन्त्रको विधान छ, जसको अर्थ हो-- हामी त्यस सुखस्वरूप, श्रेष्ठ, तेजस्वी, पापनाशक प्रणवस्वरूप परब्रह्मलाई धारणा गर्छौं, जो हाम्रो बुद्धिलाई सन्मार्गतर्फ लगाउने प्रेरणा दिन्छन् ।

हिन्दू-धर्मावलम्वी योग-साधना र नवधाभक्ति गर्छन्, त्यसरी नै अन्यान्य धर्म पनि प्रार्थना प्रधान छन् । यूरोप, अमेरिकामा दिन--रात निःस्वार्थ भावले अरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिको दुःखदर्द दारिद्र्य हटाउनका लागि प्रार्थना गर्ने ठूला-ठूला संस्था छन्। त्यहाँ अरूकै लागि प्रार्थना गरिन्छ। यो रीति उनीहरूको आफ्नो देशअनुसार उनीहरूको लागि ठीक नै छ। यहाँ घर-घरमा नित्य पूजा-प्रार्थनाको नियम पहिलेदेखि चल्दै आएको छ। दुःखको साथ भन्नुपर्छ– धर्म, प्रार्थना र ईश्वरीय तत्त्वका तर्फबाट आज मानव उदासीन छ। यसै उदासीनताले गर्दा नै जगत् आज विनाशको ढोकामा खडा हुन गइरहेछ। मानिसको आत्म-विकासको सूलको जुन आध्यात्मिक शक्ति, जुन ईश्वरांश, जुन दिव्य बलको आवश्यकता छ, त्यसको मानवजाति उपेक्षा गरिरहेछ। फलस्वरूप जगत् घोर निराशा, अन्धकार अशान्ति, वैर, विरोध र हिंसाको जालमा फँसिरहेछ।

जुनबेला हाम्रो चारैतिर विपत्तिका बादल मडारिन थाल्छन् तब हामी भगवान्लाई पुकार्न थाल्छौं। पुकार्ने बित्तिकै भगवान्ले अनौठो तरीकाले हाम्रो रक्षा गर्नुहुन्छ। उनीसंग हृदय मिल्ने बित्तिकै उनको सम्पूर्ण शक्ति हाम्रो आवश्यकता पूर्ण गर्नका लागि प्रकट हुन्छ। किन्तु प्रभुसंग हाम्रो हृदयको यो संयोग स्थायी हुँदैन। अनुकूल परिस्थिति आउनासाथ हामी प्रभुलाई भुल्न थाल्छौं। यी भन्दा भिन्न कुनै यस्ता प्राणी छन् जो स्वाभाविक रूपले कुनै वस्तु पाउनको लागि प्रायः भगवान्संग प्रार्थना गर्छन्। हामीले त प्रार्थना यसरी गर्नुपर्छ– हे नाथ ! तपाईंको जे इच्छा छ त्यो मलाई दिनुहोस्। जुन किसिमले दिन चाहनुहुन्छ, उसै प्रकारले दिनुहोस्। जब दिन चाहनुहुन्छ तब दिनुहोस्। उपर्युक्त दुइभन्दा भिन्न यस्ता पनि मानिस छन् जो भगवान्संग केवल भगवान्को लागि प्रार्थना गर्छन्।

प्रार्थनाको समयमा प्रभुसमक्ष कुनै वस्तुका लागि रुनु आवश्यक छैन। प्रार्थनाको रूप त हुनुपर्छ– प्रभुसंग हृदयको मिलन, हृदयको एकीकरण, प्रभुका रूपमा तन्मयता र प्रभुका ऐश्वर्य, वीर्य, यश, श्री, ज्ञान र वैराग्य आफ्नो सत्तामा बिलाउनु। यस मिलनको आनुसंगिक परिणाम हुनेछ–इच्छाको पूर्ति–इष्ट वस्तुको प्राप्ति।

नोबल पुरस्कार विजेता सर्जन एलेक्सिस क्यारल (Alexis Carrell) ले भनेका छन्- एकमात्र केवल प्रार्थनाद्वारा मुखको घाउ, शरीरका अन्य घाउ, क्यान्सर, मूत्राशयका रोग, र यक्ष्मा आदि रोगहरूद्वारा पीडित रोगीहरूको रोग निर्मूल भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि भावद्वारा हामी प्रभुतर्फ लाग्छौं भने हाम्रो परम कल्याण नै हुनेछ। यदि हामी आफ्नो स्वरूपलाई जानेर प्रभुकासाथ हाम्रो जे सम्बन्ध छ त्यो संझेर हामी प्रभुतर्फ बढ्यौं भने सर्वोत्तम कुरा हुन्छ। किन्तु यो सबै कुरा नजानीकन कुनै सांसारिक दुःखद्वारा व्याकुल हुँदै त्यस दुःखबाट त्राण पाउने इच्छाले नै अथवा कुनै लौकिक अभीष्ट वस्तु पाउने उद्देश्यले हामी उनलाई आफ्ना मनमा स्थान दिन थाल्छौं भने पनि हामी कुनै दिन यस प्रक्रियाबाट पनि भगवान्मा अवश्य मिल्न पुग्नेछौं, यसमा अलिकति पनि शंका छैन।

आफ्नो यस शरीरलाई आराम दिन अथवा शारीरिक कष्ट उठाएर पनि आफ्नो यस कल्पित नामको झुटो ख्याति समाजमा, देशमा, संसारमा फैलाउनको लागि हामी पागल जस्तै बनिरहेछौं। एकातर्फ त हामी धर्माचरण गर्ने, दानपुण्य गर्ने, देश तथा समाजको सेवा गर्ने, गरीब-दुःखीहरूलाई सुख पुऱ्याउने, तीर्थ सेवन गर्ने र ईश्वरभक्तिसम्बन्धी अनेक कर्महरू गर्ने अभिनय गर्छौं तथा अर्कातर्फ धन बटुल्नमा जति पनि अन्यायपूर्ण साधन छन् तिनमा घृणा, लज्जा आदि सर्वथा छाडेर ती सबलाई अँगालिरहन्छौं। आत्माको स्वरूपको विचार गर्न, पाठ-पढ्न र सभाहरूमा आत्मज्ञानको महत्त्व र त्यागको प्रशंसाको पुल बाँध्दै प्रवचन दिन सजिलो हुन्छ। यस्तो मौखिक स्वरूप ज्ञान, शास्त्रीय ज्ञान र देखावटी वैराग्य त हामीमध्ये धेरैमा छ, परन्तु यहाँ प्रस्तुत प्रसंगमा यस्तो धरमराउँदो नाममात्रको ज्ञान वैराग्यको कुनै तात्पर्य छैन। यहाँ त त्यस यथार्थ स्वरूप ज्ञानसंग मतलब छ, जसको आलोकमा बुद्धि यो दृढ निश्चय गर्छ, मन साँच्चै स्वीकार गर्छ—जन्म, अस्तित्वको प्रतीति, वृद्धि परिणाम, क्षय र विनाश यी ६ विकार शरीरका हुन् आत्मामा यी हुँदैनन्। आत्मा अविक्रिय अस्तित्व, वृद्धि, परिणाम यी तिनै विकारले रहित छ। शरीर यी तिनै विकारले युक्त छ। आत्मा शुद्ध छ, शरीर मलिन छ, आत्मा एक छ, शरीर अनेक छ। आत्मा क्षेत्रज्ञ ज्ञाता हो, शरीर जड क्षेत्र हो। आत्मा स्वयम्प्रकाश छ, शरीर पर प्रकाशित छ। आत्मा व्यापक छ, शरीर व्याप्य छ। आत्मा असंग छ, शरीर संसक्त छ। आत्मा निरावरण छ, शरीर आवरणरूप छ। यस्तो निश्चय, यस्तो स्वीकृति भएपछि, आत्माका उपर्युक्त लक्षणहरूलाई यथार्थरूपमा हृदयंगम गरिसकेपछि अनिवार्य परिणाम यो हुन्छ—देह आदिमा अज्ञानजनित म र मेरो भन्ने जो मिथ्याभाव छ त्यसलाई हामी छाडिदिन्छौं। शरीर आदिमा रहेको म-मेरोभाव हटाउनु मात्र पर्छ, तत्काल प्रभुका साथ रहेको हाम्रो नित्य सम्बन्धको ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामीलाई स्पष्ट भइहाल्छ। शास्त्रीय भाषामा यसलाई भक्तिनिष्ठाको मार्ग भनिन्छ। स्वरूपज्ञान , यस ज्ञानको आनुषंगिक फल देहादिमा म र मेरो भन्ने मिथ्याभावहरूको नाश, प्रभुकासाथ आफ्नो संबन्धको स्फुरण, अनि भक्ति वा ज्ञानको प्रादुर्भाव– यो एक क्रम भयो। स्वरूप ज्ञान भन्दा अगाडिको कुरा त टाढै रहोस्, मन-बुद्धिमा यथार्थमा उब्जेको यस्तो स्वरूपज्ञान नै कति मानिसलाई छ र ?

आज सर्वत्र दुःख दैन्यको भरमार छ। लाखौंमा सायदै एक व्यक्ति यस्तो भेटिनेछ, जो छातीमा हात राखेर भनोस्– मलाई दुःख छैन। यी दुःखहरूबाट त्राण पाउनको लागि पनि प्रभुतर्फ मोडिन सकेमा कृतार्थ हुनेछौं। तर हामी त्यसो पनि गर्दैनौं। शरीर रोगी भएपछि डाक्टर, वैद्यका पछि लागेर चाहिँदो-नचाहिंदो धन खर्च गर्छौं, तिनीहरू जे औषधी बताउँछन् आँखा चिम्लेर सेवन गर्छौं। तर एक पटक पनि हाम्रो मनमा आउँदैन– जगत्मा जति डाक्टर वैद्य थिए, छन् र हुनेछन्, ती सबैमा रोग-को निदान गर्ने समस्त ज्ञान जसको बिन्दुमात्र ज्ञानबाट नै आएको छ, जसको अपरिसीम शक्तिको एक क्षुद्र कणद्वारा नै जगत्का समस्त औषधिहरूमा रोगनाशक शक्ति आउँछ– त्यस्ता प्रभुलाई हामी विश्वास गर्दैनौं र डाक्टर वैद्यका औषधिमा विश्वास गर्छौं।

प्रभुसंग आफ्नो अभीष्ट वस्तुको याचना गर्दा हामीले दुइ कुराको सावधानी राख्नुपर्छ–एक हामीले मागेको वस्तु यस्तो नहोस्, जसमा जगत्मा कुनै पनि प्राणीको लागि अमंगल, अहितको भावनाले युक्त होओस्, किनभने यस्तो याचनाको उत्तर प्रभुका तर्फबाट निश्चित रूपमा मिल्दैन, तथा दोस्रो कुरा यो हो– मनमा प्रभुले दिनेछन् वा छैनन् यस्तो संशय अलिकति पनि आउन दिनुहुँदैन। 'अवश्य दिनेछन्' यो दृढ निश्चय राखेर हामी उनीसंग मागौं।

प्रभुसंग केही माग्नु वास्तवमा अज्ञान नै हो। हाम्रो लागि जे-जे आवश्यक छ त्यो हामीले नमागे पनि प्रभुले प्रदान गर्नुहुन्छ। त्यसैले हामीले उहाँसंग किन माग्ने? तर जब हामीलाई अभावको अनुभव हुन्छ र प्रभुबाट विमुख भएर हामी भड्किरहन्छौं, तब यस परिस्थितिमा जुन निमित्त हामीलाई प्रभुसंग जोड्न सक्छ, त्यसलाई पक्कै पनि ग्रहण गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थनामा श्रद्धा, विश्वास मनको एकाग्रताको अत्यन्त आवश्यकता छ। (यहाँनेर मनको एकाग्रताबारे केही विचार गर्नुपर्छ) भावनात्मक वस्तु नै मन हो। भावहरूदेखि भिन्न मनको अर्को कुनै रूप पाउन सकिंदैन। किनभने जुन समयमा मन भावशून्य हुन्छ, त्यस समयमा त्यो आफ्नो स्वरूपभन्दा अर्को केही पनि रहँदैन। मनको भावशून्य अवस्था सुषुप्ति अथवा लय नै हो। त्यसको स्पष्ट प्रमाण यो छ-- जब जाग्रत वा स्वप्नमा मन अनेक भाव रूप तरंगहरूमा तरंगायमान भइरहन्छ, तब उसको स्वरूप पनि पाइन्छ। परन्तु सुषुप्ति--अवस्थामा जब भावहरूको लय हुन जान्छ तब उसको पनि कुनै स्वरूप मिल्दैन। यसबाट स्पष्ट सिद्ध हुन्छ— मन भावात्मक नै हो र भावविना मनको आफ्नो कुनै स्वरूप छैन।

भाव के हो? कुनै पनि आकार, विचार अथवा संकल्पको रूपमा मन स्फुरित हुनु, तरंगायमान हुनुलाई भाव भन्दछन्। भावहरूभन्दा भिन्न संसारको पनि आफ्नो कुनै स्वतन्त्र रूप मिल्दैन। यो लोक मात्र होइन किन्तु लोक-परलोक सबै लोकको सृष्टि जीवको आफ्नो-आफ्नो भावको अधीन हुन्छ। उद्‌भिज, स्वेदज, अण्डज र जरायुज— यी चार श्रेणीहरूमा क्रमशः जस्ता-जस्ता भावहरूको विकास हुँदै जान्छन्, त्यस्तै-त्यस्तै नै तिनका आफ्ना-आफ्ना भाव (संसार) विकसित हुँदै जान्छन्। भावहरूको उत्तरोत्तर न्यूनताको दृष्टिले मानिसको अपेक्षा पशु-पक्षी र कीटादिको संसार क्रमैले तुच्छ हुन्छन्। यसकारण आफ्नो-आफ्नो भावअनुसार संसारको स्वरूप भिन्नभिन्न प्रकारको हुन्छ। सकामीको लागि यो भोगरूप निष्कामीको लागि उद्धाररूप, शक्तिमान्‌को लागि भगवान्‌को छविरूप, वैराग्यवान्‌को लागि दुःखरूप र ज्ञानवान्‌को लागि परमानन्दरूप सिद्ध हुन्छ। अर्थात् यो संसार हाम्रो भोगको लागि नै रचिएको हो। यसकारण भोग भोग्नु नै हाम्रो कर्तव्य हो — यस्तो सकामीको दृष्टि हुन्छ। 'संसार बिग्रिरहेछ, यसको सुधार गर्नु हाम्रो कर्तव्य हो' यस्तो निष्कामीको दृष्टि हुन्छ। 'यो संसार भगवान्‌को छविरूप हो' — निष्कामी भक्तको यस्तो दृष्टि हुन्छ। यो संसार अत्यन्त दुःखरूप छ, बारम्बार जन्म, मृत्यु, जरा, व्याधिको चक्रमा परिरहनुपर्छ, कसरी यसबाट छुट्‌कारा पाऊँ— यस्तो दृष्टि वैराग्यवान्‌को हुन्छ। यो संसार आत्माको विवर्त हो र परमानन्दस्वरूप हो— साक्षात्कारवान् तत्त्ववेत्ताको यस्तो दृष्टि हुन्छ। सबैले आ-आफ्नो भावद्वारा यस संसारलाई हेर्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब विचार गरौं– भक्तिद्वारा मनको एकाग्रता कसरी सिद्ध हुन्छ ? मन शुद्ध नभईकन वास्तविक एकाग्रता प्राप्त हुँदैन । यसकारण पहिले स्वार्थ त्यागमय शुद्ध विचारद्वारा सकाम भावहरूलाई हटाउनु र निष्काम भावहरूको प्रवाह चलाउनु नै राम्रो हो । त्यसपछि निष्काम भावहरूको प्रभावद्वारा जीवनलाई परमार्थोन्मुखी बनाएर आफ्नो लक्ष्य निश्चित गरोस् । यसप्रकार सांसारिक कामना र वासनाबाट अलग रहेर शुद्ध प्रेम भक्तिका भावहरूको प्रवाह चलाउनु र कुनै एक भावलाई मनमा अचल पार्नु – वास्तवमा यही मनको एकाग्रता हो, जसद्वारा मलविक्षेपादि दोष निवृत्त हुन्छन् र स्थिर शान्ति प्राप्त हुन्छ । यही कारण हो– वेदशास्त्र, पुराण, स्मृति आदि सबै सच्छास्त्रहरूमा यस प्रेमाभक्ति महिमाको गुणगान गरिएको छ । सारांस यो हो– भावहरूको शुद्धिविना मन शुद्धि हुँदैन र शुद्ध भावोद्‌गारद्वारा भावहरूको एकाग्रताविना मनको एकाग्रता हुँदैन । यसभन्दा बाहेक मुक्तिको लागि अरू कुनै सरल बाटो छैन ।

यसप्रकार भावोद्‌गार र भावशुद्धिको मुख्यतालाई लक्ष्य गरी भावोद्‌गारमा उपयोगी तथा सहायक विभिन्न प्रकारका प्रार्थनाहरू अगाडि दिइनेछन्, आ-आफ्नो मनको परिस्थितिलाई ध्यानमा राखेर जो-जो आफ्नो चित्तको अधिकारअनुसार रुचिकर हुन्छ त्यस-त्यसलाई कण्ठस्थ गर्नुपर्छ । बिहान उठ्ने वित्तिकै र राति सुत्ने बेलामा पनि स्थिर चित्तले इष्टदेवका मूर्तिलाई हृदयमा ध्यान गरेर दुवै हात जोडेर विचारपूर्वक मनमनै त्यस प्रार्थनाको मनन गर्नुपर्छ र जुन ठाउँमा मन स्थिर हुन्छ त्यहीं रोक्नुपर्छ ।

वैराग्यजनक प्रार्थना– हे भगवन् । यस मानवजन्मको फल यो भोग होइन, किन्तु चित्तको शान्ति नै यस जीवनको मुख्य फल हो । मिथ्या सुखलाई सच्चा ठानेर सुखी हुनुको साटो हामी दुःखलाई झन् बढाउछौं । अपशोच छ, हामी अशान्तिमा शान्ति खोज्दैछौं र शान्तिस्वरूप हजूरको चरणकमलबाट विमुख हुँदैछौं । हे भक्तवत्सल ! जुन वस्तु पहिले पनि हाम्रो थिएन, भविष्यमा पनि हाम्रो हुँदैन, त्यो बीचमा मात्र हाम्रो कसरी हुनसक्छ ? बीचमा पनि त्यो वस्तु उसैको हुन्छ, जसको आदि र अन्तमा पनि हुन्छ । बीचमा यो पदार्थ नासोको रूपमा हामीलाई दिइएको थियो । अब हामी सच्चा दिलले हजूरको वस्तु हजूरकै चरणमा चढाउँछौं । परन्तु यस मनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनमा ममता राखेर आफ्नो अधिकार जमाइरहेछ र यस अपराधले त्यो सन्तप्त पनि भइरहेछ ।

आसक्ति हरण प्रार्थना– हे भगवन् ! हजूर दयालु हुनुहुन्छ, दयाको मूर्ति हुनुहुन्छ । हजूर पिताले झैं हाम्रा अपराधहरू क्षमा गर्नुहोस् । हामीबाट भूल भयो– धन-पुत्रादि हजूरका पदार्थहरूलाई हामीले आफ्ना मान्यौं । जसरी रात्रिमा यात्रीहरू बासको लागि धर्मशालामा एकत्रित हुन्छन्, त्यसैगरी यो हजूरको परिवार एकत्रित भएको छ । बिहान उठ्ने बित्तिकै सबै आफ्नो-आफ्नो बाटो लाग्छन् । परन्तु यस मूर्ख मनले यिनमा ममता राखेर आफ्नो अधिकार जमाइरहेछ र यस अपराध-ले यो सन्तप्त पनि भइरहेछ ।

हे मन ! तैंले मलाई निकै दुःख दिइस् । बाँदर चना मुठी भरी झिक्दा घडाको साँघुरो मुखबाट हात निकाल्न नसकेर जसरी पक्राउमा पर्छ, उस्तै प्रकारले तैंले पनि स्वयं नै पदार्थहरूलाई मुठीमा भरेर आफूले आफैंलाई बाँध्ने काम गरेको छस् । अब ता आसक्तिरूप मुठी खोल्, जसबाट यस संसाररूपी घडाबाट तेरो हात बाहिर निस्कन सकोस् र भगवान्को शरणमा गएर तँ र म दुवै शाश्वत शान्ति पाउन सकौं । हे प्रभु ! यस मनले नै धोका दिएको छ, यस पापीबाट हाम्रो रक्षा गर्नोस् ।

निष्काम प्रार्थना– हे भगवन् ! यस मनुष्य-जन्मको फल भोग होइन, किन्तु चित्तको शान्ति नै यस जीवनको मुख्य लक्ष्य हो । यी विषयभोग त अनन्त योनिहरूमा पनि प्राप्त छन् । अहिलेसम्म यिनीहरू भोगेर पनि शान्ति मिलेको छैन । अपशोच छ हामी अशान्तिमा शान्ति खोज्दैछौं र शान्तस्वरूप हजूरका चरण कमलबाट विमुख नै छौं । हे प्रभु ! हाम्रा अपराधहरूलाई पिताले झैं क्षमा गर्नुहोस् र हामीलाई बल दिनुहोस्, जसद्वारा हामी सुखस्वरूप हजूरका चरण-कमलको आश्रय पाएर यस दुःखरूप संसार-समुद्रबाट पार हुन सकौं ।

विक्षेप-हरण प्रार्थना– हे भगवन् ! हाम्रा अपराधहरूका लागि क्षमा गर्नु होस्, हामीबाट ठूलो भूल भयो, हामी प्रभुका पदार्थहरूलाई आफ्नो संझेर रह्यौं र तिनमा अधिकार जमाइरह्यौं । अब हजूर हामीमाथि दया गरेर हाम्रो बुद्धिलाई निर्मल गरिदिनुहोस्, हामीलाई आफ्नो त्यो बल दिनोस्, जसबाट फेरि कहिल्यै यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपराधबाट अपराधी नबनूँ । हामी जे जे चाहन्छौं– त्यो कहिल्यै हुँदैन, त्यही हुन्छ जो प्रभु गर्न गराउन चाहनुहुन्छ ।

हे प्रभु ! यस मनरूपी बाँदरले हाम्रो यस शरीररूपी रूखलाई हल्लाइरहेछ, यस पिशाचले हामीलाई प्रभुका चरणकमलबाट विमुख बनाइरहेछ। वास्तवमा दुःख पनि प्रभुले पठाउनु भएको एक दूत हो, जो हाम्रो कल्याणको लागि नै हुन्छ । दुःखको मूलमा केवल संसारको अहंता र ममता नै छ र यदि यो अहंता-ममता नै प्रभुका चरणमा समर्पित गरिदियौं भने दुःखको कुनै पनि कारण बाँकी रहँदैन ।

क्रोध–दमन प्रार्थना– हे भगवान् । क्रोधरूपी चाण्डाल जब हाम्रो हृदयमा प्रकट हुन्छ, तब हामी तन-मनद्वारा अपवित्र हुन थाल्छौं । यसको सामु हामी हार खान्छौं । प्रभु ! यसबाट हाम्रो रक्षा गर्नोस् । हामी प्रभुका शरणमा छौं । हे मन ! तँ कहिल्यै अब यस भूतको प्रभावमा मूढ नबन्, त्यस बेला तँ अवश्य ईश्वर-गुरुविमुख र नास्तिक भएको थिइस् । आफ्नो अपमान ठानेर तँ क्रुद्ध हुन्छस् भने स्वयं नै विचार गर्-सद्गुरुले र ईश्वराज्ञारूप शास्त्रले बारम्बार तँलाई उपदेश दिएको छ – तँ नामरूपात्मक देह होइनस्, बरु आत्मा होस् । यस्तो आफ्नो स्वरूपको विचार गरेर शान्त बन् ।

सर्वत्याग–प्रार्थना– हे भगवन् ! यो आफ्नो विचित्र मायाको गोरखधन्दा हजूरले नै फैलाउनु भएको छ। यो कुनै प्रकारले पनि सुल्झँदैन। हजूरको माया दुस्तर छ। प्रभु यसले हामीलाई भट्काइरहेको छ । हजूरको कृपाले बुद्धि अलिकति पनि निर्मल भएमा थाहा हुन्छ–हामी अहिलेसम्म ठगिएका रहेछौं। जसलाई हामी भोग ठान्थ्यौं । ती त रोग रहेछन्, जसलाई अमृत ठान्थ्यौं, ती त विष रहेछन्। हजूरको मायाको कहीं पार छैन। जन्म-मरण चक्रको अन्त कहीं छैन । हे प्रभु ! अब कृपा गर्नोस् । आफ्नो मायालाई समेट्नुहोस् । हजूरको त खेलवाड हो तर हाम्रो लागि त जीउ-ज्यानकै सास्ती भइरहेछ। हजूरले लीला नै गर्ने हो भने हामीलाई पनि त्यस्तै दृष्टि दिनुहोस्, हामी पनि साक्षी द्रष्टा भएर यो खेल हेर्न सकौं ।

अहंकार –दमन–प्रार्थना– हे भगवन् ! तपाईं कल्याणस्वरूप हुनुहुन्छ । कल्याण–सागर हुनुहुन्छ । हजूरमा कुनै प्रकारको भूल भ्रान्ति कसरी हुन सक्छ ? वास्तवमा त्रुटि त हामीमा नै हुन सक्छ। चारैतर्फबाट ठक्कर खाएर अब हामीले यो निश्चय गर्‍यौं– संसारमा अरू कुनै दुःख छैन, कुनै पनि रूपमा यो तुच्छ अहंकारको उदय हुनु नै दुःख हो । कालिय दमन जस्तै गरेर यसका फणालाई दबाउनुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नं सुख छ। सबै कर्ता-धर्ता त हजूर नै हुनुहुन्छ, परन्तु 'म कर्ता हुँ' भन्ने अभिमान गरेर वृथा आफ्नो गलामा फाँसी लगाइरहेछ। हजूरको सत्ताविना कसैको पनि क्रियाको उद्‌बोधन संभव छैन। अरे! तुच्छ अहंकार! अब मैले जाने तँ निःसार छस् र तँ मेरो अनर्थको लागि नै होस्। यस शरीररूपी घरमा सर्पसमान बसेको तँ नै आफ्नो फुँकारले मलाई सन्तप्त पारिरहेछस्। हे प्रभु! हजूर आफ्नो त्यो बल प्रदान गर्नोस् जसको फलस्वरूप हामी यस शत्रुलाई जित्न सकौं।

जब हामी कसैलाई तुच्छ मान्छौं, तब स्वयं नै तुच्छ हुन पुग्छौं, किनभने वास्तवमा उहाँ हजूर नै विराजमान हुनुहुन्छ र त्यो प्रभुकै एक झाँकी हो। उहाँ कुनै वस्तुको अनादर हुँदैन, यो केवल आफ्नो अज्ञान-प्रदर्शन मात्र हो। किनभने आफ्नो प्रतिक्रियाद्वारा हामी प्रभुलाई नै अपमान गरेर अपराधी बन्छौं। हे प्रभु! हामीबाट यस्तो ठूलो भूल फेरि कहिल्यै नहोस्।

मनोबलवर्धक प्रार्थना– हे अन्तर्यामी देव! सबैका कर्ता तिमी नै हौ। प्रभुबाहेक यस संसारमा अरू को छ र? सुख-दुःख सबका दाता तिमी नै हौ र तिम्रा सब चेष्टा हाम्रो भलाइका लागि हुन्। दुःख पनि तिम्रै प्रसाद हो, जो तिमी आफ्ना प्रेमीहरूलाई चम्काउनको लागि समय-समयमा कृपा गरेर प्रदान गर्छौ। जसरी कुमालेले घडालाई भट्टामा राखेर पोल्छ, त्यसरी नै हजूर पनि दया गरेर हाम्रो हृदयरूप घडालाई दुःख-सन्तानरूपी भट्टाभित्र पोल्ने कष्ट गर्दै हुनुहुन्छ, जसले गर्दा यो हृदय सानोतिनो ठक्कर खाँदैमा फुट्न नपाओस् र परमानन्दरूप अमृत धारणा गर्नमा समर्थ होओस्।

सब गर्ने गराउने त तपाईं नै हुनुहुन्छ, हामी त केवल कठपुतली हौं। हजूर सूत्रधार हुनुहुन्छ। अरे मन! आज ईश्वररूप आफ्ना इष्टदेवलाई साक्षी राखेर सत्य-सत्य तरीकाद्वारा तेरो हिसाब माग्छु। निष्कपट भएर आज मलाई बता– यस संसारमा तँ किन आइस् र मनुष्ययोनिमा तँ किन रहिस् वा जेका निमित्त तँ यहाँ आइस् त्यसबारे केही त तैंले गरिस्? अरे मन! तँ आफू नै आफ्नो शत्रु नबन्, मित्र बन्! अब पनि तँ चेतछस् भने खास बिग्रेको छैनस्। सुवर्ण हिलामा डुबे पनि त्यसभित्र कुनै विकार पस्दैन, केवल धुनाले मात्रै पनि शुद्ध हुन्छ। अब तँ पनि आफूले आफैंलाई शुद्ध गर् र आफ्ना संबन्धद्वारा म चेतन पुरुषलाई, मलिन गर्नुभन्दा मेरो संबन्धबाट तँ पनि निर्मल बन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार मनलाई राम्रो किसिमले प्रबोध-भावनाहरूले युक्त गर्नाले चित्तमा सत्त्वगुणको प्रभाव चलेपछि चित्तको अन्तर्मुखी प्रवाह चालु हुन जान्छ । तब त्यस अन्तर्मुखी वृत्तिद्वारा जप, ध्यान, वेदान्त विचार आदि जे-जति साधन प्रयोग गरिनेछन् त्यसमा अवश्य सफलता मिल्नेछ।

सनातन धर्मानुसार भक्तिको स्वरूप, लक्षण र साधनाहरूको विषयमा संक्षेपमा विचार गरेपछि यस विषयको उपसंहार गर्नुभन्दा पहिले अरू धर्ममा भक्तिको के स्वरूप छ ? यस विषयमा संक्षेपमा विचार गरौं ।

बौद्ध धर्ममा भक्ति– भगवान् बुद्धको गणना विष्णु भगवान्का अवतारहरूमा गरिन्छ। बौद्ध-धर्म विशाल हिन्दू धर्मको एक शाखा हो । यसमा परलोक र पुनर्जन्म-लाई मान्यता दिइएको छ । भगवान् बुद्ध त विष्णुका अवतारमा नवौं अवतार मानिएका छन् । कर्मकाण्डसम्बन्धी संकल्पमा "बौद्धावतारे" भनी उच्चारण पनि गरिन्छ। तब बौद्ध शास्त्रलाई मात्र हिन्दू धर्ममा किन मान्यता दिइँदैन ।

बौद्ध धर्म प्रायः आचार प्रधान मानिन्छ। बुद्धको मध्यम मार्गमा करुणाको साधन नै प्रमुख छ। बुद्ध प्रकृति र उसका कार्यलाई मायात्मक भन्छन् र निःसार बताउँछन् । बौद्ध धर्मअनुसार तृष्णाको क्षय भएपछि निर्वाणको प्राप्ति हुन्छ । यस निर्वाणको स्वरूप महाकवि अश्वघोषका शब्दमा–

दीपो तथा निर्वृत्तिमभ्युपेतो नैवाऽवनीं गच्छति नान्तरिक्षम् ।
दिशं न काञ्चिद् विदिशं न काञ्चित् स्नेहक्षयात् केवलमेति शान्तिम् ।।
तथा कृती निर्वृति मभ्युपेतो नैवाऽवनीं गच्छति नाऽन्तरिक्षम् ।
दिशं न काञ्चिद् विदिशं न काञ्चित् कर्मक्षयात् केवलमेति शान्तिम् ।।

अर्थात् जसरी बत्ती निभ्छ, निभ्दा उसको ज्योति न पृथ्वीमा जान्छ, न आकाशमा, न दिशाहरूमा नै जान्छ, न अवान्तर दिशाहरूमा नै, त्यो स्नेह (तेल) समाप्त भएपछि शान्त हुन्छ, त्यसरी नै कृती (प्राणी) निर्वाणमा प्राप्त भएपछि न पृथिवीमा रहन्छ, न आकाशमा नै, न दिशाहरूमा जान्छ, न त अवान्तर दिशाहरूमा नै। कर्म, तृष्णा, क्षय भएपछि उ शान्ति प्राप्त गर्छ ।

भगवान् बुद्धले धर्मचक्र-प्रवर्तनको समयमा आफ्ना प्रथम शिष्य–(भिक्षु)हरूलाई उपदेश दिंदै भन्नुभएको थियो–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

" भिक्षु हो ! बढीभन्दा बढी व्यक्तिहरूको भलाइको लागि, सुखको लागि घुम "। यस-कारण भिक्षुसंघको जीवन लोककल्याणकै लागि भयो। बुद्धको निर्वाण भएको हजार वर्षकै बीचका धेरैजसो भागमा बौद्धधर्म प्रचलित भयो।

बुद्धको निर्वाण भएपछि जो बौद्धधर्ममा पहिलो पूजा (भक्ति) प्रारम्भ भयो, त्यो थियो त्रिरत्न—वन्दना। **बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि,** अर्थात् म बुद्धको शरणमा जान्छु, म धर्मको शरणमा जान्छु, म संघको शरणमा जान्छु। बुद्ध धर्ममा यही वैधी भक्तिको उदाहरण हो शरणागतिको विशुद्ध रूप हो, यही शरणागतको भावले बौद्ध धर्मलाई विश्वविख्यात बनाइदियो।

त्यस बेलासम्म इसाई र इस्लाम धर्मको प्रादुर्भाव भएको थिएन, मध्यवर्ती देशका प्रजा र राजा सबै बौद्ध थिए।

भगवान् बुद्धको परिनिर्वाणपछि उनका वचनहरूको संकलन गर्नका लागि राजगृहको नजीक सप्तपर्णि गुफामा ५०० भिक्षुहरूको एक सभा भयो। उनीहरूले बुद्धवचनको संकलन गरेर तिनको एकैसाथ गान गरे। त्यहीं सूत्रपिटक र विनयपि-टकको सृजना भयो। सूत्रपिटकमा बौद्ध धर्मका मुख्य सिद्धान्तहरूको विषयमा त्यस्तै नाना प्रकारका सदाचरणका सिद्धान्तहरूको विषयमा भगवान्‌सित जो प्रश्न गरिएका छन्, उहाँले जो जवाफ दिनुभएको छ, तिनको संकलन छ र विनयपिटकमा भिक्षुहरू-को आचरणको लागि बताइएका नियमहरूको संकलन छ। यस संगीतपछि एकसाथ त्रिरत्न—वन्दना र सूत्रपाठ गर्ने प्रथाको प्रचार भयो। बुद्धवचनहरूको पाठद्वारा पुण्य संचय हुन्छ, यो श्रद्धा विकसित हुँदैगयो र बुद्धधर्ममा भक्तिको स्थूल रूप स्पष्ट हुन थाल्यो।

भगवान् बुद्धको निर्वाणपछि उनका अस्थिहरूलाई लिएर आठ स्तूप विभिन्न ठाउँमा बनाइए। अशोकले तिनै स्तूपबाट आस्थिहरू निकालेर असी हजार विभाग-हरूमा विभाजित गरे। तिनमध्ये प्रत्येक भागमाथि भारत तथा अरू देशमा स्तूप हरूको निर्माण भयो र ती स्तूपहरूमा धूप, दीप आदिद्वारा पूजा हुन थाल्यो।

इतिहासवेत्ताहरूको मत छ—यसै समयमा बौद्ध धर्ममा एक नयाँ प्रस्थानको उद्भव भयो। जसलाई महायानको नामबाट उल्लेख गरिन्छ। सद्धर्मपुण्डरीक आदि ग्रन्थ महायानका मूल ग्रन्थ हुन् र नागार्जुन, अश्वघोष, असंग आदि यसका प्रवर्तक आचार्य हुन्। सद्धर्मपुण्डरीकमा पहिले-पहिले बोधिसत्त्व अवलोकितेश्वरको पूजा र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तुतिको वर्णन पाइन्छ । सुखावती व्यूहमा दुइ बोधिसत्त्व अवलोकितेश्वर र अमिताभको उपासनाको वर्णन छ । यी दुइ सुखावती नामक दिव्यलोकमा अधिष्ठातृदेवता हुन्, महायान ग्रन्थ पालीमा नलेखिएर संस्कृतमा लेखिएका छन् । संभवतः महायान सिद्धान्तको प्रादुर्भाव कनिष्कपछि नै भयो । कनिष्कभन्दा पहिले ग्रीक सम्राट् मीनांडर बौद्ध धर्ममा दीक्षित भएथे । अतः उनको साम्राज्यमा बौद्ध धर्मको प्रचार भइसकेको थियो । परन्तु त्यो हीनयान मत थियो। त्यसमा त्रिरत्न–वन्दना, पंचशीलको प्रतिज्ञा (पंचशील–(१) म प्राणिहिंसा नगर्ने व्रत लिन्छु, (२) म अरूले नदिएको वस्तु नलिने व्रत लिन्छु (३) म झुटो नबोल्ने व्रत लिन्छु, (४) म रक्सी आदि नशा लाग्ने वस्तुको सेवन नगर्ने व्रत लिग्छु र (५) म नाचगान आदि विलासबाट हट्ने व्रत लिन्छु तथा स्तूपको पूजा पनि प्रचलित थियो । जब फाहियानले भारतको यात्रा गरे तब उनले बाटामा हीनयान र महायान दुवै मतका बुद्ध मन्दिर र सयौं भिक्षुहरूलाई भेटे । त्यसवेला मूर्तिहरूलाई रथमा सजाएर यात्रा उत्सव धूमधामसंग मनाइन्थ्यो। खोतान शहरको एक उत्सवको वर्णन गर्दै फाहियान लेख्छन् –"यस देशमा चौध ठूला-ठूला बुद्धविहार छन् । शहरबाट एक मिल टाढा एक पांग्रे रथ बनाइन्छ। रथको बीचमा बुद्धको प्रतिमा राखिन्छ । जब जुलुसका साथ प्रतिमाहरू नगरमा प्रवेश गर्छन्, तब रानी र अन्तःपुरका स्त्रीहरू पुष्पवर्षा गर्छन्" । यो खोतान शहर वर्तमान चीनी तुर्किस्तानको पश्चिमी प्रदेशको मुख्य शहर हो । यिनका पूर्वज बुद्ध र बुद्धका पूर्वज विष्णु र शिवका पुजारी हिन्दू थिए । चीन र जापानमा मुख्यतःअवलोकितेश्वर र अमिताभ–यी दुइ बोधिसत्त्वको पूजा प्रचलित थियो। परन्तु बौद्धहरू प्रतिमाहरूमा प्राणप्रतिष्ठा गर्दैनन् । यो कुरा बुझ्न उनका दार्शनिक सिद्धान्तमा एक दृष्टि दिनु आवश्यक छ। लंकावतार सूत्रमा लेखिएको छ। "यो सब दृश्यमान –अदृश्यमान जगत् अनुत्पन्न छ–नभयो, न छ । यी भाव (पदार्थ) गन्धर्वनगर, स्वप्न र मायारूप छन्,कुनै कारणविना नै देखिन्छन् । यदि बुद्धिद्वारा भावहरू समवायबाट निर्मुक्त गरिने हो भने त्यसको अस्तित्वको पत्तो नै लाग्दैन । यसकारण तिनलाई म शून्य अनुत्पन्न र निःस्वभाव बताउँछु। यो सब प्रपंच चित्तमात्र हो। चित्त नै ग्राह्यग्राहक –भावद्वारा द्विविध रूपमा प्रवर्तित भइरहेछ । यहाँ आत्मा र आत्मीय कुनै वस्तु छैन" इत्यादि ।

बौद्ध धर्मका तीन प्रस्थानहरूमा मुख्य साधन योग हो । भक्ति त्यस साधनको अंग हो । शील र आचार पनि भक्तिका अङ्ग नभएर योगका अङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन जान्छन् । जब शील आचार-प्रमुख बुद्धोपदिष्ट साधनमार्गमा चलेर भिक्षु अर्हत् बन्छ, तब उसलाई निर्वाण प्राप्त हुन जान्छ । यही हीनयान साधकको लक्ष्य हो । महायानको साधना यहीं समाप्त हुँदैन– उसको सिद्ध साधक अर्हत् होइन, बोधिसत्त्व हो । उसमा निर्वाणको योग्यता हुन्छ तैपनि त्यो साधक लोककल्याणको लागि जीवन्मुक्त अवस्थामा नै रहन्छ । वैदिक मतमा यसैलाई अधिकारी पुरुष भनिएको छ ।

कारण्डब्यूह नामक ग्रन्थमा लेखिएको छ– "सबै प्राणीहरूलाई सबै दुःखबाट मुक्त गर्न बोधिसत्त्व अलोकितेश्वरको दृढ प्रतिज्ञा जबतक पूरा हुँदैन, तबतक सम्यक्–सम्बुद्धत्व प्राप्त गर्न सकिंदैन" । कनिष्कको समयमा पनि बौद्ध भिक्षुहरूको एक संगति भएथ्यो, जसमा बौद्ध तत्त्वज्ञान अभिधम्मसूत्रहरूको संकलन भएथ्यो । यो अभिधम्म-पिटक तेश्रो पिटक थियो । त्रिपिटकको रचनापछि योगमार्गतर्फ केही साधकहरूको ध्यान गयो । योग-साधनहरूद्वारा सजिलैसँग ऋद्धि-सिद्धि प्राप्त हुन्थ्यो । साधारण जनता सिद्धिहरू र चमत्कारहरूद्वारा बढी प्रभावित हुन्छन् ।

लगभग तीन-चार सय वर्षसम्म यस योगमार्गको पद्धति गुप्त रीतिबाट प्रचलित रह्यो । परन्तु अन्तमा गुरु-शिष्यपरंपराद्वारा विकसित भएर यस योगमार्गभित्रबाट बौद्ध धर्मको तेश्रो प्रस्थान वज्रयान (तन्त्रयान) को प्रादुर्भाव भयो । यो प्रस्थान बौद्ध दर्शनको योगाचार या विज्ञानवादको सिद्धान्तमा अवलम्बित छ । वज्रयानको अर्थ हो शून्ययान । बज्र अर्थात् शून्यवादी भन्छन्– असंख्य संकलपरूपी अन्धकारद्वारा अभिभूत तूफानमा चम्कने बिजुलीसमान चंचल तथा धेरै कठिनाइद्वारा निवृत्त हुने रागादि मलहरूद्वारा अवस्थित चित्त नै संसार हो र चित्त पवित्रताद्वारा दीप्यमान छ, संकल्प– विकल्प-बाट मुक्त छ तथा रागादि मलहरूले लिप्त हुँदैन, ज्ञाता वा ज्ञेय छैन, शाश्वत उही निर्वाण छ ।

वज्रयानको साधनाको विषयमा तिब्बत र चीनमा जनश्रुति पाइन्छ– असंगले तुषित नामक देवलोकमा मैत्रेयसंग तन्त्रशिक्षा प्राप्त गरे । तन्त्रयानमा भक्तिका दुइ अरू नयाँ तत्त्वहरूको समावेश भयो– गुरु र सिद्धि । यसकारण तन्त्रयानप्रधान नेपाल र तिब्बतका बौद्धहरूमा त्रिरत्नका साथ गुरुको पनि वन्दना प्रचलित छ । वज्रयानका साधक भावनाहरूद्वारा आफ्नो चित्तलाई बोधिचित्तमा परिणत गर्छन् । बोधिचित्त करुणायुक्त र शून्यरूप छ । साधक जब बोधिचित्तका भावनाद्वारा अभिभूत हुन्छ, तब बीजमन्त्रद्वारा शून्यबाट नै उपास्य मूर्तिमा शक्तिको आधान गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रयानका सिद्ध नेपाल-तिब्बतको सीमाप्रान्तका पर्वत- कन्दराहरूमा कहीं-कहीं अहिले पनि भेटिन्छन्, परन्तु भारतमा यस मन्त्रयानले पछि गएर जुन बाटो लियो, त्यसबाट त त्यहाँ बौद्ध धर्मको नै उच्छेद हुन गयो ।

इसाई धर्ममा भक्ति— इसाई धर्मको यो मान्यता छ- संपूर्ण सृष्टि परमेश्वरको कृपा-ज्योतिबाट परम समुज्ज्वल र कृतार्थ छ । भगवान्‌को कृपाको अनुभव त्यस व्यक्तिलाई हुन्छ जसको अतःकरण निर्मल छ ।

भगवद् भजन इसाई धर्मको सनातन ऐतिहासिकताको मूलधार हो । इसाले पहिले भने- मन यता लगाऊ, परमेश्वरको राज्य नजिक छ, इसाई धर्ममा भगवान्‌को स्वरूप परमकृपामय तथा परमप्रेममय निरूपित भएको छ । सबै कुरा परमप्रकाशमय ईश्वरबाट उत्पन्न स्वीकार गरिन्छ। यस धर्मका मूल प्रवर्तक इसा हुन् भन्ने उनको महत्ता बाइबलमा वर्णित छ । इसाले भने- 'म जगत्‌को ज्योति हुँ, जो मेरो पछिपछि आउँछ, उ अन्धकारमा पर्दैन । जीवनको ज्योति पाउनेछ' । इसाई धर्ममा भक्ति-स्वरूपको विवेचन बाइबल, सन्त-महात्माहरूका चरित्र-निरूपण र वाणीमा पर्याप्त मात्रामा पाइन्छ ।

इसाई धर्ममा भक्तिको प्राप्ति (Realitation)को आधारमा प्रार्थना, शरणागति-समर्पण, सन्त-महात्माहरूको सेवा, पापको स्वीकृति (Confession) तपस्या र परमानन्दमय जीवन स्वीकार गरिएको छ । इसाई धर्ममा भगवान्, भक्ति र भक्तका प्रति ठूलो सम्मान प्रकट गरिएको छ । यो धर्मग्रन्थ परमात्मासँग प्रेम गर्ने उपदेश दिन्छ ।

धार्मिक तथा राजनैतिक कारणहरूद्वारा अधिकांश पाश्चात्य विद्वान्‌हरूले यो सिद्ध गर्न टाउको फोडी प्रयत्न गरे— जीवनको कुनै पनि क्षेत्रमा जे-जति उत्तम कुरा छन् ती सब युरोपबाट नै पूर्वी देशहरूले सिके । यसमा पाश्चात्यहरूका अनुयायी पाश्चात्य शिक्षा पाएका हाम्रा विद्वान् त आफ्ना ती ज्ञानदाताभन्दा पनि चार पाइला अगाडि बढेका छन् ।

पहिले पाश्चात्य विद्वान्‌हरूको यो मान्यता थियो- द्रविड भारतीय मूल निवासी थिए । पछि आर्यहरूले त्यहाँ आएर एक नयाँ संस्कृतिको प्रचार गरे। परन्तु हाम्रो साहित्यमा त आर्य नामको कुनै पनि जातिको कहीं पनि उल्लेख भेटिंदैन । तर दुःख छ, पाश्चात्य विद्वान्‌हरूको कुरा पक्रेर हामी यहाँका विद्वान् पनि सुगा जस्तै उही कुरा रट्छौं । वस्तुतः कुरा यो छ- यस भारत वर्षमा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम मानवसृष्टि भयो र यहीं बाट विश्वका विभिन्न खण्डमा गएर बसी धर्म, भक्ति र शिष्टाचारको प्रचार विस्तृत रूपले गर्दै रहे ।

कुनै समयमा समस्त संसारमा एउटै धर्म र एउटै संस्कृति थियो, त्यो हो- वैदिक धर्म र वैदिक संस्कृति । हाम्रा आधुनिक विद्वान्हरूले यो अवश्य जान्नुपर्छ । जुन समयमा युरोप एवं अमेरिका आदि देशमा रहने सभ्य जातिहरूका पूर्वज अर्धनग्नावस्थामा जंगलमा वन्यपशुहरूसरह रहन्थे, त्यसबेला यो देश सभ्यताको उच्चत्तम शिखरमा आरूढ थियो। जुन संस्कृतिको पूर्व र पश्चिमका सबै देशहरूमा गहिरो छाप पर्‍यो, त्यही संस्कृति आज समयको फेरले पाश्चात्य संस्कृतिको प्रभावमा आएर आफ्नो स्वरूप लुकाउन लागिरहेछ ।

प्राध्यापक गोकुलदासले आफ्नो पुस्तक जातकहरूको गूढ अभिप्राय र महत्त्व (Significance and Importance of Jacartas) मा लेखेका छन्- अवैदिक बौद्ध प्रमाणहरूद्वारा पनि स्पष्ट हुन्छ भागवत आदि पुराण इसाभन्दा धेरै पूर्वका हुन् । यसबाट यो पनि स्पष्ट हुन्छ इसाई धर्मबाट भक्ति हिन्दूधर्ममा आएको होइन, बरु ठीक यसको विपरीत इसाई धर्ममा भक्ति हिन्दूधर्मको देन हो। डाक्टर बुझानिन, मेजर विल्फर्ड आदिले लेखेका छन्- फिलिस्तिन, शाम, मिश्र, अबिसिनिया आदि देशमा हिन्दू देव-देवीहरूका पूजनका चिन्ह अहिले पनि पाइन्छन् पादरी हेसारले आफ्नो पुस्तक (Proto-Indo Mediterranean) मा सप्रमाण सिद्ध गरेका छन्- प्राचीन भारतीय हिन्दू नै गएर ती देशहरूमा बसेथे, यस्तो अवस्थामा हुन सक्छ इसाको जन्म फिलिस्तिनमा बसेको कुनै हिन्दूको घरानामा भएको होओस् । बाइबलमा ठाउँ-ठाउँमा भेटिने 'गीधा'को मतलब गीतासंग संबद्ध छ। फ्रान्सेली यात्री क्रेक्वोनियरले भनेका छन्—तामिलनाडका हिन्दूहरू र फिलिस्तिनका यहुदीहरूका रीति-रिवाज धेरैजसो एकै किसिमका छन् ।

पादरी राजगोपालाचारीको पनि यस्तै मत छ। सबभन्दा आश्चर्यजनक समता त इसाका मूर्तिहरू तथा चित्रमा भेटिन्छन् । फ्लोरेन्सको एक चित्रमा इसाकी माता हिन्दू रानीको वेशमा देखाइएकी छन् । उनले हिन्दू गहना र सारी पहिरेकी छन् । उनको मस्तकमा कुङ्कुम लगाइएको छ। म्यूनिकको एक चित्रमा इसा सन्न्यासीको वेशमा छन् र उनको निधारमा तिलक पनि छ । फ्लोरेन्सको एक मूर्तिमा उनले जनै लगाएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो जीवनमा १२ वर्षसम्म इसाकहाँ बसे, यसको इसाई ग्रन्थहरूमा कुनै उल्लेख छैन। रूसी विद्वान् डाक्टर नोटोबिच यस सम्बन्धमा ४५ वर्षसम्म अनुसन्धान गर्दैरहे। अन्तमा निर्णयमा पुगे–१२ वर्षसम्म भारतमा रहेर इसाले हिन्दूशास्त्रको अध्ययन र योगाभ्यास गरिरहे। यस्तो प्रमाण उनीहरूले लद्दाखको एक बौद्ध विहारका केही प्राचीन ग्रन्थहरूमा पाए। उनीहरूले यसका तीन फोटो लिए,जसमध्ये एक उनीहरूले पोपलाई पठाए । पोपले त्यसलाई तुरुन्त जलाइदिने आज्ञा दिएर डा.नोटोबिचलाई आफ्नो पुस्तक प्रकाशित नगर्नको लागि लेखे तर उनले यसलाई छपाइ नै दिए। त्यस पुस्तकको नाम हो इसाको अज्ञात जीवन (The Unk nown Life of Jesus)।

बंगालको नाथ संप्रदायमा यो पद बहुतै प्रचलित छ–ईशनाथ मृत्युपछि जीवित भएर अरब गए। स्वामी अभेदानन्दको भनाइ छ– नाथ नामावलीमा यो बताइएको छ–सूलीमा चढिसकेपछि इसा भारत गए। श्री विजयकृष्ण गोस्वामीले पनि यस्तै लेखेका छन्। अरबीको तारीख–आजममा- लेखिएको छ- इसा कास्मीरको सीमामा बसेका थिए ।

इसा चाहे भारतमा जन्मेका हुन् वा अन्यत्र, चाहे उनी कहिल्यै भारत आएका होउन् वा नहोउन्, उनका साथ कुनै हिन्दू सन्तानको सम्पर्क भएको होओस् वा नहोओस्–यो त स्पष्ट छ–उनका विचारमा हिन्दू सिद्धान्तको छाप छ ।

फलाना धर्मले फलाना धर्मसंग भक्ति सिक्यो–यो उसैको देन हो आदि विवादग्रस्त विचार नै निरर्थक छन्। भक्ति कुनै लेनदेनको वस्तु होइन। यसको भावना विश्वव्यापिनी छ। त्यसको आधार छ--प्रेम, जो प्राणी मात्रमा पाइन्छ। भगवदर्पित प्रेम नै भक्ति हो । विश्वका अधिकांश व्यक्तिहरू ईश्वरमा विश्वास राख्छन् र कुनै-न-कुनै रूपमा उनको भक्ति गर्छन्। भक्तिबारे जति सूक्ष्म, गम्भीर र विस्तृत विचार हिन्दू ग्रन्थहरूमा पाइन्छ, त्यति अरू कुनै देश वा जातिका ग्रन्थहरूमा पाइँदैन। शाण्डिल्य र नारदभक्ति सूत्र यसका प्रौढ प्रमाण हुन् ।

अब यस विषयको उपसंहारमा कुनै संक्षिप्त भक्त-गाथाहरू र भगवत्कृपाका उदाहरण दिनु उपयुक्त हुनेछ ।

भक्त प्रताप राय– भक्तराज प्रताप राय भगवान्का एक विश्वासी, निष्काम भक्त थिए। उनी आफ्ना आमा-बाबुका एकमात्र पुत्र थिए। उनकी एक दिदी लक्ष्मी र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक बहिनी माधवी थिए। यिनको खेती-पाती र माहाजनीको व्यवसाय थियो। प्रतापका आमा-बाबु पनि धर्मात्मा थिए। आमा-बाबु शिक्षाको प्रभावले सबेरै उठ्नु, भगवान्को स्मरण, पूजा-पाठ गर्नु, माता-पिताको चरणमा प्रणाम गर्नु आदि उनको नित्य कर्म थियो।

केहीसमयपछि दुवै दिदी-बहिनीको र प्रतापको पनि विवाह भयो। प्रतापको एउटा छोरो जन्म्यो। केही कालपछि उनका पिताको र त्यसपछि छोराको पनि देहान्त भयो। प्रतापको विषय-विरक्ति र भक्तिनिष्ठाले गर्दा उनी दुःखी भएनन् बरु यसलाई भगवान्को कृपा संझेर धैर्य धारण गरे।

केही काल बितेपछि उनकी बहिनीका पति रोगशैय्यामा परे। ज्वाइँको अवस्था देखेर उनकी दिदीले प्रतापसंग आफ्नी बहिनीका पतिको स्वास्थ्यलाभको लागि भगवान्संग प्रार्थना गर्न अनुरोध गरिन्। प्रतापले पनि दिदीको वचन हार्न सकेनन्।

त्यस दिन राति प्रतापले सपना देखे—भगवान्ले उनका जुवाइँ वल्लभलाई भनिरहनु भएको थियो—'वत्स ! तिमी ज्यादै पुण्यात्मा छौ, हामी तिमीलाई लिन आएका, परन्तु प्रतापको चित्त वृत्ति देखेर रोकिएका छौं। भन तिमी के चाहन्छौं ?'

वल्लभको आत्माले भन्यो— 'भगवन्! मलाई अहिले नै लिएर जानुहोस्।' यत्तिकैमा प्रताप ब्युँझिए। नजीकमा बसेकी माधवीको पनि आँखा खुल्यो। उनले पनि प्रतापको जस्तै सपना देखेको कुरा वर्णन गरिन्।

त्यसैबेला बल्लभले एक पटक ॐ को उच्चारण गरेर प्राण छोडे। माधवी पनि साथै सती गइन्। बहिनी र जुवाइँको यस प्रकारको मरण देखेर प्रताप निकै खुशी भए।

प्रतापले महाजनीको काम पनि लोकसेवाकै लागि गरेका थिए। भवितव्यको कुरा हो कुनै व्यक्तिलाई प्रतापरायदेखि डाहा भयो र उसको मनमा बेइमानी गर्ने विचार आयो। उसले काजीसंग मिली-मतो गरेर प्रतापलाई चोरीको दोष लगाएर जेल हाल्न लगायो। जेल जान लाग्दा प्रतापले आफ्नी पत्नीसंग भने—मालती! भगवान्को बिधानमा अलिकति पनि खिन्नता नदेखाऊ, भगवान्को विधानले दियो भने फेरि मिलन हुनेछ। तिमी भाइकहाँ गएर बस।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मालतीले पनि घरबाट निस्कन लाग्दा आफ्ना र आफ्ना भगवान्का केही गहना कन्तुरमा हालेकी थिइन् । त्यसले गर्दा उनलाई पनि चोरीको अपराधमा पक्राउ गरेर जेल हाले । जेलमा प्रतापराय र उनी सँगै भगवान्को भजन–कीर्तन गरेर समय बिताउन थाले ।

एक दिन भगवान् मुरली-मनोहर प्रकट भएर उनीहरूलाई भन्नुभयो- 'म तिमीहरूसंग अत्यन्त प्रसन्न छु, वर माग' ।

प्रताप रायले भने– प्रभु ! जे गर्दा प्रभुको भक्तिमा आसक्ति हुन्छ त्यही वर दिनु होस् । भगवान्ले पनि तथाऽस्तु भन्नु भयो ।

यता केही दिनमै षड्यन्त्रकारी र काजीको शरीर कुष्टरोगले कुहिन लाग्यो र काजीले आफ्नी पत्नीको सल्लाहले प्रतापराय दम्पतीलाई जेलबाट मुक्त गरिदियो र उनीहरूसंग क्षमा याचना गऱ्यो । प्रताप रायले पनि भगवान्संग प्रार्थना गर्दै भने-- 'हे भगवन् । यिनीहरूले गरेको अपराध क्षमा गर्नुहोस्' । उनको प्रार्थनाले भगवान् प्रसन्न हुनुभयो र ती षड्यन्त्रकारीहरू पनि स्वस्थ भएर प्रतापका चरणमा परे । प्रताप राय पनि बाँकी जीवन भगवान्को भजन गर्दै अन्तमा भगवान्मा लीन भए । भक्त र भगवान्को जय !

प्रेमिणी हसिना र हमीदा-- अरब देशमा खस नामक एउटा नामी खलक थियो । त्यहाँको सरदार कुशल व्यापारी र सम्पन्न थियो । उ आफ्नी राम्री छोरी हसीनासंग बसेको थियो । हसीनाकी हमीदा नाम गरेकी सखी थिई ।

एक पटक संसार भ्रमण गर्दै कुनै सन्तले त्यस देशमा आएर उक्त व्यापारीको सामु भगवान् श्रीकृष्णको देवदुर्लभ रहस्यको वर्णन गरे । यो सुनेर हसीना र उसकी सखीलाई वृन्दावन गएर श्यामसुन्दरको दर्शन गर्ने तीव्र अभिलाषा जाग्यो । अन्तमा उनीहरूले बाबुको मंजूरी लिई वृन्दावन रवाना हुने निश्चय गरे । बाबुले केही व्यापारीको साथमा आफ्नी छोरीलाई बिदाइ गरे । बाटामा केही बेर हसीना र हमीदाको टोली विश्रामको लागि रोकियो । यत्तिकैमा डाँकुहरूले आक्रमण गरी निर्दोष व्यापारीहरूलाई कालगतिमा पुऱ्याई उनीहरूको सम्पत्ति लुटे र हसीना र हमीदालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि धनको लोभले बेच्ने निर्णय गरे, तर भाग्यबश केही सैनिक बलको सहायताले उनीहरू उक्त देशकी महारानीको मद्दतले वृन्दावन पुग्न सफल भए ।

वृन्दावनमा मन्दिरमा श्रीकृष्णको दर्शन गर्न खोज्दा पूजारीले उनीहरूलाई भित्र पस्न समेत दिएन । यसप्रकार निराश भएका दुवै सखी रातिसम्म एक रुखमुनि बसेर श्यामसुन्दरको चिन्तन गर्न थाले । यत्तिकैमा उनीहरूले देखे–यमुनाजीमा एउटा नाउमा श्रीकृष्ण राधाजीसंग केही संगिनीहरूका साथ आइरहनु भएको रहेछ । तीमध्ये एउटी सखीले नाउबाट ओर्लेर हसीनासंग उनीहरू त्यहाँ आउनाको कारण सोधी । हमीदाले पनि आफ्नो यथार्थ वृत्तान्त बताएर श्रीकृष्णको दर्शन गर्न तीव्र इच्छा व्यक्त गरिन् । यो सुनेर श्रीकृष्णले पनि उनीहरूलाई दर्शन दिएर मोक्ष्य प्रदान गर्नु भयो । धन्य हुन् ती यवनकन्याहरू ।

यस्तै अरू भक्त गाथाहरू जस्तै–भक्त गिरवर, भक्त पुरन्दरदास, भक्त गणेशनाथ, भक्त-मनकोजी बोधला, भक्त रामचन्द्र, भक्त परिवार, भक्त गोवर्धन, डाँकु भक्त, भक्त नवीनचन्द्र, दृढनिश्चयी ब्राह्मण भक्त, भक्त बेङ्कट, भक्त रानी रत्नाबती, बहिनी सरस्वती, भक्त लीलावती आदिको कथा मूल ग्रन्थ पृष्ठ २७७ देखि ३६८ सम्म वर्णन गरिएको छ ।

अब एक दुइ पाश्चात्य भक्तहरूको विषयमा लेख्छौं–

सत्यमूर्ति सुकरात– सुकरात बालककालदेखि नै सत्यप्रेमी र सत्यनिष्ठ थिए । उनी जुन कुरा सत्य र न्याय ठान्दथे त्यो भन्न र गर्नमा रत्तीभर धक मान्दैनथे । उनी अत्यन्त क्रोधरहित र क्षमावान् पुरुष थिए । एक दिन उनकी स्वास्नीले फोहर पानीको भाँडो ल्याएर उनको टाउकामा खन्याइदिइन् । सुकरातले हाँसे र–भने 'जो गर्जन्छ त्यो बर्सँदैन भनेको त जो गर्जन्छ त्यो बर्सदो पनि रहेछ' ।

इसापूर्व ४०६ मा दशजना सेनापतिहरू एक अपराधको विषयमा विचारार्थ संसदमा प्रस्तुत गरिए । जुन दिन त्यस अभियोगको विषयमा मतदान हुने थियो त्यस दिन सुकरात व्यवस्थापिका सभाको प्रधान थिए । अनेक सदस्यहरूले त्यस प्रस्तावलाई विधिविपरीत ठानेर मतदानको विरोध गर्न चाहेका थिए, तर उनीहरूलाई तर्साएर चुप गराइएको थियो । सुकरातलाई पनि पदच्युत गर्ने, थुन्ने, ज्यान सजाय दिने जस्ता धम्की दिइयो तर ती सबको कत्ति पर्वाह नगरी त्यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावलाई मतदानमा राखेनन् । अर्को दिन त्यो प्रस्ताव पारित भयो र सेनापतिहरू-लाई मृत्युदण्ड दिइयो । आफूमाथि अभियोग लाग्दा सुकरातले त्यस घटनाको उल्लेख गर्दै भनेका छन्– 'न्याय र विधिको रक्षाको लागि हर प्रकारको संकटको सामना गर्नु र जेल एवं मृत्युको डरले तपाईंको अन्यायपूर्ण प्रस्तावमा भागीदार नहुनु मैले आफ्नो कर्तव्य ठानें' ।

त्यस घटनाको दुइ वर्षपछि इसापूर्व ४०४ मा गणतन्त्रको अन्त भयो र क्रिटियस नामक एक क्रूर व्यक्ति सत्तासीन भयो । क्रिटियसको शासनकालमा राजनैतिक विरोधीहरू र व्यक्तिगत वैरीहरूको हत्या गर्नु आमवात थियो । एक दिन सुकरात र अरू चारजना मानिसहरूलाई बोलाएर, केही मानिसहरूलाई, मार्नको लागि पक्रेर ल्याउने आदेश दिइयो । यस आदेशको उल्लंघनको अर्थ हुन्थ्यो मृत्युडण्ड । तर सुकरातले क्रिटियस र उसका साथीहरूको कठोर शब्दमा निन्दा गर्दै भने– 'मैले केवल शब्दहरूद्वारा मात्र होइन अपितु आफ्ना कामहरूले पनि यो प्रष्ट पारिसकेको छु कि म मरणलाई तृण बराबर पनि ठान्दिन, तर मैले अनुचित काम नगर्ने पूरा होसियारी राख्दै आएको छु' ।

सुकरातले युनानका प्राचीन सात सन्तहरूको आत्मालाई चिन (Know thyself) जस्ता सूत्र–वचनहरूको अध्ययन गरेका थिए र त्यसको उनमा असर परेको थियो। त्यसैले उनले बालककालदेखि नै मानवताको अध्ययन आरम्भ गरेका थिए । 'सुकरात संसारको सर्वश्रेष्ठ ज्ञानी हो'– देवता– (Oracle of Deephi) ले चेरिफोन नामक एक व्यक्तिलाई बताएको कुरा सुकरातलाई बालककालमै ज्ञान भइसकेको थियो । स्वयं सुकरातको ईश्वरसंग घनिष्ठ सम्बन्ध थियो र बालककालदेखि नै उनी ईश्वरको दिव्यबाणी सुन्ने गर्थे । उनले अनुभव गरे-- "म पनि अज्ञानी हुँ र यिनीहरू पनि अज्ञानी हुन्, तर ममा र यिनमा यत्ति नै फरक छ कि यिनीहरू अज्ञानी हुँदा-हुँदै पनि आफूलाई ज्ञानी मानेर अभिमान गर्छन् तर म स्वयं आफूलाई अज्ञानी संझन्छु र सधैं सच्चा ज्ञानको खोजीमा लागिरहन्छु' । सुकरात देवताहरूको अस्तित्वमा सच्चा हृदयले विश्वास गर्थे ।

एकपटक उनलाई नवयुवकहरूलाई पथभ्रष्ट पार्ने भनी अभियोग लाग्यो, त्यसको उत्तर दिंदै उनले भने– 'म त ज्ञानको प्रेमी र सत्यको खोजी गर्ने मानिस हुँ । यदि सत्यको खोजी गर्न र ज्ञान प्राप्त गर्नको लागि कुनै ज्ञानी मानिने मानिससंग कुराकानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु अपराध हो भने म त्यो स्वीकार गर्छु' । यस अभियोगको लागि आखिर न्यायाधीशहरूले उनलाई मृत्युदण्ड नै तोके, तर त्यसताका एउटा धार्मिक पर्व परेकोले उनलाई २१ दिनसम्म फाँसी दिन सकिएन । एक दिन उनको शिष्य क्रीटो उनीकहाँ आयो । सुकरातले उसलाई भने– 'विचार गर्दा जो सत्यतम ठहरिन्छ म केवल त्यही मात्र सुन्न सक्छु, अरू सक्तिन' । त्यस दिनभर उनी आफ्नो शिष्यसँग आत्मा, मृत्यु र परलोकको विषयमा चर्चा गरिरहे । सुकरातले भने– 'मृत्युको अर्थ हो आत्मा र शरीर अलग हुनु । आत्मा शरीर मरेर मर्दैन । त्यो अमर छ । ज्ञान नै सद्‌गुण हो र सद्‌गुण नै ज्ञान हो । कुराकानी गर्दा-गर्दै सूर्यास्त हुन आँट्यो र सुकरातको अगाडि विषको प्याला आइपुग्यो । विषको प्याला हातमा लिएर उनले ईश्वरसंग प्रार्थना गरे– 'हे देवताहरू । यसभन्दा अगाडिको मेरो यात्रा कल्याणकारी होस्रोस्' । त्यति भनेर उनले विष पिए, अरू पाश्चात्य महात्माहरू जस्तै टल्स्टाय, जरयुस्त्र आदिको बारेमा मूल ग्रन्थ (दोस्रो खण्ड) पृष्ठ ४०२ देखि ४१२ सम्म हेर्नुहोस् ।

अवतारवाद– वैदिक धर्ममा राम, कृष्ण, शिव, शक्ति तथा बुद्ध र महावीर पनि ईश्वरका अवतार मानिएका छन् । यहुदीहरूले मुसालाई, इसाइहरूले ईसालाई र मुसलमानहरूले मोहम्मदसाहबलाई ईश्वरका प्रतिनिधि स्वीकार गरेका छन् । मनु वर्तमान मानवसृष्टिका आदिपुरुष मानिएका छन् । नूह पनि मनुको रूपान्तर हो । मनुका वंशमा पनि चन्द्रवंश र सूर्यवंश छन् । चन्द्रलाई सोम र सूर्यलाई हेम पनि भन्दछन् । यहुदीहरूले सोमको साम र हेमको हाम बनाइदिए, यसमा आश्चर्य मान्नै पर्दैन । मूर्ति पूजा– ईश्वरोपासनाको लागि प्रत्येक धर्मावलम्बीहरूले पूजास्थानहरूको निर्माण गराएका छन् । वैदिक आर्य आफ्नो त्रिकाल संध्या सूर्याभिमुख भएर गर्थे र आफ्ना मन्दिरहरूमा विभिन्न देवी-देवताहरूका मूर्तिहरू स्थापित गर्थे, जुन साधनका लक्ष्य हुन् । यस्तै किसिमले क्याथोलिक इसाइहरूका गिर्जाघरमा मरियम र इसा मसीहका मूर्तिहरू पाइन्छन् भने मुसलमानहरूका मस्जिदहरूमा काबेको प्रतीक हुन्छ । प्रत्येक धर्ममा सामूहिक प्रार्थनाको ठूलो महत्व छ । यस किसिमले मौलिक रूपमा सबै धर्महरूमा एकता छ । अस्तु ।

महात्मा लाओत्से– महात्मा लाओत्से चीनमा ताओ धर्म (भागवत धर्म) का प्रवर्तक थिए । महात्मा कन्फ्युसियस उनका समानकालिक थिए र उनको तत्त्वचिन्तनलाई लाओत्सेले धेरै प्रभावित पारेका थिए । लाओत्सेले चीनलाई ईश्वरी मार्गमा हिँड्ने उपदेश दिए । उनको ताओ–धर्म मानवताको धर्म हो । उनी रहस्यवादी महात्मा थिए र उनले मानवतालाई आफ्ना रहस्यमय पारमार्थिक अनुभूतिहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पन्न तुल्याए । उनले बताए– ताओ परम सत्य हो, तथा समस्त चराचरमा त्यही व्याप्त र अभिव्यक्त छ । मानवता त्यसैको सत्ताबाट प्राणमय भएको छ । ताओको ज्ञान प्राप्त गरिसकेपछि, मानव सम्पूर्ण ज्ञान प्राप्त गरिसक्छ र उसलाई जान्न केही बाँकी रहँदैन ।

लाओत्से हिन्दू सन्त-महात्माहरूका नै चिनिया संस्करण थिए । आफ्नो १०८ वर्षको लामो जिन्दगीमा उनले केवल यसै तथ्यमा विचार गरिरहे– मानव आफ्नो सरल सदाचारी जीवनद्वारा कसरी ताओको सिद्धान्त– दिव्य ईश्वरीय पथमा लागेर परम श्रेय पाउन सक्छ । उनले मानवताको परिचय अध्यात्मविज्ञानबाट गराए । उनले बताए– समस्त सृष्टिको संचालन अनादि, निराकार र सर्वव्यापी शक्तिको हातबाट हुन्छ । त्यस शक्तिको नाउँ ताओ हो । महात्मा लाओत्सेले मानवताको सिद्धान्त प्रेम, नम्रता र सदाचारपूर्ण संयमित जीवनको रूपमा निर्धारित गरे । उनले भने– 'मसंग तीन-वटा निधिहरू छन्, तिनलाई म ठूलो होशियारीसाथ राख्छु– पहिलो हो प्रेम, दोस्रो हो नम्रता र तेस्रो हो– संसारमा समयानुकूल सदाचारपूर्ण जीवन बिताउनु । उनले असल खराब दुवैको सट्टा असल गर्नु नै मानवताको सदाचार ठह्याए । लाओत्सेको मानवता–सिद्धान्त सर्वमान्य छ ।

यहाँसम्म भगवद् भक्तहरू र सन्त-महात्माहरूका संक्षिप्त जीवनी तथा उप-देशहरूको यत्किंचित् वर्णन भयो । जुन भगवान्को लागि उनीहरूले आफ्नो जीवन अर्पण गरेका थिए र गरिरहेका छन्, उनका पवित्र, पतित–पावन तथा मोक्षदायक गुण र चरित्रको संबन्धमा केही लेख्छु–

भगवान् राम मर्यादा -पुरुषोत्तम कहिनु हुन्छ । उहाँका नाम, रूप, गुण, लीला, प्रेम र प्रभावका अमृतमय कथाहरूको श्रवण र मनन नै परम कल्याणप्रद छ । भगवान्-का नामको महिमा अपार छ । त्यसको जति गान गर्न सकियो त्यति नै थोरै छ । जो अर्थसहित भगवान्को नाम जप गर्छ उसलाई प्रत्यक्ष परमा-नन्दको प्राप्ति अति चाँडै हुन सक्छ । श्रद्धासहित नामजपबाट मात्र फल हुन्छ, श्रद्धै नभए त फल कसरी प्राप्त हुने ? भगवान्का अनन्त गुण छन् । तिनको वर्णन कसैले गर्न सक्तैन । भगवान् जीवहरूमाथि दया गरेर अवतार धारणा गर्नुहुन्छ र यस्तो लीला गर्नुहुन्छ, जसको श्रवण गायन र अनुकरणद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवहरूको परम कल्याण हुन्छ। मर्यादा पुरुषोत्तम भगवान् श्रीराम यस्तै परम दयालु अवतार हुन्। भगवान् रामका गुण र चरित्र परम आदर्श थिए र तिनको यति प्रभाव थियो कि तुलनै हुन सक्तैन । साथै रामराज्यको व्यवस्था पनि एक महान् आदर्शको रूपमा रहेको छ। आज पनि संसारमा जब कोही कुनै राज्यको प्रशंसा गर्छ भने भन्छ– 'बस त्यहाँ त रामराज्य छ'। भगवान् राम– गुरुभक्ति पितृभक्ति, मातृभक्ति, भ्रातृप्रेम, पत्नीप्रेम तथा एकपत्नी– व्रत, भक्त-वत्सलता, शरणागत- वत्सलता, सखा-प्रेम, दयालुता, प्रजावत्सलता, सबैको एक उदाहरण बनी हामी सबैको निम्ति प्रेरणाको स्रोत बन्नु भएको छ।

उपसंहार– पाठकहरूलाई स्मरण होला- उपासना दुइ भेदहरूमा विभक्त गरिएको थियो- एक भक्ति दोस्रो योग। भक्तिको संक्षिप्त विचार यहाँ समाप्त हुन्छ। यस विषयको उपसंहार भन्दा पहिले स्पष्ट शब्दमा यति भन्नैपर्ला–भगवत्प्राप्तिमै मानव जीवनको सार्थकता छ। मानव शरीर परमात्माको प्राप्तिका निम्ति पाइएको छ । परमात्माको प्राप्ति नै जीवन्मुक्ति, तत्त्वज्ञान, मोक्षप्राप्ति, प्रेमप्राप्ति, पूर्णताप्राप्ति र कृतकृत्यता आदि नाउँले अभिहित हुन्छ। योनिहरू दुइ प्रकारका छन्– (१) भोगयोनि र (२) कर्मयोनि। मानवयोनि कर्मयोनि या साधनयोनि हो। यसै योनिलाई तुलसीदासजीले "स्वर्ग नरक अपवर्ग निसेनी (सिंढी) भनेका छन्। मानवयोनिको यो महत्ता छ कि यसै योनिमा गरिएका कर्मानुसार मुक्ति अथवा देवयोनि, स्थावरयोनि, पशु–पन्छी, कीट-पतंगादि योनिहरू प्राप्त हुन्छन्। मनुष्ययोनिमा गरिएका कर्महरूका अनुसार नै भोगहरूको विधान हुन्छ। मानवयोनिमा कर्म गर्न पूर्ण स्वतन्त्रता छ। अन्य योनिहरूमा जीव आफ्नो पूर्वकृत शुभाशुभ कर्महरूका अनुसार प्राप्त भएका सुखदुःखादि भोगहरू भोग्दै संसारचक्रमा घुमिरहन्छ।

भगवान् पहिले जीवको निमित्त ध्येय निश्चित गर्नुहुन्छ, तदनन्तर उक्त ध्येयको सिद्धिको निमित्त त्यस जीवलाई मानव-शरीरको प्राप्ति गराउनु हुन्छ। अतः मानवलाई कुनै नयाँ ध्येय बनाउने आवश्यकता छैन। आवश्यकता छ पूर्वनिश्चित ध्येय या लक्ष्यलाई चिन्ने। भगवान्ले जीवलाई मनुष्ययोनिमा पठाउनु भयो र मुक्ति या उद्धारका समस्त साधन यस योनिमा जुटाइदिनु भएको छ। यसैले मानवयोनिलाई साधन-धाम, मोक्षको द्वार तथा भवसागरको नौका या जहाज भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब यहाँ प्रश्न उठ्छ– जब मानिस एक निश्चित ध्येय लिएर उत्पन्न हुन्छ, तब त्यो उक्त ध्येयलाई नसमातेर अन्य दिशाहरूमा किन भौंतारिन लाग्छ ? उ आफ्नो पूर्व निर्धारित लक्ष्य बिर्सिदिन्छ, उसलाई त्यसको विस्मृति भइहाल्छ। यो विषय अर्जुनको उदाहरण अघि सारेर बुझ्न सकिन्छ। जब भगवान्ले अर्जुनलाई सोध्नुभयो– "अर्जुन ! के गीताको उपदेश सुनेर तिम्रो अज्ञानजनित मोह नष्ट भयो ?" यसको प्रत्युत्तर दिंदै अर्जुनले भने– "भगवन् ! मेरो मोह नष्ट भयो। मैले स्मृति प्राप्त गरें, अब म आफ्नो पूर्वस्थितिमा आइपुगेको छु"।

यहाँ स्मृतिको अर्थ न त अनुभव हो न नूतन ज्ञान नै। यहाँ स्मृतिको अर्थ हो केवल बिर्सिएको कुरा संझिनु मात्र। वैशेषिकहरूले स्मृतिको लक्षण यस्तै नै मानेका छन्– संस्कारमात्रजन्यं ज्ञानं स्मृतिः।

यस्तै प्रकार योगदर्शनका रचयिता महर्षि पतञ्जलिले पनि अनुभूति **विषयासम्प्रमोषः स्मृतिः** अर्थात् अनुभव गरिएको विषय ननासिनु अर्थात् प्रकट हुनु स्मृति हो भन्ने लेखेर पूर्वानुभूत विषयका साथै स्मृतिको तादात्म्य हुनु बताएका छन्। मोह शब्दको प्रयोगले अरू पनि स्पष्ट रूपबाट उपयुक्त भावको पुष्टि गर्छ। मोह शब्द मुहवैचित्ये धातुबाट बनेको छ। वैचित्ये पदमा ध्यान दिएमा यो पत्ता लाग्छ – विचेतना–विगत–चेतनाको नाउँ नै मोह वा वैचित्य हो। मोह छुट्नुको अर्थ हो– पूर्व चेतनाको प्राप्ति। यसबाट ज्ञात हुन्छ पूर्णतः मोहनिवृत्ति भएमा मात्र सम्यक् रूपमा चेतनाको प्राप्ति हुन्छ।

उपर्युक्त विवेचनाबाट पत्ता लाग्छ– जीवनको लक्ष्य, उद्देश्य अथवा ध्येय त पहिले नै तयार भएको छ, त्यसलाई चिन्नुपर्छ मात्र। मोहको यस्तो प्रबल महिमा छ कि यसले गर्दा मानिस आफ्नो ध्येयलाई चिन्न सक्तैन। यस प्रकार गीता प्रत्येक मोहग्रस्त मानवको मोहनिवारक अमोघ उपाय हो।

जबसम्म मानव आफ्ना निमित्त सुनिश्चित ध्येयको पूर्तितिर अग्रसर हुँदैन, तबसम्म यो अन्य सामान्य जीवयोनिहरूबाट विशिष्ट कोटिमा पुग्न सक्तैन। अतः मनुष्यले आफ्नो उद्धार वा कल्याणको लागि आफ्नो विस्मृत चेतना पुनः प्राप्त गर्न प्रयत्नरत हुनामा नै मानवताको सार्थकता संझनुपर्छ। जुन कामका निमित्त यो दुर्लभ मनुष्य-शरीर प्राप्त भएको छ, त्यसको साधन नगरी मानव शरीर, इन्द्रिय र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणहरूलाई मुख्यत: मान्नाले भोग-सामग्रीहरूमा आसक्त भएर सो कुरालाई बिर्सिदिएको छ। आजको मानवले आत्माको उद्धार नगरेर स्वयं आफूप्रति शत्रुता गरिरहेछ। यस प्रकार मानवको सारा प्रयत्न ध्येयको प्राप्तिको लागि नभएर त्यसको उल्टो दिशातिर जानको लागि भइरहेछ। वास्तवमा त मनुष्यले व्यक्तिलाई हटाएर त्यस स्थानमा आफ्नो स्वरूपको प्रतिष्ठा गर्नुपर्थ्यो। उसको सारा प्रयत्न चिन्मयताको प्राप्तिको निमित्त हुनु उचित हो।

भगवान्ले जीवको कल्याणको लागि चार पुरुषार्थ निश्चित गरिदिएका छन्– धर्म, अर्थ, काम र मोक्ष। यी चारै पुरुषार्थहरूको विस्तारका क्षेत्र हुन् –चारै वर्ण र चारै आश्रम। पुरुषार्थहरूद्वारा नै यिनको अनुष्ठान हुन्छ। काम र अर्थको प्राप्तिमा प्रारब्धको प्रधानता रहन्छ तथा धर्म र मोक्षको प्राप्तिमा उद्योगको। धर्म र अर्थ एक अर्काका पूरक हुन्, तर यिनीहरूलाई कामसंग जोड्ने प्रयत्न गर्‍यौं भने दुवैको नाश हुन्छ र कामनाको अभावमा गरिएको धर्म र अर्थ दुवैको अनुष्ठान मुक्तिमा सहायक हुन जान्छ। निष्काम भावले गरिएको कामको आचरण–(विषय-सेवन) ले पनि मुक्तिको मार्ग प्रशस्त गर्ने छ। यस्तै प्रकारले चारै वर्णहरू आफ्नो धर्मको पालना गर्दै साँच्चिको मुक्ति अथवा सिद्धि प्राप्त गर्न सक्छन्। जसलाई आत्माको कल्याणको साधना गर्नुछ, त्यसले आफ्नो निम्ति यस द्वन्दात्मक जगत्को आँधीबेरीमा प्रभावित नभएर निश्चित कर्तव्यमार्गमा हिंड्नुपर्छ। ठीक यसरी नै चार आश्रम पनि मानवको ध्येयपूर्तिमा पूर्ण सहायक हुन्छन्। आश्रमहरूमा दुई आश्रम मुख्य छन्–गृहस्थाश्रम र सन्यासाश्रम ब्रह्मचर्याश्रममा गृहस्थाश्रमको तयारी गरिन्छ र वानप्रस्थाश्रममा सन्न्यासाश्रमको ब्रह्मचर्याश्रम प्रथम आश्रम हो। यदि यसै आश्रममा कर्म र अर्थबाट वैराग्य आयो भने त सोझै नैष्ठिक ब्रह्मचर्यको व्रत लिएर मानव यसै आश्रममा रही आफ्नो कल्याण–साधन गरिहाल्छ। अर्थ-कामको इच्छा विवेकविचारद्वारा यस आश्रममा मटाउन सकिएन भने त्यस उपकुर्वाण ब्रह्मचारीका निमित्त गृहस्थाश्रम राखिएको छ। यस आश्रममा बसेर मानव भोगहरूको तत्त्वज्ञान प्राप्त गर्न धर्मानुकूल अर्थ-कामको आचरण गरोस्, किनभने धर्मानुसार गृहस्थाश्रमको अनुष्ठान गर्नाले वैराग्य हुनु अनिवार्य छ। सीमित भोगको अर्थ नै गृहस्थाश्रम हो। लक्ष्यलाई ध्यानमा राखी भोगहरूको तत्त्व जान्न विधि-विधानद्वारा सीमित भोग भोगेर गृहस्थ पुरुष तिनका तत्त्व बुझिसकेपछि ती भोगहरूबाट उपरत होओस् र परमात्माको प्राप्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधनमा तत्परतासाथ लागोस् भनेर नै असीमित भोगहरूको प्रतीकको रूपमा सीमित भोग गृहस्थलाई प्राप्त हुन्छ । भोग गर्ने बेलामा समस्त भोग्य पदार्थ तथा भोग गर्ने साधन (अन्तःकरण, इन्द्रियहरू) परमात्माकै हुन् भन्ने दृढ भावना गरोस्, तब ती प्रति आफ्नो ममताको सर्वथा अभाव हुनेछ । यसबाट जीवको जडता जड संसारमा मिल्नेछ र सर्वथा सम्बन्ध-बिच्छेद भएपछि स्वरूपमा स्वतः स्थिति हुनेछ ।

यस तत्त्वलाई अधिक बोधमम्य बनाउने दृष्टिले यो जान्नुपर्छ– इन्द्रिय-हरूका उपयोग तीन प्रकारको हुन्छ– (१) भोगहरूको तत्त्वज्ञान (२) तिनीहरू-द्वारा अरूहरूको सेवा गर्ने तथा (३) परमात्माको प्राप्तिको लागि शरीर निर्वाह क्रियाको सम्पादन गर्नः

(१) **भोगहरूको तत्त्वज्ञान–** यहाँ तत्त्व जान्नुको अर्थ हो– भोगहरूमा सीमित सुख छ भन्ने कुरा बुझ्नु । भोगहरूको तत्त्वज्ञान भोगहरू भोग्नाले हुन्छ । गृहस्थाश्रमको मुख्य उद्देश्य यही हो ।

(२) **अरूहरूको सेवाको भाव–** सेवा गर्दा सेवाका वस्तुलाई व्यष्टिको नसंझेर समष्टिको संझनु पर्छ । यसो हुँदा तिनीहरूप्रति भएको उसको ममता, आसक्तिको बन्धनबाट उ मुक्त हुन्छ । जबसम्म ममता र आसक्ति रहन्छ, तबसम्म अनुकूलता र प्रतिकूलताको द्वन्द्व बनिरहन्छ ।

(३) **शरीर निर्वाह-क्रिया–** यसको अर्थ हो राग-द्वेषरहित भएर विषयहरूको सेवन गर्नु । विषय सेवन राग-द्वेषको त्याग र संयमका साथ केवल शरीर-निर्वाहको निमित्त मात्र हुनु जरूरी छ, भोगबुद्धिद्वारा होइन । तब मात्र यो मुक्तिको कारण हुन सक्छ । यसको विपरीत आसक्तिपूर्वक विषयहरूको भोग गर्नाले बुद्धि नष्ट हुन्छ र मानवको चरम विनाश हुन्छ ।

मुक्ति र भुक्तिका इच्छाहरूमा भोगहरूको इच्छा जति प्रबल भएपनि त्यसले परमात्माको प्राप्तिको इच्छालाई मेट्न सक्तैन । जडताले चेतनलाई केही कालसम्म भलै आच्छादित गरोस् तर त्यसको अस्तित्व मेट्न भने सक्तैन । बरु परत्समाको प्राप्तिको इच्छा प्रबल र उत्कट भयो भने भोगेच्छाको अस्तित्व लुप्त भएर जान्छ । किनभने भोग र त्यसको इच्छा दुवै नै अनित्य हुन् र परमात्मा र उनीप्रति प्रेम–यी दुवै नित्य हुन् । परमात्माको प्राप्तिको इच्छा नै भगवान्को प्रेमको स्वरूप बन्नजान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेम र भगवान् दुवै एक हुन् । जबसम्म भोगहरूको यत्किंचित् इच्छा हुन्छ त्यतिन्जेल-सम्मलाई साधनावस्था भन्छन् । जब परमात्माको प्राप्तिको इच्छा मोक्षको इच्छा प्रेमपिपासा मुख्य इच्छा बन्न पुग्छ, तब भोगेच्छा मेटिन्छ । त्यो मेटिएपछि नित्य प्राप्त परमात्माको प्राप्ति हुन्छ । यस प्रकार मानव सजिलैसंग आफ्नो लक्ष्य प्राप्त गर्छ र कृतकृत्य प्राप्त प्राप्तव्य र ज्ञात–ज्ञातव्य भइहाल्छ। अर्थात् उसले गर्न लायक सबै कुरा गरिसक्यो, प्राप्त गर्न योग्य सम्पूर्ण लक्ष्य पाइसक्यो र जान्न योग्य सबै कुरा जानिसक्यो। यसैमा मानव-जीवनको सार्थकता छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब योगविषयमा केही लेख्ने प्रयत्न गरिन्छ ।

योग

हिन्दूशास्त्रमा 'योग' शब्दको प्रयोग एक अत्यन्त व्यापक अर्थ र भावलाई लिएर अनेक स्थानहरूमा, विभिन्न प्रसङ्गहरूमा विभिन्न अर्थहरूलाई लिएर गरिएको छ। योग शब्दको मौलिक अर्थ के हो ? यो एक विचारणीय विषय छ। योगको विषयमा ध्यान राख्नु पर्ने कुरा यो छ– यो एक दर्शन मात्र होइन, यो त स्वप्रकाश आत्माको स्वरूपको अनुभव गर्ने एक विशेष कला हो। योगको गणना दर्शनहरूमा गरिएको छ, तर यसको व्याख्या केवल शुष्क पाण्डित्यको सहाराले हुन सक्तैन, किन-भने यो एक प्रयोगात्मक अनुभवगम्य स्वयंवेद्य विद्या हो, जसको निम्ति दीर्घकालिक निरन्तर अभ्यासको आवश्यकता हुन्छ।

योग सांख्यको क्रियात्मक रूप हो। त्यसकारण दार्शनिक आधाररूप साङ्ख्य-दर्शनको सृष्टिक्रम आदिको संक्षिप्त विचार गर्नु आवश्यक छ। सांख्यका मुख्य-मुख्य सिद्धान्त निम्न छन्–

(१) हेय – त्याज्य जो दुःख छन्, तिनले तीन किसिमका दुःख पुऱ्याउँछन्–
  (क) आध्यात्मिक – आफूभित्रको शारीरिक दुःख
  (ख) आधिभौतिक – कुनै प्राणीहरूबाट कष्ट आइपर्नु
  (ग) आधिदैविक – कुनै दिव्य शक्तिबाट दुःख हुन जानु ।
(२) हेयहेतु – यस दुःखको जरो अज्ञान, अविवेक र अविद्या हो ।
(३) हान – दुःखको नितान्त अभाव अर्थात् अज्ञान अथवा अविद्याको सर्वथा नाश हुनु हो।
(४) हानोपाय – यो सबै तत्त्वहरूको विवेकपूर्ण यथार्थ ज्ञान हो। जुन-जुन तत्त्वको यथार्थ ज्ञान हुँदै जान्छ, त्यस-त्यस तत्त्वको दुःख निवृत्ति हुँदै जान्छ।

सांख्यले पच्चीस तत्त्वहरूलाई यस प्रकार उल्लेख गरेको छ–

आठ प्रकृतिहरू, सोऱ्ह विकार र पुरुष यस प्रकार छन्– मूल प्रकृति-विकृत होइन। शेष सात महतत्त्व आदि प्रकृति--विकृति दुवै हुन्। अहङ्कारको प्रकृति, अहंकार महतत्त्व विकृति र पाँच तन्मात्राहरू तथा एघार इन्द्रियहरूको प्रकृति हो। पाँच तन्मात्राहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहंकारको विकृति र पाँच स्थूल भूतहरूका प्रकृति हुन् । अन्य सोन्ह विकृतिहरू केवल विकृति हुन्, कसैको प्रकृति हैन । पुरुष न प्रकृति हो, न विकृति, न त्यो स्वयं कसैको विकृत परिणाम हो, न त्यसबाट कुनै विकृत परिणाम उत्पन्न हुन्छ ।

न्याय–वैशेषिक तथा सांख्य र योगका सिद्धान्तहरूमा तुलना-- यस प्रकार जहाँ न्याय र वैशेषिकले जडद्रव्यहरूमा पृथ्वी, जल, अग्नि र वायुको परमाणु तथा मनको अणु र आकाश, दिशा तथा काललाई विभु-- व्यापक रूपले निरवयव र नित्य मानेको छ, सांख्य र योगले तिनमध्ये काल र दिशालाई जडतत्त्वमा सम्मिलित गरेका छैनन्, किनभने यी वास्तविक तत्त्व होइनन् ।

जडतत्त्वका तीन गुण हुन्छन्–सत्त्व, रजस् र तमस् । तीन गुण–आठै प्रकृतिहरू र सोन्ह विकृतिहरू सत्त्व-रज-तमोगुणरूप नै हुन् । न्याय र वैशेषिकमा जुन प्रकारले द्रव्यहरूका चौबीस गुण (धर्म) बताइएका छन्, त्यसै प्रकारले यी तीनै गुण कुनै द्रव्यका गुण होइनन् तर स्वयं द्रव्य हुन्, जसको संयोग-वियोगले सारा सृष्टिको उत्पत्ति स्थिति र प्रलय हुन्छ। यिनलाई गुण किन भनेको भने चेतन र जड तत्त्वमा पुरुष चेतन तत्त्व नै मुख्य हो र यी जड तत्त्व गौण हुन् । जुन प्रकारले तीन धागाहरू बाटेर एउटा डोरी बनाइएको हुन्छ, त्यसै प्रकारले जड तत्त्व तीन गुण या तीन पोया हुन्, जसबाट सारा सृष्टि रचिएको छ ।

गुण सुख-दुःख र मोहस्वरूप हुन्, प्रकाश प्रवृत्ति र रोक्ने सामर्थ्यवाला हुन्, एक अर्कालाई दबाउने, सहारा दिने, प्रकट गर्ने र सँगसँगै बस्ने कर्मवाला हुन् ।

गुणहरूको स्वरूप– सत्त्व गुण सुखस्वरूप छ, रजोगुण दुःखस्वरूप छ र तमोगुण मोहस्वरूप छ ।

गुणहरूको सामर्थ्य– सत्त्व गुण प्रकाश गर्न समर्थ छ, रज प्रवृत्ति गर्न र तम रोक्न ।

गुणहरूको काम– गुणले एक अर्कालाई थिच्छ । जब सत्त्व गुण प्रधान हुन्छ, तब रज र तमलाई थिचेर सुख प्रकाशादि आफ्ना धर्मद्वारा शान्त वृत्ति उत्पन्न गराउँछ । जब रज प्रधान हुन्छ तब सत्त्व र तमलाई थिचेर दुःख प्रवृत्ति आदिबाट घोर वृत्तिको उत्पत्ति हुन्छ । यस्तै प्रकारले तम प्रधान हुँदा सत्त्व र रज दब्न गई आलस्य, सुस्ती आदिबाट मोह वृत्तिको उत्पन्न हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक गुण अन्य दुइका साथ रहन्छ, कहिल्यै अलग्ग हुँदैन। सत्त्व हलुको र प्रकाशक मानिएको छ, रज उत्तेजक र चल, अनि तम गन्हुँगो र अवरोध (रोक्ने) छ।

गुणहरूको धर्म– सत्त्व र तम स्वयं अक्रिय छन्, त्यसैले आफ्ना-आफ्ना काम गर्न असमर्थ छन्। रज क्रियाशील हुनाले अन्य गुणलाई उत्तेजना दिन्छ र आफ्नो-आफ्नो काममा प्रवृत्त गराउँछ। जस्तो किसिमबाट बत्ती र तेल विरोधी भए तापनि अग्निसँग मिलेर प्रकाशको प्रयोजन सिद्ध गर्छन्, त्यस्तै प्रकारले सत्त्व, रज र तम परस्पर विरोधी हुँदा-हुँदै पनि एउटाले अर्काको अनुकूल कार्य गर्दछन्।

गुणहरूका परिणाम– परिणाम सांख्य र योगको पारिभाषिक शब्द हो, जुन परिवर्तन अर्थात् बदलिनुको अर्थमा प्रयुक्त हुन्छ। यो परिणाम दुई प्रकारको हुन्छ। एक स्वरूप अर्थात् सदृश परिणाम, दोस्रो विरूप अर्थात् विसदृश परिणाम।

न्याय र वैशेषिकको विपरीत साङ्ख्य र योगमा सुख, दुःख, इच्छा, द्वेष, ज्ञान र प्रयत्न बुद्धि (चित्त अर्थात् अन्तःकरण) को धर्म मानिएका छन् र यो बुद्धि पुरुष भन्दा पृथक् एक जड तत्त्व हो। पुरुष केवल चेतन स्वरूप छ। बुद्धि उसको गुण होइन, तर त्यसभन्दा पृथक् त्यसको दृश्य अथवा स्व हो। त्यो उसको द्रष्टा अथवा स्वामी हो, त्यसको पुरुषका साथै आसक्ति तथा अविवेकपूर्ण संयोग भएपछि उसका गुण पुरुषमा अविवेकद्वारा आरोपित हुन्छन्।

सृष्टि–उत्पत्ति– चेतनस्वरूप पुरुष व्यष्टि रूपले र पुरुष–विशेष समष्टि रूपले आफ्नो नजिक पर्नाले चुम्बकसमान ज्ञान, व्यवस्था तथा नियमपूर्वक जड गुणहरूको विषम परिणाममा निमित्त कारण हो। यस विषम परिणामको प्रयोजन पुरुषको भोग र अपवर्ग हो, किनभने यो पुरुषकै सन्निधिबाट पुरुषको नै ज्ञानमा परार्थ अर्थात् पुरुषकै लागि ज्ञान, नियम र व्यवस्थापूर्वक भइरहेछ।

त्रिगुणात्मक जड-तत्त्व र पुरुष दुइटै अनादि हुन्; अनादिको अभिप्राय कालको सीमाभन्दा पनि टाढा हुनु हो र काल कुनै वास्तविक वस्तु होइन।

पुरुष–बहुत्व – साङ्ख्यले जहाँ पुरुषलाई अनेक मानेको छ त्यहाँ केवल व्यष्टि अस्मिताको (चिदाभास) अपेक्षाले हो। बुद्धि चेतनद्वारा प्रतिविम्बित भएर नै चेतन जस्तो प्रतीत हुने हुन्छ। पुरुष अनेकत्वको आरोप अस्मिताक्लेशको अहं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृत्तिका साथ आरम्भ हुन्छ र विवेक ख्यातिद्वारा (पुरुष र प्रकृतिको गुणको विकार भिन्न-भिन्न हुन् भनी जान्ने) यस अहंवृत्तिको अभावबाट निवृत्त हुन्छ ।

जन्म, मरण र करणहरू -(अन्तः करण, इन्द्रियहरू)-का अलग-अलग नियमले एकसाथ प्रवृत्त नहुनाले र तीनै गुणहरूका भेदले पुरुष अनेक हुनु सिद्ध छ।

पुरुषबन्ध र मोक्ष– बन्ध र मोक्ष पनि वास्तवमा चित्तमा भएको प्रकृतिको कार्य हो। पुरुष सदा स्वयं स्वरूपतः असङ्ग छ ; त्यो न बद्ध छ, न मुक्त ।

अज्ञान जुन बन्धनको कारण र ज्ञान जुन मोक्षको कारण छ तथा धर्म-अधर्म जुन संसारका कारण हुन्–यो सब बुद्धिकै धर्म हुन् । यिनको साक्षात् संबन्ध बुद्धिसंग हुन्छ, अपरिणामी पुरुषमा हुँदैन ।

प्रकृति स्यवं आफूलाई सात रूपहरू--(धर्म, अधर्म, अज्ञान, वैराग्य, अवैराग्य, ऐश्वर्य र अनैश्वर्य) आफूमा बाँध्छिन् र फेरि तिनै पुरुषार्थका निमित्त एकरूप-(ज्ञान रूप) बाट (आफूलाई) उम्काउँछिन्। जुन ज्ञानद्वारा प्रकृति आफूलाई मुक्त गराएर मोक्ष प्राप्त गर्छिन्, त्यो हो सात्विक ज्ञान, राजस अथवा तामस होइन ।

योग सांख्यको नै क्रियात्मक रूप हो। योग सबै सम्प्रदायहरू र मतमतान्तर-हरूको पक्षपात र वादविवादले रहित सार्वभौम धर्म हो । मोटामोटी शब्दमा भन्ने हो भने स्थूलताबाट सूक्ष्मतापट्टि जानु अर्थात् बाहिरबाट अन्तर्मुख हुनु योग हो । चित्तलाई एक विशेष देशमा थान्को लगाएर शुद्ध परमात्मस्वरूपलाई प्राप्त गर्ने जुन यत्न गरिन्छ त्यसलाई एकाग्रता सम्प्रज्ञात योग तथा संप्रज्ञात समाधि भन्दछन् र तत्पश्चात् सर्व वृत्तिहरूको निरोध भएपछि शुद्ध परमात्मस्वरूपको जुन प्राप्ति हुन्छ, त्यो हो विरुद्ध अवस्था, असम्प्रज्ञात योग वा असम्प्रज्ञात समाधि ।

योगका तीन विभाग उपासना, कर्म र ज्ञान– परमात्माको प्राप्तिको निमित्त चित्तलाई कुनै लक्ष्य विशेषमा स्थापित गर्ने कार्यलाई उपासना वा भक्तियोग भन्दछन् । कर्महरूको फलबाट निष्कामता प्राप्त गर्ने कामलाई कर्मयोग भन्छन् । यी दुवै योगहरूद्वारा जो परमात्माको प्राप्ति हुन्छ त्यसलाई ज्ञानयोग वा साङ्ख्ययोग भन्छन् ।

जुन प्रकारले संसारको कुनै पनि वस्तु सत्त्व, रज र तम– यी तीन गुणको सम्मिश्रणविना आफ्नो अस्तित्व राख्न सक्दैन, भेद यति मात्र हुन्छ-- कहीँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्वको प्रधानता हुन्छ, कहीँ रजको र कहीँ तमको, त्यस्तै प्रकारले यी तीन योगमा पनि भक्ति, कर्म र ज्ञान कुनै न कुनै अंशमा रहिरहन्छन् ।

सम्पूर्ण भूतहरूमा लुकेको यो आत्मा प्रकाशमान हुँदैन । यसलाई त सूक्ष्मदर्शी पुरुषहरू आफ्नो तीव्र सूक्ष्म बुद्धिद्वारा देख्न सक्छन् अर्थात् आत्मा सूक्ष्म बुद्धि-ग्राह्य हो ।

चित्तरूप पर्दामा आत्माको ज्ञानको प्रकाश परिरहेछ । त्यसकारण आफ्नो ज्ञानको प्रकाशमा जुन-जुन रूप पर्दा धारण गर्छ, त्यस-त्यसको ज्ञान आत्मालाई स्वयं नै भइरहन्छ र आफ्नो ज्ञान स्वरूपमा सर्वथा अवस्थित हुँदा-हुँदै पनि चित्तरूप पदार्थको द्रष्टा हुनाले जस्तो आकार यो पर्दा धारण गर्छ, त्यस्तै यो प्रतीत हुन्छ । यही सिनेमाको वास्तविकता जान्न अष्टाङ्ग योगको वर्णन गरिएको हो-- बहिरङ्ग साधन यम, नियम, आसन, प्राणायाम र प्रत्याहारको सहायताले अन्तरङ्ग साधन धारण, ध्यान र समाधिद्वारा चित्तको वृत्तिरूप चित्रहरूको वास्तविक स्वरूपको साक्षात्कार हुन्छ । वितर्कानुगत समाधिद्वारा चित्रहरूको स्थूल रूप र पाँच स्थूल भूत भएको चित्तको स्थितिको वास्तविक ज्ञान प्राप्त हुन्छ । विचारानुगत समाधिद्वारा वृत्तिरूप चित्रहरूको सूक्ष्म स्वरूप तथा चित्तरूप पर्दाको सूक्ष्म भूतहरूदेखि तन्मात्रासम्मको अवस्थाको ज्ञान प्राप्त हुन्छ । यसभन्दा माथि आनन्दानुगत समाधिद्वारा चित्तको अहङ्काररूप अवस्थाको साक्षात्कार हुन्छ । अस्मितानुगत समाधिद्वारा अस्मिता (आत्माबाट प्रकाशित चित्त) को स्वरूपको ज्ञान प्राप्त हुन्छ । विवेकख्यातिद्वारा आत्मरूप विद्युत् र चित्ररूप पर्दामा भेदज्ञान प्राप्त हुन्छ । परवैराग्यद्वारा यसभन्दा पनि पर भएर आत्मरूप विद्युत् आफ्नो वास्तविक परमात्मा स्वरूपमा अवस्थित हुन्छ ।

योगका आदि आचार्य हिरण्यगर्भ हुन् । हिरण्यगर्भ सूत्रहरूको आधारमा पतञ्जलि मुनिले योग दर्शनको निमार्ण गरेका छन् । त्यसको अति-संक्षिप्त रूप–

योगदर्शनका चार पाद– योगदर्शनका चार पाद छन् र १९५ सूत्र । समाधिपादमा ५१, साधनपादमा ५५, विभूतिपादमा ५५ र कैवल्यपादमा ३४ सूत्रहरू छन् ।

समाधिपाद– जसरी निपुण किसान सबभन्दा पहिले सबभन्दा अधिक उब्जाउ भूमि तयार गरेर त्यसमा श्रेष्ठतम बीउ छर्छ, त्यसरी नै श्रीपतञ्जलि महाराजले समाहित चित्त भएका सबभन्दा उत्तम अधिकारीको लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबभन्दा पहिले समाधिपादको आरम्भ गरेर विस्तारपूर्वक योगको स्वरूपको वर्णन गरेका छन् । सारा समाधिपाद एक प्रकारले निम्नलिखित तीन सूत्रहरूको विस्तृत व्याख्या हो– योग भनेको चित्तका वृत्तिहरूलाई रोक्नु हो, दोस्रो– वृत्तिहरूको निरोध भएपछि द्रष्ट्राको आफ्नो स्वरूपमा अवस्थित हुन्छ र तेस्रो हो– अर्को अवस्थामा द्रष्टा वृत्तिको जस्तो रूप भएको प्रतीत हुन्छ । चित्त, बुद्धि, मन, अन्तःकरण झण्डै पर्यायवाची शब्द हुन् ।

योगमा मनलाई दुइ प्रकारले रोक्नु पर्ने हुन्छ । एक हो– मनलाई केवल एक विषयमा लगातार यस प्रकार लगाइराख्ने कि अर्को विचार आउनै नपाओस् । यसलाई एकाग्रता या सम्प्रज्ञात समाधि भन्छन् । यसका चार भेद छन् – (१) वितर्क, (२) विचार, (३) आनन्द, (४) अस्मिता यसको सबभन्दा उँचो अवस्था विवेकख्याति हो। जसमा चित्तको आत्माध्यास छुट्छ। योग दर्शनले यसलाई वास्तविक आत्मस्थिति मान्दैन । उपर्युक्त विवेक ख्याति पनि चित्तकै एक उच्चतम सात्त्विक वृत्ति हो। यसलाई नेति-नेति रूप पर वैराग्यद्वारा हटाउनु पनि मनलाई अर्को किसिमले रोक्नु हो। यो पनि हटेपछि चित्तमा कुनै पनि वृत्ति नरहनु अथवा मन कुनै विषयपट्टि पनि नजानु सर्ववृत्ति–निरोध असम्प्रज्ञात समाधि हो । यसको विस्तारपूर्वक व्याख्या योगदर्शनमा गरिएको छ ।

निरोध आफ्नो स्वरूपको सर्वथा नाश हुनु होइन, बरु जड तत्त्वको अविवेकपूर्ण संयोगको चेतन–तत्वद्वारा सर्वथा नाश हुनु हो । यो संयोग नभएपछि द्रष्टाको आफ्नो शुद्ध परमात्मा स्वरूपमा अवस्थिति हुन्छ तर योग भने क्रियात्मक रूपले अन्तिम लक्ष्यमा पुऱ्याएर यथार्थ स्वरूपको अनुभव गराउँछ; शब्दको वादविवादमा यो अलमलिएको छैन । ब्रह्मसूत्र तथा साङ्ख्यसूत्रको जस्तै योगदर्शनका पनि प्रथम चार सूत्र योगदर्शनको चतुः सूत्री हो ।

२. साधनपाद– यो दोस्रो पादमा विक्षिप्त चित्त मध्यम अधिकारीका निमित्त योगको साधन बताइएको छ– सबै बन्धनहरू र दुःखहरूको मूल कारण पाँच क्लेश हुन् –अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश क्लेशहरूबाट कर्मका वासनाहरू उत्पन्न हुन्छन् । कर्मवासनाहरूबाट जन्मरूप वृक्ष उत्पन्न हुन्छ । यस वृक्षमा जाति, आयु र भोगरूपी तीन प्रकारका फल फल्छन् । यिनमा सुख दुःखरूप दुइ प्रकारका स्वाद हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसकारण सुख पछि दुःख हुनु अनिवार्य छ। त्यसैले दर्शनका प्रतिपाद्य विषय हुन्

(१) हेय– त्याज्य दुःख के हो ? आउने दुःख हेय–त्याग योग्य छ।

(२) हेय-हेतु – त्याज्य दुःखको कारण के हो?-द्रष्टा र दृश्यको संयोग हेयहेतु अर्थात् दुःखको कारण हो ।

सारा दृश्य त्रिगुणात्मक छ, सत्त्वको स्वभाव प्रकाश हो, रजको क्रिया र तमको स्थिति हो । यिनका स्वरूप पाँच स्थूल भूत-पृथ्वी, जल, अग्नि, वायु, आकाश र पाँच तन्मात्राहरू, गन्धतन्मात्रा रसतन्मात्रा, रूप तन्मात्रा स्पर्श-तन्मात्रा र शब्दतन्मात्रा र १३ इन्द्रियहरू– पाँच ज्ञानेन्द्रियहरू, पाँच कर्मेन्द्रियहरू, मन, अहङ्कार र चित्त हुन् । यिनको प्रयोजन पुरुषलाई भोग र अपवर्ग दिलाउनु हो ।

(३) हान–दुःखको नितान्त अभाव के हो ?-अविद्याको अभावबाट संयोगको अभाव हुन्छ– यही नै हान हो । यो चेतनस्वरूप पुरुषको कैवल्य हो ।

(४) हानोपाय– दुःखको नितान्त अभावको साधन के हो? – निर्मल निर्बाध विवेक-ख्याति हानको उपाय हो । त्यस विवेकख्यातिको सबभन्दा उच्च अवस्था भएको प्रज्ञा यस सूत्रमा बताइन्छ–**तस्य सप्तधा प्रान्तभूमिः प्रज्ञा**

(५) **विभूतिपाद**– धारणा, ध्यान र समाधि--यी तीन मिलेपछि संयम कहलिन्छ । यसबाट नाना प्रकारका सिद्धिहरू प्राप्त हुन सक्छन् । तर योगीले त्यसदेखि पनि अनासक्त भएर आफ्नो असली ध्येयपट्टि बढ्नुपर्छ, तब कैवल्य प्राप्त हुन्छ ।

(६) **कैवल्यपाद**– यसमा कैवल्यको लागि उपयोगी चित्त तथा चित्तको सम्बन्धमा जुन-जुन शङ्का उत्पन्न हुन सक्छन् तिनको– युक्तिपूर्वक निवारण गरिएको छ । जस्तो प्रकारले निर्मल जलमा प्रतिविम्बित चन्द्रमामा आफ्नो चञ्चलता नभएर पनि जलरूप उपाधिको चञ्चलताले चन्द्रमा हल्लिएको जस्तो भान हुन आउँछ त्यस्तै किसिमबाट चित्तमा प्रतिविम्बित जुन चेतन छ त्यो पनि स्वाभाविक ज्ञातृत्व र भोक्तृत्वविना नै प्रतिविम्बाधार चित्तको विषयाकार हुनाले तदाकार भएजस्तो भान हुन्छ । पुरुषबाट प्रतिविम्बित भएर चेतन जस्तो अर्थात् ज्ञानवाला प्रतीत हुन्छ । यो उसको द्रष्टादेखि उपरत भएको ग्रहीता स्वरूप हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाधिद्वारा जब योगीलाई पुरुष र चित्तको भेदको साक्षात्कार हुन्छ, तब उसको आत्मभावभावना (म को हुँ, म के हुँ र कस्तो हुँ भन्ने भावना) इत्यादि निवृत्त हुन्छ।

पुरुषार्थशून्य गुणहरू आफ्नो कारणमा लीन हुनु नै कैवल्य हो अथवा चित्तशक्ति आफ्नो स्वरूपमा अवस्थित हुनु नै कैवल्य हो । धर्मी चित्तको परिणामक्रम बनाउने गुणहरू आफ्नो कारणमा लीन भएर चितिशक्तिको चित्तसंग कुनै प्रकारको सम्बन्ध नभएपछि शुद्ध परमात्मस्वरूपमा अवस्थित हुनु कैवल्य हो।चित्तका नौ अवस्थाहरू–(१)जाग्रत् अवस्था, (२)स्वप्नावस्था, (३) सुषुप्ति अवस्था, (४)प्रलयावस्था, (५)समाधि-प्रारम्भको अवस्था, (६)सम्प्रज्ञात-समाधि (७) सम्प्रज्ञात समाधि र असम्प्रज्ञात समाधिको बीचको अवस्था,(८) असम्प्रज्ञात समाधि,(९) प्रतिप्रसव वा चित्तलाई बनाउने गुणहरूको आफ्नो कारणमा लीन हुने अवस्था– यी नौ अवस्थाहरूको विस्तृत उल्लेख मूलग्रन्थ (तृतीय खण्ड) को पृष्ठ २५–२६ मा पाइन्छ ।

पातञ्जल योगदर्शनमा योगश्चित्तवृत्तिनिरोधः भनी योगको लक्षण दिइएको छ । अर्थात् बाहिरतिर जुन चित्तवृत्तिहरू जान्छन् ती बहिर्मुख वृत्तिहरूलाई सांसारिक विषयहरूबाट हटाएर त्यसको उल्टो अर्थात् अन्तर्मुख गरेर आफ्नो कारण चित्तमा लीन गर्नु योग हो ।

चित्तबाट पुरुषलाई भिन्न देख्नु विवेकख्याति कहलिन्छ । जब यस विवेकख्यातिबाट पनि वैराग्य प्राप्त हुन्छ तब त्यस विवेकख्यातिको पनि निरोधहुन्छ (१।८); यो निर्वीज समाधि हो। यसलाई असंप्रज्ञात भन्नाको कारण हो यसमा कुनै सांसारिक विषय जानिंदैन ।

चित्तका पाँच अवस्थाहरू यस प्रकार छन्–

(१) **मूढावस्था–** रज तथा सत्त्व थिचिएर गौणरूपले रहनाले यो अवस्था तम प्रधान हुन्छ । यो अवस्था काम, क्रोध, लोभ र मोहले गर्दा हुन्छ। जब चित्तको यो अवस्था हुन्छ, तब मनुष्यको प्रवृत्ति अज्ञान, अधर्म, राग र अनैश्वर्यमा हुन्छ । यो अवस्था नीच मनुष्यको हुन्छ ।

(२) **क्षिप्तावस्था–** यसमा रजोगुणको प्रधानता हुन्छ । यस अवस्थामा धर्मअधर्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रागविराग, ज्ञानअज्ञान, ऐश्वर्य र अनैश्वर्यमा प्रवृत्ति हुन्छ । यो अवस्था सांसारिक मानिसहरूको हुन्छ ।

(३) **विक्षिप्तावस्था–** यस अवस्थामा सत्त्वगुण प्रधान हुन्छ । यो निष्काम कर्म गर्नाले र राग-द्वेष, काम-क्रोध, लोभ र मोहादिलाई छाड्नाले उत्पन्न हुन्छ । यो अवस्था उच्च मानिसहरू र जिज्ञासुहरूको हुन्छ ।

(४) **एकाग्रावस्था–** जब एउटै विषयमा सहज वृत्तिहरूको प्रवाह चित्तमा बराबर बगिरहन्छ तब त्यसलाई एकाग्रता भन्छन् । यो चित्तको स्वाभाविक अवस्था हो । यसैको अन्तिम स्थिति विवेकख्याति हो । एकाग्रतालाई संप्रज्ञात समाधि पनि भन्छन् । यसमा प्रकृतिका सर्वकार्यको पूर्णतया साक्षात्कार हुन्छ ।

(५) **निरूद्धावस्था–** जब विवेकख्यातिद्वारा चित्त र पुरुषको भेदको साक्षात्कार हुन्छ तब त्यस विवेकख्यातिद्वारा पनि वैराग्य (पर वैराग्य) उत्पन्न हुन्छ, किनभने विवेकख्याति पनि चित्तको नै एक वृत्ति हो । यस वृत्तिको पनि निरोध भएपछि सर्ववृत्तिहरूको निरोध भइदिनाले चित्तको निरोधावस्था हुन्छ । यस अवस्थामा अन्य सबै संस्कारहरूको तिरोभाव भई पर वैराग्यको संस्कार मात्र शेष रहन्छ । यसलाई असंप्रज्ञात तथा निर्वीज–समाधि पनि भन्छन् ।

योगका विषय बुझ्न चित्तको स्वरूप तथा सृष्टिक्रमको ज्ञान हुनु अति आवश्यक छ–

(१) **प्रथम विषम परिणाम महतत्त्व** – सांख्य दर्शनमा महत्तत्त्वको लागि बुद्धि र योगमा चित्त शब्दको प्रयोग भएको छ । सांख्यमा चित्तलाई बुद्धिमा र बुद्धिलाई योगमा चित्तमा सम्मिलित गरिएको छ । चित्तमा नै सुख-दुःख, मोहादिरूप सत्त्व, रज र तमका परिणाम हुन्छन् । चित्तकै वृत्तिमात्रले गर्दा सूक्ष्म शरीर एक स्थूल शरीरलाई छोडेर अर्को शरीरमा जाने हुन्छ । असंग, निर्लेप, पुरुष केवल द्रष्टा हो । यसै चित्तमा अहंकार बीजरूपले रहन्छ ।

(२) **द्वितीय विषम परिणाम अहङ्कार–** अहम्भावबाट एकत्व, बहुत्व, व्यष्टि, समष्टि आदि सर्वप्रकारको भिन्नता उत्पन्न गराउने, महत्तत्त्वको विषम परिणाम अहङ्कार हो ।

(३) **एघार इन्द्रियहरू: ग्रहण विषम परिणाम–** पाँच ज्ञानेन्द्रियहरू- स्रोत, त्वचा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्षु, रसना, घ्राण र पाँच कर्मेन्द्रियहरू– हस्त, पाद, वाक्, पायु (गुदा), उपस्थ र एघारौं मन

(४) **ग्राह्य सूक्ष्म विषम परिणाम पंच तन्मात्राहरू** –परस्पर भेदभएका शब्दतन्मात्रा स्पर्शतन्मात्रा, रूपतन्मात्रा, रसतन्मात्रा, गन्धतन्मात्रा–यी भेदभाव उत्पन्न गराउने विभाजक अहङ्कारका ग्राह्य विषम परिणाम हुन् ।

(५) **ग्राह्य स्थूल विषम परिणाम–** पाँच स्थूलभूत– पृथ्वी, जल, तेज, वायु र आकाश- पाँच तन्मात्राहरूको ग्राह्य स्थूल विषम परिणाम हुन् ।

चित्तसत्व जड भए पनि ज्ञान स्वरूप पुरुषबाट प्रतिविम्बित छ। त्यसकारण यसमा ज्ञान दिलाउने योग्यता छ । यस दर्शनमा चित्तलाई दृश्य र पुरुषलाई द्रष्टा भन्दछन् ।

गुणहरूका परिणामहरूको यथार्थ रूपले साक्षात्कार गर्नु योग हो। यो नै सम्प्रज्ञात समाधि हो। मूढावस्थामा जब तम प्रधान हुन्छ, तब निद्रा, आलस्य, प्रमाद मथा तामसी वृत्तिहरूको उदय हुन्छ ।

अभ्यास र वैराग्यद्वारा जब सार्वार्थता (चित्तको चञ्चलता) को निरोध हुन्छ, तब तम तथा रज थिचिएपछि सत्त्वको प्रकाशमा वस्तुको यथार्थ ज्ञान प्राप्त गर्ने एकाग्रताको उदय हुन्छ। यस वृत्तिद्वारा पनि पर वैराग्यद्वारा आसक्ति निवृत्त भएपछि सब वृत्तिहरूको निरोधरूप असम्प्रज्ञात समाधि हुन्छ, व्युत्थानावस्थामा (वहिर्मुख वृत्ति) नआउने स्वरूपावस्थितिलाई कैवल्य भन्दछन् ।

सारा संसार गुणहरूको सन्निवेश (प्रदर्शन) मात्र हो । त्यसकारण प्रत्येक वस्तुमा प्रतिक्षण परिणाम भइरहन्छ। परिणाम दुइ प्रकारका हुन्छन्– एक साम्य अथवा स्वरूप परिणाम, जस्तै दूध रहेसम्मको अवस्थामा दूधबाट दूधमा जुन परिणाम भइरहन्छ, त्यसलाई साम्य अथवा स्वरूप परिणाम भन्दछन्, अनि दूधबाट दही बन्दा अथवा उसमा अरू विकार आउँदाखेरि जुन परिणाम हुन्छ त्यो दूधबाट नै दही इत्यादिमा हुने परिणामलाई विषम अथवा विरूप परिणाम भन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षेपमा सृष्टि-उत्पत्तिको क्रम यस प्रकार छ–

१. चेतन तत्त्व
२. जड तत्त्व
३. लिङ्ग मात्र
४. महत्तत्त्वको कार्य
५. अहङ्कारको ग्रहणरूप कार्य
६. अहङ्कारको ग्राह्यरूप कार्य
७. पाँच तन्मात्राहरूको ग्राहचरूप कार्य– पाँच स्थूल भूत, केवल विकृतिहरू ।

अभ्यास र वैराग्यद्वारा वृत्तिहरूको निरोध हुन्छ। चित्तको स्थितिको विषयमा यत्न गर्नु अभ्यास हो । अभ्यासको प्रभावले अति दुःसाध्य काम पनि सिद्ध हुन सक्छन् । अभ्यासको अगाडि कुनै पनि काम दुष्कर हुँदैन, तर त्यो अभ्यास दीर्घकालसम्म निरन्तर व्यवधानरहित ठीक ठीक श्रद्धा, वीर्य (उत्साह) भक्तिपूर्वक अनुष्ठान गरिएको दृढ अवस्थावाला हुनुपर्छ ।

अभ्यासलाई निरन्तर व्यवधानरहित गर्दै जानुपर्छ। अभ्यासका साथ वैराग्यको पनि आवश्यकता पर्छ । वैराग्य पनि दुइ प्रकारका छन्– अपर वैराग्य र परवैराग्य । दृष्ट र आनुश्रविक (सुनेको) विषयमा जसको तृष्णा रहेको हुँदैन, त्यसको वैराग्य वशीकार नाउँवाला अपर वैराग्य हो।

विकारका कारण उपस्थित हुंदा पनि जसको चित्तमा विकार उत्पन्न हुँदैन, ती नै धीर हुन् । चित्त यसप्रकार एक रस रहिरहन्छ । चित्तको यस्तो अवस्थाको नाउँ वशीकार वैराग्य हो । यसैलाई अपर वैराग्य भन्दछन् ।

वैराग्यका चार संज्ञाहरू छन्– यतमान, व्यतिरेक, एकेन्द्रिय र वशीकार ।

निरोधको साक्षात् हेतु चौथो भूमिवाला वशीकार संज्ञक वैराग्य नै हो । तर यो भूमि पहिला तीन भूमिलाई क्रमैसँग नाघेर मात्र प्राप्त हुन्छ । यसैको दोस्रो नाउँ हो अपर वैराग्य । यसको फल सम्प्रज्ञात समाधि हो । किन्तु यो पनि त्रिगुणात्मक चित्तकै एक वृत्ति हो । यसबाट पनि विरक्त हुनु पर वैराग्य हो। जसको फल असम्प्रज्ञात समाधि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेकख्यातिद्वारा गुणहरूमा तृष्णारहित हुनु पर वैराग्य हो। यस वैराग्यको उदय भएपछि योगी धर्ममेध-समाधिनिष्ठ भई आफ्नो मनमा भाष्यकार व्यास भनवान्को शब्दानुसार यस्तो ठान्दछ– जुन प्राप्त गर्नु योग्य थियो त्यो पाइयो, जुन नाशयोग्य पाँच क्लेशहरू थिए ती नष्ट भए, अब यस संसारको यो संक्रम (सिलसिला) टुट्यो, जुन नटुटेमा मानिस उत्पन्न भएर मर्दछ र मरेर उत्पन्न हुन्छ। यो पर वैराग्य नै ज्ञानको पराकाष्ठा हो।

असंप्रज्ञात समाधिमा चित्तका वृत्तिहरूको सर्वथा निरोध हुन्छ। विवेकख्यातिको स्थायी अवस्थाको नाउँ धर्ममेध–समाधि हो। धर्ममेध समाधिको अन्तिम सीमा कैवल्य हो।

वितर्क, विचार, आनन्द र अस्मिता नामका स्वरूपहरूको सम्बन्धद्वारा चित्तका वृत्तिहरूको जुन निरोध हुन्छ, त्यो सम्प्रज्ञात समाधि हो। सम्प्रज्ञात चार प्रकारका हुन्छन् वितर्कानुगत, विचारानुगत, आनन्दानुगत र अस्मितानुगत। जसबाट ध्येय वस्तुको स्वरूप यथार्थ रूपले जान्न सकिन्छ, त्यस भावना विशेषको नाउँ संप्रज्ञात सम्माधि हो।

(१) पाँच स्थूल भूत विषयक तथा स्थूल इन्द्रिय विषयक ग्राह्य भावनाको नाउँ वितर्कानुगत सम्प्रज्ञात हो।

(२) सूक्ष्म भूत विषयक तथा सूक्ष्म इन्द्रिय विषयक ग्राह्य भावनाको नाउँ विचारानुगत सम्प्रज्ञात हो।

(३) तन्मात्राहरू तथा इन्द्रियहरूको कारण सत्त्व प्रधान अहङ्कार विषयक केवल ग्रहण भावनाको नाउँ आनन्दानुगत सम्प्रज्ञात हो।

(४) अस्मिताबाट प्रतिविम्बित चित्तसत्त्व बीजरूप अहङ्कार सहित विषयक ग्रहितृ भावनाको नाउँ अस्मितानुगत सम्प्रज्ञात हो।

चित्तका परिणाम चार प्रकारका हुन्छन् – व्युत्थान, समाधि–प्रारम्भ, एकाग्रता र निरोध।

असम्प्रज्ञात समाधिमा निरोधकै संस्कार शेष रहन्छन्।

वितर्कानुगत समाधि– वितर्कानुगत भूमिको प्रकाशमयी अवस्थामा जुन स्थूल विषयतिर वृत्ति जान्छ, त्यसैको यथार्थरूप साक्षात्कार हुन जान्छ। सात्विकता र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्ष्मताको तारतम्यबाट यस भूमिको अन्तर्गत धेरै श्रेणीहरू हुन सक्छन्। यसमा दुइ प्रकारका अनुभव हुन्छन्। एक हो पछिल्लो तामस तथा सात्विक संस्कारहरूको वृत्ति-रूपले उदय हुनु, दोस्रो हो वस्तुको वास्तविक स्वरूपको ज्ञान ।

यस वितर्कभूमिमा कहिलेकहीँ स्थूल शरीर सहित उडेको जुन प्रतीति हुन्छ, त्यो हो– प्राणहरूको उत्थानको अवस्था; र कहिलेकहीँ यस्तो डरको भान हुन्छ– मानौ कोही हात-गोडा आदि अङ्गहरूलाई बाँधिरहेछ अथवा समातिरहेछ, त्यही हो– यी स्थानहरूबाट प्राणहरूको अन्तर्मुख हुने अवस्था। यी सारा अनुभवलाई द्रष्टा भएर हेरिरहनू यस भूमिमा आसक्त हुनु बन्धनको कारण हो। यदि यसै भूमिमा आसक्ति बनिरहयो र अगाडि बढ्ने, यत्न गरिएन भने यस भूमिको परिपक्क अवस्थालाई प्राप्त गरेर योगी यी सात्विक संस्कारहरूलाई लिदै मानिसको भन्दा उच्च योनि अथवा मनुष्य लोकमा उच्च श्रेणीमा जन्म लिन्छन् ।

विचारानुगत समाधि–स्थूल भूतहरू भन्दा पनि पर तन्मात्राहरूसम्म सूक्ष्मभूतहरूको सूक्ष्मताको तारनम्य चलिरहेको छ। यसैको अन्तर्गत सारा सूक्ष्म लोकहरू छन्, जो वास्तवमा सूक्ष्म अवस्थाको नै नाउँ हो। सत्त्वको स्वच्छताले गर्दा यी अवस्थाहरू संकलपमयी र आनन्दमयी हुन्छन्। सत्त्वको स्वच्छताले गर्दा चित्तका यस बेलाका सारा व्यवहार सत्य र निर्मल हुन्छन्। यी अनुभवहरूलाई अत्यन्त गुप्त राख्नुपर्छ। उच्च कोटिका साकार उपासक भक्तहरूको निर्मल स्वच्छ चित्त त्यस अवस्थामा आफ्नो इष्टको दर्शन गर्छ। जो योगी यही विचारानुगत समाधिको आनन्दमा आसक्त हुन्छन्, तिनीहरू अघि बढ्ने प्रयत्न गर्दैनन्। यो लोक एक प्रकारले सूक्ष्मताको सात्विक अवस्था नै हो। यस स्थूल जगत् भिन्न सूक्ष्म जगत् छ, यो कुरा बुझ्न कठिन जस्तो लाग्छ, तर आएन्स्टाइनको सापेक्ष सत्ताको सिद्धान्त Theory of Relativity लाई सूक्ष्मतापूर्वक विचार गरेमा थोर बहुत बुझ्न पनि सकिएला। यहाँको आनन्दलाई स्वर्ग, सोम अथवा चन्द्रको नाउँ दिएको छ र वहाँको मार्ग पनि सूक्ष्म तथा अन्तर्मुख गतिवाला छ। सूक्ष्म जगत् सूक्ष्म शरीर जस्तै यस स्थूल जगत् भिन्न नै छ। यी सूक्ष्म लोकहरूमा पुग्नु कैवल्य अर्थात् वास्तविक मुक्ति होइन किनभने आत्मा आफ्नो शुद्ध ज्ञानस्वरूपमा निष्क्रिय हुन्छ। धेरै कालसम्म सूक्ष्म आनन्द भोगेर यी योगी मनुष्यलोकमा उचो श्रेणीका योगीका रूपमा जन्म लिन्छन्।

आनन्दानुगत समाधि–आनन्द प्रकट हुनु मुक्ति होइन , किनभने यो आत्मा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को धर्म होइन तर अन्तःकरणको धर्म हो। जो योगी यस आनन्दानुगत भूमिलाई नै स्वरूपस्थिति संझेर यसैमा आसक्त हुन्छन् र अगाडि आत्मसाक्षात्कारको निम्ति प्रयत्न गर्दैनन् ती शरीरान्त पछि विदेह अवस्थामा कैवल्यपद जस्तो स्थितिलाई प्राप्त गर्दै यही आनन्दलाई भोगिरहन्छन्। परन्तु यो पनि वास्तविक मुक्ति होइन।

अस्मितानुगत सम्प्रज्ञात समाधि -- गुणहरूको साम्य अवस्था भएको मूल प्रकृति त केवल अनुमानगम्य र आगमगम्य छ र पुरुषका निमित्त निष्प्रयोजन हुन्छ। वास्तविक प्रकृति त गुणहरूको प्रथम विषम परिणाम महतत्त्व नै हो। यो सबभन्दा उचो भूमि असीम आनन्द भएको र कैवल्यपद तुल्य छ; तर यो बन्धनरूप नै हो; वास्तविक कैवल्य होइन।

विवेक ख्याति– विवेकख्यातिमा त्रिगुणात्मक चित्त र गुणातीत चेतन आत्मामा भेदज्ञान उत्पन्न हुन्छ। यसले गर्दा अस्मिताक्लेश निवृत्त हुन्छ र अविद्या क्लेश आफ्ना अन्य सब क्लेशरूप परिवारसहित दग्धबीज तुल्य हुन पुग्छ। आत्मज्ञान गराउने यो विवेकख्याति पनि चित्तको नै सबैभन्दा उच्चतम सात्त्विक वृत्ति हो। यसबाट आसक्ति हट्नु पर वैराग्यद्वारा हुन्छ।

असम्प्रज्ञात समाधि अथवा निर्बीज समाधि-- यस बेला चित्तमा कुनै वृत्ति रहँदैन तर वृत्तिहरूलाई हटाउने निरोधको परिणाम रहन्छ। समाधिभन्दा पहिले चित्त केवल व्युत्थानका संस्कारद्वारा नै संस्कृत हुन्छ। जति तत्त्वको अनुभव हुन्छ, त्यति नै उसको संस्कार प्रबल हुन्छ। यी संस्कारहरूको प्रबलताले फेरि समाधि प्रज्ञा हुन्छ। यस समाधि प्रज्ञाबाट उत्पन्न भएको संस्कारले व्युत्थानका संस्कारहरू र वासनाहरू हटाइदिन्छ। व्युत्थानका संस्कारहरू दबेपछि तिनबाट उत्पन्न हुने वृत्तिहरू पनि दब्छन्। यी वृत्तिहरूको निरोध भएपछि समाधि उत्पन्न हुन्छ। यसबाट समाधि प्रज्ञा, समाधिप्रज्ञाबाट फेरि समाधिको संस्कार यसप्रकार यो चक्र लगातार चलिरहन्छ। त्यसपछि निर्विचार समाधिद्वारा ऋतम्भरा प्रज्ञाको लाभ हुन्छ।

योगी जो स्वरूपस्थितिलाई प्राप्त गरिसकेका छन्, ती दुई प्रकारका हुन्छन्। पहिला--ती योगी जसको कर्म केवल भोग निवृत्तिका निमित्त नै हुन्छ। दोस्रो-- ती योगी, जसको कर्म भोग निवृत्त तथा निष्काम आसक्तिरहित र परमात्माको आज्ञापालन गर्दै समस्त प्राणीहरूको कल्याणार्थ ईश्वरार्पित हुन्छन्। यसप्रकारका योगीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्ति पनि दुई प्रकारका हुन्छन् – प्रथम प्रकारका योगीहरूको मुक्तिमा चित्त बनाउने गुण आफ्ना कारणमा लीन हुन्छन्, जुन साङ्ख्य र योगको कैवल्य हो । दोस्रो प्रकारका-हरूको मुक्तिमा चित्तसत्व आफ्नो स्वरूप सहित ईश्वरको विशुद्ध सत्वमय चित्तमा लीन भएर बस्छ ।

विदेहमुक्त र जीवनमुक्त यी दुई प्रकारका भेदहरूमा यी जीवनमुक्त योगीहरू पनि मुक्त मानिएका छन् । जसको चित्तलाई बनाउने गुण आफ्नो कारणमा लीन भएका हुँदैनन् तर उनमा अविद्या आदि क्लेश सर्वथा दग्धबीज भएर फेरि बन्धनरूप अंकुरको उत्पादन गर्न सक्तैनन् ।

योग दर्शन र वेदान्त-दर्शनका सिद्धान्त विषयक किञ्चित् भेद छ । तर योग र ज्ञानको साधन विषयक भेद छैन । यसैकारण चित्तको निरुद्धावस्थालाई हटाउन वेदान्तशास्त्रका ग्रन्थहरूमा सर्वत्र योग साधनको रूपमा मानिएको छ । साधकले योग र ज्ञान विषयक ग्रन्थहरूको श्रवण मनन गरोस् र योगको सहायता लिई निदिध्यासद्वारा समाधिलाभ गरेर योग र ज्ञानको एक वाक्यताको अनुभव गरोस् ।

यद्यपि योग एउटा प्रयोगात्मक विद्या हो जसको संबन्ध लेख्ने लेखाउनेसित भन्दा क्रियात्मय रूपमा गर्नुसित बढी हुन्छ । साधन-विषयमा लेख्नुभन्दा अगाडि साध-नको उद्देश्य के हो, विचार गरौं –

हाम्रो अन्तिम लक्ष्य सबै जीवहरूको अन्तिम लक्ष्य हो – हामी सबै प्रकारबाट सुख र शान्तिपूर्वक नै रहौं र निरन्तर हाम्रो उन्नति नै भइरहोस् ।

जीवनको चिन्ह – उन्नतिको इच्छा र त्यसलाई प्राप्त गर्ने साधन गर्नु हरेक जीवको मुख्य सिद्धान्त हो र वास्तवमा जहाँ उन्नतिको इच्छा विचार र प्रयत्न भएको देखिँदैन, त्यहाँ या त जीवन नै छैन या त्यो जीवन घट्दै घट्दै नाशमा प्राप्त हुँदैछ । यो एउटा यस्तो सर्वथा सत्य कुरा हो, जसमा कुनै मतभेद छैन ।

उन्नतिको सच्चा अर्थ – उन्नतिको इच्छाबाट जे जति गर्छौं; त्यसैले गर्दा विपरीत मार्गमा पुगेपछि आफ्नै अपराधहरूद्वारा अनेक नयाँ-नयाँ दुःखहरूबाट फस्न पुग्छौं । त्यसकारण पहिले हामीले आफ्नो वास्तविक लक्ष्य पत्ता लगाएर त्यसपछि साधन वा मार्गको विचारतिर लागौं ।

लक्ष्य र साधन क्रम– हामी यति प्रमादी हुन्छौ कि आफ्नो लक्ष्य विचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगरी बाटामा हिंड्नेलाई सोध्छौं–हाम्रो यस लामो यात्राको लक्ष्य के हो ? कुन बाटो लाग्नु बेस हो ?– परिणाम यो हुन्छ–बाटो बताउने मानिसलाई हाम्रो अन्तर्लक्ष्यको ज्ञान हुँदैन र उसको चित्तमा जुन बाटो असल लाग्छ, त्यो उसले देखाइदिन्छ; फलस्वरूप त्यो बाटो हामीलाई अनुकूल हुँदैन। त्यसकारण सबभन्दा पहिले आफ्नो लक्ष्य पत्ता लगाउनु पर्छ, अनि मार्ग स्वयं फेला पर्छ।

साधनको विचारमा भेद – कोही धनको निमित्त इच्छुक छ, कोही शारीरिक बलको निमित्त त कोही मान बढाइको निमित्त लालायित छन्। कसैलाई प्रश्न गरियोस्-- तिमी धन किन चाहन्छौ ? त उत्तर पाइनेछ - यो भोगको लागि भोग किन चाहन्छौ ? आनन्दको निम्ति, र आनन्द किन चाहन्छौ ? त आनन्द स्वाभाविक हो, केवल यही एक मात्र उत्तर हुन सक्छ।

लक्ष्यको एकता र लक्षण – सारांश यो हो कि सबैको सांसारिक व्यापारको केवल एउटै लक्ष्य छ--केवल आनन्द प्राप्त गर्नु। यदि केही भेद दृष्टिगोचर हुन्छ त त्यो केवल साधनको विषयमा नै हो, लक्ष्य त सबको एक नै हो।

तिमी के चाहन्छौ ? भनी सोध्यो भने मानिसको मुखबाट निम्न लक्ष्यको लक्षण निस्कन पुग्छ।

(१) **सत्-रूप** – हाम्रो लक्ष्यले सबभन्दा पहिलो लक्षण हो-- सदा जीवित रहनु र शास्त्रहरूमा त्यसैलाई सत् पदार्थ भन्दछन्।

(२) **चित्–पदार्थ** – ज्ञान नै हाम्रो लक्ष्यको दोस्रो लक्षण हो। वेदान्तमा यसैलाई चित् भन्दछन्।

(३) **आनन्द पदार्थ**–हामी अखण्ड र परिपूर्ण सुख पनि चाहन्छौं र सुख पनि यस्तो कि जसमा दुःखको लेशमात्र पनि कहिल्यै नहोओस् यसैलाई आनन्द भन्छन्।

(४) **मोक्षस्वरूप**– हामी पराधीनताको अपेक्षा स्वतन्त्रतामा सुख वा आनन्द भोग्न चाहन्छौं। पराधीनना परम दुःख हो। यो केवल हाम्रो मात्र होइन कि सबै देश र जातिहरूको सिद्धान्त हो।

(५) **ईशश्वरूप (ईसत्व)**--नित्य जीवन, अखण्ड ज्ञान, परिपूर्ण आनन्द र परम स्वतन्त्रता प्राप्त भयो भने जीव सन्तुष्ट हुँदैन र के चाहन्छ भने मेरो इच्छानुसार सब संसार चलोस् र मलाई कसैको इच्छानुसार चल्न नपरोस्। मानिस त के एउटा सानो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालक पनि यही चाहन्छ– मातापिता मेरो बुद्धि र इच्छानुसार चलून् । महान् आश्चर्यको कुरा छ कि हामी केवल स्वतन्त्र रहन मात्र चाहँदैनौं, साथै अरूलाई पनि आफ्नो अधीन गर्न चाहन्छौं । अन्य धर्म यसलाई मानोस् या नमानोस् वैदिक सनातन धर्म त यसलाई अवश्य मान्छ र यसमा अटल छ ।

सब साधनहरूको जरो र सर्वोत्कृष्ट साधन योग हो। योग नै धर्म-जगत्को एक मात्र पथ हो । प्रत्येक धर्मले योगलाई कुनै न कुनै रूपमा स्वीकार गरेको छ। अरू जातिहरूको सम्बन्धमा चाहे जे होस्रोस तर हिन्दू धर्मका तन्त्र, मन्त्र, पूजा आदि सबै योगमूलक नै छन् । योग विना अनुभावात्मक ज्ञान हुँदैन । योगरूपी अग्नि अशेष पाप पुञ्ज भस्म गरिदिन्छन् । मन इन्द्रियहरूको मालिक हो, जुन प्राण वायुको अधीन छ। चित्त स्थिर गर्ने उपाय प्राण सरोध वा प्राणवायुलाई रोक्नु हो। कुम्भकको समयमा जब प्राण वायु सुषुम्ण नाडीको बीचबाट भ्रमण गर्दै ब्रम्हारन्ध्रस्थ महदाकाशमा पुग्छ तब चित्त पनि स्थिर हुन्छ । योग साधनमा सबभन्दा ठूलो विघ्न सन्देह वा संशय हो। व्याकुल चित्तवालाहरूलाई विचार मात्र गर्दैमा तत्त्व ज्ञान प्राप्त हुँदैन, त्यसकारण उनीहरूलाई योग नै मुख्य साधन हो, जसबाट चित्तको व्याकुलता र बुद्धि दोष नष्ट हुन्छ ।

कठोपनिषद्मा भनिएको छ– त्यस आत्मालाई आफ्नो शरीरबाट धैर्यसाथ अलग गरोस्–जस्तो किसिमले मूजबाट गुभो अलग गरिन्छ । त्यसैलाई अविनाशी अमर आत्मा जान ।

योग साधनका चार अङ्ग– शास्त्र, उत्साह गुरु, काल योगसाधनका चार अङ्गहरू हुन्–

शास्त्र– ती सत्यहरू, सिद्धान्तहरू, शक्तिहरू र प्रेरणाहरूको ज्ञान यसै शास्त्रबाट नै हुन्छ । यसमा मुख्य रूपले श्रुति, स्मृति र तन्त्र आदि छन्, जसद्वारा उपर्युक्त कुराहरूको ज्ञान हुन्छ, त्यो शास्त्र हुन सक्छ ।

उत्साह– यसको निमित्त सिद्धिको सबभन्दा पहिलो सिंढी यस जगत्का विषयहरूबाट दृढतापूर्वक पछि हट्नु र अन्तर्मुख हुनु हो। यस दृढताको ठीक पहिचान हृदयको अभीप्सा (आन्तरिक इच्छा)को बलले सङ्कल्पको शक्तिले मनको एकाग्रता र साधनमा लागिरहेको शक्तिको तीव्रताले हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधकलाई यो ज्ञान हुँदै जान्छ कि उसको शक्ति भन्दा भिन्नै कुनै शक्ति अभिन्न काम गरिरहेछ र त्यो फेरि विस्तार-विस्तार त्यस शक्तिको अधीन हुन सिक्छ र आफ्नो योगको साराभार उसलाई सुम्पिदिन्छ ।

हाम्रो अहङ्कार स्वतन्त्रताको अभिमानी, प्रतिक्षण विश्वप्रकृतिका असंख्य सत्ताहरू, शक्तिहरू वृत्तिहरू र प्रभावहरूको दास, खेलौना, कठपुतली बनी फिर्दछ । अहङ्कारको त्यो पूर्णतम सत्ताभित्र स्वयम् आफूलाई लीन गरिदिनु नै उसको सर्वोत्तम गति हो । मनोगत विश्वास जबसम्म साक्षात्कृत हुँदैन तबसम्म यो शक्ति सहित सत्य-रूप धारण गर्दैन । आफ्नो अहं वृत्तिहरूलाई वशमा गरेर तिनलाई प्रकाश र सत्यतर्फ फर्काइ दिनु पर्दछ ।

साधनको अन्तिम अवस्थामा जब अहंकार अशुचित्ता र अज्ञान हटेर क्रमशः जान्छन्, तब यो अन्तिम फरक पनि हटिहाल्छ र व्यक्तिभित्र जे जति छ सबै दैवी शक्तिको कार्य हुन जान्छ ।

गुरु– जस्तो प्रकारले पूर्ण योगको परम शास्त्र प्रत्येक मनुष्यको हृदयमा लुकेको सनातन वेद हो, त्यस्तै प्रकारले यसका परम पथप्रदर्शक र गुरु उनै अन्तर्यामी जगद्गुरु हुन्, जो हामीभित्र गुप्त रूपबाट विराजमान छन्; उनी नै आफ्नो भास्वर ज्ञान प्रदीपले हाम्रो तमलाई नाश गर्छन् ।

जसै हाम्रो दृष्टि विभल हुन्छ र अहम्भावयुक्त प्रयासको कोलाहलको स्थानमा प्रशान्त आत्मज्ञानको प्रतिष्ठा हुन्छ तब हामी आफूभित्र बढ्ने प्रकाशको त्यस मूललाई चिन्न थाल्छौँ ।

योगका ईश्वर, ज्ञानीहरूका केवल र अज्ञेयवादीहरूका अज्ञेय जडवादीहरूका विश्वशक्ति जो परम पुरुष र परम शक्ति हुन्, उनै **एकमेवाऽद्वितीयम्** हाम्रो योगका ईश्वर गुरु हुनुहुन्छ ।

हाम्रो विचार गर्ने विषयहरूलाई ग्रहण गर्ने र दुःखसुखादि अनुभव गर्ने जस्तो अहङ्कारको पूर्ण अभ्यास बाँकी नै छ, त्यसले गर्दा जानका ती सबद्वार बन्द हुन्छ ।

यस पूर्ण योगको प्राप्तिको निश्चित मार्ग हो–हामी आफ्नो अन्तःसम्मत निगूढ अन्तर्यामीलाई खोजौं, आफू स्वयंलाई निरन्तर त्यसतर्फ संमुख गरौं र सिद्धिको निम्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमाथि निर्भर रहौं, तर अहम्भावापन्न चेतनाको निमित्त आरंभमानै यस्तो गर्नु धेरै कठिन छ । अहंकारका त्रुटिहरूद्वारा अन्तर्यामीको काममा कुनै बाधा पर्दैन। हाम्रो दुर्बलताले गर्दा उनी हाम्रो तिरस्कार पनि गर्दैनन् । आमामा जुन प्रेम हुन्छ त्यो सारा प्रेम, गुरुमा जुन धैर्य हुन्छ त्यो सारा धैर्य तिनीभित्र हुन्छ । यी सब कुरा हुँदा-हुँदै पनि मानव-प्रकृति विश्वासको कमीले गर्दा यस्तो बनेको छ कि ऊ गुरुको रूपमा मानव-माध्यम चाहन्छ नै । त्यसैले गुरु र शिष्यको व्यवस्था छ । गुरु यस्ता होऊन् जो शिष्यलाई भगवान्को ज्ञान प्रदान गरेर उसलाई यसयोग्य बनाइदेऊन् कि ऊ एकताको अनुभव गर्न सकोस् ।

पूर्ण गुरु जहाँसम्म सम्भव हुन्छ त्यसै बाटोबाट शिष्यलाई लैजानु हुनेछ, जुन उसको प्रकृतिको बाटो हो ; उपदेश, उदाहरण, वा दृष्टान्त र प्रभाव- यी तीन गुरुका उपकरण हुन् । ज्ञानी गुरु स्वयं आफूलाई र आफ्ना विचारहरूलाई बलात् शिष्यको मनमा थोपिदिन मन पराउँदैनन् । गुरुको सम्पूर्ण कार्य हुन्छ—त्यो दिव्य-आत्म ज्योतिलाई शिष्यको हृदयभित्र प्रकाशित गरिदिएर त्यस दिव्य शक्तिलाई सञ्चालित पार्नु ।

उपदेश भन्दा दृष्टान्त अधिक शक्तिशाली हुन्छ। सर्वश्रेष्ठ गुरु उपदेशक हुनु भन्दा प्रधानतः यस्तै सत्तास्वरूप हुन्छन् । उनी आफ्ना वरिपरिका सबै ग्रहणशील साधकहरूभित्र आत्म-चैतन्य त्यसको अङ्गभूत ज्योति, शक्ति, सुचिता र आनन्द नै वर्साउने गर्छन् ।

काल– काल विकास साधन गर्ने एक क्षेत्र हो र यस विकास साधनको यस क्रमको एक मापक यन्त्र हो। काल हाम्रो सामुन्ने ती सब शक्तिहरूलाई ल्याएर उभ्याइदिन्छ जो हाम्रो पुरुषार्थसँग सङ्घर्ष गरेर हाम्रो बाटो छेकिदिन्छ ।

योगाङ्गहरूको क्रमबद्ध वर्णन गर्नुभन्दा अघि योगको विषयमा केही अत्यावश्यक जान्न योग्य कुराहरूको संक्षिप्त वर्णन गरिदिनु ठीक होला –
सर्वप्रथम योगसिद्धिको लागि अनिवार्य वस्तु हो– गुरुकृपा, जुनबिना कुनै पनि साधन सफल हुँदैन ।
योगशिखोपनिषद्मा शिवजी ब्रह्माजीसंग भन्नुहुन्छ –
जन्म-जन्मान्तरको पुण्यको प्रभावले सिद्धसित भेट हुन्छ, तब सिद्धको कृपाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगी हुन्छ, अन्यथा हुँदैन । सिद्ध महात्माको कृपाले जुन दृष्टि, स्पर्श अथवा मन्त्र चैतन्यद्वारा हुन्छ त्यसलाई शक्तिपात वा महादीक्षा भन्दछन् ।

दर्शन, स्पर्श अथवा शब्दद्वारा जो कृपापूर्वक शिष्यको शरीरमा शाम्भव समावेश (मङ्गलमय भाव) प्रकट गरोस्, त्यही नै देशिक वा गुरु हो ।

गुरुको दृष्टि, स्पर्श अथवा वाक्यद्वारा एक प्रकारको सद्योज्ञान (प्रत्यक्ष अनुभव) उत्पन्न हुन्छ, त्यसैलाई शाम्भवी (मङ्गलमयी) दीक्षा भन्छन् ।

शक्तिपातद्वारा गुरु शिष्यको कुण्डलिनी शक्तिलाई जाग्रत गर्छन् । गुदार अवस्थाको बीचमा योनीस्थान छ, यसलाई शिखिस्थान पनि भन्छन् । योनीस्थानको मास्तिर मेरुदण्डको नजीकै एक अण्डाकृति मांशपेशी छ । त्यसको नाभि अथवा केन्द्रमा एउटा गाँठो छ, त्यसलाई अंग्रेजीमा Gamglion Impar भन्दछन् र संस्कृतमा त्यस माँसपेशीलाई कन्द भन्दछन् । यसै केन्द्र अथवा गाँठोबाट इडा, पिङ्गला र सुषम्णा (Spinal card) निस्कन्छन् । प्राण शक्तिको प्रवाह सुषुम्णाबाट हुँदै ब्रह्मरन्ध्रमा पुग्छ, अनि समाधि लाग्छ । सुषुम्णामा छ स्थान यस्ता छन् जुन नाडीहरूका उद्‌गमस्थान भनिन्छन् र ती नाडीहरू बाहिर आएर जाल जस्तो बनाउँछन् । अंग्रेजीमा यसलाई (Plexuser) भन्छन् र योगी यसलाई चक्र या कलम भन्छन् । गुदाका नजीकै मूलाधार पृथ्वीतत्वको चक्र छ, उपस्थको नजीकै स्वाधिष्ठान जलतत्वको चक्र छ, नाभिको नजीकै मणिपुर अग्नि-तत्वको चक्र छ। हृदयमा अनाहत वायुतत्वको चक्र छ। ग्रीवामा विशुद्ध आकाशतत्त्वको चक्र छ र भृकुटीमा आज्ञा नाउँको मनमँग सम्बन्ध राख्ने चक्र छ । मास्तिर बृहत् मस्तकमा सहस्रार (carebrum) छ । प्राण शक्तिको प्रवाह हुनाले उक्त शक्तिहरू छ वटै चक्रहरूलाई छेड्दै सहस्रारमा चढ्दछन् ।

स्थूल शरीरलाई अन्नमय कोष, प्राणहरूको गतिको स्थान हुनाले नाडीहरू (Nervous System) मा प्रवाहित शक्तिलाई प्राणमय कोश, मनसँग सम्बन्ध राख्ने कोशलाई मनोमय, बुद्धिको कोशलाई विज्ञानमय र त्यसपछि सुषुप्ति अवस्था तथा कारण शरीरलाई आनन्दमय कोष भन्दछन् । पाँचै कोशहरूमा परस्पर सम्बन्ध जोड्ने काम प्राण शक्तिको हुन्छ । समाधिसममयमा प्राणवशमा हुने भएकोले कारण शरीरमा पनि संस्कारहरूको सञ्चय क्षीण भएर ऋतम्भरा प्रज्ञा प्रकाशित हुन्छ । यसलाई कुण्डलिनि शक्ति जागेर स्थूल, सूक्ष्म, कारण शरीरबाट आत्मलाई अलग गरेर आत्मप्रकाश फिंजाइदिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धा – साधनको शक्ति, गुरु र ईश्वर– तिनैमा श्रद्धा र भक्ति हुनु आवश्यक छ। गुरुमा जति श्रद्धा र भक्ति हुन्छ त्यति नै शीघ्र साधन सिद्ध हुनेछ।

स्थान – अभ्यासको निमित्त स्थान स्वच्छ, एकान्त र रमणीय हुनुपर्छ। घरमा अभ्यासको निमित्त एक अलग कोठा निर्दिष्ट गरिनुपर्छ। कोठा नभए घर-भित्र कुनै एउटा ठाउँ अभ्यासको लागि निर्दिष्ट गरिनुपर्छ।

आहार-विहार– भोजनको शुद्धिबाट सत्त्वको शुद्धि हुन्छ। सत्त्वको शुद्धि भएपछि निश्चयस्मृति (निश्चयात्मिका बुद्धि) लाभ हुन्छ र स्मृति लाभ भएपछि साधन सिद्धि शुलभ हुन्छ। सत्त्वगुण नै सबैको श्रेष्ठ लक्ष्य हुनुपर्छ। अतएव साधकहरूले रजोगुणी र तमोगुण विशिष्ट भोजनका बीजहरू कदापि भोजन गर्नु हुँदैन। माछा, मासु, मदिरा, फुल (अण्डा) आदि कदापि खानु हुँदैन।

ब्रह्मचर्य– ब्रह्मचर्यको पूरा अर्थ हुन्छ–वीर्यलाई रोक्नु, वेदज्ञान पाउनु र सत् चित् ब्रह्ममा लीन हुनु।

ब्रह्मचर्यको **श्रेणी**– विभाग– हाम्रा शास्त्रहरूमा वीर्यलाई वीजत्व वीरत्व, ओज, तेज, बल, शुक्र, कान्ति, रेत, बिन्दु आदि नाउँ दिइएको छ। परन्तु योग शास्त्रमा भने ब्रह्म बिन्दु र ब्रह्म बीजसम्म पनि भनिएको छ।

ब्रह्मचर्यको ब्रह्म शब्दले नै वीर्य र ब्रह्मको अभेद संबन्धलाई व्यक्त गर्छ। यस अभेद सम्बन्धलाई अभेद्य राख्ने साधन नै प्रथम श्रेणीको ब्रह्मचारी हुन्छ। यसलाई ऊर्ध्वरेता (निरन्तर ईश्वरमा लागिरहने) पनि भन्छन्। यस ब्रह्मचारीको अहंबिन्दु स्वाभाविक रूपले ब्रह्ममा नै स्थिर रहने हुन्छ।

दोस्रो श्रेणीवाला ब्रह्मचर्यको साधकको ब्रह्म विन्दुमा कंपन त अवश्य उठ्ने गर्छ तर उसको आफ्नो कठोर संयम-बल र भीष्म-प्रतिज्ञाद्वारा ब्रह्मबिन्दुका ती कंपनहरूलाई ब्रह्मबिन्दुतर्फ नै धकेलिदिन्छ।

तेस्रो श्रेणीको ब्रह्मचर्यवाला साधनको ब्रह्मबिन्दुमा जुन सृजन कंपन उठ्ने गर्छन् तिनलाई उसले ईश्वरको सृष्टि सृजन-आदेश (प्रेरणा) सम्झेर सन्तानोत्पत्तिमा बदलिदिन्छ। उ यस सृजनको ध्येयबाट नै गृहकार्य अर्थात् गृहस्थिमा प्रवृत्त हुने गर्छ। ईश्वरको आज्ञा-पालक र "विषयासक्तिले रहित" हुनाले यो साधक पनि ब्रह्मचारी नै हुन्छ। यसैलाई शास्त्रमा उपकुर्वाण ब्रह्मचारी भनेको छ। यस्ता साधक-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको सृजन कार्यमा ईश्वरीय सृजन प्रेरणा नै काम गर्छ । प्राकृत धक्का पाउनु बाहेक यसबाट साधकको केही बन्ने बिग्रने होइन ।

यस प्राकृत संकेतलाई पशु-पक्षी आदि अहिले पनि धेरै बुझ्छन् । ती बार्है महिना स्त्री-पुरुषको भावनाले रहित भएर बस्ने गर्छन् । धन्य हुन् ती पशुपक्षी आदि जो अहिलेसम्म यस सृजन-विज्ञान ऋतुकालको रहस्यलाई बुझ्छन्, जब कि मनुष्यले यो बुद्धि गुमाइसके ।

माथि उल्लेख भएका तीनै प्रकारका ब्रह्मचारी ब्रह्मकै उपासक हुन् - पहिला ब्रह्मलीन, ब्रह्मस्थित वा ब्रह्मरूप भनिन्छ, दोस्रो योगी, तेस्रो भगवान्‌को प्रिय भक्त ।

वैदिक, तान्त्रिक, बौद्ध तथा बाहिरका देशहरूका सबै धर्महरूले यसलाई प्रथम स्थान दिएका छन् ।

जो मानिस ब्रह्मचर्य तत्वको खोजी गर्न चाहन्छन्, तिनीहरू थोरै विचार गर्दैमा बुझ्नेछन्-- बिन्दुको (वीर्य) संरक्षण, संशोधन र उद्‌बोधन-- यी तिनै ब्रह्मचर्यका यथार्थ अङ्ग हुन् । ब्रह्ममा अथवा ब्रह्म पथमा जुनद्वारा संचार हुँदैन, त्यो वास्तविक ब्रह्मचर्य होइन । बिन्दुको क्षरणबाट संसार र बिन्दुको स्थिरताद्वारा मोक्ष सिद्ध हुन्छ । यी सब बिन्दु वास्तवमा एउटै महाबिन्दुको देशगत भेद मात्र हो ।

ब्रह्मचर्यबाट प्राप्त वीर्य (सामर्थ्य) द्वारा देहभित्र दिव्य तेज वा एक प्रकारको विद्युत्‌को विकास हुन्छ, र त्यस तेजको वृद्धि भएपछि चित्तको चञ्चलता निवृत्त हुन्छ, यसको अर्को नाउँ हो ध्यान ।

उपासनाको यही स्वरूप हो । क्रमशः यी सब घनीभूत हुँदा-हुँदा चित्तको समाधि अवस्था उत्पन्न हुन्छ । चित्त समाहित भएपछि ध्येय वस्तु (आवरण मुक्त भएपछि) स्वयं नै प्रकाशित हुन आउँछ । त्यस समयमा चित्तको कहीं पनि भान हुँदैन र केवल ध्येय नै अनुभवमा आउँछ तर यो ध्येय चित्तको नै एक आकार विशेष हो, यो चित्तभन्दा भिन्न कुनै पदार्थ होइन । यसै प्रकाशलाई ज्ञानचक्षु खोलिनु भन्छन्, यस प्रकाशको पनि निरोध भएपछि असंप्रज्ञात समाधिको उदय हुन्छ ।

ओज– जुन पुरुषहरूको वीर्यरूपी ओज, सूर्यचक्र (नाभि चक्र) को आकर्षण-विकर्षणरूप तेजद्वारा एक सूक्ष्म ग्यासको रूपमा माथितिर लागेर मस्तिष्कमा जान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्दछ, त्यस्ता पुरुषलाई ऊर्ध्वरेता भन्छन् । उनको मुखमा एक प्रकारको तेज झल्किएजस्तो देखिन्छ । त्यो ओजको नै तेज हो । पुरुषहरूमा १४ देखि १८ तथा स्त्रीहरूमा १३ देखि १७ वर्षको आयुमा स्वाभाविकरूपले ओज बन्दछ । ओज बन्ने यस स्वाभाविक अवस्थालाई छाडेर आयुको शेष कुनै पनि भागमा ओज निर्माण-को काम स्वाभाविक रूपले हुँदैन, तर योगीहरूको शरीरमा प्राणायाम र धारणा ध्यान आदि क्रियाहरूको फलस्वरूप आयुको शेष भागमा पनि ओज निर्माण भइरहन्छ ।

निम्नलिखित साधनहरूद्वारा वीर्य स्थिर हुन्छ–

(१) **सिद्धासन–** प्रमेह नाडी अर्थात् गुदा र अण्डकोषको बीचको चार अंगुल जग्गा-लाई देब्रेगोडाको कुर्कुच्चाले थिच्नु र कुर्कुच्चा माथि नै शरीरलाई सन्तुलित गरेर राख्नु । यस आसनमा २½–३ घण्टा बस्न सके प्रमेहनाडीमा वीर्य जम्मा नभएर नाडी शुद्ध हुन्छ तथा प्रमेह आदि दोष मेटिएर वीर्य शुद्ध र स्थिर हुन्छ ,

२. यसै आसनमा बसेर मूल बन्ध गर्नु,

३. जालन्धर-बन्ध पनि लगाउनु पर्छ र वीर्याकर्षणको मानसिक भावना पनि राख्नुपर्छ ,

४. अनि कुम्भकमा जब दुवै बन्ध राम्ररी लागिरहेका हुन्छन् तब एक कुम्भकमा कमसेकम सात पटक आफ्नो गुदादेखि माथि लिङ्ग र मेरूदण्डको बीचको भाग-लाई जुन प्रमेह नाडी वा वीर्य नलीको ठीक सोझै पर्छ, आकर्षण–विकर्षण गरोस् ।

५. यस साधनको साथमा पिसाब गर्दा ४।५ पटक पिसाबको धारालाई बलपूर्वक माथितिर तान्ने र छाड्ने गरेमा झन् धेरै लाभ हुनेछ ।

योगको विषयमा अन्य केही ज्ञातव्य विषय–शरीर र प्राण यी दुवै विषयहरूको सम्यक् तत्त्व नजान्नाले योग साधन विडम्बना मात्र हुन्छ। त्यसकारण यी कुराहरू जान्नु आवश्यक छ ।

नवचक्र, षोडशाधार, त्रिलक्ष्य र पञ्चाकाशलाई आफ्नो शरीरमा जो योगीहरू जान्दैनन्, तिनलाई योग सिद्धि कसरी होला ? त्यसकारण सबभन्दा पहिले शरीरको तत्त्व जान्नु आवश्यक छ। प्रत्येक जीवको शरीर शुक्र, शोणित, मज्जा, मेद, मांस, अस्थि र त्वक् यी सात धातुहरूले बनेका छन् । मृत्तिका, जल, अग्नि, वायु, आकाश यिनै पञ्चभूतहरूबाट शरीर बनाउन समर्थ यी सात धातु एवं क्षुधा–तृषादि शारीरिक धर्म उत्पन्न भएका छन् । पञ्चभूतबाट उत्पन्न भएको हुनाले यस शरीरलाई भौतिक देह भनिन्छ । भौतिक देह निर्जीव एवं जड स्वभाववाला हो। तर चेतनरूप पुरुषको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थानको भूमि भएकोले यो चेतन जस्तै देखिन्छ । शरीरभित्रका पञ्चभूतहरूमा प्रत्येकको अधिष्ठानको निमित्त स्वतन्त्र स्थान तोकिएका छन् । तिनै स्थानहरूलाई चक्र भनिन्छ। यी सब भूत आफ्ना-आफ्ना चक्रमा अवस्थान गर्दै शरीरका सब काम गरिरहेछन्—गुह्यदेशको मूलाधारचक्र पृथ्वी-तत्त्वको स्थान हो, लिङ्गमूलको स्वधिष्ठान-चक्र जल-तत्त्वको स्थान हो, नाभिमूलको मणिपूरचक्र, अग्नितत्त्वको स्थान हो। हृद्देशको अनाहत चक्र वायुतत्त्वको स्थान हो, र कण्ठ देशको विशुद्ध चक्र आकाश तत्त्व-को स्थान हो । ललाट देशको आज्ञाचक्रमा पञ्च तन्मात्राहरू, इन्द्रियहरू र मनको स्थान छ। यसभन्दा मास्तिर महाशून्यमा सहस्रदल चक्रमा परमात्माको स्थान छ ।

साधकगण पृथ्वीतत्वबाट परमात्मासम्म सब तत्वहरूको यस शरीरमा ध्यान गर्छन् ।

नाडीतत्त्व-- शिवसंहितामा– यस भौतिक देहलाई कार्यक्षम बनाउन मूला-धारबाट प्रधान भएका साढे तीन कोटि नाडीहरू उत्पन्न भएर पिप्पल वा कमलको पातमा जसरी नसा देखिन्छन् त्यसरी नै अस्थिमय शरीरमा ओतप्रोत भावले व्याप्त भएर अङ्गप्रत्यङ्गका सबकाम सम्पन्न गरिरहेछन् । यी साढे तीन कोटि नाडीहरूमा चौध नाडी प्रधान छन् । इडा, पिङ्गला सुषुम्णा, गान्धारी, हस्ति जिव्हा, कुहु, सरस्वती, पूषा, शङ्खिनी पयस्विनी, बारुणी, अलम्बुषा, विश्वोदरी र यशस्विनी– यी चौध नाडीहरूमा पनि इडा, पिङ्गला, र सुषुम्णा यी तीन नाडीहरू नै प्रधान हुन् । सुषुम्णा नाडी मूलाधारबाट उत्पन्न भएर नाभिमण्डलमा जुन अण्डाकार नाभिचक्र छ, त्यसको ठीक बीचबाट ब्रह्मरन्ध्रसम्म गएको छ। सुषुम्णाको बायाँतर्फबाट इडा र दाहिनेतिरबाट पिङ्गला उत्थित भएर स्वाधिष्ठान मणिपुर, अनाहत र विशुद्ध चक्रलाई धनुषाकार भई बेर्दै इडा नाकको दाहिने छेउ सम्म र पिङ्गला बायाँ छेउसम्म गएको छ। मेरुदण्डको छेदको भित्रबाटै सुषुम्णा नाडी र मेरुदण्डको बाहिरबाट पिङ्गला र इडा नाडी गएका छन् । इडा चन्द्रस्वरूपा र पिङ्गला सूर्यस्वरूपा हुन् । सुषुम्णा अग्नि स्वरूपा हुन् ।

माथि उल्लेख भएका चौध प्रधान नाडीहरूमा कुहु नाडी सुषुम्णाको बायाँ तिरबाट उत्थित भएर मढ्देशसम्म गएको हुन्छ वारुणी नाडीले शरीरको माथिल्लो र तल्लो समस्त भाग घेरेको छ । यशस्विनी नाडी दाहिने गोडाको बूढी औंलाको टुप्पासम्म, पूषा नाडी दाहिने आँखासम्म पयस्विनी दाहिने कानसम्म सरस्वती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिब्रोको टुप्पोसम्म: शङ्खिनी देब्रेकानसम्म गान्धारी बायाँ आँखासम्म, हस्तिजिह्वा देब्रे गोडाको बूढी औंलासम्म अलम्बुषा मुखसम्म र विश्वोदरी पेटसम्म पुगेको छ। यस्तै प्रकारले सारा शरीर नाडीहरूद्वारा आवृत भइरहेछ।

योगीहरू यी चौधनाडीहरूलाई पुण्यनदी भन्छन्। इडा, पिङ्गला र सुषुम्णा-यी तीन प्रधान नाडीहरू मध्ये सुषुम्णा सर्व प्रधान हो। यसको गर्भमा अर्थात् बीचमा वज्राणी नाउँको एक नाडी छ। यो नाडी शिश्न देशबाट निस्केर शिरस्थानसम्म व्याप्त भइरहेछ।

वायुको कुरा-- देह यन्त्र मात्र हो, वायु त्यसलाई चलाउने उपकरण हो। सुतरां वायुलाई वश गर्ने उपायको नाम नै योग साधन हो। प्राण, अपान, समान, उदान, व्यान, नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जय यिनै दश नाउँले प्राणवायु कहिन्छन्।

मूल पृष्ठ ८४ मा प्राण-वायु सम्बन्धी याज्ञवल्क्यद्वारा उल्लेखित कुराको वर्णन गरिएको छ।

अजपा-जप– मानवदेहको अनाहत नामक पद्मको त्रिकोणी पीठ (आसन) मा वायुबीज 'यं' विद्यमान छ। श्वास छाडेर पुनः तानिएन भने त्यसैले नै मृत्यु हुन्छ, अतएव हं शिवस्वरूप या मृत्यु हो। सः बाट श्वास ग्रहण गरिन्छ, त्यही नै शक्तिरूप हो। अतएव यो श्वास-प्रश्वास नै जीवनको जीवत्व हो। शास्त्रहरूमा हंस इति जीवात्मानम् वा हंस नै जीवात्मा हो लेखिएको छ। यस हंस शब्दलाई नै अजपा गायत्री भन्छन्। जतिपटक श्वास प्रश्वास हुन्छ, त्यति पटक हंसरूप परम मन्त्रको अजपा जप हुन्छ। जीव रात- दिनमा २१६०० पटक अजपा जप गर्छ। यही मानवको स्वाभाविक जप र साधन हो।

शब्द ब्रह्म हो। त्यही नै शब्द अनाहत चक्रमा छ। अनाहत पद्ममा हंस उच्चरित हुन्छ। त्यो हंस नै प्रणव या ॐकार हो। हंसको उल्टा सोऽहं हुन्छ, तर स र हं को लय भएपछि केवल ओं रहन जान्छ। यो नै हृदयस्थ शब्द ब्रह्मरूप ॐकार हुन्छ। शब्द-ब्रह्मस्वरूप ॐकार छ। त्यो आज्ञा चक्रको माथि निरालम्ब-पुरीमा नित्य विराजमान छ। यसै स्थानमा ब्रह्मनाडीको आश्रित तारक बीज प्रणव (ॐकार) वर्तमान छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ, उ, म् को मिलनद्वारा प्रणव बन्दछ एवं ब्रह्म, विष्णु, महेश्वर प्रणवमा प्रतिष्ठित छन्। अकार ब्रह्ममा उकार विष्णु र मकार महेश्वर हो। प्रणवमा ब्रह्मा, विष्णु र महेश्वर– यी तीन देवताहरू इच्छा, क्रिया र ज्ञान– यी तीन शक्तिहरू एवं सत्त्व, रज र तम– यी तीन गुण प्रतिष्ठित छन्। त्यसैले यसलाई त्रयी भन्छन्। प्रणवको यही अकार, नादरूप, उ-कार बिन्दुरूप र म-कार कलारूप र ओंकार ज्योतिरूप हो प्रणवमा ८ अङ्ग, ४ पाद, तीन स्थान पञ्च देवता आदि अरू पनि अनेक ज्ञातव्य विषय छन् जसको पछि वर्णन गरिने छ।

कुण्डलिनी-तत्त्व-गुह्य देशबाट दुइ अङ्गुल मास्तिर र लिङ्गमूल भन्दा दुइ अङ्गुल तल मूलाधार- पद्म विद्यमान छ। त्यसैको बीचमा पूर्वोक्त ब्रह्मनाडीको मुखमा स्वयम्भु लिङ्ग रहेको छ। त्यसको गात्रमा (शरीरमा) दक्षिणावर्तले साढे तीन फन्को लगाएर कुण्डलिनी- शक्ति रहेको छ।

यसको विस्तृत जानकारीको लागि मूलग्रन्थ (तेस्रोखण्ड) पृष्ठ ८७–८९ सम्म हेर्नुहोस्।

प्रथम-मूलाधार-चक्र (Pelvic Plexus)-- मानवदेहको गुह्यदेशबाट दुइ अंगुल माथि लिङ्गमूलको दुई अङ्गुल तल चार अङ्गुल विस्तृत जुन योनिमण्डल छ, त्यसै मास्तिर मूलाधार पद्म अवस्थित छ। यो अलिकति रक्तवर्ण र चतुर्दल विशिष्ट छ। यस चक्रको गुण गन्ध हो। यो तलतिर चल्ने अपान वायुको मुख्य स्थान हो। गन्ध तन्मात्राबाट उत्पन्न हुने सुँघ्ने शक्ति भएको नासिका ज्ञानेन्द्रियको स्थान हो। पृथ्वी-तत्वबाट उत्पन्न भएको मलत्यागशक्तिभएको गुदा कर्मेन्द्रियको स्थान हो। यस चक्रको ध्यान गर्नाले आरोग्य, आनन्द, चित्त, वाक्यसिद्धि र काव्यशक्ति प्राप्त हुन्छ।

दोस्रो स्वाधिष्ठान-चक्र (Hypogastric Plexus)– यसको स्थूल स्वरूपबाट यसको सूक्ष्म स्वरूपको सङ्केत गर्न सकिन्छ। लिङ्गमूलमा यसको स्थान छ। यो खूब चम्किलो अरुण वर्ण तथा षड्दल-विशिष्ट छ। यस चक्रको ध्यान गर्नाले भक्ति आरोग्य र प्रभुत्वको सिद्धि हुन्छ।

तेस्रो - मणिपुर-चक्र (Epigastic वा Solar Plexus) – नाभिदेशमा यो अवस्थित छ। यो मेघवर्ण दश दल युक्त छ। यस चक्रको ध्यान गर्नाले आरोग्य र ऐश्वर्यादि पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो-अनाहत चक्र (Cerdiac Plexus)– हृदयमा बन्धूक-पुष्पसमान वर्ण-विशिष्ट द्वादशदलयुक्त अनाहत विद्यमान छ। यस चक्रको ध्यान गर्नाले अणिमादि अष्टैश्वर्यहरूको लाभ हुन्छ तथा अनाहत ध्वनि सुनिन्छ। यो ध्वनि नै सदा शिव हो।

पाँचौ विशुद्ध-चक्र (Carotid Plexus)– कण्ठ देशमा धूमवर्ण षोडशदल-विशिष्ट यो विशुद्ध पद्म अवस्थित छ। यस चक्रको ध्यान गर्नाले कवि, महाज्ञानी निरोग, शोकहीन र शान्तचित्त भएको हुन्छ। यस स्थानमा मनको स्थिति भएको हुनाले मन आकाश समान विशुद्ध हुनजान्छ।

छैटौं - आज्ञा - चक्र (Medula Plexus) दुवै आँखीभौंको बीचमा श्वेत-वर्ण द्विदल विशिष्ट आज्ञा पद्म विद्यमान छ। यी दुइ दल ह-क्षवर्णात्मक हुन्। यस आज्ञा चक्रको अर्को नाउँ ज्ञानपद्म पनि हो। परमात्मा यसका अधिष्ठान हुनुहुन्छ, इच्छा यिनको शक्ति हो।

पाश्चात्य विज्ञान अनुसार यस चक्रका दुवै दलहरूका साङ्केतिक शब्द (Pinea gland र Pituitary Body) सम्झे हुन्छ। यिनलाई मानिसको मस्तिष्क भित्रका दुइ निरर्थक बालुवाले ढाकिएको मांसपिण्ड भनिन्छ। यी दुवै मांसपिण्ड आफ्नो स्थानमा रहँदै, आज्ञाचक्र ऊर्ध्वमुख भएर विकसित भएपछि त्यसैबाट दिव्य शक्तिको प्राप्ति हुन्छ। यो आज्ञा चक्र नै शिव नेत्र वा तेस्रो नेत्र (Organ of Clairvoyance) दिव्य दृष्टिको यन्त्र हो। यस स्थानमा मन तथा प्राण स्थिर भएपछि संप्रज्ञात समाधिको योग्य भइन्छ। यस चक्रको ध्यानबाट अन्य सब चक्रहरूको ध्यानद्वारा जो फल प्राप्त हुन्छ ती सब फल मिल्छ।

सहस्रार चक्र (Cerebral Plexus) तालुमूलको मास्तिर ब्रह्मरन्ध्रमा नाना रङ्गको प्रकाशले युक्त सहस्रदल कमल अवस्थित छ। सहस्रदल पद्मको चारै-तिर पचासदल विराजित छन् एवं लगातार एक अर्का माथि बीस स्तर- (तह) मा सजाएका छन्। प्रत्येक स्तरको पचास दलमा पचास मातृका वर्ण विद्यमान छन्। सहस्र दल कमलको कर्णिकाभित्र त्रिकोण चन्द्रमण्डल विद्यमान छ। यसको अर्को नाउँ हो शक्तिमण्डल। यस चक्रको ध्यानको फल अमर हुनु हो।

कोही विद्वान् र अभ्यासीहरूको विचार छ –उपनिषद्हरूमा जो अङ्गुष्ठ मात्र हृदय पुरुषको स्थान भनी भनिएको छ, त्यो ब्रह्मरन्ध्र नै हो। यसमाथि सहस्रार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्र छ, किनभने यो अङ्गुष्ठ मात्र आकाशले युक्त छ । यही चित्तको स्थान हो। यसमाथि आत्माको ज्ञानले प्रकाश अथवा प्रतिविम्ब पर्दछ र यसै स्थानमा प्राण तथा मन स्थिर भएपछि असम्प्रज्ञात समाधि सिद्ध हुन्छ । त्यही सर्ववृत्ति निरोध कहिन्छ ।

शरीरमा जीवात्माको कुन चाहिं स्थान छ ? वास्तवमा आत्माको ज्ञानको प्रकाश चित्तमा परिरहन्छ, चित्त नै कारण शरीर हो । यसकारण शरीरको संबन्धले आत्माको संज्ञा जीवात्मा हुन जान्छ । कारण शरीर सूक्ष्म शरीरमा व्यापक भैरहेछ र सूक्ष्म शरीर स्थूल शरीरमा । यस प्रकार जीवात्मा सबै शरीरमा व्यापक भैरहेछ तै पनि कार्य भेदले उसका पाँच स्थान बताउन सकिन्छन् । सामान्यतया सुषुप्ति अवस्थामा जीवात्माको स्थान हृदयदेश बताइएको छ । किनभने हृदय शरीरको मुख्य स्थान हो । स्वप्नावस्थामा जीवनको स्थान कण्ठ भनिएको छ, किनभने जाग्रत् अवस्थामा जुन पदार्थ देखिन्छ, सुनिन्छ वा भोगिन्छ यिनको संस्कार सौं का हजारौं भाग जस्तै सूक्ष्म कण्ठमा स्थित हिता नामको नाडीमा रहन्छ भनेर बताइएको छ।

जाग्रत् अवस्थामा जीवात्मा बाह्य इन्द्रियहरूद्वारा बाहिरका विषयहरूलाई हेर्छ, बाह्य इन्द्रियहरूमा नेत्र प्रधान छ, त्यसैले जाग्रत्मा जीवात्माको स्थिति नेत्रमा हुन्छ भनिएको छ। आँखामा जुन पुरुष देखिन्छ त्यो आत्मा हो।

योग केलाई भन्दछन् ?— जीवात्मा र परमात्माको मेल नै योग हो। यसको अतिरिक्त देहलाई दृढ बनाउनु मनलाई उत्तमरूपले स्थिर गर्नु, चित्तलाई एक ठाउँमा लगाउनु, प्राण र अपानलाई मिलाउनुको नाउँ पनि योग हो। यस्तै नाद र बिन्दुलाई जोड्नु, प्राण वायुलाई रोक्नु र सहस्रारमा स्थित परम शिवका साथ कुण्डलिनी शक्तिको संयोग गर्नुको नाउँ पनि योग हो । यसको अतिरिक्त शास्त्रमा असंख्य प्रकारका योगको उल्लेख छ ; जस्तै— साङ्ख्य-योग , क्रिया-योग, लय-योग, हठ-योग, राज-योग, कर्म-योग, ज्ञान-योग, भक्ति-योग, ध्यान-योग, विज्ञान-योग, ब्रह्म-योग, विभूति-योग, मन्त्र-योग, मोक्ष-योग अर्थात् एकत्वमा व्यापक कर्म मात्रलाई योग भन्न सकिन्छ । विद्वान्हरूले वेदहरूमा योगका आठ अङ्ग बताएका छन् । ती हुन्---
(१) यम, (२) नियम, (३) आसन, (४) प्राणयाम, (५) प्रत्याहार, (६) धारणा, (७) ध्यान, (८) समाधि ।

यी आठ अङ्गहरूमा पहिला पाँचवटा योगका बहिरङ्ग साधन कहलिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह यम हुन् । यसको अर्थ नै शासन र व्यवस्था कायम राख्नु हो । शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वर - प्रणिधान नियम हुन् ।

ईश्वर - प्रणिधानको नियमहरूको विषयमा विशेष महत्त्व छ-- ईश्वर प्रणिधानाद् वा ईश्वर प्रणिधानबाट समाधि सिद्ध हुन्छ । ईश्वर प्रणिधान अर्थात् ईश्वरको भक्तिविशेष तथा फल सहित सबै कर्महरू ईश्वरमै अर्पण गर्नाले जति चाँडो चित्तको एकाग्रता भएर शुद्धि हुन्छ त्यत्तिको अरू कुनै प्रकारको साधनले हुँदैन, किनभने उनको चिन्तनद्वारा उनको भास्कर ज्योति हृदयमा आएर सब मलिनता हटाउँछ ।

यम-नियमहरूको क्रियात्मक साधन -श्रद्धा विना कोही पनि साधन -जगत्मा प्रवेश पाउन सक्तैन । गुरु -शास्त्रादिका वाक्यहरूलाई तर्कद्वारा निश्चित गरेर हृदयमा राम्ररी धारण गर्नु श्रद्धा हो ।

स्वास्थ्य सुधारको निम्ति पहिले सामान्य शरीर -विज्ञानको विषयमा केही जान्नु आवश्यक छ । हाम्रो शरीरमा रहेका अनेक धातुहरू जस्तै - रस, रक्त, हाड, मासु, स्नायु, मेद, वीर्य आदि सन्तुलित अवस्थामा रहनुपर्छ, यिनको सन्तुलन नै स्वास्थ्य हो ।

पूरा शरीरलाई हामी एउटा फ्याक्टरी वा कारखाना मान्न सक्छौं जसमा धेरै अलग-अलग विभागहरू छन् ; र प्रत्येक विभागको सहयोगबाट शरीररूपी पूरा फ्याक्टरी चल्दछ । शरीरमा यी विभागहरूलाई संस्थान भनिन्छ : जस्तै पाचक संस्थान, श्वास -प्रश्वास संस्थान, रक्तसञ्चालन संस्थान, स्नायु संस्थान, विसर्जन संस्थान, उत्पादन संस्थान र पेशी संस्थान आदि सबै विज्ञान र शास्त्र नियमको आधारमा बनेको हुन्छ । भौतिक शास्त्र, रसायन शास्त्र, ज्योतिष शास्त्र, भूगोल, खगोल र गणित सबै नियमबद्ध छन् । यसरी नै स्वास्थ्य र शरीरको निमित्त पनि केही नियम छन्, यिनैद्वारा शरीर स्वस्थ र निरोगी रहन्छ । शरीरका सबै संस्थानहरू ठीक अवस्थामा भए स्वास्थ्य ठीक हुन्छ । यी संस्थानहरूलाई स्वस्थ राख्न खानपान, रहनसहन, आहारविहार, चिन्तनमनन सबै सत्त्वगुणी हुनुपर्छ ।

उपर्युक्त सबै संस्थानहरूलाई ठीक, सजग र सचेत राख्ने सबभन्दा सरल र उत्तम उपाय हो व्यायाम । व्यायामको महत्त्वलाई प्रायः सबैजना स्वीकार गर्दछन् । तर यहाँ व्यायामको अभिप्राय योगासन हो । यहाँ संभव छ तपाईं भन्नुहोला—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आसनहरूको अपेक्षा केही अरू सरल स्वास्थ्य सम्बन्धी नियमहरू हुन सक्छन्, जसको बलद्वारा स्वास्थ्यको रक्षा गर्न सकियोस्। जस्तै प्रातः कालमा उठ्नु, घुम्नु, र विशेष गरेर खान-पान सम्बन्धी सावधानी लिनु व्यायामको अपेक्षा धेरै कम झन्झटको काम हो। तर यी सावधानी र नियमहरूको पालना समाजमा बसेर गर्न असम्भव जस्तै हुन्छ। यसकारण समय र समाजको वातावरणलाई ध्यानमा राख्दा यही उचित लाग्छ– हाम्रो आफ्नो शरीरमा नै नित्य यी सानातिना स्वास्थ्य संबन्धी असावधानीहरूलाई सुधार्ने पर्याप्त रोग निरोधक (Disease Resistance) क्षमता होस्।

क्षमता आसनहरूको व्यायामबाट नै प्राप्त हुन सक्छ। आसनहरूद्वारा मेरूदण्डको राम्रो व्यायाम हुन्छ। मेरूदण्डबाट अनैच्छिक स्नायुहरू पनि निस्केका हुन्छन्। ती अनैच्छिक पेशीहरू अनैच्छिक स्नायुहरूको व्यायाम पनि आसनहरूले गर्दा स्वतः भइहाल्छ जबकि संसारको कुनै पनि अर्को व्यायाममा अनैच्छिक पेशीहरू र स्नायुहरूलाई गतिदिने कुनै पनि विधि छैन।

खेलहरूको रचना स्वास्थ्यका नियमहरू वा शारीरिक बनोटहरूलाई ध्यानमा राखेर बनाइएको छैन। योगसाधनहरूको रचना परम वैज्ञानिक आधारमा भएको छ। योग साधनको निम्ति शरीर शुद्ध हुनु र स्वस्थ हुनु जरुरी छ। किनभने शरीर शुद्ध भएमा मन र बुद्धि शुद्ध हुन्छन्। शारीरिक आरोग्य र शुद्धि वस्तुतः योग साधनको निम्ति पहिलो सिंढी हो। त्यसकारण हाम्रा पूर्वजहरूले आसनहरूको आविष्कार, ठूलो बुद्धिमत्ता र वैज्ञानिकताको साथ शरीर र स्वास्थ्य सम्बन्धी तथ्यहरूलाई ध्यानमा राखेर आसनविधिको रचनामा ठूलो दूरदर्शिता र सूक्ष्म बुद्धिको परिचय दिई, गरेका छन्। योगासनको वैज्ञानिकतामा त अब आधुनिक युगका वैज्ञानिक पनि मुग्ध छन्।

तथ्य कुरा यो हो-- आयुको बुद्धिसंगै केही मामूली खालका परिवर्तन शरीरमा आउँछन् नै, तर यति चाँडचाँडै ठूला-ठूला परिवर्तन जुन आजकल प्रौढावस्थाका मानिसहरूमा देखिन्छन्, तिनलाई हामी स्वाभाविक वा अवश्यम्भावी परिवर्तन भन्न सक्तैनौं। निश्चय नै यिनको मूलमा हाम्रो खान-पान सम्बन्धी उपेक्षा, आहार-विहारहरूका असावधानीहरू, रहन-सहनसम्बन्धी भूलहरू र स्वास्थ्यका तर्फबाट लापरवाही नै कारण रहेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आसनहरूलाई आयुको कुनै प्रतिबन्ध छैन । आसनहरूको क्रियात्मक विवेचना भन्दा पहिले भोजनको विषयमा केही बुझ्नु आवश्यक छ । स्वास्थ्य रक्षाको दृष्टिले भोजनको महत्व पनि व्यायामको भन्दा कम छैन । बरु अनेक अंशमा भोजनको महत्व केही ज्यादा नै हुन्छ । दुर्भाग्यले हाम्रो भोजन-व्यवस्था आज यति त्रुटिपूर्ण भएको छ कि हामी आफ्नो आहार-सम्बन्धी भूलले गर्दा अनेक रोगहरूका शिकार हुन पुग्छौं । मानिसले के खानुपर्छ र कसरी खानुपर्छ यस विषयमा जान्नुपर्छ ।

मांसाहार–अहिले मांसाहार स्वास्थ्यको निम्ति हानिकारक छ भन्ने कुरामा शत-प्रतिशत मानिसहरू सहमत छैनन् । उत्तमश्रेणीको प्रोटिन मासुबाट मात्र पाइन्छ भन्ने छैन । दूध, सुकेको फल, ताजा फल र अन्नहरूबाट पनि हाम्रो प्रोटिनको आवश्यकता पूरा गर्न सक्छौं । यिनमा शरीरलाई हानि पुऱ्याउने विजातीय द्रव्य पनि हुँदैनन् । यस कुराको परीक्षण गरिसकिएको छ कि मांसाहारीको अपेक्षा निरामिषभोजी दीर्घ-जीवी हुन्छन् । विदेशहरूमा त अब बीमा कम्पनीहरू निरामिषभोजीहरूको बीमा किफायत दरमा गर्छन् ।

स्वस्थ मानव शरीरबाट निस्कने विकिरणको तरङ्गको लम्बाइ ६,५०० आङ्गस्ट्रम वा यसभन्दा पनि केही ज्यादा हुन्छ । आङ्गस्ट्रम तरङ्गको लम्बाइ नाप्ने एउटा एकाइ हो र यो एक माइक्रोनको १०,००० औं भाग हो । एक सेन्टिमिटरको १०,००० औं भागलाई माइक्रोन भन्दछन् अर्थात् आङ्गस्ट्म एक सेन्टिमिटरको १० करोडौं भाग हुन्छ । बोबिसले एक यन्त्र बनाएका छन्, जसले गर्दा उसको लागि खाद्य पदार्थहरूबाट निस्केका विकिरणको तरङ्गको लम्बाइ नाप्नु सम्भव भयो । ताजा दूधमा निक्लेको विकिरणको तरङ्गको लम्बाइ ६,५०० आङ्गस्ट्म पाइयो, तर १२ घण्टा बित्दा नबित्दै यसमा ४० प्रतिशतको ह्रास हुन गयो र २४ घण्टाको अन्तसम्ममा त्यो ह्रास ६० प्रतिशत सम्म पुग्न गयो । डब्बा बन्द खाद्य सामाग्रीहरूमा निक्लेको विकिरणको लम्बाइ तरङ्गको यन्त्रले शून्य बराबर नै देखायो । यसको विपरीत ताजाफल तथा सागहरूबाट निस्केको ऊर्जाको तरङ्गको लम्बाइ ६,५०० देखि लिएर १०,००० आङ्गस्ट्म वा त्यसभन्दा पनि ज्यादा पाइयो । (विशेष जानकारीको लागि मूलग्रन्थ पृष्ठ ३० हेर्नुहोस्)

जडीबूटीहरू–रूख बिरुवाको बोक्रा आदिबाट बनेका औषधिहरू पनि यस्तै किसिमले आफ्नो प्रभाव देखाउँछन् । जडीबूटीहरूले शरीरको कम भएको तरङ्ग लम्बाइ-लाई माथि उठाउने काम गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागू पदार्थहरू:– सुर्ती खानु, रक्सी पिउनु, चरेस, अफिम, गाँजा, भाङ आदि लागू पदार्थहरू खानु स्वास्थ्यको लागि अत्यन्त हानिकारक छ । प्रायः प्रत्येक व्यक्ति जान्दछन् र स्वयं लागू पदार्थ सेवन गर्ने व्यक्ति समेत यसका दुर्गुणहरूसँग परिचित हुन्छन् । उनीहरू यदि जीवनको महत्त्व बुझ्छन् भने यी पदार्थहरूको सेवन आफ्नो दृढ इच्छा शक्तिका मद्दतले अवश्य छाड्नुपर्छ ।

उपवास:– अनेकौं यस्ता रोगहरू जुन औषधि सेवनले निको हुँदैनन् तिनीहरू उपवासद्वारा पूर्ण रूपले निको भएको देखिन्छ । उत्तम स्वास्थ्य केवल शरीरको लागि मात्र होइन, मनको लागि पनि अपेक्षित छ । मानसिक स्वास्थ्यको लागि उपवास एक अचूक उपाय हो ।

स्त्रीहरू एवम् व्यायाम:– स्त्रीहरूको व्यायामलाई असभ्य एवं अश्लील मान्ने मानिसहरूको हाम्रो समाजमा कमी छैन । पुरुषहरूको अपेक्षा महिलाहरूलाई नै व्यायाम ज्यादा जरुरी छ; किनकि जीवन संघर्षमा पुरुषहरूको अपेक्षा महिलाहरुले ज्यादा सङ्घर्षको सामना गर्नुपर्छ । प्रायशः व्यायाम एवं कसरतको अभावमा महिलाहरूले आफ्नो विवाह पश्चात् नै युवावस्थामा नै आफ्नो स्वास्थ्य गुमाउनु पर्ने हुन्छ ।

महिला वर्गको स्वास्थ्यको लागि पनि व्यायाम समान रूपले आवश्यक छ तथा उनीहरूको लागि योगासनहरूको व्यायाम नै सर्वोत्तम एवं उपयुक्त छ । पश्चिमोतानासन, हस्तपादासन, भुजङ्गासन, हलासन, धनुरासन विशेषरुपले गर्भाशय सम्बन्धी रोगहरू तथा डिम्ब प्रणालीका दोषहरू हटाउन सहायक हुन्छन् । पेट माथि प्रभाव पार्ने खालका सबै आसनहरू एनिमिया (रगतको कमी) निको पार्नमा निकै सहायक हुन्छ । शीर्षासन, सर्वाङ्गासन एवं शवासनद्वारा हिष्टिरियामा लाभ हुन्छ । तर जसको आँखा कमजोर छ, नाक हमेसा बन्द हुन्छ उनीहरूका लागि शीर्षासनको अपेक्षा सर्वाङ्गासन उचित हुन्छ । आसनको विधि गुरुसँग सिकेर मात्र गर्नुपर्छ नत्र भने हानि हुने सम्भावना छ ।

शीर्षासन तथा सर्वाङ्गासन– यी दुइ यस्ता अपूर्व आसन हुन् जुन मस्तिष्कलाई बल प्रदान गर्छन् मस्तिष्कमा ताजा रगत पुऱ्याएर त्यसलाई हलुका एवं शुद्ध बनाई राख्छन् । शीर्षासन ५ मिनेट भन्दा बढी गर्नु हुँदैन ।

सूक्ष्मतापूर्वक विचार गऱ्यौं भने सम्पूर्ण प्राणीहरूमा आसन गर्ने प्रवृत्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाभाविक हुन्छ । अनेकौं आसनहरू पशु-पक्षी एवं कीरा फटेङ्ग्राहरूको अध्ययनबाट ग्रहण गरिएका छन् । सम्भवतः तपाईंले कहिल्यै ध्यान दिएर हेर्नु भएको छैन होला बिरालोले कसरी कम्मरलाई माथितिर तानेर हाइगर्छ । त्यस्तै कुकुरले कसरी अगाडि र पछाडिका खुट्टाहरू फैलाएर जीउलाई एकपटक अगाडि धकेल्छ र त्यसपछि पछाडि तान्दछ– यी दुवै बिरालो र कुकुरको व्यायाम नै त हो ।

पहलवानीका व्यायामहरूलाई दबावका व्यायाम Violent Exercise तथा योगका आसनहरूलाई तन्काइका व्यायाम Soft Exercise भनिन्छ । तन्काइका व्यायामहरूमा वा आसनहरूमा प्रायः नसाहरू तन्किन्छन् । रबरका नली जस्ता साना-ठूला नसाहरू जसद्वारा रक्त प्रवाहित हुन्छ, तन्काउनाले जसरी रबरको चेप्टो नलीमा जलको प्रवाह कम हुन जान्छ त्यसरी नै नसा तन्काउँनाले नसा चेप्टो भई त्यसमा रगतको मात्रा कम हुन जान्छ, र केही समयपछि पूर्ववत् नसा खुकुलो पार्नाले त्यहाँ जोडसंग रक्त प्रवाह हुन थाल्दछ तथा त्यहाँ भएका विकारहरू पखालिन्छन् । पहलवानी व्यायामहरूमा ठाउँ-ठाउँमा रक्त संचय हुन्छ तथा योगासनका व्यायामहरूमा ठाउँ-ठाउँमा रगतको प्रवाह शुरू हुन्छ । आसनहरूको वर्गीकरण– योगासनहरू मुख्य रूपमा दुइ भागमा बाँडिएका छन्– पहिलो ध्यान- समाधिको आसन जस्तै– सिद्धासन, पद्मासन आदि र दोस्रो स्वास्थ्यवर्धक आसन– शीर्षासन, भूजङ्गासन, मयूरासन आदि ।

स्वाथ्यवर्द्धक आसनहरूका भाग, त्यसको उपयोगितामा हुनुपर्ने सावधानी-हरू, सामान्य स्वास्थ्य भएकाहरूको लागि पूर्ण अभ्यासक्रम गर्ने तरीकाहरू एवम् ताडासन, त्रिकोणासन पश्चिमोत्तानासन, पादहस्तासन, हलासन, भुजङ्गासन वा सर्पासन, शलभासन, धनुरासन, नाभ्यासन, पवन-मुक्तासन सर्वाङ्गासन, मत्स्यासन, मयूरासन, अर्ध-मत्स्येन्द्रासन, योगमुद्रासन, उड्डीयानबन्ध, शीर्षासन, शवासन तथा गोरक्ष संहिता र शिव संहितामा आसन सम्बन्धी गरिएको विस्तृत उल्लेख मूलको (तृतीय-खण्ड) पृष्ठ १४० देखि १६३ सम्म गरिएको छ ।

ध्यान सम्बन्धी आसनहरूमा पद्मासन, सिद्धासन, र स्वस्तिकासन यी तीन मुख्य छन् ।

प्राणायाम:– योगको चौथो अङ्ग प्राणायाम हो । आसन स्थिर भएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्वास-प्रश्वासको गतिलाई रोक्नु प्राणायाम हो भनी योगसूत्रमा भनिएको छ। बाहिरको वायु नाकद्वारा भित्र पस्नुलाई श्वास भन्दछन् र त्यही भित्र पसेको वायु नाकद्वारा बाहिर निस्कनुलाई प्रश्वास भन्दछन् । श्वास-प्रश्वासका गतिको प्रवाहलाई रेचक, पूरक तथा कुम्भकलाई बाहिर तथा भित्र दुवै ठाउँहरूमा रोक्नुलाई प्राणायाम भनिन्छ। कुम्भक पनि बाह्य र आभ्यन्तरको भेदले दुई प्रकारको हुन्छ ।

बाह्य वृत्ति, आभ्यतर वृत्ति तथा स्तम्भ वृत्ति यी तीन प्रकारका प्राणायाम हुन्छन् । देश, काल तथा सङ्ख्याद्वारा हेरिएको (नापिएको) दीर्घ (लामो) तथा सूक्ष्म (हलुको) हुन्छ । बाह्य वृत्ति (प्रश्वास) को अर्थ श्वासलाई बाहिर निकालेर त्यसको स्वाभाविक गतिको अभाव गर्नु हो, त्यसलाई रेचक प्राणायाम भन्दछन् । आभ्यन्तर वृत्ति (श्वास) भनेको श्वासलाई भित्र तानेर रोकी त्यसको स्वाभाविक गतिको अभाव उत्पन्न गर्नु हो, त्यसलाई पूरक प्राणायाम भन्दछन् तथा स्तम्भवृत्ति भनेको श्वास-प्रश्वास दुवैको गतिलाई रोकेर प्राण (सास) लाई एकदम जहाँको तहीं रोकिदिनु हो, त्यसलाई कुम्भक प्राणायाम भन्दछन् । विस्तृत जानकारीको लागि मूल ग्रन्थ (तृतीय-खण्ड) पृष्ठ १६४–१६५ हेर्नुहोस् ।

प्राण भनेको श्वास वायु होइन, जस्तो कि केही मानिसहरू ठान्छन् । साथै यो आत्मतत्त्व पनि होइन, जस्तो कि कैयौं पाश्चात्य विद्वान्हरू मान्दछन् । वास्तवमा प्राण त्यो जडतत्त्व हो जुनद्वारा श्वास-प्रश्वास आदि समस्त क्रियाहरू जीवित शरीरमा हुन्छन् । भौतिक पदार्थहरूमा सबैभन्दा ज्यादा व्यापकताको सूचक आकाश तथा सबैभन्दा ज्यादा शक्तिको प्रकाशक प्राण मानिएको छ । यसैले परमात्माको व्यापकतालाई आकाशद्वारा र ज्ञानमय सर्वशक्तिमत्तालाई प्राणद्वारा निर्दिष्ट गरिएको छ ।

मनुष्य शरीरमा वृत्तिको कार्य-भेद अनुसार यो प्राण मुख्यतया दश विभिन्न नामहरूमा विभक्त गरिएको छ । जहाँ यति अरू थाहा पाउनु पर्दछ– हृदयमा प्राणवायु, गुह्यदेशमा अपान, नाभिमण्डलमा समान, घाँटीमा उदान तथा सम्पूर्ण शरीरमा व्यान व्याप्त छ । प्राणलाई वशमा राख्नुको नाम प्राणायाम हो । प्राणायामद्वारा मनुष्य स्वस्थ र निरोगी रहेर दीर्घायु प्राप्त गर्दछ तथा मन एवम् इन्द्रियहरूमाथि विजय प्राप्त गर्न सक्दछ । मनको प्राणसंग घनिष्ठ सम्बन्ध छ । मनलाई वश-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा राख्नु अति कठिन छ, तर प्राणको निरोध तथा वशीकरणद्वारा मनलाई छेक्नु तथा वशमा राख्नु सजिलो हुन्छ ।

अन्नको अभावमा मनुष्य तीन महीनासम्म बाँच्न सक्दछ, जलको अभावमा बढीमा १०–२० दिन बाँच्न सक्दछ, तर शुद्ध वायुको अभावमा केही क्षण मात्र बस्नु समेत प्राणी मात्रका लागि अशक्य छ। अर्को कुरा मनुष्यको प्रतिदिनको भोजनको आवश्यकता दुइ-चार माना अन्न तथा आठ-दश माना पानीद्वारा पूरा हुन सक्तछ, तर कैयौं मन वायु प्रत्येक दिन प्रत्येक मनुष्यले आफूभित्र तानिरहेको छ। यस कुराबाट पाठक वर्ग स्वयं नै अनुमान गर्न सक्दछन्– हाम्रो जीवनको लागि वायुको कति महत्त्व छ।

प्राणका दुइ कार्य छन् । पहिलो कार्य- फोक्सोद्वारा सम्पूर्ण शरीरमा पुगेर त्यसमा नव जीवनको सञ्चार गर्नु हो। दोस्रो कार्य रगतलाई शुद्ध पार्नु हो। जब रगत सम्पूर्ण शरीरमा घुम्दै ठाउँ-ठाउँमा जीवनको शक्ति बढाउँदै त्यहाँका अशुद्ध पदार्थहरू बटुलेर शरीरलाई शुद्ध पार्दै पुनः मुटुमा पुग्दछ, तब त्यो निकै अशुद्ध तथा धमिलो हुन्छ। यो अशुद्ध तथा धमिलो रगत जब-जब फोक्सोमा पुग्दछ, तब त्यहाँ शुद्ध वायुको सम्पर्कमा आउनाले तत्कालै त्यो शुद्ध एवं चहकिलो हुन्छ । यसरी जब रगत शुद्ध हुन्छ, तब त्यो मुटुमा पुग्दछ र सम्पूर्ण शरीरमा पठाइन योग्य हुन्छ। यो क्रम जीवनभरि नै चलिरहन्छ ।

गुरुकुलका संस्थापक श्रीअभेदानन्द सरस्वतीले प्राणायाम विधिबारे आफूले लेखेको ग्रन्थमा वर्णन गरेका छन् – प्राण सामान्य तथा विशेषको भेदले दुइ प्रकारको छ। द्युलोकगत तथा अन्तरिक्षगत प्राण नै सम्पूर्ण जीवहरूको जीवन शक्ति हो। प्राणतत्त्व वायुतत्त्वभन्दा फरक छ ।

सूक्ष्म दृष्टिले विचार गर्दा सृष्टिको यो साकाररूप प्राप्त हुनुमा ईश सङ्कल्प, देव सङ्कल्प तथा ऋषि सङ्कल्प यी तीन सङ्कल्पहरू नै कारण भएका छन्। ईश सङ्कल्पबाट सूक्ष्म परमाणु उत्पन्न भए, देव सङ्कल्पबाट त्यसको अपेक्षा तथा ऋषि संकल्पबाट त्यस भन्दा पनि स्थूल परमाणु तत्त्व भए। ईश सङ्कल्पबाट देव भए र देव सङ्कल्पबाट ऋषि तथा मनुष्यको निर्माण भयो। ईश सङ्कल्पबाट सबैभन्दा पहिले मन, अनि त्यसपछि आकाश आदि अपञ्चीकृत पञ्चतत्त्वको निर्माण भयो र यी अपञ्चीकृत तत्त्वहरूबाट पञ्चीकृत स्थूल पञ्चतत्त्व उत्पन्न भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवका अन्नमय, प्राणमय, तथा मनोमय कोषहरू सूयका रंगहरूबाट निस्कने प्राण परमाणुहरूबाट बनेका छन् । यसै कारण प्राणमय शरीर पनि तेजस्वरूप नै हुन्छ ।

विज्ञानको यति उन्नति भइसकेर पनि अझसम्म यो थाहा लाग्न सकेन– प्राण अथवा जीवन वास्तवमा के कुरा हो ? योगीहरूको मत यो छ– हृदय एवं रक्तको सञ्चालन क्रियाको निर्देशन शिखरीस्थान (Medulla Oblanga) बाट हुन्छ । हृदयको क्रियालाई शिखरी स्थानद्वारा चाहेको बखत बन्द तथा जारी गर्न सकिन्छ र यस्ता योगीहरू वर्तमानमा पनि छन्, जो इच्छामात्रले यस्तो गर्न सक्तछन् ।

हाम्रा शास्त्रहरूको पनि यही मत छ– प्राण विद्युदात्मक छ र यसैले प्राणमय कोश पनि प्रकाशात्मक छ । शरीर-विज्ञान पनि यही स्वीकार गर्छ–समस्त स्थूल शारीरिक क्रियाहरू विद्युत् सञ्चालित स्नायुहरू (Nerves) द्वारा नै हुन्छन् । केही वैज्ञानिकहरू मानवीय चुम्बकत्व (Human Magnation) लाई नै प्राण भन्दछन् । जीवका कोषहरूमा जुन आफ्नै एक निजी शक्ति छ, त्यस शक्ति Metabolism) लाई पनि कयौंले प्राण नै भनेका छन् तथा केही अन्य व्यक्तिले जीवनरस (Protoplasm) र अव्यक्त जीवनरस (Ectoplasm) लाई प्राण मानेका छन्; तर यी सबै प्राणशक्तिका गुण हुन् स्वयं प्राण होइनन् ।

एउटा शक्ति यस्तो छ, जसद्वारा प्राण शरीरका परमाणुहरू एक स्थानमा एकत्रित हुन्छन् । दिव्य दृष्टिद्वारा मृत्युकालको प्राण शरीर धेरै पटक देखिएको छ । यसबाट सिद्ध हुन्छ–स्थूल शरीर छुटेपछि मृत व्यक्ति स्थूल शरीरकै आकार भएको प्राणमय शरीरमा स्थित रहन्छ, तथा अन्नमय शरीर तथा अन्नमय शरीर भएकाहरूको सामु प्रकट हुन आकाश (Ether) का परमाणुहरूको संग्रह गरेर आफ्नो सत्ता प्रकट गर्न पनि सक्छ ।

मनुष्यको पुनर्जन्म उसको आफ्नै बशमा छ भन्ने कुरा होइन । शास्त्रहरूमा भगवद्अवतारहरूलाई स्वाधीन-सम्भव भनिएको छ । सन्त-महात्माहरू पनि आफ्नो इच्छानुसार जन्म लिन्छन् ।

मन संयमद्वारा गरिने वृत्तिहरूको निरोध नै वास्तविक प्राणायाम हो यही श्रेष्ठ कोटिको प्राणायाम हो । यसबाट शरीरमा हानि हुँदैन । वायुसंयममा शरीरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बढी सम्भार गर्नुपर्दछ तथा गुरुको अगाडि नै रहेर यसको अभ्यास गर्नुपर्दछ, तर मन संयम कठिन भए तापनि यसमा शारीरिक हानि हुने सम्भावना छैन र उन्नत विचार भएकाहरूको लागि यही ठीक पनि हुन्छ। यो विषय विशेषरूपले जान्नको लागि Mr. Muldon द्वारा लिखित Projection of the Astra Body— Publisher messes Rider and Co. PatanasterRow London London,EC को अध्ययन गर्नुपर्छ

मृत्युको समयमा प्रधान कर्माशय पूरा वेगले जाग्दछन् तथा आफैं जस्ता सबै पूर्वजन्महरूका कर्माशयका संचित त्संस्कारहरूका अभिव्यञ्जक भएर तिनलाई जगाइदिन्छन्। यस प्रधान कर्माशयद्वारा जुन पछिल्लो जन्म, आयु तथा भोग नियत भएको छ, त्यसलाई नियत कर्मविपाक भन्दछन्, तथा उपसर्जन-कर्माशय जो पछिल्लो जुनीमा भोग्नु छ तर अहिले त्यसक फल नियत भएको छैन, त्यसलाई अनियत-पिपाक भन्दछन्।

जुन कर्म अनन्त जन्महरूमा गरिएका छन् र अझसम्म तिनको भोग भोग्ने पालो आएको छैन, किन्तु केवल संस्कारका रूपमा कर्माशयमा छन्, तिनलाई संचित कर्म भन्दछन्।

कर्माशयमा भरिएर रहेका अनन्त कर्महरुद्वारा जुन केही मात्र कर्महरूले शरीररूप फलको उत्पत्ति गरेको छ, जसको फल यस जन्ममा प्राप्त भइरहेको छ, तिनलाई प्रारब्ध भन्दछन्।

जुन नवीन कर्महरूको संग्रह गरिन्छ, नवीन इच्छाद्वारा जुन नवीन कर्मले नवीन संस्कार उत्पन्न गर्दै जान्छन्, तिनीहरू क्रियमाण भनिन्छन्।

कर्मसिद्धान्त ज्यादै गहन छ, स्थूल बुद्धिले बुझ्न सकिंदैन, एकाग्र सूक्ष्म बुद्धि-द्वारा मात्र बुझ्न सकिन्छ,। हामी सूक्ष्म शरीरको उद्गमनको विषयमा विचार गरि-रहेका थियौं, तर बीचमा केही अर्कै पुनर्जन्म सम्बन्धी प्रसङ्ग आयो। योग दर्शनको यस पद्धति भन्दा बेग्लै हठयोगको रीतिबाट पनि सूक्ष्म शरीरको उद्गमन हुन्छ। यसमा तत्त्व साधन आवश्यक हुन्छ।

निद्राको विषयमा अहिलेसम्मका धेरै मानिसहरूका धेरै थरीका विचार निस्किसकेका छन्। कुनै वैज्ञानिक यसलाई रासायनिक उत्पत्ति मान्दछन् र भन्छन् जाग्रत् अवस्थामा शरीरभित्र जुन विषय युक्त रस उत्पन्न हुन्छन्, ती निद्राद्वारा नष्ट हुन्छन्। केही मानिसहरूको मत छ–रक्त सञ्चालनद्वारा मस्तिष्कमा एक विशेष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया हुन्छ, जसले गर्दा निद्रा लाग्छ। कसैले यसलाई शरीरका केही विशेष ग्रन्थि (Glands) का क्रियाको फल बताएका छन्। केही शरीरको शिथिलता वा स्नायुहरू (Nerves) को शिथिलताद्वारा निद्रा लाग्छ भन्ने मान्दछन्।

मनुष्यको स्थूल शरीरमा एक प्राणमय शरीराभिमानी आत्मा छ, तथा स्थूल शरीरको बाहिर सर्वज्ञ अनन्त प्राणशक्ति भरिएको छ। निद्रा कालमा यो प्राणमय आत्मास्थूल शरीरबाट बाहिर निस्केर बाहिरको प्राण शक्तिबाट आफ्नो आवश्यकता अनुसार प्राणशक्तिको संग्रह गरेर पुनः अन्नमय शरीरमा जान्छ। यस कुरालाई स्वीकार नगरीकन यस समस्याको कुनै समाधान पाइँदैन।

मनुष्य-शरीर वाष्पयन्त्र (Steam Engine) जस्तो छ। अपितु विद्युत्यन्त्र (Dynamo) जस्तो छ, अन्न रसद्वारा नै शरीरका सम्पूर्ण व्यवहार हुन्छन् भन्नु ठीक हुँदैन। अन्नरसद्वारा नै शरीरका सम्पूर्ण व्यवहारहुन्छन् भन्ने कुरा मान्ने हो भने निद्राको कुनै आवश्यकता नै रहँदैन, निद्राको सट्टा अन्नरस दिनाले निद्राको काम हुनुपर्ने थियो तर यस्तो हुँदैन, वास्तवमा हाम्रो प्राणमय शरीरलाई बाह्य प्राण शक्ति तथा स्थूल मनुष्य शरीर मज्जातन्तु-जाल (Nervous System) को बीचको कडी (Link) सम्झनु पर्छ। स्थूल शरीरको निद्राकालमा यो प्राणमय शरीर बाह्य प्राण शक्तिलाई आकर्षण गरेर संग्रह गर्नका लागि स्थूल शरीरबाट बाहिर निस्कने गर्दछ, अर्थात् अन्नमय शरीरबाट त्यसको उद्गमन हुने गर्दछ। यही नै प्राणमय शरीरको अज्ञात अथवा स्वाभाविक उद्गमन हो।

विज्ञात उद्गमन (Conscious Protection) दुइ प्रकारका हुन्छन्। पहिलो प्राचीन योगशास्त्रको क्रियाद्वारा हुने र दोस्रो पाश्चात्य प्रयोगद्वारा अर्थात् स्वप्न स्थितिलाई वशमा गर्नाले हुने उद्गमन हो। योग सूत्रमा भनिएको छ—कर्मवश प्राप्त हुने शरीरका भोगहरूको भोक्ता जो जीव छ, उसलाई त्यस भोगद्वारा प्राप्त हुने जुन अवस्था छ, त्यसलाई बन्ध भन्दछन्। यस बन्धनको हेतु धर्म र अधर्म तथा सकाम कर्म र तिनका वासनाहरूको बन्धन जब निष्काम कर्म तथा धारणा ध्यान र समाधिद्वारा शिथिल हुन्छन् र नाडीहरूमा संयम गर्नाले जब चित्तको डुलाइ वा विषयहरूमा आउने जाने मार्गको पूरा-पूरा ज्ञान हुन्छ, तब योगीमा आफ्नो शरीरबाट सूक्ष्म शरीर (चित्त) झिकेर कुनै अर्को शरीरमा राख्न सक्ने सामर्थ्य आउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण, विपर्यय, विकल्प, निद्रा, स्मृति-यी पाँच वृत्ति छन् – यिनमा जुन निद्रा वृत्ति छ, त्यसको निरोधद्वारा परकाय-प्रवेशको क्रिया सिद्ध हुन्छ। निद्रा वृत्तिको निरोधको लागि वरूणा-नाडीको निरोध आवश्यक हुन्छ। वरूणा नाडी मनोमय शरीरमा नाद, बिन्दु, कला तथा आज्ञा चक्रसम्म फैलिएको छ। चन्द्रनाडी भन्दा यो नाडी सूक्ष्म छ र यसलाई मनोवहा नाडी पनि भन्दछन्।

अब 'मृत्यु के हो ?' विचार गरौं। यो कुनै महाबली मनुष्य, देव वा दानव होइन, अपितु एक अवस्थान्तर मात्र हो। यस अवस्थान्तरको ज्ञान नभएको हुनाले सबै प्राणीहरू पूर्वजन्मको स्मृतिले गर्दा मृत्युलाई महा दुःखदायी मान्दछन्। सानो बच्चा-लाई मृत्यु के हो ? भन्ने थाहा हुँदैन तर पनि उ त्यससँग निश्चय नै डराउँछ, किनकि पूर्व-जन्ममा शरीर–वियोगको समयमा जुन दुःख भएको थियो, त्यसको स्मृति कुनै न कुनै रूपमा उसमा लुकेर रहेको छ। योग दर्शनमा त्यसलाई अभिनिवेश नामको क्लेश भनि-एको छ। आश्चर्यको कुरा छ–मानिसहरू निरन्तर मर्दै गइरहेका छन् तापनि मनुष्य अमर रहने इच्छा गरिरहँदै रहन्छ। किन? किनभने मनुष्य स्वभावले अमर छ। आफैं विचार गर। मर्दछ त केवल तिम्रो स्थूल देहमात्र। सूक्ष्म शरीरबाट तिमी अमर छौ। आवश्यकता केवल यस कुराको छ –मनुष्यले दृढतापूर्वक जान्नु परेको छ–आत्मस्वरूप भएको हुनाले वास्तवमा उ अमर छ। यस प्रकारले वेदान्तमा प्रतिपादन गरिएको जीव तथा ब्रह्मको एकताको योगद्वारा साक्षात् अनुभव नै मनुष्य-जीवनको परम पुरुषार्थ हो। वेदान्त-विचारद्वारा शब्द-ज्ञान हुन्छ, तर अनुभव भएको ज्ञानको लागि राजयोगको नै आश्रय लिनु पर्दछ।

प्राणायामको प्रयोग स्वास्थ्यको लागि तथा ध्यान समाधिको लागि गरिन्छ। धौति, बस्ति, नेति, त्राटक, नौलि तथा कपाल भाति– यिनीहरू योगमार्गका षट्कर्म भनिएका छन्। यी कर्महरू विशेषरूपले कुनै जानकार तथा अनुभवीबाट सिक्नुपर्दछ। यी ६ कर्महरूको विस्तृत उल्लेख मूलको (तृतीय खण्ड) पृष्ठ २०१ देखि २१४ सम्म गरिएको छ।

उपर्युक्त षट्कर्महरू गर्नाले शरीरको स्थूलता तथा कफादि मलहरू निवृत्त भएर प्राणसिद्धि सरलतापूर्वक हुनेछ, अन्यथा ज्यादा परिश्रम गर्नुपर्छ।

प्राणायाम गर्दा बन्ध मुद्राहरूको अनिवार्य आवश्यकता पर्छ। यसैले यिनीहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप पनि बुझ्नुपर्छ । महामुद्रा, महाबन्ध, महावेध, खेचरी, उड्डीयान, मूलबन्ध, जालन्धरबन्ध, विपरीतकरणी, बज्रोली तथा शक्ति चालन– यी दश मुद्राहरूले बुढ्याइँ तथा मृत्युलाई नष्ट गर्दछ ।

बन्धहरू–

(क) मूल बन्ध, (ग) जालन्धर, (ख) उड्डीयान, (घ) महाबन्ध, (ङ) महावेध तथा

मुद्राहरू–

(क) खेचरी मुद्रा, (ख) महामुद्रा, (ग) अश्विनी मुद्रा, (घ) शक्ति-चालिनी मुद्रा, (ङ) योनिमुद्रा, (च) योगमुद्रा, (छ) शाम्भवी मुद्रा, (ज) तडागी मुद्रा, (झ) विपरीत करणी मुद्रा, (शीर्षासन), (ञ) बज्रोली मुद्राआदिको पूर्ण विवेचना मूलको (तृतीय खण्ड) २१४ देखि २२१ सम्म गरिएको छ ।

सम्पूर्ण साधन पद्धतिलाई नै हठयोग राजयोग र तन्त्रयोग– यी तीनशाखाहरूमा विभक्त गर्न सकिन्छ । हठयोगमा प्राणको सिद्धिद्वारा समाधिसिद्धि, राजयोगमा मनो निरोधपूर्वक र तन्त्रयोगमा बिन्दुसिद्धिद्वारा ऊर्ध्वरेता बनेर समाधि लाभ गरिन्छ। तन्त्र योगको यो साधन अत्यन्त रहस्यमय छ । यति चाहिं अवश्य थाहा पाउनु पर्दछ– मानिसको उपस्थेन्द्रिय शरीरको (९२००) नाडीहरूको केन्द्र हो, त्यसमा सात्त्विक उत्तेजना प्रदान गरेर अनेकौं सिद्धिहरू प्राप्त गरी ऊर्ध्वरेता बन्न सकिन्छ । यही कार्य यस मुद्राद्वारा सिद्ध हुन्छ ।

बिन्दु नरसाइकन अखण्ड एवं कूटस्थ ब्रह्म तत्त्व आफ्नो अगाडि स्वयं प्रकाशित हुन सक्तैन । यसैले ब्रह्मको जुन स्वयं प्रकाशमय अवस्था छ, जुन अवस्थामा आफ्नो सामु एक मात्र विशुद्ध चेतन स्वयं प्रकाशित रहन्छ, त्यो पनि ब्रह्मचर्यकै अवस्था ब्रह्मस्थिति हो । त्यस अवस्थामा बिन्दु रसाए तापनि त्यो सरल मार्गबाट उत्पन्न हुन्छ, यसैले अद्वैत भावमा धक्का पर्दैन ।

सामाजिक दृष्टिले विवाह नगर्नु र विवाह गरेर पत्नीका साथ नियमपूर्वक बस्नु–यी दुवै ब्रह्मचर्यकै स्वरूप हुन् । वैदिक तथा तान्त्रिक साधनमा बिन्दुशोधनका अनेक प्रकारका उपायहरू बताएका छन् । महायान-सम्प्रदायका बौद्धहरू भित्रका वज्रयान, मन्त्रयान, सहजयानका साधन मार्गहरूमा पनि यसै प्रकारका सूक्ष्म एवं विचित्र उपायहरूको वर्णन पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य ध्येय आत्मोन्नतिलाई बिर्सेर केबल यी शारीरिक क्रियाहरू र खान-पानको चिन्तनमा मात्र लागिरहनु पनि अहितकर छ। योगको अन्तिम लक्ष्य चित्तका वृत्तिहरूलाई रोक्नु हो, यसैले प्राणायामलाई योगको चौथो अङ्ग मानेर योग दर्शनमा यसको लक्षण नियमपूर्वक श्वास-प्रश्वासको गतिलाई रोक्नृ हो भनिएको छ। यस गतिको निरोध तीन नियमित क्रियाहरूद्वारा गरिन्छ। यसैले प्राणायामका ती नभेद छन्-पूरक वा आभ्यन्तर वृत्ति (श्वास तान्ने क्रिया) रेचक वा बाह्य वृत्ति (सास छाड्ने क्रिया) तथा कुम्भक अथवा स्तम्भवृत्ति (सास भित्र वा बाहिर रोक्ने क्रिया)। यी तीन प्रकारका प्राणायामभन्दा बेग्लै श्वास-प्रश्वास रोक्ने एउटा चौथो विलक्षण क्रिया छ। यसको नाम योगदर्शनमा चतुर्थ प्राणायाम भनिएको छ। प्राणायामको उद्देश्य मनको निरोध हो, जसको लागि अभ्यास एवं वैराग्यको अनिवार्य आवश्यकता हुन्छ।

पहिले नै वर्णन भइसकेको छ– हठयोग शास्त्रहरूमा नौ प्रकारका प्राणा-यामको वर्णन गरिएको छ जसमा–

(क) अनुलोभ–विलोम प्राणायाम, (ख) सूर्यभेदी प्राणायाम, (ग) चन्द्रभेदी प्राणायाम (घ) उज्जायी प्राणायाम, (ङ) शीतली कुम्भक, (च) शीतकारी प्राणायाम, (छ) भस्त्रिका कुम्भक, (ज) भ्रामरी कुम्भक, (झ) मूंर्च्छा कुम्भक, (ञ) प्लावनी-कुम्भक आदिको वर्णन मूलको (तृतीय खण्ड) पृष्ठ २३६ देखि २४२ सम्म गरिएको छ।

घैरण्ड-संहितामा दुवै कानहरूलाई औंलाहरूले थुनेर शब्द सुन्ने अभ्यास गर्न भनिएको छ। यस प्रकार शुरू-शुरूमा झ्याउँकिरी, भमरो र साना चराहरूको चिर-बिर जस्ता शब्दहरू सुनिन्छन्। त्यसपछि क्रमशः घुंघुरू शङ्ख, घण्ट, ताली, भेरी तबला तथा नगराका जस्तै शब्दहरू सुनिन्छन्। यसप्रकार ती शब्दहरू सुन्दा-सुन्दै अन्तमा प्रणव (दीर्घ ओङ्कार)–को शब्द सुनिन थाल्दछ। यस साधनलाई नाद साधन भन्दछन्। यस प्राणायामद्वारा वीर्यशुद्ध भएर ऊर्ध्वगामी हुन्छ तथा मन एकाग्र हुन्छ।

ध्वन्यात्मक प्राणायाम, वीर्य-संशोधक प्राणायाम, एकदेशी प्राणायाम आदिको विवेचनात्मक वर्णन मूलको (तृतीय खण्ड) पृष्ठ २४२ देखि २४६ सम्म गरिएको छ।

पूरक रेचक नगरीकन एक्कासि श्वास-प्रश्वासको गतिलाई जहाँको तहीं रोकिँदा त्यो केवल कुम्भक हुन्छ। कोही अपानवायुमा प्राणको होम गर्छन्। (अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूरक सहित अथवा आभ्यन्तर कुम्भक गर्दछन्) कोही अपानवायुमा प्राणलाई होम्दछन् । अर्थात् रेचक सहित अथवा बाह्य कुम्भक गर्दछन् । कोही प्राण-अपान (दुवै)को गति रोकेर (केवल कुम्भक) प्राणायाम गर्दछन् । सहित-कुम्भकको निरन्तर अभ्यासद्वारा केवल कुम्भक स्वयं नै हुन थाल्दछ ।

प्राणायामहरूलाई कुनै अनुभवीबाट सिकेर उनको आदेशानुसार मात्र अभ्यास गर्नुपर्छ अन्यथा लाभको सट्टा हानि हुन्छ ।

चतुर्थ प्राणायाम -रागजयोगको सबभन्दा बढी महत्त्वपूर्ण र समाधिसिद्धिमा अत्यन्त उपयोगी यही प्राणायाम हो । योगसूत्रमा 'बाह्याभ्यन्तर विषयापेक्षी चतुर्थः भनिएको छ । अर्थात् बाहिर र भित्रका विषयहरूलाई फ्याँक्ने वा आलोचना गर्ने चतुर्थ प्राणायाम हो ।

चौथो प्राणायामका विधिहरू राजयोगका उत्तम अधिकारीहरूको लागि हुन् तथा यी गोपनीय तथा गुरुद्वारा जानिन योग्य छन् । यसका केही विधिहरूको वर्णन मूल(तृतीय खण्ड)को पृ. २५० मा छ।

कुण्डलिनी जाग्रत् गर्नेउपाय–विशेष गरेर कुण्ड लिनी-शक्ति त शरीर शुद्ध एवं सूक्ष्म भएपछि सात्त्विक विचार, शुद्ध अन्तःकरण ईश्वरप्रति साँचो भक्ति तथा परिपक्व वैराग्यको अवस्थामा निश्चल ध्यानद्वारा जाग्रत हुन्छ। कुण्डलिनी जाग्रत् गर्ने उपाय मुख्यतया तीनवटा छन्–(१) सिद्ध सद्गुरुको कृपाबाट प्राप्त शक्तिपातदीक्षा, (२) हठयोग तथा राजयोगको दृढ ध्यानावस्था, (३) औषधियोग । यो व्यावसायिक युगमा सिद्ध गुरु पाउनु दुर्लभ छ ।

(क) **'ऋते ज्ञानान्न मुक्तिः'** अर्थात् ज्ञानविना मोक्ष प्राप्त हुँदैन । आत्मज्ञानलाई नै ज्ञान भन्छन् । शरीर नश्वर छ, मन, बुद्धि दुवै क्षण-क्षणमा बदलिइरहन्छन्, आत्मा सदा एकरूप, एकरस तथा आनन्दस्वरूप छ र त्यो न त कहिल्यै बदलिन्छ र कहिल्यै नष्ट नै हुन्छ । प्रत्यक्ष अनुभूति नहुनाले गर्दा जीव आफूलाई देहाभिमानी मानेर मृत्युसँग डराउँदछ, शरीर मन बुद्धिदेखि आत्मालाई अलग पार्ने साधनलाई नै योग भन्दछन् ।

प्राण अति सूक्ष्म शक्ति हो, यसको अनुभव स्थूल, सूक्ष्म तथा कारण-यी तीनै प्रकारका शरीरहरूमा हुन्छ यही शक्ति स्थूल शरीरलाई सूक्ष्म शरीरसँग तथा सूक्ष्म शरीरलाई कारण शरीरसँग जोड्दछ, यसैले प्राण वशमा हुँदा मन बुद्धि तथा इन्द्रियहरू सबै वशमा हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाधिका समयमा प्राण वशमा हुनाले शरीरमा समेत संस्कारहरूको सञ्चय क्षीण भएर ऋतम्भरा प्रज्ञा प्रकाशित हुन्छ । योग साधनामा तीन कुराहरू अनिवार्य हुन्छन्–साधनको शक्ति, गुरु तथा ईश्वर । यी तीनै माथि श्रद्धा एवं भक्ति हुनु आवश्यक छ । गुरुमाथि जति ज्यादा श्रद्धा एवं भक्ति हुनेछ, त्यति नै छिटो त्यो शक्ति फलीभूत हुनेछ ।

(ख) **हठयोग संयुक्त राजयोगद्वारा कुण्डलिनी जाग्रत् गर्ने उपायः**– संसारमा महान् पुण्यराशि लिएर जन्मेका व्यक्ति विरलै हुन्छन्, जसलाई स्वामी विवेकानन्दज्यू समान सिद्धगुरुको शिष्यत्व प्राप्त हुन्छ । बाँकीले अभ्यासयोगको नै आश्रय ग्रहण गर्नुपर्छ ।

प्राणोत्थानको साथै प्रकाशको समेत साक्षात्कार भएर सूक्ष्म जगत्को समेत केही अनुभव भयो भने कुण्डलिनी जाग्रतभएको बुझ्नुपर्दछ ।

(ग) **औषधियोग** – यो पनि कुण्डलिनी जागरणकै एक सहायक साधन हो ।

आहार– विहारको सम्बन्धमा सावधान रहनुपर्दछ । आध्यात्मिक शक्तिहरूको प्रयोग शारीरिक कार्यहरूमा तथा आफ्ना अनुभवहरूलाई अरूको सामु प्रकट नगरेर गोप्य राख्नुपर्दछ, अन्यथा शक्तिहरू हराउने सम्भावना छ । योग साधनद्वारा धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थहरू सिद्ध हुन्छन्, तर साधनमा निष्काम भाव नै राख्नुपर्छ । यो अमूल्य रत्नको उपयोग सांसारिक तुच्छ वासनाको पूर्तिको लागि गरेर यो भगवती परमेश्वरीको दैवी शक्तिको अपमान गर्नु हुँदैन ।

अन्तराय अथवा विघ्न– शुभ कर्महरूमा विघ्न उत्पन्न हुने नै गर्छन् । योग साधनमा पनि प्रायः सबैको लागि विघ्नहरू आइपर्दछन् । वास्तवमा विघ्नहरूका कारण हाम्रा कमजोरीहरू नै हुन्छन् । मानौं प्रकृति हाम्रा कमजोर स्थलहरूलाई ठोकी-ठोकी भन्दछ– यहाँ-यहाँ कमजोरी छन्, यिनलाई ठीक पार । यी विघ्न तीन प्रकारका मानिन्छन्– (क) शारीरिक तथा मानसिक दुर्बलताद्वारा उत्पन्न हुने, (ख) परीक्षाहरू र (ग) सिद्धिहरू । योगदर्शनमा नौ प्रकारका विघ्नहरूको वर्णन छ– (क) व्याधि, (ख) स्त्यान, (ग) संशय, (घ) प्रमाद, (ङ) आलस्य, (च) अविरति, (छ) भ्रान्ति दर्शन, (ज) अलब्ध भूमिकत्व, (झ) अनवस्थितत्व।

मार्कण्डेय पुराणमा यस्ता पाँच विघ्नहरूको उल्लेख छ–

(क) प्रतिभा, (ख) श्रवण, (ग) देव, (घ) भ्रम, (ङ) आवर्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद, शास्त्र, काव्य आदिका अर्थ प्रकट हुनु नाना प्रकारका विद्याहरूको स्फुरण हुनु प्रतिभा विघ्न हो। सबै शब्दहरूको अर्थ बुझ्नु निकै परको शब्द सुन्नु श्रवण विघ्न हो। देवता जस्तै सबै ठाउँमा प्रकट हुनु दैव विघ्न हो। मनको दोषद्वारा सबै भ्रम-युक्त देखिन थाल्नु भ्रम विघ्न हो। ज्ञान प्रकट हुनाले चित्तको नाश हुन्छ अर्थात् चित्त आत्तिएर लाटो जस्तो हुन जान्छ, यो आवर्त विघ्न भनिन्छ। मार्कण्डेय- पुराणमा यी विघ्नहरूको शान्तिको लागि उपाय बताइएको छ, जस अनुसार सबैमा ब्रह्म रूपको भावना राख्नाले यी शान्त हुन्छन्। इष्टमन्त्रहरूको जपद्वारा, गुरुको ध्यानद्वारा तथा ईश्वरको शरणमा जानाले विघ्नहरूको नाश हुन्छ।

प्रत्याहार– योगको पाँचौं अङ्ग प्रत्याहार हो। योगसूत्रमा भनिएको छ– इन्द्रियहरूको आफ्नो विषयसँग सम्बन्ध नहुँदा चित्तको स्वरूपको अनुकरण जस्तो गर्नु प्रत्याहार हो। प्रत्याहारको अर्थ– पछि हट्नु, उल्टो हुनु वा विषयहरूबाट फर्केर अन्तर्मुख हुनु। यसकारण यसलाई प्रत्याहार भनिएको छ। आ-आफ्ना विषयहरूबाट इन्द्रियहरू-लाई निवृत्त गरेर तिनलाई चित्तमा स्थिर गर्नु प्रत्याहार हो। इन्द्रियहरूको सञ्चालक मन र मनको सञ्चालक निश्चयात्मिका बुद्धि हो। यदि हामीले इन्द्रियहरूलाई मनबाट अलग पार्न सक्यौं भने इन्द्रियहरू तथा शरीरका कष्टहरूबाट हामीलाई दुःख हुँदैन। मानसिक चिकित्साको यही मूल हो। मन तथा इन्द्रियको निग्रह महान् तप हो। यस तपद्वारा तेजोवृद्धि हुन्छ र दीनताको नाश हुन्छ। प्राणायाम तथा प्रत्याहारको सिद्धि भएपछि चित्तमा धारणा, ध्यान एवं समाधिमा प्रवेश गर्ने योग्यता प्राप्त हुन्छ।

धारणा– योग दर्शनमा धारणाको स्वरूपको यसप्रकार वर्णन गरिएको छ– चित्तलाई वृत्ति मात्रले कुनै स्थान विशेषमा बाँध्नुलाई धारणा भनिन्छ। धारणामा चित्तलाई अन्य सम्पूर्ण विषयहरूबाट अलग पारेर केवल एउटै ध्येय विषयमाथि वृत्ति-मात्रद्वारा अडाइन्छ। यसप्रकार आसन, प्राणायाम, प्रत्याहार आदिद्वारा जब चित्त स्थिर हुन्छ, तब त्यसलाई अन्य विषयहरूबाट अलग्याउँदै एकमात्र ध्येय विषयसँग वृत्ति-मात्रद्वारा बाँध्नु अर्थात् अडाउनु धारणा भनिन्छ।

वास्तवमा धारणा, ध्यान तथा समाधि– यी तीनै केवल धारणाकै क्रमशः उत्तरोत्तर परिपक्व अवस्थाहरूको नाम हो।

ध्यानको विषयमा सूत्र छ– **तत्र प्रत्ययैकतानता ध्यानम्**। अर्थात् धारणामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृत्ति एकै जस्तो भएर रहनु ध्यान हो। योगसूत्रमा भनिएको छ– त्यो ध्यान नै समाधि भनिन्छ, जब त्यसमा केवल ध्येय अर्थमात्रद्वारा प्रतिविम्बित हुन्छ तथा त्यसको (ध्यानको) स्वरूप शून्य जस्तै हुन जान्छ।

जबसम्म त्रिपुटीद्वारा (ध्याता, ध्यान, ध्येय) भान हुने यो विषयाकार वृत्ति समान प्रवाहले बग्न थाल्दैन र व्यवधानसहित विच्छिन्न हुन्छ, अर्थात् त्यस वृत्तिका बीच-बीचमा अन्य वृत्तिहरू पनि आइरहन्छन्, तबसम्म त्यो धारणा भनिन्छ।

ध्यान– जब यो त्रिपुटीद्वारा भान हुने विषयाकार वृत्तिहरू आउँदैनन् र सदृश (सजातीय) वृत्तिहरूको प्रवाह कायम रहन्छ, तबसम्म त्यो ध्यान हुन्छ।

समाधि– जब त्यो ध्यान अर्थात् व्यवधानरहित त्रिपुटीद्वारा अनुभव हुने विषयाकार वृत्तिमा त्रिपुटीको भान रहँदैन र ध्यातृ एवं ध्यान समेत विषयाकार भएर आफ्नो स्वरूपबाट शून्य जस्तै भासित हुन थाल्दछ, तर केवल ध्येय विषयको स्वरूपको मात्र अनुभव भइरहन्छ भन्ने अनुभव रहँदैन, तब त्यो समाधि भनिन्छ। यो सम्प्रज्ञात योग अथवा सबीज समाधि हो, किनभने यद्यपि यसमा त्रिपुटीको अभाव हुन जान्छ, तथापि संस्कारको बीज विषयको ध्येयाकार वृत्तिरूपले विद्यमान रहन्छ। जब यो ध्येयाकार वृत्तिको समेत अभाव हुन्छ, तबमात्र सबै वृत्तिहरूको निरोध भएर असम्प्रज्ञात अथवा निर्बीज समाधि हुन्छ।

यहाँ योगको एउटा पारिभाषिक शब्द संयमको अभिप्राय पनि बुझ्नुपर्दछ। सूत्रमा उल्लेख छ– **त्रयमेकत्र संयमः** (३।४) तीनवटै अर्थात् धारणा, ध्यान एवं समाधि एउटै विषयमा हुनु संयम भनिन्छ। समाधि अङ्गी हो तथा धारणा र ध्यान त्यसका अङ्ग हुन्। योगशास्त्रको परिभाषामा यी तीनैवटाको समुदायलाई संयम भनिन्छ। जब धारणा, ध्यान तथा समाधि एउटै विषयमाथि केन्द्रित गर्नुपर्नेहुन्छ, तब त्यसलाई संयम शब्दद्वारा सम्बोधन गरिन्छ।

अन्य विजातीय प्रत्ययहरूको अभावपूर्वक केवल ध्येय विषयको शुद्ध सात्विक प्रवाहरूपले बुद्धि स्थिर हुनु प्रज्ञालोक हो। पहिले चित्तको स्थूल वृत्ति भएको भूमिलाई जित्नु पर्दछ अनि त्यसभन्दा माथिल्लो सूक्ष्म वृत्ति भएको भूमिमाथि संयम गर्नुपर्छ। तलतिरका भूमिहरूलाई नजितीकन माथिनिरका भूमिहरू माथि संयम गर्नेले विवेक ज्ञानरूप फल प्राप्त गर्न सक्तैन। कुनै विषयमाथि चित्तलाई स्थिर राख्नुको नाम धारणा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । जब चित्त लामो समयसम्म लगातार त्यसमा स्थिर रहन्छ तब त्यही ध्यान भनिन्छ, तथा त्यही ध्यान यति सूक्ष्म एवं तल्लीनताका साथ हुन्छ कि ध्यान गर्ने व्यक्तिलाई ध्येय विषयको अतिरिक्त अन्य कुनै कुराको होश-हवास रहँदैन, तब त्यही ध्यानको अवस्था समाधि भनिन्छ । यो संयमको क्रिया चित्तलाई वशमा गर्न तथा आत्मोन्नति अर्थात् सम्पूर्ण आध्यात्मिक भूमिहरूको विजय पर्यन्त विवेकख्यातिद्वारा असम्प्रज्ञात समाधि अर्थात् स्वरूपावस्थितिको लाभको लागि हो, परन्तु यसको दुरूपयोगद्वारा अधोगति तथा आत्मावनतिको सम्भावा समेत हुन्छ, किनकि सम्पूर्ण कुराहरू उपयोग माथि नै निर्भर हुन्छन् । उचित रूपले उपयोग गरिएन भने उत्तम भन्दा उत्तम वस्तु समेत हानिकारक हुन सक्तछन् ।

स्थूल पदार्थहरूको सूक्ष्म परमाणुहरूमा जुन अद्भूत शक्तिको वर्णन प्राचीन हिन्दू दर्शनशास्त्रीहरूले गरेका छन् । त्यसको ज्ञान अब आधुनिक विज्ञानलाई पनि हुँदै गइरहेको छ । माटाको एउटा डल्लाले कसैलाई हिर्काउँदा कति दुख्छ र त्यही माटाको डल्लोको एउटा परमाणुको शक्तिले (जसलाई आइन्स्टिनले Energy Mc² प्रमाणित गरेका छन्) कसैलाई कति हानि पुऱ्याउन सक्तछ । त्यसको उदाहरण पनि हाम्रो सामुन्ने छँदैछ । यस्ता विचित्र शक्तिहरूको सदुपयोगद्वारा संसारको बढी भन्दा बढी उन्नति र प्राणीमात्रको कल्याण समेत हुन सक्तछ, तर यो भौतिकवादको विज्ञान नामक दानवमा यति उदार हृदय कहाँबाट आउनु ?

योगसूत्रमा पृथ्वीतत्त्वको साधन, जलतत्त्वको धारणा, अग्नितत्त्वको साधन, वायुतत्त्वको साधन, आकाशतत्त्वको साधनबारे बताइएको छ जसको संक्षित उल्लेख मूलको पृष्ठ २८० मा गरिएको छ। साथै योग दर्शनमा पृथ्वीतत्त्व, जलतत्त्व, अग्नितत्त्व, वायुतत्त्व आकाशतत्त्व आदिको विस्तृत उल्लेख गरिएको छ । जसअनुसार पृथ्वीतत्त्वमा 'पृथ्वीमण्डलं जलमण्डलले जुहोमि स्वाहा', 'जलतत्वमा 'जलमण्डलम् अग्निमण्डलले जुहोमि स्वाहा', अग्नितत्वमा 'अग्निमण्डलं वायुमण्डलले जुहोमि स्वाहाः', 'वायुतत्वमा 'वायुमण्डलमं आकाशमण्डले जुहोमि स्वाहाः' आकाशतत्त्वमा 'आकाशमण्डलम् अहङ्कार-मण्डले जुहोमि स्वाहाः' 'अहङ्कारमण्डलं महतत्त्वमण्डले जुहोमि स्वाहाः' 'महत्ततत्वमण्ड-लम् अव्यक्तमण्डले जुहोमि स्वाहाः– यस प्रकार चिन्तन गरेर अव्यक्तलाई परब्रह्ममा (चितिमण्डलमा) लीन पारेर ब्रह्माण्डमा– 'म सत्-चित् आनन्द व्यापक ब्रह्म हुँ'– यस्तो चिन्तन गर्दै समाधिमा प्रवेश नभएसम्म चतुर्थ प्राणायाम गर्दैछ । 'म निर्विकल्प

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्दमय सर्वव्यापक ज्योति हुँ' – बीच-बीचमा यस्तो भावना लिइराख । अझ विस्तृत जानकारीको लागि मूल ग्रन्थ (तृतीय खण्ड) को पृष्ठ २८२ देखि २९५ सम्म हेर्नुहोस्

योग दर्शन अनुसार उपर्युक्त तत्त्व-धारणा-पद्धति देख्नमा केही लामो अवश्य लाग्दछ, तर यदि यो राम्ररी बुझेर यसै अनुसार साधना गरियो भने यसले समाधि सिद्धिको लागि स्वतः पूर्ण साधन पद्धतिको काम दिन सक्तछ । यो योग साधकहरूद्वारा अनुभव गरिएको कुरा हो ।

योगवासिष्ठ (निर्वाण-प्रकरण) को सर्ग २८ देखि ९२ सम्म धारणाहरूको विषयमा विस्तृत वर्णन गरिएको छ । पृथ्वीतत्त्वधारणा, जलतत्व-धारणा, अग्नितत्त्व-धारणा, वायुतत्त्व-धारणा, आकाशतत्त्व-धारणाको बारेमा संक्षेपमा मूलको पृष्ठ २९६ मा वर्णन गरिएको छ ।

यस प्रकार कार्यलाई कारणमा विलीन पार्दै सबलाई परमकारण सदाशिवमा स्थापित गर र अन्तमा सदाशिवलाई आत्मस्वरूप परमात्मा स्वरूपठानेर उनैको स्वरूप रूपमा स्थित हुन जाऊ । यस विषयमा अनुभवी योगीहरूको यस्तो आज्ञा छ– प्रत्येक मण्डलको चिन्तन गर्ने बेलामा प्रणवद्वारा ३–३ प्राणायाम गरेर कार्यमण्डललाई कारण-मण्डलमा होम– ॐ अमुकमण्डल जुहोमि स्वाहा- यस प्रकार सबै मण्डलहरूको लय गरेर आफ्नो शुद्ध स्वरूपमा स्थित हुनुपर्दछ ।

तेजोबिन्दु उपनिषद्‌मा पनि धारणाको स्वरूपको वर्णन यस प्रकार गरिएको छ– जहाँ मन जान्छ त्यहाँ ब्रह्मदृष्टि गर, यस प्रकार मनको जुन स्थिति हुन्छ त्यसको नाम धारणा हो ।

ध्यान– ध्यान योगको सातौं अङ्ग हो । योगदर्शनमा ध्यानको विषयमा सूत्र छ– **तत्र प्रत्ययैकतानता ध्यानम्** (३।२ । (त्यसमा अर्थात् ध्येय विषयमा, जसमा जसमा चित्त अडाइएको छ) त्यस वृत्तिको समान प्रवाहले लगातार उदय भइरहनु तथा अन्य कुनै वृत्ति नआउनु ध्यान हो । सामान्यतया ध्यान सगुण तथा निर्गुण भेदले दुई प्रकारका बताइएको छ । सहस्रार-चक्रमा परब्रह्म परमात्माको अथवा निर्गुण निराकार ज्योतिको ध्यानलाई निर्गुण ध्यान तथा सूर्य, गणपति, विष्णु, शिव र शक्ति आदि देवताहरूको ध्यान गर्नुको नाम सगुण ध्यान हो यसको विस्तृत वर्णन पौराणिक ध्यानको प्रसङ्गमा गरिनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपस्थिति-रूपामहासमाधिको लागि योगदर्शनमा मुख्य रूपले साधन दुइ उपलब्ध हुन्छन्– पहिलो सवृत्तिक, सविचार आदि समाधि भूमिकाहरूद्वारा सम्पूर्ण गुण परिणामहरूको साक्षात्कार गर्दै अन्तमा स्वरूपावस्थिति प्राप्त गर्नु, अर्को समाधि-सिद्धिको अपेक्षाकृत सरल तथा अमोघ साधन हो– ईश्वर-प्रणिधान। 'समाधि **सिद्धिरीश्वर प्रणिधानात्** सूत्रको भाष्यमा व्यासजी भन्नुहुन्छ– जो योगी शैय्या तथा आसनमाथि बसेर वा बाटोमा हिंड्दै वा एकान्तमा रहेर हिंसादि वितर्क रूप जाललाई नष्ट पारेर ईश्वरप्रणिधान गर्दछ, उ संसारको वीज अविद्यादि दुःखहरूको नाश भएको अनुभव गर्दै नित्य परमात्मामा युक्त रहेर अमृत भोगको भागी हुन्छ, अर्थात् जीवनमुक्तको सुख प्राप्त गर्दछ। ईश्वर-प्रणिधानको स्वरूप तथा क्रियात्मक साधन लेख्नुभन्दा पहिले चित्तलाई स्थिर पार्ने केही साधनहरूको उल्लेख गर्नु उपयुक्त हुनेछ, किनकि चित्त नै मोक्ष तथा बन्धनको कारण हो। जबसम्म चित्तमा राग-द्वेषादि मलहरू प्रचुर मात्रामा रहन्छन्, तबसम्म त्यसले स्थायी स्थिति प्राप्त गर्न सक्तैन। ती मलहरू पन्छाउनको लागि सूत्रकार उपाय देखाउँदछन्– सुखी, दुःखी, पुण्यात्मा तथा पापीहरूको विषयमा यथाक्रम मित्रता, दया, हर्ष तथा उपेक्षाका भावनाको अनुष्ठानद्वारा चित्त प्रसन्न एवं निर्मल हुन्छ। राग, ईर्ष्या, परापकारचिकीर्षा (अरूको कुभलो गर्ने अभिलाषा) असूया, द्वेष तथा अमर्ष नामक राजस-तामस-रूप यी ६ मलहरू (कालुष्य) चित्तलाई विक्षिप्त पारेर मलिन बनाइदिन्छन्। अतः यी मल निवृत्त पारेर चित्तलाई प्रसन्न तथा एकाग्र पार्नको लागि सूत्रमा निम्न प्रकारका उपायहरू बताइएका छन्– (१) सुखी मानिसहरू-लाई देखेर तिनीहरूप्रति मित्रताको भावना गर्नाले राग तथा ईर्ष्याकालुष्यको निवृत्ति हुन्छ। अर्थात् यी सम्पूर्ण सुखहरू मेरो मित्रलाई उपलब्ध छन् भने मलाई नै भए सरह हुन् भन्ने विचार गर्नाले जसरी आफ्नो राज्य नभए पनि आफ्नो पुत्रको राज्यलाभलाई आफ्नो ठानी त्यस राज्यप्रतिको ईर्ष्या तथा रागको निवृत्ति हुन जान्छ, त्यसै गरी मित्रको सुखलाई नै आफ्नो सुख मानेमा त्यस प्रतिको राग निवृत्त हुन जानेछ। (२) दुःखी व्यक्ति-हरूमाथि करूणा गर्नाले परोपकारमल निवृत्त हुन्छ। (३) पुण्यात्मा अर्थात् धर्म मार्गमा प्रवृत्त पुण्यशील पुरुषहरू प्रति हर्षको भावना गर्नाले असूयामलको निवृत्ति हुन्छ। (४) पाप मार्गमा प्रवृत्त जो पापशील मनुष्य छन्, तिनीहरूप्रति उपेक्षाको भावना गर्नाले द्वेष तथा आमर्षक (बदला लिने भावना) वा घृणा रूप मल निवृत्त हुन्छ।

यस प्रकार यी चारै भावनाहरूको अनुष्ठानद्वारा चित्तको मल पखालिन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब निर्मल चित्त प्रसन्नता प्राप्त गर्दछ। प्रसन्न चित्त एकाग्रता प्राप्त गर्दछ। मुख्य रूपले राग तथा द्वेष– यी दुवै चित्तका विक्षेप हुन्। यी दुवै जरैदेखि उखेलेर फ्याँकिएमा चित्त प्रसन्न भई एकाग्रता हुन्छ तथा ध्यान-समाधिको सिद्धि शीघ्रतासाथ हुन्छ। चित्त विक्षिप्त भएका साधकहरूले हठयोग आदिको आश्रय लिनुपर्छ।

उत्तम अधिकारीहरूको चित्तको स्थिति संपादनको लागि सूत्रकार पहिलो उपाय बताउनु हुन्छ– **प्रच्छर्दनविधारणाभ्यां वा प्राणस्य** (१।३४) अथवा कोष्ठस्थित वायु नाकबाट विशेष प्रयत्नद्वारा बाहिर फ्याँक्नु र बाहिरै रोक्नु– यी दुवैद्वारा मनको स्थितिको संपादन गर। यहाँ केवल बाह्य कुम्भकबारे बताइएको छ।

अब चित्तस्थितिको दोस्रो उपाय बताइन्छ– **विषयवती वा प्रवृत्तिरूत्पन्ना मनसः स्थितिनिबन्धनी** (१।३५)– अथवा (गन्ध, रस, रूप, स्पर्श, शब्द) विषयहरू सम्बन्धी प्रवृत्तिहरू उत्पन्न भएको मनको स्थितिलाई बाँध्ने खालको हुन्छ। यस प्रकार यी प्रवृत्तिहरू उत्पन्न भएको, चित्तको स्थितिलाई नियन्त्रण गर्छन्, साधन सम्बन्धी शंकालाई नाश पार्छन्, समाधिप्रज्ञाको उत्पत्तिमा द्वाररूप हुन्छन्। अतः विश्वास तथा श्रद्धाको लागि तथा चित्तको स्थितिको लागि पहिले यी विषयवती प्रवृत्तिहरूमध्ये कुनै एउटाको संपादन गर्नुपर्छ।

नासाग्र, जिह्वाग्र, तालु, जिब्रोको मध्यभाग तालुमा गन्ध, रस आदि विषय-हरूको ध्यान गरियो भने वितर्कानुगत संप्रज्ञात समाधि हुनेछ। यतिमै नरोकिइकन एकाग्रतालाई बढाउँदै लगेमा सूक्ष्म विषय तन्मात्राहरूको साक्षात्कार हुन थाल्छ भने त्यसलाई विचारानुगत संप्रज्ञात समाधि भनिन्छ। यदि त्यस अवस्थामा पनि रागको परित्याग गरेर ध्यानलाई अन्तर्मुखी पार्ने हो भने अहंकारको साक्षात्कार हु न थाल्नेछ। यस समाधिको नाम आनन्दानुगत संप्रज्ञात समाधि हो। यदि आनन्दानुगतमा आसक्ति तथा लगाव छाडेर ध्यानलाई अझै अन्तर्मुख पार्ने हो भने अस्मिता (पुरुषद्वारा प्रतिविंबित चित्तसत्व) को साक्षात्कार हुन थाल्छ, यसमा पनि चित्तको कुनै ग्राह्य विषय जस्तो साक्षात्कार हुँदैन। यसमा अहंकारद्वारा आत्मतत्त्वलाई अहंभावले प्रतीति गराउने अहं-वृत्ति हुँदैन। जब बीच-बीचमा ध्यान शिथिल हुँदा कुनै अहंकार-वृत्ति आएर आफ्ना कर्तृत्व, भोक्तृत्व र ममताको सीमापरिछिन्न अवस्थाको संज्ञना गराउँछ, तब त्यस अवस्थामा ज्यादै आश्चर्य लाग्छ। यसको उच्चतम अवस्था विवेक-ख्याति हो, जसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तभन्दा बेग्लै आत्माको साक्षात्कार हुन्छ, तर त्यो चित्तद्वारा आत्मसाक्षात्कार वास्तविक होइन। यस वृत्तिमा पनि राग तथा आसक्ति छाडेपछि तथा अझै गहिराइमा प्रवेश गरेपछि जब यो वृत्ति पनि बाँकी रहँदैन, तब सबै वृत्तिहरूको निरोध भएपछि स्वरूपावस्थिति हुन्छ। ध्यान गर्ने केन्द्रको विषयमा यति थाहा पाउनु आवश्यक छ– संप्रज्ञात समाधिको लागि भृकुटी (आज्ञाचक्र) र असंप्रज्ञात समाधिको सिद्धिको लागि ब्रह्मरन्ध्र (सहस्रार चक्र) यी ध्यानको लागि सबैभन्दा उत्तम केन्द्र हुन्।

चित्तस्थितिको तेस्रो उपाय यस सूत्रमा बताइन्छ– **विशोका वा ज्योतिष्मती** (१।३६) अर्थात् शोकरहित प्रकाशशील प्रवृत्ति उत्पन्न भएको चित्तको स्थितिलाई नियन्त्रित गर्दछ। जसरी पूर्वोक्त विषयवती प्रवृत्तिहरू उत्पन्न भएको मनलाई स्थिर पार्दछन्, त्यसरी नै विशोका ज्योतिष्मती नामक प्रवृत्ति पनि उत्पन्न भएर चित्तलाई स्थिर पार्दछ। यो विशोका ज्योतिष्मतीको लागि सुषुम्णा नाडीमा विद्यमान आज्ञाचक्र भ्रूमध्य अथवा अनाहत चक्र (हृदय) मा मन स्थिर पारिन्छ। हृदय कमलमा मनलाई स्थिर पार्नाले योगीलाई बुद्धि संवित् प्राप्त हुन्छ अर्थात् बुद्धिसत्त्व भास्वर आकाशसदृश साक्षात्कार हुन्छ। यस विषयमा पञ्चशिखाचार्यको सूत्र छ– **तमणुमात्रमात्मानमनु विद्याऽस्मीत्येवं तावत् सम्प्रजानीते**। अर्थात् यस अणुमात्र आत्मालाई चिनेर 'अस्मि' (छु) यस प्रकार यतिमात्र जान्दछ। यी दुइ प्रकारका विशोकाज्योतिष्मती हुन्। यसमा प्रथम निरूपित जुन बुद्धि संवित् (साक्षात्कार-रूप) छ, त्यसको नाम विषयवती ज्योतिष्मती प्रवृत्ति हो तथा दोस्रो जुन अस्मिता-स्वरूप चित्तको प्रवृत्ति छ, त्यो अस्मितामात्र ज्योतिष्मती भनिन्छ।

मनलाई स्थिर पार्ने अर्को चौथो उपायको वर्णन गरिन्छ– **वीतरागविषयं वा चित्तम्** (१।३८)। अर्थात् राग रहित योगीगणको चित्त विषयक संयम गर्ने (साधक) को चित्त मनको नियन्त्रण गर्न सक्ने हुन्छ।

चित्तको एकाग्रताको लागि अर्को पाँचौं उपाय यस सूत्रमा वर्णित छ– **स्वप्ननिद्राज्ञानालम्बनं वा** (१।३८) अर्थात् स्वप्नज्ञान तथा निद्राज्ञानको आश्रय लिनेहरूको चित्त मनस्थितिको नियन्त्रण गर्ने खालको हुन्छ। यहाँ स्वप्न निद्रा- ज्ञानालम्बनको मतलव हो– जसरी सपनामा तमोगुणले गर्दा वृत्तिहरू अन्तर्मुख हुन्छन्, त्यसै गरी नै ध्यानको अवस्थामा तमको ठाउँमा सत्त्वगुणद्वारा वृत्तिहरूलाई अन्तर्मुख पार्नु पर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा जसरी निद्रामा तमोगुणको प्रचुरताले गर्दा अभावको प्रतीति हुन्छ, त्यसरी नै सत्त्व-गुणको प्रचुरताद्वारा एकाग्रता उत्पन्न पार्नुपर्दछ फलस्वरूप वस्तुको यथार्थ ज्ञान प्राप्त हुन्छ। यस प्रकार स्वप्न तथा निद्राको ज्ञानको आलम्बन गर्दा (सहारा लिंदा) मन स्थिर हुन्छ।

मानिसका रुचिहरू फरक-फरक भएकोले जसलाई जुन वस्तुमा बढी रुचि छ उसले त्यसैको ध्यान गरोस्। पूर्वोक्त उपायहरूद्वारा स्थिर भएको चित्तका सूक्ष्म पदार्थहरूमा परमाणुसम्म तथा महान् पदार्थहरूमा परम महान् (आकाश) सम्म वशीकार हुन जान्छ। सूक्ष्म विषयहरूको सीमा परमाणु हो, तथा बृहत् विषयहरूको सीमा आकाश हो। यी दुवैको कोटिहरूतिर लागेका चित्तलाई रोकावट नहुने जुन अवस्था हो, त्यसलाई चित्तको परम वशीकार भनिन्छ। यस वशीकारले परिपूर्ण योगीको चित्तले पुनः कुनै अन्य अभ्याससाध्य स्थिति-उपायको अपेक्षा गर्दैन। यसपछिका मार्गहरू सरल हुन पुग्छन्।

ईश्वरको स्वरूपको निरूपण गर्दै योग सूत्रकार भन्छन्– **क्लेशकर्मविपाकाशयैर परामृष्टः पुरुषः विशेष ईश्वरः** (१।२४)। अर्थात् क्लेश, कर्म, कर्महरूका फल एवं वासताहरूसंग असम्बद्ध, अन्त्य पुरुषहरूभन्दा विशेष (उत्कृष्ट) चेतन ईश्वर हो।

१. **क्लेश**– जुन कुराहरूले दुःख दिन्छन्, क्लेश भनिन्छ तिनलाई। क्लेश पनि अविद्या, अस्मिता राग, द्वेष तथा अभिनिवेश नामले पाँच प्रकारका छन्।

२. **कर्म** – कैवल्यपादको सूत्र ७ मा **कर्माशुक्ल कृष्णं योगिनस्त्रिविधमितरेषाम्** भन्दै योगीहरूको निष्काम कर्मलाई समाहित गरेर चार प्रकारका कर्म बताइएका छन्–

(क) कृष्ण, (ख) शुक्ल, (ग) कृष्ण-शुक्ल, (घ) अशुक्ल- अकृष्ण।

३. **विपाक**– जो परिपक्व हुन जान्छन् ती विपाक भनिन्छन् अर्थात् ती ती सकाम कर्महरूका फल सुख-दुःख रूप जाति, आयु तथा भोग विपाक भनिन्छन्।

४. **आशय**– फल परिपक्व नहुन्जेल जुन वासनाहरू चित्तको सतहमा सुप्तावस्थामा हुन्छन्, ती वासनाहरू 'आशय' भनिन्छन्।

अब अगाडिको सूत्रमा ईश्वरको सर्वज्ञताको वर्णन गरिन्छ – **तत्र निरतिशयं**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वज्ञबीजम् (१।२५) । अर्थात् ती पूर्वोक्त ईश्वरमा सर्वज्ञताको बीज अतिशय (बढी) ले रहित छ ।

पूर्वेषामपि गुरूः कालेना नवच्छेदात् (१।२६। अर्थात् ती ईश्वर पहिले उत्पन्न भएका ब्रह्मादिहरूका पनि गुरु हुन्; किनकि उनी कालद्वारा परिच्छिन्न छैनन्।

तस्य वाचकः प्रणवः (१।२७) । अर्थात् ती ईश्वरको वाचक-बोधक शब्द ॐ हो। जुन अर्थको बोधक जुन शब्द हुन्छ शब्द त्यस अर्थको बाचक भनिन्छ र जुन वाचक शब्दद्वारा जुन बोध्य अर्थ निस्कन्छ, त्यो अर्थ त्यस शब्दको बाच्य रूप भनिन्छ।

शास्त्रहरूमा कहीं-कहीं यस्तो वर्णन समेत गरिएको छ– प्रणवध्वनि केवल ध्यानद्वारा मात्र अनुभव गर्न सकिन्छ, यथार्थमा मुखले उच्चारण गर्न असम्भव छ– त्यो अक्षरमय छ, अर्थात् अ, उ म् ओंकाररूप प्रणव हुन्छ, जसका तीनै अक्षरहरूमा त्रिगुणमयी प्रकृति क्रमशः आफ्ना तीनै गुण सत्त्व, रज र तम अथवा स्थूल, सूक्ष्म र कारण तीनैवटै जगत्सहित तथा सर्वशक्तिमान परमेश्वर उनका अधिष्ठाता विराट, हिरण्यगर्भ तथा ईश्वरको रूपले अथवा सृष्टिको उत्पत्ति, स्थिति तथा प्रलयको अपेक्षानुसार ब्रह्मा, विष्णु तथा महेश्वरको रूपले विद्यमान छ र प्रवण नै ईश्वररूप हो।

वर्णात्मक प्रणव प्रतिशब्दलाई ओंकार भन्दछन् । यो ओंकार अर्थात् वर्णात्मक प्रणव अ, उ म को सम्बन्ध अनुसार भनिएको हो। यस वाचक प्रणव तथा वाच्य ईश्वरमा अनादि एवं नित्य सम्बन्ध छ। यो वाचक अर्थात् वर्णात्मक प्रणवको मानसिक जपको परिपक्व अवस्था पश्चात् योगी केवल ध्यानरूप ध्वन्यात्मक प्रणवको भूमिमा पुग्दछ। सम्पूर्ण श्रुति एवं स्मृतिहरू त्यही ओम्को मुख्य रूपले वर्णन गरिरहेका छन्।

प्रणव (ॐ) धनुष हो, आत्मा वाण हो। ब्रह्म लक्ष्य भनिन्छ। सावधानीपूर्वक त्यसलाई छोड्नुपर्छ। अभ्यासी साधकहरू आफ्नो लक्ष्य ब्रह्ममा वाण जस्तै तन्मय होऊन् ।

श्रीमद्भगवत गीतामा भनिएको छः–

ओममित्येकाक्षरं ब्रह्म व्याहरन् मामनुस्मरन् ।
यः प्रयाति त्यजन् देहं स याति परमां गतिम् ।।

अर्थात् जो पुरुष ॐयस्तो एक अक्षररूप जसको उच्चारण गर्दै त्यसको अर्थ स्वरूप परमात्माको चिन्तन गर्दै शरीर त्याग्छ, त्यो पुरुष परमगति प्राप्त गर्छ। ॐकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै मन्त्रहरूको सेतु (पुल) भनिएको छ तथा मनले चिताएको फलको प्राप्तिको लागि प्रत्येक मन्त्र ॐको साथ उच्चारण गरिन्छ, जस्तै– **मन्त्राणां प्रणवः सेतुः ।**

त्यस ॐ शब्दको जप तथा अर्थभूत ईश्वरको ध्यान अर्थात् पुनः पुनः चिन्तन गर्नु ईश्वर-प्रणिधान हो । चित्तलाई सबैतिरबाट निवृत्त गरेर केवल ईश्वरमा स्थिर गर्नुको नाम भावना हो । यस भावनाद्वारा अविद्यादि क्लेश, सकाम कर्म, कर्म-फल तथा वासनाहरूको संस्कार जुन बन्धन अर्थात् जन्म-मृत्युका कारण हुन्, चित्तबाट मेटिन्छन् र सात्विक शुद्ध ज्ञानको संस्कार उदित हुन्छ तथा ,केवल एक ईश्वर मात्र ध्येय बन्न जान्छन् ।

यद्यपि जप तथा ईश्वर-भावनारूप ध्यान दुवै एकै समयमा सँगसँगै गर्न सकिँदैन तथापि भावनारूप ध्यानभन्दा अघि तथा पछि जप गर्ने क्रम बुझ्नु पर्दछ, व्यासजी आफ्नो भाष्यमा बताउनु हुन्छ– स्वाध्याय भनेको प्रणव जप तथा अध्यात्मशास्त्रको विचारको नाम हो । प्रणव जप पश्चात् योगाभ्यास गर तथा योगाभ्यास पश्चात् प्रणव जप गर। स्वाध्याय र योग यी दुवै सम्पत्तिहरूद्वारा परमात्मा प्रकाशित हुन्छन् । यस प्रकार ईश्वरप्रणिधानद्वारा शीघ्रतम समाधिलाभ हुन्छ ।

जाग्रत् अवस्थामा स्थूल जगत्मा स्थूल शरीरको जुन व्यवहार चल्दछ त्यो आत्माको सन्निधिमात्रले चल्दछ । यो स्थूल शरीरका साथ आत्माको सवल स्वरूपको नाम विश्व हुन्छ ।

स्वप्नावस्था र सम्प्रज्ञात समाधिमा सूक्ष्म जगत्मा जुन सूक्ष्म शरीरको व्यवहार चल्दछ, त्यो पनि आत्माको सन्निधिद्वारा हुने हो । सूक्ष्म शरीरको सम्बन्धले आत्माको सवलस्वरूपको नाम तैजस हो ।

सुषुप्ति अवस्थामा कारण-शरीरमा जुन अभावको प्रतीति हुन्छ, अथवा अस्मितानुगत सम्प्रज्ञात समाधिमा जुन अस्मिताको अनुभव हुन्छ तथा विवेक ख्यातिमा जब गुणहरूको प्रथम विकृत परिणामरूप चित्तको आत्मासँग भिन्नताको अनुभव हुन्छ, त्यो पनि आत्माको सन्निधिमात्रले हो । यसकारण- शरीरको सम्बन्धले आत्माको सवल स्वरूपको नाम प्राज्ञ हो ।

यी तीनवटै रूपहरू आत्माका आफ्ना शुद्ध स्वरूप होइनन्, प्रकृतिका गुण-हरूद्वारा मिश्रित हुन् । जसरी शरीरको सम्बन्धले व्यष्टि आत्मा हो, यसै प्रकार सम्पूर्ण जगत्को सम्बन्धले समष्टि परमात्मालाई ठान्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थूल जगत्का साथ परमात्माको सबल स्वरूपको नाम विराट् हो। यसै गरी सूक्ष्म जगत्को सम्बन्धले उसको सबल स्वरूपको नाम हिरण्यगर्भ हो; तथा कारण जगत्-को सम्बन्धले उसको सबल स्वरूपको नाम ईश्वर हो ।

माण्डुक्योपनिषद् अनुसार चतुष्पाद ओंकारको उपासना निम्न प्रकारले उल्लिखित छः–

१) पहिलो पाद एक मात्रा भएको अकार ओम्को उपासना हो ।

२) दोस्रो पाद दुइ मात्रा भएको अकार-उकार-ओम्को उपासना–ओम्को मानसिक जप ।

३) तेस्रो पाद अकार, उकार र मकार तीन मात्रा भएको पूर्ण ओम्को उपासना– ओम्को केवल ध्यान (ध्वनि) ।

४) चौथो पाद ओम्को मात्रारहित विराम शुद्ध परमात्मस्वरूपमा अव-स्थिति–आदिको विस्तृत विवेचना मूलको पृष्ठ ३२१–३२२ मा गरिएको छ ।

माण्डुक्योपनिषद्मा भनिएको छ– अमात्र (जसको कुनै मात्रा छैन त्यो ओंकार) चतुर्थ पादवाला, जुन व्यवहारमा आउँदैन, जहाँ प्रपञ्चको झगडा छैन, जुन शिव अद्वैत छ, यस प्रकार ओम् आत्मा नै हो । जो यसलाई जान्दछ, उ आत्मामा प्रवेश गर्दछ । यस प्रकार ईश्वर प्रणिधानद्वारा केवल शीघ्रतम समाधिको मात्र लाभ हुँदैन अपितु अन्तराय (विघ्न) जसको वर्णन अघिनै भइसकेको छ, तिनको निवृत्तिपूर्वक प्रत्येक चेतनस्वरूपको समेत सँगसँगै साक्षात्कार हुन जान्छ । सारांश यो हो– प्रत्येक चेतना प्राज्ञको बोधक हो तथा प्राज्ञ पुरुषबाट प्रतिविम्बित (प्रकाशित) चित्त अर्थात् कारण शरीरको सम्बन्धले आत्माको नाम हो । यसैले तीन मात्रा भएको पूर्ण ओम्को उपासनाको अस्मिताभूमिमा प्रत्येक चेतनाको साक्षात्कार हुन्छ ।

ईश्वर प्रणिधानको अन्य एक अनुभूत विधि लेखिन्छ, जसलाई कुनै पनि देश धर्म, वा संस्कृतिका व्यक्ति उपयोगमा ल्याउन सक्तछन् ।

साधनविधि– पूर्वतर्फ फर्केर कुनै एक आसनमा शरीरलाई समसूत्रमा खुकुलोसँग राखेर मनका इच्छाहरूलाई समेत सरल पारेर तथा संसारलाई बिर्सेर शान्ति-पूर्वक बस । शुरु-शुरूमा ध्यान रातको समयमा नै राम्रो हुनेछ । दिउँसोको समयमा वैराग्यको धारणा कायम राख । ध्यान हलुका पेटमा प्रायः राम्रो हुनेछ, आहार सात्त्विक हुनुपर्दछ । यस शान्त आसनमा सुखपूर्वक बसेर कैवल्य प्राप्त आफ्नो शिष्यतिर केन्द्रित समाधिस्थ आँखा भएका आफ्ना गुरुलाई शाम्भवी मुद्राले नमस्कार गर । यदि गुरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमस्कार आदिका केही श्लोक वा स्तोत्र आदि कण्ठस्थ छन् भने तिनको शान्तिपूर्वक पाठ गर। त्यसपछि गुरुदेव लक्ष्यमा नै लीन हुन जान्छन्, उनी केवल आफ्ना शिष्यको लागि मात्र साकार रूपमा दर्शन दिन आएका थिए। शान्त, अकर्म (अक्रिय), सर्वज्ञ तथा कालातीत यी चार शब्दहरू जसमा अर्थसहित लय हुन जान्छन्, त्यही मोक्षावस्था हो। मोक्ष वा कैवल्यावस्था, अविद्या आदि क्लेशहरूले रहित हुनाले शान्त छ, क्लेश-रहित छ। यस अवस्थामा कुनै कर्म, कर्मफल वा कर्मसंस्कार हुँदैन, यसैले अकर्म वा अक्रिय भनिएको हो। समरस हुनाले सर्वव्यापक छ र सर्वव्यापक तत्त्व चेतन हुनाले सर्वज्ञ छ। यस अवस्थामा क्रिया वा कर्म नहुनाले त्यो कालको सीमाभन्दा बाहिर हुन्छ, यसैले यो कालातीत भनिएको हो। यी चारै शब्दहरू अर्थसहित केवल मोक्षावस्था (परमात्मा) मा नै हुन्छन्, तथा यही तिम्रो इष्टदेव, गुरुदेव तथा तिमी हौ– सबै एकै एकै होऊन्। यी शब्दहरूको स्वरूपमाथि ध्यान केन्द्रित पार। मुख्य शब्द अकर्मस्वरूप (अक्रिय वा सङ्कल्प-विकल्परहित) छ। स्वच्छ, नीलवर्ण नभमा (आकाशमा) लक्ष्य देख। यी चारै शब्दका अभिन्न स्वरूप कैवल्य (मोक्ष) नै मेरो लक्ष्य हो। ध्यान चारै शब्दको स्वरूप- (भाव वा अर्थ)- को गर्नु छ, तर चित्तको अवस्था सांसारिक भएको हुनाले लक्ष्यलाई नीलवर्ण स्वच्छ आकाशको आश्रय देऊ। अब यस लक्ष्यलाई अचल-स्थिर पार, बन्द आँखाहरूद्वारा यता-उता नहेर, आँखाको नानी समेत नहल्लियोस्। जब-जब लक्ष्य दृष्टिबाट नदेखिने हुन्छ, हृदयबाट मानसिक शब्द निकाल तथा यी शब्दहरूलाई लक्ष्यको निराकार स्वरूपमा प्रकट गर, तर त्यसवेला बुद्धिसत्त्व एवं ध्यान लक्ष्यमाथि नै स्थिर र अचल रहनुपर्दछ। लक्ष्य यदि नदेखिने भइरहेको छ अथवा शब्दद्वारा प्रकट भइरहेको छ भने त्यस अवस्थामा दृष्टि फर्केर शब्दलाई लिन नआओस्, अपितु शब्द आफै अचल दृष्टिमा पुगोस्। आवश्यक कुरा अचलता र स्थिरता तथा ध्यानको प्रवाह (क्रम) नचुँडिनु (भङ्ग नहुनु) नै हो। ध्यानको प्रवाहलाई कायमै राख्नको लागि शरीर तथा आँखाको उपयोग नगर, यिनीहरूलाई खुकुलो र शान्त नै रहन देऊ। सात्त्विक शान्त वृत्तिद्वारा नै काम चलाऊ, तमोगुणी हठद्वारा काम नलेऊ, यसद्वारा ध्यानमा अवश्य बाधा पुग्नेछ। 'ध्यानको प्रवाहलाई (क्रमलाई) भङ्ग हुन नदिने जुन धैर्य छ, त्यही प्राणहरूको अन्तर्मुख कुम्भक हो', यही वास्तविक प्राणायाम हो। लक्ष्यको स्थितिसँग बहिर्मुख चेष्टालाई पृथक् राख्ने (अलग्याउने) प्राणहरूको सात्त्विक निग्रह (अवरोध, रोक्ने काम) नै वास्तविक प्राणायाम हो। प्राणहरूलाई अवश्य रोक्नुपर्दछ, तर यो कार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय तथा क्रियाको विचार नगरीकन र वृत्तिको क्रमभङ्ग नगरीकन गरिनुपर्दछ। ध्यान अत्यन्त स्थिर हुनासाथ प्राण रोकिने गर्दछन्, तर रोक्दा वा सास लिंदा ध्यानको प्रवाह भङ्ग हुनु हुँदैन, न त टाउको नै हल्लनु हुन्छ। जति-जति ध्यानमा स्थिरता बढ्दै जान्छ, त्यति-त्यति प्राण स्वयं नै लय प्राप्त गर्दछ।

जति-जति अभ्यास बढ्दै जान्छ, त्यति-त्यति तदनुसार एक-एक शब्द छाड्दै जाऊ, तर शब्दको स्वरूप वा भाव लक्ष्यमा निर्बीज भएर सदा स्थित रहोस्; अन्तमा यी सबैलाई केवल अकर्म चेतन- (अक्रिय चेतन) को स्वरूपमा देख, जसरी गौ शब्दबाट सहसा उसका सम्पूर्ण अङ्ग-प्रत्यङ्गसहित पशुविशेषको ज्ञान एकैसाथ हुन जान्छ; अथवा संक्षिप्त लिपि (Short Hand) वा कोडभाषामा जसरी केही सङ्केत मात्रले विस्तृत अर्थ धारण गरेका हुन्छन्, ठीक त्यसै गरी जब केवल अकर्म चेतन वा अक्रिय चेतनमाथि शेष तीनवटै शब्दहरू स्वरूप वा अर्थसहित भावित हुन जान्छन्, तब एउटा यस्तो अवस्था आउनेछ कि वृत्ति लागेपछि सहसा सम्पूर्ण वाह्य प्रयत्न विलीन हुनेछन् तथा कैवल्य-स्वरूप चिन्मय (चैतन्ययुक्त) आकाशले आफ्नो शुद्ध स्वरूपमा दर्शन दिनेछ, कृत्रिम आकाश विलीन हुन जानेछ, यो दर्शन एक सेकेन्ड हुनेछ र वृत्ति उखेलिनेछ। जहिलेसुकै यस्तो दर्शन प्राप्त होओस्, स्वस्थ, अचल भएर रहू र यस्तै स्वप्नजस्तो अवस्थामा लीन रहू तथा यो स्वयंप्रकट चिन्मय आकाशलाई जस्ताको तस्तै दृष्टिमा स्थिर राख्ने प्रयत्न गर। अभ्यास बढ्दा-बढ्दा जब एक मिनटसम्म यो स्वयं प्रकट चिन्मय आकाशलाई स्थिर राख्न सक्नेछौ, तब यसै स्थितिमा आधा वृत्तिलाई शिरमा तथा शिरमाथि पुऱ्याएर पछाडितिर यो दर्शन गर्ने द्रष्टालाई सँगसँगै देख, अर्थात् लक्ष्यलाई कसले हेरिरहेको छ, स्थितिकालमा नै यस्तो विचार गर। (चेतन द्रष्टालाई चेतन द्रष्टाद्वारा समाउने अथवा चिन्ने समय ध्यानको अत्यन्त स्थितिकाल (निश्चल समय) हो, अन्य अवस्थामा अर्थात् स्थितिकाल बाहेक अन्य समयमा यस्तो प्रयत्न गर्नाले लक्ष्यमा अशुद्धि तथा चित्तमा व्याकुलता उत्पन्न हुन्छ। यो साधन-सङ्केत अत्यन्त महत्त्वपूर्ण छ, तर अपरिपक्व शास्त्रज्ञहरू यो कुरा बुझ्न सक्तैनन्।) यसप्रकार स्थितिकालमा आधा वृत्ति मस्तकमा र आधा मस्तकमाथि पुऱ्याई ध्यानको साथसाथ द्रष्टालाई हेर, तथा अब दृष्टिले नहेरेर सोझै द्रष्टाको नै ध्यान गर, यसरी द्रष्टाको ध्यानद्वारा द्रष्टा तथा चिन्मय-आकाश अभिन्नजस्तै हुन जानेछ र त्यसपछिदेखि तत्कालै ध्यान केन्द्रित हुन थाल्नेछ। दर्शनशक्ति अर्थात् दृष्टिलाई अलिकता मधुरो पारेर जब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोझै द्रष्टालाई नै चिन्मय आकाश बनाएर स्थित रहन योग्य हुन जानेछौ, तब यसै गरी एकदिन फेरि सहसा स्वतः सम्पूर्ण बाह्य प्रयत्न विलीन हुन जानेछ र शुद्ध चिन्मय अक्रिय (अकर्म) चेतन (सजीव) अवस्थामा स्थित भएजस्तो भान हुनेछ । यस अवस्थाको भान (अनुभूति) दुर्लभ हुन्छ । यस अवस्थामा कुनै किसिमका आकाश-प्रकाश आदिको दर्शन हुँदैन, अपितु कैवल्यजस्तै अनुभूति हुन थाल्दछ; कुनै रूप-रङ्ग होइन, केवल यत्नरहित सुख (शान्ति) । यही स्वरूपस्थिति हो । यस अवस्थाको अनुभूति यही अवस्था बाहेक अन्य केही चाहँदैन; नाम, रूप, आनन्द, विचारप्रति उपेक्षा गर्नेछ । यही त्यो अनुभूति हो, जहाँ विषरूप वैराग्य अमृत बन्न पुग्छ । यस अवस्थामा स्वतः बुद्धि-(अन्तः करण)- को त्याग गर्ने विचार उत्पन्न हुनेछ, केवल स्फुरणमात्रको सङ्कल्पद्वारा ध्यान केन्द्रित हुन्छ तथा चित्तसहित ठूलोभन्दा ठूलो मानसिक विक्षेपको लय स्फुरणमात्रले नै हुन जान्छ । कैवल्य (मोक्ष) अथवा जीवन्मुक्तिजस्तो अवस्थाको भान हुन थाल्छ । विश्वासको त के कुरा ? दृढ निश्चय नै हुन लाग्दछ– संसार मुक्त भइसक्यो र म कैवल्यको ढोकामा छु । यस अवस्थाको अनुभवभन्दा पहिले सबै मार्गहरू दुःखरूप एवं कठिन छन्, तर के गर्नु ? दुःख सहनु बाहेक अन्य कुनै मार्ग पनि त छैन । असल-असल भावनाहरू चित्तमा खेलाउने गर । महापुरुषहरूको जीवनीबाट प्रेरणा प्राप्त गर । तिनको कृपापात्र बन । उनीहरूको बीतराग चित्तको आलम्बन ग्रहण गर ।

लक्ष्य निःसारझैं लाग्नु, अर्थहीनजस्तो प्रतीत हुनु, निराशता, हृदयको धड्कन, सास रोकिनु, घाँटी थिचिएजस्तो अनुभव हुनु, वाकवाकी लाग्नु, डर लाग्नु, मृत्युको सङ्केत (अरिष्ट) प्रतीत हुनु, अङ्गहरूमा झट्का लाग्नु, ,कतै म नबहुलाऊँ'– भन्ने डर लाग्नु आदि-आदि अनेकौं विघ्नहरू मार्गमा आइपर्छन्, यिनीहरूदेखि आत्तिएर अभ्यास छाड्नु हुँदैन ।

अभ्यास गर्दागर्दै कहिले स्मृतिको अभाव हुन गयो भने अर्थात् दिमाग शून्यजस्तो प्रतीत भयो तथा अभ्यास सकेपछि पनि केही बेरसम्म यस्तै नै भइरह्यो भने आत्तिनु हुँदैन । यो ध्यानयोगको उच्चतर भूमि प्राप्त हुनुको एक प्राथमिक लक्षण हो ।

अभ्यास गर्ने वेला बाहेक अन्य समयमा (बस्दा-उठ्दा वा पल्टँदा) समेत चित्तलाई कल्पना वा स्फुरणले रहित अवस्थामा राख्ने अभ्यास अलि-अलि गर्ने गर ।

दुःख तथा क्लेशलाई कारणमा लय गरी हटाउनु पर्छ । यिनका वृत्तिहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानद्वारा हट्छन् । ध्यानको प्रवाह (क्रम) बीच-बीचमा भङ्ग हुन नदेऊ त्यसलाई कायम राख्नको लागि सात्त्विक धैर्यद्वारा काम हुन्छ, तमोगुणी हठद्वारा हुँदैन; तमोगुणी हठद्वारा काम अवश्य बिग्रन्छ । हरेक अवस्थामा शान्त एवं चिन्तारहित भएर बस । ध्यानद्वारा प्राप्त अनुभवहरू तथा आनन्दलाई गुप्त राख, आनन्दद्वारा मक्ख पनि नपर, अपितु आनन्दको सट्टा शान्तिको अनुभव गर । यही रहस्य हो ।

चेतन द्रष्टालाई चेतन द्रष्टाद्वारा समाउने चेष्टा गर । यो ध्यानयोगको उच्चतर भूमि हो । यसलाई समाउने समय ध्यान अत्यन्त स्थिर हुन जाने वेला हो । यस बाहेक अन्य कुनै समय छैन । अन्य कुनै समयमा समाउने चेष्टा गर्नाले लक्ष्यमा अशुद्धि तथा चित्तमा व्याकुलता उत्पन्न हुन्छ । द्रष्टा अकर्म (अक्रिय) अवस्थामा नाम-मात्रको कर्म- (मानसिक स्फुरण)- द्वारा समातिन्छ, अर्थात् स्थितिकालमा नाममात्र स्फुरणद्वारा समातिन्छ, तर द्रष्टामा स्थित (स्थिरता) त केवल अक्रिय अर्थात् स्फुरण रहित अवस्थामा नै हुन्छ । यो साधनसम्बन्धी विषय हो, बुद्धिमा त प्रत्यक्ष भइ नै रहेको छ, तर शब्दहरूमा राम्ररी आइरहेको छैन । यो अत्यन्त महत्त्वपूर्ण साधन-सङ्केत हो, यो राम्ररी बुझ्नुपर्दछ ।

अफीमचीले जस्तै आँखाका नानीहरूलाई अलिकता माथितिर लैजाऊ, आँखा-हरू केही खुला राख । बाह्य जगत्‌लाई बिर्सिदेऊ, आनन्दजस्तो अनुभव हुन थालेपछि बिस्तार-बिस्तार आँखा अर्धनिमीलित पार । लक्ष्यलाई अन्तर्मुख पारेर राख । आँखा-हरू तथा मस्तकमाथि अनावश्यक तनाव नपरोस् । यसप्रकार आफ्नो स्वरूपमा स्थित रहू । यही **शाम्भवी मुद्रा** हो । यो कुरा अभ्यासद्वारा सिद्ध हुनेछ । हिंड्दा-फिर्दा, उठ्दा-बस्दा, कुरा गर्दा-गर्दै यसको अलि-अलि अभ्यास गर्ने गर । यसबाट शान्तस्वरूप आनन्दमा मस्त रहन थाल्नेछौ । यसपछि नियमित अचल अभ्यास शुरू गर ।

अभ्यासमा जब कहिल्यै लक्ष्यको अभाव हुन थाल्छ, तब पुनः लक्ष्यलाई धारण गर्ने चेष्टा नगर, अपितु लक्ष्यरहित भूमिमा नै रहिरहने यत्न गर, यसबाट तिमी-लाई कुनै समयमा अपरिणामी चेतनाको ज्ञान तथा दर्शन हुनेछ ।

एकान्त र निःसङ्गतामा आसन जमाएर ध्यान गर्ने गर । सदा वर्तमानमा रहू । भूत तथा भविष्यलाई यस्तो ठान– ती तिम्रा लागि हुँदै होइनन् । अविद्यालाई परै राखेर अभ्यासमा बस । अनेक प्रकारका अधुरा तथा विभिन्न विचारहरूमा अल्झर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानमा बस्नुले लक्ष्यलाई बिगार्दछ, साथै यसै कुराले दुःख उत्पन्न गर्दछ । अभ्यासको बेलामा अनावश्यक प्रयत्न नगर, अर्थात् आनन्द वा शान्तिको लागि कुनै प्रयत्न नगर, तथा तिनको खोज-तलाशको लागि चित्तलाई व्याकुलजस्तो बनाएर यता-उता डुलाई नरहू, शान्तिपूर्वक बसिरहू । स्थिति भएपछि शान्ति तथा आनन्द आफैं आउँछन्, खोजेर पाइन्नन् । सदा शान्ति तथा आनन्दमा मग्न रहू । कैवल्यरूप आफ्नो स्वरूपतर्फ दृष्टि राख । अन्तर्मुख शुद्ध भावना गर्ने गर ।

ध्यानयोगका उच्च भूमिमा कहिलेकाहीं स्नायुसंस्थानमा एउटा विचित्र किसिमको कम्पनजस्तै हुन्छ । प्रायः सोझो-उत्तानो परेर पल्टेको अवस्थामा यस्तो हुन्छ । खुट्टाको बूढी औंलादेखि शिरसम्म स्नायुजालको सूक्ष्मतम शाखा-प्रशाखाहरूमा समेत एक आनन्ददायक कम्पजस्तो (Jerks) उत्पन्न हुन्छ । यसबाट आत्तिनु हुँदैन । यसलाई आनन्ददायक ठान्नुपर्दछ । यसबाट शरीर शुद्ध हुन्छ ।

अत्यन्त आवश्यक साधन-सङ्केत– ध्यान गरेको अवस्थामा जब-जब विचार बहिर्मुख भएर दौडन्छन् अथवा अन्य कुनै दृश्यको दर्शन हुन्छ, त्यसलाई तत्काल त्यहाँको त्यहीं नै लीन पार । लीन पार्नुको अर्थ हो– त्यसलाई पर पुऱ्याउनु अथवा हटाउनको लागि मानसिक बलको प्रयोग नगर्नु; न त विचारद्वारा त्यसलाई हटाउने चेष्टा नै गर, अपितु त्यससँग सम्बन्ध नै नभएको तथा आसक्तिरहितजस्तै बन्न जाऊ । जसरी तिमीले यो विचार अथवा दृश्यलाई स्वयं जाग्रत् पारेका होइनौ, त्यसैगरी यसलाई आफै जहाँबाट आएको हो, त्यसै ठाउँमा फर्केर विलीन हुन देऊ । यस सङ्गदोषद्वारा संग्रह गरिएका अन्य जीवहरूका भाव वृत्तिसंस्कारहरूको रूपमा हामीभित्रै हुन्छन् । यही अविद्यामाया हो यसलाई विलीन पार । यी दर्शनहरूसँग झगडा (सङ्घर्ष) पनि नगर । मायाले झगडा नै रुचाउँछ । कहिलेकाहीं त यो बाधा क्रोधमा परिणत हुन जान्छ र साधक अनायासै ठगिन्छ । यस अवस्थामा यदि अलिकति पनि विचार गरियो भने उल्टो मायाकै ध्यान प्रबल हुन्छ तथा लक्ष्यदेखि टाढा हुन जानेछौ र यस्तै अवस्था धेरै पटक भएपछि यस जन्ममा अभ्यासको योग्य रहन सक्नेछैनौ । भगवान्को आशीर्वादले यस्तो अवस्था आइनपरोस्, तर कहिल्यै यस्तो स्थिति उत्पन्न हुन गयो भने ३-४ महीनाको लागि अभ्यास बिलकुल बन्द गर र अर्को पटक नयाँ रूपले पुनः सावधानीपूर्वक अभ्यास आरम्भ गर । बरु चाहे लक्ष्यबाट आधा दृष्टि हटाउनुपरोस्, तर विजातीय वा अन्य दृश्यलाई नहेर (नदेख) । जसलाई यस प्रकारको नियन्त्रण- (संयम)- को बानी परेको हुन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै विघ्नहरूलाई अनायास नै पार गर्दछ, अन्यथा योग विषतुल्य हुन जान्छ । यो संयम तथा धैर्यलाई नै योगबल भन्दछन् । कैवल्य वा स्वरूपावस्थिति हाम्रो नजीक आउँदैन, अपितु यस संयमद्वारा आसक्ति अथवा मोहको आवरण हट्न जान्छ र स्वरूप-स्थिति त सदैव कायम छँदैछ । यही योगको रहस्य हो, यही वास्तविक प्राणायाम हो। एउटा यस्तो दिन आउनेछ, जब वृत्ति स्थिर भएपछि सहसा सबै बाह्य प्रयत्नहरू विलीन हुन पुग्छन् र शुद्ध चिन्मय आकाशले स्वयं नै सजीव रूपमा दर्शन दिनेछ तथा बनावटी आकाश विलीन हुनेछ । यो दर्शन एक सेकेन्डसम्म हुन्छ । त्यसपछि वृत्तिको उन्मूलन हुन्छ । त्यस्तो दर्शन जहिलेसुकै होओस् स्वस्थ र अचल रहू र त्यस्तै अवस्थामा स्थिर रहने चेष्टा गर, अर्थात् यो स्वयंप्रकट आकाशलाई त्यसै रूपमा दृष्टिमा राख्ने प्रयत्न गर। अभ्यास दृढ भएपछि मात्र चेतन द्रष्टालाई समाउने प्रयत्न गर। यो साधनसम्बन्धी विषय हो, लेख्दा एक पटकमा एउटा मात्र पक्ष लेखिन्छ र दोस्रो पक्ष अर्कै समयमा लेखिन्छ । जे लेख्नुपर्ने हो त्यो लेख्न सकिंदैन, तर हृदयमा भने प्रत्यक्ष भान भइरहेको हुन्छ । यसैले साधन-सङ्केतहरूलाई साधनद्वारा नै बुझ, अरू कुनै उपाय छैन ।

ईश्वर-प्रणिधानको यो सिद्ध पद्धति उच्च कोटिका साधकहरूद्वारा अनुभव गरिएको साधन-पद्धति हो ।

योगदर्शनअनुसार समाधिसिद्धिको लागि ईश्वर-प्रणिधानपश्चात् अब तत्त्व-साक्षात्काररूप साधन-पद्धतिको क्रियात्मक रूपबारे लेखिन्छ ।

योगअनुसार योगी प्राणायामद्वारा आग्रत् अवस्थामाथि, प्रत्याहारद्वारा स्वप्नावस्थामाथि, धारणाद्वारा सुषुप्त्यवस्थामाथि, ध्यानद्वारा मूर्छावस्थामाथि तथा समाधिद्वारा मृत्युमाथि अधिकार प्राप्त गरेर आफ्नो इच्छानुसार आफ्नो स्वरूपमा प्रतिष्ठित हुन्छ ।

जुनबेला योगका बहिरङ्ग साधनहरूको अनुष्ठानद्वारा चित्तवृत्तिहरूको एकाग्रता भएर मन तथा इन्द्रियहरू योगीको वशमा हुन जान्छन्, तब उसले आफ्नो इच्छानुसार मन तथा इन्द्रियहरूका काम बन्द गरेर जाग्रत् अवस्थालाई सुषुप्ति अवस्था बनाइदिन्छ । यसको फल यो हुन्छ— मन तथा इन्द्रियहरूका काम रोकिन्छन्, र चित्तको बहिर्मुखी वृत्तिका कार्यहरू रोकिन्छन् । चित्तका बहिर्मुखी तथा अन्तर्मुखी यी दुइ कार्यहरूमध्ये कुनै एउटा सदा कायम रहन्छ । यसैले बहिर्मुखी वृत्तिहरू बन्द भएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतः अन्तर्मुखी वृत्तिको कामको आरम्भ हुन्छ । यसप्रकार यम-नियम, प्राणायाम, प्रत्याहार आदिद्वारा अन्तर्मुखता प्राप्त भएपछि योगसाधकहरू निम्नलिखित साधन-प्रणालीको अवलम्बन गर्न सक्तछन्–

धारणाको अभ्यास भ्रुकुटी आदि स्थानहरूमा स्थानिक पनि गरिन्छ, तर स्थानिक अभ्यास लामो समयसम्म गर्नाले प्रायः मन मूढजस्तो भएर निद्रा उत्पन्न हुन्छ अथवा थाकेर अनावश्यक स्मृतिसंस्कारहरू सामुन्ने आउन थाल्दछन् । यसैले स्थानिक-अभ्यास त्यत्ति मात्र गर्नुपर्दछ जतिमा मनले १०–१५ मिनेटसम्म स्थिरता प्राप्त गर्न सकोस् । यस पश्चात् सूत्रमा भनिएजस्तै **तस्य भूमिषु विनियोगः** अर्थात् त्यत्तिसम्म स्थिरता प्राप्त गरेको मनलाई ग्राह्य आदि भूमिहरूमा लैजानुपर्दछ ।

मनोविज्ञान तथा आत्मविज्ञानका भेदअनुसार योगका दुइ क्षेत्र छन् । एकाग्रता अथवा सालम्ब योगभूमिहरूको अनुभव तथा सिद्धिहरूको प्राप्ति मनको एकाग्रतामा निर्भर रहन्छ, किनभने एकाग्रताविना समयको सिद्धि हुँदैन । यो एकाग्र समाधिमा मनको अगाडि कुनै एउटा वस्तुको आलम्बन हुनु आवश्यक छ, चाहे त्यो वस्तु स्थूल होओस् वा सूक्ष्म । त्यस अवस्थामा त्यो एकाग्र समाधि, सालम्बन समाधि, सम्प्रज्ञात समाधि अथवा सबीज समाधिको नामले पुकारिन्छ, र यही मनोविज्ञानको क्षेत्र हो । यसपश्चात् निरोध-समाधि, निरालम्ब समाधि, असम्प्रज्ञात समाधि अथवा निर्बीज समाधिको नामले पुकारिने समाधिहरु आत्मविज्ञानको क्षेत्रमा पर्दछन् । यिनमा परम शान्ति प्राप्त हुन्छ ।

यो साधन-प्रणाली ग्राह्य मार्ग (अर्थात् बाहिरी वस्तुहरूको सहाराले समाधिभूमिमा हिंड्नु) ग्रहणमार्ग (अर्थात् आन्तरिक पदार्थहरूको सहाराले समाधि भूमिमा हिंड्नु), तथा ग्रहीतृमार्ग (अर्थात् ओंकार-उपासनाद्वारा स्वात्मालम्बनको सहाराले समाधिभूमिको अनुभव गर्नु) –यी तीन मार्गहरू छन् । यीमध्ये पहिले ग्राह्य मार्गको वर्णन गरिन्छ–

प्रातः शौच-स्नानबाट निवृत्त भएर आफ्नो अभ्यस्त आसनमा बसेर १० मिनटसम्म दीर्घ प्रणवध्वनिको उच्चारण गर्नुपर्दछ । यसबाट मन शान्त तथा विषयशून्य भएजस्तो अनुभव भएपछि तीन **बाह्य प्रणायाम** गर्नुपर्दछ; अर्थात् भित्रको सासलाई नाकका दुवै प्वालहरूबाट यति बलले बाहिर फ्याँक जसरी अति वेग एवं जोडले वमन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने गर्दछ । सास अति वेगले बाहिर निकाल्दा यस्तो अनुभव हुनेछ कि भित्रको सास तल भुइँमा ठोक्किएर बाहिर आएको हो, र यसो गर्दा मूलबन्ध पनि निकै दृढतासाथ लाग्न जान्छ तथा भित्रको सम्पूर्ण सास (वायु) वेग र बलले बाहिर निस्कन्छ । त्यसपछि बाहिर निस्केको सासलाई गुदद्वार खुम्च्याएर बाहिरै रोकिराख । जब घबराहटजस्तो प्रतीत हुन थाल्दछ, तब बिस्तार-बिस्तार पूरक गर । यो एक प्राणायाम भयो । यसरी पूरक गरिएको श्वासलाई भित्र नरोकेर तुरुन्तै बाहिर निकालेर बाहिरै रोका यसप्रकर ३ प्राणायाम गर ।

गन्धतन्मात्राको अभ्यास– यस प्राणायामको अभ्यास १५ दिनसम्म गरेपछि सोन्हौं दिनमा आसन, प्राणायाम आदि गरेर देशी कपूर आधा मिनेटसम्मको लागि यसप्रकार सुँघ कि मनले घ्राणेन्द्रियमा त्यस कपूरको गन्धको निश्चय गरोस्– त्यो कस्तो गन्ध हो ? नासिकाको भित्री त्वचामा त्यस गन्धले कस्तो प्रकारको स्पर्श गर्दछ ? लगभग आधा मिनेटसम्म सुँघेर त्यसलाइ पर राख र दुइ मिनेटसम्म मनलाई नासिकामा केन्द्रित राखी त्यस गन्धको स्मरण गर । केही सेकेन्डसम्म त्यसको (गन्धको) स्मृति आउनेछ । पुनः त्यसै प्रकार आधा मिनेटसम्म कपूर सुँघेर दुइ मिनेटसम्म स्मरण गर । यसप्रकार चारपटक यो क्रिया गर र चौथोपटक सुँघेर दुइ मिनेटको सट्टा पाँच मिनेटसम्म त्यसगन्धको स्मरण गरिरहू । यसपश्चात् अभ्यास छाडेर उठ तथा उठ्नासाथै कपूर केही छिन सुँघेर यताउता शान्तिपूर्वक डुल र डुल्दा पनि मनलाई कपूरगन्धको संस्कारमा केन्द्रित राख । यो अभ्यास प्रातः तथा सायङ्काल दुवै समय गर्नुपर्दछ । दुइ हप्तापश्चात् कपूरलाई तीनपटक सुँघ्नू तथा ३-३ मिनेटको अन्तरमा स्मरण गर्नू । अन्तमा १० मिनेटसम्म स्मरण गरिरहनू । तेस्रो हप्तामा दुइपटक सुँघ्नू तथा ५ मिनेटको अन्तरले स्मरण गर्नू र अन्तमा १५ मिनेटसम्म स्मरण गरिरहनू । चौथो हप्तामा केवल एकपटक सुँघेर २० मिनेटसम्म उक्त गन्ध याद राख्नू । पाँचौ हप्तामा अभ्यास शुरू गर्नुभन्दा एक घन्टा अघि सुँघेर २५ मिनेटसम्म याद राख्नू । छैटौं हप्तामा अभ्यास शुरू गर्नुभन्दा ५-६ घन्टाअघि सुँघ्नू र आधा घन्टासम्म गन्ध याद राख्नू । यसपश्चात् कपूर सुँघ्ने आवश्यकता छैन । सातौं हप्तामा कपूरको सहाराविना ३५ मिनेटसम्म अभ्यास गर्नू । अभ्यासबाट उठ्ने वेलामा केवल शुरूको ५ हप्तासम्म मात्र कपूर सुँघ्नुपर्दछ पछि पर्दैन ।

पहिलो हप्तामा मनलाई सम्पूर्णतः नासिकामा केन्द्रित पारेर अभ्यास गर । तत्पश्चात् नासिकाको जुन भाग भित्र गन्ध विशेषको अनुभव हुन्छ, अर्थात् नासाग्र-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखि लिएर नासामूलसम्म जुन माथिल्लो प्रणाली छ, त्यसमा मनलाई केन्द्रित पारेर अभ्यास गर । तेस्रो हप्ता उक्त प्रणालीद्वारा गन्धको अन्तिम ठक्कर माथि रहेको मस्तिष्कस्थानको जुन ठाउँमा लाग्दछ, त्यसै स्थानमा मनलाई केन्द्रित पारेर गन्धको अनुभव गर। साथै नासिकाको ग्रहणद्वारबाट गन्धको अनुभव गरेर सोझै नासिकाको माथितिर भित्रको अन्तिम केन्द्रमा मनलाई पारेर अभ्यास गर। चौथो हप्तामा गन्ध सुँघ्नुभन्दा दुइ मिनेटअघि मनलाई केवल केन्द्रमा मात्र स्थिर पारी गन्ध सुँघेर त्यस केन्द्रमा नै अभ्यास गर्ने गर ।

यसप्रकार गन्धको अभ्यासद्वारा दोस्रो हप्तामा कपूरको गन्ध तथा अभ्यासद्वारा प्राप्त गन्धमा केही अन्तर अनुभव हुन थाल्नेछ, जसमध्ये अभ्यासको गन्ध कपूरको गन्ध भन्दा बढी रोचक एवं मनोरञ्जक हुनेछ। यो अभ्यासमा प्रवेश गरेको अवस्थाको स्वरूप हो। यस अभ्यासको गन्धमा रोचकता बढ्दै जानेछ। जुन दिनदेखि कपूर पूर्णतया त्यागिन्छ, त्यस दिनदेखि रोचकता अधिकाधिक हुँदै जानेछ तथा गन्ध पनि दिव्य बन्दै जानेछ। यसमा स्वाभाविक मधुरताको अनुभव हुनेछ तथा कपूरादि अन्य गन्धहरूप्रति उपेक्षा जस्तो हुन जानेछ। यो गन्धको अभ्यास यति रोचक हुनेछ कि अभ्यासबाट उठ्न मनै मान्दैन तथा अभ्यासबाट उठेपछि पनि हिंड्दा-डुल्दा घन्टौंसम्म यसको संस्कार कायमै रहनेछ। गन्धाभ्यास परिपक्व भएपछि जहिले, जहाँसुकै पनि जब मन एकाग्र हुन्छ, तब गन्धको अनुभव स्वयं नै हुन थाल्नेछ। दृढ अभ्यास पश्चात् यस गन्धमाथि यतिसम्म अधिकार हुन जान्छ कि जुन वेलामा यो गन्धको अनुभव भइरहेको हुन्छ, त्यस वेलामा कुनै अन्य व्यक्तिको वस्त्रादिमाथि सास छाडेर उसलाई समेत त्यस गन्धको अनुभव गराउन सकिन्छ।

यो गन्धाभ्यास स्थिर भएपछि जिब्रोको अग्रभागमा कुनै मीठो स्वादको अनुभव हुनेछ, तर मनलाई त्यतातिर नलगाएर नासिकाकेन्द्रमा नै स्थिर राख्नुपर्दछ, किनकि रस-(स्वाद)-को भूमि यसभन्दा पछिल्लो हो। कच्चा अवस्थामा नै भूमि बदल्नु ठीक हुँदैन ।

यो कार्यगन्धको अभ्यास हो, जसमा कुनै निश्चित गन्धको अनुभव दिव्य रूपमा हुन्छ। दुवै समयमा गन्धाभ्यासपश्चात् ॐ को मानसिक जप १५ मिनेटसम्म गर्नुपर्दछ, किनकि साधकको अन्तिम लक्ष्य यही हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस गन्धाभ्यासमा अन्य कुनै गन्धको आश्रय पनि लिन सकिन्छ, तर जुन-सुकै गन्ध रोजे पनि त्यसलाई नै आरम्भदेखि अन्तसम्म कायम राख्नुपर्दछ, बदल्नु हुँदैन। गन्ध सात्त्विक हुनुपर्दछ, अत्तर आदि राजसिक गन्ध हुन्। तुलसी वा मसला-(युक्लिप्टस) -को पात आदि जसको गन्ध रोगनाशकसमेत हुन्छ, उपयोग गर्न सकिन्छ। ग्रीष्मकालमा कपूर, अलैंचीको धूलो आदि तथा जाडोको याममा तुलसी, जाइफलको धूलो आदिद्वारा अभ्यास गर्नुपर्दछ। अभ्यास आरम्भ गर्नुभन्दा अघि साधकमा धारणाको योग्यता हुनु अनिवार्य छ।

जहिलेदेखि कपूरको आश्रय छाडिन्छ, त्यस दिनदेखि १५ दिनसम्म गन्धको अभ्यास गर्नुपर्दछ, अनि त्यसपछिको भूमिकामा लाग्नुपर्दछ। बढी समयसम्म गन्धाभ्यास गर्नाले अघि बढ्न कठिनाइ हुने गर्दछ, किनभने गन्धप्रति राग उत्पन्न हुन जान्छ।

यसपश्चात् कारणगन्धको अभ्यास गर्नुपर्दछ (अघिल्लो अभ्यास जसमा कपूरादिगन्धको आश्रय लिइएको थियो, त्यो कार्यगन्ध हो)। कारणगन्धको अभ्यासको विधि यो हो– अभ्यासको समयमा मनलाई नासिकाको केन्द्रमा स्थिर राख्दै जुन कपूरको आश्रयद्वारा अभ्यास गरिएको गन्ध अनुभव भइरहेको हुन्छ, त्यसतर्फबाट मनलाई हटाउनू अर्थात् नासिकाको सूक्ष्म श्वासद्वारा त्यस गन्धलाई धकेलिरहनू, मनबाट पर पार्दै गन्धलाई बिर्सिरहनू, तर मन भने त्यही नासिकाको केन्द्रमा स्थिर रहनुपर्दछ। यस गन्धलाई बिर्संदाहुँदी भिन्न-भिन्न गन्धहरू प्रतीत हुनुपर्छ, ती सबलाई हटाउँदै गर्नुपर्दछ। अनि जब ४–५ दिनसम्म विभिन्न गन्धहरू बिर्सदै जाँदा सबै हटेपछि कारणगन्ध अथवा पृथ्वीको आफ्नो वास्तविक गन्ध (ज्येष्ठ-आषाढको घामले तातेको भूमिमा वर्षाको पहिलो झरीद्वारा उत्पन्न गन्ध) प्रतीत हुन थाल्दछ, तब त्यसै गन्धको अभ्यास मनलाई नासिकाको केन्द्रमा स्थिर राखेर गर्नुपर्दछ। दिन-प्रतिदिनको अभ्यासद्वारा यो गन्ध पनि अझ सूक्ष्म एवं रोचक हुँदै जानेछ तथा कपूरको आश्रयवाला अन्धभन्दा बढी रोचक एवं प्रिय हुन जानेछ। यसको अभ्यास १५ दिनसम्म गर्नुपर्दछ। कपूरको आश्रयद्वारा गरिएको गन्धाभ्यास-समाधिलाई **सविचार समाधि** तथा कारणगन्धको अभ्यासको समाधिलाई **निर्विचार समाधि** भन्दछन्।

कार्य तथा कारण–यी दुवै प्रकारका अभ्यासका दिनहरूमा जानी-जानीकन कुनै तीखो गन्ध सुँघ्नु हुँदैन, त्यसले अभ्यासमा बाधा पुऱ्याउनेछ। यस अभ्यासद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारको कुनै पनि गन्धप्रति मन अस्थिर हुँदैन। नासिकाशक्तिको विकास, मनको स्थिरता तथा बुद्धिको वृद्धि हुन्छ, तथा ग्राह्य मार्गद्वारा असम्प्रज्ञात समाधिसम्म पुग्ने योग्यता प्राप्त हुन्छ।

रसतन्मात्राको अभ्यास– कारणगन्धको अभ्यासपश्चात् रसको अभ्यास गर्नुपर्दछ। यद्यपि कारणगन्धको पश्चात् नै कारणरसको अभ्यास गर्न सकिन्छ किनकि कारणगन्धको अभ्यासको परिपक्व अवस्थामा जिह्वाग्रमा रसका भावनाको आरम्भ हुन थाल्दछ त्यसै बखत मनलाई जिह्वाग्रमा राखेर कारणरसको अभ्यास गर्न सक्तछौ तथापि कार्यरसको अभ्यास पनि गरेमा बेश हुनेछ; किनकि यसो गर्नाले मनमा तृप्ति र सांसारिक स्वादहरूदेखि वैराग्य हुन्छ। यस कार्यरस-साधनको विधि यसप्रकार छ– पहिले जुन वस्तु खाँदा तिमीलाई रुचिकर मधुर तथा प्रिय लाग्दछ, त्यही लेऊ। त्यो वस्तु कुनै प्राकृतिक फल आदि हुनुपर्दछ, न कि कुनै कृत्रिम मिठाइ आदि। उदारहणको लागि– अत्यन्त मधुरो स्वाद भएको केरा, आँप वा काश्मीरे स्याउ। मानिलेऊ तिमीलाई केरा मन पऱ्यो। अभ्यासको समयमा केरा साथैमा लगी बोक्रासहित भित्रको गुदी ५ टुक्रा पारेर राख। अनि पूर्ववत् ३ बाह्य प्राणायाम गरिसकेपछि एउटा टुक्राले जिह्वाग्रमा आधा मिनेटसम्म स्पर्श गर (यहाँ स्पर्शको अर्थ दबाव वा घर्षण हो) र मनद्वारा यस स्वादको निश्चय गर –त्यो कस्तो प्रकारको स्वाद हो। अनि त्यो टुक्रालाई फ्याँकेर दुइ मिनेटसम्म मन जिह्वाग्रमा नै केन्द्रित राखेर त्यस स्वादको स्मरण गर। त्यसपछि दोस्रो पटक दोस्रो टुक्रा उठाएर त्यसरी नै स्पर्श गरेर त्यसलाई फ्याँकेर दुइमिनेटसम्म त्यसै स्वादको सम्झना गर। यसै गरी ४ पटक टुक्राद्वारा अभ्यास गर। अन्तमा चौथोपल्ट ५ मिनेटसम्म त्यस स्वादको स्मरण गरिसकेपछि अभ्यासबाट उठ र पाँचौं टुक्रा केरा खाऊ र २-३ मिनेटसम्म डुल्दै त्यसको स्वादमाथि मनलाई केन्द्रित पारिराख। यसको अभ्यासक्रम पनि कपूरको जस्तो बुझ्नुपर्दछ, अर्थात् पहिलो ३ दिन चारपटक, दोस्रो ३ दिन तीनपटक, अनि दुइपटक र त्यसपछि एकपटक आदि। यो रसाभ्यास गन्धाभ्यासको अपेक्षा चाँडै सिद्ध हुनेछ। यसैले समयानुसार समयको हेरफेर पनि हुन सक्तछ। १-२ हप्तापछि प्रातःकालमा २ घन्टा अघि केराको टुक्राको अलिकता स्पर्श गरेर अभ्यास गर, र ४ घन्टापछि जिब्रोले स्पर्श गर। पछि-पछि केराको आश्रयको आवश्यकता पर्दैन। अभ्यास आरम्भ गर्दा पहिलोपल्ट दुइ मिनेटको अन्तरमा केराको स्पर्श तथा अन्तमा ५ मिनेटसम्म त्यसको स्वादको स्मरण गर्नू, दोस्रोपल्ट ३ मिनेटको अन्तरमा तथा अन्तमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१० मिनेटसम्म त्यसको स्वादको स्मरण गर्नू, तेस्रोपल्ट ५ मिनेटको अन्तरमा तथा अन्तमा १५ मिनेटसम्म स्मरण गर्नू, चौंथोपल्ट २० मिनेटसम्म अभ्यास गर्नू । शेष सबै गन्धाभ्यासमा जस्तै गर्नुपर्दछ । यस अभ्यासद्वारा २-४ दिनमा नै केही परिवर्तनको अनुभव हुनेछ, अर्थात् केराको स्वाद रोचक हुँदै जानेछ तथा जुन दिनदेखि केराको आश्रय छाडिनेछ, त्यस दिनदेखि त्यसमा अझै बढी दिव्यता उत्पन्न हुनेछ ।

प्रत्येक दिन अभ्यास गर्ने वेलामा मनलाई जिह्वाग्रतर्फ विशेषरूपले ल्याउँदै गर्नुपर्छ । अन्तमा अर्थात् १०-१५ दिनपछि मनलाई जिह्वाग्रको केन्द्रबिन्दुमा पुर्‍याउनुपर्दछ र त्यसै स्थानमा अभ्यास गर्ने गर्नुपर्दछ ।

दोस्रो दिनको अभ्यासद्वारा रस वा पानी आउन थाल्दछ, पटक-पटक त्यसलाई निल्ने चेष्टा गर्नु हुँदैन । हो, यदि आफै भित्र जान्छ भने जान दिनुपर्दछ, तर मनलाई जिह्वाग्रमाथि नै राख्नुपर्दछ । बिस्तार-बिस्तार रस आउन कम हुँदै जानेछ र जुन दिनदेखि केराको आश्रय छाडिन्छ, त्यसै दिनदेखि त्यो केराको अभ्यस्त रस जलको रूपलाई त्यागेर जिह्वाग्रबाट रश्मि-(किरण) -हरूको रूपमा निस्कनेछ र त्यसपछि अभ्यासद्वारा क्रमशः सूक्ष्मातिसूक्ष्म हुँदै जानेछ । त्यो जति-जति सूक्ष्म हुँदै जानेछ, त्यतित्यति नै त्यसमा रोचकता तथा आनन्दको वृद्धि हुँदै जानेछ । यो कार्यरसको अभ्यासक्रम हो। अभ्यासको दृढ अवस्थामा यो रस पनि अरूलाई चखाउन सकिन्छ जुनवेला स्वादको अनुभूति भइरहेको हुन्छ, त्यसवेला जिह्वाग्रको सास कागत वा कपडामा पारेर अरूलाई चखाउन सकिन्छ ।

जब कार्यरसको सिद्धि हुन्छ र लगभग १५ दिनसम्म अभ्यास गरिसकिन्छ तब मनलाई कार्यरसतर्फबाट हटाउँदै जाऊ, अर्थात् मन त जिह्वाग्रमै रहोस्, तर कार्यरसलाई बिर्सँदै जाऊं (जसरी कार्यगन्धलाई बिर्सेका थियौं) । यद्यपि भुल्ने क्रममा अन्य स्वादहरूको समेत अनुभव हुनेछ, तथापि सबै प्रकारका स्वादहरूलाई मनबाट पन्छाउँदै जाऊ। दुइ-चार दिनमा जब कार्यरस बिर्सिन्छ, तब कारणरस अर्थात् स्वाभाविक जलको स्वाद जिह्वाग्रमा अनुभव हुनेछ; त्यसपछि निरन्तर त्यसैको अभ्यास गर्नुपर्दछ । बिस्तार-बिस्तार त्यसमा सूक्ष्मता तथा रोचकता बढ्दै जानेछ र कार्यरसको अपेक्षा बढी रोचक प्रतीत हुन थाल्नेछ । यो अभ्यास १५ दिनसम्म गर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसशक्ति पनि गन्धशक्ति समान तीव्र हुन जानेछ तथा भिन्न-भिन्न प्रकारका स्वादहरूलाई आकर्षित पार्ने सिद्धि प्राप्त हुनेछ तथा अरूलाई पनि ती स्वादहरूको आस्वादन गराउन सकिन्छ ।

रूपतन्मात्राको अभ्यास – यसको तरीका यस्तो छ– कारण रसाभ्यास-पश्चात् कारणरूप तन्मात्राको अनुभव हुन थालेमा सोझै त्यसमा जान सकिन्छ, अन्यथा पहिले कार्यरूपको अभ्यास गर्नुपर्दछ । त्यसको विधि यस्तो छ– कुनै सुन्दर, हरियो, ताजा पात वा गुलावको फूल अगाडि राखेर अभ्यासको समयमा कपूर आदिमा जस्तै आधा मिनेटसम्म एकटकसँग हेर्नु र त्यसपछि आँखा चिम्लेर दुइ मिनेटसम्म त्यसको सम्झना गर्नु आदि-आदि सम्पूर्ण क्रमहरू गन्धाभ्यास तथा रसाभ्यासको जस्तो नै बुझ्नुपर्दछ । यसको कारणरूप बनाउने क्रम पनि कारणगन्ध तथा कारण रसको जस्तो नै हुन्छ । त्यसै क्रमानुसार अभ्यास गर्नुपर्दछ ।

मुखभित्र तालुमा (जहाँ गोलो मांसखण्ड जस्तो रहेको हुन्छ) मनलाई केन्द्रित पारेर रूपको अभ्यास गर्नुपर्दछ– **तालुनि रूपसंवित्** । कारणरूपको अभ्यासमा पहिले अग्निभन्दा पनि सूक्ष्म विद्युत्जस्तो अनुभव हुनेछ, तर उत्तरोत्तर अभ्यासद्वारा विद्युत्भन्दा पनि ज्यादा सूक्ष्म विद्युत्जस्तो अनुभव हुनेछ, तर उत्तरोत्तर अभ्यासद्वारा विद्युत्भन्दा पनि ज्यादा सूक्ष्म, रोचक तथा स्वच्छ दृश्य देखा पर्न थाल्दछ, जसको तुलना कुनै पनि प्रकाशसँग हुन सक्तैन । कारणरूपको अभ्यासको परिपक्व अवस्थामा दिव्य दृष्टि प्राप्त हुन्छ ।

स्पर्शतन्मात्राको अभ्यास– कारणरूपको अभ्यासपश्चात् मनलाई तालुबाट हटाएर त्यसभन्दा तल रहेको जिब्रोको मध्यमा (जुन स्थान त्वगिन्द्रियको केन्द्र हो) मनलाई स्थिर पारेर वायुको स्पर्शको अभ्यास गर्नु राम्रो हुनेछ । यो कारणस्पर्शको अभ्यास हो । कार्यस्पर्शको अभ्यास गर्नु छ भने पनि मनलाई तालुबाट हटाएर जिब्रोको मध्यमा राखेर कुनै चिप्लो वा सफा काँच अथवा स्फटिकको डल्लो आदि वस्तुलाई हस्तादि कुनै अनुकूल अङ्गद्वारा कपूर आदिमा जस्तै अभ्यास गरी स्पर्शको अभ्यास दृढ पार्नुपर्दछ । पराङ्गस्पर्श-(अरूको अङ्गको स्पर्श)-को अभ्यास सर्वथा त्याज्य छ । कार्य-स्पर्शको अभ्यास गरिएको छ भने त्यसलाई पनि बढीमा १५ दिनसम्म कायम राखेर त्यसपछि क्रशमः बिर्सँदै कारणस्पर्शतर्फ लाग्नुपर्दछ र मनलाई जिह्वामध्यमा राखेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारणस्पर्शको अभ्यास गर्नुपर्दछ । यस क्रममा शुरूमा वायुको समान स्पर्शको अनुभव हुनेछ तथा क्रमशः रोचकतामा वृद्धि हुँदै जानेछ र स्पर्शको विचित्र सूक्ष्म गतिको अनुभव हुनेछ

सम्पूर्ण शरीरको भित्र तथा बाहिर त्वचाको राज्य छ । यसैले यदि आफ्नो शरीरमा कुनै किसिमको बल, पुष्टि, सौन्दर्य इत्यादि ल्याउनु छ भने उक्त जिह्वामध्य (त्वचाको केन्द्र)-मा मनलाई केन्द्रित पारेर ती-ती गुणहरूको प्रवेशको चिन्तनको अभ्यास गर्नुपर्दछ । लामो अवधिसम्म यो प्रवेशको अभ्यास गर्नाले प्रवेशको सफलता बढी हुन्छ, तर यो सिद्धिको मार्ग हो । होशियार ! हो, कारण-स्पर्शभ्यास गर्दै अलिअलि बल आदिको प्रवेशाभ्यास अन्तिम ५ मिनेटसम्म अवश्य गर्नुपर्दछ ।

शब्दतन्त्रमात्राको अभ्यास– यसप्रकार वायुको कारण-स्पर्शभ्यासपश्चात् पहिले कार्यशब्दको अभ्यास गर्नुपर्दछ । कुनै पनि बाजाको एकरस ध्वनि, जस्तै हार्मो-नियमको कुनै सुरिलो स्वर अथवा घण्टी, शङ्ख आदिको लगातार ध्वनिलाई कानद्वारा कपूर आदिको प्रक्रियाअनुसार सङ्ख्या र अन्तरका साथ सूनी-सुनीकन अभ्यास गर्नुपर्दछ अथवा बाजा आदिविना केवल ध्वनिको चिन्तनमात्रद्वारा पनि यो अभ्यास गर्न सकिन्छ र यसपछि कारणशब्दको अभ्यास गर्नुपर्दछ; अर्थात् कार्यशब्दलाई बिर्संदै मनलाई जिह्वामूल-(किलकिले)- मा राख्नाले सूक्ष्म ध्वनि- (जुन आन्तरिक अवस्था-द्वारा अनुभूत हुन्छ र जुन ध्वनिमात्रको मूल हो) को अनुभव हुनेछ ।त्यही ओंकारको ध्वन्यात्मक रूप नाद हो । यो भनिरहने आवश्यकता छैन–यसै उद्देश्यको सिद्धिको लागि हिन्दूधर्मको पूजापद्धतिमा वाद्यध्वनिहरू प्रत्येक पूजापद्धतिको आवश्यक अङ्ग मा-निएका छन् तथा पूजाको आदि-अन्तमा शङ्खध्वनि (ओंकार) गुन्जाइन्छः तर हाम्रा परमाधुनिक बन्धुहरूले यो कुरा बुझिदिए पो !!

अहङ्कार आदिको अभ्यासको विधि– अहिलेसम्मको अभ्यास ज्ञानेन्द्रिय-हरूद्वारा गरिने तन्मात्राहरूको अभ्यास थियो । अब यसपछि– **तेषामहङ्कार सूक्ष्मो विषयः** अर्थात् तन्मात्राहरूको सामु अहंकारको सूक्ष्म विषय छ । अहङ्कार प्रकृतिको दोस्रो विकार हो–**प्रकृतेर्महान् महतोऽहङ्कारः। अहङ्कारात् पञ्चतन्मात्राः** । जगत्को कारणरूप प्रकृतिको महत्तत्त्वको नामले पहिलो विकार भयो, त्यसपछि दोस्रो विकार अहङ्कारको नामले भयो । यसपछि आकाश आदिका तन्मात्राहरू उत्पन्न भए । यसैले शब्दतन्मात्राको अभ्यासपश्चात् अहङ्कारको अभ्यास गर्नुपर्दछ । यसको विधि यसप्रकार छ– कानहरूद्वारा शब्दतन्मात्राको अभ्यास परिपक्व भइसकेपछि मनलाई जिह्वामूलबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हटाएर त्यसभन्दा पनि तल रहेको स्वरयन्त्र- (Laryux)- मा स्थिर पारेर बिलकुल शान्त भएर बस्नुपर्दछ र त्यसवेला जेसुकै पनि अहम्भाव-गर्भित मानसिक वृत्तिजस्तो प्रतीत हुन्छ, त्यसैलाई अहङ्कार ठान्नुपर्दछ। कदाचित् कुनै ज्ञानेन्द्रियको विषय गन्ध, रस, रूप, स्पर्श आदिको अनुभव हुन लाग्यो भने तिनलाई हटाउँदै गर्नुपर्दछ तथा मन-लाई कुनै पनि इन्द्रियकेन्द्रतर्फ जान दिनु हुँदैन। यसप्रकार केही दिनको अभ्यासपश्चात् तन्मात्राको विज्ञानभन्दा अलग्ग अहङ्कारको अनुभूति हुन लाग्नेछ; अहम् अस्मिरूप वृत्तिको अनुभव हुन थाल्नेछ। यो अभ्यास शुरू गरेको एक हप्तापछि मन स्वयं नै त्यस अहङ्कारभन्दा पनि अगाडि कुनै अन्य अवस्थाको अनुभव गर्नको लागि त्यसभन्दा पनि अगाडि स्वरयन्त्रभित्र जान चाहन्छ भने त्यसै अवस्थामा जुन अनुभव प्रतीत हुन्छ, केही दिनसम्म त्यसैको अभ्यास गर्नुपर्दछ (निस्तरङ्ग समुद्रको जस्तै एक शान्त व्यापक प्रकाशको अनुभूति)। यही महत्तत्त्वको अनुभूति हो, जुन प्रकृतिको प्रथम विकार हो। जब १-२ हप्तासम्म महत्तत्त्वको अभ्यास भइसक्तछ र मन स्वयं नै स्वरयन्त्रबाट भित्रतर्फ अगाडि बढेर महत्तत्त्वभन्दा पनि उच्चावस्थाको अनुभव गर्न थाल्दछ, तब त्यसैको अभ्यास गर्दै जानुपर्दछ। यही प्रकृतिको स्वरूपको अभ्यास हो, जुन स्वरयन्त्रभन्दा तल हृदयको नजीकतिर अनुभव हुन्छ। योगको ग्राह्य मार्गको यो अन्तिम स्थान हो, जुन सूक्ष्मताको पराकाष्ठा हो।

ग्राह्य मार्गको अतिसूक्ष्म स्थान प्रकृति नै हो। यसभन्दा पछि कुनै सूक्ष्म स्थान वा सूक्ष्म वस्तु छैन। यद्यपि ईश्वरको सूक्ष्मता प्रकृतिभन्दा बढी छ, तर त्यो ग्राह्य दृष्टिद्वारा होइन, अपितु चेतन दृष्टिद्वारा हो। प्रकृतिसम्मको अभ्यासमा मन- (अन्तः-करण)- ले कार्य गर्दछ, यसले यहाँसम्मको विषय मनोविज्ञानको भयो र यहाँसम्मका समाधिहरू एकाग्र समाधि, सम्प्रज्ञात समाधि, सालम्बन समाधि तथा सबीज समाधिको नामले पुकारिन्छन्। यसभन्दा पछि– **तस्याऽपि निरोधः सर्वनिरोधान्निर्बीजः समाधिः।** (१।५१)। अर्थात् यसको पनि निरोध भएपछि तथा सबको निरोध भएपछि निर्बीज समाधि हुन्छ। यो प्रकृतिको अभ्यासभन्दा पनि अगाडि बढ्नुपर्दछ, अर्थात् अभ्यासको बेलामा प्रकृतिको अवलम्बनलाई समेत त्याग्नुपर्दछ। सर्वथा निर्विचार हुन जानु निरालम्बन अभ्यासको स्थितिमा पुग्नु हो, यसको दृढावस्थामा निर्बीज वा असम्प्रज्ञात समाधिको क्षणिक अनुभव हुन थाल्दछ। यसमा निजात्मा तथा ब्रह्मात्माको एकताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभव हुन्छ । यसलाई ब्रह्मसमाधि बुझ्नुपर्दछ । यो आत्मज्ञानको भूमि हो । यसभन्दा पछि आत्मविज्ञानका भूमिहरू छन्, जसको सम्वन्ध ग्रहीतृमार्गसँग छ ।

ग्रहणमार्ग– ग्रहणमार्गमा सुषुम्णा, ज्ञानेन्द्रियहरू तथा अन्तःकरणका भूमिहरू पर्दछन् । पहिले सुषुम्णाको भूमिको अभ्यास गरिन्छ । यसका अभ्यासका सात भूमिहरू छन् । यिनलाई सात केन्द्र वा चक्र भन्दछन् । सूक्ष्म प्राणहरूका यी सात केन्द्र अथवा चक्र हुन्– **सप्त इमे लोका येषु चरन्ति प्राणाः (मुण्डकोपनिषत्)** अथवा वैदिक शब्दहरूमा यी **भूः, भुवः, स्वः, महः, जनः, तपः** तथा सत्यम्‌का नामले प्रसिद्ध छन् । सुषुम्णा मेरुदण्डमा प्रधान रूपले अवस्थित छ । यद्यपि यसका सूक्ष्म तन्तुहरू सम्पूर्ण शरीरमा व्याप्त छन्, तथापि केही तन्तुग्रन्थिहरू प्राणशक्ति तथा संवेदन-शक्तिका मुख्य स्थान हुनाले ती चक्रहरूका नामले पुकारिन्छन् । ती मूलाधार आदि सात चक्र हुन् । योगमा सुषुम्णाको प्रवेशद्वार मूलाधार-चक्र नै मानिएको छ । पहिले यसमा प्रवेश गर्नुपर्दछ, त्यसपछि क्रमशः नै स्वयं नै अघि बढ्दैजानेछ ।

सर्वप्रथम तीन आभ्यन्तर प्राणायाम गर, अर्थात् सम्पूर्ण श्वासलाई भित्र तानेर भित्रै रोक, जब गाऱ्हो हुन थाल्दछ, तब रेचक गर; तर श्वासलाई बाहिर बिलकुलै नरोक ।

सुषुम्णाको अभ्यास– यसको पहिलो चक्र मूलाधार हो । यसले गुदाभित्र धमनीरूपले केही गतिजस्तै उत्पन्न गरिरहेको अनुभव हुनेछ । त्यसमाथि मनलाई केन्द्रित राखेर त्यस गतिको लगातार अनुभव गर्नुपर्दछ तथा गणेशजीको मानसिक जप गर्नु पर्दछ । पहिलो दुइ दिन १५ मिनेट, दोस्रो दुइ दिन २० मिनेट, तेस्रो दुइ दिन २५ मिनेट र त्यसपछि ३० मिनेटसम्म त्यस गतिमाथि मन लगाएर अभ्यास गर । एक-डेढ हप्ता-जतिमा मनको पूरा आकर्षण मूलाधारतर्फ हुन जानेछ । त्यसको पश्चात् मन उपराम (विषय-वासनादेखि विरक्त) भएर स्वाधिष्ठान-चक्र- (लिङ्गमूल)- तर्फ उत्क्रान्ति गर्नेछ, तर केही दिनसम्म विशेष रूपले स्वाधिष्ठानतर्फ ध्यान नदेऊ, अनि केही समय पश्चात् स्वाधिष्ठानतर्फ उत्क्रान्ति- (आकर्षण)- को साथै गुदाचक्र छाडी लिङ्गमूल-चक्रमाथि मनलाई केन्द्रित पारेर अभ्यास गर; साथै यसरी प्रतिदिन आधा घन्टासम्म अभ्यास गरेमा एक हप्तामा लिङ्गचक्रको अभ्यास परिपक्व हुन जानेछ । त्यसपछि मनलाई नाभिचक्रमा राखेर अभ्यास गर्नुपर्दछ, अर्थात् त्यस चक्रमाथि मन केन्द्रित राखेर एकाग्रतापूर्वक मानसिक जप गरिरहनुपर्दछ । एक हप्तापछि मन जब माथितिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको हृदयतर्फ बढ्न खोज्दछ, तब मनलाई हृदयचक्रमा राखेर मानसिक जप गर्नु पर्दछ। हृदयचक्रपछि कण्ठचक्र, अनि त्यसपछि आज्ञाचक्र र अन्तमा सहस्रारचक्रसम्म एक-एक हप्ताको अभ्यासद्वारा अघि बढ्नुपर्दछ। सुषुम्णाका भूमिहरू यहींसम्म मात्र हुन्। यस भन्दा पछि ज्ञानेन्द्रियहरूका भूमि छन्।

कुनै-कुनै साधकलाई यस अभ्यासद्वारा वात प्रकुपित भएर वातरोग लाग्छ। यसैले ज-जसलाई यस अभ्यासक्रममा नाभिचक्रमा पुग्दा पेटमा वायुदोषद्वारा पीडा आदि हुन लाग्दछ, तिनले यस अभ्यासको त्याग गर्नुपर्दछ र सोझै ज्ञानेन्द्रियहरूको अभ्यासतर्फ लाग्नुपर्दछ। जुन चक्रमा कष्ट अनुभव हुन थाल्दछ, त्यहीं यो अभ्यास छाड्नुपर्दछ। वीर्यदोष भएकाहरूको लागि मूलाधार-चक्र र स्वाधिष्ठानचक्रको अभ्यास आवश्यक छ। यसद्वारा वीर्यस्तम्भन भएर दोषको निवृत्ति हुन्छ तथा दुर्वासनाको नाश हुन्छ।

ज्ञानेन्द्रियहरूको अभ्यास– नासिकाशक्ति, जिह्वाशक्ति, नेत्रशक्ति, त्वचाशक्ति तथा श्रोत्रशक्तिको भेदले यस अभ्यासका ५ भूमिहरू छन्। प्रथम नासिका-शक्तिको लागि मनलाई नासिकामूलमा लगभग २५ मिनटसम्म स्थिर पार्नुपर्दछ। २-४ दिनको अभ्यासपछिको केही मौलिक गन्धको साथै नासिका-प्रणालीहरूको अनुभव हुनेछ। प्रतिदिन प्रायः आधा घन्टा प्रातः र साँझमा अभ्यास गरिरहनुपर्दछ। मन नासिकाका जुन-जुन प्रणालीहरूमा जान चाहन्छ, ती-ती प्रणालीमै त्यसलाई जान दिनु पर्दछ। यसै प्रकार १५ दिनसम्म अभ्यास गर्नुपर्दछ। त्यसपछि जब आन्तरिक भावना स्वयं नै जिह्वातर्फ बढ्न थाल्दछ, तब नासिकाशक्तिको अभ्यास छाडेर जिह्वाशक्तिको अभ्यास प्रारम्भ गरिदिनुपर्दछ तथा मनलाई बिस्तार-बिस्तार जिब्रोको केन्द्र- (जिह्वाग्र)- मा पुर्‍याउनुपर्दछ। त्यसपछि जिह्वाशक्तिको अभ्यासपश्चात् नेत्रशक्तिको अभ्यास गर्नु पर्दछ, अर्थात् जिह्वाशक्तिको अभ्यास गरेको १५ दिन पुगेपछि, अथवा जब मनको आन्तरिक भावना आँखातर्फ बढ्न थाल्दछ, तब जिब्रोको अभ्यास छाडेर नेत्रशक्तिको अभ्यास यस प्रकारले गर्नुपर्दछ– आँखाहरूतिर मनलाई लगी बिस्तार-बिस्तार तिनको केन्द्र- (तालुमूल)- मनलाई राखेर अभ्यास गर्नुपर्दछ यसो गर्नाले आँखाहरूका सूक्ष्म शिराहरूसँगै मूलज्योतिको भान हुन्छ, अनि केही दिनको अभ्यासपछि जब मनले स्वयं नै शरीरका अङ्ग-प्रत्यङ्गमा केही स्पर्शजस्तो आन्तरिक भावले अनुभव गर्न थाल्दछ, तब त्वचाको केन्द्ररूप जिह्वाको माध्यमा मनलाई राखेर अभ्यास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु पर्दछ। यस अभ्यासद्वारा प्रेममय मौलिक स्पर्श प्रतीत हुनेछ, अनि जब केही दिनको अभ्यासपश्चात् मन कानतर्फ आकृष्ट भएजस्तो लाग्दछ, तब त्वचाको अभ्यास छाडेर कानहरूमा नाडीहरूको सहायताबाट, जुन जिह्वामूलसँग सम्बद्ध हुन्छन्, अर्थात् जिह्वा-मूल- (किलकिले)- लाई केन्द्र बनाएर श्रोत्रशक्तिको अभ्यास आरम्भ गर्नुपर्दछ। यहाँनिर सूक्ष्म मौलिक शब्द तथा शब्दग्राहक सूक्ष्म तन्तुहरूका तानको अनुभव हुनेछ। केवल यहाँसम्म मात्र ज्ञानेन्द्रियहरूको अभ्यास हो। यसभन्दा पछि अन्तःकरणका भूमि-हरू छन्।

मनको अभ्यास– श्रोत्रेन्द्रियको अभ्यास पूर्ण भएपछि अर्थात् सूक्ष्म ध्वनि अथवा तन्तुहरूको तान जब लीन हुन थाल्दछ र मनमा सङ्कल्प-विकल्पका धाराहरू उत्पन्न हुन थाल्दछन्, तब मनका ती धाराहरूको निरीक्षण गर्नुपर्दछ। अनुचित वा पापमय अशुद्ध धाराहरूलाई रोकेर उचित धाराहरूलाई जहाँसम्म जान्छ, जान दिनु पर्दछ। २-३ दिनसम्म मनका यी धाराहरूको निरीक्षणको अभ्यास गरेपछि ती धारा-हरूलाई सर्वथा रोकिदिने अभ्यास गर्नुपर्दछ। सङ्कल्प-विकल्पका धाराहरू रोकिनाले मन केन्द्रित भएर वशमा हुन जान्छ र त्यसको अनुभव स्वस्थ एवं वास्तविक स्थितिमा हुनेछ। यसको अनुभवद्वारा इन्द्रियहरूको अपेक्षा बढी आनन्दको अनुभव हुन्छ। यो अभ्यास १५ दिनसम्म गर।

मनको सङ्कल्प-विकल्परहित अवस्थामा यदि कुनै दोषलाई आफूभित्रबाट हटाउन चाहन्छौ भने मनको केन्द्रित अवस्थामा त्यस दोषलाई बारम्बार आन्तरिक तिरस्कार घृणादृष्टिद्वारा आफूभित्र रहन नदिने भावना गर। फलानो दोष ज्यादै हानिकारक छ। त्यो दोष मभित्र रहनु हुँदैन। त्यो मबाट हट्नुपर्दछ। म यसलाई हटा-उनेछु, अवश्य हटाउनेछु र हटाइरहेको छु। यो अवश्य दूर हुनेछ र हट्दै गइरहेको छ, आदि सङ्कल्पधाराहरू उत्पन्न गरेर लाभ प्राप्त गर्नु पर्दछ। यसै प्रकार जुन गुणहरूलाई आफूभित्र ल्याउनुपरेको छ, त्यसको लागि पहिले जस्तै मनको केन्द्रित अवस्थामा तिनको प्रवेशको गहिरो इच्छा गर्नुपर्दछ– फलानो गुण मभित्र आउनुपर्दछ, अवश्य आउनु पर्दछ,अवश्य आउनेछ र आइरहेको छ। यस प्रकारको सङ्कल्प वृत्तिलाई बारम्बार जाग्रत् पारेर लाभ उठाउनुपर्दछ, अवश्य सफलता मिल्नेछ। यसै प्रकार अन्य श्रद्धालु व्यक्ति-हरूको दुर्गुण हटाएर तिनमा शुभ गुणहरूको प्रवेश गराउन सकिन्छ। प्रातःकालमा आफ्नो अभ्यासपश्चात् त्यस पुरुषलाई अघिल्तिर राखेर वर्तमान दुर्गुणका हानिहरू बताउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसलाई त्याग्ने उपदेश २-४ दिनसम्म प्रेममय शब्दहरूद्वारा नयाँ-नयाँ ढङ्गले दिनु पर्दछ। त्यसमा अवश्य सफलता प्राप्त हुनेछ र हुने गर्दछ। आमाहरूले आफ्ना सन्तानको लागि शुभ गुणहरूको भावना प्रदान गरेमा सन्तान शुभगुणयुक्त हुनसक्तछन् ।

बुद्धिको अभ्यास— जब मनका सङ्कल्प-विकल्प आदि धाराहरू बन्द हुन्छन् तथा मन केन्द्रित भएको ५-७ दिन हुन्छ अथवा बुद्धिको सन्देह एवं निश्चय गर्ने धाराहरू उपस्थित हुन लाग्दछन्, तब तिनमा अनिष्ट धाराहरू बन्द गर्दै शुद्ध धाराहरूतर्फ बुद्धि-लाई प्रस्थान गर्न दिनुपर्दछ। त्यसपछि विस्तार-विस्तार दुवै धाराहरूलाई बन्द गरेर केन्द्रमा स्थित बुद्धिको स्वरूपको अभ्यास गर, जुन मनभन्दा पनि सूक्ष्म तत्त्व हो। यसको अभ्यासमा मनभन्दा पनि बढी आनन्द तथा प्रकाशको अनुभव हुनेछ, तथा बुद्धिमा तीव्रता आउनेछ ।

चित्तको अभ्यास— जब बुद्धि केन्द्रित हुने अभ्यासको अवस्था परिपक्व-हुन्छ अथवा चित्तमा भूतस्मृति तथा भावी लक्ष्यका वृत्तिहरू जाग्न थाल्दछन्, तब त्यसै प्रकारले अग्राह्य वृत्तिहरूलाई रोकी उचित भूतस्मृति एवं भावी लक्ष्यका धाराहरूमाथि चित्तको अभ्यास गरेर त्यसपछि ती दुवै वृत्तिहरूलाई समेत बन्द गरी चित्तलाई केन्द्रमा लगाएर अभ्यास गर । यसको स्वरूप बुद्धिभन्दा पनि सूक्ष्म छ र यसको अनुभवद्वारा विशेष आनन्द तथा प्रकाशको अनुभव हुनेछ । यसबाट स्मरणशक्ति समेत बढाउन सकिन्छ— शुरूमा ३ घन्टाअघिको स्मरण गर, अनि ६ घन्टाअघिको, अनि एक दिन अघिको। यस प्रकार पछिल्तिर हटाउँदै चित्तलाई धेरै समय अघिसम्म-पुऱ्याउनू। पहिले युवावस्थाको स्मरण, अनि कुमार एवं बाल्यावस्थाको स्मरण, अनि शैशवको स्मरण तथा अन्तमा प्रगाढ ध्यानको अवस्थामा गर्भावस्थाको स्मरण र त्यसपछि पूर्वजन्मको स्मरण गर (पूर्वजन्मको मृत्युको स्मरण, बृद्धावस्थाको स्मरण तथा युववास्था तथा बाल्यावस्थाको स्मरण ।)

अहङ्कारको अभ्यास— चित्तको अभ्यास परिपक्व भएपछि अहंकारको अभ्यास यसप्रकार गर्नुपर्दछ। जब अहङ्कारको **ममेदम्** अर्थात् 'फलानो वस्तु मेरो हो। त्यो व्यक्ति मेरो हो, उ मेरो हो' भन्ने वृत्ति उत्पन्नहुन्छ त्यसलाई उचित रूपले जहाँसम्म जान चाहन्छ, जान देऊ। त्यसपछि त्यस वृत्तिलाई सूक्ष्म पार र परिणाम निकाल— कुनै वस्तु पनि मेरो होइन । वास्तवमा यो शरीरसमेत आफ्नो होइन । केही समयपश्चात् यसलाई मैले त्याग्नै पर्छ। त्यसपछि- **ममेदम्** वृत्तिलाई छोडेर अर्थात् बन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर– **ग्रहमिदम्**–अर्थात् 'म यस्तो छू, म पुष्ट छु, म कमजोर छु, म पवित्र छु' आदि आदि– शरीर, इन्द्रियहरू तथा अन्तःकरणका धर्महरूको अनुभव उचित रूपमा आफू-भिन्न गरेर त्यसपछि त्यसको समेत विराम अर्थात् त्याग गरिदेऊ तथा अहङ्कारलाई केवल **अहमस्मि** – अर्थात् म छु को मात्र अभ्यास एवम् अनुभव गर। 'म यस्तो छु,म उस्तो छु' भन्ने किसिमको भाव पूर्ण रूपले हटाऊ।करीब एक हप्तासम्म यस्तो अभ्यास गर।यस अभ्यासद्वारा अहंशक्तिमा यति शक्ति आउँछ कि जुन वस्तुप्रति ममत्व गर्दछ, त्यो वस्तु उसैको हुन जान्छ, र आफूलाई जुन आन्तरिक गुण वा धर्मले युक्त बनाउन चाहन्छ, उ त्यस्तै बन्न पुग्छ ।

बस्, यही नै ग्रहणमार्गको अन्तिम भूमिको स्वरूप हो, किनकि यहाँसम्म अवलम्बनको सँगसँगै समाधिहरू पनि हुँदै गइरहेका छन्। त्यसपछि **अहमस्मि**- (म छु) बाट **अहंलाई** झिकिदिने हो भने **अस्मि** अर्थात् छुको बोध हुनासाथै सर्वनिरोधमा पर-मात्माको **अस्ति** अर्थात् छको अनुभव भएर परब्रह्म परमात्माको अस्तित्वको अपरोक्ष निश्चय हुन्छ। ग्रहणमार्गद्वारा ब्रह्मसमाधिको यही स्वरूप हो। यसको अभ्यास एक महीनासम्म गर ।

ग्रहीतृमार्ग– ग्राह्य मार्ग तथा ग्रहणमार्गद्वारा सर्वनिरोधको अवस्थामा आफ्नो स्वरूपसँग जब **अस्ति** अर्थात् छको अवस्थामा ब्रह्मात्माको निश्चय हुन जान्छ, तब त्यसलाई ॐ ठान्नुपर्दछ। यसको साढे तीन मात्रा भएको अभ्यास पनि त्यसै प्रकारले गर्नुपर्दछ–

१. अ–जाग्रतवस्थाभूमि–स्थूल शरीरद्वारा स्थूल संसारमा ब्रह्मदर्शन।
२. उ–स्वप्नावस्थाभूमि–सूक्ष्म शरीरद्वारा सूक्ष्म जगत्मा ब्रह्मदर्शन ।
३. म–सुषुप्त्यवस्थाभूमि– कारण शरीरद्वारा अव्यक्तमा ब्रह्मदर्शन ।
४. **अर्धमात्रा**– तुर्यावस्थाभूमि- आत्माद्वारा अद्वैततामा ब्रह्मदर्शन ।

प्रणवोपासनलाई विशेष रूपले बुझ्नको लागि **माण्डूक्योपनिषद्को** अध्ययन गर्नुपर्दछ। यसको विशेष विधिको वर्णन पछि गरिनेछ। यहाँ यति मात्र बुझ्नुपरेको छ–प्रणवको जप तथा अर्थभावनाको बारम्बार सहयोगद्वारा अस्मितानुगत तथा त्यसको दृढावस्थामा असम्प्रज्ञात समाधिद्वारा ब्रह्मसाक्षात्कारको तुर्या (चतुर्थ) भूमि बन्दछ, तथा शिवरूप, सत्-चित्-आनन्दरूपमा स्वरूपावस्थिति हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो कुरा महर्षि पतञ्जलि योगसूत्रमा यसरी बताउँदछन्– **निर्विचारवैशारद्येऽध्यात्मप्रसादः** (१।४७) अर्थात् निर्विचार समाधिको वैशारद्य (प्रवीणता) भएपछि अध्यात्म-(प्रज्ञा)-को निर्मलता हुन्छ । वैशारद्य अर्थात् **स्वच्छःस्थितिप्रवाहित्वं वैशारद्यम्** अर्थात् शुद्ध स्थितिको प्रवाह वैशारद्य भनिन्छः तथा अध्यात्म अर्थात् **आत्मनि बुद्धौं वर्वत इत्यध्यात्म** । जे आत्मा अर्थात् बुद्धिमा स्थित रहन्छ त्यो अध्यात्म हो; तथा प्रसादको अर्थ हो प्रसन्नता, निर्मलता । यस प्रकार **अध्यात्मप्रसादको** अर्थ हो– बुद्धिमा हुने प्रसन्नता अर्थात् निर्मलता ।निर्विचार समाधिको उच्च अवस्थामा रजस्तमरूप मल तथा आवरणको नाश भएपछि प्रकाशस्वरूप बुद्धिको सत्त्वगुणको प्रधानताद्वारा रज र तमद्वारा अनभिभूत (नदबाइएको) स्वच्छ स्थिरतारूप एकाग्र निरन्तर प्रवाहित रहन्छ। यसैको नाम **वैशारद्य** हो । यसद्वारा योगीलाई प्रकृतिपर्यन्त सम्पूर्ण पदार्थहरूको एकै समयमा साक्षात्कार हुन जान्छ ।यो साक्षात्कारको नाम **अध्यात्मप्रसाद** हो । यसैलाई **स्फूटप्रज्ञालोक** तथा **प्रज्ञा-प्रसाद** पनि भन्दछन् । श्रीव्यास भगवान् यस अवस्थाको वर्णन यसप्रकार गर्दछन् ।

प्रज्ञाप्रासाद मरुह्य ह्यशोच्यः न शोचतोजवान्
भूमिष्ठानिवप्र शैलस्थः सर्वान् प्राज्ञोऽनुपश्यति

अर्थात् प्रज्ञारूप प्रसाद-(महल)- मा बसेर शोकरहित प्राज्ञ (योगी) शोकाकुल मनुष्यलाई यसरी हेर्दछ, जसरी पहाडको शिखरमा उभिएको मनुष्य तल भूमिमा उभिएका मनुष्यहरूलाई हेर्दछ ।

यो अध्यात्मप्रसादद्वारा योगीलाई जुन प्रज्ञा-(बुद्धि)- को उपलब्धि हुन्छ, त्यसको सार्थक नाम निम्नलिखित सूत्रमा भनिएको छ–**ऋतम्भरा तत्र प्रज्ञा** (१।४८)। अर्थात् अध्यात्मप्रसाद उपलब्ध भएपछि जुन प्रज्ञा (समाधिजन्यबुद्धि) उत्पन्न हुन्छ, त्यसको नाम **ऋतम्भरा प्रज्ञा** (सत्यलाई धारण गर्ने अविद्यादिरहित बुद्धि) हो। निर्विचार समाधिको विशारदताद्वारा जन्य अध्यात्मप्रसाद हुनाले समाहित चित्त योगीको जुन प्रज्ञा उत्पन्न हुन्छ, त्यसको नाम **ऋतम्भरा प्रज्ञा** हो । त्यो त्यसको यथार्थ त्यसको नाम हो; किनकि **ऋत** सत्यको नाम हो र **भरा**को अर्थ धारणा गर्ने हो , अर्थात् यो प्रज्ञा सत्यलाई नै धारणा गर्ने हुन्छ । यसमा भ्रान्ति, विपर्यय ज्ञान- अर्थात् अविद्यादिको गन्धसम्म पनि हुँदैन । यस प्रज्ञाको उपस्थितिद्वारा उत्तम योगको लाभ हुन्छ । भनिएको पनि छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगमेनानुमानेन ध्यानाभ्यासरसेन च।
त्रिधा प्रकल्पयन् प्रज्ञां लभते योगमुत्तमम्

अर्थात् वेदविहित श्रवणद्वारा, अनुमान- (मनन)-द्वारा तथा ध्याना-भ्यासप्रति आदर- (निदिध्यासन)– द्वारा यी तीन प्रकारले प्रज्ञाको सम्पादन गर्दै योगी उत्तम योग प्राप्त गर्दछ ।

सत्य तथा ऋतमा यस प्रकारले फरक बुझ्नुपर्दछ जस्तो कि आगम तथा अनुमानद्वारा जुन यथार्थ ज्ञान प्राप्त हुन्छ, अर्थात् Conceptual Factत्यो सत्य हो, तथा साक्षात्कार गरेपछि जुन यथार्थ ज्ञान प्राप्त हुन्छ, अर्थात् Perceptual Fact त्यो ऋत हो। अर्थात् ऋतको अर्थ साक्षत् अनुभूत हो सत्य। यसपछिको सूत्रमा ऋतम्भरा प्रज्ञाको विशेषता बताइएको छ–**श्रुतानुमानप्रज्ञाभ्यामन्यविषया विशेषार्थत्वात्** (१।४९)। अर्थात् आगम तथा अनुमानको प्रज्ञाभन्दा ऋतम्भरा प्रज्ञाको विषय फरक छ, विशेष रूपले अर्थको साक्षात्कार गराउनाले। कुनै पनि पदार्थका दुइ रूप हुन्छन्–एक-सामान्य र दुइ- विशेष। सामान्य रूप त्यो हो, जुन त्यस प्रकारका सबै पदार्थमा पाइन्छन् तथा विशेष रूप त्यो हो जुन प्रत्येक व्यक्तिको आ-आफ्नो रूप हुन्छ, जसले गर्दा एकै प्रकारका पदार्थहरूमा एक-अर्कासँग विभिन्नता हुन सक्तछ। आगमजन्य ज्ञानले वस्तुको सामान्य रूपको मात्र विषय (अनुभव) गर्दछ, विशेष रूपको होइन, किनकि विशेषसँग शब्दको वाच्य-वाचकभाव सम्बन्ध हुँदैन। शास्त्रले जुन वस्तुलाई शब्दद्वारा सङ्केत गरेको छ, त्यस वस्तुलाई त्यस शब्दले सामान्य रूपमा नै बोध गर्दछ, न कि विशेष रूपमा। गौ, वृक्षादि शब्दहरू सुन्दा गाई, वृक्षादि वस्तुहरूको सामान्य ज्ञान हुन्छ, व्यक्तिविशेष गाई, वृक्षादिको विशेष ज्ञान हुँदैन। यसप्रकार अनुमानले पनि सामान्य रूपले वस्तुको ज्ञान उत्पन्न गराउँदछ, विशेष रूपले होइन, किनकि अनुमानमा लिङ्ग-द्वारा लिङ्गीको ज्ञान हुन्छ। जहाँ लिङ्ग-चिन्ह-प्राप्ति हुँदैन, यहाँ अनुमान हुन सक्तैन, जस्तो– "जहाँ धूवाँ हुन्छ, त्यहाँ आगो हुन्छ, जहाँ प्राप्ति हुन्छ त्यहाँ गति हुन्छ, जहाँ गतिको अभाव हुन्छ, त्यहाँ प्राप्तिको अभाव हुन्छ ।

केवल प्रत्यक्ष प्रमाण नै वस्तुको विशेष रूप देखाउन समर्थ हुन्छ, तर इन्द्रियजन्य प्रत्यक्ष ज्ञानले स्थूल वस्तुहरूको प्रत्यक्ष रूप मात्र देखाउन सक्तछ, न कि सूक्ष्म, व्यवहित तथा विप्रकृष्ट अतीन्द्रिय पदार्थहरूको ज्ञान। पञ्च तन्त्रमात्रहरू, अहंकार, महत्तत्त्व, प्रकृति, पुरुष आदि सूक्ष्म पदार्थहरूसम्म प्रत्यक्षको पहुँच छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आगम अनुमानद्वारा यिनको सामान्य रूपको मात्र ज्ञान हुन्छ विशेष रूपको हुँदैन तरनिर्विचार समाधिको विशारदतामा प्राप्त हुने ऋतम्भरा प्रज्ञाद्वारा यी सूक्ष्म पदार्थ-हरूको विशेष रूपले साक्षात्कार हुन सक्तछ, अन्य कुनै प्रमाणद्वारा हुन सक्तैन । अतः यो प्रज्ञा विशेषविषयक हुनाले श्रुत अनुमान प्रज्ञाभन्दा बेग्लै एवम् उत्कृष्ट छ । यही परम प्रत्यक्ष हो । यो श्रुत तथा अनुमानको बीज हो, अर्थात् श्रुत तथा अनुमान यसका आश्रय हुन्, यसको विपरीत होइन । वस्तुको यो यथार्थस्वरूप नै आगम भनिन्छ र यसैको अनुमान गरिन्छ । यहाँ ऋतम्भरा प्रज्ञालाई प्रसङ्ख्यान् अर्थात् विवेकख्यातिको तुल्य बुझ्नुपर्दछ । यस प्रज्ञाको फल पछिको सूत्रमा बताइएको छ– **तज्जःसंस्कारोऽ:-न्यसंस्कारप्रतिबन्धी** (१।५०) अर्थात् त्यस ऋणम्भरा प्रज्ञाद्वारा उत्पन्न संस्कार अन्य सम्पूर्ण व्युत्थानका संस्कारहरूको बाधक (रोक्ने)हुन्छ । समाधिभन्दा अघि मन केलव व्युत्थानका संस्कारहरूद्वारा मात्र संस्कृत हुन्छ । अनि समाधिको अवस्थामा उसलाई जुन अनुभव हुन्छ त्यसका पनि संस्कार बन्दछन् । यी संस्कार व्युत्थानका संस्कारहरूभन्दा बलवान् हुन्छन् । किनकि समाधिप्रज्ञा व्युत्थानका प्रज्ञाभन्दा ज्यादा निर्मल हुन्छन् । त्यसको निर्मलतामा पदार्थको तत्त्वको अनुभव हुन्छ । तत्त्वको जति अनुभव हुन्छ, त्यसको संस्कार त्यति नै प्रबल हुन्छ, यी संस्कारहरूको प्रबलताद्वारा समाधिप्रज्ञा प्राप्त हुन्छ । यी समाधिप्रज्ञाद्वारा उत्पन्न संस्कारले व्युत्थानका संस्कार तथा वासनाहरूलाई हटाउँदछन् । व्युत्थानका संस्कारहरू दब्नाले तिनबाट उत्पन्न हुने इच्छाहरू पनि हट्न जान्छन् । यी वृत्तिहरूको निरोध भएपछि समाधि उत्पन्न हुन्छ, यसबाट समाधिप्रज्ञा, अनि समाधिप्रज्ञाबाट समाधि–संस्कारहरू यसरी यो चक्र लगातार चलिरहन्छ, यहाँसम्म कि निर्विचार समाधि उपस्थित हुन्छ। त्यसपछि निर्विचार समाधिद्वारा ऋतम्भरा प्रज्ञाको प्राप्ति हुन्छ । त्यस प्रज्ञाद्वारा निरोध–संस्कार हुन्छ, निरोध-संस्कारद्वारा ऋतम्भरा प्रज्ञाको प्रकर्ष, त्यसपछि यस प्रज्ञाद्वारा निरोध-संस्कारको प्रकर्ष– यस प्रकारको लगातारको चक्रद्वारा निरोधका संस्कारहरू पुष्ट हुँदै व्युत्थानका संस्कारहरूलाई पूर्ण रूपले रोक्दछन्। यही अवस्था आफ्नो परिपक्व अवस्थामा असम्प्रज्ञात समाधि भनिन्छ । योगदर्शनअनुसार ध्यानाभ्यासको विचार यहीं समाप्त हुन्छ ।

ध्यान योगका मनोवैज्ञानिक स्वरूप तथा प्रक्रियाहरू– ध्यानयोग उत्तम अधिकारी अर्थात् उच्च स्तरका बुद्धिजीवीहरू का मनोवैज्ञानिक प्रणालीद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवश्य लाभ उठाउन सक्तछन् । **श्रीमद्भगवद्गीतामा** भगवान्ले–**समत्वं योगः उच्चते** । अर्थात् समत्व वा मानसिक समता नै योग हो भन्नु भएको छ । यो समता नै सम्पूर्ण दुःखहरूबाट छुट्कारा पाउने एकमात्र उपाय हो । साधारण स्थितिमा मनुष्य सबै सुखहरूको लागि प्रायः अरूमाथि नै निर्भर रहन्छ। जहाँ अरूको आश्रय लिनुपर्दछ, त्यहाँ पराधीनता हुन्छ र जहाँ पराधीनता हुन्छ, त्यहाँ दुःख अवश्य नै हुने गर्दछ । स्थूल, सूक्ष्म तथा कारण- यी तीनवटै शरीरहरूको आश्रयद्वारा क्रमशः जाग्रत, स्वप्न तथा सुषुप्ति– यी तीन अवस्थाको अनुभव प्रत्येक जीवलाई भइ नै रहेको छ, अर्थात् तीनवटै अवस्थाहरू जीवलाई शरीरको आश्रयद्वारा प्राप्त भइरहेको छ । यी तीन अवस्थाहरूभन्दा बेग्लै अर्को चतुर्थ (तुर्य) अवस्था पनि हुन्छ, जुन केवल योगीहरू मात्र अनुभव गर्दछन् । सर्वसाधारणलाई त्यसको अज्ञानावृत किञ्चित् आभास मात्र सुषुप्ति अवस्थामा प्राप्त हुन्छ, यसैले **बृहदारण्यक** आदि उपनिषत्हरूमा यो तुर्यावस्था वा स्वरूपावस्थितिको वर्णन गर्दै सुषुप्तिको उदाहरण दिइएको छ ।

अथ यदा सुषुप्तो भवति यदा न कस्यचन वेद हितानाम नाड्यो व्दासप्ततिसहस्राणि हृदयात् पुरीततमभिप्रतिष्ठन्ते ताभिः प्रत्यवसृप्य पुरीतति शेते स यथा कुमारो वा महाराजो वा महाब्राम्हणो वातिघ्नीमानन्दस्य गत्वा शयीतैवमेष एतच्छेते । (२।१।१९)

अर्थात् यसको पश्चात् जब उ गहिरो निद्रामा सुत्दछ, जुनवेला उ कसैको बारेमा केही पनि जान्दैन,त्यसवेला हितानामका जुन बहत्तर हजार नाडीहरू हृदयबाट सम्पूर्ण शरीरमा व्याप्तभएर रहेका छन्, तिनीहरूद्वारा बुद्धिका साथ गई उ शरीरमा व्याप्त भएर शयन गर्दछ । जसरी कुनै बालक वा महाराज अथवा महाब्राह्मणले आनन्दको दुःखनाशिनी अवस्था प्राप्त गरेर शयन गर्दछ, त्यसै प्रकारले उ शयन गर्दछ । यसैले यस अवस्थाको लागि निम्नलिखित योगको साधना गर्नुपर्दछ ।

सुषुप्तियोग– आत्मयोग अथवा तुर्ययोगको जसलाई अनुभव हुँदैन तिनलाई सुषुप्ति अथवा गहिरो निद्राको अनुभव त हुन्छ नै । यो सुषुप्तिभन्दा तल्लो जाग्रत् तथा स्वप्नावस्थाको समेत सबैलाई अनुभव छ । यसैले हामी यी अवस्थाहरूको उपयोग साधनदृष्टिले गर्न सक्दछौं । हामीलाई जे-जति अवस्थाहरू स्वतः प्राप्त छन्, तिनीहरूमध्ये सुषुप्ति अवस्था एक प्रकारले ब्रह्मरूपतासदृश अवस्था हो । सुषुप्ति, समाधि तथा मुक्तिमा ब्रह्मरूपता छ । यस भनाइप्रति श्रद्धा राख्नुपर्दछ तथा सुषुप्तिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मरूपता मान्नुपर्दछ । यस अवस्थामा अनायास नै ब्रह्मानन्दको प्राप्ति हुन्छ । शरीरको भयानक रोगको अवस्था पनि त्यसबेला बिर्सिन्छ । पाठकवर्गले त्यस अवस्थाको अनुभवको विचार गरेमा शरीर तथा आत्मा भिन्न हुन् भन्ने कुरा प्रष्ट हुनेछ । जुन अवस्थामा निद्रा लाग्दछ, त्यो सन्धि अवस्थाको अनुभव प्राप्त गर्ने विचार गरियो भने तिनलाई स्वयं नै एक वर्षभित्रमा यो अनुभव हुन थाल्नेछ– आत्मा शरीरभन्दा बेग्लै छ । जुन विचार जाग्रत अवस्थाको अन्त र निद्राको प्रारम्भबीचको सन्धिकालमा मनमा रहेको हुन्छ, त्यही पुनः जाग्रत हुँदासम्म स्थिर रहन्छ । यति मात्र होइन, त्यस विचारले आफ्नो स्थूल, सूक्ष्म तथा कारण-शरीरहरूमा कार्य गरि नै रहन्छ । प्रत्येक दिन त्यस सन्धि समयमा मनमा राम्रा-नराम्रा विचारहरू हुने नै गर्दछन् तथा त्यसैअनुसार शरीरमा असल-खराब परिणाम पनि भइरहन्छन् । यसैले त्यस सन्धिकालमा मनमा केवल शुभ विचार-हरूलाई मात्र स्थिर पार्ने प्रयत्न गर्नु अत्यन्त आवश्यक छ । जब शरीरमा कुनै रोग हुन्छ, त्यसबेला सुत्नुभन्दा अघि मनमा आरोग्यको विचार स्थिर पार्ने यत्न गर्नुपर्दछ र 'म रोगी छैनँ' भन्ने आरोग्यमय सुविचारका साथ गहिरो निद्रा लागेमा भोलिपल्ट उठ्नासाथै रोगमा केही सुधार भएको अनुभव हुनेछ । 'मन नै अमृत हो', अतः सुविचारद्वारा मनले आरोग्यस्थापना गर्न सक्तछ । सुषुप्तिमा सुविचार-स्थापना गर्नुको नाम नै सुषुप्तियोग हो । यस सन्धिकालमा मनमा शुभ विचारलाई स्थिर राख्ने सजिलो उपाय गर्नुपर्दछ । सजिलो उपाय हो– कुनै उत्तम मन्त्र अर्थविचारको साथ जप्दा-जप्दै सुत्ने प्रयत्न गर्नु । यस प्रकारको प्रयत्न गर्दा-गर्दै भोलिपल्ट बिहान त्यही मन्त्र मनमा स्फुरण भइरहेको अनुभव हुनेछ । जब यस्तो हुनेछ, तब बुझ्नुपर्दछ– उक्त मन्त्रको विचार तिम्रो मनमा रातभर स्थिर रह्यो । यो मानसिक जप ओछ्यानमा सुती-सुती नै गर्न सकिन्छ, तथा सम्भव भएसम्म मनमा कुनै अन्य विचारलाई आउन दिनु हुँदैन । कुनै महापुरुषको जीवनको प्रसङ्ग पनि चिन्तनको लागि लिन सकिन्छ । आरोग्य-साधन, दुर्व्यसन-निवृत्ति तथा शुभगुण-ग्रहणमा यो सन्धिकाल-साधनद्वारा पर्याप्त लाभ हुन्छ ।

स्वप्नयोग– पूर्वोक्त सुषुप्तियोगसँग स्वप्नयोगको अत्यन्त निकट-सम्बन्ध छ । साधारण अवस्थामा सपनामाथि हाम्रो नियन्त्रण रहँदैन, तर सपनाका दृश्यहरूद्वारा हाम्रो मनको राम्रो अथवा नराम्रो अवस्थाको ज्ञान अवश्य हुन सक्तछ । जब राम्रो सपना देखिन्छ, त्यसबेला यो बुझ्नुपर्दछ– मन राम्रा विचारहरूमा लागिरहेको छ । त्यस्तै जब अश्लील एवं नराम्रा सपना देखिन्छन्, तब यो बुझ्नुपर्दछ– मनमा अवश्य नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशुद्ध विचारहरू आइरहेका छन् । अरूले तिमीलाई असल मानिस भन्दछन् अथवा खराब भन्दछन्, यस कुराबाट तिमी असल छौ कि खराब छौ भन्ने कुरा निश्चित हुँदैन तर सपनाहरूद्वारा तिमी आफ्नो परीक्षा गर्न सक्दछौ । सपनामा तिमी आफ्ना वास्तविक मानसिक स्वरूपमा हुन्छौ । वास्तवमा जस्ता तिम्रा विचारहरू हुन्छन्, त्यस्तै तिम्रा स्वप्नहरू हुन्छन् । यसैले असल-असल विचार गर्नाले स्वप्नयोग सिद्ध हुन्छ । यदि तिमीले सदैव राम्रा विचारहरू मनमा ल्यायौ, राम्रा विचारहरू सुन्यौ, राम्रा विचार भएका पुस्तकहरू पढ्यौ तथा आफ्ना मनलाई सदा असल विचारहरूद्वारा परिपूर्ण राख्यौ भने तिमी कहिल्यै नराम्रो सपना देख्नेछैनौ । प्रतिदिन निद्राको आरम्भ तथा अन्तमा सपना देखिन्छन्, तर तीमध्ये ज्यादै कम सपनाहरूको स्मरण रहन्छ । जुन सपनाको स्मरण रहन्छ, हामीले तिनैको विचार गर्नुपर्दछ । यसको अभ्यासको लागि सुविचार साधनको विचार प्रत्येक पल राख्नु अनिवार्य छ । यो बाहेक आफ्नो इच्छाअनुसार तिमी कुनै एक आदर्श पुरुषलाई आफ्नो मनमा धारणा गर । **यदि ब्रम्हचर्य पालनको इच्छा छ भने भीष्म पितामहतर्फ ध्यान केन्द्रित गर, यदि दृढव्रत, सत्यप्रिय हुन चाहन्छौ भने श्रीरामचन्द्रको कल्पना मनमा राख अथवा सर्वगुण-निधान, सौन्दर्यमाधुर्य– परिपूर्ण श्रीभगवान्को कल्पना मनमा कायम राख ।** यस प्रकारको कार्य गर्नाले तिम्रो स्वप्न पनि तिनैका गुण-हरूले युक्त हुनेछन् । सूक्ष्म शरीरको शुद्धिको लागि स्वप्नयोगको अभ्यासको अत्यन्त आवश्यकता छ । यो स्वप्नयोग सिद्ध भएपछि स्वप्नावस्था आफ्नो अधिकारमा हुन्छ । राति सुत्नुअघि 'आज म फलानो सपना देख्नेछु' भन्ने सङ्कल्प गरेर सुत्नाले त्यही सपना देखिनेछ तथा यस प्रकारका सपनाहरू प्रायः सत्य भविष्यसूचकसमेत पनि हुन्छन् । अभ्यासद्वारा अवश्य लाभ हुनेछ ।

बुद्धियोग– तर्क-वितर्कभन्दा परको, श्रद्धा-भक्तियुक्त, परिशुद्ध निश्चयात्मक ज्ञानधारक शक्तिको नाम बुद्धि हो, बुद्धिको यही अर्थ यहाँ अभीष्ट छ; अथवा विश्वासपूर्वक निश्चयात्मक धारणालाई पनि बुद्धि भन्न सकिन्छ । संशयात्मक मनले नै सदा अहित गर्दछ । निश्चयात्मक दृढ भावनामय श्रद्धायुक्त बुद्धि नै उन्नतिको साधक हो । यसै बुद्धिद्वारा योगसिद्धि हुन्छ । यसमा श्रद्धा-भक्ति विशेषता राख्दछ । श्रद्धापूर्वक तर्करहित जुन भावना मनमा स्थिर हुन्छ, त्यो फलदायक हुन्छ । भगवान्को विषयमा अटल विश्वासमय श्रद्धा मनमा स्थिर राख्ने अभ्यास तिमी जुन रीतिले गर्न सक्छौ, त्यसै रीतिले गर । तिम्रो मनमा यति निश्चयात्मक श्रद्धा हुनुपर्दछ–त्यो अरूको तर्क-वितर्क-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारा डगमगाउन नपाओस्, तिमी आफू आस्तिक छु तथा ईश्वरमाथि श्रद्धा छ भन्ने ठान्छौ भने ठीकै हो, परन्तु तर्कद्वारा समाधान खोज्ने प्रवृत्ति यहाँ काम लाग्दैन। जसरी तिमी आफ्नो अस्तित्व कुनै तर्क-प्रमाणविना नै जान्दछौ र मान्दछौ, त्यसरी नै प्रमाणान्तरविना नै सबै शुभ गुणहरूको पराकाष्ठाको आधार सर्वमङ्गलमय परमात्मा हुन्– यस प्रकारको तर्कहीन पूर्ण विश्वास मनमा स्थिर राख्ने यत्न गर। यसै कुरामाथि योगसिद्धि निर्भर छ। अतः साधकले मनमा सन्देह राख्नु हुँदैन। जो व्यक्ति तर्कद्वारा नै सबै कुरा बुझ्न चाहन्छन्, तिनीहरूको लागि यो आवश्यक छ– तिनीहरू यस विषयमा पहिले जति तर्क गर्नु छ, गरून्। जब तर्कको गति कुण्ठित हुनेछ, तब त्यसपश्चात् मात्र परमात्माको अनुभव हुन्छ। जबसम्म तर्कको भाँडभैलो चलिरहन्छ, तबसम्म बुद्धियोग साध्य हुँदै-हुँदैन, किनकि यसको सिद्धि केवल श्रद्धाद्वारा नै हुन्छ। यसैले साधकले आफू भित्र निर्वितर्क श्रद्धा उत्पन्न गर्ने प्रयत्न गर्नु पर्दछ, प्रकृतिको भेदअनुसार प्रत्येक साधकको लागि यसको उपायसमेत फरक-फरक हुनेछन्। साधकहरू आफ्नो रुचिअनुसार तिनको उपयोग गर्न सक्तछन्। सर्वसामान्य उपाय यति मात्र हो– परमात्मालाई पूर्ण मङ्गलमय मानेर उनलाई सर्वत्र अनुभव गर्ने अभ्यास गर्दै सर्वत्र उनको मङ्गल कार्य मात्र देख्ने प्रयत्न गर्नुपर्दछ। यस प्रकारको परमात्मविषयक श्रद्धा दृढ भएपछि साधक आनन्दमय शान्तिमा मग्न रहन सक्तछ,तर धैर्यपूर्वक यसको निरन्तर अभ्यास गरिरहनुपर्छ।

चित्तयोग– चिन्तन गर्ने तत्त्वको नाम चित्त हो। यो चित्त जुन वस्तुको प्राप्तिको इच्छा हुन्छ, त्यसैको चिन्तन गरिरहन्छ। जसरी व्यसनी व्यक्तिहरू आफ्नो व्यसनको साधन प्राप्त नभएको बेलामा ती पदार्थहरूको जुन आतुरताले चिन्तन गर्दछन्, र जसरी तिनीहरूलाई ती पदार्थहरू बाहेक अन्य कुनै विचारै उठ्दैन, त्यसै प्रकार योग-साधन गर्नेहरूले आफ्नो प्राप्तव्यको ध्यान गर्नु आवश्यक छ। अथवा तिमी आफ्नो अभ्यासको लागि प्रत्येक महीनामा कुनै असल विचार छान्न सक्दछौं, जस्तै– 'म शरीरभन्दा बेग्लै अमर आत्मा हुँ'। यसै विचारको सदा चिन्तन गर्नाले आफ्नो शरीरभन्दा बेग्लै अस्तित्वको अनुभव हुनलाग्दछ। परमेश्वरको प्रत्येक गुणको एक-एक गरेर नित्य चिन्तन गर्नाले आफूमा त्यस गुणको विकास हुन थाल्दछ। चित्तले जुन-जुन वस्तुको चिन्तन गर्दछ, तिनै समान गुण-धर्म आफूमा आउँदछन्। त्यसैले सदैव अशुद्ध चिन्तन नहोओस् भनेर सावधान रहनुपर्दछ। तिमीलाई अनुभव होओस् या नहोओस्, तिम्रो चित्तले सदा कुनै न कुनै कुराको चिन्तन गरि नै रहेको हुन्छ। राम्रा विचारको चिन्तन भएन भने खराब विचारको चिन्तनको आरम्भ हुन जानेछ, यसैले सदा शुद्ध चिन्तन गर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छायोग– मनुष्य जुन शक्तिद्वारा कुनै वस्तुको प्राप्ति अथवा निवृत्तिको इच्छा गर्दछ ,त्यसलाई इच्छाशक्ति भन्दछन् । इच्छाशक्तिद्वारा मनुष्य अनेक प्रकारका महान्-महान् कार्य गर्दछन् । मानिस चाहे असल होस्रोस्, चाहे खराब, दुवैसँग प्रबल इच्छाशक्ति रहेकै हुन्छ, एउटाले त्यसलाई खराब कार्यमा लगाउँदछ र दीन-हीन बन्दछ भने अर्को त्यसलाई असल कार्यहरूमा लगाएर उन्नत हुन्छ । मसँग इच्छाशक्ति नै छैन भनेर कसैले पनि ठान्नु हुँदैन, प्रत्येकसँग इच्छाशक्ति छ, तर थोरै मात्र यस्ता सत्पुरुष छन्, जो यस शक्तिलाई एकत्रित पारेर उत्तम कार्यहरूको सिद्धिको लागि मात्र उपयोग गर्दछन् । इच्छाशक्तिलाई थोरै प्रयत्न गरेर पनि प्रबल बनाउन सकिन्छ । सदा शुद्ध चिन्तन र शुद्ध इच्छाको अभ्यास गर्नाले इच्छाशक्ति बढ्दछ । अनिष्ठ चिन्तन एवम् अनिष्ठ इच्छाहरुद्वारा इच्छाशक्तिको ह्रास हुन्छ ।

मानसयोग– मन नै मनुष्यहरूको बन्धन तथा मोक्षको कारण हो । मनलाई आफ्नो अधीनमा राख्नु तथा त्यसलाई सदैव आफ्नो उन्नतिका कार्यहरूमा मात्र लगाइ-राख्नु मानसयोग हो । मन एकाग्र पार्ने अभ्यास गर्नुपर्छ, मन एकाग्र पार्न सकेपछि मनुष्यलाई आफ्नो मनको विलक्षण शक्तिको ज्ञान हुन्छ । मनको चञ्चलता नै तिम्रो अवनतिको कारण हो । तिमीले आफ्नो इच्छानुसार मनद्वारा मनन गराउने प्रयत्न गर्नुपर्दछ । तिम्रो मनमा त्यही विचार आउनुपर्दछ, जुन विचार तिमी चाहन्छौ । मन तिम्रो अधीनमा छ भने तिमी केवल मुक्तिको मार्गमा मात्र होइन कि व्यावहारिक कार्यहरूमा पनि आफ्नो प्रभाव जमाउन सक्दछौ । यसको सिद्धिको लागि तिमीले यस्तो बानी बसाल्नुपर्दछ कि जुनबेला तिमी कुनै पनि कार्य गर्दछौ, त्यसबेला तिम्रो मन पूर्ण रूपले त्यस कार्यमा नै लागोस्, अन्य कुनै पनि विचार मनमा नआओस् । आधा मन लगाएर कुनै पनि कार्य नगर । यस प्रकार तिमी आफ्नो व्यवहार कायम राख्दै मनलाई एकाग्र पार्न सक्नेछौं ।

अहङ्कारयोग– यहाँ अहङ्कार शब्द घमण्डको वाचक होइन । घमण्ड भनेको कुनै राम्रो कुरा होइन, यसबाट अवनति निश्चित छ; तर यहाँ अहंकार शब्दको अभिप्राय हो– 'म आत्मा हुँ, म अजर अमर छु, म शरीरभन्दा बेग्लै छु, मेरै शक्ति नेत्रादि इन्द्रिय-हरूमा पुगेर कार्य गरिरहेका छन्, म योगसाधनद्वारा आफ्नो योग्य उन्नति अवश्य प्राप्त गर्नेछु' आदि भाव आफ्नो मनमा निश्चयात्मक वृत्तिले धारण गर्नु । यसमा अहम् अर्थात् म शब्दको प्रयोग हुन्छ, जस्तो कि म अवश्य यो कार्य गर्नेछु, अवश्य गर्नेछु । यसरी म-पनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धारणा हुनाले यस वृत्तिको अभ्यासलाई अहङ्कार योग भन्दछन् । यहाँ घमण्ड हुँदैन, अपितु स्वकीय शक्तिको विषयमा निश्चयात्मक वृत्ति हुन्छ । पाठकको लागि उचित छ कि–तिनीहरू घमण्ड त्यागी यस प्रकार निश्चयात्मक वृत्ति धारण गरून् 'म अवश्य-योग साधन गर्छु, म नीरोगता तथा दीर्घायु प्राप्त गर्नेछु, म धार्मिक जीवन व्यतीत गर्नेछु । यस्तो निश्चयात्मक वृत्तिको अभ्यास निरन्तर गर्ने गर । मबाट यो हुन्छ, यो हुँदैन– यस्तो संशयात्मक वृत्तिलाई आफ्नो नजीक आउन नदेऊ । यस्तो अहङ्कार योगद्वारा साधनामा राम्रो प्रगति हुन्छ ।

योगसाधन आफ्नै शक्तिहरूको विकास हो । यसकारण क्रियात्मक जीवनको यसमा मुख्यता छ । जो पुरुषार्थ गर्छ, उसलाई सिद्धि प्राप्त हुन्छ, अरूलाई होइन । यसैले यी कुराहरूलाई क्रियारूपमा परिणत गर ।

प्रसन्नताको साधन– मनुष्यसँग स्थूल शरीर, सूक्ष्म इन्द्रियहरू, मन, बुद्धि आदि साधनहरू छन् । यी सम्पूर्ण साधनहरूद्वारा शक्तिहरूको विकास गरेर तिनलाई आफ्ना अधीनमा राख्नु अत्यन्त आवश्यक छ । उदाहरणार्थ– स्थूल शक्तिको अत्यन्त विकास पहलवानको शरीरमा हुन्छ । त्यस शक्तिको साथै उसको मन उत्तम संस्कारले युक्त भएन भने उसको त्यस शक्तिको दुरुपयोग पनि हुन सक्तछ । यसैले जो व्यक्ति-स्थूल तथा सूक्ष्म शक्तिहरूको समविकास गर्ने दृष्टिले योगसाधन गर्दैन तथा प्राप्त शक्तिहरूको उपयोग अभ्युदय एवं निःश्रेयसको मार्गमानै गर्ने विचार गर्दैन, त्यो भ्रष्ट हुन बेर लाग्दैन । साधक तथा उपासकले शुरुमा नै यस कुरामा ध्यान राख्नुपर्दछ । असल ग्रन्थहरूको अध्ययन गर्नुपर्दछ । यसका साथै आफ्नो शरीरको विज्ञान हुनु पनि आवश्यक छ । कुन अङ्गको विकासको लागि कुन प्रकारको अभ्यास गर्नुपर्दछ भन्ने कुरा ग्रन्थहरूमा लेखिएका हुँदैनन् । योगविषयक ग्रन्थहरू केवल सामान्य तत्त्वहरूको मात्र उपदेश दिन्छन् । विशेष विचार स्वयं साधकले गर्नुपर्दछ ।

साधकमा चित्तको प्रसन्नता अत्यन्त सहायक हुन्छ । **श्रीमद्भगवद्गीतामा** पनि भगवान् भन्दछन्–**प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते** । यसैले प्रत्येक अवस्थामा चित्त प्रसन्न राख्ने अभ्यास गर ।

मुहार हँसिलो राख्ने अभ्यास गर्नुपर्छ । प्रायः मनको वृत्ति नै मुहारमा प्रति-बिम्बित हुन्छ । यसैले आफ्नो अनुहार कस्तो छ भन्ने कुराको विचार तिमीले ऐनामा हेरेर गर्ने गर्नुपर्दछ । यसप्रकार आफ्नो अनुहार ऐनामा हेरेर बढी स्मितयुक्त बनाउँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जाऊ । मुखमा दुर्मुखता आउन नदेऊ । यसप्रकार दुइ-तीन महीनासम्म ऐनामा हेरेर अभ्यास गर्नाले तिम्रो आकृति स्मितयुक्त तथा सुन्दर हुन जानेछ । आफूलाई दीन-हीन, दुर्बल, मलिन, दुर्मुख कदापि राख्नु हुँदैन; अपितु उदात्त, प्रौढ, बलिष्ट, स्वच्छ तथा प्रसन्नवदन राख्ने अभ्यास गर्नुपर्दछ । बाह्य अवस्थाको परिणाम आफूभित्रका घटनाहरूमाथि पर्दछ तथा हाम्रा आन्तरिक भावहरूअनुसार हाम्रो बाह्य परिस्थिति पनि बदलिइरहन्छ । यसैले आफ्नो बाह्य तथा आन्तरिक दुवै प्रकारका प्रसन्नतालाई स्थिर राख्ने अभ्यास यत्नपूर्वक गर्दै रहनुपर्दछ ।

यसको प्रारम्भिक अभ्यासको लागि कुनै बालकको वृत्तिको सूक्ष्म रीतिले निरीक्षण गर, चाहे त्यो बालक आफ्नै होओस् वा अरूको । आफ्नो बालक नीरोग तथा हँसिलो हुनु सारै बेश हो । उसको अनुहारको सूक्ष्म रीतिले निरीक्षण (ध्यान) गर्ने अभ्यास गर । यस अभ्यासद्वारा तिमीलाई ज्यादै लाभ हुनेछ । जन्मसिद्ध निज आनन्द बालकको निष्कपट प्रसन्न मुहारमा मात्र तिमी पाउन सक्तछौ । उमेर पुगेका मानिसहरूको अन्तःकरण देखावटी एवं ढोंगी व्यवहारले गर्दा विकृत हुन्छ । बालकहरूको निष्कपट वृत्तिमा जुन निष्कपट प्रेमको प्रसन्नता हुन्छ, त्यो तिमी कुनै अन्य स्थानमा पाउँदैनौ । सानो बालक कसरी छिटै आफ्नो दुःख बिर्सन्छ; कसरी उसलाई दुःख दिने मानिससँग पनि कसरी छिनभरमै हाँस्न थाल्छ; जुन कार्य गर्दछ, त्यसमा उसको वृत्ति कति तल्लीन हुन्छ– इत्यादि कुराहरू तिमी उसको मुखमा देख्न सक्तछौ । यदि तिमीले शुद्ध भावनाले नीरोग बालकको वृत्तिको निरीक्षणको अभ्यास गर्न थाल्यो भने केही दिनमै तिमीलाई अनुभव हुनेछ– जुन कुराहरू स-साना बालकहरूमा स्वाभाविक रूपमा उपस्थित छन्, तिमीमा ती कुराहरूको कमी छ । अब तिमी आफैं विचार गर– जुन ज्ञानसाधन तथा पुरुषार्थ तिमीले यति उमेरसम्म गरेको छौ, त्यसबाट कुन दृष्टिले तिम्रो उन्नति भयो र कुन कुरामा तिम्रो अधोगति भएको छ ? बालकहरूको वृत्तिमा कैयौं यस्ता कुराहरू छन्, जसको अध्ययनद्वारा ठूलाले पाठ सिक्नुपर्दछ ! ! !

सहजवृत्ति-साधन– वृहदारण्यकोपनिषत् मातस्माद् ब्रम्हणः पाण्डित्यंनिर्विद्य बाल्येन तिष्ठासेद् भन्ने वाक्य सहज वृत्तिको साधनको रूपमा आएको छ । अर्थात् आफ्ना सम्पूर्ण वाक्-चातुर्यलाई त्यागेर बाल्यवृत्तिको अनुसरण गर । यस बाल्यवृत्तिको अभ्यासको लागि अघि बताएजस्तै बालकको वृत्तिको निरीक्षणाभ्यास गर्नुपर्दछ । जुन बालक नीरोग, हृष्टपुष्ट तथा प्रसन्नवदन हुन्छ, आनन्दपूर्वक खेलिरहन्छ, उसैको हृदयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरीक्षण गर्नुपर्दछ । जसको मनमा सारासार विचार गर्ने शक्ति अझै बढिसकेको छैन र जो छल-कपट आदिमा प्रवृत्त हुँदैन, अर्थात् जो शुद्ध स्वभावले युक्त छ यस्तो ३-४ वर्षभन्दा कम उमेरको नीरोग, हृष्टपुष्ट बालकले मात्र तिम्रो सहायता गर्न सक्तछ । त्यसभन्दा बढी उमेरका बालकहरूमा हाम्रा कुसंस्कारहरूद्वारा खराब भावको उदय हुन थाल्छ ।

सर्वसाधारण बालकहरूको निरीक्षण गरे तिमीलाई थाहा हुनेछ– ठूलाका कुसंस्कारहरूद्वारा तिनको कोमल एवं निष्कलङ्क हृदयमा खराब भावना उत्पन्न हुन्छन् । स-साना बालकहरू पनि ज्यादै चातुर्यपूर्वक हाम्रा सम्पूर्ण व्यवहारहरूको निरीक्षण गरिरहेका हुन्छन् तथा छल, कपट, हठ आदि दुष्ट भाव तिनीहरू हामीबाटै सिक्तछन् । यसैबाट तिमी बुझ्न सक्तछौ– साना बालकहरूको अन्तःकरण कति निर्मल हुन्छ । जसरी सुषुप्ति समाधि तथा मुक्तिमा जीवात्माको ब्रह्मरूपता हुन्छ, त्यसरी नै बालकको अत्यन्त अज्ञानावस्थामा ब्रह्मरूपता हुन्छ । १-२ वर्ष-सम्म यो शुद्ध अवस्था रहन्छ । तिमीलाई ब्रह्मरूप आत्मस्थितिको दर्शन गर्ने सदिच्छा छ भने तिमी त्यस अवस्थाको बालकको मुहार ध्यानपूर्वक हेर, त्यहाँ केवल शुद्ध आनन्द नै आनन्द देखा पर्नेछ । भोक-प्यास भेटिएको नीरोग बालकको अनुहार ध्यानपूर्वक हेर, त्यहाँ तिमीलाई निर्विषय आनन्दको झलक मिल्नेछ । विषयसुख त सबै जान्दछन्, तर त्यस बालकको मुहारमा जे देखिन्छ, त्यो शब्द-स्पर्शादि विषय-हरूद्वारा प्राप्त हुने सुख होइन । त्यो बालकको आत्माले अझसम्म ब्रह्मरूपताको आनन्दको अनुभव गरिरहेको छ ।उसको मुहारमा देखिने हाँसो हाम्रो हाँसोजस्तो नक्कली हाँसो हुँदैन । त्यसमा अरूको खुशामद गर्ने दीन-हीन भाव हुँदैन –त्यहाँ आफूभन्दा ठूलाको अगाडि हात जोडेर उभिने तथा मनमनै तिनैको द्वेष गर्ने नक्कली हृदयको अवस्था हुँदैन, त्यहाँ असत्यतर्फ ढल्कने प्रवृत्ति हुँदैन, अरूलाई चोटपटक पुर्‍याउने भावको ज्ञान उसमा छँदै छैन, त्यो बालक अरूलाई घात गरेर आफ्नो लाभ गर्न जान्दै-जान्दैन । त्यहाँ चोरी गर्ने इच्छा हुँदैन तथा चोरी गरेर लुक्ने भाव पनि त्यहाँ हुँदैन । ब्रह्मचर्य तथा वीर्यरक्षण त उसलाई जन्मेदेखि नै प्राप्त छ । त्यहाँ लोभको यति कमी हुन्छ कि उसको प्रवृत्ति दान लिने खालको त हुँदैन नै । तिमी उसलाई जुन कुरा दिन्छौ, यही उसले स्वीकार्नेछ, तर स्थिर रूपले आफ्नो लागि राख्ने कल्पनासम्म पनि उसमा हुँदैन । यसप्रकार अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह –यी पाँच यम त्यहाँ स्वयं सिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । यदि यो १-२ वर्षको बालकबाट तिमीले यति अनुभव लिन सक्यौ भने तिमीलाई आश्चर्य हुनेछ कि यो अप्रबुद्ध अवस्था कति शुद्ध तथा निष्कलङ्क अवस्था हो ।

कदाचित् तिमी भन्न सक्छौ–बालक मलिन रहन्छन्, यसैले तिनमा शुद्धता हुँदैन, तर तिम्रो यो विचार ठीक छैन । यद्यपि तिनको शरीर मलिन रहन्छ, तिनको मुहारमा मलका आवरण हुन्छन्, तथापि तिनलाई थाहा नै हुँदैन कि मलिनता के हो र निर्मलता के हो । उसको पवित्र अन्तःकरण मलिनताभन्दा माथि छ तथा निर्मलताभन्दा पनि पर छ। यसैले आफ्नो मुहार मलिन भए तापनि त्यसको तिनलाई चिन्ता हुँदैन र आफ्नो आनन्दमा हाँसिरहन्छन् । पछि गएर जब तिनलाई मलिनताको कल्पना हुन थाल्दछ, तब मात्र तिनको दुःखको प्रारम्भ हुन्छ । यो अल्पायुमा सन्तोष एवं प्रसन्नताको साम्राज्य हुन्छ । यदि कुनै कारणवश क्षणिक असन्तुष्टि आए तापनि तत्कालै पुनः निज रूपमा त्यसको स्थिति हुन जान्छ । तप एवं स्वाध्याय–यी साधनहरू हाम्रा लागि मात्र हुन् । बालकलाई ब्रह्मरूपता सहजप्राप्त छ, तिनलाई यी साधनहरूको आवश्यकता नै छैन।

उसलाई प्राणायामको विद्या जन्मेदेखि नै सिद्ध भएको हुन्छ । पछि मात्र कस्सिएका लुगाहरू तथा आधुनिक सभ्यताका कुसंस्कारहरूले गर्दा उ आफ्नो यो कला बिर्सन्छ, तर तिमी कुनै ६ महीनाको बालकलाई हेर, उसले कसरी दीर्घ एवं पूर्ण श्वास लिइरहेको हुन्छ । उसले जस्तो पूर्ण श्वास वयस्क मानिसले लिन सक्तैन । किनकि हाम्रो सभ्यताले गर्दा अनेकौं प्रतिबन्धहरू उभिएका छन्, जसले हाम्रो प्राणको व्यवहारमा बाधा पारिरहेका छन् । हाम्रा लुगाफाटाहरू, हाम्रो रहन-सहन तथा नियमविरुद्ध आचरण इत्यादिले गर्दा हाम्रो श्वास त्यति पूर्ण हुँदैन जति हुनुपर्दथ्यो । जुन कुरा हामीलाई प्राणायाम आदि लामा-लामा अभ्यासपश्चात् साध्य हुन्छ, त्यो कुरा बालकहरूमा जन्मेदेखि नै सिद्ध रहन्छ । यसै कारणले उसको मन स्थिर रहन्छ, किनकि प्राणको चञ्चलताले गर्दा नै चित्तको चञ्चलता उत्पन्न हुन्छ ।

यहाँ पाठकवर्गबाट प्रश्न उठ्न सक्तछ– बालकको अज्ञानावस्थाको प्रशंसा यति धेरै किन गरिन्छ ? यस प्रश्नको यही उत्तर हुनेछ –यो उसको अज्ञानावस्थाको प्रशंसा होइन, अपितु उसको ब्रह्मरूपताको मात्र प्रशंसा हो । प्राणीमात्रलाई सुषुप्तिमा ब्रह्मरूपावस्था प्राप्त हुन्छ । सुषुप्तिको ब्रह्मरूपता तमोगुणी हुन्छ, किनकि यस अवस्थामा अज्ञान रहन्छ । यसै प्रकारका ज्ञानरहित ब्रह्मावस्था यो कलिलो उमेरमा हुन्छ । उसको हृदयको यही अवस्था कायम राखेर उसलाई उचित ज्ञान दिन सकेमा उसलाई जीबन्मुक्त-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को अवस्था अवश्य प्राप्त हुनेछ; तर यो कुरा समाजको अवस्थामाथि निर्भर छ। वैदिक कालमा सनत्कुमार आदिलाई यसप्रकार बाल्यकालदेखि नै जीवनमुक्ति प्राप्त भएको थियो।

तिमी अन्नपोषणद्वारा नै उसको सहायता गर्न सक्छौ भने त्यो बालक आफ्नो निजावस्थाभन्दा श्रेष्ठ कुराहरू प्राप्त गर्ने साधन तिमीलाई बताउन सक्छ। उसको व्यवहार हेर्ने दृष्टि तिमीमा छ भने मात्र तिमीलाई लाभ हुन सक्तछ, अन्यथा प्रत्येक मातापिताले आफ्ना सन्तानको पालन-पोषण गरि नै रहेका छन्, तर कतिसम्म तिनको चमत्कार देख्न सक्ने दृष्टि छ र कतिले तिनको निरीक्षण गरिरहेका छन् ? सबैलाई आफ्नो प्रौढताको घमन्ड छ, तर बालकको समान सरल, उच्च तथा निर्मल हृदय कोसँग हुन्छ ? सहस्रौं प्रकारका साधन गर्दा पनि जुन निर्मलता हृदयमा प्राप्त गर्न कठिन हुन्छ, तिमी त्यो निर्मलता बालककै अन्तःकरणमा पाउनेछौ। बालक कुटिलता जान्दैजन्दैन। तिमी जबसम्म उसलाई बाङ्गोपन सिकाउँदैनौं, तबसम्म उसका सम्पूर्ण व्यवहारहरू अत्यन्त सरल, निरुपद्रव तथा निष्कपट प्रेमले युक्त हुन्छन्, तर तिम्रा व्यवहारहरू कति कपटी, घातकी तथा जाली हुन्छन् ! तिमी आफै विचार गरेर हेर- चातुर्यको विषयमा तिमी कुनै व्यक्तिको कति प्रशंसा गर्दछौ, तर त्यस व्यवहारमा त्यति सरलता कहाँ हुन्छ ? तिमीले आफूभित्र जुन कुराहरू बढ्न-हुर्कन दिइरहेका छौ, तिनैले गर्दा तिम्रो मनमा भय तथा अशान्ति उत्पन्न भइरहेका छन्।

जब कुनै सानो बालकलाई अपूर्ण पदार्थ प्राप्त हुन्छ, तब उसलाई कति आनन्द हुन्छ ! प्रत्येक पदार्थमा अपूर्वताको अनुभव गर्ने जुन गुण बालकहरूमा हुन्छ, त्यो गुण वयस्कहरूमा हुँदैन। जुन पुरुषमा यो अपूर्वताको अनुभव गर्ने गुण हुन्छ, प्रायः तिनीहरू नै कवि एवं सत्पुरुष हुने गर्दछन्. तर यो गुण प्रायः प्रत्येक बालकमा पाइन्छ, चाहे पछि गएर सङ्गतदोषले गर्दा यो गुण नष्ट किन नहोओस्। आफूमा यस गुणको वृद्धि गर्नु अत्यन्त आवश्यक छ, किनकि यदि तिमीलाई ईश्वरप्राप्तिको इच्छा छ भने प्रत्येक पदार्थमा– **सत्यं शिवं सुन्दरम्** देख्ने अभ्यास गर्नुपर्दछ। बालकको हृदय ब्रह्मरूप हुनाले हरेक पदार्थमा उसलाई अपूर्वताको आनन्द प्राप्त हुन्छ। सानो बालक जुन श्रेष्ठ व्यवहार अज्ञानवश गर्दछ, त्यस्तै व्यवहार तिमीले ज्ञानपूर्वक गर्नुपर्दछ। यसबाट ध्यानयोगको सिद्धि हुनेछ।

बिर्सन सक्ने स्वभाव पनि बालकहरूमा बढी हुन्छ। यदि कुनै वेला विशेष कारणले बालक रोइरहेको छ भने तिमी हत्तपत्त कुनै आकर्षक पदार्थतर्फ उसको मन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकर्षित पार त, उ एकै क्षणमा रुन छाडेर हाँस्न थाल्नेछ । उ यति छोटो समयभित्रै रुन बिर्सेर हाँस्न थाल्नेछ– यो ज्यादै महत्त्वको कुरो छ। यसबारे तिमीले गहन विचार गर्नुपर्दछ। उसको मन कमलपत्र समान निर्लेप रहन्छ, त्यसैले त उ त्यसो गर्न सक्तछ। देख्दादेख्दै पनि नदेख्ने र गर्दा-गर्दै पनि नगर्ने अनासक्त भावको सिद्धि उसमा स्वतः हुन्छ । बालक सबै कार्य एकाग्र मनले गर्दछ, तर कुनै कार्यप्रति उसको आसक्ति हुँदैन। उसको मनको कति शुद्ध अवस्था ।!

बालकले कृत्रिम भेद जान्दै-जान्दैन। विचार गर त त्यो सानो उमेरमा कति समदृष्टि हुन्छ ! ब्राह्मण-क्षत्रियहरूका बालकहरूको निःसीम प्रेम अन्त्यजहरूका बालकहरूसँग पनि हुन सक्तछ। ब्रह्मरूपावस्थामा ब्राह्मणत्व तथा अन्त्यजत्व (शूद्रपन), दुवै हुँदैनन्। यी हाम्रा कृत्रिम भेद हुन्, तैपनि हामी यिनको त्याग गर्न सक्तैनौ। शुद्ध अन्तःकरणको समता हुनाले बालक यी भेदहरू जान्दै जान्दैन र तिमीले उसलाई नसिकाएमा उसको अन्तःकरणको समता कहिल्यै नष्ट हुन सक्तैन । यसै प्रकार ठूलो र सानो, अनधिकारी र अधिकारी, धनवान् र दरिद्र आदि बनावटी भेदहरू पनि बालकलाई थाहा छैन । के तिमीले कहिल्यै यस्तो समताले परिपूर्ण अन्तःकरणका शुभ एवं सरल भावहरूको विचार गरेका छौ ? तिमी यही भन्दछौ र सोच्दछौ –बालक अज्ञानी हुन्छ र हामी ज्ञानी छौं। राम्ररी विचार गर, वास्तवमा को कस्तो छ। साँचो विचार गरेमा कदाचित् उल्टै कुरो सिद्ध हुनेछ ।

बालकहरूको यो मनोवैज्ञानिक वर्णनबाट शायद तिमीले बुझिसक्यौ होला– हाम्रो धर्ममा भगवान्‌को सगुण उपासनाको लागि बाल विग्रहको ध्यानको आदेश पुराण-हरूमा ठाउँ-ठाउँमा किन आउँछ ? मार्कण्डेय मुनि, काकभुशुण्डी, तुलसी तथा सूर-दासजस्ता सिद्ध महात्माहरूले भगवान्‌को बालरूपको नै उपासना किन गरेका हुन् ? केवल हिन्दूधर्ममा मात्र होइन, अपितु अन्य धर्महरू-(इसाई आदि) -मा पनि बाबा आदम तथा हव्बा (ईश र ईशा Adam and Eve) ज्ञानवृक्षको फल खाएपछि मात्र स्वर्गधामबाट खसेका थिए । तिमी आफै विचार गर–बालकहरूको ब्रह्मरूपावस्था पनि तब मात्र नासिन्छ, जब तिनलाई हाम्रो जस्तो ज्ञान प्राप्त हुन थाल्दछ। बाबा आदमजस्तै बालकहरू नाङ्गो रहन्छन्, तर स्वर्गमा रहनाले तिनीहरू नाङ्गोपन-सँग अनभिज्ञ हुन्छन् । बालक-बालिकाहरू एकै ठाउँमा नाङ्गै रहन्छन्, तर स्वर्गको सुख तिनलाई प्राप्त हुन्छ, तिनमा मृत्युलोकको विचार हुँदैन । जगत्‌को सम्पूर्ण उद्यान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनको लागि स्वर्ग नै हो । वास्तवमा ती बालकहरू मृत्युलोकमा हुँदैनन्, तिनीहरू ब्रह्मलोकको आनन्द ग्रहण गर्दै साँच्चै नै ब्रह्मलोकमा हुन्छन्; तर जब तिनीहरूलाई हाम्रो ज्ञान प्राप्त हुन थाल्दछ, तब शनैःशनै ईश्वर तिनलाई स्वर्गबाट तल धकेलिदिन्छन् । त्यसपछि नै तिनीहरूलाई आफ्नो नाङ्गोपनप्रति लाज लाग्न थाल्दछ र सबै प्रकारका दुःखहरू तिनका पछि लाग्दछन् ।

बाइबलको कथाको गर्भितार्थ यही हो । प्रिय पाठकवर्ग ! बाइबलका बाबा आदम तथा अम्मा हब्बा, ती शुद्धहृदय स्वर्गधामका आत्मा, तिमीसँगै छन्, तर तिमी तिनलाई चिन्न सकिरहेका छैनौ । ती तिम्रै घरहरूमा बसेर ब्रह्मलोकको आनन्द लिइ-रहेका छन्, तर त्यसै वेला तिमी भने संसारको दुःख अनुभव गरिरहेका हुन्छौ । तिमीले जुन संसारलाई दुःखमय भनेर अनुभव गरेका छौ, त्यसमा तिनीहरू बहिश्त (स्वर्ग)- को आनन्दको अनुभव गरिरहेका छन् । के तिनको योग्यता तिम्रोभन्दा कम छ ? बालक-हरूको वास्तविक अवस्थाको ज्ञान तिमीलाई भएमा तिमी तिनबाट अत्यन्त उपयोगी ज्ञान प्राप्त गर्न सक्नेछौ ।

ज्ञानवृक्षको फल खाई बाबा आदम किन पतित भए, तिमीलाई अब ज्ञान भइसकेकै होला । तिमी जुन ज्ञानको घमण्ड गर्दछौ, त्यो ज्ञान नै तिम्रो पतनको कारण हो; तर तिमी त्यसैमा मख्ख परिरहेका छौ । बालकहरूको परीक्षण-निरीक्षणको यो विषय अत्यन्त विस्तृत छ । यस सम्बन्धमा तिमी जति बढी विचार गर्नेछौ, तिमीलाई त्यति नै बढी आश्चर्यकारक ज्ञान प्राप्त हुनेछ । यदि यस विषयमा कुनै पाठकलाई सन्देह छ भने उनीसँग यति मात्र भन्नु छ–शङ्का गर्नुभन्दा अघि ४–६ महीनासम्म यस दृष्टिले विचार गरेर हेर, त्यसपछि पनि यदि शङ्का गर्ने आवश्यकता प्रतीत भएमा शङ्का गर्नू । अन्तमा यति मात्र भन्नु छ–स-साना बालकहरूलाई हीन दृष्टिले हेर्न छाडिदेऊ । ती स्वर्गधामका आत्मा हुन्–यो कुरा स्वीकार गरेर तिमी तिनलाई उच्च बनाउन सक्तैनौ भने पनि कम-से-कम आफ्ना कुसंस्कारहरूद्वारा तिनलाई तल नखसाल र सम्भव भएसम्म सूक्ष्म दृष्टिले तिनको अवलोकन गरेर तिनको हृदयको सरलता आफूमा उत्पन्न गर्ने प्रयत्न गर्दै गर !

पुराणहरूमा ध्यानयोग– ध्यानको विषयमा मनोवैज्ञानिक विचारको पश्चात् अब पुराणहरू अनुसार ध्यान योगको विषयमा संक्षिप्त विचार गरिन्छ । भेद तथा अभेद दुवै निष्ठाहरूमा ध्यान सबैभन्दा बढी महत्त्वपूर्ण साधन हो । पुराणहरूको साथै श्रीमद्भगवद्गीतामा पनि भगवान्‌ले ध्यानको निकै महिमा गान गर्नुभएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न विघ्न-बाधायुक्त यस संसारमा जो व्यक्ति भगवान्प्राप्तिको लागि साधना गर्दछ, उ वास्तवमा ज्यादै भाग्यशाली हो । श्रीमद्भगवद्गीतामा भगवान्ले भन्नु भएको छ– हजारौं मनुष्यहरूमध्ये कोही मात्र मेरो लागि (भगवत्प्राप्तिको लागि) यत्न गर्दछ र ती प्रयत्न गर्नेहरू मध्ये पनि बिरलाकोटि भगवत्परायण पुरुषमात्र मलाई तत्त्वले चिन्दछ ।

सबैलाई सुखको चाहना छ र सबै पूर्ण; दुःखरहित एवं नित्य सुख चाहन्छन् जीवको यो अनादिकालिक सुख-स्पृहाले उसको परमात्मा मिलनाकांक्षालाई प्रकट गर्दछ । जबसम्म उसलाई आफ्नो परम लक्ष्यको प्राप्ति हुँदैन, तबसम्म यो प्रवाहको गतिको बिराम कहिल्यै हुँदैन ।

परमात्माको एकत्वमा आफ्नो कल्पित भिन्न सत्तालाई सर्वथा विलीन पार्नु र केवल उनै एक परमात्मा मात्र बाँकी रहनु नै भगवान्प्राप्ति हो र यही नै हाम्रो जीवनको परम ध्येय हो ।

वैराग्य– यो लोक एवं परलोकका समस्त दृष्ट, श्रुत वा अदृष्ट, अश्रुत पदार्थहरूबाट सर्वथा वितृष्णा हुन जानु वैराग्य भनिन्छ । विषयहरू प्रति चित्तको अनुराग प्रधानतः चार कारणहरूले गर्दा हुन्छन्– (१) विषयहरूको अस्तित्वबोध (२) विषयहरूमा रमणीयताको बोध, (३) विषयहरूमा सुखबोध, (४) विषयहरूमा प्रेमको बोध । विवेकद्वारा यी चारको बध गरेमा वैराग्य प्राप्ति हुन्छ । यसैले नित्यानित्य वस्तु विवेकको आवश्यकता पहिले हुन्छ । विवेकद्वारा वैराग्य जाग्रत हुन्छ तथा वैराग्यद्वारा विवेक स्थिर एवं परिमार्जित हुन्छ, यी दुवै अन्योन्याश्रित साधन हुन् ।

रमणतीयताको बोध– रमणीयता कुनै विषयमा छैन, त्यो त केवल हाम्रो मनको कल्पनामा छ । हामीले नै आफ्नो रुचि अनुसार विषयहरूमा सुन्दरताको कल्पना गरेका छौं ।

विषयहरूमा सुखको बोध– हामीले भ्रमवश मान्यौं– हामीलाई त्यो सुख विषयबाट प्राप्त भएको छ यस बाहेक यो कुरा पनि विचारणीय छ– यदि विषय नै सुखरूप हो भने कुनै एउटै विषय पनि भिन्न-भिन्न स्वभावका मानिसहरूको लागि कसैलाई सुखरूप र कसैलाई दुःखरूप किन अनुभव हुन्छ ? त्यसैले वास्तवमा विषयमा सुख छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयहरूमा प्रेमको बोध– वास्तवमा विषयहरूमा प्रेम पनि छैन । स्वार्थ नै प्रेमको रूपमा प्रकाशित भइरहेको छ। स्वार्थमा बाधा पर्नासाथै बनावटी प्रेमको धागो तत्काल चुडिन्छ । हामी जब स्त्री-पुत्रादिको वियोगमा रुन्छौं, त आफ्नै स्वार्थमा बाधा पुगेको देखेर रुन्छौं । यहाँ प्रश्न उठ्छ– जो देशको लागि प्राण विसर्जन गर्छन्, तिनमा वास्तविक प्रेम छ कि ! अवश्य नै तिनको प्रेमको विकास भएको छ, तथापि तिनको यो चेष्टा वास्तवमा आत्मसुखको लागि नै हो । यसबाट कसैको यस प्रकारको चेष्टा गर्नु हुँदैन भन्ने ठान्नु हुँदैन । यस्ता चेष्टाहरू देश तथा धर्मको लागि अवश्य नै गर्नुपर्छ, तर यो कुरा याद राख्नुपर्छ– वैराग्य नै यी चेष्टाहरू उत्पन्न गराउने कारण हो । वास्तवमा भन्ने हो भने हामी आफ्नै लागि मात्र सबैसँग प्रेम गर्छौं । भनिएको पनि छ –**आत्मनस्तु कामाय सर्वं प्रियं भवति ।**

विषयहरूको सत्ताको बोध– मानौं कि विषयहरूमा रमणीयता, सुख तथा प्रेम छैन, तर विषयहरूको सत्तालाई स्वीकार्नै पर्दछ । सत्ता (अस्तित्व) नभएको भए त देख्नु, सुँघ्नु, स्पर्श गर्नु, बोल्नु र हिंड्नु आदि सबै क्रियाहरू प्रत्यक्ष कसरी हुन सक्तछन् ? यसबारे यो भन्न सकिन्छ– जब डोरीमा सर्पको भ्रान्ति हुन्छ, के त्यसबेला त्यो कल्पित सर्पमा सत्य सर्प बुद्धि हुँदैन ? के त्यसबेला त्यो डोरी नै प्रतीत हुन्छ ? डोरी नै प्रतीत हुन्छ भने त त्यससँग डराउने अथवा काम्ने कुनै कारण छैन । यो संसार सत्ता रहित भए तापनि अज्ञानले गर्दा सत्य अनुभव हुन्छ, यस प्रकारका विचारहरूद्वारा सत्ताको बोध गर्नुपर्दछ तर सांसारिक कुरा भन्दा जति सरल छ, गर्दा त्यति नै कठिन छ । यो परिणाम ज्यादै कठिन साधना पश्चात् प्राप्त हुन्छ । यसको लागि विवेकको ज्यादै आवश्यकता पर्दछ । जबसम्म यो लक्ष्य प्राप्त हुँदैन तबसम्म रमणीयता, सुख तथा प्रेमका बोध गर्दै गर्नुपर्छ, यही वैराग्य हो । वैराग्यविना परमार्थ-प्राप्ति हुँदैन । जो मानिसहरू वैराग्यविना नै परमार्थ-वस्तुको प्राप्ति गर्न चाहन्छन्, तिनीहरू मानौं शून्य आकाशमा निराधार महल बनाउने व्यर्थका चेष्टा गरिरहेका छन् ।

ईश्वरानुराग-विना आनन्दको प्राप्ति असम्भव छ । अनित्य, परिवर्तनशील तथा क्षणभंगुर विषयहरूमा आनन्दको कुनै सम्भावना छैन । निश्चयनै केवल घरबार, माता-पिता, स्त्री-पुत्रादिलाई त्यागेर जङ्गलतर्फ हिंड्नुको नाम विषयत्याग होइन विषयासक्तिको त्याग नै वास्तविक विषयत्याग हो । जबसम्म आसक्ति बाँकी रहन्छ, तबसम्म गृहादित्यागद्वारा कुनै खास लाभ हुँदैन । आसक्ति अविद्याजनित मोहद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। जबसम्म बुद्धि मोहले ढाकिएको हुन्छ, तबसम्म विषयहरूप्रति वास्तविक वैराग्य उत्पन्न हुँदैन ।

मुमुक्षु व्यक्तिले मनको मोह हटाउन वैराग्य-साधनको नित्य अभ्यास गर्नु पर्छ। भगवान् शङ्कराचार्यले तीव्र, मध्यम, मन्द र अतिमन्द गरी जम्मा चार प्रकारका मुमुक्षुत्व (मुमुक्षुता) को वर्णन गरेका छन् । जुन अवस्थामा साधक विवेकपूर्वक परिग्रह-मात्रलाई नै अनर्थकारी ठानेर त्याग्छ, त्यसलाई त मुमुक्षा भन्छन् । त्रिविध तापको अनुभव गरेर सत्, परमार्थ वस्तुलाई विवेकद्वारा चिनेपछि मोक्षको लागि भोगहरूको त्याग गर्ने इच्छा भएर पनि संसारमा बस्नु उचित छ कि यसलाई त्याग्नु उचित छ भन्ने किसिमको शङ्कामा अलमलिनुलाई मध्यम मुमुक्षा भन्दछन् । मोक्ष प्राप्त गर्ने इच्छा भएर पनि अहिले पर्याप्त समय बाँकी छ, किन हतारिनु ? संसारका काम गरिसकूँ, भोग भोगिसकूँ, त्यसपछि मुक्तिको लागि पनि उपाय गरूँला भन्ने विचार गर्नु, यस प्रकारको बुद्धिलाई मन्द मुमुक्षा भन्दछन् । संसारको सुख भोग गर्दा-गर्दै भाग्यवश कुनै समयमा मोक्ष प्राप्त भएछ भने मणि पाउने बटुवा जस्तै हामी पनि धनी हुनेछौं भन्ने किसिमको मूढमति भएकाहरूको बुद्धिलाई अतिमन्द मुमुक्षा भन्दछन् ।

आरम्भमा साधकका मार्गमा अनेक विघ्न-बाधाहरू आउने गर्दछन् । अतः ती विघ्नहरूबाट बच्नको लागि निरन्तर सचेष्ट रहनुपर्दछ । ती विघ्नहरूमध्ये केही प्रधान विघ्न यी हुन्–

स्वास्थ्यको अभाव– सबैभन्दा पहिलो विघ्न हो स्वास्थ्य बिग्रनु । अतः स्वास्थ्य रक्षाको लागि साधकले संयम एवं नियमित खानपान गर्नुपर्दछ । यहाँ यो पनि याद राख्नु पर्दछ– ईश्वर-प्राप्ति साधनविना हुन सक्तैन र साधन गर्नको लागि स्वस्थ शरीरको अत्यन्त आवश्यकता छ। यसैले सुत्ने, काम गर्ने, खानपान आदिको यस्तो नियम बाँध्नुपर्दछ, जसले गर्दा स्वास्थ्य ठीक रहोस् ।

खानपानमा असंयम– दोस्रो विघ्न हो आहारको अशुद्धि तथा असंयम। मनुष्य जुन प्रकारको भोजन गर्दछ, उसका भाव, विचार, बुद्धि तथा स्फुरणहरू प्रायः त्यस्तै नै हुन्छन् । जो मानिसहरू मांस मद्यादि तामसिक पदार्थहरूको सेवन गर्दछन्, तिनमा निष्ठुरता, क्रूरता तथा निर्दयता बढी देखापर्छ । प्राणीहरूको अकारण हिंसामा पनि तिनलाई अन्तर्हृदयदेखि दुःख लाग्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन धन अन्यायद्वारा आर्जन गरिएको हुन्छ, त्यो धन र अन्नको मनमाथि ज्यादै खराब प्रभाव पर्दछ । चोर, छली-कपटी, घूसखोर, व्यभिचारी तथा अन्यायी माथिल्लो जातिको व्यक्तिको अपेक्षा सत्यपरायण, सत्य कमाइ गर्ने, इन्द्रियजयी, न्यायी, सरल शूद्रको अन्न शुद्ध एवं पवित्र हुन्छ, किनकि त्यसबाट बुद्धिवृत्तिहरूको नाश हुँदैन । यथासम्भव अल्पाहार गर्नु वेश हुन्छ ।

संदेह–साधनामाथि सन्देह तेस्रो प्रमुख विघ्न हो। साधना आरम्भ गर्नासाथ उसलाई सिद्धि प्राप्त हुन सक्दैन यसबाट उ आफ्नो साधनामाथि सन्देह गर्न थाल्दछ । साधकले भगवान्को अस्तित्वमाथि दृढ विश्वास गरेर आफ्नो साधनाप्रति विश्वास राखेर साधना गर्दै गर्नुपर्छ ।

सद्गुरुको अभाव– सद्गुरुको अभावले नै साधकलाई वास्तविक साधनासँग अपरिचित राख्दछ र यसैले गर्दा उ श्रद्धारहित भएर साधना त्याग्दछ । यो ज्यादै विचारणीय विषय छ, किनकि वर्तमान कालमा वास्तविक त्यागी एवम् अनुभवी गुरुहरूको ज्यादै कमी छ । हुन त अचेल उपदेशक तथा गुरुहरूको कमी छैन तर साधनाविना नै आफूलाई अनन्य भक्त, परम ज्ञानी र यहाँसम्म कि आफूलाई प्रभु तथा भगवान् मान्नेहरू पनि प्रशस्त पाइन्छन्, जसले गर्दा वास्तविक साधक-महात्माहरूको कुनै मूल्य र गणना रहेको छैन । यस्तो स्थितिमा सद्गुरूको चयन गर्नु ज्यादै कठिन कार्य हो ।

नित्य नयाँ गुरु बदल्नाले साधनामा ठूलो व्यवधान उत्पन्न हुन्छ, किनकि उत्तम पुरुषहरू पनि भिन्न-भिन्न मार्गद्वारा साधन गर्ने हुन्छन् । तिनको लक्ष्य एकै भए तापनि मार्ग भिन्न-भिन्न हुन्छ । त्यसप्रकार सबैतिर अलमलिनाले तथा क्षण-क्षणमा साधना बदल्नाले कुनै पनि साधना सिद्ध हुँदैन । यसैले साधनामा सद्गुरुको आज्ञानुसार एकनिष्ठा तथा नियमानुवर्तिताको ज्यादै आवश्यकता छ ।

नियमानुर्वातताको अभाव (नियमसँग नलाग्नु) नियमानुवर्तिताको अभाव साधनको क्षेत्रमा एउटा ठूलो विघ्न हो । कुनै नियम नहुँदा दिनचर्यामा ठूलो गडबडी आउँछ, जीवन पनि यसरी नै गडबडीमै बित्दछ । यो कुरा याद राख्नुपर्छ–समय, स्थान, आसन तथा प्रणालीमा पटक-पटक परिवर्तन गर्नु हुँदैन ।

प्रसिद्धि–साधनामा एउटा ठूलो विघ्न प्रसिद्धि हो । साधकको सत्त्वमुखी हृदय तमसाच्छादित भएर क्रोध मोह तथा दम्भले परिपूर्ण हुन जान्छ । यी सम्पूर्ण दोषहरूमाथि विचार गरेर साधकहरू सकेसम्म प्रसिद्ध बन्ने चेष्टा कहिल्यै नगरून् । उपदेशक वा आचार्यको पद बिर्सेर पनि कहिल्यै ग्रहण नगर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुतर्क– साधनामा अर्को बिघ्न हो–तर्क बुद्धिको विशेष वृद्धि हुनु । जहाँ प्रत्येक कुरामा तर्क हुन्छ त्यहाँ साधनाप्रति श्रद्धा रहँदैन। श्रद्धाको अभावले स्वाभाविक रूपले साधनालाई शिथिल पारिदिन्छ। सत्यको अन्वेषणको लागि तर्क गर्नु उचित हो, तर हठ एवम् अभिमानद्वारा कुतर्कको आश्रय लिनु सर्वथा अनुचित छ ।

स्त्यान– साधनामा अर्को विघ्न हो स्त्यान अर्थात् चेष्टा छाडिदिनु । मनको यस्तो अवस्था केही दिनसम्म साधना गरेपछि हुने गर्दछ । परिणामस्वरूप उसको पतन हुन जान्छ, यसैले कहिल्यै उत्साहहीन भएर चेष्टा छाड्नु हुँदैन । भगवान्ले भनेका छन्– **संशयात्मा विनश्यति** ।

अल्पमा सन्तोष– साधनामा सन्तोष मान्नु अर्थात् अल्प लाभलाई नै पूर्ण लाभ ठानेर साधना छाडिदिनु पनि एउटा विघ्न हो। साधनामा लागेको मनुष्य जति-जति अघि बढ्दछ, उसलाई त्यति-त्यति नै विलक्षण आनन्द प्राप्त हुन्छ । संसारमा रमाएका मनुष्यहरू त्यस आनन्दको कल्पनासम्म पनि गर्न सक्दैनन् । अलिकति उन्नतिमा सन्तुष्ट हुनु ज्यादै ठूलो विघ्न हो। साथै विषय-कामना पनि साधनामा एक विघ्न हो । यो वैराग्यको अभावद्वारा नै हुने गर्दछ ।

ब्रह्मचर्यको अभाव– ब्रह्मचर्यको पूर्ण पालन नगर्नु साधनामा एक अर्को विघ्न हो। शरीरभित्र ओजको अभावमा साधनामा पूर्ण सफलता प्राप्त हुँदैन। ओजको लागि ब्रह्मचर्यको ज्यादै आवश्यकता छ ।

कुसङ्गति– संसारमा यस्ता मानिसहरू कैयौं होलान् जसको मनमा नराम्रा विचारहरू कहिल्यै उत्पन्न हुँदैनन् किनकि नराम्रा सञ्चित कर्म प्रायः सबैसँग हुन्छन्। केवल शुभमात्र सञ्चित भएमा मनुष्य-शरीर नै प्राप्त हुन सक्दैन । तर कुसङ्गतद्वारा ती विचारहरूलाई केही सहायता प्राप्त भएमा तरङ्ग सरह सानो आकारमा उत्पन्न भएका ती खराब विचारहरू शीघ्र नै समुद्र बन्न पुग्छन् र मनुष्य तिनमा डुबेर साधनाबाट सर्वथा पतीत हुन पुग्छ । मनुष्यहरूको सङ्गत मात्र कुसङ्गत होइन । जुन स्थान दृश्य, साहित्य, चित्र, विचार, भाव वा वचनहरूद्वारा मनमा कुभावको उत्पत्ति हुन्छ, ती सबै कुसङ्गत हुन् । जुन विचार वा भावहरूद्वारा मनमा कुसंस्कार जन्मन्छन् त्यस्ता विचार वा भावहरू सुन्नु वा मनन गर्नु उचित हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परदोष-दर्शन— परदोष दर्शन पनि साधनाको एक विघ्न हो । जुन व्यक्तिमा अरूमा दोष देख्ने आदत हुन्छ, उ साधनापथमा स्थिर रहेर अघि बढ्न सक्दैन। आफ्नो दोषमात्र देख्नुपर्दछ र त्यसैलाई दूर गर्ने पूर्ण प्रयत्न गर्नुपर्दछ ।

साम्प्रदायिकता— साम्प्रदायिकता पनि साधनाको एक ठूलो विघ्न हो । सद्गुरुद्वारा बताइएको साधनापथ माथि श्रद्धा-विश्वास राखेर तद्नुसार निर्दिष्ट मार्गमा हिंड्नु त साधकको आवश्यक कर्तव्य नै हो तर साम्प्रदायिक आग्रहवश अर्काको निन्दा गर्नु वा अरूलाई हीन ठान्नु अरूको साधना मार्ग वा ईश्वरको कल्पनामा दोष देखाउनु, तिनको खण्डन गर्नु, केवल बाह्य आचारहरूलाई मात्र मुख्य ठान्नु आदि कार्यहरू साधकको लागि कहिल्यै उचित हुँदैनन् ।

साधनाका सहायक नियमहरू— उपर्युक्त विघ्नहरूलाई साहसपूर्वक पन्छाउँदै दृढतापूर्वक साधनामा लीन रहनु पर्छ । योगसूत्रमा भनिएको छ— **स तु दीर्घकालनैरन्तर्यसत्कारासेवितो दृढभूमिः** अर्थात् जब लामो समयसम्म आदरपूर्वक अभ्यास गरिन्छ तब त्यो दृढ हुन्छ । यस सम्बन्धमा तीन कुराहरू भनिएका छन्— अभ्यास दीर्घकालसम्म गर्नुपर्छ, निरन्तर गर्नुपर्छ तथा सत्कार बुद्धिद्वारा गर्नुपर्छ । अल्प साधनद्वारा यथार्थ वस्तुको प्राप्ति हुँदैन, जबसम्म अभीष्ट प्राप्ति हुँदैन, तबसम्म साधना गरी नै रहनुपर्छ । साधकले निरन्तर साधना गरिरहनुपर्छ । फेरि आदर बुद्धि नभईकन साधनाको पूर्ण फल प्राप्त हुँदैन । श्रद्धा नै साधकको मुख्य बल हो ।

एकान्तवास— साधना परिपक्व पार्नको लागि एकान्त सेवनको पनि अत्यन्त आवश्यकता छ । तर जबसम्म साधनामा पूर्ण लगन हुँदैन, तबसम्म सम्पूर्ण कामकाज त्यागेर, आफूमाथि कुनै उत्तरदायित्व बाँकी नराखेर लामो अवधिसम्म एकान्त-सेवन गर्नु अधिकांश साधकहरूको लागि प्रायः हानिकारक हुन्छ । यसैले नयाँ साधकहरूले परमात्माको ध्यान वा प्रार्थना गर्नको लागि दिन-रातका चौबीस घण्टा मध्ये एक घण्टा एकान्त-सेवन गर्नुपर्दछ । यदि एकान्तमा मनको प्रमाद बुद्धि अथवा आलस्य-निद्राले नसताएमा क्रमशः समय बढाउनुपर्दछ । यथासाध्य हप्तामा एक दिन, महीनामा चार-पाँच दिन, वर्षभरिमा एक महीना त्यस्तो मिलाउनुपर्दछ, जुन केवल परमार्थसाधना तथा भगवच्चर्चामा नै बितोस् । यसबाट मन जुन सात्विक भोजन प्राप्त गर्दछ, त्यसद्वारा मानसिक स्वास्थ्य ठीक रहनमा ज्यादै सहायता मिल्छ । तर अभ्यास-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विना एकान्त-सेवनमा प्रमाद, आलस्य, निद्रा, कुवृत्ति आदि तामसिक दोषहरूको वशमा परिने निकै भय रहन्छ ।

निश्चय नै काम गर्ने बेलामा पनि ईश्वरचिन्तनलाई त्याग्नु हुँदैन, अपितु ईश्वर-चिन्तन गर्दै कार्य गर्नुपर्दछ । वास्तवमा सच्चा एकान्त-सेवन त मन एकान्त रूपले परमात्मा लाग्नु हो ।

साधु व्यवहार– साधकको व्यवहारमा सदा-सर्वदा साधुता हुनुपर्दछ। सबै प्रकारका दुःख कष्टहरू शान्तिपूर्वक सहनु, क्रोधको बदला क्षमाले लिनु, दुश्मनीको बदलामा प्रेम गर्नु, कुभलो गर्नेहरूको भलाइ गर्नु आदि साधु व्यवहारहरूको सदा पालन गर्नुपर्दछ । यदि त्यो गति दैवी सम्पत्तितर्फ छ भने उन्नति भइरहेको छ भन्ने जान्नु पर्दछ। आसुरी सम्पत्तितर्फ गएको छ भने अवनति भइरहेको छ भन्ने जान्नुपर्छ ।

पापहरूबाट सावधानी–साधकले अन्तसम्म पापहरूदेखि सदैव सावधान रहनुपर्दछ। त्यसैले स-साना पापहरूको समेत कहिल्यै उपेक्षा गर्नु हुँदैन, चाहे त्यो शारीरिक होस् वा मानसिक। घरमा कालो सर्प हुनु त्यति घातक हुँदैन, जति अलिकता मात्र पनि पापबुद्धि मनमा रहँदा हुन्छ ।

पाप त विषयभोगहरूको आसक्तिद्वारा हुन्छ । यस आसक्तिको त्याग नगरीकन मनुष्यले कदापि सत्य बस्तु चिन्न सक्दैन। विषयासक्ति त पशु धर्म हो, मनुष्यको अज्ञानतावश यसलाई आफ्नो स्वभाव मानेर आफूलाई परमार्थदेखि ज्यादै पर पुऱ्याएको छ। यसैले गर्दा हामीले बारम्बार दुःखहरूको शिकार बन्नुपर्दछ। पापलाई अलिकति पनि आश्रय दिनु आफू स्वयंले आफैलाई सदाको लागि दुःखरूपी नरकमा हाल्ने तयारी गर्नु हो। साधकलाई साधनापथबाट कहिल्यै डगमगाउन नदिने एउटा ज्यादै सुन्दर उपाय हो– प्रभुमाथि अटल विश्वास ।

हामीले त आफ्नो चारैतर्फ भय जम्मा गरेर राखेका छौं । यसैले हामी-लाई बिडी-सिगरेट, गाँजा, भाङ र मदिरा जस्ता घातक वस्तुहरूलाई छाड्न पनि स्वास्थ्य बिग्रने डर लाग्छ, सर्वथा हानिकारक रुढि तोड्न पनि लोकलाज र समाजको भय हुन्छ ।

यस संसारमा पनि चार प्रकारका मनुष्य छन्– पामर, विषयी, मुमुक्षु र मुक्त। यसकारण ऐलेदेखि नै सबै पापहरूलाई छाडेर शेष जीवन भगवान्‌लाई एक निश्चय भएर अर्पण गरिदिनुपर्छ। स्वयं भगवान्‌ले भन्नु भएको छ– अत्यन्त दुराचारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि अनन्यभावले मलाई भज्दछ भने त्यसलाई साधु नै मान्नुपर्छ, किनभने उसले पछि मलाई नै भज्ने निश्चय गरेको हुन्छ ।

ध्यानका केही क्रियात्मक विधि– ध्यान योगको विषयमा केही नियम र सावधानीहरूको विचार गरेपछि ध्यानका केही क्रियात्मक विधिहरू संक्षेपमा लेखिन्छन् ।

पहिलो विधि– भेद र अभेद निष्ठाहरूमा ध्यान सबभन्दा आवश्यक र महत्वपूर्ण साधन हो । भगवान्को परम भावलाई सम्झेर कुनै पनि प्रकारबाट उनको ध्यान गरियो भने अन्तमा प्राप्ति त्यही एक नै भगवान्को हुन्छ । अतएव साधकले यता उति मन नडुलाएर आफ्नो इष्टरूपमा महान् आदर बुद्धि राख्दै परम भावले उनैको ध्यानको अभ्यास गर्नुपर्छ । एकान्त, पवित्र र सात्त्विक स्थानमा सिद्धासन, स्वस्तिकासन, पद्मासन, अथवा कुनै सुखसाध्य आसनमा बसेर निन्द्रा आउने भय नभएमा आँखा चिम्लेर, नभए आँखाहरूलाई भगवान्को मूर्तिमा लगाएर अथवा नेत्रहरूको दृष्टि नासिकाको अग्रभावमा लगाएर प्रतिदिन कमसेकम तीन घण्टा, २ घण्टा या एक घण्टा जति समय भेट्टाउन सकिन्छ, सावधानीका साथ लय, विक्षेप, कसाय, रसास्वाद, आलस्य, प्रमाद र दंभादि दोषहरूबाट बचेर श्रद्धा-भक्तिपूर्वक तत्परताका साथ ध्यानको अभ्यास गर्नु पर्छ ।

माथि लेखिए अनुसार एकान्त आसनमा बसेर साधकले दृढ निश्चयका साथ यस प्रकार धारणा गर्नुपर्छ– एक सत्य सनातन, असीम, अनन्त, विज्ञानानन्दाघन, प्रकाशमय पूर्ण परब्रह्म परमात्मा नै परिपूर्ण छन्, उनको सिवाय न त केही छ, न भयो, न होला । ती परब्रह्मको ज्ञान पनि तिनै परब्रह्मलाई नै छ किनभने ती ज्ञानस्वरूप नै छन् । उनका अतिरिक्त अरू जे पनि प्रतीत हुन्छ, सब कल्पना मात्र त्यो वस्तुतः हो, मात्र एक सत्य हो ।

दोस्रो विधि– एक सच्चिदानन्द परमात्मा नै परम सत्य तत्त्व हो, तिनी सिवाय केही वस्तु छँदैछैन । उनी नित्य ज्ञानस्वरूप छन् । तिनी सदेअसदे विलक्षण अचिन्त्यानन्द स्वरूप छन् । यस प्रकार संपूर्ण अनात्म वस्तुहरूको अभाव गरेर उनको आनन्दमय स्वरूपमा वृत्तिलाई जमाइदेऊ । बारम्बार आनन्दको भावनाको आवृत्ति गर्दै साधकले यस्तो दृढ निश्चय गरोस् कि असीम आनन्द छ, घनानन्द छ, अचलानन्द छ, शान्तानन्द छ, कूटस्थानन्द छ, ध्रुवानन्द छ, नित्यानन्द छ, बोधस्वरूपानन्द छ, ज्ञानस्वरूपानन्द छ, परमानन्द छ, महान् आनन्द छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्त आनन्द छ, अव्ययानन्द छ, अनामयानन्द छ, अकलानन्द छ, अमलानन्द छ, अजानन्द छ, चिन्मयानन्द छ, केवलानन्द छ। एकमात्र आनन्द नै आनन्द छ, परिपूर्णानन्द छ। आनन्द बाहेक अरू केही पनि छैन। यस प्रकार आनन्दमय ब्रह्मको चिन्तन गर्दै साधकले आफ्नो मन-बुद्धिलाई नित्य-विज्ञानानन्दघन परमात्मामा विलीन गरिदेओस्।

तेस्रो विधि– जस्तै कोठामा राखिएको गाग्रोको आकाश कोठाको आकाश भन्दा भिन्न छैन र कोठाको आकाश त्यो महान् सुविस्तृत आकाशभन्दा भिन्न छैन। कोठा र गाग्रोको उपाधिले नै घटाकाश-मठाकाश भेदले सानो-ठूलो धेरै प्रकारका आकाशको प्रतीति हुन्छ। वस्तुतः सबैलाई आफूभित्रै अवकाश दिने एउटा महान् आकाश सर्वत्र परिपूर्ण छ। त्यस्तै नै एक चेतन आत्मा नै सर्वत्र परिपूर्ण छ। उपाधिभेदले नै यो विभिन्नता प्रतीत हुन्छ।

चौथौ विधि– मानस–पूजा वा ध्यान- सबैतिर भगवान्को कुनै नाम-लेखिएको भन्ने ठानेर बारम्बार उनको नामको ध्यानमा मन लगाउनुपर्छ अथवा- भगवान्को कुनै स्वरूप विशेषको अन्तरिक्षमा मनले कल्पना गरेर उसको पूजा गर्नुपर्छ। अर्थात् साधक मानसमूर्ति बनाएर यस प्रकार भगवान्को ध्यान गरोस्– आफ्नो अगाडि भूमिमा केही माथि सुन्दर तेजः पूर्ण दिव्य आसनमा भगवान् विष्णु विराजमान हुनुहुन्छ भगवान्को चारैतर्फ अनन्त सूर्यको जस्तो परन्तु शीतल प्रकाश फैलिएको छ र त्यसबाट मानौ आनन्दको समुद्र उर्लिरहेछ।

पाँचौं विधि– मर्यादा पुरुषोत्तम भगवान् श्री रामचन्द्रजीको नित्य ध्यान गर्नुपर्छ।

छैठौं विधि– बालगोपाल मुरलीधर श्रीकृष्णको ध्यान जप गर्नुपर्छ।

सातौं विधि– श्रीशङ्कर भगवान्को ध्यान, जप नित्य गर्नुपर्छ। साथै पाँचौ, छैठौं र सातौं विधिको विस्तृत मूल (तृतीय खण्ड) को पृष्ठ ३९३–३९४ मा हेर्नुहोस्। यस्तै प्रकार भगवान् नृसिंह, शक्ति, सूर्य आदि आ-आफ्ना इष्टदेवताहरूको ध्यान गर्नुपर्छ।

यहाँ मुख्य रूपले जान्नुपर्ने कुरा यो छ कुनै पनि प्रकारको ध्यान–भजन आदिको साधनामा महत्त्वपूर्ण वस्तु प्रेम र समता हो। जोसँग प्रेम बढाउनु छ, स्वार्थ र अहङ्कारलाई त्यागेर उसको हितका कार्यहरूमा लाग्नु नै प्रेम वृद्धिको सर्वोत्तम उपाय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो। प्रेममा स्वार्थको गन्ध पनि आउनु हुन्न। जहाँ स्वार्थको भाव आयो त्यहीं प्रेम तोडिन थाल्छ। कसैको सेवा वा उपकार गरेर सो कुरा कसैलाई भन्नुहुन्न, किनभने आफूले गरेको उपकार प्रकट गर्नाले अभिमानको वृद्धि हुन्छ र अभिमानलाई कसैले सहन सक्तैन। मनुष्य अहङ्कारको शिकार जति बने पनि त्यसले अरूको अहङ्कार सहन सक्तैन, यो कस्तो आश्चर्य ! यसैले हामीहरू भजन, ध्यान, पूजा र परोपकार आदि जे सुकै उत्तम कर्म गरौं तिनको बखान आफ्नो मुखबाट कहिल्यै गर्नु हुन्न। सोधेमा पनि यस सम्बन्धमा मौन रहनु अथवा त्यस प्रसङ्गलाई टारिदिनु श्रेयस्कर छ। स्वास्नीमानिसमा प्रायः यो दोष ज्यादा रूपमा देखिएको छ। यिनीहरू सेवादि उत्तम कर्महरू प्रायः गुप्त राख्न सक्तैनन्। पुरुष पनि प्रेमलाई तोड्ने यो खराब बानीलाई प्रायः छाड्दैनन्।

आजकल निष्काम भावनाको त प्रायः अभाव जस्तो नै भइसकेको छ। जता हेर उतै नै स्वार्थको बोलबाला छ। वास्तवमा स्वार्थको भावना निष्काम प्रेमको निम्ति कलङ्कस्वरूप छ। निष्काम भावबाट गरिएको आचरण अमृतस्वरूप मानिएको छ। सेवा र उपकारमा अन्तर छ। सेवामा त विनयको अधिकता र अहंकारको अभाव छ, तर उपकारमा अहंकारको पनि समावेश छ। सेवा निष्काम भावले गरिएको छ भने त्यसलाई प्रकट पो किन गर्नु पर्‍यो। प्रकट गर्नासाथ त्यो सकाम भइहाल्छ। सेवा गरेर त्यसको बयान गर्ने हो भने सेवाको महत्व घट्छ।

उपनिषद्हरूमा ध्यानयोग—उपनिषद्हरूमा पनि उपासना वा ध्यानयोग सगुण, निर्गुण तथा भेद र अभेद दुवै निष्ठाहरूबारे बताइएको छ। उपनिषद्हरूमा अहंग्रह र तटस्थरूपले उपासनाका दुइ भेद बताइएका छन्। जसमा उपास्यको अभेदरूपले चिन्तन गरिन्छ, त्यो हो अहंग्रह उपासना। यस उपासनामा उपास्यबाट उपासकको सत्ताको पृथक् भाव रहँदैन। यो उपासना मुख्य हो र ज्ञानसँग सम्बद्ध छ। दोस्रो तटस्थ उपासनामा एक पदार्थ-वस्तुका शास्त्रविधि अनुसार अन्य प्रकारबाट चिन्तन गरिन्छ। जस्तै शालीग्राममा विष्णुको ध्यान गर्नु सगुण उपासना हो र ॐ मा ब्रह्मको ध्यान गर्नु निर्गुण हो।

अहंग्रह उपासनाको फल साक्षात्कार हो। तटस्थ उपासनाको फल अदृश्यलाई उत्पन्न गराउनु हो। तटस्थ र अहंग्रह उपासनामा यही अन्तर छ। उपासनालाई ध्यान पनि भन्दछन्। ध्यान ज्ञान होइन, यी दुइमा अन्तर छ। ध्यान शास्त्र विधि र पुरुषको इच्छाको अधीन हुन्छ, तर ज्ञान प्रमाण र प्रमेयको अधीन छ। ज्ञान वस्तुको अधीन छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषको इच्छाको अधीन छैन । ध्यानमा केवल ध्याता, ध्यान र ध्येयको त्रिपुटी रहन्छ । त्रिपुटी मेटिएर एक स्वरूप हुनुको नाउँ साक्षात्कार हो । पूर्ण श्रद्धा र एकाग्रतासाथ उपासना गरियो भने अन्तःकरणको शुद्धि भएर उपास्यको प्राप्ति अवश्य हुन्छ ।

अनेक प्रकारका गुणहरू सहित ईश्वरको आराधना सगुण उपासना हो । मायोपहित्र समष्टि चेतन ईश्वर हो, यस ईश्वरको अथवा उसको अवस्था विशेषको उपासना सगुण उपासना हो । भेदोपासनाद्वारा उपासकलाई ऐश्वर्यको प्राप्ति हुन्छ र अभेदोपासकलाई उपासना अनुसार वैश्वानर, हिरण्यगर्भ अथवा ईश्वरको प्राप्तिरूप फल प्राप्त हुन्छ । सबै सगुण उपासनाहरू कार्य ब्रह्मका उपासनारूप हुन् । निर्गुण उपासना कारण ब्रह्मको उपासना हो । सगुण उपासकलाई यथार्थ उपासनाद्वारा ब्रह्मलोकको प्राप्ति हुन्छ । ब्रह्मलोकको प्राप्तिरूप अपराविद्या हो र ब्रह्म प्राप्तिरूप पराविद्या हो अर्थात् कार्यब्रह्म अपर ब्रह्म हो र कारण ब्रह्म परब्रह्म हो ।

ब्रह्मोपासना–जुनसुकै प्रकारको उपासना किन नहोओस् सहारा वा आलम्बन नलिई हुँदैन । स्थूल सूक्ष्म र कारणको भेदले आलम्बन तीन प्रकारका छन् । सगुण र निर्गुण भेदले ब्रह्मको उपासना दुइ प्रकारका छन् । सगुण ब्रह्म कार्य ब्रह्म कहलिन्छ र निर्गुण ब्रह्म कारण ब्रह्म कहलिन्छ ।जसमा गुणहरूको आलम्बन हुन्छ त्यो सगुण–ब्रह्मोपासना हो । साकार इष्टदेवको उपासनाभन्दा सगुण ब्रह्मोपासना सूक्ष्म छ । सगुण-सकारभन्दा सगुण-निराकार ब्रह्मको उपासना कठिन छ, र जसमा गुणहरूको प्रवेश भएको छैन, त्यस्तो जुन उपासना छ त्यो निर्गुण उपासना हो, र सगुणभन्दा कठिन र श्रेष्ठ छ ।

सब प्रकारका उपासनाहरूमा ब्रह्मोपासना सर्वश्रेष्ठ छ र त्यसको फल पनि अन्तिम कैवल्य हो । बोध र उपासना एउटै होइन, यी दुवैमा अन्तर छ । उपासना अनुमान हो । बोध सत्य स्वरूप वस्तुको हुन्छ ।

वेदका शाखाहरू धेरै छन्, शाखा भेदले उपासनाहरूको भेद हुन्छ तर फल एउटै हो । फलमा भिन्नता नहुनाले उपासना एउटै हो ; जस्तै अनेक प्रकारको भोजन बनाउने विधि भिन्न-भिन्न छन्, तर भोजनवाट हुने तृप्तिरूप फल एउटै हो । यस्तै प्रकार सबै निर्गुण उपासनाहरूको फल एउटै हो ।

सब पदार्थहरूका नाम र रूप दुवै हुन्छन् । रूप नाउँदेखि भिन्न छैन र नाउँ रूपदेखि भिन्न छैन । नाउँ र रूप साथसाथै हुन्छन् । नाउँ अथवा रूप एउटै रहँदैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जति रूप छन्, सबै नामस्वरूप नै हुन्, नाउँ रूपदेखि भिन्न हुँदैन। यो एक अकथ कथा (गाउँ खाने कथा) हो। व्यवहारको हेतु नाउँ हो। रूप बदलिंदै गर्छ तर नाउँ बदलिदैन। रूपको नाश भए पनि नाउँ शेष रहन्छ। यसबाट सिद्ध हुन्छ– रूप अर्थात् आकार नाउँ भन्दा भिन्न छैन, तर नामको सामुन्ने रूप तुच्छ छ। जति नाउँ छन्, ॐ कार भन्दा भिन्न छन्, किनभने ॐकार बाट नै सब वर्ण उत्पन्न भएका छन्, ॐ कारबाट सबैको उच्चारण हुन्छ त्यसकारण नाउँ ॐकार भन्दा बाहिर छैन, लोक र वेदका सब शब्दहरूको उत्पत्ति ॐकारबाट हुन्छ यस्तो श्रुतिमा प्रसिद्ध छ–ॐ यो अक्षर नै सब थोक हो। ॐकार सब नामहरूको कारण हो र सब नाम ॐकारका कार्य हुन्। सर्वनाम रूप ॐकार नै हो। ब्रह्माण्डमा जे जति छ, सब नामरूपको विस्तार हो, त्यसकारण ॐकार नै सर्वस्वरूप हो, यसरी नै ब्रह्म सर्वरूप हो। त्यसैले ॐकार नै ब्रह्म हो। ॐकार ब्रह्मको वाचक हो र ब्रह्म ॐकारको वाच्य हो, वाचकको वाच्यसंग भेद हुँदैन। त्यसकारण वाच्य एक ब्रह्म नै शेष रहन्छ। अर्को रीतिबाट बिचार गर्‍यौं भने नाम रूपादि सब ब्रह्माण्ड माया र मायाको विस्तार हो। अक्षर ब्रह्ममा सब ब्रह्माण्ड अध्यस्त छ। अध्यस्तको अधिष्ठान सँग भेद हुँदैन, यसप्रकार सब ब्रह्मरूप हो।

दोस्रो रीति– जे जति छ सब अस्ति भाति, प्रिय, नाम र रूपले युक्त छ, तिनका अतिरिक्त दृश्य, अदृश्य केही छैन ब्रह्ममा अस्ति भाति र प्रिय सत्य हो, र नाम रूप असत्य हो। जो अस्ति, भाति र प्रिय छ त्यो नै सत्-चित् आनन्द हो, त्यो नै परमात्मा हो। नाम र रूप माया हो सच्चिदानन्द वास्तविक तत्त्व हो र त्यसमा भ्रान्तिबाट नाम रूप देखिन्छ। सत्लाई लक्षण संझेर उपासना गरियो भने उपासना सगुण हुन जानेछ, निर्गुण हुने छैन। निर्गुण उपासनामा यही विशेषता छ कि उसमा विधि-निषेधरूप सब गुणहरू विशेषणहरूको उपसंहार गरेर यथार्थ सत्को लक्ष्य गराइन्छ, तर सगुण उपासनामा यस्तो हुँदैन।

तेस्रो प्रकार– जति स्थूल शरीर देखिन्छन् ती प्रत्येकका भित्र दुइ अरू शरीर हुन्छन् र एक-एकको कारण हुन्छ। कार्यको लय कारणमा गर्दै जाँदा अन्तिम कारण जुन हुन आउँछ (जसको अरू कुनै कारण छैन) त्यही नै परब्रह्म हो। जो सबैको अन्तिम कारण हो, जसको अझ कुनै कारण छैन, जसमा कार्य-कारणको पनि भाव छैन "त्यो नै म हुँ"–यस्तो चिन्तन गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो रीति– लय चिन्तनको स्पष्ट एवं सरल विधि यसप्रकार छ– स्थूल शरीर पंचकोषमय छ र एक-एकको भित्र एक-एक कोष हुन्छ। शरीरमा पाँच कोष छन्। शरीर मायाको हो, ब्रह्ममा भ्रमद्वारा मायाको भास हुन्छ, माया त्रिगुणात्मक छ। तीन गुण र पाँच तत्त्वहरूबाट नै तीन शरीर र उनमा भएका पाँच कोष छन्। स्थूल शरीरबाट अन्नमय कोष हुन्छ। यो सब भन्दा स्थूल हो। अन्नमय कोष प्राणमय कोषबाट सञ्चालित हुन्छ, अन्नमय कोषको बीज प्राणमय कोष हो। प्राण नभए अन्नमय कोष जीवित रहन सक्तैन, त्यसकारण अन्नमयकोषको अभावको चिन्तन गर्नाले प्राणमय कोष नै रहन्छ। यस्तै किसिमले प्राणमयकोषको बीज मनोमय कोष हो, किनभने मनोमय कोषको आधारमा प्राणमय कोष सञ्चालित हुन्छ, यसकारण प्राणमय कोषको अभावको चिन्तन गर्नाले मनोमय कोष नै शेष रहन्छ। मनोमय कोष पनि स्वतन्त्र छैन त्यो विज्ञानमय कोषको आधारमा काम गर्छ। त्यसकारण विज्ञानमय कोष नै उसको सार हो। विज्ञानमय कोष आनन्दमय कोषबाट सञ्चालित हुन्छ। त्यसको सार आनन्दमय कोष हो तथा आनन्दमय कोष माया रचित छ,त्यसको पनि अभावको चिन्तन गरेपछि शेष मायानै रहन जान्छ। यस प्रकार यी सबैको कारण माया नै हो। माया वस्तुतः केही होइन, भूल, हो भ्रम हो, मिथ्या हो, भ्रान्ति हो। जब माया वस्तुतः केही होइन,तब त्यो माया भूल वा भ्रान्तिको जुन आधार छ तथा मायाबाट बनेको संसारको जुन आधार छ त्यो नै अबाधित सत्य हो, जसमा कुनै विकार हुँदैन, त्यो नै परब्रह्म हो, त्यो मेरो र सबैको सच्चा स्वरूप हो। म जीव होइन, किनभने जीव विकारी छ, म विकार रहित छु, बिकाररहितमा बन्धन हुँदैन, त्यसकारण म बन्धनरहित छु, जुन अज्ञानले माया आदि बन्धन देखिन्थ्यो, त्यस अज्ञानको सिद्धि ममा हुँदैन, सर्वाधार, अचिन्त्य अखण्ड आदिविशेषणहरूद्वारा अधिकारी जसको लक्ष्य गर्छन् त्यो म नै हुँ। म एकमा नै मायाद्वारा सबको भास हुन्छ। ममा माया छैन, म नै सबको हृदयमा विराजमान छु। म बाटै सब छन् र म नै सब हुँ, कथन नाम मात्र हो ; वस्तुतः मेरो कथन हुन सक्तैन; म सदा नै मोक्ष स्वरूप छु, बोध स्वरूप छु, सबको अधिपति छु, साक्षी छु। शास्त्रमा भनिएको सच्चिदानन्द म भन्दा अर्को केही होइन; ममा मेरो–तेरोको व्यवहार छैन। म आनन्दको समुद्र हुँ, तेजको राशि र सत्यको पनि सत्य हुँ। म नमस्कार र स्तुतिले रहित छु; किनभने म नै म हुँ, अन्य कोही होइन। व्यापक, प्रकाशक, व्यष्टि समष्टि जेजति छ सब मेरो नै स्वरूप हो, यसप्रकार अभेद चिन्तन अहंग्रह उपासना हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लयचिन्तन–विश्वरूप अकार तैजसरूप उकारबाट भएको हो। जो जसबाट भएको हुन्छ,त्यसैमा उसको लय हुन्छ। विश्वरूप अकारको यसप्रकार तैजसरूप उकार नैं भयो। यसैप्रकारका तैजसरूप उकार प्राज्ञरूप मकारबाट भयो। तैजसरूप उकारलाई प्राज्ञरूप मकारमा लय गरियो भने प्राज्ञरूप मकार शेष रह्यो। प्राज्ञरूप मकार तुरीयरूप अमात्रबाट भएको छ, प्राज्ञरूप मकारको तुरीयरूप अमात्रमा लय गऱ्यो भने तुरीयरूप अमात नैं शेष रह्यो। तुरीय रूप अमात्र परमार्थस्वरूप हो। उसैको सत्ताले सब प्रकाशित हुन्छन्, त्यही नै म हुँ–यसप्रकार चिन्तन गरोस्। स्थूलको लय सूक्ष्ममा हुन्छ। सूक्ष्मको लय कारणमा हुन्छ र कारणको लय तुरीयमा हुन्छ।

सब उपसनामध्ये ॐकारोपासना–ब्रह्म को निर्गुण उपासना सर्व श्रेष्ठ छ। कामनायुक्त उपासनाको फल परलोकको अर्थात् स्वर्गको प्राप्ति हो। यो उपासना कर्मस्वरूप हुन्छ। शास्त्रको विधि र ज्ञान यसको फल हुन्छ। यस्तो उपासना भेदोपासना हुन्छ। एकमा अर्काको भाव भयो भने त्यसलाई प्रतीक भन्दछन् र जसमा अङ्गको अवलम्बन लिइन्छ त्यो अङ्गाश्रित उपासना हो। यी सबै भेदोपासना हुन् र आकारवाला हुन्। तिनको फल स्वर्गमा श्रद्धाबुद्धिका अनुसार इष्ट-प्राप्तिरूप हुन्छ। यो फल चार प्रकारको हुन्छ, त्यसलाई चारप्रकारका मुक्ति भन्छन्–सालोक्य, सारूप्य, सामीप्य र सार्ष्टि। सालोक्यमा इष्टको लोकमा बास गर्नु सारूप्यमा इष्टको समान रूपको हुनु, सामीप्यमा इष्टको समीप बस्नु, सार्ष्टिमा इष्टको समान भोगहरूको प्राप्ति हुनु-यसप्रकार फल हुन्छ। यी यथार्थ मुक्ति होइनन् आपेक्षिक हुन्। जसको उत्पत्ति कर्मद्वारा हुन्छ, त्यो वस्तु नाशरहित हुँदैन।

ब्रह्मलोकको कामनाले जो उपासना गरिन्छ त्यो कर्मभन्दा उँचो दर्जाको हुन्छ। परलोकको ज्ञान सहित कर्म उपासना भनिन्छ। ब्रह्मलोक अपर ब्रह्म हो। यो उपासना अभेद भावद्वारा गर्नुपर्दछ। अपर-ब्रह्मको जुन जुन गुण शास्त्रमा सुनिएको छ उनको अनुसार उपासना भए सगुण उपासना हुन्छ। ब्रह्मको निर्गुण उपासनामा परब्रह्मको गुण लक्षक हो र सगुण उपासनामा ब्रह्म, विशिष्ट-ब्रह्म यो नै गुणवाला हो, यसको लक्षक हुन्छ। यस्तो उपासना सगुण भनिन्छ। यसका उपासकलाई उत्तरायण मार्गमा ब्रह्मलोकको प्राप्ति हुन्छ। परब्रह्मको उपासना ज्ञानद्वारा मोक्षको हेतु हुन्छ, त्यस-कारण त्यो ज्ञानको श्रेणीमा छ। जुन फल ज्ञानीलाई छ, त्यही फल उपासकलाई हुन्छ। मुमुक्षुहरूलाई बुझाउन शास्त्रमा विधि र निषेधको रूपमा परब्रह्मका जुन गुण बताइएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् ती गुणबाट परब्रह्मको लक्ष्य गरेर उपासना गरिन्छ । उसको फल कैवल्य-ब्रह्म प्राप्ति हो । यस्तो उपासक जबसम्म शरीर रहन्छ तबसम्म जीवनमुक्त हुन्छ, अर्थात् शरीर रहँदारहँदै पनि ब्रह्मको सुखको अनुभव गर्छ र प्रारब्ध समाप्त भएपछि निर्वाणमा प्राप्त हुन्छ । यो सद्योमुक्ति हो, तथा ब्रह्मलोकमा गएर ब्रह्मलोकको स्थिति पर्यन्त ऐश्वर्यको भोग गरी ब्रह्मका साथ निर्वाणमा प्राप्त हुनुलाई क्रममुक्ति भन्दछन् । उत्तरायण मार्गबाट गएर मुक्त हुनु क्रममुक्ति र सिधै व्यापक ब्रह्ममा प्राप्त हुनु सद्योमुक्ति हो ।

परब्रह्म सब ऐश्वर्यर आनन्दको भण्डार हो, केन्द्र हो, सबभन्दा श्रेष्ठ हो। परब्रह्मको विषयमा यहाँभन्दा बढी केही लेख्न सकिँदैन । अनुभवको कुरा अनुभवको सिवाय अनुमानको विषय होइन। मोक्षमा जीव सब दुखले रहित ज्ञानस्वरूप र परमानन्दमा अवस्थित हुन्छ। मोक्षावस्थामा प्राप्तभएको जीव सब प्रकारका बन्धनहरूबाट मुक्त हुन्छ।

गायत्रीको उपासना– आर्य प्रजाहरू व्यावहारिक भौतिक उन्नतिलाई नै अन्तिम फल ठान्दैनन् । तिनीहरू भौतिक उन्नतिको साथसाथै आध्यात्मिक उन्नतिको पनि हार्दिक इच्छुक हुन्छन् तथा आफ्नो आद्य शुद्ध-बुद्धस्वरूप तर्फ जाने भावलाई प्रधान कर्तव्य मान्दछन् । दुइ समयहरूको एक स्थानमा मेल हुनुलाई संधि भन्छन् । मुख्य सन्धि सूर्योदयको र सूर्यास्तको हो । रात्री व्यतित हुनु सूर्यको उदय हुने तयारी सन्धि हो। यस सन्धिलाई प्रातःसन्ध्या सूर्यको अस्त भएपछि र रात्रीको आगमनको समयको सन्धिलाई सायं सन्ध्या भन्छन्। अँध्यारो अज्ञान र उज्यालो ज्ञान हो। यी दुवैको सम अवस्था सन्धि हो। जेले गर्दा ज्ञान र अज्ञानको स्थिति हुन्छ, जुन ज्ञान र अज्ञान दुवैको स्वरूप हुन्छ र सम हुन्छ, यस्तो आत्मतत्त्वको बोध सन्धिमा हुन्छ। जुन अधिष्ठानमा रागद्वेष अध्यस्त जस्तो भएर अनिर्वचनीयता जस्तो प्रतीत हुन्छ, त्यो अधिष्ठान रूप परब्रह्मतर्फ लैजाने सन्ध्या हो । सन्ध्यामा मुख्य क्रिया दुइ प्रकारले हुन्छ–स्थूल र सूक्ष्म । प्राणायाम आदि क्रिया स्थूल हो र मन्त्रमा मुख्य स्वरूप गायत्रीको मनन सूक्ष्म रूप हो । रेचक, पूरक र कुम्भकको भेदले प्राणायाम त्रिपाद छ र गायत्री पनि त्रिपाद छ अर्थात् सन्ध्याको मन्तव्य तीन प्रकारका छन्–तीन पादको छ र सबको अधिष्ठान परब्रह्म चतुर्थ पाद अमात्रस्वरूप छ, ओँकारसहित तीन वेदहरूबाट निकालिएको सार गायत्री हो । गायत्री भन्दा ठूलो अरू कुनै मन्त्र छैन ।

जसको जति ज्ञान हुन्छ ,जति श्रद्धा हुन्छ त्यसै अनुसार त्यो फल अथवा परमपद दिने हुन्छ । जो तत्त्व रूपले गायत्रीलाई जान्ने मान्ने र सम्झने गर्छ त्यो परम पद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्छ। अनेकताको मिलन एकमा गर्ने युक्तिस्वरूप गायत्री हो; त्यसकारण उसलाई वेदमाता पनि भन्दछन्। गायत्रीको तत्त्व सबको आदि अविरल अधिष्ठान हो। अधिष्ठानको बोधद्वारा अधिष्ठानको भावमा स्थित हुनु अद्वैत स्वरूप हो। जबसम्म द्वैतभाव हुन्छ तबसम्म सबै आपत्तिहरू र दुःख छन्। अद्वैतभाव हुनासाथ सबै दुःख निवृत्त हुन्छन् र जन्म-मरणरूप संसारचक्र सदाको लागि मेटिन्छ। यही गायत्रीको पूर्ण फल हो–

ॐकारोपासना– प्राचीन सब शास्त्रहरू र वैदिक मन्त्रहरूमा ॐकार महत्त्वपूर्ण भनिएको छ। यदि कुनै मन्त्रमा ॐकार भएन भने त्यो मन्त्र धेरै महत्त्वपूर्ण मानिंदैन। ॐकारलाई मन्त्रहरूको सेतु (पुल) भनिएको छ। यो एकाक्षर मन्त्र हो तथा गम्भीर भावार्थले भरिएको छ। परब्रह्मको प्रतीक हुनाले ब्रह्मको स्वरूप हो। प्रतीकको अर्थ-प्रति, नक्कल, चित्र र प्रतिमा हो। ब्रह्म सामान्य मनुष्यहरूको लक्ष्यमा आउन कठिन छ, त्यसलाई छोटकरीमा लक्ष्य गराउने एकाक्षर मन्त्र ॐकार हो। मन्तव्य वा विचारलाई मन्त्र भन्छन्। ॐकार मन्त्र नै वास्तविक विचार गर्न योग्य वा बुझ्न योग्य छ। सब मन्त्रहरूमा ॐकारलाई पहिले लगाउनाले अर्थ भाव चमत्कारी हुन्छ। ॐमय ब्रह्माण्डको अधिष्ठान समेत ॐ हो। ब्रह्माण्ड ब्रह्माण्डका व्यक्तिहरूको पृथक्-पृथक् भावको अन्तिम गति परब्रह्म हो, त्यसकारण त्यस परब्रह्मको ध्यान राख्दै अन्य मन्त्रहरूको भावार्थ सिद्ध गर्नुपर्छ, यस उच्च आशयद्वारा नै सब मन्त्रहरूमा ॐ पहिले लगाइन्छ, ॐको अधिष्ठान-(स्वरूप)को भावसहित अन्य मन्त्रहरूको जप गर्नाले ॐकारको जो आत्मास्वरूप हो, त्यसका संस्कारहरूलाई दृढ गर्दै लैजान्छ। ॐ एकाक्षर मन्त्र भए तापनि वर्णातीत र शब्दातीत भनिन्छ। एकाक्षर मन्त्रको सूक्ष्म अर्थ हो– नाश नहुने; यस्तो जो एक अद्वितीय ब्रह्म हो, त्यही नै एकाक्षर हो। अथवा- **प्रकर्षेण नूयते स्तूयतेनेनेति नौति स्तौति वा प्रणवः ॐकारः।** नम्रतासाथ जसको स्तुति गरिन्छ जेले, अथवा भक्त जसको उत्तमतासाथ स्तुति गर्छ, त्यो प्रणव कहलाउँछ, यो ॐ हो। वर्ण र शब्द मायाका संज्ञाका हुन्। तिनीहरू लक्ष्यको लागि मायामा छन् तापनि अधिष्ठान-स्वरूप मायातीत छन् यस विशेषताले गर्दा त्यो एकाक्षर कहलाउँछ। नाम नहुने यस्तो एक नै परब्रह्म एकाक्षर हो।

सम्पूर्ण वेद ॐकारको नै विस्तार हो। परब्रह्म अधिष्ठान र ब्रह्माण्ड अध्यस्त सबै ॐकार नै हुन्। ॐ परब्रह्म हो, त्यसकारण त्यो अणु-अणुमै भरिएको छ। जसरी समष्टि ॐरूप छ; त्यसरी नै व्यष्टि सृष्टि पनि ॐरूप नै छ। जीवहरूलाई पृथक्-पृथक् सृष्टि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् र तिनीहरू जुन एकमा हुन्छन्, ईश्वरको त्यस्तो सृष्टिलाई समष्टि भन्दछन्। मनुष्यहरूको भिन्न-भिन्न घर ब्यष्टि हो र शहरको एकनाउँले सब घरहरूलाई एक भावना सम्झनुलाई समष्टि भन्छन्। व्यष्टि अल्पलाई भन्दछन् र समष्टि महान्लाई भन्दछन्। व्यष्टिभाव र समष्टिभाव दुवै विकार हुन्; दुवैका विकारलाई छाडेमा दुवैमा एकता छ। जेमा व्यष्टि र समष्टि भ्रान्तिले प्रतीत हुन्छन्, त्यही ॐ हो। यसलाई प्रणव पनि भन्दछन्। शास्त्रहरूमा प्रणवको उपासना अनेक प्रकारले बताइएको छ। तिनमा अहंङ्ग्रह र प्रतीक यी दुई उपासना मुख्य छन्। उपासनामा उपास्य र उपासकको अभेदभावद्वारा जुन उपासना गरिन्छ, त्यो अहङ्ग्रह उपासना हो र अन्यको अवलम्बन गरेर भेदभाव साथ जुन उपासना गरिन्छ त्यो प्रतीक उपासना हो। प्रतीक उपासना उपासनाको अन्तःकरण शुद्ध गरी पवित्र तुल्याउँछ र अहंग्रह उपासनामा दृढता हुनु ज्ञानको स्वरूप स्थिति हो।

ॐकारमा चार पाद छन्। त्यसकारण चार पाद हुनाले त्यो अवयववाला भयो भन्ने सम्झनु भएन, किनभने चार पादको कल्पना बुझाउनको लागि गरिएको हो। जुन चार पादहरूद्वारा उसलाई बुझाइन्छ, ती चार पादहरूलाई मात्रा पनि भन्दछन्। अकार प्रथम पाद हो, उकार द्वितीय पाद, मकार तृतीय पाद र अमात्र चतुर्थ पाद हो। त्यसकारण यिनलाई अधिष्ठानसहित सम्झनु पर्‍यो र चौथो अमात्र पाद माया रहित शुद्ध अधिष्ठान हो। ॐकारको वर्णाकृति जो शास्त्रहरूमा देखिएको छ, त्यसमा पाद- (मात्राहरू)-को भाव यसप्रकार छ– देब्रेतिरबाट जुन अर्द्धचन्द्राकार छ, त्यो अकार हो, त्यसको तलतिर जो यस्तै नै दोस्रो अर्ध-चन्द्राकार, जुन प्रथमसँग मिलेको छ, उकार हो र बीचबाट जोडिएको अगाडि जुन बिन्दु छ, त्यो मकाररूप हो। अकारसहित उकार हो र अकार-उकारसहित मकार हो। यी तीनै माथिको अर्धचन्द्र मुन्तिर छन्, अर्धचन्द्र मायालाई देखाउँछ, र त्यसको मास्तिर मध्यमा जो बिन्दु छ त्यो अमात्र हो र शुद्धस्वरूप हो। त्यो शुद्ध अमात्रको प्रकाश जो मायाको सत् अंशमा भई पर्दछ त्यो उत्पत्तिरूप अकार हो। जुन प्रकाश मायाको रज अंशमा परेर बाहिर आउँछ, त्यो उकार हो र जुन प्रकाश मायाको तम अंशमा परेर बाहिर आउँछ, त्यो मकार हो। उकारमा एउटा प्रकाश त मायाको रज अंशमध्यबाट आउँछ र अर्कोचाहिं पहिलो अकारबाट आउँछ। यसरी नै मकारमा एउटा प्रकाश त मायाको तमस् अंशमध्यबाट, अर्को प्रकाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उकारबाट र तेस्रो प्रकाश अकारबाट आउँछ । अमात्र स्वयं शुद्धस्वरूप हो । उत्पत्ति, स्थिति र लय अकार, उकार र मकार हुन् । चैतन्यको प्रकाश लिएर उत्पत्ति सत्त्वगुणबाट, स्थिति रजोगुणबाट र प्रलय तमोगुणबाट हुन्छ । स्थिति उत्पत्तिको हुन्छ, त्यसकारण यी दुवैको सम्बन्ध छ र लय उत्पत्ति र स्थिति दुवै हुनाले दुवैसित सम्बन्ध राख्छ । यी सब भेद हुँदाहुँदै पनि भेद भ्रान्तिरूप हुनाले त्यो सब शुद्ध ब्रह्म नै हो, यसप्रकार बोध हुनु ॐकारको आकृतिको अर्थ हो ।

परब्रह्मको अतिरिक्त वस्तुस्वरूप अरू कुनै पदार्थ छैन । त्यसकारण दृश्य-अदृश्यस्वरूप जे-जति छ त्यो सब परब्रह्म नै हो । यसरी नै ॐकार त्रिकाल भूत, वर्तमान र भविष्यस्वरूप हो तथा तीनै कालभन्दा अतीत पनि छ ।

प्रथम पाद अकार विश्व अर्थात् जगद्रूप हो, त्यसको अवस्था बाहिरका विषयहरूको ज्ञान हुने रूप जाग्रत् हो, त्यसका सात अङ्ग छन्, उन्नाइस मुख छन् र स्थूल विषयहरूको भोग गराउने हुन्– मस्तक, चक्षु (आदित्य) ; सब दिशाहरूमा घुम्ने वायु (प्राण), सर्वव्यापी आकाश, अन्नादिहरूको उत्पत्तिको साधनरूप जल (वस्ति), पृथ्वीरूप पाद र आहवनीय अग्नि– यी सात अङ्ग हुन् । उन्नाइस मुख यसप्रकार छन्– पाँच ज्ञानेन्द्रियहरू, पाँच कर्मेन्द्रियहरू, पाँच प्राण, मन, बुद्धि, चित्त र अहङ्कार ।

श्रुतिमा भनिएको छ– **जागरितस्थानो बहिष्प्रज्ञः सप्ताङ्ग एकोनविंशतिमुखः स्थलभुग्वैश्वानरः प्रथमः पादः ।**

–माण्डूक्योपनिषत् ३

दोस्रो पाद उकार तैजस रूप हो, अन्तर प्रकाशमा देखिन्छ, स्वप्नावस्था हो । आन्तर विषयहरूको ज्ञाता हो । यसका पनि सात अङ्ग र उन्नाइस मुख छन् । सूक्ष्म विषयहरूको भोक्ता हो । प्रथम पादको समान नै सात अङ्ग र उन्नाइस सूक्ष्म मुख छन् । **माण्डूक्यश्रुति**मा भनिएको छ–

स्वप्नस्थानोऽन्तःप्रज्ञः सप्ताङ्ग एकोनविंशतिमुखः प्रविविक्तभुक् तैजसो द्वितीयः पादः ॥४॥

तेस्रो पाद मकार प्राज्ञ- (ज्ञाता)- रूप हो । सुषुप्ति अवस्था हो । सुतेको मानिस जो कुनै प्रकारको कामना गर्दैन, स्वप्न देख्दैन, उसलाई सब एकनास हुन्छ, त्यसलाई प्रज्ञानघन भन्छन्, त्यो आनन्दमय छ, आनन्दको भोक्ता छ, त्यसैलाई चेतोन्मुख भन्छन्, किनभने त्यो स्वप्न र जाग्रत्को चैतन्यको द्वाररूप हो । चैतन्य सबको ईश्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, सबको ज्ञातृरूप छ, अन्तर्यामी छ, सबको कारणरूप छ। सर्व भूतहरूको उत्पत्तिस्थान र आश्रयरूप छ। **माण्डूक्यश्रुति**मा भनिएको छ–

यत्र सुप्तो न कञ्चन कामं कामयते, न कञ्चन स्वप्नं पश्यति तत् सुषुप्तम्। सुषुप्तस्थान एकीभूतः प्रज्ञानघन एवाऽनन्दमयो ह्यानन्दभुक् चेतोमुखः प्राज्ञस्तृतीयः पादः ॥५॥

चौथो पाद अमात्र, आन्तर र बाहिर जानेवाला छैन, स्थूल र सूक्ष्म दुवैलाई नै थाहा पाउँदैन, त्यो प्रज्ञानघन होइन, प्रज्ञ-अप्रज्ञ होइन, त्यसको स्वरूप देखिंदैन, त्यो व्यवहारमा आउँदैन, ग्रहण गरिंदैन, अलक्षणीय र अचिन्तनीय छ, त्यो अवर्णनीय चेतनको सार हो। सबै प्रपञ्चले रहित हुन्छ, शान्त, शिव र अद्वैत रूप छ। त्यसैलाई नै आत्मा भन्दछन्, त्यही नै जान्न योग्य छ। **माण्डूक्यश्रुति**मा भनिएको छ–

एष सर्वेश्वर एष सर्वज्ञ एषोऽन्तर्याम्येष योनिः सर्वस्य प्रभवाप्ययौ हि भूतानाम् ॥६॥

शरीरलाई **पिण्ड** भन्छन् र सब लोकसहित संसारलाई **ब्रह्माण्ड** भन्छन्। पिण्ड र ब्रह्माण्डको एकता छ। ब्रह्माण्डको सानो स्वरूप पिण्ड हो, त्यसकारण ॐकारको चारै पाद पिण्ड र ब्रह्माण्डमा समान छन्। पिण्ड शरीरसित ब्रह्माण्डको एकता गर्नु आवश्यक छ। यसकारण ॐकारका चारै पादहरूको ज्ञान आवश्यक छ। तर यो पनि जान्नु आवश्यक छ– वास्तवमा ॐकार पादवाला होइन। जिज्ञासुलाई बुझाउन पादरूपमा त्यसको व्याख्या गरिएको छ। पादवाला प्रतीत हुँदा-हुँदै पनि जो अपादरूप छ, त्यही नै ॐकार हो। जो प्रथम पादमा छ त्यो नै दोस्रो पादमा छ; जो दोस्रो पादमा छ त्यही तेस्रो पादमा छ र जो तेस्रो पादमा छ त्यही चौथो अमात्र अपादमा छ। जब प्रथम पादको भावलाई दोस्रो पादको भावमा लैजान्छौं, तब प्रथम पादको उपाधि रहँदैन; जब दोस्रो पादलाई उठाएर तेस्रो पादमा लैजान्छौं, तब दोस्रो पादको उपाधि रहँदैन, जब तेस्रो पादलाई अपादमा लैजान्छौं, तब तेस्रो पादको उपाधि रहँदैन र चौथो पादमा एकत्र हुनासाथ सब पादहरूको सङ्ख्या उड्दछ र एउटै अविचल, पूर्ण तत्त्व मात्र शेष रहन्छ, त्यही ॐकार हो।

जीवलाई व्यष्टि र ईश्वरलाई समष्टि भन्छन्। जीवलाई जीवको उपाधि भन्छन् र ईश्वरलाई ईश्वरको उपाधि। यी उपाधिहरू ठूला-साना हुनाले पनि जुन तत्त्वमा प्रतीत हुन्छन्, त्यो तत्त्व जीव र ईश्वरमा भिन्न छैन। जब जीव जाग्रत् अवस्थामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ, तब त्यो विश्वको अभिमानी हुनाले विश्व कहलिन्छ र बाहिरको सृष्टिको स्थूल शरीरको भानले युक्त हुन्छ; समष्टिरूप ईश्वर त्यस अवस्थामा समग्र विश्वको अभिमानवाला वैश्वानर भनिने र जाग्रत् अवस्थाको सब सृष्टिको भोगले युक्त हुन्छ। जीव र ईश्वर दुवैमा ॐकारको अकार मात्रा छ। जीव र ईश्वरको उपाधि छाडेर अकार मात्रा एउटै हो। जीवको व्यष्टिरूप स्वप्नावस्था सूक्ष्म शरीरमा हुन्छ, त्यसमा वासनामय पदार्थ देखिन्छ, त्यसको अभिमानी जीवात्माको नाउँ **तैजस** हो। समष्टिरूप स्वप्नावस्थाको सब सृष्टिको अभिमानी **हिरण्यगर्भ** कहलिन्छ। तैजस र हिरण्यगर्भको उकार मात्रा हो। व्यष्टिरूप सुषुप्ति अवस्थाको अभिमानी जीव **प्राज्ञ** कहलाउँछ र समष्टिरूप सुषुप्ति अवस्थाको सब सृष्टिको अभिमानी ईश्वर कहलाउँछ। प्राज्ञ र ईश्वरको मकार मात्रा हो। जीव र ईश्वरको उपाधिले रहित जुन तत्त्व अवर्ण छ, त्यो ब्रह्म हो, त्यही ॐकारको अमात्रा हो। विश्व र वैश्वानरको, तैजस र हिरण्यगर्भको, प्राज्ञ तथा ईश्वरको र सबको आद्य स्वरूप ब्रह्मको र अमात्रको एकता हो; जो ब्रह्म हो, त्यही अमात्र हो।

प्रत्येक नाउँका तीन रूप हुन्छन्। नाउँ, नाउँको ज्ञान र नाउँको अर्थ। जस्तै मन्त्र शब्द नाउँ हो, मन्त्रको ज्ञान ज्ञान हो र मन्त्रको अर्थरूप वस्तु अर्थ हो। मन्त्र ज्ञान र अर्थविना अति तुच्छ हुन्छ; ज्ञानरहित र अर्थरहित मन्त्र पनि अल्प हुन्छ। ज्ञान र अर्थसहित मन्त्र नै यथार्थ फल दिने हुन्छ। ॐ – यो मन्त्रको नाउँ हो, ॐ ब्रह्म हो– यो ज्ञान हो; र दृश्य-अदृश्यसहित जे-जति छ, त्यो ब्रह्ममय ब्रह्म हो– यो अर्थ हो। ॐ अनादि मन्त्र हो; त्यसको उच्चारणसम्ममा पनि अनेक प्रकारका शक्तिहरू भरिएका हुन्छन्। जो-जो ऋषि-मुनि पहिले भए र वर्तमानमा छन्, उनीहरूले त्यसको जप गरे र गर्दछन्। उनको उच्चारण वा जपको प्रभाव पनि त्यसमा छ, त्यसकारण त्यसको जपबाट शीघ्र नै फलको प्राप्ति हुन्छ, तथापि अर्थ र ज्ञानले रहित त्यसको जप तुच्छ हुन्छ अर्थात् अल्प फल दिने नै हुन्छ। त्यसकारण प्रत्येक मन्त्रको जप गर्दा त्यसको ज्ञान र अर्थ जान्नु अति आवश्यक छ। जबसम्म त्यसको अर्थ र ज्ञान यथार्थ नजानिएला, तबसम्म त्यसको जपफल अल्प नै हुनेछ।

ध्यान गर्ने अनेक प्रकारका युक्तिहरू छन्। सगुण र निर्गुण दुई प्रकारको ध्यानको वर्णन अघि पनि गरियो। निर्गुण अहंग्रह ध्यानको एक युक्ति यो पनि छ– अहंग्रह उपासनामा ॐकारको ब्रह्मज्ञानस्वरूपसहित अभेद मानेर ध्यान गरिन्छ। ॐकारको प्रथम पाद जो अकार हो, त्यसको व्यष्टिरूपमा चिन्तन गर्नु, चिन्तित पदार्थको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त सबको अभाव सम्झनुलाई **चिन्तन वा ध्यान** भन्छन् । व्यष्टिरूप आफ्नो स्थूल शरीर अकार हो । स्थूल शरीरको जाग्रत् अवस्था ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, पञ्चभूतादि जति स्थूलभावरूप जगत् छ त्यो अकार हो । सब स्थानबाट हटेर यसप्रकार आफ्नो स्थूल शरीरको चिन्तन गर्नुपर्छ । जसरी आफ्नो स्थूल शरीरका अवस्था आदि छन्, त्यसरी नै सबको स्थूल शरीरका अवस्था आदि छन् । म, तिमी आदि भावलाई छाडी स्थूलताका र उसका सब विकार एक समान हुन्छन् । यी सबलाई एक गरेर सम्झनु समष्टि हो र त्यो समष्टि अकार हो । यो सब भाव आउँदा आफ्ना पृथक्-पृथक् भावलाई बिर्सिदिनुपर्छ । यसप्रकार समष्टिको स्वरूपको सिद्धि गरेर त्यसलाई छुट्टै राखिदिनुपर्छ । तत्पश्चात् आफ्नो व्यष्टि शरीर जो सूक्ष्म छ त्यसको चिन्तन गर्नुपर्छ । यो ॐकारको उकार मात्रा हो । जसरी स्वप्नावस्था र सूक्ष्म भोग तथा इन्द्रियादि आफ्ना हुन्, त्यसरी नै ब्रह्माण्डमा जति जीव छन्, ती सब पनि त्यस्तै हुन्, यस पृथक्भावलाई छाडेर सबको सूक्ष्म अवस्थालाई एक पारेर बुझ्नुपर्छ । समष्टिको उकारमा चित्त जमेपछि छुट्टै राखिएको समष्टिको अकार मात्रालाई मिलाइदेओस् । फेरि यस भावलाई पनि प्रथमको समान छुट्टै राखेर आफ्नो व्यष्टि कारण-शरीरको चिन्तन गरोस्, यस व्यष्टिको मकार मात्रा हो, अव्यक्त-स्वरूप हो । जस्तो आफ्नो कारण-शरीरको अवस्था छ, त्यस्तै ब्रह्माण्डभरको जीवको अवस्था छ । आफ्ना अर्काका अवस्थाहरूको भावलाई छाडेर सबलाई एउटै गरिदिनु समष्टिको मकारमात्रा हो; यो भाव स्थिर गरेपछि छुट्टै राखिएको उकारमात्रालाई त्यसमा मिलाइदेओस्, तब समष्टिको एक मकारमात्रा शेष रह्यो, जसमा अकार, उकार र समष्टि व्यष्टिभाव दुवै नै छैनन् र व्यष्टिभावको मकार पनि छैन; समष्टिको शेष मकार मात्र छ, त्यसलाई प्रथमको समान छुट्टै राखि देऊ । तब चिन्तन गर– जस्तो आफ्नो व्यष्टिको साक्षी हुन्छ, त्यस्तै सब ब्रह्माण्डका जीवहरूको समष्टि साक्षी हो, त्यसकारण सबै जीवहरूका साक्षीलाई एक गरिदेऊ । समष्टिको साक्षी ब्रह्म हो, जो ॐकारको अमात्र हो, त्यसमा समष्टिको मकारमात्रा, जुन पहिले छुट्टै राखिएको थियो, मिलाइदेऊ । तब एक अमात्र रूप मात्र शेष हुन आउँछ, त्यही पूर्ण ॐकार हो, त्यही परब्रह्म हो ।

यसप्रकार ॐकारमा सबै कुरा मिलेको छ । व्यष्टि र समष्टिका तीनै अवस्था, सबैको एक तत्त्व ॐकार हो । त्यो नै सबमा छ, सब हो, सबले रहित छ, सबैमा मिलेको छ, त्यो नै मेरो आत्मा हो, ॐस्वरूप सत्य हो तथा अवस्था र मात्रा भ्रान्तिको स्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो, त्यसकारण ॐकार त्यससँग मिलेको छैन । सत्मा भ्रान्ति देखिन्छ । त्यसकारण मिलेको जस्तो लाग्छ । जुन-जुन प्रकारले ध्यान गर्दै गइन्छ, त्यै-त्यै प्रकारले मनलाई त्यसै प्रकारले युक्त बनाउँदै जाओस् र अन्तमा मनको भावले पनि रहित भएर आफूलाई ब्रह्मरूप नै चिन्तन गरोस् । यो ध्यान ब्रह्मस्वरूप हो । यसप्रकार ध्यान गर्नेलाई ब्रह्मको साक्षात्कार हुन्छ । अन्तःकरणको शुद्धिवाला नै यसप्रकारको उत्तम ध्यान गर्न सक्छ । सगुणका पनि अनेक प्रकारका ध्यान छन्, जुन योग्यतानुसार सद्गुरुबाट प्राप्त हुन्छन् । ॐकारको पूर्णस्वरूप यो हो– जे-जति छ-छैन, त्यो सब ॐकार हो, ॐबाट पृथक् केही छैन; ॐकारविना ब्रह्माण्डको स्थिति हुन सक्तैन, तैपनि त्यो ब्रह्माण्डमा मिलेको छैन । ॐ अद्वैत, अक्रिय आदि छ र तिनले रहित पनि छ । त्यो कस्तो छ ? त्यो अनुभवगम्य छ । शास्त्र उसको विषयमा जे-जति भन्छ, तटस्थ भएर भन्छ । त्यो सच्चिदानन्द छ । त्यै म हुँ । त्यै तिमी हौ ।

अनुभवी महात्माहरूद्वारा उपदिष्ट प्रणवोपासनाको एक अत्यन्त सरल, तर प्रभावशाली विधि तल लेखिन्छ । पहिले पनि धेरैपटक यी कुराहरूलाई सङ्केत गरिसकिएको छ– जुन काम स्वाभाविक हो अर्थात् जुन सुखपूर्वक र आफ्नो अखण्ड प्रसन्नताले हुन्छ, त्यही नै सजिलो हुन्छ र त्यसै सहज साधनद्वारा पुरुष अल्पायासले नै परमात्माको साक्षात्कार गर्न सक्छ । त्यसकारण यस अल्प जीवनमा मनुष्यमात्रले यस सहज साधनको अभ्यास गर्नुपर्छ । यो साधन बुझ्न पहिले तीन कुराहरूको परिभाषा राम्ररी जान्नु आवश्यक छ । किनभने यी कुरा नबुझीकन यस साधनको अभ्यास हुन सक्तैन । ती तीन शब्द यी हुन्–**भ्रम, अविद्या** वा **माया** र **अहङ्कार** । जो वस्तु वास्तवमा छैन तर देखिन्छ त्यसलाई **भ्रम** भन्छन्; जस्तै–मरुस्थलमा जल, सीपीमा चाँदी आदि । जुन वस्तु वास्तवमा छँदैछैन, तर उत्पन्न भएजस्तो देखिन्छ, अथवा उत्पन्न भैहाल्छ त्यसको नाउँ **अविद्या** वा **माया** हो; जस्तै– घर, गाडी, धोती आदि । घर वास्तवमा कुनै स्वतन्त्र वस्तु होइन । पञ्चभूतहरूको समष्टिविशेष (काठ, माटो, ढुङ्गा आदि) नै घर बन्न पुग्छ, यसरी नै काठ र फलामको समूहविशेषको नाउँ नै गाडी हो; तथा कपासको धागो नै धोती (वस्त्र) बन्दछ । त्यसरी नै **म** नाउँको कुनै वस्तु नभए पनि **म**को प्रतीति हुन्छ । यसैको नाउँ **अहङ्कार** हो । म शरीर आदि होइन, तर पनि 'म फलानो हुँ'– भन्ने जुन वृत्ति हुन्छ, त्यसैलाई **अहङ्कार** भन्छन् । यसप्रकार यी तीन शब्दहरूको अर्थ राम्ररी हृदयङ्गम भएपछि मानिसलाई यस सहज साधनको अधिकार प्राप्त हुन जान्छ । (वास्तवमा परोक्ष-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानजनक समुच्चय-शास्त्रवर्ग यसभित्र पर्छ)। यो अधिकार प्राप्त नगरीकन यस साधनमा सफलता प्राप्त हुँदैन।

जुन महानुभावहरूलाई यो संसार भ्रमवत् लाग्छ, तथा जुन केही हुने वा बन्ने पदार्थ छ, ती सब अविद्या वा माया हुन् भन्ने निश्चय हुन्छ, तथा म-तिमी, यो-त्यो भन्ने सबै अहङ्कारको नै खेल प्रतीत हुन थाल्छ। त्यस्तो पुरुष वा स्त्री नै यस तत्त्वसाधनका सच्चा अधिकारी हुन्छन् र यस्ता अधिकारीहरू मात्र यसबाट सिद्धि प्राप्त गर्न सक्छन्, पाप आदिको निवृत्ति त यसको स्मरण—हार्दिक स्मरणबाट मात्र हुन्छ।

मनुष्यमा मात्र होइन प्राणीमात्र अथवा अखिल ब्रह्माण्डभित्र समेत प्रणवको ध्वनि भइरहेछ। यो ध्वनि सुगमतासँग सुन्न सकिन्छ र बडो प्रसन्नतासाथ त्यसको ध्यान गर्न सकिन्छ। अतः स्वाभाविक हुनाले यो प्रणवध्यान नै सहजध्यान हो।

प्रणव के हो ? त्यसको अर्थ के हो ? प्रणवध्यान कसरी गरिन्छ ? यी कुराको विस्तृत वर्णन पहिले नै भइसकेको छ। यहाँ संक्षेपमा यति नै जान्नु पर्याप्त हुनेछ—प्रणव परमात्माको नाम हो— **तस्यवाचकः प्रणवः** (योगसूत्र)। नामी र नाममा भेद हुँदैन। त्यसकारण प्रणवजप र प्रणवध्यान दुवै समान रूपले कल्याणकारक छन्। श्रुतिमा पनि भनिएको छ—

प्रणवो धनुः शरो ह्यात्मा ब्रह्म तल्लक्ष्यमुच्यते।
अप्रमत्तेन वेद्धव्यं शरवत् तन्मयो भवेत्॥

— मुण्डकोपानिषत् २।४

प्रणव धनु हो, सोपाधिक आत्मा वाण हो, ब्रह्म त्यसको लक्ष्य भनिन्छ। त्यसको सावधानपूर्वक वेधनी गर्नुपर्छ र वाणसमान तन्मय हुनुपर्छ।

अधिकांश मानिस ॐकारलाई नै प्रणव भन्छन्, तर यी दुवैमा एक सूक्ष्म अन्तर छ। प्रणव ध्वनि, स्वर, व्यञ्जन र कुनै वाह्य प्रयत्नले रहित छ, तथा चित्तवृत्तिलाई रोकेर नै सुनिन्छ, तथा त्यो ध्वनि स्वभावतः कुनै बाह्य साधनविना बगिरहेछ। तर ॐकारको गौण रूपले उच्चारण गरिन्छ, यसप्रकार ॐ कार प्रणवको नै स्थूल रूप हो। यो ॐकार नै त्रिवर्णात्मक सगुण ब्रह्म हो। यसको वाच्य अक्षर ब्रह्म निर्गुण छ। शास्त्रमा भनिएको पनि छ—

अघोषमव्यञ्जनमस्वरं च अकण्ठताल्वोष्ठमनासिकं च।
अरेफजातमुभयोष्ठवर्जितं यदक्षरं न क्षरते कदाचित्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् प्रणव कुनै पनि बाह्य आघात-प्रतिघातद्वारा उत्पन्न हुँदैन, बरु स्वाभाविक नै हो, तथा शास्त्रहरूमा प्रणव नै पर-अपर ब्रह्म भनिएको छ। यो सम्पूर्ण विश्व तथा भूत, भविष्य, वर्तमान आदि जे-जति छ, त्यो सब प्रणव नै हो।

प्रणवको जुन स्थूल रूप ॐकार हो, त्यसका अ,उ,म्—तीन मात्रा छन्। यिनैबाट क्रमशः विराट्, हिरण्यगर्भ वा सूत्रात्मा र ईश्वर , तथा व्यष्टिमा विश्व, तैजस र प्राज्ञको ग्रहण हुन्छ। जुन परमात्माबाट संसारको उत्पत्तिः स्थिति लय हुन्छ, त्यही ॐकार वा प्रणव हो।

प्रणव ध्यना-विधि

१) आफ्नो अभ्यस्त आसनमा बसेर भावपूर्वक गुरु -नमस्कार आदिका श्लोकहरूको उच्चारण पूर्वक गुरु-नमस्कार गरिसकेपछि पाँच प्राणायाम बाह्य कुम्भक तीन आभ्यन्तर कुम्भक गरेर ५–१० मिनेटसम्म प्रणवको दीर्घ उच्चारण गर्नुपर्छ। जब मनमा एक अपूर्व शान्ति र आनन्दको अनुभव हुन थाल्छ, तब यसप्रकार विचार गर्नुपर्छ– 'यसवेला, जबकि म जागा रहेको छु, मेरो जाग्रत् अवस्था छ; म स्थूल भोग-हरूको भोक्ता हुँ तथा व्यष्टिपिण्डमा रहनाले मेरो शरीरको होइन चेतनको नाम विश्व हो तथा समष्टिमा त्यही विराट् कहलाउँछ, यही ॐकारको प्रथम मात्रा अकार हो र यही जाग्रत् अवस्थाको अभिमानी विश्वात्मा हो'—यसप्रकार ॐकारको मानसिक जप गर्दै पन्ध्र मिनेटसम्म स्मरण गर्नुपर्छ।

(२) जुन समयमा म स्वप्न देख्छु, त्यो समय मेरो स्वप्नावस्था हुन्छ, तब म सूक्ष्म विषयहरूको भोक्ता हुन्छु, र व्यष्टिपिण्डमा रहनाले मेरो शरीरको होइन चेतनाको नाउँ तैजस हो, तथा समष्टिमा यही नै हिरण्यगर्भ भनिन्छ। यही ॐकारको दोस्रो मात्रा उकार हो र यही स्वप्नावस्थाको अभिमानी सूत्रात्मा हो। यसप्रकार ॐकारको मानसिक जप गर्दै २० मिनेटसम्म चिन्तन गर्नुपर्छ।

३) जुन समयमा म घोर निद्रामा सुतेको हुन्छु त्यो समय मेरो सुषुप्त अवस्था हुन्छ, तब म बीज रूपले सबैको भोक्ता हुन्छु र व्यष्टिपिण्डमा रहनाले मेरो शरीरको होइन, चेतनको नाउँ प्राज्ञ हुन्छ, तथा समष्टिमा त्यही ईश्वर भनिन्छ। यही ॐकारको तेस्रो मात्रा मकार हो र यही सुषुप्तिको अभिमानी कारणात्मा हो। यो सबको ईश्वर,सर्वज्ञ र सर्वान्तर्यामी हो तथा सम्पूर्ण जगत्को उत्पत्ति र लयको स्थान हुनाले सबैको कारण हो। श्रुतिमा भनिएको पनि छ कि–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एष सर्वेश्वर एष सर्वज्ञ एषोऽन्तर्याम्येष योनिः सर्वस्य प्रभवाप्ययौ हि भूतानाम् ।

माण्डूक्योपनिषत् ६

यसप्रकार ॐकारको मानसिक जप गर्दै २६ मिनेटसम्म चिन्तन गर्नुपर्छ।

४) अन्तमा अब म समाधिस्थ भएँ । यो मेरो तुर्यावस्था हो । यसको सम्बन्धमा महात्माहरू यस्तो मान्दछन्–यो न अन्तःप्रज्ञ हो, न बहिःप्रज्ञ हो, न उभयतः अर्थात् अन्तर्बहिःप्रज्ञ हो, न प्रज्ञानघन हो, न प्रज्ञ हो न अप्रज्ञ हो । यो अदृष्ट, अव्यवहार्य, अग्राह्य, अलक्षण, अचिन्त्य, अव्यपदेश्य, एकात्मप्रत्ययसार, प्रपञ्च उपशम, शान्त, शिव र अद्वैत रूप हो । यही म हुँ र व्यष्टिपिण्डको उपाधिले मेरो नै नाउँ आत्मा हो र समष्टि-पिण्डको उपाधिले मेरो नै नाउँ परमात्मा हो ।यो तुर्यावस्थाको अभिमानी साक्षी चेतन आत्मा नै साक्षात् जान्न योग्य छ । यही कुरा श्रुतिमा पनि भनिएको छ–

नान्तःप्रज्ञं न बहिष्प्रज्ञं नोभयतःप्रज्ञं न प्रज्ञानघनं न प्रज्ञं नाऽप्रज्ञं । अदृष्टमव्यवहार्य-मग्राह्यमलक्षणमचिन्त्यमव्यपदेश्यमेकात्मप्रत्ययसारं प्रपञ्चोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः ।

माण्डूक्योपनिषत्

यसप्रकार ॐकारको चिन्तन गर्दा-गर्दै, जति बेरसम्म बाह्य वृत्ति हुँदैन, त्यति बेरसम्म लगातार यसै वृत्तिमा स्थिर रहनू । यसप्रकार वृत्ति यदि अन्तर्मुख भएर स्थिर भयो भने त ठीक हो, अन्यथा वृत्तिलाई अन्तर्मुख गर्न यस चिन्तनको पश्चात् प्रणवको दीर्घ उच्चारण १० मिनेटसम्म गर्नुपर्छ; तथा यो प्रणवध्वनि स्वयं नै चालू होओस् र एक सात्त्विक आनन्दजस्तो भान हुन लागोस् । "म अब समाधिस्थ भएँ, आफ्नो स्वरूपमा स्थित छु' भन्ने भावनाले सब विचारको निरोध गर्दै स्थित होओस् । फेरि विचार नगरोस्, यसप्रकार सिद्ध अथवा स्वस्तिकासनद्वारा प्रातः मध्याह्न, सायंकाल तथा ब्रह्ममुहूर्तमा चारपटक अभ्यास गर्नु आवश्यक छ । श्रद्धापूर्वक अभ्यास गर्नाले अवश्य लाभ हुनेछ।

समाधि–योगको अन्तिम अङ्ग र चरम उद्देश्य समाधि हो, समाधि माथि केही लेख्नु वास्तवमा एक कठिन काम हो, किनभने समाधिको सम्बन्ध विचार्ने वा लेख्ने सित भन्दा अनुभूति र क्रियात्मक साधनसित बढी हुन्छ तथा त्यहाँ विचार सहित मन-बुद्धि नै जब आफ्नो अस्तित्वको लोप गराउँछ, तब त्यहाँ विचार विमर्श रहने नै कसरी ?

योगसूत्रमा सामान्य रूपले समाधिको लक्षण यसप्रकार लेखिएको छ–

तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः । केवल त्यही पदार्थ (स्वस्वरूप आत्मा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र विद्यमान छ, यो आभास (ज्ञान) मात्र रहनेछ, अर्को कुनै पनि ज्ञान रहनेछैन चित्तको ध्येय वस्तुमा यस्तो जो तन्मयता (एक हुनु) आउँछ त्यसलाई समाधि भन्छन्।

वेदान्तको मतमा समाधि दुइ प्रकारका छन्–(१) सविकल्प समाधि (संप्रज्ञात समाधि) र (२) निर्विकल्प समाधि– (असंप्रज्ञात समाधि ज्ञाता, ज्ञान र ज्ञेय– यी तिनैको भिन्नाभिनै ज्ञान हुँदाहुँदै अद्वितीय ब्रह्ममा अखण्डाकार चित्तवृत्तिको अवस्थानको नाउँ सविकल्प समाधि हो। ज्ञाता, ज्ञान र ज्ञेय यी तीनैको भिन्नभिन्नै ज्ञान नभएर अद्वितीय परब्रह्ममा अखण्डाकार चित्तवृत्तिको अवस्थानको नाउँ निर्विकल्प समाधि हो।

समाधिको प्रारम्भ अवस्था– एकाग्रताको अभ्यासद्वारा क्रमशः तमोगुण गौणरूपले रहन्छ र रजोगुणको चित्तलाई चलायमान गर्ने क्रिया निर्बल हुँदै जान्छ। सत्त्वगुण प्रधान भएर चित्तलाई एकाग्र गर्ने र त्यसमा वस्तुको यथार्थ रूप देखाउन समर्थ हुन्छ। सम्प्रज्ञात समाधि (एकाग्रता)–तमोगुण गौणतर रूपले दबेको हुन्छ। सत्वगुणलाई रजोगुणलाई दबाएर प्रधान रूपले आफ्नो प्रकाश गर्दछ, फलस्वरूप चित्त वस्तुको तदाकार भएर उसको यथार्थरूप देखाउन समर्थ हुन्छ। **असम्प्रज्ञात समाधि** (स्वरूपावस्थिति) सत्व चित्तमा बाहिरबाट तीनै गुणहरूको वृत्तिरूप परिणाम हुन बन्द हुन्छ। चित्तमा केवल निरोध-परिणाम अर्थात् संस्कार-शेष रहन जान्छ, जो दुर्बल हुनाले उसलाई फेरि व्युत्थान दशामा आउनुपर्छ। यसप्रकार क्रमशः अभ्यास बढ्दा-बढ्दा अन्तमा चित्तमा निरोध परिणाम अर्थात् संस्कार-शेष पनि निवृत्त हुन जान्छ। योग सूत्रमा भनिएको छ– पुरुषार्थ शून्य गुणहरूको लय आफ्नो कारणमा हुन जानु कैवल्य हो अथवा चितिशक्तिको स्वरूपावस्थिति कैवल्य हो। संयम वा निरोधसक्ति जुन मनुष्यभित्र जुन मात्रामा हुन्छ त्यसलाई त्यसै मात्रामा मनुष्यत्व प्राप्त हुन्छ।

ज्ञान नै शक्ति हो र संयम नै सब प्रकारले ज्ञान वा शक्तिको सर्व श्रेष्ठ साँचो हो। संयम शक्तिद्वारा नै ऋषि-मुनि सर्वज्ञ र सर्वशक्तिमान् भएका छन्। सर्वज्ञताको वरदान विशेष गरेर यस वैदिक धर्म तथा यस आर्यभूमिलाई नै प्राप्त भएको थियो।

समाधिको प्रयोजन– मनुष्य के चाहन्छ? यसको उत्तर हो-आनन्द (Happiness) अरू के चाहन्छ ? अस्तित्व (Existance) अर्थात् उसको अस्तित्व वा सत्ता कसैबाट खण्डित वा बाधित नहोओस्। के त्यो अरू पनि केही चाहन्छ? अँ त्यो चाहन्छ चित् वा ज्ञान (Consciousness) ज्ञानको अभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्यको निमित्त धेरै ठूलो दुःख हो । अखण्डित सत् र अखण्डित आनन्द नै मानिस चाहन्छ, मानिस यो कुरा किन चाहन्छ भन्ने प्रश्न गरियो भने उत्तर हुन्छ- किनभने यसको स्वभाव नै त्यस्तो छ । योग दर्शनमा सङ्केत पाइन्छ-समाधिद्वारा मानिस आफ्ना सबै इच्छा पूरा गर्छ । समाधिद्वारा जुन आनन्द प्राप्त हुन्छ त्यसको वर्णन हुन सक्तैन, त्यसको अनुभव केवल आफ्नै अन्तःकरण गर्न सक्छ । समाधिको रहस्य जान्न यस्तो अनुभवी पुरुष जसले मार्गमा हिंडेर सफलता प्राप्त गरिसकेको हुन्छ, उसको शरण लिनुपर्दछ, केवल पढ्ने-सुन्नेबाट यसको ज्ञान हुँदैन ।

सम्प्रज्ञात-समाधि-विज्ञान तथा संशयहीन ज्ञानको आविर्भाव–कुनै पदार्थको वास्तविक स्वरूप जान्ने इच्छा गर्दा-गर्दै पनि जान्न सक्तैनौं, यसको कारण कर्मसंस्कारको बाधा नै हो । कर्मसंस्कार जब आएर बाधा दिन्छ तब यदि हामी त्यसलाई पुनःपुनः त्याग गर्न सक्छौं, अबाधित ज्ञान राख्न सक्छौं र हाम्रो एकतानता भङ्ग हुँदैन भने हामी क्रमशः एक यस्तो अवस्थामा पुग्नेछौं जहाँ फेरि हो वा होइन रहँदैन । कुनै प्रकारको संशय रहने छैन र एक प्रकारको अध्यात्म प्रसाद प्राप्त हुनेछ ।

श्रद्धा– चिन्तन पनि एक विशेष गति हो । सबै गतिहरूको एक विशिष्ट लक्षण (Characteristic)हुन्छ । पहिले रजोगुणको एक क्रिया हुन्छ, त्यसपछि तमोगुणद्वारा उसमा बाधा (Resistance) हुन्छ, अर्थात् पहिले तिम्रो ध्यान वा चिन्तन प्रवाहित हुन्छ ,त्यसपछि मात्र कर्मसंस्कार बाधा दिन्छ। बाधित भएर पनि तिमी लागि नै रहन्छौ भने मनलाई फर्काएर पुनःपुनः ध्येय वस्तुमा लगाइ नै रहनेछौ। प्रत्ययलाई बारम्बार अबाधित राख्दछौं भने तिम्रो एकतान प्रवाह चलिनै रहने छ। तिम्रो ध्यानको गतिमा बाधा पुर्याउने वस्तु (कर्म संस्कारलाई) क्रमशः हटाएर लैजाने छ । जसरी कुनै किरण भेद वस्तु (O-paque body) लाई स्वच्छ किरण किरणभेद्य (Transparant) तुल्याइन्छ त्यसरी नै यो सब हुनेछ । पहिले नै भनिसकिएको छ- मनन, निदिध्यासन वा चिन्तन सबै गति हुन् । तपस्या पनि गति नै हो । यही स्पन्दनात्मक गति– (Vibratory Motion) को प्रयोगको एक दृष्टान्त हो– कुनै वस्तुको अणु (Molecules) जब घनभावले एकत्रित हुन्छ, तब त्यसमा प्रकाशको किरण प्रवेश गर्न सक्तैन र यसैले त्यो किरण-भेद्य (O-paque) हुन जान्छ । रजद्वारा तम हटेपछि सत्त्व प्रकाशित भएर उठ्छ तब किरणभेद्य वस्तुको किरणभेद्यत्व (o-pacity) हटेर जान्छ, त्यसमा स्वच्छता (Transparance) आइहाल्छ । कुनै एक कामको सिद्धि हुन त्यो शक्ति अबाधित गतिद्वारा केही कालसम्म क्रियाशील हुनु आवश्यक छ । शक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तर समान सरल गतिले क्रिया गर्छ र उसमा गति-परिवर्तन भएन भने कार्य सिद्धि भइहाल्छ । स्थूल भौतिक जगत्मा जुन नियम काम गर्छन्, मानसिक जगत्मा पनि तिनै नियम कार्य गरिरहेका हुन्छन्, तर अत्यन्त सूक्ष्म अवस्थामा । एकतान गति भए पछि चित्तको शुद्धि हुन्छ र विक्षिप्त गति भएपछि चित्त मलिन हुन्छ । समाधि भएपछि सत्वगुणको प्रकाश हुन्छ ।

सवितर्क, सविचार, सानन्द र सास्मिता चतुर्विध सम्प्रज्ञात समाधि – योग दर्शनमा चार प्रकारको सम्प्रज्ञात समाधिको वर्णन छ । कुनै देश वा विषयमा चित्तलाई बाँध्नु धारणा हो । त्यसमा सबभन्दा पहिले जब चित्त भगवान्‌को कुनै स्थूल रूपमा लगाइन्छ तब सबभन्दा पहिले सवितर्क अवस्था हुन्छ । तिमी विचार गर्छौ–भगवान्‌का चार भुजाहरू छन्, ६ वा आठ भुजाहरू छैनन्, तिमी यसप्रकार भगवान्‌को स्वरूपलाई विशेषित गर्छौ, त्यसको नाउँ वितर्क हो । कार्यको कारणको खोजी गर्नु नै चिन्तन हो । पहिले सामान्यबाट नै विशेषतर्फ जानुपर्छ । फेरि कार्य- कारण सूत्रलाई समातेर क्रमशः कारणतर्फ बढ्नुपर्छ– यसैको नाउँ सविचार अवस्था हो । यसप्रकार विस्तार-विस्तार रज र तम मन्द हुँदै जान्छन् र एक सत्त्व प्रधान अवस्थामा साधक पुग्छ तब ध्येय तत्त्वको साक्षात्कार हुन्छ, र साधकलाई एक विचित्र आनन्दको अनुभव हुन्छ, यही सानन्द अवस्था हो । यसपछि नै सास्मिता अवस्था आउँछ, आफ्नो पृथक् अस्तित्व ज्ञानको लोप हुन्छ र साधक भगवान्‌सँग मिल्छ ।

जहाँ संसर्ग शक्ति (Attractive Force) अधिक प्रमाणमा काम गर्छ, त्यहाँ नै कठिनाइको अनुभव हुन्छ । जहाँ अणु घनभावसँग जोडिएको हुन्छ, त्यहाँ नै सङ्कोच देखा पर्छ र कठिनाइ हुन्छ । जहाँ आकर्षण हुँदैन तथा भेदवृत्ति-शक्ति (Repulsive Force) बढेको हुन्छ, त्यहाँ विकास देखा पर्दछ ।

समाधिको एउटा अर्को अवस्था पनि हुन्छ, जसलाई हामी Inspired अवस्था भन्न सक्छौं । भनौं– कुनै विषयमा कसैले सम्झाउँदा बीचमा कुनै बाधा आएन र चित्त उसमा दृढ भावले लाग्यो भने केही समयपछि समाधि जस्तो अवस्था प्राप्त हुन्छ, अनि के बोलिरहेछु भन्ने ज्ञानसम्म पनि रहँदैन र स्वतः जे बोल्नुपर्छ भित्रैबाट स्फूरण भएर आइरहन्छ, तर यस्तो अवस्था ज्यादै थोरै साधकहरूलाई मात्र प्राप्त हुन्छ ।

जप-मनन-ध्यान– विचार गर्नाले प्रतीत हुन्छ– धारणा, ध्यान र समाधि तथा जप, मनन र ध्यान वास्तवमा एकै वस्तु हुन् । वितर्कको अर्थ हो विशेष भावबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर्कना, अर्थात् सामान्य भावबाट विशेष भावमा जानु। पहिले जुन विषयको ध्यान गर्ने हो त्यसको अतिरिक्त अन्य सबै विषयहरूलाई त्यागेर उसलाई मात्र धारणा गर्नुपर्छ। यसप्रकार त्यसमा केही समयसम्म चित्त स्थिर गरेपछि सविचार अवस्था आउँछ। विचारको अर्थ हो विशेष भावबाट चरण-विशेषको मार्गमा लागिपर्नु। सामान्यबाट क्रमश: विशेष-विशेष (स्थूल भावबाट– सूक्ष्मभाव अथवा कार्यबाट कारणमा)- मा लाग्नु। यसप्रकार विचारद्वारा तत्त्वको अनुसरण गर्नुपर्छ।

ध्यान र ध्यानार्थ कल्पना (Meditative Imagination) – ध्यान गर्ने पहिले कल्पना गर्नु पर्दछ। अन्य संस्कारहरू हटाएर आफ्नो ध्येय वस्तुमा नै ज्ञानको प्रवाह बगिरहनुलाई ध्यान भन्छन्। यसको क्रमपूर्वक अभ्यास गर्नुपर्छ। ध्यानद्वारा नै प्राकृत ज्ञानको उदय हुन्छ। अब विचार गरौं– यो ध्यान कुन प्रकारले गरिन्छ ? ध्यानको जो प्रतिबन्धक कारण छ त्यसलाई हटा पछि नै ध्यान स्थिर हुन्छ। ध्यानको प्रतिबन्धक कारण के हो? तिम्रो अन्य विषयहरू प्रति जुन अनुराग छ, त्यही तिम्रो ध्यानको प्रतिबन्धक कारण हो। त्यो विषयमा भएको रागद्वेषलाई तिमीले हटाउनुपर्दछ, तब मात्र तिम्रो ध्यान लाग्ने छ र ध्यानको सिद्धि भएपछि ध्येय वस्तुको वास्तविक ज्ञान हुनेछ।

भ्रूमध्यस्थित आज्ञा चक्रमा धारणा, सुषुम्णा– प्रवेश– चित्तमा सबै वस्तुहरूको ज्ञान प्रकाशित गर्ने शक्ति हुन्छ। त्यसैले कुनै एक विषयमा चित्त स्थिर गरेपछि त्यस विषयको पूर्णज्ञान प्राप्त हुन सक्छ। ज्ञान जे जति छ त्यो त भित्रबाट ज्ञान स्वरूप भगवान् स्वयं नै प्रकाशित गरिदिनु हुन्छ।

चित्तलाई बाँध्नाले प्राण स्वतः बाँधिन्छ। अरू केही नसोच। मन अर्कातिर गयो भने त्यसलाई फर्काएर ध्येय वस्तुमा लगाऊ, यसप्रकार बारम्बार यसो गर। यसले प्राणायामको सिद्धि हुनेछ। रागद्वेष दुवैको त्याग गर। राग र द्वेष मिलेर साम्यावस्था (Equilibrium) उत्पन्न गर्नेछन्। मुक्ति (Equilibrium) साम्यावस्थामा प्राप्त हुन्छ। इडा र पिङ्गला यी दुवै Equated or Neutralised (सम भएपछि) मध्यावस्था अथवा सुषुम्णाको प्राप्ति हुन्छ। **समत्वं योग उच्यते** अर्थात् राग-द्वेष वा इडा-पिङ्गला सम हुनुलाई नै योग भन्छन्। योग मत अनुसार हठयोग, राजयोग र लययोगको भेदले तीन प्रकारका समाधि साधन छन्। लय योगको विषयमा घेरण्ड संहितामा भनिएको छ– शाम्भवी मुद्राले ध्यान लगाउनु, खेचरी मुद्राले रसास्वादन गर्नु, भ्रामरी-कुम्भकले नादलाई सुन्नु र योनि मुद्राले आनन्द भोग गर्नु- यी चार प्रकारका उपायहरूद्वारा लय योगको सिद्धि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हठयोग– समाधि-संकेत– यस सम्बन्धी विस्तृत विवेचना मूलको (तृतीय खण्ड) पृष्ठ ४४७-४४८ मा गरिएको छ ।

राजयोग-समाधि-संकेत– राजयोग-समाधि अनेक प्रकारको हुन्छ भनी योगीहरूले बताएका छन् । मुख्य तीन प्रकारका मार्गहरूमा– पहिले ज्योतिर्ध्यान, दोस्रो– खेचरी मुद्रा, तेस्रो– नाद श्रवण हो । यी तीनैको दीर्घकालीन अभ्यासबाट निर्विकल्प समाधि सिद्ध हुन्छ ।

खेचरी-मुद्रा-संकेत– खेचरी-मुद्राको दीर्घकालीन अभ्यासद्वारा साधक सर्व बाह्य प्रपंचलाई बिर्सेर राजयोग-समाधिमा स्थित हुन्छ । जसरी निद्राकालमा बाह्य प्रपंचलाई बिर्सेर मनुष्य स्वप्न देख्छ त्यसरी नै समाधि-कालमा योगी बाह्य-प्रपंचलाई बिर्सेर अन्तर्दृष्टिले जगत्लाई हेर्छ । तर स्वप्न र समाधिमा यति भेद छ– स्वप्नमा देखिएका पदार्थ प्रायः मिथ्या हुन्छन् तर समाधि-कालमा देखिएका सब वस्तुहरू सत्य र कार्य-कारी हुन्छन् ।

ज्योतिर्ध्यान-संकेत– साधक दीर्घकालीन अभ्यासको फलस्वरूप त्यस ज्योतिर्ध्यानको तत्परताद्वारा स्वयं पनि ज्योति स्वरूप भएर परम ज्योतिस्वरूप ब्रह्ममा लय हुन जान्छ ।

नादानुसन्धान-समाधि-सङ्केत– शब्द नै ब्रह्म हो । सृष्टिको पहिले प्रकृति पुरुष मूर्तिहीन केवल एक ज्योतिमात्र थियो । सृष्टिको आरम्भकालमा त्यही सर्वव्यापी ज्योति आत्मा अभेदभावले नाद बिन्दुको रूपमा प्रकाशमान भएको थियो । बिन्दु परम शिव र कुण्डलिनी निर्वाण कलारूपा त्रिपुरादेवी स्वयं नादरूपा हुन् ।

नादरूप समुद्रको वार-पार सरस्वतीलाई पनि थाहा छैन भने दोस्रो कसले जान्न सक्ला ? नादको दोस्रो नाउँ 'परा' हो । यो नै मूलाधारमा परा हुन्छ, स्वाधिष्ठानमा पश्यन्ती, हृदयमा मध्यमा र मुखमा वैखरी भनिन्छ ।

मन नै इन्द्रियहरूको स्वामी हो, किनभने मनको संयोग नहुनाले कुनै इन्द्रिय पनि काम गर्न समर्थ हुँदैन । मन प्राणवायुको अधीन छ । यसैले वायु वशीभूत हुनासाथै मनको लय हुन्छ । मन लय भएर नादमा अवस्थान गर्दछ । नादको अर्थ अनाहत ध्वनि हो । जबसम्म जीवात्मा र परमात्माको संयोग हुँदैन, तबसम्म अनाहत ध्वनिको निवृत्ति हुँदैन । योगको चरम सीमामा जीवात्मा र परमात्मा एक भई मिल्छन् र त्यसको साथ-साथै परब्रह्ममा त्यस अनाहत ध्वनिको लय हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगोरक्षनाथ आदि सिद्धहरू तथा श्रीकबीर आदि सन्तहरूले नाद साधनलाई सुरत-शब्द-योग भन्ने नाउँ दिएका छन् । ईश्वरको इच्छा, लीला, वा सङ्कल्प नै यस्तो छ, जसबाट सृष्टि हुन्छ । यो इच्छा वा सङ्कल्प नै स्पन्दन वा कम्पन हो, जुन सदा शब्दान्वयी छ । महाकारण माथि जडरहित चेतन वा परा प्रकृति अथवा कैवल्य-मण्डल छ । कैवल्यमण्डल निर्मल चैतन्य हो, शेष चार मण्डल चेतन सहित जड हुन् । प्रत्येक मण्डल बन्नुभन्दा पहिले त्यसको केन्द्र स्थापित हुन्छ ।

जसले पिण्डका आवरणहरूलाई पार गऱ्यो उसले त्यसको साथै ब्रह्माण्डका पनि सब आवरणहरूलाई पार गऱ्यो । यही परम योग, परम ज्ञान र परम भक्ति हो । यसको निम्ति मुख्य स्थान हृदय हो । शब्द र ज्योति यी दुवैको उपलब्धि ध्यानबाट हुन्छ, तर यिनको एक नित्य अवस्था पनि छ, जो स्वयं पूर्ण ब्रह्म स्वरूपा नै हुन्, जुन शब्द-ब्रह्म र ज्योति-ब्रह्म भनिन्छ । कुनै पनि प्रकारको साधनद्वारा यी तीनै (शब्द, ज्योति र रूप) मध्ये कुनै पनि एकलाई आफ्नो अधिकारमा लिनुपर्छ । यी तीनै मध्ये कुनै एकलाई लिएर त्यसमा लीन हुनाले क्रमशः सत्को मार्ग पाउने आशा गर्न सकिन्छ । सबै साधन यिनै कुराको लागि हो । अन्तमा यही भन्नु छ– यो गुरु गम्य विषय हो, सदा गुप्त रह्यो र रहनेछ । यो विषय केवल साधक गण सम्झन सक्लान् । बाहिरिया तडक-भडकले युक्त काँचा शब्दज्ञानी पनि सम्भव छ केही पनि बुझ्न सकोइन ।

नाद दश किसिमका छन्– पहिलो चिनी नाद, जस्तै साँझमा साना-साना जीव झ्याउँकिरी चिन्-चिन्-चिन्को लगातार शब्द गर्छ । दोस्रो चिन्-चिनी-नाद अर्थात् पहिलेको नाद जस्तै दोहोरो रूप हुने हुन्छ । तेस्रो घण्टनाद हो, चौथो शङ्ख नाद हो, पाँचौं तन्त्रिनाद, छैठौं तालनाद, सातौं वीणा नाद, आठौं मृदङ्ग नाद, नवौं भेरी नाद र दशौं मेघ नाद हो । साथै यसको विस्तृत मूलको (तृतीय खण्ड) पृष्ठ ४६० मा हेर्नुहोस् ।

जो साधक साधनको अनुकूल सात्त्विक भोजन गर्छ र राग द्वेषले रहित, शान्त चित्त एकान्तवासी, दृढ चित्त र धैर्यशाली छ, त्यसलाई योगसिद्धि तुरुन्त नै हुन्छ । साधन-कालमा अनेक प्रकारका विघ्न आएर अभ्यासबाट डगाउन खोज्छन् । तिनको निवृत्तिको लागि अभ्यासको आरम्भमा नित्य ॐकारको जप गर्नुपर्छ । त्यो ईश्वर सर्वज्ञ (सबैको कर्म जान्ने) सर्वव्यापक, दयालु (हाम्रा सबै अपराधहरू क्षमा गर्ने) तथा संपूर्ण जगत्का आदि कारण हुन् । यसप्रकार जप गर्दागर्दै बारम्बार मनले चिन्तन गर्नुपर्छ । यसले सम्पूर्ण विघ्नहरू विनाश हुन्छन् । तथा अभ्यासकालको अघि-पछि हिंड्दा, बस्दा, सुत्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सधैं साधकले अजपा गायत्रीको जप गर्दै गर्नुपर्छ । सम्पूर्ण जीवहरूको श्वास र प्रश्वासको गतिले प्राण चल्छ । त्यो प्राण हं – शब्दका साथ बाहिर जान्छ र सः शब्दका साथ भित्र-तिर जान्छ । यसप्रकार हंसो हंसो शब्दलाई बारम्बार भावना गर्नाले उल्टो भएर सो-सोऽहं–सोऽहं भइहाल्छ, जस्तै– मरा-मरा भन्दा राम राम हुन्छ । यसप्रकारको श्वास प्रश्वासका साथ गनिने मन्त्र-जपको भावनालाई अजपा-जप भन्दछन् ।

वेदान्तमतबाट समाधि– अनादिकालदेखि अनात्म विषयहरूमा जुन वृत्ति-को संयोग भएको छ त्यसलाई वियुक्त गरेर आत्म स्वरूपमा वृत्तिको संयोग गर्नु नै योग अथवा समाधि हो । वेदान्तको मत अनुसार समाधि ६ प्रकारका छन् ।

१) **अन्तर्दृश्यानुबिद्ध सविकल्प समाधि**– चित्तमा भित्र काम, क्रोध, आदि जो वृत्तिहरू छन् ती नै दृश्य हुन्–यी दृश्यहरूको भाव अभावको साक्षी शुद्ध चेतना 'म' हुँ यस प्रकार चिन्तन गर्नुपर्छ । वृत्तिलाई साक्षात्कार गर्नु अर्थात् साक्षीमा नै लीन गर्नु नै यो समाधि हो ।

२) **अन्तः शब्दानुबिद्ध सविकल्प समाधि**– श्रुतिको श्रवण चिन्तनद्वारा स्वयं प्रकाशरूप आत्माकार वृत्ति गर्नु नै यो समाधि हो ।

३) **अन्तर्दृश्यानुविद्ध र अन्तः शब्दानुविद्ध समाधिहरूद्वारा हुने अन्त-निर्विकल्प समाधि**– यसमा चित्तको स्थिति अचलदीपवत् अर्थात् वायुरहित स्थानमा राखिएको बत्तीको समान हुन्छ । अर्थात् दृश्य र शब्द दुवैबाट संबन्ध छुट्छ र अचल दीपशीखाको समान साक्षात्कार- वृत्ति हुन्छ ।

४) **बाह्य दृश्यानुविद्ध सविकल्प समाधि**– वाह्य जगत्का पदार्थहरूलाई हेरेर हुने नामरूपाकार वृत्तिलाई त्यागेर अर्थात् नाम-रूपगत माया अंशलाई त्यागेर त्यसको अस्ति-भाति-प्रियरूप ब्रह्म-अंशको अनुसन्धान गर्नु नै यो समाधि हो ।

५) **बाह्य शब्दानुबिद्ध सविकल्प समाधि**– तत्पदको निर्देश गर्ने वाक्य-हरूद्वारा चराचर जगत्को ब्रह्मस्वरूपले चिन्तन गर्नु तथा ब्रह्माकार गर्नु नै यो समाधि हो ।

६) **बाह्य निर्विकल्प समाधि**– बाह्य दृश्यानुविद्ध र बाह्य शब्दानुविद्ध समाधिहरूको अभ्यासद्वारा जुन स्थिति हुन्छ, जसमा नामरूपहरूलाई हेर्दैमा पनि अस्ति भाति प्रियरूपतर्फ ध्यान बाँधिन्छ र वृत्ति तरङ्गरहित भएर ब्रह्माकार हुन्छ, त्यस स्थिति-लाई बाह्य निर्विकल्प समाधि भन्छन् । यो निस्तरङ्ग समुद्रवत् स्थिति हुन जान्छ । यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वम्-पद-साक्षीको निर्देश गर्ने वाक्य अन्त: शब्दानुविद्ध समाधिको बोधक शब्द हो र तत्-पद-को बोध गराउने वाह्य बाक्य शब्दानुविद्ध समाधिको साधक शब्द हो भन्ने बुझ्नु-पर्छ ।

आचार्य– प्रवर श्री गौडपादाचार्यको मतानुसार समाधि सङ्केत- आचार्य प्रवर आफ्नो जगत् प्रसिद्ध माण्डुक्य-कारिकाको अद्वैत प्रकरणमा भन्नुहुन्छ– आत्म सत्यको बोध भएपछि जुन समयमा चित्त सङ्कल्प गर्दैन, त्यसै समयमा मन अमनस्ततामा प्राप्त हुन्छ । गौडपादाचार्यले यसलाई अस्पर्श-योग भनेका छन् । त्यस अवस्थामा ग्राह्य वस्तुको अभाव हुनाले त्यो ग्रहण गर्नुको विकल्पले रहित हुन्छ । जब सपूर्ण द्वैत असत्य हुन्छ त आत्मतत्त्वको ज्ञान कसलाई हुन्छ ? त्यस सर्वसंकल्प शून्य अजन्मा ज्ञान-लाई विवेकीहरू ज्ञेय ब्रह्मदेखि अभिन्न मान्दछन् । ब्रह्म जसको विषय हो, त्यो ज्ञान अजन्मा र नित्य छ । त्यसलाई अजन्मा ज्ञानबाट अजन्मा आत्मतत्व स्वयं नै जानिन्छ ।

सुषुप्ति र समाधिमा के भेद छ ? – सुषुप्ति अवस्थामा मन अविद्यामा लीन हुन्छ, तर निरुद्ध हुन गएमा त्यो उसमा लीन हुँदैन । त्यस समयमा ता सबैतर्फबाट चित्प्रकाशमय निर्भय ब्रह्म मात्र रहन्छ ।

उत्तम अधिकारी बिना अस्पर्शयोगको दुर्गमता– सब प्रकारको स्पर्शले रहित यो अस्पर्श योग निश्चय नै वेदान्त ज्ञानले रहित अन्य योगीहरूको निमित्त मुस्किलले देख्न सकिने हुन्छ । मनोनिग्रह धैर्यपूर्वक हुन्छ । सबै प्रकारको खिन्नतालाई त्यागिदिएमा मात्र मनोनिग्रह हुन्छ ।..

श्रीगौडापादाचार्यले समाधिको विषयमा यही सङ्केत प्रदान गर्नुभएको छ । त्यस समाधिका विघ्नहरू एक पटक फेरि लेखिदिनुभएको छ– लय विक्षेप, कषाय र रसास्वाद ।

१. **लय–** आलस्य र निद्राद्वारा वृत्तिको अभावलाई लय भन्दछन् । सावधान भएर निद्रा र आलस्यलाई रोकी वृत्तिलाई जगाओस् । आँखाहरूमा चिसो पानी र कपूर लगाओस् ।

२. **विक्षेप–** वाह्य विषयाकार वृत्तिलाई विक्षेप भन्दछन् । यसको निवृत्ति-को निम्ति विषयमा दोष भावनाद्वारा वृत्तिलाई बहिर्मुखी हुन नदिनु ।

३. **कषाय–** राग-द्वेषका सूक्ष्म संस्कारहरूलाई कषाय भन्छन् । बाह्य विष-याकार वृत्तिलाई विक्षेप भन्छन् र प्रयत्नद्वारा अन्तर्मुख भएको वृत्ति पनि जब रागद्वेषा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिका उद्भूत संस्कारहरूद्वारा रोकिन्छ र ब्रह्माकार हुन सक्तैन तब त्यसलाई कषाय भन्छन् । यो विघ्न पनि योगीहरूले विषयहरूमा दोषदृष्टिद्वारा दबाइदिनुपर्छ र समाधिमा लागिरहनुपर्छ ।

४. **रसास्वाद**– सविकल्प समाधिबाट हुने आनन्दलाई नै रसास्वाद भन्छन् । यो आनन्द पनि निर्विकल्प समाधिमा विघ्नरूप नै हुन्छ । तसर्थ रसास्वादरूप आनन्दलाई अज्ञानजन्य संझेर विवेकपूर्ण असंग आत्माको भावना गरोस् ।

वेदान्त-मतानुसार व्यतिरेक र अन्वय योग (समाधि)–योग शब्दको अर्थ हो जोड्नु । केमा जोड्ने ? जोड्नु छ चित्तलाई चैतन्यमा, जीवलाई शिवमा । चित्तचैतन्यको संयोग अन्तरमा स्वभावले हुन्छ तर चित्तमा जडवृत्ति (अनात्म विषयक वृत्ति) का जुन लहरहरू लगातार उठिरहन्छन्, त्यसले चित्त-चैतन्ययोग स्वाभाविक भए तापनि अपरिचित जस्तो भइरहेछ । जड-चैतन्यको खोजी गर्दागर्दै चित्तलाई आत्मबोध हुन्छ । यो आत्मबोध भएपछि वृत्ति निरोध गर्नुपर्छ । यसै वृत्ति-निरोधलाई योग भन्दछन् । चित्त आत्मस्वरूपबाट सचेतन भएर वृत्तिहरूलाई चिताउने गर्छ । चित्त अर्थात् सत्त्व जब रज– तम तर्फ दौडन्छ, तब त्यसलाई प्राग्वृत्ति (बहिर्मुख वृत्ति) भन्छन् र जब स्वप्रकाशरूप आत्मातर्फ फर्केर हेर्छ तब त्यसलाई प्रत्येक वृत्ति (अन्तर्मुख वृत्ति) भन्दछन् ।

नेत्र दीप प्रकाशद्वारा नै विभिन्न पदार्थहरू देख्ने गर्छ, तर जब नेत्र स्वयं दीपलाई नै हेर्न थाल्छ, तब पदार्थ देख्दैन । चित्तले नचिताईकन वृत्तिहरू चेत्दैनन् । चित्त स्वरूपमा स्थिर भयो भने स्वयं नै वृत्ति निरोध -हुन्छ । जीव मात्रको सम्पूर्ण प्रपञ्च प्रयत्न दुःख निवृत्ति र सुखको प्राप्तिको निम्ति नै हो । मानिसदेखि लिएर, कृमि-कीट पर्यन्त सबमा इन्द्रियहरू र अन्तःकरणको निरन्तर चेष्टाको यही एक मात्र हेतु हो, तर दुःखको आत्यन्तिक निवृत्ति र आत्यन्तिक सुखको प्राप्ति एकमात्र मनुष्यदेही जीवलाई नै हुन सक्छ । जीव जुन विषयमा सुख भोग्छ, त्यो त इन्द्रिय ग्राह्य हो, तर जसलाई आत्यन्तिक सुख भन्दछन्, त्यो इन्द्रियग्राह्य होइन, अपितु बुद्धिग्राह्य हो । यस दुःख रहित सुखलाई नै योग भन्दछन् । यही चित्त-चैतन्य योग वा जीव-शिव योग हो ।

शब्द ज्ञानबाट यदि मोक्ष पाइँदो हो त सबै पण्डितहरू मुक्त हुँदा हुन्, तर लोकानुभवमा यस्तो हुँदैन । आत्माद्वारा मोक्ष हुँदैन आत्मज्ञानद्वारा हुन्छ । आत्मा त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैको हृदयमा छ नै , तर त्यो मुक्त छैन अविद्या बन्धनबाट छुटाउने आत्मज्ञान शब्दज्ञान होइन। जसरी वेदान्त प्रक्रिया अनुसार घटाकार वृत्तिलाई घटज्ञान भन्छन् त्यसरी नै आत्माकार वृत्तिलाई आत्मज्ञान भन्दछन् ।

अनेक जन्मदेखि बहिर्मुख हुनाले गर्दा चित्त वृत्तिलाई विषयाकार हुने अभ्यास भइरहेको छ, यस बानीलाई छुटाउनको नाउँ नै वैराग्य हो तर अन्तर्मुख भएर चित्तवृत्तिलाई आत्माकार गर्ने जुन प्रयत्न हो, त्यसलाई अभ्यास भन्दछन् । त्यसैले भगवान्ले दुवै उपायहरूको निर्देश गर्नु भएको छ। **अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते।**

विषय सुखको लागि विषय, इन्द्रिय र मन तीनैवटाको आश्रय लिनुपर्छ। त्यसैकारण यसलाई परावलम्बी भन्दछन् । आत्मसुख त्यस्तो होइन । आत्मसुख मन र इन्द्रियहरू भन्दा टाढाको वस्तु हो । जहाँ इन्द्रियहरू छैनन्, मन पनि छैन, त्यहाँ विषय कहाँ ? बुद्धिवृत्ति नै आत्मसुखको कारण हो, तर त्यो बुद्धि विषयाकार हुने स्थूल बुद्धि होइन बरु श्रवण-मनन आदिको संस्कारद्वारा अत्यन्त शुद्ध र सूक्ष्म बनेको बुद्धि हो, त्यसद्वारा नै अतीन्द्रिय सुख ग्रहण गर्न सकिन्छ । त्यो सुख जो अनुभव गर्छ, उ संसारचक्रको सुख फेरि देख्दैन ।

जड चिन्तन छाडेर आत्म चिन्तन गर्नु रूप जुन योग हो, त्यस योगद्वारा जसको सारा पाप डढिसकेको छ, त्यसलाई नै ब्रह्मसंस्पर्शजनित सुख अनायास अनुभूत हुन्छ ।

जल र असिना दृष्टिमा भिन्न हुन्, तर दुवै एक नै हुन् । यही कुरा आत्मा र चराचर जगत्को छ । अन्तर्भूत वास्तविक स्वरूपलाई हेर्नु नै 'समदर्शन' हो। यसैलाई अन्वययोग भन्दछन् ।यो नभई पूर्णता हुँदैन । यसरूपले चित्तवृत्तिको वियोगरूप व्यतिरेक सिद्ध भइहाले पनि प्रारब्ध भोग्दा अन्वययोग बिना जगत् जडरूप भान हुन थाल्छ। यस अवस्थामा साधक जीवनमुक्त हुन सक्तैन । व्यतिरेक-योगद्वारा पुनर्जन्मदेखि छुटकारा पाउन सकिन्छ– अर्थात् मृत्युपछि विदेह मुक्ति होला तर जीवनमुक्तिको लागि त अन्वययोगनै साध्नुपर्छ ।

प्रत्यग्वृत्तिको अभ्यासद्वारा व्यतिरेकयोग साधिन्छ, अर्थात् साधकलाई व्यष्टि अन्तःकरणाधिष्ठित चैतन्य अर्थात् आत्माको अनुभावत्वं-पद-साक्षात्कार हुन्छ, तर यतिले मात्र काम पूरा हुँदैन, ज्ञानको यो पूर्णता होइन, किनभने जडको निषेधबाट आत्मानुभव त भयो तर जड-द्वैत रहन गयो नै। यो द्वैत छँदाछँदै अद्वैत ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहाँ ? जुन ज्ञानद्वारा सारा जडजगत् चिन्मय देखिन थाल्छ,त्यही वास्तविक वा पूर्ण ज्ञान हो भन्न सकिन्छ । यसैलाई तत्-पद साक्षात्कार भन्छन् ।

त्वं पदको अर्थ हो– **अहं ब्रह्मास्मि** र तत् पदको अर्थ हो– **सर्वं खल्विदं ब्रह्म**- यो सबका सब ब्रह्म नै हो । अहं ब्रह्मास्मिबोध पहिले हुन्छ, त्यसपछि सर्वं खल्विदं ब्रह्मको प्रतीत हुन्छ । म देह हुँ भन्ने भ्रम ज्ञानोत्तर अथवा ज्ञान समकालमा नष्ट हुन्छ । ब्रह्म नित्य अपरोक्ष नै हो, तर त्यसको प्रत्यय हुनुपर्छ । यस्तो प्रत्यय नहुनाको कारण हो अविद्या । अविद्याका दुइ शक्तिहरू छन्–आवरण र विक्षेप । आवरणले ज्ञानलाई ढाकिदिन्छ र विक्षेपले विपरीत भास गराउँछ वा उल्टो देखिन्छ । आत्मा शुद्ध चैतन्य स्वरूप हो भन्ने नजान्नु नै आवरण हो । ब्रह्ममा जगत्को भास हुनु नै विक्षेप हो ।

व्यतिरेक-योगद्वारा आवरण भङ्ग हुन्छ र अन्वय योगद्वारा विक्षेप भङ्ग हुन्छ । व्यतिरेक-योग प्रत्यग्वृत्तिको अभ्यास हो र अन्वय-योग सम्पूर्ण जगत्लाई ब्रह्मरूप देख्नु । यसैबाट जीवत्मुक्ति पाइन्छ ।

योग र अप्रमत्त स्थिति– अप्रमत्त स्थिति तब सिद्ध हुन्छ जब प्रमत्तता कति पनि रहँदैन । प्रमत्त उसलाई भन्दछन् जसलाई आत्मस्वरूपको विस्मृति हुन्छ । जो आफ्नो स्वरूपलाई कहिल्यै बिर्सँदैन त्यही अप्रमत्त हो । कार्यमा कारण अखण्ड रूपले देखिनुलाई नै योगवेत्ता योग भन्छन् । यस्ता पूर्ण योगी संसारमा कुन अवस्थामा रहेर व्यवहार गर्छन्– त्यसको कुनै नियम छैन । तिनमाथि कुनै नियम लागू हुँदैन ।

✓**बौद्ध-दर्शनमा योग समाधि**– भगवान् बुद्धले निर्वाण प्राप्तिको निम्ति अष्टाङ्गिक मार्गको उपदेश गरेका छन् । अष्टाङ्गिक मार्गका प्रतीक–शील, समाधि र प्रज्ञा– यी तीन मानिएका छन् शीलभित्र सम्यक् वचन सम्यक् कर्म र सम्यक् आजीविकालाई लिइएको छ । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य तथा मद्य निषेध– यतिलाई पञ्चशील भन्दछन्, प्रज्ञा तीन प्रकारका छन्:–

(१) श्रुतमयी– आप्त प्रमाणहरूद्वारा उत्पन्न निश्चय
(२) चिन्तामयी– युक्तिद्वारा उत्पन्न निश्चय, तथा
(३) भावनामयी– समाधिजन्य निश्चय ।

सम्यक् समाधिका पहिलो, दोस्रो, तेस्रो र चौथो ध्यान– यी चार सिंढी छन् । वितर्क, विचार, प्रीति, सुख र एकाग्रता – यी पाँच चित्तवृत्तिहरूको प्रथम ध्यानमा प्राधान्य रहन्छ। दोस्रो ध्यानमा वितर्क, विचार रहँदैन, प्रीति, सुख र एकाग्रता–यी तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोवृत्तिहरूको मात्र प्राधान्य रहन्छ । तेस्रो ध्यानमा प्रीति रहँदैन, केवल सुख र एकाग्रता मात्र रहन्छ । चौथो ध्यानमा सुख नरहेर अपेक्षा र एकाग्रताको प्राधान्य रहन्छ ।

समाधि-साधनमा चित्तको प्रथम प्रवेशलाई वितर्क भन्छन् । ध्येय विषयमा सूक्ष्म बुद्धिद्वारा विचार गर्नुलाई विचार भन्छन् । विषयको अत्यन्त परिचयबाट उत्पन्न हुने जुन निश्चिन्तता जस्तो हुन्छ त्यसलाई उपेक्षा भन्छन् । वितर्क र विचारद्वारा मनलाई सन्तुलित राख्दा जुन एक प्रकारको विलक्षण आनन्द प्राप्त हुन्छ, यही प्रीति हो । विस्तार-विस्तार शरीरलाई समाधानको अनुभव हुन थाल्छ त्यही सुख हो तथा एक प्रकारको तन्मयता प्राप्त हुन्छ यही एकाग्रता हो । श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा– यी पाँच मानसिक शक्ति हुन् तर यिनमा सन्तुलन कसरी राख्न सकिन्छ यसको वर्णन विशुद्धि मार्ग आदि बौद्धग्रन्थहरूमा बहुत सुन्दरतासाथ गरिएको पाइन्छ ।

अब अन्तमा उपसंहारको रूपमा श्रीसर्वशक्तिश्वरी महाबुद्धि-प्रदायिनी, मुक्तिदायिनी, प्रसुप्तभुजगाकारा ग्रन्थित्रय– विभेदिनी श्रीकुण्डलिनी शक्तिको एक भाव-चिन्तनका साथ यस प्रसङ्गलाई समाप्त गर्छौं ।

हे आमा ! मूलाधारमा पृथ्वीतत्त्व र जलतत्त्वलाई मणिपूरमा अग्नि तत्त्व-लाई जसको स्थिति स्वाधिष्ठानमा छ, हृदयमा वायुतत्त्वलाई, त्यसमाथि आकाश तत्त्व-लाई र मनलाई भ्रूमध्यस्थ आज्ञाचक्रमा– यसप्रकार सारा कुल पथ अर्थात् शक्तिको मार्गलाई छेडेर सहस्रार पद्ममा पतिका साथ तिमी एकान्त विहार गर्दछ्यौ । हे सच्चिदानन्दमयी आमा !

ॐ **असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्माऽमृतंगमय** । मलाई असत्बाट सत्यमा लैजाऊ, अन्धकारबाट ज्योतिमा लैजाऊ र मृत्युबाट अमर पदमा लैजाऊ । जगदम्बा भन्नुहुन्छ–

अमन्तवो मां त उपक्षियन्ति श्रुधिश्रुतं श्रद्धिवं ते वदामि ।
अहमेव स्वयमिदं वदामि जुष्टं देवेभिरुत मानुषेभिः ॥

(देवीसूक्त)

जो मलाई मेरो रूपमा चिन्दैनन्, तिनीहरू मलाई नजान्नाले नै हीन दशामा प्राप्त हुन्छन् । हे बहुश्रुत ! म तिमीलाई श्रद्धाबाट प्राप्त हुने ब्रह्मतत्त्वको उपदेश गर्छु । सुन ! म स्वयं देवताहरू र मनुष्यहरूद्वारा सेवित यस दुर्लभ तत्त्वको वर्णन गर्छु– **शृण्वन्तु विश्वेऽमृतस्य पुत्राः** । हे समस्त अमृत पुत्रहरू हो ! सुन–

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस परम तत्त्वको साक्षात्कार गरेपछि एकदम राम्ररी ग्रन्थिभेद भएर संपूर्ण संशय निवृत्त हुन जान्छन् । म स्वयं नै ग्रन्थिहरूलाई भेदन गरेर परमात्मतत्त्वको साक्षात्कार गरिदिन्छु ।

अब अन्तमा एउटा साधकको साधनाको संक्षिप्त विवरण दिएर यस प्रसङ्ग-लाई समाप्त गरिन्छ—एक साधक महात्मा कुनै जङ्गलको एउटा गुफामा निवास गर्दथे । ती बडा बुद्धिमान्, तपस्वी र सदाचारी थिए । शास्त्रविहित कर्महरूको अनुष्ठानद्वारा उनको चित्त शुद्ध भइसकेको थियो । संसारका क्षणिकता र परिवर्तनहरूद्वारा उनी आत्तिएका थिए तथा उनी यस संसारचक्रदेखि मास्तिर उठेर एकरस वस्तुस्थितिको निम्ति व्याकुल भइरहेका थिए ।

एकदिन उनी विचार गर्न थाले— त्यो कुनचाहिं वस्तु होला, जसको साक्षात्कार भएपछि जन्म-मृत्युको भुलभुलैयाबाट छुटकारा पाउन सकिन्छ र फेरि शोक-मोह आदि शत्रुले पनि सताउन सक्दैनन्, सम्पूर्ण भोग-वासनाहरू शान्त हुनेछन् र एउटा सङ्कल्प पनि रहनेछैन । यो गरिसकें र यो गर्न बाँकी छ भन्ने कर्तव्यबुद्धि पनि जहाँ शान्त हुन्छ, त्यो पद मलाई कहिले मिल्ला ? संसारका प्राणी धेरै महत्त्वपूर्ण सम्झेर जसको प्राप्तिको निम्ति आफ्नो जीवन खपाइरहेछन्, तृष्णा तरङ्गिनीको भूमरीमा फनफनी घुमिरहेछन्, यस्ताको मोहबाट निस्केर कहिले म यस्तो स्थितिमा पुग्न सकुँला, जुन स्थितिमा मलाई सम्पूर्ण संसार बाललीला झैं लाग्न थालोस् ? आज जुन मन संसारको पिङमा झुल्दै कहिले डराउँछ ,कहिले रुन्छ, कहिले हाँस्छ, कहिले मूछित हुन्छ, त्यो धीर-गम्भीर र स्थिर कहिले होला ? त्यो शुभ-घडी कहिले आउला, जब म संसारको निम्ति सुतेको हुनेछु र त्यस अन्तरात्मामा मेरो अनन्त जागरण होला, जसमा सुषुप्तिको कल्पनाको निमित्त स्थान नै छैन । म जे देख्नेछु, त्यो चिन्मय हुनेछ, मेरो दृष्टि चिन्मय हुनेछ, म स्वयं नै चिन्मय हुन पुग्नेछु, म-तँ भन्ने भेद रहने छैन र सबै चिन्मय नै हुनेछन् । त्यो अनन्त प्रकाश जसमा कालको कला मात्र पनि हुँदैन, त्यसमा स्थित भएपछि त्यो समय कस्तो शान्तिको होला ! न इच्छा हुनेछ, न अनिच्छा ! यो शरीर यसै गुफामा पाषाण खण्ड झैं लडिरहनेछ, अन्तः करण परमात्मासँग एक हुनेछ, त्यस समयमा यी सुन्दर पक्षी मेरो शिरमा आफ्नो घर बनाएर फुल पार्नेछन्, तिनका बचराहरू मेरो शिरमाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खेल्नेछन् र म निर्विकल्प समाधिमा स्थित होउँला ।' यसप्रकार विचार गर्दा-गर्दै उनको मन शान्त हुन्छ र कहिले फेरि चञ्चल भएर विषयहरूतर्फ दगुर्न थाल्छ । कहिले निद्रा लाग्छ, कहिले लय हुन्छ, कहिले तन्द्राले घेर्छ, कहिले मनमनै सुन्दर पर्वत र वनहरूको भ्रमण गर्न थाल्छ र जब सहसा ठेस लाग्छ त सम्झन्छन् र आफ्नो मनको गति देखेर आश्चर्य र पश्चात्ताप गर्छन् । तर यतिले उनले साहस तोडेनन् र न निराश नै भए। बरु अझ धेरै साहस बढ्यो, किनभने सच्चा साधकहरूको यो प्रकृति हुन्छ कि उसलाई जतिसुकै विघ्न-बाधाले रोके पनि तिनीहरू उत्ति नै बढ्ता साहसपूर्वक साधन गर्छन् ।

यस प्रकार एकदिन उनी आफ्ना त्यस सुन्दर गुफामा पवित्र भावले पद्मासन कसी बसे र सबभन्दा पहिले उनले ब्रह्मादेखि लिएर आफ्ना गुरुसम्मको परम्पराको स्मरण गरेर नमस्कार गरे । तब निर्विकल्प समाधिको निश्चय गरेर उनी आफ्नो चित्तलाई सम्झाउँदै आफ्नो मनसँग भन्न थाले– 'ए मूर्ख मन ! संसारका विधि व्यवहारहरूसँग के प्रयोजन ? जसलाई तँ आकर्षक सम्झेर उसतर्फ दौडिरहेछस्, तीं दुःखका भण्डार हुन् । तिनमा शान्ति छैन । तँ कल्पवृक्षको छायामा उत्पन्न भएको छस्, त्यसलाई छाडेर विषवृक्षहरूतिर किन दौडिरहेछस् ? चाहे तँ पातालमा जा, चाहे ब्रह्मलोकमा जा, आफ्नो मूलको पत्तो नलगाईकन तँलाई शान्ति-सुधा एक थोपा पनि मिल्दैन । तेरो आशा नै त तेरो दुःखको कारण हो । तँ मोहान्ध भएर यी विषयहरूको निम्ति लोक-लोकान्तर र जन्म-जन्मान्तरमा भौतारिइरहेछस्, तर जसमा सुख र शान्ति छ तथा जो परमानन्द-स्वरूप छ, त्यस समाधिको निम्ति तैंले किञ्चित् पनि चेष्टा गरिनस् । तँ श्रोत्रको रूप धारण गरेर मीठा शब्दहरूको निम्ति, त्वचाको आश्रय लिएर कोमल स्पर्शहरूको निम्ति, नेत्रहरूको आश्रय लिएर सुन्दर रूपहरूको निम्ति, घ्राणको आश्रय लिएर मनमोहक गन्धहरूको निम्ति तथा रसनाको आश्रय लिएर रसका निम्ति क्रमशः मृग, हात्ती, पुतली, भमरा, र माछाले झैं आफ्नो हानि-लाभलाई बिर्सेको छस् तथा जानी-बुझीकन तँ बन्धलाई नै मन पराइरहेछस् । तेरा वासनाहरू नै तेरा बन्धनका हेतु हुन् । मन! तँ वासनाहरूको आवरणलाई छिन्न-भिन्न गरिदे । यदि यस्तो गरिनस् भने जन्म र मृत्युको चक्रमा अज्ञात कालको लागि धूलो-पीठो भइरहनेछस् । तँ मेरो कुरा सुनिरहेको छैनस् । तेरो विनाश अवश्य नै हुनेछ । विचारद्वारा स्वतः तेरो उच्छेद हुनेछ । अज्ञानको बन्धन अलिकता खुकुलो त हुन दे, तब हेरौंला–तेरो अस्तित्व कहाँ हुन्छ ! अरे चित्त ! तँ विनाशी छस्, असत् छस्, मिथ्या छस् । तँलाई उपदेश गर्ने केही आवश्यकता छैन । जब तँ उपदेश-ग्रहण गर्दै गर्दैनस्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब तँलाई उपदेश दिनु नै व्यर्थ हुनेछ। तेरो त्याग नै हुनुपर्ने हो। म त निर्विकल्प चित्स्वरूप हुँ। ममा न अहङ्कार छ, न वासना। हे चित्त! तँ नै अहङ्कारको बीज होस्। तँसँग मेरो केही सम्बन्ध नै छैन। यो देह म हुँ भन्ने तेरो विचार कति मूर्खता पूर्ण छ। म त अनन्त, अपरिच्छिन्न, एकरस परम तत्त्व हुँ। म चित्त वा शरीरभित्र सीमित कसरी हुन सक्छु? ए चित्त! तैं लेत वासनाहरूलाई अँगालिस्, तर मैले तँलाई र तेरावासना-हरूलाई त्यागिदिएँ। म शरीर हुँ भन्ने यो कस्तो अज्ञान हो! मैले पादाङ्गुष्ठदेखि लिएर शिखासम्म खोजिसकेको छु, तर अहं नाउँको कुनै पदार्थ पाइनँ। म समस्त वस्तु-हरूको अधिष्ठान चेतन हुँ। मेरो न कुनै सीमा छ, न नाउँ छ। म न एक छु, न दुइ। म न ठूलो छु, न अणु। यस शरीरमा यो मासु छ, यो अस्थि छ, रक्त छ, यो प्राणवायु छ। यसमा अहं के हो? शरीरमा प्राणको शक्ति छ, परमात्माको ज्ञान छ, शरीरको घट्नु-बढ्नु छ, फेरि अहं के वस्तु हो? अहङ्कार एक भ्रम हो। यसले आफ्नो स्वरूपलाई ममको रूपमा ग्रहण गरेको छ। वर्तमान समयमा जसलाई घट भन्छौं, त्यो अनादिपूर्वकालसा जस्तो माटोमा स्थित थियो, त्यस्तै नै आज पनि छ र पछि पनि हुनेछ। जस्तै जल तरङ्ग उठ्नुभन्दा अघि जलरूपमा स्थित थियो र पछि पनि रहनेछ, त्यस्तै नै यो शरीर पनि ब्रह्ममा नै थियो र पछि पनि रहनेछ। ब्रह्मको अतिरिक्त परमार्थसँग जगत्को कुनै अस्तित्व छैन। यसमा भिन्न र बाहिरको भेद पनि कल्पित नै हो, स्वप्नको अन्तर पनि बाहिर नै हो। मृगतृष्णाको जलको माछो आफ्नो लम्बाइ-चौडाइ, फस्नु-छुट्नुलाई मृगतृष्णा-भन्दा पृथक् गर्न सक्दैन। यसप्रकार यो जुन प्रतीत भइरहेछ, त्यो ब्रह्मभन्दा पृथक् छैन।

मनोनाश वासनाक्षय परस्पर-सापेक्ष छन् र तत्त्वज्ञान यिनको प्रतिष्ठा हो। यदि तत्त्वज्ञानको आनन्द प्राप्त गर्नु छ भने मनोनाश गर्नै पर्छ। ज्ञानको रक्षा, उसमा स्थिति, तपस्या, दुःखनाश र जीवन्मुक्ति-सुखको प्राप्तिको निम्ति मनोनाश गर्नै पर्छ। मनोनाशको स्वरूप क्या हो? मनको अस्तित्वको बाध नै उसको नाश हो। म शरीर होइन, मन होइन। मेरो न कर्तृत्व छ न भोक्तृत्व छ। यस प्रकारको दृढ विचारद्वारा मनको निम्ति जब कुनै प्राप्तव्य नै रहँदैन, तब त्यो मूलहीन र शाखाहीन भएर निर्वाण हुन जान्छ। हे मन! यो एक भ्रम हो कि तँ निर्वाण होइनस्, वास्तवमा तँ निर्वाणस्वरूप नै होस्। तर भ्रमवश तँ आफूलाई यस्तो सम्झँदैनस् भने त आ, निर्वाणमा तँ स्थित भएस्– म स्वयं निर्वाणस्वरूप हुँ'– यस्तो विचार गरेर उनले निश्चय गरे – मनलाई निर्वाणमा स्थित गर्नै पर्छ। पद्मासन बाधिएको नै थियो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेत्र आधा खुलेको थियो। उनी ॐकारको उच्चारण गर्न थाले। ॐकारको दीर्घ घण्टानादसमान तालस्वरबाट उच्चारण गर्दा-गर्दा त्यो ध्वनि उनको मूर्धालाई स्पर्श गर्न थाल्यो र उनको सुप्त-चेतना जाग्रत् भएर आकाश झैं निर्मल रूपले फैलियो। ॐकारको साढे तीन मात्राहरूमध्ये जब उनले प्रथम मात्राको चिन्तन गरे र साथै त्यसको अन्तर्ध्वनिका साथ रेचक प्राणायाम गरे, तब सारा शरीर प्राणवायुले रहित भयो र उनको प्राणवायु चिद्‌रसपूर्ण आकाशमा स्थित भयो। अन्तः स्थित अग्निले प्रज्वलित भएर उनको पापपुण्यमय शरीरलाई डढाइदियो र उनले भावनाद्वारा नै प्रणवको दोस्रो मात्राको चिन्तन गर्दै निष्कम्प कुम्भक प्राणायामद्वारा प्राणहरूलाई स्तम्भित गरिदिए। बाहिर-भित्र, तल-माथि, दिशा-विदिशा– कहीं पनि उनको प्राण क्षुब्ध थिएन। पापपुण्यमय शरीरलाई भस्म गर्ने अग्नि शान्त भयो, उनको शरीरको हिउँजस्तो श्वेतवर्ण भस्म अवशेष रह्यो। त्यससमय उनको भावनाले गर्दा उनको शरीरको हाडहरू कपूरचूर्णको शय्यामाथि शयन गरिरहेका देखिए। बिस्तार-बिस्तार त्यो भस्म र अवशिष्ट हाडहरू पनि विलीन भए र उनले प्रणवको तेस्रो मात्राको चिन्तन गर्दै पूरक प्राणायाम गरे। यस्तो अनुभव भयो– मानो उनको प्राण-चेतनाको सुधाधारामा डुब्यो। अत्यन्त शीतलताको अनुभव गरेर उनको प्राणवायुले चन्द्रमण्डलको स्वरूप धारण गर्‍यो। त्यो चन्द्रमण्डल अमृतको समुद्र हो। त्यसवेला मानो धर्ममेघ-समाधि नै लागेको हो कि ! उनको त्यो आनन्दमेघ अवस्थाबाट अमृतका अनेकौं धाराहरू प्रवाहित हुन थाले। त्यस अमृतधाराको संयोगबाट त्यो भस्म चन्द्रमा झैं सुन्दर र चतुर्बाहु रूपमा प्रकट भयो। सुन्दर शरीर, प्रफुल्ल कमलजस्ता आँखाहरू मानो साक्षात् नारायण नै मूर्तिमान् हुन गए। अमृत-धाराद्वारा आप्लावित प्राणहरूले उनको शरीरमा प्रवेश गरे र चक्रहरूमा विस्तृत कुण्डलिनीलाई परिपूर्ण गरिदिए। महात्माजीको यो भावनामय दिव्य शरीर समाधि लगाउने योग्यताले युक्त भएर अत्यन्त दृढ भावले स्थित भयो (योगशास्त्रमा अफ्नो शरीरलाई दिव्य बनाउने यस क्रियाको नाउँ भूतशुद्धि भनिएको छ।)

पद्मासन बाँधिएको थियो र नेत्र आधा खुलेको थियो। उनले इन्द्रियहरूलाई तिनको गोलकहरूमा स्थापित गरे। भूत-भविष्य तथा टाढा-निजीकका वस्तुहरूमा दौडने चित्तलाई हृदयमा स्थित गरी प्राण र अपानलाई सम गरेर सुषुम्णालाई सञ्चालित गरे। इन्द्रियहरूलाई इन्द्रियहरूको विषयहरूबाट पृथक् पारी बाह्य र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आन्तर संस्पर्शहरूलाई विलीन गरिदिए । केही समयसम्म त सङ्कल्प उठ्दै गर्‍यो, तर उनले बिस्तार-बिस्तार सबलाई नष्ट गरिदिए । विकल्पहरू क्षीण हुनासाथ उनको हृदयाकाशमा घना अन्धकारको उदय भयो र उनको विवेकशक्ति लुप्तजस्तै हुन थाल्यो, तर त्यसमा पनि उनी जाग्रत् र सावधान रहे । त्यस अन्धकारको पनि भित्र रहने सूर्यले त्यसलाई छिन्नभिन्न गरिदिए तथा जसरी प्रातःकाल विस्तार-विस्तार अन्धकारको नाश भएर सूर्यको उदय हुन्छ, त्यसरी नै एक अत्यन्त रमणीय तेजःपुञ्ज उनको सामुन्ने प्रकट भयो । यद्यपि यो तेजःपुञ्ज अपार थियो, तथापि उनको अनन्त स्वरूपमा जसको उनलाई बोध थियो– यस तेजको कुनै महत्ता थिएन । त्यसकारण त्यसको स्मरण हुनासाथ त्यो तेजः पुञ्ज सत्त्वहीन भयो र उनको मन निर्विषय भएर लयमा प्राप्त भयो, तर यो लय वाञ्छनीय अवस्था होइन । उनले मनलाई यसद्वारा जगाए, जाग्नेबित्तिकै मनको सामुन्ने बृहत् आकाश उपस्थित भयो । त्यही शून्यमा नै त सबै कुरा फैलिएको छ । यस आकाशको बाध गर्नासाथ पहिले निद्राजस्तो जड-समाधि र त्यसपछि केही अनवधान जस्तो अवस्था प्राप्त भयो, तर महात्माजी यस प्राकृत जडताको पन र शिथिल दुवै अवस्थाहरूलाई पार गरेर एक क्षणको निम्ति चित्स्वरूपमा स्थित भए र अर्को क्षणमै त्यो स्थिति गइहाल्यो । बराबर त्यसमा आरूढ भइरहनाले त्यसको रस मिल्यो र आस्वादन गर्ने रसमय भयो । यो चिन्मयता वा रसमयता नै सविकल्प समाधि हो । तर यो विशुद्ध रसस्वरूप भने होइन, किनभने यसमा सूक्ष्म रूपले त्रिपुटि बनिरहन्छ । यसको परिपाकले चित्त चेतन हुन जान्छ । जसरी मानौं तरङ्ग फेनादिले रहित अत्यन्त शान्त महासागर छ, जसमा बाहिर-भित्र, स्थूल-सूक्ष्म, आदि-अनादिको भेद गर्न सकिँदैन, त्यो परम पनि त्यस्तै हो, जसमा त्रिपीटीको लेश मात्र पनि रहँदैन, त्यही निर्विकल्प समाधि हो, स्वरूपबोध र स्वरूपस्थितिको यही एकत्व हो । आज महात्माजी यस शुद्ध विज्ञानस्वरूप चिदाकाशमा स्थित भएर आनन्दस्वरूप हुन पुगे र भेदवर्जित सत्तासामान्यको रूपमा स्थित हुन गए, यही योगको पराकाष्ठा हो ।

महात्माजीले यस पदमा स्थित हुने क्रममा बडो धैर्यसाथ धेरै नै विघ्न बाधाहरूको सामना गरे, यस्ता-यस्ता सिद्धि भए–सिद्धिहरू उनको अगाडि आए, जो इन्द्र, सूर्य, ब्रह्मादिका पद उनलाई दिनलाई धेरै नै प्रार्थनाहरू गर्दथे, अप्सराहरू उनलाई घेरेर खडा रहन्थे, तर गम्भीर र विचारशील पुरुष जसरी बच्चाको खेलौना देखेर त्यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिन वा भोग्न चाहँदैनन् त्यस्तै नै ती सिद्धिहरूले उनको चित्त अणुमात्र पनि विचलित भएन । जुन आनन्द-मन्दिरमा उनी निवास गर्दथे, जुन आनन्द-सरोवरमा उनी क्रीडा गर्दथे, त्यसको सामु ब्रह्मलोकको आनन्द पनि त्यस्तै थियो, जस्तो महासमुद्रमा तृण । उनी आनन्दका आस्वादक थिएनन्, बरु त्यस आनन्दबाट अतीत पदमा थिए, जसमा एक क्षणको लागि स्थित भएपछि कुनै वस्तुको सत्ता वा महत्ता त्यसको अतिरिक्त रहँदै-रहँदैन, अनि दृश्य आउनु नै कहाँबाट ? र तिनमा कोही प्रलोभित हुनु कसरी ? उनको यो समाधि ६ महिनासम्म लागिरह्यो । जब उनका आँखा खुले, तब उनले देखे—वसिष्ठ आदि ठूला-ठूला मुनिगण तथा इन्द्रादि देवता हात जोडेर सामुन्ने खडा छन् र बडो नम्रताले उनलाई प्रणाम गरेर प्रार्थना गरिरहेछन्— 'हे भगवान् ! तपाईं कृपादृष्टि दिएर हामीलाई कृतार्थ गरिदिनुहवस् । अर्कोतिर अप्सराहरू थिए, उनीहरूले आफ्नो सेवा स्वीकार गर्न विशेष रूपले प्रार्थना गरे । महात्माजी सबैलाई अतिथि-सत्कार गरेर 'अब तपाईहरू जान सक्नुहुन्छ' भन्दै आफ्नै ध्यानमा लागे ! न तिनीहरूका कुनै कुरा नै स्वीकार गरे, न तिनको त्याग गर्ने आग्रह नै गरे । तिनीहरू सबै केही दिनसम्म उनको सेवा गरी आ-आफ्नो ठाउँमा फर्के ।

यसपछि उनी यथाप्रारब्ध कहिले जङ्गलमा र कहिले ऋष्याश्रमहरूमा, कहिले गाउँहरूमा—नगरहरूमा भ्रमण गर्न लागेका देखिए । उनको सहज समाधि कहिले महीनौंमा भङ्ग हुन्थ्यो, त कहिले वर्षौंमा । कहिले उनी समाधिस्थ देखिन्थे त कहिले व्यवहारमा लागेका । उनका यी सब क्रिया संसारको निम्ति त्यस्तै थिए, जस्तो बालकको निम्ति आमाको । ती सब एक सामान्य सत्ता थिए । पछि गएर उनको स्थिति यस्तो भयो कि अरूहरूको प्रेरणाद्वारा मात्र उनी केही गर्दथे । उनको उठ्नु, बस्नु, हिंड्नु, घुम्नु, सुत्नु-बिउँझनु सब अरूहरूको प्रेरणाद्वारा नै हुन्थ्यो । फेरि केही दिनपछि उनको यस्तो स्थिति भयो कि परप्रेरणाको पनि उनमाथि कुनै प्रभाव पर्दैनथ्यो । एकपटक उनको आसन बाँधियो, प्राण सम भए, मन शून्य भयो र उनी सदाको निम्ति विदेहमुक्तिमा स्थित भए । मानिसको दृष्टिमा उनको जुन शरीर थियो त्यो ढल्यो र केही दिनपछि त्यहाँ हाडखोर मात्र बाँकी रहे । जुन शरीरबाट उनलाई संसार देखदथ्यो, त्यो शरीर त अवश्य नै थिएन, तर उनको जुन वास्तविक स्वरूप छ, त्यो आज पनि छ, भोलि पनि रहनेछ, इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यससम्बन्धी उपाख्यानमा साधनका अवस्थाहरूको भूमिका र अनुभवका क्रियात्मक दिग्दर्शन अति सुन्दर तथा यथार्थ रूपमा भएको छ । साधकहरूले लाभ उठाऊन् ।

परम-धर्मअन्तर्गत **उपासना** र **ध्यान** तथा उपासनाअन्तंगत **भक्ति र अष्टाङ्गयोग**मध्यबाट भक्तियोगको वर्णन पहिले नै समाप्त भइसकेको थियो । अब यहाँ अष्टाङ्गयोगको वर्णन पनि समाप्त हुन्छ । अब ज्ञानयोग हिन्दूदर्शन वा अद्वैत वेदान्त-विचार आरम्भ हुन्छ । इति शुभम् ।

यस्य देवे परा भक्तिर्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ॥

जसको देवमा परा भक्ति छ र जस्तो, देवमा छ त्यस्तै नै गुरुमा हुन्छ, त्यसै महात्माको विषयमा माथि जे भनिएको छ, त्यसको अर्थ प्रकाशित हुन्छ । इति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम धर्म–अद्वैत हिन्दूदर्शन अथवा ज्ञानयोग

प्रारम्भिक चर्चा– अब परम धर्मको दोस्रो भाग ज्ञानयोगको विषयमा विचार आरम्भ गरिन्छ ।

एक पटक बाल भक्तहरूका अगुवा प्रह्लादले असुर बालकहरूलाई उपदेश दिएका थिए– **दुर्लभं मानुषं जन्म तदप्यध्रुवमर्थदम्,** अर्थात् यस संसारमा मनुष्यजन्म दुर्लभ छ । यसद्वारा अविनाशी परमात्माको प्राप्ति हुन्छ, तर थाहा छैन कहिले यसको अन्त हुन्छ । श्रीमद्भागवत्को यसै श्लोकको अनुसरण गरेर आचार्य भगवत्पादले विवेक-चूडा-मणिमा भनेका छन्–

जन्तूनां नरजन्म दुर्लभमतः पुंस्त्वं ततो विप्रता
तस्माद् वैदिकधर्ममार्गपरता विद्वत्त्वमस्मात् परम् ।
आत्मानात्मविवेचनं स्वनुभवो ब्रह्मात्मना संस्थिति
मुक्तिर्नो शतकोटिजन्मसु कृतैः पुण्यैर्विना लभ्यते ।।

जीवहरूलाई पहिले त मानवदेह नै दुर्लभ छ, त्यसमा पनि पुरुषत्व र त्यसमा पनि ब्राह्मणत्व पाउनु अझ गाह्रो हुन्छ, ब्राह्मण भएर वैदिक धर्मको अनुगामी हुनु र त्यसमा पनि विद्वत्ता हुनु कठिन हुन्छ । त्यसमा पनि आत्मा-अनात्माको विवेक, सम्यक् अनुभव, ब्रह्ममा आत्मभावको स्थिति र मुक्ति त करोडौं जन्ममा उपार्जित पुण्य-कर्म-हरूको फल नभई प्राप्त हुनै सक्तैन । तब न शास्त्रकारहरूले भनेका छन्–

एतद्धि जन्मसामग्र्यं ब्राह्मणस्य विशेषतः ।
प्राप्यैतत् कृतकृत्यो हि द्विजो भवति नाऽन्यथा ।।

प्राचीन हिन्दूशास्त्र– केवल हिन्दूशास्त्रमा मात्र होइन, अन्यान्य देशका धर्मशास्त्रमा समेत अन्य प्राणीहरूको देहको अपेक्षा मानवदेह बढी उत्कृष्ट मानिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । भगवान् शंकराचार्यले मनुष्यत्व, मुमुक्षुत्व तथा महापुरुष-संश्रय– यी तीनैलाई अति दुर्लभ पदार्थको रूपमा वर्णन गरेका छन् । यो कुरा भनिरहनु आवश्यक छैन– यी तीन मध्ये पनि मनुष्यत्व नै प्रधान छ, किनभने मनुष्यदेहको प्राप्ति नभईकन मुक्तिको इच्छा तथा महापुरुष वा सद्गुरुको आश्रय प्राप्त गर्नु सम्भव छैन । चौरासी लाख योनिहरूको पश्चात् प्राकृतिक विधानद्वारा सौभाग्यवश मनुष्यदेहको प्राप्ति हुन्छ । यी चौरासी लाख योनिहरू– (स्थावर-जंगम)- मा सबै समाविष्ट छन् । स्वेदज, उद्भिज तथा जरायुज– यी त्रिविध प्राणीहरूमध्ये जरायुज श्रेष्ठ छ तथा जरायुजमा श्रेष्ठ मनुष्य छ । चौरासी लाख योनिहरूमा जुन क्रमविकासको धारा देखापर्छ, त्यो केवल प्राकृतिक क्रमको अवलम्बन गरेर कालराज्यमा अभिव्यक्त हुन्छ । यी सबै योनिहरूमा ज्ञानगत एवं शक्तिगत जुन तारतम्य देखिन्छ, त्यसको मूलमा कर्मगत वैचित्र्य छैन । त्यो केवल प्राकृतिक व्यापार हो । एउटै शरीरमा जसरी क्रमशः बाल्य, यौवन तथा वृद्धावस्थाको विकास हुन्छ, त्यसै प्रकार एउटा मूल जीवनधारामा क्रमशः निम्नकोटिका जीवदेखि आरम्भ भएर बढी-बढी उत्कृष्ट जीव-जातिको अभिव्यक्ति हुने गर्छ । यस आरोहक्रममा प्रकृतिको स्वाभाविक विवर्तन नै एकमात्र नियामक हुन्छ । जुन नियममा अव्यक्त सत्ता कुनै निर्दिष्ट क्रमको प्रवाहमा अभिव्यक्तितर्फ अग्रसर हुन्छ,त्यस नियममा आदि-जीवस्पन्द प्रकृतिको सहयोगले क्रमशः आधारको क्रम-विकासमूलक आफ्नो क्रमविकासको मार्गमा विस्तार-विस्तार अग्रसर हुन्छ । एउटा विचित्र शक्ति प्रकृतिमा निहित रहन्छ र विशिष्ट शरीरमा यथासमय यी सब शक्तिहरूको विकास हुन्छ ।

अन्नमय कोषको विकास पहिले हुन्छ । यस विकासद्वारा नै असंख्य जीव-योनिहरूको अतिक्रमण संघटित हुन्छ । क्रमशः अन्नमय कोषमा प्राणशक्तिको अधिकाधिक विकासको फलस्वरूप अन्नमय कोषको पुष्टताको साथसाथ प्राणमय कोषको पनि विकास हुँदै जान्छ । प्राणमय कोषको विकासको फलस्वरूप क्रमशः अति जटिल प्राण-चक्रहरूको अभिव्यक्ति हुन्छ । यो प्रसिद्ध छ– आत्मसंवित् पहिले प्राणमा परिणत भएर शरीरभित्र व्यापक भावले क्रिया गर्छ । यो प्राणशक्तिको क्रिया विभिन्न श्रेणीहरूमा विभक्त हुन्छ, तर यी समस्त शक्तिहरूको संचालनको लागि विभिन्न मार्ग आवश्यक छन् । यी सबै मार्गहरूलाई नाडी वा शिरा भन्छन् । अभिव्यक्तिका नियमअनुसार जसरी प्राणशक्तिका विभिन्न स्तर छन्, त्यसै प्रकार यी नाडीहरूका पनि अलग्ग-अलग्ग स्तर छन् । नाडीचक्रको यस जटिलताको वृद्धि क्रमशः प्राणशक्तिको विकासको साथसाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। पछि यस्तो समय आउँछ, जब प्राणमय कोष मनोमय कोषमा परिणत हुन जान्छ। यो परिणतिको बेलामा शरीरको आमूल परिवर्तन घटित हुन्छ, किनभने त्यसैबेला केवल प्राणशक्तिको संचालनको मार्गको अतिरिक्त मनोमय शक्तिको संचालनको मार्ग पनि प्रकाशित हुन थाल्छ। यसलाई मनोवहा नाडी भन्छन्। जसरी प्राणवहा नाडी अनेक प्रकारका हुन्छन्, त्यसै गरी मनोवहा नाडी त्यसभन्दा बढी विचित्रताले युक्त हुन्छ।

मनोमय कोषको अभिव्यक्ति तथा मनुष्य-शरीरको अभिव्यक्ति समकालमा संपादित हुन्छन्। अतएव प्राणमय कोषको पूर्ण विकास तथा मनोमय कोषको पूर्वाभास लिएर नै चौरासी लाख योनिहरूको परिसमाप्ति हुन्छ। मनोमय कोषको विकास तथा मनुष्यदेहको उद्भव एउटै कुरा हो। चौरासी लाख योनिहरूको अन्तमा तथा पशुहरूमा मानवोचित वृत्तिहरूको केही-केही पूर्वाभास देख्न पाइन्छ। यी सबै वृत्ति मानसिक वृत्तिहरूको रूपमा नै प्रतीत हुन्छन्, तर यी मनका आभास मात्र हुन्। वास्तविक मन त्यस समयमा पनि अवगत हुँदैन। एकमात्र मनुष्यदेहमा नै यथार्थ मनोमय कोषको स्थिति एवं क्रिया सम्भव छ। मनुष्यदेहमा विचार र विवेकका शक्ति क्रमशः प्रस्फुटित हुन्छन्। शुभ एवं अशुभ, सत् एवं असत्– यी दुवैको विचारपूर्वक विवेचना गर्ने सामर्थ्य मनुष्यमा मात्र संभव छ। मनुष्यदेहमा मनको अभिव्यक्तिको साथसाथै अहंमति वा अभिमानको उद्भव एवं विकास घटित हुन्छ। मनुष्य बाहेक अन्य पशुयोनिहरूमा यो अभिमान स्पष्ट रूपले उदित हुँदैन। यस अभिमानद्वारा व्यक्तित्वबोधको सूत्रपात हुन्छ तथा म र तँ यी दुवै भावहरूका बीच भेदज्ञानको आविर्भाव संभव हुन्छ। यो अभिमान क्रियमाण कर्म तथा उपभुज्यमान फल दुवैतर्फ समभावले वृद्धि प्राप्त गर्छ, अर्थात् एकातिर जसरी कर्तृत्वाभिमान उत्पन्न भएर आफूलाई कर्ताको रूपमा परिचित गराउँछ, अर्कोतिर त्यसै गरी भोक्तृत्वाभिमानको प्रभावले सुख-दुःखको भोक्ताको रूपमा परिचित गराउँछ। कर्म गर्नु र गरेको कर्मको फल भोग्नु– यी दुवैका मूलमा शरीरको साथमा तादात्म्यबोध निहित रहन्छ। यो तादात्म्यबोध अविवेकद्वारा उत्पन्न भएको हो र यही जसरी एकातिर कर्मानुष्ठानमा प्रवृत्तिको हेतु छ, त्यसै गरी अर्कोतिर कर्मफल-भोगको हेतु छ। यही नै सांसारिक जीवनको वैशिष्टय (विशेषता) हो।

यसबाट यो थाहा हुन्छ– जीव मनुष्यदेहमा प्रकट भएपछि संसारी बनेर आ-आफ्नो संस्कार अनुसार प्रकृतिको राज्यमा शुभाशुभ कर्म गरिन्छ र त्यसको फल भोग्नको लागि कर्मानुसार शरीरको ग्रहण गर्न बाध्य भएर लोक-लोकान्तरमा अनुरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरहरूमा जन्म ग्रहण गर्दै रहन्छ । शुभ कर्महरूको फलस्वरूप ऊर्ध्वलोकमा गति हुन्छ; अशुभ कर्मको फलस्वरूप अधोलोकमा गति हुन्छ र पशु आदि निम्न योनिहरूमा पतित हुन्छ । साधारणतः मिश्र कर्मको फलद्वारा जीव पुनः मनुष्य-शरीरमा नै फर्केर आउँछ ।

संझनुपर्ने कुरा के छ भने मनुष्यले निम्न स्तरका पशु-पक्षी आदि जुनसुकै शरीर ग्रहण गरे पनि उ त्यस शरीरमा लामो समयसम्म बस्दैन । कर्मफल-भोग पूरा हुनासाथ पुनः मनुष्य-शरीरमा फर्केर आउँछ । आरोहक्रममा जो जीव पशु-पंछीको शरीरमा जन्म लिन्छन्, तिनीहरूले मनुष्य शरीरमा साधारणतया निर्दिष्ट क्रमलाई पार गरेर आउनुपर्छ, तर अवरोह क्रममा यस्तो हुँदैन, किनभने अवरोहक्रममा जुन जन्म हुन्छ, त्यो केवल कर्मफलभोगको लागि मात्र हुन्छ । भोग पूरा भएपछि त्यो जीव पुनः मनुष्यदेहमा फर्केर आउँछ । जो कर्मवादी छन्, उनको लागि पशु-पक्षी आदिको शरीरबाट पुनः मनुष्य-शरीरमा आउनु जागतिक अचिन्त्य शक्ति- (ईश्वरीय नियम) माथि निर्भर हुन्छ ।

जुन अभावलाई लिएर जीवले मनुष्य-शरीरमा जन्म लिन्छ, त्यो भोगको साथसाथ भोगाकांक्षाको वृद्धिको फलस्वरूप क्रमशः बढ्दै जान्छ । अनेक जन्म विते-पछि एउटा यस्तो समय आउँछ, जब भोगाकांक्षा क्रमशः शिथिल हुँदै जान्छन्, किनभने अनन्त प्रकारका भोग्य वस्तुहरूको अनन्त प्रकारले भोग गरेर पनि भोगाकांक्षा शान्त हुँदैन तब ग्लानि उत्पन्न हुन्छ र अस्फुट रूपमा निर्वेद एवं वैराग्यको भाव जाग्रत भइ-रहन्छ । तब गतिको वेग प्रवृत्तितर्फ घट्न थाल्दछ र चित्तनिवृत्ति भावको आश्रय लिएर क्रमशः अन्तर्मुख हुने इच्छा गर्छ । यस्तो अवस्था कसको र कहिले हुन्छ भन्नु गान्हो छ तर जब यो हुनेछ, त्यसै बेलादेखि उसको अभिनव जीवनको सूत्रपात हुनेछ- यही बुझ्नुपर्छ । त्यस समयमा जीवलाई यो आभास हुन्छ— यस विश्वको भित्र तथा बाहिर एउटा महा-शक्तिले कार्य गरिरहेको छ । त्यो प्रकृति हो । त्यसका गुणहरूद्वारा संसारका संपूर्ण कार्यहरू भइरहेका छन् । जीव यस प्रकृतिको जालमा बाँधिएर अविवेकवश ठान्दछ- कार्यको कर्ता उ आफैं हो । मूर्ख जीव आफ्नो सामर्थ्यले कुनै कर्म गर्न सक्तैन, तर प्रकृति-द्वारा गरिएका कर्महरूलाई भ्रमवश आफ्नो कर्म ठान्न लाग्छ । त्यसैको फलस्वरूप उस-ले संसारी बनेर नाना प्रकारका सुख-दुःख भोग्नुपर्छ । आभासरूपले यो ज्ञान-वैराग्य कसै-कसैभित्र साथसाथ जाग्दछ, तब जीव यो कुरा बुझ्न सक्छ— जुन आनन्दको खोजमा उ यो विराट् विश्वमा जन्म-जन्मान्तरदेखि भट्कँदै आइरहेछ, त्यो आनन्द उसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिर कुनै शरीरमा अथवा लोक-लोकान्तरमा उपलब्ध छैन । त्यो आनन्द कहाँ छ ? उसलाई थाहा हुँदैन । अस्फुट रूपले उसको हृदयमा यो आनन्दको संसार प्रस्फुटन भएर आउँछ र उ यो पनि थाहा पाउँछ– यो ध्रुवसत्य हो; तर त्यो प्राप्त गर्नको लागि कुन बाटो समातेर कसरी अग्रसर हुने ? यो उसको सोचाइमा आउँदैन । दिनहुँ व्याकुलता बढ्दै जान्छ तथा वैराग्य पनि तीव्र हुँदै जान्छ साथै यो अखण्ड विश्वमा उ आफ्नो दक्षताको अनुभव पनि गर्छ, तर जबसम्म मार्गको सन्धान पाउँदैन, तबसम्म उ अग्रसर हुन सक्तैन ।

जसरी चौरासी लाख योनिपछि हुने मनुष्य-शरीरको प्राप्ति दुर्लभ छ, त्यसैगरी करोडौं जन्महरूका कर्मफलभोगेपछि वैराग्यको उदय एवम् आनन्दरूप आफ्नो आत्मालाई चिनेर मायाजालबाट मुक्त हुने आकांक्षा आउनु पनि दुर्लभ छ । यो आकांक्षा नै मुमुक्षा हो ।

यसपछि भगवान् शंकराचार्यले महापुरुषको आश्रयको कुरा बताएका छन् । ती महापुरुष नै सद्गुरु हुन् र भ्रान्त जीवलाई आफ्नो ठाउँमा फर्काएर आफ्नो रूपमा प्रतिष्ठित गराउने अधिकारी हुन् । आचार्यले सद्गुरु-प्राप्तिलाई अत्यन्तै दुर्लभ मानेका छन् । सद्गुरु खोजेर फेला पर्दैन, तर कहिलेकाहीं आफ्नो कर्मको क्षयको लागि खोज आवश्यक हुन्छ । समय पूरा भएपछि सद्गुरु स्वयं नै मुमुक्षु जीवलाई दर्शन दिन्छन् । सद्गुरु वास्तवमा स्वयं श्रीभगवान् हुन् । उनको अनुग्रह-शक्ति नै गुरुपदवाच्य हो । उनको अनुग्रह भएपछि धेरै लामो बाटो पनि छोटो हुन सक्छ । यो याद राख्नुपर्ने कुरा छ– साधारणतया एउटा उपयुक्त आधारको अवलम्बन गरेर गुरुरूप श्रीभगवान्ले जीवको सामु आफ्नो अनुग्रह-शक्ति प्रकाशित गर्छन् । विभिन्न जीवहरूको अगाडि विभिन्न भावले यस शक्तिको प्रकाश हुन्छ । यो गुह्य रहस्य हो ।

गुरुको पहिलो कार्य हो– आश्रित शिष्यको दृष्टिको पर्दा उघारिदिनु तथा उसलाई सत्यको नढाकिएको स्वरूपको दर्शन गराउनु । जीवनको आत्मस्वरूप के हो, यो थाहा पाउनु आवश्यक छ, किनभने यही नै सत्यको यथार्थ स्वरूप हो । यो स्वरूप देखाइदिनु तथा जुन बाटो यस स्वरूपको उपलब्धितर्फ अग्रसर हुन्छ, त्यो बाटो देखाइदिनु गुरुको काम हो, तर त्यस बाटोमा हिंड्नु तथा क्रिया-कौशल, भावना अथवा संवेग-द्वारा त्यो बाटो पार गर्नु शिष्यको काम हो । मनुष्य-शरीर प्राप्त भएपछि पनि देह आदिको अभिमानले युक्त हुनाले उसको मनमा आफ्नो यथार्थ स्वरूपको विषयमा कुनै प्रश्नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उठ्दैन । लामो समयसम्म कर्मफल भोग गरेपछि अन्तमा अवसादग्रस्त भएर जब उ जीवनको निष्फलताको अनुभव गर्छ, तब वास्तवमा 'म को हुँ ?' भन्ने प्रश्नको उदय हुन्छ । गुरुको कृपाद्वारा संशय, भ्रम आदि हटेर प्रत्यक्षतः सोऽहंको रूपमा अर्थात् 'म नै त्यो परम पदार्थ हुँ' भन्ने रूपमा त्यस प्रश्नको उत्तर प्राप्त हुन्छ ।

मनुष्यदेह वास्तवमा समस्त विश्वको प्रतीक हो । जे–जति कुराहरू ब्रह्माण्डमा छन्, ती नै पिण्डमा छन् र जे-जति कुराहरू पिण्डमा छन् ती नै ब्रह्माण्डमा छन् । श्री कृष्णले अर्जुनलाई आफ्नो विश्वरूप देखाएका थिए, तर वास्तवमा संपूर्ण कुरा विश्वरूप छ । केवल आफ्नो स्वरूप बिर्सनाले मनुष्य आफूलाई विश्वरूपमा चिन्न सक्तैन । मनुष्य केवल विश्वरूप मात्र हो भन्ने कुरा होइन, उ त विश्वभन्दा पनि अतीत छ । मनुष्य विश्व पनि हो र विश्वातीत विशुद्ध प्रकाशस्वरूप पनि हो । यतिसम्म कि जुन देवता कर्मको सम्बन्धविना पनि आजान देवताको रूपमा सृष्टिको आदिदेखि प्रतिष्ठित छन्, ती पनि विशेष-विशेष अधिकारहरुद्वारा सम्पन्न हुनाले पूर्णत्वबाट बञ्चित छन् । अखण्ड ज्ञान, अखण्ड ऐश्वर्य, अखण्ड भाव– यी सबै मनुष्यदेहमा मात्र अवस्था विशेषमा व्यक्त हुन सक्छन् । मनुष्ययोनि बाहेक अन्य कुनै योनिमा पूर्णत्वको मार्गमाथि आरूढ हुनु संभव छैन । यसै कारण शास्त्रमा भनिएको छ– देवताहरू पनि मनुष्य-शरीरको स्तुति गर्ने गर्छन् ।

ब्राह्मी स्थिति–पूर्ण ज्ञान बुझ्न अज्ञानको स्वरूप बुझ्नु आवश्यक छ । जुन वस्तुको जुन स्वरूप छ, त्यसको त्यो स्वरूप ठीक-ठीक रूपमा चिन्नुको नाम नै ज्ञान हो। आत्माले यदि आफूलाई आत्माको स्वरूपमा चिन्न सक्यो अर्थात् यदि निज स्वरूपमा अहंको प्रतीत उत्पन्न भयो भने त्यसैलाई यथार्थ आत्मज्ञान मान्नुपर्दछ । जबसम्म आत्मा मायाले ढाकिएको हुन्छ, तबसम्म त्यो अनात्मालाई आत्माको रूपमा ग्रहण गर्न बाध्य हुन्छ । सर्वप्रथम यस स्थूल देहलाई नै आफ्नो स्वरूप ठान्दछ तथा यसैमाथि उसको अहंपना निहित रहन्छ । तदनन्तर स्थूल शरीरबाट अहंपनाको बोध हटेपछि पनि प्राण तथा बुद्धिमा अर्थात् सूक्ष्म सत्तामा अहंपनाको बोध बाँकी रहन्छ । यो हटाउन निकै समय लाग्छ । त्यसपछि प्राण तथा बुद्धिभन्दा पर शून्यमा उसको अहंपनाको बोध निमग्न हुन जान्छ । यसैप्रकार क्रमशः जाग्रत्, स्वप्न, तथा सुषुप्ति हुँदै जीव निरन्तर घुम्ने फिर्ने गर्छ। उ माया भन्दा बाहिर आफ्नो स्वरूप उपलब्ध गर्न सक्तैन । यही नै सांसारिक अवस्थाको संक्षिप्त विवरण हो । जब विवेक-ज्ञानको उदय हुन्छ तब आत्मा बुझ्न सक्छ–उ माया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा भिन्न तथा मायाको कार्यभूत त्रिविध देहभन्दा पनि भिन्न छ; मायिक सत्ता जड छ, तर उ शुद्ध चेतन हो। त्यसपछि जीवरूप आत्मा कर्म तथा माया दुवैबाट मुक्त हुन जान्छ र कैवल्यदशामा प्राप्त हुन्छ। परन्तु यो पूर्ण मुक्ति होइन, किनभने अनात्मामा आत्मबोधरूप अज्ञान निवृत्त भएपछि पनि शुद्ध अज्ञान अझै पनि बाँकी नै रहन्छ। अतः महामायाको उल्लासरूप शुद्ध अज्ञानको निवृत्ति जबसम्म हुँदैन तबसम्म जीवले कैवल्य-रूप मुक्ति प्राप्त गरे तापनि दिव्य जीवनको मार्गमा पदार्पण गर्न सक्तैन। सद्गुरुको कृपाविना पूर्णत्वको पथ उन्मुक्त हुँदैन। गुरुको कृपाद्वारा जब यो मार्ग प्राप्त हुन्छ, तब जीवको जीवभाव अर्थात् प्राकृत भाव समाप्त हुन्छ तथा दिव्य एवं अप्राकृत भावको उदय हुन्छ। त्यसबेला क्रमशः चैतन्यशक्तिको अभिव्यक्ति हुन्छ। अनात्मामा आत्मभाव समाप्त भए तापनि अझसम्म आत्मामा अनात्मभाव समाप्त भएको हुँदैन। यस प्रकारको अज्ञान जब पूर्णतया उच्छिन्न हुन्छ तब जीव आफू पूर्ण एवं परमात्मस्वरूपमा प्राप्त हुन्छ। यही चिच्छक्तिको पूर्ण अभिव्यक्ति हो तथा परमात्मासंग जीवात्माको अभेदको प्रतिष्ठा हो।

यस अवस्थाको आनन्दलाई मानवीय भाषामा व्यक्त गर्न सकिन्न। यस स्थितिमा निरन्तर आत्मस्वरूपको मात्र अविच्छिन्न अनुभव जाग्रत् रहन्छ। यही पूर्ण ब्राह्मी स्थिति हो परन्तु यस भन्दा पनि पर एक अवस्था छ। कतिपय विशिष्ट व्यक्तिलाई मात्र त्यस अवस्थाको प्राप्ति हुन्छ, सबैलाई हुँदैन।

ब्राह्मी स्थितिको अवस्था र त्यसपछि आउने अवस्थाको बीचमा एउटा सामान्य फरक छ। ब्राह्मी स्थितिभन्दा पहिलेको अवस्थामा जसरी जीवभाव रहन्छ र त्यसबेला ब्रह्मभावको स्फुरण हुँदैन, त्यसैगरी ब्राह्मी स्थितिमा जब ब्रह्म भावना हुन्छ, तब जीवभावको स्फुरण हुँदैन, परन्तु तेस्रो अवस्थामा परिनिष्ठित ब्रह्मभावभित्रै जीव तथा जगत्को अनुभूति यथावत् फर्केर आउँछ। यसको फलस्वरूप पूर्वोक्त ब्राह्मी स्थिति भित्रै एउटा अभूतपूर्व उल्लास लक्षित हुन्छ, जसको फलस्वरूप पूर्ण आनन्द महाकरुणाको रूपमा प्रकट हुन्छ। जीवावस्थामा समस्त विश्व दुःखमय हुन्छ, यथार्थ आनन्दको आभास त्यहाँ जाग्रत् हुँदैन। जुन आनन्द त्यहाँ छायाको रूपमा उपलब्ध हुन्छ, त्यो दुःखकै एउटा किसिम मात्र हुन्छ, परन्तु ब्रह्मावस्थामा संपूर्ण दुःखहरूको निवृत्ति तथा परमानन्दको प्राप्ति एकसाथ हुन्छ। वास्तवमा यही नै स्वरूप स्थितिको विवरण हो र यो श्रीभगवान्को साथ जीवात्माको साम्य हो। यो पनि परिपूर्ण अवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होइन, किनभने अहिले एकमुक्ति र सर्वमुक्तिको अभिन्न रूपमा प्रकाशित हुने अवसर नै आएको छैन । यो तेस्रो अवस्था नै सद्गुरुको अवस्था हो ।

मनुष्य-शरीरको गुरुत्व यति बढी छ कि उसले विश्वगुरुसँग अभिन्न भएर जबसम्म इच्छा लाग्छ तबसम्म सिद्धस्वरूपमा विश्वगुरुको प्रतिनिधि अथवा परिकरको रूपमा, जगत्को सेवाकार्य वा जीवको उद्धारकार्यमा आफूलाई खटाइराख्न सक्छ । मनुष्य-शरीरको गौरव केवल ब्रह्मलाई प्रत्यक्ष बुझ्नमा मात्र छैन, केवल स्वयंले ब्रह्मानन्दको भोग गर्नुमा छैन, अपितु: निर्विशेष रूप ब्रह्मानन्दको वितरण सबैमा गर्ने अधिकार प्राप्त गर्नुमा छ ।

हजारौं शताब्दीअघि हिन्दूधर्मका महर्षिहरूले जीवन र मरणको प्रश्नमाथि विचार गरेका थिए तथा तिनको एउटा स्थायी समाधान समेत खोजेर निकालेका थिए, जुन आत्माको आधारमा नै संभव हुन सक्छ । समस्त अस्तित्वको यही मूलाधार हो। ती महर्षिहरूको लागि ईश्वर एउटा निराकार भाव मात्र थिएन, अपितु सर्वव्यापक एवं सर्वान्तर्यामी परमात्मा थियो । आफ्नो यस मनोवृत्तिद्वारा नै ती महर्षिहरू यो अनुभव गर्न समर्थ हुन सके कि यो जगत्, जसमा विभिन्न जातिहरू मत-मतान्तर, वर्ण तथा इच्छाहरू विद्यमान छन्, ती परस्पर संहारको लागि रणक्षेत्र होइनन्, अपितु जंगम, देवता तथा देवीहरूको लागि निवासको भूमि हुन् ।

सृष्टिको विषयमा मत-मतान्तर– सृष्टिको सम्बन्धमा अनेक मतहरू छन्, जसमध्ये दुइ गम्भीर-विचारास्पद छन् । एउटा सेमिटिक हो अर्को आर्य हो । सेमिटिकवादीहरूको विश्वास छ– यो समस्त संसार शून्यबाट उत्पन्न भएको हो, वर्तमान जीवन नै प्रथम तथा अन्तिम जीवन हो, कयामत (प्रलय)-का दिनमा प्रत्येक व्यक्तिले खुदा - (ईश्वर)- को सामुन्ने उपस्थित हुनुपर्नेछ । प्रभुले उसका कर्मानुसार निर्णय दिनेछन् । अर्कातिर आर्यविचारधारालाई स्वीकार गर्नेहरूको अथवा भारतीय आर्यहरूको यो विश्वास छ–यो विश्व परमेश्वरद्वारा उत्पन्न भएको हो र यो जीवन प्रथम तथा अन्तिम नभएर जीवन-परंपरामध्येको एक हो । साथै यो परंपरा तबसम्म चलिरहनेछ, जबसम्म जीवनको अन्तिम ध्येय अर्थात् कैवल्य अथवा मुक्तिको प्राप्ति हुँदैन। हिन्दूहरूको धारणा अनुसार सृष्टिको अर्थ रचना होइन, अपितु त्यसको अर्थ हो प्रादुर्भाव अर्थात् ईश्वरद्वारा प्रकट हुनु, ईश्वरमा स्थित रहनु र अन्तमा ईश्वरमा नै विलीन हुनु । **यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति यत्प्रयन्त्यभिसंवि-**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शन्ति, तद्विजिज्ञासस्वतद् ब्रह्म अर्थात् जसद्वारा यो जगत् उत्पन्न भएको छ, जसमाथि यो रहन्छ र जसभित्र यो पुनः प्रविष्ट हुन जान्छ, बुझ्ने इच्छा गर कि त्यो ब्रह्म हो ।

मनुष्य नै सत्ता (अस्तित्व) को जटिलताबारे विचार गर्छ, बुझ्छ, तथा अनुभव गर्छ र अन्तमा विश्वको कर्ता, भर्ता, हर्ता परमात्मालाई प्राप्त गर्छ । यसकारण मनुष्य भगवान्‌को सर्वोत्तम सृष्टि मानिएको छ । मानवको विषयमा हाम्रो देश तथा विदेशहरूमा अनेक प्रकारका विचार-धाराहरू छन् । यीमध्ये दुइवटाको चर्चा गर्न चाहन्छु । ती हुन्– दैवी तथा आसुरी । यसबारे श्रीमद्भगवद्गीतामा भनिएको छ–

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसम्भूतँ किमन्यत् कामहैतुकम् ॥

अर्थात् असुर भाव भएका मानिसहरू भन्छन्– ईश्वर नाम भएको कोही विश्वको कर्ता छैन । यो जगत् असत् एवं निराधार छ, परस्पर कामजन्य संयोगद्वारा सृष्टिको प्रवाह चलिरहेको छ । यसको अरू के कारण हुन सक्छ ?

छान्दोग्योपनिषद्‌मा एउटा उपाख्यान छ– इन्द्र तथा विरोचनको । एकपटक देवता तथा दैत्यहरूमा को ठूलो हो तथा विश्वमाथि कसको शासन चल्नुपर्छ भन्ने कुराको निश्चय गर्न एउटा भीषण युद्ध भयो । त्यसैबेला प्रजापति ब्रह्माजीले उनीहरूको सन्मुख प्रकट भएर उनीहरूसंग भने – 'तिमीहरूले यसप्रकार युद्ध गर्‍यौ भने परस्पर-प्रहारद्वारा दुवै पक्षको शीघ्र नै संहार हुनेछ । तिमीहरूले अपहतपाप्मा (निष्पाप), विरज, विमृत्यु तथा विशोक ब्रह्मलाई जान्यौ भने संपूर्ण कुरा थाहा पाउनेछौ र त्यसपछि सबैमाथि शासन गर्न समर्थ हुने छौ ।' यसपछि सबैले ब्रह्मलाई जान्ने इच्छा प्रकट गरे । प्रजापतिले भने– 'तिमीहरू दुवै आ-आफ्नो पक्षबाट एउटा-एउटा प्रतिनिधि छान, म त्यसैलाई ब्रह्मको उपदेश दिन्छु र अनि उसैले तिमीहरू सबैमा त्यस उपदेशको प्रचार गर्नेछ ।' यो कुरा स्वीकार गरेर देवताहरूले इन्द्रलाई र असुरहरूले विरोचनलाई प्रतिनिधिको रूपमा चुने । इन्द्र र विरोचन उपदेश ग्रहण गर्न प्रजापतिको निकट गए । प्रजापतिले उनीहरूलाई उपदेश दिनुभन्दा पहिले ३२ वर्षसम्म ब्रह्मचर्य-व्रत पालन गर्न लगाए । व्रतको अवधि सकिएपछि प्रजापतिले दुवैलाई एउटा सरोवरको किनारमा उभ्याएर उनीहरूसँग भने– 'पानीमा देखिएका आ-आफ्ना प्रतिबिम्ब हेर' र त्यसपछि भने– **य एषोऽक्षिणि पुरुषो दृश्यते एष आत्मेति होवाचै-**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदमृतमयभमेतद् ब्रह्मेति अर्थात् आँखाद्वारा दृश्यमान पुरुष आत्मा हो, त्यो नित्य तथा अभय छ। विरोचन निकै प्रसन्न भयो र उ यो विचार गर्दै हिंड्यो कि यो शरीर नै आत्मा हो तथा आराधनीय छ। इन्द्र र विरोचन दुवै हिंड्दै थिए, प्रजापतिले ठूलो स्वरले भने– 'तिमीहरूमध्ये कोही शरीरलाई नै ब्रह्म मानेर गयौ भने त्यसको नाश हुनेछ।' इन्द्रले विचार गरे– शरीर ब्रह्म हुन सक्तैन किनकि यो त वृद्धावस्था, शोक तथा मृत्युको वशमा छ। अतएव उनी प्रजापतिकहाँ गएर पुनः ब्रह्मचर्यको पालन गरेर उनले ब्रह्मविद्याको अध्ययन गरे, तर विरोचन भने फर्केर प्रजापतिकहाँ आएन। उसले आफ्नो वर्गका व्यक्तिहरूमा शरीरात्मवादको नै प्रचार गऱ्यो। आज हामी देख्दैछौं– इन्द्रका अनुयायीहरूको अपेक्षा विरोचनका अनुयायीहरूको संख्या बढी छ। चार्वाक (नास्तिक मतका प्रवर्तक एक आचार्य) का अनुयायीहरू आत्मामाथि विश्वास् गर्दैनन्। उनीहरूको लागि त–

न स्वर्गो नाऽपवर्गश्च आत्मा नो पारलौकिकः।
यावज्जीवं सुखं जीवेदृणं कृत्वा धृतं पिबेत् ॥

अर्थात् न स्वर्ग छ, न मोक्ष छ, परलोकमा जाने आत्माको पनि कुनै अस्तित्व छैन। अतएव मनुष्यले बाँचुन्जेल सुख भोग्नुपर्छ, सुखपूर्वक बाँचोस्, ऋण लिएर भए पनि घिउ खानुपर्छ। एपिक्यूरसका अनुगामी दार्शनिकहरू निःसन्देह वर्तमान चार्वाक हुन्। उनीहरू भन्छन्– 'खाऊ, पिऊ, मोज गर, के थाहा हामी भोलि नै जाने हौं कि।'

प्राचीन मिश्रदेशवासीहरूको यो धारणा थियो– आत्माको एउटा छाया-मूर्ति पनि हुछ। अतः तिनीहरू निष्प्राण शरीरलाई मैन लगाएर पिरामिडहरूमा सुरक्षित राख्दथे। उनीहरूको विश्वास थियो–आत्मा राती शवस्थानमा केवल यो हेर्न आउने गर्दछ कि शरीर सुरक्षित छ वा विखंडित छ। यदि भित्रको शरीर क्षत-विक्षत छ भने आत्मा पनि विक्षत हुन जानेछ, तथा यदि शरीर नष्ट गरियो भने आत्माको द्वितीय मृत्यु हुनेछ। पाश्चात्य जडवादी विज्ञानवेत्ताहरूअनुसार मानवको शरीर कोषहरूको समुदाय सिवाय अरू केही होइन। जडवादी चिकित्साशास्त्रीहरूको दृष्टिमा-शरीर र आत्मा भन्ने दुइ वस्तुहरू हुनै सक्तैनन्। क्यावेनिसको (cabanis) भनाइ छ शरीर र आत्मा एउटै पदार्थ हो। मानव स्नायु समुदाय सिवाय अरू केही होइन। जसरी यकृत्‌बाट पित्त निस्कन्छ, त्यसैगरी मस्तिष्कबाट विचारहरू निस्कन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव व्यक्तित्व–यो कुरा स्पष्ट छ– यदि जीव आफू (म) लाई चिन्दैन, जीवनको स्वरूप बुझ्दैन यसका आदर्श उद्देश्यहरूसंग अपरिचित छ भने यसको संचालन उसले कसरी गर्न सक्छ ? यदि जीवनको सञ्चालन उपयुक्त छैन भने यसमा कृतकार्यता तथा तृप्ति कसरी उपलब्ध हुन सक्छ ?

मध्ययुगमा हिन्दू जातिले अपेक्षाकृत प्रकृति तत्त्वको उपेक्षा गरे। परिणाम-स्वरूप इहलैकिक जीवनमा तिनीहरूले निकै दुःख भोग्नुपर्‍यो। सामाजिक तथा राज-नैतिक शक्तिमा कमी आयो, परन्तु आत्मा एवं परमात्माको खोज हिन्दू धर्ममा ज्यादै प्रबल रह्यो र ती तत्त्वहरूको ज्ञानमा यिनीहरूलाई अद्भूत सफलता समेत प्राप्त भयो। यसको फलस्वरूप जीवनमा तृप्ति तथा अमरत्वको भावना, असाधारण रूपले, संसार-भरका इतिहासमा यसै धर्मलाई प्राप्त भयो। परन्तु१६औं शताब्दीदेखि विज्ञानयुगको सूत्रपात भयो र त्यसै समयदेखि प्रेरक भावनाहरू यी बने- प्रकृति नै ज्ञानको वास्तविक क्षेत्र हो, इन्द्रियहरू तथा बुद्धि ज्ञानका वास्तविक करण (साधन) हुन् तथा नयाँ-नयाँ वस्तुहरूको निर्माण ज्ञान-जिज्ञासाको वास्तविक उद्देश्य हो। यूरोपवासीहरूले यी भावनाहरूलाई राम्ररी अँगाले र एउटा एकदमै नयाँ संस्कृतिको निर्माण गरे। यूरोपीयन हरूले प्रकृतिको अध्ययनको लागि यसलाई कैयौं विभिन्न क्षेत्रहरूमा विभाजित गरे, तथा एउटा-एउटा क्षेत्र एउटा-एउटा विज्ञान भित्र राखे। यी विज्ञानहरूले निकै उन्नति गरे तथा प्रकृतिका तीन प्रमुख एवं वृहत् क्षेत्रहरू, जल, स्थल र वायुको अद्भूत ज्ञान प्रस्तुत गरिदिए। फलस्वरूप आजको विषयमा वस्तुहरूको बाहुल्य छ र तिनको उपभोग पनि मानवलाई प्राप्त छ, तर के मानव तृप्त छ, ? प्रसन्न छ ? सन्तुष्ट छ ?

मनोविज्ञानको जन्म पश्चिममा हालै मात्र भयो। एक प्रमुख मनोवैज्ञानिक गार्डनर मर्फी (Gardner Murphy) स्वीकार गर्छन्–हामी मानवका विषयमा त धेरै कुराहरू जान्दछौं तर मानव आफैंमा के हो ? यो पट्टकै जान्दैनौं। एक अर्को मनोवैज्ञानिक डा. जुङ्गको भनाइ छ– मनका सम्पूर्ण द्वन्द्वहरू भन्दा अलगगै एउटा द्वन्द्वरहित व्यक्तित्वको केन्द्र छ भन्ने कुरा हामीले अवश्य स्वीकार गर्नुपर्छ। त्यो केन्द्र नै व्यक्तित्वलाई विशिष्ट भाव प्रदान गर्छ तथा सबै अनुभव एवं संस्कारहरूला।ई सङ्घटित गर्छ।

पश्चिमको विज्ञान-भूमिकाबाट उद्भूत यस विचारले पूर्वको आत्मभवना-संग एकदम समानता राख्छ, तथा यो भावना प्रबल भएर गयो भने पश्चिम एवं पूर्वका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतिहरूको बीचमा अद्भूत सम्बन्ध स्थापित हुन जानेछ यदि पश्चिम 'म के हुँ ?' (मानव के हो ?) भनेर सोध्छ भने यसको उत्तर दिनु तथा यसको समाधान गर्नु पूर्व–(हिन्दूदर्शन)- को नै कर्तव्य हुनेछ ।

सुखको खोज–महान् आश्चर्य छ ! ठूला-ठूला बुद्धिमान् पुरुष पनि मोहरूप कर्तव्यको मोहमा परेर वास्तविक कर्तव्यलाई बिर्सिरहेछन् । मोहबाट मुक्त हुनु कर्तव्य हो कि मोहपाशमा अझै अल्झनु ? जुन नाम तथा रूपको प्रपञ्चमा अल्झेर तिमीले त्यस नाम-रूपको कल्पित सम्बन्धसंग आफूलाई सबद्ध ठानेर कर्तव्यबोधद्वारा त्यस मोहलाई अझै बलिष्ठ बनाइरहेका छौ, के त्यो नाम-रूप वास्तवमा तिम्रो साँचो स्वरूप हो ? के आमाको गर्भमा आउनुभन्दा अघि तिम्रो यही नै नाम-रूप थियो त ? यदि होइन भने यससंग कस्तो संबन्ध छ र यसप्रति कस्तो कर्तव्य छ? आफ्नै हातले बाँधिएका यी गाँठाहरू फुकाइदेऊ, किन आफैं आफूलाई कस्तै गइरहेका छौ ?

कोही भन्छन्– के गरूँ, यसो नगरे आदर्श बिग्रन्छ, अरूले के भन्लान् ? अरूले निन्दा गर्लान्, तर कसको तिम्रो कि तिमीले आफूसँग तादात्स्म स्थापित गरेका ती नाम र रूपको ? तिनको निन्दाले तिम्रो के बिग्रन्छ ? नित्य, सत्य तथा अज-अविनाशी भए तापनि तिनको मोहमा तिम्री आफू अनित्य झैं असत झैं भइरहेको छौं र अरूले निन्दा गर्लान्, तर कसको? तिम्रो कि तिमीले आफूसँग तादाम्य स्थापित गरेको भए तापनि तिनको मोहमा तिमी आफू अनित्य झैं असत् झैं भइरहेका छौ र तिनीहरूकै ममता तथा आसक्तिले तिमीलाई जन्म एवं मृत्युको सन्तापपूर्ण सपना देखाइरहेका छन्।

कोही भन्छन्–परिवारलाई क्लेश हुनेछ। पुत्र, बन्धु आदिले क्लेश पाउनेछन्। तिमी आफूलाई मरिसकेको भनेर किन स्वीकार गर्दैनौ । वास्तवमा एकपल्ट मरेजस्तो कल्पना गरेर हेर त, केही दिनमा नै तिम्रा सारा संझनाहरू कति सजिलोसंग विस्मृत हुनेछन् । तिम्रो आवश्यकता कसरी अनावश्यकतामा परिणत हुन जान्छ ?, वास्तवमा तिमीलाई कसैले बाँधेर राखेको छैन। तिमी स्वयंले नै आफूलाई बद्ध मानेका छौ । चुँडाल यो भ्रमको बन्धन !

तिमी आफैं स्वघोषित पञ्च बनेर जिम्मेवार बन्न पुगेका छौ । मोहले नै प्रेमको स्वाङ रचेर तिमीमाथि जिम्मेवारी तथा कर्तव्यको बोझ लादेको छ । झिकेर फ्याँकिदेऊ यो बोझ । तुरून्त हलुको हुनेछौ । तिमी अमृतहरूको अमृत, आनन्दहरूको आनन्द र प्रकाशहरूको प्रकाश हौ । तिम्रै प्रकाश सर्वत्र फैलिएको छ । तिमी अखण्ड छौ, अनन्त छौ, अजर छौ, अमर छौ, सत् छौ, सनातन छौ, चेतन छौ, ज्ञानस्वरूप छौ । आफ्नो स्वरूपको रक्षा किन गर्दैनौं ? आफ्नो स्वरूपमा किन स्थित हुँदैनौ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो नित्य स्वरूप आत्मा न उत्पन्न हुन्छ, न मर्छ, न अन्य कुनै कारणबाट उत्पन्न भएको छ, यो त अजन्मा, नित्य, सनातन एवं पुरातन छ, शरीर मरेर गए पनि त्यो मर्दैन। कसैको नाशद्वारा यसको नाश हुँदैन। त्यो तिमी भिन्न छ, तिम्रो आफ्नो स्वरूप हो। तिमी त्यसलाई चिन, तिम्रो संपूर्ण शोक, विषाद, भ्रम निर्मूल हुनेछन्।

वास्तविकता यो हो–जुन शरीर स्वभावैले दुःखहरूको खानी छ, जब त्यही आफ्नो स्वरूप ठानिन्छ, तब त्यस शरीरका जे-जति दुःख एवं आवश्यकताहरू हुन्छन्, ती सबै आफ्नै ठानिन्छन्। त्यसैले हाम्रा दुःख कहिल्यै, अनादिकालदेखि आजसम्म पनि हट्नै पाउँदैनन्। यी शरीरका कुनै न कुनै कलपूर्जा त बिग्रिरहेकै हुन्छन्। हामी दुःखको अभावको सिर्जना गर्न नै सक्तैनौं। किनभने यो दुःखाभावको मार्ग नै थिएन। जुन कुरा जहाँ छैन, त्यहाँबाट त्यो कुरा मागिन्छ ; तथा जहाँ त्यो कुरा छ, त्यहाँ त्यसको विषयमा कुनै सोधपुछसम्म गरिन्न। विचरा गरीब विषयसंग सुख कहाँ छ र उसले तिमीलाई देओस् ! जो संग जे छैन त्यससँग त्यो कुरा माग्नु त माग्ने व्यक्तिकै मूर्खता हो। त्यसोभए के सुख नामको कुनै कुरा यस संसारमा छँदैछैन त ? अध्यात्म यस प्रश्नको उत्तर यसरी दिन्छ–सुख त आत्माको नै अर्को नाम हो, अनि त्यो त्यहाँ विषयहरूमा कसरी प्राप्त हुन सक्छ ? यही सुख जब विषयहरूको ओढ्ने ओढेर आउँछ, तब पनि त्यसले दुःखमिश्रित सुख मात्र दिन्छ। विषयहरूद्वारा प्राप्त हुने यस सुखको नाम विषयसुख हो। जब यो सुख आवरणरहित हुन्छ, तब यसलाई केवल सुख अथवा आत्मानन्द भन्छन्। यो केवल सुख कसरी प्राप्त गर्ने ? यसको उत्तर तिमीलाई केवल हिन्दूदर्शनले मात्र दिन सक्छ।

मानव के हो ?– मानव न केवल आत्मा हो न केवल शरीर। मानव आत्मा र शरीरको मधुर संयोग हो। उसको बनावट दोहोरो छ। यस प्रकारको दोहोरो बनावटको लागि आहार पनि दोहोरै चाहिन्छ। आत्मालाई आत्माको खुराक र शरीरलाई शरीरको खुराक दिनुमा नै मानव जन्मको सार्थकता निहित छ। आत्माका भोजन हुन्, अहिंसा, सत्य, त्याग, वैराग्य, इन्द्रिय संयम, तप आदि र आत्मस्वरूपमा सदा रमाउनु एवं शरीरका भोजन हुन् सात्त्विक भोजन, वस्त्र, आवास आदि। मानवको मन, वचन र काममा भौतिकताले यस्तो गहिरो जरा गाडेको छ कि उसको बोलचाल, रहन-सहन र सोच-विचार आदि सबैमा केवल भौतिकताको नै छाप देखिन्छ। ऐहिक महत्वाकांक्षाहरू, पदार्थवादको होडबाजी, पार्थिव लिप्सा, भोजन, वस्त्र र भोगविलासमा डुबिरहनु नै आजको मानवको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोच्चताको मापदण्ड बनेका छन् । तिनीहरू नै महत्त्वपूर्ण तथा जीवन्त प्रश्न बनेका छन् । आज सम्पूर्ण विश्वको आत्मा भोको छ । त्यो तड्पिरहेको छ शान्तिको लागि सुखको लागि, त्याग–वैराग्य एवं संयमको आत्मसुखी प्रवृत्तिको लागि, जो उसका वास्तविक भोजन हुन् । आत्मालाई आत्माको भोजन दिइएन भने त्यो दिन टाढा छैन, जब विश्वको रङ्गमञ्च त्राहि-त्राहिको कष्टदायी आवाजले गुञ्जायमान हुनेछ ।

धर्म के हो? –मनुष्यको चित्तमा जति प्रकारका भावनाहरूको उदय हुन्छ, त्यति शब्दहरू त कुनै पनि भाषामा छैनन्। सदैव आफ्ना मनोनुकूल शब्दहरू फेला पर्दैनन्। ज्यादाजसो यस्ता शब्दहरूको प्रयोग गर्नुपर्छ, जुन आफूले भन्न खोजेको अर्थको नजीक-नजीक हुन्छन्। वाक्यमा त्यो सजीवता हुँदैन जुन प्रायः शब्दहरूमा पाइन्छ । प्रायः यही अवस्था धर्म शव्दको भयो । आजभन्दा लगभग हजार वर्षअघिसम्म धर्म शब्दको प्रयोग यस प्रकार गर्न कुनै कठिनाइ भएन । त्यस बेलासम्म–

अद्रोहश्चाऽप्यलोभश्च दमो भूतदया तपः ।
ब्रम्हचर्यं तथा सत्यमनुक्रोशः क्षमा घृतिः ।

उपर्युक्त श्लोकमा अद्रोह, अलोभ, इन्द्रिय-निग्रह, भूतदया, तप, ब्रह्मचर्य सत्य, ,अनुक्रोश, क्षमा तथा धृतिलाई धर्मको मूल भनिएको छ । ईश्वरोपासनाको पद्धति जुनसुकै किन नहोस्, सत्यवादी, दयालु, परोपकारी व्यक्तिलाई धर्मात्मा तथा हिंसावृत्ति भएका र लोभीलाई अधर्मी भन्ने चलन लोक-व्यवहारमा पनि देखिन्छ, ईश्वरोपासनाको नाम संप्रदाय वा मजहब हो, जुन एकदेशीय हुन्छ । धर्म सार्वभौम छ, त्यसमा संपूर्ण सद्गुणहरूको समावेश हुन्छ । अरबी भाषामा धर्मको कुनै यथार्थ पर्याय छैन । मजहबको अर्थ संप्रदाय हो, धर्म होइन । इसाईहरूसंग पनि धर्मको अर्थको कुनै शब्द थिएन र हिन्दूहरूसंग मजहब वा रिलिजन- (Religion) को कुनै शब्द थिएन । कहिलेकाहीं यस अर्थमा संप्रदाय शब्दको प्रयोग गरिन्छ , तर यो शब्द यथार्थ होइन । इस्लाम धर्मका अनुयायीहरूको भारतमा कैयौं शताब्दीसम्म शासन रह्यो । शासनको पक्ष निश्चय नै बलवान् हुन्छ । तब इस्लाम-मजहबको जोडमा हिन्दू धर्म भन्ने व्यवहार हुन थाल्यो । त्यही व्यवहार आज क्रिश्चियन रिलिजनको युगमा पनि हुँदै आइरहेको छ । आफूलाई शिक्षित मान्ने आधुनिक युवावर्गमध्ये करीब ९० प्रतिशतको दिमागबाट त धर्मको व्यापक अर्थ लुप्त भइसकेको छ । यसको फलस्वरूप तिनीहरूमा धर्मप्रति उपेक्षा एवं उदासीनता बढ्दै गइरहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म-निरपेक्षता के हो ?– सहसा समयले पल्टा खायो। राजनीतिक कोश -(Political Dictionary) मा एउटा अर्को शब्दको वृद्धि भयो । यो नयाँ शब्दको नाम थियो 'सेक्यूलर' र यसको अर्थ गरियो 'धर्म-निरपेक्ष' भन्ने । 'सेक्यूलर-को लागि मजहव-निरपेक्ष शब्द छानेको भए बेश हुने थियो । तर दुर्भाग्यवश त्यसको लागि अर्थरूपमा धर्म-निरपेक्ष शब्द छानियो । अहिलेसम्म त धर्म शब्दले आफ्नो वास्तविक अर्थका साथै मजहवको नयाँ अर्थलाई बोकेर हिंडिरहेको थियो, तर अब सरकारी व्यवहारमा प्रयोग हुनाले त्यसको पुरानो र वास्तविक अर्थ शिथिल हुन गयो । हामी धर्मप्रति निरपेक्ष छौं भन्छौं, तर के हामी सत्य, अहिंसा, नैतिकता, अनुशासन आदिप्रति पनि निरपेक्ष छौं । निरपेक्षता त्यसै वस्तुसंग हुन्छ , जुन अनुपयुक्त ठानिन्छ। धर्म-निरपेक्षको नाउँ लिंदा-लिंदा मनमा यो भाव स्थित हुन्छ कि धर्म खराब कुरा हो, यो उपेक्षणीय छ । नयाँ पुस्ताले यही शिक्षा ग्रहण गरिरहेको छ। महान् दुःख एवं आश्चर्यको साथ भन्नुपरेको छ– यो धर्म-निरपेक्षताको विचार हिन्दूमस्तिष्कबाटै निस्क्यो र हिन्दू-युवावर्गलाई नै यसले आफ्नो शिकार बनाउँदै गइरहेको छ ।

राजनीतिको लागि धर्म-निरपेक्षता कुन हदसम्म आवश्यक छ ?– राजनीतिक प्रशासनको लागि मजहबप्रति निरपेक्षताको नीति कल्याणकारी छ, परन्तु यस प्रसंगमा धर्म शब्दको व्यवहार गर्नु अति भयानक छ । संस्कृतिको दुहाइ दिनु आज एक प्रकारको फेसन भएको छ, परन्तु त्यस संस्कृतिको आधारशिलाको नाम समेतको बहिष्कार भने जस्तो भइरहेको छ। धर्मको तर्फबाट निरपेक्ष रहनु नै कल्याणकारी ठानिंदै आएको छ। आश्चर्य छ हामी धर्म शब्दको वास्तविक अर्थबाट कति टाढा पुगेका छौं ।

यो धर्म-निरपेक्षताको नीतिबाट हामी यस्ता बन्दै गइरहेका छौं कि धर्मका मूलतत्वहरूलाई समेत जुन मानवताका आधारशिला हुन्, जान्न र बुझ्न बिर्सेका छौं तथा दिन-प्रतिदिन हामी दानवतातिर अग्रसर हुँदै गइरहेका छौं। आज परमार्थको स्थान दम्भले, सेवाको स्थान स्वार्थ-साधनले, कर्तव्यको स्थान छलकपटले, भक्ति-ज्ञानको स्थान आडम्बरले, दानको स्थान चोरीले, बजारको स्थान कालो बजारले, नाफाको स्थान लूटले, शुद्धको स्थान मिसावटले लिएर सम्पूर्ण स्थान पैसारूपी पिशाचले लिएको छ। दिन-प्रतिदिन नैतिकताको पतन भइरहेको छ। यसको एकमात्र कारण हो– जनतामा मानवता स्थित रहेको धर्मका मूल सिद्धान्तहरूको प्रचार नहुनु । धर्मनिरपेक्षताको विकासको साथसाथै ईश्वरप्रति विश्वास क्षीण हुँदै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गइरहेको छ। प्रत्यक्ष रूपमा नास्तिकताको मनोवृत्ति आज संपूर्ण विश्वमा फैलिइरहेको छ। पश्चिममा त धर्म - निरपेक्षता एवं नास्तिकताको आरम्भ निकै अघि भएको थियो। पाश्चात्य सामाजिक दर्शनशास्त्रीहरूले ईश्वरको ठाउँमा मानवतालाई स्थापित गर्न चाहे। यस प्रकार प्रत्यक्षवाद र मानवतावाद उत्पन्न भए।

परम धर्म, मानव धर्म वा मानवतावाद– हामी आफ्नो देशको मानव धर्म संग त परिचित छौं, तर बितेका दुइ-तीन शताब्दीदेखि यसभन्दा बेग्लै एक मानवताको धर्म (Religion of Humanity) शब्द पनि प्रचलित छ, जस अनुसार मानवको अनुभूतिको विवेचना नै समस्त दर्शनहरूको लक्ष्य हो। यूनानी दार्शनिक पिथागोरसको भनाइ छ– संपूर्ण वस्तुहरूको मापदण्ड मनुष्य नै हो। उनको यो विचारधारा मानवतावादी नामले प्रसिद्ध भयो। भोल्टेयरको भनाइ थियो– मानवताविना (जसमा सबै सद्गुण पर्छन्) 'दार्शनिक' नामले कुनै अर्थ नै छैन। प्रसिद्ध फ्रान्सिसी दार्शनिक अगस्त कोन्तले यसलाई नै धर्मको रूप दिए। उनी लेख्छन्– सृष्टिको मूल तत्त्व खोजिरहनाले कुनै लाभ छैन, यो त अगम्य छ, त्यसलाई बुझ्नु कहिल्यै संभव छैन। त्यसकारण त्यसको कल्पित जगत्मा कुनै शास्त्रको घर उभ्याउनु भूल हो। असभ्य तथा जंगली मनुष्यले पहिले-पहिले जब रूख, बादल, ज्वालामुखी पर्वत आदि देख्यो, तब उसले आफ्नो सरल स्वभावअनुसार यी सबैलाई देवता नै मान्यो। कोन्त यसलाई Theogical विचार भन्छन्। पछि मनुष्यलाई यसै कल्पनाद्वारा सन्तोष भएन र उसलाई लाग्न थाल्यो– यी पदार्थहरूमा कुनै न कुनै अव्यक्त तत्त्व छ। कोन्त यसैलाई Metaphysical विचार भन्छन् तथा यसलाई मानवीय ज्ञानको दोस्रो खुड्किला मान्दछन्। परन्तु जब यस रीतिले सृष्टिको विचार गर्दा पनि प्रत्यक्ष उपयोगी ज्ञानको कुनै वृद्धि हुन सकेन, तब अन्तमा मनुष्यले पदार्थहरूका दृश्य गुण-धर्मको नै चिन्तन गर्न थाल्यो। यसबाट उसले रेल, तारजस्ता कैयौं मानवोपयोगी साधनहरू फेला पार्‍यो तथा बाह्य सृष्टिमाथि आफ्नो आंशिक प्रभाव जमायो। यसलाई कोन्तले Positive विचार भनेका छन्। उनको मतअनुसार विषयको विवेचनाको लागि यसभन्दा असल कुनै अर्को पद्धति छैन। यसै दृष्टिद्वारा उनले समाजको अध्ययन गरेर समाजशास्त्रको रचना गरेर उनी निष्कर्षमा पुगे – समस्त मानव-जातिप्रति प्रेमभाव राखेर उसको कल्याणको लागि सदैव प्रयत्न गर्नु नै मनुष्यको परम धर्म हो। कोन्तको मतअनुसार मानवता एक सजीव सनातन शक्ति हो। धर्म तथा दर्शन उसको उन्नति वा विकासको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास हो । संसारमा जे-जति कुराहरू छन्, ती सब मनुष्यको लागि नै हुन् । 'मनुष्य-को सुख' सबैको लक्ष्य यही नै हो । यस धर्ममा ईश्वरको लागि कुनै स्थान छैन, जे-जति छन् ती सबै मनुष्यको लागि मात्र छन् ।

के नास्तिक बन्न सकिन्छ ?– जर्मन दार्शनिक नित्सेले त यतिसम्म भनेका छन्– उन्नाइसौं शताब्दीमा ईश्वरको मृत्यु भयो, अब अध्यात्मवादको खोक्रो झगडा छ। वाह! कलिकालका साहसी मानव ! तिम्रो धृष्टतालाई स्याबासी छ । तर द्वितीय विश्वयुद्धमा जब जर्मनीमाथि ठूल-ठूला तोपहरू र टयांकहरूले चारैतिरबाट अग्नि-वर्षा गरिरहेका थिए, त्यसबेला सरकारी आदेश जारी गरियो– देशको रक्षाको लागि अनिवार्य रूपले सामूहिक रूपमा ईश्वर प्रार्थना गरियोस् । त्यसबेला नित्सेका अनु-यायीहरू ईश्वरप्रार्थना गरिरहेका थिए तथा तिनका अगाडि उभिएर नास्तिकताको व्यंग्यको हाँसो हाँस्दै भनिरहेको थियो– ए नक्कली नास्तिकहरू ! मेरो वरण गर्नु कुनै सजिलो काम होइन । मरेको ईश्वरले तिनको रक्षा गर्थ्यो नै कसरी ? अस्तु ।

विश्वको वर्तमान स्थिति– मानवतावादी यस शास्त्रको आधार मनुष्य हो । दोस्रो कुरा– मनुष्यको वास्तविक सुख केमा मान्ने ? मानवतावादीहरूले पनि मानसिक सुख स्वीकार गरेका छन्, तर के सुखको अन्तिम सीमा त्यहींसम्म हो ? यी कुराहरूमा ध्यान नदिनाको फल यो भयो– मानवतावादको एउटा भ्रान्त धारणा पश्चिममा फैलियो । जब मनुष्यको लागि वैषयिक सुख नै लक्ष्य हुन्छ त संघर्ष अवश्यम्भावी हुन्छ । कोन्तले जुन मानवतालाई ईश्वरको सिंहासनमा राखेका थिए, उसको पूजा गर्दा नर-रक्तद्वारा उसको अभिषेक भयो । बमहरूका फूल चढाएर नरमांसको भोग लगाइयो, यी सबै भए-उसको सगुण साकार रूप मनुष्यको कल्याणको लागि । आज पनि त्यसै उद्देश्यको प्राप्तिको लागि शस्त्रीकरणको होड लागेको छ, र एटम बम, हाइड्रोजन बम जस्ता एक-से-एक संहारक अस्त्रहरूको निर्माण भइरहेको छ ।

संसारका प्रमुख मनोवैज्ञानिक चार्ल्स युंग भन्छन्– आधुनिक विज्ञानद्वारा प्रवर्तित क्रान्तिको सन्तान हो यो आधुनिक मानव- उ नै यस बेला संसारको प्रतिनिधि बनेको छ, संसार उसैको इशारामा नाचिरहेको छ ।

यस्तो देखापर्छ कि आज संसार जंगली अवस्थाभन्दा पनि गए-गुज्रिएको अवस्थामा छ । दुःख र अभाव बढिरहेका छन् । आजकलका नर-संहारक, नरभक्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानव आफूलाई निकै विकसित भएको मान्छ । आजको संस्कृतिलाई बडो घमण्ड छ– उसले भौतिक विकासलाई उच्चतम सीमासम्म पुऱ्यायो, तर आशा एवं आकांक्षाहरूको संघर्ष जारी नै छ ।

सुखको खोजमा रहेको ठूलो दोष– अधिकांश व्यक्तिहरूको बढी सुख भन्ने आधिभौतिक सिद्धान्तमा सबैभन्दा ठूलो दोष यो छ कि त्यसमा कर्ताको बुद्धि वा भावको कुनै विचार गरिंदैन । मिल महाशयले भनेका छन्– जबसम्म बाह्य कर्महरूमा कुनै भेद हुँदैन, तबसम्म कर्मको नीतिमत्तामा केही अन्तर हुन सक्तैन, कर्ताको मनमा त्यो काम गर्ने वासना चाहे जुनसुकै भावले उत्पन्न होओस् । अर्कोतिर ईश्वरको मृत्यु भएको स्वीकार गर्दा-गर्दै पनि नित्सेले आफ्ना ग्रन्थहरूमा आधिभौतिक दृष्टिद्वारा कर्मविपाक तथा पुनर्जन्म स्वीकार गर्नु पऱ्यो ।

पाश्चात्य दार्शनिकहरूले जति कुरा माथि भनेका छन् यो उनीहरूको आफ्नै विचारधारा थियो र यसले उनीहरूको सांस्कृतिक खोक्रोपनाको प्रदर्शनमात्र गरेको छ । हाम्रो हिन्दू दर्शनशास्त्रसँग यसको कुनै सम्बन्ध छैन । हाम्रो दर्शनशास्त्रको आफ्नै मौलिकता छ ।

यो पाश्चात्य मानवतावादको प्रभाव हाम्रो क्षेत्रको शिक्षित समाजमाथि समेत पूर्ण रूपले पर्न गयो । पर्ने नै भयो किनकि शिक्षा नै त्यस्तो छ । मानवीय इतिहासका अत्यन्त महत्त्वपूर्ण युग आस्तिकताका युग हुन्। इतिहासका सबै महत्त्वपूर्ण युगहरूमा, जसमा मनुष्यले आफ्नो आत्माका उच्चतम शक्तिहरू सबै प्रकट गरेको छ, आध्यात्मिक एवं भौतिक व्यवस्थामा तथा मानवात्माको अमरता एवं मानवीय गुणहरूको अविनाशशीलतामा, जुन दुवै त्यस परम शक्ति माथि, जो अदृश्य, शाश्वत तथा सर्वशक्तिमयी छन्, आधृत छ ।

किन्तु के मानवता उपासनाको विषय हुन सक्छ ? जब हामी विभिन्न धर्महरूको अध्ययन गर्छौं तब पाउँछौं– एउटा अदृश्य सत्ता सदैव उपासनाको विषय रहेको छ । त्यो सदैव सर्वातिरिक्त, सबैबाट अलग रहेको छ । हिन्दू दार्शनिकहरूले उपासनाको एकमात्र विषय शाश्वत चेतनको वर्णन यी शब्दहरूद्वारा गरेका छन्– **न तत्र चक्षुर्गच्छति न वाग्गच्छति नो मनो....** (केनोपनिषद् १।३) अर्थात् आँखाहरू त्यहाँ प्रवेश गर्न सक्तैनन्, न त वाणी एवं मन नै त्यहाँसम्म पुग्न सक्छन् । उपासनाको तात्पर्य नै पवित्रता एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिकताको भावमा प्रवेश गर्नु हो । यसप्रकार मानवता उपासना एवं भक्तिको विषय बन्न अयोग्य छ । उसमा स्वतः आत्मबलिदानका कार्यहरूतर्फ प्रेरित गर्ने कुनै उच्च स्फूर्ति अथवा वीरभावपूर्ण भक्तिलाई जाग्रत् पार्ने सामर्थ्य छैन ।

प्रकृतिभन्दा अलग्गै जुन अतीन्द्रिय सत्ता छ त्यसप्रति संपूर्ण विश्वासको त्याग गरेर मानवता-धर्मको आचरण कहिल्यै गरिएको छैन । मानिसहरू अनित्य वस्तुको अपेक्षा स्थायी वस्तुलाई बढी महत्व दिन्छन्, तिनको आत्मा सर्वव्यापी एवं शाश्वत सेवा गर्नको लागि उत्कण्ठित रहन्छ र ईश्वरका कार्यहरूमा भाग लिनमा बढी उत्साहको अनुभव गर्छ, तर जुन व्यक्तिहरूको प्रत्यक्षवादीहरूको जस्तो 'मानवजाति यस क्षुद्र विश्वमा एउटा अत्यन्त क्षुद्र पानीको फोका समान छ र नासिने छ' भन्ने विश्वास छ, तिनीहरूको उत्साह सर्वथा भग्न हुनेछ ।

यो के हो, जसले हामीलाई आफ्ना सहमानवहरूलाई स्नेह गर्न तथा पाप-पथबाट विरत हुन विवश पार्छ ? त्यो त्यही विश्वास हो– एउटै ईश्वरीय शक्ति, एउटै भगवत्सत्ता सबैभित्र विद्यमान छ । सदाचारमय जीवन तथा सत्कर्मका सिद्धान्तहरूमा नै यो कुरा निहित छ– एक परम चैतन्य सबैमा व्याप्त भएर सबैलाई एकताको सूत्रमा आबद्ध गरिरहेको छ र त्यसको साथमा हामी धागोमा मणिहरूको माला झैं गाँसिएका छौं । आज यस विश्वासको अभावमा जगत् अव्यवस्थाको स्थितिमा पुग्नेछ र नैतिक जीवन एउटा भ्रान्ति मात्र रहन जानेछ ।

दृश्य सृष्टिको जतिसुकै विचार किन नगरियोस्, तर जबसम्म यस सृष्टि-को हेरचाह गर्ने तथा कर्म गर्ने को हो भन्ने कुरा ठीक-ठीक ज्ञात हुँदैन, तबसम्म तात्त्विक दृष्टिले यसै संसारमा मनुष्यको परम साध्य, श्रेष्ठ कर्तव्य अथवा अन्तिम ध्येय के हो भन्ने विषयको विचार पनि पूरा हुन सक्तैन । आधिभौतिकतावादीहरू आफूले बनाएको मर्यादाबाट स्वयं बाहिर जान सक्तैनन् तर हाम्रा शास्त्रकारहरूको दृष्टि यस संकुचित मर्यादा भन्दा निकै अघि बढेको छ, यसमा कसैको केही लाग्दैन । तिनीहरूले आध्या-त्मिक दृष्टिद्वारा नै सबै कुरामाथि विचार गरेका छन् । पुराना इतिहास, पुराण तथा अन्य ग्रन्थहरूबाट थाहा हुन्छ– कुनै बेलामा मनुष्य प्राप्त सुख भोगहरूलाई छाडेर परमात्मा सुखका लागि लालायित थियो । आत्मालाई चिन्नु र परमात्मालाई प्राप्त गर्नुलाई नै उसले आफ्नो जीवनको उद्देश्य ठानेको थियो । गर्भाधान–कालदेखि यसैको तयारी हुन्थ्यो र जीवनभर यसैको शिक्षा दिइन्थ्यो । ब्रह्मचर्य, गार्ह-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थ, वानप्रस्थ तथा संन्यास– यी चार आश्रमहरू र ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र –यी चार वर्णहरू मनुष्यका अन्तिम ध्येयको प्राप्तिका लगि बनाइएका थिए तथा यिनका सुव्यवस्थापूर्ण पद्धतिले मनुष्यलाई क्रमशः परमात्मातर्फ डोर्‍याउँथ्यो। शिक्षाको उद्देश्य पनि मनुष्यलाई पूर्ण सुखको प्राप्तिको साधन बुझाउनु थियो ।

समयले कोल्टे फेर्‍यो, मनुष्यको दृष्टि उँधो लाग्यो, ध्येय पदार्थ निम्न श्रेणीको भयो, अब त यहाँसम्म भयो कि भोगसुख नै जीवनको लक्ष्य ठानिन थाल्यो। त्यस सुखको स्वरूप के हो ? प्रशस्त धन होओस्, सम्मान होओस्, अधिकार होओस्, प्रभुत्व होओस् । यिनको प्राप्तिको लागि झूट, कपट, द्रोह, हिंसा आदि जुनसुकै साधनको प्रयोग पनि किन गर्नु नपरोस्, सफलता प्राप्त गर्नुपरेको छ ।

कुनै बेलामा परमात्माको प्राप्तिको लागि तप हुन्थे, आज भोगहरूको प्राप्तिको लागि हुन्छ। उहिले देहात्मबोध छाडेर ब्रह्मात्मबोध गरिन्थ्यो, आज ब्रह्मात्म-बोधलाई अनावश्यक ठानेर त्यस मार्गका पथिकहरूलाई समेत देहात्मबोधको शिक्षा दिइन्छ ।

आज जे-जति भइरहेछन्, तीमध्ये अधिकांशमा न ज्ञान छ, न निष्काम कर्म छ, न भक्ति छ। देहाभिमान नै ज्ञानको प्रमुख बाधा हो र त्यसको त निकै वृद्धि गरिंदै-छ। निष्काम कर्मको प्रमुख बाधा हो स्वार्थबुद्धि, भक्तिको प्रतिबन्धक हो शरणागतिमा कमी अर्थात् भगवान्माथि पूर्ण निर्भर नहुनु ।

ज्ञानको साधनमा देहात्मबुद्धि अर्थात् शरीरको 'म' भन्ने भावको त्याग गर्नुपर्छ । देहात्मबुद्धि त्याग गरिएपछि पापकर्म हुन सक्तैनन् । यसैगरी स्वार्थबुद्धिको त्याग भएपछि ईश्वरार्थ गरिने निष्काम कर्म पनि पापयुक्त हुन सक्तैनन्, तथा ईश्वर भक्तिमा मनुष्यको दूषित भावहरूको त्याग स्वभावतः हुने गर्छ ।

मनुष्यको बुद्धि लाटोकोसेरो र चमेरोको दृष्टि जस्तै भएको छ, जसरी यी पक्षीहरू दिउँसो अँध्यारो र राति उज्यालो देख्छन्, यसैगरी आज हामीलाई पनि अन्धकारमा नै प्रकाशको भ्रम भइरहेको छ। यसैले गर्दा हामी कामोपभोग परायण भएर सैकडौं आशाका पाशहरूमा बाँधिएर कामक्रोधादि साधनहरूद्वारा कामोपभोगार्थ अन्यायपूर्वक अर्थप्राप्तिका उपायहरूमा लागिरहेका छौं। यी आसुरी भावहरूको परि-णाम नरकको यातना तथा अधम गति सिवाय अरू के हुन सक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस भवरोगको औषधि हो– तत्त्वविचार तथा भगवदाराधन। आप्त वचनहरूमाथि श्रद्धा गरौं। ऋषिमुनिहरूलाई भ्रान्त संज्ञन छाडिदिऔं। जीवनलाई तप र संयमले पूर्ण बनाएर भगवत्कृपाको आश्रय ग्रहण गरौं। अटल विश्वास तथा परम श्रद्धाले भगवान्को पाउको सेवा गरौं तथा उनको पवित्र नामको जप गरौं।

मनुष्यले राम्रोसंग विचार गर्नुपर्छ– यहाँका संपूर्ण भोगसुखहरू अनित्य छन्। हाम्रो शरीर माटाको गाग्रो जस्तै अचानक हलुका धक्काले नै नष्ट हुने खालको छ, त्यसैले भोगहरूबाट मन फर्काएर भगवान्लाई प्रेम गरौं। भगवान्को लागि नै जगत्का संपूर्ण कार्य गरौं। जगत्को लागि भगवान्लाई कहिल्यै बिर्सनु हुँदैन। मनुष्य यस प्रकार निश्चय गर्छ भने उसले संसार त्याग्ने कुनै आवश्यकता छैन, सम्पूर्ण जगत् भगवान्मय नै छ – हरि रेव जगत्, जगदेव हरिः।

शान्तिबिना आत्मानन्द वा सुख संभव छैन– हामी मनभित्र प्रवेश गरौं। परमेश्वरलाई छोऔं, हामीलाई त्यो पूर्ण शान्ति प्राप्त होओस्– के त्यो संभव छ ? अवश्य छ। त्यो शान्ति त हाम्रो प्रतीक्षा गरिरहेछ। प्रभु त हाम्रो बाटो हेरिरहेका छन्। हामी बाहिर तिर शान्ति खोज्न छाडेर भित्रतिर प्रस्थान गरौं, प्रभुसंग भेटौं, सदाको लागि हामीलाई पूर्ण शान्ति प्राप्त होओस्। तर हामी त त्यतातिर गइरहेका छौं, जता शान्ति प्राप्त हुने संभावना छैन।

अहिले हाम्रो बुद्धि प्रभुलाई छाडेर अन्यको विचार गरिरहेको छ। हामी झूठो ममतामा फसेका छौं तथा मिथ्या अहंकारले भ्रान्त पारेको छ। यसैले हामी अशान्त छौं। जब हाम्रो बुद्धि प्रभुमाथि समर्पित हुन्छ, मन प्रभुमा निवेदित हुन्छ, इन्द्रियहरू प्रभु परायण हुन्छन्, शरीर प्रभुको सेवामा संलग्न हुन्छ, झूठो ममता चूँडिन्छ र मिथ्या अहंकार मेटिन्छ, तब अशान्ति सदाको लागि नष्ट हुन्छ। बुद्धिद्वारा हामी प्रभुको स्वरूपको निश्चय गरौं– हाम्रा प्रभु शान्तिरूप छन्, पूर्ण छन्, अमृत स्वरूप छन्, विज्ञान स्वरूप छन्, आनन्दस्वरूप छन्, सत्य ज्ञान, अनन्त स्वरूप छन्। यी नै आनन्दस्वरूप प्रभुबाटै सबै प्राणी उत्पन्न हुन्छन्, उत्पन्न भएपछि उनीद्वारा जीवित रहन्छन् र उनै आनन्दस्वरूप प्रभुमा मिल्दछन्।

प्रभु नै ती प्रसिद्ध देव हुन् जो सबै प्राणीहरूमा लुकेर रहेका छन्, सर्वत्र व्याप्त छन्, सबै जीवहरूको अन्तरात्मा हुन्, कर्महरूका अध्यक्ष हुन्, सबै भूतहरूका अधिष्ठान हुन्। सबैका साक्षी हुन्, सबैलाई चेतना दिने हुन् र निर्गुण छन्। त्यस्तै प्रभु अनित्य पदार्थहरूमा नित्यस्वरूप छन्, चेतनाहरूका पनि चेतन छन्। उनी एक्लै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकौंका कामनाहरू पूर्ण गर्छन्, जुन धीर पुरुष आफ्नो बुद्धिमा स्थित त्यो पुरुषलाई देख्छ उसैलाई नित्य शान्ति प्राप्त हुन्छ, अरूलाई हुँदैन ।

मन प्रभुमा तन्मय भएपछि त इन्द्रियहरू आफैं उनमा लाग्छन् । झुत्रो बेरेको, बाटोको माग्ने भेट्न आएपनि हामीलाई अनुभव होओस्–प्रभु आएका छन् तथा हामी अघि सरेर अमृतमयी वाणीले उसको यथायोग्य स्वागत गरौं। यसैप्रकार कदाचित् यदि राजा आए भने पनि हामीलाई यही अनुभव होओस्– तिनै प्रभु आज राजाको भेषमा आएका छन् । सबैको हितको भावले ओतप्रोत वाणी मुखबाट निस्कोस् । अतिरिक्त समयमा निरन्तर, प्रभुको जप, स्तवन, विशुद्ध प्रार्थना, प्रभुको स्वरूपको प्रवचन आदिमा नै वाणी व्यस्त रहोस् । यसप्रकार हाम्रो वाणी, मन तथा बुद्धि पूर्ण रूपले प्रभुतिर मोडिएपछि निश्चय नै झूटो ममता निर्मूल हुनेछ, मिथ्या अहंकार विलीन हुनेछ। जब वास्तवमा सर्वस्वरूप प्रभुको अनुभूति हुन थाल्छ, तब हाम्रो यो 'म' रहँदैन, न त मको सन्तान मेरो नै बाँकी रहन्छ। मको ठाउँमा एकमात्र प्रभु नै बाँकी रहन्छन् र मेरोको ठाउँमा पनि प्रभुकै अस्तित्व रहनेछ । त्यहाँ एक अखण्ड, अनन्त, असीम, अनिर्वचनीय, शान्तिको साम्राज्य फैलिएको हुनेछ तथा त्यहाँ पुगेर नै अनेक जन्म-जन्मान्तरको शान्तिको खोज समाप्त हुनेछ ।

प्रत्येक मानवलाई ज्ञानको प्रकाश दिने बुद्धि प्राप्त भएको छ, जसद्वारा भक्ति, वैराग्य तथा ज्ञान प्राप्त गर्न सकिन्छ । मनुष्य आफ्नो बुद्धिलाई ईश्वर तथा धर्ममा लगायो भने अनन्त आनन्द प्राप्त हुन सक्छ । यसैले दुर्लभ मनुष्यदेह प्राप्त गरेर आफ्नो वास्तविक उद्देश्यको प्राप्तिको लागि यत्न गर्नुपर्छ । यस कुरालाई मनमा दृढ पार। तिमी शरीर होइनौं। यस शरीरभन्दा अघि पनि तिमी थियौ र पछि पनि रहनेछौ। तिमी आत्मा हौ, तिम्रो स्वरूप नित्य छ। जुन कुरा नित्य हुन्छ, त्यो सर्वगत, अचल, स्थिर तथा सानतन हुन्छ ।

यही आनन्दमय सच्चेतनस्वरूप आत्मा सर्वगत छ। जसको दृष्टि यस आत्मातर्फ हुन्छ, उ न कसैसंग घृणा गर्छ, न त द्वेष। उ सबैमा समान भावले आफ्नै आत्मस्वरूपलाई देखेर सबैप्रति आत्मवत् व्यवहार गर्छ। यो भेदमय संसारमा अभेद देख्नु नै त आत्मबुद्धि हो, शुद्ध ज्ञान हो। यी संम्पूर्ण भेद विनाशी छन् र त्यो अभेद अविनाशी छ। न सर्वगत, एकरस, निर्दोष र सम आत्मा भेदको कल्पना गर, न त बाहिरका व्यवहारमा भिन्नता देखेर त्यो भिन्नता नाश गर्ने व्यर्थ चेष्टा नै गर। यस विचित्रता र अनेकतामा नै त्यो नित्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकरसत्व र एकत्वको अनुभव गर , व्यावहारिक अनित्य भेदमा नै पारमार्थिक नित्य अभेदको दर्शन गर । सबै मर्यादाहरूको पालन गर; तर त्यसै गरी, जसरी नाटकको पात्रले नाट्यमञ्चमा आफ्नो स्वाङअनुसार अभिनय गर्छ, तर आफ्नो निज स्वरूपलाई कहिल्यै बिर्सदैन । यी सब केवल तिम्रो यसै शरीरका स्वाङ हुन्, आत्मा तिम्रो यथार्थ नित्य निज स्वरूप हो । निश्चय नै नाटकको त्यसै पात्रको उन्नति हुन्छ र उ नै खेलमा उच्च प्रशंसा प्राप्त गर्छ, जो आफ्नो पात्रको भूमिका उसकै अनुरूप ठीक रूपमा अभिनय गर्छ, अरूको क्रिया बिर्सेर पनि गर्न चाहँदैन । यही वर्णाश्रमको रहस्य हो । अरू वर्णलाई आफूलाई भन्दा नीच नसंझ, आ-आफ्नो स्वरूपमा सबैको आवश्यकता र सार्थकता छ र सबै ठूला छन् । नीच ठानेर अज्ञ कसैलाई घृणा नगरेजस्तै ठूलो ठानेर अर्काको नक्कल अथवा चाहना पनि नगर । यही कुरा बुझेर त्यसैतर्फ दृष्टि राखेर नित्य आत्माको ध्यान गर्दै शरीरसंग यथायोग्य व्यवहार गर । यो आत्मा परमात्माकै सनातन अंश हो, परमात्माकै स्वरूप हो । देहमा स्थित हुँदा जसलाई सुख-दुःखभोगी जीवात्मा भन्छन्, त्यही साक्षी रूपले द्रष्टा, भित्रबाट सत्य आवाज दिने भएकोले अनुमन्ता भरण-पोषण गर्ने भएकोले भर्ता, नियामक रूपमा ईश्वर तथा निर्गुण रूपमा परमात्मा हो । यी सबै स्वरूपहरू एकै समयमा एकै भगवान्मा छन् । कार्यभिन्नता अनुसार स्वरूप भिन्नता छ ।यही उनको अनिर्वचनीय लीला हो । यिनै समग्र परमात्माका मुख्यतः दुइ नित्य स्वरूप छन् – एउटा अव्यक्त र अर्को व्यक्त । अव्यक्तका दुइ भेद छन्– एउटा अव्यक्त निर्गुण र अर्को अव्यक्त सगुण । अव्यक्त निर्गुण त्यस स्थितिको नाम हो, जसमा शक्तिको लीला बन्द हुन्छ, शक्ति शक्तिमान्मा विलीन हुन्छ । यसैलाई विज्ञानानन्दघन ब्रह्म भन्छन् । अव्यक्त सगुण नै सृष्टिकर्ता सर्वव्यापी, सबैको नियामक तथ। विभु हो । शक्तिको क्रिया भएको स्थितिमा नै यो सगुण भनिन्छ । तिनै परमात्मा नित्य, दिव्य विग्रहको रूपमा व्यक्त छन्, राम–कृष्णादि अवताररूप विष्णु, शिव, देवी, ब्रह्मा, सूर्य आदि उनैका दिव्य स्वरूप हुन् । यो निश्चय गर-सर्वमय, सर्वशक्तिमान्, सर्वाधार, सर्वव्यापी, सर्वरूप भगवान् को कुनै पनि व्यक्त साकार रूपको एकमात्र महेश्वर बुद्धिद्वारा परम श्रद्धायुक्त भएर अनन्य उपासना गर्ने भक्त तथा नित्य निर्गुण विज्ञानानन्दघन परमात्माको अभेद उपासना गर्ने ज्ञानी दुवैले अन्तमा एउटै भगवतत्त्वलाई प्राप्त गर्छन्, किनभने परमात्मा एउटै छ । निश्चय नै लीलामय साकार रूपको अनन्य उपासक श्रेष्ठ योगवेत्ता पुरुषले प्रेमको अलभ्य रसलाई विशेष रूपले उपलब्ध गर्नेछ । भगवान्को नित्य विग्रह श्रीकृष्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि स्वरूपलाई जन्मने र मर्ने ठानेर कहिल्यै अवहेलना गर्नु हुँदैन। यिनीहरूको प्रादुर्भाव तथा तिरोभाव अथवा प्राकट्य तथा अन्तर्धान हुन्छन् कि जन्म-मरण। चाहे व्यक्तलाई भज, चाहे अव्यक्तलाई, तर दुवैले प्राणीसंग सद्व्यवहार गर्नु आवश्यक छ। अव्यक्तमा सबै ब्रह्ममय छन् र व्यक्तमा श्रीकृष्णमय वा श्रीराममय। चाहे सबैलाई ब्रह्ममय ठानेर आफूलाई पनि यसबाट अभिन्न मानेर अनिवार्य व्यावहारिक भेद कायम राख्दै अभेद व्यवहार गर, चाहे सबैलाई श्रीराम–कृष्णस्वरूप मानेर आफ्नो सामर्थ्य अनुसार सबैको यथायोग्य सेवा गर, कुरा एउटै हो। तब मात्र तिमी आदर्श साधक बन्न सक्नेछौ। श्रुतिमा पनि भनिएको छ–यस जन्ममा ब्रह्मलाई बुझ्यौ भने त ठीक छ, तर त्यसलाई यस जन्ममा बुझेनौ भने त ठूलो हानि छ। बुद्धिमान् व्यक्तिहरू त्यसलाई समस्त प्राणीहरूमा उपलब्ध गरेर यस लोकबाट गएर (मरेर) अमर हुन्छन्।

नाम-रूप कल्पित र आरोपित, आत्मा मात्रसत्य –

मनीराम र बुद्धिमतीको प्रसंग (विस्तृत कथाको लागि मूल ग्रन्थ चतुर्थ खण्ड पृष्ठ ५७ हेर्नुहोस्) बाट ज्ञात हुन्छ–मनीराम मन हो र बुद्धिमती बुद्धिको रूप हो। ज्ञान, वैराग्य र भक्तिरूप तीनवटा लड्डूहरूको लागि यी दुइमा झगडा चलिरहन्छ। लड्डू सहित थालरूपी शरीरलाई कुकुररूपी कालले बोकेर लैजान्छ। यसप्रकार बुद्धि र मन दुवै ज्ञान, वैराग्य र भक्तिको अतुल आनन्दबाट वञ्चित हुन पुग्छन्, वास्तवमा मनुष्य-शरीर यिनै तीन लड्डूहरूको सेवन गर्नको लागि प्राप्त भएको छ। तर हामी त दुर्भाग्यवश नाम-रूपको मोहमा नै अल्झेका छौं। हामीले त्यसको त्याग गरी निश्चय गर्नुपर्छ–म शरीर होइन। म नाम होइन। नाम-रूप ममा आरोपित छन्। यी संग मेरो वस्तुतः कुनै सम्बन्ध छैन। शरीरको नाशले मेरो केही बिग्रँदैन। नामको प्रशंसा-निन्दाले मेरो केही हानि हुँदैन। म त अजर अमर, निष्कलंक, शुद्ध, सनातन एवं एकरस छु। जे जति परिवर्तन हुन्छन्, ती सबै नाम-रूपमा हुन्छन्। नाम- रूपबाट आत्मा सर्वथा पृथक् छ।

नाम-रूप दुवै कल्पित हुन्, आरोपित हुन्, तर जीव यिनैलाई आफ्नो स्वरूप ठानेर दिन-रात यिनैको सेवामा लागिरहन्छ; शरीरलाई आराम मिलोस् नामको नाम (कीर्ति) होओस्, केवल यत्तिकै लागि ठूला साना सबै पागल भइरहेका छन्। यो मोह हो, अज्ञान हो, उन्माद हो, माया हो। यसबाट आफूलाई मुक्त गर। आफ्नो स्वरूप-लाई सम्हाल। जुन दिन नामरूपलाई मिथ्या प्रकृतिको कुरा मान्छौ र आफूलाई यिनबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलग्ग ठान्दछौ, त्यसैदिन प्रकृतिजन्य सुख-दुःखबाट छुट्कारा पाउनेछौ । सम्पूर्ण कार्य-हरू प्रकृतिमा भइरहेका छन् आत्मा निर्लेप छ । आत्मा तिम्रो स्वरूप हो ।

शरीर रोगी भएमा तिमी रोगी हुँदैनौ, शरीर स्वस्थ भएमा तिमी स्वस्थ हुँदैनौ । तिमी निःसंग छौ, सदा सम छौ, तिमीभित्र यी द्वन्द्वहरू छँदै-छैनन् । सम्पूर्ण द्वन्द्व-हरू प्रकृतिमा छन्, जबसम्म तिमी प्रकृतिमा स्थित छौ, तबसम्म प्रकृतिका रोगहरूद्वारा ग्रस्त छौ र पूर्ण स्वस्थ भएर पनि सर्वथा अस्वस्थ छौ । तिम्रो वास्तविक स्वस्थता स्व (आत्मा)–मा स्थित हुनुमा छ । जो आत्मामा स्थित छ, उ नै स्वस्थ छ र जो प्रकृतिमा स्थित छ, उ नै अस्वस्थ छ । यसै प्रकार तिम्रो नामको प्रशस्त यश फैलिनुमा तिम्रो केही यश हुँदैन, नामको बदनामीले तिम्रो बदनामी हुँदैन । अतः नाम-रूपको मोह छोडेर, शरीरको आराम र नामको प्रसिद्धिको चिन्ता त्यागेर आफ्नो स्वरूपलाई सम्हाल । तिमी सदा मुक्त छौ । बन्धन तिम्रो नजीक आउनै सक्तैन, सुख–दुःखका द्वन्द्व तिम्रो कल्पनामा आउनै सक्तैनन् । तिमी आनन्दस्वरूप हौ । तिमी स्वयं शान्तिको भण्डार हौ । नित्य निरन्तर शुभ सङ्कल्प तथा दृढ निश्चय गर– म सर्वशक्तिमान् भगवान्को सनातन अंश हुँ । म सत् हुँ, आनन्द हुँ, चेतन हुँ । मेरो नित्य निरामय चित्स्वरूपमाथि कुनै पनि जड पदार्थ वा जागतिक स्थितिको कुनै पनि असर पर्न सक्तैन । म नित्य निर्मल तथा अनन्त आनन्दको भण्डार भगवान्को स्व-अंश हुँ । भगवान्को निःस्वार्थ प्रेम मेरो हृदयमा भरिएको छ । जुन भगवान् ममा छन्, उनै भगवान् सबैमा छन् । भगवान् एक क्षणको लागि पनि कहिल्यै मेरो हृदयबाट अलग हुँदैनन्, म कहिल्यै खराब विचार, असत् संकल्प, पापनिश्चय तथा अरूको अनिष्टको चिन्तन गर्नै सक्तिन, किनभने भगवान्को सान्निध्यले गर्दा मेरो हृदय सदा सविचार, सत् सङ्कल्प, शुभ निश्चय तथा अरूको हितको भावनाले भरिएर रहन्छ । म यस संसारमा केवल सुख, शान्ति, पुण्य, प्रेम, परमात्माको शक्ति तथा भगवान्को अखण्ड ज्ञान प्राप्त गर्न र यसैलाई संपूर्ण जगत्मा वितरण गर्नको लागि आएको हुँ । यही नै मेरो जीवनको परम व्रत हो ।

ब्रह्म नै परम शान्ति तथा आनन्दको स्रोत– सर्वेश्वर परब्रह्म नै आनन्द तथा परम शान्तिका समुद्र हुन् । उनै भगवान्सित तिम्रो सम्बन्ध जति-जति बढ्दै जान्छ, त्यति नै आनन्द तथा शान्ति समेत तिमीभित्र बढ्दै जान्छ । तिमी भगवान्को सम्बन्धलाई बिर्सेर शोक तथा अशान्तिले भरिएको विषय-वैभवसंग संबन्ध जोड्छौ भने तिमीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्द तथा शान्तिको सट्टा अशान्ति तथा शोक प्राप्त हुनेछ । यसैले शान्ति तथा परमानन्दमा परब्रह्मसंग सम्बन्ध जोड, तब तिमी जहाँ भए तापनि आनन्द तथा शान्तिलाई त्यहीं आकर्षित गर्न सक्नेछौ तथा अरूमा वितरणसमेत गर्न सक्नेछौ । ती व्यक्तिहरूको संगत गर, सकेसम्म बढी समय उनीहरूसंग रहन र उनीहरूको निकट रहेर उनको सेवा गर्नमा बिताऊ, जसको हृदय परम शान्ति तथा परमात्माको समुद्र भगवान्मा निमग्न, छ उनीहरूको संगतले तिम्रो हृदयको संबन्ध पनि भगवान्संग जोडिनेछ, अनि तिम्रो हृदयको द्वार पनि परमानन्द तथा परम शान्तिको लागि खुल्नेछ।

मनोनियन्त्रणविना परमानन्द-प्राप्ति असम्भव- मनलाई महापुरुषहरूको संसर्गमा लगाऊ। मनलाई निकम्मा नराख । निकम्मा मनले प्रमाद गर्छ। प्रमादी मन भएको मनुष्य नै यस्ता कार्यहरू गर्छ, जुन उसले गर्नुहुँदैन । प्रमादको अर्थ हो–गर्न योग्य कर्म नगर्नु र नगर्न योग्य कर्म गर्नु । यसैले मनलाई शुभचिन्तनमा लगाइराख। मन आफ्नो कार्यमा यति संलग्न रहनुपर्छ कि त्यसैको चिन्तन गर्दा-गर्दै निद्रा लागोस् र व्यूझनासाथ पुनः त्यसैको चिन्तन होओस् । त्यसो भएपछि तदाकार वृत्ति शीघ्र एवं सहज हुन्छ। नयाँ विषयमा लाग्नाले मन शुरूमा आतिन्छ, रोकिन्छ, वाक्क हुन्छ र कहिलेकाहीं प्रबलरूपले त्यसलाई अस्वीकार समेत गरिदिन्छ, तर त्यसबाट नआत्तिऊ। विषयचिन्तनमा अभ्यस्त मन शुरू-शुरूमा भगवच्चिन्तनमा लाग्न हच्कन्छ, रोकिन्छ र मान्दैन। तर निराश नभएर त्यसलाई निरन्तर लगाउँदै गयौ भने त्यो विषय चिन्तनलाई छाडेर भगवच्चिन्तनमा नै लागिरहने छ। मन बडो दुर्निग्रह एवं चञ्चल छ तर अभ्यास–(भगवच्चिन्तनमा बराबर लगाउनु) तथा वैराग्य–(पुरानो विषय-चिन्तनका दुःख दोष देखाई-देखाईकन त्यसबाट हट्नु)को सावधानीसाथ सतत प्रयोग गरेपछि त्यो भगवच्चिन्तनपरायण हुने नै छ। अनि कुनै पनि प्रमादको आशंका वा संभावना रहँदैन ।

मनमा कहिल्यै निराश, विषाद, उदासीनता, असमर्थता आदिलाई स्थान नदेऊ। विश्वास राख –मलाई आफ्नो ध्येय निश्चय नै प्राप्त हुनेछ। मनमा दृढ निश्चय राख–मेरो भगवान्सित नित्य सम्बन्ध छ। भगवान्को पूर्ण एवं अनन्त कृपा ममाथि सदासर्वदा बर्सि नै रहनेछन् । भगवान्को कृपाको बलद्वारा नै म यसै जीवनमा निश्चय नै भगवान्लाई प्राप्त गर्नेछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

...मेरो मन मेरो कल्याणमा नै नियुक्त, छ, किनभने त्यो मेरो वशमा छ र भगवान्‌तिर झुकेको छ। अब मलाई दृढ निश्चय भएको छ– मेरो मन सर्वथा भगवान्‌को अनुगामी भएर केवल उनैको अधिकारमा पुगेको छ र उनकै इसारामा चल्छ। म पाप-पुण्यबाट मुक्त तथा भगवत्प्रेमले युक्त भएर कृतार्थ भइसकेको छु। –यी सबै कुरा-हरूलाई जान्न, मनन गर्न र यो अनुभूति प्राप्त गर्न श्रद्धा-विश्वासपूर्वक दीर्घकालीन साधनको आवश्यकता हुने गर्दछ।

आत्मवाद–हिन्दू दर्शनमा आत्मासित सम्बद्ध अनेक वादहरू छन्, जस्तै देहात्मवाद, इन्द्रियात्मवाद, प्राणात्मवाद आदि। हिन्दूहरूको विश्वास छ– अमर आत्मा मरणधर्मा देहमा निवास गर्छ। प्राच्य तथा प्रतीच्य दार्शनिकहरूमा यस विषयमा महान् मतभेद छ। प्राच्य मनीषि भन्छन्–शरीरधारीले शरीरको त्याग गर्छ। तर प्रतीच्य चिन्तकहरूका अनुसार शरीरले शरीरधारीको त्याग गर्छ। हिन्दूऋषिहरूले कठोर आध्यात्मिक साधना गरेर त्यस सर्वव्यापक प्रभुको आश्चयर्यजनक प्रातिभ ज्ञान (आन्तरिक ज्ञान) प्राप्त गरेका थिए जुन विश्वमा व्याप्त रहेर त्यसभन्दा पर पनि विद्यमान छ। अतः मानव तथा उसको सच्चिदानन्दमयताको विषयमा तिनको धारणा अटल थियो। हिन्दू धर्मको इतिहास यस्ता अनेकौं उदाहरणहरूद्वारा परिपूर्ण छ। मानव केवल-हाड छालाको पुन्जमात्र होइन। यो ईश्वरको अंश हो। कैयन् वर्ष भए हिमालयको जङ्गलबाट बग्ने गङ्गाजीको तटमा एक महात्मा बस्थे। उनी ज्ञाननिष्ठामा स्थित रहेर आफ्नो अधिकांश समय तपश्चरणमा व्यतीत गर्थे। एक दिन सायंकालमा उनलाई बाघले झम्ट्यो र बोकेर लग्यो, तर त्यति बेला पनि उनको मुखबाट सोऽहं ध्वनि निस्किरहेको थियो। यस्ता अनेकौं उदाहरणहरू छन्, जसमा साधकहरूले आफ्नो शरीरभन्दा पृथक् आत्माको अनुभव गरेका छन्। यो विस्मयोत्पादक अनुभूति संसारका सबै धर्म तथा देश-हरूमा देख्न पाइन्छ। बौद्ध धर्मकी अम्बपाली को थिइन् ? इसाई धर्मका मर्था र मेरी को थिए ? शमस–तबरेज (सूफी धर्म) को थिए ? नवीन वैष्णव धर्मका जगाई र मधाई को थिए ? ती सबै महामानवका चामत्कारिक शक्तिद्वारा परिवर्तित ऐतिहासिक व्यक्ति थिए।

ब्रह्मत्व प्राप्तिको क्रममा हुने अनुभूति– ब्रह्मत्व प्राप्ति गर्दासम्ममा मानव विकासका विविध स्तरहरूको अतिक्रमण गर्छ। प्रारम्भिक अवस्थामा अज्ञानले गर्दा उ विपरीत मार्गमा हिंड्न थाल्छ, जसको परिणाम हुन्छ– दुःखको कष्टप्रद अनुभूति तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब सत्त्वको वृद्धि हुन्छ, तब उ आफ्ना दोषहरूको परिमार्जन गर्छ। तथा क्रमशः आफ्नो मूलभूत विशुद्ध स्वरूप प्राप्त गर्छ। स्वामी विवेकानन्दजीको भनाइ छ– मानव अल्प सत्यबाट महान् सत्यतिर बढ्ने गर्छ, तर असत्यबाट सत्यतर्फ होइन । मानव ज्ञान तथा प्रकाशका स्वरूप परमात्माको प्रतिमूर्ति सिवाय अन्य कुनै कुरा होइन ।

नैतिक तथा आध्यात्मिक उन्नति यथार्थ उन्नति–शान्तिका ती दिनहरूमा, जब यस पवित्र देशका जनता यस दिव्य आदर्शको पालना गर्थे, संपूर्ण देश स्वर्ग प्रतीत हुन्थ्यो। बौद्ध धर्मको स्वर्णयुगमा पनि यो देदिप्यमान चित्र सर्वत्र दृष्टिगोचर हुन्थ्यो । चिनिया यात्री फाहियान र ह्वेनसांगले आफ्ना यात्रा– दैनन्दिनीमा लेखेका छन्– "भारतमा कारागार त छ, तर तिनमा थुनिएका बन्दी छैनन् र यहाँका निवासी आफ्नो घरको दैलो खुला राखेर सुत्ने गर्छन्" । ती दिनहरूमा यस देशको नैतिक तथा आध्यात्मिक संस्कृति उन्नतिको चरम सीमासम्म पुगिसकेको थियो ।

अनि के कारण हो, आज हामी सर्वत्र विषम परिस्थिति नै देख्छौं तथा वैज्ञानिक एवं यान्त्रिक उन्नति भए तापनि प्रायः सबै व्यक्ति सतत आतंकित एवं परस्पर सशंक जीवन बिताइरहेछन् ? यो दयनीय दशाको उत्तरदायित्व कसमाथि छ ? मानव निःसन्देह ईश्वरको अंश हो र उसले निश्चय नै यथासमय दिव्यताको प्राप्ति गर्ने छ तर आध्यात्मिक विद्या तथा संस्कृतिका संरक्षकहरूले न त यसमाथि त्यति ध्यान दिएका छन्, न त्यति यत्न नै गरेका छन्, जति तिनीहरूबाट आशा गरिन्छ। उनीहरू नै पथ-प्रदर्शक हुन् र उनीहरूले मानवजातिलाई यो देखाउनु छ–ईश्वर, आत्मा तथा मोक्ष केवल खोक्रा शब्द मात्र हैनन्, अपितु वास्तविक तथ्य हुन् । मानव ईश्वरको सर्वोच्च अभिव्यक्ति हो । जबसम्म उसको दृष्टि सर्वथा परिवर्तन हुँदैन, भौतिकबाट आध्यात्मिक हुँदैन, तबसम्म विज्ञानको क्षेत्रमा जतिसुकै- प्रगति किन नहोस्, विश्वको त्यो सुन्दर रूप हुन सक्तैन, जसमा मनुष्य निरापद एवं सुरक्षित रहेर परस्पर स्नेह र सहयोगको जीवन बिताउनु सकोस् ।

हिन्दूदर्शन

हिन्दूदर्शनको परिभाषा तथा मत-मतान्तर– दर्शन शब्दको सामान्य अर्थ हो देख्ने । यसको पारिभाषिक अर्थ तत्त्वविज्ञान हो । हामीले देख्ने शक्ति लिएर जन्म-ग्रहण गरेका छौं । हाम्रो सामु एक विशाल दृश्य जगत् विद्यमान छ । स्वभावतः हामी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ विविध विचित्र पदार्थहरूको दर्शन गरिरहन्छौं । परन्तु यो देख्नुद्वारा द्रष्टव्य जगत्-संग हाम्रो यथार्थ परिचय हुँदैन । दृश्यमान प्रत्येक पदार्थको कुनै न कुनै कारणबाट उत्पन्न हुने स्वभाव देखेर असंख्य पदार्थहरूका समष्टिस्वरूप समस्त जगत्कै कारणको पत्ता लगाउने प्रवृत्ति हामीभित्र उत्पन्न हुन्छ । समस्त जगत्को कारणको आविष्कार गर्न नसकिएसम्म जगत्को परिचय प्राप्त भयो भन्ने बोध हुँदैन ।

जागतिक व्यापार देख्दा-देख्दा तिनमा विद्यमान अद्भुत अखण्डनीय नियम शृंखलाको राजत्व (कारण) ले हाम्रो दृष्टिलाई आकर्षित गर्दछ, सर्वत्र निर्माण-ध्वंसभित्र पनि, एउटा ऐक्य तथा सामञ्जस्य देखेर हामी विमोहित हुन पुग्छौं । अनि स्वभावतः यो जिज्ञासा उत्पन्न हुन्छ– कुन अलक्ष्य शक्तिद्वारा सुनियत विधानअनु-सार यो जगत् परिचालित भइरहेको छ ? यस जगत्को नियन्ता को हो ? ती संपूर्ण नियमहरूलाई र तिनका अन्तरालमा विद्यमान नियन्त्रण गर्ने शक्तिलाई राम्ररी नदे-खीकन विकसित बुद्धिलाई संसार सम्यक् रूपले देखिसकियो भन्ने कुरामा सन्तोष हुन सक्तैन ।

बाहिरतिरबाट दृष्टि हटाएर आफैंमा दृष्टिपात गर्दा समेत अनेक समस्या-हरू उपस्थित हुन जान्छन् । शरीरका यतिका परिणाम, वृद्धि तथा ह्रासभित्र पनि हामी-लाई यस कुराको अनुभव हुन्छ म एउटै हुँ । यो म को हुँ ? यो म को हो ? यस मको राम्ररी परिचय नपाईकन हाम्रो आफूले आफैंलाई देख्ने काम पूरा भएन । मभित्र श्रेय तथा प्रेय उचित तथा अनुचित, न्याय तथा अन्याय, धर्म तथा अधर्म, असल तथा खराबको एकसाथ भेदबोध नित्य विद्यमान छ, र बुद्धि विकासको साथसाथै यस बोधको समेत विकास भइरहन्छ । वास्तवमा यस भेदको कुनै आधार छ कि छैन ? यदि छ भने त्यस आधारको स्वरूप के हो ? हाम्रो जीवनको आत्यन्तिक श्रेय के हो? के थाहा पाएपछि हाम्रो ज्ञानको खोज पूर्ण हुनेछ, के गरेपछि हाम्रो कर्मको समस्त सार्थकता हुनेछ र के प्राप्त गरेपछि हाम्रा इच्छाहरूको आत्यन्तिक निवृत्ति हुनेछ ? यी संपूर्ण समस्याहरूको समाधानविना हामीले आफूलाई आफ्नो परिपूर्ण रूपमा देख्नु संभव हुँ-दैन । यसप्रकार आफूलाई र संसारलाई हेर्दा-हेर्दा हाम्रो बुद्धिको उत्कर्षका साथसाथै जुन संपूर्ण गम्भीर समस्याहरूको उत्पत्ति हुन्छ ती संपूर्ण समस्याहरूको समाधान भएपछि जब हेरिन्छ, तब मात्र दृश्य विषयहरूको यथार्थ परिचय प्राप्त हुन्छ तथा तब मात्र यथार्थ देख्नु संभव हुन्छ । यस प्रकारले देख्नु नै दर्शन शब्दको पारिभाषिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ हो । यसैको नाम तत्त्वज्ञान हो । सुनिपुण न्यायसंगत विचारद्वारा समस्त पदार्थहरूको आत्मानात्ममय चेतनाचेतनमय समग्र विश्वको मूल तत्त्वको अन्वेषण एवं आविष्कार गर्नुको नाम नै दर्शनशास्त्र हो । यसप्रकार पारिभाषिक अर्थमा दर्शन शब्दको व्यवहार महाभारत कालभन्दा अघिदेखि नै हुँदै आइरहेको छ ।

हिन्दूहरूको प्राचीनतम ग्रन्थ ऋग्वेद हो । ऋग्वेदमै यस कुराको निर्विवाद प्रमाण विद्यमान छ कि त्यस प्रागैतिहासिक युगमा पनि आर्य विद्वान्हरू यी चरम तत्त्वको सम्बन्धमा केवल अनुसन्धान मात्र गर्दैनथे, अपितु सुनिपुण विचारसिद्ध निश्चय समेत गर्थे।

वेदको अन्तिम भाग (वेदान्त) उपनिषद्मा मनुष्यका ज्ञातव्य, कर्तव्य, प्राप्तव्य तथा भोक्तव्य विषयहरूका चरम समस्याहरूका कैयन् समाधानहरू पाइन्छन्, जसको अतिक्रम गर्न अथवा तिनका भूल देखाउन आर्य विद्वान्हरूको परवर्ती युग-युगान्तरव्यापी विचार-साधना तथा तत्त्व-समालोचना कहिल्यै समर्थ भएन, अपितु न तमस्तक भएर त्यसलाई स्वीकार गर्न नै बाध्य भयो ।

सन्देहहरूको निराकरण तथा विरोधी मतको खण्डनविना कुनै विशेष सिद्धान्तको प्रतिपादन हुँदैन । उपनिषद्हरूको युगमा पनि तत्सम्बन्धी कैयौं वादविवाद हुन्थे, कैयौं प्रमाण, प्रयोग तथा युक्ति-तर्कहरूको अवतारणा हुन्थ्यो । जसरी मतवादहरूमा वैचित्र्य आएका थिए, त्यसै गरी समन्वयका प्रयत्न पनि भएका थिए ।

विविधदर्शन (सांख्य, योग, न्याय, वैशेषिक, कर्ममीमांसा (पूर्वमीमांसा) र ब्रम्हमीमांसा (उत्तर-मीमांसा वा वेदान्त) --यी षड्दर्शनका नामले लोकप्रसिद्ध भए । यिनीहरूमध्ये प्रत्येकको भाष्य, टीका, वृत्ति, व्याख्या, निबन्ध आदि माध्यमद्वारा विरोधी मतको खण्डन तथा आत्ममतको समर्थनमा प्रयोग हुनाले गर्दा निकै परिपुष्टि भयो । तिनीहरूमध्ये हिन्दू-समाजको विचारधारा, भावधारा, र कर्मधारामाथि वेदान्त-दर्शनको प्रभाव सबैभन्दा बढी पर्‍यो । यस समाजमा जति धर्म-संप्रदाय गठित भए प्रायः सबै वेदान्त-दर्शनको मीमांसामाथि प्रतिष्ठित छन् । ती सबै धर्म-संप्रदायका आचार्यहरूले आ-आफ्ना बुद्धि, रुचि तथा आध्यात्मिक अनुभूतिअनुसार वेदान्त-दर्शनका विभिन्न व्याख्याहरू गरेका छन् र यी व्याख्याहरूको माध्यमद्वारा वेदान्त-दर्शन अनेक शाखाहरूमा विभक्त भएको छ र हिन्दू समाजमा दार्शनिक गवेषणाको समेत प्रसार भएको छ । वेदान्त-दर्शनलाई आधार नबनाईकन पनि अनेक धर्म-संप्रदायहरू गठित भएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । तिनका पनि भित्तिमा दार्शनिक मत छन्, तर वेदान्तानुगत नहुनाले तिनीहरू समाजमा उपधर्म मानिएका छन् ।

वर्तमानमा प्रत्येक दर्शनशास्त्रको आदिमा एक-एक सूत्रग्रन्थ पाइन्छ एवं सूत्रकारहरूका नाम पनि प्रचलित छन् । प्रत्येक दर्शनका सूत्रग्रन्थहरूमा अन्य दर्शनहरूका मत-वाद एवं विचार-पद्धतिको उल्लेख तथा समालोचनाहरू पाइन्छन् र साथै स्वकीय (आफ्नो) एवं परकीय (अर्काको) मतहरूको पोषक प्राचीन विद्वान्‌हरूको समेत उल्लेख पाइन्छ । यसकारण दार्शनिक मत-वादको दृष्टिले कुनचाहिं मत पहिलेको हो र कुनचाहिं पछिको हो, यस कुराको निर्णय सूत्रग्रन्थहरूको प्राचीनत्वको आलोचना गरेर गर्न सकिन्न । उपनिषद्, महाभारत, बौद्ध ग्रन्थ आदिबाट प्रमाणित हुन्छ– सांख्यदर्शन अतिशय प्राचीन हो, तर यसका प्रचलित सूत्रग्रन्थ अपेक्षाकृत आधुनिक छन् । परन्तु मत-वादहरूको आलोचना गर्दा ती सूत्रग्रन्थहरूलाई नै ती-ती दर्शनहरूका प्रामाण्यग्रन्थको रूपमा ग्रहण गर्नुपर्छ ।

प्रमाण– जसद्वारा प्रमा अथवा प्रकृष्ट ज्ञान उत्पन्न हुन्छ, सत्यको यथार्थ परिचय प्राप्त हुन्छ, त्यसैको नाम हो प्रमाण । प्रमाणमा पहिलो हो प्रत्यक्ष, अर्थात् इन्द्रियहरूसँग विषयहरूको सन्निकर्षद्वारा उत्पन्न हुने ज्ञान । दोस्रो प्रमाण हो अनुमान । पूर्वप्राप्त कुनै ज्ञानमाथि निर्भर रहेर जब कुनै नयाँ तत्त्वको परिचय प्राप्त हुन्छ, तब त्यो अनुमान भनिन्छ । प्रत्यक्ष तथा अनुमान दुवैमा भ्रान्ति हुन सक्छ । अनेक दार्शनिक संप्रदाय प्रत्यक्ष बाहेक सबै प्रकारका ज्ञानलाई अनुमानकै अन्तर्गत मान्छन् र कुनै-कुनै दार्शनिक अनुमानलाई संकीर्ण अर्थमा व्यवहार गरेर आगम (शब्द) उपमान, अर्थापत्ति, अनुपलब्धि, ऐतिह्य आदिलाई समेत अलग्ग प्रमाणको रूपमा ग्रहण गर्छन् ।

हिन्दू दार्शनिकहरूको एउटा विशिष्ट लक्षण यो छ– तिनीहरू वेदलाई एउटा स्वतन्त्र प्रमाणको रूपमा ग्रहण गर्छन् । वेद शब्दबाट उनीहरू ग्रन्थ समष्टिलाई होइन अपितु तिनमा निहित सत्यसमूहलाई नै बुझ्दथे । यी सबै सत्य सनातन हुन् । यिनै सनातन सत्यहरूमाथि प्रतिष्ठित हुनाले हिन्दूधर्म सनातन धर्मको नामले प्रसिद्ध छ । वेद अपौरुषेय एवं नित्य छन् । कुनै पनि हिन्दू दार्शनिक चाहे जुनसुकै प्रकारको युक्तिद्वारा वेदको प्रामाण्यको प्रतिपादन किन नगरोस्, वेदको प्रामाण्यलाई स्वीकार गर्ने सम्बन्धमा सबै एक मत छन्, जुन-जुन दर्शन यसलाई स्वीकार गर्दैनन्, ती सबै हिन्दू-समाजमा नास्तिक दर्शन मानिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त र उपनिषद्– वेदको अन्तिम भागको नाम हो उपनिषद् । उपनिषद्मा नै वेदका चरम तात्पर्यसमूह, अन्तिम सिद्धान्त-समूह, गम्भीर तत्त्व समूह निहित छन् र गुरु-शिष्य परंपराद्वारा उपदिष्ट हुन्छन् ।

मनुष्यको बुद्धि जब सम्मार्जित एवं संस्कृत हुन्छ, अन्तःकरण जब रागद्वेष-मोहहीन, निर्मल एवं विक्षेपरहित हुन जान्छ, हृदय जब सत्यप्रति गम्भीर अनुरागवश तीव्र जिज्ञासाद्वारा अनुप्राणित भएर सत्यको यथार्थ स्वरूपसंग अवगत हुनको लागि व्याकुल हुन जान्छ, तब सत्यको यथार्थ स्वरूप उसको बुद्धिमा प्रतिफलित हुन्छ । अतीन्द्रिय तत्त्व उसको साक्षात्कारको लागि योग्य हुन्छ । वेदोपनिषद्हरूमा प्रतिपादित तत्त्वसमूह नै वस्तुतः समस्त हिन्दू दार्शनिक विचारको मूल हो । ऋग्वेदका कुनै-कुनै ऋषिले विश्व जगत्का आदिकारण र तात्त्विकस्वरूपको अनुसन्धान गर्नमा प्रवृत्त भएर सूक्ष्म कारणद्वारा स्थूल कार्यको उद्भव, अव्यक्त कारणद्वारा व्यक्त कार्यको अभिव्यक्ति तथा कारणभिन्न कार्यको तात्त्विक स्वरूपको दर्शन गरेका थिए । ऋग्वेदको नासदीय सूक्तमा यसको कति सुन्दर वर्णन छ ।

आत्मस्वरूपको अन्वेषण गर्दा गर्दै उनीहरूले आत्मालाई शरीर, इन्द्रिय, मन, बुद्धि भन्दा अतीत एक अखण्ड अनन्त चेतन्यस्वरूपमा अनुभव गरे । वैदिक ऋषिहरूले जगत्प्रक्रियाभित्र एउटै अझै गम्भीर तत्त्वको उद्घाटन गरे । जीवका कर्म एवं कर्मफल भोगको साथ जड जगत्को कार्य-कारण-शृङ्खलाको एक आभ्यन्तर योगलाई उनीहरूले लक्ष्य गरे । जागतिक व्यापारमात्रलाई उनीहरूले आधिभौतिक, आधिदैविक, तथा आध्यात्मिक – यी त्रिविध दृष्टिद्वारा दर्शन गरे, तिनीहरूको भित्र एक आश्चर्यमय सामञ्जस्यको आविष्कार गरे ।

जुन चरम तत्त्वद्वारा समस्त सृष्टिजगत्को उत्पत्ति हुन्छ, जसको आश्रयमा सबैको स्थिति छ तथा अन्तमा जसको स्वरूपमा सबै विलीन हुन्छन्, त्यस चरम तत्त्वलाई उनीहरूले ब्रह्म भन्ने नाम दिएथे । उनीहरूले यसै ब्रह्मका दुइ रूपहरूको निर्देश गरे– एउटा स्वप्रतिष्ठ निर्गुण, निरुपाधिक निर्विशेष स्वरूप तथा अर्को जीव-जगत्को सम्बन्धमा सगुण सोपाधिक स्वरूप । ब्रह्म र आत्मालाई कहीं एउटै वृक्षस्थ दुइ पक्षी अथवा घाम र छायाको समान परस्पर सम्बद्ध तथापि पृथक् रूपमा घोषित गरिएको छ अथवा कतै अयमात्मा ब्रह्म, अहं ब्रह्मास्मि, सोऽहमस्मि आदि वाक्यहरूद्वारा दुवैको ऐक्यको उल्लेख गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्थानत्रयी (उपनिषद्, ब्रह्मसूत्र र श्रीमद्भगवद् गीता)– हिन्दू दर्शन नै एकमात्र यस्तो दर्शन हो, जसको सबै दर्शनहरू नतमस्तक भएर भूरि-भूरि प्रशंसा गर्दै त्यसमा लीन हुन लालायित छन्। त्यसका मूल स्रोत उपनिषद्हरू तथा ब्रह्मसूत्र हुन्। श्रीमद्भगवद् गीता, उपनिषद्हरू तथा ब्रह्मसूत्रका सिद्धान्त यति गूढ तथा सार्वभौम छन् कि तिनको विद्वान्हरूमाथि गहिरो प्रभाव परेको छ। प्रत्येक हिन्दू, उ वैष्णव, शैव, शाक्त आदि कुनै पनि संप्रदायको किन नहोओस् उपनिषद्, ब्रह्मसूत्र र श्रीमद्भगवद्गीतालाई सबैभन्दा बढी प्रामाणिक ग्रन्थको रूपमा अवश्य स्वीकार गर्छ। यी नै तीन वटालाई प्रस्थानत्रयी भन्छन्। वेदान्त-दर्शनमा यिनीहरूको यति पूर्ण वैज्ञानिक तथा सन्तोषजनक उत्तर छन् जसको प्रभाव प्रत्येक जिज्ञासुका मनमा नपरिरहन सक्तैन।

वैदिक तथा औपनिषद्– सिद्धान्तमाथि विभिन्न स्वधर्मी तथा अन्य धर्मीहरूको मत तथा प्रयोग– वेदान्त दर्शनको महिमामाथि मुग्ध हुने विदेशी विद्वान्हरूमा अरब-देशीय विद्वान् अलबेरुनी सबभन्दा पहिला थिए। शाहाजहाँका जेष्ठ पुत्र दाराशिकोह उपनिषद्हरूको कीर्ति सुनेर यति प्रभावित भए कि उनले कैयौं उपनिषद्हरूको फारसीमा अनुवाद गराए। यो फारसी अनुवादको फ्रान्सेली भाषामा पुनः अनुवाद गरियो। यो फ्रान्सेली अनुवादको एक प्रति जर्मनीका प्रसिद्ध विद्वान् शोपेनहावरको हातमा पऱ्यो। समस्त विदेशी विद्वान्हरूमध्ये यिनले यी ग्रन्थहरूको सबैभन्दा व्यापक प्रशंसा गरेका छन्। उनी भन्छन्–

"In the whole world, there is no study so elevating as that of the Upanisad. It has been the solace of my life. It will be the solace of my death."

उपनिषद्का बारेमा जर्मनीका शोपेनहावर, पोल डयूशन (Paul Deussen) तथा फ्रान्सेली दार्शनिक भिक्टर कजिन्स र एक अन्य जर्मन लेखक एवं विद्वान् फ्रेडरिक इलेगलले अत्यन्त मार्मिक ढङ्गले प्रशंसा गरेका छन्। यसबारे अरू जानकारीको लागि मूल ग्रन्थ (चतुर्थ खण्ड) को पृष्ठ ८० देखि ८२ सम्म हेर्नुहोस्।

वेदको सम्यक् ज्ञानको लागि केवल बुद्धि र विद्वत्ताको (ज़ो युरोपीय विद्वान्-हरूलाई प्राप्त छ) मात्र आवश्यकता पर्ने होइन, अपितु आध्यात्मिक साधना एवं वेदा-ध्ययनको परम्परा पनि (जसको युरोपिय विद्वान्मा अभाव छ) अपेक्षित छ। उनीहरूलाई वैदिक संस्कृतिको परम्पराको परिचय प्राप्त छैन। साथै तिनका आफ्ना केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता प्राक्कल्पित विचार छन्, जसको बन्धनबाट तिनीहरू मुक्त हुन सक्तैनन् । दुःख त यस कुरामा छ– हाम्रा आधुनिक विद्वान्हरू समेत पाश्चात्यहरूका यी विचारहरूको यथार्थताको उचित परीक्षा नगरीकनै पुनरावृत्ति गरिरहेका छन् । अतः हिन्दू दर्शनको ज्ञान प्राप्त गर्न हामीले पाश्चात्य विद्वान्हरूकहाँ जाने अथवा तिनको अन्धानुकरण गर्ने आवश्यकता छैन । यस कार्यको लागि हामीले भगवान् शंकराचार्यका ग्रन्थहरूको अध्ययन गर्नुपर्छ र कुनै यस्ता गुरुको सहायता लिनुपर्छ, जो विदेशी पद्धतिमा स्थापित विश्वविद्यालयहरूमा होइन, अपितु प्राचीन परिपाटी अनुसार शिक्षा प्रदान गरिने भारतीय संस्थाहरूमा ब्रह्मसूत्र, उपनिषद् आदिको ज्ञान प्राप्त गरेका होऊन् ।

शोपेनहावरले उपनिषद्को महत्त्व एवं प्रभाव बारे जे-जति भनेका छन्, ती विशेष रूपले ध्यान दिन योग्य छन्–

"म ठान्दछु– उपनिषद्द्वारा वैदिक साहित्यसंग परिचय प्राप्त हुनु वर्तमान शताब्दी– (१८१८)को सबैभन्दा ठूलो परम लाभ हो, जो यसभन्दा पहिलेका कुनै पनि शताब्दीहरूलाई प्राप्त भएन । सम्पूर्ण पृथिवीमण्डलमा मूल उपनिषद्जति फलोत्पादक एवं उच्च भावोछीपक ग्रन्थ अन्यत्र कहीं छैन । यसले मलाई जीवनमा शान्ति प्रदान गरेको छ र मरणमा समेत यसले शान्ति दिनेछ ।" उपनिषद्को बारेमा पाश्चात्य विद्वान्हरू जस्तै– शोपेनहावर, सारा बूल, शेलिङ, म्याक्समूलर, डा. एनी वेसेंट आदिका विचारहरू मूल ग्रन्थ (चतुर्थ खण्डको) को पृष्ठ ८४,८५मा हेर्न सक्नु-हुनेछ ।

हिन्दूहदर्शनले जगत्का समस्त जातिहरू, समस्त मतहरू तथा सबै संप्रदायका दीन-दुर्बल, दुःखी तथा पद-दलित प्राणीहरूलाई बोलाई-बोलाईकन भनिरहेछ– सबै आ-आफ्ना खुट्टामा उभिएर मुक्ति होऊ । विश्वभरमा यही एउटा शास्त्र छ, जो उद्धारको कुरा भन्दैन, मुक्तिको कुरा भन्दछ । यथार्थ बन्धनबाट मुक्त होऊ, भवपाशबाट मुक्ति पाऊ । उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत ।

विदेशी विद्वान्हरूको हिन्दूदर्शनको विषयमा के धारणा छ र उनीहरू कसरी प्रभावित भएर त्यसको साम्मु मन्त्रमुग्ध झैं नतमस्तक हुन्छन् भन्ने कुराको उल्लेख गर्नाको एकमात्र अभिप्राय हो– यसबाट हाम्रा शिक्षित युवा समाज यो जान्न र बुझ्न सकोस् कि हाम्रो धर्म एवं संस्कृतिको विषयमा पाश्चात्य जगत्को कति आदरभाव छ, अनि हामी किन त्यसबाट पराङ्मुख भएर अन्य धर्म तथा संस्कृतिको अन्धानुकरण गरिरहेका छौं ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किन आफ्नो धर्म एवं संस्कृतिमा आत्मगौरव अनुभव गर्दैनौ ? आफूलाई हिन्दू भन्न, मान्न किन हिचकिचाउँछौं ? स्वयं विचार गर ।

हाम्रा उपनिषद्–ग्रन्थहरूको यस प्रकारको मान एवं ज्ञान-गौरव देखेर कुनै खुसामदीले सम्राट् अकबरको समयमा अल्लोपनिषद् नामको एउटा सानो पुस्तक लेखेका थिए, जसमा अरबी तथा संस्कृत मिसिएको भाषामा दश गद्य छन् तथा रसूल, मुहम्मद, अकबर आदि शब्दको प्रयोग गरिएको छ; तर यति स्पष्ट प्रमाण हुँदा-हुँदै पनि अचेलका एक भारतीय इतिहासका विद्वान्ले त्यसको गणना वैदिक साहित्यमा गराएर मुसलमानहरूको पुष्टीकरणको नीतिद्वारा आफ्नो चाटुकारीको कुशलता देखाएका छन् । आखिर गर्नु पनि के र ? यस प्रकारका चित्र-विचित्र थेसिस लेखेर विश्व-विद्यालयबाट डाक्ट्रेटको उपाधि त हात लगाउनैपर्छ! –यो कति आश्चर्यको कुरा छ । आफ्नो अन्तिम कालमा बौद्ध विद्वान्हरूले मथुरा आदि स्थानहरूमा कैयौं बौद्ध ग्रन्थहरूको संस्कृतमा अनुवाद गराएर वैदिक साहित्यमा मिसाउने चेष्टा गरेका थिए । वज्रसूचिक आदि उपनिषद् त्यसै कालका हुन् । यति मात्र होइन, हाम्रा उपनिषद्–ग्रन्थहरूतिरबाट श्रद्धा हटाउन अथवा अन्य कुनै कूटनीतिको उद्देश्यले प्रो. म्याक्स मूलरजस्ता विद्वान्ले एउटा म्याक्सोपनिषद् नामको पुस्तक रचेका थिए र अन्य मानिसहरूले आपत्ति जनाए-पछि प्रोफेसर महाशयले लेखेका थिए–"मैले ठट्टाको रूपमा यसको रचना गरेको हुँ ।" प्रोफेसर महाशयको यो पत्र सरस्वती मासिक पत्रिका प्रयागमा छापिएको थियो । अतः केवल उपनिषद् वा दर्शन नाममाथि होइन, त्यसका आधार तथा ज्ञानोपदेशमाथि विचार गरेर हामीले निश्चय गर्नुपर्छ– ती ग्रन्थ वस्तुतः उपनिषद्-ग्रन्थ हुन् वा खुसामदी र धूर्तहरूका कपोल-कल्पित सृजना हुन् ।

यसै प्रकार अर्को भ्रान्त पद्धति आर्ष ग्रन्थहरूको कालनिर्णयप्रणाली हो । यो कालनिर्णयको पद्धति पाश्चात्य विद्वान्हरूद्वारा चलाइएको हो, त्यसैको अनुकरण गर्दै हाम्रा विद्वान्हरू पनि हिंडिरहेछन् । हाम्रा विद्वान्हरू समेत आँखा चिंलेर उनैद्वारा प्रसारित बौद्धिक व्यायाम-पद्धतिअनुसार व्यायाम गर्दै गइरहेका छन् ।

अचेल यस कालनिर्णयको जुन पाश्चात्य पद्धति चलेको छ, तथा पाश्चात्य विद्वान्हरूको मतको अनुकरण गर्दै हाम्रा विद्वान्हरू समेत त्यसै पद्धतिअनुसार चलिरहेका छन्, यसैले हिन्दूदर्शन तथा उपनिषद्हरूको निर्माणकाल इसाभन्दा सात-आठ सय वर्षपूर्व भनिन्छ, तर तिनीहरूले यो बुझ्नुपर्छ– ब्रह्मसूत्रमा उपनिषद्को व्याख्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ तथा ब्रह्मसूत्रको उल्लेख श्रीमद्भगवद्गीतामा गरिएको छ। यसबाट यो सिद्ध हुन्छ श्रीमद्भगवद्गीताभन्दा अघि नै उपनिषद्हरूको अस्तित्व थियो। श्रीमद्भगवद्गीताको प्रादुर्भाव इसाभन्दा ३१०० वर्षपूर्व महाभारत-युद्धकालमा भएको थियो, जुन कुरा प्रायः उनैद्वारा निर्णित भइसकेको छ। यस्तो अवस्थामा अर्काको अँध्यारोमा कालनिर्धारण गर्ने यो पद्धति कहाँसम्म उचित छ। यसमाथि विद्वान् सज्जन स्वयं विचार गरून्।

दाराशिकोहले यिनबाट प्रकाश प्राप्त गरेका हुनाले अथवा शोपेनहावर, म्याक्स मूलर एवं अन्य पाश्चात्य विद्वान्हरूले यिनको प्रशंसा गरेको हुनाले हिन्दूदर्शन एवं उपनिषद्हरूको महत्त्व बढेको होइन। त्यो त तिनको सौभाग्य हो, जो तिनीहरूले उपनिष्दका केही आभास प्राप्त गरे। तिनको महिमाको आधार त तिनको निर्मल मङ्गल प्रकाशस्वरूप नै हो। हिन्दूदर्शनमा तत्त्वज्ञान वा ज्ञानको परमसाध्य तत्त्वको स्वरूपको साक्षात्कार मात्र छैन, अपितु त्यहाँसम्म पुग्नको लागि विभिन्न रुचिका अधिकारीहरूको अनुकूल विभिन्न साधनहरूको पनि वर्णन छ, साथै मनुष्यलाई माथि उठाउने त्यस सदाचारको समेत महत्त्वपूर्ण उल्लेख छ, जुन थाहा पाएर प्रत्येक मनुष्य आफूलाई माथि उठाउने प्रयत्न गर्न सक्छ। दर्शनशास्त्र हिन्दूधर्मको परम निधि हो।

वैदिक दर्शनका मुख्य चार विषय—हाम्रो देशमा दर्शन र धर्मको सदा घनिष्ठ सम्बन्ध रहेको छ। यहाँ धर्म तथा दर्शनलाई एक-अर्काको परिपूरक होइन, अपितु अङ्ग मानिएको छ। यसकारण हिन्दूदर्शनमा यो विशेषता देखिन्छ—यो मानव-जीवनको चरम लक्ष्यतिर मात्र संकेत गरेर मौन हुँदैन, अपितु त्यस लक्ष्यसम्म पुग्ने मार्गको निर्देश समेत गर्छ। संसार अनित्य छ, भवचक्र दुःखमय छ, आत्मा यिनीहरूद्वारा नछोइएको तत्त्व हो— केवल यति मात्र बताएर हिन्दूदर्शन सन्तुष्ट रहँदैन, अपितु अनित्य दुःखमय यस संसारबाट मुक्त हुने आत्मज्ञान-प्राप्तिका उपाय समेत बताउँछ।

वैदिक दर्शन मुख्य रूपले चार विषयहरूको प्रतिपादन गर्छ—

१. **हेय**— दुःखको वास्तविक स्वरूप के हो, जुन हेय अर्थात् त्याज्य छ?

२. **हेय-हेतु**— दुःख कहाँबाट उत्पन्न हुन्छ, यसको वास्तविक कारण के हो, जुन हेय अर्थात् त्याज्य दुःखको वास्तविक हेतु हो?

३. **हान**— दुःखको नितान्त अभाव के हो, अर्थात् हान कुन अवस्थाको नाम हो?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. हानोपाय– नितान्त दुःख निवृत्तिको साधन के हो ?

यी प्रश्नहरूमाथि विचार गर्दा प्रधानतः निम्निलिखित तीन वस्तुहरू विचारमा आउन थाल्छन् तथा ती नै विचारणीय छन्–

१ जीव– दुःख कसलाई हुन्छ ? जसलाई दुःख हुन्छ, उसको वास्तविक स्वरूप के हो ? यदि उसको दुःख स्वाभाविक धर्म भएको भए उ त्यसबाट उम्कने प्रयत्न नै गर्दैन थियो । यसबाट प्रतीत हुन्छ–उ कुनै यस्तो तत्त्व हो, जसको दुःख एवं जडता स्वाभाविक धर्म होइन । उ चेतन तत्त्व हो । यो चेतन आत्माको पूर्ण ज्ञानद्वारा तेस्रो प्रश्न हानको समाधान हुन्छ, अर्थात् आत्माको यथार्थ रूपको साक्षात्कारद्वारा दुःखको नितान्त अभाव हुन जान्छ ,

२. जगत्– यो चेतन तत्त्वदेखि भिन्न वा यसको विवर्त, यसको विपरीत कुनै तत्त्वलाई स्वीकार गर्ने आवश्यकता हुन्छ, जसको धर्म दुःख हो, जहाँबाट दुःखको उत्पत्ति हुन्छ र जुन चेतन तत्त्वभन्दा भिन्न धर्म भएको प्रतीत हुन्छ, त्यसैलाई अविद्या, माया वा प्रकृति भन्छन् । यसको कल्पित स्वरूपलाई यथार्थ रूपले बुझेपछि पहिलो तथा दोस्रो दुवै प्रश्नहरूको समाधान हुन्छ । जड तथा चेतन तत्त्वमा आसक्ति, अन्योन्याध्यास अथवा अविवेकपूर्ण संयोग नै हेय अर्थात् त्याज्य दुःखको वास्तविक स्वरूप हो र चेतन तथा जड तत्त्वको अविवेक अर्थात् मिथ्याज्ञान अथवा अविद्या नै हेय-हेतु अर्थात् त्याज्य दुःखको कारण हो । जड र चेतनको परस्पर अध्यासको निवृत्ति अर्थात् विवेकपूर्ण अपरोक्ष ज्ञान नै हानोपाय अर्थात् दुःखनिवृत्तिको मुख्य साधन हो ।

३. ईश्वर (पुरुषविशेष परमात्मा)– व्यावहारिक रूपमा जीव तथा जगत्लाई स्वीकार गर्नुको साथै एउटा तेस्रो तत्त्वलाई समेत स्वीकार गर्नु आवश्यक हुन्छ, जुन पहिलो चेतन तत्त्वको सर्वांश अनुकूल होओस् र दोस्रो जड तत्त्वको विपरीत होओस्, अर्थात् जसमा पूर्ण ज्ञान होओस्, पूर्ण आनन्द होओस्, सर्वव्यापक एवं सर्वशक्तिमान् होओस्, जसको ज्ञानद्वारा जीवले अविद्याको बन्धनहरूलाई चुँडालेर हेय दुःखबाट सर्वथा मुक्ति पाउन सकोस् । यस तर्कद्वारा हामीलाई तेस्रो तथा चौथो दुवै प्रश्नहरूको उत्तर प्राप्त हुन्छ । यी चारै रहस्यपूर्ण प्रश्नहरू बुझाउनको लागि वैदिक दर्शनशास्त्रको रचना भएको हो ।

प्रायशः समस्त हिन्दूदर्शन वेद, उपनिषद् आदि तथा आगमबाट उद्भूत मानिन्छ, तर दृष्टिकोणको भेदअनुसार हिन्दूदर्शन प्राचीन कालदेखि नै विभिन्न शाखा-प्रशाखाहरूमा विभक्त थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती शाखाहरूमाध्ये एक प्रधान प्रशाखा आदिशङ्कर प्रवर्तित अद्वैत वेदान्तको हो, जुन आफ्नो हेय उदात्त भावना तथा व्यावहारिकताले गर्दा कालान्तरमा अत्यन्त लोकप्रिय भयो।

वेदान्त– यस शब्दको शाब्दिक अर्थ हो वेदहरूको अन्त वा सिद्धान्त। वेदान्तका सिद्धान्तहरूको प्रथम संग्रहका तथा प्रतिपादक वादरायण मुनि हुन् भनिन्छ। वेदान्तसूत्रहरूको रचना गरेर उनले यसलाई एक व्यवस्थित रूप प्रदान गरे। वेदान्तसूत्रमाथि दश प्रसिद्ध टीकाहरू तथा भाष्य उपलब्ध हुन्छन्, जो विभिन्न दृष्टिकोण अनुसार भिन्न-भिन्न समयमा रचिए। यिनमध्ये सबैभन्दा प्रसिद्ध एवं लोकप्रिय टीका आदिशंकराचार्य कृत हो, जुन शारीरक भाष्य नामले प्रसिद्ध छ। शंकराचार्यको समय केही विद्वान्हरूले आठौं शताब्दीको अन्तिम भाग निश्चित गरेका छन्। उनले संपूर्ण भारत वर्षमा घुमी-घुमीकन मीमांसक तथा बौद्धहरू - जसको त्यसवेला अतिशय प्रभाव थियो – उनीहरूको तथा अन्य दर्शनहरूको खण्डन गरेर अद्वैत वेदान्तको प्रचार गरे। यद्यपि उनी केवल ३२ वर्ष मात्र यस धरतीमा रहे, तर यति स्वल्पायुमा उनले वैदिक धर्मको लुप्त वैभव एवं प्रतिष्ठाको प्रसारको लागि जुन कार्य गरे, त्यो अतुलनीय छ। यिनका सुरेश्वराचार्य, पद्मपादाचार्य, हस्तामलकाचार्य तथा त्रोटकाचार्य नाम गरेका चार शिष्यहरू थिए, जो क्रमशः रामेश्वर - क्षेत्रको शृंगेरी मठ, पुरुषोत्तम क्षेत्रको गोवर्धन मठ, द्वारकाधामको शारदा मठ तथा उत्तराखण्डको ज्योतिर्मठका मठाधीश थिए ।

वेदान्तअनुसार मानव-जीवनको परम लक्ष्य आत्मसाक्षात्कार वा आत्माको साक्षात् अनुभूति हो। उपनिषद्मा सर्वत्र आत्मसाक्षात्कारमाथि जोड दिइएको छ–

आत्मा वा अरे द्रष्टव्य श्रोतव्यो, मनन्तव्यो निदिध्यासितव्यः। आत्मनो वा अरे दर्शनेन श्रवंणेन मत्या विज्ञानेनेदं सर्वं विज्ञातं भवति ।

व्यावहारिक जीवनमा हामी आत्माको स्वरूपसंग अनभिज्ञ हुन्छौं, त्यसैले अनात्मालाई आत्मा मानेर व्यवहारमा प्रवृत्त हुन्छौं। हाम्रो दुःखकष्टको यही नै कारण हो। आत्मा त सदा रहिरहने, सदा मुक्त अधिकारी तत्त्व हो, जो जन्म-मृत्यु, सुख-दुःखबाट अलग छ। अज्ञानको आवरण हट्नासाथ स्वयंप्रकाश आत्माको स्वरूप प्रकट हुन जानेछ, तुरुन्त त्यसको साक्षात् अनुभव हुन लाग्नेछ। तर यो अज्ञानको आवरणलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मूल पार्नु कुनै सरल कार्य होइन । सबैजना एकै समयमा यसको लागि अधिकारी हुन सक्तैनन् । अधिकारी बन्नको लागि केही तयारीको आवश्यकता छ । प्रायः साधारण जीवनमा यो पनि देखिन्छ– गुरुबाट विद्या प्राप्त गर्नको लागि शिष्यले त्यसको उपयुक्त बन्नुपर्छ, केही तत्परताको आवश्यकता हुन्छ । यही कुरा आत्मज्ञानको क्षेत्रमा पनि भन्न सकिन्छ । अधिकारीको लागि समस्त वेदहरूको तत्काल अर्थबोध आवश्यक भनिएको छ– वैदिक साहित्यमा वेदांगहरूसहित वेदहरूको अध्ययनको विधान वेदान्तसारादि ग्रन्थहरूमा वर्णन गरिएका छन् । प्राकृत भाषाहरूमा वेदान्त ग्रन्थहरूको अनुवाद आदिको सहायताद्वारा समेत यो कार्य सिद्ध भएको पाइएको छ, तर मूलग्रन्थको अनुवाद त्यसको अभिप्रायलाई पूर्णरूपमा व्यक्त गर्न सक्तैन, तथा सूक्ष्म अर्थको ज्ञान संस्कृतग्रन्थहरूको अभावमा अत्यन्त कठिन हुन्छ । तैपनि हिन्दी र नेपाली भने अन्य भाषाहरूको अपेक्षा संस्कृतको बढी निकट छन् ।

कर्म तथा तिनका भेद (नित्य, नैमित्तिक काम्य र प्रायश्चित) –नैतिक गुणहरूको आर्जन सबै साधकहरूको लागि आवश्यक छ । यसो गर्नाले आधार (अन्तःकरण) कल्मषमुक्त हुन्छ । साधकको लागि निषिद्ध तथा काम्य कर्महरूको परित्याग आवश्यक भनिएको छ । तिनको अनुष्ठानद्वारा आसक्ति-वासना बढ्छ । अतः चित्तको शुद्धिको लागि तिनको परित्याग आवश्यक छ । यसो गरी शास्त्रमा जुन कर्महरूलाई निषेध गरिएको छ, जुन पाप कर्म ठानिन्छन्, तिनको परित्याग पनि साधकको लागि आवश्यक भनिएको छ, तर कर्महरूको सर्वथा परित्याग त शरीरधारी प्राणीको लागि असंभव छ, त्यसैले वेदान्त कर्म-परित्यागको उपदेश नदिएर कर्म-सन्न्यासको उपदेश दिन्छ । साधकको लागि नित्य, नैमित्तिक, प्रायश्चित कर्महरू गर्नु आवश्यक भनिएको छ । शौच,स्नान, संध्यावन्दन आदि नित्य कर्म हुन्, जो सबैले नित्य गर्नुपर्छ । यी गर्नाले चित्त मलिन हुन पाउँदैन । यसै प्रकार नैमित्तिक कर्म पनि आवश्यक कर्तव्य हुन् । नैमित्तिक कर्मको अभिप्रायः ती कर्महरूसंग छ, जुन कुनै निमित्तवशात् गरिन्छ, जस्तो विभिन्न प्रकारका व्रत आदि । प्रायश्चित-कर्म पनि दैनिक जीवनका पापहरूलाई धुनको लागि गरिनुपर्छ । यी कर्महरूको अनुष्ठानद्वारा आधारको शुद्धि हुन्छ र त्यसमा आत्मज्ञान धारण गर्ने क्षमता उत्पन्न हुन्छ ।

साधनाका साधन (नित्यानित्यवस्तु- विवेक, ऐहिक तथा पारलौकिक विषयप्रति वैराग्य, समादि छ गुणहरूको समावेश तथा मोक्षको लागि तीव्र इच्छा) – साधक-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ले साधनाको मार्गमा यात्रा आरम्भ गर्नु अघि नित्यानित्यवस्तु-विवेक आदि चारप्रकारका साधनहरूद्वारा सम्पन्न हुनु भनिएको छ ।

एकमात्र ब्रह्मरूप परमतत्त्व नै नित्य वस्तु हो, यसको विपरीत संसारका सबै वस्तुहरू विकारी तथा विनाशी हुन् । नित्य वस्तुको अनित्य वस्तुसंग बौद्धिक भेद गर्न सक्नु– यही नित्य-अनित्य-वस्तु-विवेकरूप प्रथम साधन हो ।

साधकले भोग्य वस्तुहरूलाई चाहे ती यस लोकसंग संबद्ध होऊन्, चाहे परलोकसँग, अनित्य ठानेर त्यसप्रति वैराग्यको भावना उत्पन्न गर्नुपर्छ । यसो गर्नाले चित्तको चंचलता पर्याप्त मात्रामा कम हुन जान्छ । उसमा परमतत्त्वलाई धारणा गर्ने क्षमता उत्पन्न हुन्छ ।

शम, दम, उपरति, तितिक्षा, समाधान तथा श्रद्धा– यी शमादि ६ गुण हुन् । शम तथा दमको सम्बन्ध मन तथा इन्द्रियहरूलाई वशमा गर्नुसंग छ। मनलाई वशमा राख्नु शम भनिन्छ । बाह्य इन्द्रियहरूलाई विषयतिर जानुबाट रोक्नुलाई दम भन्दछन् । उपरतिको आशय अवदमित इन्द्रियहरूलाई पुनः वशीभूत गर्नु हो । तितिक्षाको अर्थ हो सबै प्रकारका द्वन्द्वहरूलाई सहन गर्ने शक्ति, जस्तो शीतउष्ण, सुखदुःख, मान-अपमान आदि । मनलाई एकाग्र बनाएर एक विषयमा निबद्ध गर्नु समाधान वा समाधि भनिन्छ । सद्‌गुरु तथा सत्‌शास्त्रमा विश्वास गर्नु श्रद्धा हो ।

यसै प्रकार साधकमा मोक्षको लागि तीव्र इच्छा हुनु पनि अत्यावश्यक छ । वास्तवमा मोक्षेच्छा नै साधकलाई साधनाको पथमा हिंड्‌नको लागि प्रेरित गर्छ ।

दीक्षा, श्रवण, मनन र निदिध्यासन– जब साधक आफ्ना प्रयत्नहरूद्वारा आफ्नो आधार अर्थात् शरीरलाई आत्मज्ञान-प्राप्तिको लागि सर्वथा उपयुक्त बनाउँछ, तब उसलाई स्वयं सद्‌गुरुको दर्शन प्राप्त हुन्छ । प्रत्येक ज्ञानी सद्‌गुरु हुन सक्तैनन् । सद्‌गुरु उनै हुन्छन्, जसको ब्रह्ममा स्थिति भएको होओस् तथा जसमा अरूलाई मार्ग देखाउने सामर्थ्य पनि आएको होओस् ।

वास्तवमा सद्‌गुरु कहिल्यै कसैलाई आत्मज्ञान दिन सक्तैनन्, किनकि आत्मज्ञान प्रदान गरिने वा संचारित गरिने वस्तु होइन । आत्मज्ञान आवृत रूपमा सबैमा विद्यमान छ । सद्‌गुरु केवल अज्ञानको आवरणलाई हटाएर शिष्यलाई त्यसको साक्षात्कार मात्र गराउँछन् । दीक्षाको यही रहस्य हो । भनिएको पनि छ– **दीयते ज्ञान-सद्‌भावं**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षीयते कर्मवासना अर्थात् आत्माको जुन ज्ञान वा बोध शिष्यलाई गुरूपदेश सुन्नुबाट (जसलाई श्रवण भनिएको छ) प्राप्त हुन्छ, त्यो आत्मज्ञान प्राप्तिको चरम सीमा होइन, किनभने त्यस अवस्थामा केवल त्यसको अस्पष्ट आभास मात्र हुन्छ। त्यसलाई अधिगत गर्नको लागि शिष्यले स्वयं प्रयत्न गर्नुपर्छ। गुरु केवल अज्ञानको आवरणलाई अलिकता हटाएर त्यस लक्ष्यको दर्शन मात्र गराइदिन्छन्। अब आफ्नो साधनद्वारा त्यस लक्ष्यसम्म पुग्नु शिष्यको प्रयत्नमाथि भर पर्ने हुन्छ। यसैले मनन तथा निदिध्यासनमाथि यति जोड दिइएको हो। गुरु केवल तत्त्वमसि महावाक्यको उपदेश दिन्छन्। मननको अर्थ हो– अनुकूल तर्कद्वारा निरन्तर चिन्तन। अनवरत चिन्तन बुद्धिको व्यापार हो, बुद्धिमाथि नै अज्ञानको आवरण रहन्छ, जसलाई आत्मसाक्षात्कारको लागि साधकले हटाउनुपर्छ। निरन्तर चिन्तनद्वारा अज्ञानको आवरण क्रमशः क्षीण हुँदै जान्छ। अन्तमा एउटा यस्तो अवस्था आउँछ, जसमा बुद्धिवृत्ति गुरूपदिष्ट तत्त्वज्ञानलाई मात्र लिएर जाग्रत् हुन्छ। यसभन्दा भिन्न कुनै अन्य वस्तुलाई अवलंबन गरेर बुद्धिवृत्ति हुँदै हुँदैन। यसैलाई निदिध्यासन भन्छन्। यसको विकसित अवस्थाको नाम समाधि हो।

समाधिका दुइ भेद (सविकल्प, निर्विकल्प)– समाधि दुइ प्रकारका वर्णित छन्– सविकल्प र निर्विकल्प। सविकल्प समाधि त्यस्तो अवस्था हो जसमा साधकलाई बोध रहन्छ– उ ज्ञाता हो, आत्मा ज्ञेय विषय हो तथा उसलाई यो ज्ञान भइरहेको छ; अर्थात् त्यस अवस्थामा ज्ञाता, ज्ञान, ज्ञेय यी त्रिपुटीहरू विलीन हुँदैनन्। यस अवस्थामा अज्ञान सर्वथा विलुप्त हुन जाँदैन। यसको संस्कार अवशिष्ट रहन्छ। यसैले त्यसबेला साधकलाई बोध हुन्छ– म ब्रह्म हुँ– **अहं ब्रह्मास्मि**। निर्विकल्प समाधिमा यो बोध पनि रहँदैन। त्यस अवस्थामा अज्ञानको लेशमात्र पनि बाँकी नहुनाले बुद्धि लय प्राप्त हुन जान्छ। अनुभूतिको कुनै साधन नै बाँकी रहँदैन। त्यस बेलाको अवस्था अनुभवगम्य हुनाले गर्दा अवर्णनीय हुन्छ।

वेदान्तका संप्रदाय– हिन्दूदर्शनमा प्राचीन कालमा उपनिषद् नै वेदान्तको नामले प्रसिद्ध थिए। पछि जब वादरायण आचार्यले ब्रह्मसूत्रको रचना गरेर सबै उपनिसद्हरूको वैचारिक एकता प्रमाणित गरिदिए त्यो ब्रह्मसूत्र पनि उपनिषद्हरू झैं प्रामाणिक मानिन लाग्यो। बौद्ध धर्मको पतनले पछि नवीन संप्रदायका प्रवर्तक आचार्यलाई वेदान्तका प्रस्थानत्रयी– (उपनिषद्, ब्रह्मसूत्र तथा श्रीमद्भगवद्गीता)-का यी तीन भागहरूमाथि आफ्नो संप्रदायको सिद्धान्तको आधारमा भाष्य लेखेर यो सिद्ध गर्ने आव-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्यकता भयो कि उनको संप्रदाय वेदान्त अनुसार छ तथा अन्य संप्रदायहरू त्यसका विपरीत छन्। यसको परिणामस्वरूप वेदान्तकै नामले पाँच संप्रदाय-केवलाद्वैत, विशिष्टा-द्वैत, द्वैत, शुद्धाद्वैत तथा द्वैताद्वैतका सिद्धान्तहरूको आधारमा लगभग पाँच दृष्टिकोणले ब्रह्मसूत्र- (वेदान्तदर्शन)- माथि भाष्य लेखिएका छन्। ब्रह्मसूत्रमाथि संस्कृतमा जति भाष्य लेखिएका छन्, तिनमा सबैभन्दा बढी प्रचलित र प्रसिद्ध भगवान् शंकराचार्यकृत भाष्य नै हो, तथा श्री शंकराचार्य प्रतिपादित मत नै सामान्य रूपले वेदान्त भनिन्छ। यस ग्रन्थको प्रतिपादित विषय पनि त्यही नै हो। अब पहिले यसभन्दा भिन्न अन्य चार अद्वैताभासहरूको संक्षेपमा परिचय दिइन्छ।

विशिष्टाद्वैतवाद– श्रीरामानुजाचार्यले विशिष्टाद्वैत संप्रदाय चलाए। यिनको ब्रह्मसूत्र-भाष्य श्रीभाष्य भनिन्छ। श्रीरामानुजाचार्यको मत छ– विष्णु नै पर-ब्रह्म तत्त्व हुन्। उनी लक्ष्मीका अधिपति हुन्। विष्णु सर्वोत्तम हुनाले जीव तथा जगत् उनका अधीनमा रहन्छन्। यसैबाट उनको विष्णुसँग भेद सिद्ध हुन्छ। रामानुजको वेदान्तमा मुख्य तीन मात्र पदार्थ मानिएका छन्– १. विष्णु (ईश्वर) २. चेतन जीव र ३. जगत्।

द्वैतवाद– श्रीरामानुजाचार्यभन्दा १८२ वर्षपछि विक्रम संवत् १२५४ तदनुसार इ. सं. ११९७ मा श्रीमान् आनन्दतीर्थको जन्म भयो, जो पछि द्वैतवादका प्रवर्तक श्रीमाध्वाचार्यको नामले प्रख्यात भए। यिनको ब्रह्मसूत्र माथिको भाष्य पूर्ण-प्रज्ञभाष्य नामले प्रसिद्ध छ। उनी द्वैत-संप्रदायका प्रवर्तक हुन्। यिनको पदार्थमीमांसा वैशेषिकका गुण अनुसार नै छन्, फरक यति मात्र छ– यिनले शम, दम तितिक्षा आदि अतिरिक्त गुणहरूलाई मानेका छन्। प्रस्थानत्रयीमाथि यिनको सुविख्यात भाष्य छ।

द्वैताद्वैतवाद– आचार्य औडुलोमि तथा आचार्य आश्मरथ्य भेदाभेदका समर्थक हुन्, तर श्रीशंकराचार्यले यिनको मतको निराकरण गरेका छन्। पछि गएर निम्बार्काचार्यले भेदाभेद अथवा द्वैताद्वैत-सिद्धान्त अपनाए। यिनले वेदान्त-पारिजातको नामले वेदान्तदर्शन भाष्य लेखेका छन्। यिनले सत्यरूपले हुने संसारका भिन्न पदार्थ-हरूको युक्ति तथा प्रमाणहरूद्वारा सद्ब्रह्मसँग भेदाभेद स्थापित गरेका छन्। किनकि ईश्वरप्रणीत वेद, उपनिषद् तथा गीतादिमा तीन प्रकारका वाक्य पाइन्छन्– १. **सदेव सौम्यैतदग्र आसीदेकमेवाऽद्वितीयम्** यस प्रकारका अभेदको प्रतिपादन गर्ने खालका वाक्य २. **द्वा सुपर्णा सयुजा सखायो–** यस प्रकारका भेदपरक वाक्य तथा ३. **यत्र हि द्वैतमिव**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवति तदितरं इतर पश्यति । यत्र त्वस्य सर्वमात्मैवाभूत्तत् केन कं पश्येत– यस प्रकारका भेदलाई निषेध गर्ने खालका वाक्य । यी तीन प्रकारका वाक्यहरू ईश्वर निर्मित हुन्, अतः विना कुनै विरोध समान रूपले ग्रहण गर्न योग्य छन् । यहाँ ब्रह्मबाहेक अन्य जड-चेतनात्मक पदार्थहरूको अस्तित्वको अभाव देखाउनु नै अभेदबोधक यी वाक्यहरूको सर्वाधिष्ठान भूत, स्वतन्त्र-सत्तात्मक ब्रह्ममा भेदप्रतिपादक वाक्यहरूको जीव र ब्रह्मको अंशांशिभाव तथा भेद-निषेधक वाक्यहरूको उद्देश्य हो । यही भेदाभेदवादीहरूको पारस्परिक समन्वयको स्वरूप हो ।

निम्बार्काचार्यको मतअनुसार जीव ईश्वरको अंश भएको हुनाले स्वयं प्रकाश तथा ज्ञानस्वरूप छ । जीवमा ज्ञान तथा चैतन्यरूप भए तापनि परस्पर सूर्य तथा किरण जस्तै– धर्म-धर्मिभाव छ । ज्ञाता भएकोले जीव क्रिया-प्रयत्नादि धर्महरूको आश्रय हो । बुद्ध तथा मुक्तको भेदअनुसार जीव दुई प्रकारका छन् । मुक्तावस्थामा पनि जीव ईश्वरको अधीनमा रहन्छ । वृद्धावस्थामा अविद्याको कारणले उसको संसरण हुन्छ ।

शुद्धाद्वैतवाद– यस मतका प्रवर्तक श्रीवल्लभाचार्य हुन् । यिनको जन्म विक्रम संवत् १५३६ तदनुसार सन् १४७९ मा भएको थियो । यिनको ब्रह्मसूत्रमाथिको भाष्य अणुभाष्य भनिन्छ । यिनले शंकर मतबाट सन्तुष्ट नभएर शुद्धाद्वैतमूलक पुष्टि मार्ग चलाए ।

श्रीवल्लभाचार्य वर्णित ब्रह्म मायाद्वारा अलिप्त तथा नितान्त शुद्ध छ । त्यो **कर्तुमकर्तुमन्यथाकर्तुं** सर्वथा समर्थ छ । त्यसमा परस्पर विरोधी धर्म सदा वर्तमान रहन्छन् । ब्रह्म स्वयं नै नाना रूप धारण गर्न समर्थ छ, त्यसैले त्यस ब्रह्मका तीन रूप छन्– पर ब्रह्म, अक्षर ब्रह्म तथा क्षर ब्रह्म । त्यस ब्रह्मको जीवसित अभेदरूप सम्बन्ध छ, तर यो अभेद सृष्टिको निर्माणभन्दा अघि मात्र छ । सृष्टिको अवस्थामा यो भेद सत्य सिद्ध हुन्छ ।

वैष्णव दर्शनहरूमा महाप्रभु चैतन्यले चलाएको अचिन्त्य भेदाभेदवाद तथा शैव संप्रदायको शैवाद्वैतवाद तथा शाक्त संप्रदायको शक्त्यद्वैतवाद (शक्ति+अद्वैतवाद) पनि प्रसिद्ध छन् । यी सबै दर्शनहरू हिन्दूदर्शनभित्र नै पर्छन् । अस्तु ।

अद्वैतवाद– वेदान्त-दर्शनमाथि जति भाष्यहरू लेखिएका छन्, तिनीहरूहरूमध्ये सबैभन्दा बढी प्रचलित र प्रसिद्ध भाष्य भगवान् श्रीशंकराचार्यकृत नै हो र श्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शंकराचार्य-प्रतिपादित मत नै सामान्य रूपले वेदान्त अथवा अद्वैतमत भनिन्छ । अब त्यही अद्वैत-दर्शनमाथि केही विचार गरिन्छ ।

यस संसारमा सबै जीवहरूका संपूर्ण प्रवृत्तिहरूको प्रधान उद्देश्य सुख प्राप्ति तथा दुःख निवृत्ति नै हो । यस विषयमा योगसूत्रमा एउटा राम्रो वार्तालाप छ– भगवान् महायोगी जैगीषव्यलाई संस्कारहरूको साक्षात्कारको बलद्वारा अनेक जन्म परिणाम-क्रम देखेर विवेकजन्य ज्ञान भयो । तब निर्माणकायधारी भगवान् आवट्यले उनीसंग सोधे– सिद्धयोगी भएको हुनाले दश महासर्गहरूमा तपाईंको सात्त्विक बुद्धि रज तथा तमले आक्रान्त भएन, अतः नारकीय तथा पशु-पक्षीहरूको योनिमा गर्भ दुःखको अनुभव गरिरहनु भयो, देवता तथा मनुष्यहरूमा पुनः पुनः जन्म लिइरहनु भएको तपाईंलाई तिनमा सुख र दुःख- यी दुइमा के को बढी अनुभव भयो ?

यस प्रश्नको जवाफमा भगवान् आवट्यलाई जैगीषव्य मुनिले भने– भव्य भएको हुनाले दश महासर्गहरूमा मेरो सात्विक बुद्धिको पराभव भएन, अतः मैले नरक तथा पशु-पक्षीका योनिहरूको दुःख देखें र मनुष्य-शरीरहरूमा पुनः पुनः जन्म लिएँ । यिनमा मैले जे-जति अनुभव गरें, मलाई ती सबै दुःखस्वरूप नै प्रतीत हुन्छन् ।

रागद्वेष– मन्दबुद्धि मनुष्य तात्कालिक सुख तथा दुःखको निवृत्तिबाट सन्तुष्ट हुन्छ । पूर्वजन्मको वासना प्रबल हुने हुँदा विषयेन्द्रिय-संयोगजन्य परिणाम-विरस क्षणिक सुखमा धेरैजसो प्राणीहरूको ज्यादै आसक्ति देखिन्छ । यसै आसक्तिलाई राग भन्छन् तथा आफ्ना इष्ट पदार्थहरूको प्राप्तिमा बाधा उत्पन्न गर्नेहरूप्रति जुन प्रज्ज्वलनात्मक चित्तवृत्ति रहन्छ त्यसलाई द्वेष भन्छन् । यी राग-द्वेषहरूद्वारा नै प्रेरित भएर जीव पुण्य-पापजन्यक अनेक प्रवृत्तिहरूमा अल्झेर जन्म, जरा, रोग, शोक, परिताप, बन्धन, मरण आदि अनेक दुःख-परंपरामा पर्छन् । लौकिक तथा शास्त्रीय उपायहरूद्वारा अस्थिर सुख प्राप्ति तथा दुःखनिवृत्ति भए तापनि नित्य सुखप्राप्ति तथा दुःखनिवृत्ति संसारासक्त जीवलाई कहिल्यै हुँदैन ।

परिणाम दुःखता– योगसूत्रमा भनिएको छ– **परिणामतापसंस्कारैर्गुणवृत्तिविरोधाच्च दुःखमेव सर्वं विवेकिनः** (२।१५) । सुखभोगकालमा पनि सुखसाधकहरूमा राग र दुःखकारणहरूमा द्वेष चित्तमा विद्यमान रहन्छ । त्यसबाट पुण्य-पापात्मक प्रवृत्ति हुनाले तद्रूप कर्माशय उत्पन्न हुन्छ । यही परिणाम दुःखता हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताप– चेतन तथा अचेतनद्वारा प्राप्त हुने सन्तापको अनुभवलाई ताप भन्छन् ।

गुणवृत्तिनिरोधजन्य दुःख– गुणमय विरोधी चित्तवृत्तिहरू एक समयमा उदित हुँदा कष्ट हुन थाल्छ, यै गुणवृत्तिनिरोधजन्य दुःख हो । यसैले विवेकी मनुष्यको दृष्टिमा इन्द्रियजन्य विषयभोग सबै दुःखरूप नै हो । यो अनादि दुःखस्रोतलाई विवेकी मनुष्य मात्र प्रतिकूल देख्छ, अतः उसलाई त्यसबाट उद्वेग हुन्छ । अविवेकी विषयी जीव त वासनावश भएर दुःखले गर्दा भूतदेहादिमा अहन्ता र ममता धारण गरेर त्रिविध ताप सहँदै निरन्तर संसारचक्रमा भ्रमण गर्छ ।

अविद्या र माया– यस विवेचनाबाट संसारको दुःखरूपता नै सिद्ध हुन्छ तथा दुःखको मूलोच्छेदविना तिनको आत्यन्तिक निवृत्ति हुन सक्तैन । यस भीषण संसार-चक्र-भ्रमणको मूल के हो ? सबै शास्त्रकार श्रुति, स्मृति, पुराणहरूले भनेका छन्, यसको मूल हो अविद्या । जसबाट वास्तविक नभए तापनि अनिवर्चनीय दृश्यको अनुभव हुन्छ, तथा सत्य पदार्थ समेत प्रतीत हुँदैन, त्यसैको नाम माया हो । पातञ्जल योग सूत्रमा अविद्या नै सबै अनर्थहरूको मूल भनिएको छ । विद्याको विपरीत मिथ्याज्ञानलाई नै यहाँ अविद्या भनिएको हो, ज्ञानभावलाई अविद्या भनिएको होइन ।

दुःखको मूल मिथ्याज्ञान हो । मिथ्याज्ञानको निवृत्ति भएपछि दोष नष्ट हुन्छन्, रागादि दोषहरूको नाश भएपछि प्रवृत्ति समाप्त हुन जान्छ, प्रवृत्तिको अभावमा जन्म हुँदैन, जन्मको अभाव हुनाले दुःखको आत्यन्तिक-निवृत्तिरूप अपवर्ग मोक्ष सिद्धि हुन्छ ।

अविद्याको सिद्धि अनुभवद्वारा पनि हुन्छ । म अज्ञ हुँ, आफूलाई तथा अन्य अज्ञात पदार्थहरूलाई जान्दिनँ– यस्तो अनुभव सबैलाई हुन्छ ।

अनुमानद्वारा पनि अविद्याको सिद्धि हुन सक्छ । यो अनुमान अज्ञानको साधक हो । यो अज्ञान तत्त्वज्ञानमा बाधक हुन्छ, त्यसैले तीनै कालहरूमा बाधित नहुने सद्रूप छैन, साथै सबै व्यवहारको निर्वाहक अध्यास समेत यसैद्वारा हुन्छ । यसैले आकाश पुष्पलाई झैं यसलाई अत्यन्त असत् पनि भन्न सकिंदैन । अतः यसलाई सदसद्-विलक्षण अथवा अनिर्वचनीय भन्छन् ।

अध्यास (धर्म्यध्यास र धर्माध्यास)– अहं मनुष्यः इत्यादि देहतादात्म्याध्यासलाई (देहलाई आत्मा संझनु) धर्म्यध्यास भन्छन् । इन्द्रिय तथा अन्तःकरणका धर्म-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको तत्तद्धर्मरहित चिदात्मामा आरोपण गर्नु धर्माध्यास भनिन्छ । भगवद्गीतामा भगवान्‌ले श्रीमुखबाट असंगशस्त्रद्वारा अज्ञान अथवा अध्यासको निवृत्तिपूर्वक परमपद-प्राप्तिको उपदेश दिनुभएको छ ।

जसरी मन्द अन्धकारमा डोरीको यथार्थ स्वरूपको अज्ञानद्वारा सर्पभ्रान्ति र त्यसबाट भय, कंप हुन्छन्, त्यसैगरी विशुद्ध चिदानन्दस्वरूप आफ्नो आत्माको यथार्थ स्वरूपको अज्ञानबाट कर्तृत्व, भोक्तृत्व आदि मिथ्याबुद्धिद्वारा संपूर्ण अनर्थ उत्पन्न हुन्छन् । उपर्युक्त दृष्टान्तमा जसरी डोरीको यथार्थरूप थाहा पाएपछि सर्पभ्रान्ति र त्यसबाट उत्पन्न भय कंप सबै कष्टहरू निर्मूल हुन जान्छन्, त्यसै गरी सबै दृश्य प्रपंचको अधिष्ठानस्वरूप प्रत्यगभिन्न ब्रह्मतत्त्वको साक्षात्कारद्वारा पूर्वोक्त द्विविधा अध्यास (धर्म्यध्यास र धर्माध्यास)तथा त्यसबाट उत्पन्न सबै अनर्थहरूको निशेःष निवृत्तिपूर्वक परमानन्दप्राप्ति हुन्छ । आत्मा परब्रह्मस्वरूप छ । यसैले परब्रह्मको खोज अन्यत्र कतै गर्नुपर्दैन । आत्मा बाहेक अन्य सबै ज्ञेय बस्तुहरू जड, परिच्छिन्न परोक्ष तथा दुःखरूप छन्, किनभने आत्मा ज्ञानस्वरूप छ ।

यसैकारण श्रुतिहरूमा **आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तोव्यो निदिध्यासितव्यः। आत्मनो वा अरे दर्शनेन श्रवणेन मत्या विज्ञानेनेदं सर्वं विदितम्**-यसप्रकार स्वरूप आत्मदर्शनको नै उपदेश छ, साथै दर्शनोपायभूत श्रवण, मनन तथा निदिध्यासन आदि साधनहरूको उपदेश छ । ज्ञानसिवाय अन्य कुनै उपायद्वारा अज्ञानको निवृत्ति हुन सक्तैन ।

परमात्मैक्य–ज्ञान नै मोक्षप्राप्तिको एकमात्र साधन-श्रुतिमा भनिएको छ यसलाई जानेर नै ज्ञानी पुरुष मृत्युरूप संसारको अतिक्रमण गर्छ । त्यस्तै श्रुतिहरूमा परमात्मैक्यज्ञानद्वारा नै मोक्षरूप परम पुरुषार्थको प्राप्तिको प्रतिपादन गरिएको छ।

जसरी धर्माधर्मको निर्णय केवल अपौरुषेय-वेदरूप- शब्दप्रमाणैकवेद्य हो, त्यसमा प्रत्यक्षानुमानको संचार छैन, त्यसरी नै यो गंभीर परमतत्त्वको निर्णय वेदान्तैकवेद्य हो । यसमा केवल वेदानुकूल तर्क नै उपयुक्त छ, स्वतन्त्र तर्क निषिद्ध छ ।

परमात्मज्ञान नै मृत्युरूप संसार-तरणपूर्वक परमानन्द-प्राप्तिरूप मोक्षको साधन हो । संपूर्ण प्रपंच द्रष्टा, दृश्य तथा दर्शन- यी तीनै विभागहरूमा अन्तर्भूत छन्, तथा त्यसको परमतत्त्व-हक चैतन्यरूप परमात्मा नै हो । वस्तुतत्त्वको ज्ञानद्वारा नै मोहको निवृत्ति हुन्छ । प्रपंचको परमतत्त्व, नामरूपात्मक विकारहरूमा जब तिरोभूत हुन जान्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तब मोहादि मायाविलास उत्पन्न हुन्छन् र जब परमात्म तत्त्वज्ञान हुन्छ, तब प्रपंच अदृश्य हुन जान्छ र मोह शान्त हुन्छ। आचार्यपादले स्वात्मनिरूपणमा भनेका छन्–

जसरी काठको हात्तीमा काठ छोपिन्छ र त्यो हात्ती पनि जब उसको कारण-रूप ज्ञान हुन जान्छ, तब त्यस काठले ढाकिन्छ, त्यसै प्रकार जगत्मा परमात्मा र परमात्मामा जगत् तिरोभूत हुन जान्छ। अज्ञानी बालक काठको हात्तीमा काठ नदेखेर हात्ती मात्र देख्छ, एवं प्रकार तत्त्वज्ञानरहित संसारी व्यक्तिहरू बालक झैं नाम-रूपमा मोहित हुन्छन् र त्यसैबाट अनेक दुःख पाउँछन्।

मोहको महिमा अगाध छ। यसको निवृत्ति तत्त्वज्ञानद्वारा मात्र हुन्छ। तत्त्व भनेको के हो ?–यस प्रश्नको उत्तरमा न्यायदर्शन भाष्यकार वात्स्यायन भन्छन्–विपर्यय-रहित यथार्थ ज्ञानद्वारा प्रतीयमान सत्य वस्तुको सत्यता र असत्य वस्तुको असत्यता नै तत्त्व हो। यहाँसम्म भेदवादी तथा अभेदवादी विद्वान्हरूको एउटै मत छ। यसभन्दा पछि सत् पदार्थ तथा दुसत् पदार्थको निरूपणमा भने तिनमा ठूलो मतभेद भएको छ।

सत् असत् वा प्रपञ्च–सत् त सदा सर्वदेशमा सत् नै हुनुपर्छ र असत् सर्वदा सर्वदेशमा असत् नै रहनुपर्छ। स्वभावको लोप हुनु असंभव छ। स्वभाव अभिभुत अथवा निरूद्ध हुन्छ तर त्यसको परिवर्तन हुँदैन। अतः प्रपञ्च सत्य भनिन्छ भने त्यो सर्वदा सर्वकालमा सत्य रूपनै रहनुपर्छ, तर प्रपञ्च अन्तर्गत सम्पूर्ण पदार्थ विनाशी तथा परिच्छिन्न छन्। यसैले प्रपञ्चको स्वभाव अमृतत्त्व नै भन्न सकिन्छ। एक अवाधित स्वयं-प्रकाशत्त्व नै सत्त्वको निर्वचन हो। यस्तो सत्त्व परमात्माको स्वरूप हो, अतः केवल परमात्मा नै एकमात्र सत् पदार्थ हुन्।

छान्दोग्य उपनिषद्को **वाचारभ्यणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम्** इत्यादि वचनद्वारा नामरूपात्मक कार्यहरूको मिथ्यात्व र कारणको सत्यत्व बताइएको छ। यसबाट यही सिद्ध हुन्छ–परमात्मा नै 'सत्' पदार्थ हो तथा प्रपञ्च असत् हो। यसमा ईश्वरको सत्तालाई स्वीकार गर्ने आस्तिक दर्शनकर्ताहरूमध्ये कसैको पनि मत परमात्माको परमार्थ-सत्यत्वको विरुद्ध छैन, तर प्रपञ्चको सत्यत्व तथा असत्यत्वको विषयमा भने अवश्य मतभेद छ। श्रीगौडपादाचार्य तथा श्रीशङ्कराचार्य आदि आचार्य-हरू प्रपञ्चलाई असत् वा मिथ्या भन्छन्।

नश्वरता तथा मिथ्यात्व–अविद्यादोषको महिमाले प्रपञ्च अन्तर्गत सम्पूर्ण जीवहरूलाई पृथिवी आदि भूत तथा शरीर ,घट आदि भौतिक पदार्थ सत्य देखा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्छन्, यस प्रतीतिको आधारमा तिनको वास्तविक सत्ता सिद्ध हुन सक्तैन । यस विषयमा जादूगरको खेलको दृष्टान्त उपयुक्त हुन्छ । दार्ष्टान्तिकमा महामायावी परमेश्वर श्रीकृष्ण पनि भन्छन्–

माया ह्येषा मया सृष्टा यन्मां पश्यति नारद ।
सर्वभूतगुणैर्युक्तं नैवं मां द्रष्टुमर्हसि ॥

यसबाट ज्ञात हुन्छ सम्पूर्ण तत्त्वहरू मायायन्त्रारूढ हुन् ।

विषय नश्वर हुनाले लामो समयसम्म रहे तापनि अवश्य नष्ट हुन जान्छन् । यसैले तिनको वियोग निश्चित छ । जुनबेला हामीलाई त्याग्छन्, त्यसबेला हामीलाई अत्यन्त दु:ख हुन्छ । यदि हामीले नै तिनको आसक्तिको त्याग गऱ्यौं भने त्यो त्यागजन्य सन्तोष अपूर्व सुखप्रद हुनेछ ।

सिकन्दरले मृत्युभन्दा पूर्व आफ्ना सम्बन्धीहरूलाई भनेका थिए– 'मेरो मृत्युपश्चात् जब मलाई लगिन्छ, त्यसबेला यस्तो व्यवस्था अवश्य गर्नू जसको फलस्वरूप मेरा खुलेका दुवै हातहरू सबै देख्न सकून् र जनतालाई यति महान् सम्राट् पनि मृत्युपछि खाली हात नै जाँदोरहेछ भन्ने ज्ञान होओस् ।' यसप्रकार ऐहलौकिक भोग्य पदार्थहरूको नश्वरता अनुमान तथा आगम प्रमाणबाट सिद्ध हुन्छ । श्रुति पनि भन्दछ – जसरी पुण्यादि कर्मद्वारा सम्पादित धान्यादि पदार्थ नाश हुन्छन्, त्यसै गरी परलोकमा पुण्यादिद्वारा सम्पादित देवादि शरीर तथा स्वर्गीय भोग पनि क्षीण हुन्छन् । निरुक्तकार यास्काचार्यले अनित्य भावमात्रका ६ विकारको वर्णन गरेका छन्–जायते (जन्मनु), अस्ति (छ), वर्धते (बढ्नु), विपरिणामते (परिणाममा प्राप्त हुनु), अपक्षीयते (खिइनु), नश्यति (नाश हुनु) –यी षड्भाव विकारहरू सांसारीक वस्तुका धर्म हुन् । यस्ता विषयहरू दृश्य, जड र परिच्छिन्न हुन्छन्, त्यसैले मिथ्या हुन्छन् । घट इत्यादि नाम र त्यसको रूप अविद्या परिमाण नाम-रूपको सम्बन्धद्वारा नै व्यवहृत हुन्छन् । यही सिद्धान्त छ–

अस्ति भाति प्रियं रूपं नाम चेत्यंशपंचकम् ।
आद्यं त्रयं ब्रम्हरूपं जगद्रूपं ततो द्वयम् ॥

अस्ति, भाति, प्रिय, नाम र रूप सृष्टिका यी पाँच अंश छन्, जसमध्ये पहिलो तीन ब्रह्मको स्वरूप हो र पछिल्लो दुइ जगत्को स्वरूप हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अद्वैततत्त्व–एकमात्र परमार्थ सत् तत्त्व हो, यो अद्वैत पदको अर्थ हो । भेद केवल कल्पनारूप हो । मनस्पन्दन भएपछि मात्र भेदको स्फुरण हुन्छ । दृश्य प्रपञ्चको अनुभव पनि मनःस्पन्दनको अधीनमा छ । जाग्रत् एवं स्वप्नमा मनःस्पन्दन निरन्तर हुने गर्छ, यसैले त्यस अवस्थामा प्रपञ्च देखापर्छ । सुषुप्ति एवं समाधिमा मनको उपराम हुन्छ अतः कुनै भेद देखा पर्दैन । चलित -भ्रान्त चित्तको अधीन जेको प्रतीति हुन्छ, त्यसलाई सत्यत्व कसरी भन्ने ? अतः अद्वैत नै परमार्थ हो, सम्पूर्ण द्वैत त्यसमा कल्पित हुन् । श्रुतिले पनि अद्वैतकै प्रतिपादन गरेको छ-**सदेव सौम्येदमग्र आसीदेकमेवाऽद्वितीयम्** । अर्थात् यस जगत्को उत्पत्ति भन्दा अघि एउटा अद्वितीय सत् ब्रह्म मात्र थियो । फेरि श्रुतिले अभेद-निष्ठा भएकाहरूलाई उत्तम फलप्राप्तिको वर्णन गरेर भेदबुद्धि भएकाहरूको निन्दा गरेको छ–**अन्योऽसावन्योऽहमस्मीति न स वेद यथा पशुरेवं स देवानाम्** । अतः अद्वैत-सिद्धान्त नै कल्याणप्रद छ ।

अद्वैत-सिद्धान्तका चार आधारभूत सिद्धान्तहरू हुन्– (१) अविद्यालाई जन्म-मरणको मूल मान्नु, (२) भूतभौतिक सम्पूर्ण संसारलाई मायाद्वारा निष्पन्न मान्नु, (३) कारणसंग कार्यको अनन्यता मान्नु तथा (४) तत्त्वज्ञानद्वारा अविद्यानिवृत्तिपूर्वक मोक्ष मान्नु ।

अविद्या अभावरूप होइन, अपितु भावरूप हो । यसैले संक्षेप-शारीरिक (१।३२०) मा भनिएको छ–

नाऽभावतास्य घटते वरणात्मकत्वा–
न्नाऽभाव-मावरण-माहुरभावशौण्डाः ।
अज्ञानभावरणमाह च वासुदेव–
स्तद्भावरूपमिति तेन वयं प्रतीमः ।

अर्थात् यो अविद्या (अज्ञान) अभावरूप होइन किनकि यसले अधिष्ठान-माथि आवरण राख्छ । यो आवरण राख्नु अभावको काम होइन । अभावको परीक्षण गर्नमा निपुण न्यायवेत्ताहरूले अभावसाथि आवरण राख्छ भन्ने कुरा कहीं पनि भनेका छैनन् । श्रीमद्भगवद्गीतामा पनि भनिएको छ –आज्ञानद्वारा ज्ञान आवृत्त हुने हुनाले प्राणीहरूलाई मोह हुन्छ । यो अविद्याको नाश अधिष्ठानको साक्षात्कारद्वारा मात्र हुन्छ ।

पञ्च क्लेश (अविद्या, अस्मिता, राग, द्वेष तथा अभिनिवेश) योगदर्शनमा भनिएको छ –**अविद्यास्मितारागद्वेषाभिनिवेशा पञ्चक्लेशाः** (२।३) अर्थात् अविद्या, अस्मिता, राग, द्वेष तथा मृत्युको भय (अभिनिवेश) यी पाँच क्लेश हुन् । अनात्मामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मबुद्धि अविद्या, पुरुष तथा अन्तःकरणको अभेदज्ञान अस्मिता, सुखानुशयी (सुख वा सुखसाधनहरूमा तृष्णाविशेष) राग, दुःख वा दुःखसाधनहरूमा निन्दात्मक क्रोध द्वेष, तथा शरीर आदि विषयहरूसंग मेरो वियोग नहोस् भन्ने इच्छा अभिनिवेश हो। अविद्याद्वारा नै अस्मिता, राग, द्वेष तथा अभिनिवेश हुन्छन्। अविद्या रहनासाथ जन्म, आयु, तथा भोगरूप त्रिविध विपाक हुन सक्छ, अन्यथा हुँदैन। त्यो अविद्याको नाश विवेक-ख्याति हुनुबाट मात्र हुन्छ। ऋतम्भरा प्रज्ञा नामक तत्त्वज्ञान नै साक्षात् अविद्याको निवर्तक हो।

वेदान्तदर्शनमा वर्णन गरिएको छ–"वास्तवमा न कोही बद्ध छ, न कोही मुक्त छ, तर यो रज, तम आदि गुणहरूको आभास हो। मिथ्याज्ञानद्वारा नै राग-द्वेष हुन्छन्–राग-द्वेषद्वारा प्रवृत्ति, प्रवृत्तिद्वारा जन्म तथा जन्मद्वारा नै दुःख हुन्छ। अतः दुःखको निवृत्तिको लागि जन्मबाट छुट्कारा पाउनु आवश्यक छ, जन्मको अभावको लागि प्रवृत्ति त्याग्नु पर्छ, प्रवृत्ति त्याग्नको लागि रागद्वेषबाट उम्कनुपर्छ तथा राग-द्वेषबाट उम्कनको लागि अनात्मामा आत्मबुद्धि इत्यादिरूप मिथ्याज्ञान हटाउनु आवश्यक छ, किनकि अनात्मामा आत्मबुद्धिरूप मिथ्याज्ञानद्वारा नै सम्पूर्ण संसार-परम्परा चल्छ।

पदार्थमात्रको मायिकत्व सिद्धान्त–जसरी स्वप्नका पदार्थ स्वप्नावस्थामा अर्थक्रियाकारी भएर पनि जाग्रत् दशामा बाधित हुन जान्छन्। त्यसै गरी जाग्रत् अवस्थामा भासमान एवं अर्थक्रियाकारी पदार्थ तुरीय दशामा अभासमान तथा अर्थक्रियाकारी नगर्ने हुन जान्छन्। अतः तिनमा पारमार्थिक दृष्टिले बाधितत्त्व तथा मायिकत्व छ। यस्तो हुँदाहुँदै पनि वेदान्ती तिनको व्यावहारिक सत्ता स्वीकार गर्छन्।

दोश्रो कुरा यो छ– जाग्रत् अवस्थामा पनि यी भूत-भौतिक पदार्थ कहिले-काहीं केही बेरको लागि व्यक्त दशामा देखापर्छन् भने केही बेरमै अव्यक्त हुन पनि पुग्छन्। अतः अव्यक्त दशा नै यिनको वास्तविक रूप हो। आदि तथा अन्तमा अव्यक्त नै यिनको अवस्था हो। केवल बीचमा केही बेरको लागि जुन व्यक्त दशा हुन्छ, त्यो यद्यपि अर्थ-क्रियाकारी तथा भासमान छ, तथापि वास्तविक होइन। अतः व्यक्त अवस्था मायिक हो।

नैयायिकहरू आरम्भवादी (परमाणुवादी) छन्, अर्थात् तिनको मतअनुसार कारणहरूद्वारा नवीन कार्यको उत्पत्ति हुन्छ। सांख्यमतको (प्रकृति-कारणवाद प्रतितन्त्र सिद्धान्त हो), कार्यको केवल अभिव्यक्ति हुन्छ भन्ने कुरा यी मान्दैनन्, परन्तु कार्यको उत्पत्तिभन्दा अघि त्यसको प्रागभाव तथा कार्य नष्ट भएपछि त्यसको ध्वंस हुन्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा मान्दछन् । यसको तात्पर्य भयो–कार्य उत्पन्न हुनुमा त भावरूप छ र आदि एवं अन्तमा अभावरूप हुन पुग्छ । साथै नैयायिकहरूको मतअनुसार निर्दिष्ट वस्तुतत्त्व अपरिहार्य हुनाले मायिकत्ववाद पनि सर्वतन्त्र सिद्धान्त हुन सक्छ ।

कारणसंग कार्यको अनन्यत्व-सिद्धान्त—वेदान्तीहरूले **वाचारम्भणांविकारोनामधेयं मृत्तिकेत्येव सत्यम्** इत्यादि प्रमाणद्वारा कारणसंग कार्यको अनन्यत्वको वर्णन गरेका छन् । यसको तात्पर्य हो– कार्यदशा व्याप्य तथा कारण दशा व्यापक हुनाले कार्यदशामा पनि हामी कारणदशालाई देख्न सक्छौं, जस्तो कि पटदशामा पनि हामी तन्तुलाई देख्छौं अथवा औंठीको अवस्थामा पनि सुनलाई देख्छौं । यसको विपरीत कारण अवस्थामा हामी कार्यरूप जगत्मा कारणीभूत ब्रह्मको दर्शन गर्न सक्छौं, तर कारणीभूत ब्रह्ममा जगद्दृष्टि गर्न सक्तैनौं । अतः भगवद्गीतामा भनिएको छ–मेरो अन्वय तथा व्यतिरेक भूतहरूमा छ, भूतहरूको अन्वय तथा व्यतिरेक ममा छैन । जसरी म हुनु वा नहुनुले भूतहरूको सत्ता वा असत्ता हुन सक्छ, त्यसैगरी भूतहरू रहनु वा नरहनुले मेरो सत्ता वा असत्ता हुन सक्तैन । यसै सिद्धान्तको आधारमा सम्पूर्ण जगत्लाई भगवान्सित अनन्य देख्नाले र अनन्यचित्त भएर अनन्य भक्ति गरिरहँदा अद्वैत मन्दिरमा बसेर सुख-शान्ति पाउने काम स्वतः सिद्ध हुन्छ ।

सांख्य मतको दृष्टिअनुसार कार्य-कारणको अनन्यत्व भए तापनि तिनको मतमा भगवानन् जगत्का कारण होइन्, अपितु भगवान्भन्दा भिन्न प्रकृति नै जगत्कारण हो । सांख्यमतअनुसार यो प्रकृति-कारणवाद प्रतितन्त्र-सिद्धान्त हो । सर्वतन्त्र-सिद्धान्त होइन। अतः त्यसैसंग अद्वैत सिद्धान्तको विरोध पनि अविरोध नै मानिने छ । यसै प्रकार नैयायिकहरूको परमाणुवाद पनि प्रतितन्त्र सिद्धान्त हो, अतः यो पनि अद्वैत सिद्धान्तको विरोध होइन ।

दोश्रो कुरा यो छ– चैतन्य कारणवाद तथा पदार्थहरूको मायिकत्व स्वीकार नगरीकन **पूर्णमदःपूर्णमिदं पूर्णात् पूर्ण मुदच्यते** इत्यादि श्रुतिहरू कुनै पनि प्रकारले समन्वित हुन सक्तैनन् । अतः चैतन्य नै जगत्प्रति अभिन्न निमित्तोपादान हो । यसैले भगवान्को सर्वप्रिय अनन्ययोगको उपपत्ति हुनाले भगवान् श्रीशंकराचार्यको अद्वैतवाद नै सर्वमान्य सिद्धान्त हो ।

माथि अद्वैत सिद्धान्तका आधारभूत चार स्तम्भको वर्णन गरिएको छ । तिनीहरूमध्ये पहिलोमा अविद्या जन्म-मरणको मूल मानिएको छ, दोस्रोमा भूत-भौतिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि सम्पूर्ण संसार मायानिष्पन्न मानिएको छ, तेस्रोमा कारणसंग कार्यको अनन्यता मानिएको छ, तथा चौथोमा तत्त्वज्ञानद्वारा अविद्या-निवृत्तिपूर्वक अपवर्गको प्राप्ति भनिएको छ। यी चारै सिद्धान्तहरू सांख्य, योग, न्याय आदिका दार्शनिकहरूद्वारा स्वीकृत छन्, अतः सामान्य रूपले यिनको सर्वमान्यता देखाइएको छ। अब यी चार सिद्धान्तहरूमध्येबाट विद्या तथा अविद्याको विषयमा केही विचार गरौं –

यद्यपि अविद्या र माया– यी दुवैको स्वरूपको शास्त्रहरूमा अनेक प्रकारले विवेचन गरिएको छ, तथापि अविद्याको भिन्न-भिन्न प्रकारले जति परिचय बढ्छ, त्यति नै त्यसको तिरस्कार भएर हृदयस्थित अविद्या-बन्धन शिथिल हुन्छ र नाश हुन्छ।

अविद्याको ज्ञान परिहारको लागि हो तथा विद्याको ज्ञान केही बेरसम्म उपादानको लागि (स्थिर गर्नको लागि) हो। यद्यपि अन्तमा अविद्यालाई जस्तै विद्यालाई पनि छाड्नै पर्छ।

तेश्रो कुरा यो छ–**पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते** इत्यादि श्रुतिहरूद्वारा ज्ञान हुन्छ कि सत्ता, चैतन्य तथा आनन्द– यिनीहरू पनि सदा परिपूर्ण जुन कारण ब्रह्म छ, त्यसबाट उत्पन्न हुने संसार पनि अवश्यै पूर्ण नै हुनुपर्छ, किनकि कारणकै गुणहरू कार्यमा आउँछन्, यो सामान्य नियम हो। अतः सम्पूर्ण जीवहरू आफूलाई पूर्ण ठान्दछन्। कोही पनि आफूलाई अपूर्ण ठान्दैनन्। वास्तवमा आत्मस्वरूपले सबै पूर्ण नै छन् तथापि शरीरलाई आफू (आत्मा) ठानिराखेको हुनाले मात्र अपूर्ण जस्तो भैराखेका छन्। यसैले विद्या र अविद्या दुवैलाई जान्नु अत्यावश्यक छ।

चौथो कुरा यो छ– जीवात्माको अविनाभावी सजीव जुन प्राणवायु छ, त्यसको पनि प्रत्येक शरीरमा अन्तर्मुख एवं बहिर्मुख गति बारम्बार भई नै रहन्छ, जसको उल्लेख हामी श्वास-प्रश्वास शब्दद्वारा गर्दछौं। जब यो प्राणवायु बाहिरबाट भित्र जान्छ, तब सोऽहं भन्छ, अर्थात् त्यसको ध्वनि यस प्रकारको हुन्छ र जब त्यो वायु भित्रबाट बाहिर निस्कन्छ, तब हंसः भन्ने ध्वनि निस्कन्छ। जब जीवात्माको अन्तर्मुखी वृत्ति हुन्छ तब त्यसलाई **सोऽहम्** अर्थात् 'म ब्रह्म हुँ' भन्ने ज्ञान हुन्छ र जब उसको बहिर्मुखी वृत्ति हुन्छ तब **'हंसः'** अर्थात् 'म त्यो हुँ' भन्ने ज्ञान हुन्छ। यसप्रकार अन्तर्मुख तथा बहिर्मुख यस्ता दुइ विपरीत वृत्ति भएका जीवात्मामा विद्या तथा अविद्या– यी दुवै रहनु अपरिहार्य छ।

पाँचौं कुरा यो छ– वेद तथा धर्मशास्त्रमा जुन नित्य, नैतिक अथवा काम्य यज्ञ यागादि कर्महरू बताइएका छन् यी सबैको लक्ष्य हो यिनको निष्काम अनुष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गराएर विस्तार-बिस्तार चित्तसुद्धि तथा अन्तर्मुख वृत्तिको संपादन गराउनु । यस्तो अवस्थामा अविद्यालाई जान्नु आवश्यक छ ।

छैटौं कुरा हो छ– अविद्यालाई अविद्याको रूपमा चिन्नुबाट नै त्यसको शक्ति नष्ट हुनु हो, यसबाट नै अविद्याग्रन्थि खुकुलो हुन्छ भन्ने कुरा समस्त दार्शनिकहरूको सिद्धान्त छ ।

सातौं कुरा यो छ– प्रत्येक प्राणी प्रियकर कुराको विचार पहिले गर्छ र कल्याणकर कुराको पछि, किनकि प्रियकर कुराहरूमा चित्ताकर्षकता तथा रोगोत्पादक शक्ति बढी रहन्छ, त्यसैले आपाततः (प्रथम– दर्शनमा मात्र) त्यसको असर चाँडै हुन्छ। कल्याणकर कुराहरूतर्फ अत्यन्त विचार गरेपछि तथा निर्विकार चित्त भएपछि मात्र प्रवृत्त हुन्छ । प्रियकर कुराहरूको स्रोत अविद्याद्वारा नै संचालित हुन्छ, तथा श्रेयस्कर कुराहरूको स्रोत विद्याद्वारा संचालित हुन्छ ।

त्यसैले विद्या र अविद्या– यी दुवैको मूल एउटै भए पनि परिणाममा ठूलो भेद छ, अतः दुवैलाई जान्नु आवश्यक छ ।

अविद्याको स्वरूप– यद्यपि वास्तवमा अविद्याको कुनै नाम नै छैन, त्यसको उत्पत्ति नै छैन र त्यसको कुनै स्वतन्त्र कारण– सामग्री छैन एवं ईशसृष्टिमा त्यसको ईक्षण अर्थात् निर्माणको संकल्प पनि छैन तथा वेद, शास्त्र आदिमा अविद्या र त्यसको प्रपञ्चको ढोल पिटिन्छ । अविद्याको आफ्नो खास कुनै नाम छैन, किनकि विद्यावाचक शब्दबाट नै अविद्या शब्द बन्दछ । दोश्रो कुरा त्यसको उत्पत्ति छैन, तेश्रो कुरा त्यसको कुनै स्वतन्त्र कारण– सामग्री छैन । अविद्या वास्तवमा अनाम अरूप एवं तुच्छ छ । वास्तवमा विद्यामा तमोगुणले गर्दा मलिनता आउछ, अनि विद्यालाई अनि नै अविद्या भनिन्छ ।

विद्याको स्वरूप– मायां तु प्रकृतिं विद्धि मायिनं तु महेश्वरम्– इत्यादिरूपले भगवान् महेश्वरको जुन नित्य शक्तिरूप माया छ, जो नित्य भासमान हुनाले नित्यसंवित् भनिन्छ, त्यसैले रजोगुणको क्षोभद्वारा सारासंसार बन्न पुग्छ, तथा तमोगुणको क्षोभद्वारा कतिपय संसारको नास हुन जान्छ, त्यही **कर्तुंकमर्तुं मन्यथाकर्तुं समर्थता यस्ती भगवच्छक्ति विद्यापदवाच्य छ** ।

विद्या अविद्यामा परिणत हुनको लागि मोह नै द्वार हो, अतः मोहदेखि सावधान रहनको लागि अविद्याको सबै अधिष्ठानहरूलाई (मन, बुद्धि आदि करणहरूलाई) परिशुद्ध पार्नुपर्छ, अन्यथा त्यसले कसैलाई छाड्दैन ।

त्रिविध दुःख तथा तिनको निवृत्ति– अब प्रश्न यो उठ्छ– यो मोहमायाको निवृत्तिको लागि जुन साधनहरू अँगाल्नाले अविद्याका सबै अधिष्ठानहरू अर्थात् मन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि आदि करणहरूको परिशुद्धि तथा सूक्ष्मता हुन्छ, तिनीहरूमध्ये प्रधान साधन के हो? प्रधान साधन हो– वैराग्यपूर्वक विवेक विचार । सामान्यरूपले विचार गर्दा दुःखका तीन राशी छन्, अर्थात् संपूर्ण दुःख तीन भागमा विभक्त छन्– आध्यात्मिक, आधिदैविक तथा आधिभौतिक । शरीरका भित्री निमित्तद्वारा साध्य हुने दुःखहरू आध्यात्मिक दुःख कहलाउँछन् । चोर, डाँका, बाघ, बिच्छी, सर्प आदिद्वारा हुने दुःख आधिभौतिक दुःख हो । अतिवृष्टि, अनावृष्टि आदिद्वारा जुन दुःख उत्पन्न हुन्छन्, ती आधिदैविक दुःख हुन् । दुःखहरूको निवृत्तिको लागि प्रत्येक व्यक्ति शास्त्रको जिज्ञासा गर्छ ।

जब दुःखनिवृत्तिको लागि उत्तम भन्दा उत्तम, लौकिक सुन्दर, उपायहरू विद्यमान छन्, तब तिनलाई छोडेर अति कठिन अनेक जन्मको परिश्रमद्वारा साध्य आध्यात्मशास्त्र–प्रतिपाद्य आत्मसाक्षात्काररूप दुःखनिवृत्तिको उपायमा कसैको प्रवृत्ति कसरी हुन सक्छ ? यदि घरैमा मह पाइन्छ भने त्यसको लागि पहाडमा जाने के आवश्यकता छ ? भनाइको सारांश यो हो– अर्थ तथा काम– यी दुइ मात्र पुरुषार्थ हुन् । यिनैको प्राप्तिको लागि मनुष्यले यत्न गर्नु पर्छ । मोक्ष भनेको यी भन्दा अलग पदार्थ होइन । अतः त्यसको लागि उपाय नुष्ठान गर्ने कुनै आवश्यकता देखा पर्दैन; साथै त्यसको उपायको प्रतिपादन गर्ने वेदान्तशास्त्र पनि व्यर्थ नै छ ।

यस प्रश्नको उत्तर हो– मनोज्ञ-वनिता-स्रवनादि उपायको अनुष्ठानद्वारा कामको निवृत्ति हुँदैन । अतः विषयसेवन कामको निवर्तक होइन; साथै कामका उपाय धन आदि पनि त्रिविध दुःखका निवर्तक होइनन्, अपितु स्वयं दुःख रूप नै हुन् । लौकिक उपायहरूद्वारा दुःख निवृत्त हुँदैनन् र कतै निवृत्त भैहाले पनि ती पुनः उत्पन्न हुन्छन्, यसैले यी दुःखहरूको आत्यन्तिक निवृत्तिको लागि आध्यात्मशास्त्रको जिज्ञासा अवश्य गर्नुपर्छ ।

वैदिक कार्यकलापद्वारा दुःखको निवृत्ति हुन्छ भन्ने कुरा ठीक हो, तर यी उपायहरूद्वारा दुःखको निवृत्ति अवश्य हुन्छ भन्ने कुरा निश्चित छैन । जसरी यस लोकमा कर्मद्वारा आर्जित फल– कृष्यादि नष्ट हुन्छन्, त्यसरी नै परलोकमा पुण्यद्वारा अर्जित स्वर्गफल पनि नष्ट हुन जान्छ । त्यसैले वैदिक कर्मद्वारा प्राप्त स्वर्गादि सुख पनि अनित्य नै छन् । दुःखको आत्यन्तिक निवृत्तिरूप मोक्षता बेदान्तशास्त्रको जिज्ञासाबाट नै हुन्छ, अर्थात् वेदान्तको अद्वैत ब्रह्ममा तात्पर्यनिर्णयरूप श्रवण, मनन, निदिध्यासनद्वारा जन्य ब्रह्मात्मैक्य साक्षात्कारबाट नै हुन्छ । तसर्थ त्रिविध दुःखको अत्यन्त निवृत्तिरूप मोक्षको निम्ति वेदान्तको जिज्ञासा अवश्य गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सारांश यो हो– वेदान्त, सांख्य आदि शास्त्र धर्म, अर्थ, काम र मोक्षलाई नै परम पुरुषार्थ मान्छन् । काम लौकिक सुखलाई भन्छन् । यी सुख दुइ प्रकारका छन्– दिव्य (स्वर्गसुख) र अदिव्य (भूलोकसुख), यी दुवै उपेयसाध्य छन् ।। अर्थ र धर्म साधन हुन् । यिनीहरूमा मोक्ष नै परम पुरुषार्थ हो यसकारण यसैलाई जीवनको उद्देश्य मान्नुपर्छ । यसकै सिद्धिको लागि धर्म पनि उपादेय छ । धर्मको सिद्धिको लागि अर्थ उपादेय छ । **एवं शरीरमाद्यं खलु धर्मसाधनम्** भन्ने नियमअनुसार शरीरको साधन हुनाले काम पनि उपादेय नै छ । श्रीमद्भागवत्मा पनि भनिएको छ –

धर्मस्य ह्यपवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते ।
नाऽर्थस्य धर्मैकान्तस्य कामोलाभाय हि स्मृतः॥ (१।२।९)

धर्म अपवर्गको (मोक्षको) लागि कर्तव्य हो न कि धनको लागि । धनसंचय धर्मको लागि कर्तव्य हो न कि विषयसुखको लागि । विषय-सेवन. जीवनको लागि नै हो, इन्द्रिय-लौल्यको परितृप्तिको निम्ति होइन; र जीवन पनि तत्त्वको- ब्रह्मको जिज्ञासाको निम्ति हो, नश्वर धनको निम्ति होइन, किनकि धन त प्रारब्धकर्मबाट मिल्दछ ।

ब्रह्म-जिज्ञासाको अधिकारी– यसबाट स्पष्ट ज्ञात हुन्छ– दुःखको आत्यन्तिक निवृत्ति (मोक्ष) लौकिक तथा वैदिक उपायबाट प्राप्त हुँदैन, केवल ब्रह्मजिज्ञासाबाट नै हुन्छ । अब विचारणीय विषय के छ भने ब्रह्मजिज्ञासाको अधिकारी को हुन्छ ? यस प्रश्नको उत्तरमा भगवान् भाष्यकारको भनाइ छ– मनुष्य मात्र ब्रह्मजिज्ञासाको अधिकारी हुँदैन, किन्तु पूर्वजन्ममा संचित भगवदर्पण– बुद्धिद्वारा अनुष्ठित पुण्यपुंजबाट वा यसै जन्ममा अनुष्ठित निष्काम पुण्यपुंजबाट जसको चित्त शुद्ध-मलरहित भएको छ, जसको हृदयमा नित्यानित्यवस्तु-विवेक, ऐहिक र पारलौकिक विषयभोगमा विराग, शम-दम आदि साधन-संपत्ति र मुमुक्षा क्रमले उत्पन्न भएको छ , तिनै पुण्यात्मा महापुरुष ब्रह्मजिज्ञासा अधिकारी हुन्छन्, मनुष्यमात्र अधिकारी हुँदैनन् ।

नित्यानित्यवस्तु विवेक– प्रत्यगात्मा (जीव) नित्य छ र शरीर इन्द्रिय आदि अनित्य छन् भने यस्तो नित्यानित्यवस्तु विवेक ब्रह्मजिज्ञासाभन्दा पहिले नै भयो भने ब्रह्मजिज्ञासा नै किन गर्ने भन्ने प्रश्नको उत्तरमा भनिन्छ – जीव सत्य छ र शरीर इन्द्रिय आदि असत्य छन् भन्ने कुरा यद्यपि ब्रह्मजिज्ञासाभन्दा पहिले निश्चित हुँदैन, तथापि कसै-कसैलाई त्वं र अहम् शब्दबाट व्यवहारमा जड-चेतनामय संसारमा जो सत्य छ, त्यो सुखरूप र उपादेय छ; एवं जो असत्य छ, त्यो दुःखरूप छ तथा अनुपादेय छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो नित्यानित्य वस्तु विवेक पूर्वजन्मको अथवा यसै जन्मको पुण्यले ब्रह्मजिज्ञासाभन्दा पहिले पनि हुन सक्छ ।

यस नित्यानित्य– वस्तुविवेकको (एक अधिष्ठान अर्थात् ब्रह्म नै सत्य हो, देह, इन्द्रिय आदि बन्ध अनृतमिथ्या हो, यसको) सदा अभ्यास गर्नाले महापुरुषको हृदयमा यस्तो ज्ञान उदय हुन्छ कि यस-संसार-सागरमा सत्यलोक-ब्रह्मलोकदेखि लिएर अविचि-नरक पर्यन्त नाना योनिहरूमा दिन, रात, मास, ऋतु अयन आदि कालका भुमरीहरूमा हामी तथा समस्त जीव सदा भ्रमण गरिरहेका छौं । यो संसार अनित्य, अशुचि र दुःखरूप छ इत्यादि ज्ञानले युक्त उक्त नित्यानित्यवस्तु- विवेकको अभ्यासबाट द्वितीय साधन वैराग्य उत्पन्न हुन्छ ।

शरीरयात्राको लागि विषय सुख र अर्थको सेवन तथा चित्तशुद्धिको लागि धर्मको सेवन गर्नुपर्छ, तैपनि जीवनको परम लक्ष्य ब्रह्मजिज्ञासा नै बनाउनुपर्छ; तथापि त्यसतर्फ तबसम्म अग्रसर हुनु हुँदैन, जबसम्म साधन- चतुष्ट्य प्राप्त हुँदैन र साधन-चतुष्ट्य प्राप्त गर्न निष्काम कर्मको सेवन र सगुण ब्रह्मको उपासना गर्नुपर्छ। जब भगवत् कृपाद्वारा साधन-चतुष्टय प्राप्त हुन्छ; तब ब्रह्मजिज्ञासातर्फ अग्रसर हुनुपर्छ, अन्यथा कदापि हुनुहुँदैन । त्यस्तै विषयभोगबाट वैराग्य भएपछि नै शम, दम आदि साधन-संपत्ति प्राप्त हुन्छ ।

ब्रह्मजिज्ञासुमा हुनुपर्ने पाँच गुण (शम, दम, उपरति, तितिक्षा र श्रद्धा)- रागादि दोष आदि कषायरूप मदिरा चित्तलाई उन्मत्त गराउँछ । त्यस मदिराले उन्मत्त (पागल) मन इन्द्रियहरूलाई असल-खराब विषयमा प्रवृत्त गराउँछ र जीवलाई त्रिविध दुःखको ज्वालाले विकराल संसाररूप अग्निमा होम्दछ र वैराग्यले जब रागादि कषाय नष्ट हुन्छन् र त्यसबाट पैदा भएको मद उत्रन्छ, तब मन स्वतः पुरुषको वशमा आउँछ। त्यस्तो मनको विजय नै शम कहलाउँछ, त्यसैको नाम वशीकरण पनि हो । विजित मनमा तत्त्वजिज्ञासाको नियोजनमा जुन योग्यता उत्पन्न हुन्छ त्यसैलाई दम भन्छन् ।

उपरति भनेको विषयबाट चित्तको उपरम अर्थात् निवृत्ति हो । विषयमा वैराग्य भएपछि त्यसबाट अवश्य चित्तको उपरम-निवृत्ति हुन्छ । तितिक्षा सहन हो। भगवद्गीतामा भनिएको छ– विषय र इन्द्रियको सम्बन्धले जो दुःख हुन्छन्, ती अनित्य आगमापायी हुन्, तिनलाई सहनुपर्छ । विश्वास र शुश्रूषा दुवैलाई श्रद्धा भन्दछन्। देवता, शास्त्र र गुरुमा विश्वास र शुश्रूषा दुवै चाहिन्छन् । शास्त्रमा भनिएको छ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन पुरुषमा देव- (ईश्वर) - माथि धेरै भक्ति छ र जस्तो देवमा त्यस्तै गुरुमा भक्ति छ, उसैको हृदयमा वेदान्तमा कथित अर्थ (ब्रह्मतत्त्व) भासित हुन्छ ।

ब्रह्मजिज्ञासा के हो ? – ब्रह्म शब्द मायासवल चैतन्य– (ईश्वर)- को नै वाचक हो । साधन-चतुष्टच संपन्न पुरुषलाई ब्रह्म नित्य-सुखरूप हुनाले त्यसको प्राप्तिको इच्छा हुन्छ । त्यसपछि त्यसको साधन हुनाले अपरोक्ष ब्रह्माकार वृत्तिज्ञानको इच्छा हुन्छ र त्यसलाई प्राप्त गर्न अद्वितीय ब्रह्ममा वेदान्त वाक्यहरूको तात्पर्य-निर्णयरूप श्रवण गर्छ, यही **अथातो ब्रह्मजिज्ञासा (ब्रह्मसूत्र १।१।१)** भन्ने वेदान्तसूत्रको तात्पर्य हो। यो आत्मतत्त्व मोटो, पातलो, सानो अथवा ठूलो छैन (**अस्थूलमनण्व-ह्रस्वमदीर्घम्**) त्यस्तै आत्मा संपूर्ण धर्मले रहित छ (**अशब्दमस्पर्शमरूपमव्यम्**) । त्यस्तै एकमेवा-द्वितीयम् आत्मा एक अद्वितीय छ । तथा **सत्यं ज्ञानमनन्तं** ब्रह्म–यस श्रुतिबाट नित्यज्ञान स्वरूप व्यापक आत्मा ज्ञात हुन्छ; र अहं मनुष्य, सुखी भन्ने अनुभव शरीरदेखि परि-च्छिन्न एवं सुख-दुःखले युक्त चेतनलाई विषय बनाउँछ, यो आत्मतत्त्व विषयक कसरी होला ? निष्कर्ष हो– **समस्त** उपाधि- (देश, काल र धर्म)- ले रहित सच्चिदानन्दघन ब्रह्माकार अन्तःकरणको अपरोक्ष वृत्तिको लागि वा वृत्तिद्वारा अभिव्यक्त नित्य सुखरूप चैतन्य- (ब्रह्म)- को प्राप्तिको लागि वेदान्त वाक्यहरूको अद्वैत ब्रह्ममा तात्पर्यनिर्णयरूप जुन श्रवण हो, त्यो ब्रह्मजिज्ञासा हो ।

ब्रह्मको स्वरूप–परमात्माको चिन्तन स्वर्ग र अपवर्गको द्वार हो । वस्तुको स्वरूप निरूपण लक्षण र प्रमाणद्वारा हुन्छ । सत्, चित् र आनन्द ब्रह्मको स्वरूप-लक्षण हो। यसमा **प्रमाण-सत्यं ज्ञानमनन्तं ब्रह्म, सदेवसौम्येदमग्रआसीत् आनन्दं ब्रह्मेति व्यजानात्** इत्यादि श्रुतिहरू छन् । यस संसारको जन्म, स्थिति र लय जसबाट हुन्छः त्यो ब्रह्म हो। यो तटस्थ लक्षण हो ! यसमा समाज हो– **यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति यत् प्रयन्त्यभिसंविशन्ति तद् ब्रह्म तद्विजिज्ञासस्व** (जसबाट यो संपूर्ण जगत् उत्पन्न हुन्छ, उत्पन्न जगत् जसमा स्थित रहन्छ र अन्तमा जसमा लीन हुन पुग्छ, त्यो ब्रह्म हो भनेर जान)- यो श्रुति ।

ब्रह्म निर्विरोध छ– अब यो ब्रह्म निर्विरोध नै छ भन्ने कुरामा विचार गरौं । श्रुतिमा त्यो अक्षर ब्रह्म स्थूल, अणु ह्रस्व, दीर्घ छैन । उ रस र गन्धले रहित छ, चक्षु, श्रोत्र, वाक् र मनको वृत्तिले रहित छ । उ सबै ठाउँमा पूर्ण छ भनिएको छ । त्यस्तै त्यो ब्रह्म स्वप्रकाश अपरिच्छिन्न अज र नित्य छ भन्ने श्रुति पनि छ । अर्को श्रुतिले उसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारण छैन अर्थात् उ कार्य होइन, उसको परकार्य छैन, उसमा सजातीय, विजातीय अथवा स्वगत भेद छैन, उ आत्मा हो, उ ब्रह्म हो, सबैको साक्षी प्रकाशक हो भनेको छ। यी श्रुतिहरूबाट ब्रह्म निर्विशेष, निर्गुण र अशरीर छ भन्ने स्पष्ट हुन्छ ।

ब्रह्म निर्विशेष छ– प्रश्न- त्यो शमगुणयुक्त पुरुष मनोमय प्राण शरीर अर्थात् मन र प्राणले युक्त स्वप्रकाश ज्ञानस्वरूप सत्यसंकल्प ब्रह्मको उपासना गरोस् इत्यादि श्रुतिवाक्य सविशेष ब्रह्मका नै प्रतिपादक हुन् । अतः एवं विध श्रुतिहरूको वैयर्थ नहोस्रोस् भन्नाको लागि ब्रह्मलाई सविशेष पनि मान्नैपर्छ । यसबाट ब्रह्म निर्विशेष नै छ भन्ने कथन उचित देखिंदैन ।

उत्तर– यी श्रुतिहरूको पनि सविशेष ब्रह्मसित तात्पर्य छैन, किन्तु सविशेष ब्रह्मको उपासनासित तात्पर्य छ । उपनिषद्मा कहीं-कहीं सविशेष ब्रह्मको कथन आउँछ भने कहीं-कहीं निर्विशेष ब्रह्मको कथन आउँछ, तथा ब्रह्मका परस्पर विरुद्ध उभयरूप मान्न सकिंदैन; यसकारण एक रूपलाई पारमार्थिक र अर्को रूपलाई अपारमार्थिक मान्नु पर्छ। यस परिस्थितिमा विचार गर्नु आवश्यक छ– निर्विशेष ब्रह्मका प्रतिपादिक वचनको तात्पर्य निर्विशेष ब्रह्मसित नै छ र सविशेष ब्रह्मका प्रतिपादक वचनहरूको तात्पर्य उपासनासित छ, सविशेष ब्रह्मसित होइन । आचार्य शंकरको मतअनुसार पनि ब्रह्मलाई परमार्थमा निर्गुण निःशरीर मान्नुपर्छ र अनादि अनिर्वचनीय मायारूप उपाधिवश सशरीर र सविशेष पनि मान्नुपर्छ । ब्रह्ममा सविशेषता र सशरीरता मायाकृत हो स्वाभाविक होइन ।

कर्म र ब्रह्मविद्याका फल स्वर्ग र मोक्ष परस्पर विलक्षण छन् । कर्मको फल स्वर्ग अनित्य छ । ब्रह्मविद्याको फल मोक्ष– नित्यसुखरूप तथा अतिशयरहित छ । मोक्ष-सत्तालाई मोक्षवादीहरू नित्य मान्छन्, किनभने, नित्यत्वको साधक **न स पुनरावर्तते न स पुनरावर्तते** भन्ने श्रुति छ । **ब्रह्मविद् ब्रह्मैव भवति** (मुण्डकोपनिषद् ३।२।६) अर्थात् जुन समयमा ब्रह्मलाई जान्दछ त्यसै समयमा ब्रह्म हुन्छ र **तदात्मानमेवाऽवेदाहं ब्रह्माऽस्मीति तस्मात् तत् सर्वमभवत्** (**बृहदारण्यकोपनिषद् १।४।१०**) आफूलाई म ब्रह्म हुँ भन्ने जान्यो र सर्वात्मा भयो, यी श्रुतिहरूबाट ज्ञानको कालमा ब्रह्मात्मभावसर्वात्मभावरूप मोक्ष प्रतीत हुन्छ, मध्यमा नियोगको-अपूर्वको-प्रतीति हुँदैन, न जन्मान्तरमा मोक्ष प्रतीत हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानले मोक्षको प्रतिबन्धक अविद्या- (अज्ञान) - को निवृत्ति गर्छ मोक्षलाई उत्पन्न गर्दैन, किनकि मोक्ष ता नित्यसुख आत्मस्वरूप भएको हुनाले नित्य छ । यसमा ध्यान दिनु आवश्यक छ– जुन याग, होम आदि क्रिया पुरुषका अधीन छन्, जे गर्न पुरुष स्वतन्त्र छन्, तिनको विधि हुन सक्छ, तर दर्शन, श्रवण, मनन र निदिध्यासनरूप, जुन ज्ञान प्रमाणको अधीन छ, पुरुषको अधीन छैन । तिनको विधि हुन सक्तैन । निष्कर्ष यो हो– चक्षु:सन्निकर्षादि कारण भएपछि पुरुषले नचाहे पनि ज्ञान हुन्छ, यसकारण ज्ञान पुरुषको अधीन नहुनाले त्यसको विधि हुन सक्तैन । द्रष्टव्य इत्यादिमा तव्यप्रत्यय अर्ह-अर्थमा छ, विधि-अर्थमा छैन । यसबाट के सिद्ध हुन्छ भने प्रतिपत्तिको विधि नहुनाले त्यसको शेषरूपबाट निर्विशेष ब्रह्मको बोध वेदान्त गर्दैन, किन्तु स्वप्राधान्यबाट प्रतिपादन गर्छ । अद्वैत-मतमा परमार्थ सत् निर्विशेष ब्रह्म नै हो र उसको साक्षात्कार नै मोक्षको साधन हो । यसप्रकार ब्रह्मसाक्षात्कारको निमित्त श्रवण- मनन र निदिध्यासनरूप ब्रह्माभ्यास नै मनुष्य-जीवनको मुख्य लक्ष्य हो ।

परन्तु जबसम्म ब्रह्माभ्यासको योग्यता प्राप्त हुँदैन, अर्थात् विवेक, वैराग्य आदि साधन प्राप्त हुँदैनन्, तबसम्म चित्तको मल (दोष) पन्छाउन नित्य, नैमित्तिक कर्मको अनुष्ठान गर्नुपर्छ र मायारूप उपाधिको अधीन जो परमात्माको सविशेष रूप छ, त्यसको उपासना गर्नुपर्छ । जब चित्तको मल र विक्षेपरूप दोष हटेर जान्छ एवं विवेक, वैराग्यादि साधन प्राप्त हुन्छ, अनि निर्विशेष ब्रह्मको साक्षात्कारको लागि श्रवण, मनन, निदिध्यासन गर्नुपर्छ, पहिले होइन, अन्यथा श्रेय प्राप्त हुनेछैन । यही अद्वैत वेदान्तको सिद्धान्त हो, सनातन धर्मको रहस्य हो, संसार-सागरबाट पार हुनको निमित्त विशाल जहाज हो र वर्णाश्रम-व्यवस्थाको मूल आधार हो ।

जीव र ब्रह्मको सम्बन्ध र सृष्टि-- यद्यपि जीव नित्य छ, वस्तुतः उसको जन्म-मरण हुँदैन, तथापि नवीन शरीरको ग्रहण र प्राचीन शरीरको त्याग नै जन्म, मरण कहलाउँछ । यही प्रारब्धवाद-पुनर्जन्मवाद-सनातनधर्मरूप कल्पवृक्षको मूल जरो हो र वैदिक-धर्मरूप प्रासादको जग हो । सनातन वैदिक धर्ममा अनेक मतभेद भएर पनि यस विषयमा ऐक्य छ । यस सम्बन्धमा उदयनाचार्यले पनि भनेका छन्--

सापेक्षवादनादित्वाद् बैचित्र्याद् विश्ववृत्तितः

प्रत्यात्मनियमाद् भुक्तेरस्ति हेतुरलौकिकः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् कारणको अपेक्षाले नै सबै कार्य उत्पन्न हुन्छन्, ती कारण पनि आफ्ना कारणको अपेक्षाले नै उत्पन्न हुन्छन्, विना कारण हुँदैनन् भन्ने सिद्ध हुन्छ । त्यस्तै मूर्खदेखि पंडित-सम्म मनुष्यमात्रको स्वाभाविक धार्मिक प्रवृत्ति र लौकिक कारण समान भएर पनि बुद्धि, विद्या, सुख आदि कार्यमा भेद हुनाले तथा प्रतिजीव भोग नियत हुनाले अलौकिक प्रारब्ध कर्म पनि कार्यका कारण हुन्छन् भन्ने सिद्ध हुन्छ । इसाई र इस्लाम धर्मदेखि सनातन धर्मको भिन्नता यही हो । ती मतहरूमा प्रारब्ध र पुनर्जन्म मानिएको छैन ।

ईश्वर जीवहरूको संचित कर्मअनुसार अर्थात् जुन जीवको जस्तो कर्म छ, त्यसको लागि त्यस्तै सृष्टि बनाउँछन् । यसमा उसमा वैषम्य र नैर्घृण्य दोष छैनन् । यो कुरा वेदान्त-दर्शनमा **वैषम्यनैर्घृण्ये न सापेक्षत्वात्-** यस सूत्रबाट स्पष्ट हुन्छ । यस प्रश्नको यथार्थ उत्तर अन्य धर्ममा पाइँदैन ।

अब यो विचार गर्नु आवश्यक छ–जीवको स्वभाव र परमात्मासँग उसको के सम्बन्ध छ ? – यसको उत्तर हो– जसरी एउटै ज्योतिस्वरूप सूर्य भिन्न-भिन्न जलमा प्रतिबिम्बित भएर अनेक रूप हुन्छन्, त्यसरी नै प्रकाशस्वरूप एउटै परमात्मा अविद्या, सूक्ष्म र स्थूल शरीरमा प्रतिविम्बित भएर अनेक जीवरूप हुन्छन् । जीव परमेश्वरको प्रतिविम्ब हो र परमेश्वर एक छ । अविद्या, सूक्ष्म र स्थूल शरीरका भेदले उसका प्रति-विम्ब (जीव) अनेक छन् । यो अनुभवहरूबाट प्रतीत हुन्छ– भेद भासित भए पनि वस्तुत: विम्ब र प्रतिविम्ब एकै हो । अत: ब्रह्म र जीव पनि एकै हुन्, भ्रमले भेदप्रतीति हुन्छ । जस्तो परमार्थ ब्रह्म सच्चिदानन्दरूप निर्विशेष नै छ, तथापि माया-अविद्या-उपाधिले ब्रह्म सर्वज्ञत्व, अन्तर्यामित्व, भूतानुग्रहकत्व आदि कल्याण गुणहरूको बन्दछ, त्यस्तै जीव अविद्यावश अज्ञत्व, दु:खित्व आदि अशुभ गुणहरूले युक्त छ । परमात्मा र जीवको परमार्थमा अभेद (ऐक्य) नै सम्बन्ध छ, र परमात्मा झैं जीवात्मा पनि परमार्थमा सत्, चित् र आनन्दरूप निर्विशेष छ । तत्त्वमसि आदि महावाक्यले पनि परमात्मा र जीवको अभेद नै सिद्ध गरेको छ ।

अवच्छेदवाद र प्रतिविम्बवाद– जीवत्व र जीवको उत्पत्ति, स्थिति र लयको विज्ञान मनुष्यले जान्नुपर्ने संपूर्ण विषयमा परम आवश्यक विषय हो । जबसम्म जीव आफ्नो स्वरूप राम्ररी जान्दैन, तबसम्म उ न आफ्नो उन्नति गर्न सक्छ, न मुक्ति पाउन सक्छ । यस समय जीवतत्त्वको निरूपण-शैलीमा प्राय: दुइ सांप्रदायिक मत अत्यन्त प्रचलित छन्– यी हुन् अवच्छेदवाद र प्रतिविम्बवाद । जीवात्माको विषयमा जति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारका वाद भिन्न-भिन्न साम्प्रदायिकता शास्त्रहरूमा पाइन्छन्, ती सबैलाई दुइ भागमा विभक्त गर्न सकिन्छन् । जस्तै एक— **जीवो ब्रह्मैव नाऽपरः** जीव नै ब्रह्म हो, जीव र ब्रह्ममा कुनै भेद छैन । यसकारण ब्रह्म जस्तै जीव पनि नित्य-शुद्ध-बुद्ध-मुक्त-सत्य-स्वभाव छ । अनि अर्को पक्ष अनुसार जीव र ब्रह्म पृथक्-पृथक् वस्तु हुन् । जीव दुःखत्रयको अधीनमा छ र ब्रह्म क्लेशविहीन छ । जीव अनित्य, अशुद्ध र अमुक्त छ र ब्रह्म नित्य, शुद्ध, बुद्ध मुक्त छ । जीव व्याप्य छ र ब्रह्म व्यापक छ ।

यी दुवै वादको पुष्टिमा वेदान्त-दर्शन, श्रुति र शास्त्रहरूमा भिन्न-भिन्न प्रकारका प्रमाण पनि पाइन्छन् । वेदान्तदर्शनअनुसार यी दुइ वादको नाम— अवच्छेद-वाद र प्रतिविम्बवाद राखिएको छ ।

अवच्छेदवादको भनाइ छ— जीवात्मा परमात्माको अंशरूप छ । जस्तो घटाकाश र महाकाशमा स्वरूपतः कुनै भेद छैन, त्यसैगरी केवल अन्तःकरणरूप उपाधिको योगले एउटै ब्रह्म नाना जीवरूपमा व्याप्त भइरहेको छ ।

प्रतिबिम्बवादको भनाइ छ— जीवात्मा परमात्माको अंश होइन, केवल आभास मात्र हो । जसरी आकाशमा रहेको सूर्य वा चन्द्रमाको प्रतिविम्ब जलमा पर्छ, ती प्रतिविम्ब सूर्य वा चन्द्र झैं देखिए तापनि वास्तवमा सूर्य वा चन्द्र होइनन्, त्यसरी नै अन्तःकरणमा परमात्माको जुन प्रतिविम्ब पर्छ, त्यही जीवात्मा हो, त्यो वास्तवमा ब्रह्म होइन । एउटै ब्रह्म समस्त जीवहरूमा अवस्थान गरिरहेको छ । जलमा चन्द्रविम्ब झैं समस्त जीवहरूको अन्तःकरणमा उसको प्रतिविम्ब छ, त्यही जीवात्मा हो । अन्तःकरण-मा परेको ब्रह्मको प्रतिविम्ब नै जीव हो—यसप्रकार अनुभवगम्य विचारद्वारा प्रतिविम्ब-वाद र अवच्छिन्नवादको निर्णय गर्नाले जीवात्माको विषय सम्यक् ज्ञान प्राप्त भई अवि-द्यान्धकारबाट जीवको मुक्ति हुन सक्ला । श्रुति भगवतीले जीवात्मा बुझ्नको लागि अनेक सुन्दर मन्त्र बताएको पाइन्छ ।

जीव र ब्रह्मको भेद उपाधिगत— ब्रह्म र जीवको यो भेद स्वरूपगत होइन; किन्तु उपाधिगत हो, किनभने अंशी र अंश, विम्ब र प्रतिविम्ब, छाया र कायाको बीच-मा स्वरूपतागत भेद हुन सक्तैन, केवल उपाधिगत भेद हुन्छ ।

श्रुतिले कर्ता र कर्मको भेदनिर्देश गरेर कहीं-कहीं ब्रह्मलाई जीवभन्दा अधिक बताएको छ र तत्त्वमसि आदि महावाक्यद्वारा पनि कहीं-कहीं अभेद-निर्देश गरेको छ। अतः जीव र ब्रह्ममा भिन्नत्व र अभिन्नत्व दुइ विरुद्ध भाव कसरी हुन सक्छन् ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको उत्तर हो– यस प्रकरणका विरुद्ध भावको समन्वय हुनु असम्भव छैन, किनभने जस्तै महाकाश र घटाकाश परस्पर भिन्न पनि हुन् र अभिन्न पनि । जुनबेला तत्त्वमसि आदि अभेद-प्रतिपादक उपदेशद्वारा जीव र ब्रह्मको अभिन्नताको उपलब्धि हुन्छ, त्यस-बेला जीवको संसारित्व र ब्रह्मको स्रष्टात्वभाव नष्ट हुन्छ । अतः सिद्ध हुन्छ– जीव र ब्रह्म स्वरूपतः अभिन्न हुन् । तिनमा भेद केवल अविद्यारूप उपाधिले गर्दा नै छ, वास्त-वमा कुनै भेद छैन । ब्रह्ममा सद्भाव, चिद्भाव र आनन्दभाव सुव्यक्त छन् । जीवमा यी तीनै भाव मायाद्वारा आच्छन्न छन् ।

जीवमा माथिबाट लागेको मायाको आवरण ज्ञानद्वारा जति तिरोहित हुँदै जान्छ, उति नै सत्, चित् र आनन्दको भाव पनि त्यसमा व्यक्त हुँदै जान्छ, अनि जुनबेला आवरण एकाएक तिरोहित हुन्छ, त्यसबेला त्यसका सत्, चित् र आनन्दको भाव पूर्णरूपले व्यक्त हुन पुग्छ । त्यसैबेला जीव भन्न सक्छ– **सोऽहम्, अहं ब्रह्माऽस्मि** (त्यो म हुँ, म ब्रह्म हुँ । यसैले श्रुतिले भनेको छ– **ब्रह्मविद् ब्रह्मैव भवति**) मुण्डको पनिषद् ३।२।९ (जीव ब्रह्मलाई जानेपछि ब्रह्म नै हुन्छ ।)

वेदान्तशास्त्रमा आत्माका जुन जाग्रत्, स्वप्न, सुषुप्ति र तुरीय– यी चार दशाको वर्णन छ, तिनमा जाग्रत दशामा स्थूल प्रकृतिसंग र स्वप्नदशामा सूक्ष्म प्रकृति-संग आत्माको अभिमानिक सम्बन्ध रहन्छ, जसबाट प्रथम अवस्थामा स्थूल संसारको भोक्ताको रूपले आत्मा अविद्योपाधिद्वारा ग्रस्त रहन्छ । तुरीय अवस्थामा प्रकृति-संप-र्कको परिहार ब्रह्मसंग मिलेर ब्रह्मभावमा आत्माको अवस्थान हुन्छ । यसप्रकार स्वरूपमा अवस्थिति भएपछि आत्माको प्रकृतितर्फ पुनरावृत्ति हुँदैन, किन्तु सुषुप्तिमा स्थूल एवं सूक्ष्म प्रकृतिलाई छाडी प्रतिबिम्बित जीवको बिम्बभूत ब्रह्मसित एकभावमा जुन अवस्थान हुन्छ, त्यो नित्य छैन, किनभने सुषुप्तिपछि जाग्रत् दशाको उदय हुनासाथ जीव पुनः संसारिक प्रत्यावर्तन गर्छ । सुषुप्ति अवस्थामा जीव सत् अर्थात् ब्रह्मसित मिलित हुन्छ । सकल जीव यस प्रकारले सुषुप्तिमा ब्रह्मलोकमा पुगेर प्रातःकाल त्यहाँबाट फर्केर आउँछन् । अविद्यारूप उपाधिले गर्दा जीवलाई यसप्रकार ब्रह्मलोक गमनको कुराको स्मरण रहँदैन । जीवको यस मिलनसित विच्छेद रहेको हुनाले यो मिलन आत्यन्तिक सुखप्रद हुँदैन । यसै कारण प्राणसखा निखिलानन्दनिकेतन ब्रह्मसंग फेरि सम्मिलनको निम्ति जीव सदैव लालायित रहन्छ । जब जीवको यो हार्दिक इच्छा परिपूर्ण हुन्छ, तब उ ब्रह्मसंग मिलेर उसंग आफ्नो एकत्वको साक्षात् उपलब्धि गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अविच्छिन्नवाद र प्रतिविम्बवाद वा अद्वैतवाद र अद्वैतवादमा रहेको जीवात्माको परिणामसंबन्धी मतभेद– जीवात्माको स्वरूप झैं जीवात्माको परिणामको विषयमा पनि अवच्छिन्नवाद र प्रतिविम्बवाद वा अद्वैतवादमा र द्वैतवादमा मतभेद पाइन्छ। द्वैतवादीहरू जीवलाई अणु-परिमाण मान्छन्, किन्तु अद्वैतवादीहरू महत्परिणाम मान्छन्। विचार गरेमा सिद्ध हुनेछ– दुवैमा आफ्नो-आफ्नो भूमिका सत्य छ, केवल अवच्छिन्नवाद र प्रतिविम्बवादअनुसार मात्र भूमिकाको भेद छ।

आत्माका लिंग– न्यायदर्शनमा इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख र ज्ञान यी सबै आत्माका लिंग हुन् भनिएको छ। यसैगरी वैशेषिक-दर्शनमा प्राण-अपानक्रिया, निमेष र उन्मेषक्रिया, जीवन, मनोगति-यी इन्द्रियान्तर विकार, सुख, दुःख, इच्छा, द्वेष र प्रयत्न सबैलाई आत्माको लिंग मानिएको छ। यी दुवै दर्शनमा पुरुषलाई असंग नित्य, शुद्ध, मुक्त बताएर अनादि अविद्याहेतु प्रकृतिसित रहेको पुरुषकै औपचारिक संबन्धयुक्त कर्तृत्व-भोक्तृत्वमय अवस्थाविशेष नै जीवभाव भनिएको छ र विवेकद्वारा त्यो औपचारिक संबन्ध हट्नासाथ पुरुष आफ्नो स्वरूपमा स्थित भएर आफ्नो नित्य ज्ञानमय मुक्त भावलाई बुझ्दछ भन्ने निर्णय गरिएको छ। प्रकृति र पुरुषको संयोगको कारण अविद्या हो। अविद्याको अभावले संयोगको अभाव भएपछि पुरुषलाई कैवल्य प्राप्त हुन्छ।

जीव र कूटस्थ परमात्मा एवं कार्य तथा कारण ब्रह्म बीच उपाधिगत भेद– कारणब्रह्म सत्, चित् र एकरूप छ। त्यससंग कार्यब्रह्म र तदनन्तर जीवको भिन्नता-प्रतीति केवल उपाधिभेदले मात्र हुन्छ। कार्यब्रह्म र कारणब्रह्म एकै हुन् र कारण ब्रह्मको रूप हुनाले नै संसारलाई कार्यब्रह्म भन्छन्। साधक जबसम्म कार्यब्रह्ममा बद्ध रहन्छ, तबसम्म तिनमा उपाधिजनित भेदभावको भाव रहन्छ। परन्तु कार्यब्रह्मलाई कारणब्रह्मको रूप नै ठानी कर्मयोगको अनुष्ठान गर्नाले जति-जति साधकको गति वासना-त्यागपूर्वक कारणब्रह्मतर्फ हुन्छ, उति-उति उसलाई कार्यब्रह्मसँग-कारणब्रह्मको कुनै पनि भेद छैन भन्ने ज्ञान उपलब्ध हुन थाल्छ। जगत् वास्तवमा ब्रह्म नै हो। त्यसकारण जीव पनि ब्रह्मभन्दा भिन्न छैन। कार्य र कारणरूपले ब्रह्म एउटै छ। जसरी सूर्य जलोपाधिको संबन्धले नाना रूपमा प्रतीत भए पनि वास्तवमा एउटा मात्र छ, त्यसै गरी अविद्या उपाधिको सम्बन्धले विविध जीवरूपमा प्रतीत भए पनि ब्रह्म एक र अद्वितीय नै छ। सर्वभूतमा ब्रह्मलाई अद्वितीय भावले जानेर साधकले उपासना गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वकर्म-समर्पण मुक्तिलाभको उपाय– दैवी-मीमांस दर्शन- (ब्रह्मसूत्र) अनुसार साधकमा समर्पण-बुद्धिद्वारा अद्वितीयताको बोध उत्पन्न हुन्छ। दैवी-मीमांसा दर्शनको ज्ञानभूमिअनुसार जीव र ब्रह्मको भेद औपाधिक हो, तात्त्विक होइन र समर्पण-(निष्कामकर्म) - द्वारा अविद्याजनित जीवाभिमान नष्ट भएपछि जीव ब्रह्मसँगको आफ्नो अभिन्नतालाई उपलब्ध गर्न सक्छ। यही षष्ट ज्ञानभूमिको वास्तविक अनुभव हो। यसपछिको सप्तम ज्ञानभूमि वेदान्त दर्शनको हो। त्यो सबभन्दा अन्तिम हो। अतः त्यसमा अन्यान्य भूमिहरूको सामंजस्य छ। यस अर्थ वेदान्त-दर्शनमा प्रतिविम्बवाद र अवच्छिन्नवाद दुवैको नै रहस्य प्रकट गरिएको छ। प्रतिविम्बवादद्वारा जीवात्माको व्यावहारिक दशागत सत्तालाई परिस्फुट गरेर वेदान्त-दर्शनले अवच्छिन्नवादको अव-लम्बनद्वारा जीवात्माको स्वरूपदशालाई लक्ष्य गरेको छ। अतः प्रतिविम्बवादमा अन्यान्य दार्शनिक भूमिहरूको बहुधा समावेश गरिएको छ र अवच्छिन्नवादमा मीमांसा-दर्शन-त्रय भूमिहरूको सिद्धान्तलाई स्पष्ट गरिएको छ।

श्रवण, मनन र निदिध्यासनविना ब्रह्मसाक्षात्कार असंभव– वर्णाश्रम अनुसार श्रौत-स्मार्त धर्मको भगवच्चरणपंकज स्मरण बुद्धिले अनुष्ठान गर्दा-गर्दा भग-वान्को मंगलमय कृपाले जब साधकको अन्तःकरण शुद्ध हुन्छ, अनिमात्र नित्यानित्य-वस्तुविवेक, वैराग्य, शमादि षट् सम्पत्ति तथा तीव्र मुमुक्षा प्राप्त हुन्छ। उक्त साधन एवं सद्गुणहरू प्राप्त भएपछि सद्गुरु प्राप्तिपूर्वक श्रवणादि हुन सक्छन्, अनि मात्र पूर्वोक्त निष्प्रपंच ब्रह्मको साक्षात्कार हुन्छ। यद्यपि ब्रह्मसाक्षात्कारमा वेदान्त-महावाक्य नै परम प्रमाण हुन्छन्, तथापि उपक्रमोपसंहार आदि षड्विध-शास्त्र-तात्पर्यनिर्णायक लिंगहरूद्वारा उपनिषद्हरूको ब्रह्मात्मामा तात्पर्यरूप श्रवणविना प्रस्फुट ब्रह्मसाक्षात्कार हुन पाउँदैन। यसकारण वेदान्तशास्त्रमा श्रवण वा विचारको विशेष महत्त्व छ। श्रवण-(विचारित वेदान्त) -द्वारा श्रुतार्थको नै बुद्ध्यारोहणार्थ तर्कमय मननद्वारा सुव्यवस्थापन गरिन्छ र त्यसैको विजातीय प्रत्ययान्तरित सजातीय प्रत्यय-प्रवाहरूप निदिध्यासन गरिन्छ। हुन त जीव वस्तुतः स्वप्रकाश, अखण्ड, अनन्त, सच्चिदानन्दन, ब्रह्माभिन्न नै छ, तापनि श्रवण, मनन र निदिध्यासनविना त्यसको साक्षात्कारात्मक अनुभव हुन सक्तैन।

अध्यास– भगवान् शंकराचार्य आफ्नो शारीरक भाष्यको आरम्भमा ब्रह्मसूत्रको चतुःसूत्री भाष्यमा लेख्नुहुन्छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युष्मद् शब्दबाट तिमी अर्थात् अनात्म पदार्थ छन् ती र अस्मद् शब्दबाट म अर्थात् आत्माको बोध हुन्छ यिनमा स्वरूपभिन्नता देखाउन युष्मद् र अस्मद् शब्दको व्यवहार गरिन्छ। बाह्य अनात्मपदार्थ विषय हुन्, प्रत्यक् आत्मा विषयी हो। यी हेतुहरूबाट अन्धकार र प्रकाशजस्ता विरुद्ध स्वभाव भएका तिमी र म भन्ने प्रतीतिको योग्य विषय र विषयीको तादात्म्य सम्बन्धले युक्त छैन भन्ने सिद्ध भए पनि तिनका धर्मको पनि तादात्स्य नितरां हुन सक्तैन भन्ने सिद्ध नै छ। अतः म भन्ने प्रतीतिको योग्य जुन आत्मा (चैतन्यरूप) विष्यी छ, त्यसमा तिमी भन्ने प्रतीतिको जुन विषय छ (देहेन्द्रियादि), त्यसको र त्यसको धर्मको अध्यास एवं त्यसको विपरीत विषयमा विषयी र त्यसको धर्मको अध्यास हुन सक्तैन।

जाडय–चैतन्यादि धर्म तथा अहंकार र आत्मरूप धर्मी, जो अत्यन्त भिन्न छ, यिनको परस्पर भेद नबुझी मिथ्या अज्ञानलाई निमित्त (उपादान-कारण) बनाएर धर्मी र धर्मको अविवेकले एउटाको धर्म तथा स्वरूपको आरोप अर्कोमा गर्दै सत्य र मिथ्यालाई एकत्रित गरेर म-मेरो भन्ने स्वभावसिद्ध लोकव्यवहार चल्दछ। लोक शब्दको अर्थाध्यास र ज्ञानाध्यास लिइन्छ। यो अध्यास के हो ? भन्ने प्रश्नको उत्तरमा भनिन्छ – पहिले देखिएका पदार्थका स्मृतिरूपबाट अन्य पदार्थमा हुने अवभास नै अध्यास हो। अन्यमा अन्य धर्मको आरोप अथवा एक पदार्थमा अर्को पदार्थको धर्मको प्रतित हुनु अध्यास हो।

'जसमा त्यो छैन, त्यसमा त्यो छ' भन्ने बुद्धिलाई अध्यास भन्छन्। त्यो अध्यास यसप्रकार छ–जसरी स्त्री-पुत्रादिको शुभाशुभले 'म नै शुभाशुभवाला हुँ' भन्ने बाह्य पदार्थहरूको धर्मको अध्यास आफूमा गर्छ, त्यसरी नै आत्मामा देह-धर्मको अध्यास गरेर भन्छ– म लाटो छु, म कानो छु, म बहिरो छु, म अन्धो छु इत्यादि। यसै प्रकार काम संकल्प, संशय, निश्चय आदि अन्तःकरणका धर्महरूको आरोप आत्मामा गर्छन्। यस अनर्थको हेतु अध्यासको समूल नाश गर्नको लागि, ब्रह्म र आत्माको ऐक्यज्ञान गर्नको लागि सबै वेदान्त प्रवृत्त हुन्छ।

शंका–अविषय प्रत्यगात्मामा विषयहरू र तिनको धर्मको अध्यास कसरी हुन्छ ? संपूर्ण मानिसहरू त सामुन्ने कुनै वस्तु छ भने मात्र त्यसमा अन्य विषयको अध्यास गर्छन्। आत्मा अदृश्य हुनाले (यस्तो प्रत्ययको अयोग्य हुनाले) तिमी अविषय भन्छौं। विषय अदृश्य हुन्छ, दुवैको अध्यास कसरी हुन्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर–सुन, पहिले त यो आत्मा अत्यन्त अविषय होइन, किनकि यो 'अहम्' प्रत्ययको विषय हो। प्रत्यय हुनाले र विषय सामुन्ने हुनाले अर्को विषयको अध्यास हुनुपर्छ भन्ने नियम पनि छैन। हेर–अप्रत्यक्ष आकाशमा पनि अविवेकी पुरुष तल-मलिनताको भ्रममा पर्छन्। यसप्रकारले प्रत्यगात्मामा अनात्माको अध्यास पनि अविरुद्ध हुन्छ। उक्त लक्षणले युक्त यस अध्यासलाई पंडितहरू अविद्या मान्दछन् र यसको विवेकबाट वस्तुस्वरूपको निश्चय गर्नुलाई विद्या भन्दछन्। यसो भएमा अर्थात् अध्यास अज्ञानरूप हुँदा जसमा जसको अध्यास हुन्छ (जस्तो रज्जुमा सर्पको), त्यसका गुण अथवा दोषसित अणुमात्र पनि अधिष्ठान सम्बन्धयुक्त हुँदैन। यस अविद्या नामक आत्मा र अनात्माको परस्पर अध्यासलाई निमित्त बनाएर सबै प्रमाण (प्रत्यक्षादि), प्रमेय (विषयादि), लौकिक (लोकप्रसिद्ध), वैदिक (शास्त्रीय) व्यवहार प्रवृत्त भएको छ; र जति विधि-निषेधबोधक धर्मशास्त्र छन् तथा मोक्षप्रतिपादक मोक्षशास्त्र छन्, सबै प्रवृत्त भएका छन्।

ब्रह्मसूत्र एक विस्तृत ग्रन्थ छ। यसमा प्रथम चार सूत्र विशेष महत्त्वको भएकोले तिनै सूत्रहरूको छोटकरी वर्णन यहाँ गरिन्छ।

चतुःसूत्री

जिज्ञासाधिकरण– अथातो ब्रह्मजिज्ञासा (१।) यो वेदान्त-दर्शन-(ब्रह्मसूत्र) को पहिलो सूत्र हो। यहाँ अथ शब्दको अर्थ हो साधन-चतुष्टयले संपन्न भएपछि। यस सूत्रको अर्थ हो–यज्ञादि कर्म निष्कामनापूर्वक अनुष्ठान गरेपछि ब्राह्मण आदि अधिकारी पुरुषको चित्त शुद्ध हुन्छ र क्रियाद्वारा संपादित सबै भोग्य वस्तुहरू नाशवान् हुन् भन्ने जान्दछ र तिनबाट विरक्त हुन्छ, त्यसपछि उ ब्रह्मज्ञान प्राप्त गरेर यस संसार-वन्धनबाट मुक्त हुने इच्छा गर्छ। यस्तो साधन चतुष्टयले सम्पन्न पुरुषले नै यस भवसागरबाट पार हुनको लागि ब्रह्मजिज्ञासा अर्थात् ब्रह्मलाई जान्ने इच्छा गर्नुपर्छ। किनकि ब्रह्मज्ञान नै एकमात्र मोक्षको साक्षात् साधन हो।

जन्माद्यधिकरण– जन्माद्यस्य यतः (१।२) ब्रह्म हो **जिज्ञासितव्य** अर्थात् जान्न योग्य भन्ने कुरा प्रथम सूत्रमा बताइयो। तब प्रश्न उठ्छ– त्यस ब्रह्मको लक्षण कस्तो हो त? यसको उत्तरमा सूत्रकार भन्नुहुन्छ–प्रत्यक्ष देखिएको यो विचित्र जगत्को उत्पत्ति, स्थिति र नाश जसबाट (जुन कारणबाट) हुन्छ त्यो नै सर्वज्ञ, सर्वशक्तिसम्पन्न ब्रह्म हो। यस सूत्रमा ब्रह्मको तटस्थ लक्षण देखाइएको छ। तैत्तिरीयोपनिषद् ६।८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा यस्तै वचन पाइन्छ– भृगु ऋषिले आफ्नो पुत्रलाई ब्रह्मज्ञानको उपदेश दिंदै भने –जसबाट यो सारा जगत् जन्मेको छ, जन्मेर जसद्वारा जीवित रहन्छ र फेरि प्रलयकालमा जसमा लय हुन्छ, त्यो नै ब्रह्म हो, तिमी त्यसैलाई जान्ने इच्छा गर।

शास्त्रयोनित्वात् (१३) –जुन ब्रह्म नित्य, शुद्ध, बुद्ध, मुक्त छ एवं कर्ता–भोक्ताभावले रहित छ, त्यो जगत्को कारण कसरी हुन सक्छ ? यस शंकाको उत्तरमा भनिन्छ –

वेदमा जस्तो सत्य, ज्ञान, अनन्त आदि ब्रह्मको लक्षण बताइएको छ (यो हो स्वरूपलक्षण) त्यसै ब्रह्म जगत्को कारण हो भन्ने पनि बताइएको छ।

दोस्रो अर्थ– ऋग्वेद आदि जुन ब्रह्मबाट उत्पन्न भयो त्यस्तो ब्रह्म हो सर्वज्ञ।

तेस्रो अर्थ– एकमात्र वेद–प्रमाणबाट जानिने हुनाले ब्रह्म हो केवल वेदगम्य।

तत्तु समन्वयात् (१।४)– तेस्रो सूत्रमा ब्रह्म हो केवल वेदशास्त्रद्वारा मात्र जानिने विषय भनिएको छ–यो त संगत छैन, किनकि ऋग्वेदादि शास्त्रमा त कर्मको नै प्रतिपादन गरिएको छ। यस शंकाको समाधानको निमित्त यो ग्रन्थ आरंभ हुन्छ–

पहिलो अर्थ– वेदान्तद्वारा जानिने ब्रह्म नै जगत्को कारण हो। वेदान्त-वाक्यहरूको समन्वय ब्रह्ममा नै छ, अथवा वेदान्तले नित्य सिद्ध ज्ञेय ब्रह्मलाई नै प्रतिपादन गरेको छ। कर्मको अंग भएको कर्ता आदिलाई प्रतिपादन गरेको छैन।

दोस्रो अर्थ– उपनिषद्हरू उपास्य ब्रह्मको प्रतिपादक होइनन्। उपनिषद्हरूले त ज्ञेय ब्रह्मलाई नै प्रतिपादन गरेका छन्।

वेदको अन्यार्थ– कल्पना ठीक होइन– ब्रह्मको स्वरूपको विषयमा निश्चित समन्वय अवगत भएपछि वेदान्तमा आएका पदहरूको अन्य अर्थको कल्पना गर्नु ठीक हुँदैन। ब्रह्म यद्यपि सिद्ध वस्तु हो, तथापि प्रत्यक्षादि प्रमाणले जान्न सकिंदैन किनभने तत्त्वमसि आदि वाक्यविना ब्रह्मात्मभाव अरू कुनै उपायले बुझ्न सकिंदैन। ब्रह्म एक हुनाले र हेयोपादेय नहुनाले क्रियाकारकादि द्वैतज्ञानको नाश हुनु युक्त छ। एकत्व विज्ञानद्वारा नष्ट द्वैतज्ञान फेरि हुनु असम्भव छ, त्यसबाट ब्रह्मको उपासनामा विधिको शेषपना बन्दैन। ब्रह्म शास्त्र प्रमाणक छ। यहाँ पूर्वपक्षी आक्षेप गर्छ– हुनत ब्रह्ममा छ, तापनि शास्त्रद्वारा उपासना विधिको अंग मानेर त्यसै ब्रह्मको प्रतिपादन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ । जस्तै यूप (यज्ञस्तम्भ), आहवनीय (अग्निविशेष) आदि अलौकिक पदार्थ पनि विधिका अंग हुन्छन्, त्यस्तै ब्रह्म पनि उपासनादि विधिद्वारा जानिन्छ, कसरी ?

उत्तर– शास्त्रको प्रयोजन के छ भने कसैमा प्रवृत्ति, कसैबाट निवृत्ति– शास्त्रको तात्पर्य जान्नेहरू यस्तै भन्छन् । क्रियाबोधन गर्नु नै त्यसको अर्थ हो । वेद क्रियार्थक छ, अतः अक्रियार्थक वाक्य निष्फल छन् । यसकारण पुरुषलाई कुनै विशेष विषयमा प्रवृत्त गर्नु र कुनै विशेष विषयबाट निवृत्त गर्नु शास्त्रको अर्थपन हो र अरू वाक्य त्यसका अंगभूत भएर उपयोगी हुन्छन् ।

शंका– वेदान्तको बीचमा नियोज्य र विधेय नदेखिने हुनाले कार्यज्ञान कसरी होला ?

उत्तर– विधिपरक हुनाले जसरी स्वर्गादिको कामना गर्नेहरूको निमित्त अग्निहोत्रादि साधनहरूको विधान छ, त्यसै गरी अमृतत्त्वको कामना गर्नेहरूको निम्ति ब्रह्म विज्ञानको विधान गरिएको छ– यस्तो युक्त हुन्छ ।

आत्मा छ भन्ने मानेर उपासना गर्नुपर्छ । आत्माको नै स्वलोक रूपले उपासना गर्नुपर्छ । ब्रह्मलाई जान्ने ब्रह्म नै हुन्छ– इत्यादि विधिवाक्य हुनाले, त्यो आत्मा अथवा ब्रह्म के हो भन्ने आकांक्षा भएपछि ब्रह्मको स्वरूपको बोध गराउनको निम्ति ब्रह्म नित्य, सर्वव्यापक, शुद्ध, बुद्ध, मुक्तस्वभाव, विज्ञानरूप र आनन्द स्वरूप छ, इत्यादि सबै वेदान्त वाक्य उपयुक्त छन् ।

"यो रज्जु हो सर्प होइन" इत्यादि वस्तुमात्रको कथन पनि त भ्रान्तिबाट उत्पन्न भयलाई निवृत्त गर्दै सार्थक हुन्छ, यसै गरी यहाँ पनि असंसारी आत्मतत्त्वको कथनद्वारा सांसारिक भ्रम टुटेपछि शास्त्रको अर्थवत्ता अर्थको (सार्थकता) हुनेछ । श्रवण गर्नुपर्छ, मनन गर्नुपर्छ र निदिध्यासन गर्नुपर्छ– यस वाक्यमा श्रवणपछि मनन र निदिध्यासन देखिन्छन् । अतः स्वीकार गर्नुपर्ने हुन्छ– उपासना– विधिको विषय हुनाले नै ब्रह्म शास्त्र प्रमाणक छ । यस शंकाको उत्तर हो– होइन किनकि कर्म र ब्रह्मविद्याका फल विलक्षण छन् ।

मनुष्यदेखि ब्रह्मासम्म जति शरीरधारी जीव छन्, तिनको सुख-तारतम्य श्रुतिमा वर्णित छ । सुखको तारतम्यबाट त्यसको हेतु धर्मको तारतम्य पनि प्रतीत हुन्छ । धर्मको तारतम्यबाट अधिकारीको तारतम्य पनि सूचित हुन्छ । यसरी अविद्यादि दोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका पुरुषहरूका धर्म र अधर्मका तारतम्यले शरीर-ग्रहणपूर्वक त्यसमा सुख-दुःख-तारतम्यरूप संसार अनित्य छ– यस्तो श्रुति-स्मृति-न्यायादिमा प्रसिद्ध छ। यसै गरी यथावर्णित सशरीर आत्मामा सुख र दुःखको विनाश हुँदैन। यही कुरा श्रुति बताउँछ। प्रिय र अप्रिय वस्तुतः शरीररहित आत्माको स्पर्श गर्दैन भन्ने श्रुति छ, त्यसैले मोक्षलाई धर्मबाट उत्पन्न मान्ने हो भने त्यसमा प्रियाप्रियको स्पर्श हुँदैन भन्न मिल्दैन।

अशरीरत्व नै धर्मको कार्य हो ?

शङ्का–अशरीरत्व नै धर्मको कार्य किन नमान्ने ?

उत्तर–यो स्वाभाविक हुनाले हुन सक्तैन। श्रुतिहरू आत्मालाई शरीरभन्दा अलग्गै बताउँछन्। यसकारण अनुष्ठेय कर्मको फलभन्दा विलक्षण मोक्षरूप शरीररहित स्थिति नित्य छ भन्ने नै सिद्ध हुन्छ। यसमा धर्म र अधर्म आफ्ना कार्य सुख र दुःखसित तीनै कालमा सम्बन्ध राख्न सक्तैनन्। अतःकर्मफल विलक्षण हुनाले मोक्ष ब्रह्म हो, जसको जिज्ञासा गरिएको हुन्छ। मोक्षलाई कार्यसाध्य भनेर स्वीकार गरिंदो हो त त्यो अनित्य नै हुने थियो। परन्तु सर्वमोक्षवादीहरूको अभिमत छ–मोक्ष नित्य छ। यसकारण कार्यको अङ्गरूपले ब्रह्मको उपदेश गर्नु सङ्गत हुँदैन, र जो ब्रह्मलाई जान्दछ, त्यो ब्रह्म नै हुन्छ। "आनन्दस्वरूप ब्रह्मलाई जान्ने कसैसंग डराउँदैन, त्यस ज्ञानले उ पूर्ण भयो। एकत्वको अनुभवले विद्वान्‌लाई शोक र मोह हुँदैन।" इत्यादि श्रुतिहरू ब्रह्मज्ञानपछि मोक्षलाई देखाउँदै ब्रह्मज्ञान र मोक्षको बीच कार्यान्तरको निषेध गर्छन्। "भगवान् सनत्कुमारले ती निष्पाप नारदलाई अज्ञानभन्दा पर अर्थात् ब्रह्म देखाए इत्यादि श्रुतिहरूले के स्पष्ट गर्छन् भने मोक्षको प्रतिबन्धको निवृत्ति नै आत्मज्ञानको फल हो। त्यसरी नै न्यायसूत्र पनि भन्छ–दुःख, जन्म, प्रवृत्ति (धर्माधर्म), दोष (राग-द्वेष) र मिथ्याज्ञानमा कारणरूप उत्तरोत्तरको नाश भएपछि त्यसका पूर्व-पूर्वको नाश भएर मोक्ष प्राप्त हुन्छ र मिथ्याज्ञानको नाश चाहिं ब्रह्म र आत्माको एकत्व ज्ञानबाट हुन्छ।

ब्रह्म विषय नभएमा शास्त्र प्रामाणिक पनि होइन--

शङ्का–ब्रह्म विषय नहुने हो भने ब्रह्मलाई शास्त्रप्रमाणक भन्नु अयुक्त हुनेछ।

उत्तर– होइन,अविद्या-कल्पित भेदको निवृत्ति गर्नु नै शास्त्रको प्रयोजन हो। अविद्या-कल्पित संसारित्व तत्त्वज्ञानद्वारा निवृत्त भइ नित्यमुक्त आत्माको यथार्थ स्वरूपको ज्ञान हुनाले मोक्षमा अनित्यत्वदोष पनि आउँदैन। जसको मतमा ब्रह्म उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने भएको छ, त्यसको मतमा मोक्ष मानसिक, वाचिक र शारीरिक क्रियाहरूको अपेक्षा राख्छ भन्नु युक्त छ। यसै गरी जसको मतमा मोक्ष विकार्य छ, त्यसको मतमा पनि अनित्यत्व ध्रुव छ। जुन मतमा ब्रह्म आप्य छ, त्यस मतमा पनि त्यसलाई कार्यको अपेक्षा हुँदैन, किनभने त्यो आत्मस्वरूप हुनाले प्राप्य छैन। आत्माभन्दा अतिरिक्त मान्ने हो भने पनि आप्यत्व छैन, किनकि ब्रह्म आकाश झैं सर्वगत हुनाले सबैलाई ब्रह्मस्वरूप नित्य प्राप्त छ र मोक्ष संस्कार्य पनि होइन, जसको फलस्वरूप उसले कार्यको अपेक्षा राखोस्। वास्तवमा जुन आश्रयमा क्रिया रहन्छ, त्यसलाई विकृत नगरी स्वयं रहन सक्तैन। आत्मा क्रियाद्वारा विकारलाई प्राप्त गर्दो हो ता आत्मा अनित्य हुने थियो, तर श्रुति स्मृतिमा आत्मालाई अविकारी भनिएको छ– यस्ता वचनहरूको बाध होला। श्रुतिमा भनिएको छ–"शरीर, इन्द्रिय र मनले युक्त जीवात्मालाई नै विद्वान्हरू भोक्ता भन्छन्, सम्पूर्ण भूतहरूमा एक स्वयंप्रकाश सर्वव्यापक दोषरहित आत्मा छ, त्यो आत्मा शरीर आदिले रहित, शुद्ध तथा धर्मादिले रहित छ," यसबाट स्पष्ट हुन्छ ब्रह्ममा कुनै किसिमको अतिशयको प्रकाश हुन सक्तैन तथा उ नित्य शुद्ध छ। मोक्ष त ब्रह्मरूप नै छ। अतः यो संस्कार्य होइन। मोक्षमा क्रियासम्बन्धको कुनै पनि प्रसङ्ग छैन।

ध्यान गर्नु, नगर्नु अथवा अन्य प्रकारले गर्नु पुरुषको अधीनमा छ, परन्तु ज्ञान गर्न, नगर्न अथवा अन्यथा गर्न योग्य छैन; किनभने यो केवल वस्तुको अधीन छ, विधिको अधीन छैन र पुरुषको अधीन पनि छैन। अतः ज्ञान मानसिक भए पनि ध्यान-भन्दा त्यसमा ठूलो विलक्षणता छ। बहिर्मुख पुरुष जति-जति बाह्य विषयमा प्रवृत्त हुन्छ, उसले परम पुरुषार्थ प्राप्त गर्न सक्तैन। त्यस परम पुरुषार्थको इच्छा गर्नेहरूलाई आत्माको दर्शन गर्नुपर्छ' इत्यादि वाक्यले शरीर इन्द्रिय समूहलाई स्वाभाविक प्रवृत्तिका विषय शब्दादिबाट निवृत्त गरी त्यसको चित्तवृत्तिको प्रवाहलाई प्रत्यगात्मातर्फ प्रवृत्त गराउँछ। "आत्मस्वरूपको खोजमा प्रवृत्त भएका त्यस पुरुषलाई यो सबै आत्मा हो। परन्तु जुन अवस्थामा उसको लागि सबै आत्मा नै भयो, त्यस अवस्थामा उसले कुन साधनले कसलाई देखोस् र कसलाई जानोस्! जो जान्ने छ उसलाई कसबाट जान्ने! यो हाम्रो आत्मा हो" इत्यादि श्रुतिहरू अहेय र अनुपादेय आत्मतत्त्वको उपदेश गर्छन्। आत्मज्ञान भएपछि कर्तव्य कर्मको लोप हुन्छ, यसर्थ त्यस ज्ञानबाट कसैको त्याग वा ग्रहण हुँदैन। 'हे अर्जुन! यो गुह्यतम तत्त्व जानेर पुरुष ज्ञानी र कृतार्थ हुन्छ" भन्ने वचन गीतामा पनि पाइन्छ। उपनिषद्बाट मात्र ज्ञात जो असंसारी पुरुष (ब्रह्म) हो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो उत्पाद्य आदि चार प्रकारका द्रव्यभन्दा विलक्षण छ। त्यो छैन अथवा जानिंदैन भन्न सकिंदैन, किनभने "यो होइन यो होइन" भनी जुन आत्मा उपदिष्ट छ "त्यो यो हो" भन्ने श्रुतिमा आत्मा शब्द छ। अतः आत्माको निषेध गर्न सकिंदैन, किनकि जो निषेध गर्ने हो, त्यही आत्मा हो। कोही आत्मा 'म' भन्ने प्रतीतिको विषय हुनाले उपनिषद्बाट नै जानिन्छ भन्ने 'मिल्दैन' भन्ने शङ्का गर्छ भने त्यसको उत्तरमा हामी भन्छौं–यसो होइन, किनभने आत्मा म भन्ने प्रतीतिको साक्षी हो, विषय होइन। त्यो कूटस्थ नित्य छ, त्यसमा विकारको कुनै कारण छैन। त्यो पुरुषभन्दा पर कोही छैन। श्रुतिमा पुरुषलाई औपनिषद् विशेषण दिइएको हुँदा उपनिषद्हरूबाटै मुख्यतः पुरुषको ज्ञान हुन्छ भन्ने मान्दा राम्रो हुन्छ।

यदि कसैले शङ्का गर्छ कि– जसले ब्रह्मको श्रवण गरेको छ, त्यसमा पनि पहिलेकै समान सांसारिक देखिन्छ, यसकारण रज्जुसर्पको कथनजस्तै ब्रह्मस्वरूको कथन सार्थक छैन, भने यो ठीक होइन। किनकि जसलाई 'म ब्रह्म हुँ' भन्ने अनुभव भइसक्यो, त्यो पहिले झैं संसारी छ भनेर देखाउन सकिंदैन। श्रुति पनि भन्छ–शरीररहित आत्मालाई सुख र दुःखले छुँदैन।

आत्माले गरेको कार्यलाई नै शरीरत्वको निमित्त किन नमान्ने ?– यसको उत्तर हो– होइन, आत्माको शरीरसँगको सम्बन्ध नै प्रसिद्ध छ, यसकारण धर्म र अधर्म आत्माद्वारा गरिएका हुन् भन्ने अप्रसिद्ध छ। आत्माको क्रियासित सम्बन्ध नहुनाले त्यो कर्ता पनि हुन सक्तैन। यसर्थ आत्मालाई देहादिभन्दा भिन्न मान्नेहरूको शरीरादिमा हुने म भन्ने ज्ञान मिथ्या नै हो। जसले ब्रह्मको साक्षात्कार गरेको छ त्यो पहिले झैं संसारी रहँदैन। जो पहिले झैं संसारी नै रह्यो, उसले ब्रह्मात्मभाव नै जानेन भन्ने बुझ्नुपर्छ।

पूर्वपक्षीले भनेका छन्– श्रवण पछि मनन र निदिध्यासन देखिन्छन्, अतएव ब्रह्म विधिशेष छ, स्वरूपमा त्यसको पर्यवसान हुँदैन। यो भनाइ ठीक होइन, किनभने श्रवण झैं मनन र निदिध्यासन पनि ब्रह्मसाक्षात्कारको लागि हुन्। मनन र निदिध्यासन पनि त श्रवणको ज्ञानको लागि नै हुन्। यसैले उपासना विधि–परत्वरूपले ब्रह्म शास्त्र-प्रमाणक हो। विधिशेष नहुनाले ब्रह्म स्वतन्त्र रूपले नै शास्त्र-प्रमाणक हो भन्नु संभव छैन, किनभने वेदान्त-वाक्यको समन्वय ब्रह्ममा नै छ भन्ने सिद्ध भयो। ब्रह्म र आत्माको एकत्व-ज्ञानको प्रतिज्ञा पूर्वमीमांसामा छैन। यसर्थ, त्यसको लागि **अथातो ब्रह्मजिज्ञासा** भन्ने नयाँ शास्त्रको आरंभ हुनु युक्त नै छ। ब्रह्मवेत्ता भन्छन्– 'अबाधित परिपूर्ण सर्व-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षी म हुँ' भन्ने बोध भएपछि पुत्र-देहादिको बाध हुन्छ, अर्थात् 'यो सबै माया मात्र हो वास्तविक होइन' भन्ने निश्चय हुन्छ ।

वेदान्तबारे आधुनिक विद्वान्हरूको अनुसन्धान– अब अघि बढ्नुभन्दा पहिले यहाँ वेदान्तको विषयमा केही आधुनिक (पं. विधुशेखर आदि) विद्वान्हरूको विवेचनात्मक एवं तुलनात्मक अनुसन्धानहरूको विषयमा पनि संक्षेपमा जान्नु आवश्यक छ । यहाँ, यी आदरणीय विद्वान्हरूको अनुसन्धानको मूलाधार विदेशी विद्वान्हरूद्वारा तोडमोड गरेर लेखिएका वेदान्त र बौद्ध ग्रन्थका श्रद्धाहीन तथा केवल बहिर्मुख तर्क-हरूद्वारा केवल तर्ककै लागि गरिएका अनुसन्धान नै हुन्' भन्नु पनि अप्रासंगिक नहोला। हाम्रा ती विद्वान् महोदयहरूले तिनै बहिर्मुख अनुसन्धानलाई आश्रय बनाएर आफ्ना-आफ्ना थेसिस लेखेका छन् । कुनै-कुनै महानुभावले लेखेका छन्– उपनिषद्को विज्ञान-वाद, जसलाई गौडपादाचार्यका पूर्वकालीन महायानका बौद्ध आचार्यहरूले आफ्नो प्रतिभाले विशाल समुन्नत र समृद्ध बनाए, त्यसैलाई गौडपादाचार्यले आगमशास्त्रको रूपमा विकसित गरे । यो औपनिषदिक सिद्धान्त हो भन्ने तथ्यलाई तिनीहरू प्रायः बिर्सि-दिन्छन् तथा गौडपादाचार्य र महायानका आचार्यहरूको समानता बताएर गौडपाद महायानका कति ऋणी छन् भन्ने सिद्ध गर्न खोज्छन् । त्यति मात्र होइन, गौडपादाचार्य-लाई प्रच्छन्न बौद्धसम्म पनि भन्छन् । तर गौडपादाचार्य प्रच्छन्न बुद्ध थिए भन्नु चाहिं वास्तवमा नै दुःसाहसपूर्ण कार्य हो । तार-स्वरले सिंहनाद गर्दै आफूले आफैंलाई बौद्ध भन्ने महायानी र स्वयं भगवान् बुद्ध उपनिषद्का सिद्धान्तको प्रतिपादन गर्छन्। यसर्थ उनी प्रच्छन्न होइन प्रकट वेदान्ती हुन् । शब्द र भाषा कसैको पैतृक संपत्ति होइन । त्यस-माथि सबैको समान अधिकार छ । गौडपादाचार्य ती शब्दहरूको प्रयोग गर्छन्, जसको प्रयोग महायान आचार्यहरूले पनि गरेका थिए भने यो कुनै अपराध होइन, यसो गर्दैमा यी प्रच्छन्न बौद्ध कहलिन सक्तैनन् । गौडपादाचार्य स्पष्ट भन्छन्– उनको दर्शन भगवती श्रुतिमा आधृत छ । स्वयं बुद्धले यस दर्शनलाई उपनिषद्बाट लिएका छन् तथा त्यसको प्रतिपादन मौनद्वारा गरेका छन् । गौडपादाचार्य आफ्नो ग्रन्थको उपसंहारमा अन्तिम कारिका यसरी दिन्छन्–

क्रमते न हि बुद्धस्य ज्ञानं धर्मेषु तायिनः ।
सर्वे धर्मास्तथा ज्ञानं नैतद् बुद्धेन भाषितम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड प्रज्ञावान् परमार्थदर्शीको ज्ञान-धर्म- (विषयहरू) - मा संक्रमित हुँदैन, र न (उसको मतमा) संपूर्ण धर्म (आत्मा) नै कहीं जान्छ। परन्तु यस्तो ज्ञान बुद्धदेवले बताएनन्। अर्थात् यो बौद्धसिद्धान्त होइन, किन्तु औपनिषद् दर्शन हो। अर्थात् ज्ञान, ज्ञेय र ज्ञाताको भेदले रहित यस अद्वय परमार्थ-तत्त्वको बौद्धहरूले निरूपण गरेनन्। यद्यपि तिनीहरू बाह्य वस्तुको निराकरण र केवल ज्ञानको कल्पना– यी अद्वय वस्तुका समीपवर्ती विषय नै तिनीहरूले बताएका छन्। तात्पर्य के हो भने यस अद्वैत परमार्थ-तत्वलाई त वेदान्तको नै विषय जान्नुपर्छ।

अब वेदान्त र बौद्ध दर्शनमाथि ऐतिहासिक दृष्टिले केही विचार गरौं– वेदान्त मतअनुसार जीवात्मा विषय र विषयीको ग्रन्थि हो, ब्रह्म र अविद्याको मिश्रण हो। जीवको चैतन्य ब्रह्मको हो र जीवको जीवत्व अविद्याको हो। जीवको द्रष्टृत्व वा विषयित्व अविद्याजनित अन्तःकरणले गर्दा हुन्छ। मायाशक्तिले समन्वित हुनाले नै यो परब्रह्म अपर, सविकल्प र, सविशेष र सगुण बन्दछ। यसैलाई ईश्वर भन्छन्। यही विश्वको उत्पत्ति, स्थिति र लयको कारण हो। यो नै विषयी जीव र विषय-जगत्को रूपमा प्रतीत हुन्छ। जीव अविद्याको वशमा छ, तर ईश्वर मायालाई आफ्नो वशमा राख्छ। जीवमा कर्तृत्व र भोक्तृत्व दुवै छन्। ईश्वरमा केवल कर्तृत्व छ, ईश्वर स्वयं जीव र जगत्को रूपमा प्रतीत हुन्छ। अन्तःकरण विषय र विषयीलाई जोड्ने शृंखला हो। इन्द्रियार्थ-सन्निकर्ष भएपछि अन्तःकरण त्यस अर्थको स्वरूप बन्न जान्छ। त्यसलाई वृत्ति भन्छन्। जब यस वृत्तिमा साक्षिचैतन्यको प्रकाश पर्छ, तब विज्ञान उत्पन्न हुन्छ। जाग्रत् अवस्थामा अन्तःकरणलाई इन्द्रियहरूबाट सहायता मिल्छ। स्वप्नावस्थामा अन्तःकरण एक्लै काम गर्छ। सुषुप्तिमा अन्तःकरण आफ्नो कारण अविद्यामा विलीन हुन्छ। सुषुप्तिमा अन्तःकरणको अभावमा पनि जीवत्व रहिरहन्छ, साक्षी अविद्याद्वारा आलिंगित रहन्छ, तथा अन्तःकरणको कारण- (अविद्या)- को नाश हुँदैन। मोक्षमा विद्याद्वारा अविद्या नष्ट हुन्छ र केवल साक्षी-चैतन्य, जो स्वयं आत्मस्वरूप वा ब्रह्मस्वरूप छ आफ्नो नित्यज्योतिमा प्रकाशमान रहन्छ। माया वा अविद्या सत् होइन, किनकि ज्ञानद्वारा उसको बाध हुन्छ र त्यो असत् पनि होइन किनकि व्यवहारमा उसको प्रतीति र उपलब्धि हुन्छ। अतः सदसत् अनिर्वचनीय हुनाले त्यो मिथ्या भनिन्छ।

बौद्धमत– उपनिषद्ले सदा आत्मालाई परमार्थ सत् वा परमतत्त्व मान्दै आएको छ। भगवान् बुद्धले यस तत्त्वलाई जाने, माने र **यस**लाई प्रज्ञा, बोधि वा ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने । किन्तु आश्चर्यको कुरा के छ भने भगवान् बुद्धले यस विधिलाई आत्माको संज्ञा नदिएर उल्टै आत्मा शब्दलाई अहंकारी जीवको संकुचित अर्थमा नै बुझे र हेलैसित त्यसको खण्डन गरिदिए । शायद उनले आफ्नो मतलाई नवीन र स्वतन्त्र रूप दिन यसो गरेका हुन् । तिनले सदा आत्माको अर्थ अविद्याजन्य संसारबद्ध अहंकारी जीव नै ठाने ।

भगवान् बुद्धभन्दा पछि कमलशीलसम्मका सबैजसो बौद्ध विद्वान्हरूले आत्माको अर्थ अहंकारी जीव नै ठाने र हेलैसित त्यसको खण्डन गर्दै आए । यसप्रकार हामी देख्छौं– बौद्ध दर्शन आत्मा शब्दलाई प्रायःवेदान्तमा जीव, बुद्धि, चित्त वा अन्तः-करण अर्थमा लिन्छ र चित्त, विज्ञान, विज्ञप्ति, प्रज्ञा र बोधि शब्दहरूलाई वेदान्तको आत्मा, ब्रह्म, संवित् र चित्तको अर्थमा लिन्छ । प्रायः वेदान्तीहरूको आत्मा बौद्धहरूको चित्त र वेदान्तीहरूको चित्त बौद्धको आत्मा बन्दछ । यदि भगवान् बुद्धका अनुयायी-हरूले उपनिषद्को आत्मतत्त्वलाई व्यर्थै अविद्याजन्य जीवको कोटिमा नखसालेका भए र आफ्नो बोधि वा प्रज्ञालाई स्पष्टतया आत्मतत्त्वको पर्याय बनाइदिएको भए निश्चय नै भारतीय दर्शनको भूमिमा बौद्ध र वेदान्तीहरूको बीचमा आत्मा शब्दलाई दुइ विभिन्न अर्थमा लिएर यो पुरातन र निरर्थक नैरात्म्यवाद-संग्राम छेडिने थिएन । बौद्ध धर्मको विचार गर्ने यो स्थूल एवं भौतिक पक्ष हो । तर हामी त उनलाई दश भगवदवतारमध्ये नवौं अवतार मान्छौं । यसैले उनले तात्कालिक परिस्थिति अनुरूप धर्म-संस्थापनार्थ जुन कार्यपद्धति अँगाले त्यो उनको दैवी लीलाअनुसार ठीक नै थियो । स्थूलदर्शी पुरुषको बुद्धिमा बुझ्ने क्षमता नै कहाँ ?

संक्षिप्त इतिहास (बौद्ध)– समस्त भारतीय दर्शनहरूकी जननी भगवती श्रुति हुन् । छैठौं शताब्दी इ. पू. मा भगवान् बुद्धले कुनै अभूतपूर्व दर्शनको स्थापना गरेनन् । वैदिक कर्मकाण्डको हिंसा र जातिबन्धनवाद उनलाई रुचिकर लागेनन् । ब्राह्मणका अनाचारहरूसँग उनलाई घृणा थियो, ब्राह्मणहरूसँग होइन । जसले पापहरूको क्षय गरेको छ, जसले अविद्यालाई दूर गरेको छ, तथा जो ज्ञानको प्रकाशले प्रकाशित भइरहेको छ, उसलाई बुद्ध ब्राह्मण भन्छन् । बुद्ध प्रतीत्य-समुत्पाद्य-चक्रको प्रथम शृंखला र संसारकी जननी अविद्यालाई दुःखको मूल कारण मान्छन् । यसैबाट अहंकारको र ममकारको प्रादुर्भाव हुन्छ ।

बुद्ध निर्वाणपछि हीनयानीहरूले बुद्धवचनहरूलाई अन्यथा ठानेर तिनमाथि आफ्ना कल्पित सिद्धान्तहरूको प्रासाद खडा गरिदिए । नैरात्म्यवाद र क्षणभंग-वादको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अयुक्त अर्थ लगाएर तिनीहरूले आत्मालाई क्षणिक विज्ञानहरूको सन्तान र जगत्‌लाई क्षणिक वेदनाहरूको संघात बनाइदिए ।

यसै समयमा केही प्राचीन महायान-सूत्रहरूको रचना भयो । यहाँ पनि आश्चर्यको कुरा छ कि जुन मानिसहरूले भगवान् बुद्धको साक्षात् श्रीमुखबाट उपदेश सुने, तिनै मानिसहरू बौद्ध मतका साक्षात् बुद्धवचनहरूलाई नबुझेर ६–७ सय वर्षपछि अरू मानिसहरू वा विचारहरूद्वारा हीनयान कहलिए, तथा ती व्यक्तिहरूले आफ्ना विचारहरूलाई नयाँ रूप दिएर आफूले आफैंलाई महायानी घोषित गरे । सुधारवादी-हरूले आफ्ना सुधारका विचार कहाँबाट लिए होलान् ? निश्चय नै उपनिषद्‌बाट । यो रहस्य पनि स्थूल-विचारहरूका थीसिसहरूले सायदै सुल्झाउलान् ।

इसाको प्रथम शताब्दीमा अश्वघोष भए । उनले बुद्धमतलाई उपनिषद्‌को प्रकाशमा हेरे र महायानलाई प्रष्ट गरे ।

शून्यवाद वा माध्यमिक दर्शनलाई एक सुदृढ दार्शनिक संप्रदायको रूप दिने तथा आफ्ना मौलिक, नूतन र अकाटच प्रमाणहरूद्वारा बौद्ध दर्शनमा युगान्तर उत्पन्न गर्ने आचार्य नागार्जुन द्वितीय शताब्दीमा भए । उनले उनका योग्य शिष्य आर्य-देवले बौद्ध दर्शनलाई वेदान्तको समीप ल्याइदिए ।

चतुर्थ शताब्दीमा आचार्य असंग र वसुबन्धु भए । शून्यवादले जस्तै तिनी-हरूले पनि परार्थलाई प्रपंचशून्य, अवाङ्मनसागोचर र बुद्धिविकल्पातीत स्वीकार गरे र यसलाई विशुद्ध ज्ञानस्वरूप माने । यसप्रकारले विज्ञानवादले बौद्ध दर्शनलाई अझ बढी वेदान्तको समीपमा ल्यायो ।

इसाको पंचम शताब्दीमा आचार्य दिङनाग भए । त्यसबेला ब्राह्मण दर्शन को पुनरुत्थान भइरहेको थियो र ब्राह्मणहरू तथा बौद्धहरूमा द्वेष बढ्न लागेको थियो । वसुबन्धुद्वारा बौद्ध-दर्शनलाई वेदान्तमा मिलाइएको कुरा दिङनागलाई जाति लागेन। बौद्ध दर्शनलाई वेदान्तबाट पृथक् गर्नेधुनमा दिङनागले हीनयानको शरण लिए र क्षणिक-वादलाई नवीन रूप दिंदै त्यसलाई परमार्थमा पनि लागू गरिदिए । द्वितीय बुद्ध कहला-एका आचार्य वसुबन्धुको गौरव र यसको अगाडि तिनका प्रशिष्य दिङनागलाई वसु-बन्धुमाथि साक्षात् दोषारोपण गर्ने साहस भएन । अतः दिङनागले देखावटीमा वसु-बन्धुको गुणगान गर्दै, म आचार्य वसुबन्धुकै चरण-चिन्हमा हिंड्दछु भनेर वास्तवमा वसुबन्धुको दर्शनको जरो नै काटिदिए । वसुबन्धुको नित्य विज्ञानमात्रलाई उनले क्षणिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वलक्षणमा परिवर्तनत गरी विज्ञानवादमाथि सौत्रान्तिकवादको पुट दिए तथा स्वतन्त्र विज्ञानवादको स्थापना गर्दै बौद्ध न्यायको विकास गरे । उनको सबभन्दा ठूलो गल्ती विशुद्ध विज्ञानरूप तत्त्वलाई समेत क्षणिक बनाइदिनु थियो । यही नै बौद्ध दर्शनको पतनको कारण सिद्ध भयो ।

छैटौं शताब्दीमा अद्वैत वेदान्तलाई सुव्यवस्थित दर्शनको रूप दिने श्रीगौडपादाचार्य भए ।उनले स्पष्ट रीतिले औपनिषद् सिद्धान्तको आश्रय लिएर वेदान्तको विकास गरे । नागार्जुन र वसुबन्धुको उनीमाथि पर्याप्त प्रभाव पर्‍यो । नागार्जुन र गौडपादका भावहरूमा मात्र होइन कहीं-कहीं त भाषामा समेत साम्य छ । यसको अर्थ यो होइन कि गौडपादाचार्यले नागार्जुनको चोरी गरे । यसको अर्थ हो गौडपादको समयमा त्यो दार्शनिक भाषा प्रचलित थियो । भाषाका पारिभाषिक शब्द, साहित्यिक उक्तिहरू र दार्शनिक पद कुनै संप्रदायको निजी संपत्ति हुन सक्तैन । बौद्ध र वेदान्त-दर्शनकी जननी श्रुति हो, दुवै एकै मतका पोषक हुन्, दुवै एउटै दर्शनको विकासका विभिन्न रूप हुन् तापनि बौद्ध वेदान्तीलाई तीर्थक र वेदान्ती बौद्धलाई वेदबाह्य भन्छन् भने त यसभन्दा ठूलो आश्चर्य र दुःखको कुरा अर्को के हुन सक्छ ।

भावविवेक वा भव्य, जो गौडपादका समकायिक थिए, आफ्नो तर्कज्वालामा गौडपादाचार्यको कारिकालाई उद्धृत गर्छन् र उनीसंग आफ्नो मतैक्य प्रकट गर्छन्। भावविवेक पहिला बौद्ध थिए, जो गौडपादको निष्पक्षतालाई सहर्ष स्वीकार गर्छन् । किन्तु भावविवेकले दिङ्नागले खनेको बौद्ध र वेदान्त-दर्शनको बीचको खाडललाई पुर्ने कुनै प्रयत्न गरेनन् । उल्टै उनले दिङ्नागको अनुकरण गरेर एक स्वतन्त्र माध्यमिक मतको स्थापना गरे, जसले शून्यवादलाई स्वतन्त्र युक्तिद्वारा पुष्ट गर्न चाहे र जसको खण्डन बुद्धपालितको प्रासंगिक माध्यमिक मतले र चन्द्रकीर्तिले गरे।

सप्तम शताब्दीले आचार्य चन्द्रकीर्ति र शान्तिदेवजस्ता शून्यवादीहरू, धर्मकीर्तिजस्ता स्वतन्त्र विज्ञानवादीलाई एवं कुमारिलजस्ता मीमांसकलाई जन्म दियो। त्यस समयमा ब्राह्मण धर्म र संस्कृतिको प्रबल उत्थान भइरहेको थियो र बौद्ध तथा ब्राह्मण दर्शनहरूमा बिरोध बढिरहेको थियो । राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनले गर्दा बौद्ध धर्म प्रभावशाली धनिक वर्गमा उपेक्षित हुँदै गइरहेको थियो। बौद्ध र भिक्षु भिक्षुणीहरूको चारित्रिक पतन हुँदै गइरहेको थियो र बौद्ध विहार तथा मठहरूमा भ्रष्टाचार बढिरहेको थियो । यस्तो समयमा बौद्ध र ब्राह्मण दर्शनको आवश्यकता सामञ्जस्य गर्ने महान् बौद्ध दार्शनिकको थियो। महान् बौद्ध दार्शनिक त भए, किन्तु ती बौद्ध र ब्राह्मण दर्शनहरूको विरोध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बढाउने मात्रै भए, तिनको सामञ्जस्य गर्नेहरू भएनन् । चन्द्रकीर्तिले भावविवेकको स्वतन्त्र माध्यमिक मत र दिङ्नागको स्वतन्त्र विज्ञानवादको प्रबल विरोध गरे । शान्तिदेवले पनि बोधिचित्तको प्रशंसाको पुल बाँधे, किन्तु बौद्ध र वेदान्त दर्शनको खाल्टोलाई पुर्ने प्रयत्न गरेनन् । वास्तवमा त्यस समय त वसुबन्धुजस्ता विज्ञानवादीको आवश्यकता थियो, किन्तु उत्पन्न भए धर्मकीर्तिजस्ता स्वतन्त्र विज्ञानवादी, जसले दिङ्नागले खनेको खाल्टोलाई अझ बढी विस्तृत गर्नमै आफ्नो गौरव ठाने । नैयायिक र मीमांसक त्यसबेला बौद्ध दर्शनका कट्टर शत्रु थिए । धर्मकीर्तिले दुवैको प्रबल खण्डन गरे। धर्मकीर्तिले बौद्ध र वेदान्तदर्शनको सामञ्जस्य गरिदिंदाहुन् त बौद्ध धर्मले आफ्नो जन्मभूमिबाट उखेलिनु पर्ने थिएन । धर्मकीर्तिका आक्षेपहरूको खण्डन गर्नको लागि मीमांसक कुमारिले आफ्नो बृहत् श्लोक–वार्तिक बनाए । वास्तवमा कुमारि नै प्रथम महान् दार्शनिक थिए, जसले बौद्ध दर्शनमाथि प्रबल प्रहार गरेर त्यसको जगै हल्लाइदिए ।

नैयायिक र मीमांसकका यी प्रहारहरूबाट बौद्ध दर्शनको रक्षा गर्नको लागि महान् बौद्ध दार्शनिक शान्तरक्षित र उनका शिष्य कमलशीलले अष्टम शतकमा जन्म लिए। ती स्वीकार गर्छन् कि बौद्ध दर्शन र वेदान्त दर्शनमा ज्यादै थोरै अन्तर छ र वेदान्तको अल्प अपराध यति मात्र छ कि यो विज्ञानलाई नित्य मान्छ, तर तिनको क्षणिक विज्ञानको प्रबल खण्डन गर्छ। क्षणिकवादको परिणाम बौद्ध दर्शनको लागि धेरै नै भयंकर साबित भयो ।

यसप्रकारले तत्त्वसंग्रह आदि बौद्ध दार्शनिक ग्रन्थहरूमा शास्त्रार्थको यस्तो निम्न कोटिको अशोभनीय प्रणालीको आरम्भ भयो । यी सबको परिणाम के भयो भने बौद्ध मतले आफ्नो जन्मभूमिबाट उखेलिनु पर्‍यो । शान्तरक्षितले स्वयं तिब्बत जानुपर्‍यो, जहाँ उनले आफ्ना शिष्य कमलशीललाई पनि बोलाए । यसको साथै भारतमा बौद्ध दर्शन प्रायः समाप्त हुन गयो, यद्यपि उनीपछि पनि लामो समयसम्म कहीं-कहीं केही बौद्ध विद्वान्‌हरू थिए ।

त्यसै अष्टम शताब्दीमा शान्तरक्षितपछि भगवान् शंकराचार्य हुनुभयो । उहाँले बौद्ध दर्शनलाई जो आफ्नो विकृतिको फलस्वरूप अन्तिम श्वास लिइरहेको थियो समाप्त गरिदिनु भयो। उहाँले बौद्धमतलाई समाप्त गरेर श्रुतिप्रतिपादित वेदान्तमत वा औपनिषद् सिद्धान्त स्थापित गर्नुभयो, वैदिक धर्ममा व्यक्तिवाद (कुनै व्यक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषको नामबाट कुनै धर्म चल्ने-चलाउने नियम) नहुनाले केवल वेदद्वारा प्रतिपादित धर्म नै सर्वमान्य भएको हुँदा उनले यसो गरेका होलान् । हिन्दू-धर्म त भगवान् बुद्ध र भगवान् शंकराचार्य-द्वुवैलाई भगवदवतार मान्दछ । मलाई थाहा छैन– विदेशी विद्वान्हरू र तिनका अनुसरण गर्ने हाम्रा अनुसन्धानकर्ता विद्वान् यस रहस्यका सन्दर्भमा के-के भन्लान् ? दैवी ह्येषा गुणमयी मम माया दुरत्यया । अस्तु

अब हामी फेरि आफ्नै मौलिक विषयतर्फ आउँछौं, वेदान्तले हामीलाई के देखाउँछ भने परिवर्तनशील भौतिक पदार्थको मूल्यमा अनुस्यूत एउटै तत्त्व छ । त्यसै तत्त्वमा अनेकताको पर्यवसान हुन्छ । जसरी परिणतिशील ब्रह्माण्डको मूलमा कुनै अपरिवर्तनशील सत्ता वर्तमान छ, त्यसरी नै देह र इन्द्रियभित्र पनि अद्वितीय नित्य सत्ताको सद्भाव छ । ब्रह्माण्डलाई नियन्त्रण गर्ने सत्ता ब्रह्म कहलाउँछ र शरीरलाई नियन्त्रण गर्ने सत्ता चेतन-जीव हो । शरीर र ब्रह्मांण्डको भेदप्रतीति आविद्यक हो, वस्तुतः सबै थोक तत्त्व नै हो ।

ब्रह्मतत्त्व– अद्वैत वेदान्तको सिद्धान्त अनुसार ब्रह्म नै सद्भाव हो र त्यस अतिरिक्त समस्त जगत् मिथ्या हो । सर्वव्यापक हुनाले उसलाई ब्रह्म भन्छन् । उ एक अद्वितीय तथा निर्गुण छ । उसको निर्गुणतामा– अशब्दमस्पर्शरूपमव्ययम् आदि श्रुतिहरू प्रमाण छन् । त्यो नै एक पारमार्थिक सद्भाव हो । त्यस ब्रह्मका दुइ लक्षण छन्- पहिलो तटस्थ र दोस्रो–स्वरूप । स्वरूप-लक्षणबाट वस्तुको स्वरूपको परिचय पाइन्छ । अतः जो ब्रह्मको सत्यस्वरूप, ज्ञानस्वरूप, तथा अनन्ततालाई बताउँछ त्यो उसको स्वरूप -लक्षण हो । तटस्थ-लक्षण त्यो हो ,जो संसारको उत्पत्ति, स्थिति तथा विनाश भए पनि ब्रह्मको नित्यता, स्थिरता तथा एकरसतालाई बताउँछ । यही ब्रह्म आफ्नो माया-शक्तिद्वारा मिथ्याभूत संसारलाई पनि सत्य जस्तै अवभासित गर्छ ।

अद्वैत सिद्धान्तमा सत्य र मिथ्या वस्तुको लक्षण कसरी गरिएको छ भने, जो वस्तु अतीत, अनागत तथा वर्तमान तीनै कालमा, जाग्रत, स्वप्न, सुषुप्ति यी तीनै अवस्थामा र तुरीय दशामा कुनै बाधाबिना सदा एक रूपमा स्थिर रहन्छ, त्यही सद्वस्तु हो । जुन वस्तुको परिवर्तन वा बाधा हुन्छ; कुनै अवस्थामा जुन रहन्छ, वा रहँदैन, त्यो वस्तु मिथ्या कहलाउँछ; जसरी रज्जुमा सर्पको प्रतीति रज्जुको यथार्थ ज्ञान भएपछि निवृत्त हुन्छ । अतः त्यो मिथ्या हो। यहाँ रज्जुमा सर्प झैं दोषवश ब्रह्ममा पनि संसारको कल्पना हुन सक्छ । दोष यहाँ ब्रह्मस्वरूपलाई तिरोहित गर्ने तथा नाना प्रकारका विक्षेप उत्पन्न गर्ने अनादि अविद्या नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अविद्याको स्वरूप– अद्वैत सिद्धान्त-अनुसार यो अविद्या अनादि कालदेखि नै एक भावरूप पदार्थ हो। यद्यपि अविद्या पदद्वारा ज्ञानाभाव कै प्रतीति हुन्छ, जस्तो रामानुजादि वैष्णव दर्शनहरूले मानेका छन् तर वास्तवमा त अविद्या ज्ञानाभावात्मक रूप छैन, किनभने 'म अज्ञानी छु, म आफ्नो र अर्काको स्वरूपलाई जान्दिन' भन्ने अनुभव प्रत्यक्ष रूपमा हुन्छ। कथंकदाचित् अविद्यालाई ज्ञानाभाव मानेमा पनि त्यो अभाव वा शून्यसरह नै ठहरिने छ। शून्य पदार्थ कसैको आवरण बनोस्, त्यो संभव हुँदैन। यसको विपरीत के देखिन्छ भने, अविद्याले आफ्नो अधिष्ठानको आवरण गर्छ। अविद्या आवरण मात्र गराउँदैन, अपितु संपूर्ण प्राणीहरूलाई मोहित पनि पार्छ– **अज्ञानेनाऽऽवृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः**। अतः के सिद्ध हुन्छ भने आवरण र मोहित गर्ने तथा ज्ञानद्वारा विलीन हुने यो अविद्या भावरूप नै छ।

चित्सुखाचार्यले यसको लक्षण यसरी गरेका छन्

अनादि भावरूपं यद् विज्ञानेन विलीयते।
तदज्ञानमिति प्राज्ञा लक्षण सम्प्रचक्षते॥

ब्रह्म नै अविद्याको अधिष्ठान हो तापनि त्यो (ब्रह्म) आफ्नो ज्ञानको आकारमा परिणत अन्तःकरणको वृत्तिद्वारा नै अविद्याको विनाश गर्न सक्छ। यस अतिरिक्त उ आफ्नो स्वरूपद्वारा अविद्याको कुनै अनिष्ट गर्दैन।

माया र अविद्यामा भेद– अद्वैत वेदान्तमा प्राचीन आचार्यहरूले माया र अविद्यामा कुनै भेद मानेनन्। संपूर्ण जगत्को कारण हुनाले यो माया प्रकृति कहलाउँछ, असाध्य कार्यको साधिका हुनाले माया कहलाउँछ तथा विद्याको विरोधी हुनाले अविद्या कहलाउँछ। यसैले माया र अविद्या पर्यायवाची हुनु युक्तिसंगत नै ठहरिन्छ।

परन्तु अर्वाचीन आचार्यहरूको मतमा माया र अविद्याका केही भेद मानिएका छन्। यिनीहरूका दृष्टिमा शुद्ध-सत्त्वप्रधान माया तथा मलिन-सत्त्वप्रधान अविद्या हुन्। मायाले समन्वित भएर ब्रह्म ईश्वरभाव प्राप्त हुन्छ। परन्तु ईश्वर भएर पनि उ आफ्नो स्वरूपलाई बिर्सिंदैन। अविद्या जसलाई आवृत्त गर्छ, त्यो जीव बन्छ तथा आफ्नो स्वरूपको ज्ञान उसलाई रहँदैन; अथवा समष्टि प्रकृतिलाई माया तथा व्यष्टि प्रकृतिलाई अविद्या भन्न सकिन्छ। यस प्रकार समष्टि र व्यष्टिरूप बन्धनले गर्दा माया र अविद्याको भेद सिद्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस माया वा अविद्याका क्रमशः आवरण र विक्षेप-नामका दुइ शक्ति छन्। आवरण-शक्तिले आत्मालाई ढाकिदिन्छ र विक्षेप-शक्तिचाहिं पृथिव्यादि प्रपंचलाई उत्पन्न गर्छ। यसै कारण दृग्दृश्यविवेकमा भनिएको छ–

शक्तिद्वयं हि मायाया विक्षेपावृत्तिरूपकम् ।
विक्षेपशक्ति–लिंगादि–ब्रह्माण्डान्तं जगत् सृजेत् ॥
अन्तर्दृग्दृश्ययोर्भेदं बहिश्च ब्रह्मसर्गयोः ।
आवृणोत्यपरा शक्तिः सा संसारस्य कारणम् ॥

अध्यासको स्वरूप र ख्यातिपञ्चक–चिदात्मामा माया वा अविद्याको अध्यास अनादि कालदेखि चल्दै आएको छ। अध्यारोप, अवभास, भ्रम आदि शब्द अध्यास-का वाचक हुन्। अध्यासको मुख्य लक्षण हो– अधिष्ठानको सत्ताले विषम-सत्तायुक्त हुनु–अधिष्ठानसत्ता विषमसत्ताकत्वम्। यहाँ सत्य अधिष्ठानमा मिथ्या वस्तु कसरी अवभासित हुन्छ भन्ने प्रश्नलाई लिएर आचार्यहरूका विविध मत छन्। तिनको संक्षिप्त परिचय यहाँ दिइन्छ –

अध्यासको लागि पहिले पाँच ख्यातिहरू जान्नु आवश्यक छ। यहाँ ख्याति नाम भ्रमात्मक ज्ञान हो। प्राचीन समयमा यस ज्ञानका पाँच भेद प्रचलित थिए–१. आत्म-ख्याति, २. अख्याति, ३. असत्ख्याति, ४. अन्यथाख्याति र ५. अनिर्वचनीय ख्याति।

क्षणिक विज्ञानवादी बौद्धहरू आत्मख्याति स्वीकार गर्छन्। यिनीहरूको मतमा ज्ञानसन्तान नै आत्मा हो र त्यो क्षणिक छ। प्रत्येक ज्ञान आफ्नो सजातीय ज्ञानलाई उत्पन्न गरेर अर्को क्षणमा विनष्ट हुन्छ। यहाँ पूर्व-क्षणवर्ती ज्ञान कारण हो र उत्तर-क्षणवर्ती ज्ञान कार्य हो। यो कार्य-कारण भाव-परम्परा निरन्तर चलिरहन्छ। अनादि अविद्यारूपा वासनाबाट शरीर-सन्तानको संवित्ति (संवृत्ति)हुन्छ। यसको अतिरिक्त कुनै आत्मा छैन। **शुक्ताविदं रजतम्** यस ज्ञानमा रजत-नामक पदार्थ बुद्धि-रूप नै छ। अनादिकालीन विपरीत वासनाले गर्दा बुद्धि शुक्ति र रजत आदिको रूपमा भासित हुन्छ। अतः यसैको नाम अध्यास हो।

अख्यातिवादी मीमांसकको भनाइ छ– **इदं रजतं** यस स्थलमा रजतको चक्षुरिन्द्रियसित संयोग-सन्निकर्ष हुनाले रजत प्रत्यक्ष नभएर पूर्वदृष्ट रजतको स्मरण-मात्र भइरहेको छ। यी दुइको जुन सूक्ष्म भेद छ, त्यसको ज्ञान नहुनाले सामुन्ने रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिपीमा रजत चाहने व्यक्तिको प्रवृत्ति भासित भइरहेको छ। अतः सिपीको नीलिमालाई रजतको रूपमा देखाउने ज्ञान भ्रमात्मक छ—यसैको नाम अध्यास हो।

शून्यवादी बौद्ध असत्ख्यातिलाई स्वीकार गर्छन्। यस ज्ञानमा सत् रजतको प्रतीति नभएर असत्को नै प्रतीति हुन्छ। अतः रजत नभए पनि रजतको भान हुनुको नाउँ अध्यास हो।

अन्यथाख्यातिवादी नैयायिकहरूको कथन छ अर्को देश र अर्को कालमा हुने रजतको प्रतीति, ज्ञानलक्षण-प्रत्यासत्तिद्वारा शुक्ति संयुक्त सदोष इन्द्रियद्वारा नै हुन्छ र यही अध्यास हो।

वेदान्तीहरूको मत छ —अनिर्वचनीय ख्याति। यिनको भनाइ छ— सामुन्ने राखिएको सिपीको टुक्रामा रजत सत् हो भन्न सकिंदैन; किनभने जब रजतार्थी रजत लिन त्यसतर्फ प्रवृत्त हुन्छ, अनि रजतको बाध हुन्छ। यसै गरी रजत असत् हो भन्न पनि सकिंदैन, किनभने प्रत्यक्षरूपले त्यसको प्रतीति भइरहेको छ, न त त्यसलाई हामी सदसद्रूप उभयधर्मसमन्वित नै भन्न सक्छौं। किनभने एउटै सिपी-अधिष्ठानमा परस्पर विरुद्ध धर्महरूको समन्वय हुनु असम्भव छ। यसैले रजत सद्विलक्षण भएकोले त्यसको अनिर्वचनीयता सिद्ध हुन्छ। यसैको नाम अध्यास हो।

यसप्रकार पाँचै ख्यातिहरूमा अत्यन्त विलक्षणता हुनाले अनेक प्रकारको अध्यास वा भ्रमात्मक ज्ञान मानवलाई हुन थाल्छ। जसले गर्दा आत्मा शारीरिक धर्महरूको अध्यास गरेर अभिमान गर्छ —म गोरो, कालो, वा सुन्दर छु। यस क्रमले अन्तःकरणका समस्त वृत्तिहरूको प्रत्यगात्ममा तथा प्रत्यगात्माको अन्तःकरणादिमा हुने अध्यास नै संसारको कारण हो। यस अध्यासको निवृत्ति तत्त्वज्ञानद्वारा हुन्छ। तत्त्वज्ञानको कारण हो— वेदान्त।

जीवतत्त्व—अब प्रश्न उठ्छ— जीवको स्वरूप के हो ? र ब्रह्मसित उसको के सम्बन्ध छ ? यस विषयमा अद्वैत वेदान्तको भनाइ छ— यद्यपि चैतन्य -ब्रह्म तथा जीवमा कुनै प्रकारको भेद छैन, तथापि अविद्यारूप उपाधिले गर्दा जीव र ब्रह्ममा भेद प्रतीत हुन थाल्छ। यस भेद दृष्टिले गर्दा नै ब्रह्मका पारमार्थिक सत्य र अपारमार्थिक सत्य नामका दुई भेद मानिएका हुन्। पारमार्थिक सत्य सत्, चित्, आनन्दस्वरूप निर्विशेष ब्रह्मको स्वरूप हो। अपारमार्थिक सत्य कर्ता, भोक्ता बन्ने जीवको स्वरूप हो। जब ब्रह्म देह-इन्द्रियादिलाई धारणा गरेर अन्तःकरणावच्छिन्न हुन्छ, अनि त्यही जीव भनिन्छ—चिज्ज-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ड्ग्रन्थिर्जीवः। कर्मफल-सम्बन्धी भए पनि जीव ब्रह्मदेखि अभिन्न, चैतन्य तथा नित्य नै मानिएको छ।

वेदान्तमा समष्टि र व्यष्टि दुइ शब्द प्रचलित छन्। व्यष्टिको अर्थ हो प्रत्येक व्यक्तिको भिन्न-भिन्न शरीर; र समष्टिको अर्थ हो अनेक व्यक्तिहरूको समुदाय वा सङ्घात। समष्टि-व्यष्टि शरीर तीन-तीन प्रकारका छन्– स्थूल, सूक्ष्म र कारण। यी शरीरका अभिमानी जीव पनि तीन प्रकारका हुन्छन्, क्रमशः स्थूल शरीरको अभिमानी जीवलाई विश्व, सूक्ष्म शरीरको अभिमानी जीवलाई तैजस र कारण शरीरको अभिमानी जीवलाई प्राज्ञ भन्छन्। यसै प्रकार समष्टिको अभिमानी चैतन्यलाई क्रमशः वैश्वानर, हिरण्यगर्भ तथा ईश्वर भन्छन्।

ईश्वरतत्त्व–अद्वैत-सिद्धान्तअनुसार निरुपाधि, निर्विकार ब्रह्म पारमार्थिक सद्वस्तु हो। त्यही ब्रह्म सत्त्वप्रधान मायाको संयोगले ईश्वरको रूप धारणा गर्छ। श्रुतिले ईश्वरलाई पूर्णकाम र सर्वैश्वर्य– समन्वित बताएको छ तापनि ती आफ्नो लीलाको निम्ति नै मायाद्वारा सृष्टिनिर्माण कार्यमा प्रवृत्त हुन्छन्। यस कार्यमा ईश्वरलाई कुनै प्रकारको प्रयास गर्नुपर्दैन, अपितु श्वास-प्रश्वास झैं समस्त कार्य स्वतः नै सम्पन्न हुन्छन्।

न्याय -वैशेषिकले ईश्वरलाई संसारको केवल निमित्त कारण मानेको छ, तर वेदान्त ईश्वरलाई संसारको अभिन्न निमित्तोपादान कारण मान्दछ। वैज्ञानिकहरूले जुन शक्ति (Energy) लाई मानेका छन्; त्यो ईश्वरीय शक्ति भन्दा अतिरिक्त होइन। ईश्वरको उपादान कारणता विवर्तरूप छ। विवर्त त्यसलाई भन्छन्, जो आफ्नो स्वरूपको परित्याग नगरीकनै रूपान्तरको अभिव्यक्ति गर्छ। जसरी माटो घटादिको उपादान-कारण हो, त्यसै गरी ब्रह्म पनि संसारको उपादान-कारण हो। एउटा मृत्पिण्ड-लाई जानेपछि जसरी समस्त मृण्मय पदार्थहरूको ज्ञान हुन्छ, ती सबैमा अनुस्यूत माटो नै एक सत्य हो र अरू सबै पदार्थ माटोले बनेका नाम-रूपात्मक हुन्, त्यसरी नै ब्रह्म नै एक सत्य पदार्थ हो र शेष दृश्यामान जगत् नाम-रूपात्मक नै हो भन्ने जानिन्छ। जसरी मृत्पिण्ड र घडामा व्यावहारिक भेद भए पनि माटाको दृष्टिले कुनै भेद छैन, त्यसरी नै ब्रह्म र ईश्वरको भेद पनि व्यावहारिक मात्र हो। तत्त्वज्ञान भएपछि ब्रह्म र ईश्वर दुवै एक हुन् भन्ने अनुभूति हुन्छ।

जीव र ईश्वर–ईश्वर र जीवको सिद्धि बिम्ब-प्रतिबिम्बभावले हुन्छ। ईश्वर बिम्ब हो र जीव उसको प्रतिबिम्बस्थानीय हो। जसरी दर्पणमा भासित हुने सूर्यको प्रति-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विम्ब वास्तविक सूर्य होइन, अपितु त्यसको प्रतिविम्ब हो, त्यसैगरी अन्तःकरणमा ब्रह्मको प्रतिविम्ब नै जीव हो । वस्तुतः जीव, ब्रह्म र ईश्वरको यस चैतन्यमा कुनै भेद छैन भोक्ता जीव, भोग्य सुख-दुःखादि र प्रेरयिता ईश्वर–यी तीनै विचारदृष्टिले हेर्ने हो भने ब्रह्मस्वरूप नै हुन् ।

पञ्चदशीमा पनि लेखिएको छ– विम्बस्थानीय ब्रह्म माया-उपाधिलाई आफ्नो वशमा गरेर सर्वज्ञ र ईश्वर बन्दछ । अविद्याको अधीनमा रहने जीव निरन्तर सुखदुःखको भागी भइरहन्छ । यसैले जीव र ईश्वर मायानामक कामधेनुका बाच्छा हुन् । द्वैत जतिसुकै भासित किन नहोइरहोस् परमार्थमा त सबै थोक अद्वैत नै हो–

मायाख्यायाः कामधेनोर्वत्सौ जीवेश्वरावुभौ ॥
यच्चेदं पिबतां द्वैतं तत्त्वमद्वैतमेव हि ॥

पञ्चदशी ६।२३६

अतः जीव र ईश्वर दुवै मायिक हुन् ।

कर्महरूको उपयोग– जो जीव ईश्वरको प्रतिबिम्ब बन्छ, त्यसको कल्याणार्थ हाम्रा महर्षिहरूले तीन प्रकारका साधनहरूको निर्देश गरेका छन् । पहिलो साधन निष्काम कर्मयोग हो । दोस्रो साधन भक्ति योग हो र तेस्रो साधन ज्ञान हो । कर्म र भक्तिद्वारा अन्तःकरणको शुद्धि भएर ज्ञान वा परा भक्तिको प्राप्ति हुन्छ र त्यसबाट मुक्ति हुन्छ । मुक्तिको साधन केवल ज्ञान नै हो । कर्मद्वारा त्यस ब्रह्मको प्राप्ति हुन सक्तैन । कर्महरूको उपयोग सामान्यतया चार प्रकारले हुन सक्छ–

१. कुनै अविद्यमान वस्तुलाई कर्मद्वारा उत्पन्न गर्न सकिन्छ, अतः यो उत्पाद्य हो, परन्तु जो ब्रह्म स्वतः सिद्ध छ, त्यसको उत्पत्ति कर्मद्वारा कसरी मान्ने ।

२. कुनै स्थानविशेष वा पदार्थको प्राप्तिको लागि जुन कर्म गरिन्छ, त्यो आप्य हो, परन्तु आत्माको चेतनता शरीरमा त्यसरी नै वर्तमान छ जसरी दूधमा घिउ रहन्छ, त्यसैले त्यसको प्राप्तिको लागि कर्मको उपयोगिता छैन ।

३. यस अतिरिक्त कुनै वस्तुको विकार उत्पन्न गर्नको लागि विकार्य तथा

४. कुनै वस्तुको संस्कार गर्नको लागि संस्कार्य कर्म बताइन्छन् । तर आत्मा त नित्य कूटस्थ हुनाले अविकार्य तथा ज्ञानस्वरूप हुनाले असंस्कार्य छ । अतः ब्रह्मको प्राप्तिको लागि यी चारै कर्मको उपयोगिता अनुपयोगी सिद्ध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

मुक्तिमा कर्मको उपयोग केवल यति छ– ती (कर्म) असंग भावसाथ गरिए भने चित्तमलका निवारक मानिन्छन् र शुद्ध अन्तःकरणमा वासनाको क्षय हुँदा नै यथार्थ ज्ञान उत्पन्न हुन्छ। यस रीतिले कर्म मुक्तिमा साक्षात् साधन नभएर सहायक साधन हुन्।

कर्मका भेद– विहित र निषिद्ध भेदले कर्म दुइ प्रकारको छ। जुन अन्तःकरणको शुद्धिमा सहायक हुन्छ, त्यसको नाउँ विहित कर्म हो, तथा जुन कर्मद्वारा पुरुषको प्रवृत्तिको निषेध गरिन्छ, त्यो निषिद्ध कर्म हो। यो निषिद्ध कर्म नै संसार-चक्रमा जीवको भ्रमणको हेतु तथा संपूर्ण अनर्थको कारण हुन्छ। विहित कर्म पुनः नित्य, नैमित्तिक, काम्य र प्रायश्चित्तका भेदले चार प्रकारका छन्। पापको निवृत्तिको लागि शास्त्रद्वारा विधान गरिएको कर्म प्रायश्चित्त भनिन्छ। यो दुइ प्रकारको छ– साधारण र असाधारण। अज्ञात पापको निवृत्तिको लागि साधारण र ज्ञात पापहरूको निवृत्तिको लागि असाधारण प्रायश्चित्त गरिन्छ। यसको अतिरिक्त पुत्रप्राप्ति वा स्वर्गादि कामनाले गरिएको कर्मको नाउँ काम्य कर्म हो। श्राद्ध, तर्पण तथा अनिष्ट ग्रहको निवारणको लागि गरिने कर्मको नाम नैमित्तिक कर्म हो। यी कर्म गर्नाले श्रेयस्मा प्रतिबन्धक विघ्नहरूको व्याघात हुन्छ। श्रुतिवाक्यद्वारा प्रतिपादित नित्य गर्न योग्य सन्ध्या–वन्दनादि कर्महरूलाई नित्यकर्म भन्छन्। यी कर्महरूको विधान गर्ने सन्दर्भमा शास्त्र अधिकारी मानवलाई पहिल्यै के चेतावनी दिन्छ भने नित्य कर्मको अनुष्ठानबाट तिमीलाई विशेष फल त मिल्दैन, तर नगरेमा प्रत्यवायको भागी अवश्य हुनु पर्ने छ। सबै प्रकारका नित्यकर्म सामान्यतया अन्तःकरणको शुद्धिको लागि नै गरिन्छन्। अतः अन्तःकरणको शुद्धिबाट जब ज्ञान हुन्छ, तब कर्मसन्न्यास लिनु स्वाभाविक हुन्छ। यसकारण मुक्ति प्राप्तिमा कर्म सहकारी कारण तथा ज्ञान प्रधान कारण छ।

मोक्ष, ब्रह्मसिद्धि, विदेहमुक्ति वा अद्वैत भावको प्राप्ति

मुक्ति– वेदान्तनिर्दिष्ट तत्त्वमसि आदि वाक्यद्वारा समस्त द्वैतभावको निषेध हुन्छ। यी वाक्यको उपदेशको अधिकारी त्यही मानव हुन्छ, जो शम-दमादि साधनहरूले युक्त छ। साधन-चतुष्टयसम्पन्न मानवद्वारा ग्रहण गरिएको विद्याले जीवलाई भवसागरको पारि उत्तारिदिन्छ। यस विद्याद्वारा अविद्याको निवृत्ति हुनु नै मोक्ष हो– **अविद्याऽस्तमयो मोक्षः (ब्रह्मसिद्धि)**

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रकारहरूले तत्त्वज्ञानद्वारा निवृत्त हुने अविद्याका तीन रूप बताएका छन्; जस्तै अविद्याको पहिलो रूप त्यो हो जसले मिथ्याभूत संसारलाई पनि सत्यसमान देखाउँछ । दोस्रो रूप अर्थक्रियासमर्थ वस्तुको कल्पक हो । तेस्रो रूप हो प्रत्यक्ष रूपले वस्तुको आभास गराउने । अविद्याका यी तीन रूपमा प्रथम दृश्यको निवृत्ति त तत्त्वज्ञानको उदय हुनासाथै भइजान्छ, तर मायाको तेस्रो रूपको निवृत्ति तब मात्र हुन सक्छ, जब प्रारब्ध कर्मका सम्पूर्ण संस्कार क्षीण हुन्छन् । जसरी धनुषबाट छुटेको वाण वेगले गर्दा निरन्तर गई नै रहन्छ, जसरी डोरीमा प्रतीत भएको सर्पको भ्रमको निवृत्ति भएपछि पनि मनुष्यमा भय-कंपन आदि देखिन्छन्, त्यसरी नै तत्त्वज्ञान भएपछि पनि प्रारब्ध कर्मको भोग बाँकी भइरहने हुनाले अविद्याको तेस्रो रूपको अनुवृत्ति भइ नै रहन्छ ।

प्रारब्ध भोगको निवृत्ति भएपछि अवशिष्ट अविद्याको लेश एवं तत्प्रयुक्त शरीर आदिको पनि निवृत्ति हुन जान्छ । यस प्रकार अविद्या अथवा मायाको लेशको सर्वतोभावेन निवृत्ति हुनु नै विदेहमुक्ति अथवा अद्वैतभावको प्राप्ति हो । यो नै मानव-जीवनको.चरम तथा परम लक्ष्य हो ।

साधन- चतुष्टयादि– यसपछि वेदान्त- विचारको अधिकारी, साधन केही वेदान्त-प्रक्रियाहरूबारे विचार गरिन्छ । वेदान्तको जाति युक्तिहरूका साथ जस्तो

केही वेदान्त-प्रक्रियाहरूबारे विचार गरिन्छ । वेदान्तको जाति युक्तिहरूका साथ
प्रतिपादन श्रीशंकराचार्यले गर्नुभएको छ, त्यस्तो आजसम्म कसैले गरेन । अपरोक्षानुभूतिमा उहाँ तत्त्वज्ञानको लागि आवश्यक अन्तःकरणको शुद्धिका साधनहरूको वर्णन गर्नुहुन्छ–

स्ववर्णाश्रमधर्मेण तपसा हरितोषणात् ।
साधनं च भवेत् पुंसां वैराग्यादिचतुष्टयम् ।।

आफ्नो वर्णाश्रम धर्म यथावत् पालन गर्नाले, तपस्याले र भगवान्लाई भक्तिद्वारा सन्तुष्ट गर्नाले पुरुषलाई वैराग्य आदि साधन-चतुष्टयको प्राप्ति हुन्छ । यसमा धर्म, तप र भगवच्चिन्तन– यी तीन साधन बताइएका छन् ।

मर्यादा– मर्त्यैराद्रियत इति मर्यादा जो मनुष्यद्वारा आदृत हुन्छ, त्यो हो– मर्यादा । यो मर्यादा मनुष्यमात्रको लागि आवश्यक छ, चाहे उ एसिया, अमेरिका वा अफ्रिकामै उत्पन्न भएको किन नहोओस् । जसको जीवनमा मर्यादा छैन, त्यो त वास्तवमा मनुष्य नै होइन, पशु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको अर्थ हो नियन्त्रणमा राख्ने शक्ति । बाटामा हिड्दा मनमा आयो- यसको घडी औधी राम्रो छ, खोसेर लिऊँ । मनलाई रोकिदियो- यो काम राम्रो होइन । यस रोक्ने शक्तिको नाम धर्म हो । विषयतर्फ आकृष्ट भएको मनलाई रोकिराख्ने जुन शक्ति मनुष्यमा छ, त्यो नै धर्म हो । जसमा यो शक्ति जति अधिक छ, त्यो उति नै अधिक धर्मात्मा हो । तपको अर्थ हो लक्ष्य प्राप्तिको लागि कष्ट सहने स्वभाव । **हरितोषणात्**को अर्थ हो । भगवान्को भक्ति विशेष, ईश्वर प्रणिधान । हृदयमा बसेका ईश्वर सन्तुष्ट भए भने वैराग्यादि चतुष्टयम् अर्थात् विवेक, वैराग्य, शम-दम आदि षट्-संपत्ति र मुमुक्षाको प्राप्ति हुन थाल्नेछ । आफूलाई मर्यादामा राखेर अर्थात् आफ्नो वासनालाई रोक्ने शक्ति अर्जित गरेर आफ्नो लक्ष्य प्राप्तिको लागि आवश्यक कष्ट सही आफ्ना हृदयेश्वरको प्रसाद प्राप्त गरेपछि यी चार साधनहरू स्वतः नै प्राप्त हुनेछन् ।

पूर्व-पूर्व अवस्थाको त्यागपूर्वक उत्तर-उत्तर अवस्थामा प्रवेश गर्नु विकासको अनिवार्य नियम हो । जब तिमी कहीं जान चाहन्छौं, तब जहाँ बसेका छौ त्यो स्थान र त्यहाँको सुख-सुविधाको मोह त छाड्नै पर्छ । विकासको लागि पूर्व अवस्थाको परित्याग पूर्वक नै अघि बढ्नुपर्छ । रूख विरुवाहरूबारे विचार गर- कसरी पूर्व-पूर्व अवस्थाको परित्यागपूर्वक अगाडि बढिरहेका छन् । यस पूर्व अवस्थाको मोहमायाको परित्यागको नाम नै वैराग्य हो ।

वेदान्त विचारका अधिकारी– स्वभावतः मनुष्यमात्रको अन्तःकरणमा मल, विक्षेप र आवरण– यी तीन दोष रहन्छन् । निष्काम वर्णाश्रम– कर्महरूको अनुष्ठानले मलको निवृत्ति तथा उपासनाले विक्षेपको निवृत्ति हुन्छ । निष्काम कर्म र उपासनाद्वारा मल-विक्षेप निवृत्त भएपछि पनि स्वरूपावरक अज्ञानको निवृत्तिको लागि जो साधक साधन-चतुष्टयसंपन्न छ, त्यो नै वेदान्तशास्त्रको अधिकारी हुन्छ । मल भनेको पाप हो, जुन संस्काररूपले अति सूक्ष्म रूपमा अन्तःकरणमा रहन्छ । विक्षेप भनेको चित्तको चञ्चलता हो उपासनाद्वारा चित्तको एकाग्रता हुन्छ । अथवा अहर्निश वेदान्त-श्रवणद्वारा पनि चित्त शुद्धि हुन्छ । यो श्रुति -स्मृतिको कुरा हो ।

वेदान्त सात विषयहरूको प्रतिपादन गर्दछ– १. अधिकार- निर्णय, २. गुरूपसत्ति ३. तत्पदार्थ एवं त्वंपदार्थको शोधन, ४. दुवैको एकता, ५. विरोध-परिहार समन्वय, ६. साधन, ७ फल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. **अधिकार निर्णय–** अधिकारी साधन-चतुष्टय-सम्पन्न हुन्छ । वेदान्ता-र्थको लागि जातिभेद वा लिंगभेदको अपेक्षा छैन । वेद तथा उपनिषद्को शास्त्रानुसार विधि निषेध छ, किन्तु अर्थ ज्ञानमा कुनै प्रकारको बाधा छैन । किनभने महाभारत, पुराण तथा भाषा ग्रन्थहरूबाट पनि ब्रह्मज्ञान हुन सक्छ ।

कर्म शरीरबाट हुन्छ । अतः यज्ञादि कर्महरूमा शरीरको जाति, लिंग आदिको अधिकार देखिन्छ, किन्तु ज्ञान भने बुद्धिबाट हुन्छ । अतः शम--दमादिसम्पन्न जिज्ञासु नै ज्ञानको अधिकारी हुन्छ ।

वेदान्तमा श्रवण शब्द पनि पारिभाषिक छ । तत्पदार्थ तथा त्वंपदार्थको शोधन गरेर असि पदले ऐक्यबोध गर्नु अर्थात् 'जुन आत्मा हो, त्यही परमात्मा हो' (तत्वमसि) भन्ने बुद्धिवृत्ति निश्चय नै श्रवण हो । श्रवणको तात्पर्य महावाक्यको अर्थनिश्चयसित छ ।

जहाँ वस्तु परोक्ष हुन्छ, त्यहाँ श्रवणमात्रबाट ज्ञान हुँदैन, किन्तु जहाँ वस्तु अपरोक्ष हुन्छ, त्यहाँ श्रवणमात्रले ज्ञान हुन्छ, किन्तु प्रत्यक्ष वस्तुमा पनि श्रवणमात्रले ज्ञान तब होला, जब भाषाको ज्ञान रहेको हुन्छ ।

अब मानि लिऊँ हामीलाई नित्यानित्य वस्तुको विवेक गर्नुछ । एक नित्य छ अर्को अनित्य । संसारको पदार्थ कहिले अनुभवमा आउँछ, कहिले आउँदैन, यसमा जुन अनुभाव्य विषय छ, त्यो अनित्य छ र अनुभविता अर्थात् अनुभव गर्ने नित्य छ । विचार पृथगभावेबाट विवेक शब्द बनेको छ । जहाँ कैयौं वस्तुहरू मिसिएका छन्, त्यहाँ तिनलाई पृथक्-पृथक् गरिदिनु विवेक हो । अनित्यको विवेक गरेर त्यससंग जुन राग द्वेष छ त्यसलाई छाडिदिनु र नित्यमा जुन सहजप्रीति छ त्यसलाई जगाउनु नै नित्या-नित्य वस्तु विवेक हो ।

विवेक गरेपछि वैराग्य स्वभावतः हुनेछ । जिज्ञासुको जीवनमा जब वैराग्य आउँछ, तब कुरा स्वभावतः आउँछन् । तिनैलाई शमादि षट् सम्पत्ति भन्छन् ; अर्थात् काम-क्रोध-लोभ-मोहादिको शान्ति । हाम्रो जीवनमा जुन अशान्ति छ, त्यो कामक्रोधादि शान्त नहुनाले नै छ । केवल बुद्धि-बलद्वारा परमात्मालाई कोही प्राप्त गर्न सक्तैन । यसैले शम हुनुपर्छ । क्रोधादिबाट वैराग्यको नाम शम हो । इन्द्रियहरूलाई वैध, विहित भोगहरूबाट हठपूर्वक रोक्नु होइन, विवेकपूर्वक वैराग्य हुनुको नाम दम हो । कर्माधिक्य-बाट वैराग्य हो–उपरति । देहबाट वैराग्य अर्थात् सर्दी-गर्मी एवं अन्य सबै प्रकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कष्टहरूलाई विना चिन्ता, विनाविलाश सहनुको नाम हो तितिक्षा । अभिमानदेखि वैराग्यको नाम श्रद्धा हो । अभिमानरूप रोगको निवृत्तिको लागि श्रद्धा महौषधि हो। वेदशास्त्र र गुरुको कुरा मान्नु श्रद्धा हो । मनोराज्यको शान्तिको नाम समाधान हो। यी छवटै वैराग्यका विलाश हुन् ।

अब मुमुक्षा के हो ?जबसम्म हामी परिच्छिन्न रहन्छौं, तबसम्म कारणको निवृत्ति हुनेछैन । कारण रहे भने कर्म हुन्छन्, कर्मका संस्कार आउँछन् । कर्ता रहन्छन् भने भोक्ता पनि रहन्छन्, भोक्ताका संस्कार पनि आउँछन् । यस किसिमले परिच्छिन्न रह्यौं भने संसारी हुनु नै पर्छ । यस संसारीपनलाई निवृत्ति गर्ने जुन तीव्र आकांक्षा छ, त्यसलाई मुमुक्षा भन्दछन् । उक्त साधन-चतुष्टयले संपन्न पुरुष अधिकारी हो ।

जब तिमी कुनै महात्माको नजीक सत्संगको लागि जान्छौ, तब एक-आधा-घंटाको लागि परमार्थ-चर्चाको सुख पाउँछौ । केही विवेक र केही वैराग्य छ, तब न तिमी आएका छौं । यहाँ न कुनै इन्द्रियभोग तिम्रो सामु छ, न कुनै काम-धन्दा, यहाँ उपरामता केही मात्रामा भएपनि छ । यहाँ विनागद्दा, विनासुख-सुविधा बसेका छौ, यो तितिक्षा पनि भयो । श्रद्धा नभएको भए यहाँ आउँथ्यौं नै किन ? तल किन बस्थ्यौ । तिम्रो मन यहाँ मनोराज्य पनि गर्दैन, यो नै समाधान हो । वेदान्तको कुरा सुनिरहेका छौ, केही विचार पनि गरिरहेका छौ, मनमा अलि-अलि शुद्ध भाव आइरहेको छ– यही मुमुक्षा हो । यसप्रकारले यसबेला त तिम्रो जीवनमा साधन-चतुष्टय स्पष्टै देखिएको छ । तर यो षट् संपत्ति, जो यस समयमा तिमीमा देखिएको छ, क्षणिक हो; स्थायी होइन । तर शास्त्रमा कहीं पनि यो लेखिएको छैन– जब तिमी श्रवणको लागि गुरुको समीप जान्छौ, त्यसभन्दा कति वर्ष, महिना, दिन वा घण्टा पहिलेदेखि तिमीभित्र षट् संपत्ति हुनुपर्छ । जतिबेला तिमी वेदान्त-विचार गर्न बस्छौ, त्यतिबेला तिमीमा यो षट् संपत्ति हुनुपर्छ– बस यो नै शास्त्रको तात्पर्य हो । यसै प्रकारले बारंबार प्रयत्न गर्दा-गर्दा, नित्यप्रति श्रवण गर्दा-गर्दा तिमीलाई बोध हुनेछ, तब षट् संपत्तिको फल स्वतः नै प्राप्त हुनेछ । अतः सत्संग गर्दैजाऊ, निश्चय नै अधिकारी बन्नेछौ ।

आहारशुद्धिबाट अन्तःकरणको शुद्धि – श्रुतिमा भनिएको छ– **आहरशुद्धौ सत्त्वशुद्धिः** अर्थात् आहारको पवित्रताबाट अन्तःकरणको शुद्धि हुन्छ । प्रायः आहार पदको सामान्य अर्थ भोजन नै गरिन्छ । यस भोजनमा तीन प्रकारको शुद्धि हुनु आवश्यक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ– प्रथम त भोजनको वस्तु जातिले, स्वरूपले शुद्ध हुनुपर्छ। मासु, मदिरा, लसुन, प्याज, च्याउ आदि जातिले अशुद्ध हुन्छन्। दोस्रो निमित्तले अशुद्ध। जुन स्थानमा भोजन बन्यो, जुन भाँडामा बन्यो, जुन भाँडामा राखियो, ती अशुद्ध थिए अथवा भोजनमा काग वा कुकुरले मुख गाड्यो, कुनै प्रकारले कुनै अशुद्ध वस्तु भोजनमा मिसियो भने त्यो निमित्त भयो र त्यस निमित्तको दोषले भोजन अशुद्ध भयो। तेस्रो दोष आश्रय दोष हो। भोजन बनाउने अशुद्ध छ अथवा उ कुनै दुःखले रोइरहेको छ, मानौ कुनै स्त्री रूँदै-रूँदै भोजन बनाइरहेकी छ भने त्यस्तो भोजन खाने व्यक्तिले पनि रुनुपर्ने हुन्छ। एक प्रकारको आश्रयदोष अर्को पनि छ। जुन धनबाट भोजन-सामग्री आयो, त्यो धन ईमानदारीसाथ कमाइएको हुनुपर्छ। त्यो कमाइ छल-कपट, चोरी, भ्रष्टाचार आदिको हो भने त्यसबाट आएका पदार्थ खाने व्यक्तिको मन शुद्ध हुनु असंभव छ। यसरी जो मानिस अन्नबाटै मनको उत्पत्ति मान्छन्, तिनको मतमा आहार सबै प्रकारबाट शुद्ध हुनु परमावश्यक छ। मनुले पनि भन्नुभएको छ–

शौचानामपि सर्वेषामर्थशौचं परं स्मृतम्।
योऽर्थे शुचिर्हि स शुचिर्न मृद्वारिशुचिः शुचिः॥

भगवान् शंकराचार्यले आहार पदको अर्थ संपूर्ण विषय नै गर्नुभएको छ– **आह्रियन्त इति आहाराः (विषयाः)**। अर्थात् जब हामी कान, आँखा, त्वचा, रसना र घ्राणले केवल धर्मानुकूल शुद्ध विषयको मात्र सेवन गर्न लाग्छौं, तब अन्तःकरण स्वतः शुद्ध हुन जान्छ। यो आहार संपूर्ण इन्द्रियहरूकै आहार हो, भोजन मात्र होइन। आहार शब्दको भोजन अर्थ केवल यस अभिप्रायले गरिएको छ– भोजनको प्रभाव सोझै मनमा पर्छ, जस्तो अन्न त्यस्तै मन।

चित्तदूषक विष, तिनको निवृत्ति र इष्टानिष्ट– चित्तलाई दूषित पार्ने यस मानसिक विषयलाई दूर गर्न हामीले अवश्य प्रयत्न गरिरहनुपर्छ। प्रायः के देखिन्छ भने एउटा त यस्तो विष हुन्छ, जसको क्रिया सीमित रहन्छ, परिणाम पनि निश्चित रहन्छ– जस्तै संखिया वा वत्सनाभ आदि। यो विष खाइहाल्यो भने त्यसको क्रिया शरीरतक नै सीमित रहन्छ। कुनै विष यस्ता छन् जसको क्रिया अत्यन्त व्यापक हुन्छ, परिणाम पनि निर्धारित हुँदैन। ती विष हुन्– घृणा, द्वेष, काम, क्रोध, मद, लोभ, मोह, मात्सर्य आदि दुर्गुण। यिनको सेवन मनबाट हुन्छ। यीमध्ये कुनैलाई कुनै प्राणीले आफूभित्र स्थान दिइराख्यो भने त्यो संखिया विष जस्तो सीमित क्रिया गरेर निश्चित फल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिएर पनि निवृत्त हुने छैन। यी दुर्गुणरूप विष त यस्ता छन्– जन्म जन्मान्तरसम्म साथै रहनेछन् र कुन्नि कतिपल्ट जन्ममरणको मार्मिक पीडा दिइ नै रहने छन्।

जब मनुष्यको बुद्धिमा तमोगुण बढ्छ, अनि उ भ्रमवश यी दुर्गुणहरूमा अनृतको भावना गर्न थाल्छ। अनि उ त विरोधी व्यक्तिसँग, समाजसँग, जातिसँग, राष्ट्र-सँग असूयाघृणा गर्नुमै आफ्नो गौरवरक्षा मान्दछ, द्वेष-वैर गर्नुमै आफ्नो प्रतिष्ठाको रक्षा भएको देख्छ, कामनाहरूको घोषणा गर्नुको नाम प्रगति राख्छ, भित्र बसेको क्रोधको वृत्तिलाई तेज मान्न थाल्छ, लोभलाई आफ्नो उन्नतिको साधन ठान्दछ, मोहको नाम प्रेम राखी जीवनलाई बरबाद गर्नुलाई आदर्श मान्दछ, मात्सर्यलाई व्यक्ति, समाज, जात र राष्ट्रको सुधारको लागि आवश्यक वस्तु अनुभव गर्छ। त्यसैले यी विष– यी दुर्गुण मानिसमा बढ्दै जान्छन्। अन्तःकरण यिनीहरूद्वारा यति ढाकिएको हुन्छ कि हृदयमा विराजित प्रभुको तर्फबाट निरन्तर बहिरहेको आनन्दधाराको लागि द्वार नै बन्द हुन्छ, हाम्रा इन्द्रियहरूमा प्रभुद्वारा दिइएको त्यस परमानन्दको एक कण पनि आउन पाउँदैन। इन्द्रियहरू स्थाया आनन्द पाउन लालायित रहन्छन्, भौतारिइरहन्छन्, तर तिनीहरू-लाई स्थायी आनन्द कहिल्यै मिल्दैन।

. उपर्युक्त दुर्गुण त विविध प्रकारले विविध मनुष्यमा व्यक्त हुन्छन् नै तथा तिनका प्रकार अनुरूप नै अनेक उपायबाट तिनको प्रतिकार पनि हुन्छ। यिनलाई त्याग गर्ने एक सुन्दर प्रक्रिया हो– यिनको प्रयोगलाई बदलिदिनु। उचित मात्रामा विष पनि रोगविशेषमा जसरी अमृतको काम गर्छ, त्यसरी नै यी दुर्गुण पनि हाम्रा सहायक बन्न सक्छन्। यदि हामीमा घृणा छ भने, हामी अरूलाई घृणा नगरीकन आफूभित्र जुन दम्भ-वृत्ति छ, त्यसलाई घृणा गरौं। यस्तै अरूसँग होइन आफ्नै नीच-दुर्बलतासँग द्वेष गरौं। कामना गर्ने हो भने यस्तो गरौं– भवसागरमा फसेका, दुःख तापले पीडित समस्त प्राणी-हरूको दुःख हटोस्, सबै सुखी होऊन्। रिस उठ्यो भने पनि आफ्नो मनको चंचलतासित उठोस्। हाम्रो क्रोधबाट यस्तो आगो निस्कोस् कि त्यसले मनको चंचलता भस्म गरोस् र यो सदाको लागि प्रभुमा समाहित होओस्। मद भए यस कुराको होओस् कि हाम्रा प्रभुको कस्तो अपार, असीम कृपा छ, उहाँको कृपा पाएर म कति महान् बनें। यस्तै लोभ लाग्छ भने जगद्रूपमा विभाजित प्रभुको सेवामै लागोस्। यसरी यी दुर्गुणहरूको प्रयोग आफैंमाथि उचित मात्रामा हुने हो भने यी दोष नै हामीलाई प्रभुप्राप्ति गराउने, पद-पदमा परमानन्द, परम शान्ति प्रदान गर्ने सद्गुण बन्नेछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनवरत दीर्घकालसम्म आदरपूर्वक हामीले कि त दुर्गुणविरोधी भावको पोषण गर्नुपर्छ अथवा तिनलाई आफू मिथि नै उपर्युक्त ढंगले प्रयोग गर्नुपर्छ । तब मात्र हामी यिनलाई छाड्न सकौंला, अथवा सहायक बनाउन सकौंला । तर यस्तो साधनामा लाग्नु, यत्नो परिश्रम गर्नु हामीलाई संभव भएन भने त्यस परिस्थितिमा हामी आफूलाई पूर्ण रूपले उनकै हातमा सुम्पौं । उनको शरणागत हुनासाथै हाम्रो अहम्‌को सट्टा प्रभुको सत्ता व्यक्त हुनेछ । उनको परम दिव्य आलोकमा हाम्रो द्वेष-दुःख सदाको लागि मेटिनेछन् ।

मानसिक विषयहरूमा सबभन्दा घातक तथा सद्यःप्राणहर भय हो । कुनै स्थानमा भयको कारण सर्वथा नहुँदा पनि हामी त्यस्ता कारणहरूको कल्पना गरेर भयभीत हुन्छौं । अँध्यारोमा ठुटो देखेर कुनै हिंस्रक जन्तुको, चोरको अथवा भूतप्रेतको कल्पना गरेर हामी डरले काम्न थाल्छौं, सर्वथा मिथ्या धारणाले डराउँछौं, किन्तु जो सर्वत्र निरन्तर विराजमान छन्, समस्त पदार्थ जसको सत्तामा अवलम्बित छन्, जो त्रिकालसत्य हुन्, त्यस्ता भगवान्‌को अनुभूति गरेर हामी निर्भय हुन सक्छौं । जहाँ ठुटो छ, त्यहाँ न हिंस्रक जन्तु छ, न चोर छ, न भूत छ, तर त्यहाँ त्यसै ठुटाका अणु-अणुमा निरन्तर भगवान् भने निःसन्देह छन् । तथापि हामी झूटो मलिन कल्पनाले नै त डराउन थाल्छौं, तर त्यहाँ नित्य वर्तमान परम सुन्दर सत्यरूप भगवान्‌को अनुभव गरेर निर्भय हुँदैनौं । यही हो हाम्रो सम्झाइमा अन्तर ।

कुनै अवसरविशेषमा हामी केही मामुली कारणबाटै भयभीत हुन्छौं । शरीरमा किंचितमात्र पनि अनिष्ट उत्पन्न हुनासाथै अनिष्टको शंकामात्रले हामी डरले थरथर हुन्छौं । हामीमध्ये जो अपेक्षाकृत अधिक धैर्यशाली छौं, तिनको अन्तश्चेतनामा पनि मृत्युको भय त निरन्तर रहिरहन्छ नै । मृत्युदेखि निडर रहने, बन्ने, हुने कुरामा गफ गर्नु अर्कै कुरा हो, मन साच्चै नै मृत्युदेखि भयरहित हुनुचाहिं अर्कै कुरा हो ।

हामी यी भयहरूबाट जोगिन, भन्न सकिन्न, कति प्रयास गर्छौं, भएभरको शक्ति लगाउँछौं, तैपनि भय त आउँछन् नै । हामी हेरेको हेर्‍यै हुन्छौं, हाम्रो कुनै अत्यन्त प्रियको हामीसँग वियोग हुन्छ । सारा कौशल लाउँदा पनि, पूरा सावधानी राख्दा पनि आधि-व्याधिले जर्जर भएर वा कुनै आकस्मिक घटनालाई निमित्त बनाएर हाम्रो प्रिय शरीर नरकंकालमा परिणत नभई छाड्दैन । जब यस्तो हुन्छ वा हुन लाग्छ, अनि त्यतिखेर हामीमध्ये जो आस्तिकताको-ईश्वरीय सत्तामा विश्वासको आडम्बर गर्छन्, ती पनि हाहाकार गर्न थाल्छन्– हे भगवान् ! तपाईंले यो के गर्नु भएको !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार हामी एकान्तचित्त भई भयको पहिलेको र पछिको स्थितिलाई प्रभुसँग जोडेर विचार गर्छौं त अन्तर्यामी प्रभु हामीलाई उत्तर दिई हाम्रो समाधान अवश्य गरिदिनु हुन्छ। उहाँ भन्नुहुन्छ–मेरो यो सीधासाधा सन्तान मेरै कृत्रिम मूर्तिलाई, मेरै एक छायालाई प्रियजन मानेर यति भ्रान्त भयो कि, यसका आँखा बन्द भए। मेरो यस कृत्रिम मूर्तिमा यो यति आसक्त भएको छ कि अन्य संपूर्ण कर्तव्यको अवहेलना गरिरहेछ। यस्तो देखेर प्रभु आफ्नै त्यस कृत्रिम मूर्तिलाई, आफ्नै एक छायालाई, जसलाई हामी प्रिय पुत्र, प्रियतमा, प्रियतम आदि भनेर पुकार्छौं, केही समयको लागि स्थानान्तरित गरिदिनु हुन्छ। अनि हाम्रा आँखा खुल्छन्, हामी गन्तव्यतर्फ जान लाग्छौं। प्रभुको यो चेष्टा के निष्ठुरता हो ? यो ता परम स्नेहको परिचायक हो। कसैको सच्चा प्रतिष्ठालाई पनि उहाँ कहिल्यै मेट्नुहुन्न। जब उहाँलाई अनुभव हुन्छ– यसको निम्ति यो प्रतिण्ठा होइन, घोर विष हो तब उहाँ त्यो प्रतिष्ठाको प्याला फोरिदिनुहुन्छ, अनि अपमानको रूपमा विरोधी औषधी (Antidote) दिएर मनमा व्याप्त विष उतारिदिनुहुन्छ। अकारण कदापि उहाँ हाम्रो प्रतिष्ठाको अपहरण गर्नुहुन्न।

यसै प्रकार जुन मृत्युलाई हामी अत्यन्त भयंकर मान्छौं, जुन हाम्रो लागि सदा भयानक रहिरहेको हुन्छ, त्यो पनि वास्तवमा भगवान्‌को वरदान नै हो। मृत्यु वस्तुतः प्रभुद्वारा दिइने नवजीवनको उपहारको लागि स्थान बनाउन आउँछ। हामी के ठान्छौं भने यो हाम्रो प्यारो शरीर हो, तर प्रभु ठान्नुहुन्छ– यो मेरो अमुक प्यारो शिशुलाई बेरिएको वस्त्र हो, यो जीर्ण भयो। यस कुरातर्फ उहाँको परम शुभ दृष्टि ठीक उपयुक्त समयमा पुग्छ तथा उहाँ हाम्रो पहिरन बदलिदिनु हुन्छ। पुरानो उतारेर वासनारूप नवीन वस्त्र (शरीर) हामीलाई बेरिदिनु हुन्छ। निःसन्देह हामीलाई यस्तै अनुभूति हुने थियो, यदि हामी ती-ती भयका अवसरमा आफ्नो र भयको बीचमा प्रभुलाई-उहाँको मंगलमय हातलाई देख्न पाउँदा हौं। अनि त भय देखिनै छाड्ने थियो।

हामी निरन्तर आफ्नो सीमित बुद्धिको आधारमा वस्तुहरूलाई दुइ भागमा बाँडिरहन्छौं– इष्ट र अनिष्ट। हामी इष्टको स्वागत गर्छौं, अनिष्टसँग डराउँछौं। कदाचित् हामी ठीकसँग संझन्छौं– जुन अनिष्टसँग हामी डराउँछौं, त्यो त हाम्रो आउने इष्टको नै पूर्वभूमिका हो। अनि त उत्तिखेरै भय हराइहाल्छ। जस्तै अमावस्याको तम आउँछ– चन्दप्रभालाई प्रकट गर्न, ग्रीष्मको ताप आउँछ– वर्षाको शीतलधाराद्वारा पृथ्वीलाई सिंचेर प्रफुल्लित गर्न, पातहरू झर्छन्– नव वसन्तको लागि इत्यादि। यस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असंख्य उदाहरण मिल्नेछन् । तिनमा गंभीरतासाथ विचार गरेमा हामी प्रत्यक्ष देख्न सक्छौं– अनिष्ट आउँछ, इष्टलाई प्रकाशित गर्न । जब हामी यस्तो ठान्छौं, हाम्रो भय भागिहाल्छ ।

हामीमध्ये कतिले त भन्न सक्छौं– झोपडी जलेको त हामीले देख्यौं, किन्तु महल बनेको देखेनौं । ध्वंसको विभीषिका देख्यौं, किन्तु पुर्ननिर्माणको सुन्दर दृश्य अगाडि आएन । अनिष्टहरू त आए, तर इष्टको झाँकी देखिएन । यसको निम्ति अझै केही बढी गम्भीरतासाथ सोच्नुपर्छ । हाम्रो जीवन त अनादि-अनन्त इतिहासको एक पुस्तक हो । वर्तमान जीवन त्यसै पुस्तकको एक पृष्ट हो । यदि पृष्टमा ध्वंसको, आगलागीको, अनिष्ट-को कथा लेखिएको छ भने यसै पृष्टमा पुर्ननिर्माणको, इष्टको सुखद गाथा पनि लेखिएकै हुनुपर्छ भन्ने केही छैन । ध्वंसको वर्णन पूरा भएपछि नै निर्माणको कथा लेखिन्छ । ध्वंसको वर्णनमै पृष्ट पूरा भइदियो भने पनि अघिल्ला पृष्टमा (अगिल्ला जन्ममा वा मरणान्तर गतिमा) नवीन निर्माणका वर्णन अवश्य मिल्नेछन् । अनिष्ट पछि इष्टको झाँकी मिल्ने नै छ ।

दार्शनिक दृष्टिले पनि हामी भयका हेतुमाथि विचार गर्छौं भने थाहा हुनेछ– **द्वितीयाद् भयं भवति ।** परमात्माको अतिरिक्त अन्य वस्तुको अनुभूति हुँदा नै भय हुन्छ । जब कोही परमात्मा अलिकति पनि भेददर्शन गर्छ, अनि उसलाई भय हुन्छ, भेददर्शन गर्ने विद्वान्को लागि परमात्मा नै भयरूप बन्नुहुन्छ ।

देहादि अनात्म पदार्थमा अभिनिवेश हुनाले नै भय हुन्छ । अभिप्राय के हो भने यदि हामीएक मात्र प्रभुको सत्ताकै सर्वत्र अनुभव गर्न लाग्यौं, हामी प्रभुमा स्थित हुन सक्यौं भने हाम्रो भय सदाको लागि छुट्छ। वास्तवमा प्रभुको अतिरिक्त अन्य कुनै वस्तु छँदैछैन । किन्तु उहाँभन्दा भिन्न अन्यको सत्ता नहुँदा पनि जब हामी अन्य-को सत्ता मान्छौं तथा मानेर अन्यको चिन्तन गर्छौं, अन्यमा मन लगाउँछौं, अनि हामीलाई यसतिर मन लगाएकोले नै अन्यको प्रतीति हुन्छ । स्वप्न-समयमा यस मनले नै त एक विचित्र सृष्टिको रचना गर्छ । जाग्रत् अवस्थामा हामी पनि जब मनोरथको प्रवाहमा बग्न थाल्छौं तब मनले कति विचित्र संसार खडा गरिदिन्छन् । मनको कल्पना ले नै त स्वप्नको या सृष्टि मनोरथको संसार प्रतीत हुन्छ । यस स्वप्नको सृष्टि, मनोरथ-को संसारमा सर्वथा सबैतिरबाट हामी नै हामी भरिएका छौं कि छैनौं ? ठीक यसै प्रकार यो जगत् प्रभुको संकल्प हो । एकमात्र उहाँ नै यस संसारमा सर्वथा सब सम या सबैतर्फ-बाट सर्वत्रपरिपूर्ण हुनुहुन्छ । तयापि उहाँकै एकमात्र सत्ता रहँदा पनि हाम्रो मनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पनाले अन्यको प्रतीति भइरहन्छ । यसैले सोझो उपाय के छ भने हामी अन्यको संकल्प-विकल्प गर्ने मनलाई प्रभुमा निरुद्ध गरौं । मन उहाँमा निरुद्ध भयो कि एकमात्र उहाँकै सत्ता बचिरहन्छ । तब भय सदाको लागि निवृत्त भइहाल्छ । किन्तु हामीले मनलाई निरुद्ध गर्न सकेनौं भने के गर्ने ? हाम्रो डर फेरि कसरी मेटिन्छ ? यसको सरल मार्ग हो– प्रभुको शरणमा जाने । हामी सब प्रकारले एकमात्र उहाँको नै शरण लेऔं, अनि त उहाँसंग जोडिएर, एक भएर हामी सदाको लागि समस्त भयहरूबाट मुक्त भइहाल्छौं–

मामेकमेव शरणमात्मानं सर्वदेहिनाम् ।
याहि सर्वात्मभावेन मया स्याद्ह्यकुतोभयः ॥

सुख प्राप्ति कसरी ?– अन्तःकरण शुद्धिको प्रसंग चलिरहेको छ । अन्तःकरण शुद्धि बेगर योग– वेदान्त-विचारादि सबै साधन वाग्जाल जस्तै विलीन हुन पुग्छन्; सर्वदुःख-निवृत्ति तथा परमानन्दावाप्तिरूप फलप्राप्ति गराउन सक्तैनन् ।

सबै चाहन्छन्– हामीलाई सुख होओस्, दुःख कहिल्यै नहोओस् । तिमी पनि दुःख मेटाउन चाहन्छौं भने, त्यसको साधन हो– अन्तर्मुख विचार गर्दा स्पष्ट प्रतीत हुन्छ– सुख-दुःखका कारण हुन् अनुकूल र प्रतिकूल परिस्थितिहरू । तर गंभीरतापूर्वक विचार गर्दा प्रतीत हुन्छ – परिस्थिति कस्तो छ, यसमा हाम्रो सुखः-दुख निर्भर हुँदैन । हामी परिस्थितिलाई कसरी ग्रहण गर्छौं, त्यसप्रति हाम्रो दृष्टिकोण कस्तो छ, यसैमा हाम्रो सुख-दुःख अडेको छ ।

हामी कुनै वस्तु प्राप्त गर्ने उद्देश्य लिएर किन न हिंडौं, त्यसको सफलताको लागि हामीभित्र तीन कुरा रहनु आवश्यक छ– वस्तु छ, त्यो मानिसले पाउँछ– पाएको छ, हामी पनि पाउन सक्छौं । यस्तो दृढ विश्वास हामीलाई हुनुपर्छ, यो हो पहिलो कुरा । वस्तु पाउन हामीभित्र पूर्ण प्रयत्न (लगन) होओस्, यो अर्को कुरा हो । तेस्रो कुरा के हो भने हामीभित्र मन-बुद्धि इन्द्रियका जति पनि शक्ति छन्, तिनको प्रवाह जतातिर छ, ती सबैतिरबाट हटेर आफ्नो लक्ष्यमा मात्रै नियन्त्रित होऊन् । यसैको नाम शास्त्रीय भाषामा श्रद्धा, तत्परता र संयम हो ।

अतः यदि हामीलाई पनि प्रत्येक परिस्थितिमा प्रभुको मंगलमयता खोजी निकाल्नु छ भने हामीमा यी तीन कुरा हुनु नै पर्छ । वास्तवमा प्रभुको प्रत्येक विधान मंगलले नै भरिएको हुन्छ । कैयौं मानिसलाई यस्तो अनुभूति भइसकेको छ, हामीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो अनुभव हुन सक्छ भन्ने दृढ विश्वास हामीलाई हुनुपर्छ । यस्तो विश्वास भएपछि यसको प्रत्यक्ष अनुभव गर्नको लागि हाम्रो प्रयत्न आरम्भ हुनुपर्छ । अधिकारीभेदले प्रयत्नका अनेकौं रूप बन्न सक्छन् । मनका वृत्तिहरूलाई सबैतिरबाट समेटेर हामी शान्ति साथ मन-मनै यस्ता भावनाहरूको आवृत्ति गरौं–

सबैको सत्ता प्रभुको सत्तामै निर्भर छ, हाम्रा इन्द्रियका समस्त शक्तिहरू सर्वशक्तिमान् प्रभुबाटै आइरहेछन् । जो प्रभु हुनुहुन्छ उही प्रभुको विधान हो । अतः मंगलमय प्रभुको प्रत्येक विधान अनन्त असीम मंगलले भरिएको छ ।

यस प्रकार भावहरूलाई केही बेरसम्म पुनः पुनः आनन्दपूर्वक आवृत्ति गरि रहौं । जति-जति एकान्तको अभ्यास दृढ होला, उति-उति व्यवहारको समयमा यस्ता स्फुरणहरू अधिकाधिक हुन थाल्नेछन् । अन्तमा प्रभुको अतिरिक्त अन्य कुनै पनि सत्ता बाँकी रहने छैन । बस, त्यसैबेला हाम्रो प्रतिकूलताको पनि अन्त हुनेछ । परन्तु यो स्थिति प्राप्त हुनेछ, पूरा लगनसाथ यस अभ्यासमा जुटेपछि मात्र । प्रतिदिन नियमपूर्वक कुनै व्यतिक्रम नगरी यस्तो भावनाको अभ्यासमा जब हामी लाग्नेछौं अनि मात्र हाम्रो उद्देश्य सिद्ध हुनेछ ।

उक्त अभ्यासको क्रम चलिरहोस् भन्नाको लागि आफूभित्र प्रभुको शक्ति-को सदा सदुपयोग होओस्, दुरुपयोग कदापि नहोओस् भन्नेतर्फ सावधानी रहनु आवश्यक छ । जबतक हामीमा अहंकार छ, तबतक हामी सदा सजग रहनुपर्छ । कर्मेन्द्रिय-हरू अनावश्यक ढंगले कदापि क्रियाशील नहोऊन् । हाम्रो मन अनर्थक संकल्प-विकल्पमा नलागोस् । बुद्धि क्षणभरको लागि पनि व्यर्थ कुराको निर्णय दिने वा निश्चय गर्नेपट्टि नफसोस् ।

हामी भन्न सक्छौं– ठीक छ, बाहिरका घटनामा त हाम्रो प्रतिकूल भाव नै हाम्रो दुःखको हेतु हो, त्यसप्रति भावना परिवर्तन गर्नाले हाम्रो दुःख मेटिन सक्छ । किन्तु मानौं– हाम्रो शरीरमा कतै भयंकर खटिरा आयो । त्यसको पीडाले त हामी व्याकुल भइरहन्छौं । यो दुःख त घनटाजन्य नै हो । यसमा हाम्रो भाव कसरी हेतु भयो ? यसको उत्तरमा भन्न सकिन्छ– यहाँ पनि हाम्रो दृष्टिकोणकै अन्तर छ । कदाचित् खटिराप्रति हाम्रो त्यो त प्रभुको प्रसाद हो, दयामयको विधानले आएको हो भन्ने भावना आएछ र यस्तै दृष्टिकोण बनेको छ भने एक परम सात्त्विक सुखको अनुभूति हुनेछ, एक विचित्र सुखले ढाकिएको दुःखको अनुभव हुनेछ । बृहदारण्यकश्रुतिमा भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतद् वै परमं तपो यद् व्याहितस्तप्यते परमं हैव लोकं य एवं वेद। कोही ज्वरादि व्याधिले अत्यन्त पीडित छ, शरीर ज्वरको तापले पोलिइरहेको छ भने यस्तो भावना गर्नुपर्छ–यही परम तप हो, म तप गरिरहेछु। जसले यस्तो मान्छ उसलयस भावनाको फलस्वरूप परमलोकको विजय गर्छ।

कुनै व्यक्ति आत्मशुद्धिको लागि कुनै दिन व्रत गरी उपवास बस्छ, उ नै कुनै दिन संयोग क्रमले भोजन-व्यवस्था नहुँदा भोकै पर्छ। दुबै दिन भोकको पीडा त उसलाई समान भावले हुन्छ, किन्तु व्रतको दिन उ सजिलैसित पीडा सहन्छ, साथै व्रतको पालन भइरहेको छ भनेर सुखको अनुभव गर्दै त्यस दिन हुने उत्सवमा उ उल्लासपूर्वक सम्मिलित पनि हुन्छ। भोकको पीडा हुँदा-हुँदै पनि उसको मनमा दुःखको व्यथा हुँदैन। तर त्यही व्यक्ति अर्को दिन भोजन नपाउँदा दुःखी र चिन्तित भइरहेको हुन्छ। भोकको पीडाले मनैमन व्यथित भई उ सारा उत्साह गुमाउँछ। यस्तो किन ? भोकको अनुभव-त दुवै दिन समान भावले नै हुन्छ। यस्तो यस कारणले हुन्छ– पहिलो दिन उसको निम्ति अनुकूल छ, र अर्को दिन प्रतिकूल। दृष्टिकोणमा भेद हुनाले नै एउटै प्रकारको घटना एकदिन सुख र अर्को दिन दुःखको कारण बन्न पुग्छ।

अहिलेसम्मको विवेचनाको सारांश के हो भने घटनामा दुःख हुँदैन, त्यसप्रति प्रतिकूल भावनले नै हाम्रो दुःखको सृजना गर्छ। अतः हामी आफ्नो दुःख हटाउन चाहन्छौं भने घटनातर्फ नहेरी त्यसमा ओत-प्रोत प्रभुतर्फ दृष्टि स्थिर गरौं। अनि हाम्रो प्रतिकूलता हराउनेछ र हाम्रो दुःख पनि सदाको निम्ति समाप्त हुनेछ।

श्रीमद्भागवत्मा भक्तराज प्रह्लाद भन्नुहुन्छ–

सुखमैन्द्रियकं दैत्या देहयोगेन देहिनाम् ।
सर्वत्र लभ्यते दैवाद् यथादुःखमयत्नतः ॥

अर्थात् हे दैत्य हो ! शरीरधारीलाई शरीरको सम्बन्धले इन्द्रियद्वारा जुन सुख मिल्छ, त्यो त विनाप्रयत्न स्वतः प्राप्त भैरहन्छ, चाहे उ जुनसुकै योनिमा किन नहोस्, परन्तु दुःख त निवारण गर्न खोजे पनि आइलाग्छ।

हामीहरूमध्ये धेरै व्यक्ति यस्ता छौं, जो जीवनका अतीत घटनाहरू स्मरण गर्दै दिन-रात चिंतित रहन्छौं, असल-खराब घटना जे घटेका छन्, तिनबाट सुखी वा दुःखी हुन्छौं– यो पनि समयको दुरुपयोग नै हो। घटनाहरूमा त हाम्रा पूर्वकर्मानुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटेका हुन् । तिनको लागि जब हामीले कारणको निर्माण गरिदियौं त कार्य भएरै छाड्छ । यस कर्मजगत्का सनातन नियमहरूमा कसैप्रति अन्याय हुँदैन पक्षपात हुँदैन । जसले जस्तो बीउ रोपेको छ, जस्ता कर्म संचित गरेको छ, उस्तै फल, उसैअनुरूप घटनाहरू उसको लागि बन्दछन् । संचितका अपार कर्मराशिबाटै त हाम्रो यस जीवनको प्रारब्ध बन्दछ । आफूले रोपेको बीजको, आफ्नै कर्मका फल नै त हामीलाई आजसम्म मिलेका छन्, तिनको प्राप्ति अवश्यंभावी नै थियो । यसैगरी भविष्यमा के होला भनी विचार गरिरहनु पनि समय नष्ट गर्नु नै हो । वास्तवमा भविष्य त हाम्रो आफ्नै हातमा छ । त्यसको निर्माण हामी गर्न सक्छौं । हामी वर्तमानको सदुपयोग गर्छौं भने भविष्य सुन्दर हुनु निश्चित छ । प्रारब्धको वेगले यस जीवनको अन्तिम क्षणसम्म अनुकूल प्रतिकूल निमित्त नै प्राप्त किन नहोऊन्, हामी वर्तमान समयलाई ठीक-ठीक काममा लगाउँछौं भने यी आएर पनि हामी एवं हाम्रो मनलाई छुन सक्तैनन् । यसपछि जुन नवजीवनको प्रारम्भ होला, त्यहाँ त्यस भविष्यमा त हाम्रो लागि चिन्ताको कुनै कारण नै रहने छैन । हाम्रा कर्मका गोदाममा चाहे अत्यन्त खराब कर्मकै संस्कार किन भरिएका नहोऊन्, तर हामी वर्तमानका प्रत्येक क्षणलाई अहिल्यैदेखि लिएर जीवनको अन्तसम्म प्रभुको खोजीमा नै, व्यतीत गर्छौं भने प्रभुद्वारा ओतप्रोत संस्कार नै संचित हुनेछन्, नवजीवनको प्रारब्ध यी नै संस्कारलाई लिएर निर्मित हुनेछ; अनि उहाँ यस संस्कारको सुवासले हामी त निरन्तर प्रफुल्लित, चिन्तारहित रहनेछौं, हाम्रो संपर्कमा आउनेको दुर्गन्ध पनि हराउने छ । अतः वर्तमानको सदुपयोग गरौं । अतीत एवं भविष्यका चिन्ता हामी शीघ्रातिशीघ्र छाडिदेऔं ।

आफ्ना पहिलेका भूलको निरन्तर स्मरण गर्दै पश्चात्तापका विचारमा निमग्न रहनु पनि समयको सच्चा सदुपयोग होइन । हो, यदि यो पश्चात्ताप सक्रिय (Positive) छ भने हामीलाई जीवनको चरम उद्देश्यतर्फ बढाउन यो परम सहायक हुनेछ । सक्रिय (Positive) पश्चात्ताप यस्तो हुन्छ– जति दुष्कर्म हामीले गरेका छौं, त्यसको कैयौं गुना अधिक भलाइ, आफ्नो शक्ति-सामर्थ्यअनुसार बढीभन्दा बढी जति भलाइ गर्नु सम्भव छ, उति भलाई हामी गरौं । पत्थरभन्दा कठोर बनेर हामीले अनेकौं हृदयमा घाउ लगाएर सन्तप्त तुल्याएका छौं भने अब नौनीभन्दा कोमल एवं स्निग्ध बनेर, जहाँजहाँ घाउ देख्छौं, तिनलाई निको पार्ने सच्चा प्रयास गरौं । आफ्ना क्रूर चेष्टाहरूद्वारा हामीले मानिसहरूको चित्तलाई रुवाएका छौं भने अब प्रेमको मधु पिलाएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाई शीतल पार्ने व्रत लेऔं । यो हो सक्रिय पश्चात्ताप, अन्यथा ती बितेका कुरा संझिरहनाले मात्र कुनै विशेष लाभ हुँदैन ।

सारांश के हो भने समयको सच्चा सदुपयोग गर्ने हो भने हामी प्रभुको खोजीमा जुटौं, अरू काम त जसरी हुनु छ हुने नै छन् । यो काम त हामीले नै गर्नुपर्छ । अरू कोही पनि हाम्रो लागि यो काम गर्न सक्तैन । अतः यसैमा हामीले लाग्नु छ, उहाँलाई खोज्नुमै लागिपर्नु छ । यस मार्गमा लाग्दा हामीले एक विशेष पद्धतिको अनुसरण गर्नुपर्छ, किन्तु यो पनि पक्का छ– यसमा कुनै खास परिश्रम हुन्छ भन्ने कुरा पनि बिलकुलै होइन, किनभने– **आत्मत्वात् सर्वभूतानि सिद्धत्वादिह सर्वतः ।** ती प्रभु त हामी सबैमा स्वयम् आत्मा नै जो ठहरिनु भयो, उहाँको उपस्थिति त सर्वत्र छ । उहाँको खोजी गर्नुमा, उहाँ आफैलाई आफूदेखि प्रसन्न गर्न परिश्रमै के पर्छ र ?

सबभन्दा पहिले हामीले उहाँलाई चिन्नुमात्र पर्छ । अग्निको तत्त्व त हामी जान्दछौं । एउटै अग्नितत्त्व सर्वत्र व्याप्त छ, जुन अग्नि काठमा छ, त्यो पत्थरमा छ, त्यही बादलमा छ, त्यही सूर्यमा छ, उही हाम्रो शरीरमा पनि व्याप्त छ, किन्तु यदि हामी अग्निको रूप के हो भनी सोच्छौं त यही भन्नुपर्ने हुन्छ– अग्नि जुन आधारमा व्याप्त छ, त्यही त्यसको रूप हो । एकै अग्निमा तत्त्वतः कुनै अन्तर छैन, यस्तै समस्त भूतहरूको अन्तरात्मा प्रभु एक हुँदा-हुँदै पनि नाना रूपमा रहेर तिनैको जस्तो रूपले युक्त हुनु हुन्छ, जस्तै– **एकस्तथा सर्वभूतान्तरात्मा । रूपं रूपं प्रतिरूपो बहिश्च (कठोपनिषद् २।२।९)।** यस तत्त्वलाई बुझेर हामी ठीक यस्तै अनुभव गर्ने चेष्टा गरौं । सबै प्राणीहरूप्रति दया एवं सौहार्दको व्यवहार गरौं । हामीले यसो गर्न सक्यौं भने प्रभुको प्रसन्नताको दर्शन हुन कत्ति बेर लाग्दैन ।

अन्तःकरण– शुद्धिका चार भूमिका (दुश्चरित्रता, कामक्रोधादि, मनोराज्य एवं सिद्धिहरूको परित्याग) – साधन-चतुष्टयको प्रसंगमा चित्तशुद्धिको चर्चा चलिरहेको थियो । वेदान्तका अधिकार-निर्णय, गुरूपसत्ति आदि सात विषयको मौलिक प्रसंग थियो । कठश्रुति भन्छ–

नाऽविरतो दुश्चरितान्नाऽशान्तो नाऽसमाहितः ।
नाऽशान्तमानसो वाऽपि प्रज्ञानेनैनमाप्नुयात् ॥

यस मन्त्रमा अन्तःकरण शुद्धिका चार भूमिका बताइएका छन् । पहिलो– दुश्चरित्रताको परित्याग, दोस्रो– कामक्रोधादिको परित्याग, तेस्रो– मनोराज्यको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परित्याग, अनि चौथो– सिद्धिहरूको परित्याग । यी चार कुरा नहोऊन् त अत्यन्त शास्त्र-ज्ञान भए पनि आत्मा एवं परमात्माको एकताको बोध हुन सक्तैन । अन्तःकरण शुद्धिको प्रथम साधन आहार शुद्धि शास्त्रकारहरूले तीन थरी बताएका छन्– शारीरिक आहार शुद्धि, ऐन्द्रियक आहारशुद्धि र मानसिक आहारशुद्धि । अर्को मतमा कर्मद्वारा अन्तः-करण-शुद्धि हुन्छ । यस मतमा जस्तो कर्म गर्छौं त्यस्तै संस्कार बन्दछ । संस्कारअनुसार नै वासना बन्दछ । यसैले हाम्रो क्रिया शुद्ध होओस् त निषिद्ध कर्मको परित्याग भएर विहित कर्म मात्र भई चित्तशुद्धि हुन्छ । सारांश के हो भने– अन्नमय कोशमा जसको अवस्थिति छ, तिनको अन्तःकरण-शुद्धिको साधन आहारप्रधान हुन्छ, अनि जसको प्राणमय कोशमा अवस्थिति हुन्छ, तिनको अन्तःकरण शुद्धि कर्मप्रधान हुन्छ ।

यत् कर्म कुर्वतोऽस्य स्यात् परितोषोऽन्तरात्मनः ।
तत्प्रयत्नेन कुर्वीत विपरीतं तु वर्जयेत् ॥

कर्ममा पनि जुन कर्म गर्दा आत्मग्लानि हुँदैन र आत्मतृप्ति तथा पवित्रताको अनुभव हुन्छ, यस्तो कर्म प्रयत्नपूर्वक गर्नुपर्छ, ग्लानि तथा असन्तोष गराउने कर्म छाडिदिनुपर्छ ।

तेस्रो मत यो छ– अन्तःकरणको शुद्धि-अशुद्धि वासना-संकल्पअनुसार हुन्छ, अर्थात् हाम्रो चित्तवृत्ति शुद्ध हुनुपर्छ । अन्तःकरण विज्ञानमय अर्थात् वासनात्मक छ । त्यो शुद्धवासनाको उदयले शुद्ध र अशुद्ध वासनाको उदयले अशुद्ध हुन्छ । अन्तःकरणको शुद्धि उपासनाद्वारा हुन्छ ।

चौथो मतमा संपूर्ण वासनालाई अभिभूत गरी समाधि प्राप्त गर्नुपर्छ । निर्विषय, निर्विकल्प, निर्बीज, असम्प्रज्ञात समाधिपर्यन्त अन्तःकरणको शुद्धि नै त हो । यो योगमार्ग हो । चित्तलाई सर्वथा निर्विषयक बनाइदिनुपर्छ । मनमा न विषय आउनेछ, न अशुद्धि आउनेछ । दोष तब हुन्छन्, जब अन्तःकरण सविषय हुन्छ । वास्तवमा अन्तःकरणको शुद्धि एक सद्गुण हो र त्यो हो आफ्नो अन्तःकरणलाई शान्त राख्नु । अन्तःकरणको यस शान्तिलाई नै ब्रह्मचर्य, सन्तोष, निष्कामता, निर्मोहता आदि भन्छन् । अन्तःकरणको शान्तिद्वारा संपूर्ण दोषको निवृत्ति हुन्छ ।

पाचौं मत अनुसार अन्तःकरण न अन्नमय छ, न प्राणमय, न कर्मजन्य, न वासनाजन्य र न त सत्तात्मक नै । वास्तवमा त मनको सत्ता नै छैन । उ न बाहिर छ, न भित्र । यसको लागि कुनै प्रयत्न गर्ने आवश्यकता नै छैन । विषयको प्रतीतिलाई नै मन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । जहाँ विषयरहित मनको प्रतीति छ, त्यहाँ मनलाई नै चेतन भन्छन् । अतः मनमा जुन शुद्धिको प्रतीति हुन्छ, त्यसको नाउँ अन्तःकरणको शुद्धि हो र अशुद्धिको प्रतीतिको नाउँ अन्तःकरणको अशुद्धि हो । तिम्रो अन्तःकरण जन्मजात शुद्ध छ । जति समयसम्म तिमी परमात्माको चिन्तन गर्छौ, त्यति समयसम्म तिम्रो अन्तःकरण शुद्ध हुन्छ, अनि जति समयसम्म संसारको चिन्तन गर्छौ अशुद्ध रहन्छ । यसरी शुद्ध परमात्माको चिन्तन गर्न थाल्नासाथ तिमी अन्तःकरण शुद्ध हुनाले वेदान्त-श्रवणको अधिकारी हुनेछौ। यहाँ अधिकारीको अर्थ हो– ब्रह्मज्ञानको अर्थित्व-सामर्थ्य एवं शास्त्रोक्त पद्धतिद्वारा वेदान्तवेद्य ब्रह्मात्मैक्यको अनुसन्धान । यसैले अधिकारीको विचार आवश्यक छ। यस-प्रकार आत्मज्ञान निवृत्तिप्रधान हुनाले त्यसमा बाह्य पदार्थको अपोहन अपेक्षित हुन्छ। यिनै भोगापवाद, कर्मापवाद, वासनापवाद, विक्षेपापवाद एवं अनात्म-चिन्तनापवाद-लाई चित्तशुद्धिका पाँच भूमिका भन्छन् । यिनैबाट आत्मज्ञानको मार्ग प्रशस्त हुन्छ।

गुरूपसदन-- याने गुरुको शरणमा जानु । **तद्विज्ञानार्थं स गुरुमेवाऽभि-गच्छेत् समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम्** । श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको समीप जानुपर्छ। गुरुमा पूरा भक्ति हुनुपर्छ, अर्थात् गुरु , इष्ट, आत्मा र मन्त्र– यी चारैमा एकता हुनुपर्छ। गुरु-शरणागतिमा पहिलो कुरा के छ भने जो अविश्वासी छ, उ गुरुको शरणमा जाँदैन।

. स्वयं पनि बुझ्न सक्तैन र कसैप्रति श्रद्धा पनि छैन भने त्यसको फल के होला ?

संशय र विनाश । आफ्नो अन्तःकरणमा संशय एवम् अविश्वास छैन भने यो नै अन्तः-करणको शुद्धि हो– **अज्ञश्चाऽश्रद्दधानश्च संशयात्मा विनश्यति** ।

अर्को बाधा हो अभिमान । ईश्वर पाइन्छ त अभिमानको निवृत्तिबाटै । अभिमान दम्भ हो । यसको निवृत्ति गुरुशरणागतिबाट मात्र सम्भव छ ।

आफ्नो गुरुदेवमा भक्ति छ भने मनुष्य सबै दोषमाथि सजिलैसित विजय प्राप्त गर्न सक्छ । गुरुमा संशय हुँदैन । गुरुको अगाडि काम-क्रोधादि पनि हुँदैनन् । यसैले गुरुशरणागति आवश्यक छ ।

वेदान्तमा त गुरुविना काम चल्नै सक्तैन । हाम्रो आत्मा जो ब्रह्म हो, उ परोक्ष छैन । त्यो नित्य प्राप्त छ । यस नित्यप्राप्त आत्मालाई हामी चिनिरहेका छैनौं। यदि यसमा स्थित हुँदा यसलाई चिनिने भए सुषुप्तिमा, समाधिमा हुने थियो । जबसम्म कोही 'यो तिमी नै हो' भनेर चिनाउँदैन, तबसम्म यसको ज्ञान हुने छैन । उपासना अथवा शास्त्रको अभ्यासले पनि यसलाई पाउन सकिँदैन । यहाँ त जो जसलाई खोजिराखेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ, उ स्वयं आफैं हो । अतः बताइदिने व्यक्तिबेगर आत्मा अपरोक्ष हुनै सक्तैन । यसैले स्पष्ट भनिएको छ– **आचार्यवान् पुरुषो वेद** । अर्थात् जो प्राप्तगुरु पुरुष हो, उही यो जान्दछ । यस आत्माको प्राप्ति प्रवचन, मेधा वा अध्ययनले हुँदैन, यसको लागि त गुरुकै आवश्यकता पर्छ ।

पदार्थद्वय-विवेक– अब तेस्रो कुरा छ पदार्थद्वय-विवेक, किनकि कुनै वाक्यको अर्थ बुझ्नु छ भने, त्यसका अलग-अलग पदहरूको अर्थ बुझ्नुपर्छ । यसकारण महावाक्यको अर्थ बुझ्न त्यसका पदहरूको अर्थ बुझ्नु आवश्यक छ ।

तत्त्वमसि– यो महावाक्य हो । यसमा तीन पद छन्– **तत्, त्वम् र असि** । यी तीनै पदको अर्थ नबुझी महावाक्यको अर्थ बुझ्न सकिंदैन । तिमी जान्दछौ– तत् सर्वनाम हो, जुनसुकै परोक्ष वस्तुको लागि यो एक संकेत हो । तर यतिबाट वाक्यार्थको ज्ञान हुँदैन । तत् पदको ठीक अर्थ– त्यसको लक्ष्यार्थ अर्थात् यो कसलाई संकेत गर्छ भन्ने जानेपछि मात्र वाक्यार्थको ज्ञान हुन्छ ।

तत् पदार्थको विवेक गर्न संपूर्ण दर्शनहरूको ज्ञान आवश्यक छ, किनभने वाक्यार्थको निर्णयको लागि उपाधि-विवेकको आवश्यकता पर्छ, किनकि प्रकृतिबाट सृष्टि हुन्छ परमाणु वा कर्मबाट सृष्टि हुन्छ– यी सबै कुराको जब विचार गरिन्छ, तबमात्र उपाधिको ज्ञान हुन्छ । आत्माको उपाधि के हो ? समष्टि-उपाधि के हो ? व्यष्टि उपाधि के हो ।

अधिकार-निर्णय र गुरूपसदनका कुरा त भए, किन्तु यस सृष्टिको स्वरूप के हो ? व्यष्टि के हो ? समष्टि के हो ? कार्य के हो ? कारण के हो ? बहिःकरण के हो ? अन्तःकरण के हो ? –यी सबै विषय नबुझी पदार्थद्वयको विवेक हुँदैन । प्रत्येक दर्शनको, यहाँसम्म कि नास्तिक दर्शनको पनि एक उपयोग छ । चार्वाक् भन्छन्– यो शरीर नै आत्मा हो, र यसको स्वास्थ्य र सुखको ध्यान नै मुख्य कर्तव्य हो । उनको अभिप्राय, स्त्री, पुरुष, धन, गृह आदिको सम्बन्ध मिथ्याकल्पित हो, र शरीरलाई सुखी राख्नकै लागि यी छन् भन्ने बुझ्नुपर्‍यो । यसको अर्थ के भयो भने आफू नै प्रधान हो र शेष सबै गौण । संसारको कुनै पनि वस्तु वा पदार्थसँग मोह गर्नु हुँदैन । यसप्रकार चार्वाक-दर्शन पनि हाम्रो मनोभूमिमा आत्मप्रवणता उत्पन्न गरी मोहनिवृत्तिको साधन बन्न पुग्छ । जैन भन्छन्– अष्टादश दूषणले रहित भएपछि मात्र तीर्थंकर पदको प्राप्ति हुन्छ । यसको तात्पर्य के हुन्छ भने अन्तःकरणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धि अत्यावश्यक छ । बौद्धहरू जगत्‌लाई विज्ञानमात्र किंवा शून्यमात्र बताउँछन्, त्यतिखेर तिनीहरू वैराग्यको लागि मिथ्यात्व-चिन्तन गर्न कति ठूलो प्रेरणा दिइरहेछन् । अन्तःकरणको शुद्धिको निम्ति जैनहरूको रत्नत्रय (सम्यक् संकल्प, सम्यक् चारित्र्य र सम्यक् समाधि) कति उपयोगी छ । तात्पर्य के हो भने कुनै पनि दर्शन द्वेष गर्न योग्य छैन, त्यसको पनि उपयोग छ ।

न्याय र वैशेषिकका दार्शनिकहरू नमानून्, किन्तु ती दर्शनअनुसार हामीले एक-एक परमाणुको चिन्तन गर्‍यौं भने जगत्‌को कारणमा हाम्रो बुद्धिले प्रवेश गर्न थाल्नेछ, किनकि परमाणु निरवयव छ र सावयवको कारणरूपमा निरवयव हुनु औधि विचित्र झैं लाग्छ । निरवयव परमाणु चक्षुद्वारा प्रत्यक्ष हुँदैन, मानसप्रत्यक्ष हुन्छ तापनि त्यसबेला पनि त्यो खण्डित हुनेछ । अनि त्यो सविशेषहरूको चरम रहने छैन । यसप्रकार निरवयव-बाट सावयवको उत्पत्ति मानेर यस दर्शनले कार्य-कारणमात्रको ध्वंस नै गरेको छ, स्थापना होइन । जब हामी परमाणुको ध्यान गर्छौं, तब उ ध्येय बन्दैन, जब ध्येय नै बन्दैन त त्यसबाट सृष्टि कसरी भयो ? एक परमाणुमा अवयव छैन भने दुइ परमाणु मिलेपछि त्यहाँ कहाँबाट अवयव आइपुगे ? निरवयव र निरवयवको संयोग नै कसरी हुन्छ ? जब संयोग नै हुँदैन त अणुको उत्पत्ति पनि हुँदैन । यसरी हामीले विचार गर्‍यौं भने यी दर्शनहरूको उपयोग पनि हाम्रो बुद्धिलाई तिखारेर ब्रह्मसम्म पुर्‍याइदिन सहायक नै हुन्छ ।

अब सांख्य र योगको विचार गरौं । यिनका मतमा प्रकृति आदिम कारण हो र पंचभूत हुन् अन्तिम कार्य । यी दुवैको मध्यमा छ प्रकृति-विकृति । पुरुष न कार्य हो न कारण । कार्यरूप पंचभूतहरूमा यो मनुष्य-शरीर कल्पित छ, किनभने यसलाई कार्य मानेर पंचभूतलाई कारण मान्ने हो भने अन्तिम कार्य शरीर भयो । पृथिवी, जल, अग्नि, वायु र आकाश– यी अन्तिम कार्य भए भने त शरीरमा यी प्रवेश गर्दैनन् । माटोले प्रवेश गर्‍यो भन्छौं भने पनि यो पहिलेदेखि नै माटो हो । जलले यसमा प्रवेश गर्‍यो भन्छौं भने पनि यो पहिलेदेखि नै जल हो । तेजले यसमा प्रवेश गर्‍यो भन्छौं भने पनि यो पहिलेदेखि नै तेज हो । वायुले यसमा प्रवेश गर्‍यो भन्छौं भने पनि यो पहिलेदेखि नै आकाश हो । यसको मतलब के भयो भने जस्तो स्वर्णमा आभूषणको एक आकार बन्छ, त्यस्तै पंचभूतमा पशु, पक्षी, मनुष्य आदिका शरीर कल्पित हुन्छन्, आकार मात्र हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीहरू भन्छन्– समाधिमा पद, पदार्थ र तिनको सम्बन्ध-ज्ञान एकै हुन्छ। जस्तै जाग्रत्मा घडा एक पदार्थ हो, जुन अलग्ग छ। घट पद मुखमा छ र घट पदार्थ तथा घट शब्दको सम्बन्धज्ञान हृदयमा छ। समाधिमा यी तीनै एक हुन्छन् भने यसको अर्थ भयो– समाहित चित्तमा भेद हुँदैन, भेद विक्षिप्त चित्तमा हुन्छ।

अब पूर्वमीमांसातर्फ विचार गर्ने हो भने चित्तशुद्धिमा यसका तीन उपयोग छन्। अन्तःकरणको शुद्धिको लागि धर्मानुष्ठान गर्नुपर्छ। यो एउटा उपयोग हो। आत्मा शरीर होइन, कर्ता-भोक्ता र संसारी हो, अतः शरीरभन्दा पहिले थियो र पछि पनि रहनेछ। यसप्रकार आत्मा नित्य छ। नित्या-नित्य-वस्तुविवेकमा यो अर्को उपयोग भयो। यो दृश्यमान संसार द्रव्यबाट उत्पन्न भयो कि कर्मसंस्कारबाट, यसको उत्तरमा पूर्वमीमांसक भन्लान्– संसार उत्पन्न नै भएको छैन। यस्तो कुनै समय छैन, जसमा संसार थिएन। संसारको उत्पत्ति छैन र विनाश पनि छैन। यो अनादि परंपरादेखि कर्मसंस्कारजन्य छ। अब विचार गर– हाम्रो स्वप्न पनि त द्रव्यजन्य होइन, संस्कारजन्य हो। अतः जस्तो स्वप्न उस्तै संसार हो। पृथिवी, जल, आकाश, सूर्य आदि समस्त संसार पूर्वमीमांसकको मतानुसार जीवहरूको समष्टि प्रारब्धजन्य हो। यसप्रकार संस्कारजन्य हुनाले प्रपंचको मिथ्यात्व-निर्माणमा यो दर्शन उपयोगी छ। यही तेस्रो उपाय हो।

पदार्थद्वयको विवेक तीन प्रद्धतिबाट हुन्छ– आभासवाद, अवच्छेदवाद र दृष्टि-सृष्टिवाद। यिनीहरूको प्रतिक्रियामा विलक्षणता छ। यसर्थ, महावाक्यको अर्थ पनि तीन प्रकारले गर्नुपर्छ।

आभासवादमा जुन एकताको प्रक्रिया छ, त्यो हो– माया र अन्तःकरण अर्थात् कारणोपाधि र कार्योपाधिमा स्थित आभासहरूलाई बाध गर्दै चेतनांशमा एकताको प्रतिपादन। यो एक रीति हो।

अर्को रीति हो अवच्छेदवादको। घटाकाश र महाकाशको रूपमा कूटस्थ ब्रह्मको नै यसमा निरूपण छ। आभासको रूपमा जीव र ईश्वरको निरूपण छैन। व्यष्टि र समष्टिको उपाधि त उपहित वस्तु हो, त्यसमा यो ऐक्य बताउँछ। घटाकाश र महाकाश यी देशप्रधान उपाधि हुन्। यस पद्धतिमा उपाधिको बाधद्वारा उपहितको ऐक्य-प्रतिपादन हुन्छ।

दृष्टि–सृष्टिवाद त एक जीववाद हो। यसमा अज्ञान सत्ता छँदैछैन। अतः यस प्रक्रियामा प्रारम्भदेखि जीव र ईश्वरको पृथक्-पृथक् विवेक गर्नुपर्ने आवश्यकता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन। अविद्या कालमा जसलाई हामी पृथक् संझन्छौं, विद्याकालमा त्यो त आफ्नो स्वरूप नै हो। यसरी कालप्राधान्यले दृष्टि-सृष्टिवादमा एकता हुन्छ भने वस्तु प्राधान्यले आभासवादमा एकता हुन्छ। पदार्थद्वयको विवेक गर्न देश, काल र वस्तुका उपाधिको भिन्ना-भिन्नै विवेक हुन्छ। विषयको उपाधिको विवेक गर्नाले पदार्थद्वयको सिद्धि हुन्छ र त्यसको ऐक्य नै वेदान्तमा सर्वसंमत छ।

परिणामवाद– यो अद्वैत वेदान्तको मत होइन। परिणामवाद पनि कैयौं प्रकारको छ। चित्त-परिणाम (विज्ञान-परिणाम) र शून्य -परिणाम- यी दुइ बौद्धहरू-का प्रकृति-परिणाम सांख्यको तथा ब्रह्म-परिणाम विशिष्टा-द्वैतादि मान्नेहरूको हो।

जगत्को मूलमा वस्तु जड छ कि चेतन? जगत्को मूल कारण चेतन छ भने त्यो चेतन तब नै हुन्छ, जब आफ्नो आत्मा हुन्छ। त्यो अन्य पनि हो र चेतन पनि हो– यसो हुनु असंभव छ। जो अन्य हुन्छ, त्यो दृश्य हुनाले जड हुन्छ। दृश्य नहुँदो हो त अनुभवमा नै आउने थिएन। फलतः त्यसको अस्तित्वमा पनि कुनै प्रमाण हुँदैन। अतः हामीभन्दा पृथक् चेतनारूपले शरीर वा संसारको मूलमा कुनै वस्तु न कहीं छ, न त हुन सक्छ।

अब यो प्रपंच जुन देखिइराखेको छ, त्यसको मूल कारण जड हो कि चेतन? चेतन हो भने संपूर्ण दृश्यमान जडता विवर्तमात्र हो। जगत्को मूल कारण जड हो भने हामी स्वयं जड हुनेछौं। जगत्को नियमन प्रकाश हुने छैन। पूरा जगत् अन्धो हुनेछ। अतः जगत्को मूल कारण चेतन हो र यो आत्मासंग अभिन्न छ। यो जुन दृश्य प्रपंच छ, त्यो संपूर्ण विवर्त हो। यो नै पदार्थद्वय-विवेक हो। संपूर्ण उपनिषद् नै जीव र ईश्वरको स्वरूप– वर्णन पदार्थद्वयको विवेकको लागि हो।

ऐक्य र ऐक्यवाद

ऐक्य– एउटा प्रश्न छ– जीवबाट ईश्वर हुन कति समय लाग्छ? उत्तर छ– हिन्दूलाई मनुष्य हुन कति बेर लाग्छ? हिन्दू त मनुष्य नै हो। जबसम्म उसको मनमा हिन्दूत्वको अभिमान छ उ हिन्दू हो, त्यो अभिमान छुट्यो कि मनुष्य हुन्छ। देहको अभिमान जीव हो, देहको अभिमान छुट्यो कि उ परमात्मा नै हुन्छ।

यी देह, इन्द्रिय आदि उपाधि हुन्। यिनमा म-मेरो गर्नाले जीव हुन गयो। यिनबाट म-मेरो छुट्यो कि म ईश्वर भइहाल्छ। विवेक यही गर्नु छ– पञ्चकोश-विवेक, पंच-महाभूत-विवेक, जाग्रत्-स्वप्न-सुषुप्तिको विवेक, स्थूल-सूक्ष्म कारण शरीरको विवेक, विराट्-हिरण्यगर्भ-ईश्वरको विवेक, ब्रह्मा-विष्णु-महेशको विवेक, सत्त्व-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रज-तमको विवेक । यस प्रकार विवेक गरेर जब उपाधि पृथक् गरिन्छ । पृथक् र उपाधिरहित वस्तु त सर्वत्र एकै हुन्छ । यसरी जीव एवं ईश्वरको पृथक् -पृथक् विवेक गरेर तिनको एकता जान्नु छ । एकताको ज्ञानले अनेकताको भ्रान्ति मेटिन्छ । भेद छ, र त्यसलाई भेट्नु छ भन्ने होइन । एकता त पहिलेदेखि नै छ । केवल अनेकताको भ्रान्ति हुन गएको छ, त्यसलाई नै मेट्नु छ । कार्यदेखि कारण पृथक् हुन्छ, किन्तु कारणभन्दा कार्य कुनै पनि अवस्थामा भिन्न हुँदैन । घडा माटोले बनेको छ । घडाको कारण माटो हो । घडाभन्दा माटो त भिन्न छ, तर कुनै पनि अवस्थामा माटोले रहित घडाको कुनै सत्ता नै छैन । जस्तो घडा माटोभन्दा भिन्न कुनै वस्तु होइन, त्यस्तै, यस जगत्को अभिन्न निमित्तापादान-कारण परमात्मा हो- **यतो वा इमानि भूतानि जायन्ते**इत्यादि – अतः त्यो परमात्मा अनन्त वस्तु ब्रह्मभन्दा भिन्न जगत् नामको कुनै वस्तु छँदैछैन । यसप्रकार जसको मतमा जगत् मिथ्या हुन्छ, उसको मतमा व्यष्टि अन्तःकरण पनि मिथ्या होला र समष्टिकारण पनि । कार्य पनि मिथ्या र कारण पनि मिथ्या । अतः जीव-ईश्वरको भेद र यिनको लघुता र महत्ताको भेद कुनै प्रकारले पनि सिद्ध हुँदैन ।

प्रमाता, प्रमाण र प्रमेयको भेद देहाभिमानले गर्दा भएको हो । जब हामी देहमा प्रमाता बनेर बसेका छौं त प्रमाता र प्रमेयका बीच नेत्रादि प्रमाणरूप सन्धि छ, तर जहाँ हामी देहाभिमान छोडेर पूर्णसित एक हुन्छौं, त्यहाँ पूर्ण र प्रत्यक्को बीच कुनै सन्धि छैन । यसैले आफ्नो अत्यन्ताभावको अधिष्ठान र द्रष्टामा नै प्रमेय भासित भइरहेको छ । जहाँ प्रमेयको प्रतीति हुन्छ त्यहीं चेतनको संज्ञा प्रमाता हुन्छ । अप्रमेय कुन हो ? अहम् अप्रमेय हो । जो प्रमाणको सामु छ, त्यो प्रमेय र जो प्रमेयको पछाडि रहेर प्रमाणलाई पनि प्रकाशित गर्छ, त्यो हो अप्रमेय । परमात्मा अन्य भए अप्रमेय हुन सक्तैन । परमात्मालाई प्रमेय मान्छौं भने त्यो दृश्य हुनेछ । यही कारण हो कि श्रुति-वर्णित अप्रमेयता प्रत्यगात्मासंग कदापि पृथक् हुँदैन । आफ्नो आत्माको अतिरिक्त अर्को कुनै वस्तु अप्रमेय हुँदैन ।

अब द्रष्टा र दृश्यको माझमा कुनै वस्तु छ वा छैन विचार गर्नु छ । आफ्नो स्वरूपको अज्ञान नै दृश्य र द्रष्टालाई भिन्न गराइरहेछ । अज्ञानको निवृत्ति हुनासाथै द्रष्टा र दृश्य एक भइहाल्छन् । दुवै एक हुनासाथ दृश्यमा दृश्यत्व रहँदैन र द्रष्टामा द्रष्टृत्व रहँदैन । केवल आफ्नो स्वरूप रहने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो वस्तु (आफ्नो स्वरूप) उपासना, धर्मानुष्ठान वा समाधिद्वारा प्राप्त हुन सक्तैन, प्रत्युत केवल तत्त्वज्ञानद्वारा भ्रान्तिको निवृत्तिपछि हुन्छ। धर्म, उपासना र योग अन्तःकरण शुद्धिका साधन हुन्।

अब ऐक्यवादको विचार गरौं। उता माटाको डल्लो छ र यता एउटा पर्वत। दुवैमा ठूलो भेद प्रतीत हुन्छ, तर यो भेद त आँखाले देखिदैन, अनुभव हुन्छ। बुद्धिस्थ जुन माटो छ, त्यसमा कहाँ भेद छ? आकारलाई छाडिदिउँ त माटा-माटामा कहाँ भेद छ? तात्त्विक दृष्टिले दुवै एक हुन्, किन्तु दुवैको व्यवहार भिन्न-भिन्न छ। अतः तत्त्वमा प्रातिभासिक भेद स्वीकार गरे पनि पारमार्थिक भेद छैन।

जब विषयको मिथ्यात्वको बोध हुन्छ, अनि म र तँ को भेद रहँदैन, देह-भेदविना म र तँको भेद रहन सक्तैन। भेद प्रतीति मात्र हो। तत्त्वतः भेद छैन वेदान्त भ्रान्तिलाई निवृत्त गर्छ, भानलाई गर्दैन। अतः भेदको भ्रान्ति मेटिए पछि भेदको प्रतीति पनि मेटिन्छ भन्ने धारणा बनाउनु हुँदैन।

विरोध-परिहार– अगाडिको विषय छ– विरोध-परिहार, साधन र फल। परमार्थ के हो? भन्ने कुरा बुझ्न सके अगाडिको विषय बुझ्न सुविधा हुनेछ। जब परमात्मा भन्छौं, तब त्यसको अर्थ, अर्थभन्दा नितान्त भिन्न वा आत्माभन्दा नितान्त अलग्ग कुनै वस्तु हुँदैन; प्रत्युत अर्थको अवधि, अर्थको नै परमस्वरूप परमार्थ, आत्माको नै परमस्वरूप अर्थात् उपाधिको निराकरण गरिदिएपछि अध्यारोपको अपवाद गर्दा जे शेष रहन्छ, त्यो परमात्मा। अध्यारोपको अर्थ के हो– मानिलिनु, कल्पना गर्नु। जस्तो गणित बुझाउन बालकलाई भनिन्छ– "मानिनिऊँ, तिमीसंग पाँच रुपियाँ छ। यो मानिलिनु अध्यारोप हो। अब बालकलाई भनियो – ती पाँच रुपियाँ पाँच जनालाई एक-एक रुपैयाँ देऊ त तिमीसंग कति बाँकी रह्यो? केही रहेन। यो भयो अध्यारोपको अपवाद। एक माया हो र उसको कार्य हो यो जगत्। परमात्माको अनुभवबाट त्यस मायाको निवृत्ति भयो। माया त पहिले पनि थिएन, निवृत्ति पनि थिएन। किन्तु आफ्नो अद्वितीयता बुझाउन पहिले मायाको कल्पना गरियो, त्यसको अध्यारोप गरियो र त्यसको निवृत्ति बताइयो, त्यसैको अपवाद गरियो। यस्तै परमार्थ वस्तुमा शास्त्र र लोकबाट जुन विरोध प्राप्त हुन्छ, त्यसको परिहार हुनुपर्छ। शास्त्रद्वारा विरोध हुन्छ जस्तै– **द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते**। यो अउपनिषद् वाक्य हो– दुई पक्षी छन् भन्नाको अर्थ हो एक जीव र एक ईश्वर। यसरी अद्वैतको प्रतिपादनमा यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रवचनसंग विरोध पर्‍यो । अर्कोतिर शास्त्र एक अद्वितीय तत्त्वको प्रतिपादन गर्छ– **अहं मनुरभवं सूर्यश्च (वृहदारण्यकोपनिषद्)**– म नै मनु र सूर्य भएँ । तद्पश्यत् तदभूत् तदासीत् (यजुर्वेदसंहिता)– त्यसलाई चिने, त्यही भयो, किनकि त्यही थियो भनेर यो श्रुति भन्दछ । एउटा श्रुतिमा द्वैतको प्रतिपादन भए जस्तो अनुभव हुन्छ भने अर्कोमा अद्वैतको । श्रुतिमा यो जुन विरोध परेको झैं देखिन्छ, त्यसको परिहार हुनुपर्छ ।

अब विचार गरौं– जीव र ईश्वर दुइ छन् भने कसरी ? वस्तुतः दुइ छन् भने देशतः दुइ छन् कि कालतः दुइ छन् । एक कालमा ईश्वर र एक कालमा जीव हुन्छन् भने दुवै नाशवान् हुने भए; किनभने आफ्नो स्थितिभन्दा भिन्न कालमा न जीव रहला, न ईश्वर । 'म छैन' अनुभव भन्ने कहिल्यै हुन सक्तैन । अतः कालतः जीव र ईश्वर दुइ होइनन् । कालतः दुइ भए सत्य त काल सिद्ध होला, किनभने काल ती नरहँदा पनि रहिरहने हुन्छ । देशतः जीव र ईश्वरलाई दुइ मानौं– एउटा अन्तर्देशमा छ, एउटा बहिर्देशमा; त्यसो भए यो अन्तर्बहिको कल्पना कसमा छ ? बाहिर–भित्रको कल्पना त खोक्रो हो; किनकि चर्मपरिवेष्टित देहको अहंकारलाई लिई छालाको सीमा बाँधेर यो बाहिर-भित्रको कल्पना हुन्छ । जुन पूर्णत्व छ, त्यसमा बाहिर र भित्र कहाँ हुन्छ ? अपूर्वमनपर-**मनन्तरमबाह्यम् (वृहदारण्यको पनिषद्)** । श्रुति भन्दछ– त्यसभन्दा पहिले केही छैन, पछि केही छैन, बाहिर केही छैन, भित्र केही छैन । राम्ररी विचार गर, यी जीव ईश्वर दुइ छन् भने कसरी रहन्छन् । जीवमा केही माटो कम र ईश्वरमा माटो केही अधिक छ ? अभिप्राय के भने दुवैलाई पृथक्-पृथक् तत्त्व मान्ने हो भने बताउनु पर्छ कि पार्थक्य कस्तो छ ?

यी दुवै सखा हुन् । आलिंगन गरेर स्थित छन्, अर्थात् दुवै विजातीय होइनन् । **समानं वृक्षं परिषस्वजाते**को तात्पर्य के हो भने यसै शरीरमा देहाभिमानले गर्दा एकको नाउँ जीव र अर्कोको नाउँ ईश्वर पर्न गएको छ । जहाँ भोक्तृत्वको भ्रान्ति छ त्यहाँ जीवत्व छ, जहाँ भोक्तृत्वको भ्रान्ति छैन, त्यहाँ परमात्मा छ ।

साधन र फल– अब उपासना र ज्ञानको साधनको केही तुलना गरिहेरौं । उपासना श्रद्धामूलक हुन्छ र वेदान्त प्रमाणमूलक । उपासनामा आवृत्ति हुन्छ । आराध्यको नाम बारंबार दोहोर्‍याइन्छ, त्यसको रूपको बारम्बार ध्यान गरिन्छ । वेदान्तमा नयाँ-नयाँ युक्ति, नयाँ-नयाँ तर्क हुन्छन् । त्यस सत्यलाई विवेकपूर्वक नयाँ-नयाँ युक्तिद्वारा पत्ता लगाउनुपर्छ । श्रुतिको अविरुद्ध सूक्ष्म तथा एकाग्र बुद्धि वेदान्तको साधन हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो इष्ट-साध्य वस्तुको दर्शन उपासनाको फल हो। जे-जे ध्यान गर्छौं, त्यो-त्यो सामु आउनेछ, अर्थात् इच्छानुसार भगवान्‌को प्राप्ति हो उपासनाको फल। उ संमुख आएर कुराकानी गर्छ, वरदान दिन्छ, तर यो सबै हुन्छ- सगुण साकार उपासना। निराकारको ध्यान गर्दा निराकारलाई त आँखाले देख्न सकिन्न, किन्तु अन्तर्यामी, सर्वज्ञ, सर्वशक्तिमान् हुनाले उ सगुण छ, त्यसैले मानस प्रत्यक्ष हुन सक्छ। त्यसको ध्यानद्वारा वृत्तिले संपूर्ण संसारबाट हटेर अन्तर्यामीका रूपमा आफ्नो इष्टदेवको निश्चय गर्छ अर्थात् उ मानस-प्रत्यक्ष हुन्छ र बुद्धि उसैको काखमा कहिले निदाउँछ, कहिले ब्यूँझेर क्रीडा गर्छ। जसरी बालक माताप्रति समर्पित हुन्छ, त्यसरी नै त्यो बुद्धि पनि अन्तर्यामी परमात्मदेवप्रति समर्पित हुन्छ। यो स्वतः सिद्ध समर्पणको बोध नै अन्तर्यामी सगुण निराकारको बोध हो। परमात्मा निर्गुण भए त त्यो मानस- प्रत्यक्ष पनि हुनेछैन। केवल भ्रान्ति अज्ञानको निवृत्ति मात्र नै हुनेछ।

वेदान्तको ज्ञानमा जुन साधन छ, त्यहाँ भावित वस्तुको प्रत्यक्षको नाम दर्शन होइन, किनभने त्यसमा त भावनाको संस्कार मिसिएको छ। सम्पूर्ण भावनाको संस्कारको निषेध गरेर, वृत्तिमात्रको निषेध गरेर, अर्थात् फलप्राप्तिको पनि निषेध गरेर आफ्नो स्वरूपको, परमात्मा जस्तो छ, त्यसै रूपमा हुने त्यसको साक्षात्कार हो तद्विषयक अविद्याको निवृत्ति। यस तद्विषयक अविद्याको निवर्तक जुन तत्त्वज्ञान छ, त्यो नै वृत्तिज्ञान हो। यो नै वेदान्तको साक्षात्कार साधन हो।

यो वृत्तिज्ञान फल होइन। अविद्यालाई निवृत्त गरी स्वयं यो पनि नष्ट हुन्छ। अतः वृत्तिज्ञानमा कहिल्यै फलरूपता हुँदैन। अविद्यानिवृत्ति हुन संपूर्ण अनर्थको निवृत्ति भई स्वतःसिद्ध परमानन्दरूप नित्यप्राप्त आफ्नो आत्मस्वरूप स्वतःसिद्ध स्वाभाविक अवस्थिति नै फल हो। जहाँ निवर्त्य - निवर्तकभाव सच्चा-यथार्थ हुन्छ, त्यहाँ कार्यवृत्तिद्वारा कारणभूत अज्ञानको निवृत्ति हुँदैन, घडाको कार्य हो। त्यसलाई फोर्नाले त्यसको कारणमृत्तिकाको निवृत्ति हुँदैन, किनभने यहाँ कार्य-कारणभाव वास्तविक थियो। तर अविद्यासित ज-जसको कार्य-कारणभाव छ, त्यो सबै मिथ्या हो। अविद्याबाट जुन वस्तु उत्पन्न हुन्छ, वास्तवमा त्यो उत्पन्न नै हुँदैन। त्यहाँ कार्य-कारणभाव केवल भ्रम हो। अतः वृत्तिज्ञान अविद्याको निवारणमा समर्थ छ, किनभने अविद्यासंग प्रपंचको कार्य-कारणभाव कल्पित छ। जहाँ कल्पित कार्य-कारणभाव हुन्छ; त्यहाँ कार्यको निवृत्तिबाट कारणरूप अज्ञानको निवृत्ति हुन्छ। यस प्रकार वृत्तिज्ञान नै साक्षात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधनको रूपमा वेदान्तमा स्वीकृत छ र अविद्याको निवृत्ति फल हो। वास्तवमा त आफ्नो स्वरूपमा साधन र फलभाव दुवै छैनन्। तत्त्वतः वृत्ति आवरण भंग गर्दैन, त्यसमा आरूढ चेतन नै गर्छ। महावाक्यजन्य ब्रह्माकार वृत्तिमा आरूढ चेतनले नै अविद्याको निवृत्ति गर्छ। वृत्ति पनि बाधित हुन्छ र चेतना मात्र शेष रहन्छ।

मल, विक्षेप र आवरण तथा तिनको निवृत्ति, साधन चतुष्टय (नित्यानित्य वस्तु विवेक, इहामुत्रफलभोगविराग, शमदमादिषट् संपत्ति र मुमुक्षुत्व)– जसको अन्तःकरणमा मल र विक्षेप त छैनन्, तर एकलो अज्ञान छ एवं त्यो चारै साधनले युक्त छ, त्यस्तो बुद्धिमान् मनुष्य वेदान्तको अधिकारी हुन्छ। अन्तःकरणमा तीन दोष हुन्छन्- मल, विक्षेप र आवरण निष्काम कर्मले अन्तः करणको मलदोष, उपासनाले विक्षेपदोष र ज्ञानले आवरणदोष हट्छन्। साधन चतुष्टय– १. नित्यानित्यवस्तु विवेक, २. इहामुत्र-फल-भोग-विराग, ३. शमदमादि षट् संपत्ति, ४. मुमुक्षुत्व।

विवेक–आत्मा अविनाशी र अचल (क्रियारहित) छ। जगत् आत्माको प्रतिकूल अर्थात् विनाशी र चल छ। यस्तो ज्ञानको नाम विवेक हो। एवं यो नै सबै साधनको मूल हो। पहिले विवेक होओस् अनि मात्र वैराग्यादि पछिका साधन संपन्न हुन्छन्। विवेक नभए त हुँदैनन्। वैराग्य शमादि षट् संपत्ति र मुमुक्षुताको मुलकारण विवेक नै हो। उत्तरोत्तर साधनप्रति पूर्व-पूर्व साधन निमित्त कारण हुन्। अनि शुद्ध अन्तःकरण सबैको उपादान कारण हो। ज्ञानको लागि पहिलो आवश्यकता ससद्द्विवेकको छ र उदय रागद्वेषरहित चित्तमा मात्र संभव छ।

आत्मा स्वरूपले नित्य छ र दृश्य (चराचर जगत्) अनित्य छ। यस प्रकारको जुन सम्यक् निश्चिय हो त्यो नै वस्तुको विवेक हो। हाम्रो 'म' यो - (इदम्)- संग मिसिएको हुन्छ। जुन 'यो' प्रतीति हुन्छ, 'म' होइन।। दृश्य त्यो हो, जो 'यो' को रूपमा प्रतीत हुन्छ, जे प्रतीत हुन्छ, त्यो जड हो। जसलाई प्रतीत हुन्छ त्यो चेतन हो। आत्मस्वरूप 'म' त्यो हुँ जसलाई यो प्रतीत हुन्छ। आत्मस्वरूप 'म' नित्य हुँ दृश्य 'यो' अनित्य छ। जो दृश्य छ, त्यो अनात्मा हो र म (द्रष्टा) आत्मा हुँ। अतः आत्मा शरीरभन्दा पृथक् छ, यो नै विवेक हो। आफूलाई देह ठान्नु चाहि अविवेक हो।

हामीले किंचित् अन्तर्मुख भएर विचार गर्‍यौं भने प्रतीत हुनेछ– आत्मामा, प्रभुमा कुनै दोष छैन, मलिनता छैन, विकार छैन। उहाँमा त सर्वथा विशुद्ध एकरस ज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं आनन्द भरिएको छ। यो जगत् प्रभुमय छ र हामी पनि उनै चिदानन्दमय प्रभुका एक अंश हौं। उहाँकै शक्तिले शक्तिशाली बनी हामी यहाँ निरन्तर खेलिरहेका छौं। हाम्रो एकमात्र कर्तव्य हो विश्वसूत्रधार प्रभुद्वारा सुझिपएको अभियानलाई उहाँकै शक्तिको बलमा ठीक-टीक सुचारु रूपले पूरा गरौं।

यो सर्वथा सत्य हो कि यो पुरुष काममय छ, जस्तो कामनाले युक्त हुन्छ, त्यस्तै निश्चयले युक्त हुन्छ, जस्तो निश्चयले युक्त हुन्छ, त्यस्तै कर्म गर्छ, जस्तो कर्म गर्छ, उस्तै फल प्राप्त हुन्छ। अतः सबभन्दा पहिले हाम्रो प्रयास के हुनुपर्छ भने हामीलाई सर्वत्र प्रभु आत्मदेवको नै साक्षात्कार होस्रोस्, हाम्रो चित्तमा यो इच्छा होस्रोस्। यो इच्छा यस्तो होस्रोस् कि यसभित्र समस्त इच्छाहरू विलीन भइजाऊन्। वास्तवमा इच्छा पैदा हुन र बढ्नमा वातावरण नै प्रधान छ। जुन वातावरणमा मनुष्य रहन्छ, त्यसबाट प्रभावित हुन्छ नै।

आज हाम्रो प्रत्येक चेष्टा, प्रत्येक कर्म उद्देश्य भिन्न-भिन्न हुन्छ, अनि सारा चेष्टा, समस्त कर्म एक उद्देश्यमा विलीन हुन थाल्छन्, हामीद्वारा सबैथोक प्रभुकै उद्देश्यले हुन थाल्छन्। प्रभुलाई यथावत् जान्ने, उहाँलाई व्यवधानरहित भएर पाउने लालसा हामीभित्र बलियो हुँदै जानेछ। अनि हामी र प्रभुको बीचमा जुन आवरण छ, त्यो हट्न थाल्नेछ। जसरी मेघ सूर्यबाटै उत्पन्न हुन्छ, सूर्यबाटै प्रकाशित हुन्छ, अनि सूर्यकै अंशभूत हाम्रा आँखाको लागि आवरण बन्छ र त्यो मेघ बीचमा आउनाले हाम्रा नेत्र आफ्ना अंशी सूर्यलाई देख्न पाउँदैनन्, त्यसरी नै यो अहम् त वास्तवमा प्रभुकै एक गुणमात्र– विवर्तमात्र हो। उहाँकै सत्ताबाट यो प्रकाशित पनि हुन्छ। तैपनि प्रभुकै अंशभूत आत्माको लागि हाम्रो लागि यो बन्धन बन्न, आवरण बन्न पुगेको छ। अहं बीचमा आउनाले नै प्रभुलाई देख्न पाइरहेका छैनौं। यो नष्ट हुनासाथ हामीलाई प्रभुको साक्षात्कार हुनेछ।

हाम्रो जुन निश्चय यहाँ छ, हामी जगत्‌लाई अहिले जुन रूपमा देखिराखेका छौं, त्यसै अनुरूप मृत्युपछि पनि देख्ने छौं। अतः बुद्धिमानी यसैमा छ कि, अहिल्यैदेखि हामी जगत्सम्बन्धी आफ्नो निश्चयलाई बदलौं, विषमता हटाएर परम शुभ निश्चयलाई नै आफूभित्र स्थान देऔं। यो सबै जगत् निःसन्देह प्रभुको नै हो, प्रभुबाटै उत्पन्न हुन्छ, उहाँमै विलीन हुन्छ, उहाँमै चेष्टा गर्छ। यस्तो निश्चय गरेर मनुष्यले शान्त भावले उपासना गरोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार निश्चय गर्नको लागि खूब पढे-लेखेको अथवा अमुक वर्ण-जातिको हुनुपर्छ भन्ने छैन। यसको लागि त पहिलो कुरो— जगत्‌का रूपमा सर्वत्र प्रभु नै प्रभु भरिपूर्ण हुनुहुन्छ, उहाँ बाहेक अर्को कुनै चीज छैन भन्ने विश्वास हुनुपर्‍यो। अर्को कुरा के भने हामीले यस भावको आवृत्ति बारंबार आदरपूर्वक बढी भन्दा बढी गर्दै जानुपर्‍यो। लगनपूर्वक प्रयत्न जारी रहेमा इन्द्रियहरूलाई पनि यस सत्यको अनुभूति हुन बेर लाग्दैन। आज त समष्टिको नै प्रवृत्ति प्रायः प्रभुलाई बिर्सने वा नटेर्ने बनिसकेको छ। हामी अधिकांश यस्ता बनिसकेका छौं— आनन्द-स्वरूप प्रभुलाई बिर्सेर सुख पाउने लालसाले दिन-रात जागतिक विषयहरूका जो अनित्य र दुःखमय छन्, पछिपछि दौडिरहेका छौं। यसबाट सुख त कदापि मिल्दैन, पाइला-पाइलामा दुःख पाइन्छ।

हाम्रो उपासना र ज्ञान तब मात्र सच्चा ठहरिने छन्, जब यसमा शारीरिक क्रियाविशेषको होइन कि मनको संयोग हुन लाग्छ। प्रभुका सामुन्ने घुँडा टेकी, हात जोडी वा कुनै आसनविशेषमा बसेर प्रार्थना गर्ने मुद्रा अति सुन्दर हुन्छ, तर हाम्रो प्रार्थना साँचो उसवेला हुन्छ, जुनवेला हाम्रो मन सबैतिरबाट समेटिएर प्रभुमा नै केन्द्रित हुन थाल्छ।

मनको स्वरूप— निरन्तर प्रभुको नै चिन्तन वा ब्रह्माकार वृत्ति हुँदा त मनलाई सम्हाल्ने प्रश्न स्वतः समाप्त भइहाल्छ, किन्तु जबसम्म मन क्षणभरको लागि पनि विषयाकार हुन्छ, तबसम्म सावधान हुनु आवश्यक छ। हामीमा भोगको कामना हुन्छ, हामी संकल्प गर्छौं, हामीलाई अमुक वस्तु छ-छैन भन्ने सन्देह पनि हुन्छ, अथवा कुनै अप्रत्यक्ष वस्तुप्रति हाम्रो मनमा अविश्वास पनि हुन्छ, हामीमा धृतिको वृत्ति रहन्छ यसको विपरीत व्याकुलताको भाव पनि रहन्छ, विविध परिस्थितिमा लज्जाको वृत्ति जाग्छ, निश्चय गर्ने वृत्ति-बुद्धि पनि हामीमा छ, अनि भय पनि हामीमा हुन्छ। यी सबै रूपमा हाम्रो मन नै व्यक्त भइरहेको छ।

हामीलाई भोगको कामना हुन्छ किन ? यसैले कि हामीलाई तिनबाट सुख पाइने संभावना देखिन्छ। तब हामी त्यस वस्तुको कामना गरौं, जुन समस्त सुखको केन्द्र छ। त्यो वस्तु त एकमात्र प्रभु आत्मदेव नै हो। उहाँको नै आनन्दको किंचित् अंश लिएर विश्वका अनन्त प्राणी जीवन-धारणा गर्छन्—

एतस्यैवाऽनन्दस्याऽन्यानि भूतानि मात्रामुपजीवन्ति

—वृहदारण्यकोपनिषत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामी यदि प्रभुलाई नै चाहन लाग्छौं, हामीलाई त एकमात्र प्रभु भेट्टिनुपर्छ, उहाँ बाहेक हामीलाई अरू केही चाहिंदैन भन्ने कामनाले नै जगत्का अन्य समस्त कामना-हरूलाई तत्परतापूर्वक सम्पुटित गर्दै जान्छौं भने त मनलाई धुने कार्यको आरम्भ भयो, त्यसको काम- (वासना) - रूपको सफाइ हुन थाल्यो र विषयाकारबाट त्यो प्रभुको आकारमा परिणत हुन थाल्यो भन्ने मान्नुपर्छ ।

संकल्प-प्रवाहलाई पनि हामी प्रभुतर्फ लगाऔं अथवा यसको स्रोत नै बन्द गरिदेऔं । यसको लागि उपाय बडो सरल छ । जतिसुकै स्फुरणहरू उठून्, तिनलाई हामी प्रभुमा समर्पित गर्दै जाऔं, अथवा हामी स्फुरणहरूको द्रष्टा बनौं, अनि त निश्चय नै स्फुरणहरूको वेग शान्त हुन थाल्नेछ, क्रमशः सर्वथा शान्त हुनेछ ।

सन्देहको रूपमा पनि हाम्रो मन नै छ । यसलाई नष्ट गर्ने सर्वोत्तम साधन के हो भने जसको हृदयमा प्रभुको आलोकले आलोकित भइरहेको छ, यस्ता कुनै सन्त-महापुरुषको सरल भावको आश्रय ग्रहण गरौं, उनकै संगतमा रहन थालौं । उनको संगतले हाम्रो सन्देह निवृत्ति भएरै छाड्ने छ र त्यसपछि प्रभुको अनुभूति हुन थालिहाल्छ।

अश्रद्धा (अविश्वास) को प्रश्न केही टेढो छ । प्रभुको सत्तामा हाम्रो विश्वास हुँदैन भने हाम्रो लागि सर्वत्र अन्धकारै अन्धकार छ । यसको औषधि पनि मुख्यतया एउटै छ, त्यो हो– प्रभुको परम मंगलमय अचिन्त्य विधानबाट आएको भीषण दुःखको थप्पड । यसको चोट खाएपछि मात्र हामी निश्चय गर्न सक्छौं– प्रभु हुनुहुन्छ र जीवनको उद्देश्य जगत्को नश्वर भोग होइन, एकमात्र प्रभुको प्राप्ति हो ।

धृतिको रूपमा व्यक्त हुने मनलाई पनि सह्माल्ने आवश्यकता पर्छ । हाम्रो धृति सात्त्विक छ कि, राजस वा तामस– राम्ररी विचार गरौं । हाम्रो धृति एकमात्र प्रभुप्राप्तिलाई लक्ष्य बनाएर नै हामीमा जागरूक छ भने त्यो सात्त्विक धृति हो । जागतिक वैभव एवं तिनबाट प्राप्त हुने सुखलाई लिएर छ भने त्यो राजस हो । कहीं निद्रा, तन्द्रा, शोक, विषाद, गर्व आदि तामसिक भावहरूलाई दृढतापूर्वक पक्रिरहन कारण बन्दछ भने निश्चय नै त्यो तामस धृति हो । हामीले राजस, तामस धृतिलाई छाडेर सात्त्विक धृतिको आश्रय लिनुपर्छ, जसले हामीलाई प्रभुको द्वारसम्म लैजान्छ ।

जागतिक वस्तुहरूलाई पाउन हामीमा कैयौं अवसरमा अतिव्याकुलता हुन्छ । व्याकुलताबाट हामी वरण गरौं त प्रभुकै लागि गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब हाम्रो भूल कसैले देख्छ, हाम्रो पाप प्रकट हुन्छ अनि हामीलाई लाज लाग्छ। लज्जा हुनुपर्छ पाप गर्दा, गरेको पाप लुकाउँदा। यस्तो लज्जा शीघ्रातिशीघ्र प्रभुलाई आकर्षित गर्न सक्छ।

बुद्धि पनि सात्त्विक, राजस, तामस हुन्छ। यो प्रभुसँग मिलन गराउने प्रवृत्तिमय मार्ग हो वा निवृत्ति मार्ग हो, यो हाम्रो कर्तव्य हो यो अकर्तव्य हो, हाम्रो लागि भयको कारण के हो ? हामीलाई अभयपदको प्राप्ति कुन-कुन उपायबाट हुन सक्छ ? हामी संसारसित किन बाँधिएका छौं ? यसबाट कसरी मुक्ति पाइन्छ ? – यी सबै कुरालाई जुन बुद्धि ठीक ठीक जान्दछ, त्यो सात्त्विक हो। धर्म, अधर्म, कर्तव्य, अकर्तव्यलाई यथार्थ रूपमा बुझ्न नसक्ने बुद्धि राजस हो। जुन बुद्धि सबै थोक विपरीत भावले ग्रहण गर्छ त्यो तामस हो। अतः हामीले राजस, तामस बुद्धिको परित्याग गरेर, सात्त्विक बुद्धिले एकछिन पनि नछाडोस् भनी सतत प्रयास गर्नुपर्छ।

भय पनि हामीलाई अनेक निमित्तबाट हुन्छ, तर यो हो सर्वथा मिथ्या। जब सर्वत्र एकमात्र आत्मस्वरूप प्रभु नै सदा विराजमान हुनुहुन्छ, तब भय केको ? अतः यस परम सत्यलाई स्वीकार गरेर हामी भयको वृत्तिलाई सदाको लागि पन्छाइदिऔं। भय नै मान्नु छ भने यस परम सत्यको विस्मृति नहोओस्, क्षणभरको लागि पनि सर्वत्र पूर्ण एकमात्र प्रभुलाई छाडेर कुनै पनि ठाउँमा जगत्लाई नदेखौं भन्ने भय मानौं।

सारांश के हो भने काम, संकल्प आदि भावहरूको रूपमा हाम्रो मन नै व्यक्त हुन्छ। ती-ती अवसरहरूमा सावधान रहेर हामी मनलाई सम्हालिराखौं किनकि मनको स्थितिमा नै हाम्रो स्थिति निर्भर छ। यस मनलाई जगदाकारबाट भगवदाकार बनाउनु मात्र पर्छ, अनि त सर्वत्र आत्मा नै छ भन्ने अनुभूति हुन थाल्नेछ।

साधन-चतुष्टयको अर्को साधन हो वैराग्य। ब्रह्मादेखि तृणसम्मका विषयमा वैराग्य हुनुपर्छ। जसरी हेय बुद्धि काकविष्टामा हुन्छ, त्यसरी नै समस्त विषयमा हुने हो भने त्यो वैराग्य निर्मल हुन्छ।

वैराग्यको अर्थ घृणा होइन, द्वेष पनि वैराग्य होइन। घृणामा वस्तु निकृष्ट ठानिन्छ। द्वेष छ भने चित्तमा जलन हुन्छ। कुनै वस्तुमा पनि आसक्त नहोऔं, जसको फलस्वरूप हामी ईश्वर र आफ्नो आत्मालाई पनि बिर्सिदेऔं, यसैको नाउँ वैराग्य हो। आफ्नो दृष्टि संसारबाट हटाएर परमात्मामा लगाउनुको नाम वैराग्य हो। विषयको राग वा द्वेष नै अन्तःकरणको मल हो। वैराग्यले अन्तःकरणलाई निर्मल बनाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैराग्यको प्राप्ति विवेकको अधीन छ र विवेक अर्थात् यथार्थ निर्णयको लागि राग-द्वेषरहित अन्तःकरण अपेक्षित छ ।

वैराग्यका चार भेद बताइएका छन्– १. यतमानसंज्ञक २. व्यतिरेकसंज्ञक ३. एकेन्द्रियसंज्ञक र ४. वशीकारसंज्ञक ।

यतमानसंज्ञक वैराग्यको प्राथमिक अवस्था हो, जसमा विषयत्यागको शक्ति त हुँदैन तर विषयप्रति सम्मानेच्छा रहँदैन । व्यतिरेकसंज्ञक वैराग्यमा विषय-त्यागको सामर्थ्य त आउँछ, तर त्याग गरिएका विषयको राग मनबाट जाँदैन । एकेन्द्रिय-संज्ञक वैराग्यमा विषयको सेवन केवल वाह्य इन्द्रियद्वारा हुन्छ, मनमा त्यसको राग बिलकुल रहँदैन । वशीकारसंज्ञक वैराग्यमा रागको सर्वथा निवृत्ति हुन्छ । त्यसमा पनि मन्द, तीव्र र तीव्रतर तीन-तीन किसिमका वैराग्य छन् । अतः मुमुक्षुले अतिप्रयत्नसाथ तीव्रतर वैराग्यको संपादन गर्नुपर्छ ।

वैराग्य-प्राप्तिको उपाय मुख्यतः विषय-दोष-दर्शन हो । यस विषयमा वार्तिककारको भनाइ छ–

क्षयान्ता निचयाः सर्वे पतनान्ता समुच्छ्रयाः ।
संयोगा विप्रयोगान्ता मरणान्तं च जीवितम् ॥

भगवान्ले श्रीमद्भगवद्गीतामा पनि भन्नुभएको छ–

इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥

योगदर्शनमा सूत्र छ– **परिणामतापसंस्कारदुःखैर्गुण– वृत्तिविरोधाच्च दुःखमेव सर्वं विवेकिनः** (२।१५) परिणाम-दुःख, तापदुःख, संस्कारदुःख तथा दुःखले मिश्रित हुनु र गुणवृत्ति-विरोध हुनाले पनि विवेकी पुरुषको दृष्टिमा समस्त विषय सदा दुःखरूप नै छन् ।

परिणाम-दुःखता– जुन सुख आरंभमा सुख रूप प्रतीत भए पनि परिणाममा महद् दुःखरूप हुन्छ, त्यो सुख परिणाम-दुःखता भनिन्छ । जसरी रोगीको लागि आरम्भमा जिब्रोलाई स्वाद लाग्ने कुपथ्य वैद्यले मनाही गर्दा पनि इन्द्रियाशक्त रोगी आपात-सुख-कर पदार्थ स्वादवश खाएर आखिरमा दुःख उठाउँछ र रुन्छ-कराउँछ, त्यसरी नै विषय-सुख शुरूमा रमणीय र सुखरूप प्रतीत हुन्छ तापनि परिणाममा महद् दुःखकर हुन्छ। भगवान् भन्नुहुन्छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयेन्द्रियसंयोगाद् यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥

जुन सुख विषय र इन्द्रियको संयोगबाट हुन्छ, त्यो यद्यपि भोगकालमा अमृतसमान भान हुन्छ, परन्तु परिणाममा त्यो बल, वीर्य, बुद्धि, धन, उत्साह र परलोकको नाशक हुनाले विष बराबर हुन्छ, त्यसैले त्यो सुख राजस हो । यही हो विषय-सुखको परिणाम । यस लोक र परलोकका सबै विषयसुख परिणाम-दुःखताले युक्त छन् ।

तापदुःखता– पुत्र, स्त्री, स्वामी, धन-धान्यादि संपूर्ण पदार्थ हरबखत दुःख दिन्छन्, पिरोलिरहन्छन् । कुनै पनि विषयमा आफूभन्दा अरू अधिक बढेको देख्दा आफ्नो अल्प सुखले गर्दा उसको हृदयमा अतीव जलन पैदा हुन्छ । विषयको प्राप्ति, तिनको संरक्षण र नाशमा पनि सधैं जलन भइरहन्छ । श्रीमद्भागवतमा भनिएको छ–

अर्थस्य साधने सिद्ध उत्कर्षे रक्षणे व्यये ।
नाशोपभोग आयासस्त्रासश्चिन्ता भ्रमो नृणाम् ॥

धन कमाउँदा कैयौं प्रकारका सन्ताप हुन्छन् । कमाइसकेपछि त्यसको संरक्षणमा सन्ताप, कतै नफसोस् भन्ने चिन्तानलमा सदैव पिल्सिरहनुपर्छ । यसैले त्यसलाई धिक्कारिएको हो । यस्तै हालत पुत्र, मान-सम्मान आदिको छ । सबैमा प्राप्तिको इच्छादेखि लिएर वियोगसम्म सन्ताप भइरहन्छ । यस्तो कुनै विषयसुख छैन जो सन्तापदायक नहोस् ।

संस्कार-दुःखता– आज स्त्री-स्वामी पुत्र-परिवार, धन-मानादि जुन विषय प्राप्त छन्, तिनका संस्कार हृदयमा अंकित भइराखेका छन्, यसैले तिनीहरू समाप्त भएपछि संस्कारहरूले गर्दा ती वस्तुहरूको अभाव महान् दुःखदायी हुन्छ । अभावको प्रतीतिमा दुःख भरिएको हुन्छ । यो नै संस्कार-दुःखता हो ।

गुणवृत्तिहरूको विरोधबाट हुने दुःख–कुनै मानिसलाई केही झुटो बोल्नाले वा छल-कपट अथवा विश्वासघात गर्नाले दश हजार रूपैयाँ मिल्ने संभावना प्रतीत हुन्छ । त्यसबेला उसको सात्त्विक वृत्तिले भन्छ– पापद्वारा आउने रूपैयाँ चाहिँदैन, पाप गर्नु ठीक होइन । अर्कोतिर लोभमूलक राजस वृत्ति भन्छ– के पो होला ! एकपटक झूठ बोल्नुमा आपत्ति के छ र! एकचोटि यसरी धन कमाएर दारिद्र्य मेटिहालूँ, भविष्यमा यसो नगरूँला । यसरी सात्त्विक र राजस वृत्तिमा महान् युद्ध मच्चिन्छ र चित्त अत्यन्त व्याकुल तथा किंकर्तव्यविमूढ हुन पुग्छ । यसै गरी राजसी र तामसी वृत्तिहरूको झगडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । यसरी पुनः पुनः विचार गर्ने र साधन भजन आदिमा मन लगाउने गर्नाले वैराग्य-भावको प्राप्ति हुन्छ । जसरी मैलो दर्पणलाई पुछेपछि त्यसमा उज्ज्वलता आउँछ र मुखको प्रतिविम्ब स्पष्ट देखा पर्छ, त्यसरी नै परमात्माको ध्यान-भजनरूप प्रछाइबाट अन्तः-करणको मल हट्छ र सुखरूप आत्माको प्रतिविम्व देखिन थाल्छ ।

त्यसैले त श्रीमद्भगवद्गीतामा भनिएको छ—

अश्वत्थमेनं सुविरूढमूलमसंगशस्त्रेण दृढेन छित्वा

षट् सम्पत्ति (शम, दम, श्रद्धा, समाधान, उपराम र तितिक्षा)

साधन—चतुष्टय अन्तर्गत तेस्रो साधन शम—दमादि षट् सम्पत्ति हो । शम, दम, श्रद्धा, समाधान, उपराम र तितिक्षा—यी ६ लाई षट्सम्पत्ति नामक एकै नामले बताइएको छ । शम—दमको विषयमा भनिएको छ ।—

सदैव वासनात्यागः शमोऽयमिति शब्दितः ।
निग्रहो वाह्यवृत्तीनां दम इत्यभिधीयते ॥

सदैव वासनाको त्याग गरिरहनु शम भनिन्छ । अनि बाहिरी वृत्तिहरूको दमनको नाउँ दम हो । मनमा कामादिलाई आउन नदिनु शम हो । मनुष्यमा मानसिक वृत्तिलाई सहन गर्ने शक्ति हुनुपर्छ । मानसिक वृत्तिहरूको शरीरमा तथा वातादि-धातुनिर्मित शरीरका वृत्तिहरूमा परस्पर प्रभाव परिरहन्छ । वातप्रकृति व्यक्तिलाई काम, पित्तप्रकृति व्यक्तिलाई क्रोध र कफप्रकृति पुरुषलाई लोभ ज्यादा हुन्छ । जसको मन रोगी छ, त्यो के योगी होला ! अतः वासनात्याग अत्यावश्यक छ। निरन्तर चिन्तन गर— तिमी आनन्दस्वरूप छौ । तिम्रो जीवनमा त्यो रस, सौन्दर्य र माधुर्य छ, जममा कसैको पनि अनिष्ट छँदैछैन । तिमी त्यो ज्ञान प्रकाशस्वरूप हौ , जसमा अन्धकार छँदैछैन । अतः तिम्रो कारणले न कोही ठगिन्छ, न तिमी कसैबाट ठगिन सक्छौ । तिमीमा त ज्ञान नै ज्ञान छ ।

तिमी अमृत हौ । तिमी न त स्वयं मर्छौ, न त अरूलाई मार्छौ । अरू पनि तिमीबाट अमृतत्व नै प्राप्न गर्छन् । तिमी यस्ता रस हौ, जो कहिल्यै फिक्का हुँदैन । तिमी यस्ता रूप, रस, गन्ध, स्पर्श शब्द हौ, जसबाट कहिल्यै मन अघाउँदैन । तिमी यस्ता स्वर हौ, जो कहिल्यै रूखो-हुँदैन । तिमी वासनाका वशवर्ती भएर दौड - धूप गर्छौ भने आफूलाई दरिद्र बनाउँछौ । यो नै आफूभित्र बसेको ईश्वरको तिरस्कार हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूमा अभावको भ्रान्ति नै विपरीत बोध हो। शान्ति त तिम्रो स्वरूप नै हो। तर अनियन्त्रित वासनाले तिमीलाई दीन-हीन बनाइरहेको छ। जसको हृदयमा कम वासना हुन्छ, त्यति नै बढी शान्ति मिल्छ। धेरै धन हुनाले वा धेरै पढ्नाले वासना हराउँदैन। दुःखको कारण ईश्वर, प्रकृति वा मायाद्वारा रचिएको होइन, त्यसको सृजना त तिम्रो वासना नै गर्छ। दुःख जीवनको सृष्टि हो। ममताबाटै दुःख उत्पन्न हुन्छ। केवल पाँच मिनेट मात्र वासना त्याग गरेर हेर तिमीलाई कति शान्ति प्राप्त हुन्छ। यसबाट शक्ति र विवेक आउँछ। मनलाई रोक्ने शक्ति प्रज्ञाशक्ति, निरोधशक्ति-यी सबै शान्तिबाटै उत्पन्न हुन्छन्। वासना त्याग, शान्ति, धर्माचरण आदि नै पालनीय धर्म हुन्। जसलाई वासनापूर्तिमा रस आउँछ, उ संसारतर्फ बढिरहेको छ! वासना-निवृत्तिमा रस आउँछ भने त्यो ईश्वरतर्फ गइरहेको छ।

वासना-निवृत्ति दुइ प्रकारको हुन्छ –निरालम्ब र सालम्व। निरालम्ब वासना-निवृत्तिको लागि आफ्नो बुद्धि भगवान्मा लगाउनुपर्छ। बुद्धिको निष्ठा भगवान्मा हुनु शम हो। वासनात्यागको प्रधान मार्ग हो –ईश्वरमा बुद्धिको निष्ठा। दोस्रो गौण मार्ग हो – संसारका विषयहरूमा महत्त्वबुद्धिको त्याग।

सृष्टिको आरंभमा एक पटक देवता, दैत्य र मनुष्य तीनैका प्रतिनिधि ब्रह्मलोक गए। तिनीहरूले ब्रह्माजीसँग प्रार्थना गरे – हामीलाई कर्तव्यको उपदेश दिनुहोस्। ब्रह्माजीले भन्नुभयो– द, द, द। तीनै थरी सन्तुष्ट भए। अनि ब्रह्माजीले देवताहरूसँग सोध्नुभयो– तिमीहरूले मेरो कुरा बुझ्यौ? देवताले भने– बुझ्यौं भगवन्। ब्रह्माजीले फेरि सोध्नुभयो –के बुझ्यौं? देवताहरूले भने– 'हामी ज्यादै भोग–परायण छौं। त्यसैले तपाईंले भन्नुभयो– दमन गर अर्थात् इन्द्रियहरूको दमन गर।' ब्रह्माजीले भन्नुभयो– 'तिमीहरूले मेरो कुरा राम्ररी बुझ्यौ। त्यस्तै दैत्यहरूले ब्रह्माजीको उपदेशबाट दया गर भन्ने बुझे, मनुष्यहरूले दान गर' भन्ने बुझे। उपदेश थियो, किन्तु तीनैले आआफ्नो अधिकार एवं भाव अनुसार त्यसको अर्थ ग्रहण गरे। यस दमन, दया र दानको उपदेशले प्रधानतः वासनात्यागको नै उद्देश्य प्रकट हुन्छ। यो नै शम हो। दमको अर्थ हो दबाउनु। इन्द्रियहरूको कुनै स्वभाव बनाएर त्यसमा नफस। जुन स्वभाव बनाउँछौ, त्यो नै तिम्रो कष्टको कारण बन्नेछ; अतः इन्द्रियहरूलाई आफ्नो वशमा राख। वाह्य वृत्तिहरूलाई नियन्त्रित राख्नु नै दम हो।

उपरति र तितिक्षा – विषयबाट वृत्तिको पराङ्मुखता परम उपरति हो अनि संपूर्ण सुख-दुःख सहनु शुभ तितिक्षा हो। वैराग्यसित उपरामता र ध्यानको अविच्छिन्न संबन्ध छ। वैराग्यले उपरामता र परमात्माको ध्यान स्वतः हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैराग्यवान् पुरुषको दर्शनमात्रले वैराग्य पैदा हुन्छ । सच्चा वैराग्यवान् पुरुषको प्रवचनबाट वेश्यासम्मलाई पनि वैराग्य उत्पन्न हुन्छ । यवन भक्त हरिदासका क्रियाहरूबाट वेश्या पनि आफ्नो वेश्यावृत्ति छाडेर संसारबाट विरक्त भई हरिनाम परायण हुन गई । सच्चा वैराग्यवान् पुरुष कामीभन्दा कामी पुरुषमा पनि वैराग्यको ज्वाला उत्पन्न गरिदिन्छन् । योगदर्शनमा एक सूत्र छ– **वीतरागविषयं वा चित्तम्**– वीतराग पुरुषहरूलाई विषय बनाउने (स्मरण गराउने) चित्त समाधिस्थ हुन्छ अर्थात् वीतराग पुरुषको ध्यान गर्नाले चित्तका वृत्तिहरूको निरोध हुन्छ । श्रीशुकदेवजी, जड भरतजी, ऋषभदेवजी जस्ता पुरुषहरू, जसमा उच्च कोटिको वैराग्य र उपरामता थियो, तिनीहरूको ध्यान गर्नुपर्छ ।

साधारणतः उपरामताका दुइ भेद छन् – (१) भित्री र (२) बाहिरी । दुवै श्रेष्ठ छन्, तर आत्माको वास्तविक कल्याणको लागि भित्रीकै बढी महत्त्व छ । राजा जनकमा बाहिरी उपरामता थिएन, केवल भित्री मात्र थियो; किन्तु शुकदेवजीमा दुवै उपरामता थिए– बाहिरी र भित्री पनि ।

श्रद्धा र समाधान – हामी श्रद्धाशील बनेर ज्ञानार्जन गरौं । यो श्रद्धा जीवनको नैतिक मूल्यप्रति, आध्यात्मिक पक्षप्रति हुनुपर्छ । श्रीमद्भगवद्गीतामा पनि भगवान्ले भन्नुभएको छ– **श्रद्धावाँल्लभते ज्ञानम्** ।

निगमाचार्यवाक्येषु भक्तिः श्रद्धेति विश्रुता ॥
चित्तैकाग्र्यं तु तल्लक्ष्ये समाधानमिति स्मृतम् ।

वेदशास्त्र तथा आचार्यका वाक्यहरूमा भक्ति नै श्रद्धा नामले प्रसिद्ध छ । त्यस लक्ष्यमा चित्तको एकाग्रता समाधान कहिएको छ । जहाँ बाटामा सन्देह हुन्छ, भेटिएकाहरूसँग बाटो सोध्छन् । यसै गरी जसको मनमा ईश्वरप्राप्तिको इच्छा छ, उ अहंकारको वशमा पर्दैन, केवल आफ्नै बुद्धिमा मात्र निर्भर रहँदैन । जो बुद्धिभन्दा टाढा छ, बुद्धिको द्रष्टा छ, उसलाई बुद्धि जान्न सक्तैन । तिमी भलै वेदको वा शङ्कराचार्यको नाम नलेऊ, किन्तु जसले तिमीलाई यसो गर्न सिकाउँछ, त्यसको नाम रट्न थाल्नेछौ । निगम त्यस तत्त्वलाई प्रतिपादन गर्ने एक संविधान हो र जसले त्यस वस्तुलाई हाम्रो जीवनमा प्रतिष्ठित गराउँछ, उसको नाउँ हो– आचार्य यस निगम र आचार्यप्रतिको भक्ति श्रद्धा भनिन्छ ।

चित्तैकाग्र्यं तु तल्लक्ष्ये समाधानमिति, स्मृतम् । लक्ष्यमा चित्तको एकाग्रता हुनुपर्छ । एक मनुष्यले स्टेसनमा गई टिकट बेच्नेको समक्ष रूपियाँ राखेर भन्यो-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'टिकट दिनुहोस्' । टिकट-- विक्रेताले सोध्यो –कहाँ जाने टिकट दिउँ? उसले भन्यो--जहाँको दिने मन छ, उहाको दिनुहोस् ।' अब त्यसलाई कहाँको टिकट दिने । यसैलाई भन्छन् लक्ष्यहीनता ।

सर्वप्रथम आफ्नो लक्ष्यलाई चिन । तिम्रो लक्ष्य त परम सत्य हो । अचिन्तन–चिन्तनम् यस लक्ष्यको लागि अचिन्तन नै चिन्तन हो । त्यसको विषयमा चित्तको एकाग्रताको अर्थ हो चित्त निर्विषय हुनु । देश, काल, वस्तु केही पनि नसोच, यो नै ब्रह्मचिन्तन हो । जब तिमी देख्छौ--परमात्मा सिवाय कुनै वस्तु छैन, इच्छामा पनि उही छ र अनिच्छामा पनि उही छ, अनि तिमीलाई शान्ति प्राप्त हुनेछ । अवस्था-- विशेषको नाम परमार्थ होइन । पीठको मेरुदण्ड सीधा पारेर, आँखा स्थिर गरेर, मनलाई एकाग्र बनाएर चित्तवृत्तिहरूको निरोध गर, अनि परमार्थ सिद्ध हुनेछ । यिनै साधन हुन् त्यस परमार्थ-सिद्धिका । आफ्नो चित्तलाई एकाग्र गर । एकाग्र अर्थात् टुप्पो भएको, तीखो वाण झैं लक्ष्यवेध गर्ने चित्त बनाऊ । यस्तो एकाग्रतासाथ गरिएको लक्ष्यवेधलाई समाधान भन्छन् ।

शम-दमादि एक अर्काका सहायक हुनाले सबै मिलाएर एक साधन मानिएको छ ।

मुमुक्षा– संसारको बन्धनबाट मेरो छुट्कारा कसरी होला, कहिले हुन्छ? भन्ने जुन सुदृढ इच्छा हुन्छ, त्यो नै मुमुक्षा हो । साँचो मुमुक्षा उसैको हृयमा हुन्छ जो संसारलाई बन्धनरूप, दुःखरूप, मृत्युरूप मान्दछ, संसारकामीमा मुमुक्षा हुँदैन, उ त मोक्ष अर्थात् छुट्काराबाट झन डराउँछ बन्धनलाई दृढ बनाइराख्न चाहन्छ, छाड्न चाहँदैन । **आश्चर्यं मोक्षकामस्य मोक्षादेव विभीषिका** । आश्चर्य छ, मोक्ष चाहनेलाई मोक्षबाट छुट्काराबाट नै डर लाग्छ । तिमी यदि अनन्त स्वातन्त्र्य चाहन्छौ भने अर्थ, धर्म, कामसंग निरपेक्ष रही त्यस स्वतन्त्र प्राप्तिका जुन साधन छन्, तिनलाई अँगाल्नुपर्छ ।

यी अहिलेसम्म बताइएका चारै साधन–विवेक, वैराग्य, शमादि षटसम्पत्ति तथा मुमुक्षा–यी वहिरङ्ग साधन हुन् । वहिरङ्ग साधन नहुँदा हुन् त अन्तरंग साधनको कुनै अर्थ हुँदैन । यी साधनबाट अन्तस्करण शुद्ध हुन्छ । जुन साधन निद्रामा तिम्रो साथ दिँदैन, त्यसले प्रलय र मृत्युमा पनि तिमीलाई साथ दिँदैन । मनको कुनै स्थिति निद्रामा रहँदैन, यसैले मनद्वारा बनाइएको कुनै स्थिति मृत्यु अथवा प्रलयमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टिक्न पाउँदैन । अतः जुन नित्यसिद्ध स्वरूप छ, त्यसको ज्ञानको लागि नै प्रयत्न गर्नु आवश्यक छ ।

उक्तसाधनयुक्तेन विचारः पुरुषेण हि ।
कर्तव्यो ज्ञानसिद्ध्यर्थमात्मनः शुभमिच्छता ।।

आफ्नो कल्याण चाहने पुरुषले माथि बताइएका साधनहरूले संपन्न भएर ज्ञानसिद्धिको लागि निश्चय नै विचार गर्नुपर्छ । आफ्नो स्वरूपको ज्ञान नै परम कल्याण हो । जति पनि दुःख छन्, सबै आविद्यक हुन् । अविद्याबाट नै संसारमा बन्धनको भ्रान्ति हुन्छ । भ्रान्तिको निवारण ज्ञानद्वारा हुन्छ । अतः ज्ञानको सिद्धिको लागि विचार गर्नुपर्छ । स्मरणीय छ– राजस तामस बुद्धिमा विचार पनि राजस–तामस नै आउँछन्, त्यसैले पहिले बुद्धिलाई विवेक, वैराग्य, षट्संपत्ति तथा मुमुक्षाद्वारा शुद्ध र परमार्थोन्मुखी बनाउनुपर्छ ।

यसप्रकार विवेक आदि चार एवं श्रवण, मनन निदिध्यासन र तत्, त्वम् पदार्थको सोधन-यी आठ ज्ञानका साधन मानिन्छन् । विवेक आदि आठ अन्तरङ्ग र यज्ञ-यागादि वहिरंग मानिन्छन् । जिज्ञासुले अन्तरङ्ग साधनलाई अँगाल्नुपर्छ । जसको श्रवण वा तत्कार्यज्ञानमा प्रत्यक्ष फल देखिन्छ, त्यसको नाम अन्तरङ्ग हो । विवेक आदि चारवटा त श्रवणका मुख्य साधन हुन्, किनभने वहिर्मुख-विषयासक्तलाई विवेकादि विना श्रवण आदि हुन सक्तैन । एवं श्रवण, मनन आदि ब्रह्मसाक्षात्कारका मुख्य साधन हुन् । तत् त्वं पदार्थको ज्ञान पनि अखण्ड एकरस अभेद ज्ञानमा मुख्योपयोगी हुन्छ ।

तत्-त्वं-पदार्थ शोधनको तात्पर्य के हो भने जसरी हाँस नीर–क्षीरको विवेचना गर्छ र जसरी दहीबाट नौनी अलग गरिन्छ, त्यसरी चिज जडबाट उपलब्ध कार्य–कारणरूप शरीरमा अधिष्ठान तथा आरोपको, दृक तथा दृश्यको अनि साक्ष्य तथा साक्षीको शास्त्रानुसार विचार नै तत्वं पदार्थ शोधन कहलाउँछ ।

श्रवणको लक्षण – उपक्रम उपसंहार आदि षड्विधलिंगअनुसार समस्त वेदान्त वाक्यको अद्वैत प्रत्यगात्मासित नै तात्पर्य छ, यस निर्णयानुकूल चित्तवृत्तिको नाम श्रवण हो ।

मननको लक्षण– प्रत्यगात्मा र ब्रह्ममा ऐक्यसाधक युक्तिहरू र भेदबाधक युक्ति-हरूद्वारा निरन्तरअद्वितीय ब्रह्मात्मैकत्वको अनुसन्धान गर्नु मनन हो । युक्ति–जसरी एवं घटाकाश एवं मठाकाशमा घट-मठरूप उपाधिबाटै आकाशमा भेद प्रतीत हुन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतः आकाशमा भेद छैन, त्यसरी नै अन्तःकरण–(वुद्धि)- मायारूप उपाधिविना जीव र ब्रह्ममा पनि भेद छैन – यसरी मनन गर्नू । भेदबाधक युक्ति – जस्तो विम्ब र प्रतिविम्बको भेद मिथ्या हो, त्यस्तै जीव र ब्रह्मको भेद पनि मिथ्या नै हो ।

निदिध्यासनको लक्षण– भेदज्ञान- (अनात्मज्ञान) - ले रहित ब्रह्माकारीकारित प्रत्ययको प्रवाह नै निदिध्यासन हो । निदिध्यासनको परिपाकावस्था समाधि हो । साक्षात्कार र निदिध्यासनमा भेद के छ भने नम्रीभूत वृक्षशाखासमान प्रयत्नविना अनात्माकार वृत्तिरूप अन्त रायरहित स्वयं **अहं ब्रम्हाऽस्मि** भन्ने वेदान्तजन्य वृत्ति नै साक्षात्कार हो । आफ्नो प्रयत्नले नम्र गराइएको शाखा आदि झैँ स्वप्रयत्नमात्रसाध्य ब्रह्माकाराकारित वृत्ति निदिध्यासन हो । समाधि शब्दले त्रिपुटिभावरहित निर्विकल्प समाधि तथा निदिध्यासन शब्दले ध्यानध्येयात्मक त्रिपुटियुक्त विकल्प - समाधि बुझिन्छ ।

श्रवण आदिको प्रयोजन – यद्यपि श्रवणादि साक्षात् ज्ञानका साधन होइनन्, तथापि ज्ञानका प्रतिबन्धकीभूत वृद्धिका दोष असंभावना, विपरीत - भावना आदिको नाश गर्दछन् । वेदान्त - वाक्यले अद्वैत ब्रह्मको बोध गराउँछ कि अन्य कुनै अर्थान्तरको बोध गराउँछ भन्ने प्रमाणगत संशय श्रवणद्वारा हटेर जान्छ। जीव र ब्रह्ममा अभेद सत्य छ वा छैन भन्ने प्रमेयगत संशय मननद्वारा निवृत्त हुन्छ । अनि देहादि समस्त दृश्य प्रपंच सत्य छ, तथा जीव र ब्रह्मको भेद पनि सत्य छ भन्ने बुद्धि विपरीत - भावना निदिध्यासनद्वारा निवृत्त हुन्छ । यस प्रकार ज्ञानका श्रवणादि प्रतिबन्धकीभूत असंभावना र विपरीत - भावनाको निवृत्तिद्वारा परम्पराले अपरोक्ष ज्ञानको साधन बन्दछ, साक्षात् ज्ञानको साधन होइन । संशय निवृत्त भएपछि पनि साक्षात् हुनुभन्दा पहिले अविद्या रहेको हुँदा 'म ब्रह्म होइन, किन्तु, जीव हुँ, मभन्दा ब्रह्म भिन्न छं, देहादि जगत् सत्य हो' भन्ने अनेक संशय – विपर्यय बारम्बार भइरहन्छन् । तिनको निवृत्तिको लागि सदा निदिध्यासन गरिरहनुपर्छ ।

अपरोक्ष ज्ञानको साक्षात् साधन – ज्ञानको साक्षात् साधन वेदान्त-वाक्य नै हो । यो वेदान्त वाक्य दुइ प्रकारको हुन्छ – अवान्तर वाक्य र महावाक्य । जीव, आत्मा र परमात्माका स्वरूप प्रतिपादक वाक्य आवान्तर वाक्य हुन् । यिनीहरूको ऐक्यबोधक वाक्यलाई महावाक्य भन्छन् । अवान्तर वाक्यबाट परोक्ष ज्ञान हुन्छ र महावाक्यबाट अपरोक्ष ज्ञान हुन्छ । ब्रह्म छ भन्नु परोक्ष वाक्य हो । अहमेव ब्रम्ह (म नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रम्ह हुँ) भन्ने अपरोक्ष ज्ञान हो । गुरुको **त्वमेव ब्रह्माऽसि** भन्ने उपदेशको श्रवण पछि नै पुष्कल - साधनसंपन्न उत्तम अधिकारी शिष्यलाई **अहं ब्रह्माऽस्मि** भन्ने अपरोक्ष ज्ञान हुन्छ ।

यसप्रकार जो साधक साधन – चतुष्टयसम्पन्न भएर वेदान्त-विज्ञानका सुनिश्चितार्थ ज्ञाता स्थितप्रज्ञ वरिष्ठ श्रोत्रिय गुरुलाई प्राप्त गरी उनको प्रसादबाट वेदान्तग्रन्थ पढ्छ आदरपूर्वक श्रद्धा-भक्तिले श्रवण गर्छ, उसले नै मोक्षको साधन ज्ञान प्राप्त गर्छ।

गुरुको लक्षण– जो अङ्गसहित-वेदाध्यायी छ तदर्थज्ञ र जीवब्रह्मैक्य-विषयको दृढ निश्चयमा परिनिष्ठित छ तथा जसलाई आत्मसाक्षात्कार भएको छ, त्यो गुरु हुन्छ। आत्मज्ञानरहित– वेदाध्ययनले मात्र गुरु हुन सकिँदैन र वेदाध्ययन शून्य आत्मज्ञ पनि स्वयं मुक्त छ तापनि परोपदेशको निम्ति अयोग्य हुनाले गुरु हुन सक्तैन। वैदिक मर्यादाका संरक्षणार्थ श्रोत्रिय-ब्रह्मनिष्ठता नै गुरुको लक्षण बताइएको छ, उनै शिष्यको बुद्धिमा प्रतीयमान पाँच प्रकारका भेदलाई नाना युक्ति-पाँच भेदहरूद्वारा मेटाउन समर्थ हुन्छ। ती पाँच प्रकारका भेद हुन्– १. जीव र ईश्वरको भेद २. जीव-हरूको परस्पर भेद, ३. जीव- जडको भेद, ४. ईश्वर-जडको भेद र ५. जड-जगत्को परस्पर भेद ।

यस प्रकार पाँचै भेदको निराकरण गर्न सकिन्छ। जीव र ईश्वरको भेद अविद्या र मायाद्वारा जनित घटाकाश र मठाकाशको जस्तो हो । आभास सहित अन्तःकरणरूप उपाधिजनित नाना घटाकाश झैं जीव-जीवमा परस्पर भेद छ। साभास अन्तस्करण र निराभास नाम-रूपमय उपाधिजनित जड र जीवको भेद हो। साभास मायाकृत नामरूप उपाधिजनित ईश्वर र जडको भेद हो तथा नामरूपमय उपाधिद्वारा जनित रज्जुमा सर्प, दण्ड, धारा र मालाको भेद समान जड-जडमा परस्पर भेद देखिन्छ ।

भेद नै भयको हेतु हो– द्वितीयाद वै भयं भवति। अतः भेदको खण्डन अवश्य गर्नुपर्छ। उक्त लक्षणले सम्पन्न आचार्य नै आफ्ना शिष्यलाई अविद्यादि सर्वमलशून्य अद्वितीय **ब्रह्मैवाऽहमस्मि** भन्ने साक्षात् अपरोक्ष अनुभव गराउन समर्थ हुन्छ। चिन्मात्र ममा आफ्नो स्वरूपको अज्ञानले समस्त हृदय-प्रपंचरूप संसार स्वप्न समान मिथ्या हुँदाहुँदै पनि सत् झैं प्रतीत हुन्छ भन्ने कुरा संशय-विपर्ययरहित भएर जान्नुपर्छ। यसप्रकारका अद्भूत दुर्दर्श स्वात्मतत्त्वको उपदेष्टा नै आचार्य हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसाररूप महाग्राहले ग्रस्त शिष्यलाई जीव-ब्रह्मको अभेदोपदेश दिएर जसले छुटाउँछ, त्यो नै गुरु हो–

बहवो गुरवः सन्ति शिष्यवित्तापहारकाः ।
दुर्लभोऽयं गुरुर्देवि शिष्यहृत्तापहारकः ।।

शिष्यको लक्षण– वेदान्त-ग्रन्थहरूमा जसलाई अधिकारीको रूपमा प्रतिपादन गरिएको छ, त्यो साधनचतुष्टय सम्पन्न अधिकारी नै शिष्य हो ।

गुरु भक्ति– ईश्वरको अपेक्षा गुरुमा अधिक श्रद्धाभक्ति गर्नुपर्छ, किनभने अखिल शास्त्रमा व्युत्पन्न व्यक्ति पनि गुरुको उपदेशबेगर आत्मतत्त्व बुझ्न सक्तैन । जसरी स्वभावतः क्षारसमुद्रको जल आफ्नो पात्रमा लिएर जसले पिउँछ, उ क्षारजल नै पिउँछ, त्यही क्षारजल जब मेघद्वारा बर्सन्छ अनि अमृत (मधुर) हुन्छ, त्यसरी नै गुरुमुखबाट सुनेको वेदान्त-विचार पनि अमृत हुन जान्छ। अतः वेदान्त-श्रवण गुरुमुखबाट गरोस् ।

तद्विज्ञानार्थं स गुरुमेवाऽभिगच्छेत् समित्पाणिः क्षेत्रियं ब्रह्मनिष्ठम् ।

गुरुसेवा–गुरुकृपाबाटै आत्मसाक्षात्कार हुन्छ । ईश्वरसेवा अदृष्टमात्र फलको कारण हुन्छ र गुरुसेवा दृष्टादृष्ट दुवै दिने हुन्छ । धर्माधर्मद्वारा फलको हेतु जुन हुन्छ, त्यसको नाउँ अदृष्ट हेतु हो र धर्माधर्मोत्पत्तिविना जुन साक्षात् फलको हेतु हुन्छ, त्यसको नाउँ दृष्ट हेतु हो । अतः मुमुक्षुले ब्रह्मनिष्ट गुरुको सेवा अवश्य गर्नुपर्छ । यसैमा उसको कल्याण छ ।

सेवाको क्रम– गुरुको दर्शन हुँदा साष्टाङ्ग नमस्कार गरी उनका चरणरज आफ्नो मस्तकमा धारणा गरोस् । तदनन्तर उनको प्रसादद्वारा बन्ध– निवृत्तिको इच्छाले गुरुछेउ ब्रह्मचर्यसहित वास गरोस् एवं शरीर, मन, वाणी र धनादि सबै उनलाई अर्पण गरोस् । गुरुलाई सदा ईश्वररूप नै ठानेर मान गरोस् ।

आदौ ज्ञानाप्तये पश्चात् कृतघ्नत्वनिवृत्तये ।
यावज्जीवं त्रयो वन्द्या वेदान्तो गुरुरीश्वरः ।।

गुरु प्रसन्न छन् भने आफ्नो जिज्ञासा निवेदन गर्नुपर्छ । जुन साधक यसप्रकार गुरुको नित्य सेवा गर्छ त्यो गुरुप्रसादले ब्रह्मरूप नै हुन जान्छ ।

यस्य देवे परा भक्तिर्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार ब्रह्मनिष्ठ गुरुको प्रसादद्वारा प्राप्त शुद्ध र सूक्ष्म बुद्धिद्वारा जिज्ञासुले श्रवण - मननपछि निरन्तर विचार गर्नुपर्छ, किनभने विचार नै ज्ञानको जनक हो ।

विचार के हो ? –जसरी प्रकाशविना पदार्थको भान कहिल्यै हुँदैन, त्यसरी नै विचार बाहेक अन्य कुनै पनि साधनद्वारा ज्ञान त्यसै उत्पन्न हुँदैन । त्यो विचार के हो ? विविशेषेण, चार अर्थात् चल्नु । जस्तै तिमी हृदयबाट आँखामा आयौ र आँखाबाट फूलसम्म गयौ, अनि ज्ञात भयो कि यो अमुक फूल हो । त्यो कुनचाहिं वस्तु हो, जसले फूल चिन्यो ? के त्यो आँखामा छ? छैन । त्यसो भए विपरीत क्रमले जाऔं। जुन क्रमले फूल हेर्न गयौ, त्यसको विपरीत क्रमले फूल चिन्नेलाई भेट्न फर्क । यो विपरीत चार –विचार हो । आँखा खुल्ला रहून्, मनको आँखासंग संयोग नभइकन अगाडिको फूलको पहिचान हुन सक्दैन । अतः पहिचान गर्नेलाई खोज्न आँखाबाट मनसम्म आऊ। यस प्रकार वृत्तिको अन्तर्मुख प्रवाह विचार हो । वाह्य वस्तुहरूलाई हेर्नुको सट्टा आफूभित्रका वस्तुहरूलाई हेर्नु विचार हो ।

हामी दिनमा कैयौंपटक दुःखी र सुखी हुन्छौं । सोच्नुपर्ने के छ भने दुःख कतै बाहिरबाट आएको छ वा भित्रै जन्मेको छ? दुःख सर्प, बिच्छी वा अन्य कुनै पदार्थमा छैन, त्यो त मनको धर्म हो। वस्तुको धारा रोक्न सकिंदैन । वाल्य, यौवन, जरा, मृत्यु कसले रोक्न सकेको छ? संसारमा अनेक थरी घटना हुनु निश्चित छ। यो सब संझेर अब के निश्चय गर्नु छ भने हामी कति ठीक कारणले र कति बेठीक कारणले दुःखी हुन्छौं । बास्तवमा त त्यो प्रज्ञापराध अर्थात् बुद्धिको दोष हो, जेलाई हामी दुःख भन्छौं । शरीरलाई लिएर हेर्ने हो भने यो शरीर म होइन । अतः हामी दुःखलाई जति वास्तविक ठान्छौं, त्यति वास्तविक यो होइन । शरीरका जन्म-मरण, रोग-बुढयाइँ आदि दुःख अज्ञानजन्य हुन् । विचारमा दुःखनिवारणको ठूलो शक्ति छ। अतः अज्ञानलाई हटाउन विचार गर्नु आवश्यक छ । मुमुक्षु साधकले यसरी विचार गर्नुपर्छ–

कोऽहं कथमिदं जातं को वै कर्ता ऽस्य विद्यते ।
उपादानं किमस्तीह विचारः सोऽयमीदृशः ।।

यो विचार यस प्रकारको छ – म को हुँ ? यो संसार कसरी उत्पन्न भयो ? यसको कर्ता को हो ? र यस जगत्‌को उपादान के हो ? हामीलाई दुःख-मृत्य एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जडताबाट छुट्कारा दिलाउने त्यो विचार कस्तो छ ? म को हुँ? आफैंले यस्तो विचार गर्न नसके कसैसंग सहायता लिनुपर्छ ।

कुनै महात्मासँग एक जिज्ञासुले सोध्यो- महाराज! म अज्ञानी छु, म धेरै दुःखी छु के गरूँ ? महात्माले भने—म दुःखी छु, म अज्ञानी छु भन्ने तिम्रो चित्तको स्फुरण मात्र हो। तिमी यिनको साक्षी हौ । तिमीले आफ्नो अज्ञानलाई आफ्नो दुःखलाई देखेका छौ, अतः तिमी यिनको द्रष्टा हुनाले यिनबाट पृथक् छौ, तिमी त चित्तका यी स्फुरण-हरूको प्रकाशक हौ। जो सुखी र दुःखी देखिन्छ त्यो तिमी होइनौ। तिमी त त्यो हौ जसलाई यो देखापर्छ। यसप्रकार विचार गर-कोऽहं ? म गृहस्थ, ब्राह्मण, क्षत्रिय, हिन्दू, मनुष्य, देवता, युवा, वृद्ध आदि हुँ भन्ठान्नु चित्तका लहर हुन्। यसमा जुन एकरस छ, त्यो आफ्नो स्वरूप हो । त्यो अखण्ड ब्रह्म हो। यो संसार कहाँबाट उत्पन्न भयो ? सुतेको बेलामा यो अज्ञानमा लीन हुन्छ र जागा हुँदा अज्ञानबाट निस्कन्छ । यस अज्ञानको पछाडि जुन चेतन बसेको छ, त्यसैमा सृष्टिको उदय-विलय अज्ञानद्वारा हुन्छ, त्यस चेतनमा अज्ञान छँदैछैन । त्यस्तै यस सृष्टिको कर्ता को हो? जुन वस्तु अज्ञानबाट भासित हुन्छ, त्यो वास्तवमा हुँदैहुँदैन, जो छँदैछैन, केवल प्रतीत हुन्छ, परमार्थमा त त्यसको कर्ताको कुरा पनि कल्पना मात्र हो। त्यस्तै यस सृष्टिको उपादान के हो ? जुन लिएर केही बनाइन्छ त्यो बनाइएको पदार्थको उपादान हो। जस्तै घडाको उपादान माटो हो । त्यस्तै संसारको उपादान के हो ? तिमी भनौला थाहा छैन। बस यो अज्ञान नै यस सृष्टिको उपादान हो । सृष्टिको उपादान पनि तिमी नै हौ र यसको कर्ता पनि तिमी नै हौ । घटमा माटो छ कि माटोमा घडा छ ? घटमा माटो छैन, घटको नाम-रूप माटोमा कल्पित छ । यसै गरी देश, काल वस्तु अखण्ड चेतनमा कल्पित हुन्, त्यो देश, काल र वस्तुमा छैन । यस प्रकारको चिन्तन विचार हो ।

'म को हुँ, संसार कसरी उत्पन्न भयो, यसको कर्ता को हो र उपादान के हो' आदि प्रश्नमाथि दार्शनिक विधिले विचार गर्नुभन्दा पहिले 'म को हुँ' भन्ने प्रश्नलाई मनो-वैज्ञानिक ढङ्गले केही विचार गरौं—म न त पंचमहाभूतले बनेको शरीर हुँ, न इन्द्रिय हुँ, न भूत हुँ, न भूतगण। काल र देश अनन्त छ। यस परब्रह्म परमात्मामा न देश छ, न काल न वस्तु । म छैन अथवा ज्ञान छैन भन्ने अनुभव कसैलाई हुन सक्तैन। म नै अनन्त देश एवं कालको त्यो अधिष्ठान हुँ, जसमा अनन्त कोटी ब्रह्माण्डलाई कुनै स्थान छैन । जसको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमान समात्न सकिँदैन, त्यो हो भूत । काल अनन्त छ । यस्तै देश पनि अनन्त छ। म देह बनेर बस्छु, अनि पूर्व-पश्चिम, उत्तर-दक्षिण, माथि-तल तथा भूत-भविष्य-वर्तमानको कल्पना खडा हुन्छ। देह त पञ्चभूतको उपचय हो। हाड, मासु, रगत, मल, मूत्रको राशिको नाम देह हो। तिमी देह होइनौ । जुन वस्तु आफ्नो होइन त्यसलाई आफ्नो मान्नु दुःखको कारण हुन्छ । म देहलाई म मानेर दुःखी भइराखेको छु, यो हो संसर्गाध्यास । यसप्रकारले विचार गरेमा देहमा म मेरो भन्ने भाव कुनै पनि विधानबाट सिद्ध हुँदैन । त्यसैले भनिएको छ–**नाऽहं भूतगणो देहो नाऽहं चाऽक्षगणस्तथा**–म आँखा आदि कुनै पनि इन्द्रिय होइन, न इन्द्रिय समूह हुँ । यी इन्द्रियहरूसित मेरो मानिएको सम्बन्ध छ । म एक छु यी पाँच वा दश छन्। यी त यन्त्र हुन् ।

जो न आफूलाई चिन्छ, न अरूलाई, उ जड हो। जो आफू र अरूलाई पनि चिन्दछ, उ स्वयंप्रकाश चेतन हो। मेरो अहं इन्द्रियसमूह होइन । यी अनेक छन्, म एक। यी दृश्य हुन्, म चाहिँ द्रष्टा। यी जड छन् म चेतन। यहाँ प्रश्न उठ्ला–यसरी आफूलाई देह र इन्द्रियभन्दा विलक्षण सिद्ध गर्नाले के फाइदा छ ? उत्तर छ–जुन वस्तु म-मेरो होइन, त्यसलाई म–मेरो भन्दा तिमी अति दुःखी भइरहेका छौ, आफूलाई खोज अनि त्यो दुःख हराइहाल्छ । सबै सुख-दुःख मनको गडबडीबाट नै हुन्छन् । मन ठीक भए त तिमी आनन्दस्वरूप हुन्छौं । मनभन्दा बुद्धि ठूलो छ। त्यस भन्दा ठूलो अनुभव छ। अतः मनलाई ठीक राख्न असल बुद्धि चाहिन्छ । दुःख, सुख मनका आकार हुन् । दुःखको बीज मनमा छ । प्रकृति दुःखको निर्माण गर्दैन। जब ईश्वरको मतसँग हाम्रो मत मिल्दैन, अनि दुःख हुन्छ । हामी वस्तुलाई म-मेरो ठानेर त्याग्न चाहँदैनौं वा अन्यको वस्तुलाई आफ्नो बनाउन चाहन्छौं, अनि दुःख हुन्छ। दुःख मनको विरोधाभास हो। वस्तुविज्ञान र आत्मविज्ञानको ठीक-ठीक संगति हाम्रो बुद्धिमा नहुनाले दुःख हुन्छ। सुख-दुःख मात्रै होइन, पाप-पुण्य पनि तब हुन्छन्, जब तिमी म-मेरोको चक्करमा पर्छौ। म-मेरो परिच्छिन्न नभए त तिमी ईश्वरसंग एक भइहाल्छौ। अनि तिमी सुख-दुःख, पाप-पुण्य आउनु-जानुबाट पार पुग्छौ ।

यसप्रकार म देह होइन, म इन्द्रिय समूह होइन, म यी भन्दा विलक्षण छु । यस विचारद्वारा सबै परिच्छिन्नता, सबै अभिमान काटिन्छन् हिन्दूलाई मनुष्य हुन वा ब्राह्मणलाई हिन्दू हुन के कुनै श्रम गर्नुपर्छ र ? हिन्दू त उ पहिलेदेखि नै छ। ब्राह्मण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हिन्दू त छँदैछ। यसै प्रकार जीवनलाई ईश्वर हुन कुनै श्रम गर्नु छैन, केवल, अन्तस्करण शुद्धीपूर्वक हिन्दूत्व, मनुष्यत्व, जीवत्व आदिको अभिमान मात्र छाड्नु छ।

यो परिच्छिन्नता आयो नै किन ? यस म-मेरोपनको हेतु के हो ? अपरिच्छिन्न ब्रह्ममा यत्रो भेद किन देखिन्छ ? यसलाई लिएर भनिन्छ–

अज्ञान प्रभवं सर्वं ज्ञानेन प्रविलीयते ।
संकल्पो विविधः कर्ता विचार सोऽयमीदृशः ॥

यो विचार यसरी गर्नुपर्छ– यी सब दुःख अज्ञानबाट उत्पन्न भएका हुन् । ज्ञानद्वारा त्यसको आत्यन्तिक निवृत्ति हुन्छ। यसमा जुन विविधता छ, त्यसलाई उत्पन्न गर्ने संकल्प नै हो। ज्ञान भएपछि सब भेद-भ्रम मेटिन्छन्। कुनै मानिसलाई आफ्नो घरमा खनिरहेको बेला केही चंकिला पत्थर प्राप्त भए । उसले ठान्यो-हीरा हुन्। उ खुब खुसी भयो। ती पत्थर लिएर उ जौहरीकहाँ गयो। जौहरीले भन्यो– यी हीरा होइनन्, केवल साधारण स्फटिक हुन् । अनि त उसको हर्षको ज्वर उत्र्यो, अति दुःख मान्यो– हरे। यी हीरा रहनेछन् । अब विचार गर, त्यस मानिसको दुःखमा के ती पत्थर कारण थिए ? होइन । कारण त थियो अज्ञान, जसले पत्थरलाई हीरा संझ्यो। ज्ञान भएपछि तिनको हीरापन मेटियो। यसै गरी यो म-- मेरोपन पनि सृष्टिका मूल तत्त्वको अज्ञानबाट भएको हो। यसैले दुःख दिन्छ। सृष्टिको मूल तत्त्वको ज्ञानद्वारा हट्छ । अतः सृष्टिको मूल तत्त्वमा दुःख छैन । दुःख त अज्ञानबाट पैदा भएको हो र ज्ञानले हराउँछ। सत्य वस्तु आफ्नो आत्मा हो। आफ्नो आत्मालाई छाडेर अरू केही सत्य छैन । देश, काल, आकारको वीजरूपमा पनि वृत्ति छ; देश, काल, वस्तुमा अङ्कुररूपमा पनि वृत्ति नै छ। वृत्तिको वीजावस्था र अङ्कुरावस्था दुवैको साक्षी आत्मा छ। अतः यो आत्मा देश, काल, वस्तुले परिच्छिन्न होइन, प्रत्युत अविनाशी, परिपूर्ण, अखण्ड ज्ञानस्वरूप अद्वितीय ब्रह्म हो ।

संकल्पो विविध कर्ता– यो कर्ता यो अकर्ता यसले पाप गऱ्यो, यसले पुण्य गऱ्यो-- यी सब संकल्प हुन् । जुन कार्यलाई हामी पाप वा पुण्य मान्छौं, त्यो एक स्थान, एक समय, एक जाति वा एक अमुक व्यक्तिको लागि पाप वा पुण्य हुन्छ भने अर्को देश, अर्को समय, अर्को जाति वा अमुक अर्को व्यक्तिको लागि ठीक उल्टो पुण्य वा पाप हुन्छ। जस्तै– साधु-महात्माको लागि हिंसा पाप हो, सैनिकको लागि घरमा कसैलाई मार्नु पाप हो, अपराध हो, किन्तु युद्धमा कसैलाई मार्नु धर्म हो। पुण्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाप क्रिया वा तत्त्वमा हुँदैनन्, यी हुन्छन् संविधानमा । जब, जसको लागि, जुन ठाउँमा, जुन परिस्थितिमा, जे गर्ने विधान छ, त्यो गर्नु पुण्य हो, त्यसको विपरीत गर्नु पाप हो । यसप्रकार विविध कर्ताको रूपमा संकल्प नै स्थित छ ।

फेरि प्रश्न उठ्छ, यो संकल्प केमा छ, यो अज्ञान र वासनाको निवास केमा छ ?

एतयोर्यदुपादानमेकं सूक्ष्मं सदव्ययम् ।
यथैव मृद्घटादीनां विचारः सोऽयमीदृशः ।।

यो अज्ञान र संकल्पको जुन उपादान छ, त्यो एक छ, सूक्ष्म छ, सत् छ र अव्यय छ । जस्तो घट आदिको उपादान माटो एक, सत् र अव्यय छ । यसप्रकार विचार गर्नुपर्छ । मानिसलाई जति दुःख हुन्छ, त्यो उसको अज्ञान वा वासनाले हुन्छ। जहिले सुकै पनि अरूबाट सुख वा दुःख हुन्छ त आफ्नै वासनाले गर्दा हुन्छ । जब हामी स्वयं सुखी दुःखी हुन्छौं, बेसमझदारी वा अज्ञानले गर्दा हुन्छौं ।

'अज्ञान र संकल्प दुवैको उपादान के हो ? यी दुवै केमा छन् ?' भनी विचार गर्नुपर्छ । जुन समाधि अभ्यासले लाग्छ, त्यो विचारले पनि लाग्छ ।

चित्तका दुइ अवस्था हुन्छन्–संकल्पात्मक अर्थात् ग्रहणात्मक र शान्तावस्था अर्थात् अग्रहणात्मक अवस्था । यिनमा ग्रहणात्मक अवस्थाका दुइ भेद छन्–यथार्थ ग्रहण र विपरीत ग्रहण (अन्यथा ग्रहण) यथार्थ ग्रहण जाग्रत अवस्थामा हुन्छ भने अन्यथा–ग्रहणा स्वप्नमा । जुन वस्तु त्यहाँ छैन त्यसबेला छैन, त्यस रूपमा छैन, त्यसको त्यसबेला, त्यहाँ, त्यस रूपमा ग्रहण हुनु अन्यथा–ग्रहण हो । सुषुप्तिमा अग्रहण हुन्छ । यो सबै कसलाई थाहा हुन्छ ? यथार्थ र अयथार्थ दुवै संकल्प मलाई ज्ञात हुन्छ । अग्रहणको पनि ज्ञान हुन्छ । वस्तुलाई देख्नु, विपरीत देख्नु वा नदेख्नु यी तीनै अवस्थाहरू हाम्रा चित्तका हुन् । हामी यी तीनै भन्दा पर छौं । यी संकल्प र अज्ञान जुन एकलाई, जुन एकमा प्रतीत हुन्छन्, त्यो सूक्ष्म सत्ता अविनाशी छ। घडा बन्नु घडा फुट्नु र घडा नरहनु–यी सबै अवस्थाहरू जसरी माटोमा नै हुन्छन् त्यसरी नै सृष्टि जाग्रतमा हुनु, स्वप्नमा विपरीत देखिनु र सुषुप्तिमा नदेखिनु–यी जुन सूक्ष्म सत्तामा हुन्छन्, त्यो सूक्ष्म अविनाशी सत्ता मद्वारा एक हुन्छ । तिम्रो विचारमा तीन कुरा कहिल्यै आउन सक्तैनन–म छैन, ज्ञान छैन र म आफ्नो अप्रिय छु । तिमी ठूला-ठूला विद्वान्‌लाई पनि अज्ञानी मान्छौ, किनभने ज्ञान तिम्रो स्वरूप हो । अतः विचार गर्नाले प्रतीत हुन्छ, संकल्प र अज्ञान दुवै हामीमा नभए पनि भासित हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकल्प र अज्ञान आफूमा भासित भइराखेका छन् भने आफ्नो स्वरूप कस्तो छ त ? संकल्प र अज्ञानको उपादान भएको हुँदा हामी के विकारी एवं अज्ञानी छौं ? यसबारे भनिएको छ ।

अहमेकोऽपि सूक्ष्मश्च ज्ञाता साक्षी सदव्ययः ।
तदहं नाऽत्र सन्देहो विचारःसोऽयमीदृशः ।।

यो विचार यसप्रकारको छ–जो एक भएर पनि सूक्ष्म छ, ज्ञाता छ, साक्षी छ सत् छ त्यो नै म हुँ, यसमा सन्देह छैन । यस सृष्टिको लीला विचित्र छ–छ त एक किन्तु यसमा अनेकताको भान हुन्छ। साधनको विशेषता नै के छ भने देखिएको अनेकतामा एकताको खोजी गरिन्छ, मर्त्यमा अमर्त्यको, सानोमा ठूलोको, विनाशीमा अविनाशीको, जडमा चेतनको, अनि दुःखमा सुखको पहिचान गरिन्छ ।

के खाने, के गर्ने ?–यो भोगविचार हो । तत्त्वविचार मको विचारबाट थालिन्छ । 'म को हुँ, संसार के हो, संसार कहाँबाट आयो, संसार कसरी बन्यो, परमात्मासंग हाम्रो के संबन्ध छ, हामी दुःखबाट कसरी बच्छौं ?–यी सबै विचार परमार्थ विचार हुन् । विचार गर्नुपर्छ –सत्य के हो ? जसलाई हामी कहिल्यै असत्य ठान्न नसकौं र असत्य बनाउन नसकौं, सत्य हो । हामी आफूलाई न असत्य ठान्न सक्छौं, न बनाउन सक्छौं, अतः यो आफ्नोपना (स्व) सत्य हो ।

अहं– प्रत्ययको विषय यो आत्मा आफूलाई दुःखी मानिराखेको छ । कहिल्यै विचार गरेका छौ – यो मान्यता सत्य हो कि असत्य ? आत्मा दुःखी छ भने 'म दुःखी वा सुखी थिएँ' भन्ने कुराको साक्षी को ? अरूबारे केही जान्नु छ भने जे लेखिएको छ, त्यही मान्नुपर्छ; किन्तु आफूबारे जान्नु छ भने आफ्नो अनुभूति नै मुख्य हुन्छ । कतै लेखिएको वा कसैले भनेको भनी तिमी आफूलाई दुःखी मान्न सक्तैनौ । त्यसो भए तिमी आफू दुःखी हुनाको साक्षी हौ । नियम के छ भने जो जसको साक्षी छ, त्यो त्यसभन्दा भिन्न हुन्छ। जसरी हामी घडा वा देहलाई जान्दछौं, हामी ती भन्दा भिन्न छौं, त्यसरी नै तिमी आफ्नो दुःखीपनालाई जान्दछौ र त्यसका साक्षी हौ भने त्यस दुखीपनाभन्दा तिमी पृथक् छौ । विकारविना कोही दुःखी हुँदैन । जब शरीर, इन्द्रिय वा मनमा विकृति वा कुहाइ पैदा हुन्छ, तब मनुष्य दुःखी हुन्छ । हाम्रो जुन वस्तुजस्तो थियो, त्यस्तो रहेन, त्यसैले हामी दुःखी भयौं । जो परिवर्तनशील छ, त्यो साक्षी होइन र साक्षीमा विकार छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि दिनमा सहस्र–सहस्ररूप बदल्छ । यो प्रिय र यो अप्रिय, यो मेरो र यो तेरो, यो सुख र यो दुःख आदि रूप यसले फेरिरहन्छ । म बुद्धिका यी सहस्र–सहस्र रूपको साक्षी हुँ । त्यसैले निर्विकार छु । निर्विकारमा त दुःख हुँदैन, त्यसो भए यो दुःख कहाँबाट आयो ? यो भूलले मानिएको दुःख हो । हामी जेलाई दुःख भन्छौं, त्यो प्रज्ञाको अपराध हो, संझाइको दोष हो । हामी अनादि –अनन्त आफ्नो आत्मा नित्य, शुद्ध, बुद्ध, मुक्त ब्रह्म नै हो भन्ने बुझ्दैनौं, प्रत्युत केवल शरीरको विचार गरी आफ्नो पूरा हिसाब लगाउँछौं, यो नै समझको भूल हो ।

समझको भूलको दुःख नहुँदो हो त समझदारीबाट ज्ञानबाट त्यो दूर हुने पनि थिएन । दुःख वास्तविक हुँदो हो त उपायले हराउँदैनथ्यो; किन्तु समस्त दुःख समझदारीले– ज्ञानले हट्छन् । जुन वस्तु ज्ञानले हट्छ, त्यो थिएन नै । मानौं –डोरीलाई हामी सर्प ठानिरहेका थियौ । किन्तु सर्प ठानिरहँदा पनि त्यो सर्प थिएन । यो हाम्रो दुःख पनि वस्तुतः छैन्, केवल दुःखी हुनाको भ्रम हो । वेदान्त अतएव ज्ञानलाई पनि कल्पित नै मान्दछ । जस्तो बन्धन कल्पित हो त्यस्तै मोक्ष पनि कल्पित हो । कल्पितको निवृत्ति कल्पितबाटै हुन्छ । **न निरोधो न चोत्पत्ति** । जुनजुकै वस्तुको वर्णन गर्दा पनि भन्नुपर्ने हुन्छ –'मलाई यस्तो प्रतीत हुन्छ ।' यो बाहेक अरू कुनै भाषा छैन । प्रतीतिलाई जब हामी सच्चामान्छौं अनि मात्र सुखी वा दुःखी हुन्छौं । हामी पहिले भेद–प्रतीति–ज्ञानलाई सच्चा मान्छौं, अनि असल-खराब छुट्याउँछौं । यसपछि प्रिय-अप्रिय मान्छौं । तब प्राप्ति र त्यागको लागि प्रयत्न गर्छौं । यसप्रकार हामी भेदप्रतीतिमा यति निमग्न हुन्छौं कि त्यो सत्य बन्न पुग्छ; राग-द्वेष बद्धमूल हुन्छन् । आत्मदेव त सर्वदा शुद्ध र आनन्दस्वरूप नै हुन्छ ।

आनन्द –आनन्दको विषयमा पनि राम्ररी बुझ्नुपर्छ –आनन्दको कुनै कारण छैन, अर्थात् आनन्द उत्पन्न हुँदैन । जो उत्पन्न हुन्छ त्यो नाशवान् हुन्छ । आनन्दको कुनै कार्य अर्थात् फल हुँदैन । सबको फल हो आनन्द । आनन्दको कोही शत्रु, प्रतिस्पर्धी छैन । जसको कारण छैन त्यो नित्य, जसको फल परिणाम हुँदैन त्यो निर्विकार र जसको प्रतिस्पर्धी छैन त्यो अद्वितीय हुन्छ, किनभने जो उत्पन्न हुन्छ र जसको प्रतिस्पर्धी हुन्छ, उ अपूर्ण हुन्छ । आनन्द दुइ होइन विषयभेदले आनन्दमा भेदारोप हुन्छ, आनन्द त एउटै हुन्छ । आनन्दमा तारतम्य हुँदैन । थोरै आनन्द, धेरै आनन्द, गाढा आनन्द, हलुका आनन्द आदि तारतम्य त वृत्तिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । आनन्द कदापि परोक्ष हुँदैन, जब हुन्छ, प्रत्यक्ष वा अपरोक्ष हुन्छ । आनन्दको अज्ञात सत्ता हुँदैन, अर्थात् अज्ञानले त्यो छोपिदैन । आनन्द सबभन्दा ठूलो प्रेमास्पद हो । सबै आनन्दलाई प्यार गर्छन् । तिमी सबभन्दा बढी जसलाई प्यार गर्छौं, त्यो तिम्रो आनन्द हो र सबभन्दा बढी प्यार आफूभन्दा अतिरिक्त कसैसँग हुँदैन । सुख सदा आत्मगामी छ र सुख नै प्रिय छ । आफ्नो पुरुषार्थ स्वयं आफू हो । आफूलाई छाडेर तिमीले अरू केही पाउनु छैन । अनि आफूले आफैंलाई पाउनु भनेको त के हो र! त्यो त नित्य प्राप्त छ, किन्तु यही ज्ञान थिएन, यही भूल थियो । यो जानेपछि पुरुषार्थको परिसमाप्ति हुन्छ ।

आत्मा र प्रपञ्च– आफू–(स्व)–मा द्वैतको प्रपञ्च आउँछ । प्रञ्चको अर्थ के हो ? पाँचको विस्तार–पचि विस्तारे । पाँच ज्ञानेन्द्रिय छन्, यिनैले यो जाल फैलाएको छ, त्यो नै प्रपंच हो र त्यो प्रपंच यो द्वैत, आफूभन्दा पृथक् सत्य झैं प्रतीत हुन्छ ।

यसप्रकार आत्मा शब्दको पनि अर्थ बुझ । आत्मा शब्दको अर्थ हो–म । त्यसो त आत्मा शब्दका चार अर्थ हुन्छन्–

यच्चाऽऽप्नोति यदादत्ते यच्चाऽत्ति विषयानिह ।
यच्चाऽस्य सन्ततो भावस्तस्मादात्मेति कथ्यते ॥

अर्थात् जो संपूर्ण इन्द्रियवृत्तिहरूद्वारा शब्दस्पर्शरूपादि विषयहरूको ज्ञान प्राप्त गर्छ, जो सबै कर्मेन्द्रियद्वारा वस्तुहरू लिने-दिने आदि व्यापार गर्छ जो प्रियता र अप्रियताका संस्कारहरूले विशिष्ट मनोवृत्तिद्वारा विषय भोग गर्छ तथा जो समस्त देश, काल, वस्तु, वृत्ति, अवस्था आदिमा एक रस व्याप्त रहन्छ, त्यसैलाई व्याप्ति एवं एकरसको उपस्थितिले गर्दा आत्मा भन्छन् । जहाँ आफूभन्दा भिन्नबाट आनन्द लिनु छ, त्यहाँ करणको – इन्द्रियहरूको आवश्यकता पर्छ । **किन्तु न तस्य कार्यं कारणं च विद्यते** । अर्थात् स्वस्वरूपभूत आनन्दको आस्वादनको लागि करणको आवश्यकता छैन । शान्त, विक्षिप्त, सविषयक, निर्विषयक आदि वृत्तिहरूको पनि आवश्यकता पर्दैन । उ त सबको प्रकाशक छ । समस्त वृत्तिहरू उही आत्माको प्रकाशमा नृत्य गरिरहेछन् । अतः आत्मानन्द करणसापेक्ष छैन । अतएव उसको लागि प्रयत्नको कुनै आवश्यकता छैन ।

यस्तो आनन्दस्वरूप आत्मामा दुःख कहाँबाट आयो ? भूलबाट । आत्मा वा ब्रह्मको भूलले होइन, मनुष्यको भूलले । यो मनुष्यदेहमा अभिमान गर्ने अज्ञानी भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। आफ्नो भूल, भ्रम हटाओस् त उ स्वयं आनन्दस्वरूप भैहाल्छ । आफूदेखि भिन्न केही मान्नु भ्रम हो । यही द्वैत प्रपञ्च हो । यसको उपशम हुनुपर्छ । यस उपशममात्रको लागि साधन छ ।उपशम हुनासाथ स्वस्थता प्राप्त हुन्छ । आफ्नो स्वरूपनिर्माणको लागि कुनै साधन छैन । अद्वैतभावः प्रयोजनम् आफ्नो अद्वैतस्वरूपको बोध नै यसको प्रयोजन हो । यो द्वैतप्रपञ्च अविद्याको कृति हो । विद्याद्वारा यसको उपशम हुन्छ।

दुःख दुइ प्रकारका हुन्छन्—एक त वस्तुको अल्पाधिक्यको, अर्थात् कुनै वस्तु छैन वा कम छ भन्ने दुःख, अर्को हो मनको परिस्थिति बदलिने दुःख । यसमा पनि सबै विचारवान् के मान्दछन् भने वस्तु सुखद वा दुःखद हुँदैन । भूमि, धन, स्त्री, पुत्र, शरीरादि प्राकृत पदार्थ हुन् । यिनमा न सुख छ, न दुःख । त्यसो भए दुःख कहाँबाट हुन्छ ? अविद्याबाट । जब यीमध्ये कसैलाई हामी आफ्नो मान्छौं, अनि त्यो रहँदा, जाँदा वा फेरिंदा हामीमाई सुख-दुःख हुन थाल्छ

दुःखका पाँच कारण– शब्द, स्पर्श, रूप, रस, गन्ध –यी पाँच विषय हुन्। यी न सुखद छन्, न दुःखद । पञ्चमहाभूत पनि सुखद वा दुःखद छैनन् । आँखा, कान आदि इन्द्रिय अथवा पञ्च प्राण पनि सुख दुःख दिंदैनन् । बुद्धिले पनि सुख-दुःख प्रदान गर्दैन । यसै प्रकार प्रकृति पनि सुख–दुःख दिने होइन । प्रकृति र प्रकृतिका समस्त विस्तारमध्ये कुनैले पनि दुःख दिंदैन भने दुःख आउँछ कहाँबाट ? उत्तर छ – अविद्याबाट । अविद्याको अर्थ हो–अज्ञान, अबुझपना, मूर्खता । यसैले दुःखको स्पष्टि गर्छ । जब हामी कुनै वस्तुलाई ठीकसित जान्दैनौं, तबमात्र दुःखी हुन्छौं ।

अहन्ता अर्थात् प्राकृत अहंकार त सुषुप्तिमा पनि रहन्छ । यो अहं दुःखको हेतु होइन । दुःखको हेतु त अस्मिता हो । हामी दृश्य र द्रष्टालाई ठिक-ठिक अलग गर्न सक्तैनौं र चित्स्वरूप भए पनि अविद्याले गर्दा अहंकारितासित सर्वथा मिसिएर अहंकारलाई नै आफ्नो स्वरूप संझन थाल्छौं -- यसैलाई अस्मिता भनिन्छ। यो नै चिज्जडग्रन्थि हो । योगदर्शनमा –**दृग्दर्शन-शक्त्योरेकात्मतै वाऽस्मिता** (२।६) अर्थात् दृक्शक्ति र दर्शनशक्तिको एक स्वरूपजस्तो भान हुनु अस्मिता नामक क्लेस हो । यसै अस्मितारूप ग्रन्थीबाटै फेरि राग-द्वेष र अभिनिवेशरूप क्लेश हुन्छन् । वास्तवमा दुःख दिन्छन् राग-द्वेष । जससँग राग हुन्छ, त्यो हामीबाट टाढा भयो भने दुःख र जससंग द्वेष हुन्छ, त्यो नजीक आयो भने दुःख हुन्छ। यस रागद्वेषमा हामी यति डुबिसकेका छौं कि देह, पुत्र, घरलाई आफ्नो अंग आफूदेखि अभिन्न मान्न थाल्छौं। तिनलाई हुने अलि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कति पनि हानि हामीलाई आफ्नो हानि लाग्छ । यो अभिनिवेश भयो। यसप्रकार हाम्रो दुःखको कारण हो अविचार ।अविचारमा हामीले यति हरायौं कि आफ्नो मुक्त स्वरूप, द्रष्टास्वरूपलाई बिर्सिसक्यौं। अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश–दुःखका यी पाँच कारण योगदर्शनमा बताइएका छन् । योगीहरू भन्दछन् – अविद्याको यस परिवारको नाश गर । यसको नाश विवेकख्यातिद्वारा हुन्छ । चित्तवृत्तिको निरोध भएपछि समाधिमा जब द्रष्टा आफ्नो स्वरूपमा स्थित हुन्छ, तब व्युत्थान दशामा जान्दछ–संसारमा कुनै वस्तुसँग मेरो संबन्ध छैन, तब यो वस्तु आओस् कि जाओस्। योग दर्शन भन्छ– दुःख र क्लेश त आवद्यिक हुन् । अतः अविद्याको निवृत्ति गर, तिम्रो क्लेश मेटिन्छ। वेदान्त -दर्शन भन्छ –सृष्टि दुइ प्रकारका छन् – एक जीव सृष्टि, अर्को ईश्वरसृष्टि। पृथिवी, जल आदि पंच भूत, शब्दस्पर्शादि तन्मात्राहरू, इन्द्रियहरू, अन्तःकरण आदि ईश्वरले बनाएको सृष्टि दुःखद हुँदैन। यो म हुँ र यो मेरो हो होइन; यो म र यो मेरो होइन भन्नुचाहिं जीवले बनाएको सृष्टि हो। **आनन्दाद्ध्येव खल्विमानि भूतानि जायन्ते।** ईश्वर त आनन्दघन छ आनन्द स्वरूप छ । ईश्वरीय सृष्टिको उपादान-कारण पनि उही आनन्द हो। जब यो सृष्टि लीन हुन्छ, तब पनि उही आनन्दमा लीन हुन्छ। सृष्टि आनन्दबाट निस्क्यो, त्यसैमा स्थित छ, त्यसैमा लीन हुन्छ । अतः सृष्टि त आनन्दरूप नै हो ।

दुःखको सृष्टि– यति तेरो, यति मेरो, भनेर जीवले जब मान्यो, त्यसै जीव सृष्टिबाट दुःख निस्कियो। मनुष्यले कहिल्यै विचार गरेन – म र मेरो कहाँबाट आयो ।यो विचार नगर्नु नै अज्ञान वा अविद्या हो।

सृष्टि के बाट ?– योगदर्शनमा ईश्वर, जीव प्रकृति, अविद्या वस्तुसत्य मानिएको छ, किन्तु वेदान्त सृष्टिलाई परमाणु वा प्रकृतिबाट बनेको मान्दैन। वेदान्त भन्छ –ईश्वरबाट सृष्टि भएको हो। यहाँ ईश्वरबाट सृष्टि हुनुको अध्यारोप नै छ। सृष्टि हुनुको समर्थनसित तात्पर्य छैन। तत्त्वदृष्टिमा त सृष्टि भएकै छैन, यही सिद्धान्तपक्ष हो। यो सृष्टि अविद्याबाटै दुःख दिन्छ भनेर सांख्य र योग भन्छ, किन्तु वेदान्तको मतमा सृष्टि अविद्याबाटै हुन्छ। आफ्नो आत्माभन्दा भिन्न सृष्टिलाई हामी अधिष्ठानका प्रत्यक् –चैतन्याभिन्न ब्रह्मतत्त्वको अज्ञानबाटै मान्दै छौं। आत्मालाई ब्रह्मस्वरूप जान्नासाथ सृष्टि रहँदैन । 'आफ्नो आत्माभन्दा भिन्न सृष्टि छ' भन्ने विचार आफूले आफूलाई ब्रह्मस्वरूप भनी नचिन्नाले नै हुन्छ। देश र कालको सम्बन्धमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार गर्नें हो भने कालको विषयमा त यही निर्णय छ –भूतकाल अनादि हुन्छ, किनकि त्यो कहिले प्रारंभ भयो भन्न सकिन्न । भविष्यत् काल अनन्त हुन्छ, किनभने उसको समाप्ति कहिल्यै हुँदैन । यस अनादि अन्त कालमाझ आफ्नो आयुको जुन सय-पचास वर्ष तिमी मान्छौ, त्यो कालको कति भाग हो ? भन्नै पर्छ –यो सय–पचास वर्ष त प्रतीति मात्र हो –अनादि अनन्त कालमा। अब देशलाई लेऊ । देश अनन्त छ कि छैन ? जब देशको कुनै सीमा छैन भने त्यसको जुन भाग हाम्रो शरीरले घेरिएको छ, त्यो कसरी-बताउन सकिन्छ ? विस्तारको दृष्टिले पनि अनन्त कोटी ब्रह्याण्ड अनन्तमा केवल प्रतीत भइरहेको छ ।

कारण –सत्ताको दृष्टिले हेर्नें हो भने जुन पूर्ण सत्ता हुन्छ, त्यसमा कुनै पनि परिच्छिन्न सत्ता रहन सक्दैन; किन कि एक परिच्छिन्न सत्ता जहाँ हुन्छ, त्यसले पूर्ण सत्तालाई परिच्छिन्न बनाइदिन्छ । अतः त्यस अनन्तको अज्ञानबाटै हामी यी अनन्त कोटि ब्रह्माण्डहरूलाई सत्य मानिरहेका छौं ।

अब त्वं पदार्थलाई लिएर विचार गरौं । रूपमा नेत्र प्रमाण छ, नेत्रमा भने मनको लागि बुद्धि र बुद्धिको सत्ताका लागि म प्रमाण छु । म बुद्धिको भाव-अभाव दुवैको साक्षी हुँ। देश-काल–वस्तु सबको प्रतीति बुद्धिद्वारा हुन्छ । अतः सम्पूर्ण दृश्य बुद्धि तथा त्यसद्वारा प्रतीत हुने भएकोले स्वप्नसमान मिथ्या भए । यसकारण अनन्त देश-कालको वास्तविक सत्ता नै छैन। समाधिमा शान्त चित्तमा सृष्टिको प्रतीति नै हुँदैन । विक्षिप्तचञ्चल चित्तमा नै सृष्टि प्रतीत हुन्छ पागलपनमा। कसैलाई केही प्रतीत भयो भने त्यो सत्य होला वा मिथ्या ? यसैले समाधि तथा सुषुप्तिमा सृष्टिको अभाव हुनाले, केवल विक्षिप्त चित्तमा प्रतीति हुनाले, दृश्य हुनाले, परिच्छिन्न एवं ज्ञाननिवर्त्य हुनाले सृष्टि नै हुँदैन । यो न त सत्ताको दृष्टिले नै सत्य छ, न ज्ञानदृष्टिले, सृष्टि न त अनादि अनन्त दृष्टिले नै । यहाँसम्म कि यो अदृश्यबाट पनि भएन र न स्थित छ, किनभने अदृश्यको पनि प्रतीति हुन सक्तैन यो त केवल विपरीत दृष्टिबाट हुन्छ ।

ब्रह्म, **अविद्या र ब्रह्मविद्या–** ब्रह्म ज्ञानस्वरूप छ । ज्ञानस्वरूप त्यसलाई भन्छन्, जो आफूलाई र अरूलाई समेत जानोस्; तर अर्को छँदैछैन भने ब्रह्मले कसलाई जानोस् ? आफूले आफैंलाई ? किन्तु ब्रह्म अनन्त छ । यदि उसले आफूलाई पूर्णतः जान्यो भने उसले आफ्नो अन्तः भेट्ने छ । ब्रह्मको स्वभाव हो जान्नु (ज्ञप्ति मात्र) अनि अनन्तको स्वभाव हो ज्ञानमा नआउनु । ब्रह्मको देख्नु स्वभाव हो, ज्ञान स्वभा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व हो र दृश्य हुनु पनि स्वभाव हो। ज्ञानस्वरूप हुनाले यो ज्ञेय हुँदैन, तर नदेखी छाड्दैन। स्वरूपको ग्रहण हुँदैन त आकाशको नीलिमाको झैं अन्यथा - ग्रहण हुन्छ। यस प्रकार आफूले आफूलाई देख्न नपाउने हुँदा त्यसले एक परिच्छिन्न चेतनलाई नै अनेक र परिच्छिन्न जडको रूपमा देख्न थाल्छ। आफूलाई नै अन्य रूपले देख्छ। यो परमात्माको स्वभाव हो। यसैले यस्तो देख्नु कुनै अपराध होइन। ज्ञान अज्ञानको विरोधी छ तर मानको छैन। ज्ञान अन्तःकरणको प्रमाणवृत्तिमा आरूढ भई प्रमेय देशमा जान्छ भनी मान्यो कि भ्रम भइहाल्यो। जहाँ ज्ञानको आउनु–जानु मान्यो, उहीं भ्रम भयो। जसरी नेत्रवृत्ति गएर पदार्थसँग ठोकिई फर्केपछि त्यस पदार्थको ज्ञान हुन्छ, पदार्थमा नेत्रवृत्ति ठोकिएपछि आफ्नो मुख देखिन्छ, त्यसरी नै ज्ञान वृत्यारूढ भएर कहीं जाओस् त केहीमा ठोकिएर नफर्कोस् र बुद्धिमा ज्ञेयको उपस्थिति नै हुनेछैन। ज्ञेयसँग ठोकिई फर्केपछि नै बुद्धिमा ज्ञेयको उपस्थिति हुन्छ। यो ठक्कर खाएर फर्केको ज्ञान विपरीत ज्ञान भयो। विपरीत ज्ञानको अर्थ हो– हामी जे देख्छौं, ज्ञानको विपरीत देख्छौ। यो नै भ्रान्तिज्ञान हो। **द्वैतप्रपञ्चस्य अविद्यया कृतत्वत्** अर्थात् यो द्वैत–प्रपञ्च अविद्याबाट गरेको हो र सत्य प्रतीत हुन्छ। त्यसो भए के अद्वैत ज्ञान हुँदा यो प्रपञ्च हराउँछ ? होइन, यो संसार, यो प्रपंच सब जस्ताको तस्तै रहन्छन्। यो प्रपञ्च अविद्याद्वारा बनेको हो, अतः विद्याद्वारा मेटिन्छ। वस्तुबाट बनेको वस्तु कर्मद्वारा मेटिन्छ अज्ञानबाट भएको वस्तु ज्ञानद्वारा नै मेटिन्छ, कर्मद्वारा होइन।

ब्रह्मविद्याको अर्थ हो अनन्त विषयक विद्या। अनन्तको ज्ञान नहुनाले यो प्रपञ्च ठोस सत् प्रतीत हुन्छ। यस अविद्यालाई हटाउन स्वरूपज्ञान आवश्यक छ। अतः स्वरूपभूत ब्रह्मज्ञान प्रकाशित गर्नु नै सबै शास्त्रको प्रयोजन हो। अज्ञानबाट जुन वस्तु हुन्छ, त्यो वस्तुतः हुँदै–हुँदैन। जब हामीले थाहा पायौं – आत्माबाहेक अर्को वस्तु छैन, अनि कुन कारणद्वारा कसलाई हेर्ने। जति भेदज्ञान छ सारा औपाधिक हो। उपाधि त्यसको व्याधि र समाधि जो नजिकै बसेर आफ्नो गुण अरूमा राख्छ, त्यसको नाम हो उपाधि। जस्तो दर्पण वा स्फटिकछेउ रातो फूल राखिदिने हो भने दर्पण वा स्फटिक पनि रातो देखिन्छ। यो रातो फूल जसले स्फटिकलाई रातो देखाइरहेको छ, उपाधि भयो। स्फटिकमा यो रातो आयो उपाधिको व्याधि भयो। यस्तै समाधि के हो ? कार्यलाई कारणमा लीन गर्नु। शरीर माटाले बनेको थियो, अतः माटामा गाडियो भने देहको समाधि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्तका श्रोता – यहाँ विशेष रूपले बुझ्नुपर्ने के छ भने वेदान्तको सिद्धान्त श्रोताले झटपट जानिहाल्छ भन्ने आशा गर्नु हुँदैन, किनभने आजसम्मको उसको अभ्यास भोग वा विषयलाई बुझ्ने नै रहेको छ। केवल सत्यकै ज्ञानको लागि उसले प्रयत्न गरेको छैन। अतः यस्ता श्रोतालाई अनेक प्रकारले एउटै कुरा बुझाउनुपर्ने हुन्छ। जसले पर्याप्त समयसम्म धर्मानुष्ठान गऱ्यो, उपासना गऱ्यो, स्वाध्याय गऱ्यो, सत्सङ्ग गऱ्यो, उसले झैं सामान्य श्रोताले झट्ट वेदान्तको विषय बुझ्ने भन्ने आशा गर्न सकिंदैन। उसलाई यो बुझ्न अवश्य बेर लाग्छ। परन्तु श्रवणले जिज्ञासुको ग्रन्थिभेद हुँदै जान्छ, अर्थात् जहाँ बुझ्न सकिएको थिएन, जहाँ केही संशय थियो, त्यो हटेर जान्छ। जसको चित्तमा जिज्ञासा छैन, तिनमा जिज्ञासाको उदय हुन्छ। सामान्य श्रोता ढिलो बुझ्छन् भनेर श्रवणमनन् बन्द गर्नुहुँदैन, गरी नै रहनुपर्छ।

प्रथम–प्रथम भूमिकाहरूमा श्रोता साधक स्थितिविशेष चाहन्छन्। सोच्नुपर्छ– अभीष्ट स्थितिको कुनै आकार छ वा छैन। छैन भने त्यसको कल्पना किन गर्छौ ? यदि छ भने निर्विशेष सत्य तिमीले चिनेनौ। निर्विशेष अभीष्ट छ भने त्यो यस समयमा छैन भन्ने किन मान्छौ ?

विवेकी पुरुष आध्यात्मिक तत्त्वलाई देखेर तथा बाह्य तत्त्वको पनि अनुभव गरी यत्त्वीभूत र तत्त्वमा नै रमण गर्ने भएर आफू तत्त्वबाट अप्रच्युत होओस्। आत्मा सर्वदा एकरूप छ र त्यसको स्वरूपबाट च्युत हुनु पनि संभव छैन। अतः उ सदैव 'म ब्रह्म हुँ' भन्ने निश्चय गरी तत्त्वबाट च्युत नहोओस्। विचारणीय के छ भने कुनै स्थिति प्राप्त हुन्छ भने कहाँ हुन्छ ? अन्तःकरणमा। तिमीले अन्तःकरणको अनात्मकता, मिथ्यात्व, विकारित्वको निश्चय गरिसकेका छौ भने अन्तःकरणको स्थितिविशेषको आग्रह किन ? स्थिति तिम्रो कुनै प्रयत्नले हुन्छ भन्ने सोच्दैमा के तिमी कर्ता वा अकर्ता बन्यौ ? कुनै आनन्द, जुन अहिले छैन, त्यो पाउनुपर्छ भन्ने तिमी ठान्छौ भने भोक्ता बन्यौ कि बनेनौ ? विचार त कर्तृत्वभोक्तृत्व हटाउको लागि हो। कर्तृत्वभोक्तृत्व अज्ञान कल्पित हो।

त्यो अज्ञान के हो ? –

आत्मा विनिष्कलो ह्येको देहो बहुभिरावृतः।
तयोरैक्यं प्रपश्यन्ति किमज्ञानमतः परम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा सर्वदा कलारहित र एक छ तथा देह अनेताहरूले घेरिएको छ, किन्तु मानिसहरू यी दुइलाई एक ठान्छन् । यसभन्दा ठूला अज्ञान अरू के होला । जसरी धातु, औषधि आदिको शोधप्रणाली हुन्छ, त्यसरी नै आत्माको पनि शोधप्रणाली छ । त्यो के हो भने सृष्टिका दुइ विभाग गरौ–पहिलो म र दोस्रो यो संपूर्ण, जगत् जुन योको रूपमा प्रतीत हुन्छ । संसारमा जे–जति योको रूपमा प्रतीत हुन्छ त्यो म होइन, जुन मको रूपमा प्रतीत हुन्छ । यो होइन यो अनेक हुन्छ, म अनेक हुँदैन, अनेकताको ज्ञाताको नाउँ म हो । जे-जति योको रूपमा जानिन्छ, त्यो जड हुन्छ, त्यसलाई जान्ने चेतन हुन्छ । यो जड हो र म चेतन हुँ । यो परिवर्तनशील छ म अपरिवर्तनीय । यसप्रकार इदम् र अहम्लाई पृथक-पृथक् गर्ने शैली नै आत्मज्ञानको शैली हो ।

आत्मा र अज्ञान तथा भ्रान्ति – आत्मा शब्दका चार अर्थ छन् –

येनेक्षते शृणोतीदं जिघ्रति व्याकरोति च ।
यच्चाऽऽप्नोति यदादत्ते यच्चात्ति विषयानिह ।
यच्चास्य सन्ततो भावस्तस्मादात्मेति कथ्यते ॥

१. जो देख्छ, सुन्छ, बोल्छ, सुँघ्छ र छुन्छ अर्थात् जो शब्द-स्पर्श -रूप–रस–गन्धादि विषयहरूको अनुभव गर्छ त्यो आत्मा हो । हामी आफ्नो गोरो–कालो रंग, दुब्लो-मोटोपन, मनको शान्ति-अशान्ति आदि त चिन्दछौं, किन्तु जो सबैभित्र बसेर यी सबैलाई चिन्दछन्, उनलाई चिन्दैनौ । त्यही आत्मा हो ।

२. इन्द्रियद्वारा शब्द-स्पर्श-रूप-रस-गन्धको ग्रहण नगरे तापनि सपनामा यी सबै विषयहरूको कल्पना आफैले गरेर त्यसको अनुभव गर्ने आत्मा हो । जे सपना देखिन्छ, त्यो तिमी होइनौ, जो सपना देख्छ, त्यो तिमी हौ । तिमी साक्षी चेतन हौ ।

३. सुषुप्तिमा जसलाई जाग्रत्-स्वप्नको नहुनु ज्ञात हुन्छ त्यो आत्मा हो । यस अवस्थामा एउटा विशेषता यो छ – संसारको कुनै भोग, कुनै बस्तु नरहँदा पनि आनन्द रहन्छ, 'बडो राम्ररी सुते' भन्ने अनुभव हुन्छ । जाग्रतमा हामी खालि विद्यमान पदार्थ-हरूलाई देख्दछौं र त्यसबाट आफ्नो सुखःदुःख मान्दछौं । सपनामा हामी नै पदार्थहरू बनाउँछौं र तिनबाट सुख-दुःख पनि मान्दछौं । जाग्रतमा सद्वासना रहेमा सपनामा स्वर्गको सुख मिल्न सक्छ । अभ्यास गरेर जाग्रतमा सुषुप्ति जस्तो अवस्था बनाए समाधि सिद्ध हुन्छ; जो यस्तो सुषुप्तिको अनुभव गर्छ त्यही आत्मा हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. जाग्रत्-स्वप्न-सुषुप्ति तीनै अवस्थाहरूमा जो समान रहन्छ, जो तीनै अवस्थाहरूको अनुभव गर्ने हो, त्यो म हुँ। त्यही आत्मा हो। यो आत्मा निष्कल छ-आत्मा कलाले रहित छ। हामी चेतन व्यक्ति होइनौ, चेतन तत्त्व हौं। जड देहको जन्म-मरण हुन्छ, लोक–लोकान्तरमा व्यक्ति जान्छ। चेतन तत्त्वमा एक रस रहन्छ। आफूलाई चेतन तत्त्व मानेमा त व्यक्तित्वको दुःख मेटिन्छ। आत्मा कण-कण, कला कला होइन, यो एक चेतन तत्त्व हो। आत्मामा कला छ भने त्यो पनि ज्ञात हुनेछ, अनि त्यो अनात्मा हुनेछ। अतः आत्मामा कला हुनु संभव छैन। देह त प्याज समान हो, पत्र-पत्र छोडाउँदै जाऊ एक माथि अर्को पत्र चढेको छ। यिनीहरूलाई छोडाउँदै जाँदा त्यो नै शेष रहन्छ, जुन सबैको द्रष्टा हो। यी अनेक तत्त्वहरूबाट बनेको देहलाई म संझे यो भन्दा ठूलो अज्ञान के होला ? देहलाई म संझनु, पित्तलाई सुन संझनु हो र आत्मा-लाई देह संझनु पनि त्यही मूर्खता हो। आत्मालाई देह संझनु नै महान् मूर्खता हो। देहसँग आफ्नो मलाई मिलाउनु हुँदैन।

शरीरमा म कहाँ छ ? थालमा भोजन राखिएको छ। त्यही भोजन पेटमा पुग्नासाथ म हुन पुग्छ, तर वमन भएर भोजन पेटबाट बाहिर आएपछि म रहँदैन। म आँखा होइन, आँखाले देख्ने हुँ। म हात होइन, हातले काम गर्ने हुँ। हात उठाउँदा कहिले सुख हुन्छ, कहिले हुँदैन। अतः हामी आनन्दमय कोश पनि होइनौ। हात वशमा होओस् र बुद्धि वासनालाई साथ नदेओस् त वासना उत्पन्न भएर मर्छ। यो वासना काट्ने उपाय हो वासना उठ्दा धर्म शरीरलाई रोक्छ। वासना असल खराब के हो, त्यसको निर्णय बुद्धिले दिन्छ। बुद्धिमा कर्ता बसेको छ। मनोमय कोश-मा वासना उठ्छ। कर्ता विज्ञानमयमा कोशमा रहन्छ। यी सबै कोशहरूको नियन्ता यस भित्रको चैतन्यमय आत्मा हो। देहदेखि लिएर आनन्दमय कोशसम्म सबै बाह्य, नियम्य, जड एवं अनात्मा हो।

जो यी पाँच कोशलाई र आत्मालाई एक देख्छ, कोशहरूलाई नै आत्मा मान्छ, त्यो त म्यानलाई नै तरबार मान्ने जस्तो हो। यो भन्दा ठूलो अज्ञान अरू के हुन सक्तछ ? यस देहलाई नै म मानिरह्यो भने जन्म–मृत्यु, पाप–पुण्य, राग–द्वेष, सुख--दुःख र नरक–स्वर्गले हामीलाई पच्छयाउन छाड्दैन। आत्मामा यो नियन्तृ नियम्यभाव तथा आन्तर–बाह्यभाव पनि औपाधिक नै हो, वास्तविक होइन, किनभने --

आत्मा ज्ञानमयः पुण्यो देहो मांसमयोऽशुचिः।
तयोरैक्यं प्रपश्यन्ति किमज्ञानमतः परम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा ज्ञानस्वरूप हो अतः पवित्र छ । देह मांसमय छ, अतः अपवित्र छ । यी दुवैको एकत्व देख्नुभन्दा ठूलो अज्ञान अरू के होला? जबसम्म देहमा म हुन्छ, तबसम्म दुःखी हुन्छ । देहमा मपन हुनाले नै जन्म–मृत्यु–जरा-व्याधिको दुःख भोग्नु पर्ने हुन्छ। वस्तुतः हाम्रो मृत्यु कहिल्यै हुँदैन, मृत्यु शरीरको हुन्छ, शरीर त वस्त्र हो।

आत्मा स्वभावले नै ज्ञानमय छ, पवित्र छ । अज्ञानले नै आफू-(आत्मा)-मा तीतो र मीठोको भान भइरहेको छ, विचारद्वारा यसलाई छाड्नुपर्छ। अनादि संस्कारद्वारा प्राप्त पञ्चभूतमा वीजत्व छ र अनादि अज्ञानद्वारा चेतनामा जीवत्व । ज्ञानद्वारा आफूलाई द्रव्य, देह, काल र संस्कारले रहित, सजातीय, विजातीय एवं स्वगत भेदले शून्य 'अखण्ड अद्वितीय ब्रह्म जानेपछि' संस्कारयुक्त वीजभावमा प्राप्त म जीव चैतन्य भएँ' भन्ने भ्रान्ति निवृत्त हुन्छ ।

जसलाई संपूर्ण अज्ञानको निवृत्ति तथा स्वरूप-ज्ञानको प्राप्ति इष्ट छ, जन्म-मरणको निवृत्ति अमृतत्त्वको प्राप्ति इष्ट छ, जो परिच्छिन्नताको द्वन्द्वबाट मुक्ति चाहन्छ, उसले तत्त्वज्ञानको लागि यत्न गर्नुपर्छ । उसले यसरी बारम्बार देहदेखि आत्माको पृथक्ताको विचार गर्नुपर्छ –

आत्मा प्रकाशकः स्वच्छो देहस्तामस उच्यते ।
तयोरैक्यं प्रपश्यन्ति किमज्ञानमतः परम् ॥

आत्मा प्रकाशक हो र स्वच्छ छ तथा देह तामस भनिएको छ, यी दुइलाई एउटै देख्नु महान् अज्ञान हो ।

प्रकाशकको अर्थ हो ज्ञापक । प्रकाशक त्यही हो । जसलाई सबै ज्ञात हुन्छ । अध्यात्मको अर्थ हो–शरीरभित्र । बालक बल्बलाई नै प्रकाश संझन्छ, तर बल्ब त एक खोल हो, त्यसभित्रको प्रकाश बिजुलीको हो । यो स्थूल देह बल्ब झैं छ । अन्तःकरण यस्तो छ जस्तो बल्बभित्र पाइने दुईटा तार। यसमा प्रकाश वा विद्युत् आत्मा हो ।

प्रकाशक शब्द काश दीप्तौ धातुबाट बनेको हो । यसको अर्थ हो-दीप्त अर्थात् ज्ञानस्वरूप । हृदयको अर्थ रगत फ्याँक्ने मांसपिण्डविशेष होइन । **हरति आहरति संस्कारानीति** हृत् जो संस्कारहरूलाई पदार्थ, क्रिया आदिबाट लिएर आफूमा राख्छ, त्यस संस्कारको नाम, त्यो संस्कारयुक्त ज्ञानको नाम हृदय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूभित्र आए-गएका संस्कारहरूलाई अलग्ग गरेर हेर्दा ज्ञात हुन्छ - आत्मा प्रकाशक हो। शरीरलाई आत्मा मान्यौं भने आत्मा नै अपवित्रताको घर हुन्छ, तर आत्मा शरीरसँग संपृक्त छैन, अतः स्वच्छ छ । मन पनि स्वरूपतः स्वच्छ नै छ, तर त्यसको प्रकृति यस्तो छ - त्यो जुन विषयलाई ग्रहण गर्छ, त्यस्तै भइदिन्छ। जस्तो आँखा न पवित्र छ, न अपवित्र। दृष्टि पवित्र बस्तुमा परे पवित्र र अपवित्र बस्तुमा परे अपवित्र हुन्छ। त्यस्तै मन पनि एउटा करण मात्र हो। उसको काम खालि प्रकाशित गर्नु हो। लालटिन चोरलाई देखाउँदैमा चोर अथवा साधुलाई देखाउँदैमा साधु हुँदैन। मन खराब संकल्प आउँदा खराब र असल संकल्प आउँदा असल हुन्छ। ऐनामा साधु, डाँकु, मोटर वा धूलो-कसिङ्गर जेसुकै देखिए तापनि, ऐना त स्वच्छ छ। यसरी नै आफ्नो ज्ञानस्वरूपको पनि विवेक गर्नुपर्छ। ज्ञान नित्य स्वच्छ छ। **प्रकाशं मे निजं रूपम्** (मेरो निज रूप प्रकाश हो), यसमा कहिले सुख आउँछ त कहिले दुःख –

कस्यैकान्तं सुखमुपगतं दुःखमेकान्ततो वा ।
नीचैर्गच्छत्युपरि च दशा चक्रनेमिक्रमेण ॥

कालिदासले भनेका छन् – कसलाई जीवनमा खालि सुख नै सुख अथवा दुःख नै मिलेको छ। जस्तो रथको पाङ्ग्राको एक भाग कहिले माथि जान्छ, कहिले तल, त्यस्तै नै उन्नति–अवनतिको चक्र जीवनमा चलिरहन्छ। आफ्नो यस प्रकाश स्वरूपमा हामीले सुखलाई रोक्न चाहें त त्यसले हाम्रो ऐना फोरिदिन्छ र हामीलाई पछारेर जान्छ। दुःख–सुखको आउनु–जानु अविद्या–परंपरामा छैन, सुख–दुःखद्वारा राग–द्वेष हुनु, त्यसमा अभिमान हुनु वा हीनताको भान हुनु अविद्या हो। सुख-दुःखको भास हुनु त ज्ञान हो। मेरो आफ्नो स्वरूप त प्रकाश हो। देश–काल–वस्तु सबै मलाई ज्ञात भइरहेछन्। परिच्छिन्नताको ज्ञान मलाई हुन्छ। अतः म यिनीहरू-देखि अलग्ग छु, यिनीहरूदेखि असंस्पृष्ट, स्वच्छ छु, सुख–दुःख, राग–द्वेष, पाप–पुण्यले ज्ञानलाई छुँदैन। ज्ञान यिनीहरूको प्रकाशक हो, अतः स्वच्छ छ।

देह अनित्य छ। देह तामस हो अन्धकाररूप हो। देहलाई म मान्नु नै मृत्यु हो। बाघले झैं आएर मृत्यु कसैलाई खाँदैन। आफूले आफूलाई नचिन्नु नै जडता हो, तम हो। यस देहलाई म ठान्नुभन्दा ठूलो अज्ञान अरू के होला ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मानित्य छ, सृष्टि अनित्य छ। यस प्रकार सधैँ रहिरहने वस्तु आत्मा र नरहने देहलाई एक संझनु अविवेकको पराकाष्टा हो ।

आत्माको प्रकाशरूपत्वमा पदार्थहरू छन् वा छैनन् भन्ने पनि ज्ञात हुन्छ। जुन आँखाबाट प्रकाशको ज्ञान हुन्छ तिनै आँखाबाट प्रकाश नहुनुको पनि ज्ञान हुन्छ। जाग्रत्मा जसबाट संसार भएको थाहा हुन्छ, सपनामा जसलाई सपनाको ज्ञान हुन्छ, सुषुप्तिमा जसलाई जाग्रत् एवं स्वप्नको अभाव ज्ञात हुन्छ, त्यो पदार्थविभासक आत्मा हो । हामी नै नभए ज्ञान कसलाई हुन्छ ? यसको अर्थ हो–हामी र ज्ञान एक हौँ । हामी नै ज्ञानस्वरूप हौँ । यहाँ यो पनि बुझ्नुपर्छ– आत्मा आगो अथवा विद्युत् आदिको प्रकाश जस्तो प्रकाश होइन, यो ज्ञानात्मक प्रकाश हो ।

आश्चर्य छ– यसप्रकार ज्ञानस्वरूप भएर पनि मनुष्यले 'म देह हुँ' भन्ने दुराग्रहलाई अनादि अज्ञानले गर्दा धारण गरेको छ । आत्माज्ञानस्वरूप भएर पनि मूढ जस्तो भयो, देहलाई आत्मा मानेर त्यसमा अलमलियो । शरीर मेरो हो भन्ने कुरा त स्पष्ट समझमा आउँछ। यसको तात्पर्य हो, तिमी शरीर होइनौ शरीरी हौ।

जुन देहलाई लिएर मनुष्य सारा अनर्थ गर्दछन्, त्यो थोरै दिनको हो । यस जीवनदेखि पर पनि केही सत्य छ । त्यस सत्यको खोजी नगर्नाले नै जीवनमा सबै पाप हुन्छन् । यस सत्यमा भेद जुन देखिन्छ, त्यो त संस्कारभेदबाट भएको हो। एक संस्कारबाट राम र अर्कोबाट श्याम; तर चैतन्य के हो ? यो उपादन नजानेसम्म संघर्ष समाप्त हुँदैन । आफूलाई सद्रूप मान्यौ भने हामी मृत्युबाट बच्छौँ, चिद्रूप मान्यौं भने अज्ञानदेखि बच्छौं, आनन्दरूप मान्यौ भने दुःखदेखि बच्छौं, तथा अद्वितीय मान्यौ भने संघर्षदेखि बच्छौँ । जब अर्को छँदैछैन भने लड्ने कोसँग ? अतः शरीर हामी होइनौ। शरीरदेखि बेग्लै जुन जीवनतत्त्व छ त्यसलाई जान्ने प्रयत्न गर्नुपर्छ। ज्ञान– 'अब ज्ञान के हो, त्यसको स्वरूप के हो ?' भन्नेबारे विचार गरौं। लौकिक ज्ञानीजन जेलाई ज्ञान भन्छन्–मान्दछन् त्यो ज्ञान होइन । हामी जुन जानकारीको बलमा ज्ञानको अभिमान गर्छौँ, त्यो वास्तवमा ज्ञान होइन । विद्वान्हरूले जसलाई ज्ञान भनेका छन्, त्यसलाई बुझ्ने प्रयत्न गर्नुपर्छ। मायाभन्दा माथि पनि केही छ। मायाभन्दा माथि ईश्वरको त्यो रूप जान्नुपर्छ। त्यो ईश्वरको स्वरूपको ज्ञान नै ज्ञान हो। देहको ममत्व त्यागेर अखण्ड अद्वितीय देश--काल--वस्तुदेखि अपरिच्छिन्न चैतन्यलाई आत्मारूपले जान्नु नै वास्तविक ज्ञान हो । भनिएको पनि छ---

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मैवाऽहं समः शान्त सच्चिदानन्द लक्षणः ।
नाऽहं देहो ह्यसद्रूपो ज्ञानमित्युचते बुधैः ॥

म सम, शान्त सच्चिदानन्द स्वरूप ब्रह्म हुँ । म असद्रूप देह होइन । यसैलाई बुद्धिमान् मानिस ज्ञान भन्दछन् ।

मृत्यु, भय दुःखको जड आत्म देहदेखि भिन्न– यस संसारमा सबै दुःखको जड मृत्यु हो । सबै डर यसैमा समाविष्ट भएको छ । यसबाट भयभीत भएका जिज्ञासुहरू महात्माको शरणमा जान्छन् । यस विषयमा सन्त महात्मा यही भन्छन्– 'मृत्युलाई रोक्नु त हाम्रो हातमा छैन, हो, मृत्युको भय हामी अवश्य मेट्न सक्छौँ । मृत्युदेखि बचाउने आस्वासन तिनोहरू दिँदैनन् । उनीहरू भन्छन्– जसरी जन्म जीवनको सत्य हो, त्यसरी नै मृत्यु पनि जीवनको सत्य हो । जसरी जाग्रत, स्वप्न र सुषुप्ति जीवनका एक अवस्था हुन् । त्यसरी नै मृत्यु पनि जीवनको एक अवस्था हो । तिमी सुत्दा डराउँदैनौ त मर्दा किन डराउँछौ ? जसरी सुतेर उठ्दा संसार ज्यूँका त्यूँ पाउँछौ, त्यसरी नै मृत्युपछि उठ्दा पनि संसार जस्ताको तस्तै पाउँछौ । यस कुरामा विश्वास छैन त्यसैले मृत्युमा डर छ । मृत्युको डरदेखि मुक्त हुनु नै मृत्युदेखि मुक्त हुनु हो । तिमी शरीरलाई ज्यादै महत्वपूर्ण मान्छौ, यसैले त्यसलाई बचाउन चाहन्छौ । शरीरको मोह छाडिदेऊ डराउने त कुनै कारण छैन ।

जीवलाई ब्रह्म हुनमा तथा परमानन्द–प्राप्तिमा त्यसको दुराग्रह नै सबैभन्दा ठूलो बाधा हो । एउटा महात्मासँग कसैले सोधे – जीवलाई ब्रह्म हुनमा के कठिनाई छ ? उनले उत्तर दिए– कुनै हिन्दूलाई मनुष्य हुनमा जुन कठिनाइ तपाईंलाई लाग्छ । हेर, मनुष्य त्यो हो नै । देहमा म रहेको ठान्नेहरू आफूलाई हिन्दू, मुसलमान, बौद्ध, जैन, अथवा युरोपियन वा एसियन मान्छन्, तथा परस्परमा झगडा, विरोध गर्छन् । आफूलाई मनुष्य मान्दा परस्परमा प्रेमभावनाको विकास हुन सक्छ । त्जीवको जीवत्व संस्कारयुक्त छ, संस्कार हाली-हालीकन यसलाई जीव बनाइएको छ । चार्वाकमत मान्नेहरू द्रव्यमा जीवत्व मान्छन् । उनीहरूको मान्यता छ–शरीर मऱ्यो त जीवत्व पनि नष्ट भयो । बौद्धहरू कालमा जीवत्व मान्छन् । जैनहरू देशमा जीवत्व मान्छन् । वैदिक मतकाहरू द्रव्य, देश, काल तीनौटैको प्रधानताद्वारा जीवत्वको प्रतिपादन गर्छन् । यसमा लोक लोकान्तरमा जानु अर्थात् देश पनि छ, विभिन्न लोकमा रहने काल पनि छ र संस्काररूपमा द्रव्य पनि छ, तर आत्मा यी सबैभन्दा विलक्षण छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकृतिलाई छाडिदियौं र त्यसको उपादानलाई पक्रयौं भन्ने सत्ता प्राप्त हुन्छ। वृत्तिहरूलाई छाडेर त्यसको साक्षीलाई चिन्यौं भने ज्ञानप्राप्ति हुन्छ। हामी आकृतिहरूले रहित सन्मात्र हौँ। हामी वृत्तिहरूको साक्षी चिन्मात्र हौँ। हामी सुख-दुःखको अभिमानले रहित आनन्दमात्र हौँ। यस सन्मात्र, चिन्मात्र, आनन्दमात्रमा देश-काल-वस्तुको गम्य छैन, अतः यी एक हुन्। यिनमा जडता छैन। यो अद्वय तत्त्व हो।

अहंबुद्धि – सबै मतमा तीन कुराको विचार हुन्छ – जगत् के हो? जीव के हो? र जीवभन्दा पर के छ? यसको विचार पनि त्यस बेलासम्म हुन्छ, जबसम्म अहंबुद्धि रहन्छ। अब अहंबुद्धिबाट बुद्धिलाई छाडिदिऊँ, अहम् रहन दिऊँ। अब अहं-बाट हम् छाडौँ अ रहन दिऊँ। **हन्ति हन्यत इति हम्**–जो मार्दछ र मारिन्छ त्यो हम् भनिन्छ। अ + हम् = जो न मार्दछ न मारिन्छ। **नाऽस्ति हं यत्र** – जेमा हम् छैन त्यो अहम्। हं आकाश बीज हो, त्यो हंबीजोपलक्षित आकाश जहाँ छैन त्यो अहं हो।

विश्व, तैजस, विराट्, हिरण्यगर्भ र प्राज्ञ :– देहको उपाधिले चैतन्यको नाम विश्व हो। देहारूढ वा चिदाभासको नाम विश्व होइन। मनमा आवेश भएको वा आभासको नाम तैजस होइन, मनोवच्छिन्न चैतन्यको नाम तैजस हो। देहसदृश समष्टिदेखि अवच्छिन्न चैतन्य विराट्, मनः सदृश समष्टिदेखि अवच्छिन्न चेतन हिरण्यगर्भ र अज्ञानावच्छिन्न चेतन प्राज्ञ हो। यी उपाधिहरूलाई अपवाद गरिदिए वा छाडिदिए न एक अखण्ड चेतन नै रहन्छ। यसको आफ्नो अखण्डतामा उपाधि उपहितको भेद छैन।

अहमेव ब्रह्म, ब्रह्मैवाऽहम् – जब भन्दछौँ – 'अहमेव ब्रह्म' तब शंका हुन्छ-भावना गरिरहेछ, अनि भन्दछौं – **ब्रह्मैवाऽहम्**। यो पनि कार्य - कारणको अभेद बताइरहेछ। जस्तो कोही भन्दछ – माटो घडा हो। यी दुवै प्रकारका शंकाहरूको निवृत्तिको लागि दुवै प्रकारले भनिन्छ। जस्तो श्रीमद्भागवत्मा भनिएको छ– **अहं ब्रह्म परं धाम ब्रह्माऽहं परमं पदम्।**

मेरो पहिचान हो – म सच्चिदानन्द हुँ। म स्वयं आफूलाई प्रिय छु त्यसैले कुनै इष्ट बस्तु मलाई प्रिय हुन्छ। अरूको सत्ताभान हुनु र प्यारो हुनु मद्वारा नै हुन्छ। अरूको सत्ता मसँग सापेक्ष हुन्छ। मेरो सत्ता निरपेक्ष छ। अरूको ज्ञान मसंग सापेक्ष छ, तर मेरो ज्ञान निरपेक्ष छ, अरूको प्रियता मसँग सापेक्ष छ, मेरो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियता निरपेक्ष छ। म हुनु, मैले जान्नु तथा मेरो प्रियतालाई अरूको अपेक्षा छैन। यो सच्चिदानन्द हामीबाट अर्कामा जान सक्छ, तर अरूबाट हामीमा आउन सक्तैन। संस्कार सबै देश -कालको सम्बन्धले बदलिइरहन्छ, भूगोल बदलिन्छ, खगोल पनि बदलिन्छ, मनको प्रमाद–विषाद पनि बदलिइरहन्छ किन्तु म एकरस रहन्छु।

ब्रह्म परिच्छेदको अभावले उपकल्पित सत् हो। देश-काल बस्तुको भान भए-पनि यसबाट ब्रह्म परिच्छिन्न छैन। यस्ता आफ्नो स्वरूप छ। कुनै भावसँग यसको तादात्म्य छैन। यो आत्मा सम छ। यसमा हिन्दू, मुसलमान, पशु-पक्षी, देव-दानव आदिको भेद छैन। यो मेय (जुन प्रतीत हुन्छ)) माता (जसलाई प्रतीत हुन्छ) र मान (जेबाट प्रतीत हुन्छ) तीनैमा सम छ।

आभासवादीहरू भन्छन्– अन्तःकरणको वृत्तिमा आभास चैतन्य हुन्छ। त्यो प्रमाणवृत्तिमा आरुढ भएर प्रमेयावाच्छिन्न चैतन्यसित जब एक हुन्छ, अनि वस्तुको ज्ञान हुन्छ।

अवच्छेदवादीहरू भन्छन्– जब तिमी प्रमेयमा चैतन्यको आभास मान्दैनौ, प्रमेयावच्छिन्न चैतन्यको ऐक्यलाई नै मानेर व्यवहारको निर्वाह गर्छौं, तब प्रमाणवृत्तिमा तथा अन्तःकरणमा आभास किन मान्दछौ, अन्तःकरण वच्छिन्न चैतन्य प्रमाणावच्छिन्न चैतन्य औ प्रमेयावच्छिन्न चैतन्यको नै सम्बन्ध किन नमान्ने ? बीचमा आभास र प्रतिबिम्ब किन ल्याउने ?– सम र शान्तको अर्थ हो मनमा पनि त्यही, अन्तःकरणमा पनि त्यही र घटना पनि उही निर्विकार रूपमा हुनु।

कामक्रोधादि विकार हटाउन सकिन्छन्– मनमा काम, क्रोध, लोभ वा मोह आउँछ त केही समयको लागि आउँछ। त्यसको एक सीमा हुन्छ। हामी त्यो विकार आउनुभन्दा पहिले पनि थियौं र मनबाट त्यो निक्लेर गएपछि पनि रहन्छौं। हामी आफैं विकारी छैनौं। मनमा कसैसँग ज्यादै रीस उठ्यो र त्यसै बेला कसैले त्यसै भनिदियो– "तिम्रो सानो छोरो जल्यो" त के क्रोध रहिरहन सक्छ ? मनमा प्रबल काम उठ्यो, तर जब हामी कोठामा पुग्यौं त कसैले भनिदियो– "बिछ्यौनामा सर्प छ–" तब कामको वेग तत्काल नै समाप्त हुन्छ। यो आउने जाने विकार खालि नाम रूप हो। नाम र रूप दुवैको कुनै भार हुँदैन।

मान्छे प्रायः देह र देहका सम्बन्धीहरूको लागि नै सब अन्याय गर्छ, तर बुझ्दैन– देह स्वयं असद्रूप हो। देह सत्ताहीन-असद्रूप, ज्ञानहीन-अचिद्रूप र अशान्त-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असमरूप हो । यस्तो देह म होइन । म त सच्चिदानन्द हुँ । यस प्रकारको निश्चयलाई बुद्धिमान्‌हरू ज्ञान भन्छन् ।

सम भनेर विषमताको र शान्त भनेर अशान्तिको आफ्नो स्वरूपमा निषेध गरेर अब बिकार, आकार, दोष, एवं क्षयको निषेध गर्दछन्–

निर्विकारो निराकारो निरवद्योऽहमव्ययः ।
नाऽहं देहो ह्यसद्रूपो ज्ञानमित्युचते बुधैः ॥

म निर्विकार, निराकार निरवद्य र अव्यय हुँ । म असद्रूप देह होइन । बुद्धिमानहरू यसैलाई ज्ञान भन्छन् । जो आफूलाई देह मान्छन् तिनीहरू या त ईश्वर-लाई नै मान्दैनन् या उनलाई आफूसदृश नै मान्छन् । मान्छे अरूको विषयमा केही भन्छ भने उ आफ्नै स्थितिको सूचना दिन्छ । असल-खराब आफ्नै दृष्टिकोणको भेद हो । आत्मा निर्विकार छ । विकारको अर्थ हो बिग्रनु, कुहिनु । मनमा काम आउनु विकार हो । भगवान् शिवको ध्यान-प्रलयंकर रूद्रको ध्यानले कामलाई निवृत्त गरिदिन्छ । क्रोधमा निवर्तक हो भगवान् विष्णुको ध्यान ।

विकार, संस्कार, आकार र प्रकार– मृत्यु, बुढचाइँ आदि सबै विकार हो । स्वयं देह नै विकार हो । यौवन र वार्धक्य शरीरमा मात्र होइन मनमा पनि आउँछ । युवावस्थाको मन र बुढचाइँको मन उस्तै हुँदैन । बृद्ध पुरुषको मन आलस्य एवं मोहले युक्त हुन्छ । आत्मामा यो विकार छैन । विकार स्वयं हुन्छ, तर संस्कार बनाइन्छ । आकार कर्मानुसार प्राप्त हुन्छ । प्रकार स्वभाव अनुसार हुन्छ । हामी यी विकारहरूबाट मुक्त हुनु आवश्यक छ, यी आकार-प्रकारादिदेखि तटस्थ रहनु आवश्यक छ । सधैँ धारणा बनाइराख- म आकाररहित हुँ, अतः निर्विकार हुँ ।

तिमी निरवद्य छौ । अवद्यको अर्थ हो पाप । त्यो तिमीमा छैन ।

हाम्रो हृदयमा जुन चैतन्य छ, त्यो यमराज अर्थात् कर्म निर्णायक हो । त्यो देव यस देहमा रहेर नै हाम्रा कर्महरूको निर्णय गर्छ । उसको दृष्टिमा अर्थात् स्वयं आफ्नो दृष्टिमा हामी पवित्र बने त गङ्गास्नान गर्नु वा कुरुक्षेत्र जानु आवश्यक छैन । जसरी हामी अरूलाई तौलन्छौँ, त्यसरी नै आफूलाई तौलन पनि विवश छौँ – जुन काम गर्दा तिमी आफ्नो दृष्टिमा नै गिर्दछौँ, त्यस्तो काम कहिल्यै नगर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चय गर– म असँग चेतन हुँ, म व्यापक परिपूर्ण हुँ । मसँग कर्मको कुनै सम्बन्ध छैन । यस तत्त्वज्ञानको व्यक्तित्वमा स्थित आकृति-विकृतिको अहंभाव नष्ट हुन्छ । त्यो आत्मदेव आँखा झिम्काई सबै हेरिरहेको हुन्छ । म आत्मा हुँ ममा कुनै कर्म छैन, अनि अवद्य कहाँबाट हुन्छ ।

एक सेठको दृष्टान्त (पृष्ठ ३८६) बाट ज्ञात हुन्छ जबसम्म अभिमान-पूर्वक कर्मलाई स्वीकार वा अस्वीकार गरिन्छ, तबसम्म कर्म छुट्दैन । जबसम्म व्यक्तित्व छुट्दैन, तबसम्म कर्म पनि छुट्दैन र यो व्यक्तित्व छुट्छ आफ्नो स्वरूपको ज्ञानले । निष्पाप-निष्पुण्य हुनाको उपाय एउटै छ । दुइमध्ये एउटा छुट्नु र अर्को रहनु भन्ने कुरा त हुनै सक्तैन । कर्मको अभिमान छुट्नु नै कर्मदेखि मुक्ति पाउनु हो ।

आत्मा अव्यय छ । अव्ययको अर्थ हो – **न व्येति, न विपरीतं एति**–जो आफ्नो स्वरूपको त्याग गरेर त्यसको विपरीत कहिल्यै हुँदैन, त्यो आत्मा म हुँ । यस्तो धारणा गर– म असद्रूप देह होइन । देह शब्द दिह उपचये धातुले बनेको हो, त्यसको अर्थ हो राशि । शरीरका यी आँखा, नाक, छाला, जिब्रो सबै मेरो लागि हो । अतः देह मेरो त हुन सक्छ, म हुन सक्तैन । वस्तुतः यो मेरो पनि होइन । यो देह अमुक तिथिमा उत्पन्न भयो र एक दिन नष्ट हुन्छ, यो शिशु थियो, युवा भयो र बृद्ध भयो, यस्तो जन्मने-मर्ने बदलिने देह म होइन । यो देह निरन्तर बदलिने हुनाले असद्रूप हो ।

ज्ञान र अज्ञान– विद्वान्हरू ज्ञान केलाई भन्छन् ? ज्ञान न समाधिको नाम हो, न शान्तिको । भगवदाकार वृत्तिको नाम पनि ज्ञान होइन । अज्ञानको स्वतः निवृत्ति सम्भव हुँदैन, किन कि यो अज्ञान अनादिकल्पित छ । अतः त्यसको निवृत्तिको लागि प्रयत्न अपेक्षित छ । महावाक्यजन्य वृत्तिज्ञान नै अज्ञानको निवर्तक हो । जसरी अन्धकार हटाउनको लागि प्रकाश आवश्यक हुन्छ, त्यसरी नै अज्ञानको निवृत्तिको लागि ज्ञान आवश्यक हुन्छ । म देह होइन, म निराकार, निर्विकार, निष्कलङ्क, अव्यय ब्रह्म हुँ– यसैलाई विद्वान्हरू ज्ञान भन्छन् ।

कसैले भन्यो– "तिमी बूढा हौ, रोग हौ"–त उसले देहलाई नै भन्यो । कुनै करोडपति बाटोमा गइरहँदा कोही भनोस्–'यो निर्धन गइरहेछ' त उसलाई यो विचार गरेर हाँसो उठ्छ– यो मलाई चिन्दैन । यसरी नै कसैले तिमीलाई बूढा वा रोगी भनिदिन्छ भने पनि तिमी दुःखी किन हुने ? त्यो त अज्ञानको नशामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोलिरहेछ। कोही करोडपतिलाई कङ्गाल भनोस् र त्यो टाउको पिटेर रुन लागोस्– "हाय् ! म कङ्गाल भएँ," त यो भन्दा ठूलो मूर्खता के होला ?

म देह होइन, किन कि देह अनित्य छ। कुनै पनि देहमा आत्मा न शरीर हो, न मन, न अज्ञान हो। यसैले भनिएको छ–

निरामयो निराभासो निर्विकल्पोऽहमाततः ।
नाऽहं देहो ह्यसद्रूपो ज्ञानमित्युचते बुधैः ॥

म निरामय, निराभास, निर्विकल्प र व्यापक हुँ। असद्रूप देह म होइन। यसलाई बुद्धिमानहरू ज्ञान भन्छन्। निरामयको अर्थ हो रोगरहित, अर्थात् म रोग-रहित छु। ममा कुनै शारीरिक वा मानसिक रोग छैन। सबै रोगहरूमा महारोग अज्ञान पनि ममा छैन। यही तथ्य हो। हृदयमा जुन प्रकाश छ त्यो आभास हो। म बडो संयम छु, धेरै आनन्द छ, यस्तो आभास पनि नहोओस्। परम सुखरूप आत्माको आभास पनि नओहोस्, तब संज्ञ-चित्त शान्त भयो, ब्रह्माकार भयो। निरामय, निराभास पछि निर्विकल्प पनि भनियो। स्थूल शरीरमा आमय हुँदैन, सूक्ष्म शरीरमा आभास हुँदैन र कारण शरीरमा विकल्पको बीज अज्ञान हुँदैन। यसको साथै व्यापक पनि भनि-एको छ, अर्थात् म सर्वव्यापक हुँ, ममा त्रिविध परिच्छिन्नता पनि छैन। अविधा, माया, भेदबुद्धि आदि ममा छैन, किनभने म असद्रूप देह होइन। देहलाई म मान्नु नै भ्रम हो।

ब्रह्मादेखि कीटसम्म संसारका कुनै प्राणी दुःख चाहँदैनन्। दुःखप्रति प्राणीको अरुचि स्वाभाविक हो। तर देहधारी दुःखरहित हुन सक्दैन। जीवनको प्रवाहमा दुःखको उपस्थिति अनिवार्य छ। देहमा जुन म-मेरो भन्ने ममग्रह र द्वन्द्वग्रह छ, यिनै दुइ पापग्रह हुन्, जुन भ्रमरूप अन्धकार वा अज्ञानले प्रतीत भइरहेछ।

अब प्रश्न आउँछ– देहमा अहं - मम आयो नै कसरी ? किन कि देह छ, अनि देह कहाँबाट आयो ? देह बन्यो धर्मा-धर्मको फलको रूपमा। धातुमा कुनै आकृति बन्दछ कर्मद्वारा नै बन्दछ।

अब पुनः प्रश्न उठ्छ– धर्माधर्म कसरी हुन्छ ? राग-द्वेषले गर्दा हुन्छ। राग-द्वेष कहाँबाट उपस्थित भयो ? उत्तर छ– अनन्त अद्वितीय ब्रह्मतत्त्वको अज्ञानले गर्दा द्वैतभान भइरहेछ। आफूलाई नजान्नाले हामीले देहमा म-मेरो मान्यौं र अद्वि-तीय ब्रह्मलाई नजान्नाले देहलाई बनाउने तत्त्वहरूलाई जीवन दियौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मा र ब्रह्मको एकताको ज्ञान हुँदा अविद्या, अज्ञानसहित भ्रान्तिको निवृत्ति हुन्छ। खालि आफूलाई असँग वा साक्षी जान्नाले द्वैतको बोध हुँदैन। आत्मा र ब्रह्मको एकताको ज्ञानले नै द्वैतको बोध हुन्छ। संपूर्ण अज्ञानको निवृत्ति ब्रह्मात्मैक्य-ज्ञानले नै हुन्छ। त्यो ज्ञानको स्वरूप हो –

निर्गुणो निष्क्रियो नित्यो नित्यमुक्तोऽह मच्युतः।
नाऽहं देहो ह्यसद्रुपो ज्ञानमित्युच्यते बुधैः॥

म निर्गुण निष्क्रिय, नित्य नित्ययुक्त, अच्युत हुँ। म असद्रूप देह होइन। बुद्धिमान्हरू यसैलाई ज्ञान भन्छन्।

ज्ञानको स्वरूप तथा अनुभूतिको विषयमा योगवासिष्ठको एक प्रसङ्ग सिद्ध-गीता नामले प्रसिद्ध छ। यसमा दशजना सिद्धहरूको ज्ञानगोष्टीको श्रवण गरेर राजा जनकलाई विवेक-विचार उत्पन्न भयो र उनी ज्ञानवान् भए भन्ने प्रसङ्ग छ। (विस्तृत ज्ञानकारीको लागि धर्म विज्ञान चतुर्थ खण्ड पृष्ठ ३६४-३६७ हेर्नुहोस्)

विचार गर– सपनामा कुनै पाप कर्म भएछ भने ब्युँझेर हामी आफूलाई पापी ठान्दैनौ र त्यसको कुनै प्रायश्चित पनि गर्दैनौ, किनकि ब्युँझेपछि सपनाको कर्मको कर्तृत्व रहँदैन। यदि हामी जाग्रत्मा आफूलाई शरीर मान्दछौं त आफूलाई कर्ता नमान्नु मिथ्या भावना हुन्छ, किन कि हामी जानी-बुझी शरीरद्वारा कर्म गर्दछौं। अतः शरीरदेखि मलाई (आफूलाई) अलग गरेर मलाई ब्रह्म संझनुपर्छ।

हामी शास्त्रविरुद्ध आचरण गर्छौं। भने वासनाको वशीभूत भएर गर्छौं। तर आफ्नो स्वरूप वास्तवमा ती वासनाहरू तथा त्यसको परिणामदेखि असंस्पृष्ट छ–

निर्मलो निश्चलोऽनन्तः शुद्धोऽहमजरोऽमरः।
नाऽहंदेहो ह्यसद्रूपो ज्ञानमित्युचते बुधैः॥

म निर्मल, निश्चल, अनन्त, शुद्ध, अजर र अमर हुँ। म असद्रूप देह होइन। आत्मा निर्मल छ– को अर्थ हो – मयलको रूपमा आत्मासँग अर्को वस्तुको संसर्ग छैन। निर्मलको अर्थ हो द्रव्यसंबन्धरहित, तथा निश्चलको अर्थ हो– देश-संबन्धरहित। यो आत्मा न स्वर्ग जान्छ, न नरक। देहवाट देहान्तरको प्राप्ति पनि यसलाई हुँदैन। अनन्तको अर्थ हो– काल-संबन्धरहित। आत्मा जन्मदैन, मर्दैन। शुद्धको अर्थ हो अद्वितीय। त्यसमा द्वैत नै छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृष्णा कहिल्यै अघाउँदैन– म देह होइन । यो देह र इन्द्रियहरू असद्रूप हो, दुष्ट हो, किन कि यिनीहरूको प्यास कहिल्यै मेटिदैन, बरु झन्-झन् बढ्दै जान्छ । भागवत्मा भनिएको छ–

यत् पृथिव्यां ब्रीहियवं हिरण्यं पशवः स्त्रियः ।
न दुह्यन्ति मनः प्रीतिं पुंसः कामहतस्य वै ।

पृथिवीमा जति अन्न छन्, स्वर्ण छन्, जति पशु छन्,स्त्रीहरू छन् ती सबै मिलेर पनि कुनै एउटा भोगी व्यक्तिको मनलाई सन्तुष्ट गर्न सक्तैन ।त्यस्तै मनुस्मृतिमा पनि भनिएको छ– जसरी घ्यूले आगो निभ्दैन, प्रत्युतः बढ्छ मात्र, त्यसरी नै कामोपभोगद्वारा कामनाहरू शान्त हुँदैनन्, उल्टो बढ्दै जान्छन् । यो सधैं अतृप्त रहने दुष्टसंग मेरो कुनै सम्बन्ध छैन । यो जड हो,म चेतन हुँ । यो जन्मन्छ, मर्छ, म अजर-अमर छु । शरीरको अर्थ हो– **शीर्यतेयत् तत् शरीरम्** । अर्थात् यो शरीर पुरानो वा बुढो भएर झर्छ । तर तृष्णा पुरानो वा बुढो भएर मर्ने खालको होइन ।

जुन-जुन वस्तु तिम्रो स्वरूपमा छैन, त्यसदेखि तिमीलाई स्वाभाविक अरुचि छ ।तिमीले दुःख भय, मृत्यु, अज्ञान, अपमान ,परवशता, द्वेष, विरोध, संकीर्णता आदिमा अरुचि राख्न कसैबाट सिकेको होइन । यो अरुचि यी तिम्रा नहुनाले नै भएको हो । तब ती परमात्मा कहाँ छन् ? आफ्नो शरीरमा नै । उनलाई पाउनको लागि एक पाइलो पनि हिंड्नु पर्दैन, एकछिनको पनि प्रतिक्षाको आवश्यकता छैन । त्यो तिम्रो म सिवाय अरू केही होइन । जस्तो सुन पाउन सुनको गहना विगार्नु पर्दैन, गहनाको आकार रहँदा पनि त्यो सुनै हो, त्यस्तै देह छँदै देहमै ईश्वर मिल्छ । यसै शरीरमा परमात्माको निवास छ ।

त्यस आत्माको असंगताको निदर्शन सुषुप्ति हो । यसको ऐश्वर्यको निदर्शन स्वप्नावस्था हो र मोहको निदर्शन जाग्रत् अवस्था हो ।

देह वा मनमा जब दुःखको धारा आउँछ तब यसदेखि मलाई त्यसरी नै अलग गर्नुपर्छ, जसरी गुँडमा आगो लाग्छ पक्षी उडेर निक्लन्छ । शास्त्र र सन्त बारंबार बताउँछन् – तिमी शुद्ध, बुद्ध, मुक्त आत्मा हौ ।

ऋत र सत्य– केन्द्रबाट समात्दा जुन पदार्थ पूरा समातिन्छ, त्यसलाई सत्य भनिन्छ, अर्थात् ठोस पदार्थ । पानी, रेत, वायु आदिलाई एक ठाउँमा समातेर उठाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिँदैन। यिनलाई ऋत भन्छन्। सत्यको केन्द्र हुन्छ, तर ऋतको केन्द्र हुँदैन। पृथिवी सत्य हो, जल ऋत हो। अग्नि सत्य हो, वायु ऋत हो। आकाश ऋत हो, मन ऋत हो, किनभने मन रूपान्तरित भइरहन्छ। यो लौकिक ऋत र सत्य दुवै जुन सत्यले धृत हुन्छ, त्यो आफ्नो आत्मा हो।

दुःख एउटा मानसिक घटना हो, कुनै पदार्थ, व्यक्ति वा क्रिया दुःख होइनन्। संसारका सबै नाम-रूप, स्त्री-पुरुष, पशु-पक्षी, वृक्ष-लता आदि खेलौना हुन्। तिमी आफूलाई खेलौना मान्छौ त गधा वा हात्ती हुनुका सुखदुःख हुन्छन्, आफूलाई सुन, मूल धातु ठान्दछौं त यो सानो मनुष्यदेह रहँदैन। तिमी विराट् छौ। तिमी साक्षात् ब्रह्म हौ।

म र ईश्वर– मको स्वरूपलाई इन्द्रियहरू जान्दैनन्। मको स्वरूपलाई जो ठीकसँग जान्दैन, उ न त ईश्वरलाई नै ठीकसँग जान्दछ, न जगत्लाई नै। म शब्दद्वारा प्रसिद्ध एकै परम तत्त्व स्थित छ। म एक हो र स्थूल सृष्टि अनेक हो। आँखाको अगाडि धेरै रूप आउँछन्। हामी एक छौं। कान, आँखा, छाला, जिब्रो, नाक आदिका विषय अनेक छन्, हामी एक छौं। हामी बाहेक अन्य सबै वस्तुहरू परिवर्तित भइरहन्छन्, तर हाम्रो म उही रहन्छ।

इदम् अनित्य हो, परिवर्तनशील हो र म नित्य निर्विकार हो। यो वहिरङ्ग हो, म अन्तरङ्ग। यो को सत्ता मबाट सिद्ध हुन्छ। म नहोऊँ त यो हुनै सक्तैन। तर यो नभए पनि म रहन्छु। यो विषय हो र म त्यसको ज्ञाता हुँ। योको मर्नु-बाँच्नु मको अगाडि हुन्छ। यसप्रकार इदम् अहम्को विवेक गर्नुपर्छ। दृश्य अनेक छन्, तर हाम्रो अहं वस्तुहरू अनेक हुँदा पनि एकै हुन्छ, तिनीहरू परिवर्तित हुँदा पनि अपरिवर्तित रहन्छन्। यसप्रकार अहम् शब्दले जो प्रसिद्ध छ, त्यो सूक्ष्म छ, सबैभन्दा बेग्लै छ, एकाछ।

अतः यो सिद्ध भयो–म द्रष्टा हुँ र देह दृश्य रूपले स्थित छ। जसलाई ज्ञात हुन्छ त्यो चेतन र जो ज्ञात हुन्छ त्यो जड हो। संसारमा जहाँ अन्तःकरण छ त्यसलाई चेतन भन्छन्। आफ्नो स्व द्रष्टा हो तथा त्यो आफ्नो स्व ईश्वरदेखि अभिन्न छ। मनुष्यको जीवनमा जुन अविद्या छ, त्यो ईश्वरको सर्वज्ञताको विलास हो। ईश्वरमा सबदेखि निर्लिप्त रहने जुन गुण छ, त्यही मान्छेको जीवनमा निवृत्ति हो। अतः तिमी आफूलाई कुनै प्रकारले पनि तुच्छ नठान। जुन ईश्वरमा, त्यो जीवमा पनि छ। जुन सिन्धुमा छ, त्यो एक बिन्दुमा पनि छ। तिमी आफ्नो शरीरमा चैतन्यको पत्ता लगाऊ त समष्टि चैतन्यको पनि पत्ता लगाउन सक्छौ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म इन्द्रियहरूद्वारा जान्ने मात्र होइन, इन्द्रियहरूलाई पनि जान्ने पो हुँ । म त अन्तःकरणलाई पनि जान्नेवाला हुँ । जान्नुको अभिमानलाई पनि म प्रकाशित गर्छु । पहिले म हुन्छु, अनि मेरो ईश्वर, मेरो धर्म, मेरो शास्त्र, मेरो संसार हुन्छ । मनुष्यको भूल यो हो– जेले गर्दा सबै छ, त्यसलाई बिर्सेर यो अर्कालाई सिद्ध गरिरहेछ । धन म को लागि हुन्छ । पहिले म हुन्छु , अनि धन कमाइन्छ, वा दिइन्छ भोगिन्छ । तर हामीले त आफ्नो मलाई त्यस धनको लागि लगाइदियौं । तिमी आफ्नो आनन्दलाई दुःख, आफ्नो ज्ञानलाई अज्ञान धनको लागि नै बनाइरहेछौं । यो धनको तात्पर्य हो संसारको जडता । आत्मा पहिलेदेखि नै द्रष्टा सिद्ध छ । मम अन्तःकरणको अशुद्धि हो र अहं वस्तु सत्ता । संसारको कुनै वस्तु हामीलाई समात्दैन, समात्दछ त अन्तःकरणले । हामी नसमात्ने हौं, न छाड्ने हौं । हामी न चोर हौं, न पुलिस । हामी दुबैका साक्षी हौं ।

देह दृश्य हो । जसरी सपनामा आफ्नो एक शरीर प्रतीत हुन्छ,त्यसरी नै यो शरीर पनि प्रतीती मात्र हो । देह दृश्य हो, तिमी द्रष्टा हौं । देह मेरो भनिन्छ । अतः देह आत्मा वा पुरुष हुन सक्तैन ।

अहं विकारहीनस्तु देहो नित्यं विकारवान् ।
इति प्रतीयते साक्षात् कथं स्याद्देहकः पुमान् ॥

म विकारहीन हुँ र देह सधैं विकारी हो, यो प्रत्यक्ष प्रतीत हुन्छ । अतः आत्मा– म देह कसरी हुन सक्छ ? विकारको अर्थ हो बिग्रनु, बदलिनु । यो शरीरमा जन्मेदेखि मर्ने बेलासम्म कति परिवर्तन हुन्छ, तर उसको म जहिले पनि अपरिवर्तित रहन्छ । ममा कुनै परिवर्तन हुँदैन । अरू बदलिनु हामीलाई थाहा हुन्छ, तर आफैँ बदलिएको थाहा हुँदैन । खालि शरीरमात्र होइन मन र बुद्धिमा पनि परिवर्तन भइरहन्छ ।

शरीरमा शैशव, कौमार्य, यौवन, बुढ्याइँ अवस्थाहरू आउँछन्– जान्छन् । मनमा काम-क्रोध, लोभ आदि आउँछन्-जान्छन्, चित्तमा सुख-दुःख आउँछन्-जान्छन्, बुद्धिमा सुविचार-कुविचार आउँछन्-जान्छन् । यी सबै विकार हुन् । तिमी यी सबैमा एक रहन्छौ । तिमी निर्विकार हौ । स्थान (देश) बदलिन्छ, समयमा परिवर्तत आउँछ । भविष्य वर्तमान बनेर भूत बन्छ । जाग्रत, स्वप्न, सुषुप्ति अवस्थाहरू बदलिइ रहन्छन् । यी सबै विकार स्थूल वा सूक्ष्म देहको हो । म निर्विकार हुँ र देह त सधैं नै विकारी हो । यो कुरा प्रत्यक्ष देखिन्छ , अतः म देह कसरी हुन सक्छु ? युक्तिसङ्गतद्वारा बुझाइसकेपछि श्रुतिद्वारा पनि बुझाइन्छ, किनकि-द्विर्बद्धं सुबद्धं भवति- दुइटा गाँठो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारेर बाँधिएको बस्तु बलियोसँग बाँधिन्छ । कुरा ठीक-ठीक बुझोस् भनेर नै एउटै कुरा बुझाउँदा पनि कैयौँ प्रक्रियाहरू अगाँलिन्छन् ।

मन किन परमात्मामा लगाउन सकिँदैन ? – जसरी युक्तिद्वारा आत्मा देहभन्दा विलक्षण छ भन्ने सिद्ध भयो, त्यसरी नै श्रुतिद्वारा पनि यही सिद्ध भयो। धर्मद्वारा, उपासनाद्वारा पनि यही सिद्ध हुन्छ । अब प्रश्न यो छ– यस्तो दशामा सबैको समझमा यो कुरा आउँदैन किन ? मन त्यतापट्टि किन लाग्दैन ? कुरा यो छ– इच्छा र प्रयत्नविना कुनै कुरा बुझिँदैन। जसको रुचि र प्रयत्न जुन दिशामा छ, उ त्यो विषय बुझ्छ। जसको सांसारिक वस्तुमा आसक्ति हुँदैन, जो दुःखबाट आत्यन्तिक निवृत्ति चाहन्छ, जसको बुद्धि शुद्ध छ, उसको विचारमा वेदान्त आउँछ। तर जो काम, क्रोध, मोहको वशमा छन्, उसको मनमा जिज्ञासा नै हुँदैन, तब वेदान्त उनीहरूको दिमागमा चढोस् कसरी ?

आफ्ना इन्द्रियहरूलाई जुन-जुन पदार्थहरूबाट भोग मिल्छ खालि त्यही विषयमा सोच्नु सोचाइको कुनै उपयुक्त पद्धति होइन । मानिस तैपनि यसै विषयमा सोचिरहन्छ । कहिलेकाहीँ त यसको चिन्ता त्यागेर आफ्नो स्वरूपबारे विचार गर– म को हुँ ?

यस्मात् परं नाऽपरमस्ति किञ्चित्– यो प्रसिद्ध श्रुति हो– जेमा न केही पर छ, न केही अपर, अर्थात् जसको न कुनै कारण छ न कुनै कार्य । यसप्रकार ईश्वर र आत्मा-देखि पर केही छैन। ईश्वर संपूर्ण बुद्धिहरूका सञ्चालक हुन् । ईश्वरसहित बुद्धिको जुन द्रष्टा हो, त्यस आत्मादेखि पर केही छैन ।

यहाँ पर शब्दको अर्थ काल होइन । कि नकि कालको सिद्धि पनि आत्माबाट हुन्छ । यसभन्दा कोही पर छैन, अर्थात् यसभन्दा सूक्ष्म कुनै छैन र यसभन्दा अपर कुनै छैन अर्थात् यसभन्दा स्थूल कुनै छैन । कार्य-कारण, स्थूल-सूक्ष्म, अगाडि-पछाडि वृत्तिमा हुन्छन्, आत्मा त वृत्तिहरूको साक्षी हो । यो आत्मादेखि न कोही ठूलो छ, न सानो, ठूलो-सानो हुनु देश-परिच्छेद हो, अगाडि-पछाडि हुनु काल परिच्छेद हो र कारण-कार्य हुनु वस्तु परिच्छेद हो । आत्मामा यी तीनै हुँदैनन् । यो अखण्ड, अद्वय वस्तु हो । यो ब्रह्मा इन्द्र, हात्ती-कमिला आदि सबै रूपमा छ । यस्तो पुरुषद्वारा नै यो सृष्टि पूर्ण छ ।

श्रुतिले पुरुषको लक्षण बताएको छ– पुरुष पर हुन्, पुरुष एक हुन्, पुरुष आफ्नो महिमामा स्थित छन् । पुरुषभन्दा ठूलो वा सानो कोही छैन । पुरुष न कार्य हुन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न करंण, पुरुषभन्दा पहिले न कोही छ, न पछि। जब श्रुतिले पुरुषको यो लक्षण बतायो, तब अज्ञानीद्वारा 'पुरुष देह नै हुन्' भन्ने जुन निर्णय गरिएको छ त्यो कसरी सत्य हुन सक्छ ? श्रुतिले भनेको छ–

पुरुष एवेदं सर्वं यद् भूतं यच्च भाव्यम् ।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥

यी सबै पुरुष हुन् । स्त्री-पुरुष, पशु-पक्षी, मनुष्य-राक्षस, वृक्ष-लता आदिको कुनै भेद यसमा छैन । वेदान्त पहिले नेति नेति गर्दै विचारद्वारा दृश्यदेखि द्रष्टालाई पृथक् गर्छ, अनि भन्छ– 'द्रष्टा परिच्छिन्न छैन । त्यो अद्वितीय छ ।' जब द्रष्टा ब्रह्म हो त ब्रह्मरूप द्रष्टादेखि बेग्लै अर्को कुनै बस्तु सिद्ध छैन । अर्को कुरा यो छ– जसरी सबै घडा माटो नै हो, त्यसरी नै सृष्टि परमात्माबाट बनेको हो, परमात्मास्थित छ तथा परमात्मामै लीन हुन्छ । अतः सृष्टिको रूपमा पनि परमात्मा नै देखिइरहेका छन् । सबै परमात्मा नै हुन्, तर यो कुरा बुझ्ने महात्मा अत्यन्त दुर्लभ छन् । महात्मा दुर्लभ छन्, परमात्मा सुलभ छन् । परमात्मा त यी सबै हुन्, तर यसलाई चिन्नेहरू दुर्लभ छन् ।

आफ्नो स्व चेतन हो, अरू जड हो । अनुभूतिको क्षेत्रमा आफ्नो स्व सत्य हो । यसको अर्थ हो चेतन अपरिणामी हुन्छ । यसमा जुन परिणाम देखिन्छ, त्यो मिथ्या हो । एकरस अखण्ड सत्ताको रूपमा रहेर नै आत्मदेव सृष्टिको रूपमा देखिइरहेछन् । जब परमात्मा बाहेक अर्को वस्तु छैन त देह म-आत्मा-कसरी हुन सक्छ ।

अरण्य के हो ?– महात्माहरू वनमा बसेर तत्त्वदर्शन गर्छन् । जुन रणाई छैन, जहाँ राग-द्वेष छैन, युद्ध-वैमनस्य-कटुता छैन त्यो अरण्य हो । जुन रण्य अर्थात् युद्धीय छैन, त्यो अरण्य हो ।

असंगो ह्ययं पुरुषः अर्थात् निश्चय नै त्यो पुरुष असंग छ । उ कहीँ आसक्त छैन । वस्तुतः असंगता तत्त्वको स्वभाव हो । माटो आदि पञ्च महाभूत पनि असंग छन् । इन्द्रियहरू पनि खालि प्रकाशक हुन् । विषय देखाउनु मात्र उनीहरूको काम हो । त्यसमा आसक्ति हुँदैन । त्यस्तै ज्ञानमा कसैसँग-आसक्ति हुँदैन । वास्तवमा त मनमा पनि आसक्ति हुँदैन । मन कुनै वस्तु वा व्यक्तिमा आसक्त भयो भन्नु नै बेकार हो । निद्रामा कुनै आसक्ति टिकिरहँदैन । बुद्धिले सधैं कसैको पक्ष लिएन । असङ्गता वस्तुमा सहजै हुन्छ । तिमी त स्वभावले असंग छौ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुति पुरुष- (आत्मा)- लाई असङ्गको साथ स्वयं ज्योति भन्छ, किनकि सुषुप्तिमा जब सूर्य, चन्द्र, बिजुली, इन्द्रियहरू, मन, बुद्धि सबै सुत्छन् र घोर आध्यात्मिक अन्धकार रहन्छ, त्यसलाई प्रकाशित गर्ने जुन ज्योति हो, त्यो स्वयंज्योति हो। त्यो स्वयं-ज्योति हो म।

यो देह त जड हो, परप्रकाश्य हो, अतः तिमी देह कसरी हुन सक्छौ ? यो त तिम्रो प्रकाशमा देखिने एक पाँचभौतिक पुतला हो।

ईश्वर, जीव र चैतन्य– यो स्थूल शरीरमा जुन लिङ्गशरीर छ, त्यसमा पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राण तथा मन र बुद्धि यी सब तत्त्व छन्। यस-प्रकार अनेक तत्त्वहरूबाट बनेको हुनाले यो कुनै एकको लागि बनेको छ, जस्तो घर। लिङ्गदेह दृश्य हो र एक स्थूलदेहदेखि अर्को स्थूलदेहमा जाने हो। अतः चल हो, परि-वर्तनशील हो। त्यो व्यापक छैन, किन कि प्रतिशरीर बेग्लाबेग्लै छ। अनि लिङ्गशरीर आत्मा कसरी हुन सक्छ ?

यसप्रकार आत्मा दुवै देहदेखि विलक्षण छ र त्यो आत्मा म हुँ। म सर्वात्मा, सर्वरूप, सर्वातीत, अव्यय हुँ। अर्थात् म स्थूल र सूक्ष्म दुवै देहदेखि पृथक् हुँ।

हामी पापी-पुण्यात्मा किन हुन्छौं ? यसो गर्‍यौं, यसो गरेनौं यसैले। यो त देहलाई म मान्नाले हुन्छ। जब हामी आफूलाई देहदेखि पृथक् ठान्दछौं र त्यो पृथक् भएको मलाई अद्वितीय ठान्दछौं, अनि भेदको लागि अवसर नै कहाँ रहन्छ।

माटो व्यापक हो र घडा व्याप्य हो भन्नु भ्रम हो। माटो छाडी घडा त केही हुँदै होइन। घडा त माटो नै माटो हो। घडा बन्यो अनि आकाशले त्यसमा प्रवेश गरेन। आकाश त पहिलेदेखि नै छ। यस्तै जीव बनेपछि ईश्वरले त्यसमा प्रवेश गरेका होइनन्। अन्तःकरण बनेपछि जीवले त्यसमा प्रवेश गर्‍यो– यो सबै अज्ञान हो। आत्मा पहिलेदेखि नै नित्य-शुद्ध-बुद्ध-मुक्त छ।

श्रुति भन्छ– सर्व आत्मा अर्थात् यो जीव, जगत् ईश्वर, ब्रह्म आदि सबै आत्मा नै हो। जबसम्म जीव आफूलाई देह अन्तःकरणदेखि परिच्छिन्न मानेर अज्ञान-वश आफूलाई सानो मानेर बस्छ, त्यस बेलासम्म जगत् र ईश्वर यो भन्दा ठूला हुन्, तर जुन उपाधिमा बसेर यसले आफूलाई सानो मानेको हो, त्यस उपाधिलाई छाडिदिएपछि त यो साक्षात् ब्रह्म नै हो। त्यस ब्रह्ममा जति टाढा सृष्टि-स्थिति प्रलयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुकूल शक्ति कल्पित छ,त्यतिनै टाढा त्यस शक्तिको स्वामीको रूपमा जुन चैतन्य छ, त्यसको नाम ईश्वर हो । त्यस शक्तिको कार्यमा मिलेर बसेको जुन चैतन्य छ, त्यसैको नाम जीव हो । शक्तिको कार्य-कारणरूप भेदलाई जब जीव विचारद्वारा हटाउँछ, तब कार्योपाधिले अवच्छिन्न भएर पनि त्यही चैतन्य र कारणोपाधिले अवच्छिन्न भए पनि त्यही चैतन्य छ । यी दुवैको एकताको बोध हुनाले कार्यकारणको भ्रान्ति मेटिन्छ । चैतन्य-चैतन्यमा भेद संभव छैन, यसैले दुवै एक हुन् । यो चैतन्य-चैतन्यको एकातको अर्थ हो– देश-काल-वस्तुको परिच्छेदले रहित, सजातीय, विजातीय, स्वगत भेदले शून्य चैतन्य । यस चैतन्यमा म र तँ भन्ने भेद छैन ।

यदि कार्य वा अन्तरवृत्ति छ त त्यसभन्दा अगाडि रहने कारण पनि हुन्छ । अगाडि रहने कारण छ भने पछि हुने कार्य पनि हुन्छ । जुन चैतन्यमा पूर्व पश्चात् क्रम-संवित नै आफ्नो स्वरूपको अज्ञानद्वारा भान भइरहेछ, त्यो अखण्ड अद्वय ब्रह्मतत्त्वमा कार्य-कारण, व्याप्य-व्यापक आदिको कुनै कल्पना हुन सक्तैन । व्याप्यव्यापक कुनै छैनन् भने जति जीव-ईश्वरको भेद कसरी ? तत्त्वमसि सबै तिमी हौ ।

जब परम तत्त्वको ज्ञान हुन्छ, तब आफ्नो र ईश्वरको बीचमा पर्खाल उभ्याउनुको आवश्यकता नै के छ ? हो यदि तिमी ईश्वरलाई जान्दैनौ; तब तिमीलाई छूट छ, जो सुकैलाई जान वा मान; तर ज्ञानमा मान्नेलाई त स्वतन्त्रता छैन । त्यहाँ त जुन वस्तु जस्तो छ, त्यसलाई त्यस्तै नै जान्नुपर्छ । जेमा बाहिर-भित्रको निषेध भइसक्यो, यस्तो अशेष-विशेष-निषेधावधि तत्त्वको ज्ञान भइदिनाले कुनै पनि प्रकारको भेदको लागि अवकाश छैन ।

सृष्टिको मूल तत्त्वको सम्बन्धमा दुइ मत छ । एक मत यो छ कि– मूलमा चैतन्यै चैतन्य छ । दोस्रो मत छ– सृष्टिको मूलमा जड तत्त्व छ ।

जो मान्छे सृष्टिको मूलमा चैतन्य मान्दछन्, उनीहरूको मत छ–त्यो मूल चैतन्यतत्त्वमा मायाको योग हुनाले नै ईश्वर छन्, त्यसैमा हिरण्यगर्भ र विराट छन्, त्यसैमा राम, कृष्ण आदिका अवतार हुन्छन्, ती नै समय-समयमा महापुरुषहरूको रूपमा अवतीर्ण हुन्छन् र भक्तजनहरूको उद्धार गर्छन् । सृष्टिको मूलमा जयतत्त्व मान्नेहरूको मतमा यसप्रकार महापुरुषहरूको पूजा हुँदैन ।

भगवान् शंकराचार्य मूलमा चैतन्यतत्त्व मान्ने परम्परामा छन् । उनी भन्छन्– रूपभन्दा सूक्ष्म नेत्र हो, नेत्रभन्दा सूक्ष्म मन हो , मन भन्दा सूक्ष्म बुद्धि हो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिभन्दा सूक्ष्म अहं हो र अहंभन्दा सूक्ष्म जीवव हो । जेमा जीव एवं ईश्वर दुवैको बोध हुन्छ त्यो ब्रह्म हो । आत्मा (जीव) र परमात्मा दुवै उपाधिद्वारा मात्र भिन्न छन्, वस्तुतः दुवै एक हुन् । जिज्ञासुको दृष्टिमा संपूर्ण दृश्य मिथ्या हो र उसको द्रष्टा आत्मा ब्रह्मसित एक छ । जीवन्मुक्त तत्त्वज्ञानीको दृष्टिमा आत्मा परमात्मासँग एक हुन्छ । परमात्मा-भन्दा बेग्लै अर्को कुनै वस्तु छैन, अतः संपूर्ण सृष्टि परमात्मारूप नै हो ।

द्वैतको निषेध गर्नु छ भने भन्नुपर्छ– जे-जति प्रतीत भइरहेछ, सबै मिथ्या हो । अद्वैतको प्रतिपादन गर्नुछ भने भन्नु पर्छ– जे- जति प्रतीत भइरहेछ सबै ब्रह्म हो । राग-द्वेष सबै नानात्वले गर्दा नै हुन्छ । जब नानात्वको निषेध श्रुति नै गरिरहेको छ– **नेह नानाऽस्ति किंचन** त अरूको आभास तत्त्वविचारद्वारा कसरी हुन सक्छ ? तत्त्व त काल-परिच्छेदले रहित हुनाले अविनाशी, देश-परिच्छेदले रहित हुनाले परिपूर्णतम, वस्तु-परिच्छेदले रहित हुनाले अद्वितीय र अन्यत्वले रहित हुनाले स्वात्म चेतन हो । श्रुतिले भनेको छ–**मृत्योःस मृत्युमाप्नोति य इह नानेव पश्यति**– कोही नानात्वको दर्शन गर्छ भने यहाँ अनेकता देख्छ, उत्तमाधमको खोजमा रहन्छ त मृत्युद्वारा मृत्यु मै प्राप्त हुन्छ । त्यसैले भेददर्शन नै सबै अनर्थको मूल हो ।

दृढतापूर्वक निश्चय गर - यहाँ पूर्ण रूपले ब्रह्म नै भरिएको छ । उसमा परि-वर्तनको लागि काल छैन, आउन-जानको लागि देश छैन, म–तँ बेग्लै वस्तु होइन । यो मेरो अगाडि न आओस्, यो मेरो नगीचबाट नजाओस्, यस्तो भाव आफूलाई सानो परिच्छिन्न मान्नु हो । यही माया हो । जो आउँछन्-जान्छन्, उनीहरूलाई आउन-जान देऊ, यसमा हर्ष-शोक नगर । तिमी त अद्वय ब्रह्म हौ । आफ्नो स्वरूपमा स्थित रहु ।

अब प्रश्न उठ्छ– जब सबै ब्रह्म हो त जगत् कहाँबाट आयो ? यसको जवाफमा शास्त्र ब्रह्मबाट नै जगत्को उत्पत्ति बताउँछ । ब्रह्म जगत्को अभिन्न निमित्तोपादान कारण हो भनी बताउन होइन अपितु ब्रह्मको अद्वितीयता सिद्ध गर्नको लागि त्यसमा कारणत्वको अध्यारोप गरिन्छ । यस कार्य-कारण, द्रष्ट - दृश्य, भित्र-बाहिरको पहिले अध्यारोप गरिन्छ, र पछि त्यसको अपवाद गरिन्छ । यसलाई अध्यारोपापवाद-विधि भन्छन् । जगत् कसरी बनेको हो यस विषयमा अनेक मत छ । कोही यसलाई चार भूत-हरू-(पृथ्वी, जल, वायु र आगो)- ले बनेको मान्छन्, कोही परमाणुहरूले, कोही निर्जीव द्रव्यले, कोही शून्यले, कोही नियति-(कर्म)-ले, कोही कालले, कोही यदृच्छाले, त कोही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभावले । कोही नारायणलाई जगत्को कारण मान्छन् त कोही शिव , देवी, अथवा गणेशलाई । तर श्रुति यी सबै मतहरूको खण्डन गरेर भन्छ– **यतो वा इमानि भूतानि जयन्ते, येन जातानि जीवन्ति, यत्प्रयन्त्यभिसंविशन्ति तद् ब्रह्म तद् विजिज्ञासस्व ।** अर्थात् जेबाट यी सबै प्राणी पदार्थ उत्पन्न हुन्छन्, जेद्वारा यिनको जीवन चल्दछ, जेद्वारा यी क्रियाशील छन् र जेमा यी लीन हुन्छन्, त्यो ब्रह्म हो । त्यसैको जिज्ञासा गर । **परिच्छेद सामान्यभावोपलक्षिततत्वं ब्रह्मात्वम्**- परिच्छेदको जति प्रकार छ, त्यसको भावाभावको अध्यारोपद्वारा जुन उपलक्षित छ, त्यो ब्रह्म हो । त्यो परमात्मा हो अर्थात् आत्माको त्यो परम (ठूलो) रूप नै हो ।

पाश्चात्य जडवादी दार्शनिक विकासवादी हुन् । उनीहरू भन्छन्– पहिले वानरबाट मान्छे बनेको होला । तर यहाँ १०–१५ हजार वर्षमा कुनै बाँदर मनुष्य बनेको उल्लेख कहीँ पाइँदैन । अतः प्रश्न उठ्छ– विकासको धारा अवरुद्ध किन भयो । मनुष्य पनि त विकसित भई अरूको केही बन्नु पर्नेथियो । जडमा अनेक रूप छ । जडवादी जडसत्तालाई स्वयम्भू मान्छन् । हामी चेतनलाई स्वयं प्रकाश मान्दछौँ । जडसत्तालाई स्वयम्भू मान्नु चेतनलाई निष्क्रिय मान्नु हो । जब चेतनलाई निष्क्रिय मान्दछौं त सत्ताको अपेक्षा उसमा विशेषता के हुन्छ ? खालि सत्ता मात्रै छ त त्यो जड नै भयो । चेतनको प्राकट्यलाई भान भन्छन् र सत्ताको प्राकट्यलाई भवन वा हुनु । कोही भन्छ–पहिले भान रहन्छ, पछाडि भवन हुन्छ । अर्को भन्छ– **भूत्व भाति** अर्थात् पहिले हुन्छ अनि भान हुन्छ । तेस्रो भन्छ – भान र भवन दुवै अनादि- अनन्त एकै समयको हो । अरू मत छ– भान र भवन दुवै अनादि त हो, तर शान्त ।

वेदान्त मान्दछ– अहंलाई नै इदंको भान हुन्छ । अतः यो हुनुभन्दा पहिले म हुनु आवश्यक छ । ज्ञान र वस्तुमा ज्ञान पहिले हो वा वस्तु ? वस्तुको सिद्धि ज्ञान नभई हुँदै-हुँदैन । यसै चैतन्यद्वारा देश-काल-वस्तुको सिद्धि हुन्छ, अतः चैतन्य देश-काल वस्तुदेखि अपरिच्छिन्न छ तथा यो देश-काल-वस्तुको त्रित्वले रहित छ । यसैले यो सबै ब्रह्म हो ।

सद्सद्विवेकको अभाव, अज्ञान– जन्म-मरण, स्वर्ग-नरकादि भय अज्ञानीलाई हुन्छ, किन कि यसको हेतु अज्ञान हो । सत्-असत्को अविवेक नै अज्ञान हो ।

अज्ञान-द्वैतभाव नै दुःखको कारण तथा महापाप– वेदान्त भन्छ– तिमी परिच्छिन्न होइनौ । जीवत्व नामको कुनै वस्तु छैन । यो कुरा मनमा मनन गर्नाले बुझि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्छ । यसमा विकल्प नरहोस्, अनि स्थिरताको लागि निदिध्यासन गर्नुपर्छ । आत्म र ब्रह्ममा अलिकति पनि अन्तर गर्‍यो कि म-मेरोमा फसिन्छ, पाप-पुण्य, स्वर्ग-नरकको अनर्थमा परिन्छ । भेदको यो भ्रान्ति अज्ञानले हुन्छ । यो अज्ञान जहाँ भेदको कारण हो, त्यहीं दुःखको कारण पनि हो । हामीलाई आफ्नो अज्ञान, द्वैतभाव ज्यादै दुःख दिन्छ । यो कुरा सेठ र राजा शर्यातिको दृष्टान्तबाट स्पष्ट हुन्छ (चतुर्थ खण्ड, मूल ग्रन्थ पृष्ठ ४३०,४३१ हेर्नुहोस्)।

वेदान्तको प्रयोजन तीन कुरा छाड्नमा छ– दुःख, अज्ञान, भ्रान्ति तथा भय । यस भयले नै झूटो शत्रु र शंका बनाएको छ । जब सबैलाई आफ्नै स्वरूप ठान्छौं तब, भय, दुःख र अज्ञान कसरी रहन सक्छ । मनुष्य त एक आकारको नाम हो । यो जाति हो । जातिको लक्षण हो– **नित्यमेकमनेकानुगतं जातिः** । जो नित्य हो, एक हो र अनेकमा अनुगत छ, उसलाई जाति भन्छन् । नित्यको अर्थ हो जो सधैं चलिरहेछ । मनुष्यत्व एक हो, उसमा व्यक्ति अनेक हो । घट एक हो, घटत्व जाति हो । घडा-घडाको भेद गरे त त्यसमा स्व-पर (आफ्नो-अर्काको) भरिएकै हुन्छ । आज त प्रान्तीयता राष्ट्रियतालाई खान लागिरहेछ । वैयक्तिक मोहले परिवारलाई नाश गरिरहेछ, पारिवारिक ममता जातिलाई सर्वनाशमा उतारिरहेछ । जातीयताले धर्मलाई उपेक्षा गरेको छ । यो अज्ञान नै महापाप हो ।

एकत्वदर्शीलाई मोह तथा शोक हुँदैन– सबै प्राणी र पदार्थलाई आफ्नो स्वरूप नै ठानेपछि मोह कोसँग हुन्छ, किनकि मोह त मप्रति होइन मेरोप्रति तथा शोक पनि मेरोको लागि हुन्छ । जब नित्य-शुद्ध-बुद्ध-मुक्त आफ्नो आत्मा अद्वितीय छ त मोह शोकको त कारण नै रहेन । श्रुति भन्छ– ज्ञानी संपूर्ण प्राणीहरूलाई आफ्नै आत्मा ठान्छन् । अतः यो एकत्वदर्शीको लागि कस्तो मोह ! किन शोक !

नाम-रूप, धर्म-अवस्था, विचार-संस्कार, गुण-आकार सबै परिवर्तनशील छन्, तत्त्वमात्र ज्यूँको त्यूँ रहन्छ, कहिल्यै बदलिँदैन । यस्तो तत्त्व ब्रह्म हो । सिनेमाका दृश्यहरू झैं प्रपञ्च त प्रतिक्षण बदलिइरहन्छ, त्यो स्वप्न झैँ मिथ्या हो । जाग्रत् दशामा स्वप्न मिथ्या हो, स्वप्नावस्थामा जाग्रत् हुँदैन । जाग्रत् र स्वप्न दुवै सुषुप्तिमा हुँदैन, त सुषुप्ति पनि जाग्रत् वा स्वप्न यी दुवैमा हुँदैन । ब्युँझेपछि सपना झूठो हुन्छ । जाग्रत्मा त सपनाको स्मरण हुन्छ, तर सपनामा जाग्रत्को स्मरण पनि रहँदैन । स्वप्न हाम्रो जीवनको एक अवस्था हो तथा जाग्रत् पनि जीवनको एक अवस्था हो । जाग्रत्मा स्वप्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झूठो हुन्छ, स्वप्नमा जाग्रत् झूठो हुन्छ र दुवै अवस्थाहरू सुषुप्तिमा झूठा हुन् । सुषुप्ति अवस्था पनि स्वप्न वा जाग्रत्मा रहँदैन ।

अब विचार गर– स्वप्नमा जाग्रत् हुँदैन, जाग्रत्मा स्वप्न हुँदैन र यी दुवै सुषुप्तिमा हुँदैनन्, तर तिमी को हौ ? यसप्रकार तीनै अवस्थाहरू, जुन तीन गुणहरू-द्वारा निर्मित छन्, मिथ्या सिद्ध भएपछि यसको द्रष्टा (यसलाई जान्ने) गुणातीत, नित्य, एक र चिदात्मक हुन्छ । जाग्रत्, स्वप्न, सुषुप्ति यी तीनै अवस्थाहरूका द्रष्टा तिमी हौ ।

शरीरलाई आत्मा संझनु भ्रम नै हो । ज्ञानीलाई शरीर प्रतीत हुन्छ, तर उसको ज्ञानमा उ आत्मा हो । अज्ञानी आत्मामा संस्कारवश शरीरलाई 'म' मान्दछ । अथवा जसरी पानीमा कसैलाई चन्द्रमा चञ्चल देखिन्छ, त्यसरी नै अज्ञानले गर्दा आत्मामा शरीर देखिन्छ । त्यहाँ चन्द्रमा चञ्चल छैन, पानी चंचल छ, अतः त्यसमा पर्ने चन्द्रमाको प्रतिविम्ब चञ्चल छ । त्यसरी नै अन्तःकरणको चाञ्चल्य अज्ञानद्वारा आत्मामा आरोपित भएको छ । आत्मामा यो आउने-जाने सूक्ष्म शरीर अज्ञानद्वारा नै प्रतीत हुन्छ ।

तिमी को हौ ? आफूलाई चिन– गुरु भन्नुहुन्छ– तिमी आफूलाई चिन । संसारमा राग-द्वेष नगरीकन जुन समय बितिरहेको छ, त्यसलाई बित्न देऊ । कर्तापनको अभिमानले नै कर्ममा निमित्तता आउँछ । आत्मामा कर्तापन छैन । अतः आत्मा संसारी होइन । त्यो ब्रह्म हो र तिमी त्यही हौ । बुद्धिको कर्म, बुद्धिको ज्ञान, बुद्धिको राग-द्वेष, बुद्धिको सुत्नु, ब्यूँझनु, सपना देख्नु तिम्रो आफ्नो होइन । तिम्रो ज्ञानस्वरूपमा काल स्पर्श गर्न सक्तैन । तिमी तत्त्वदृष्टिले उही अजर-अमर, शुद्ध, बुद्ध, नित्यमुक्त तुरीय ब्रह्म हौ । दृढ निश्चय गर ।

जसको ज्ञानद्वारा वा कुनै अरूद्वारा निवृत्ति हुँदैन, त्यो सत् हुन्छ । आत्माको ज्ञानद्वारा वा कुनै अरूद्वारा निवृत्त नहुनाले म सत् आत्मा हुँ । त्यस्तै अलुप्त प्रकाशलाई चित् भन्छन् । म आत्माको प्रकाश कहिल्यै लुप्त हुन्नँ, तीनै अवस्थामा एक झैं रहिरहन्छु । त्यसैले म चित्स्वरूप आत्मा हुँ, एवं परम प्रीतिको विषय हुनाले म आनन्दस्वरूप आत्मा हुँ । म यो आत्मा ब्रह्मस्वरूप हुँ, किनकि आत्मा सत्-चित्-आनन्दस्वरूप हो भन्ने श्रुति, युक्ति र अनुभवद्वारा सिद्ध छ, तथा ब्रह्म पनि शास्त्रहरूमा सत्-सत्-आनन्दस्वरूप भनिएको छ । त्यसैले आत्मा ब्रह्मरूप हो र ब्रह्म व्यापकको नाम हो । जसको देशद्वारा अन्त हुँदैन, त्यसलाई व्यापक भन्छन् । यो आत्मा स्वयंप्रकाश छ । जो बत्ती झैं आफूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अरू सबैलाई प्रकाशित गर्छ, त्यो स्वयं प्रकाश भनिन्छ। अथवा जुन सधैँ अपरोक्षरूप छ तथा कुनै ज्ञानको विषय होइन, त्यो स्वयंप्रकाश हुन्छ।

कूटस्थ आत्मा– आत्मा कूटस्थ छ। कामीको आरनको नाम कूट हो। त्यो झैं जो निर्विकार (अचल) रूपमा रहन्छ, त्यसलाई कूटस्थ भन्छन्। आत्मा सदा अचल र अक्रिय रहन्छ, त्यसैले आत्मा कूटस्थ हो। आत्मा देहादिदेखि, उदासीन छ, समीपवर्ती छ र चेतन– प्रकाशस्वरूप छ, त्यसकारण साक्षी हो। अन्तःकरण र अन्तःकरणका वृत्ति-हरूमा वर्तमान चेतनमात्र साक्षी आत्मा हो र त्यही म हुँ। त्यस्तै द्रष्टा र उपद्रष्टा पनि म नै हुँ। सजातीय, विजातीय एवं स्वगत भेदले रहित त्यो आत्मा म नै हुँ।

आत्मा भेद एवं सम्बन्ध– (सजातीय, विजातीय र स्वगत) ले रहित– आत्मा निर्विकार छ, व्यापक छ। आत्माको देश एवं कालद्वारा अन्त नहुनाले म अनन्त हुँ, अधिष्ठान हुनाले सबैको स्वरूप हुँ। आत्मा अखण्ड अर्थात् जीव-ईश्वरको भेद, जीव-हरूको परस्पर भेद, जड-ईश्वरको भेद र जड-जडको भेद– यी पाँचै भेदहरूले रहित छ, अथवा सजातीय, विजातीय र स्वगत भेदले रहित हुनाले आत्मा अखण्ड एवं असंग छ। संग नाम सम्बन्धको हो। सम्बन्ध तीन प्रकारका हुन्छन्– सजातीय, विजातीय र स्वगत। आफ्नो जातिसँग, जस्तै– ब्राह्मणको अर्को ब्राह्मणसँग सजातीय सम्बन्ध हुन्छ। अर्को जातिवालासँग, जस्तो ब्राह्मणको क्षत्रियसँग विजातीय सम्बन्ध हुन्छ। त्यस्तै आफ्नो अवयव- (अङ्ग)- सँग जुन सम्बन्ध छ, त्यो स्वगत सम्बन्ध हो, जस्तै–ब्राह्मणको आफ्ना हात गोडा आदिसँग सम्बन्ध हुन्छ। आत्मा (चेतन) एक हो। आत्मा यी तीनै प्रकारका सम्बन्धले रहित छ, अतः आत्मा असँग हो, अद्वैत हो र अजन्मा हो।

आत्माको निर्विकारत्व र देहका छ धर्म (विकार)– आत्मा निर्विकार छ, किनकि जसरी घटको जन्म, प्रकटता, वृद्धि, विपरिणाम, अपक्षय र विनाश यी ६ धर्म छन्, तर घडा बाहिर विद्यमान आकाशको धर्म छैन, त्यसरी नै देह जन्मन्छ– यो जन्म, 'देह जन्मेको हो' - यो सत्ता (अघि थिएन, अहिले छ), देह बच्चा बन्यो– यो वृद्धि, 'देह युवा भयो'- यो परिणाम, 'देह वृद्ध भयो' – यो अपक्षय र, 'देह मन्यो' - यो विनाश, यी ६ विकार देहका धर्म हुन्। देहलाई जान्ने र देहदेखि अलग जुन आत्मा छ त्यसको धर्म होइन। यसप्रकार म आत्मा षट्-भावविकारहरूले रहित, निर्विकार हुँ।

वेदान्तको प्रधान युक्ति (अन्वय र व्यतिरेक)– तीनै कालमा अबाधितलाई सत्, तीनै कालमा सबै जान्नेलाई चित्, तीनै कालमा परम प्रियलाई आनन्द भन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीनै काल, तीनै अवस्थामा म छु, त्यस्तै पूर्व देहमा, यस देहमा र भावी देहमा पनि म छु। त्यसैले म सत् हुँ । मबाट भिन्न नाम, रूप र वस्तु असत् छन् । अन्वय-व्यतिरेकको युक्ति-द्वारा यही सिद्ध हुन्छ । जस्तै– जो म जाग्रत्मा छु, उही म सपनामा छु, अतः म सत् हुँ– यो अन्वय हो । तथा जाग्रत् ममा छैन, अतः यो जाग्रत् असत् हो– यो व्यतिरेक हो । जो म सपनामा छु, त्यही म सुषुप्तिमा छु, अतः म सत् हुँ– यो अन्वय हो । स्वप्न ममा छैन, अतः यो स्वप्न असत् हो– यो व्यतिरेक हो । जो म सुषुप्तिमा छु, त्यही म प्रातः कालमा छु, अतः म सत् हुँ– यो अन्वय हो । सुषुप्ति ममा छैन, अतः यो सुषुप्ति असत् हो– यो व्यतिरेक हो । अन्वय-व्यतिरेक वेदान्तको प्रधान युक्ति हो ।

म सत् हुनुका साथै तीनै कालमा जान्ने चित् पनि हुँ । तीनै कालमा म परम प्रिय हुँ त्यसैले आनन्द हुँ । यो सत्-चित् आनन्द आत्मा नै मेरो स्वरूप हो । यो निश्चित् भयो ।

जगत्को कारण– यस संसारको कर्ता को हो ? यस प्रश्नको उत्तर हो– व्यापक चैतन्यको आश्रय एवं उसैलाई विषय गर्ने माया नै सदसत् विलक्षण अत्यद्भुत शक्तिरूप अज्ञान हो । त्यसै अज्ञानद्वारा जगत्को उत्पत्ति तथा प्रलय हुन्छ । तात्पर्य यो भयो– मायायुक्त चैतन्य नै ईश्वर कहलाउँछ, उ नै जगत्को उत्पत्ति, स्थिति तथा प्रलयको कारण हो ।

यस अद्भुत जगत्को कर्ता अद्भुत शक्तिमान् हो र त्यो स्वतन्त्र छ । जो अल्पशक्तिमान् हुन्छ, त्यो पराधीन हुन्छ, सर्वशक्तिमान् पराधीन हुँदैन । अतः स्वतन्त्र छ। यसप्रकार जगत्को कर्ता सर्वज्ञ, सर्वशक्तिमान् र स्वतन्त्र छ, उसैलाई ईश्वर भन्छन् ।

जगत्को कारणको विषयमा अनेक मत छन् । असत् कारणवादी भन्छन्– जगत्को कुनै कारण छैन, कोही अभावलाई नै जगत्को कारण मान्छन्, कोही शून्यलाई कारण मान्छन्, नैयायिक परमाणुलाई कारण मान्छन्, कालवादी काललाई नै कारण मान्छन्, चार्वाक स्वभावलाई कारण मान्छन्, मीमांसक अदृष्टलाई कारण मान्छन्, प्रत्यक्षवादी पृथिव्यादि पञ्चभूतलाई नै कारण मान्छन्, सांख्य प्रकृतिलाई, योगीहरू हिरण्यगर्भरूप असँग पुरुषलाई तथा कोही ब्रह्मलाई जगत्को कारण मान्दछन् । यसप्रकार भिन्न-भिन्न मतवादी भिन्न-भिन्न कारण मान्दछन्, तर यी सबै पक्ष सदोष हुन् । वेदान्तले यी सबै मतहरूको खण्डन गरेर मायाविशिष्ट ब्रह्म (ईश्वर) नै जगत्को कारण हो भनी सिद्ध गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापक ईश्वर र जीवको स्वरूपमा वस्तवमा भेद छैन, तर उपाधिले भेद छ। अवच्छेदवादमा माया विशिष्ट चैतन्यलाई ईश्वर र अविद्याविशिष्ट चैतन्यलाई जीव भन्छन्। आभासवादमा माया र आभासले विशिष्ट चैतन्यलाई ईश्वर भन्छन् र आभाससहित अविद्याविशिष्ट चैतन्यलाई जीव भन्छन्। विम्ब-प्रतिविम्बवादमा अज्ञानमा प्रतिविंबित चैतन्यलाई जीव र विंबचैतन्यलाई ईश्वर भन्छन्। यस तरीकाले जगत्को कर्ता सर्वज्ञ, सर्वशक्तिमान्, स्वतन्त्र ईश्वर नै हो। त्यो ईश्वर व्यापक छ। जीव र ईश्वरमा विशेषण मात्र भेद छ, स्वरूपतः भेद छैन।

कारण (उपादान र निमित्त) – जो कार्यवर्गको स्वरूपमा प्रवेश गर्छ, जुनविना कार्यको स्थिति हुँदैन, त्यो उपादन-कारण हो, जस्तो घडाको उपादन-कारण माटो हो। जुन कार्यको स्वरूपमा प्रविष्ट छैन र कार्यदेखि बेग्लै रहेर कार्यको उपादान गर्छ, तथा जसको नाश हुनाले कार्यको नाश हुँदैन, त्यो निमित्त-कारण भनिन्छ। जस्तो घटोत्पत्तिमा कुमाले, चक्र, दण्ड आदि निमित्त कारण हुन्।

जगदुत्पत्तिका तीन वाद (आरंभवाद, परिणामवाद र विवर्तवाद)– यसमा वेदान्तीहरूले विवर्तवादलाई नै श्रेष्ठ मानेका छन्। जहाँ सावयव अनेक कारणद्रव्यको सहायताद्वारा एक अवयवी द्रव्य उत्पन्न हुन्छ त्यहाँ आरंभवाद हुन्छ, जस्तै अनेक तन्तुहरूको सहायताले एक पटरूप कार्य उत्पन्न हुनु। जगत्को उत्पत्तिमा आरंभवाद संभव छैन।

परिणामवाद पनि जगदुत्पत्तिमा युक्त हुँदैन। कारण-वस्तुको प्राक्-सिद्ध जुन कारणवस्था छ, त्यसको अपरित्यागपूर्वक अवस्थान्तर प्राप्तिको नाम परिणामवाद हो। 'जसरी माटोको परिणाम घडा हो, त्यसरी नै प्रधान (प्रकृति) को परिणाम जगत् हो' भनी शाङ्ख्यवादी भन्छन्। कारणवस्तुको नित्यसिद्ध स्वरूपको परित्याग नगरीकन हुने अन्यथा (रूपान्तर) - प्रतीतिको नाम विवर्त हो। जस्तै– शुक्तिका (सिपि) - मा रजत- (चाँदी) - को अवभास। यही पक्ष अद्वैत-वेदान्तको सिद्धान्त हो। यहाँ जगद्रूप विवर्तको उपादानरूप अधिष्ठान मायोपहित चैतन्य हो, माया विशिष्ट चैतन्य होइन्। अविवेकी विशिष्ट चैतन्यलाई नै अधिष्ठान भन्छन्। ईश्वर नै जगत् प्रपञ्चको उपादान एवं निमित्त-कारण हो। जसरी माकुरो तन्तुरूप कार्यप्रति उपादान-कारण र निमित्त कारण हुन्छ, त्यसरी नै ईश्वर जगत्को उपादान-कारण र निमित्त-कारण पनि हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःकरणको उत्पत्ति—अपञ्चीकृत भूतहरूको सत्त्वगुणको कार्य अन्तःकरण हो। त्यो अन्तःकरण पञ्चीकृत पञ्च भूतहरूको व्यष्टि सत्त्वगुणको कार्य पञ्च ज्ञानेन्द्रियहरूको आफ्नो-आफ्नो विषयलाई ग्रहण गर्नमा सहकारी हुन्छ। समष्टि पञ्च भूतहरू कार्य हुनाले अन्तःकरणलाई सत्त्व पनि भन्छन्। अन्तःकरणको परिणामको नाम वृत्ति हो। अन्तःकरणमा चार वृत्तिहरू हुन्छन्— निश्चय गर्ने वृत्तिको नाम बुद्धि, संकल्पात्मक वृत्तिको नाम मन, चिन्तनात्मिका वृत्तिको नाम चित्त र अहं भन्ने अभिमानात्मिका वृत्तिको नाम अहंकार हो।

पञ्चभेदसहित प्राणोत्पत्ति—अपञ्चीकृत पञ्च भूतहरूको समष्टि रजोगुणांशबाट पंचवृत्तियुक्त प्राण उत्पन्न हुन्छ। यो प्राण क्रियाभेद र स्थानभेदले पाँच प्रकारका हुन्छन्। जसको स्थान हृदय हो क्रिया क्षुत्-पिपासा हो त्यसको नाम प्राण हो। जसको स्थान गुदा हो, क्रिया मल-मूत्रलाई अधोनयन गर्नु हो, त्यसको नाम अपान हो। जसको स्थान नाभि हो, भुक्त-पीत अन्न-जललाई पाचनयोग्य-समान गर्नु क्रिया हो, त्यो समान हो। जसको स्थान कण्ठ हो, मर्ने बेलामा प्राणलाई ऊर्ध्वनयन गर्नु जसको क्रिया हो, त्यो उदान हो। जसको स्थान समस्त शरीर हो, अन्न-पानादिको रसलाई सबै नाडीहरूमा प्रविष्ट गराउनु क्रिया हो, त्यो व्यान हो।

ज्ञानेन्द्रियहरू र कर्मेन्द्रियहरूको उत्पत्ति— अपञ्चीकृत एक-एक भूतहरूको सत्त्वांशले पञ्च ज्ञानेन्द्रियहरू बने, एवं एक-एक भूतहरूको रजोगुणांशले कर्मेन्द्रियहरू बने। यथा आकाशको सत्त्वांशले श्रोत्र, वायुको सत्त्वांशले त्वक्, तेजको सत्त्वांशले चक्षु, जलको सत्त्वांशले रसना र पृथिवीको सत्त्वांशले घ्राणेन्द्रिय उत्पन्न हुन्छन्। यी पञ्च ज्ञानेन्द्रियहरू ज्ञानका साधन हुन्, अतः यिनीहरूलाई ज्ञानेन्द्रिय भन्छन्। ज्ञान सत्त्वगुणले नै हुन्छ। श्रोत्रेन्द्रिय आकाशको गुण शब्द ग्रहण गर्छ, त्यो आकाशको सत्त्वगुणको कार्य हो। यसै प्रकारले जुन इन्द्रिय जुन भूतको गुणहरूलाई ग्रहण गर्छ, त्यो त्यही भूतको सत्त्वगुणको कार्य हो भन्ने जान्नुपर्छ।

आकाशको रजोगुणले वाक्, वायुको रजोगुणले पाणि (हात), अग्निको रजोगुणले पाद, जसको रजोगुणले उपस्थ र पृथिवीको रजोगुणले गुदा उत्पन्न हुन्छ। यी पाँच इन्द्रियहरू क्रियाका साधन हुनाले कर्मेन्द्रिय भनिन्छन्। क्रिया रजोगुणको कार्य हो, अतः भूतहरूको रजोगुणले यिनीहरूको उत्पत्ति हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थूल-सृष्टि-पंचीकरण– पञ्चीकरणको प्रकार यो छ–प्रत्येक सूक्ष्म भूत-लाई तमोगुणांशको साम्यसाथ दुइ भागमा बाँड । यसमा आधा भागलाई बेग्लै राखेर अर्को आधा भागलाई चार भागमा बाँड । अष्टमांश चार भागको आफ्नो अर्धांशलाई छाडेर शेष चार अर्धांशमा एक-एक अष्टमांश मिलाऊ । यसप्रकार मिल्नाले पञ्चीकरण हुन्छ । यसमा प्रत्येक स्थूल भूतमा आफ्नो अर्धांश छ र आधामा इतर चार भूतहरूको अष्टमांश मिलेको छ । यसप्रकार प्रत्येक स्थूल भूतमा पाँचौँको अंश पनि मिल्नाले स्थूल भूत पञ्चीकृत हुन्छन् ।

स्थूल ब्रम्हाण्डको उत्पत्ति– यसप्रकार पञ्चीकृत पञ्च भूतहरूद्वारा इन्द्रिय-गोचर स्थूल ब्रह्माण्ड उत्पन्न हुन्छ । यस ब्रह्माण्डमा चौध लोक र तिनमा रहने जीवहरूको पृथक्-पृथक् उपयोगको लागि योग्य अन्न-पानादि तथा भोगायतन देव-मनुष्य-पश्वादि शरीर स्थूल शरीर हुन्छन् । यसप्रकार संक्षेपले सृष्टिको वर्णन गरियो ।

मोक्षको कारण के हो ?– मोक्षको साधन ज्ञान हो कर्म वा उपासना होइन । आत्मामा बन्धसत्य हुँदो हो त उसको निवृत्तिरूप मोक्ष ज्ञानले हुने थिएन, बरु कर्म र उपासनाद्वारा नै हुन्थ्यो, तर आत्मामा बन्ध सत्य छैन, रज्जु-सर्पवत् मिथ्या हो । त्यो मिथ्या बन्धनको निवृत्ति अधिष्ठानको ज्ञानले नै हुन्छ, कर्म-उपासनाद्वारा होइन, जसरी डोरीमा सर्प कुनै क्रियाद्वारा हट्दैन, तर डोरीको ज्ञानले भने हट्छ, त्यसरी नै आत्माको अज्ञानले हुने बन्ध र त्यसको कारणभूत अज्ञान आत्माको ज्ञानद्वारा नै हट्न सक्छ, अरू कुनै उपायद्वारा होइन । अतः ज्ञानोत्पत्तिभन्दा पहिले जबसम्म अन्तःकरणमा मल विक्षेप हुन्छ, तबसम्म कर्म-उपासना अनुष्ठेय हो । जसको अन्तःकरण शुद्ध एवं निश्चल भएको छ, त्यो जिज्ञासु हो । अतः उसलाई त श्रवण-मनन-निदिध्यासनरूप विचार नै कर्तव्य हो ।

अन्तमा गुरुदेव उपदेश गर्नुहुन्छ– मैले गरेको उपदेश समस्त वेदको सार हो। यसैले यसमा श्रद्धा गर र आफ्नो स्वरूपलाई जान । जन्मादिरहित शुद्ध ब्रह्म नै तिमी हौ। समस्त दृश्य जगत्को तिमी नै प्रकाशक हौ । तिमी अखण्ड आनन्दघन हौ । जगत् जीव र ईश्वर आदि सबै तिम्रो मायाले स्वप्नवत्, रज्जु-सर्प र सिपी-रजतादि झैँ प्रतीत भइरहेछ।

समस्त राजस, तामस वृत्तिहरू शिथिल भएपछि जिज्ञासुले वेदान्तको जुन-सुकै प्रक्रियाअनुसार अन्तर्मुखतापूर्वक विचार गर्नुपर्छ । यहाँ खालि तीन प्रकारको विचार गरिन्छ- पञ्चकोश विवेक, लय चिन्तन र प्रणवको अहंग्रहोपासना ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचकोश-विवेक प्रकार– अन्नमयादि पाँच कोशहरू आत्मालाई आच्छादन गर्ने हुनाले यिनलाई कोश भनिएको हो। जसरी जीवको पञ्चकोश जीवको यथार्थ स्वरूप साक्षीलाई आच्छादन गर्छ, त्यसरी नै ईश्वरको समष्टि पञ्चकोश ईश्वरको यथार्थ रूपको आच्छादन गर्छ। शुद्ध-सत्त्व-प्रधान माया ईश्वरको कारण-शरीर हो। मलीन-सत्त्व-प्रधान अविद्यांशबाट जीवको कारण-शरीर बन्छ।

स्थूल,सूक्ष्म, कारण गरीकन जम्मा तीन शरीर छन्। यिनै तीन शरीरहरूमा पञ्च कोशहरूको अन्तर्भाव हुन्छ। कारण-शरीरमा आनन्दमय कोशको अन्तर्भाव छ, एवं सूक्ष्म शरीरमा विज्ञानमय, मनोमय र प्रणमयको अन्तर्भाव छ। पाँच ज्ञानेन्द्रिय तथा निश्चयात्मिका बुद्धि मिलाएर विज्ञानमय कोश कहलाउँछ। पाँच ज्ञानेन्द्रिय एवं मन मिलाएर मनोमय कोश हुन्छ। पञ्च प्राण र पञ्च कर्मेन्द्रिय मिलाएर प्राणमय कोश हुन्छ। स्थूल शरीरलाई अन्नमय कोश भन्छन्।

स्थूल शरीर– प्रतिक्षण नाश हुने हुनाले यसलाई शरीर भन्छन् तथा जल्ने हुनाले यसको नाम देह हो। यो शरीर पञ्चीकृत पञ्च भूतबाट बनेको छ। लोम, त्वक्, शिरा, मांस, अस्थि मज्जा आदिको समुदायको नाम स्थूल देह हो। नाम, रूप,वर्ण, आश्रम , जाति र जन्म-मरण आदि धर्म स्थूल देहका नै हुन्। यो स्थूल शरीर चार प्रकारका हुन्छन्– अण्डज, जरायुज, स्वेदज,र उद्भिज।

सूक्ष्म शरीर- अपञ्चीकृत पञ्च भूतहरूका कार्य सत्र तत्त्वहरूको समूहलाई लिङ्ग-शरीर भन्छन्। कोही चित्त र अहंकारलाई मिलाएर उन्नाइस तत्त्वहरूलाई लिङ्ग-शरीर भन्छन्। यो लिङ्ग-शरीर नै शुभाशुभ कर्मको कर्ता र सुख-दुःखरूप फलहरूको भोक्ता हो। इहलोक तथा परलोकमा आउने-जाने पनि लिङ्ग-शरीर नै हो। राग, द्वेष,शम, दम, संयम, त्याग आदि धर्मलिङ्ग-शरीरमा नै रहन्छन्। यो स्थूल शरीर झैं प्रत्यक्ष प्रमाणको गोचर छैन, यसैले यसको नाम लिङ्ग-(सूक्ष्म)- शरीर हो। शताब्दी विषयहरूको उपलब्धिको हेतु एवं लक्षणद्वारा आत्माको अवबोधक हुनाले नै यसलाई लिंग-शरीर भन्छन्।

कारण-शरीर– अज्ञान नै कारण-शरीर हो। स्थूल र सूक्ष्म दुवैको कारण हुनाले अज्ञानलाई कारण-शरीर भन्छन्। यसका प्रिय, मोद र प्रमोद तीन वृत्तिहरू छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको शरीर तथा कोशहरूको वर्णन– समष्टि अज्ञानरूप माया नै ईश्वरको कारण-शरीर हो । उही ईश्वरको कारण-शरीर पनि हो ।

पञ्चकोश–माता-पिताद्वारा उपभुक्त अन्नरसको परिणाम शुक्र तथा शोणितको संबन्धद्वारा आमाको पेटबाट उत्पन्न एवं जन्मको अन्तर पनि अन्नले वर्धित र मरणान्तर पछि अन्नरूप पृथ्वीमा लय हुने हुनाले यो स्थूल देह नै अन्नमय कोश हो । रजोगुणको अवस्थाविशेषले आपाद-मस्तकपर्यन्त स्थूल देहमा व्याप्त भएर आफ्नो बलद्वारा कर्मेन्द्रियहरूलाई आ-आफ्नो व्यापारमा जो प्रवृत्त गर्छन्, ती पञ्च प्राण र पंच कर्मेन्द्रिय हुन्, तिनको नाम प्राणमय कोश हो।पञ्च ज्ञानेन्द्रियहरू एवं मन-कर्मेन्द्रियद्वारा व्यापार गर्ने इच्छादिरूप रजोगुणको वृत्तिसहित हुनाले सत्त्व र रजोगुणको अवस्था विशेष नै मनोमय कोश भनिन्छ । खालि सत्त्वगुणका अवस्थाविशेषको नाम विज्ञानमय कोश हो । आनन्दमयस्वरूप आत्माको प्रतिबिम्ब सहित प्रिय-मोद-प्रमोदरूप वृत्तिको लयको अवधिभूत जुन अविद्या छ, त्यही कारण-शरीर हो । यही आनन्दमय कोश हो ।

पंचकोश-विवेक-प्रकार– यसमा शरीरत्रयको विवेकद्वारा पंचकोशको विवेचन हुन्छ । जसरी पंचकोशभन्दा जीवको स्वरूप विलक्षण छ,त्यसरी नै ईश्वरको स्वरूप पनि समष्टि पंचकोश भन्दा विलक्षण छ ।

स्थूल शरीरको विवेचन– म स्थूल देह होइन र यो मेरो पनि होइन, तर भूतहरूको कार्य हुनाले भौतिक हो । स्थूल देहदेखि पृथक् हुनाले नै देहमा आश्रित, नाम, रूप जाति र आश्रमको धर्म पनि ममा छैन । यो स्थूल देहको विवेक भयो ।

सूक्ष्म शरीरको विवेचन– लिङ्गदेहको पनि आत्मासंग सम्बन्ध छैन । यो लिंगशरीर अपंचीकृत पंचभूतको कार्य हो । अतः म लिङ्गदेह होइन । कर्तृत्व, भोक्तृत्व, सुखित्व, दुःखित्व आदि देहका धर्म हुन् । आत्माका होइनन् । यी सबैको साक्षी म यी सबैभन्दा भिन्न हुँ । यो सूक्ष्म शरीरको विवेक हो ।

कारण-शरीरको विवेचन- अज्ञान नै कारण शरीर हो । न म कारण-शरीर मेरो हो । यसको धर्म पनि ममा छैन । त्यसैले म यो देह देखि भिन्न हुँ ।

जाग्रत अवस्थाको विवेचना– स्वप्न र सुषुप्तिभन्दा विलक्षण इन्द्रियजन्य ज्ञान तत्संस्कारको आधारभूत काल-विशेषको नाम जाग्रत अवस्था हो । यस अवस्थामा चतुर्दश त्रिपुटिद्वारा जीव व्यवहार गर्छ । स्वप्न र सुषुप्तिमा जाग्रत्को व्यभिचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ। त्यसको साक्षिभूत आत्मा सबै अवस्थाहरूमा वर्तमान रहनाले सत्स्वरूप छ। त्यो आत्मा तिमी हौ।

स्वप्नावस्थाको विवेचन– जुन अवस्थामा इन्द्रियहरूको उपराम हुनाले यसको सहायताविना नै मन हिता नाम भएको नाडीभित्र जाग्रत्‌को संस्कारवश विषयाकारमा परिणत भएर स्वयंज्योतिरूप साक्षीद्वारा अनुभूत हुन्छ, त्यस अवस्थाको नाम स्वप्नावस्था हो। जाग्रत र सुषुप्तिमा स्वप्नावस्था हुँदैन। आत्मा त तीनै अवस्थाहरूको साक्षी हुनाले स्वप्नावस्थाभन्दा पनि विलक्षण छ। त्यो आत्मा तिमी हौ।

सुषुप्ति अवस्थाको विवेचन– जुन अवस्थामा खालि सुख एवम् अज्ञानको अनुभव हुन्छ, त्यसको नाम सुषुप्ति अवस्था हो। जाग्रत् र स्वप्नमा सुषुप्ति अवस्था हुँदैन। आत्मा तीनै अवस्थाहरूको साक्षी हुनाले सुषुप्ति अवस्थाभन्दा पनि विलक्षण छ। त्यही आत्मा तिमी हौ।

सारांश हो– आत्मा पञ्चकोशातीत तथा शरीरत्रय एवं अवस्थात्रयको साक्षी हो र त्यो आत्मा तिमी हौ। मेरो उपदेशमा श्रद्धा विश्वास गर र मनन-निदिध्यासनद्वारा आफ्नो निष्ठा परिपक्व बनाउनु।

सामान्य व्यक्तिभन्दा योगी विशेष समर्थ्य भएको पुरुष हुन्छ। यो सामर्थ्य योग सिद्धि हो। योगीहरूलाई यो सिद्धि जाग्रत् अवस्थामै प्राप्त हुन्छ। जाग्रत् पूर्णावस्था भएकोले जाग्रत्‌मा नै संस्कारलाई बदल्न सकिन्छ, यसैले त्यसमा गरिएको सुधार नै सूक्ष्म शरीरमा हुनु संभव छ।

मृत्युदेखि सबै डराउँछन्। बारम्बार मर्नाले उसको भय निरासताको संस्कार सूक्ष्म देहमा दृढतासाथ जमेको हुन्छ। स्थूल शरीरको मृत्युको समयमा मरण-मूर्छा रहन्छ, त्यसमा भावी कारणदेहबाट सूक्ष्म शरीरमा भान हुन आउँछ र जति सूक्ष्म संस्कार छन् ती सबको उद्भव त्यहाँ हुन्छ। त्यसमा परेको मरण-संस्कार पनि निस्कन्छ र जीवलाई बोध हुन्छ– उसको शरीरको मृत्यु भयो, स्थूल शरीर छुट्यो। यो बोध स्वप्नमा हुने बोधसँग मेल खाने र विलक्षण प्रकारको हुन्छ। स्वप्नको बोध निद्रादोषबाट हुन्छ, यो बोध भने निद्रादोषबाट हुने होइन। जीव आफूलाई मरेको भन्ने ठान्दैन, किनभने जीव संस्कारहरूसित संमिलित भावको हुन्छ। जबसम्म संस्कारहरूको पूर्ण निवृत्ति हुँदैन तबसम्म जीव-भावको निवृत्ति हुँदैन।

चौथो अवस्था, जुन तुरीय नामले कहिन्छ, त्यो त अवस्था होइन, परम पद हो, जबतक शरीरको प्रतीति हुन्छ, तबतक कैवल्य परम पदसित भेद भएको, मायिक,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीनै अवस्थाभन्दा पर, चौथो अवस्था बुझ्नलाई बताइएको हो । तीनै अवस्था मिलेर एक सृष्टि हुन्छ, यी तीनलाई छाडेर कुनै सृष्टि छैन । तीनौटै अवस्था मायाका हुन् र मायाको भ्रान्तिमा छन् । तुरीय मायामा त छ, तर भ्रान्तिमा छैन, शुद्ध मायामा परम पदको स्थितिरूप छ । तुरीय अवस्थाले युक्त ज्ञानी नै जीवन्मुक्त हुन्छ । मायिक तीनौटै अवस्थाहरू एकले अर्कालाई हटाएर प्राप्त हुन्छन्, किन्तु तुरीय कसैलाई हटाउँदैन । गौण भावले ती तीनै उसमा रहन्छन् । तुरीय आत्मस्थितिरूप हो । जसरी अज्ञानी तीनौटै अवस्थामा सुख-दु:खको अनुभव गर्छ, ज्ञानी त्यसरी आन्तरिक भावले त्यसलाई ग्रहण गर्दैन, किन्तु कमलको पात समान निर्लेप रहन्छ । संसारी अज्ञानी र तुरीय स्थित ज्ञानी जीवनमुक्त दुवै संसारमा रहन्छन्, तर दुवैको भावमा महान् अन्तर छ । एउटालाई बन्धनको भाव छ, दोस्रो मुक्त छ । ज्ञानी शरीर भएर पनि मुक्त हुन्छ । शरीर जन्म-मरणको हेतु होइन । उसको साथ रहने अज्ञान नै जन्म-मरणको कारण हो । जब अज्ञानी त्यस अज्ञानबाट निवृत्त हुन्छ, तब शरीर रहँदा पनि शरीराध्यास-देहाभिमानले रहित हुन्छ । यसैले उ ब्रह्मस्वरूप हुन्छ ।

तीन सत्ता (प्रातिभासिक, व्यावहारिक र पारमार्थिक)– मुमुक्षुलाई उपदेश दिनको निम्ति शास्त्रमा सत्ताका तीन भेद मानिएका छन्–प्रातिभासिक, व्यावहारिकर पारमार्थिक । व्यावहारिक सत्ताको अपेक्षा प्रातिभासिक सत्ता भ्रम हो, जस्तो–डोरीमा सर्प, मरु-मरीचिकामा जल र स्वप्न-सृष्टि आदि । कुनै वस्तु र त्यसको ज्ञानको व्यावहारिक शुद्ध स्थितिमा बाध हनु प्रातिभासिक सत्ता हो । व्यावहारिक सत्ता पारमार्थिक सत्तामा भ्रमरूप छ। कुनै वस्तु र त्यसको ज्ञानलाई सबै संसारी एकै प्रकारले जान्दछन् र व्यावहारिक अवस्थामा त्यसको बाध हुँदैन भने त्यो व्यावहारिक सत्ता हो, जस्तै– जाग्रत् स्थूल जगत् र त्यसका पदार्थ । पारमार्थिक सत्ता ब्रह्मस्वरूप हो । त्यसको कसैबाट बाध हुँदैन । प्रातिभासिक र व्यावहारिक सत्ता हुँदा-हुँदै पनि पारमार्थिक सत्ता बस्तुरूप भने कहिल्यै हुँदैन । अज्ञानले गर्दा व्यावहारिकहरूलाई र अज्ञानमा भ्रमले गर्दा प्रातिभासिकहरूलाई पारमार्थिक सत्ताको प्रतीति नभए पनि सबको आधार भएकोले यो रहेको भने हुन्छ । यो अन्तिम सत्त्व सत्ता अपरिवर्तनशील छ, उसलाई झूटो गराउने अर्को कुनै सत्ता छैन। यो अनाद्यन्त तत्त्व हो, यो नै आत्मा हो । यही सत्ता सर्वव्यापक छ। यो पूर्ण ज्ञानको अवस्था वस्तुस्वरूप हुनाले त्रिकालाबाधित छ । स्वप्न र जाग्रत् मायिक कल्पनास्वरूप हुन्, ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुवैको वस्तुस्वरूप आत्माद्वारा बाध हुन्छ । स्वप्न र जाग्रत्को प्रातिभासिक र व्यावहारिक सत्ता मायामा हुने हुनाले देश, काल र वस्तुद्वारा परिच्छेद हुने हुन्छ, यसैले प्रातिभासिक व्यावहारिकमा र व्यावहारिक पारमार्थिक स्वरूपमा बाध तुच्छ वा झूटो हुन्छ । आत्मतत्त्व नै सबैको अड्ने टिक्ने स्थान हो । यही तत्त्व सब देश, सब काल, सब धर्म र सब जातिमा विद्यमान छ । यो हरेकको अविरुद्ध आफू स्वयं हो ।

ज्ञान, उपासना र कर्म– जगत् बनाउनेलाई जान्नु, उनलाई प्रसन्न पार्न उनको भक्ति गर्नु अथवा ईश्वर छैन एक प्रकृति (Nature) मात्र छ भन्नु– यी तीनै कुरामा संसारका सबै धर्म समाविष्ट हुन्छन् । यी तीनोटालाई नै हिन्दू शास्त्रले ज्ञान, उपासना र कर्म भन्ने नाम दिएका छन् । जगत्को कर्तालाई जान्नु ज्ञान, ईश्वरको भक्ति गर्नु उपासना र आफ्नो हितको लागि, सुखको निम्ति आफ्नो धर्मानुसार आचरण गर्नु, एक प्रकृतिलाई मान्नु कर्म हो । सुख सबै चाहन्छन्, यस्तो सुख के हो ? केमा छ? यो नजानेर पनि जसमा दुःख नहोओस् । त्यसतर्फ जाने सबैको प्रवृत्ति छ । सबै धर्मलाई सुख जस्तोसुकै भए पनि प्रिय र मान्य हुन्छ । जसरी भिन्दाभिन्दै ठाउँबाट आई सबै नदीहरू अन्तमा समुद्रमा मिल्छन् र समुद्र नै सबै नदीहरूको उत्पत्ति र लयको स्थान बन्छ, त्यसरी नै एक वेदान्त नै आफूमा सबैलाई मिलाउँछ । उसको कसैसँग विरोध छैन । वेदान्त सबै धर्मलाई आफ्नो अंग-उपांग ठान्दछ । वेदान्त त्यस तत्त्वलाई स्वीकार गर्छ, जुन सबै धर्म मान्नेहरूले अन्तिम रूपमा स्वीकार गर्नैपर्छ । वेदान्त कसैलाई आफूभन्दा भिन्न मान्दैन । वेदान्त आत्मतत्त्व हो, आत्मा सबभन्दा नजीक छ र सबैको आफ्नो स्व भएकोले सबैको अनुकूल पनि छ ।

आसक्ति नै दुःखको कारण हो । आसक्ति अज्ञान हो । अज्ञान नभए आसक्ति हुँदैन । अज्ञानबाट राग-द्वेष हुन्छन्, राग-द्वेषबाट आसक्ति जन्मन्छ र आसक्तिबाट दुःख हुन्छ । यसप्रकार अनर्थको जड अज्ञान नै हुन्छ । अज्ञान हटाउने जुक्ति जो बताउँछ, त्यो वेदान्त हो । विपरीत (उल्टो) भावको ज्ञान नै अज्ञान हो । केवल सम्बन्ध पनि दुःखको हेतु होइन, बरु अज्ञानको आसक्ति भएको सम्बन्ध नै दुःखको कारण हो । जुन योग्यताको सम्बन्ध छ, त्यस योग्यतालाई नबुझेर सम्बन्धलाई विशेष महत्व दिनु अज्ञान हो । जीवको योग्यता जीवलाई र पदार्थको योग्यता पदार्थलाई राखियो भने पदार्थद्वारा हुने दुःख जीवलाई हुँदैन । यसप्रकारको आचरण गर्ने ज्ञानी कहिन्छ । जीवलाई यथार्थ रूपले जान्नु र जगत्लाई जगत्को भावले जान्नु ज्ञान हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मप्राप्तिमा कुनै कुराको आवश्यकता छैन । आत्मप्राप्तिमा कुनै प्रतिबन्धक छैन । मायाको कार्यमा नै मायाको विधि-निषेध छ । परमतत्त्वमा विधि-निषेध हुँदैन । पदार्थको ग्रहणमा देश, काल आदिको आवश्यकता छ, अज्ञान छाड्न र आफूले आफैँलाई जान्न कुनै कुराको आवश्यकता छैन । आत्मसत्ताबाटै सबै सत्तायुक्त हुन्छन् भने पनि आत्मा सबैदेखि असँग छ । आत्मा अधिष्ठान हो, जगत् अध्यस्त छ । अध्यस्तको दोषबाट अधिष्ठान कहिल्यै दूषित हुँदैन । अध्यस्तको-जगत्को निवृत्ति र अधिष्ठानरूप आत्माको ज्ञान नै परम पद हो । उ सबैको आफ्नो स्व हो ।

जाग्रत् अवस्थाका बयालीस तत्त्व– जाग्रत्, स्वप्न, सुषुप्ति यी तीन अवस्था हुन् । यी मध्ये स्वप्न र सुषुप्तिदेखि भिन्न इन्द्रियजन्य ज्ञान एवं इन्द्रियजन्य संस्कारहरूको आधारकाल जाग्रत् अवस्था हो । यसमा चौध इन्द्रियहरू अध्यात्म, यिनीहरूका चौध देवता अधिदेव र चौध विषय अधिभूत हुन् । यी बयालीस तत्त्वद्वारा जसमा व्यवहार हुन्छ, त्यो जाग्रत् अवस्था हो । पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय तथा चार अन्तःकरण- यी चौध इन्द्रियहरू अध्यात्म हुन् । यिनका चौध देवता यसप्रकार छन्– श्रोत्रका देवता दिशा, त्वचाका वायु, चक्षुका सूर्य, रसनाको वरुण, घ्राणका अश्विनीकुमार, वाक्का देवता अग्नि, हातका इन्द्र, गोडाका वामन, उपस्थका प्रजापति र गुदाको यम, मनका देवता चन्द्रमा, बुद्धिका ब्रह्मा, चित्तका वासुदेव र अहंकारका रूद्र । यी चौध देवता अधिदेव हुन् । त्यस्तै इन्द्रियहरूको विषय यसप्रकार छन्– श्रोत्रको शब्द, त्वचाको स्पर्श, चक्षुको रूप, जिह्वाको रस, घ्राणको गन्ध, वाक्को वचन, हातको आदान-प्रदान (लिनु-दिनु), गोडाको हिँड्नु, उपस्थको रति-भोग, गुदाको मलत्याग, मनको संकल्प-विकल्प, बुद्धिको निश्चय, चित्तको चिन्तन र अहंकारको अहन्ता यी चौध विषय अधिभूत हुन् ।

उपर्युक्त अध्यात्म, अधिदेव र अधिभूत यी तीन पुट ।(आकार) मिलेर त्रिपुटि कहिन्छ । यी त्रिपुटिहरूको स्वभाव यस्तो छ कि यी मध्ये कुनै एउटा नभए उसको व्यवहार चल्दैन । यसप्रकार इन्द्रिय र देवता भएर पनि विषय नभए व्यवहार चल्दैन, विषय र इन्द्रिय त छन् , तर देवता छैनन् भने पनि काम चल्दैन र विषय त छन् इन्द्रिय छैनन् भने पनि व्यवहार चलन सक्तैन । म त यी त्रिपुटिहरूको साक्षी हुँ । यस जाग्रत् अवस्थाको हुनु या नहुनुलाई म जान्दछु । त्यसैले म जाग्रत् अवस्थाको साक्षी हुँ । एवं प्रकार म स्वप्नावस्था र सुषुप्ति अवस्थाको पनि साक्षी हुँ, यही मेरो दृढ निश्चय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माको कुनै नाम, रूप, गुण छैन, तापनि उपदेशको लागि केही त भन्नै पर्छ। यसैले ब्रह्मालाई सच्चिदानन्द रूप भन्छन्। सच्चिदानन्द ब्रह्मको गुण होइन, किन्तु यो ब्रह्मस्वरूप नै हो। सत्को अर्थ छ, चित्को अर्थ प्रकाश र आनन्दको अर्थ प्रिय हुन्छ। यी तीन एक-अर्कादेखि फरक छैनन्, किनभने यी तीनबाट एउटालाई पनि हटाउन सकिँदैन। त्यसैले सत्, चित् आनन्द नै ब्रह्म हो।

दुइ किसिमका वाक्य (विधिवाक्य र निषेधवाक्य)–ब्रह्मलाई लक्ष्य गर्ने शास्त्रले दुइ प्रकारका वाक्यहरूको प्रयोग गरेको छ, विधिवाक्य तथा निषेध वाक्य। जुनमा यो वस्तु 'यस्तो छ, उस्तो छ' भनिएको छ, ती विधिवाक्य हुन् र जुनमा 'यस्तो होइन, उस्तो होइन' भनिएको छ, ती निषेध वाक्य भनिएको छ। आत्माको बोध गराउनको लागि दुवै थरीका वाक्य भनिएका छन्। जेमा आत्माको सीधा स्वरूपदर्शक वर्णन छन् ती विधिवाक्य हुन्, जस्तै–सत्, चित्त, आनन्द, सर्वव्यापक, ज्योतिस्वरूप, बोध स्वरूपसाक्षी, सर्वाधिष्ठान, ब्रह्म आदि विधिवाक्य हुन् र जेमा आकार-नकार संयुक्त वर्णन छन् ती निषेधवाक्य हुन्, जस्तै- अनादि, अनन्त, निर्गुण, निष्क्रिय, अद्वैत अव्यक्त आदि।

लय-चिन्तन-क्रम– समस्त प्रपञ्चलाई ईश्वररूपमा चिन्तन गर। जसरी माटोको कार्य घट भित्र-बाहिर माटो नै हो, त्यसरी नै जो जसको कार्य हो, त्यो कारणको स्वरूपभन्दा भिन्न हुँदैन। सकल प्रपञ्चको कारण ईश्वर हो, त्यसैले सकल प्रपञ्चको स्वरूप पनि ईश्वर नै हो भन्ने ठानेर समस्त प्रपञ्च आफूमा लीन भएको चिन्तन गरोस्।

यो समस्त स्थूल ब्रह्माण्ड पञ्चीकृत भूतको कार्य हो, त्यसैले समस्त ब्रह्माण्डलाई पञ्चीकृत भूतस्वरूप नै चिन्तन गर्नुपर्छ। यसै किसिमले पञ्चीकृत सकल भूत अपञ्चीकृत भूतको कार्य हुनाले अपञ्चीकृत स्वरूपले यिनको चिन्तन गरोस्। अतः कारणादि सूक्ष्म सृष्टिअपञ्चीकृत भूतको कार्य हुनाले अपञ्चीकृत स्वरूपले तिनको चिन्तन गरोस्। यस प्रकार सूक्ष्म सृष्टि अपञ्चीकृत भूतस्वरूप नै हो भन्ने चिन्तन गरोस्।

त्यसपछि अपञ्चीकृत भूतलाई प्रकृति (प्रधान) मा र प्रधानलाई ब्रह्ममा लीन गरी चिन्तन पछि गरोस्–पहिले बताइएको चिन्तन पछि अपञ्चीकृत भूतको लयको पनि चिन्तन गर्नुपर्छ। पृथ्वी जलको कार्य हुनाले जलस्वरूप हो। जल तेजको कार्य हुनाले तेजोरूप हो। तेज वायुको कार्य भएकोले वायुरूप हो। वायु आकाशको कार्य भएकोले आकाशरूप हो। आआश तमोगुण प्रधान प्रकृतिको कार्य हुनाले प्रकृतिकै स्वरूप हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृति मायाको अवस्था-विशेष हुनाले मायास्वरूप नै हो । एउटै वस्तुलाई प्रधान,प्रकृति माया, अविद्या, अज्ञान र शक्ति इत्यादि अनेक शब्दले व्यवहार गरिएको छ । यसरी अवस्था विशेषले गर्दा प्रकृतिका अनेक नाम छन्, तथापि त्यो प्रधानस्वरूप नै हो । यो प्रधान ब्रह्म-चैतन्यको शक्ति हो । जसरी पुरुषको शक्ति पुरुषभन्दा पृथक् छैन, त्यसरी नै ब्रह्म चैतन्यगत प्रधानरूप शक्ति पनि ब्रह्म-चैतन्यरूपदेखि पृथक् छैन । यसप्रकार ब्रह्मचैतन्यमा समस्त अनात्म पदार्थहरूको लयको चिन्तन गर्नुपर्छ । त्यसपछि त्यो अद्वितीय ब्रह्म म नै हुँ भन्ने चिन्तन गरोस् । जुन जिज्ञासुलाई बुद्धिमान्द्यरूप प्रतिबन्धले गर्दा वेदान्त विचारमा प्रवृत्ति हुँदैन, अथवा विचार गर्दा पनि साक्षात्कार हुँदैन, उसको लागि लय चिन्तनरूप ध्यान भनिएको छ ।

तीन प्रतिबन्ध तथा चार दुराग्रह– स्वरूप साक्षात्कारमा वर्तमान, भूत र भविष्यत् गरी तीन प्रतिबन्ध छन्। यिनमा विषयासक्ति, बुद्धिमान्द्य,कुतर्क एवं विपर्यय नामका चार दुराग्रह वर्तमान प्रतिबन्ध हुन् । आचार्यादिको उपदेशको अर्थग्रहण गर्न नसक्नुलाई बुद्धिमान्द्य भन्छन्। आचार्यादि आप्त पुरुषहरूद्वारा भनिएको वाक्यार्थ-मा अविश्वासले अन्यथा कल्पना गर्नु कुतर्क हो। देहादिमा आत्मबुद्धि विपर्यय नामक दुराग्रह हो । धन-पुत्र-कलत्रादि इष्ट वस्तुको नाश भएपछि पनि उनैको चिन्तन गरिररहनु भूतप्रतिबन्ध हो । ब्रह्मलोकादि-प्राप्तिको इच्छा भावी प्रतिबन्ध भनिन्छ । यी सबै ज्ञानमा प्रतिबन्ध हुन् ।

अहङ्ग्रह-ध्यान–ध्येयस्वरूपलाई आफूभन्दा अभिन्नरूप अनुसन्धान गर्नुको नाम अहङ्ग्रह-ध्यान हो । जसलाई वेदान्त–विचार अनुसार अपरोक्ष ज्ञान हुँदन उ वेदका आज्ञारूप उपासनाको विधिवाक्यमा श्रद्धा गरेर निरन्तर हठले अहं ब्रह्माऽस्मि (म ब्रह्म हुँ) भन्ने अहंग्रह ध्यान गरोस् । यसले गर्दा क्रमैसित ज्ञानोपत्ति भई मोक्ष प्राप्ति हुन्छ।

प्रणवोपासन - निरूपण

प्रणवमा अहङ्ग्रह-ध्यान– मोक्षको इच्छा गर्नेले यसको अनुष्ठान गर्नुपर्छ । त्यसको क्रम यो हो– 'प्रणवरूप जुन अक्षर छ, त्यो ब्रह्मरूप नै छ र त्यस्तो प्रणवस्वरूप ब्रह्म म नै हुँ' भन्ने ध्यान निरन्तर लगातार गर्दै गरोस् । यसको उपासक अपार संसारको पारि पुग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्गुण तथा सगुण उपासनाको फल– माण्डूक्योपनिषद्‌मा यसको विशेष रूपले वर्णन छ। उपनिषद्‌हरूमा प्रणवको उपासना दुई किसिमले वर्णित छ– परब्रह्मरूपले प्रणवको उपासना र अपरब्रह्मरूपले प्रणवको उपासना। निर्गुण ब्रह्मलाई परब्रह्म र सगुण ब्रह्मलाई अपरब्रह्म भन्छन्। परब्रह्मको उपासक सद्यःमोक्ष प्राप्त गर्छ र अपरब्रह्मको उपासक ब्रह्मलोकमा जान्छ।

निर्गुण प्रणवको उपासनाको क्रम– सकल वस्तुको चिन्तन ॐकाररूपमा गर। कार्यकारणरूप समस्त वस्तु ॐकारस्वरूप नै छ। अतः सकल रूपप्रपंच ॐकार नै हो। सबै पदार्थमा नाम एवं रूप दुई अंश छन्। यिनमा रूपात्मक अंश नामात्मक अंशदेखि पृथक् छैन। नामस्वरूप नै रूपांश पनि हो। समस्त नामस्वरूप प्रपंच ॐकारदेखि पृथक् छैन अपितु ॐकारस्वरूप नै हो। वाचक शब्दलाई नै नाम भन्छन्। लोक तथा वेदमा प्रयुक्त सबै शब्द ॐकारबाटै उत्पन्न हुन्छन्। यसैले सर्वस्वरूप ॐकार नै हो।

ॐकारको ब्रह्मसित अभेद-चिन्तन–जस्तो सर्वस्वरूप ॐकार छ, त्यस्तै सर्वस्वरूप ब्रह्म छ। यसैले ॐकार ब्रह्मरूप नै हो। विचार गर्दाखेरि अक्षरमा अध्यस्त जुन छ, त्यसको अधिष्ठान ब्रह्म हुन्छ। अध्यस्तको सत्ता अधिष्ठानको भन्दा पृथक् हुँदैन। यसकारण पनि ॐकार ब्रह्म नै हो। अतः ब्रह्मरूपले ॐकारको चिन्तन गर्नुपर्छ।

आत्मरूप ब्रह्मका पाद–चतुष्टयको निरूपण– ब्रह्मस्वरूप ॐकारलाई आत्मासित चिन्तन गर, किनभने आत्माको ब्रह्मसंग मुख्य अभेद छ। ब्रह्म झैं आत्माका पनि चार पाउ छन्। विराट,हिरण्यगर्भ,ईश्वर र तत्पदको लक्षार्थभूत ईश्वर साक्षी- यी ब्रह्मका चार पाद हुन्। आत्माका चार पाद हुन्। विश्व, तेजस,प्राज्ञ त्वंपदको लक्ष्य जीव साक्षी यी जीव साक्षी- नै तुर्य पदले कहिन्छ। समष्टि स्थूलको अभिमानी चेतनको नाम विराट हो। व्यष्टि स्थूलको अभिमानी चेतनको नाम विश्व हो। विश्व विराटदेखि भिन्न छैन। त्यस्तै तैजस र हिरण्यगर्भ, प्राज्ञ र ईश्वर तथा त्वंपद र तत् पदमा पनि भिन्नता छैन (यसको विस्तृत वर्णन अगाडि गरिसकिएको छ)।

लय चिन्तन– विश्वात्मक अकार तैजसात्मक उकारदेखि भिन्न छैन, अपितु उकाररूप नै हो। यसैप्रकारले अन्यमात्रामा पनि विचार गर्नुपर्छ। यसै प्रकार जुन ॐकारको परमार्थस्वरूप अमात्रमा सबैको लय हुन्छ- **स एवाहऽमास्मि** (उही म हुँ) एकाग्र चित्तले निरन्तर यसको चिन्तन गर्नुपर्छ। निखिल चराचर प्रपंचात्मक असंग, अद्वय, असंसारी नित्यमुक्त, निर्भय ब्रह्मरूप जुन ॐकार छ, त्यसको जुन परमार्थस्वरूप छ, **तदेवाऽहमास्मि** (उही म हुँ) आदरले निरन्तर दीर्घ कालसम्म जो यसको चिन्तन गर्छ उसलाई ज्ञानो-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दय हुन्छ । ज्ञानद्वारा मुक्तिरूप फलको प्राप्ति हुन्छ । यसप्रकार ॐकारको निर्गुण उपासना सबै उपासना मध्ये श्रेष्ठ भनिन्छ ।

जसलाई यो लोक अथवा परलोक -ब्रह्मलोकको इच्छा छ, तीव्र वैराग्य छैन तापनि गुरुद्वारा उपदेश प्राप्त गरेर यावज्जीवनको जो ॐकारस्वरूप ब्रह्मको ध्यान गर्छ, उ ध्यान निष्ठापूर्वक यो शरीर त्यागेर शरीरान्तर ग्रहण गर्छ । उ मनुष्यलोकमा पवित्र श्रीमान्को कुलमा पैदा हुन्छ । त्यहाँ पूर्वजन्मका इच्छाभूत सबै भोग भोगेर पूर्वजन्मानुष्ठित ध्यानसंस्कारको बलले ज्ञानद्वारा मोक्ष प्राप्त गर्छ ।

ब्रह्मलोकको बाटो– उपासनामा तत्पर पुरुषको जब शरीरबाट हुन्छ, तब अन्तःकरण र इन्द्रियहरू सम्मूर्छित हुन्छन् । तदन्तर यमदूत उसको लिंगशरीरलाई लिन निकटमा आउँदैन । तर अग्निका अभिमानी देवता उसलाई स्थूल शरीरबाट वियुक्त गरेर आफ्नो लोकमा लैजान्छन् । त्यसपछि उ विभिन्न लोक-लोकान्तर हुँदै ब्रह्म-लोक जान्छ । ब्रह्मलोकका अधिपति हिरण्यगर्भ हुन् । समष्टि-सूक्ष्माभिमानी चेतनको नाम हिरण्यगर्भ हो । उनै हिरण्यगर्भलाई अपरब्रह्म वा कार्यब्रह्म पनि भन्छन् । कार्यब्रह्म अधिष्ठित लोकलाई नै ब्रह्मलोक भन्छन् ।

चार प्रकारका मुक्ति– ब्रह्मलोक प्राप्त उपासकलाई हिरण्यगर्भको जस्तो विभूति एवम् ऐश्वर्य प्राप्त हुन्छन् । उपासकलाई सृष्टि, स्थिति र संहारका अतिरिक्त समस्त ऐश्वर्य प्राप्त हुन्छन् । यसैलाई सायुज्यमुक्ति भन्छन् । राजाको राज्यमा प्रजाले झैं ईश्वरको लोकमा बास पाउनु सालोक्यमुक्ति हो । राजाको सेवक झैं ईश्वरको सान्निध्यमा रहन पाउनु सामीप्यमुक्ति हो । राजाका भाइ-छोराले झैं ईश्वरको बराबरीको स्वरूप प्राप्त गर्नु सारूप्य मुक्ति हो । राजाका जेठा छोरा युवराजलाई झैं सत्य-संकल्प आदि ऐश्वर्यको प्राप्ति हुनु साष्टर्यमुक्ति हो । यसैलाई सायुज्यमुक्ति भन्छन् ।

वेदान्तको मूल सिद्धान्त– ज्ञानबाटै परम कल्याण हुन्छ । अज्ञान-निवृत्ति र ज्ञानप्राप्तिको लागि प्रणव नै श्रेष्ठ आलंबन छ । **ॐकारं पादशो विद्यात् पादा मात्रा न संशयः** । ॐकारलाई पादक्रमले जान । प्रणवका मात्रा नै निःसन्देह पाद हुन् । अकार विश्व, उकार तैजस र मकार प्राज्ञ हुन् । यो जानेपछि अगाडि केही विचार गर्ने आवश्यकता रहँदैन । किनभने समस्त विचार यसैमा समाप्त हुन्छ । जाग्रत्, स्वप्न र सुषुप्तिको विवेक भएपछि पंचकोश-विवेक स्वतः हुन्छ । यसप्रकार प्रणवका अक्षरहरूलाई पाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपले जान्न सकेमा ब्रह्मा-विष्णु-महेश, जीव-जगत्-ईश्वर आदि सबैको विवेक हुन्छ। श्रीमद्भगवद्गीतामा भगवान्ले भन्नुभएको छ– मनलाई आफ्नो स्वरूपमा स्थिर गरोस् र केही पनि चिन्तन नगरोस्। वेदान्तमा समाधिको अर्थ अचिन्तन हो, किनभने जोमुकैको ध्यान गरेपछि ध्याता, ध्यान र ध्येय तीनैको भेद अन्तःकरणमा उठिहाल्छ। ध्यान र ध्येयको त्रिपुटी समाप्त भएपछि मात्र तत्त्वस्वरूपमा अवस्थिति हुन्छ। अतएव प्रणवका मात्राहरू पादरूपले जानेर केही पनि चिन्तन नगरोस्।

यो संसार गुण-दोषको धारा हो। सत्त्व, रज र तमको प्रवाह यसमा चलिरहन्छ। तत्त्वज्ञानी 'म केही पनि गरिरहेको छैन' भन्ने ठान्छ। उ संकल्प-आउनु र जानुदेखि सर्वथा तटस्थ रहन्छ। तत्त्वज्ञ पुरुषको लागि जीवनमृत्यु, सृष्टि-प्रलयको कुनै अर्थ छैन। उ सबैमा समान छ। यो कुरा त तत्त्वज्ञानको हो, उनको दृष्टिको हो, जसले प्रणवलाई बुझिसकेको छ। तर जो तत्त्वज्ञ होइन, जसले प्रणवलाई बुझेको छैन, उसको लागि प्रणवको उपासना बताइएको छ– **पुंजीत प्रणवे चेतः** भन्दै। योगदर्शनमा भनिएको छ– **तस्य वाचकः प्रणवः**- परब्रह्म परमात्माको वाचक ॐकार हो।

नाम ब्रह्म; उपनिषद्मा लेखिएको छ– नाम ब्रह्म अर्थात् नाम ब्रह्म हो। नामको विशेषता के छ भने नाम अर्थ हुनुमा बल गर्दैन, वक्ता हुनमा बल दिन्छ। बोल्ने मान्छेको कुरा झूटो वा निरर्थक हुन सक्छ, तर त्यो बोल्ने व्यक्ति विद्यमान हुन्छ। अतः नाम वक्तालाई पहिले सिद्ध गर्छ। नामको गति यसैले आत्मपरक छ। के भनिदैन भन्नेतिर दृष्टि नदेऊ, को भन्दैछ भन्नेतिर ध्यान देऊ। तिम्रो शब्द कहाँबाट उठ्छ ? मनको संकल्पबाट। अब मनको संकल्प कहाँबाट उठ्छ। यसप्रकार शब्दको डोरी समातेर आफ्नो स्वरूपसम्म पुग। यो चैतन्यको प्रकाश तिम्रा इन्द्रियमा आइरहेछ। माछा प्रायः जताबाट जलको प्रवाह बग्छ उतैतिर जान्छ। तिमी पनि शब्दको उद्गमतर्फ नै लाग।

युञ्जीत प्रणवे चेतः- चित्तलाई प्रणवमा लगाऊ। जसले संसारबाट तानेर परमात्मामा पुऱ्याइदिन्छ त्यो प्रणव हो। प्रत्येक उच्चारणमा प्रणव नवीन रहन्छ। यो ध्यानको प्रसङ्ग हो र ध्यानमा योगदर्शन नै प्रमाण हुन्छ। योग-दर्शनमा भनिएको छ- ईश्वरको वाचक प्रणव हो। उसैको जप र उसको अर्थको भावना गर्नुपर्छ। ईश्वरको स्वरूप त्यहीं बताइएको छ--**तत्र निरतिशयं सर्वज्ञबीजम्** अर्थात् ईश्वरमा सर्वज्ञताको ठूलो बीज छ। यसको तात्पर्य हो-- ईश्वर सत् चित् आनन्दस्वरूप छन् र उनी अविद्यादि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्लेशहरूले रहित छन् । यस्तो ईश्वरको चिन्तनले आफ्नो अन्तरात्माको अनुभव हुन्छ । यही ईश्वरको आफ्नो अन्तरात्मा नहुने हो भने ईश्वरको चिन्तनले आफ्नो अन्तरात्माको अनुभव कसरी हुन्छ ? किनभने जसको चिन्तन गरिन्छ, उसैको अनुभव हुन्छ । यसैको लागि ईश्वरको चिन्तनको खातिर प्रणवलाई आलंबन बताइएको छ । यसैले जो प्रणवमा नित्ययुक्त हुन्छ, उसको लागि कहीं कुनै भय रहँदैन ।

सृष्टिको उत्पत्तिको विषयमा विचार गर्दाखेरि भनिन्छ– पहिले नाद-शब्द उत्पन्न भयो । उसैबाट सृष्टि भयो । सृष्टिको मूलमा नाद छ । कंपनको मूल मै नाद छ । जहाँ स्पन्द छ त्यहाँ नाद पनि हुन्छ । सृष्टिको त्यो मूल नादको नाम हो– ॐकार ।

शब्द दुई प्रकारका हुन्छन्, एक- स्फोट, अर्को- स्फुरण । केही बोल्नु अघि मनमा त्यसको स्फुरण हुन्छ । यो स्फुरण नै स्फोट हो । यो स्फोटब्रह्म प्रणव हो । यो ज्ञान कसरी हुने त ? **वृत्तिरोधात् विभाव्यते-** तिमी आफ्नो चित्तवृत्तिलाई रोक त, तब त्यसको पत्तो लाग्छ । यही सृष्टिको मूलमा रहने भएको प्रणवध्वनि हो । (यसको विस्तृत वर्णन मूल ग्रन्थ चतुर्थ खण्डको पृष्ठ ५३४ मा गरिएको छ)।

सर्वस्य हृदि संस्थितम्– प्रत्येक प्राणी वा पदार्थको गहिराइमा पुग्ने हो भने अन्तमा त्यहाँ तिमीलाई चेतन नै फेला पर्छ । चेतन नै यस जगत्को अधिष्ठान हो । चेतनमा नै यो जगत् प्रतीत भइरहेछ । त्यो प्रत्येक अणुमा छ । यो प्रणव ईश्वर हो र यो सर्वव्यापी छ, सबै देशमा सबै कालमा, सबैको हृदयमा स्थित छ । यस्तो प्रणवलाई थाहा पाएर धीर पुरुष शोक गर्दैनन्– **सर्वव्यापिन मोंकारं मत्वा धीरो न शोचति** । यो धीर शब्द बढो महत्त्वको छ । यस शब्दमाथि गम्भीरतासाथ विचार गर्दा स्पष्ट प्रतीत हुन्छ– हाम्रो अनादि वैदिक धर्ममा द्विजातिको बालक ७–८ वर्षको भयो कि उसको यज्ञोपवीत - संस्कार हुनुपर्छ र यज्ञोपवीत-संस्कारपछि नित्य सन्ध्या गर्नुपर्छ । सन्ध्या नित्यकर्म हो र यस्तो कर्म हो , जुन गर्नाले पुण्य हुँदैन, नगर्नाले भने प्रत्यवाय लाग्छ । तात्पर्य यो हो– बालकलाई उसबेलादेखि शास्त्रमा, ईश्वरमा श्रद्धा गर्न सिकाइन्छ र यसबेलादेखि कुनै स्वार्थ र कामना नराखी निष्काम भावले प्रतिदिन केही समय भगवान्को चिन्तनमा बिताउने अभ्यास गराइन्छ । सन्ध्यामा गायत्रीको जप मुख्य हो । गायत्री एक प्रकारको प्रार्थना हो यो समस्त बुद्धिवृत्तिहरूको ज्ञानको प्रकाशक परमात्मासित गरिएको प्रार्थना हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो जीवनलाई हेर– आफू कता हिंडिरहेछौं। आफू इन्द्रियलाई प्रिय लाग्ने भोग एकत्र पारी बटुलिरहेछौं भने आफ्नो जीवनमा दुःखका बीज रोपिरहेछौ। भोगको त्याग-निवृत्तितर्फ तिमी बढिरहेका छौ भने सुखतर्फ र ईश्वरतर्फ बढिरहेका छौ। जो पाएर, भोगेर सुखी हुन्छ, उ जीव हुन्छ। जो त्याग गरेर, दिएर, ख्वाएर सुखी हुन्छ, उसको सुख ईश्वरको सुख हो। जो बिना ख्वाउनु, बिना दिनु-लिनु सुखी छ र पाएर-दिएर सुखी छ, उ ब्रह्म हो।

श्रुतिले भनेको छ– ब्रह्माले इन्द्रियहरूलाई बाह्यदर्शी बनाएको छ, यसैले यी बाहिरै देख्छन्। भित्र आफ्नो अन्तरात्मा यी इन्द्रियद्वारा देखिंदैन। श्रुति भन्छ– यस्ता सांसारिक पुरुषमा जो धीर छ, उ नै अन्तरात्मालाई देख्न समर्थ हुन्छ।

तीन प्रकार जीवन– संसारमा जीवन तीन प्रकारका छन् – (१) विकारी जीवन अर्थात् भोगपरायण जीवन, (२) संस्कारी जीवन अर्थात् धार्मिक जीवन (३) समाहित जीवन अर्थात् समाधिमा स्थित। तिमी विकारी जीवन व्यतीत गरिरहेछौ भने स्वस्थ छँदैछैनौ, किनभने विकार त अस्वस्थको लक्षण हो, त्यस्तै तिमी संस्कारी जीवन बिताइरहेछौ भने पनि स्वस्थ छैनौ, किनभने विकार त्यसमा बीजावस्थामा छ। तिमी समाधिमै रहन्छौ भने पनि तिम्रो जीवन एकांगी हुन्छ। अतएव जीवनमा समानता ल्याउनुपर्छ। हाम्रो जीवन सर्वांगपूर्ण हुनुपर्छ। केवल समाधिपरायण वा भोग-परायण होइन। जीवन त दुवैको बीचमा धर्मपरायण हुनुपर्छ र त्यसमा पनि सुख-दुःखमा समानता रहनुपर्छ। स्वस्थ जीवन समता-तटस्थताको जीवन हो। यो तटस्थताको जीवन व्यतीत गर्ने धीर हो। त्यस धीर पुरुषको जीवनमा शोक प्रवेश गर्दैन।

शोकको निवृत्तिका लौकिक मार्ग ठीक हुन् ?– शोकको निवृत्तिको लागि संसारमा कैयौं मार्ग अँगालिन्छन्। प्रथम मार्ग हो भोग मार्ग। भोग त मिल्नासाथ नै नीरश हुन जान्छ। अतः भोगले शोक मेट्ने प्रयत्न कहिल्यै सफल हुँदैन। मानसिक शोक हटाउने अन्य उपाय गर्छ संग्रह गरेर। परन्तु संग्रहले अर्थात् अर्थ-पुरुषार्थले शोक दूर हुन्छ भन्ने धारणा पनि मरीचिका नै हो। अर्को उपाय हो आफूलाई श्रममा लगाइराख्नु। श्रममा लागिरहेपछि अरू सबै कुरा बिर्सिन्छ, तर को कतिसम्म श्रम गरिरहला। एउटा उपाय हो - कल्पना गरिरहनु। मनमा कुनै उत्तम योजना बनाऊ, राम्रो भावना गर, भगवान्को चिन्तन गर, तब शोक बिर्सिन्छ। यो उपासनाको मार्ग हो। मनोराज्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावनामा गए शोक मेटिन्छ, किन्तु भावना पनि सदा रहिरहँदैन । योगी भन्छन्–समाधि लगाऊ, न शरीर र मनको ध्यान रहन्छ, नत शोक हुन्छ । तर समाधि त सधैं लागिरहँदैन ।

यसको अर्थ के भयो भने यी मध्ये कुनै पनि शोक निवृत्तिमा व्यावहारिक एवं सफल उपाय होइनन् । तब शोक निवृत्तिको ठीक उपाय के हो ? प्रतिपाद्य ॐकार तत्त्वलाई जान्न सक्यौ भने तिमी धीर हुने छौ । शरीर छँदा शोक हटाउने उपाय यही हो ।

नाम र नामीमा अभेद– यो नाम-रूपात्मक जगत् जति छ सबै ॐकार हो । समस्त नाम ॐकारबाट बन्छ । समस्त रूप पनि ॐकारबाट हुन्छ । यो अपर ब्रह्म अर्थात् संपूर्ण जगत्-प्रपंच प्रणव हो, तथा परतत्त्व तुरीय ब्रह्म, जसमा देश, काल, वस्तु छैन, त्यो पनि प्रणव नै हो । तात्पर्य हो– नाम र नामीमा भेद छैन । एक अखण्ड, परिपूर्ण, अद्वैत सत्ता, जुन चिन्मात्र छ, त्यही प्रणव हो । यो संपूर्ण प्रपंच प्रणवबाटै निक्लेको छ, प्रणवमा नै लय हुन्छ र मध्यमा पनि त्यो प्रणवरूप नै छ ।

सार्वभौम धर्म– पूर्णब्रह्मको चिन्तन नै सार्वभौम धर्म हो । जेले गर्दा सदाको लागि अज्ञान, अभाव, आलस्य, संघर्ष, प्रमाद, तेरो-मेरो भन्ने भाव, तथा त्यसबाट उत्पन्न वैमनस्य मेटिन्छ, त्यही सार्वभौम धर्म हो । त्यो परमात्मा हो । अतः संसारको कल्याण र चित्त शुद्धिको निम्ति अखण्ड अनन्त परमात्माको चिन्तन नै सार्वभौम धर्म हो । परमात्माको चिन्तनको लागि आलम्बन चाहिन्छ । यस्तो आलम्बन प्रणव नै हो ।

प्रणवभावना र भगवद् भावना– प्रणव नै अपर ब्रह्म हो । प्रणव नै पर ब्रह्म हो । अर्थात् ब्रह्म कार्य-कारण र हेतु-फलात्मक हुन्छ । जाग्रत्, स्वप्न र सुषुप्ति प्रणव हो, स्थूल, सूक्ष्म र कारण प्रणव हो । यो भन्दा परको तुरीय तत्त्व पनि प्रणव नै हो । यस प्रकार प्रणवको जप-ध्यान गर्दा त्यसको स्वरूपको पनि चिन्तन गर्नुपर्छ ।

परमात्मा प्राप्तिको मार्गमा बाधक-सोचाइ– तीन कुरा सदा संझिराख्नु पर्छ–

–परमात्माको प्राप्तिलाई दुर्लभ नठान, दुर्लभ मान्यौ भने आफ्नो लक्ष्यलाई आफूदेखि पर पन्छाउने छौ ।

–आफ्नो दोष– दुर्गुणका कुरा नसोच

–भगवान्‌लाई साधनसाध्य मान्नु तेस्रो विघ्न हो । उनी कृपासाध्य छन्, साधनसाध्य होइनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मतहरूको चक्करमा नपर । जुनसुकै मार्गबाट जाऊ, परमात्माको प्राप्ति भएपछि सत्य स्वयं विदित हुन्छ । यस हाड-मासुको देहमा ममत्व गरेर बस्ने जुन भूल गरेका छौ , त्यो छाड । परमात्मा प्राप्तिपछि यी सबै हृदयका गाँठा फुक्ने छन् । एक अर्को कुरा पनि याद राख– वेदान्त-विचारको बेला तिमी कहिल्यै शब्दहरूको जालमा नफस। विवेक, वैराग्य अभ्यास, प्रतीति आदि शब्दलाई बुझ र तिनका अर्थलाई आफ्नो बुद्धिमा बसालेर तत्त्वको विचार गर ।

अन्तमा प्रणवोपासक एक-दुइ साधकहरूको साधनाको वर्णन गरिन्छ । योगवासिष्ठमा महामुनि उद्दालक र वितहव्यको कथा उल्लिखित छ । उक्त कथाहरूको सारांश हो– ती उसपाकहरूले निर्मल विवेक-विचारद्वारा संपूर्ण दुःखको नाश गर्ने आत्मज्ञान प्राप्त गरेर मोक्ष लाभ गरेका थिए ।

त्यस्तै योगवासिष्ठमा अर्को प्रसंग छ– मंकि मुनिको । उनी पनि महर्षि वसिष्ठबाट ब्रह्मोपदेश श्रणव गरेर अज्ञानरूप महामोहबाट छुटेर आफ्नो स्वरूपानन्दमा स्थित भएका थिए।

यी कथाहरूको सारांश हो ज्ञान नै एकमात्र साधन हो, जसद्वारा मनुष्य दुःखको आत्यन्तिक निवृत्तिपूर्वक परमानन्दमा पुग्छ । केवल ज्ञान नै अज्ञानको निवर्तक हो। ज्ञानबाटै परमपद प्राप्तिरूप मोक्ष सिद्ध हुन्छ । (यी कथाहरूको विस्तृतवर्णन धर्मविज्ञान चतुर्थ खण्ड, पृष्ठ ५४६–५६६ मा गरिएको छ ।)

गुरुदेव भुन्नुहुन्छ; हे शिष्य ! अब अन्तमा बोधसारको अनुभव-वाक्यका साथ यस प्रसङ्ग को उपसंहार गर्छु–

स्वानन्दबोध गुरुभिर्गुरुभिर्निरुक्तं
स्वानन्दबोधघनमेव मम स्वरूपम्
स्वानन्द बोधघनया कलया कयाचित्
स्वानन्द बोधघनमेव मयानुभूतम्

स्वानन्दबोध हुनाले नै जसलाई गुरुता प्राप्त भइसकेको छ, यस्ता मेरा आत्मविद्याका आचार्यले मलाई मेरो रूप र आत्मरूप निरतिशयानन्दमा लेशमात्र पनि भेद बताउनु भएन । किन्तु यस न्दा पृथक् ज्ञेय पदार्थ नहुनाले ज्ञान मात्र नै मेरो वास्तविक रूप हो भनी महावाक्यद्वारा (भागत्याग-लक्षणाद्वारा) उहाँले मलाई बताउनुभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। उहाँले बताउनुभएको विधिलाई ध्यानमा राखेर स्वानन्दरूप बोधले परिपूर्ण आफ्नो अन्तःकरणको वृत्ति गर्नाले पनि सो अनुभव गरें। मेरो असाधारण किंवा वास्तविक सच्चा स्वरूप त खअण्ड एकरस ज्ञान तथा अन्यनिरपेक्ष आनन्द नै हो। यस प्रकार अब मैले आफ्नो गुरुको अनुभव, उहाँले बताउनुभएको मेरो स्वरूप, आफ्नो अनुभवको विषय आत्मदेव तथा आफ्नो अनुभवको वृत्ति एक नै पाएँ, अब म त्यो सन्देहरहित आत्मवस्तुको उपदेश तिमीलाई पनि गर्छु। श्रद्धापूर्वक तिमी पनि त्यसको मनन गर।

जसको श्रद्धा र भक्ति छ, जो विशेष ज्ञानी छ, जसलाई शिक्षा-दीक्षा प्राप्त भएको छ, जो योगाभ्यास गर्छ, जसले मिथ्या वस्तु सत्य ठान्न छाडेको छ, जसको त्याग परिपक्व छ, जसको चमत्कारी चित्तमा सत्य वस्तु परब्रह्म परमात्मा नै सदा सत्य प्रतीत हुन थाल्छ, उसको यस्तो चित्तमा निर्विकल्प परमानन्दस्वरूप हरि आएर स्वयं स्वच्छन्द विहार गर्ने गर्छन्, अर्थात् त्यो परतत्त्व त्यस पवित्र अन्तःकरण प्रकाशित भई उठ्तछ।

तृष्णां संहर संहरेन्द्रियजयं संहृत्य सर्वाः क्रिया–
श्चेतः संहर संहरान्यधिषणां खादप्यणुस्त्वं भव।
अन्तः सम्प्रविशात्मधामनि मनागासादिते तत्पदे
सर्वाज्ञानकपाटभञ्जनपटुर्भावः स्थिरः स्थास्यति॥

हे शिष्य! पहिले तिमी तृष्णालाई रोक, आफ्ना दशै इन्द्रियहरूलाई आफ्नो अधिकारमा राख र इन्द्रियहरूका सम्पूर्ण व्यापारलाई रोकेर यस मनलाई पनि व्यर्थको मनोराज्य गर्न नदेऊ। त्यसपछि यो सकल द्वैत प्रपञ्चका विचारको पनि संहार गर र अन्तमा सङ्कल्प-विकल्पहरू छाड्नाले तिमी आकाशभन्दा पनि सूक्ष्म हुने छौ। परन्तु यतिले नै काम चल्दैन, किनभने यस प्रकारको अवस्था त पत्थर आदि अचेतनलाई पनि प्राप्त हुन्छ। किन्तु तिमी त अभेद-भावना लिएर आफ्नो आत्मधाममा निर्धक्क प्रवेश गर, तब तिम्रो अभ्यासको प्रारम्भकाल हुनाले तिमीलाई त्यस परमपदको थोरै भए पनि दर्शन मिल्नेछ, परन्तु त्यस ईषद् दर्शनको पनि यति अद्भुत प्रभाव हुन्छ कि एक यस्तो भाव तिमीभित्र सदाको लागि स्थिर हुनेछ, जसको अमिट प्रभावले आत्म दर्शनमा विघ्न गर्ने अनादिकालदेखिको अज्ञानरूप ढोका स्वयं नै खुल्नेछ।

हे शिष्य! तिमी समाधिको सिद्धिलाई बडो आदरले हेर्दछौ। यसैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मसँग पनि निर्विकल्प समाधिको प्रक्रिया सोध्न खोज्छौ। समाधिको लागि मलाई त कुनै पनि साधना गर्नु पर्दैन। त्यो त मलाई स्वभावले नै हुन्छ। यस्तो अवस्थामा म के पो भनूँ ? विनासाधना समाधि हुनाको म कारण तिमीलाई स्पष्ट सम्झाई दिन्छु। तिमीले त्यसो गरेमा तिमीलाई पनि स्वभावले नै समाधि हुन थाल्छ। त्यसको लागि कुनै साधनको अपेक्षा रहँदैन। सावधान भएर सुन ! जुन घडीमा मलाई ब्रह्मविद्याको उपदेश भएको थियो, त्यसै घडी मेरो आत्मविषयक अज्ञानान्धकार त शान्त भएको थियो र साथै मेरो प्रकाशलाई व्यापक हुन नदिने संपूर्ण आवरण पनि नष्ट भइसकेका थिए। मलाई त त्यसै बखतदेखि महान् प्रकाश (आत्माको निरावरण ज्ञान) भइसकेको थियो। त्यस प्रकाशमा यतिविधि प्रेम बस्यो कि म दिन-रात त्यसैको दर्शनमा तल्लीन रहन्छु। यस गहिरो आत्मप्रेमरूप स्नेह- (तेल)-ले गर्दा मेरो बोधरूप दीपक सधैं अखण्ड रीतिले बलिरहन्छ। बलिरहेको बत्तीमा जसरी राती पुतली होम्मिदै मर्दै गर्छ, त्यसरी नै मेरो बोधरूप दीपमा वृत्ति अथवा संकल्प-विकल्परूप पतङ्ग उडेर पर्दछन्। यो त ती सबै जलाएर एक्लै शेष रहन्छ। म द्रष्टा किंवा साक्षी बनेर यो सबै खेल भने हेर्छु मात्र। आत्मपरायण मात्र पनि हुँदा मलाई त सदा समाधि रहिरहन्छ। आत्मज्ञान भइदिनाले जसको अज्ञान नासिन्छ, उ त समाधिभन्दा अघि र पछि वा समाधि मै पनि एकनास रहन्छ, उसलाई फेरि कुनै किसिमको विक्षेप हुँदैन। उसको मनमा आत्मानन्दको यस्तो लोभ रहन्छ कि त्यो पछि कहिल्यै छुट्न सक्नैन। यस रीतिले मनलाई वशमा ल्याउनु किंवा समाधिमा लगाउनु हरियो घास देखाएर कुनै पशुलाई वशमा ल्याउनु जस्तै हो। तिमी चाहन्छौ- भने तिमीलाई पनि यसै प्रकार स्वयंमेव सहज समाधि हुन थाल्नेछ।

घिउ जमेको होओस् वा पग्लेको, त्यो घ्यू नै हुन्छ। यसै प्रकार वास्तवमा त्यो अद्वय तत्त्व सर्वत्र परिपूर्ण रहेको छ, परन्तु जब त्यस अद्वयचैतन्यको कतै विशेष घनीभाव भएर पनि चमत्कृत रूप हुन्छ, तब त्यसलई चित्त भन्दछन्, तर त्यो चित्त पनि अद्वितीय चैतन्य नै त हो, किनभने अब मलाई यस तत्त्वको साक्षात्कार भइसकेको छ, तब मात्र पुनः त्यस घनीभूत चित्तको लय गरेर चैतन्य मात्र शेष राख्ने योगले बताएको प्रत्याहारको परिश्रम पनि निःसंशय भएर मैले छाडिदिएको हुँ। चित्त पनि चैतन्य नै हो भने म त्यस बिचराको लय किन गरूँ ?

— हामी साधकहरूमाथि आत्मसाक्षात्कार गर्नुभएका आचार्यहरूले कृपा गर्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि स्वाभाविक आनन्द प्राप्ति हुन थाल्यो, तब अवस्था सर्वथा बदलिने भइहाल्यो। साधकावस्थामा हामी योगशास्त्रले बताएको विधिले प्राणायाम प्रत्याहार आदि क्रियाहरूमा आफ्नो समय व्यतीत गर्थ्यौं, अब यी सबतिरबाट उदासीन भएर बिस्तार-बिस्तार जति-जति त्यसतिरको उद्यम छाड्दै जान्छौं, त्यति-त्यति इच्छा नरहँदा पनि अर्थात् आएको नीदसरह त्यो निरोध नामको गहीरो समाधि प्रयत्नविना नै बलात् अभिभूत गर्दै गइरहेको छ। यस समाधिलाई व्यास, वसिष्ठ आदि मुनिहरू बडो उत्कण्ठासाथ आदर गर्दथे। विनासाधन यस्तो अवस्था प्राप्त हुनुमा आश्चर्य नै के छ र? नीद कोही चाहँदैन, तैपनि त्यो स्वभावतः बलात् आइछाड्छ। यसै प्रकार आत्मज्ञानी भएपछि कोही चाहोस् वा नचाहोस् त्यो समाधि स्वभावतः भइहाल्छ।

तार्किकहरूलाई पनि यो समाधि स्वभावतः नित्य प्राप्त भइरहन्छ। अत्यन्त हर्ष, अत्यन्त शोक तथा सन्त्रासले गर्दा पनि मन निर्विकल्प अवस्थामा पुग्छ। कैयौं पटक त यस्तो गम्भीर अवस्थामा पुगिन्छ कि प्रमाणस्पन्दन बन्द हुन्छ र मृत्युसम्म पनि हुन्छ। यसका अनेक उदाहरण सुनिएका छन्। यसबाट शङ्का हुन्छ – यस किसिमको समाधि अवस्था पाएर पनि यी सबै कृतकृत्य किन हुँदैनन्? उत्तर यो हो– यही अवस्था उनीहरूलाई ज्ञानपूर्वक हुँदो हो त वस्तुतः तिनीहरू कदाचित मुक्त भइसकेका हुन्थे। कोही बहुमूल्य रत्नलाई काँच सम्झेर आफ्नो घरको खोपामा राख्छ भने उसको दरिद्रता हट्दैन। केवल ज्ञानपूर्वक राखिएको रत्नले नै तिम्रो दरिद्रता नष्ट हुन्छ र तिमी करोडपति हुन पुग्छौ। ठीक यही कुरा समाधिबारे पनि लागू हुन्छ।

जान्न योग्य कुरा यति हो– संसारका सम्पूर्ण आनन्द त यही आत्मानन्दरूप समुद्रका छिटा हुन्। जब कुनै विषयरूप ढुङ्गो त्यसमा फ्याँकिन्छ, तब समुद्रबाट एकाध छिटा उछिट्रिन्छन् र फेरि समुद्रमा गई मिल्छन्। बिन्दु सिन्धुभन्दा पृथक् छैन। यसै प्रकार विषयानन्द पनि आत्मानन्ददेखि पृथक् अन्य वस्तु होइन। यी सब उही आत्मनन्द-समुद्रमा लीन हुन पुग्छन्। भ्रम के हुन्छ भने आत्मा आनन्दलाई चाहिं बिर्सन्छौं र विषयमा नै आनन्द मानिरहन्छौं। जसरी कस्तूरी मृग आफ्नो नाभिको कस्तूरीको सुगन्ध थाहा नपाई अन्तै खोजी हिँड्छ, त्यसरी नै जीव अज्ञानले आनन्दको खोजीमा वहिर्मुख भएर विषयरूप जङ्गलमा आफ्नो त्यो आनन्द खोज्दा-खोज्दै जन्म-मृत्यु-जरा-व्याधीरूप दुःख भोगिरहेको हुन्छ। दैववश उसलाई कहिल्यै जब कुनै विषय प्राप्त हुन्छ, तब उसको बुद्धि आत्मामा पुगेर शान्त हुन्छ र छिनभरको लागि आत्मानन्दको भोग गर्छ। परन्तु 'विषयमा नै आनन्द छ' भन्ने भ्रान्ति भने उसमा रहिरहन्छ, त्यसकारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को आनन्द पाउन अर्को विषयको खोजीमा फेरि वहिर्मुखी हुनुपर्ने हुन्छ। कसैले सम्झाउँदैमा वा नसम्झाउँदैमा कुनै पदार्थको स्वरूप बदलिंदैन। के त कस्तूरी मृगले आफ्नो सुगन्ध बाहिरबाट आएको भन्ने ठान्दैमा त्यो सुगन्ध बाहिरको हुन सक्छ? यसै प्रकार आनन्दलाई पनि विषयबाट प्राप्त हुने भन्ने सम्झँदैमा के त्यो आनन्द साँच्चै विषयबाट आएको हुन्छ र ? अहँ, हुनै सक्दैन। उसको आदिस्रोत आफ्नो आत्मानै हो। जुन पुरुषको यो भ्रान्ति निवृत्त हुन्छ, उ त त्यस आनन्दको सागरमा निरन्तरै निमग्न रहन्छ। विषयी पुरुष जुन आनन्द अनेक प्रयत्न गरेर, प्राणान्त विपत्ति उठाएर हजारौं पापका पोका-पन्तरा बाँधेर पनि क्षणभर मात्र भोग्न पाउँछ। यस भ्रान्तिको वास्तविक रहस्य के हो भने (१) पहिले हामीलाई विषय प्राप्त हुन्छ, (२) अनि त्यसको प्राप्ति भएपछि हाम्रो चित्त अन्तर्मुख भइदिन्छ, (३) त्यसपछि अन्तर्मुखताले गर्दा त्यस चित्तमा आत्माको प्रतिबिम्ब पर्दछ। बस, यही आनन्द हो। अविवेकी पुरुषलाई विषय प्राप्त हुनु र आनन्द मिल्नु- यी पहिलो र तेस्रो अवस्थाकै मात्र ज्ञान हुन्छ। 'विषयप्राप्ति हुनाले चित्त अन्तर्मुख हुनु'– यो दोस्रो परिणामको त उसलाई ज्ञान नै रहँदैन। यो दोस्रो अवस्थाको प्रतीत हुँदो हो त उसलाई 'इच्छारहित यो अन्तर्मुख मन नै आनन्द दिलाउन सक्तछ' भन्ने रहस्य पनि सजिलैसित खुल्नेछ। त्यसपछि त्यस अन्तःकरणलाई त्यसको इच्छा पूरा गरेर अन्तर्मुख तुल्याइयोस् वा विचारको आधारमा इच्छालाई त्यागेर अन्तर्मुख गराइयोस्। जुन-जुन मानिसलाई दोस्रो अवस्थाको ज्ञान भएको छ, जसलाई आनन्दको आदिस्रोत ज्ञात छ, ती-ती मानिस-हरू फेरि बिस्तार-बिस्तार आफ्नो सामर्थ्यअनुसार विषयभूमिबाट हट्दै गई आत्मा-नन्दरूप समुद्रमा रात-दिन निमग्न रहन थाल्छन्। यो रहस्य हात लागेपछि उसको मन कहिले पनि विषयको भ्रमजालमा फस्तैन, किनभने कोही पनि चक्रवर्ती राजा बनिसकेपछि भिक्षा माग्न चाहँदैन। यसप्रकार उसको स्वभावले नै समाधि लाग्न थाल्छ। जुन समाधिको लागि अन्य योगीहरूलाई ठूला-ठूला कठिन साधन गर्नुपर्छ, ज्ञानको महिमाले उसलाई त्यो समाधि निंद्रा झैं स्वतः आउँछ र साधकलाई तन्मय पार्छ।

अनात्म विषयको चिन्तन कहिले पनि उत्पन्न नभई धाराप्रवाह रूपले आत्मचिन्तनको प्रवाह वहन थाल्नुलाई साक्षात् अमृत नै भन्नुपर्छ। त्यसलाई नै अगाध र अनन्त हुनाले समुद्रको उपमा दिन सकिन्छ। त्यस ध्यानामृतरूप समुद्रमा निमग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएर भित्र-बाहिर ब्रह्मानन्दले परिपूर्ण हुनाले नै अतिसूक्ष्म बनेको त्यो बुद्धि जब बडो उत्सुकतासाथ वेदान्तद्वारा प्रतिपादित तत्त्वको दर्शन गराउँदछ, तब त्यस विद्वान्को अवस्थामा आकाश-पातालको अन्तर हुन्छ । जसरी नदीको किनारामा खडा भएको मान्छे नदीमा बगेका वस्तुलाई निर्भय, निर्मोह तथा निःसङ्कल्प भएर हेरिरहन्छ, त्यसरी नै त्यो आत्मदर्शी पनि यो मायानदीको तटमा साक्षीभावले खडा हुन्छ र मायानदीमा बग्ने पदार्थलाई निःसङ्कल्प भएर हेर्ने गर्छ । यस अवस्थामा पुगेपछि प्रपञ्चको ध्यान नहुनाले स्वाभाविक बोधरूपता प्राप्त हुन्छ । नदीमा उभिएको पुरुषलाई नदीको तीरमा उभिएको एउटै रूख प्रतिविम्बले गर्दा दुइटा झैं प्रतीत हुन्छ, परन्तु त्यो भने जलमा प्रतिविम्बित त्यो अर्को वृक्षलाई कल्पित ठान्दछ । त्यसरी नै अनेक रूपमा प्रतीत हुने आत्माको विषयमा जब एकत्व-निश्चय हुन्छ, तब चिन्तनको कुनै पनि विषय नरहनाले स्वाभाविक बोधरूपता प्राप्त हुन्छ अर्थात् निर्विकल्प समाधि हुन थाल्छ । सारांश के हो भने आत्मविषयक चिन्तनमा मानौं साक्षात् अमृतको सागरमा नै सम्पूर्णतया निमग्न भएको सूक्ष्म बुद्धिद्वारा जब उपनिषत्हरूमा प्रतिपादित आत्मतत्त्वको दर्शन मिल्छ र संसारका पदार्थ तटस्थ बुद्धिले हेर्न थालिन्छ, तब बल्ल स्वाभाविक बोधघनता प्राप्त हुन्छ । हे शिष्य ! यस रीतिले तटस्थ बनी तिमीले पनि आत्मचिन्तन गर्‍यौ भने तिमी-लाई पनि स्वभावैले समाधि हुन थाल्छ ।

एषा मधुमती विद्या सर्वत्र मधुदर्शनात् ।
स्वशरीरार्कवृक्षेऽपि दृष्टं यत् पुष्कलं मधु ॥

यो सहज समाधि नै मधुमती विद्या हो, किनभने यसैको अपूर्व प्रभावले सबै ठाउँ मधु नै मधु (सुख) देखिन थाल्छ, अरू त के यो शरीररूप आँपको रूख- (जुन जन्म-मृत्यु-जरा-व्याधिरूप दुःखको मूल हो तथा अग्निमा पर्दा भस्मरूप, कसैले खाइदिए विष्टारूप तथा त्यसै फालिएमा कृमिरूप हुन्छ)- मा पनि मधुको समान ब्रह्मसुख पर्याप्त मात्रामा अनुभव हुन थाल्छ ।

पहिले म चाहन्थें– कुनै किसिमले विष्णुको दर्शन होओस्, अब भने विष्णुको कृपाले यो सब जगत् नै विष्णुमय प्रतीत हुन लागेको छ ।

हे शिष्य ! अब तिमीलाई कैवल्यधाममा लागेको अज्ञानरूप कपाट (खापा) खोल्न साँचोको काम दिने अत्यन्त उपयोगी प्रकरण भन्दछु । यसको सहायताले चाहेको बेलामा कैवल्यपद प्राप्त गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे शिष्य ! कैवल्यको साँचोसमान यस प्रकरणलाई राम्ररी आफ्नो मनमा धारण गर । यसको सहायताले अज्ञानरूप (अहङ्काररूप) ताला खोल तथा बोधरूप रत्नतुल्य ब्रह्म हात लगाऊ ।

दृष्ट्या श्रुत्याऽनुभूत्या वा यो यो भावः परिस्फुटेत् ।
तं भावमविलम्बेन पञ्चधा शकलीकुरु ॥

चक्षु-श्रोत्रादि इन्द्रियहरू तथा मानस अनुभवबाट जुन पदार्थ तिमीलाई ज्ञात हुन्छ, तिमी ती पदार्थलाई तुरून्त (देख्दा, सुन्दा अर्थात् दृष्टिमा, श्रवणमा अथवा स्मरणमा आउनासाथ) पाँच खण्डमा विभक्त पार्ने गर ।

अस्ति भाति प्रियं रूपं नाम चेत्यंशपञ्चकम् ।
आद्यं त्रयं ब्रह्मरूपं मायारूपं ततो द्वयम् ॥

अस्ति (पहिलो अंश), भाति (दोस्रो अंश), प्रियम् (तेस्रो अंश), रूपम् वा आकृति (चौथो अंश), नाम वा वाचक शब्द (पाँचौं अंश)– यी पाँच अंश (खण्ड) भनिन्छन् । यी पाँच अंश- (खण्ड)- मा पहिलेका तीन अस्ति, भाति, प्रिय ब्रह्मका स्वरूप भनिन्छन् (किनभने ब्रह्म नै सच्चिदानन्दस्वरूप छ), त्यसपछि बाँकी रहेका नाम-रूप दुई अंश मायाका स्वरूप हुन् ।

नामरूपे तु नैवं सत् तत्र हेतुं वदाम्यहम् ।
नाम तु व्यवहारार्थं कल्पितं न तु वास्तवम् ॥

नाम रूप त सत्य छैनन् । त्यसको कारण म बताउँछु । नाम व्यवहारको लागि कल्पित भएको माया हो । त्यो वास्तव होइन । नाम वास्तव भए घटादि उत्पन्न हुँदा साथैमै नाम पनि उत्पन्न हुनुपर्ने हो । हामीले व्यवहारको सरलताको लागि भिन्न-भिन्न वस्तुको भिन्न-भिन्न नाम राखेका हौं । नाम पनि घटकै समान सत् पदार्थ हुँदो हो त यो भाषाभेद हुने नै थिएन । यसैले नाम कल्पित सिद्ध हुन्छ ।

नामलाई असत् सिद्ध गर्ने दोस्रो युक्ति पनि भनिएको छ । घट न घ नै हो न त ट नै । माटोले बनाइएको यस पदार्थमा कहीं पनि न घकार देखिन्छ, न टकार नै । यसैले घ र ट मिलेर बनेको घट शब्दलाई त्यसमा कल्पित नै सम्झनुपर्छ । यसको अतिरिक्त ती घ र ट दुवै आकाशमा आश्रित रहन्छन् तथा शब्दरूप हुनाले आकाशमा नै रहन्छन् । तिनमा घ कण्ठस्थानीय वर्ण र ट मूर्धन्य वर्ण हो, यसैले एक कालमा एकै बाजि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुवै एकत्र हुँदैनन् । एक-अर्कोको उच्चारण-कालमा एक-अर्कोसँग व्यावृत रहन्छन्, अर्थात् जब घ बोलिन्छ, तब ट हुँदैन, जब ट भनिन्छ, तब घ हुँदैन । तब यी एक कालानवस्थायी शब्दले मिलेर बनेको नाम घट नाम मात्र सत् कसरी हुन सक्छ ?

यसरी ब्रह्माण्डदेखि लिएर घटसम्मका वस्तुको नाम कल्पित नै ठान । अब तिमी अगाडि बताइएको रीतिले रूप- (आकार)- को पनि विचार गर । हेर– तिम्रो प्रत्यक्ष देखिने यो घट आफ्नो कारण पृथिवीदेखि पृथक् अर्को पदार्थ होइन । यो त पृथिवी-को नै एक आकार हो । कार्य-कारणमा कुनै भेद मानिंदैन । यसै प्रकारले सबै पदार्थबारे बुझ्नुपर्छ । परन्तु यो पृथिवी पनि त जड छ । जड पदार्थको आफ्नो कुनै रूप त हुने होइन, ती त अर्काको रूप लिएर नै प्रकाशित हुन्छन् । पृथिवीको पनि यो दृश्यमान रूप सत् होइन । पृथिवीले यो रूप पाएको जलद्वारा नै हो । यसैले उत्पत्तिक्रममा जल पृथिवी हुन्छ र लयक्रममा पृथिवी जलरूपिणी हुन्छ । अर्थात् यो पृथिवी जलभन्दा भिन्न कुनै द्रव्य होइन । श्रुतिले पनि भनेको छ **अद्भ्यः पृथिवी**–जलबाट पृथिवीको उत्पत्ति भएको हो ।

त्यो पानी पनि (तेजको कारण हुनाले) तेजबाट उत्पन्न भएको छ । जलमा देखिने रूप अथवा आकृति आफ्नो होइन, यो त तेजको हो । यसकारण यो पनि सद्रूप होइन । यस क्रमले तेज पनि पारमार्थिक होइन, त्यो पनि वायुबाट उत्पन्न भएको हो । वायु पनि पारमार्थिक होइन, त्यो पनि आकाशबाट उत्पन्न भएको हो, शून्यरूप आकाश-देखि पृथक् त्यसको कुन सत्ता छैन । ती आकाशादि सम्पूर्ण जगत् (जेमा इन्द्रिय, विषय, देवता तथा भूतहरूको समावेश भएको छ)त्रिगुणात्मक अहङ्कारबाट उत्पन्न भएको छ, अर्थात् अहङ्कारदेखि भिन्न यिनको कुनै अस्तित्व छैन । त्यो अहङ्कार पनि स्वतन्त्र छैन, त्यो पनि सर्वजगतको कारण परमात्माको शक्ति (जसलाई प्रकृति पनि भन्दछन्)- बाट उत्पन्न भएको छ, प्रकृतिभन्दा भिन्न त्यस अहङ्कारको पनि कुनै सत्ता छैन ।

सत्त्व, रज, तम नामको त्रिगुणात्मक प्रकृति माया भनिन्छ । त्यो त ममा छँदै छैन । जब माया नै छैन भने त्यसको अवान्तर कार्य नाम-रूप पनि छैनन् । यही सिद्ध भयो । हे शिष्य ! अब तिमी अस्ति, भाति तथा प्रियबारे विचार गर–

सत्, चित् तथा आनन्द यी तीन मिलेर अभिन्न भई ब्रह्मको रूप हुन्छ । पृथक्-पृथक् यो ब्रह्मको लक्षण होइन । अर्थात् जो सत्य पनि होओस्, चित् पनि होओस् तथा आनन्द पनि होओस्, त्यही ब्रह्म हो । जहाँ नित्य सत्ता छ, त्यहाँ ज्ञान अवश्य नै हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ ज्ञान हुन्छ, त्यहाँ त आनन्द हुन्छ नै, त्यहाँ शोकयुक्त, हुने प्रसङ्ग नै आउँदैन । जहाँ ज्ञान हुन्छ, त्यहाँ उसको सत्ता अवश्य हुन्छ । जहाँ आनन्द हुन्छ त्यहाँ ज्ञान पनि हुन्छ र सत्ता पनि हुन्छ नै । यसैले ब्रह्म नै सच्चिदानन्द कहिन्छ ।

क्षण-क्षणमा नष्ट हुने आकारहरू तथा तद्नुसार परिवर्तनशील नामहरू-बाट उदासीन भएर सच्चिदानन्द ब्रह्ममै एकचित्त भई अर्थानुविद्ध समाधि गर्नुपर्छ । अर्थात् जब कहिल्यै कुनै पदार्थ स्मरणमा आउँछ, तब त्यसको नाम-रूप माथि बताइएको युक्तिले पृथक् गर, त्यसमा केवल सच्चिदानन्द ब्रह्मको नै अखण्ड दर्शन गर्ने अभ्यासलाई बढाउँदै लग्नुपर्छ । यी नाम-रूप त आफ्नो क्षणिक स्वभावअनुसार उत्पन्न हुने र नष्ट हुने वस्तु हुन्– यी नरहँदा पनि यस पदार्थको सच्चिदानन्द नामक तीनै अंश कहिले पनि नष्ट हुँदैनन् । यी तीनैमा नाम-रूपमा झैं परिवर्तन हुँदैन । यो अपरिवर्तनशील सच्चिदानन्द-स्वरूप नै म हुँ । मेरै प्रकाशले यी नाम-रूपको प्रकाश यदा-कदा हुने गर्छ । जब कहिले-काहीं यी नाम-रूप आउँछन्, तब म नै यिनलाई प्रकाशित गरिदिन्छु । परन्तु मभित्र त्यस सूर्यमा झैं नै कुनै पनि विकार आउँदैन, जो मध्यान्हकालमा आफ्नो प्वालबाट निस्केको सर्पलाई प्रकाशित गर्दाहुँदि पनि स्वयं निर्विकार नै रहन्छ । म पनि यसै किसिमले निर्विकार रहेर नै यी नाम-रूपलाई प्रकाशित गर्ने गर्छु । यिनीहरू विनष्ट भएपछि बाँकी रहेको जुन सच्चिदानन्द तत्त्व छ, त्यही मेरो वास्तविक स्वरूप हो । आजकाल अज्ञान कालमा मलाई कहिलेकाहीं मात्र यस स्वरूपको स्फुरण हुन्छ, तर म त्यसै स्वरूपलाई सदैव अखण्ड रूपमा किन कायम नराखूँ ? यस्तो विचार गर्दा-गर्दै अन्तःकरणवृत्ति सच्चिदानन्द आकारमा परिणत हुन्छ, त्यसैलाई अर्थानुविद्ध समाधि भन्दछन् ।

नित्य एवास्मि शुद्धोऽस्मि चिद्रूपोऽस्मि निरन्तरः ।
सहजानन्दरूपोऽस्मि न मे माया न मे मलः ॥

म कूटस्थ चैतन्यरूप सदा अविनाशी छु, शुद्ध छु, चैतन्यरूप छु । म निरन्तर (अखण्ड एकरस) छु । म सदा स्वाभाविक निरुपाधिक आनन्दस्वरूप छु । मेरो आनन्द-रूपता कुनै पनि स्त्री-पुत्र आदि विषयहरूबाट सिद्ध हुने खालको वस्तु होइन । यो त मेरो आफ्नो स्वाभाविक स्वरूप हो । ममा माया पनि छैन, तथा रागादि मलको कहीं चिन्ह सम्म पनि छैन । यो त भ्रान्तिले गर्दा मानिसहरूले व्यर्थै ममा आरोपित गरि-राखेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहो ! यो असत् प्रपञ्चमा म चिद्रूपले अबसम्म व्यर्थ नै आफ्नो सत्ताको आरोप गरिराखेको थिएँ (किनभने संसारका सबै आरोप चेतनको अधीन हुन्छ) । अब त यस व्यर्थ प्रयासलाई छाडेर, नाम-रूपात्मक यो तुच्छ जगत्मा अध्यस्त गरिएको आफ्नो सत्तालाई यस प्रपञ्चबाट निकालेर म सच्चिदानन्दस्वरूप आत्मा फेरि आफ्नै स्वात्मरूप सत्तामा स्थित भएको छु । अब त यस जगत्को क्षण-क्षणमा हुने उत्पत्ति-विनाशलाई तटस्थ भएर देखिरहेछु । मैले आफ्नो सत्तालाई आफैंमा खिच्दा कसरी क्षणभरमै यो प्रपञ्चानुभूति विलुप्त हुन पुग्छ– अब म देख्तछु ! अहो ! यस उपसंहार-पछि सर्वत्र आत्मसत्ताकै मात्र अनुभूति भइरहेछ कस्तो आश्चर्यको अवस्था !

यद्यपि विकारले गर्दा म विकृत हुन्न तथा जगत्का करण अव्याकृतादि कारणले गर्दा ममा कारणता पनि आउँदैन, अब लोकको दृष्टिमा कार्यकारणरूप द्वैत उत्पन्न भइहाले पनि यो मृगतृष्णाको जल झैं अजाततुल्य नै त हुन्छ, किनभने यो कार्य-कारणरूप द्वैत उत्पन्न हुनाले पहिले पनि थिएन, नाश भएपछि पनि रहँदैन, खालि केही कालको लागि वर्तमानमा प्रतीत भएको छ । यसैले स्वप्न अथवा मृगतृष्णा-जलादि झैं अजात नै छ । तब यी सबै स्थितिहरू थाहा हुँदा-हुँदै पनि यो म यो अजात जगत्को कुन वस्तुको लागि आफ्नो स्वरूपस्थिति जस्तो असङ्ग परमपदलाई छाडिदिऊँ, अनि किन यी अनित्य पदार्थहरूको मोलतोलमा आफ्नो जीवन गुमाऊँ ?

यस कल्पित संसारको विषयमा जसै म यस समस्त संसारलाई सत्तास्फूर्ति दिने आफ्नो विश्वात्मालाई 'हे मेरो विश्वात्मन् ! मेरो समाधिको लागि उपयुक्त परि-स्थिति उत्पन्न गर्न कृपापूर्वक अब आफ्नो यस जगत्को उपसंहार (लय) गर्नुहोस्' भन्दछु, तब तुरुन्त म के देख्तछु भने यस जगत्को अनुभूति कहीं हुँदै-हुँदैन– यसप्रकार जगत्को उत्पत्ति तथा संहार दुवै मेरो अधीनमा छन् । जब मैले यस जगत्को यस्तो असारतालाई जानिसकेको छु, तब म किन सकल जगत्को आधारभूत यस आत्मदेवको नित्य चिन्तन नगरूँ ?

माथि बताइएको किसिमले उपनिषद्वाक्यका तात्पर्यको चिन्ता गर्दा-गर्दै मुनिलाई शब्दानुविद्ध समाधि हुन थाल्छ ।

'म नित्य छु, शुद्ध छु, चिद्रूप छु, सहजानन्दरूप छु,' इत्यदि भाव लिई माथि भनिएको किसिमले आत्मविषयमा भावना गर्दा-गर्दै जब सम्पूर्ण कामादि वृत्तिहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विलीन हुन पुग्छन् र विजातीय प्रत्ययहरूको प्रवाह बन्द भएर प्रत्यक् चैतन्यलाई विषय बनाउने विचारधारा बहन लाग्छ, तब (ध्येयाकारमा परिणामरूप) यो शब्दानुविद्ध समाधि साधकहरूलाई स्वयमेव हुन थाल्दछ । वसिष्ठ मुनिले यस समाधिलाई यस प्रकारले निरूपण गरेका छन्–

निरीहोऽस्मि निरंशोऽस्मि स्वस्थोऽस्म्यस्मि च निस्पृहः ॥

म निरीह छु, म निरवय छु, स्वस्थ छु, निःस्पृह छु, अतः अब त म अनन्त कालको लागि पूर्ण भई स्थित छु ।

उपर्युक्त दुवै थरीको समाधिको अभ्यास गर्दै जब अधिकारीलाई स्वानुभवको आवेश आउन थाल्छ, यो दुवै थरीका समाधि (नदीपार पुगेपछि डुङ्गा झैं निष्प्रयोजन भएर) स्वयं नै छुट्तछ । तब त्यस अधिकारीलाई एक गम्भीर मौनवस्था प्राप्त हुन्छ । उस वेला स्वानुभूति-रसावेशले गर्दा जुन अलौकिक सुख प्रदान गर्ने दिव्य पराधीनता जस्तो उत्पन्न हुन्छ, जसको उदय हुनाले भित्र-बाहिर कुनै पनि ज्ञान रहँदैन, उही शान्त अवस्था **अननुविद्ध वा निर्विकल्प** समाधि भनिन्छ । बाह्य तथा आभ्यन्तर दुवै प्रकारको ज्ञान वा सङ्कल्प भएपछि स्वानन्दामृतको गहिरो समुद्रमा निमग्न हुने त्यस भाग्यशाली साधकलाई यो अननुविद्ध समाधिको निम्ति फेरि कुनै प्रयत्न गर्नुपर्ने हुँदैन । त्यस अद्भुत अवस्थाको प्रादुर्भाव भएपछि जब वैषम्य उत्पन्न गर्ने विकल्प निवृत्त भइहाल्छ र निरवधि समता नै सर्वत्र व्याप्त हुन्छ, तब त्यस अधिकारीको वृत्ति अत्यन्त निश्चल भएर निरोधनात्मक परिणामलाई धारण गर्दछ । तब त्यो ज्ञानी हावा नलाग्ने ठाउँमा राखिएको बत्तीको निश्चल ज्वालाजस्तो नहल्लने हुन्छ । योगवासिष्ठमा पनि भनिएको छ–

अन्तः शून्यो वहिः शून्यः शून्यः कुम्भ इवाऽम्बरे ।
अन्तः पूर्णो वहिः पूर्ण पूर्णकुम्भ इवाऽर्णवे ॥
मा भव ग्राह्यभावात्मा ग्राहकात्मा च मा भव ।
भावनामखिलां त्यक्त्वा यच्छिष्टं तन्मयो भव ।
द्रष्टृदर्शनदृश्यानि त्यक्त्वा वासनया सह ।
दर्शनप्रथमाभासमात्मानं केवलं भज ॥
प्रशान्तसर्वसङ्कल्पा वा शिलावदवस्थितिः ।
जाग्रन्निद्रा विनिर्मुक्ता सा स्वरूपस्थितिः परा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशमा राखिएको रित्तो गाग्रो झैं भित्र-बाहिर संसारका वासनाहरूले रहित– खाली होऊ, समुद्रमा डुबेको घडाजस्तो भित्र-बाहिर केवल आत्मचैतन्यले परिपूर्ण बन । आफ्नो शुद्ध साक्षीरूपलाई बिगारेर द्रष्टा वा दृश्यरूप हुन नदेऊ । यी सबै वासनालाई छाडेपछि जुन शुद्ध प्रियतमः आत्मचैतन्य बाँकी रहन्छ त्यसैमा तन्मय होऊ। द्रष्टा - दृश्य-दर्शन तथा यिनका सबै संस्कारलाई छाडेर सविकल्प ज्ञानको उदय हुनाले पनि प्रथम प्रतीत हुने निर्विकल्प आत्मचैतन्यको भजन गर्ने गर । यस प्रकार भजन गर्दा-गर्दै जब तिम्रा सम्पूर्ण सङ्कल्प शान्त हुनेछन् र तिमी निश्चल भावले आफ्नो स्वाभाविक निश्चेष्ट अवस्थामा पुग्नेछौ, जाग्रत तथा स्वप्नले रहित भएर तुर्य-धाममा प्रवेश गर्नेछौ, तब आफ्नो स्वरूपमा स्थित हुनेछौ ।

तात्पर्य हो– अर्थानुविद्ध समाधिको अभ्यास गर्दा-गर्दा जब मन आजित हुन्छ, तब स्वाध्यायको सहायताले शब्दानुविद्ध समाधि गर्न थाल्यो र जब शब्दानुविद्ध समाधि गर्दा-गर्दा मन आजित हुन्छ, तब अर्थानुविद्ध समाधि गर्न थाल्यो । यसप्रकार क्रमैले मनोलयको मात्रा बढेर प्रणवको अर्थ ब्रह्म त्यस मुमुक्षुको मानस नेत्रसामु स्वयमेव प्रकट हुन थाल्छ ।

यसरी प्रणवार्थस्वरूप अखण्ड एकरस आत्मतत्त्वको साक्षात्कार गर्ने कला जुन मुनिले सिद्ध गरेको छ, उसलाई यस शब्दानुविद्ध र अर्थानुविद्ध दुवै प्रकारका समाधिको उपयोग रहँदैन । उ त तत्काल (तब) विहङ्गम वृत्ति- (तत्काल तीव्रगति)-ले साहस नै प्रणवको लक्ष्यार्थको साक्षात्कार आफ्नो मानसिक नेत्रको सामु गर्न थाल्छ ।

निर्विकल्पसमाधाने निष्ठा सा बोधयोगिनः ।
कपाटोद्घाटने हेतुरियं कैवल्यकुञ्जिका ॥

कैवल्यरूप यस साँचोले अज्ञानरूप खापा उघ्रन्छ र त्यो कालान्तरमा ज्ञानीको निर्विकल्प समाधिमा परिणत हुन्छ ।

वसिष्ठ तथा व्यास मुनिको परम्पराबाट श्री शङ्कराचार्यद्वारा यो परम पवित्र तथा गोपनीय कैवल्य-कुञ्जिका प्राप्त भएको हो । करुणासारले परिपूर्ण श्री-शङ्कराचार्यले आफ्नो आनन्दबोध नामका शिष्यलाई यसको उपदेश गर्नुभयो । त्यसै परम्पराबाट ज्ञानीहरूलाई त्यो प्राप्त भयो । हे शिष्य ! बडो आदरपूर्वक यही श्रेष्ठ युक्तिको अभ्यास गर्नु उचित छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे शिष्य ! ज्ञानीद्वारा अनुभूति त्यो आश्चर्यरूप ब्रह्म कस्तो छ ? अब अन्तमा यो पनि सुन–

अन्धः पश्यति सर्वं च पङ्गुर्याति पुरात् पुरम् ।
जडः कार्याणि कुरुते नीरसो रसमश्नुते ॥

यद्यपि त्यस ब्रह्मका चक्षु छैनन्, तथापि उ सब देख्तछ, किनभने उसदेखि भिन्न त अरू कुनै द्रष्टा छँदैछैन, यी चक्षुरादि त देख्नाका साधन मात्र हुन् । साँच्चै द्रष्टा उही मात्र हो । भनिएको पनि छ– **पश्यत्यचक्षुः**– उ चक्षुविना नै देख्तछ । त्यस ब्रह्मका गोडा छैनन्, तथापि एक स्थानबाट अर्को स्थानमा वा एक शरीरबाट अर्को शरीरमा पुग्दछ । जहाँ-जहाँ कसैलाई जानु छ , उहाँ नै उ व्यापक हुनाले पहिले नै रहेको हुन्छ । त्यसैले त **अपाणिपादो जवानो ग्रहीता** भनिएको छ । अर्थात् हात छैन पक्रन्छ, गोडा छैन दगुर्छ । त्यो ब्रह्म जड भएर पनि सब कार्य गर्छ । माया तथा मायाले उत्पन्न सब कार्य जड कहिन्छन् । यही जीवेश्वरको रूप धारण गरेर यस सकल जगत्का कार्यहरूको निर्वाह गरिरहेको छ, तर यी जीवेश्वरादि पनि के कहिल्यै ब्रह्मदेखि भिन्न हुन सक्तछन् ? किनभने ब्रह्मसंग यिनको अभेद छ । यसउसले यी जड पदार्थ जे-जे काम गर्छन्, ती सब ब्रह्मले नै त गरेको हुन्छ । उही परमात्मा नै त जड पनि बनेको छ । उ आफ्नो जड स्वरूपले आकाशदेखि ब्रह्माण्डपर्यन्त र ब्रह्माण्डदेखि लिएर पिपीलिकापर्यन्त साना-ठूला सब कार्यलाई उत्पन्न गर्ने गर्छ । यसप्रकार जडमा आश्चर्यकारिणी उसको शक्ति भरिभराउ छ । जिह्वारहित भएर पनि त्यो आत्मा सब रसको अनुभव गर्छ–**नाऽन्योऽतोऽस्ति द्रष्टा** आदि । यस देखि भिन्न त कुनै द्रष्टा नै छैन । रसना त एक साधन मात्र हुन्छ । त्यो रस जान्ने त त्यही चेतन हो । सर्वसुखरहित भएर पनि उही सब रसको अनुभव गर्छ, किनभने त्यसदेखि भिन्न अन्य कुनै अनुभविता छैन ।

अन्तःकरणरहित भएर पनि त्यो आत्मा पदार्थहरूको निश्चय गर्छ । **अश्रोत्रममनस्कम्** इत्यादि श्रुतिमा ब्रह्मलाई श्रोत्ररहित र निर्मनस्क भनिएको छ । आत्मामा पृथक् मनको कुनै सत्ता हुँदैन, यसैले आत्मा अमनस्क मानिएको हो । त्यो आत्मा नभई केवल जडीभूत मनमा पदार्थहरूको निश्चय गर्ने शक्ति हुँदैन । यसैले आत्मा नै निश्चायक हो । सम्पूर्ण संसारमा आत्मा व्यापक हुँदा-हुँदै पनि त्यसमा कुनै प्रकारको रोग उत्पन्न हुँदैन । त्यो त सदा नै पूर्ण विरक्त छ । परन्तु त्यो आत्मा नभई त भोक्तृत्व पनि हुन सक्तैन । यसैले विरक्त भएर पनि अन्ततः उही सुख-दुःखादि भोगको अनुभव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने हुन्छ । कोमल कठिन आदि विषयको स्पर्श गर्ने सम्पूर्ण त्वगादि इन्द्रियले रहित भएर पनि उही आत्मा ब्रह्मसित ऐक्यरूप संस्पर्शमा प्राप्त हुन्छ ।

त्यो आत्मा कालरूप भएर कालक्रमले यस समस्त जगत्लाई निल्दै गइरहेछ। परन्तु तथापि के त्यसको पेटमा त्यस भोजनले आहारको काम दिएको छ ? अहँ, छैन, कुनै हालतमा पनि दिएको छैन, त्यसले यो सकल जगत् भोजन गरेर पनि आजतक उही निराहारता-(उपवास)-लाई नै धारणा गरिराखेको छ ।

जसको लागि ब्रह्म-क्षत्रादि ओदन- (भात)-समान् छन्, मत्यु जसको दाल-तरकारी आदि जस्तो हुन्छ, अर्थात् मृत्युमा मुछेर ब्राह्मण-क्षत्रियादि सबै जगत्लाई जो खाँदै गइरहेछ, त्यो कहाँ बस्छ ? उसको निवासलाई को जान्न सक्तछ? यस श्रुतिमा त्यो सर्वाहारी भनिएको छ । त्यस आत्मालाई मुग्ध वा अबोध नै भन्नुपर्ने हुन्छ, परन्तु मुग्ध भएर पनि उसले आफ्नो समदृष्टिरूप पाण्डित्यलाई त जोगाइराखेकै छ–

शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ।

विद्या-विनय-सम्पन्न ब्राह्मण तथा कुकुर, चाण्डाल आदिमा पनि जो समदृष्टि राख्तछ, उही पण्डित कहिन्छ । त्यस्तै मोनी भएर पनि उसले सकल वेदान्त-सिद्धान्तको निरूपण गरेको छ । **अवचनेनैव प्रोवाच स ह तूष्मी वभूव** । आत्मस्वरूपबारे सोधिंदा उसले नबोलीकन नै शिष्यहरूलाई आत्माको निरूपण गरिदियो । उ सम्पूर्ण रूपले चूप भयो, किनभने त्यस आत्माले अनादिकालदेखि लिएर अनन्तकालसम्मको लागि अति गम्भीर मौन धारण गरिराखेको छ । यसैले जब चित्तमा कुनै किसिमको सङ्कल्प-विकल्प रहँदैन, भित्र-बाहिर पूर्णतया स्वच्छ तथा निश्चेष्ट भइन्छ, जब हामीलाई जाग्रत्, निद्रा आदिको विचार पनि रहँदैन । जब यसरी गम्भीर मौन धारण गरिन्छ, तब मात्र हामी त्यस आत्मतत्त्वको यथार्थ निरूपण गर्न सक्तछौं ।

त्यो आत्मा सबमा सम रूपले रहन्छ तथा त्यसको द्वेष्य कोही पनि छैन, यसप्रकार सर्वथा निर्वैर हुनाले सबै उद्योगको फल मोक्षरूप विजय प्राप्त गर्छ । काम्य विषय कुनै पनि सत्य छैन, तथा त्यो आत्मापूर्ण छ–यी दुवै कारणले सर्वथा निष्काम भएर पनि उसले पूर्णकाममा प्राप्त गरेको छ, किनभने सबै कामनाको आत्मभूत पनि त उही हो । आप्तकाम हुनाले पनि उ पूर्णकाम भनिएको हो । आत्मानुभवी त्यो विज्ञानी पुरुष, प्रपञ्च तथा प्रपञ्चविषयक ज्ञानले बाधित हुनाले परिणाममा अज्ञानी भएर, सुप्ततुल्य रहेर पनि अथवा प्रपञ्चको विषयमा सुषुप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेर पनि आफ्नो आत्म चिन्तनमा सधैं जाग्रत (सावधान) रहन्छ। यसको विपरीत जाग्रत अवस्थाको अभिमानी त्यो विश्व त आफ्नो आत्मस्वरूपको विषयमा सुप्त रहेर प्रपञ्च-व्यवहारमा मात्र जाग्रत रहन्छ। मोक्षार्थ गरिने प्रयत्नबाट जब उसको जीवत्व नष्ट हुन्छ, तब परिणाममा मरेर पनि अमृत ब्रह्म प्राप्त गर्छ इति।

हे शिष्य ! सारांशरूपमा प्राणीमात्रको ध्येय अविनाशी, अनन्त, परम पूर्ण आनन्द नै हो भन्नुपर्छ। संसारको भोगविलासद्वारा त्यो आनन्द प्राप्त हुँदैन। सच्चिदानन्दस्वरूप त्यो परब्रह्म नै त्यस पूर्ण आनन्दको अधिष्ठान हो। त्यो ब्रह्मानुभव नभई कसैलाई आनन्द न मिल्यो, न मिल्न नै सक्छ– यो निश्चित छ। महान् आश्चर्य त यस कुरामा छ कि हामीसहित सम्पूर्ण संसार त्यसले व्याप्त र त्यही रूप भएर पनि त्यसको उपलब्धि हुन सकेको छैन, प्रतीति भएको छैन, किन ? त्यो स्वरूप नित्य प्राप्त भएर पनि हामी कल्पनाको घटाटोपमा बगिरहेछौं त्यसको कतैकतै पाइँदैन। 'हामी को हौं ?' यसकै ज्ञान पनि हामीलाई छैन। हामी आफूलाई नै बिर्सेर कल्पनाको प्रवाहमा कुन्नि कहाँ र कता बग्दै गइरहेछौं।?

प्रकाशतिर हेर्दा-हेर्दै तत्काल अँध्यारोमा गयौं भने त्यहाँ हामी झ्वाट्ट केही पनि देख्न सक्तैनौं, परन्तु दृष्टि केहीबेर स्थिर राखिसकेपछि हामी त्यस अन्धकारमा पनि देख्न सक्छौं। यही स्थिति हाम्रो चित्तवृत्तिको पनि छ। बाह्य व्यवहारमा दीर्घकाल-सम्म लागिरहेछौं त सहसा भित्रका वस्तुलाई कसरी देख्न सक्छौं ? भित्र पुग्नासाथ त्यो आत्तिनु स्वाभाविक नै हो। यसैले पहिले केही दिन यसलाई अन्तर्मुख विचारमा स्थिर पार्नुपर्छ। यसले गर्दा यसको देख्ने शक्ति बढ्नेछ।

फोहर धमिलो हल्लिइरहेको पानीमा परेको छाया वा वस्तु कोही कसरी देख्न सक्तछ र ? त्यसरी नै मलविक्षेप र आवरणले युक्त बुद्धि पनि आत्मतेजलाई कसरी प्रत्यक्ष गर्न सक्तछ ? निर्मल निश्चल र ज्ञानप्रकाशले युक्त बुद्धि मात्र आत्मोनु-भवमा समर्थ हुन्छ। कपडा सिउन सियोको आवश्यकता पर्छ, कोदालोको होइन। यस्तै सूक्ष्मातिसूक्ष्म आत्मतत्त्वको साक्षात्कार गर्न अत्यन्त सूक्ष्म बुद्धिको आवश्यकता पर्छ, स्थूल बुद्धिले काम चल्दैन, अर्थात् आत्मानुभवको लागि चित्तको शुद्धि, मनको स्थिरता र बुद्धिको सूक्ष्मता हुनुपर्छ। जुन उपाय गर्नाले यो काम हुन्छ, त्यसलाई साधना भन्दछन्। सम्पूर्ण सद्ग्रन्थ र महात्माका उपदेशको यो सार हो। साधन जतिसुकै कठिन होओस्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर जसबाट यो काम पट्‌दैन, त्यो साधन होइन, भ्रमविलास हो। परमार्थ-दृष्टिले साधनको बाह्य रूपको कुनै विशेष महत्त्व हुँदैन, चित्तवृत्तिलाई सुधार्ने काम छ। प्राय: अनेक व्यक्ति गुनासो गर्छन्– हामीले जप, दान, व्रत, तीर्थयात्रा आदि धेरै साधना गर्‍यौं, तर चित्तको शुद्धि भएन। चित्त पहिलेकै जस्तो अब पनि बरालिइरहन्छ। यस्तो किन? वास्तवमा ती महानुभावलाई यो ज्ञान छैन– चित्त भन्ने वस्तु के हो? जब यसैको पत्तो छैन, अनि स्थिर र शुद्ध गर्ने केलाई र कसरी गर्ने? यसैले पहिले 'चित्त के हो?'– यो जानेपछि उसलाई शुद्ध र स्थिर पार्ने कुनै उपाय हुन सक्तछ। तिमी चिन्ता वा चिन्तन गर्छौ– तिम्रो यसै स्वभावलाई चित्त भन्दछन्, चित्त कुनै स्वतन्त्र वस्तु होइन। चित्त शुद्ध हुँदैन भन्नु केवल आफ्नो अज्ञान प्रकट गर्नु हो। तिमी अशुद्ध चिन्तन गरिरहन्छौ भने अनेक साधन गरेरै पनि के हुन्छ? जबसम्म तिमी शुद्ध चिन्तन गर्दैनौ, तबसम्म बाह्य साधनाले केही हुँदैन। साधनामा आवरण हटाउनको लागि विघ्नको सामना गर्नु र अभावलाई हटाउनुभन्दा सद्‌भावना उत्पन्न गरी उसलाई सुपुष्ट पार्नु नै सिद्धिको सर्वोत्तम उपाय हो। यसले विघ्न स्वत: नष्ट हुन्छ। कुनै सोझो तानिएको धर्कोलाई मेटेर सानो पारेर देखाउनुभन्दा त्यसको समानान्तर एक लामो रेखा कोर्नु नै ठीक हुन्छ। यसले त्यो स्वत: छोटो मानिन्छ। यही कुरा चित्तको मल-विक्षेपादि दोषबारे पनि लागू हुन्छ। सात्त्विक वस्तुको सेवन गर्नाले यो पनि स्वत: नामशेष हुन जान्छ। यहाँ एउटै कुरो सम्झनुपर्छ– 'म अशुद्ध चिन्तन गर्दिनँ' भन्ने निश्चय गर्दैमा चित्त शुद्ध हुन्छ भन्ने कुरो होइन, किनभने तिमी सांसारिक सुखको इच्छा गर्दछौ; सुख, सौन्दर्य र प्रेमको अनुभूति त जगत्‌मा तिमीलाई भइहाल्ला। यसै हो भने यिनको चिन्तन पनि अवश्य गर्नेछौ। यो कसरी छुट्‌न सक्छ; अनि यस्तो अवस्थामा अन्य साधनको पनि के आवश्यकता हुन्छ? यसमा त खालि विवेकको आश्रय लिनु छ, अर्थात् अशुद्ध चिन्तनलाई बन्द गरेर शुद्ध चिन्तन (विवेक) गर्नुपर्छ। वास्तवमा 'सुख सौन्दर्य र प्रेम संसारमा छन् वा यी भ्रमविलास वा कल्पना-विलास मात्र हुन्?' भन्ने कुरामै विवेक आवश्यक छ। शान्ति पनि यस संसारमा कुनै लौकिक पदार्थद्वारा कहिल्यै कसैलाई मिलेको छ वा केवल एक भ्रम मात्र हो? भरपूर सुखको साधनले के शान्ति पाइयो? वास्तवमा यहाँ आफन्त-पराईको पो छ? को कहिलेसम्म मेरो साथी थियो र यसपछि नहुने भन्नु? तब अन्तमा यो मृत्यु के हो? कसरी यसको सामना गर्ने हो? आदि विवेकरूप चिन्तनको सेवन गर्दै गर्नाले जति-जति यो भाव स्पष्ट हुँदै जानेछ, त्यति-त्यति कामना र आसक्ति कम हुँदै जानेछ। यसप्रकार चित्त वैराग्यमुखि हुनु नै चित्तशुद्धि हो। यस विवेकको पुष्टिको लागि सद्‌ग्रन्थको स्वाध्याय र महापुरुषको सत्सङ्ग गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन स्थिर किन हुँदैन ? मनको स्वरूप हो मनन गर्नु (मान्नु) । तिमी असल-खराब, साँचो-झूठो सब कुरा मान्ने (मनन गर्ने) गर्दछौ, जे पायो उही मनन गर्दै गर्छौ, मन स्थिर होस्रोस् पनि कसरी ? तिमी मान्न (मनन गर्न) छाडिदेऊ, मनको लवलेश-सम्म पनि कतै शेष रहनेछैन । केवल बाह्य साधनले केही हुँदैन । मनन कुनै किसिमले पनि बन्द हुँदैन भने कुनै मूर्ति आदिमा आन्तर त्राटक गर । एकै संस्कार वा विचारमा मन लगाऊ । यसले मन स्थिर हुन्छ । मन जबसम्म शुद्ध हुँदैन, तबसम्म स्थिर हुँदैन । वैराग्यद्वारा चित्तको शुद्धि र अभ्यासद्वारा स्थिरता हुन्छ । मनको कल्पनाको प्रवाहमा बग्न छाडिदेऊ र तटस्थ भई साक्षिरूपले उसलाई हेरिरहू, त्यसरी पनि मन स्थिर हुन्छ । धेरै मान्छेले 'अनेक साधना गर्दा पनि आत्माको ज्ञान भएन' भन्ने गरेको प्रायः सुनिन्छ । आत्मा बाहिर छ कि वन-जङ्गल, पाखा-पर्वत वा मठ-आश्रममा छ ? त्यसको लागि तपस्या गर्नुपर्छ कि पण्डित नै हुनुपर्छ ? अहिलेसम्म तिमीले जे गऱ्यौ, त्यो असल नै गऱ्यौ । अब हात बाँधेर बस, बाहिरी ग्रन्थ थन्क्याइदेऊ । भित्री ग्रन्थसारलाई गुन । मन-बुद्धिको मूल पत्ता लगाऊ र यिनलाई जान्ने जुन आफू छौ, त्यस आफू स्वयंलाई चिन । मनलाई अत्यन्त स्थिर पारेर स्वयम् आफूलाई खोज, पत्ता लाग्छ । बुद्धिलाई सूक्ष्म पार्नको लागि महावाक्यको विवरण, श्रवण, मनन, निदिध्यासनको अत्यन्त आवश्यकता छ । रूप-रसादि विषयमा गुण-दोषरूप जुन विकल्प छन्, ती सबै बुद्धिकै क्रिया-स्वरूप हुन्, चैतन्य विषयसहित यी सब क्रियाहरूलाई प्रकाशित मात्र गर्छ । प्रत्येक क्षण बुद्धिको विकल्पसमूह अनेक रूप धारणा गर्छ, तर चैतन्य विभिन्नरूप हुँदैन । जसरी मालामा मणिहरू परस्पर भिन्न भए पनि सूत्र अन्यरूप हुँदैन, सबै मणिहरूमा प्रोत रहन्छ, त्यसरी नै बुद्धिको व्यापार परस्पर भिन्न भए पनि चैतन्य सर्वत्र एकरूपमा अनुगत रहन्छ । जसरी मणिहरूद्वारा ढाकिएर पनि सूत्र दुई मणिको जोर्नीमा स्पष्ट देखिन्छ, त्यसरी नै चैतन्य बुद्धि वृत्तिरूप विकल्पद्वारा आवृत्तहुँदा पनि दुई विकल्प (वृत्तिसन्धि) -को बीचमा स्पष्ट प्रतीत हुन्छ । पहिलो विकल्प नष्ट भई अर्को उत्पन्न नभएसम्म (सन्धिकालमा), निर्विकल्प चैतन्य स्पष्ट रूपले प्रकाशित रहन्छ । यसै सन्धिकाललाई साध्नु- (बढाउनु)- को नाम सन्ध्या हो **सन्धीयते परब्रह्म सा सन्ध्या सद्भिरुच्यते** । जुन अहम् सविकल्प चैतन्य हो, उही अहम् एकमात्र निर्विकल्प ब्रह्म हो ।

द्वैतबाट निवृत्त र विषयान्तरमा प्रवृत्त नभएको चित्तको त्यसबेला निश्चल स्थिति हुन्छ । त्यो परमार्थदर्शी पुरुषकै विषय हुन्छ र त्यही परम साम्य, अज र अद्वय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । जब चित्त सुषुप्तिमा लीन हुन्छ र विक्षिप्त पनि हुँदैन एवं निश्चल र विषयाभासले रहित हुन्छ, तब त्यो ब्रह्म नै हुन्छ । त्यसवेला जुन आनन्द हुन्छ, त्यसलाई ब्रह्मज्ञहरू स्वस्थ, शान्त, निर्वाणयुक्त अकथ्य, निरतिशय-सुखस्वरूप, अजन्मा ज्ञेय ब्रह्मदेखि अभिन्न र सर्वज्ञ बताउँछन् ।

अहम् वा म शब्दको प्रयोग तिमी जुन वस्तुको लागि गर्दछौ, त्यसलाई शान्ति र युक्तिले आफूभित्रै खोज । मूलमा अहम् वा म भन्ने शब्द छैन । केवल एक आत्मसत्ताको सत्तास्फुरण-निरन्तर-बोध मात्र छ । मपनको भाषा वा कल्पनालाई आफूबाट हटाइदेऊ । म र मेरोसँग जुन-जुन आसक्ति छ, सबै आफूबाट अलग्याऊ । स्मरण-विस्मरणले रहित भएर स्वभावमा स्थिर होऊ । यो स्वभाव थाहा पाउने (प्रकाशित गर्ने) तिम्रो जुन स्वरूप छ, त्यही तिमी हौ । आफ्नो सत्तालाई स्फुरित नगरी स्वस्थ रहू, यही तिमी हौ । यही आत्मस्वरूप हो । सबैलाई जान्ने, त्रिगुण संस्कारलाई पनि जान्ने जुन चेतना छ, त्यसलाई पनि तिमी नै प्रकाशित गर्छौ । त्यस चेतनालाई, अनि त्यो चिन्नेलाई पनि चिन । जब जान्ने कुरा केही रहँदैन, तब शेष रहन्छ खालि आत्मस्वरूप । जान्नेलाई जान्नासाथै मपनको जरो काटियो । लौ, शान्तिसाथ गम्भीरतापूर्वक खोज । जसको सत्ताले खोजिन्छ, उही तिमी हौ । खोज्ने उपाधिलाई छाड । छाड्ने उपाधिदेखि बच, तब जे-जति बच्तछ, त्यही आत्मस्वरूप हो । मन जब स्थिर हुन्छ र कल्पना नष्ट हुन्छ, तब के शेष रहन्छ ? केही रहँदैन– यही प्रत्यय हुन्छ । यो 'केही छैन' - (शून्य)- को अभिमान धारण नगर (अभिमान-धारकत्व नै जीवत्व हो) । यस लयलाई जो प्रकाशित गर्छ, त्यही आत्मा हो । जब मन लीन हुन्छ, तब जे बाँकी रहन्छ, उही तिमी हौ । 'उही ब्रह्म म हुँ' भन्ने भावना पनि तिम्रै मन्तव्य हो । यसलाई पनि छाड र आफू मात्र रहू । **केवलं सत्तामात्रस्वरूपं परं ब्रम्ह–** श्रुतियुक्तिद्वारा यसको अनुभव गर, तर अन्य भएर होइन । त्रिपुटी जुनसुकै होओस्, त्यो तिम्रो नै सत्ताविलास हो । ध्याता, ज्ञाता आदि पनि तिमी होइनौ, तिम्रो केवल एक लहर हो अथवा तिम्रो आश्रयमा क्रीडा गर्ने कल्पनाको कार्यानुसार तिमीमा हुने त्यो मिथ्या आरोप हो । ध्याता-ध्यान-ध्येय आदि त्रिविध वस्तुहरूलाई जो प्रकाशित गर्छ, उही आत्मा हो, उही तिमी हौ, त्रिपुटीलाई अतिक्रमण गरी तन्मय होऊ । जुनसुकै प्रक्रियाबाट होओस् आफ्नो सहज आत्मस्थितिलाई अनुभव गर्नु नै सब साधनाको सार हो । अनुभवी महात्माहरूको आश्रय-ग्रहण गरेर अन्तर्युक्ति सिक । गुरुकृपा नै परम सहायक हुन्छ । सम्पूर्ण संसार एक महास्वप्न हो । केवल कल्पित नाम-रूपद्वारा सब भेद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिने हो। यथार्थमा सत्ताप्रकाश र आनन्दसिवाय अरू केही पनि संसारमा छैन। संसाररूपले मिथ्या र सच्चिदानन्दरूपले सत् छ अर्थात् जगत् वा देहको कल्पना आदि मिथ्या र एक तत्त्व नै अखण्ड एकरसले परिपूर्ण छ। भेदभावको कल्पना जहाँ छुट्यो, उहाँ सब एकै हो। यसप्रकार यथार्थ जानेर जो मान्छे अखण्डको अनुसन्धान गर्छ, त्यो स्वानन्द-सागरमा क्रीडा गर्दै अन्तमा त्यसैसित सर्वथा समरस हुन पुग्छ। प्राप्त हुनुपर्ने जे हो, यही हो। यस मनुष्य-जीवनको यही सार्थकता र सफलता हो। इति। ॐ शान्तिः।

गुरुदेव भन्नुहुन्छ– हे शिष्य! मेरो आत्मस्वरूप। तिमीलाई मैले जे भन्नुपर्ने हो भनिदिएँ। तिम्रो निम्ति यही मेरो आदेश उपदेश हो। अब भन्नुपर्ने बाँकी कुरा केही छैन। अन्तमा अर्जुनप्रति श्रीकृष्णको वचनलाई दोहोऱ्याउँछु–

इति ते ज्ञानमाख्यातं गुह्याद् गुह्यतरं मया।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥ (१८।६३)

यसपछि श्रीभगवान्‌ले अर्जुनलाई सोध्नुभएको थियो–

कश्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा।
कश्चिदज्ञानसंमोहः प्रणष्टस्ते धनञ्जय ॥(१८।७२)

तथा अर्जुनले उत्तर दिएका थिए–

नष्टो मोहः स्मृतिलब्धा त्वत्प्रसादान्मयाऽच्युत।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥ (१८।७३)

जसले अजन्मा भएर पनि आफ्नो ईश्वरीय शक्तिको योगले जन्म लियो, गतिशून्य भएर पनि गति स्वीकाऱ्यो तथा जो नाना प्रकारको विषयरूप धर्मलाई ग्रहण गर्ने अनेक मूढदृष्टिहरूको विचारमा एक भएर पनि अनेक भयो र शरणागत-भयहारी छ, त्यस ब्रह्मलाई म नमस्कार गर्छु।

निरन्तर जन्मजन्मान्तर रूपग्राहहरूले गर्दा अत्यन्त भयानक भएको संसार-सागरमा जीवहरू डुबेको देखेर जसले करुणावश आफ्नो विशुद्ध-बुद्धिरूप मदानीले मथेर महासमुद्रभित्र रहेको वेद नामको देवदुर्लभ अमृत प्राणिमात्रको कल्याणखातिर झिके, उनै पूजनीयका पनि पूजनीय परम गुरुको चरणमा परेर म नमस्कार गर्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसको ज्ञानालोकको प्रभावबाट मेरो अन्तःकरणको मोहरूप अन्धकार नाश हुन पुग्यो तथा यस भयङ्कर संसार-सागरमा बारंबार डुब्नु-उत्रनु जस्ता सन्त्रास शान्त भए र जसको पाउ पर्दा श्रुतिज्ञान, उपशम र विवेकको प्राप्ति अमोघ एवं पहिले नै हुन पुग्छ उनै श्रीगुरुदेवका भवभयहारी परम पवित्र चरण-युगलमा म सर्वतोभावले ढोग्छु । इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैराग्य--जनक प्रार्थना

(१)

आलो लाश छ यो शरीर यसमा छन् हाड छालाहरू
पैले यो त थिएन फेरि पछि ता भस्मै चितामा हुने ।
यस्तोलाइ म भन्नु ता कति ठूलो मुर्ख्याइँ हो हे प्रभु
यस्ता छन् अपराध लाख तिनको लागि क्षमा माग्दछु ॥

(२)

यो चिन्तामणि तुल्य मानवजुनि बक्स्यो हजुर्ले यहाँ
जस्को हो फल चित्त शान्त त गरी आनन्दको प्राप्ति हो ।
मोक्षद्वार कहिन्छ देह नरको उल्टो भयो किन्तु त्यो
खाई भोग विषै त मूर्छित भएँ होशै गुमाएँ सब ॥

(३)

रोगैको त पिता रहेछ खुद यो भोगै भनी भन्दछन्
अन्त्यैमा पनि मृत्युको त मुखमा लग्ने यही भोग हो ।
खोजेमा पनि दुःख कारण यही आसक्ति हो भोगको
भोग्दा थोरै सुखै भए पनि पछि त्यो दुःखको खानि हो ॥

(४)

भक्तैका हुनुहुन्छ रक्षक तथा कल्याणकर्ता अनि
मैजस्ता पटमूर्ख औ पतितको उद्धार गर्ने पनि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो पावन नामको पनि यहाँ ख्यालै गरी बक्सियोस्
गङ्गाले पनि पार्दछिन् अति सफा खोला र नालै पनि ।।

(५)

राम्रो होस् खुद त्यो फलाम अथवा होओस् नराम्रै पनि
सच्चा पारसले बनाउँछ त्यसै राम्रो पहेँलो सुन ।
त्यो आनन्द समुद्ररूप प्रभुले सारा सुखी पार्दिनोस्
थाहा भो अब ता रहेछ ममता यो दुःखको कारण ।।

(६)

सारा वस्तुहरू अगाडि न थिए हाम्रा नहोलान् पछि
ऐले मात्र त प्राप्त छन् अब हुने हाम्रा यहाँ के गरी ?
इमान्दार मुनीमले सरि यहाँ हामी हजुर्लाइ नै
सुम्पन्छौं सब लौ क्षमा गरिदिनोस् सन्तान आफ्नै भनी ।।

(७)

स्वामीका सब वस्तुमा त ममता देखिन्छ सद्भृत्यको
त्यस्तै यी व्यवहार हुन् सकल नै नाता हजुर्कै बुझी ।
जे गर्छौं सब त्यो बनोस् हजुरकै आराधना केवल
जो आदेश त हुन्छ लौ अब त्यही गर्छौं सबै ईश्वर ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आसक्ति हरण प्रार्थना

(१)

पर्दा रात त वास बस्न बटुवा त्यो धर्मशाला गई
गर्छन् फेरि त्यहाँ अरुसँग छिटै द्वेषै र रागै पनि ।
आमा, बाबु र पुत्र हौं सकल यी जान्नू त संसारका
राख्छौं तै पनि रागसाथ ममता हाम्रो यही भूल हो ।

(२)

हामीले त शरीरलाइ म भनी ठूलो बिरामै गरचौं
माफी माग्छु म ता दयालु प्रभुमा संज्ञी पिता विश्वको ।
जैले संम यहाँ म आइन प्रभो तैले पनि यी थिए
जाँदा फेरि पदार्थ लग्दिन मता मेरो यहाँ छैन क्यै ॥

(३)

संसारी दहमा फसेर नहुँदा आधार केही पनि
डुब्दो छु प्रभु दुःखमा चरणको आधार पाऊँ अब ।
गर्नोस् खूब दया बलै पनि दिनोस् यो बुद्धि होस् निर्मल
जैले फेरि सबै पदार्थ प्रभुका आफ्नो नठानूँ कब ॥

(४)

डुङ्गा पार लगाउनोस् भजनको सामर्थ्य ऐले दिनोस्
नाता केवल जोडियोस् प्रभुसँगै भक्तै बनौं । उत्तम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पापी यो मनले दियो अतिशयै धोका यहाँ के गरूँ
रक्षा गर्न यहाँ हजूर त बिना सक्तैन कोही पनि ।।

(५)

मेरा कर्महरू सबै हजुरका आराधना नै बनून्
ऐले भक्ति परा म माग्दछु अरू चाहन्न केही पनि ।
हातैले अनि पाउले र मनले त्यस्तै अरू अङ्गले
जे जस्ता अपराधता हुन गए त्यस्मा क्षमा माग्दछु ।।

(६)

हे मूर्खै मन लौ विचार नगरी सानो घडाको मुख
हाली हात मुठ्याउँदा त जसरी पक्रिन्छ त्यो वानर ।
त्यस्तै नै तँ भइस् सबै विषयको आसक्ति लौ छोडि दे
ऐले ईश्वरको परी शरणमा हामी दुवै हौं सुखी ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्काम-प्रार्थना

(१)

यो इच्छा त रहेछ लौ नरकको ढोका फलामे कडा
पस्नासाथ यहाँ विचार नगरी वैरिन्छ दुःखै सब।
इच्छा एक गरे तुरुन्त त्यसका हाँगा सयौं देखिने
होला शान्ति त फेरि आज कसरी मिल्ला सुखै के गरी ।।

(२)

इच्छाकै खुद पुत्र हुन् रिस तथा लोभै पनी दुर्जय
के द्योता अनि दानवै पनि त छन् सारा यिनैका वश ।
हाम्रो मानवता पनी धर्मिलियो यिन्कै त उद्वेगले
जस्तो चण्ड र मुण्डले अगि गरे दुर्नृत्य त्यो मृत्युको ।।

(३)

श्री कृष्णै पनि भन्नुहुन्छ सहजै संग्रामको आदिमा
इच्छालाइ त मार अर्जुन तिमी दुष्प्राप्य यो हो भनी ।
ज्यूँदैमा जसको विचार त गरी इच्छा-क्षयै गर्दछ
त्यै हो योग्य तथा सुखी नर तथा पृथ्वी-विजेता पनि ।।

(४)

भोगें भोग असंख्य यौवन छँदा के तृप्ति हुन्थ्यो तर
आगोमा घिउ होमिंदा सरि भयो झन् झन् बढ्यो कामना ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐलेसम्म भएन तृप्ति कहिले होला यहाँ के गरी
ए ! संझेँ अब पर्छु लौ शरणमा ती विश्वका नाथको ॥

(५)

हामी सत्य तथा हितै पनि भनौ गर्दै अरूको भलो
जे गर्छौं सब त्यो यहाँ हजुरको आराधना होस् प्रभो ।
आज्ञा पालनकारि सेवक सरि निष्काम रूपै भई
सेवा भाव लिई कुटुंबहरूको गर्दै गरौँ पालन ॥

(६)

हाम्रा यो अपराधलाई अहिले गर्नोस् क्षमा हे प्रभु
हामी दीन हजूर खूब करुणा-रूपै हुँदा ठीक भो ।
बक्स्योस् आत्मबलै छिटो चरणको पाई सदा आश्रय
यो संसार समुद्र पार त गरी पाऔँ सुखै अक्षय ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विक्षेप-हरण प्रार्थना

(१)

मेरा छन् अपराध उग्र तिनको लागि क्षमा माग्दछु
ज्यादै भूल भयो पदार्थ प्रभुका आफ्नै भनी संझिएँ।
यो संपत्ति, कुटुंब चीजहरूमा मानेर आफ्नै हक
जो दुष्टचाइँ गरें समग्र प्रभुमै ती अर्पणै गर्दछु ॥

(२)

मेरो बुद्धि छिटै सफा गरिदिनोस् आफ्नो बलै बक्सियोस्
जो पाएर कदापि पाप यसरी कैले नगर्ने बनूं ।
यो नै दुःख ठूलो छ जो हजूर नै कर्ता हुँदैमा पनि
कर्ता, कारयिता सबै तरहको आफैं भनी मान्दछु ॥

(३)

जो चाहन्छु म गर्न त्यो त कहिल्यै बन्दैन सुल्टो यहाँ
जस्तो चाहनु हुन्छ गर्न प्रभुले त्यो ता भई हाल्दछ ।
मेरो यो मन मूर्खता दिनहुँ नै जल्दो छ चिन्ताग्निमा
पर्दैनस् किन ईशको शरणमा संसार जो पाल्दछन् ॥

(४)

यस्तो बानर तुल्य दुष्ट मनले यो देह हल्लाउँदा
के सक्थ्यो स्थिर बन्न घुम्दछ सधैं लाग्दा पिशाचै सरी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मायालाइ समेट्नु होस् अब छिटै मेरो पुकारै सुनी
आफ्नो दीन दयालु नाम अहिल्यै लौ सार्थकै पार्नु होस् ॥

(५)

दुःखै वास्तवमा यहाँ हजूरको यौटा कडा दूत हो
जो हाम्रो त भविष्यमा हित हुने कल्याणको लागि हो ।
आज्ञालाई हजूरको ठिक गरे होला कहाँ दुःख यो
खोजे कारण दुःखको छ ममता त्यस्तै अहंता पनि ॥

(६)

हामीले प्रभुमा चढाउन सके यस्तो अहंता सब
सारा दुःख हराउने छ सहजै ऐले तुरुन्तै यहाँ ।
हाम्रो काम त हो विधान प्रभुको सम्झेर सन्तोष ली
बन्दै भक्त हजूरका चरणमा लीनै हुने मात्र हो ॥

(७)

संसारी सुख-भागमा दिनहुँ नै हामीहरू ता फस्यौँ
त्यो ता प्राप्त थियो सुखैसँग अरू नीचै पनी योनिमा ।
यस्तो मानव जन्मको फल त हो अत्यन्त प्रेमै गरी
सेवा गर्नु हजूरका चरणको श्रद्धा बढाई अति ॥

(८)

जे खान्छौँ प्रभुको प्रसाद त बनोस् बोली बनोस् कीर्तन
जो प्यूँछौ चरणामृतै भइदियोस् होस् भक्तिपूर्णै सब ।
हिँड्दा खास परिक्रमा बनिदियोस् होस् जीव नै अर्पण
देखेको जति होस् स्वरूप प्रभुकै विक्षेप सारा हटोस् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रोध दमन प्रार्थना

(१)

यो चाण्डाल तमोगुणी रिस छिटो लौ चित्तमा आउँदा
ज्यादै नै अपवित्र बन्दछु म ता आँखा पनि देख्दिन ।
दुष्ट क्रोध म पर्छु लौ नरकमा तेरो लिँदा आश्रय
संग्रामैहरू हुन् विचार त गरे दुष्टयाइँ तेरै सब ॥

(२)

तेरो बाबु त काम हो अनि बुढो बाजे त संकल्प हो
संकल्पै म त छोड्छु हे रिस बता तेरो हुने के गति ?
आफू को हुँ भनी विचार त गरे नासिन्छ तेरो बल
छाला, हाड, नसा र मासुहरूको संघात ता ह्वै म ॥

(३)

हे मूर्ख मन गर् विचार अहिले केबाट होला सुख
हाम्रो खास पिता त एक भगवान् आनन्दका खानि हुन् ।
छोडी ती प्रभु यो पिशाच रिसको चेला बनिस् ता भने
तेरो हानि ठूलो हुनेछ पछुतो लाग्ला डुबी दुःखमा ॥

(४)

के हो मानवता बता तँ कुन होस् हेर बुद्धि ऐनातिर
चाँडै नै अहिले तँ पर् शरणमा ती ईश्वरैको अब ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे ! क्रोधी मन गर विवेक अहिले केलाउँदै बुद्धिले
तैं को होस् अनि के गरे सुख हुने यो घोर संसारमा ।।

(५)

ज्ञानी भक्त त एकनाथहरूको पढ्दा पनी जीवनी
भाग्छ क्रोध तुरुन्त कुक्कुर सरी घुस्याउँदै पुच्छर ।
या कारुण्य-समुद्ररूप प्रभुको ध्यानै गरे भक्तिले
उग्र क्रोध पनी बिलाउँछ त्यसै माघे तुसारो सरी ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वत्याग प्रार्थना

(१)

मायाको घनघोर जाल यसरी फैलाउने हे प्रभु
यो सुल्झन्न कदापि झन् बिल्कुलै अल्झिन्छ जालै सरि।
जन्मेदेखि म भोग रोगहरूले आक्रान्त ज्यादै हुँदा
सच्चा त्यो सुख-शान्तिदेखि ठगिएँ अत्यन्त संतप्त छु ॥

(२)

हे मायावि हजूरको गजबको त्यो रूपको दर्शन
गर्ने आग्रह गर्दछौं किनभने यो तुच्छ माया पनि।
पाईं आड हजूरको हुन गई ज्यादै यहाँ दुस्तर
बक्स्योस् शक्ति र बुद्धि योग अहिले पाऔं छिटो दर्शन ॥

(३)

संसारी अतिघोर नाचघरमा कानो भई भीषण
यस्तो दृश्य त हेर्नु आज कसरी गर्नोस् कृपा हे प्रभु।
गीता ज्ञान सुनाउनोस् जगतमा होस् धर्मको रक्षण
के हो कर्म तथा अकर्म कुन हो के हो विकर्म पनि ॥

(४)

पत्नी, पुत्र तथा धनादि अमृतै जस्ता थिए ती अगि
ऐले ता विष तुल्य नै हुन गए के हो उपायै यहाँ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो जन्म र मृत्युको फन फनी घुम्ने तिखो चक्रको
के गर्दा हुन जान्छ नाश अहिले आज्ञा छिटो बक्सियोस् ।।

(५)

जे खान्छौं जुन गर्दछौं पिउँदछौं जो दान गर्छौं अनि
जो होम्छौं अनि गर्दछौं तपहरू ती गर्दछौं अर्पण ।
सारा दुःख दिने मनै पनि छिटो लौ गर्दछौं अर्पण
चाहन्छौं अब खालि त्यागमय त्यो निर्वाणको नै सुख ।।

(६)

ती भूपाल शिखिध्वजै र कचले जस्तो अहंकारको
गर्दा त्याग बडो सुखी हुन गए निर्वाण-रूपै भई ।
सर्व त्याग त्यसैगरी हुन सकोस् हाम्रो पनी हे प्रभु
छौं हामी त हजूरकै शरणमा त्याग्ने बलै बक्सियोस् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहंकार दमन प्रार्थना

(१)

खोज्दा दुःख निदान आज बुझियो हो यो अहंकार नै
द्यौता दानव मर्त्य आदि सब नै यस्का त हुन् सेवक ।
हो यो कालिय दुष्ट नागसरिको टेकी यसैको फणा
बन्दा कृष्ण भइन्छ खास सुखको सच्चा महासागर ।।

(२)

यस्तो जन्म र मृत्युको फनफनी घुम्ने कडा चक्रमा
पार्ने दुःखदिने घुमाइरहने हो यो अहंकार नै ।
हो यो क्यान्सर दुष्ट रोग यसको नास्ने ठूलो ओखती
यौटा ईश्वरको छ भक्ति नवधा गर्नू अनन्यै भई ।।

(३)

गर्दा भित्र विचारता ठहरियो तिन्टाउके सर्प यो
कोही सत्वगुणी सफेद मुखले टोकिन्छ संसारमा ।
त्यस्तै राजस तामसै वदनले टोकिन्छ अर्को थरी
डोरी होस् कि भनी तँलाइ त लिँदा टोकिस् यहाँ वेसरी ।।

(४)

हे विश्वेश विधानमा हजूरको हुन्थ्यो कहाँ लौ त्रुटि
दोषै तैपनि लाउँछन् अबुझ ता हो पक्षपाती भनी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिर्दा डाक्टरलाई दोष त दिने बच्चा यहाँ मूर्ख हो
सूर्यबाट त अन्धकार कसरी यो भूमिमा आउला ॥

(५)

त्यो यो आवित भेद राहु यसले जन्माउने गर्दछ
राग द्वेष गरेर फेरि उसमा कर्ता बनी घुम्दछ ।
त्यस्तै जन्म र मृत्युको अति कडा त्यो चक्रमा पार्दछ
हामीलाई यहाँ बनाउँछ छिटै कीरा फटचाङ्ग्रा पनि ॥

(६)

हे विश्वेश तपाईँको शरण नै दुष्टै अहंकारको
नास्ने अस्त्र रहेछ लौ अब छिटो गर्नोस् कृपा वेसरी
अज्ञानै छ पिता त घोर यसको त्यल्लाई नास्ने बल
बक्स्योस् यो मन भक्तिसाथ प्रभुको सुम्पन्छु त्यो पाउमा ॥

(७)

मैले खूब चिनें तँलाइ अब ता तुच्छै अहंकार ए
छस् निःसार अनर्थकारी पनि होस् फुंकारी छस् सर्प झैँ ।
मेरो आत्म धनै छिपाइरहने सर्दार होस् चोरको
लौ पर्छस् अब झ्यालखान प्रभुको आदेश नै भैसक्यो ॥

(८)

अर्कोलाइ त तुच्छ मान्दछु भने मै हुन्छु तुच्छै यहाँ
सर्वव्यापकको अनादर गरे होला कहाँ सद्गति ।
हे विश्वेश्वर बुद्धिमा उदय होस् अद्वैतको चेतना
यो अज्ञान विनष्ट होस् अब बनू आनन्दको सागर ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोबल बढ्ने प्रार्थना

(१)

अन्तर्यामि हजुरमा विनति यो आशा लिई गर्दछु
मेरो यो कमजोर भो मन छिटो यल्लाइ बक्स्योस् बल।
उठ्नासाथ विहान नित्य यसले चिन्ता सयौँ ल्याउँछ
कैले पुग्छ कता कता र डरको संभावना गर्दछ ॥

(२)

पर्दा दुःख हजूरलाई मनले दोषै दिने गर्दछ
यो बुझ्दैन यहाँ प्रसाद प्रभुको हो यो सुधार्ने भनी।
भट्टामा जसरी घडा त रहँदा पाको हुने गर्दछ
त्यस्तै दुःख परे सुधार जनको आफैँ भई हाल्दछ ॥

(३)

गर्दा जाँच त सिंह नै हुन गई ती नन्दिनी गाइले
बोले सत्य दिलीपले त पहिले खाऊ मलाई भनी।
त्यस्तो धार्मिक आँट हे प्रभु सधैं बक्स्योस् मलाई यहाँ
पर्दा दुःख कदापि धर्म र दया निष्ठा न छाडौँ अब ॥

(४)

हे नारायण अक्षयै सुख कमा संपत्ति त्यै हो भनी
यो भूलोक तिरै पठाउनु भयो मान्दैन यो ता मन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दौडन्छ क्षणिकै सुखैतिर यहाँ बक्स्योस् त्यसैले बल
बाँधी खास हजूरकै चरणमा नित्यै सुखी बन्दछु ॥

(५)

हामी ता कठपूतली विलकुलै हौं सूत्र धारै प्रभु
जस्तो नाच नचाउने हजूरको इच्छा छ त्यै हुन्छ नै ।
इच्छा अर्जुनको थिएन तर के इच्छा हुँदा कृष्णको
त्यत्रो भारतको लडाइँ त भयो दृष्टान्त पष्टै छ लौ ॥

(६)

आफ्नै शत्रु बनिरहेछ मन यो मान्दैन संझाउँदा
लाग्दा फोहर नै पनि सुन सफा गर्दा त लिन्छन् सब ।
यल्लाई चरणामृतै पिउन दी चाँडै सफा पार्दिनोस्
हे नारायण आज पर्छु शरणै संपूर्ण दुःख छुटोस् ॥

(७)

जस्तो हाड चपाउँदा कुकुरले यो स्वाद हो हाडको
भन्ने ठान्दछ किन्तु यो रगत हो जान्दैन मेरो भनी ।
त्यस्तै छैन सुखै कुनै विषयमा यो हो त भित्री सुख ॥
मिल्नाले विषयै अडिन्छ मन ता ठानिन्छ वाहचै सुख ॥

(८)

हे साथी मन यी शरीरहरूको वास्ता सबै छोडिदे
बाँच्दैमा अमरै यहाँ हुनसके हामी दुवैको भलो ॥
आत्मालाई तँ जान् शरीर त यहाँ प्रारब्धले पाल्दछ
चारै साधन ली विचार अब गर् मिल्ला अखण्डै सुख ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Ay S2

मुद्रकः- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal